नेपाली व्याकरणपरक शब्दकोश

(क्रियापद)



खेल्नु क्रि.मू.।खेल्–आ.धा.।स.क्रि.;शारीरिक
तथा मानसिक स्वस्थ्यकालागि खेलबाडमा भाग लिनु,
बानीका लागि खेल गर्नु, नाटक आदिमा अभिनय
गर्नु।अ.क्रि.;मन बहलाउनु, खेल्नु, अलमलिनु।
खेलाइ(खेल्+आइ);(खेलाउ+आइ)–भा.ना.।
खेलाउनु–प्रे.क्रि./स.क्रि.;खेल्न लाउनु, नाचगान आदिमा
अभिनय गराउनु, अलमल्याउनु, कसैलाई दुःखी पार्नु।
खेलाउ–प्रे.धा.।खेलाइनु–खेलाउनुको क.क्रि.।खेलाइ
–क.प्रे.धा./भा.प्रे.धा.।खेलिनु–खेल्नुको क.क्रि.।
भा.क्रि.।खेलि–क.धा./भा.धा.।खेली, खेलेर, खेल्न,
खेल्दै, खेलुन्जेल, खेल्दाखेरि–कृ.अ.।खेल्नु–वि.।खेलून
–क.।खेल्ता–स.ध.(स.क्रि.–विद्यार्थीहरूले मकुन्डो खेले।
अ.क्रि.–बालक झोलुङ्गोमा खेल्यो। चौतारीमा हावा खेल्यो।

–चन्द्रकान्त अधिकारी

२०५१

क्याम्पस तथा विद्यालयका शिक्षक तथा विद्यार्थीका निमित्त अत्यन्त उपयोगी

नेपाली व्याकरणपरक शब्दकोश

(क्रियापद)

लेखक
चन्द्रकान्त अधिकारी
एम.ए.,एम.एड.(नेपाली)

आवरण:

नेपाली भाषाको प्रयोग स्थल

भारत, बङ्गलादेश,
चीन तथा रूस ;
बी.बी.सी., भ्वाइस अफ अमेरिका
भुटान अनि श्रीलङ्का ;
मलया, सिंगापुर,
दिल्ली, मणिपुर ।

देहरादून, दार्जिलिङ
बनारस, खरसाङ ;
कलकत्ता, सिलाङ,
बुनाई, हङ्कङ्ग ;
बर्मा, सिक्किम,
भाक्सू, आसाम ।

नेपाली व्याकरणपरक शब्दकोश
(क्रियापद)

चन्द्रकान्त अधिकारी
काफलडाँडा, गोरखा

R.

प्रकाशक :

च्यवन पुस्तकालय (काफलडाँडा, गोरखा) को निमित्त
- ईश्वरी अधिकारी
- लक्ष्मी अधिकारी
- कमला अधिकारी

प्रकाशन वर्ष : वि.सं. २०५१

प्रकाशित संख्या: ५०० प्रति

मूल्य: रू. २७०।-

Acc. 29८30 रु.
21830

© सर्वाधिकार: लेखकमा

लेखकको हस्ताक्षर नभएको पुस्तक चोरीको ठहरिने छ।

अंग्रेजीमा : Adhikari
26-7-081

मुद्रण : दीपतारा अफसेट प्रेस
नयाँ बजार, काठमाडौं।

समर्पण

हामी हजुरबुवासँग खूब झ्यामिन्थ्यौं । प्रायशः हजुरबुवा हामीलाई आफ्ना पिताजीले चन्द्रशमशेरको दरबारमा देखी-जानेका, सुनी-जानेका चाकडीका कथाहरू बडो चाख लाग्दरी (चाख लाग्ने गरी) सुनाउनु हुन्थ्यो र भन्नुहुन्थ्यो - "बरू बाँधा बस्नू तै चाकडीमा नधाउनू !" त्यस अर्तीलाई मैले पूर्णतया शिरोधार्य गरेको पनि छु । यसो गर्दा अन्यायलाई आँखा चिम्लेर सहनुपर्दोरहेछ, मुख-मुखमा आएको गाँसलाई ओकलेर बैरीलाई खुवाउनु पनि पर्दो रहेछ । ईश्वरको राज्यमा शैतानै भए पनि गाँस ओकलेर प्राणीको रक्षार्थ डट्नुपर्छ भनी बोल्दा कलीका महात्माहरू ब्युँतेर 'नमकहराम' भनाइँदो रहेछ । दुर्जनहरू सल्लाहकार भएमा सज्जनको पनि मति माटिंदो रहेछ । आफ्नी साख्खै छोरीलाई प्रेम-पत्र लेखिसकेर "यो अक्षर तेरो हो, स्वीकार्छस् कि ज्यान उडाइदिऊँ" भनी जबर्जस्ती आफ्नी छोरी सिउराउन खोज्ने कुनै बाबुले आफ्नो कोठामा डाकेर ज्यानको धम्की दिंदा सित्तैमा ज्यान दान पाएकोमा फुर्किएको खुशीयालीमा आँसु पिई मुटु मिचेर स्वीकार्दै झोक्रिएको एउटा पानी मरुवा युवाझै बाँच्नु पर्दो रहेछ । तब त कसरी भनूँ मेरा हजुरबुवाको अर्ती सक्कली थियो भनेर । यी सबै कुरा मलाई आजकाल गलत लागेर आउँछ जुन थालमा खायो त्यही थालमा चुठ्ने आधुनिक बोक्रे-भलादमीहरूको चालामाला देखेर । सके हामी केटाकेटीहरूका अगाडि उहाँका ती केवल आदर्शमय विचार मात्र थिए कि ! ? चाहे जे होस् जीवनलाई जस्तोसुकै अफ्ठेरो गल्छेंडोमा राखेरै भए पनि उहाँको त्यस भावनाको कदर गर्दै मेरो बाल-हृदयमा त्यति बेलादेखि नै सत्यताको घर बसाइदिनुहुने मेरा परम पूजनीय हजुरबुवा श्री टीकादत्त अधिकारी तथा परिस्थितिसित जुधेर जीवन-पथमा अघि बढ्न बारम्बार साहसका कथा घोकाउनु हुने मेरा पूज्य पिताजी श्री कुवेरदत्त अधिकारीमा सभक्ति हार्दिक समर्पित !

लेखक
चन्द्रकान्त अधिकारी

प्राक्कथन

वास्तवमा म कोश निर्माण गर्ने भन्ने सुझमा थिइनँ । 'कोश विज्ञान' सम्बन्धी अध्ययनको सिलसिलामा मैले पढेको थिएँ - "कसैलाई दण्ड दिनु पऱ्यो भने उसलाई कोश निर्माण गर्न दिनु ठूलो सजायँ हुन्छ ।" यसर्थ कोश निर्माण गर्न त परै रहोस् यस बारेमा विचार मात्र पनि मेरो अन्तस्करणमा कुनै दिन फुरेको होइन । जुन कुरा गर्दिनँ भनेर अड्डी लिइन्छ त्यसतर्फ कलम चलाउनु कनीकुथी पर्दोरहेछ । यसै बाध्यतामा जेलिन पुग्दा मैले यो 'नेपाली व्याकरणपरक शब्दकोश' (क्रियापद) तयार गर्न पऱ्यो ।

नेपाली भाषा लेखाइमा विशेष गरी 'क्रियापद' को बढी ख्याल राख्नु आवश्यक हुने हुँदा यस किसिमको कोशको आवश्यकतालाई दृष्टिगत गरी यस कार्यमा प्रवृत्त हुन मलाई अनवरत प्रेरणा र हौसला प्रदान गर्ने मेरा प्यारा विद्यार्थीहरूको भाषिक त्रुटि नै प्रमुख कारण हो । बेला बखतमा म भन्ने गर्थे - 'नेपाली बृहत् शब्दकोश' मा हेर न, मपनि त्यसै मुताबिक गर्दछु ।' उनीहरू ठाडै जवाफ दिन्थे - 'तपाईं कोशको भन्दा भिन्न उत्तर दिनुहुन्छ; यसो गर्दा सही माने थाहा पाउन हामीलाई अफठेरो परेन र, सर !' खोइ ! कहाँनिरको मेल खाएन, लौ मलाई देखाऊ', म रन्कन्थें । उनीहरू भन्दै जान्थे - 'तपाईं सकर्मक भन्नुहुन्छ, कोश अकर्मक बनाउँछ; कोश अकर्मक बनाउँछ त तपाईं सकर्मक बनाई छाड्नुहुन्छ । कोशमा भाव वाच्य क्रियाको रूपको कहीं उल्लेखै छैन, तपाईं यसको अनिवार्यतामा जोड दिंदै वाच्य सिकाउनु हुन्छ, हामी के भनौं !" बीचैमा सुमन उड्कन्थ्यो । 'यी सबै क्रियाका शब्दहरूलाई सच्याएर एउटा छुट्टै 'कोश' तयार गर्नोस् न सर ! हामीलाई सजिलो पर्छ; सुधीर, प्रकाश आदि एकसाथ बल दिन्थे । आदि आदि ! साँच्चिं नै भाषिक लेखाइमा त एक रूपता भए पो हामीलाई पनि सिक्न, सिकाउन सजिलो हुन्छ । यसै कुरालाई हृदयङ्गम गरेर यसपछि म 'नेपाली बृहत् शब्दकोश' भित्रका क्रियापदहरू बेढाउन थालें । गल्ती दिएका केही क्रियापदहरू त मैले यस अगाडि पनि फेला नपारेको त होइन, तैपनि सबै क्रियापदहरू पढ्ने, बुझ्ने अवसर भने मैले लिएको थिइनँ । 'नेपाली बृहत् शब्दकोश' भित्र दिएका क्रियापदहरू बेढाउँदा-बेढाउँदैमा एउटा बृहत् समालोचनात्मक लेख पनि तयार भइहाल्यो । यतिले पनि मैले सुख पाइनँ र विद्यार्थीहरूको आग्रहपछि म नेपाली भाषाका पाएसम्मका क्रियापदहरू केलाउन थालें । केलाउँदै जाँदा मैले जस्तो पाएँ त्यस्तै नै नराखी ती क्रियापदहरूको क्रियामूल (क्रि.मू.); आधारभूत धातु (आ.धा.); सकर्मक क्रिया (स.क्रि.) वा अकर्मक क्रिया (अ.क्रि.); मूल क्रियाको शब्दार्थ (माने); भाववाचक नाम (भा.ना.); त्यही मूल क्रियाबाट बनेको प्रेरणार्थक क्रिया (प्रे.क्रि.); प्रेरणार्थक धातु (प्रे.धा.); त्यो मूल क्रियापदबाट बनेको प्रेरणार्थक क्रियापदको कर्मवाच्य क्रिया (क.क्रि.); त्यो मूल क्रियापद अकर्मक भएमा 'भाववाची प्रेरणार्थक धातु' (भा.प्रे.धा.) र सकर्मक भएमा 'कर्मवाची प्रेरणार्थक धातु' (क.प्रे.धा.) का रूपहरू दिइएका छन् । यस्तै मूल क्रियापद अकर्मक भएमा त्यसको 'भाववाच्य क्रिया' (भा.क्रि.) र सकर्मक भएमा त्यसको 'कर्मवाच्य क्रिया' (क.क्रि.) का रूपावली पनि दिइएका छन् । त्यसपछि भाववाच्य र कर्मवाच्य क्रियाका धातु रूप पनि 'भाववाच्य धातु' (भा.धा.) र 'कर्मवाच्य धातु' (क.धा.) भनेर खुलाइएको छ । यसपछि त्यही मूल क्रियापदबाट बनेका मुख्य-मुख्य 'इ, एर, न, तै/दै, उन्जेल, दाखेरि' प्रत्ययान्त 'कृदन्त अव्यय' (कृ.अ.) का रूपावली पनि दिन भुलिएको छैन । अर्को कुरा पुरूष र वचन सहितका सबै रूपावली दिंदा आकारमा ठूलो बन्न जाने कुरालाई ख्याल राखी 'इच्छार्थ क्रिया' को तृतीय पुरूषको बहुवचनको रूप (इ.); 'सम्भावना क्रिया' को तृतीय पुरूषको एक वचनको रूप (स.) र विधि (आज्ञार्थ) क्रिया' को समान रूप (वि.) का गरी प्रत्येक क्रियाका एक-एक रूप दिइएका छन् । अन्त्यमा 'मूल क्रियापद' लाई त्यसको सामान्य भूतकालीन अवस्थाको रूपमा लगेर वाक्यमा प्रयोग पनि गरेर देखाइएको छ । यस बाहेक सबै क्रियाका कालगत रूपावली दिंदा आकार बढ्न गई मूल्यमा असर पर्न जाने कुरालाई ख्याल राखी तिनका (काल र पक्ष) एक-एक उदाहरण स्वरूप पछाडि परिशिष्टमा दिने काम भएको छ । यसरी प्रस्तुत कोशमा दिइएका जम्मा २८४३ क्रियामूल बाहेक अरू छुटेका होवैनन् भन्न नसकिए पनि जो दिइएका छन्, तिनको विश्लेषण पाठकका लागि नितान्त उपयोगी ठहर्ने छन् भन्ने मलाई लाग्दछ ।

अर्को तर्फ सबै प्रकारका शब्दहरू छ्यासमिस गरेर नछानीकन वा भाषामा रहेका सबै प्रकारका शिष्ट-अशिष्ट, सभ्य-असभ्य शब्दहरूलाई मिलाएर कोश निर्माण गरिएको छ भने त्यस्तो खालको 'सन्दर्भपरक कोश' हो । यस अर्थले हेर्दा हाम्रो नेपाली भाषामा सन्दर्भपरक कोश मात्र पाइन्छन् । यस दृष्टिमा यो मेरो प्रयास पनि

'सन्दर्भपरक कोश' नै बन्न गएको छ तापनि शिक्षार्थीहरूको आवश्यकतालाई ध्यानमा राखी तयार गरिएको हुँदा मैले यसलाई 'शैक्षिक वा शिक्षार्थी शब्दकोश' भन्न नै बढी रुचाएको छु । शैक्षिक उद्देश्यमा आबद्ध हुँदाहुँदै पनि मैले क्रियापदको 'व्युत्पत्ति' सम्बन्धलाई अर्थ्याउन सकिरहेको छैन । भाषाको विशेष अध्ययन गर्नेहरूका लागि बाहेक यसको खास प्रयोगमा नआउने र 'व्युत्पत्तिपरक शब्दकोश' भनेर छुट्टै कोश तयार भई यसको उद्देश्य अर्कै बन्ने हुँदा त्यतापट्टि पटक्कै ध्यान दिइएको छैन ।

उक्त पृष्ठभूमिमा रहेर नेपाली भाषाका क्रियापदहरूको विविध पक्षको सविस्तार स्वरूपको वर्णन गर्नुका साथै मूल क्रियालाई वाक्यमा समेत प्रयोग गरेर देखाउनु प्रस्तुत कोशको मुख्य ध्येय हो । मा.वि., उच्च मा.वि. र क्याम्पस तहका पाठ्यक्रम अनुसार विद्यार्थीहरूको पठनपाठनको आवश्यकतालाई ध्यानमा राखी यो शैक्षणिक शब्दकोश (क्रियापदको मात्र) तयार पारिएको हुँदा शिक्षक तथा विद्यार्थीहरूले के कति फाइदा लिन सक्छन् त्यसैमा नै मेरो सन्तुष्टि रहने छ । आखिरमा सहयोगी पुस्तकहरू तथा उचित सल्लाह दिने मित्रहरूप्रति आभार व्यक्त गर्दै पाठकविज्ञहरूका प्रतिक्रियाको अपेक्षा गर्दछु । अस्तु ।

लेखक
चन्द्रकान्त अधिकारी
लक्ष्मीपूजा, २०४९

कृतज्ञता

तीन वर्षपछि २०४९ साल मंसिरमा यो यस्तै रूपमा तयार भयो । प्रकाशनका क्रममा रत्नपुस्तकको फाइलमा यो ६ महिना थन्कियो । साझा प्रकाशनको दराजमा यसले झन्नै दश महिना कुर्नु पर्‍यो । यसपछि यसलाई काखी च्यापेर गैराबारीको ठूलो प्रज्ञा-घरमा पस्दा ओठ लेप्ल्याएपछि आफ्नै गाँस काटेर मैले यसलाई पाठकको समक्ष ल्याएको छु ।

आफ्नो व्यस्त समय उभारेर प्रस्तुत ग्रन्थका सम्बन्धमा 'सम्मतिका दुई शब्द' राखिदिनुहुने पृथ्वीनारायण क्याम्पस पोखराका सहप्राध्यापक एवं हितैषी मित्र श्री भूपति ढकाल 'कमल' लाई ज्यूप्रति म दिलैदेखि कृतज्ञता - ज्ञापन गर्दछु ।

यसको तयारीका निमित्त सुरुदेखि अन्तसम्म बारम्बार घचघच्याउने मेरा प्यारा विद्यार्थीहरू तथा अन्य शुभेच्छुक मित्रहरूप्रति हृदयदेखिनै म आभार प्रकट गर्दछु । यस्तै 'साहित्यिक हातेमालो परिवार' नयाँ बानेश्वर, काठमाडौंका मेरा अत्यन्त हितैषीमित्र श्री तीर्थराज अधिकारीज्यूप्रति आभार व्यक्त गर्नु म आफ्नो परम कर्तव्य ठान्दछु जसको सल्लाह र प्रेरणाबाट प्रस्तुत कृतिको निर्माणमा थप बल मिल्यो । अनि "लेख्नुपर्छ, केही लेखिनै रहनुपर्छ" भनी बारम्बार प्रोत्साहन थपिरहनु हुने गण्डकी उच्च मा. पोखराका अंग्रेजी विभागीय प्रमुख तथा उच्च मा. शिक्षा प्रमुख श्री नारायणप्रसाद उप्रेतीज्यूप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

आफू तामाङ मातृभाषी भएर पनि नेपाली भाषाप्रति देखाएको उत्सुकताप्रति म दीपतारा अफसेट छापाखानाका प्रोप्राइटर श्री नोर्बु टासी तामाङप्रति त्यत्तिकै धन्यवाद दिन चाहन्छु, जति यसलाई निरन्तर परिश्रम गरी कम्प्यूटर कम्पोज गर्ने श्री छविलाल श्रेष्ठ तथा कम्प्यूटर सहयोगीहरू श्री महेश अधिकारी, श्री नरेश गुरुङ, श्री रमेश वाइवा र आवरण कलाकार श्री अमर बालकप्रति धन्यवाद नटक्रयाई रहन सक्तिन ।

अन्त्यमा प्रस्तुत ग्रन्थका लागि सहयोगी बनेका सबै सन्दर्भ सामग्रीका लेखकहरूप्रति आभार प्रकट गर्दै शुभेच्छुक विज्ञ पाठकवर्गबाट रचनात्मक सुझाव पाउन सके आगामी प्रकाशनको सुअवसर पाई यस ग्रन्थले पुनः नयाँ रूप लिन सक्थ्यो कि भन्ने आशाका साथ विदा लिन चाहन्छु । धन्यवाद !

लेखक
चन्द्रकान्त अधिकारी
लक्ष्मीपूजा, २०५१
गण्डकी उच्च मा.वि.
लामाचौर, पोखरा ।

सम्मतिका दुई शब्द

१. "भाषा अभिव्यक्तिको माध्यम हो र यसलाई सक्षमताको क्षेत्रमा डोऱ्याउने काम शब्दकोशले नै गर्दछ ।" कुन भाषा कति सक्षम छ भन्ने कुरा निर्क्योल गर्ने काम शब्दहरूद्वारा नै हुने भएकाले शब्दकोशको महत्त्व दिनानुदिन बढ्दै गएको हो ।

२. आज संसारमा ४ हजारदेखि ७ हजारसम्म भाषाहरू बोलिन्छन् भन्ने भाषाविज्ञहरूको भनाइ छ । ती भाषाहरूमध्ये नेपाली भाषा पनि एक सशक्त भाषा भएको कारणले यसमाथि बेला-कुबेला हुने ; गराउने झम्ट्याइ समेतबाट जोगिँदै हुर्कने र झ्याङ्गिने मौका पाएको कुरा यसको इतिहास हेर्दा प्रष्ट हुन्छ । यसो हुनुमा यसको अभिव्यक्ति क्षमता सशक्त हुनु र यसलाई नेपालभित्र र नेपाल बाहिर मातृभाषा र सम्पर्क भाषाको रूपमा प्रयोग गर्नेहरूको गर्विलो माया-ममता पाएर नै हो । त्यसैले यसको भविष्य उज्ज्वल छ । यसै सन्दर्भलाई दृष्टिगत गर्दा प्रस्तुत कृति "नेपाली व्याकरणपरक शब्दकोश (क्रियापद)" एक महत्त्वपूर्ण कडी साबित हुनेछ भन्ने कुरामा विवाद छैन ।

३. 'श्री चन्द्रकान्त अधिकारी' ले अति नै परिश्रम गरेर लेख्नु भएको प्रस्तुत कृतिको पाण्डुलिपि अहिलेको व्यस्त समयमा म पनि व्यस्तै भएको अवस्थामा सरसर्ति हेर्ने जुन मौका पाएँ, यो एउटा नवीनतम प्रयोगको रूपमा पढें । "कामको आधारमा शब्दहरू ५ प्रकारका (नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय) छन्" भनी अधिकांश व्याकरणकार स्वीकार गर्दछन्, ती मध्ये खोजपूर्ण किसिमले "क्रियापद" लाई मात्र आधार बनाई लेखिएको मेरो जानकारी अनुसार यो पहिलो शब्दकोशको रूपमा देखा परेकाले शब्दकोश निर्माणको इतिहासमा जाँगरिला कलमवीरहरूका लागि एउटा थप प्रेरणाका साथै यस्तै अरू शब्दहरू (नाम, सर्वनाम, विशेषण र अव्यय) का बारेमा लेखिएका छुट्टाछुट्टै शब्दकोशको निर्माणमा यसले नयाँ युगको थालनी गर्नेछ ।

४. प्रस्तुत कृतिले (शिक्षक र शिक्षार्थी दुबैलाई) नेपाली भाषाका 'क्रियापद' बारे देखापरेका अन्योलग्रस्त अवस्थालाई केही रूपमा भए पनि समाप्त गर्ने मैले देखेको छु, जुन कुरा जिज्ञासुपाठकहरूले यसको अध्ययन पछि स्वत: अनुभव गर्नु हुनेछ । त्यसैले -

४.१ यसको अध्ययनले नेपाली क्रियापदको केही रूपमै भए पनि सही जानकारी गराउनेछ ।

४.२. मा.वि., उच्च मा.वि. र क्याम्पसस्तरमा अध्ययन गर्ने शिक्षार्थीहरूका लागि यो अतिनै उपयोगी हुने कुरा यसको प्रस्तुतिलाई हेर्दा स्पष्ट देखिन्छ ।

४.३ अधिकारी बन्धु एक जागरूक अनुभवी शिक्षक भएको नाताले समेत पठन-पाठनका क्रममा देखा परेका केही कृतिगत अन्योलग्रस्त शब्दगत (क्रियापद) प्रस्तुतिलाई सरल भाषामा आंशिक रूपमै भए पनि स्पष्टतासाथ प्रस्तुत गरेर -

"नेपाली यो भाइ भनी छाती लाउने कल्लाई ?

भाषा हाम्रो आत्मा भन्ने भाव फुर्छ जल्लाई ।" भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाका शब्दगुच्छा सहित "नेपाली व्याकरणपरक शब्दकोश (क्रियापद)" लेखी हालको अपूर्णतालाई आंशिक रूपमै भए पनि नौलो पारामा टेवा दिन सक्नु भएकोमा यस्तै-यस्तै अरू कृतिले मित्रद्वारा जन्मने मौका पाओस्, भन्ने लेखकको सफल प्रयास प्रति हार्दिक शुभेच्छा प्रकट गर्दै अन्त्यमा :-

४.३.१. "आँटे मात्रै पनि अब यहाँ हुन्छ केही न केही ।

आऊ मेरा कलमवय[१] हे ! आँटका साथ केही ॥

* * *

४.३.२. नेपाल हाम्रो अनमोल नै हो ।

भाषा त हाम्रो बुझ प्राण नै हो ॥

प्राणै गए तापनि झुक्न हुन्न ।

लेख्दै गरौं को बुझ सक्छ रोक्न ?"

भूपति ढकाल "कमल"
सह प्राध्यापक
पृथ्वी नारायण क्याम्पस, पोखरा ।
मिति २०५१ कार्तिक ६ गते ।

---

[१] कलमजीवीहरू ।

विषय-सूची

क्र.सं.	वर्ण	जम्मा मूल क्रियापद संख्या	पृष्ठ
१.	अ	९८	१
२.	आ	११	१२
३.	इ	७	१३
४.	उ	१०४	१४
५.	ऊ	१	२४
६.	ए	५	२५
७.	ऐ	३	२५
८.	ओ	४०	२६
९.	औ	५	३०
१०.	क	१२६	३०
११.	ख	१३१	४४
१२.	ग	११७	५८
१३.	घ	७१	७०
१४.	ङ	४	७८
१५.	च	१२९	७८
१६.	छ	९४	९१
१७.	ज	८८	१०१
१८.	झ	८२	१११
१९.	ट	७०	१२०
२०.	ठ	५२	१२८
२१.	ड	४९	१३४
२२.	ढ	३७	१३९
२३.	त	७७	१४३
२४.	थ	६५	१५१
२५.	द	५८	१५८
२६.	ध	५४	१६४
२७.	न	८२	१७०

२८.	प	१९९	१७९
२९.	फ	९८	२००
३०.	ब	१८७	२११
३१.	भ	९८	२३१
३२.	म	१०७	२४२
३३.	य	१	२५४
३४.	र	९२	२५५
३५.	ल	१२९	२६५
३६.	व	१३	२७९
३७.	श	५	२८०
३८.	स	१७१	२८१
३९.	ह	८३	३००
४०.	परिशिष्ट:		
	(क) बर्तमान काल		३१०
	(ख) भूत काल		३१३
	(ग) भविष्यत् काल		३२०
	(घ) सम्भावना		३२३
	(ङ) इच्छार्थ		३२७
	(च) आज्ञार्थ वा विधि		३२८
	(छ) काल, पक्ष, भाव अनुसार विभिन्न अवस्थामा क्रियाको प्रयोग		३२९
	(ज) क्रियापदसम्बन्धी ह्रस्व र दीर्घ		३३३
४१.	नेपाली बृहत् शब्दकोशमा दिइएका क्रियापदहरूको समालोचनात्मक टिप्पणी		३३४
४२.	उद्धरण तथा सन्दर्भ ग्रन्थ सूची		३५८

सङ्केत-सूची

क्रि.मू. - क्रिया मूल
आ.धा. - आधारभूत धातु
स.क्रि. - सकर्मक क्रिया
अ.क्रि. - अकर्मक क्रिया
भा.ना. - भाववाचक नाम
विशे. - विशेषण
प्रे.क्रि./स.क्रि. - प्रेरणार्थक क्रिया/सकर्मक क्रिया
प्रे.धा. - प्रेरणार्थक धातु
क.क्रि. - कर्मवाच्य क्रिया
क.प्रे.धा. - कर्मवाची प्रेरणार्थक धातु
भा.प्रे.धा.. - भाववाची प्रेरणार्थक धातु
भा.क्रि. - भाववाच्य क्रिया
भा.धा. - भाववाची धातु
क.धा. - कर्मवाची धातु
वि. - विधि (आज्ञार्थ)
इ. - इच्छा (इच्छार्थ)
स. - सम्भावना (सम्भावनार्थ)
हे. - हेर्नोस्
द्वि - द्वित्व

अ

अँगाल्नु-क्रि.मू. । **अँगाल्**-आ.धा. । स.क्रि.; प्रेम पूर्वक बाँहा जोरेर अँगालो हाल्नु, अङ्कमाल गर्नु, आलिङ्गन गर्नु, कुनै पेशा वा काम कुरालाई ग्रहण गर्नु, आफ्नो पक्षमा लिनु । **अँगलाइ** (अँगाल्+आइ)-भा.ना.। **अँगालिनु**-अँगाल्नुको क.क्रि. । **अँगालि**-क.धा. । **अँगाली, अँगालेर, अँगाल्न, अँगाल्दै, अँगालुन्जेल, अँगाल्दाखेरि**-कृ.अ. । **अँगाल्नू**-वि. । **अँगालून्**-इ. । **अँगाल्ला** -स. । (स.क्रि-खडानन्दले किसानीपेशा अँगाले ।)

अँचेट्नु-क्रि.मू. । **अँचेट्**-आ.धा. । स.क्रि.; बलपूर्वक च्याप्नु, ठेल्नु, किच्नु, थिच्नु, कसैलाई अफठ्यारोमा पारी दबाउनु । **अँचेटाइ** (अँचेट्+आइ)-भा.ना. । **अँचेटाउनु**-प्रे.क्रि./स.क्रि.; अँचेट्न लाउनु, च्यापिने पार्नु । **अँचेटाउ**-प्रे.धा. । अँचेटाइनु-अँचेटाउनुको क.क्रि. । **अँचेटाइ**-क.प्रे.धा. । **अँचेटिनु**-अँचेट्नुको क.क्रि. । **अँचेटि**-क.धा.। **अँचेटेर, अँचेट्न, अँचेट्तै, अँचेटुन्जेल, अँचेट्दाखेरि**-कृ.अ. । **अँचेट्नू**-वि. । **अँचेटून्**- इ. । **अँचेट्ला**-स. । स.क्रि.-बलियाहरूले निर्धाहरूलाई अँचेटे ।)

अँजुल्नु-क्रि.मू.। **अँजुल्**-आ.धा.। स.क्रि.; अँजुलीमा भर्नु, अँजुलीले हुत्त्याउनु, अँजुली पार्नु । **अँजुलाइ** (अँजुल्+आइ)-भा.ना. । **अँजुलिनु** -अँजुल्नुको क.क्रि.। **अँजुलि**-क.धा. । **अँजुली, अँजुलेर, अँजुल्न, अँजुल्दै, अँजुलुन्जेल, अँजुल्दाखेरि**-कृ.अ.। **अँजुल्नू**-वि. । **अँजुलून्**-इ. । **अँजुल्ला**-स. । (स.क्रि.-मैले नदीको तटमा बसेर मृतात्माको संझनामा पानी अँजुलें ।)

अँठिनु-क्रि.मू. । **अँठि**-आ.धा. । अ.क्रि.; चल्न-हल्न नसक्ने हुनु, च्यापिनु, कसिनु, मस्किनु । **अँठ्याइ** (अँठि+आइ)-भा.ना. । **अँठ्याउनु**-प्रे.क्रि./स.क्रि.; आफ्नो बशमा पार्नु, समात्नु, करेप्नु, साह्रो दाब्नु । **अँठ्याउ** -प्रे.धा. । अँठ्याइनु-अँठ्याउनुको क.क्रि.। **अँठयाइ**-भा.प्रे.धा. । **अँठिइनु**-अँठिनुको भा.क्रि. । **अँठिइ**-भा.धा. । **अँठिई, अँठिएर, अँठिन, अँठिँदै, अँठिउन्जेल, अँठिंदाखेरि**-कृ.अ. । **अँठिनू**-वि. । **अँठिऊन्**-इ. । **अँठेला**-स. । (अ.क्रि.- मसी-भाँडोको बिर्को अँठियो ।)

अँठ्याउनु-क्रि.मू. । **अँठ्याउ**-आ.धा.। स.क्रि.; नउम्किने गरी समाउनु, करेप्नु, आफ्नो पञ्जामा पार्नु । **अँठ्याइ** (अँठ्याउ+आइ)-भा.ना.। **अँठ्याइनु**-अँठ्याउनुको क.कि. । **अँठ्याइ**-क.धा. । **अँठ्याई, अँठ्याएर, अँठ्याउन, अँठ्याउँदै, अँठ्याउन्जेल, अँठ्याउँदाखेरि**-कृ.अ. । **अँठ्याउनू**-वि. । **अँठ्याउन्**-इ. । **अँठ्याउला**-स. । (स.क्रि.-मदनले साथीको घोक्रो अँठ्यायो ।)

अँतेर्नु-क्रि.मू. । **अँतेर्**-आ.धा. । स.क्रि.; अफ्ठेरोमा पारेर अत्त्याउनु, लडाएर घुँडाले अँचेटी कायल पार्नु, अँचेट्नु । **अँतेराइ** (अँतेर्+आइ)-भा.ना. । **अँतेराउनु** -प्रे.क्रि./स.क्रि.; अँतेर्न लाउनु, अँतेरिने पार्नु । **अतेराउ**- प्रे.धा. । **अँतेराइनु**-अँतेराउनुको क.क्रि. । **अँतेराइ**-क.प्रे.धा. । **अँतेरिनु**-अँतेर्नुको क.क्रि. । **अँतेरि**-क.धा.। **अँतेरी, अँतेरेर, अँतेर्न, अँतेर्दै, अँतेरुन्जेल, अँतेर्दाखेरि**-कृ.अ. । **अँतेर्नू**-वि. । **अँतेरून्**-इ. । **अँतेर्ला**-स. । (स.क्रि.-रामेले भँडारको कुनामा लगेर आफ्नो निर्धो दाइलाई अँतेर्‍यो ।)

अकड्नु-क्रि.मू. । **अकड्**-आ.धा.।अ.क्रि.; आफ्नो कुरा र विचारमा डटेर रहनु, अडान लिनु, ठर्रो हुनु, अकड लिनु, कक्रक्क पर्नु, अररो हुनु । **अकडाइ** (अकड्+आइ)-भा.ना. । **अकडाउनु**-प्रे.क्रि./स.क्रि.; अकडिन लाउनु, अकडमा पार्नु, अकड्याउनु । **अकडाउ**-प्रे.धा.। **अकडाइनु**-अकडाउनुको क.क्रि.। **अकडाइ**-भा.प्रे.धा. । **अकडिनु**-अकड्नुको भा.क्रि । **अकडि**-भा.धा. । **अकडी, अकडेर, अकड्न, अकड्दै, अकडुन्जेल, अकड्दाखेरि**-कृ.अ. । **अकड्नू**-वि. । **अकडून्**-इ. । **अकड्ला**-स. । (अ.क्रि.-त्यो मान्छे जतिसुकै कराप्ता पनि आफ्नै कुरामा अकड्यो ।)

अकडाउनु-क्रि.मू. । **अकडाउ**-आ.धा. । अ.क्रि.; अकडिने हुनु । **अकडाइ** (अकडाउ+आइ)-भा.ना. । **अकडाइनु**-अकडाउनुको भा.क्रि. । **अकडाइ**-भा.धा. । **अकडाई, अकडाएर, अकडाउन, अकडाउँदै, अकडाउन्जेल, अकडाउँदाखेरि**-कृ.अ. । **अकडाउनू**-वि. । **अकडाऊन्**-इ. । **अकडाउला**-स. । (अ.क्रि.-म परीक्षामा एकछिन त अकडाएँ ।)

अकडिनु-क्रि.मू. । **अकडि**-आ.धा.।अ.क्रि.; अकड्नु, कठाङ्ग्रिनु । **अकड्याइ** (अकडि+आइ), (अकड्याउ+आइ)-भा.ना. । **अकड्याउनु**- प्रे.क्रि./स.क्रि.; अकडिन लाउनु, अकडमा पार्नु, अकडाउनु । **अकड्याउ**-प्रे. धा. । **अकड्याइनु**- अकड्याउनुको क.क्रि. । **अकड्याइ**-भा.प्रे.धा. । **अकडिइनु** -अकडिनुको भा.क्रि. । **अकडिइ** -भा.धा.। **अकडिई, अकडिएर, अकडिन, अकडिँदै, अकडिउन्जेल, अकडिंदाखेरि**-कृ.अ. । **अकडिनू**-वि. । **अकडिऊन्**-इ. । **अकडेला**-स. । (अ.क्रि.-ती ढुकुरका जोडी शिशिरको जाडोमा खूबै अकडिए ।)

अकमकाउनु-क्रि.मू. । **अकमकाउ** -आ.धा.। अ.क्रि.;

अकमक्क पर्नु, छक्क हुनु, अलमलिनु, दोधारमा पर्नु । **अकमकाइ** (अकमकाउ+आइ)-भा.ना. । **अकमकाइनु**-अकमकाउनुको भा.क्रि. । **अकमकाइ** भा.धा. । **अकमकाई, अकमकाएर, अकमकाउँदै, अकमकाउन, अकमकाउन्जेल, अकमकाउँदाखेरि**-कृ.अ.। **अकमकाउनू**-वि.। **अकमकाऊन्**-इ. । **अकमकाउला**- स.। (अ.क्रि.-विद्यार्थी शिक्षकको प्रश्न सुनेर एकछिन अकमकायो ।)

अकमकिनु-क्रि.मू. । **अकमकि**-आ.धा. । अ.क्रि.; अकमकाउनु । **अकमक्याइ** (अकमकि+आइ), (अकमक्याउ +आइ)-भा.ना. । **अकमक्याउनु**-प्रे.क्रि./स.क्रि.; अकमकिने तुल्याउनु, अकमक्क पार्नु, अलमल्याउनु । **अकमक्याउ**-प्रे.धा. । **अकमक्याइनु** -अकमक्याउनुको क.क्रि. । **अकमक्याइ**-भा.प्रे.धा. । **अकमकिइनु**-अकमकिनुको भा.क्रि. । **अकमकिइ**-भा.धा. । **अकमकिई, अकमकिएर, अकमकिन, अकमकिँदै, अकमकिउन्जेल, अकमकिंदाखेरि**-कृ.अ. । **अकमकिनू**-वि. । **अकमकिऊन्**-इ. । **अकमकेला**-स. । (अ.क्रि.-पूर्णप्रसाद सात-दोबाटोमा पुगेपछि अकमकियो ।)

अकासिनु-क्रि.मू. । **अकासि**-आ.धा. । अ.क्रि.; अकासमा माथि-माथि उड्दै जानु, जीवनको यथार्थतावाट बहकिनु, मूल्य आदिमा बृद्धि हुनु । **अकस्याइ** (अकासि+आइ), (अकस्याउ+आइ)-भा.ना. । **अकस्याउनु**-प्रे.क्रि./स.क्रि.; अकासिन लाउनु, अकासिने पार्नु, अकासमा उडाउनु । **अकस्याउ**-प्रे.धा. । **अकस्याइनु**- अकस्याउनुको क.क्रि.। **अकस्याइ**-भा.प्रे.धा.। **अकासिइनु**-अकासिनुको भा.क्रि. । **अकासिइ**-भा.धा. । **अकासिई, अकासिएर, अकासिन, अकासिँदै, अकासिउन्जेल, अकासिंदाखेरि**-कृ.अ. । **अकासिनू**-वि. । **अकासिऊन्**-इ. । **अकासेला**-स. । (अ.क्रि-बजार-भाउ अकासियो ।)

अकुताउनु-क्रि.मू. । **अकुताउ**-आ.धा. । अ.क्रि.; कुनै काम गर्न औताउनु, उत्सुक हुनु, सकसक लाग्नु, सकसकाउनु, हडबडाउनु । **अकुताइ** (अकुताउ+आइ) -भा.ना. । **अकुताइनु**-अकुताउनुको भा.क्रि. । **अकुताइ** -भा.धा. । **अकुताई, अकुताएर, अकुताउन, अकुताउँदै, अकुताउन्जेल, अकुताउँदाखेरि**-कृ.अ. । **अकुताउनू**-वि. । **अकुताऊन्**-इ. । **अकुताउला**-स. । (अ.क्रि.-तिनीहरू बजार जान अकुताए ।)

अकुलाउनु-क्रि.मू. । **अकुलाउ**-आ.धा.।अ.क्रि.; आत्तिनु, हडबडाउनु, आकुल-व्याकुल हुनु । **अकुलाइ** (अकुलाउ+आइ)-भा.ना. । **अकुलाइनु**- अकुलाउनुको भा.क्रि. । **अकुलाइ**-भा.धा. । **अकुलाई, अकुलाएर, अकुलाउन, अकुलाउँदै, अकुलाउन्जेल, अकुलाउँदाखेरि**-कृ.अ. । **अकुलाउनू**-वि. । **अकुलाऊन्**- इ. । **अकुलाउला**-स. । (अ.क्रि.-एक्कासि हुरी-बतास खनिंदा म खुबै अकुलाएँ ।)

अक्रनु-क्रि.मू. । **अक्र**-आ.धा. । अ.क्रि.; कक्रक्क पर्नु, कक्रिनु, घमण्ड गर्नु । **अक्राइ** (अक्र+आइ), (अक्राउ+आइ)-भा.ना. । **अक्राउनु**-प्रे.क्रि./स.क्रि.; अक्रन लाउनु, अक्रने पार्नु, अक्रयाउनु । **अक्राउ**-प्रे.धा. । **अक्राइनु**-अक्राउनुको क.क्रि. । **अक्राइ**-भा.प्रे.धा. । **अक्रिनु**-अक्रनुको भा.क्रि. । **अक्रि**-भा.धा. । **अक्री, अक्रेर, अक्रन, अक्रँदै, अक्रुन्जेल, अक्रँदाखेरि**-कृ.अ. । **अक्रनू**-वि. । **अक्रून्**-इ. । **अक्रला**-स. । (अ.क्रि.-असफल भएको खबर सुन्नासाथ त्यो विद्यार्थी नराम्ररी अक्रयो ।)

अक्रिनु-क्रि.मू. । **अक्रि** -आ.धा. । अ.क्रि.; अक्रनु । **अक्रयाइ** (अक्रि+आइ), (अक्रयाउ+आइ)-भा.ना. । **अक्रयाउनु**-प्रे.क्रि./स.क्रि.; अक्राउनु । **अक्रयाउ**-प्रे.धा. । **अक्रयाइनु**-अक्रयाउनुको क.क्रि. । **अक्रयाइ**-भा.प्रे.धा. । **अक्रिइनु**-अक्रिनुको भा.क्रि. । **अक्रिइ**-भा.धा. । **अक्रिई, अक्रिएर, अक्रिन, अक्रिँदै, अक्रिउन्जेल, अक्रिंदाखेरि**-कृ.अ. । **अक्रिनू**-वि. । **अक्रिऊन्**-इ. । **अक्रेला**-स. । (त्यो मान्छे स्वास्नीको लोप्पा पाएपछि बल्ल अक्रियो ।)

अखनु-क्रि.मू. । **अख**-आ.धा. । अ.क्रि.; अलिअलि सुक्नु, दरसुको हुनु, अखिनु । **अखाइ** (अख+आइ), (अखाउ+आइ)-भा.ना. । **अखाउनु**-प्रे.क्रि./स.क्रि.; अखन लाउनु, अखने पार्नु । **अखाउ**-प्रे.धा. । **अखाइनु** -अखाउनुको क.क्रि. । **अखाइ**-भा.प्रे.धा. । **अखिनु**-अखनुको भा.क्रि. । **अखि**-भा.धा. । **अखी, अखेर, अखिन, अखिँदै, अखुउन्जेल, अखिँदाखेरि**-कृ.अ. । **अखनू**-वि. । **अखूऊन्**-इ. । **अखला**-स. । (अ.क्रि. -सुकाएको कपडा अख्यो मात्र, सुकेन ।)

अखिनु-क्रि.मू. । **अखि**-आ.धा. । अ.क्रि.; अखनु । **अख्याइ** (अखि+आइ), (अख्याउ+आइ)-भा.ना. । **अख्याउनु**-प्रे.क्रि./स.क्रि.; अखाउनु, अखिने पार्नु । **अख्याउ**-प्रे. धा. । **अख्याइनु**-अख्याउनुको क. क्रि. । **अख्याइ**-भा.प्रे.धा. । **अखिइनु**-अखिनुको भा.क्रि. । **अखिइ**-भा. धा. । **अखिई, अखिएर, अखिन, अखिँदै, अखिउन्जेल, अखिंदाखेरि**-कृ. अ. । **अखिनू**-वि. । **अखिऊन्**-इ. । **अखेला**-स. । (अ.क्रि.-विस्कुन अखियो मात्रै, सुकेन ।)

अगाउनु-क्रि.मू. । **अगाउ**-आ.धा. । अ.क्रि.; खाई-पिई डम्म हुनु, टम्म हुनु, पेट भर्नु, तृप्त हुनु, सन्तुष्ट हुनु,

मन मर्नु, विरक्त हुनु, अमन हुनु । **अगाइ** (अगाउ+आइ)-भा.ना. । **अगाइनु**-अगाउनुको भा.क्रि. । **अगाइ**-भा.धा.। **अगाई, अगाएर, अगाउन, अगाउँदै, अगाउन्जेल, अगाउँदाखेरि**-कृ.अ. । **अगाउनू**- वि. । **अगाऊन्**-इ. । **अगाउला**-स. । (अ.क्रि.-भो ! धेरै नभन्नोस्, म अगाएँ ।)

अग्लिनु-क्रि.मू. । **अग्लि**-आ.धा. । अ.क्रि.; अग्लो हुँदै जानु, उँचो बन्नु, उच्चो हुनु । **अग्ल्याइ** (अग्लि+आइ), (अग्ल्याउ+आइ)-भा.ना. । **अग्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; अग्लो पार्नु, उँचो तुल्याउनु, थुप्रो लाउनु, थुप्र्याउनु । **अग्ल्याउ**-प्रे.धा.। **अग्ल्याइनु**-अग्ल्याउनुको क.क्रि.। **अग्ल्याइ**-भा.प्रे.धा. । **अग्लिइनु**-अग्लिनुको भा.क्रि. । **अग्लिइ**-भा.धा. । **अग्लिई, अग्लिएर, अग्लिन, अग्लिँदै, अग्लिउन्जेल, अग्लिंदाखेरि**-कृ.अ. । **अग्लिनू**- वि. । **अग्लिऊन्**-इ. । **अग्लेला**-स. । (अ.क्रि.-शिशिरको हिमालय झन् अग्लियो ।)

अग्ल्याउनु-क्रि.मू. । **अग्ल्याउ**-आ.धा.।स.क्रि.; अग्लो पार्नु, आग्लो लाउनु, अवरोध तेर्स्याउनु, भाँजो हाल्नु । **अग्ल्याइ** (अग्ल्याउ+आइ)-भा.ना. । **अग्ल्याइनु** -अग्ल्याउनुको क.क्रि. । **अग्ल्याइ**-क.धा. । **अग्ल्याई, अग्ल्याएर, अग्ल्याउन, अग्ल्याउँदै, अग्ल्याउन्जेल, अग्ल्याउँदाखेरि**-कृ.अ. । **अग्ल्याउनू**- वि.। **अग्ल्याऊन्**-इ. । **अग्ल्याउला**-स.। (स.क्रि.- प्रीतिले ढोका अग्ल्याई ।)

अघाउनु-क्रि.मू. ।**अघाउ**- आ.धा. ।अ.क्रि.; अगाउनु । **अघाइ** (अघाउ+आइ)-भा.ना.। **अघाइनु**-अघाउनुको भा.क्रि. । **अघाइ**-भा.धा. । **अघाई, अघाएर, अघाउन, अघाउँदै, अघाउन्जेल, अघाउँदाखेरि**-कृ.अ. । **अघाउनू**-वि.। **अघाऊन्**-इ. । **अघाउला**-स.। (अ.क्रि.-इमान-जमान नभएकाहरूको चाला देखेर म अघाएँ ।)

अङालनु-क्रि.मू. । **अङाल्**-आ.धा. । स.क्रि.; अँगाल्नु । **अङलाइ** (अङाल्+आइ)-भा.ना. । **अङालिनु**-अङाल्नुको क.क्रि. । **अङालि**-क.धा. । **अङाली, अङालेर, अङाल्न, अङाल्दै, अङालुन्जेल, अङाल्दाखेरि**-कृ.अ. । **अङाल्नू**-वि. । **अङालून्**- इ. । **अङाल्ला**-स. । (स.क्रि.-हरिले व्यवसायिक पेशा अँङाल्यो ।)

अङ्कुराउनु-क्रि.मू. । **अङ्कुराउ**-आ.धा. । अ.क्रि.; आँकुरा आउनु, टुसाउनु, पलाउनु । **अङ्कुराइ** (अङ्कुराउ+आइ)-भा.ना. । **अङ्कुराइनु**-अङ्कुराउनुको भा.क्रि. । **अङ्कुराइ**-भा.धा. । **अङ्कुराई, अङ्कुराएर, अङ्कुराउन, अङ्कुराउँदै, अङ्कुराउन्जेल, अङ्कुराउँदाखेरि**-कृ.अ. । **अङ्कुराउनू**-वि. । **अङ्कुराऊन्**-इ. । **अङ्कुराउला**-स. । (अ.क्रि.-रोपेको चारै दिनमा मकैका बीउबाट टुसाहरू अङ्कुराए ।)

अचकचाउनु-क्रि.मू. । **अचकचाउ**-आ.धा. । अ.क्रि.; अकमकाउनु, अनकनाउनु, निर्णय लिन नसक्नु । **अचकचाइ** (अचकचाउ+आइ)-भा.ना. । **अचकचाइनु**-अचकचाउनुको भा.क्रि. । **अचकचाइ** -भा.धा. । **अचकचाई, अचकचाएर, अचकचाउन, अचकचाउँदै, अचकचाउन्जेल, अचकचाउँदाखेरि**-कृ.अ. । **अचकचाउनू**-वि. । **अचकचाऊन्**- इ. । **अचकचाउला** -स. । (अ.क्रि.-बुद्धवहादुर झूटो बक्न अचकचायो ।)

अचकल्टनु-क्रि.मू.। **अचकल्ट**-आ.धा.। अ.क्रि.; अधकल्चो हुनु, कचमचिनु । **अचकल्टाइ** (अचकल्ट+आइ)-भा.ना. । **अचकल्टाउनु**-प्रे.क्रि./स.क्रि.; अचकल्टो तुल्याउनु, कटमेरो पार्नु । **अचकल्टाउ**-प्रे.धा.। **अचकल्टाइनु**-अचकल्टाउनुको क.क्रि. । **अचकल्टाइ**-भा.प्रे.धा. । **अचकल्टिनु** अचकल्टनुको भा.क्रि. । **अचकल्टि**-भा.धा. । **अचकल्टी, अचकल्टेर, अचकल्टन, अचकल्टँदै, अचकल्टुन्जेल, अचकल्टँदाखेरि**-कृ.अ. । **अचकल्टनू**-वि. । **अचकल्टून्**-इ. । **अचकल्टला**- स.। (अ.क्रि.-आगो नबलेर हाँडीमा भुटेको मकै अचकल्ट्यो ।)

अचम्मिनु-क्रि.मू. । **अचम्मि**-आ.धा. । अ.क्रि.; आश्चर्य हुनु, छक्क पर्नु, उदेक मान्नु । **अचम्म्याइ** (अचम्मि+आइ) भा.ना. । **अचम्मिइनु**- अचम्मिनुको भा.क्रि. । **अचम्मिइ**-भा.धा. । **अचम्मिई, अचम्मिएर, अचम्मिन, अचम्मिँदै अचम्मिउन्जेल, अचम्मिंदाखेरि**-कृ.अ. । **अचम्मिनू**-वि. । **अचम्मिऊन्**-इ. । **अचम्मेला** -स. । (अ.क्रि.-विश्वमा बढ्दै गएको अतिवादी क्रियाकलाप देखेर सामान्य जनमानस अच्चम्मियो ।)

अचाउनु-क्रि.मू. । **अचाउ**-आ.धा. । स.क्रि.; पूजा आदि गर्दा मन्त्र जप्तै मुखमा आचमानीले पानी हाल्नु, थोरै पानी सुरुप्प पारी खानु, आचमान गर्नु । **अचाइ** (अचाउ+आइ)-भा.ना. । **अचाइनु**- अचाउनुको क.क्रि. । **अचाइ**-क.धा. । **अचाई, अचाएर, अचाउन, अचाउँदै, अचाउन्जेल, अचाउँदाखेरि**-कृ.अ. । **अचाउनू**-वि. । **अचाऊन्**-इ. । **अचाउला**-स. (स.क्रि.-पूजारीले पानी अचाए र देवताको पूजा गरे ।)

अजमाउनु-क्रि.मू. । **अजमाउ** -आ.धा. । स.क्रि.; प्रयोग गर्नु, जाँच गर्नु, इन्तजाम गर्नु, पारख गर्नु, कल्पना गर्नु । **अजमाइ** (अजमाउ+आइ)-भा.ना. । **अजमाइनु**-

अजमाउनुको क.क्रि. । **अजमाइ**–क.धा. । **अजमाई, अजमाएर, अजमाउन, अजमाउँदै, अजमाउन्जेल, अजमाउँदाखेरि**–कृ.अ. । **अजमाउनू**-वि. । **अजमाऊन्**-इ. । **अजमाउला**-स. । (स.क्रि.-मैले त्यो काम गर्न एउटा नयाँ उपाय अजमाएँ ।)

अजिर्निनु-क्रि.मू. । **अजिर्नि**–आ.धा. । अ.क्रि.; बढी खानाले नपच्नु, अजीर्ण हुनु । **अजिर्न्याइ** (अजिर्नि+आइ), (अजिर्न्याउ+आइ)-भा.ना. । **अजिर्न्याउनु**–प्रे.क्रि./स.कि.; अजिर्निने पार्नु, अजीर्ण गराउनु, अजीर्ण होउन्जेल खुवाउनु । **अजिर्न्याउ**–प्रे.धा. । **अजिर्न्याइनु**-अजिर्न्याउनुको क.क्रि. । **अजिर्न्याइ** -भा.प्रे.धा. । **अजिर्निइनु**–अजिर्निनुको भा.क्रि. । **अजिर्निइ** -भा.धा. । **अजिर्निई, अजिर्निएर, अजिर्निन, अजिर्निंदै, अजिर्निउन्जेल, अजिर्निंदाखेरि**-कृ.अ. । **अजिर्निनू**- वि. । **अजिर्निऊन्**–इ. । **अजिर्नेला**–स. । (अ.क्रि.-नोकर श्राद्धमा दही-भात निक्को खाँदा अजिर्नियो ।)

अट्नु–क्रि.मू. । **अट्**-आ.धा. । अ.क्रि.; सबै कुरा भित्र पस्नु, रहने ठाउँ हुनु, खाम्नु, सबै एकै ठाउँमा सामेल हुनु । **अटाइ** (अट्+आइ), (अटाउ+आइ)-भा.ना.। **अटाउनु**–प्रे.क्रि./स.क्रि.; अट्न लाउनु, अट्ने पार्नु, अट्ने ठाउँ तुल्याउनु । **अटाउ**–प्रे.धा. । **अटाइनु**-अटाउनुको क.क्रि. । **अटाइ**-भा.प्रे.धा. । **अटिनु**-अट्नुको भा.क्रि. । **अटि**–भा.धा. । **अटी, अटेर, अट्न, अट्तै, अटुन्जेल, अट्दाखेरि**–कृ. अ. । **अट्नू**-वि. । **अटून्**-इ. । **अट्ला**-स. । (अ.क्रि.-सबै सामान एउटै बाकसमा अट्यो ।)

अटाउनु-क्रि. मू. । **अटाउ**-आ.धा.।अ.क्रि.; हालिने ठाउँ पुग्नु, अट्न सक्ने हुनु, भए जत्ति सबै भित्र पस्नु, अट्नु । **अटाइ** (अटाउ+आइ)-भा.ना. । **अटाइनु**-अटाउनुको भा.क्रि. । **अटाइ**-भा.धा. । **अटाई, अटाएर, अटाउन, अटाउँदै, अटाउन्जेल, अटाउँदाखेरि**-कृ.अ. । **अटाउनू**-वि. । **अटाऊन्**-इ. । **अटाउला**-स. । (अ.क्रि.-सविता र विनीता पनि एउटै आसनमा अटाए ।)

अटकल्नु-क्रि.मू. । **अटकल्**-आ.धा. । स.क्रि.; अडकल्नु। **अटकलाइ** (अटकल्+आइ)-भा.ना. । **अटकलिनु**-अटकल्नुको क.क्रि. । **अटकलि**-क.धा. । **अटकली, अटकलेर, अटकल्न, अटकल्दै, अटकलुन्जेल, अटकल्दाखेरि**-कृ.अ. । **अटकल्नू**-वि. । **अटकलून्**-इ. । **अटकल्ला**-स. । (स.क्रि.-सुन्दरले आफ्नो खाना अटकल्यो ।)

अट्कल्नु-क्रि.मू. । **अट्कल्**-आ.धा. । स.क्रि.; अड्कल्नु। **अट्कलाइ** (अट्कल्+आइ)-भा.ना. । **अट्कलाउनु**-प्रे.क्रि./स.क्रि.; अट्कल्न लाउनु, अड्कलाउनु । **अट्कलाउ**-प्रे.धा. । **अट्कलाइनु**–अटकलाउनुको क.क्रि. । **अट्कलाइ**–क.प्रे.धा. । **अट्कलिनु**–अट्कल्नुको क.क्रि. । **अट्कलि**-क.धा. । **अट्कली, अट्कलेर, अट्कल्न, अट्कल्दै, अट्कलुन्जेल, अट्कल्दाखेरि**–कृ.अ. । **अट्कल्नू**-वि. । **अट्कलून्**- इ. । **अट्कल्ला**-स. । (स.क्रि.-साहूले कुल्लीलाई जेला अट्कल्यो ।)

अट्कनु-क्रि.मू. । **अट्क**-आ.धा. । अ.क्रि.; अड्कनु । **अट्काइ** (अट्क+आइ)-भा.ना. । **अट्काउनु**–प्रे.क्रि./स.क्रि.; अड्काउनु । **अट्काउ**-प्रे.धा. । **अट्काइनु**-अट्काउनुको क.क्रि. । **अट्काइ** - भा.प्रे.धा. । **अट्किनु**–अट्कनुको भा.क्रि. । **अट्कि**-भा.धा. । **अट्की अट्केर, अट्कन, अट्कँदै, अट्कुन्जेल, अट्कँदाखेरि**-कृ.अ. । **अट्कनू**-वि. । **अट्कून्**-इ. । **अट्कला**-स. । (अ.क्रि.-चङ्गा रूखमा अट्क्यो ।)

अठोट्नु-क्रि.मू. । **अठोट्**-आ.धा. । स.क्रि.; निधो गर्नु, निर्णय लिनु, पक्का गर्नु, तजबिज गर्नु । **अठोटाइ** (अठोट्+आइ), (अठोटाउ+आइ)-भा.ना. । **अठोटाउनु**-प्रे.क्रि./स.क्रि.; अठोट्न लाउनु, अठोट्ने काम गराउनु । **अठोटाउ**-प्रे.धा. । **अठोटाइनु**-अठोटाउनुको क.क्रि. । **अठोटाइ**-क.प्रे.धा. । **अठोटिनु**-अठोट्नुको क.क्रि. । **अठोटि**-क.धा. । **अठोटी, अठोटेर, अठोट्न, अठोट्तै, अठोटुन्जेल, अठोट्दाखेरि**-कृ.अ. । **अठोट्नू**-वि. । **अठोटून्**-इ. । **अठोट्ला**-स. । (स.क्रि.-केशवले दिल्ली नजाने कुरा अठोट्यो ।)

अडकल्नु-क्रि.मू. । **अडकल्**-आ.धा. । स.क्रि.; अन्दाज गर्नु, अनुमान गर्नु, अडकल गर्नु, अड्कल्नु । **अडकलाइ** (अडकल्+आइ)-भा.ना. । **अडकलाउनु**-प्रे.क्रि./स.क्रि.; अडकल्न लाउनु, अन्दाज गर्न लगाउनु । **अडकलाउ**-प्रे.धा.। **अडकलाइनु**-अडकलाउनुको क.क्रि. । **अडकलाइ**-क.प्रे.धा. । **अडकलिनु**-अडकल्नुको क.क्रि. । **अडकलि**-क.धा. । **अडकली, अडकलेर, अडकल्न, अडकल्दै, अडकलुन्जेल, अडकल्दाखेरि**-कृ.अ. । **अडकल्नू**-वि. । **अडकलून्** -इ. । **अडकल्ला**-स. । (स.क्रि.-मैले आफ्नो खाना अडकलें ।

अडकाउनु-क्रि.मू. । **अडकाउ** -आ.धा./स.क्रि.; रोक्नु, बन्द गर्नु, अल्झाउनु, खाँचो पार्नु । **अडकाइ** (अडकाउ+आइ)-भा.ना. । **अडकाइनु** -अडकाउनुको क.क्रि. ।

अडकाइ-क.धा. । **अडकाई, अडकाएर, अडकाउन, अडकाउँदै, अडकाउन्जेल, अडकाउँदाखेरि**-कृ.अ. । **अडकाउनू**-वि. । **अडकाऊन्** -इ. । **अडकाउला**-स. । (स.क्रि.-दमिनीले सियोमा धागो अडकाई ।)

अडिनु-क्रि.मू. । **अडि**-आ.धा. । अ.क्रि.; थामिनु, रोकिनु, अड्कनु, नचल्नु, खाँचो पर्नु, अड्डी लिनु । **अड्याइ** (अडि+आइ), (अड्याउ+आइ)-भा.ना. । **अड्याउनु**-प्रे.क्रि./स.क्रि.; अडिन लाउनु, अडिने पार्नु, अडाउनु । **अड्याउ**-प्रे.धा. । **अड्याइनु**-अड्याउनुको क.क्रि. । **अड्याइ**-भा.प्रे.धा. । **अडिइनु**-अडिनुको भा.क्रि. । **अडिइ**-भा.धा. । **अडिई, अडिएर, अडिन, अडिँदै, अडिउन्जेल, अडिंदाखेरि**-कृ.अ. । **अडिनू**-वि. । **अडिऊन्**-इ. । **अडेला**-स. । (अ.क्रि.-गौचर-हवाइ मैदानमा थाइ-जहाज अडियो ।)

अडेसिनु क्रि.मू. । **अडेसी**-आ.धा. । अ.क्रि.; आडलिनु, भर पर्नु, अडेसा लाग्नु, ढेप्पिनु । **अडेस्याइ** (अडेसि+आइ), (अडेस्याउ+आइ)-भा.ना. । **अडेस्याउनु**-प्रे.क्रि./स.क्रि.; अडेसिन लाउनु, अडेसिने पार्नु । **अडेस्याउ**-प्रे.धा. । **अडेस्याइनु**-अडेस्याउनुको क.क्रि. । **अडेस्याइ**-भा.प्रे.धा. । **अडेसिइनु**- अडेसिनुको भा.क्रि. । **अडेसिइ**-भा.धा. । **अडेसिई, अडेसिएर, अडेसिन, अडेसिंदै, अडेसिउन्जेल, अडेसिंदाखेरि**-कृ.अ. । **अडेसिनू**-वि. । **अडेसिऊन्**-इ. । **अडेसेला**-स. । (अ.क्रि.-त्यो बूढो मानिस भित्तामा अडेसियो ।)

अड्नु-क्रि.मू. । **अड्** -आ.धा. । अ.क्रि.; अडिनु, रोकिनु, थामिनु, अड्डी लिनु, कुनै कुरामा अडिग रहनु, गाईभैंसी आदि बाली जाने रूपमा स्थिर हुनु । **अडाइ** (अड्+आई), (अडाउ+आइ)-भा.ना. । **अडाउनु**-प्रे.क्रि./स.क्रि.; अड्न लाउनु, अड्याउनु, थाम्नु । **अडाउ**-प्रे. धा. । **अडाइनु**-अडाउनुको क.क्रि. । **अडाइ**-भा.प्रे.धा. । **अडिनु**-अड्नुको भा.क्रि. । **अडि**-भा.धा. । **अडी, अडेर, अड्न, अड्दै, अड्नुन्जेल, अड्दाखेरि**-कृ.अ. । **अड्नू**-वि. । **अड्नून्**-इ. । **अड्ला**-स. । (अ.क्रि.-कमल आफ्नो कुरामा अड्यो, डगेन ।)

अड्कनु-क्रि.मू. । **अड्क**-आ.धा. । अ.क्रि.; अल्झनु, रोकिनु, थामिनु, खाँचो पर्नु, हर्जा हुनु, गर्ज पर्नु । **अड्काइ** (अड्क+आइ), (अड्काउ+आइ)-भा.ना. । **अड्काउनु**-प्रे.क्रि./स.क्रि.; अड्कने पार्नु, अल्झाउनु, जोल्ट्याउनु, खाँचो पार्नु, रोक्नु । **अड्काउ**-प्रे.धा. । **अड्काइनु**-अड्काउनुको क.क्रि. । **अड्काइ**-भा.प्रे.धा. । **अड्किनु**-अड्कनुको भा.क्रि. । **अड्कि**-भा.धा. । **अड्की, अड्केर, अड्कन, अड्कँदै, अड्कुन्जेल, अड्कँदाखेरि**-कृ.अ. । **अड्कनू**-वि. । **अड्कून्**-इ. । **अड्कला**-स. । (अ.क्रि.-लगनविना बिबाहको कामै अड्क्यो ।)

अड्कल्नु-क्रि.मू. । **अड्कल्**-आ.धा. । स.क्रि.; अन्दाज गर्नु, अनुमान गर्नु, अड्कल गर्नु । **अड्कलाइ** (अड्कल्+आइ), (अड्कलाउ+आइ)-भा.ना. । **अड्कलाउनु**-प्रे.क्रि.;/स.क्रि.; अड्कल्न लाउनु, अनुमान गर्न लगाउनु, अन्दाज गराउनु । **अड्कलाउ**-प्रे.धा. । **अड्कलाइनु**-अड्कलाउनुको क.क्रि. । **अड्कलाइ**-क.प्रे.धा. । **अड्कलिनु**-अड्कल्नुको क.क्रि. । **अड्कलि**-क.धा. । **अड्कली, अड्कलेर, अड्कल्न, अड्कल्दै, अड्कलुन्जेल, अड्कल्दाखेरि**-कृ.अ. । **अड्कल्नू**-वि. । **अड्कलून्**- इ. । **अड्कल्ला**-स. । (स.क्रि.-दर्जीले कपडा अड्कल्यो ।)

अड्किनु-क्रि.मू. । **अड्कि**-आ.धा. । अ.क्रि.; अड्कनु । **अड्क्याइ** (अड्कि+आइ)-भा.ना. । **अड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; अड्काउनु । **अड्क्याउ**-प्रे.धा. । **अड्क्याइनु** अड्क्याउनुको क.क्रि. । **अड्क्याइ**-भा.प्रे.धा. । **अड्किइनु**-अड्किनुको भा. क्रि. । **अड्किइ**-भा.धा. । **अड्किई, अड्किएर, अड्किन, अड्किंदै, अड्किउन्जेल, अड्किंदाखेरि**-कृ.अ. । **अड्किनू**-वि. । **अड्किऊन्**-इ. । **अड्केला**-स. । (अ.क्रि. - मृग पासोमा अड्कियो ।)

अतालिनु - क्रि.मू. । **अतालि**-आ.धा. । अ.क्रि.; कहालिएर रुनु, रुँदारुँदै सास रोकिएर बेहोस जस्तो हुनु, अलल्लिनु, आत्तिनु । **अतल्याइ** (अतालि+आइ), (अतल्याउ +आइ)-भा.ना. । **अतल्याउनु**-प्रे.क्रि/स.क्रि.; अतालिने पार्नु, अत्त्याउनु । **अतल्याउ** -प्रे.धा. । **अतल्याइनु** - अतल्याउनुको क.क्रिं. । **अतल्याइ**-भा.प्रे.धा. । **अतालिइनु**-अतालिनुको भा.क्रि. । **अतालिइ** -भा.धा. । **अतालिई, अतालिएर, अतालिन, अतालिँदै, अतालिउन्जेल, अतालिंदाखेरि**-कृ.अ. । **अतालिनू**- वि. । **अतालिऊन्**-इ. । **अतालेला**-स. । (अ.क्रि.-ओढ्नेले मुख छोपेछ क्यारे, बच्चा अतालियो ।)

अतासिनु-क्रि.मू. । **अतासि**-आ.धा. । अ.क्रि.; अतासमा पर्नु, अतास मान्नु, तर्सिनु, आत्तिनु, कहालिनु । **अतस्याइ** (अतासि+आइ), (अतस्याउ+आइ)-भा.ना. । **अतस्याउनु**-प्रे.क्रि./स.क्रि.; अतासिन लाउनु, अतासिने पार्नु, अत्त्याउनु । **अतस्याउ** -प्रे.धा. । **अतस्याइनु**-अतस्याउनुको क.क्रि. । **अतस्याइ** -भा.प्रे.धा. । **अतासिइनु**-अतासिनुको भा.क्रि. । **अतासिइ**-भा.धा. । **अतासिई, अतासिएर, अतासिन, अतासिंदै, अतासिउन्जेल, अतासिंदाखेरि** -

कृ.अ. । **अतासिनू**-वि. । **अतासिऊन्**-इ. । **अतासेला**-स. । (अ.क्रि.-वहिनी भीडको बीचमा पुग्दा अतासिई ।)

अतास्सिनु-क्रि.मू. । **अतास्सि**-आ.धा. । अ.क्रि.; अतासिनु, आत्तिनु । **अतस्याइ** (अतास्सि+आइ)-भा.ना. । **अतस्याउनु**-प्रे.क्रि./स.कि.; अतास्सिने पार्नु । **अतस्याउ**-प्रे.धा. । **अतस्याइनु**-अतास्याउनुको क.क्रि. । **अतस्याइ**-भा.प्रे.धा. । **अतास्सिइनु** -अतास्सिनुको भा.क्रि. । **अतास्सिइ**-भा.धा. । **अतास्सिई, अतास्सिएर, अतास्सिन, अतास्सिँदै, अतास्सिउन्जेल, अतस्सिंदाखेरि**-कृ.अ. । **अतास्सिनू**-वि. । **अतास्सिऊन्**-इ. । **अतास्सेला**-स. । (अ.क्रि.-मनाङ भ्रमणमा जाँदा आँधीबेहेरीमा परेर म अतास्सिएँ ।)

अत्तालिनु-क्रि.मू.। **अत्तालि**-आ.धा.। अ.क्रि.; अतालिनु । **अत्तल्याइ** (अत्तालि+आइ)-भा.ना. । **अत्तल्याउनु**-प्रे.क्रि./स.क्रि.; अतल्याउनु । **अत्तल्याउ**-प्रे.धा. । **अत्तल्याइनु**-अत्तल्याउनुको क.क्रि. । **अत्तल्याइ**-भा.प्रे.धा. । **अत्तालिइनु**-अत्तालिनुको भा.क्रि. । **अत्तालिइ**-भा.धा. । **अत्तालिई, अत्तालिएर, अत्तालिन, अत्तालिँदै, अत्तालिउन्जेल, अत्तालिंदाखेरि**-कृ.अ. । **अत्तालिनू**-वि. । **अत्तालिऊन्**-इ. । **अत्तालेला**-स. । (अ.क्रि.-बाज आकाशमा उड्दाउड्दै अत्तालियो ।)

अत्याउनु-क्रि.मू. । **अत्याउ**-आ.धा. । स.क्रि.; धाकधक्कू देखाउनु, आत्तिने पार्नु, तर्साउनु । **अत्याइ** (अत्याउ+आइ)-भा.ना. । **अत्याइनु**-अत्याउनुको क.क्रि. । **अत्याइ**-क.धा. । **अत्याई, अत्याएर, अत्याउन, अत्याउँदै, अत्याउन्जेल, अत्याउँदाखेरि**-कृ.अ. । **अत्याउनू**-वि. । **अत्याऊन्**-इ. । **अत्याउला** -स. । (स.क्रि.-माछापुच्छ्रे सदनले फुटबल खेलमा मनास्लु सदनलाई खूबै अत्यायो ।)

अत्त्याउनु-क्रि.मू. । **अत्त्याउ**-आ.धा. । स.क्रि.; अत्याउनु । **अत्त्याइ** (अत्त्याउ+आइ)-भा.ना. । **अत्त्याइनु**-अत्त्याउनुको क.क्रि. । **अत्त्याइ**-क.धा. । **अत्त्याई, अत्त्याएर, अत्त्याउन, अत्त्याउँदै, अत्त्याउन्जेल, अत्त्याउँदाखेरि**-कृ.अ. । **अत्त्याउनू**-वि. । **अत्त्याऊन्**-इ. । **अत्त्याउला**-स. । (स.क्रि.-शहरको बसोबासले गरीबहरूलाई निकै अत्त्यायो ।)

अथुलाउनु-क्रि.मू. । **अथुलाउ**-आ.धा. । अ.क्रि.; ज्यादै मोटो हुनु, थसुल्लो बन्नु, थसुल्लिनु । **अथुलाइ** (अथुलाउ+आइ)-भा.ना.। **अथुलाइनु**-अथुलाउनुको भा.क्रि. । **अथुलाइ**-भा.धा. । **अथुलाई, अथुलाएर, अथुलाउन, अथुलाउँदै, अथुलाउन्जेल, अथुलाउँदाखेरि**-कृ.अ. । **अथुलाउनू**-वि. । **अथुलाऊन्**-इ. । **अथुलाउला**-स. । (अ.क्रि.-त्यो मधिशे ज्यादै अथुलायो ।)

अधकल्चिनु-क्रि.मू. । **अधकल्चि**-आ.धा. । अ.क्रि.; अधकल्चो हुनु, आधा काम हुनु, दू:ख-पीर आदिले मन पाकेर मानसिक रूपले मन अमिलिनु । **अधकल्च्याइ** (अधकल्चि+आइ)-भा.ना. । **अधकल्च्याउनु**-प्रे.क्रि./स.क्रि.; अधकल्चिन लाउनु, अधकल्चिने पार्नु, अधकल्चो तुल्याउनु । **अधकल्च्याउ**-प्रे. धा. । **अधकल्च्याइनु** -अधकल्च्याउनुको क.क्रि. । **अधकल्च्याइ** -भा.प्रे.धा. । **अधकल्चिइनु**-अधकल्चिनुको भा.क्रि. । **अधकल्चिइ**-भा.धा. । **अधकल्चिई, अधकल्चिएर, अधकल्चिन, अधकल्चिँदै, अधकल्चिउन्जेल, अधकल्चिंदाखेरि**-कृ.अ. । **अधकल्चिनू**-वि. । **अधकल्चिऊन्**-इ. । **अधकल्चेला**-स. । (अ.क्रि.-दुषित वातावरणको प्रभावमा उसको मन अधकल्चियो ।)

अधितिनु-क्रि.मू. । **अधिति**-आ.धा. । अ.क्रि.; पातलो हुनु, पन्यालिनु, हलुङ्गो हुनु, भार रहित हुनु, बतासिनु । **अधित्याइ** (अधिति+आइ), **अधित्याइँ** (अधिति+आइँ)-भा.ना. । **अधित्याउनु**-प्रे.क्रि./स.क्रि.; अधितिने पार्नु, अधितो गराउनु । **अधित्याउ**-प्रे.धा. । **अधित्याइनु**-अधित्याउनुको क.क्रि.। **अधित्याइ**-भा.प्रे.धा.। **अधितिइनु**-अधितिनुको भा.क्रि. । **अधितिइ**-भा.धा. । **अधितिई, अधितिएर, अधितिन, अधितिँदै, अधितिउन्जेल, अधितिंदाखेरि**-कृ.अ. । **अधितिनू**-वि. । **अधितिऊन्**-इ. । **अधितेला**-स. । (अ.क्रि.-हामीहरू उसका गुलिया वचनमै अधितियौं ।)

अनकनाउनु-क्रि.मू. । **अनकनाउ**-आ.धा. । अ.क्रि.; भन्न असजिलो मान्नु, भनूँ कि नभनूँ हुनु, लकपकाउनु, अकमकाउनु, अचकचाउनु । **अनकनाइ** (अनकनाउ+आइ) -भा.ना. । **अनकनाइनु**-अनकनाउनुको भा.क्रि. । **अनकनाइ**-भा.धा.। **अनकनाई, अनकनाएर, अनकनाउन, अनकनाउँदै, अनकनाउन्जेल, अनकनाउँदाखेरि**-कृ.अ. । **अनकनाउनू**-वि. । **अनकनाऊन्**-इ. । **अनकनाउला**-स.. । (अ.क्रि.-चोर आफ्नो भूल स्वीकार्न अनकनायो ।)

अन्धिनु-क्रि.मू. । **अन्धि**-आ.धा. । अ.क्रि.; अन्धो हुनु, आँखा नदेख्नु, आँखा नदेखे जस्तो गर्नु । **अन्ध्याइ** (अन्धि+आइ)-भा.ना. । **अन्धिइनु**- अन्धिनुको भा.क्रि. । **अन्धिइ** – भा.धा. । **अधिई, अन्धिएर, अन्धिन, अन्धिँदै, अन्धिउन्जेल, अन्धिँदाखेरि**-कृ.अ. । **अन्धिनू** -वि. । **अन्धिऊन्** -इ. । **अन्धेला**-स. (अ.क्रि.-बाबुराम

आचार्य आफ्नो जीवन कालमै अन्धिए ।)

अन्भनु-क्रि.मू. । **अन्भ**- आ.धा. । अ.क्रि.; बिहामा बेहुला-बेहुली मंगलपूर्वक बिदा हुनु, चेली बिदा हुनु । **अन्भाइ** (अन्भ+आइ), (अन्भाउ+आइ)-भा.ना. । **अन्भाउनु**-प्रे.क्रि./स.क्रि.; बिबाहामा दुलाहा-दुलहीलाई मङ्गलपूर्वक विदा गराउनु, अन्भने कार्य सम्पन्न गर्नु । **अन्भाउ**-प्रे.धा. । **अन्भाइनु**- अन्भाउनुको क.क्रि. । **अन्भाइ**-भा.प्रे.धा. । **अन्भिनु**-अन्भनुको भा.क्रि. । **अन्भि**-भा.धा. । **अन्भी, अन्भेर, अन्भन, अन्भँदै, अन्भुन्जेल, अन्भँदाखेरि**-कृ.अ. । **अन्भनू**-वि. । **अन्भून्**-इ. । **अन्भला**-स. । (अ.क्रि.-गाउँ-घरलाई समेत दिक्क पारिथी, हरिमाया बल्ल अन्भी (रिसको बोलीमा) । विचरी, अन्जना सबै माइतीलाई छोडेर अन्भी ।)

अन्भरिनु-क्रि.मू. । **अन्भरि**-आ.धा. । अ.क्रि.; मन नपरेको मानिस जानु वा आउनु, तन्कनु, घस्कनु । **अन्भऱ्याइ** (अन्भरि+आइ)-भा.ना. । **अन्भऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; अन्भरिन लाउनु, अन्भरिने पार्नु, घस्काउनु । **अन्भऱ्याउ**-प्रे.धा. । **अन्भऱ्याइनु**-अन्भऱ्याउनुको क.क्रि. । **अन्भऱ्याइ**-भा.प्रे.धा. । **अन्भरिइनु**-अन्भरिनुको भा.क्रि. । **अन्भरिइ** -भा.धा. । **अन्भरिई, अन्भरिएर, अन्भंरिन, अन्भरिँदै, अन्भरिउन्जेल, अनभरिंदाखेरि**-कृ.अ. । **अन्भरिनू**-वि. । **अन्भरिऊन्**- इ. । **अन्भरेला**-स. । (अ.क्रि.-त्यो चङ्खे भरखरै काममा अन्भरियो ।)

अन्भिनु-क्रि.मू. । **अन्भि**-आ.धा. । अ.क्रि.; **अन्भनु** । **अन्भ्याइ** (अन्भि+आइ)-भा.ना. । **अन्भ्याउनु**-प्रे.क्रि./स.क्रि.; अन्भिन लाउनु, अन्भिने कार्य गराउनु, अन्भाउनु । **अन्भ्याउ**-प्रे.धा. । **अन्भ्याइनु**-अन्भ्याउनुको क.क्रि. । **अन्भ्याइ**-भा.प्रे.धा. । **अन्भिइनु**-अन्भिनुको भा.क्रि. । **अन्भिइ**-भा.धा. । **अन्भिई, अन्भिएर, अन्भिन, अन्भिँदै, अन्भिउन्जेल, अन्भिंदाखेरि**-कृ.अ. । **अन्भिनू**-वि. । **अन्भिऊन्**-इ. । **अन्भेला**-स. । (अ.क्रि.- नयाँ बेहुला-बेहुली मङ्गलपूर्वक अन्भिए ।)

अन्मनु-क्रि.मू.। **अन्म**-आ.धा.। अ.क्रि.; **अन्मनु** । **अन्माइ** (अन्म+आइ), (अन्माउ+आइ)-भा.ना. । **अन्माउनु** - प्रे.क्रि./स.क्रि.; अन्माउनु । **अन्माउ**-प्रे.धा. । **अन्माइनु**- अन्माउनुको क.क्रि. । **अन्माइ**-भा.प्रे.धा. । **अन्मिनु** - अन्मनुको भा.क्रि. । **अन्मि**-भा.धा. । **अन्मी, अन्मेर, अन्मन, अन्मँदै, अन्मुन्जेल, अन्मँदाखेरि**-कृ.अ. । **अन्मनू**-वि. । **अन्मून्**- इ. । **अन्मला**-स. । (अ.क्रि.-तल्लो घर ठूलेकी छोरी आज अन्मी ।)

अन्मरिनु-क्रि.मू. । **अन्मरि**-आ.धा. । अ.क्रि.; **अन्भरिनु** । **अन्मऱ्याइ** (अन्मरि+आइ), (अन्मऱ्याउ+आइ)-भा.ना. । **अन्मऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; अन्भऱ्याउनु । **अन्मऱ्याउ**-प्रे.धा. । **अन्मऱ्याइनु**- अन्मऱ्याउनुको क.क्रि. । **अन्मऱ्याइ**-भा.प्रे.धा. । **अन्मरिइनु**-अन्मरिनुको भा.क्रि. । **अन्मरिइ**-भा.धा. । **अन्मरिई, अन्मरिएर, अन्मरिन, अन्मरिँदै, अन्मरिउन्जेल, अन्मरिंदाखेरि**-कृ.अ. । **अन्मरिनू**-वि. । **अन्मरिऊन्**-इ. । **अन्मरेला** -स. । (अ.क्रि.-त्यो मुखिया ब्याज उठाउन अन्मरियो ।)

अन्मिनु-क्रि.मू. । **अन्मि**-आ.धा. । अ.क्रि.; अन्भिनु । **अम्याइ** (अन्मि+आइ) (अन्म्याउ+आइ)-भा.ना. । **अन्म्याउनु**-प्रे.क्रि./स.क्रि.; अन्भ्याउनु । **अन्म्याउ**-प्रे.धा. । **अन्म्याइनु**- अन्म्याउनुको क.क्रि. । **अन्म्याइ**-भा.प्रे.धा । **अन्मिइनु**-अन्मिनुको भा.क्रि. । **अन्मिइ**-भा.धा. । **अन्मिई, अन्मिएर, अन्मिन, अन्मिँदै, अन्मिउन्जेल, अन्मिंदाखेरि**-कृ.अ. । **अन्मिनू**-वि. । **अन्मिऊन्**-इ. । **अन्मेला**- स. । **अन्म्याई, अन्म्याएर, अन्म्याउन, अन्म्याउँदै, अन्म्याउन्जेल, अन्म्याउँदाखेरि**-कृ.अ. । **अन्म्याउनू**-वि. । **अन्म्याऊन्**-इ. । **अन्म्याउला**-स.। (अ.क्रि.-सीता मङ्गलपूर्वक अन्मिन् ।)

अन्योलिनु-क्रि.मू. । **अन्योलि**-आ.धा. । अ.क्रि.; अन्योलमा पर्नु, के गरूँ के नगरूँ हुनु । **अन्योल्याइ** (अन्योलि+आइ)-भा.ना. । **अन्योल्याउनु**-प्रे.क्रि./स.क्रि.; अन्योलमा पार्नु । **अन्योल्याउ**-प्रे.धा. । **अन्योल्याइनु**-अन्योल्याउनुको क.क्रि. । **अन्योल्याइ** -भा.प्रे.धा. । **अन्योलिइनु**-अन्योलिनुको भा.क्रि. । **अन्योलिइ**-भा.धा. । **अन्योलिई, अन्योलिएर, अन्योलिन, अन्योलिँदै, अन्योलिउन्जेल, अन्योलिंदाखेरि**-कृ.अ. । **अन्योलिनू**-वि. । **अन्योलिऊन्**-इ. । **अन्योलेला**-स. । (अ.क्रि.-रात छिप्पिइसक्तापनि कर्णकान्त नआएकोले नेत्रलाल अन्योलियो ।)

अपनाउनु-क्रि.मू. । **अपनाउ**-आ.धा. । स.क्रि.; नयाँ काम-कुरा गर्न अक्कल लगाउनु, नयाँ विचार उब्जाउनु, नयाँ काम गरेर देखाउनु । **अपनाइ** (अपनाउ+आइ)-भा.ना. । **अपनाइनु**-अपनाउनुको क.क्रि. । **अपनाइ** -क.धा. । **अपनाई, अपनाएर, अपनाउन, अपनाउँदै, अपनाउन्जेल, अपनाउँदाखेरि**-कृ.अ. । **अपनाउनू**-वि. । **अपनाऊन्**-इ. । **अपनाउला**- स. । (स.क्रि.-गोर्खाली फौजले काठमाण्डौ माथि हमला गर्दा नयाँ कूटनीति अपनाए ।)

अफाल्नु-क्रि.मू. । **अफाल्**-आ.धा. । स.क्रि.; फाल्नु, फ्याँक्नु, मिल्काउनु, हुत्याउनु, आफाल्नु, त्याग गर्नु, अफाल्ने काम गर्नु । **अफलाइ** (अफाल्+आइ)-भा.ना. । **अफालिनु**-अफाल्नुको क.क्रि. । **अफालि**-क.धा. । **अफाली, अफालेर, अफाल्न, अफाल्दै, अफालुन्जेल, अफाल्दाखेरि**-कृ.अ. । **अफाल्नू**-वि. । **अफालून्**-इ. । **अफाल्ला**-स. । स.क्रि.-त्यो मूर्ख मानिसले शडकमा कसिङर अफाल्यो ।)

अमिलिनु-क्रि.मू. । **अमिलि**-आ.धा. । अ.क्रि.; मनमा ठूलो पीर पर्नु, चिन्तित हुनु, चिन्ता लिनु, कुनै चीज सडेर अमिलो हुनु । **अमिल्याइ** (अमिलि+आइ)-भा.ना. । **अमिल्याउनु**-प्रे.क्रि./स.क्रि.; अमिलिने पार्नु, अमिलो तुल्याउनु । **अमिल्याउ**-प्रे.धा.। **अमिल्याइनु**-अमिल्याउनुको क.क्रि. । **अमिल्याइ**-भा.प्रे.धा. । **अमिलिइनु**-अमिलिनुको भा.क्रि. । **अमिलिइ**-भा.धा. । **अमिलिई, अमिलिएर, अमिलिन, अमिलिँदै, अमिलिउन्जेल, अमिलिंदाखेरि**-कृ.अ. । **अमिलिनू**-वि. । **अमिलिऊन्**-इ. । **अमिलेला**-स. । (अ.क्रि.-किन-किन आज एकराते दही पनि अमिलियो । कीर्तिपुरको दोस्रो युद्धको हारपछि पृथ्वीनारायण शाह ज्यादै अमिलिए ।

अरखलिनु-क्रि.मू. । **अरखलि**-आ.धा. । अ.क्रि.; अधकल्चो हुनु, आधा पाकेको आधा नपाकेको हुनु, अर्खौलो बन्नु । **अरखल्याइ** (अरखलि+आइ)-भा.ना. । **अरखल्याउनु**-प्रे.क्रि./स.क्रि., अरखलिने पार्नु, अर्खौलो तुल्याउनु । **अरखल्याउ**-प्रे.धा. । **अरखल्याइनु**-अरखल्याउनुको क.क्रि. । **अरखल्याइ**-भा.प्रे.धा. । **अरखलिइनु**-अरखलिनुको भा.क्रि. । **अरखलिइ**-भा.धा. । **अरखलिई, अरखलिएर, अरखलिन, अरखलिँदै, अरखलिउन्जेल, अरखलिंदाखेरि**-कृ.अ. । **अरखलिनू**-वि. । **अरखलिऊन्**-इ. । **अरखलेला**-स. । (अ.क्रि.-आगो बलेन, हाँडीमा मकै अरखलियो ।)

अररिनु-क्रि.मू. । **अररि**-आ.धा. । अ.क्रि.; कक्रक्क पर्नु, अररो हुनु, ठर्रिनु, कक्रिनु, बाउँडिनु । **अरऱ्याइ** (अररि+आइ), (अरऱ्याउ+आइ)-भा.ना. । **अरऱ्याउनु** -प्रे.क्रि./स.क्रि.; अररिने पार्नु, अररो तुल्याउनु, कक्रयाउनु । **अरऱ्याउ**-प्रे.धा. । **अरऱ्याइनु**-अरऱ्याउनुको क.क्रि. । **अरऱ्याइ**-भा.प्रे.धा.। **अररिइनु**-अररिनुको भा.क्रि. । **अररिइ**-भा.धा. । **अररिई, अररिएर, अररिन, अररिँदै, अररिउन्जेल, अररिंदाखेरि**-कृ.अ. । **अररिनू**-वि. । **अररिऊन्**-इ. । **अररेला**-स. । (अ.क्रि.-छिंडीको भूईंमा पछारिंदा बालक एकछिन त सान्हो अररियो ।)

अरल्लिनु-क्रि.मू. । **अरल्लि**-आ.धा. । अ.क्रि.; कहालिएर रुनु, आत्तिनु, अतालिनु, **अरल्याइ** (अरल्लि+आइ), (अरल्ल्याउ+आइ)-भा.ना. । **अरल्ल्याउनु**-अरल्लिने पार्नु । **अरल्ल्याउ**-प्रे.धा. । **अरल्ल्याइनु**-अरल्ल्याउनुको-क.क्रि. । **अरल्ल्याइ**-भा.प्रे.धा. । **अरल्लिइनु**-अरल्लिनुको भा.क्रि. । **अरल्लिइ**-भा.धा. । **अरल्लिई, अरल्लिएर, अरल्लिन, अरल्लिँदै, अरल्लिउन्जेल, अरल्लिंदाखेरि**-कृ.अ. । **अरल्लिनू**-वि. । **अरल्लिऊन्**-इ. । **अरल्लेला**-स. । (अ.क्रि.-त्यो बटुवा बाटो बिरिंदा कुइरोको कागझैं अरल्लियो ।)

अराउनु-क्रि.मू. । **अराउ**-आ.धा. । स.क्रि.; कामका निम्ति खटाउनु, कुनै काम गर्न लाउनु, आज्ञा दिनु, अऱ्हाउनु । **अराइ** (अराउ+आइ)-भा. ना. । **अराइनु**-अराउनुको क.क्रि. । **अराइ**-क.धा. । **अराई, अराएर, अराउन, अराउँदै, अराउन्जेल, अराउँदाखेरि**-कृ.अ. । **अराउनू**-वि. । **अराऊन्**-इ. । **अराउला**-स. । (स.क्रि.-उर्मिलाले बहिनीलाई गृहकार्य गर्न अराई ।)

अराल्नु-क्रि.मू. । **अराल्**-आ.धा. । स.क्रि.; अधकल्चो पारेर भुट्नु, अरखऱ्याउनु । **अरलाइ** (अराल्+आइ)-भा.ना. । **अरालिनु**-अराल्नुको क.क्रि. । **अरालि**-क.धा. । **अराली, अरालेर, अराल्न, अराल्दै, अरालुन्जेल, अराल्दाखेरि**-कृ.अ. । **अराल्नू**-वि. । **अरालून्**-इ. । **अराल्ला**-स. । स.क्रि.-बहिनीले मकै अराली, राम्रोसंग चलाउन जान्दिन ।)

अर्चाप्नु-क्रि.मू. । **अर्चाप्**-आ.धा. । स.क्रि.; हतियार आदिमा पाइन हाल्नु, धारिलो पार्नु, पाइन चढाउनु । **अर्चपाइ** (अर्चाप्+आइ)-भा.ना. । **अर्चापिनु**-अर्चाप्नुको क.क्रि । **अर्चापि**-क.धा. । **अर्चापी, अर्चापेर, अर्चाप्न, अर्चाप्दै, अर्चापुन्जेल, अर्चाप्दाखेरि**-कृ.अ. । **अर्चाप्नू**-वि. । **अर्चापून्**-इ. । **अर्चाप्ला**-स. । (स.क्रि.-कामीदाइले हतियार अर्चाप्यो ।)

अर्जाप्नु-क्रि.मू. । **अर्जाप्**-आ.धा. । स.क्रि.; अर्चाप्नु । **अर्जपाइ** (अर्जाप्+आइ)-भा.ना. । **अर्जापिनु**- अर्जाप्नुको क.क्रि. । **अर्जापि**-क.धा. । **अर्जापी, अर्जापेर, अर्जाप्न, अर्जाप्दै, अर्जापुन्जेल, अर्जाप्दाखेरि**-कृ.अ. । **अर्जाप्नू**-वि. । **अर्जापून्**-इ. । **अर्जाप्ला**-स. । (स.क्रि.-कृष्णबहादुर कामीले आरनमा बसेर भाँडाहरू अर्जाप्यो ।)

अर्थिनु-क्रि.मू. । **अर्थि**- आ.धा. । अ.क्रि.; अर्थ लाग्नु, मतलब छर्लङ्ग हुनु, अर्थ बुझिनु । **अर्थ्याइ** (अर्थि+आइ),

(अर्थ्याउ+आइ)-भा.ना. । **अर्थ्याउनु**-प्रे.क्रि./स.क्रि.; अर्थ लगाउनु, मतलब बुझाउनु, माने बताउनु, कुरा बुझाउनु । **अर्थ्याउ**-प्रे.धा. । **अर्थ्याइनु**-अर्थ्याउनुको क.क्रि. । **अर्थ्याइ** -भा.प्रे.धा. । **अर्थिइनु**-अर्थिनुको भा.क्रि. । **अर्थिइ**-भा.धा. । **अर्थिई, अर्थिएर, अर्थिन, अर्थिंदै, अर्थिउन्जेल, अर्थिंदाखेरि**-कृ.अ. । **अर्थिनू**-वि. । **अर्थिऊन्**-इ. । **अर्थेला**-स. । (अ.क्रि.-शिक्षकले बताएपछि पो कविताको वास्तविकता अर्थियो ।)

अर्नालिनु-क्रि.मू. । **अर्नालि**-आ.धा. । अ.क्रि.; भोकले सताउनु, भोकले पीडित हुनु, भोकले अतालिनु । **अर्नल्याइ** (अर्नालि+आइ), (अर्नल्याउ+आइ)-भा.ना. । **अर्नल्याउनु**-प्रे.क्रि./स.क्रि.; अर्नालिने पार्नु, भोकले सताउनु । **अर्नल्याउ**-प्रे.धा. । **अर्नल्याइनु**-अर्नल्याउनुको क.क्रि. । **अर्नल्याइ** -भा.प्रे.धा. । **अर्नालिइनु**- अर्नालिनुको भा.क्रि. । **अर्नालिइ**-भा.धा. । **अर्नालिई, अर्नालिएर, अर्नालिन, अर्नालिंदै, अर्नालिउन्जेल, अर्नालिंदाखेरि**-कृ.अ. । **अर्नालिनू**-वि. । **अर्नालिऊन्**-इ. । **अर्नालेला**-स. । (अ.क्रि.-किलामा गाई-भैंसी अर्नालिए; फुकाउन अबेर भयो ।)

अर्पनु-क्रि.मू. । **अर्प**-आ.धा. । स.क्रि.; अर्पण गर्नु, श्रद्धापूर्वक दिनु, सङ्कल्प गर्नु, चढाउनु, अर्पिनु । **अर्पाइ** (अर्प+आइ), (अर्पाउ+आइ)-भा.ना.। **अर्पाउनु**-प्रे.क्रि./स.क्रि.; अर्पन लाउनु, अर्पण गराउनु । **अर्पाउ**-प्रे.धा. । **अर्पाइनु**-अर्पाउनुको क.क्रि. । **अर्पाइ**-क.प्रे.धा. । **अर्पिनु**-अर्पनुको क.क्रि. । **अर्पि**-क.धा. । **अर्पनू**-वि. । **अर्पून्**-इ. । **अर्पला**-स. । (स.क्रि.-मैले ईश्वरलाई भक्ति-भाव अर्पे. ।)

अर्पिनु-क्रि.मू. । **अर्पि**-आ.धा. । स.क्रि.; अर्पनु । **अर्प्याइ** (अर्पि+आइ)-भा.ना.। **अर्प्याउनु**-प्रे.क्रि./स.क्रि.; अर्पाउनु। **अर्प्याउ**-प्रे.धा। **अर्प्याइनु**-अर्प्याउनुको क.क्रि. । **अर्प्याइ**-क.प्रे.धा. । **अर्पिइनु**-अर्पिनुको क.क्रि. । **अर्पिइ**-क.धा. । **अर्पिई, अर्पिएर, अर्पिन, अर्पिंदै, अर्पिउन्जेल, अर्पिंदाखेरि**-कृ.अ. । **अर्पिनू**-वि. । **अर्पिऊन्**-इ. । **अर्पेला**-स.। (स.क्रि.-विशाल जन-समूहले शहीदहरूमा श्रद्धाञ्जली अर्पियो ।)

अर्मल्नु-क्रि.मू. । **अर्मल्**-आ.धा. । स.क्रि.; वस्तुभाउले बालीनाली नोक्सान गरेको हर्जाना तोक्नु, अर्मल तोक्नु, नोक्सानी अनुमान गर्नु । **अर्मलाइ** (अर्मल्+आइ)-भा.ना. । **अर्मलाउनु**-प्रे.क्रि./स.क्रि.; अर्मल्न लाउनु । **अर्मलाउ**-प्रे.धा. । **अर्मलाइनु**-अर्मलाउनुको क.क्रि. । **अर्मलाइ**-क.प्रे.धा. । **अर्मलिनु**-अर्मल्नुको क.क्रि. । **अर्मलि**-क.धा. । **अर्मली, अर्मलेर, अर्मल्नि, अर्मल्दै, अर्मलुन्जेल, अर्मल्दाखेरि**-कृ.अ. । **अर्मल्नू**- वि. । **अर्मलून्**-इ. । **अर्मल्ला**-स. । (स.क्रि.-चामेको गाई फुस्केर भुसेको बाली सखाप पारेकोले भलाद्मीहरूले उसलाई पाँचमुरी बिगो अर्मले ।)

अऱ्हाउनु-क्रि.मू. । **अऱ्हाउ**-आ.धा. । स.क्रि.; **अराउनु** । **अऱ्हाइ** (अऱ्हाउ+आइ)-भा.ना. । **अऱ्हाइनु**- अऱ्हाउनुको क.क्रि. । **अऱ्हाइ**-क.धा. । **अऱ्हाई, अऱ्हाएर, अऱ्हाउन, अऱ्हाउँदै, अऱ्हाउन्जेल, अऱ्हाउँदाखेरि**-कृ.अ. । **अऱ्हाउनू**-वि. । **अऱ्हाऊन्**- इ. । **अऱ्हाउला**-स. । (स.क्रि.-पार्टीले आफ्ना कार्यकर्ताहरूलाई अनुशासनमा बस्न अऱ्हायो ।)

अलग्गिनु-क्रि.मू. । **अलग्गि**-आ.धा. । अ.क्रि.; अलग्ग हुनु, छुट्टिनु । **अलग्ग्याइ** (अलग्गि+आइ), (अलग्ग्याउ+आइ)-भा.ना. । **अलग्ग्याउ**नु -प्रे.क्रि./स.क्रि.; अलग्गिन लाउनु, अलग्गिने पार्नु । **अलग्ग्याउ**-प्रे.धा. । **अलग्ग्याइनु**-अलग्ग्याउनुको क.क्रि. । **अलग्ग्याइ**-भा.प्रे.धा. । **अलग्गिइनु**-अलग्गिनुको भा.क्रि. । **अलग्गिइ**-भा.धा. । **अलग्गिई, अलग्गिएर, अलग्गिन, अलग्गिदै, अलग्गिउन्जेल, अलग्गिंदाखेरि**-कृ.अ. । **अलग्गिनू**-वि. । **अलग्गिऊन्**-इ. । **अलग्गेला**-स. । (अ.क्रि.-आफ्नो स्वाधीनताको आव्हान गर्दै विभिन्न रूसी राज्यहरू अलग्गिए ।)

अलपत्रिनु-क्रि.मू.। **अलपत्रि**-आ.धा. । अ.क्रि.; बेथितिसंग रहनु, अलपत्र पर्नु । **अलपत्र्याइ** (अलपत्रि+आइ), (अलपत्र्याउ+आइ)-भा.ना. । **अलपत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; अलपत्रिन लाउनु, अलपत्र पार्नु । **अलपत्र्याउ** -प्रे.धा.। **अलपत्र्याइनु**-अलपत्र्याउनुको क.क्रि.। **अलपत्र्याइ**-भा.प्रे.धा.। **अलपत्रिइनु**-अलपत्रिनुको भा.क्रि. । **अलपत्रिइ**-भा.धा. । **अलपत्रिई, अलपत्रिएर, अलपत्रिन, अलपत्रिंदै, अलपत्रिउन्जेल, अलपत्रिंदाखेरि**-कृ.अ. । **अलपत्रिनू**-वि. । **अलपत्रिऊन्**-इ. । **अलपत्रेला**-स. । (अ.क्रि.-देवघाट मेलामा धेरै तीर्थयात्रीहरू अलपत्रिए ।)

अलमलिनु-क्रि.मू.। **अलमलि**-आ.धा.। अ.क्रि.; अलमलमा पर्नु, अलमल्ल पर्नु, झमेलामा पर्नु, छलिनु, जिल्लिनु, अल्लारिनु, रुमलिनु । **अलमल्याइ** (अलमलि+आइ), (अलमल्याउ+आइ)-भा.ना. । **अलमल्याउनु**-प्रे.क्रि./स.क्रि.; अलमलिन लाउनु, अलमलिने पार्नु, जिल्ल्याउनु । **अलमल्याउ**-प्रे.धा. । **अलमल्याइनु**-अलमल्याउनुको क.क्रि. । **अलमल्याइ**-भा.प्रे.धा. । **अलमलिइनु**-अलमलिनुको भा.क्रि. । **अलमलिइ**-भा.धा. । **अलमलिई, अलमलिएर, अलमलिन, अलमलिंदै, अलमलिउन्जेल, अलमलिंदाखेरि**-

कृ.अ. । **अलमलिनू**-वि. । **अलमलिऊन्**-इ. । **अलमलेला**-स. । (अ.क्रि.-सउरपुरे कान्छा शिवरात्रि मेलाको भीडमा अलमलिए ।)

अललिनु-क्रि.मू. । **अललि**-आ.धा. । अ.क्रि.; अतालिनु, रुँदा-रुँदै सास रोकिनु, खोलो खूब बढ्नु, खोलामा बाढी आउनु । **अलल्याइ** (अललि+आइ), (अलल्याउ – आइ)-भा.ना. । **अलल्याउनु**-प्रे.क्रि./स.क्रि.; अललिने पार्नु, अतल्याउनु । **अलल्याउ**-प्रे.धा.। **अलल्याइनु**-अलल्याउनुको क.क्रि. । **अलल्याइ** -भा.प्रे.धा. । **अललिइनु**-अललिनुको भा.क्रि. । **अललिइ**-भा.धा. । **अललिई, अललिएर, अललिन, अललिंदै, अललिउन्जेल, अललिंदाखेरि**-कृ.अ. । **अललिनू**-वि. । **अललिऊन्**-इ. । **अललेला**-स. । (अ.क्रि.-मुसलधारे पानीमा अँधेरीखोलो अललियो ।)

अलसनु-क्रि.मू. । **अलस**-आ.धा. । अ.क्रि.; अल्छी मान्नु । **अलसाइ** (अलस+आइ)-भा.ना. । **अलसाउनु**-प्रे.क्रि./स.क्रि.; अल्छी पार्न लगाउनु, अल्छी पार्नु । **अलसाउ**-प्रे.धा. । **अलसाइनु**-अल्साउनुको क.क्रि. । **अलसाइ**-भा.प्रे.धा. । **अलसिनु** -अलसनुको भा.क्रि. । **अलसि**-भा.धा. । **अलसी, अलसेर, अलसन, अलसँदै, अलसुन्जेल, अलसँदाखेरि**-कृ.अ. । (अ.क्रि.-म विद्यालय जान अलसें ।)

अलसाउनु-क्रि.मू. । **अलसाउ** -आ.धा. । अ.क्रि.; अल्छी मान्नु, अलसनु । **अलसाइ** (अलसाउ+आइ)-भा.ना. । **अलसाइनु**-अलसाउनुको भा.क्रि. । **अलसाइ**-भा.धा. । **अलसाई, अलसाएर, अलसाउन, अलसाउँदै, अलसाउन्जेल, अलसाउँदाखेरि**-कृ.अ. । **अलसाउनू**-वि. । **अलसाऊन्**-इ. । **अलसाउला** -स. । (अ.क्रि.-जाँचको मुखा-मुखीको विद्यार्थी लाजै पचाएर दिनभरि अलसायो ।)

अलाप्नु-क्रि.मू. । **अलाप्**-आ.धा. । स.क्रि.; राग छोडेर गीत गाउनु, गानाको ताना छोड्नु, लेग्रो तानेर कुनै कुरा भन्नु । **अलपाइ** (अलाप्+आइ)-भा.ना. । **अलापिनु**-अलाप्नुको क.क्रि. । **अलापि**-क.धा. । **अलापी, अलापेर, अलाप्न, अलाप्दै, अलापुन्जेल, अलाप्दाखेरि**-कृ.अ. । **अलाप्नू**-वि. । **अलापून्**-इ. । **अलाप्ला**-स. । (स.क्रि.-नारायण गोपालले रसिलो गीत अलापे ।)

अल्खिनु-क्रि.मू. । **अल्खि**-आ.धा. । अ.क्रि.; उपद्रो गर्ने हुनु, मात्तिनु । **अल्ख्याइ** (अल्खि+आइ)-भा.ना. । **अल्ख्याउनु**-प्रे.क्रि./स.क्रि.; अल्खिन लाउनु, अल्खिने पार्नु । **अल्ख्याउ**-प्रे.धा.। **अल्ख्याइनु**-अल्ख्याउनुको क.क्रि. । **अल्ख्याइ**-भा.प्रे.धा.। **अल्खिइनु** -अल्खिनुको भा.क्रि. । **अल्खिइ**-भा.धा. । **अल्खिई, अल्खिएर, अल्खिन, अल्खिंदै, अल्खिउन्जेल, अल्खिंदाखेरि**-कृ.अ. । **अल्खिनू**-वि. । **अल्खिऊन्**-इ. । **अल्खेला**-स. । (अ.क्रि.-त्यो विद्यार्थी सान्हो अल्खियो, भनेको पटक्कै लाग्दैन ।)

अल्गिनु-क्रि.मू. । **अल्गि**-आ.धा. । अ.क्रि.; अग्लो हुनु, अग्लिनु । **अल्ग्याइ** (अल्गि+आइ), (अल्ग्याउ+आइ)-भा.ना. । **अल्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; अल्गिने पार्नु, अल्गो पार्नु । **अल्ग्याउ**-प्रे.धा. । **अल्ग्याइनु**-अल्ग्याउनुको क.क्रि. । **अल्ग्याइ**-भा.प्रे.धा. । **अल्गिइनु** -अल्गिनुको भा.क्रि. । **अल्गिइ**-भा.धा. । **अल्गिई, अल्गिएर, अल्गिन, अल्लिंदै, अल्गिउन्जेल, अल्गिंदाखेरि**-कृ.अ. । **अल्गिनू**-वि. । **अल्गिऊन्** -इ. । **अल्गेला**- स. । (अ.क्रि.-चढ्दो उमेरमा नुरचन्द्र खूब अल्गियो ।)

अल्छाउनु - क्रि.मू. । **अल्छाउ**-आ.धा. । अ.क्रि.; अल्छी हुनु, जाँगर मर्नु । **अल्छाइ** (अल्छाउ+आइ)-भा.ना. । **अल्छाइनु**-अल्छाउनुको भा.क्रि. । **अल्छाइ** -भा.धा. । **अल्छाई, अल्छाएर, अल्छाउन, अल्छाउँदै, अल्छाउन्जेल, अल्छाउँदाखेरि**-कृ.अ. । **अल्छाउनू**-वि. । **अल्छाऊन्**-इ. । **अल्छाउला**-स. । (अ.क्रि.-त्यो विद्यार्थी विद्यालय जान अल्छायो ।)

अल्झनु-क्रि.मू. । **अल्झ**-आ.धा. । अ.क्रि.; अल्झोमा पर्नु, फँस्नु, अड्कनु, अलमलिनु, अल्झिनु । **अल्झाइ** (अल्झ+आइ), (अल्झाउ+आइ)-भा.ना. । **अल्झाउनु**-प्रे.क्रि./स.क्रि.; अल्झो लगाउनु, अल्झोमा पार्नु, फसाउनु, अड्काउनु । **अल्झाउ**-प्रे.धा. । **अल्झाइनु**-अल्झाउनुको क.क्रि. । **अल्झाइ**-भा.प्रे.धा. । **अल्झिनु**-अल्झनुको भा.क्रि. । **अल्झि**-भा.धा. । **अल्झी, अल्झेर, अल्झन, अल्झँदै, अल्झुन्जेल, अल्झँदाखेरि**-कृ.अ. । **अल्झनू**-वि. । **अल्झून्**-इ. । **अल्झला**-स. । (अ.क्रि.-झिंगो माकुराको जालमा अल्झ्यो ।)

अल्झिनु-क्रि.मू. । **अल्झि**-आ.धा. । अ.क्रि.; अल्झनु । **अल्झ्याइ** (अल्झि+आइ), (अलझ्याउ+आइ)-भा.ना. । **अल्झ्याउनु**-प्रे.क्रि./स.क्रि.; अल्झिन लाउनु, अल्झिने पार्नु, अल्झाउनु । **अल्झ्याउ**-प्रे.धा. । **अल्झ्याइनु**-अल्झ्याउनुको क.क्रि. । **अल्झ्याइ**-भा.प्रे.धा. । **अल्झिइनु**-अल्झिनुको भा.क्रि. । **अल्झिइ**-भा. .धा. । **अल्झिई, अल्झिएर, अल्झिन, अल्झिंदै, अल्झिउन्जेल, अल्झिंदाखेरि**-कृ.अ. । **अल्झिनू**-वि. । **अल्झिऊन्**-इ. । **अल्झेला**-स. । (अ.क्रि.-कल्पनाको साडीको फेर दाउरामा अल्झियो ।)

अल्तालिनु-क्रि.मू. । **अल्तालि**-आ.धा. । अ.क्रि.; हे. अतालिनु । **अल्तल्याइ** (अल्तालि+आइ)-भा.ना. । **अल्तल्याउनु**-प्रे.क्रि./स.क्रि.; अल्तालिने पार्नु, अतल्याउनु । **अल्तल्याउ**-प्रे.धा. । **अल्तल्याइनु**-अल्तल्याउनुको क.क्रि. । **अल्तल्याइ**-भा.प्रे.धा. । **अल्तालिइनु**-अल्तालिनुको भा.क्रि. । **अल्तालिइ**-भा.धा. । **अल्तालिई, अल्तालिएर, अल्तालिन, अल्तालिँदै, अल्तालिउन्जेल, अल्तालिंदाखेरि**-कृ.अ. । **अल्तालिनू**-वि. । **अल्तालिऊन्**- इ. । **अल्तालेला**-स. । (अ.क्रि.-भण्डारीकान्छो फेवामा नाउबुडी हान्दा सान्हो अल्तालियो ।)

अल्पनु-क्रि.मू. । **अल्प**-आ.धा. । अ.क्रि.; अलप हुनु, अदृश्य हुनु, छिप्नु, दबिनु, बिलाउनु । **अल्पाइ** (अलप+आइ), (अलपाउ+आइ)-भा.ना. । **अल्पाउनु**-प्रे.क्रि./स.क्रि.; अलपन लाउनु, अलपने पार्नु, अलप गराउनु । **अल्पाउ**-प्रे.धा. । **अल्पाइनु**-अलपाउनुको क.क्रि. । **अल्पाइ**-भा.प्रे.धा. । **अल्पिनु** -अल्पनुको भा.क्रि. । **अल्पि**-भा.धा. । **अल्पी, अल्पेर, अल्पन, अल्पँदै, अल्पुन्जेल, अल्पँदाखेरि**-कृ.अ. । **अल्पनू**-वि. । **अल्पून्**-इ. । **अल्पला**-स. । (अ.क्रि.-बादल छेउको घाम एकैछिनमा अल्प्यो ।)

अल्पिनु-क्रि.मू. । **अल्पि** -आ.धा. । अ.क्रि.; अल्पनु । **अल्प्याइ** (अल्पि+आइ)-भा.ना. । **अल्प्याउनु**- प्रे.क्रि./स.क्रि.; अल्पिन लाउनु, अल्पिने पार्नु । **अल्प्याउ**-प्रे.धा. । **अल्प्याइनु**-अल्प्याउनुको भा.क्रि. । **अल्प्याइ**-भा.प्रे.धा. । **अल्पिइनु**-अल्पिनुको भा.क्रि. । **अल्पिइ**-भा.धा. । **अल्पिई, अल्पिएर, अल्पिन, अल्पिँदै, अल्पिउन्जेल, अल्पिंदाखेरि**-कृ.अ. । **अल्पिनू**- वि. । **अल्पिऊन्**-इ. । **अल्पेला**-स. । (अ.क्रि.-शिकारीको फेला परिसकेको झाँक झाडीमा अल्पियो ।)

अल्लारिनु-क्रि.मू. । **अल्लारि**-आ.धा. । अ.क्रि.; बेकाममा यताउति डुलिहिंड्नु, बेइलमी हुनु, अल्लारे बन्नु, बरालिनु, भौँतारिनु । **अल्लऱ्याइँ** (अल्लारि+आइँ)-भा.ना. । **अल्लऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; अल्लारिन लाउनु, अल्लारिने पार्नु, अल्लारिने गराउनु । **अल्लऱ्याउ**-प्रे.धा. । **अल्लऱ्याइनु**-अल्लऱ्याउनुको क.क्रि. । **अल्लऱ्याइ** -भा.प्रे.धा. । **अल्लारिइनु**-अल्लारिनुको भा.क्रि. । **अल्लारिइ** -भा.धा. । **अल्लारिई, अल्लारिएर, अल्लारिन, अल्लारिँदै, अल्लारिउन्जेल, अल्लारिंदाखेरि**-कृ.अ. । **अल्लारिनू**-वि. । **अल्लारिऊन्** -इ. । **अल्लारेला**-स. । (अ.क्रि.-दीनेशराज बेइलमी भएर तीन वर्ष अल्लारियो ।)

अल्साउनु-क्रि.मू. । **अल्साउ**-आ.धा. । अ.क्रि.; अल्सी हुनु, जाँगर, मर्नु, अल्छी मान्नु, आलस्य लाग्नु, काममा उत्साह नहुनु । **अल्साइ** (अल्साउ+आइ)-भा.ना. । **अल्साइनु**-अल्साउनुको भा.क्रि. । **अल्साइ**-भा.धा. । **अल्साई, अल्साएर, अल्साउन, अल्साउँदै, अल्साउन्जेल, अल्साउँदाखेरि**-कृ.अ. । **अल्साउनू**-वि. । **अल्साऊन्**-इ. । **अल्साउला**-स. । (अ.क्रि.-म आज उसै अल्साएँ; काम साँची आफूलाई !)

अस्ताउनु-क्रि.मू. । **अस्ताउ**-आ.धा. । अ.क्रि.; घाम डुब्नु, अस्त हुनु, अस्ताचलको पछाडि सूर्य अदृश्य हुनु, ग्रहादि नदेखिने हुनु, छिप्नु, लुक्नु, मर्नु । **अस्ताइ** (अस्ताउ+आइ)-भा.ना. । **अस्ताइनु**-अस्ताउनुको भा. क्रि. । **अस्ताइ**-भा.धा. । **अस्ताई, अस्ताएर, अस्ताउन, अस्ताउँदै, अस्ताउन्जेल, अस्ताउँदाखेरि**-कृ.अ.। **अस्ताउनू**-वि. । **अस्ताऊन्**-इ. । **अस्ताउला**-स. । (अ.क्रि.-पूर्णिमाको जून अस्तायो ।)

अस्पटाउनु-क्रि.मू. । **अस्पटाउ**-आ.धा. । अ.क्रि.; अस्पट हुनु, बेचैन हुनु, छटपटाउनु, अफठेरो हुनु । **अस्पटाइ** (अस्पटाउ+आइ)-भा.ना. । **अस्पटाइनु**-अस्पटाउनुको भा.क्रि. । **अस्पटाइ**-भा.धा. । **अस्पटाई, अस्पटाएर, अस्पटाउन, अस्पटाउँदै, अस्पटाउन्जेल, अस्पटाउँदाखेरि**-कृ.अ. । **अस्पटाउनू**-वि. । **अस्पटाऊन्**-इ. । **अस्पटाउला**-स. । (अ.क्रि.-नेताको कडा निर्देशनमा कार्यकर्ताहरू अस्पटाए ।)

अस्पटिनु-क्रि.मू. । **अस्पटि** -आ.धा. । अ.क्रि.; धेरै खानाले पेट अफठेरो हुनु, अस्पट हुनु, छटपटिनु । **अस्पट्याइ** (अस्पटि+आइ), (अस्पट्याउ+आइ)-भा.ना. । **अस्पट्याउनु**-प्रे.क्रि./स.क्रि.; अस्पटिन लाउनु, अस्पटिने पार्नु । **अस्पट्याउ**-प्रे.धा. । **अस्पट्याइनु**-अस्पट्याउनुको क.क्रि. । **अस्पट्याइ**-भा.प्रे.धा. । **अस्पटिइनु**-अस्पिटिनुको भा.क्रि.। **अस्पटिइ** - भा. धा. । **अस्पट्याई, अस्पट्याएर, अस्पट्याउन, अस्पट्याउँदै, अस्पट्याउन्जेल, अस्पट्याउँदाखेरि**-कृ.अ. । **अस्पट्याउनू** -वि. । **अस्पट्याऊन्**-इ. । **अस्पट्याउला**-स. । **अस्पटिई, अस्पटिएर, अस्पटिन, अस्पटिँदै, अस्पटिउन्जेल, अस्पटिंदाखेरि**-कृ.अ. । **अस्पटिनू**-वि. । **अस्पटिऊन्**-इ. । **अस्पटेला**-स.। (अ.क्रि.-श्राद्धको बाहुन खूब अस्पटियो ।)

आ

आँक्नु-क्रि.मू. । **आँक्**-आ.धा. । स.क्रि.; कठीन काम गर्ने साहस गर्नु, हिम्मत गर्नु, आँट्नु, अन्दाज गर्नु, अनुमान गर्नु । **अँकाइ** (आँक्+आइ); (अँकाउ+आइ)-भा.ना. । **अँकाउनु**-प्रे.क्रि./स.क्रि.; आँकन लाउनु, आँक्ने पार्नु । **अँकाउ**- प्रे.धा. । **अँकाइनु**-अँकाउनुको क.क्रि. । **अँकाइ**-क.प्रे.धा. । **आँकिनु**-आँक्नुको क.क्रि. । **आँकि**-क.धा. । **आँकी, आँकेर, आँक्न, आँक्तै, आँकुन्जेल, आँक्दाखेरि**-कृ.अ. । **आँक्नू**-वि. । **आँकून्**-इ. । **आँक्ला**-स. । (स.क्रि.-सद्दामले कुवेत आँक्यो; के तर लाग्ला ?)

आँट्नु-क्रि.मू. । **आँट्**-आ.धा. । स.क्रि.; काम गर्ने अठोट गर्नु, हिम्मत गर्नु, साहस गर्नु, काम आरम्भ गर्नु । **अँटाइ** (आँट्+आइ)-भा.ना. । **आँटिनु**-आँट्नुको क.क्रि. । **आँटि**-क.धा. । **आँटी, आँटेर, आँट्न, आँट्तै, आँटुन्जेल, आँट्दाखेरि**-कृ.अ. । **आँट्नू**-वि. । **आँटून्**-इ. । **आँट्ला**-स. । (स.क्रि.-विश्व हिन्दूसमाजले कोटी-होमको धर्म-कार्य आँट्यो ।)

आउनु-क्रि.मू. । **आउ**-आ.धा. । अ.क्रि.; आगमन हुनु, आइ पुग्नु, आम्दानी हुनु । **आइ** (आउ+इ); **आउजाउ** (आउ+जाउ); **आवत** (आउ+अत); **अवाइ** (आउ+आइ)-भा.ना. । **आइनु**-आउनुको भा.क्रि. । **आइ** - भा.धा. । **आई, आएर, आउन, आउँदै, आउन्जेल, आउँदाखेरि**-कृ.अ. । **आउनू**-वि. । **आऊन्**-इ. । **आउला**-स. । (अ.क्रि.-त्यो प्रशन्न मुद्रामा आयो ।)

आग्लिनु-क्रि.मू. । **आग्लि** -आ.धा. । अ.क्रि.; आग्लो लाग्नु, बन्द हुनु; आग्लो बन्नु । **अग्ल्याइ** (आग्लि+आइ)-भा. ना. । **अग्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; आग्लो लाउनु, ढोका आदि बन्द गराउनु; अवरोध तेर्स्याउनु । **अग्ल्याउ**-प्रे.धा. । **अग्ल्याइनु** -अग्ल्याउनुको क.क्रि. । **अग्ल्याइ**-भा.प्रे.धा. । **आग्लिइनु**-आग्लिनुको भा.क्रि. । **आग्लिइ**-भा.धा. । **आग्लिई, आग्लिएर, आग्लिन, आग्लिंदै, आग्लिउन्जेल, आग्लिंदाखेरि**-कृ.अ. । **आग्लिनू**-वि. । **आग्लिऊन्**-इ. । **आग्लेला**-स. । (अ.क्रि.-तेनमेनचोकमा मानवताको ढोका आग्लियो ।)

आतिनु-क्रि.मू. । **आति**-आ.धा. । अ.क्रि.; अतासमा पर्नु, कहालिनु, तर्सनु, अतास्सिनु, डराउनु । **अत्याइ** (आति+आइ), (अत्याउ+आइ)-भा.ना. । **अत्याउनु**-प्रे.क्रि./स.क्रि.; अत्त्याउनु । **अत्याउ**-प्रे.धा. । **अत्याइनु**-अत्याउनुको क.क्रि. । **अत्याइ**-भा.प्रे.धा. । **आतिइनु**-आतिनुको भा.क्रि. । **आतिइ**-भा.धा. । **आतिई, आतिएर, आतिन, आतिंदै, आतिउन्जेल, आतिंदाखेरि**-कृ.अ. । **आतिनू**-वि. । **आतिऊन्**-इ. । **आतेला**-स. । (मानिसहरू एड्सको क्रुरताबाट आतिए ।)

आत्तिनु-क्रि.मू. । **आत्ति**-आ.धा. । अ.क्रि.; आतिनु । **अत्त्याइ** (आत्ति+आइ), (अत्त्याउ+आइ)-भा.ना. । अत्त्याउनुको क.क्रि. । **ओत्तिइनु**-आत्तिनुको भा.क्रि. । **आत्तिइ**-भा.धा. । **आत्तिई, आत्तिएर, आत्तिन, आत्तिंदै, आत्तिउन्जेल, आत्तिंदाखेरि**-कृ.अ. । **आत्तिनू**-वि. । **आत्तिऊन्**-इ. । **आत्तेला**-स. । (अ.क्रि.-तानाशाही शासकहरू बढ्दो जनचेतनाबाट आत्तिए ।)

आफल्नु-क्रि.मू. । **आफल्**-आ.धा. । स.क्रि.; मिल्काउनु, हुत्त्याउनु, फ्याँक्नु, त्याग्नु, छाड्नु, हुर्त्याउनु, अफाल्नु । **आफलाइ** (आफल्+आइ)-भा.ना. । **आफलिनु**-आफल्नुको क.क्रि. । **आफलि**-क.धा. । **आफली, आफलेर, आफल्न, आफल्दै, आफलुन्जेल, आफल्दाखेरि**-कृ.अ. । **आफल्नू**-वि. । **आफलून्**- इ. । **आफल्ला**-स. । (स.क्रि.-शासकहरूले बढ्दो जन-श्रमलाई अफाले ।)

आफाल्नु-क्रि.मू. । **आफाल्**-आ.धा. । स.क्रि.; अफाल्नु । **आफलाइ** (आफाल् + आइ)-भा.ना. । **आफालिनु**-आफाल्नुको क.क्रि. । **आफालि** -क.धा. । **आफाली, आफालेर, आफाल्न, आफाल्दै, आफालुन्जेल, आफाल्दाखेरि**-कृ.अ. । **आफाल्नू**-वि. । **आफालून्**-इ. । **आफाल्ला**-स. । (स.क्रि.-त्यो बालखले बिस्कुन आफाल्यो ।)

आर्जनु-क्रि.मू. । **आर्ज**-आ.धा. । स.क्रि.; आर्जन गर्नु, आम्दानी गर्नु, कमाउनु । **अर्जाइ** (आर्ज+आइ)-भा.ना. । **आर्जिनु**-आर्जनुको क.क्रि. । **आर्जि**-क.धा. । **आर्जी, आर्जेर, आर्जन, आर्जदै, आर्जुन्जेल, आर्जदाखेरि**-कृ.अ. । **आर्जनू**-वि. । **आर्जून्**-इ. । **आर्जला**-स. । (स.क्रि.-ती व्यावसायिक मानिसहरूले विपुल सम्पत्ति आर्जे ।)

आस्रनु-क्रि.मू. । **आस्र**-आ.धा. । अ.क्रि.; आश्रयमा रहनु, पेटमा बच्चा रहनु, गर्भ रहनु, साहा जानु, गरा वा खाल्डो आदिमा पानी बारिनु । **अस्राइ** (आस्र+आइ) - भा.ना. । **अस्राउनु**-प्रे.क्रि./स.क्रि.; आस्रन लाउनु, आस्रने पार्नु । **आस्राउ**-प्रे.धा. । **अस्राइनु**-अस्राउनुको क.क्रि. । **अस्राइ**-भा.प्रे.धा. । **आस्रिनु** -आस्रनुको भा.क्रि. । **आस्रि**-भा.धा. । **आस्री, आस्रेर, आस्रन, आस्रँदै, आस्रुन्जेल, आस्रँदाखेरि**-कृ.अ. । **आस्रनू**-वि. ।

आस्रून्-इ. । **आस्रला**-स. । (अ.क्रि.-ती युवतीको गर्भमा बच्चा आस्र्यो ।)

आस्रिनु-क्रि.मू. । **आस्रि**-आ.धा. । अ.क्रि.; आस्रनु । **अस्र्याइ** (आस्रि+आइ)-भा.ना. । **अस्र्याउनु**-प्रे.क्रि./स.क्रि.; आस्राउनु । **अस्र्याउ**-प्रे.धा. । **अस्र्याइनु** -अस्र्याउनुको क.क्रि. । **अस्र्याइ**-भा.प्रे.धा. । **आस्रिइनु** -आस्रिनुको भा.क्रि. । **आस्रिइ**-भा.धा. । **आस्रिई, आस्रिएर, आस्रिन, आस्रिँदै, आस्रिउन्जेल, आस्रिंदाखेरि**-कृ.अ. । **आस्रिनू**-वि. । **आस्रिऊन्**-इ. । **आस्रेला**-स. । (अ.क्रि-डाँडाघरेको खेतमा पानी आस्रियो ।)

इ

इखिनु-क्रि.मू. । **इखि**-आ.धा. । अ.क्रि.; आर्काको हुँदो देखेर मुर्मुरिनु, डाहा हुनु, इख लिनु । **इख्याइ** (इखि+आइ), (इख्याउ+आइ)-भा.ना. । **इख्याउनु** -प्रे.क्रि./स.क्रि.; इखिने पार्नु, शेखी झार्नु, लोभ्याउनु । **इख्याउ**-प्रे.धा. । **इख्याइनु**-इख्याउनुको क.क्रि. । **इख्याइ**-भा.प्रे.धा. । **इखिइनु**-इखिनुको भा.क्रि. । **इखिइ**-भा.धा. । **इखिई, इखिएर, इखिन, इखिँदै, इखिउन्जेल, इखिंदाखेरि**-कृ.अ. । **इखिनू**-वि. । **इखिऊन्**-इ. । **इखेला**-स. । (अ.क्रि.-कृष्ण ढकाल अरूको हुँदो देखेर खूबै इखियो ।)

इच्छिनु-क्रि.मू. । **इच्छि**-आ.धा. । अ.क्रि.; आफ्नो अधिकारको कुनै वस्तु अरू कसैलाई दिने इच्छा हुनु, इच्छा गर्ने हुनु । **इच्छ्याइ** (इच्छि+आइ), (इच्छ्याउ+आइ)-भा.ना. । **इच्छ्याउनु**- प्रे.क्रि./ स.क्रि.; आफ्नो इच्छा बमोजिम गर्न लाउनु, इच्छा प्रकट गराउनु, इच्छा प्रकट गर्नु, इच्छा-पत्र लेख्नु । **इच्छ्याउ**-प्रे.धा. । **इच्छ्याइनु**-इच्छ्याउनुको क.क्रि. । **इच्छ्याइ**-भा.प्रे.धा. । **इच्छिइनु**-इच्छिनुको भा.क्रि. । **इच्छिइ**-भा.धा. । **इच्छिई, इच्छिएर, इच्छिन, इच्छिँदै, इच्छिउन्जेल, इच्छिंदाखेरि**-कृ.अ. । **इच्छिनू**-वि. । **इच्छिऊन्**-इ. । **इच्छेला**-स. । (अ.क्रि.-महात्मा गो-दान गर्नमा इच्छिए । राष्ट्रव्यापि जन-आन्दोलनबाट नेपाली जनताको अभिलाषा इच्छियो ।)

इतरिनु-क्रि.मू. । **इतरि**-आ.धा. । अ.क्रि.; हाँसखेल वा ख्यालठट्टा गर्नु, छिल्लिनु, जिस्किनु, गिज्जिनु, पात्तिनु । **इतऱ्याइ** (इतरि+आइ), (इतऱ्याउ+आइ)-भा.ना. । **इतऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; इतरिन लाउनु, जिस्क्याउनु, गिज्ज्याउनु । **इतऱ्याउ**-प्रे.धा. । **इतऱ्याइनु**-इतऱ्याउनुको क.क्रि. । **इतऱ्याइ** -भा.प्रे.धा. । **इतरिइनु**-इतरिनुको भा.क्रि. । **इतरिइ**-भा.धा. । **इतरिई, इतरिएर, इतरिन, इतरिँदै, इतरिउन्जेल, इतरिंदाखेरि**-कृ.अ. । **इतरिनू**-वि. । **इतरिऊन्** -इ. । **इतरेला**- स. । (अ.क्रि.-रूखको डालीमा बसेर ढुकुरका एक जोडी निकै बेर इतरिए ।)

इत्रिनु-क्रि.मू. । **इत्रि**-आ.धा. । अ.क्रि.; इतरिनु । **इत्र्याइ** (इत्रि+आइ)-भा.ना.। **इत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; इतऱ्याउनु । **इत्र्याउ**-प्रे.धा. । **इत्र्याइनु**-इत्र्याउनुको क.क्रि. । **इत्र्याइ**-भा.प्रे.धा. । **इत्रिइनु**-इत्रिनुको भा.क्रि. । **इत्रिइ**-भा.धा.। **इत्रिई, इत्रिएर, इत्रिन, इत्रिँदै, इत्रिउन्जेल, इत्रिंदाखेरि**-कृ.अ. । **इत्रिनू** - वि. । **इत्रिऊन्**-इ. । **इत्रेला** -स. । (अ.क्रि.-ती गोठाला-गोठाल्नीहरू कदमको छायाँमुनि बसेर धेरैबेरसम्म इत्रिए ।)

इतह्रिनु-क्रि.मू. । **इतह्रि**-आ.धा. । अ.क्रि.; इतरिनु, इत्रिनु । **इतह्र्याइ** (इतह्रि+आइ)-भा.ना. । **इतह्र्याउनु**-प्रे.क्रि./स.क्रि.; इतऱ्याउनु । **इतह्र्याउ**-प्रे.धा. । **इतह्र्याइनु**-इतह्र्याउनुको क.क्रि. । **इतह्र्याइ**-भा.प्रे.धा. । **इतह्रिइनु**-इतह्रिनुको भा.क्रि. । **इतह्रिइ**-भा.धा. । **इतह्रिई, इतह्रिएर, इतह्रिन, इतह्रिँदै, इतह्रिउन्जेल, इतह्रिंदाखेरि**-कृ.अ. । **इतह्रिनू**-वि. । **इतह्रिऊन्**-इ. । **इतह्रेला**-स. (अ.क्रि.-ती दुई भँगेरा र भँगेरी गुदगुदी लाग्ने गरी इतह्रिए ।)

इन्कार्नु-क्रि.मू. । **इन्कार्**-आ.धा. । स.क्रि.-इन्कार गर्नु, अस्वीकार गर्नु, नामन्जुरी जनाउनु । **इन्कराइ** (इन्कार्+आइ)-भा.ना. । **इन्कारिनु**-इन्कार्नुको क.क्रि. । **इन्कारि**-क.धा. । **इन्कारी, इन्कारेर, इन्कार्न, इन्कार्दै, इन्कारुन्जेल, इन्कार्दाखेरि**-कृ.अ. । **इन्कार्नू**-वि. । **इन्कारून्**-इ. । **इन्कार्ला**-स. । (स.क्रि.-त्यो ज्यानमाराले आफ्नो अपराध इन्काऱ्यो ।)

इबिनु-क्रि.मू. । **इबि**-आ.धा. । अ.क्रि.; इबि लिनु, निहुँ खोज्नु, झगडाको बाटो गर्नु, **इब्याइ** (इबि+आइ)-भा.ना. । **इब्याउनु**-प्रे.क्रि./स.क्रि.; इबिने पार्नु । **इब्याउ**-प्रे.धा. । **इब्याइनु**-इब्याउनुको क.क्रि. । **इब्याइ**- भा.प्रे.धा. । **इबिइनु**-इबिनुको भा.क्रि. । **इबिइ**-भा.धा. । **इबिई, इबिएर, इबिन, इबिँदै, इबिउन्जेल, इबिंदाखेरि**-कृ.अ. । **इबिनू**-वि. । **इबिऊन्**-इ. । **इबेला**-स. । (अ.क्रि.-हिन्दू र मुसलमानहरू एक अर्कोमा मजैले इबिए ।)

उ

उँग्नु-क्रि.मू. । **उँग्**-आ.धा. । अ.क्रि.; निद्राले लठ्ठिएर भुल्नु, तन्द्रामा पर्नु, उँग लाग्नु, उँघ्नु । **उँगाइ** (उँग्+आइ)-भा.ना. । **उँगाउनु**-प्रे.क्रि./स.क्रि.; उँग्न लाउनु, उँगमा लठ्ठ्याउनु । **उँगाउ**-प्रे.धा. । **उँगाइनु**-उँगाउनुको क.क्रि. । **उँगाइ**-भा.प्रे.धा. । **उँगिनु**-उँग्नुको भा.क्रि. । **उँगि**-भा.धा. । **उँगी, उँगेर, उँग्न, उँग्दै, उँगुन्जेल, उँग्दाखेरि**-कृ.अ. । **उँग्नू**-वि. । **उँगून्**-इ. । **उँग्ला**-स. । (अ.क्रि.-बच्चा उँग्यो; झोलुङ्गोमा सुताइदेऊ ।)

उँघ्नु-क्रि.मू. । **उँघ्**-आ.धा. । अ.क्रि.; उँग्नु । **उँघाइ** (उँघ्+आइ)-भा.ना.। **उँघाउनु**-प्रे.क्रि./स.क्रि.; उँगाउनु । **उँघाउ**-प्रे.धा. । **उँघाइनु**-उँघाउनुको क.क्रि. । **उँघाइ**-भा.प्रे.धा. । **उघिनु**- उँघ्नुको भा.क्रि. । **उँघि**-भा.धा. । **उँघी, उँघेर, उँघ्न, उँघ्दै, उँघुन्जेल, उँघ्दाखेरि**-कृ.अ. । **उँघ्नू**-वि. । **उँघून्**-इ. । **उँघ्ला**-स. । (अ.क्रि.-मोहनलाल पुसको पाहारमा बस्ता झुपुझुपु उँघ्यो ।)

उइँटनु-क्रि.मू. । **उइँट**-आ.धा. । स.क्रि.; यन्त्रमा कपास हालेर बियाँ आदि छुट्ट्याउनु, कपास केलाउनु । **उइँटाइ** (उइँट+आइ)-भा.ना. । **उइँटाउनु**-प्रे.क्रि./स.क्रि.; उइँटन लाउनु, उइँट्याउनु । **उइँटाउ**-प्रे.धा. । **उइँटाइनु**-उइँटाउनुको क.क्रि. । **उइँटाइ**-क.प्रे.धा. । **उइँटिनु**-उइँटनुको क.क्रि. । **उइँटि**-क.धा. । **उइँटी, उइँटेर, उइँटन, उइँटँदै, उइँटुन्जेल, उइँटँदाखेरि**-कृ.अ. । **उइँटनू**-वि. । **उइँटून्** -इ. । **उइँटला**-स. । (स.क्रि.-नेवार्नी भाउजूले कपास उइँटिन् ।)

उइँटिनु-क्रि.मू. । **उइँटि**-आ.धा. । स.क्रि.; उइँटनु । **उइँट्याइ** (उइँटि+आइ), (उइँट्याउ+आइ)-भा.ना. । **उइँट्याउनु**-प्रे.क्रि./स.क्रि.; कपास केलाउनु, उइँटाउनु, उइँटिने काम गर्नु । **उइँट्याउ**- प्रे.धा. । **उइँट्याइनु**-उइँट्याउनुको क.क्रि. । **उइँट्याइ**-क.प्रे.धा. । **उइँटिइनु**-उइँटिनुको क.क्रि. । **उइँटिइ**-क.धा. । **उइँटिई, उइँटिएर, उइँटिन, उइँटिँदै, उइँटिउन्जेल, उइँटिंदाखेरि**-कृ.अ. । **उइँटिनू**-वि. । **उइँटिऊन्**-इ. । **उइँटेला**-स. (स.क्रि.-जापानले देशमा व्याप्त गरीवीलाई कपासझैं उइँटियो ।)

उकल्चिनु-क्रि.मू. । **उकल्चि**-आ.धा. । अ.क्रि.; निको भइसकेको घाउ-खटिरा वा रोगादि फेरि उल्टिनु, उकुच पल्टनु । **उकल्च्याइ** (उकल्चि+आइ)-भा.ना. । **उकल्च्याउनु**-प्रे.क्रि./स.क्रि.; उकल्चिन लाउनु, उकल्चिने पार्नु, उकुच पल्टाउनु । **उकल्च्याउ**-प्रे.धा. । **उकल्च्याइनु**-उकल्च्याउनुको क.क्रि. । **उकल्च्याइ**-भा.प्रे.धा.। **उकल्चिइनु**-उकल्चिनुको भा.क्रि. । **उकल्चिइ**-भा.धा. । **उकल्चिई, उकल्चिएर, उकल्चिन, उकल्चिँदै, उकल्चिउन्जेल, उकल्चिंदाखेरि**-कृ.अ. । **उकल्चिनू**-वि. । **उकल्चिऊन्**-इ. । **उकल्चेला**-स. । (अ.क्रि.-मट्किले साहिंलाको दाहिनो घुँडी-कोप्राको बिसेक भइसकेको घाउ पुन: उकल्चियो ।)

उकाल्नु-क्रि.मू. । **उकाल्**-आ.धा. । स.क्रि.; उँभो लगाउनु, मास्तिर चढाउनु, माथितिर पठाउनु, अग्लो ठाउँमा पुऱ्याउनु, अल्गो पार्नु । **उकलाइ** (उकाल् + आइ)-भा.ना. । **उकालिनु**-उकाल्नुको क.क्रि. । **उकालि**-क.धा.। **उकाली, उकालेर, उकाल्न, उकाल्दै, उकालुन्जेल, उकाल्दाखेरि**-कृ.अ. । **उकाल्नू**-वि. । **उकालून्**-इ. । **उकाल्ला**-स.। (स.क्रि.-मैले सानो भाइलाई पर्खालमाथि उकालें ।)

उकास्नु-क्रि.मू. । **उकास्**-आ.धा. । स.क्रि.; जलिसकेको बत्तीको थुरलाई माथि सार्नु, दु:खबाट मुक्त गर्नु, तल्लोस्तरको मानिसलाई माथिल्लो स्तरमा पुऱ्याउनु, अग्ल्याउनु । **उकसाइ** (उकास्+आइ)-भा.ना. । **उकासिनु**-उकास्नुको क.क्रि. । **उकासि**-क.धा. । **उकासी, उकासेर, उकास्न, उकास्तै, उकासुन्जेल, उकास्दाखेरि**-कृ.अ. । **उकास्नू**-वि. । **उकासून्**-इ. । **उकास्ला**-स. । (स.क्रि.-कुलेकी आमाले बत्तीको थुर उकासिन् ।)

उकेर्नु-क्रि.मू. । **उकेर्**-आ.धा. । स.क्रि.; गोडमेल गरी बोट-बिरुवाका फेदमा माटो थुप्र्याउनु, उकेरा लाउनु, गोडमेल गर्नु, नचाहिंदो कुरा गर्न उक्साउनु, उचाल्नु । **उकेराइ** (उकेर्+आइ)-भा.ना. । **उकेराउनु**-प्रे.क्रि./स.क्रि.; उकेर्न लाउनु, उकेरा दिलाउनु । **उकेराउ** -प्रे.धा. । **उकेराइनु**-उकेराउनुको क.क्रि. । **उकेराइ**-क.प्रे.धा. । **उकेरिनु**-उकेर्नुको क.क्रि. । **उकेरि**-क.धा. । **उकेरी, उकेरेर, उकेर्न, उकेर्दै, उकेरुन्जेल, उकेर्दाखेरि**-कृ.अ. । **उकेर्नू**-वि. । **उकेरून्**-इ.। **उकेर्ला**-स. । (स.क्रि.-मैले दोहोरो-गोड्दा मकैका फेदमा माटो उकेरें ।)

उकेल्नु-क्रि.मू. । **उकेल्**-आ.धा. । स.क्रि.; खाएको कुरा पेटमा नपुग्दै मुखबाट बाहिर निकाल्नु, ओकल्नु ।

उकेलाइ (उकेल्+आइ)-भा.ना. । **उकेलाउनु**- प्रे.क्रि./ स.क्रि.; उकेल्न लाउनु, ओकल्ने पार्नु । **उकेलाउ**-प्रे.धा. । **उकेलाइनु**-उकेलाउनुको क.क्रि. । **उकेलाइ** -क.प्रे.धा. । **उकेलिनु** -उकेल्नुको क.क्रि. । **उकेलि**-क.धा. । **उकेली, उकेलेर, उकेल्न, उकेल्दै, उकेलुन्जेल, उकेल्दाखेरि**-कृ.अ. । **उकेल्नू**-वि. । **उकेलून्**- इ. । **उकेल्ला**-स. । (स.क्रि..-बच्चाले लिटो उकेल्यो ।)

उक्कनु-क्रि.मू.। **उक्क**-आ.धा. । अ.क्रि.; टाँसिएको वस्तु छुट्टिनु, उप्कनु । **उक्काइ** (उक्क+आइ), (उक्काउ+आइ) - भा.ना. । **उक्काउनु**-प्रे.क्रि./ स.क्रि.; उक्कन लाउनु, टाँसिएको वस्तु छुट्ट्याउनु, उप्काउनु । **उक्काउ**-प्रे.धा. । **उक्काइनु**- उक्काउनुको क.क्रि. । **उक्काइ**-भा.प्रे.धा. । **उक्किनु**- उक्कनुको भा.क्रि. । **उक्कि**-भा.धा. । **उक्की, उक्केर, उक्कन, उक्कँदै, उक्कुन्जेल, उक्कँदाखेरि**-कृ.अ.। **उक्कनू**-वि.। **उक्कून्**-इ. । **उक्कला**-स. । (अ.क्रि.-भिन्चीको लिउन-चित्र ओभाएपछि सबै एक-एक गरी उक्क्यो ।)

उक्किनु-क्रि.मू. । **उक्कि**-आ.धा. । अ.क्रि.; उक्कनु । **उक्क्याइ** (उक्कि+आइ)-भा.ना.। **उक्क्याउनु**-प्रे.क्रि./ स.क्रि.; उक्काउनु । **उक्क्याउ**-प्रे.धा. । **उक्क्याइनु**-उक्क्याउनुको क.क्रि. । **उक्क्याइ**-भा.प्रे.धा. । **उक्किइनु**-उक्किनुको भा.क्रि. । **उक्किइ**-भा.धा. । **उक्किई, उक्किएर, उक्किन, उक्किँदै, उक्किउन्जेल, उक्किंदाखेरि**-कृ.अ. । **उक्किनू**-वि. । **उक्किऊन्**-इ. । **उक्केला**-स.। (अ.क्रि.-भित्ताको रङ-पालिस सबै उक्कियो ।)

उक्ताउनु-क्रि.मू. । **उक्ताउ**-आ.धा. । अ.क्रि.; एउटै कार्य घरी-घरी गर्दा मनमा झिंजो लाग्नु, उच्चाट लाग्नु, अमन हुनु, वाक्क हुनु, विनाकाम बसिरहँदा नरमाइलोको अनुभव हुनु । **उक्ताइ** (उक्ताउ+आइ)-भा.ना. । **उक्ताइनु**-उक्ताउनुको भा.क्रि. । **उक्ताइ** -भा.धा. । **उक्ताई, उक्ताएर, उक्ताउन, उक्ताउँदै, उक्ताउन्जेल, उक्ताउँदाखेरि**-कृ.अ. । उक्ताउनू-वि. । **उक्ताऊन्**-इ. । **उक्ताउला**-स. । (अ.क्रि.-रामचन्द्र दिनहुँको शिक्षण कार्यबाट उक्ताए ।)

उक्लनु-क्रि.मू. । **उक्ल**-आ.धा. । अ.क्रि.; उकालो लाग्नु, मास्तिर जानु, चढ्नु, उक्लिनु । **उक्लाइ** (उक्ल+आइ)-भा.ना. । **उक्लाउनु**-प्रे.क्रि./स.क्रि.; उक्लन लाउनु, मास्थिर चढाउनु, उकालो लगाउनु । **उक्लाउ**-प्रे.धा. । **उक्लाइनु**-उक्लाउनुको क.क्रि. । **उक्लाइ**-भा.प्रे.धा. । **उक्लिनु**-उक्लनुको भा.क्रि. । **उक्लि**- भा.धा. । **उक्ली, उक्लेर, उक्लन, उक्लँदै, उक्लुन्जेल, उक्लँदाखेरि**-कृ.अ. । **उक्लनू**-वि. । **उक्लून्**-इ. । **उक्लला**-स. । (अ.क्रि.-हामीहरू शीशाघाटबाट चौरालीमाथि उक्ल्यौं ।)

उक्लिनु-क्रि.मू. । **उक्लि**-आ.धा. । अ.क्रि.; उक्लनु । **उक्ल्याइ** (उक्लि+आइ)-भा.ना. । **उक्ल्याउनु**-प्रे.क्रि./ स.क्रि.; उक्लाउनु । **उक्ल्याउ** -प्रे.धा. । **उक्ल्याइनु**-उक्ल्याउनुको क.क्रि. । **उक्ल्याइ**-भा.प्रे.धा. । **उक्लिइनु**-उक्लिनुको भा.क्रि. । **उक्लिइ** -भा.धा. । **उक्लिई, उक्लिएर, उक्लिन, उक्लिँदै, उक्लिंउन्जेल, उक्लिंदाखेरि**-कृ.अ. । **उक्लिनू**-वि. । **उक्लिऊन्**-इ. । **उक्लेला**-स. । (अ.क्रि.;-राम भऱ्याङ (माथि) उक्लियो ।)

उक्लाउनु-क्रि.मू. । **उक्लाउ**-आ.धा. । स.क्रि.; एकचोटि खनजोत गरेर छोडेको खेतबारीमा पुन: बाली लगाउने समयमा खनजोत गरी माटो खुकुलो पार्नु । **उक्लाइ** (उक्लाउ+आइ)-भा.ना. । **उक्लाइनु**-उक्लाउनुको क.क्रि. । **उक्लाइ**-क.धा. । **उक्लाई, उक्लाएर, उक्लाउन, उक्लाउँदै, उक्लाउन्जेल, उक्लाउँदाखेरि**-कृ.अ. । **उक्लाउनू**-वि.। **उक्लाऊन्**-इ.। **उक्लाउला**-स.। (स.क्रि.-हामीहरूले मकै लाउन तीनथरे बारी उक्लायौं ।)

उक्सनु-क्रि.मू. । **उक्स**-आ.धा. । अ.क्रि.; रोटी पकाउँदा फुलेर आउनु, भुक्क उठ्नु, घाउ-खटिरा सुनिनु, हुप्प हुनु, कामबाट फुर्शद पाउनु । **उक्साइ** (उक्स+आइ)-भा.ना. । **उक्साउनु**-प्रे.क्रि./स.क्रि.; उक्सन लाउनु, उक्सने पार्नु । **उक्साउ**-प्रे.धा. । **उक्साइनु**-उक्साउनुको क.क्रि.। **उक्साइ**-भा.प्रे.धा.। **उक्सिनु**-उक्सनुको भा.क्रि.। **उक्सि**-भा.धा. । **उक्सी, उक्सेर, उक्सन, उक्सँदै, उक्सुन्जेल, उक्सँदाखेरि**-कृ.अ. । **उक्सनू**-वि. । **उक्सून्**-इ. । **उक्सला**-स. । (अ.क्रि.-चार बज्यो, म कामबाट बल्ल उक्सें ।)

उक्सिनु-क्रि.मू.। **उक्सि**- आ.धा.। अ.क्रि.; उक्सनु । **उक्स्याइ** (उक्सि+आइ)-भा.ना.। **उक्स्याउनु** प्रे.क्रि./ स.क्रि.; उक्साउनु । **उक्स्याउ** -प्रे.धा. । **उक्स्याइनु**-उक्स्याउनुको क.क्रि. । **उक्स्याइ**-भा.प्रे.धा. । **उक्सिइनु**-उक्सिनुको भा.क्रि.। **उक्सिइ**-भा.धा.। **उक्सिई, उक्सिएर, उक्सिन, उक्सिँदै, उक्सिउन्जेल, उक्सिंदाखेरि**-कृ.अ. । **उक्सिनू**-वि. । **उक्सिऊन्**-इ. । **उक्सेला**-स. । (अ.क्रि.-रोटी भुक्क उक्सियो ।)

उखाड्नु-क्रि.मू. । **उखाड्**-आ.धा. । स.क्रि.; जरैसहित उखेल्नु, हटाउनु, झिक्नु । **उखडाइ** (उखाड्+आइ)-भा.ना. । **उखाडिनु**-उखाड्नुको क.क्रि. । **उखाडि**-

क.धा. । **उखाडी**, **उखाडेर**, **उखाड्न**, **उखाड्दै**, **उखाडुन्जेल**, **उखाड्दाखेरि**-कृ.अ. । **उखाड्नू**-वि. । **उखाडून्**-इ. । **उखाड्ला**-स. । (स.क्रि.-धुवले विरुवा उखाड्यो ।)

उखाल्नु-क्रि.मू. । **उखाल्**-आ.धा. । स.क्रि.; उखेल्नु, उखाड्नु, उठीबास लाउनु, टाट उल्टाउनु । **उखलाइ** (उखाल्+आइ)-भा.ना. । **उखालिनु**-उखाल्नुको क.क्रि. । **उखालि**-क.धा. । **उखाली**, **उखालेर**, **उखाल्न**, **उखाल्दै**, **उखालुन्जेल**, **उखाल्दाखेरि**-कृ.अ. । **उखाल्नू**-वि. । **उखालून्**-इ.। **उखाल्ला**-स. । (स.क्रि.-सरकारले नक्कली सुकुम्बासीहरूको घरवास उखाल्यो; सार्वजनिक ठाउँमा बस्न दिएन ।)

उखेल्नु-क्रि.मू. । **उखेल्**- आ.धा. । स.क्रि.; जरैसमेत झिक्नु, उखाड्नु, उक्काउनु, हटाउनु, सार्नु । **उखेलाइ** (उखेल्+आइ)-भा.ना.। **उखेलाउनु**-प्रे.क्रि./स.क्रि.; उखेल्न लाउनु, उखाड्न लाउनु । **उखेलाउ**-प्रे.धा. । **उखेलाइनु**-उखेलाउनुको क.क्रि.। **उखेलाइ**-क.प्रे.धा. । **उखेलिनु**-उखेल्नुको क.क्रि. । **उखेलि**-क.धा. । **उखेली**, **उखेलेर**, **उखेल्न**, **उखेल्दै**, **उखेलुन्जेल**, **उखेल्दाखेरि**-कृ.अ. । **उखेल्नू**-वि. । **उखेलून्**-इ. । **उखेल्ला**-स. । (स.क्रि.-किसानले बाली-बिरुवामा लागेको सबै झारलाई उखेल्यो ।)

उगल्चिनु-क्रि.मू.। **उगल्चि**-आ.धा. । अ.क्रि.; उकल्चिनु । **उगल्च्याइ** (उगल्चि+आइ)-भा.ना.। **उगल्च्याउनु**-प्रे.क्रि./स.क्रि.; उकल्च्याउनु । **उगल्च्याउ**-प्रे.धा. । **उगल्च्याइनु**-उगल्च्याउनुको क.क्रि.। **उगल्च्याइ**-भा.प्रे.धा.। **उगल्चिइनु**-उगल्चिनुको भा.क्रि. । **उगल्चिइ**-भा.धा. । **उगल्चिई**, **उगल्चिएर**, **उगल्चिन**, **उगल्चिंदै**, **उगल्चिउन्जेल**, **उगल्चिंदाखेरि**-कृ.अ. । **उगल्चिनू**- वि. । **उगल्चिऊन्**-इ. । **उगल्चेला**- स. । (अ.क्रि.-छिनाफाना भइसकेको झगडा फेरि उगल्चियो ।)

उगाल्नु-क्रि.मू. । **उगाल्**-आ.धा. । स.क्रि.; उखाड्नु, निर्मूल पारेर मास्नु, उगाल आउने गराउनु । **उगलाइ** (उगाल्+आइ)-भा.ना. । **उगालिनु**-उगाल्नुको क.क्रि. । **उगालि**-क.धा. । **उगाली**, **उगालेर**, **उगाल्न**, **उगाल्दै**, **उगालुन्जेल**, **उगाल्दाखेरि**-कृ.अ. । **उगाल्नू**-वि. । **उगालून्**-इ. । **उगाल्ला**-स. । (स.क्रि.-अमिलोले तामाको भाँडो उगाल्यो ।)

उगेल्नु-क्रि.मू. । **उगेल्**-आ.धा. । स.क्रि.; उकेल्नु । **उगेलाइ** (उगेल्+आइ)-भा.ना.। **उगेलाउनु**-प्रे.क्रि./स.क्रि.; उगेल्न लाउनु, उगेल्ने गराउनु । **उगेलाउ**-प्रे.धा. । **उगेलाइनु** -उगेलाउनुको क.क्रि. । **उगेलाइ** -क.प्रे.धा. । **उगेलिनु**-उगेल्नुको क.क्रि. । **उगेलि**-क.धा. । **उगेली**, **उगेलेर**, **उगेल्न**, **उगेल्दै**, **उगेलुन्जेल**, **उगेल्दाखेरि**-कृ.अ.। **उगेल्नू**-वि. । **उगेलून्**-इ. । **उगेल्ला**-स. । (स.क्रि.-पण्डितजीले घाँटीमा पुगेको केराको टुक्रो उगेले ।)

उग्राउनु-क्रि.मू. । **उग्राउ**-आ.धा. । स.क्रि.; खाइसकेको घाँस-पात फेरि मुखमा फर्काएर चपाउनु, पागुर मार्नु, ज्यादा खानु । **उग्राइ** (उगाउ+आइ)-भा.ना. । **उग्राइनु**-उग्राउनुको क.क्रि. । **उग्राइ**-क.धा. । **उग्राई**, **उग्राएर**, **उग्राउन**, **उग्राउँदै**, **उग्राउन्जेल**, **उग्राउँदाखेरि**-कृ.अ. । **उग्राउनू**-वि. । **उग्राऊन्**-इ. । **उग्राउला**-स. । (स.क्रि.-दिनभरि चरेका गाई-भैंसीले घाँस उग्राए ।)

उग्लनु-क्रि.मू. । **उग्ल**-आ.धा. । अ.क्रि.-उगाल आउनु, तामा आदिका भाँडामा विकार पैदा हुनु, पग्लिंदो हुनु, सर्वनाश हुनु, रङ-रोगन हराउनु । **उग्लाइ** (उग्ल+आइ)-भा.ना.। **उग्लाउनु/उगाल्नु**-प्रे.क्रि./स.क्रि.; **उग्लाउ/उगाल्**-प्रे.धा.। **उग्लाइनु/उगालिनु**-उग्लाउनु/उगाल्नुको क.क्रि.। **उग्लाइ/उगालि**-भा.प्रे.धा.। **उग्लिनु**-उग्लनुको भा.क्रि. । **उग्लि**-भा.धा. । **उग्ली**, **उग्लेर**, **उग्लन**, **उग्लँदै**, **उग्लुन्जेल**, **उग्लँदाखेरि**-कृ.अ. ।**उग्लनू**-वि. । **उग्लून्**-इ. । **उग्लला**-स. । (अ.क्रि.-खडानन्दको पित्ले गाग्री उग्ल्यो ।)

उग्लिनु-क्रि.मू. । उग्लि-आ.धा. । अ.क्रि.; उग्लनु । **उग्ल्याइ** (उग्लि+आइ), (उग्ल्याउ+आइ)-भा.ना. । **उग्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; उग्लाउनु । **उग्ल्याउ**-प्रे.धा. । **उग्ल्याइनु**-उग्ल्याउनुको क.क्रि. । **उग्ल्याइ**- भा.प्रे.धा. । **उग्लिइनु**-उग्लिनुको भा.क्रि. । **उग्लिइ**-भा.धा. । **उग्लिई**, **उग्लिएर**, **उग्लिन**, **उग्लिंदै**, **उग्लिउन्जेल**, **उग्लिंदाखेरि**-कृ.अ. । **उग्लिनू**-वि. । **उग्लिऊन्**-इ. । **उग्लेला**-स. । (अ.क्रि.-आजकाल भट्टमाइलो उग्लियो, बूढाबूढीलाई ठग्दै हिड्छ ।)

उघाउनु-क्रि.मू. । **उघाउ** -आ.धा. । स.क्रि.; चीजबीज उबाएर झिक्नु, उभाउनु, अँजुली वा भाँडोले पानी आदि उबाउनु, जम्मा गर्नु, जोगाउनु । **उघाइ** (उघाउ+आइ)-भा.ना. । **उघाइनु**-उघाउनुको क.क्रि. । **उघाइ**- क.धा. । **उघाई**, **उघाएर**, **उघाउन**, **उघाउँदै**, **उघाउन्जेल**, **उघाउँदाखेरि**-कृ.अ. । **उघाउनू**-वि. । **उघाऊन्**-इ. । **उघाउला**-स. । (स.क्रि.-मङ्गलीले कुवाबाट पानी उघाई ।)

उघार्नु-क्रि.मू. । उघार्-आ.धा. । स.क्रि.; खुला पार्नु, उद्घाटन गर्नु, अनावरण गर्नु, खोल्नु । **उघराइ** (उघार्+आइ)-भा.ना. । **उघारिनु** -उघार्नुको क.क्रि. । **उघारि**-क.धा. । **उघारी, उघारेर, उघार्न, उघार्दै, उघारुन्जेल, उघार्दाखेरि**-कृ.अ.। **उघार्नू**-वि. । **उघारून्**-इ. । **उघार्ला**-स. । (स.क्रि.-पान बहादुरले कोठाको झ्याल उघार्‍यो ।)

उघ्रनु-क्रि.मू. । **उघ्र**-आ.धा. । अ.क्रि.; खुला हुनु, उघारो हुनु, बदली हट्नु, सफा हुनु, उज्यालो हुनु, ढोका आदि खुल्नु । **उघ्राइ** (उघ्र+आइ)-भा.ना. । **उघ्राउनु**-प्रे.क्रि./स.क्रि.; उघ्रन लाउनु, उघारो पार्नु, उघार्नु । **उघ्राउ**-प्रे.धा. । **उघ्राइनु**-उघ्राउनुको क.क्रि. । **उघ्राइ**-भा.प्रे.धा. । **उघ्रिनु** -उघ्रनुको भा.क्रि. । **उघ्रि** -भा.धा. । **उघ्री, उघ्रेर, उघ्रन, उघ्रँदै, उघ्रुन्जेल, उघ्रँदाखेरि**-कृ.अ. । **उघ्रनू**-वि. । **उघ्रून्**-इ. । **उघ्रला**-स. । (अ.क्रि.-सेतो दरबारको मूलढोका मध्यरातमा एक्कासि उघ्र्‍यो ।)

उङ्नु-क्रि.मू. । **उङ्**-आ.धा. । अ.क्रि.; निद्राले झुल्नु, उँग लाग्नु । **उङाइ** (उङ्+आइ)-भा.ना. । **उङाउनु** -प्रे.क्रि./स.क्रि.; उङ्न लाउनु, उङ्ने पार्नु । **उङाउ**-प्रे.धा.। **उङाइनु**-उङाउनुको क.क्रि. । **उङाइ**-भा.प्रे.धा. । **उङिनु**-उङ्नुको भा.क्रि. । **उङि**-भा.धा. । **उङी, उङेर, उङ्न, उङ्दै, उङुन्जेल, उङ्दाखेरि**-कृ.अ. । **उङ्नू**-वि. । **उङून्**-इ. । **उङ्ला**-स. । (अ.क्रि.-चम्पकमान कथा सुन्दासुन्दै झुप्प-झुप्प उङ्यो ।)

उचाल्नु-क्रि.मू. । **उचाल्**-आ.धा. । स.क्रि.; माथि उडाउनु, उँचो पार्नु, चुल्याउनु, बोक्नु, खराब काम गर्न उक्साउनु । **उचलाइ** (उचाल्+आइ), भा.ना. । **उचालिनु**-उचाल्नुको क.क्रि. । **उचालि**- क.धा. । **उचाली, उचालेर, उचाल्न, उचाल्दै, उचालुन्जेल उचाल्दाखेरि**-कृ.अ. । **उचाल्नू**-वि. । **उचालून्**-इ. । **उचाल्ला**-स. । (स.क्रि.-कुल्लीले भारी उचाल्यो ।)

उचेर्नु-क्रि.मू. । **उचेर्**-आ.धा. । स.क्रि.; छाना आदि छाएको पुरानो खर वा पराल उघार्नु, झिक्नु । **उचेराइ** (उचेर्+आइ)-भा.ना. । **उचेराउनु**-प्रे.क्रि./स.क्रि.; उचेर्न लाउनु, उघार्न लाउनु । **उचेराउ**-प्रे.धा. । **उचेराइनु**-उचेराउनुको क.क्रि. । **उचेराइ**-क.प्रे.धा. । **उचेरिनु**-उचेर्नुको क.क्रि. । **उचेरि**-क.धा. । **उचेरी, उचेरेर, उचेर्न, उचेर्दै, उचेरुन्जेल, उचेर्दाखेरि**-कृ.अ. । **उचेर्नू**-वि. । **उचेरून्** -इ. । **उचेर्ला**-स. । (स.क्रि.-माझी-गाउँ कान्छाले घरको धुरी उचेर्‍यो ।)

उछिट्टिनु-क्रि.मू. । **उछिट्टि**-आ.धा. । अ.क्रि.; ठीक ठाउँमा नपरी पर पुग्नु, उफ्रिनु, फुत्कनु, उम्कनु । **उछिट्टयाइ** (उछिट्टि+आइ)-भा.ना.। **उछिट्टयाउनु** -प्रे.क्रि./स.क्रि.; उछिट्टिन लाउनु, उछिट्टिने पार्नु, उम्काउनु । **उछिट्टयाउ**-प्रे.धा.। **उछिट्टयाइनु**-उछिट्टयाउनुको क.क्रि. । **उछिट्टयाइ**-भा.प्रे.धा. । **उछिट्टिइनु**-उछिट्टिनुको भा.क्रि. । **उछिट्टिइ**-भा.धा. । **उछिट्टिई, उछिट्टिएर, उछिट्टिन, उछिट्टिँदै, उछिट्टिउन्जेल, उछिट्टिंदाखेरि**-कृ.अ. । **उछिट्टिनू**-वि. । **उछिट्टिऊन्**-इ. । **उछिट्टेला**-स. । (अ.क्रि.-मूलधारो वरिपरि पानीका बुँदहरू उछिट्टिए ।)

उछिन्नु-क्रि.मू.। **उछिन्**-आ.धा. । स.क्रि.; अगाडिकालाई जितेर अघि पुग्नु, अघि हुनु, पालो मिच्नु, जित्नु । **उछिनाइ** (उछिन्+आइ)-भा.ना.। **उछिनाउनु**-प्रे.क्रि./स.क्रि.; उछिन्न लाउनु, उछिन्ने पार्नु । **उछिनाउ**-प्रे.धा.। **उछिनाइनु**-उछिनाउनुको क.क्रि.। **उछिनाइ**-क.प्रे.धा.। **उछिनिनु**-उछिन्नुको क.क्रि. । **उछिनि**-क.धा. । **उछिनी, उछिनेर, उछिन्न, उछिन्दै, उछिनुन्जेल, उछिन्दाखेरि**-कृ.अ. । **उछिन्नू**-वि. । **उछिनून्**-इ. । **उछिन्ला**-स. । (स.क्रि.-दिपकले दौडमा रोशनलाई उछिन्यो ।)

उछिल्लिनु-क्रि.मू. । **उछिल्लि**-आ.धा. । अ.क्रि.; उचक्का हुनु, छिल्लिनु, मात निकाल्नु, पात्तिनु । **उछिल्ल्याइ** (उछिल्लि+आइ)-भा.ना. । **उछिल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; उछिल्लिने पार्नु । **उछिल्ल्याउ**-प्रे.धा. । **उछिल्ल्याइनु** -उछिल्ल्याउनुको क.क्रि. । **उछिल्ल्याइ**-भा.प्रे.धा. । **उछिल्लिइनु**-उछिल्लिनुको भा.क्रि. । **उछिल्लिइ**-भा.धा. । **उछिल्लिई, उछिल्लिएर, उछिल्लिन, उछिल्लिँदै, उछिल्लिउन्जेल, उछिल्लिंदाखेरि**-कृ.अ. । **उछिल्लिनू**-वि. । **उछिल्लिऊन्**- इ. । **उछिल्लेला**-स. । (अ.क्रि.-तिनीहरू जात्रामा उछिल्लिए ।)

उछ्रनु-क्रि.मू. । **उछ्र**-आ.धा. । अ.क्रि.; विषाक्त कुरो लाग्नाले छालामा मसिना बिमिरा उठ्नु, डाबर उठ्नु । **उछ्राइ** (उछ्र+आइ)-भा.ना. । **उछ्राउनु**-प्रे.क्रि./स.क्रि.; उछ्रन लाउनु । **उछ्राउ**-प्रे.धा. । **उछ्राइनु**-उछ्राउनुको क.क्रि. । **उछ्राइ**-भा.प्रे.धा. । **उछ्रिनु**-उछ्रनुको भा.क्रि. । **उछ्रि**-भा.धा. । **उछ्री, उछ्रेर, उछ्रन, उछ्रँदै, उछ्रुन्जेल, उछ्रँदाखेरि**-कृ.अ. । **उछ्रनू**-वि. । **उछ्रून्**- इ. । **उछ्रला**-स. । (अ.क्रि.-मेरो शरीरभरि भलायो उछ्र्‍यो; हिजो मैले यसको घाँस काटेको थिएँ ।

उजाउनु-क्रि.मू. । उजाउ- आ.धा. । स.क्रि.; हानिहाल्ने

झै गरी हतियारले ताक्नु, खसी, बोका मार हान्न ठीक पार्नु, दाग्नु वा मच्चाउनु । **उजाइ** (उजाउ+आइ)-भा.ना. । **उजाइनु**-उजाउनुको क.क्रि. । **उजाइ**-क.धा. । **उजाई, उजाएर, उजाउन, उजाउँदै, उजाउन्जेल, उजाउँदाखेरि**-कृ.अ. । **उजाउनू**-वि. । **उजाऊन्**- इ. । **उजाउला**-स. । (स.क्रि.-पाँडेले खसी मार हान्न खुकुरी उजायो ।)

उजाड्नु-क्रि.मू. । **उजाड्** -आ.धा. । स.क्रि.; भएको बोट-बिरुवा सखाप पारेर फाँड्नु, उजार्नु । **उजडाइ** (उजाड्+आइ)-भा.ना. । **उजाडिनु** - उजाड्नुको क.क्रि. । **उजाडि**-क.धा. । **उजाडी, उजाडेर, उजाड्न, उजाड्दै, उजाड्नुन्जेल, उजाड्दाखेरि**-कृ.अ. । **उजाड्नू**-वि. । **उजाड्नून्**- इ. । **उजाड्ला**-स. । (स.क्रि. -मानिसहरूको बसाईं-सराइको अस्तव्यस्तताले घना जंगल उजाड्यो ।)

उजार्नु-क्रि.मू. । **उजार्**-आ.धा. । स.क्रि.; उजाड्नु, खाली पार्नु, शून्य गराउनु । **उजराइ** (उजार्+आइ) -भा.ना. । **उजारिनु** -उजार्नुको क.क्रि. । **उजारि** -क.धा. । **उजारी, उजारेर, उजार्न, उजार्दै, उजारुन्जेल, उजार्दाखेरि**-कृ.अ. । **उजार्नू** -वि. । **उजारून्**-इ. । **उजार्ला**-स. । (स.क्रि.-उदासीहरूले सबै जंगल उजारे ।)

उजिलिनु-क्रि.मू. । **उजिलि**-आ.धा. । अ.क्रि.; चहकिलो हुनु, चम्कनु, सुन-चाँदी आदि आगोमा पाकेपछि सफा हुनु, दागरहित हुनु । **उजिल्याइ** (उजिलि+आइ)-भा.ना. । **उजिल्याउनु**-प्रे.क्रि./स.क्रि.; चहकिलो पार्नु, चम्काउनु । **उजिल्याउ**-प्रे.धा. । **उजिल्याइनु**-उजिल्याउनुको क.क्रि. । **उजिल्याइ**-भा.प्रे.धा. । **उजिलिइनु**-उजिलिनुको भा.क्रि. । **उजिलिइ**- भा.धा. । **उजिली, उजिलेर, उजिलिन, उजिलिँदै, उजिलिउन्जेल, उजिलिंदाखेरि**-कृ.अ. । **उजिलिनू**-वि. । **उजिलिऊन्**-इ. । **उजिलेला**-स. । (अ.क्रि.-आगोमा गालेपछि सुन उजिलियो ।)

उजेल्नु-क्रि.मू. । **उजेल्**-आ.धा. । स.क्रि.; भाँडाकुँडा, गरगहना आदिलाई पोलेर वा माझेर चम्किलो पार्नु । **उजेलाइ** (उजेल्+आइ)-भा.ना.। **उजेलाउनु** -प्रे.कि./स.क्रि.; उजेल्न लाउनु, उजेल्ने पार्नु । **उजेलाइनु**-उजेलाउनुको क.क्रि. । **उजेलाइ**-भा.प्रे.धा. । **उजेलाउ**-प्रे.धा. । **उजेलिनु**-उजेल्नुको क.क्रि. । **उजेलि**-क.धा. । **उजेली, उजेलेर, उजेल्न, उजेल्दै, उजेलुन्जेल, उजेल्दाखेरि**-कृ.अ.। **उजेल्नू**-वि.। **उजेलून्**-इ. । **उजेलेला**-स. । (स.क्रि.-कामीले आरनमा भाँडाहरू उजेल्यो ।)

उज्यालिनु-क्रि.मू. । **उज्यालि**-आ.धा. । अ.क्रि.; उज्यालो देखिनु वा हुनु । **उज्यल्याइ** (उज्यालि+आइ)-भा.ना. । **उज्यल्याउनु**-प्रे.क्रि./स.क्रि.; झल्काउनु, उज्यालो पार्नु । **उज्यल्याउ**-प्रे.धा. । **उज्यल्याइनु**-उज्यल्याउनुको क.क्रि. । **उज्यल्याइ**-भा.प्रे.धा. । **उज्यालिइनु**-उज्यालिनुको भा.क्रि. । **उज्यालिइ**-भा.धा. । **उज्यालिई, उज्यालिएर, उज्यालिन, उज्यालिँदै, उज्यालिउन्जेल, उज्यालिंदाखेरि**-कृ.अ. । **उज्यालिनू**-वि. । **उज्यालिऊन्**-इ. । **उज्यालेला**-स. । (अ.क्रि.-आजको दिन उज्यालियो । बिरामीको अनुहार उज्यालियो ।)

उझाउनु-क्रि.मू. । **उझाउ**-आ.धा. । हे. उजाउनु ।

उझिन्डिनु-क्रि.मू.। **उझिन्डि**-आ.धा. । अ.क्रि.; झुण्डिनु, टाँगिनु, पासो लाएर आत्महत्या गर्नु । **उझिन्ड्याइ** (उझिन्डि+आइ))-भा.ना.। **उझिन्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; झुन्ड्याउनु, उझिन्डिन लाउनु । **उझिन्ड्याउ** -प्रे.धा. । **उझिन्ड्याइनु**-उझिन्ड्याउनुको क.क्रि. । **उझिन्ड्याइ**-भा.प्रे.धा.। **उझिन्डिइनु**-उझिन्डिनुको भा.क्रि.। **उझिन्डिइ**-भा.धा. । **उझिन्डिई, उझिन्डिएर, उझिन्डिन, उझिन्डिँदै, उझिन्डिउन्जेल, उझिन्डिंदाखेरि**-कृ.अ. । **उझिन्डिनू**-वि. । **उझिन्डिऊन्**-इ. । **उझिन्डेला**-स. । (अ.क्रि.-कपडाहरू झोकोमा उझिन्डिए ।)

उठ्नु-क्रि.मू. । **उठ्**-आ.धा. । अ.क्रि.; खडा हुनु, उभिनु, बिउँझनु, बसाइँ सर्नु, उन्नति हुनु, असुल उपर हुनु, अग्लो हुनु । **उठाइ** (उठ्+आइ)-भा.ना. । **उठाउनु**-प्रे.क्रि./स.क्रि.; जगाउनु, बिउँझाउनु । **उठाउ**-प्रे.धा. । **उठाइनु**-उंठाउनुको क.क्रि. । **उठाइ**-भा.प्रे.धा. । **उठिनु**-उठ्नुको भा.क्रि. । **उठि** -भा.धा. । **उठी, उठेर, उठ्न, उठ्दै, उठुन्जेल, उठ्दाखेरि**-कृ.अ. । **उठनू**-वि. । **उठून्**-इ. । **उठ्ला**-स. । (अ.क्रि.-बच्चा उठ्यो र चिग्रिएर रोयो ।)

उड्नु-क्रि.मू.। **उड्**-आ.धा.। अ.क्रि.; पखेटाको सहायताले आकाशमार्गमा घुम्नु, मेटिनु, नचाहिंदो किसिमले धन पैसा खर्च हुनु । **उडाइ** (उड्+आइ)-भा.ना. । **उडाउनु**-प्रे.कि./स.क्रि.; उड्ने पार्नु, उड्न लाउनु । **उडाउ** -प्रे.धा. । **उडाइनु** -उडाउनुको क.क्रि. । **उडाइ**-भा.प्रे.धा. । **उडिनु**-उड्नुको भा.क्रि. । **उडि**-भा.धा. । **उडी, उडेर, उड्न, उँड्दै, उडुन्जेल, उँड्दाखेरि**-कृ.अ. । **उड्नू**-वि. । **उडून्**-इ. । **उड्ला**-स. । (अ.क्रि.-एक हूल क्याङकुरुङ आकाशमा उडे ।)

उडिल्याउनु-क्रि.मू. । **उडिल्याउ**-भा.धा. । स.क्रि.; नभएका कुरामा अरूलाई सर्काउनु, उडाउनु, जिस्क्याउनु । **उडिल्याइँ** (उडिल्याउ+आइँ)-भा.ना. । **उडिल्याइनु**-उडिल्याउनुको क.क्रि. । **उडिल्याइ**-क.धा. । **उडिल्याई, उडिल्याएर, उडिल्याउन, उडिल्याउँदै, उडिल्याउन्जेल, उडिल्याउँदाखेरि**-कृ.अ. । **उडिल्याउनू**-वि. । **उडिल्याऊन्** -इ. । **उडिल्याउला**- स. । (स.क्रि.-तिनीहरूले आफ्ना बिरोधीहरूलाई उडिल्याए ।)

उड्कनु-क्रि.मू. । **उड्क**-आ.धा. । स.क्रि.; अर्काको कमजोरी लगातार कोट्याइरहनु वा अरूको दोष देखाउनु, चाहिने नचाहिने कुरा गरेर बाझ्नु, भुस वा खरानी दलेर चिल्लो लागेका भाँडाबर्तन सफा गर्नु । **उड्काइ** (उड्क+आइ)-भा.ना.। **उड्काउनु**-प्रे.क्रि./स.क्रि.; उड्कन लाउनु, उड्कने पार्नु । **उड्काउ**-प्रे.धा. । **उड्काइनु** -उड्काउनुको क.क्रि. । **उड्काइ**-क.प्रे.धा. । **उड्किनु**-उड्कनुको क.क्रि. । **उड्कि**-क.धा. । **उड्की, उड्केर, उड्कन, उड्कँदै, उड्कुन्जेल, उड्कँदाखेरि**-कृ.अ. । **उड्कनू**-वि. । **उड्कून्**-इ. । **उड्कला**-स. (स.क्रि.-तिनले भाँडाहरू उड्किन् ।)

उतर्सिनु-क्रि.मू. । **उतर्सि**-आ.धा. । अ.क्रि.; दिक्क मानेर बोल्नु, झर्कनु, च्याँठिनु । **उतर्स्याइ** (उतर्सि+आइ)-भा.ना.। **उतर्स्याउनु**-प्रे.क्रि./स.क्रि.; उतर्सिन लाउनु, झर्कने पार्नु । **उतर्स्याउ**-प्रे.धा.। **उतर्स्याइनु**-उतर्स्याउनुको क.क्रि.। **उतर्स्याइ**-भा.प्रे.धा. । **उतर्सिइनु**-उतर्सिनुको भा.क्रि. । **उतर्सिइ**-भा.धा. । **उतर्सी, उतर्सिएर, उतर्सिन, उतर्सिँदै, उतर्सिउन्जेल, उतर्सिँदाखेरि**-कृ.अ. । **उतर्सिनू**-वि.। **उतर्सिऊन्**-इ. । **उतर्सेला**-स.। (अ.क्रि.-त्यो शिक्षक प्रश्न सोध्दैमा उतर्सियो ।)

उतार्नु-क्रि.मू. । **उतार्**-आ.धा. । स.क्रि.; झिक्नु, माथि तान्नु, उकास्नु, बचाउनु, सार्नु, नकल गर्नु, झार्नु । **उतराइ** (उतार्+आइ)-भा.ना. । **उतारिनु**-उतार्नुको क.क्रि. । **उतारि** -क.धा. । **उतारी, उतारेर, उतार्न, उतार्दै, उतारुन्जेल, उतार्दाखेरि**-कृ.अ.। **उतार्नू**-वि.। **उतारून्**-इ. । **उतार्ला** -स. (स.क्रि.-कुल्लीले बसबाट मालताल उतार्‍यो ।)

उत्रनु-क्रि.मू. । **उत्र**-आ.धा. । अ.क्रि.; उत्रिनु, ओर्लनु, पार हुनु, तहरिनु वा तर लाग्नु । **उत्राइ** (उत्र+आइ)-भा.ना. । **उत्राउनु**-प्रे.क्रि./स.क्रि.; उत्रने पार्नु, उतार्नु । **उत्राउ**-प्रे.धा. । **उत्राइनु**-उत्राउनुको क.क्रि. । **उत्राइ**-भा.प्रे.धा. । **उत्रिनु**-उत्रनुको भा.क्रि. । **उत्रि**-भा.धा. । **उत्री, उत्रेर, उत्रन, उत्रँदै, उत्रुन्जेल, उत्रँदाखेरि**-कृ.अ. । **उत्रनू**-वि. । **उत्रून्**-इ. । **उत्रला**-स. । (अ.क्रि.-हामीहरू रेलबाट रक्सौलमा उत्र्यौं ।)

उत्रिनु-क्रि.मू. । **उत्रि**-आ.धा. । अ.क्रि.; उत्रनु । **उत्र्याइ** (उत्रि+आइ)-भा.ना.। **उत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; उत्राउनु । **उत्र्याउ**-प्रे.धा.। **उत्र्याइनु**-उत्र्याउनुको क.क्रि.। **उत्र्याइ**-भा.प्रे.धा. । **उत्रिइनु**-उत्रिनुको भा.क्रि. । **उत्रिइ**-भा.धा. । **उत्रिई, उत्रिएर, उत्रिन, उत्रिँदै, उत्रिउन्जेल, उत्रिँदाखेरि**-कृ.अ. । **उत्रिनू**-वि. । **उत्रिऊन्**-इ. । **उत्रेला**-स. । (अ.क्रि.-गोरखा-अजिरकोटको नयाँ विमान-स्थलमा हवाइजहाज उत्रियो ।)

उदाउनु-क्रि.मू. । **उदाउ**-आ.धा. । अ.क्रि.; उदय हुनु, झुल्कनु, प्रकट हुनु, देखा पर्नु, साक्षात्कार हुनु, उन्नति हुनु । **उदाइ** (उदाउ+आइ)-भा.ना. । **उदाइनु**-उदाउनुको भा.क्रि.; उदाउने होइनु । **उदाइ**- भा.धा. । **उदाई, उदाएर, उदाउन, उदाउँदै, उदाउन्जेल, उदाउँदाखेरि**-कृ.अ. । **उदाउनू**-वि. । **उदाऊन्**-इ. । **उदाउला** -स. । (अ.क्रि.-सूर्य उदायो ।)

उदार्नु-क्रि.मू. । **उदार्** -आ.धा. । स.क्रि.; सिउनी खुस्काउनु, छाना आदिको खर, पराल उधार्नु । **उदराइ** (उदार्+आइ)-भा.ना.। **उदारिनु**-उदार्नुको क.क्रि.। **उदारि**-क.धा. । **उदारी, उदारेर, उदार्न, उदार्दै, उदारुन्जेल, उदार्दाखेरि**-कृ.अ. । **उदार्नू**-वि. । **उदारून्**-इ. । **उदार्ला**-स. । (स.क्रि.-तिलेले कटेरोको पुरानो छानो उदार्‍यो ।)

उदेकाउनु-क्रि.मू. । **उदेकाउ**-आ.धा. । अ.क्रि.; छक्क पर्नु, उदेक मान्नु, अचम्म मान्नु । **उदेकाइ** (उदेकाउ+आइ)-भा.ना.। **उदेकाइनु**-उदेकाउनुको भा.क्रि.। **उदेकाइ**-भा.धा. । **उदेकाइ, उदेकाएर, उदेकाउन, उदेकाउँदै, उदेकाउन्जेल, उदेकाउँदाखेरि**-कृ.अ. । **उदेकाउनू**-वि. । **उदेकाऊन्**-इ. । **उदेकाउला**-स. । (अ.क्रि.-काठमाडौं गोर्खालीको सर भएपछि पाटनेहरू उदेकाए ।)

उद्याउनु-क्रि.मू.। **उद्याउ**-आ.धा.। स.क्रि.; सान लगाउनु, उध्याउनु, धारिलो बनाउनु । **उद्याइ** (उद्याउ+आइ)-भा.ना. । **उद्याइनु**-उद्याउनुको क.क्रि. । **उद्याइ**-क.धा. । **उद्याई, उद्याएर, उद्याउन, उद्याउँदै, उद्याउन्जेल, उद्याउँदाखेरि**-कृ.अ. । **उद्याउनू**-वि. । **उद्याऊन्** -इ. । **उद्याउला**-स. । (स.क्रि.-गोठालोले हँसिया उद्यायो ।)

उद्रनु-क्रि.मू. । **उद्र**-आ.धा. । अ.क्रि.; उध्रनु, सिलाइ खुस्कनु । **उद्राइ** (उद्र+आइ)-भा.ना. । **उद्राउनु**-प्रे.क्रि./

स.क्रि.; **उध्राउनु** । **उद्राउ**-प्रे.धा. । **उद्राइनु**-उद्राउनुका क.क्रि. । **उद्राइ**-भा.प्रे.धा. । **उद्रिनु**-उद्रनुको भा.क्रि./अ.क्रि. । **उद्रि**-भा.धा. । **उद्री, उद्रेर, उद्रन, उद्रँदै, उद्रुन्जेल, उद्रँदाखेरि**-कृ.अ. । **उद्रनू**-वि. । **उद्रून्**-इ. । **उद्रला**-स. । (अ.क्रि.-आमाको चोलीको सिलाइ उद्र्यो ।)

उधार्नु-क्रि.मू.। **उधार्**-आ.धा. । स.क्रि.; हे. उदार्नु ।

उधिनु-क्रि.मू.। **उधि**-आ.धा.। अ.क्रि.; सान लाग्नु, धारिलो हुनु । **उध्याइ** (उधि+आइ)-भा.ना. । **उध्याउनु**-प्रे.क्रि./स.क्रि.; काट्ने हतियारलाई सानमा वा ढुङ्गामा घोटेर धार निकाल्नु, सान लाउनु, धारिलो पार्नु । **उध्याउ**-प्रे.धा.। **उध्याइनु**-उध्याउनुको क.क्रि.। **उध्याइ**-भा.प्रे.धा.। **उधिइनु**-उधिनुको भा.क्रि. । **उधिइ**-भा.धा. । **उधिई, उधिएर, उधिन, उधिँदै, उधिउन्जेल, उधिंदाखेरि**-कृ.अ. । **उधिनू**-वि. । **उधिऊन्**-इ. । **उधेला**-स. । (अ.क्रि.-खुकुरी राम्ररी उधियो ।)

उधिनिनु-क्रि.मू. । **उधिनि**-आ.धा. । स.क्रि.; उधिन्नु । अ.क्रि.; खोतलिनु, अस्तव्यस्त हुनु, खोज-तलाश हुनु । **उधिन्याइ** (उधिनि+आइ)-भा.ना.। **उधिन्याउनु**-प्रे.क्रि./स.क्रि.; उधिनिने पार्नु, उधिन्न लाउनु । **उधिन्याउ**-प्रे.धा. । **उधिन्याइनु**-उधिन्याउनुको क.क्रि. । **उधिन्याइ**-क.प्रे.धा./भा.प्रे.धा.। **उधिनिइनु** -उधिनिनुको क.क्रि./भा.क्रि.। **उधिनिइ**-क.धा./भा.धा.। **उधिनिई, उधिनिएर, उधिनिन, उधिनिँदै, उधिनिउन्जेल, उधिनिंदाखेरि**-कृ.अ. । **उधिनिनू**-वि. । **उधिनिऊन्**- इ. । **उधिनेला**-स. । (स.क्रि.-दयैंरेले पराल उधिनियो । अ.क्रि.-बारी गोड्दा सुन्तलाको जरा उधिनियो ।)

उधिन्नु-क्रि.मू. । **उधिन्**-आ.धा. । स.क्रि.; व्यवस्थित चीजलाई खोतलेर अस्तव्यस्त बनाउनु, खोज-तलाश गर्नु । **उधिनाइ** (उधिन्+आइ)-भा.ना. । **उधिनिनु**-उधिन्नुको क.क्रि । **उधिनि**-क.धा. । **उधिनी, उधिनेर, उधिन्न, उधिन्दै, उधिनुन्जेल, उधिन्दाखेरि**-कृ.अ. । **उधिन्नू**-वि. । **उधिनून्**-इ. । **उधिन्ला**-स. । (स.क्रि.-कुखुराले सबै कसिंगर उधिन्यो ।)

उध्रनु-क्रि.मू. । **उध्र**-आ.धा. । अ.क्रि.; हे. उद्रनु । **उध्राइ** (उध्र+आइ)-भा.ना. । **उध्राउनु**-प्रे.कि./स.क्रि.; उध्रने पार्नु । **उध्राउ**-प्रे.धा. । **उध्राइनु**- उध्राउनुको क.क्रि. । **उध्राइ**-भा.प्रे.धा. । **उध्रिनु**-उध्रनुको भा.क्रि. । **उध्रि**-भा.धा. । **उध्री, उध्रेर, उध्रन, उध्रँदै, उध्रुन्जेल, उध्रँदाखेरि**-कृ.अ. । **उध्रनू**-वि. । **उध्रून्** -इ. । **उध्रला**-स. । (अ.क्रि.-दमाईंको टोपी उध्र्यो ।)

उध्रिनु-क्रि.मू. । आ.धा. । अ.क्रि.; उध्रनु । **उध्र्याइ** (उध्रि+आइ)-भा.ना.। **उध्र्याउनु** प्रे.क्रि./स.क्रि.; **उध्राउनु** । **उध्र्याउ**-प्रे.धा. । **उध्र्याइनु** -उध्र्याउनुको क.क्रि. । **उध्र्याइ**-भा.प्रे.धा. । **उध्रिइनु**-उध्रिनुको भा.क्रि. । **उध्रिइ**-भा.धा. । **उध्रिई, उध्रिएर, उध्रिन, उध्रिँदै, उध्रिउन्जेल, उध्रिंदाखेरि**-कृ.अ. । **उध्रिनू**-वि. । **उध्रिऊन्**-इ. । **उध्रेला**-स. । (अ.क्रि.-किसानको भोटोको सिलाइ उध्रियो ।)

उन्नु-क्रि.मू. । **उन्**-आ.धा. । स.क्रि.; माला, पोते आदि धागो वा तारमा घुसाएर मिलाउनु, माला गाँथ्नु, गाँस्नु । **उनाइ** (उन्+आइ)-भा.ना.। **उनाउनु**-प्रे.क्रि./स.क्रि.; उन्ने पार्नु, उन्न लाउनु, गुथाउनु । **उनाउ**-प्रे.धा. । **उनाइनु**-उनाउनुको क.क्रि. । **उनाइ**-क.प्रे.धा. । **उनिनु**-उन्नुको क.क्रि. । **उनि**-क.धा. । **उनी, उनेर, उन्न, उन्दै, उनुन्जेल, उन्दाखेरि**-कृ.अ. । **उन्नू**-वि. । **उनून्**-इ. । **उन्ला**-स. । (स.क्रि.-उर्मिला र सर्मिलाले धागोमा पोते उने ।)

उपास्नु-क्रि.मू. । **उपास्**-आ.धा. । अ.क्रि.; केही नखाईकन बस्नु, निराहार बस्नु, ब्रत बस्नु । **उपसाइ** (उपास्+आइ)-भा.ना.। **उपासिनु**-उपास्नुको भा.क्रि. । **उपासि**-भा.धा. । **उपासी, उपासेर, उपास्न, उपास्दै, उपासुन्जेल, उपास्दाखेरि**-कृ.अ.। **उपास्नू**-वि. । **उपासून्**-इ. । **उपास्ला**-स. । (अ.क्रि.-तिनीहरू कृष्णाष्टमिमा उपासे ।)

उप्कनु-क्रि.मू. । **उप्क**-आ.धा. । अ.क्रि.; टाँसिएको पाप्रा, माम्री आदि जस्ता चीज छुट्टिनु, उप्किनु । **उप्काइ** (उप्क+आइ)-भा.ना. । **उप्काउनु**-प्रे.क्रि./स.क्रि.; उप्कने पार्नु । **उप्काउ**-प्रे.धा. । **उप्काइनु**-उप्काउनुको क.क्रि. । **उप्काइ**-भा.प्रे.धा. । **उप्किनु**-उप्कनुको भा.क्रि. । **उप्कि**-भा.धा. । **उप्की, उप्केर, उप्कन, उप्कँदै, उप्कुन्जेल, उप्कँदाखेरि**-कृ.अ. । **उप्कनू**-वि. । **उप्कून्**-इ. । **उप्कला**-स. । (अ.क्रि.-भित्तामा टाँसेका सबै चित्रहरू उप्के ।)

उप्किनु-क्रि.मू. । **उप्कि**-आ.धा. । अ.क्रि.; हे. उप्कनु । **उप्क्याइ** (उप्कि+आइ)-भा.ना.। **उप्क्याउनु**-प्रे.क्रि./स.क्रि.; **उप्काउनु** । **उप्क्याउ**-प्रे.धा. । **उप्क्याइनु**-उप्क्याउनुको क.क्रि. । **उप्क्याइ**-भा.प्रे.धा. । **उप्किइनु**-उप्किनुको भा.क्रि. । **उप्किइ**- भा.धा. । **उप्किई, उप्किएर, उप्किन, उप्किँदै, उप्किउन्जेल, उप्किंदाखेरि**-कृ.अ. । **उप्किनू**-वि. । **उप्किऊन्**-इ. । **उप्केला**-स. । (अ.क्रि.-मेरो पछ्यौराको सबै जरी उप्कियो ।)

उफार्नु-क्रि.मू. । **उफार्**-आ.धा. । स.क्रि.; कुनै वस्तुलाई माथितिर फाल्नु । **उफराइ** (उफार्+आइ)-भा.ना. । **उफारिनु**-उफार्नुको क.क्रि. । **उफारि**-क.धा. । **उफारी, उफारेर, उफार्न, उफार्दै, उफारुन्जेल, उफार्दाखेरि**-कृ.अ. । **उफार्नू**-वि. । **उफारून्**-इ. । **उफार्ला**- स. । (स.क्रि.-खेलाडीहरूले भकुण्डो उफारे ।)

उफ्रनु-क्रि.मू. । **उफ्र**-आ.धा. । अ.क्रि.; फड्कनु, जमीन छोडेर बुर्लुक्क माथि उछिट्टिनु, औताउनु । **उफ्राइ** (उफ्र+आइ)-भा.ना. । **उफ्राउनु**-प्रे.क्रि./स.क्रि.; उफ्रन लाउनु । **उफ्राउ**-प्रे.धा. । **उफ्राइनु**-उफ्राउनुको क.क्रि. । **उफ्राइ**-भा.प्रे.धा. । **उफ्रिनु**-उफ्रनुको भा.क्रि. । **उफ्रि**-भा.धा. । **उफ्री, उफ्रेर, उफ्रन, उफ्रँदै, उफ्रुन्जेल, उफ्रँदाखेरि**-कृ.अ. । **उफ्रनू**-वि. । **उफ्रून्**-इ. । **उफ्रला**-स. । (क्रिकेट बिजयीहरू खूब उफ्रे ।)

उफ्रिनु-क्रि.मू.। **उफ्रि**-आ.धा.।हे. **उफ्रनु** । **उफ्र्याइ** (उफ्रि+आइ)-भा.ना.। **उफ्र्याउनु**-प्रे.क्रि./स.क्रि.; **उफ्राउनु** । **उफ्र्याउ**-प्रे.धा.। **उफ्र्याइनु**-उफ्र्याउनुको क.क्रि.। **उफ्र्याइ**-भा.प्रे.धा. । **उफ्रिइनु**-उफ्रिनुको भा.क्रि. । **उफ्रिइ**-भा.धा. । **उफ्रिई, उफ्रिएर, उफ्रिन, उफ्रिँदै, उफ्रिउन्जेल,, उफ्रिंदाखेरि**-कृ.अ.। **उफ्रिनू**-वि. । **उफ्रिउन्**-इ. । **उफ्रेला**-स. । (अ.क्रि.-तिनीहरू बास्केट खेलको बिजयमा रमाउँदै उफ्रिए ।)

उबाउनु-क्रि.मू.। **उबाउ**-आ.धा.। स.क्रि.; **उभाउनु** । **उबाइ** (उबाउ+आइ)-भा.ना.। **उबाइनु** -उबाउनुको क.क्रि. । **उबाइ** -क.धा. । **उबाई, उबाएर, उबाउन, उबाउँदै, उबाउन्जेल, उबाउँदाखेरि**-कृ.अ. । **उबाउनू**-वि. । **उबाऊन्**-इ. । **उबाउला** -स. । (स.क्रि.-त्यसले भदालोबाट दूध उबायो ।)

उबार्नु-क्रि.मू. । **उबार्**-आ.धा. । स.क्रि.; खर्च गरेर बचाउनु, जगेरा राख्नु, जोगाउनु । **उबराइ** (उबार्+आइ)-भा.ना. । **उबारिनु**- उबार्नुको क.क्रि । **उबारि**-क.धा. । **उबारी, उबारेर, उबार्न, उबार्दै, उबारुन्जेल, उबार्दाखेरि**-कृ.अ. । **उबार्नू**-वि. । **उबारून्**-इ. । **उबार्ला**-स. । (स.क्रि.-त्यसले डेढलाखमा पौनेलाख उबार्‍यो ।)

उब्जनु-क्रि.मू. । **उब्ज**-आ.धा. । अ.क्रि.; उब्जा हुनु, एक्कासि प्रकट हुनु । **उब्जाइ** (उब्ज+आइ)-भा.ना. । **उब्जाउनु**-प्रे.क्रि./स.क्रि.; उब्जने पार्नु । **उब्जाउ**-प्रे.धा. । **उब्जाइनु**-उब्जाउनुको क.क्रि. । **उब्जाइ**-भा.प्रे.धा. । **उब्जिनु**-उब्जनुको भा.क्रि./अ.क्रि.; उत्पादन हुनु । **उब्जि** - भा.धा. । **उब्जी, उब्जेर, उब्जन, उब्जँदै, उब्जुन्जेल, उब्जँदाखेरि**-कृ.अ. । **उब्जनू** -वि. । **उब्जून्**-इ. । **उब्जला**-स. । (अ.क्रि.-मसारेको बाँसर्का-खेतमा यो वर्ष पचास मुरी मात्र उब्ज्यो ।)

उब्रनु-क्रि.मू. । **उब्र**-आ.धा. । अ.क्रि.; बचत हुनु, शेष रहनु । **उब्राइ** (उब्र+आइ)-भा.ना. । **उब्राउनु**-प्रे.क्रि./स.क्रि.; **उब्रने पार्नु** । **उब्राउ**-प्रे.धा. । **उब्राइनु**-उब्राउनुको क.क्रि. । **उब्राइ** -भा.प्रे.धा. । **उब्रिनु**-भा.क्रि.; उब्रने होइनु । **उब्रि**-भा.धा. । **उब्री, उब्रेर, उब्रन, उब्रँदै, उब्रुन्जेल, उब्रँदाखेरि**-कृ.अ. । **उब्रनू**-वि. । **उब्रून्** -इ. । **उब्रला**-स. । (अ.क्रि.-यो महिनाको तलब एक पैसा उब्रेन ।)

उब्रिनु-क्रि.मू. । **उब्रि**-आ.धा. । अ.क्रि.; उब्रनु, बाँकी रहनु । **उब्र्याइ** (उब्रि+आइ)-भा.ना. । **उब्र्याउनु**-प्रे.क्रि./स.क्रि.; **उब्रिने पार्नु** । **उब्र्याउ**-प्रे.धा. । **उब्र्याइनु**-उब्र्याउनुको क.क्रि. । **उब्र्याइ**-भा.प्रे.धा. । **उब्रिइनु**-उब्रिनुको भा.क्रि. । **उब्रिइ**-भा.धा. । **उब्री, उब्रेर, उब्रिन, उब्रिँदै, उब्रिउन्जेल, उब्रिंदाखेरि**-कृ.अ. । **उब्रिनू**-वि. । **उब्रिऊन्**-इ. । **उब्रेला**-स. । (अ.क्रि.-यसपालाको भोजमा केही खाद्य सामाग्री उब्रियो ।)

उभड्नु-क्रि.मू. । **उभड्**-आ.धा. । अ.क्रि.; उत्तेजित हुनु, भड्कनु, उभारिनु, उक्सनु, माथि आउनु, प्रकट हुनु । **उभडाइ** (उभड्+आइ)-भा.ना. । **उभडाउनु**-प्रे.क्रि. /स.क्रि.; उभड्ने पार्नु । **उभडाइ**-प्रे.धा. । **उभडाइनु**-उभडाउनुको क.क्रि.। **उभडाइ**-भा.प्रे.धा. । **उभडिनु**-उभड्नुको भा.क्रि. । **उभडि**-भा.धा. । **उभडी, उभडेर, उभड्न, उभड्दै, उभडुन्जेल, उभड्दाखेरि**-कृ.अ. । **उभड्नू**-वि. । **उभडून्**- इ. । **उभड्ला**-स. । (अ.क्रि.-धनवीरे गाउँ-सभामा निकै उभड्यो ।)

उभाउनु-क्रि.मू. । **उभाउ**-आ.धा. । स.क्रि., **उबाउनु** । **उभाइ** (उभाउ+आइ)-भा.ना. । **उभाइनु**-उभाउनुको क.क्रि. । **उभाइ**-क.धा. । **उभाई, उभाएर, उभाउन,. उभाउँदै, उभाउन्जेल, उभाउँदाखेरि**-कृ.अ. । **उभाउनू**-वि. । **उभाऊन्**- इ. । **उभाउला**-स. । (स.क्रि.-तल्लो घरकीसाइँलीले कुवाबाट पानी उभाई ।)

उभाड्नु-क्रि.मू. । **उभाड्** -आ.धा. । स.क्रि.; भड्काउनु, उकास्नु, उत्तेजित पार्नु । **उभडाइ** (उभाड्+आइ)-भा.ना. । **उभाडिनु**-उभाड्नुको क.क्रि. । **उभाडि**-क.धा. । **उभाडी, उभाडेर, उभाड्न, उभाड्दै, उभाडुन्जेल, उभाड्दाखेरि**-कृ.अ. । **उभाड्नू**-वि. । **उभाडून्**-इ. । **उभाड्ला**-स. । (स.क्रि.-तिनीहरूले चर्का नारा लगाएर

सिधा-साधालाई उभाडे ।)

उभार्नु-क्रि.मू. । **उभार्**-आ.धा. । स.क्रि.; बचाउनु, जोगाउनु, उबार्नु । **उभराइ** (उभार्+आइ)-भा.ना. । **उभारिनु**-उभार्नुको क.क्रि. । **उभारि**-क.धा. । **उभारी, उभारेर, उभार्न, उभार्दै, उभारून्जेल, उभार्दाखेरि**-कृ.अ. । **उभार्नू**-वि. । **उभारून्** -इ. । **उभार्ला**-स. । (स.क्रि.-भान्सेले भात उभाऱ्यो ।)

उभिनु-क्रि.मू. । **उभि**-आ.धा. । अ.क्रि.; खडा हुनु, उठ्नु । **उभ्याइ** (उभि+आइ)-भा.ना. । **उभ्याउनु**-प्रे.क्रि. /स.क्रि.; उभिने पार्नु । **उभ्याउ**-प्रे.धा. । **उभ्याइनु**-उभ्याउनुको क.क्रि. । **उभ्याइ**-भा.प्रे.धा. । **उभिइनु**-उभिनुको भा.क्रि. । **उभिइ**-भा.धा. । **उभिई, उभिएर, उभिन, उभिँदै, उभिउन्जेल, उभिंदाखेरि**-कृ.अ.। **उभिनू**-वि.। **उभिऊन्**-इ.। **उभेला**-स.। (अ.क्रि.-ऊ बेसोमतसँग हाकिमको अगाडि ठिङ्ग उभियो ।)

उभिन्डिनु-क्रि.मू. । **उभिन्डि**-आ.धा. । अ.क्रि.; उँभो खुट्टा उँधो टाउको पर्नु, उभिन्डो हुनु, उँधमुन्टिनु । **उभिन्ड्याइ** (उभिन्डि+आइ)-भा.ना. । **उभिन्ड्याउनु** -प्रे.क्रि./स.क्रि.; उभिन्डो लाउनु, उभिन्डो पार्नु । **उभिन्ड्याउ**-प्रे.धा. । **उभिन्ड्याइनु**-उभिन्ड्याउनुको क.क्रि.। **उभिन्ड्याइ**-भा.प्रे.धा.। **उभिन्डिइनु**-उभिन्डिनुको भा.क्रि. । **उभिन्डिइ**-भा.धा. । **उभिन्डिई, उभिन्डेर, उभिन्डिन, उभिन्डिँदै, उभिन्डिउन्जेल, उभिन्डिंदाखेरि**-कृ.अ. । **उभिन्डिनू**-वि. । **उभिडिऊन्**-इ .। **उभिन्डेला**-स. । (अ.क्रि.-बच्चा झोलुङ्गोबाट भुईंमा उभिन्डियो ।)

उम्नु-क्रि.मू. । **उम्**-आ.धा. । अ.क्रि.; उँघ्नु, उङ्नु । **उमाइ** (उम्+आइ)-भा.ना. । **उमाउनु**-प्रे.क्रि./स.क्रि.; उम्ने लाउनु, उम्ने पार्नु । **उमाउ**-प्रे.धा. । **उमाइनु** -उमाउनुको क.क्रि. । **उमाइ**-भा.प्रे.धा. । **उमिनु**-उम्नुको भा.क्रि. । **उमि**-भा.धा. । **उमी, उमेर, उम्न, उम्दै, उमुन्जेल, उम्दाखेरि**-कृ.अ. । **उम्नू**-वि. । **उमून्**- इ. । **उम्ला**-स. । (अ.क्रि.-बच्चा आमाको काखमा उम्यो ।)

उमठ्नु-क्रि.मू. । **उमठ्**-आ.धा. । अ.क्रि.; हुँडलिनु, मडारिनु, पेटका आन्द्रा उमेठिनु, बटारिनु । **उमठाइ** (उमठ्+आइ)-भा.ना.। **उमठाउनु**-प्रे.क्रि./स.क्रि.; उमठ्ने पार्नु । **उमठाउ**-प्रे.धा. । **उमठाइनु**-उमठाउनुको क.क्रि. । **उमठाइ**-भा.प्रे.धा. । **उमठिनु**-उमठ्नुको भा.क्रि./अ.क्रि.; उमठ्ने होइनु वा हुनु । **उमठि**-भा.धा. । **उमठी, उमठेर, उमठ्न, उमठ्दै, उमठुन्जेल, उमठ्दाखेरि**-कृ.अ. । **उमठ्नू**-वि. । **उमठून्**-इ. । **उमठ्ला**-स. । (अ.क्रि.-आज मेरो पेट साऱ्हो उमठ्यो ।)

उमर्कनु-क्रि.मू. । **उमर्क**-आ.धा. । अ.क्रि.; उमर्को लागेर सास रोक्नु, निसासिनु । **उमर्काइ** (उमर्क+आइ)-भा.ना. । **उमर्काउनु**-प्रे.क्रि./स.क्रि.; उमर्कने पार्नु, उमर्कन लाउनु । **उमर्काउ**-प्रे.धा. । **उमर्काइनु**-उमर्काउनुको क.क्रि. । **उमर्काइ**-भा.प्रे.धा. । **उमर्किनु**-उमर्कनुको भा.क्रि. । **उमर्कि**-भा.धा. । **उमर्की, उमर्केर, उमर्कन, उमर्कँदै, उमर्कुन्जेल, उमर्कँदाखेरि**-कृ.अ. । **उमर्कनू** -वि. । **उमर्कून्**-इ. । **उमर्कला**-स. । (अ.क्रि.-घोरेपानीको उकालो चढ्दा दयारामको सास उमर्क्यो ।)

उमार्नु-क्रि.मू.। **उमार्**-आ.धा.। स.क्रि.; टुसाउने तुल्याउनु, उम्रने पार्नु । **उमराइ** (उमार्+आइ) -भा.ना. । **उमारिनु**-उमार्नुको क.क्रि. । **उमारि**-क.धा. । **उमारी, उमारेर, उमार्न, उमार्दै, उमारून्जेल, उमार्दाखेरि**-कृ.अ. । **उमार्नू**-वि. । **उमारून्**-इ.। **उमार्ला**-स. । (स.क्रि.-तिनीहरूले धानको बीउ उमारे ।)

उमाल्नु-क्रि.मू. । **उमाल्**-आ.धा. । स.क्रि.; पानी पकाउनु, छड्काउनु, उम्लने पार्नु । **उमलाइ** (उमाल्+आइ)-भा.ना. । **उमालिनु**-उमाल्नुको क.क्रि. । **उमालि**-क.धा. । **उमाली, उमालेर, उमाल्न, उमाल्दै, उमालुन्जेल, उमाल्दाखेरि**-कृ.अ. । **उमाल्नू** -वि. । **उमालून्**-इ. । **उमाल्ला**-स. । (स.क्रि.-हाटपसलेले चिया उमाल्यो ।)

उमेठ्नु-क्रि.मू. । **उमेठ्**-आ.धा.। अ.क्रि.; **उमठ्नु** । **उमेठाइ** (उमेठ्+आइ)-भा.ना.। **उमेठाउनु**-प्रे.क्रि./स.क्रि.; उमठाउनु । **उमेठाउ**-प्रे.धा. । **उमेठाइनु**-उमेठाउनुको क.क्रि.। **उमेठाइ**-भा.प्रे.धा. । **उमेठिनु**-उमेठ्नुको भा.क्रि. । **उमेठि** - भा.धा. । **उमेठी, उमेठेर, उमेठ्न, उमेठ्दै, उमेठुन्जेल, उमेठ्दाखेरि**-कृ.अ. । **उमेठ्नू**-वि. । **उमेठून्**-इ. । **उमेठ्ला**-स. । (अ.क्रि.-गँगटेको उकालो चढ्दा कोशलनाथको पेट उमेठ्यो; हिंड्नै सकेनन् ।)

उम्कनु-क्रि.मू. । **उम्क**-आ.धा. । अ.क्रि.; बन्धनबाट छुट्नु, जोगिनु, भाग्नु, छुटकारा पाउनु । **उम्काइ** (उम्क+आइ)-भा.ना.। **उम्काउनु**-प्रे.क्रि./स.क्रि.; उम्कने पार्नु, फुत्काउनु । **उम्काउ**-प्रे.धा. । **उम्काइनु**-उम्काउनुको क.क्रि. । **उम्काइ** -भा.प्रे.धा. । **उम्किनु**-उम्कनुको भा.क्रि. । **उम्कि**-भा.धा. । **उम्की, उम्केर, उम्कन, उम्कँदै, उम्कुन्जेल, उम्कँदाखेरि**-कृ.अ. । **उम्कनू**-वि. । **उम्कून्**-इ. । **उम्कला**-स. । (अ.क्रि.-तल्लो घर माइल्दाइको थाली भैंसी किलो-थलोबाट उम्क्यो;

छेक्नै सकिएन । कारागारबाट कैदी उम्क्यो; प्रहरीले फेलै पार्न सकेन ।)

उम्टनु-क्रि.मू. । **उम्ट**-आ.धा. । स.क्रि.; रुवा आदि फट्कार्नु । **उम्टाइ** (उम्ट+आइ)-भा.ना. । **उम्टाउनु** -प्रे.कि./स.क्रि.; उम्टन लाउनु । **उम्टाउ**- प्रे.धा. । **उम्टाइनु**-उम्टाउनुको क.क्रि.। **उम्टाइ**-क.प्रे.धा.। **उम्टिनु**-उम्टनुको क.क्रि. । **उम्टि**-क.धा. । **उम्टी, उम्टेर, उम्टन, उम्टँदै, उम्टुन्जेल, उम्टँदाखेरि**-कृ.अ. । **उम्टनू**-वि. । **उम्टून्**- इ. । **उम्टला**-स. । (स.क्रि. - मधिशेले रुवा उम्ट्यो ।)

उम्तिनु-क्रि.मू. । **उम्ति**-आ.धा.। अ.क्रि.; उन्मत्त हुनु, उम्लिनु, मात्तिनु । **उम्त्याइँ** (उम्ति+आइँ)-भा.ना. । **उम्त्याउनु**-प्रे.क्रि./स.क्रि.; उम्तिने पार्नु । **उम्त्याउ**-प्रे.धा.। **उम्त्याइनु**-उम्त्याउनुको क.क्रि.। **उम्त्याइ**-भा.प्रे. धा. । **उम्तिइनु**-उम्तिनुको भा.क्रि. । **उम्तिइ** -भा.धा. । **उम्तिई, उम्तिएर, उम्तिन, उम्तिँदै, उम्तिउन्जेल, उम्तिंदाखेरि**-कृ.अ.। **उम्तिनू**-वि.। **उम्तिऊन्**-इ.। **उम्तेला**-स. । (अ.क्रि.-तिनीहरू मदिराको तालमा उम्तिए ।)

उम्रनु-क्रि.मू. । **उम्र**-आ.धा. । अ.क्रि.; टुसा आउनु, अङ्कुराउनु, उब्जनु, टुसाउनु । **उम्राइ**-(उम्र+आइ)-भा.ना. । **उम्राउनु**-प्रे.क्रि./स.क्रि.; उम्रन लगाउनु, उम्रने पार्नु । **उम्राउ**-प्रे.धा. । **उम्राइनु**-उम्राउनुको क.क्रि. । उम्राइ-भा.प्रे.धा. । **उम्रिनु**- उम्रनुको भा.क्रि./अ.क्रि. उम्रने होइनु, उम्रनु । **उम्रि**-भा.धा. । **उम्री, उम्रेर, उम्रन, उम्रँदै, उम्रुन्जेल, उम्रँदाखेरि**-कृ.अ. । **उम्रनू**-वि. । **उम्रून्**-इ. । **उम्रला**-स. । (अ.क्रि.-वर्षायाममा धेरै झारपात उम्रे ।)

उम्लनु-क्रि.मू. । **उम्ल**-आ.धा. । अ.क्रि.; छड्कनु, तातेर उम्लिनु, बिनामेसै कराउनु । **उम्लाइ** (उम्ल+आइ)-भा.ना.। **उम्लाउनु/उमाल्नु** -प्रे.क्रि./स.क्रि.; उम्लने पार्नु । **उम्लाउ/उमाल्**-प्रे.धा. । **उम्लाइनु/उमालिनु**-उम्लाउनु/उमाल्नुको क.क्रि.। **उम्लाइ/उमालि** भा.प्रे. धा.। **उम्लिनु**-उम्लनुको भा.क्रि. । **उम्लि**-भा.धा.। **उम्ली, उम्लेर, उम्लन, उम्लँदै, उम्लुन्जेल, उम्लँदाखेरि**-कृ. अ. । **उम्लनू**-वि. । **उम्लून्**-इ. । **उम्लला**-स. । (अ.क्रि.-पानी उम्ल्यो; खसी मारहान्न अबेर भयो ।)

उम्लिनु-क्रि.मू. । **उम्लि**-आ.धा. । अ.क्रि.; उम्लनु । **उम्ल्याइ** (उम्लि+आइ)-भा.ना. । **उम्ल्याउनु** प्रे.क्रि./स.क्रि.; उम्लिने पार्नु । **उम्ल्याउ**-प्रे.धा. । **उम्ल्याइनु**-उम्ल्याउनुको क.क्रि. । **उम्ल्याइ**-भा.प्रे.धा. । **उम्लिइनु**-उम्लिनुको भा.क्रि. । **उम्लिइ**-भा.धा. । **उम्लिई, उम्लिएर, उम्लिन, उम्लिँदै, उम्लिउन्जेल, उम्लिंदाखेरि**-कृ.अ. । **उम्लिनू**-वि. । **उम्लिऊन्**-इ. । **उम्लेला**-स. । (अ.क्रि.-अगेनुमा बसाएको दूध भुलुक्क उम्लियो ।)

उराठिनु-क्रि.मू. । **उराठि**-आ.धा. । अ.क्रि.; मन फुङ्ग उड्नु, उराठ लाग्नु, उदास हुनु । **उरठ्याइ** (उराठि+आइ)-भा.ना. । **उरठ्याउनु**-प्रे.क्रि./स.क्रि.; उराठिने पार्नु । **उरठ्याउ** -प्रे.धा. । **उरठ्याइनु** -उरठ्याउनुको क.क्रि.। **उरठ्याइ**-भा.प्रे.धा.। **उराठिइनु**-उराठिनुको भा.क्रि.। **उराठिइ**-भा.धा.। **उराठिई, उराठिएर, उराठिन, उराठिँदै, उराठिउन्जेल, उराठिंदाखेरि**-कृ.अ. । **उराठिनू**-वि. । **उराठिऊन्**-इ. । **उराठेला**-स. । (अ.क्रि.-नेपाली समाजमा व्याप्त कुरीति देखेर रिमालको मन उराठियो ।)

उराल्नु-क्रि.मू.। **उराल्**-आ.धा.। स.क्रि.; उफार्नु, मत्याउनु, बहकाउनु । **उरलाइ** (उराल्+आइ)-भा.ना. । **उरालिनु**-उराल्नुको क.क्रि. । **उरालि**-क.धा. । **उराली, उरालेर, उराल्न, उराल्दै, उरालुन्जेल, उराल्दाखेरि**-कृ.अ.। **उराल्नू**-वि.। **उरालून्**-इ.। **उराल्ला**-स.। (स.क्रि.-रामले आफ्नो साथीलाई खराब काम गर्न उराल्यो ।)

उर्लनु-क्रि.मू.। **उर्ल**-आ.धा. । अ.क्रि.; खोला बढ्नु, बाढी आउनु, उर्लिनु । **उर्लाइ** (उर्ल+आइ)-भा.ना. । **उर्लाउनु**-प्रे.क्रि./स.क्रि.; उर्लने पार्नु । **उर्लाउ** -प्रे.धा. । **उर्लाइनु**-उर्लाउनुको क.क्रि. । **उर्लाइ**-भा.प्रे.धा. । **उर्लिनु**-उर्लनुको भा.क्रि.। **उर्लि**-भा.धा. । **उर्ली, उर्लेर, उर्लन, उर्लँदै, उर्लुन्जेल, उर्लँदाखेरि**-कृ.अ. । **उर्लनू**-वि.। **उर्लून्**-इ.। **उर्लला**-स.। (अ.क्रि.-अँधेरीखोलो साउनको भेलमा खूबसँग उर्ल्यो)

उल्कनु-क्रि.मू. । **उल्क**-आ.धा. । अ.क्रि.; छिहिलिनु, जिस्कनु, इत्तरिनु । **उल्काइ** (उल्क+आइ)-भा.ना. । **उल्काउनु**-प्रे.क्रि./स.क्रि.; उल्कने पार्नु । **उल्काउ**-प्रे. धा.। **उल्काइनु** -उल्काउनुको क.क्रि.। **उल्काइ**-भा.प्रे. धा.। **उल्किनु**-उल्कनुको भा.क्रि.। **उल्कि**-भा.धा.। **उल्की, उल्केर, उल्कन, उल्कँदै, उल्कुन्जेल, उल्कँदाखेरि**-कृ.अ.। **उल्कनू**-वि.। **उल्कून्**-इ. । **उल्कला**-स. । (अ.क्रि.-त्यो आजकाल नराम्रोसँग उल्क्यो ।)

उल्किनु-क्रि.मू. । **उल्कि**-आ.धा. । अ.क्रि., उल्कनु । **उल्क्याइँ** (उल्कि+आइँ)-भा.ना.। **उल्क्याउनु** -प्रे.क्रि./स.क्रि.; उल्किन लगाउनु । **उल्क्याउ**-प्रे.धा. ।

उल्क्याइनु-उल्क्याउनुको क.क्रि. । **उल्क्याइ**-भा.प्रे.धा. । **उल्किइनु**-उल्किनुको भा.क्रि.। **उल्किइ**-भा.धा.। **उल्किई, उल्किएर, उल्किन, उल्किँदै, उल्किउन्जेल, उल्किंदाखेरि**-कृ.अ. । **उल्किनू**-वि. । **उल्किऊन्** -इ. । **उल्केला**-स. । (अ.क्रि.-मोहन रक्सीको तालमा निकै उल्कियो ।)

उल्छिनु-क्रि.मू. । **उल्छि**-आ.धा. । अ.क्रि.; फलफूल आदिको बोक्रा छोडिनु, बोक्रा नङ्गिनु । **उल्छ्याइ** (उल्छि+आइ)-भा.ना. । **उल्छ्याउनु**-प्रे.क्रि./स.क्रि.; उल्छिने पार्नु । **उल्छ्याउ**-प्रे.धा. । **उल्छ्याइनु**-उल्छ्याउनुको क.क्रि. । **उल्छ्याइ** -क.प्रे.धा. । **उल्छिइनु**-उल्छिनुको भा.क्रि.। **उल्छिइ**-भा.धा.। **उल्छिई, उल्छिएर, उल्छिन, उल्छिँदै, उल्छिउन्जेल, उल्छिंदाखेरि**-कृ.अ. । **उल्छिनू**-वि. । **उल्छिऊन्**-इ. । **उल्छेला**-स. । (स.क्रि.-सबै सिमीको बोक्रा सजिलै उल्छियो ।)

उल्झनु-क्रि.मू. । **उल्झ**-आ.धा. । स.क्रि.; पानी अँजुल्नु, फजुल खर्च गर्नु । **उल्झाइ** (उल्झ+आइ)-भा.ना. । **उल्झाउनु**-प्रे.क्रि./स.क्रि.; उभाएर फाल्न लाउनु, उल्झन लाउनु । **उल्झाउ**-प्रे.धा. । **उल्झाइनु**-उल्झाउनुको क.क्रि. । **उल्झाइ** -क.प्रे.धा. । **उल्झिनु**-उल्झनुको क.क्रि. । **उल्झि**-क.धा. । **उल्झी, उल्झेर, उल्झन, उल्झँदै, उल्झुन्जेल, उल्झँदाखेरि**-कृ.अ. । **उल्झनू**-वि.। **उल्झून्**-इ. । **उल्झला**-स. । (स.क्रि.-शिवबहादुरले पानी उल्झ्यो ।)

उल्टनु-क्रि.मू.। **उल्ट** -आ.धा.। अ.क्रि.; फर्काउनु, पल्टनु, उल्टिनु, बदर हुनु, उड्कनु । **उल्टाइ** (उल्ट+आइ)-भा.ना. । **उल्टाउनु**-प्रे.क्रि./स.क्रि.; उल्टो पार्नु, बदर गराउनु । **उल्टाउ** -प्रे.धा. । **उल्टाइनु**-उल्टाउनुको क.क्रि. । **उल्टाइ**-भा.प्रे.धा. । **उल्टिनु**-उल्टनुको भा.क्रि. । **उल्टि**-भा.धा. । **उल्टी, उल्टेर, उल्टन, उल्टँदै, उल्टुन्जेल, उल्टँदाखेरि**-कृ.अ. । **उल्टनू**-वि. । **उल्टून्**-इ. । **उल्टला**-स. । (अ.क्रि.-ध्रुव र सिलवालको मुद्दा बारम्बार उल्ट्यो ।)

उल्टिनु-क्रि.मू. । **उल्टि**-आ.धा. । अ.क्रि.; उल्टनु । **उल्ट्याइ** (उल्टि+आइ)-भा.ना. । **उल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; उल्टो पार्नु, बदर गराउनु । **उल्ट्याउ** -प्रे.धा. । **उल्ट्याइनु**-उल्ट्याउनुको क.क्रि. । **उल्ट्याइ**-भा.प्रे.धा. । **उल्टिइनु**-उल्टिनुको भा.क्रि. । **उल्टिइ**-भा.धा. । **उल्टिई, उल्टिएर, उल्टिन, उल्टिँदै, उल्टिउन्जेल, उल्टिंदाखेरि**-कृ.अ. । **उल्टिनू**-वि. । **उल्टिऊन्**-इ. । **उल्टेला** -स. । (अ.क्रि.-आन्दोलनपछि सबै ऐन-कानून उल्टिए ।)

उल्थिनु-क्रि.मू. । **उल्थि**-आ.धा. । अ.क्रि.; अनुदित हुनु, उल्था हुनु । **उल्थ्याइ** (उल्थि+आइ)-भा.ना.। **उल्थ्याउनु**-प्रे.क्रि./स.क्रि.; उल्थिने पार्नु, अनुवाद गर्नु । **उल्थ्याउ** -प्रे.धा. । **उल्थ्याइनु**- उल्थ्याउनुको क.क्रि. । **उल्थ्याइ**-भा.प्रे.धा. । **उल्थिइनु**- उल्थिनुको भा.क्रि. । **उल्थिइ** -भा.धा.। **उल्थिई, उल्थिएर, उल्थिन, उल्थिँदै, उल्थिउन्जेल, उल्थिंदाखेरि**-कृ.अ. । **उल्थिनू**-वि. । **उल्थिऊन्**-इ. । **उल्थेला** -स. । (अ.क्रि.-धेरै विदेशी पुस्तकहरू नेपाली भाषामा उल्थिए ।)

उल्लिनु-क्रि.मू. । **उल्लि**-आ.धा.। अ.क्रि.; जिस्किनु, गिजिनु, मूर्ख बन्नु । **उल्ल्याइ** (उल्लि+आइ); (उल्ल्याउ+आइ)-भा.ना. । **उल्ल्याउनु**- प्रे.क्रि./स.क्रि.; उल्लिन लगाउनु, उल्लिने पार्नु । **उल्ल्याउ**-प्रे.धा. । **उल्ल्याइनु**-उल्ल्याउनुको क.क्रि. । **उल्ल्याइ**-भा.प्रे.धा. । **उल्लिइनु**-उल्लिनुको भा.क्रि. । **उल्लिइ**-भा.धा. । **उल्लिई, उल्लिएर, उल्लिन, उल्लिँदै, उल्लिउन्जेल, उल्लिंदाखेरि**-कृ.अ. । **उल्लिनू**-वि. । **उल्लिऊन्**-इ. । **उल्लेला**-स. । (अ.क्रि.-भदौरे खेतालाहरू दिनभरि उल्लिए ।)

उसिन्नु-क्रि.मू. । **उसिन्**-आ.धा. । स.क्रि.; अनाज, फल आदिलाई पानी हालेर पकाउनु, गुम्स्याउनु । **उसिनाइ** (उसिन्+आइ)-भा.ना.। **उसिन्याउनु**-प्रे.क्रि./स.क्रि.; उसिन्ने पार्नु, उसिन्न लाउनु । **उसिन्याउ**-प्रे.धा. । **उसिन्याइनु**-उसिन्याउनुको क.क्रि. । **उसिन्याइ**-क.प्रे.धा. । **उसिनिनु**-उसिन्नुको क.क्रि. । **उसिनि** -क.धा. । **उसिनी, उसिनेर, उसिन्न, उसिन्दै, उसिनुन्जेल, उसिन्दाखेरि**-कृ.अ. । **उसिन्नू** -वि. । **उसिनून्**-इ. । **उसिन्ला**-स. । (स.क्रि.-शेर्पा ठूलेले आलु उसिन्यो ।)

ऊ

ऊँचिनु-क्रि.मू. । **ऊँचि**-आ.धा. । अ.क्रि.; अग्लो हुनु, उँचो हुनु । **ऊँच्याइ** (ऊँचि+आइ)-भा.ना. । **ऊँच्याउनु**-प्रे.क्रि./स.क्रि.; ऊँचिने पार्नु, ऊँच्चो तुल्याउनु । **ऊँच्याउ**-प्रे.धा. । **ऊँच्याइनु**-ऊँच्याउनुको क.क्रि. । **ऊँच्याइ**-भा.प्रे.धा. । **ऊँचिइनु**- ऊँचिनुको भा.क्रि. । **ऊँचिइ**-भा.धा. । **ऊँचिई, ऊँचिएर, ऊँचिन, ऊँचिँदै, ऊँचिउन्जेल, ऊँचिंदाखेरि**-कृ.अ. । **ऊँचिनू**-वि. । **ऊँचिऊन्**-इ. । **ऊँचेला**-स. । (अ.क्रि. - शिशिरको

बौद्ध-हिमाल झन् ऊँचियो ।)

ए

एकसरिनु-क्रि.मू. । **एकसरि**-आ.धा. । अ.क्रि.; ढिकीमा कुटेको धानमा आधाभन्दा बढी चामल हुनु, कुनै काम एकोहोरो रूपमा गरिनु । **एकसऱ्याइ** (एकसरि+आइ)-भा.ना. । **एकसऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; एकसरिने पार्नु, एकसरो तुल्याउनु । **एकसऱ्याउ**-प्रे.धा. । **एकसऱ्याइनु**-एकसऱ्याउनुको क.क्रि. । **एकसऱ्याइ**-भा.प्रे.धा. । **एकसरिइनु**-एकसरिनुको भा.क्रि. । **एकसरिइ**-भा.धा. । **एकसरिई, एकसरिएर, एकसरिन, एकसरिँदै, एकसरिउन्जेल, एकसरिंदाखेरि**-कृ.अ. । **एकसरिनू**-वि. । **एकसरिऊन्**-इ. । **एकसरेला**-स. । (अ.क्रि.-आजकाल ढिकी राम्रो लाग्दैन; पहिलो घानको धान बल्ल-बल्ल एकसरियो ।)

एकुन्द्रिनु-क्रि.मू. । **एकुन्द्रि**-आ.धा. । अ.क्रि.; एकदिन बिराएर हुनु, एक दिन बिराएर आउनु । **एकुन्द्रयाइ** (एकुन्द्रि+आइ)-भा.ना. । **एकुन्द्रयाउनु**-प्रे.क्रि./स.क्रि.; एकुन्द्रिने पार्नु । **एकुन्द्रयाउ**-प्रे.धा. । **एकुन्द्रयाइनु**-एकुन्द्रयाउनुको क.क्रि. । **एकुन्द्रयाइ**-भा.प्रे.धा. । **एकुन्द्रिइनु**-एकुन्द्रिनुको भा.क्रि. । **एकुन्द्रिइ**-भा.धा. । **एकुन्द्रिई, एकुन्द्रिएर, एकुन्द्रिन, एकुन्द्रिँदै, एकुन्द्रिउन्जेल, एकुन्द्रिंदाखेरि**-कृ.अ. । **एकुन्द्रिनू**-वि. । **एकुन्द्रिऊन्**-इ. । **एकुन्द्रेला**-स. । (अ.क्रि. - बिरामीको ज्वरो एकुन्द्रियो ।)

एकोहरिनु-क्रि.मू. । **एकोहरि**-आ.धा. । अ.क्रि.; एक चित्त, एकमन लाएर निरन्तर काम गरिरहनु, एकतर्फी बन्नु । **एकोहऱ्याइँ** (एकोहरि+आइँ)-भा.ना. । **एकोहऱ्याउनु**-प्रे.क्रि./स.कि.; एकोहोऱ्याउनु । **एकोहऱ्याउ**-प्रे.धा.। **एकोहऱ्याइनु**-एकोहऱ्याउनुको क.क्रि. । **एकोहऱ्याइ**-भा.प्रे.धा. । **एकोहरिइनु**-एकोहरिनुको भा.क्रि. । **एकोहरिइ**-भा.धा. । **एकोहरिई, एकोहरिएर, एकोहरिन, एकोहरिँदै, एकोहरिउन्जेल, एकोहरिंदाखेरि**-कृ.अ. । **एकोहरिनू**-वि. । **एकोहरिऊन्**-इ. । **एकोहरेला**-स. । (अ.क्रि.-डा. राजेन्द्र पेशामा एकोहरियो ।)

एकोहोरिनु-क्रि.मू.। **एकोहोरि**-आ.धा. । अ.क्रि.; एकसुरले काम गर्नु, एकोहरिनु । **एकोहोऱ्याइँ** (एकोहोरो+आइँ)-भा.ना.। **एकोहोऱ्याउनु**- प्रे.क्रि./स.क्रि.; एकोहोरिन लाउनु, एकोहोरो पार्नु । **एकोहोऱ्याउ**-प्रे.धा. । **एकोहोऱ्याइनु** -एकोहोऱ्याउनुको क.क्रि. । **एकोहोऱ्याइ** -भा.प्रे.धा. । **एकोहोरिइनु**-एकोहोरिनुको भा.क्रि. । **एकोहोरिइ**-भा.धा.। **एकोहोरिई, एकोहोरिएर, एकोहोरिन, एकोहोरिँदै, एकोहोरिउन्जेल, एकोहोरिंदाखेरि**-कृ.अ. । **एकोहोरिनू**-वि. । **एकोहोरिऊन्**-इ. । **एकोहोरेला**-स. । (अ.क्रि.-विद्यार्थी गृहकार्य गर्नमा एकोहोरियो ।)

एक्लिनु-क्रि.मू. । **एक्लि**-आ.धा. । अ.क्रि., छुट्टिनु, भिन्न हुनु, समूहबाट अलग हुनु । **एक्ल्याइँ** (एक्लि+आइँ)-भा.ना. । **एक्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; एक्लो पार्नु, एक्लो बनाउनु । **एक्ल्याउ**- प्रे.धा. । **एक्ल्याइनु**-एक्ल्याउनुको क.क्रि. । **एक्ल्याइ**-भा.प्रे.धा. । **एक्लिइनु**-भा.क्रि. । **एक्लिइ**-भा.धा. । **एक्लिई, एक्लिएर, एक्लिन, एक्लिँदै, एक्लिउन्जेल, एक्लिंदाखेरि**-कृ.अ. । **एक्लिनू** -वि. । **एक्लिऊन्**-इ. । **एक्लेला**-स. । (अ.क्रि.-बृहस्पति सबैसँग एक्लियो ।)

ऐ

ऐँचनु-क्रि.मू. । **ऐँच**-आ.धा. । स.क्रि.; कसैलाई वश वा काबूमा ल्याउनु, दबाउनु, थिच्नु । **ऐँचाइ** (ऐँच+आइ)-भा.ना. । **ऐँचाउनु**-प्रे.क्रि./स.क्रि.; ऐँचन लाउनु, वशमा पार्नु । **ऐँचाउ**-प्रे.धा. । **ऐँचाइनु**-ऐँचाउनुको क.क्रि. । **ऐँचाइ**-भा.प्रे.धा. । **ऐँचिनु**-ऐँचनुको क.क्रि. । **ऐँचि**-क.धा. । **ऐँची, ऐँचेर, ऐँचन, ऐँचँदै, ऐँचुन्जेल, ऐँचँदाखेरि**-कृ.अ. । **ऐँचनू**-वि. । **ऐँचून्**-इ. । **ऐँचला**-स. । (स.क्रि.-साहू अन्तरेले निमसरो आसामीलाई ऐँच्यो ।)

ऐँठनु-क्रि.मू. । **ऐँठ**-आ.धा. । स.क्रि., च्याप्नु, अँठ्याउनु, दबाउनु, बटारेर निमोठ्नु । **ऐँठाइ** (ऐँठ+आइ)-भा.ना. । **ऐँठाउनु**-प्रे.क्रि./स.क्रि.; ऐठन लाउनु, ऐँठने पार्नु । **ऐँठाउ**-प्रे.धा. । **ऐँठाइनु**-ऐँठाउनुको क.क्रि. । **ऐँठाइ**-क.प्रे.धा. । **ऐँठिनु**-ऐँठनुको क.क्रि. । **ऐँठि**-क.धा. । **ऐँठी, ऐँठेर, ऐँठन, ऐठँदै, ऐँठुन्जेल, ऐँठँदाखेरि**-कृ.अ. । **ऐँठनू**-वि. । **ऐँठून्**-इ. । **ऐँठला**-स. । (स.क्रि.-चिलले कुखुराको चल्लो ऐँठ्यो ।)

ऐँठिनु-क्रि.मू. । **ऐँठि**-आ.धा. । स.क्रि.; अँठ्याउनु, च्यापिनु, अँठिनु, ऐँठनु । **ऐँठ्याइ** (ऐँठि+आइ)-भा.ना. । **ऐँठ्याउनु**-प्रे.क्रि./स.क्रि.; ऐँठिने पार्नु । **ऐँठ्याउ**-प्रे.धा. ।

ऐंठ्याइनु-ऐंठ्याउनुको क.क्रि. । **ऐंठ्याइ**-क.प्रे.धा. । **ऐंठिइनु**-ऐंठिनुको क.क्रि. । **ऐंठिइ**-क.धा. । **ऐंठिई, ऐंठिएर, ऐंठिन, ऐंठिंदै, ऐंठिउन्जेल, ऐंठिंदाखेरि**-कृ.अ. । **ऐंठिनू**-वि. । **ऐंठिऊन्**-इ. । **ऐंठेला**-स. । (स.क्रि.-स्यालले कुखुरा ऐंठियो ।

ओ

ओइरनु-क्रि.मू. । **ओइर**-आ.धा. । स.क्रि.; चुलोमा बसालिएको भाँडोमा तरकारी आदि हाल्नु, झारझार्ती खन्याउनु, घान हाल्नु । अ.क्रि.; चुहिनु, पोखिनु, जाइलाग्नु, ओइरो लाग्नु । **ओइराइ** (ओइर+आइ)-भा.ना. । **ओइराउनु**-प्रे.क्रि./स.क्रि.; ओइरन लाउनु । **ओइराउ**-प्रे.धा. । **ओइराइनु**-ओइराउनुको क.क्रि. । **ओइराइ**-क.प्रे.धा./भा.प्रे.धा. । **ओइरिनु**-ओइरनुको क.क्रि./भा.क्रि. । **ओइरि**-क.धा./भा.धा. । **ओइरी, ओइरेर, ओइरन, ओइरँदै, ओइरुन्जेल, ओइरँदाखेरि**-कृ.अ. । **ओइरनू**-वि. । **ओइरून्**-इ. । **ओइरला**-स. । (स.क्रि.-भान्सेले तेल तातेको भाँडोमा तरकारी ओइऱ्यो । अ.क्रि.-सहस्रौं हिन्दूहरू बाबरी मस्जिदमा ओइरे ।)

ओइरिनु क्रि.मू । **ओइरि**-आ.धा. । अ.क्रि/स.क्रि.; ओइरनु । **ओइऱ्याइ** (ओइरि+आइ)-भा.ना.। **ओइऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; ओइराउनु । **ओइऱ्याउ**-प्रे.धा. । **ओइऱ्याइनु**-ओइऱ्याउनुको क.क्रि.। **ओइऱ्याइ**-भा.प्रे.धा./क.प्रे.धा. । **ओइरिइनु**-ओइरिनुको भा.क्रि./क.क्रि. । **ओइरिइ**-भा.धा./क.धा.। **ओइरिई, ओइरिएर, ओइरिन, ओइरिंदै, ओइरिउन्जेल, ओइरिंदाखेरि**-कृ.अ. । **ओइरिनू**-वि. । **ओइरिऊन्**-इ. । **ओइरेला**-स. । (अ.क्रि.-उपत्यकाका सहस्रौं जनता जनआन्दोलनमा राजदरबारतिर ओइरिए । स.क्रि.-तल्लो घर साइँलीले मान्द्रोमा बिस्कुन ओइरिई ।)

ओइलनु-क्रि.मू. । **ओइल**-आ.धा. । अ.क्रि.; ताजापन नष्ट हुनु, ओइलिनु । **ओइलाइ**-(ओइल+आइ)-भा.ना. । **ओइलाउनु**-प्रे.क्रि./स.क्रि.; ओइलने पार्नु, अलिअलि सुकाउनु । **ओइलाउ**-प्रे.धा. । **ओइलाइनु**-ओइलाउनुको क.क्रि. । **ओइलाइ** -भा.प्रे.धा. । **ओइलिनु**-ओइलनुको भा.क्रि. । **ओइलि**-भा.धा. । **ओइली, ओइलेर, ओइलन, ओइलँदै, ओइलुन्जेल, ओइलँदाखेरि**-कृ.अ. । **ओइलनू**-वि. । **ओइलून्**-इ. । **ओइलला**-स. । (अ.क्रि.-फूल ओइल्यो ।)

ओइलिनु-क्रि.मू. । **ओइलि**-आ.धा. । अ.क्रि.; ओइलनु । **ओइल्याइ** (ओइलि+आइ)-भा.ना. । **ओइल्याउनु**-प्रे.क्रि./स.क्रि.; ओइलिने पार्न लगाउनु, थोरै सुकाउनु । **ओइलाउ**-प्रे.धा. । **ओइल्याइनु**-ओइल्याउनुको क.क्रि. । **ओइल्याइ**-भा.प्रे.धा. । **ओइलिइनु**-ओइलिनुको भा.क्रि. । **ओइलिइ**-भा.धा. । **ओइलिई, ओइलिएर, ओइलिन, ओइलिंदै, ओइलिउन्जेल, ओइलिंदाखेरि**-कृ.अ. । **ओइलिनू**-वि.। **ओइलिऊन्** -इ. । **ओइलेला**-स.। (अ.क्रि.-सहस्रौं फूलहरू नेपाली उद्यानमा झन्नै डेढसय वर्षसम्म ओइलिए ।)

ओकट्नु-क्रि.मू. । **ओकट्**-आ.धा. । स.क्रि.; रोक्नु, ओगट्नु, ठाउँ लिनु । **ओकटाइ** (ओकट्+आइ)-भा.ना.। **ओकटाउनु**- प्रे.क्रि./स.क्रि.; ओकट्न लाउनु । **ओकटाउ**-प्रे.धा. । **ओकटाइनु**-ओकटाउनुको क.क्रि. । **ओकटाइ**-क.प्रे.धा. । **ओकटिनु**-ओकट्नुको क.क्रि. । **ओकटि**-क.धा. । **ओकटी, ओकटेर, ओकट्न, ओकट्दै, ओकटुन्जेल, ओकट्दाखेरि**-कृ.अ. । **ओकट्नू**-वि. । **ओकटून्**-इ. । **ओकट्ला**-स. । (स.क्रि.-गण्डकी बोर्डिङले करिब चारसय रोपनी जग्गा ओकट्यो ।)

ओकल्नु-क्रि.मू.। **ओकल्** -आ.धा.। स.क्रि.; उकेल्नु । **ओकलाइ** (ओकल्+आइ)-भा.ना.। **ओकलाउनु**-प्रे.क्रि./स.क्रि.; ओकल्न लाउनु । **ओकलाउ**-प्रे.धा.। **ओकलाइनु**-ओकलाउनुको क.क्रि.। **ओकलाइ**-क.प्रे.धा.। **ओकलिनु**-ओकल्नुको क.क्रि.। **ओकलि**-क.धा.। **ओकली, ओकलेर, ओकल्न, ओकल्दै, ओकलुन्जेल, ओकल्दाखेरि**-कृ.अ.। **ओकल्नू**-वि. । **ओकलून्**-इ. । **ओकल्ला**-स. । (स.क्रि.-भ्रष्टाचारी कर्मचारीले अनैतिक तबरले खाएको जनताको रकम ओकल्यो ।)

ओगट्नु-क्रि.मू.। **ओगट्**-आ.धा.। स.क्रि.; ओकट्नु । **ओगटाइ** (ओगट्+आइ)-भा.ना.। **ओगटाउनु** ।-प्रे.क्रि./स.क्रि.; ओकटाउनु । **ओगटाउ**-प्रे.धा. । **ओगटाइनु**-ओगटाउनुको क.क्रि. । **ओगटाइ**-क.प्रे.धा. । **ओगटिनु**-ओगट्नुको क.क्रि. । **ओगटी, ओगटेर, ओगट्न, ओगट्दै, ओगटुन्जेल, ओगट्दाखेरि**-कृ.अ. । **ओगट्नू**-वि. । **ओगटून्**-इ. । **ओगट्ला**-स. । (स.क्रि.-त्यो मोटो मान्छेले डबल ओछ्यान पूरै ओगट्यो ।)

ओछाउनु-क्रि.मू. । **ओछाउ**-आ.धा. । अ.क्रि.; जाँगर मर्नु, सुस्ताउनु, अल्छी बन्नु । **ओछाइ** (ओछाउ+आइ)-भा.ना.। **ओछाइनु** -ओछाउनुको भा.क्रि. । **ओछाइ**-भा.धा. । **ओछाई, ओछाएर, ओछाउन, ओछाउँदै, ओछाउन्जेल, ओछाउँदाखेरि**-कृ.अ. । **ओछाउनू**-वि. ।

ओछाऊन्-इ. । **ओछाउला**-स. । (अ.क्रि.-त्यो व्यक्ति आफ्नो मतको विश्लेषण गर्न ओछायो ।)

ओछिनु-क्रि.मू. । **ओछि**-आ.धा. । अ.क्रि.; मुनितिर पर्नु, पाउ पर्नु, बिछिनु, सोत्रिनु, छरिनु । **ओछ्याइ** (ओछि+आइ)-भा.ना. । **ओछ्याउनु**-प्रे.क्रि./स.क्रि. फिंजाउनु, पसार्नु, विछ्याउनु । **ओछ्याउ**-प्रे.धा. । **ओछ्याइनु**-ओछ्याउनुको क.क्रि. । **ओछ्याइ**-भा.प्रे.धा. । **ओछिइनु**-ओछिनुको भा.क्रि. । **ओछिइ**-भा.धा. । **ओछिई, ओछिएर, ओछिन, ओछिँदै, ओछिउन्जेल, ओछिदांदेरि**-कृ.अ. । **ओछ्याई, ओछ्याएर, ओछ्याउन, ओछ्याउँदै, ओछ्याउन्जेल, ओछ्याउँदाखेरि**-कृ.अ. । **ओछिनू/ओछ्याउनू**-वि.। **ओछिऊन्/ओछ्याऊन्**-इ.। **ओछेला/ओछ्याउला**-स. । (अ.क्रि.-धेरै योद्धाहरू युद्धको मैदानमा ओछिए ।)

ओझाउनु-क्रि.मू. । **ओझाउ**-आ.धा. । स.क्रि.; आगाको आँच घटाउनु,आगाको राप कम गर्नु । अ.क्रि.; । आगाको आँच कम हुनु, ओझिनु । **ओझाइ** (ओझाउ+आइ)-भा.ना.। **ओझाइनु**-ओझाउनुको क.क्रि./भा.क्रि. । ओझाइ-क.धा./भा.धा.। **ओझाई, ओझाएर, ओझाउन, ओझाउँदै, ओझाउन्जेल, ओझाउँदाखेरि**-कृ.अ. । **ओझाउनू**-वि. । **ओझाऊन्** -इ. । **ओझाउला**-स. । (स.क्रि.-ढुण्डीराजले रसेटोमा आगो ओझायो । अ.क्रि.-चुलोमा आगो ओझायो ।)

ओझिनु-क्रि.मू.। **ओझि**-आ.धा.। अ.क्रि.; आँगाको आँच कम हुनु, मलिन हुनु, **ओझ्याइ** (ओझि+आइ)-भा.ना. । **ओझ्याउनु**-प्रे.क्रि./स.क्रि.; ओझिन लाउनु, ओझिने पार्नु । **ओझ्याउ**-प्रे.धा. । **ओझ्याइनु**-ओझ्याउनुको क.क्रि. । **ओझ्याइ**-क.धा. । **ओझिइनु**-ओझिनुको भा.क्रि. । **ओझिइ**-भा.धा. । **ओझिई, ओझिएर, ओझिन, ओझिँदै, ओझिउन्जेल, ओझिँदाखेरि**-कृ.अ. । **ओझिनू**-वि. । **ओझिऊन्**-इ. । **ओझेला**-स. । (अ.क्रि.-जङ्गलको अगो बल्ल-बल्ल ओझियो ।)

ओट्नु-क्रि.मू. । **ओट्**-आ.धा. । स.क्रि.; उइँटनु । **ओटाइ** (ओट्+आइ)-भा.ना. । **ओटाउनु**-प्रे.क्रि./स.क्रि.; **ओटाउ**-प्रे.धा. । **ओटाइनु**-ओटाउनुको क.क्रि. । **ओटाइ**-क.धा. । **ओटिनु**-ओट्नुको भा.क्रि. । **ओटि**-भा.धा. । **ओटी, ओटेर, ओट्न, ओट्दै, ओटुन्जेल, ओट्दाखेरि**-कृ.अ. । **ओट्नू**-वि. । **ओटून्**-इ. । **ओट्ला**-स. । (स.क्रि.-तिनीहरूले कपास ओटे) ।

ओडाल्नु-क्रि.मू. । **ओडाल्**-आ.धा. । स.क्रि.; मस्काउनु, हुँडल्नु । **ओडलाइ** (ओडाल्+आइ)-भा.ना. । **ओडालिनु**-ओडाल्नुको क.क्रि.। **ओडालि**-क.धा.। **ओडाली, ओडालेर, ओडाल्न, ओडाल्दै, ओडालुन्जेल, ओडाल्दाखेरि**-कृ.अ. । **ओडाल्नू**- वि. । **ओडालून्** -इ. । **ओडाल्ला**-स. । (स.क्रि.-त्यसले ढिँडो ओडाल्यो ।)

ओढ्नु-क्रि.मू. । **ओढ्**-आ.धा. । स.क्रि.; ओढ्नेले जीउ ढाक्नु, छाता आदिले शरीर बचाउनु । **ओढाइ** (ओढ्+आइ)-भा.ना. । **ओढाउनु**- प्रे.क्रि./स.क्रि.; ओढ्न लाउनु, ढाक्ने पार्नु । **ओढाउ**-प्रे.धा. । **ओढाइनु**-ओढाउनुको क.क्रि. । **ओढाइ**-क.प्रे.धा. । **ओढिनु**-ओढ्नुको क.क्रि. । **ओढि**-क.धा. । **ओढी, ओढेर, ओढ्न, ओढ्दै, ओढुन्जेल, ओढ्दाखेरि**-कृ.अ. । **ओढ्नू**-वि. । **ओढून्**-इ. । **ओढ्ला**-स. । (स.क्रि.-तिनले पछ्यौरा ओढिन् ।)

ओत्नु-क्रि.मू. । **ओत्**-आ.धा./स.क्रि.; घाम-वर्षाबाट सुरक्षित गर्नु । **ओताइ** (ओत्+आइ)-भा.ना. । **ओताउनु**-प्रे.क्रि./स.क्रि.; ओत्न लाउनु, ओत्ने पार्नु । **ओताउ**-प्रे.धा.। **ओताइनु**-ओताउनुको क.क्रि.। **ओताइ**-क.प्रे.धा.। **ओतिनु**-ओत्नुको क.क्रि. । **ओति**-क.धा. । **ओती, ओतेर, ओत्न, ओत्तै, ओतुन्जेल, ओत्दाखेरि**-कृ.अ.। **ओत्नू**-वि. । **ओतून्**-इ.। **ओत्ला**-स.। (स.क्रि.-छाताले पानी ओत्यो ।)

ओतिनु-क्रि.मू. । **ओति**-आ.धा. । अ.क्रि.; ओत लाग्नु, घाम-पानीबाट बच्न सुरक्षित ठाउँमा बस्नु । **ओत्याइ** (ओति+आइ)-भा.ना.। **ओत्याउनु**-प्रे.क्रि./स.क्रि.; ओतिने पार्नु, ओताउनु । **ओत्याउ**- प्रे.धा. । **ओत्याइनु** -ओत्याउनुको क.क्रि. । **ओत्याइ** -क.प्रे.धा. । **ओतिइनु**-ओतिनुको क.क्रि. । **ओतिइ**-क.धा. । **ओतिई, ओतिएर, ओतिन, ओतिँदै, ओतिउन्जेल, ओतिंदाखेरि**-कृ.अ. । **ओतिनू**-वि. । **ओतिऊन्**-इ. । **ओतेला**-स. । (अ.क्रि.-हामीहरू झरी परुन्जेल गोठमा ओतियौं ।)

ओथाउनु- क्रि.मू. । **ओथाउ**-आ.धा. । स.क्रि.; केही बेर सेलाउन दिनु, थरक मार्नु । अ.क्रि.; थरक मर्नु । **ओथाइ** (ओथाउ+आइ)-भा.ना.। **ओथाइनु**-ओथाउनुको क.क्रि./भा.क्रि. । **ओथाइ**-क.धा./भा.धा. । **ओथाई, ओथाएर, ओथाउन, ओथाउँदै, ओथाउन्जेल, ओथाउँदाखेरि**-कृ.अ. । **ओथाउनू**-वि. । **ओथाऊन्**-इ. । **ओथाउला**-स. । (स.क्रि.-मैले भात ओथाएँ । अ.क्रि.-कसौंडीमा पकाएको भात ओथायो ।)

ओथिनु-क्रि.मू. । **ओथि**-आ.धा. । अ.क्रि.; थरक मर्नु, सेलाउनु, पकाउँदा-पकाउँदैको भात आदि केहीबेर रहनु ।

ओथ्याइ (ओथि+आइ)-भा.ना. । **ओथ्याउनु** -प्रे.क्रि./स.क्रि.; ओथिने पार्नु, ओथिन लाउनु, ओथाउनु । **ओथ्याउ**-प्रे.धा.। **ओथ्याइनु**-ओथ्याउनुको क.क्रि.। **ओथ्याइ**-भा.प्रे.धा.। **ओथिइनु** -ओथिनुको भा.क्रि.। **ओथिइ**-भा.धा.। **ओथिई, ओथिएर, ओथिन, ओथिँदै, ओथिउन्जेल, ओथिंदाखेरि**-कृ.अ.। **ओथिनू**-वि.। **ओथिऊन्**-इ.। **ओथेला**-स. । (अ.क्रि.-भात ओथियो; अब पस्क ।)

ओथ्रनु-क्रि.मू. । **ओथ्र**-आ.धा. । स.क्रि.; बच्चा काढ्नु, चराले फुल छोपेर बस्नु, ओथारो बस्नु । **ओथ्राइ** (ओथ्र+आइ)-भा.ना. । **ओथ्राउनु**-प्रे.क्रि./स.क्रि.; ओथ्रा बस्न लाउनु । **ओथ्राउ**-प्रे.धा. । **ओथ्राइनु**-ओथ्राउनुको क.क्रि. । **ओथ्राइ**-क.प्रे.धा. । **ओथ्रिनु**-ओथ्रनुको क.क्रि. । **ओथ्रि**-क.धा. । **ओथ्री, ओथ्रेर, ओथ्रन, ओथ्रँदै, ओथ्रुन्जेल, ओथ्रँदाखेरि**-कृ.अ. । **ओथ्रनू**-वि. । **ओथ्रून्**-इ. । **ओथ्रला**-स. । (स.क्रि.-कुखुराले चल्ला ओथ्र्यो ।)

ओदार्नु -क्रि.मू.। **ओदार्**-आ.धा.। स.क्रि.; भताभुङ्ग पार्नु, भत्काउनु, खन्नु, खोस्रनु । **ओदराइ** (ओदार्+आइ) -भा.ना. । **ओदराउनु**-प्रे.क्रि./स.क्रि.; ओदार्न लाउनु । **ओदराउ**-प्रे.धा.। **ओदराइनु**-ओदराउनुको क.क्रि.। **ओदराइ**-क.प्रे.धा.। **ओदारिनु**-ओदार्नुको क.क्रि.। **ओदारि**-क.धा. । **ओदारी, ओदारेर, ओदार्न, ओदार्दै, ओदारुन्जेल, ओदार्दाखेरि**-कृ.अ.। **ओदार्नू**-वि.। **ओदारून्**-इ.। **ओदार्ला**-स. । (स.क्रि.-ती कर्मीहरूले पुरानो घर ओदारे ।)

ओदारिनु-क्रि.मू. । **ओदारि**-आ.धा. । अ.क्रि., भत्किनु, भताभुङ्ग पर्नु, खन्नु, खोस्रनु । **ओदर्‍याइ** (ओदारि+आइ)-भा.ना. । **ओदर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; ओदार्न लाउनु, ओदार्ने पार्नु, ओदराउनु । **ओदर्‍याउ**-प्रे.धा. । **ओदर्‍याइनु**-ओदर्‍याउनुको क.क्रि. । **ओदर्‍याइ**-भा.प्रे.धा. । **ओदारिइनु**-ओदारिनुको भा.क्रि. । **ओदारिइ**-भा.धा. । **ओदारिई, ओदारिएर, ओदारिन, ओदारिँदै, ओदारिउन्जेल, ओदारिंदाखेरि**-कृ.अ. । **ओदारिनू**-वि. । **ओदारिऊन्**-इ.। **ओदारेला**-स.। (अ.क्रि.-मुसलमानहरूको वावरी मस्जिद जगै सम्मन् ओदारियो ।)

ओबट्नु-क्रि.मू.। **ओबट्**-आ.धा.। स.क्रि.; जीउमा बुकुवा, पाउडर आदि लाउनु । **ओबटाइ** (ओबट्+आइ)-भा.ना. । **ओबटाउनु**-प्रे.क्रि./स.क्रि.; ओबट्ने काम गराउनु । **ओबटाउ**-प्रे.धा. । **ओबटाइनु**-ओबटाउनुको क.क्रि. । **ओबटाइ**-क.प्रे.धा. । **ओबटिनु**-ओबट्नुको क.क्रि. । **ओबटि**-क.धा. । **ओबटी, ओबटेर, ओबट्न, ओबट्दै, ओबटुन्जेल, ओबट्दाखेरि**-कृ.अ. । **ओबट्नू**-वि. । **ओबटून्**-इ. । **ओबट्ला**-स. । (स.क्रि. दुलाहाले आफ्नो जीउमा बुकुवा ओबट्यो ।)

ओबाउनु-क्रि.मू. । **ओबाउ** -आ.धा. । स.क्रि.; ओबानो पार्नु, ओबानो हुनु । अ.क्रि.; **ओबाइ** (ओबाउ+आइ)-भा.ना. । **ओबाइनु**-ओबाउनुको क.क्रि./भा.क्रि. । **ओबाइ** क.धा./भा.धा.। **ओबाई, ओबाएर, ओबाउन, ओबाउँदै, ओबाउन्जेल, ओबाउँदाखेरि**-कृ.अ.। **ओबाउनू**-वि.। **ओबाऊन्**-इ. । **ओबाउला**-स. । (स.क्रि.-मैले चिसा कपडाहरू ताप-यन्त्रमा राखेर ओबाएँ । अ.क्रि.-घाममा सुकाएका सबै कपडाहरू ओबाए ।)

ओभाउनु -क्रि.मू. । **ओभाउ**-आ.धा. । स.क्रि.; ओबानो पार्नु । अ.क्रि.; ओबानो हुनु । **ओभाइ** (ओभाउ+आइ)-भा.ना.। **ओभाइनु** - ओभाउनुको क.क्रि./भा.क्रि. । **ओभाइ**-क.धा./भा.धा. । **ओभाई, ओभाएर, ओभाउन, ओभाउँदै, ओभाउन्जेल, ओभाउँदाखेरि**-कृ.अ.। **ओभाउनू**-वि.। **ओभाऊन्**-इ. **ओभाउला**-स. । (स.क्रि.-मैले चिसाचित्रहरू ओभाएँ । अ.क्रि.-धेरै दिनपछि मात्र नयाँ घर ओभायो ।)

ओराल्नु-क्रि.मू. । **ओराल्**-आ.धा. । स.क्रि.; तलतिर ल्याउनु, झार्नु । **ओरलाइ** (ओराल्+आइ)-भा.ना.। **ओरालिनु**-ओराल्नुको क.क्रि.। **ओरालि**-क.धा.। **ओराली, ओरालेर, ओराल्न, ओराल्दै, ओरालुन्जेल, ओराल्दाखेरि**-कृ.अ.। **ओराल्नू**- वि. । **ओरालून्**-इ. । **ओराल्ला**-स. । (कुल्लीहरूले ट्रकबाट भारीहरू ओराले ।)

ओर्कनुफर्कनु-क्रि.मू.। **वर्कफर्क**-आ.धा. । अ.क्रि.; बराबर फर्कनु, ओर्कीफर्की गर्नु, ओल्टनुपल्टनु । **ओर्काइफर्काइ** (ओर्क+आइ)+(फर्क+आइ)-भा.ना. । **ओर्काउनुफर्काउनु**-प्रे.क्रि./स.क्रि.; ओल्टाउनुपल्टाउनु, ओर्कनेफर्कने पार्नु । **ओर्काउफर्काउ**-प्रे.धा.। **ओर्काइनुफर्काइनु**-ओर्काउनुफर्काउनुको क.क्रि.। **ओर्काइफर्काइ**-भा.प्रे.धा.। **ओर्किनुफर्किनु**-ओर्कनुफर्कनुको भा.क्रि. । **ओर्किफर्कि**-भा.धा. । **ओर्कीफर्की, ओर्केरफर्केर, ओर्कनफर्कन, ओर्कँदैफर्कँदै, ओर्कुन्जेलफर्कुन्जेल, ओर्कँदाखेरि फर्कँदाखेरि**-कृ.अ. । **ओर्कनूफर्कनू**-वि. । **ओर्कून्फर्कून्**-इ. । **ओर्कलाफर्कला**-स. । (अ.क्रि.-त्यो ओछ्यानमा बारम्बार ओर्क्योफर्क्यो ।)

ओर्लनु-क्रि.मू. । **ओर्ल**-आ.धा. । अ.क्रि.; तलतिर झर्नु, अवनति हुनु, उत्रनु, ओरालो लाग्नु । **ओर्लाइ** (ओर्ल+आइ)-भा.ना.। **ओर्लिनु**-ओर्लनुको भा.क्रि.। **ओर्लि**-

भा.धा. । **ओर्ली, ओर्लेर, ओर्लन, ओर्लँदै, ओर्लुन्जेल, ओर्लँदाखेरि**-कृ.अ. । **ओर्लनू**-वि. । **ओर्लून्**-इ. । **ओर्लला**-स. । (अ.क्रि.-बहिनी गीत गाउँदै भऱ्याङ ओर्ली ।)

ओर्ल्हनु-क्रि.मू.। **ओर्ल्ह**-आ.धा.। अ.क्रि.; हे. ओर्लनु । (अ.क्रि-आजकाल बजारभाउ ओर्ल्हो ।)

ओऱ्हाल्नु-क्रि.मू.। **ओऱ्हाल**-आ.धा.। स.क्रि.; हे. ओराल्नु । (स.क्रि.-लाहुरेले रेलबाट आफ्ना सबै सामान ओऱ्हाल्यो ।)

ओल्किनु-क्रि.मू.। **ओल्कि** -आ.धा.। स.क्रि.; विहेमा दमाईंहरूले जन्तीलाई बाजागाजा बजाई साथमा लिएर जानु । **ओल्क्याइ** (ओल्कि+आइ)-भा.ना. । **ओल्क्याउनु** प्रे.क्रि./स.क्रि.; ओल्किन लाउनु । **ओल्क्याउ**-प्रे.धा. । **ओल्क्याइनु**-ओल्क्याउनुको क.क्रि. । **ओल्क्याइ** -क.प्रे. धा. । **ओल्किइनु**-ओल्किनुको क.क्रि. । **ओल्किइ**-क.धा. । **ओल्किई, ओल्किएर, ओल्किन, ओल्किँदै, ओल्किउन्जेल, ओल्किंदाखेरि**-कृ.अ. । **ओल्किनू**-वि. । **ओल्किऊन्**-इ. । **ओल्केला**-स. । (स.क्रि.-दमाईहरूको नौ-ताले बाजाले ठूलो बरियाँतलाई ओल्क्यो ।)

ओल्चिनु-क्रि.मू.। **ओल्चि**-आ.धा.। अ.क्रि.; हेपेर वा होच्याएर कुरा गर्ने, अलग बनाउने हुनु, छुट्याउने हुनु । **ओल्च्याइ** (ओल्चि+आइ)-भा.ना.। **ओल्च्याउनु**-प्रे.क्रि./ स.क्रि.; ओल्चिने पार्नु । **ओल्च्याउ** -प्रे.धा. । **ओल्च्याइनु**-ओल्च्याउनुको क.क्रि.। **ओल्च्याइ**-भा.प्रे.धा. । **ओल्चिइनु**-ओल्चिनुको भा.क्रि. । **ओल्चिइ**-भा.धा. । **ओल्चिई, ओल्चिएर, ओल्चिन, ओल्चिँदै ओल्चिउन्जेल, ओल्चिंदाखेरि**-कृ.अ. । **ओल्चिनू**-वि. । **ओल्चिऊन्** -इ. । **ओल्चेला**-स.। (अ.क्रि.-शोभाखर ज्यादै टुप्पिएर ओल्चियो ।)

ओल्छनु-क्रि.मू. । **ओल्छ**-आ.धा. । अ.क्रि.; ओल्सनु, ओल्छिनु । **ओल्छाइ** (ओल्छ+आइ)-भा.ना. । **ओल्छाउनु**-प्रे.क्रि./स.क्रि.; ओल्साउनु, ओल्छ्याउनु । **ओल्छाउ** -प्रे.धा. । **ओल्छाइनु**- ओल्छाउनुको क.क्रि. । **ओल्छाइ**-भा.प्रे.धा.। **ओल्छिनु**- ओल्छनुको भा.क्रि. । **ओल्छि**-भा.धा.। **ओल्छी, ओल्छेर, ओल्छन, ओल्छँदै, ओल्छुन्जेल, ओल्छँदाखेरि**-कृ.अ. । **ओल्छनू**- वि. । **ओल्छून्**-इ. । **ओल्छला**-स. । (अ.क्रि.-फर्सी-मुन्टाको तरकारी केहीबेरमै ओल्छ्यो ।)

ओल्छिनु-क्रि.मू. । **ओल्छि** -आ.धा. । अ.क्रि.; घिउतेल तताई सागपात आदि ओइरिएपछि केही पाक्नु, ओल्सिनु । **ओल्छ्याइ** (ओल्छि+आइ)-भा.ना. । **ओल्छ्याउनु**-प्रे.क्रि./स.क्रि.; ओल्छिने पार्नु । **ओल्छ्याउ**-प्रे.धा.। **ओल्छ्याइनु**-ओल्छ्याउनुको क.क्रि. । **ओल्छ्याइ**-भा.प्रे.धा. । **ओल्छिइनु**-ओल्छिनुको भा.क्रि. । **ओल्छिइ**-भा.धा. । **ओल्छिई, ओल्छिएर, ओल्छिन, ओल्छिँदै, ओल्छिउन्जेल, ओल्छिंदाखेरि**-कृ.अ. । **ओल्छिनू**-वि. । **ओल्छिऊन्**-इ.। **ओल्छेला**-स.। (अ.क्रि.-तरकारी भरखर ओल्छियो; कतिबेरमा पाक्ने हो ।)

ओल्टनु-क्रि.मू. । **ओल्ट**-आ.धा. । अ.क्रि.; एकातिर फर्कनु, उल्टनु । **ओल्टाइ** (ओल्ट+आइ)-भा.क्रि. । **ओल्टाउनु**-प्रे.क्रि./स.क्रि.; ओल्टन लाउनु, उल्टाउनु । **ओल्टाउ**-प्रे.धा. । **ओल्टाइनु**-ओल्टाउनुको क.क्रि. । **ओल्टाइ**-भा.प्रे.धा. । **ओल्टिनु**- ओल्टनुको भा.क्रि.. । **ओल्टि**-भा.धा. । **ओल्टी, ओल्टेर, ओल्टन, ओल्टँदै, ओल्टुन्जेल, ओल्टँदाखेरि**-कृ.अ. । **ओल्टनू** -वि. । **ओल्टून्**-इ. । **ओल्टला**-स. । (अ.क्रि.-मेरो कोठाको भित्ते-पात्रो ओल्ट्यो ।)

ओल्टनुपल्टनु-क्रि.मू. । **ओल्टपल्ट**-आ.धा. । अ.क्रि.; ओर्कनुफर्कनु । **ओल्टाइपल्टाइ** (ओल्ट+आइ) + (पल्ट+आइ)-भा.ना.। **ओल्टाउनुपल्टाउनु**-प्रे.क्रि./स.क्रि.; ओल्टनेपल्टने पार्नु । **ओल्टाउपल्टाउ**-प्रे.धा.। **ओल्टाइनुपल्टाइनु**-ओल्टाउनुपल्टाउनुको क.क्रि.। **ओल्टाइपल्टाइ**-भा.प्रे.धा.। **ओल्टिनुपल्टिनु**-ओल्टनुपल्टनुको भा.क्रि.। **ओल्टिपल्टि**-भा.धा. । **ओल्टिईपल्टिई, ओल्टेरपल्टेर, ओल्टनपल्टन, ओल्टँदैपल्टँदै, ओल्टुन्जेलपल्टुन्जेल, ओल्टँदाखेरि-पल्टँदाखेरि**-कृ.अ. । **ओल्टनूपल्टनू**-वि. । **ओल्टून्पल्टून्**-इ. । **ओल्टलापल्टला**-स. । (अ.क्रि.-केटाकेटीहरू हरियो दुबोमाथि धेरैबेरसम्म ओल्टेपल्टे ।)

ओल्सनु/ओल्सिनु-क्रि.मू.। **ओल्स/ओल्सि**-आ.धा.। अ.क्रि.; ओल्छनु/ओल्छिनु । **ओल्साइ/ओल्स्याइ** (ओल्स+आइ/ओल्सि+आइ)-भा.ना. । **ओल्साउनु/ ओल्स्याउनु**-प्रे.क्रि./स.क्रि.; ओल्सने पार्नु, ओल्सिने बनाउनु । **ओल्साउ/ओल्स्याउ**-प्रे.धा. । **ओल्साइनु/ ओल्स्याइनु**-ओल्साउनु/ओल्स्याउनुको क.क्रि.। **ओल्साइ/ ओल्स्याइ**-भा.प्रे.धा.। **ओल्सिनु/ओल्सिइनु**-ओल्सनु/ ओल्सिनुको भा.क्रि.। **ओल्सि/ओल्सिइ** -भा.धा.। **ओल्सी/ ओल्सिई, ओल्सेर/ओल्सिएर, ओल्सन/ओल्सिन, ओल्सँदै/ ओल्सिँदै, ओल्सुन्जेल/ओल्सिउन्जेल, ओल्सँदाखेरि/ ओल्सिंदाखेरि**-कृ.अ. । **ओल्सनू/ओल्सिनू**- वि. । **ओल्सून्/ओल्सिऊन्**-इ. । **ओल्सला/ओल्सेला**-स. । (अ.क्रि.-सागको तरकारी ओल्स्यो तर बन्दा-परबरको

ओसराउनु-क्रि.मू. । **ओसराउ**-आ.धा. । अ.क्रि.; गाई, भैंसी आदिले साहा खोज्न लाग्नु, खेदिनु, सेपिनु । **ओसराइ** (ओसराउ+आइ)-भा.ना. । **ओसराइनु**-ओसराउनुको भा.क्रि. । **ओसराइ**-भा.धा. । **ओसराई, ओसराएर, ओसराउन, ओसराउँदै, ओसराउन्जेल, ओसराउँदाखेरि**-कृ.अ. । **ओसराउनू**-वि. । **ओसराऊन्**-इ. । **ओसराउला**-स. । (अ.क्रि.-खरीबोटे ठाहिंलाको गाजुगाई ओसरायो; नजिकमा ठेड बहर-गोरु छैन ।)

ओसाउनु-क्रि.मू.। **ओसाउ**-आ.धा.। अ.क्रि.; ओसिलो हुनु, चिसो हुनु, ढाडिनु । **ओसाइ** (ओसाउ+आइ)-भा.ना.। ओसाइनु-ओसाउनुको भा.क्रि.; ओसाएको होइनु । ओसाइ-भा.धा.। **ओसाई, ओसाएर, ओसाउन, ओसाउँदै, ओसाउन्जेल, ओसाउँदाखेरि**-कृ.अ.। **ओसाउनू**-वि.। **ओसाऊन्**-इ.। **ओसाउला**-स.। (अ.क्रि.-पुस-माघको याममा मेरो उत्तर फर्केको बिछ्यौना-कोठा ज्यादै ओसायो ।)

ओसार्नु-क्रि.मू.। **ओसार्**-आ.धा.। स.क्रि.; मालताल आदि खेप गरेर बोक्नु । **ओसराइ** (ओसार्+आइ)-भा.ना.। **ओसारिनु**-ओसार्नुको क.क्रि.। **ओसारि**-क.धा.। **ओसारी, ओसारेर, ओसार्न, ओसार्दै, ओसारुन्जेल, ओसार्दाखेरि**-कृ.अ.। **ओसार्नू**-वि.। **ओसारून्** -इ.। **ओसार्ला**-स.। (स.क्रि.- कुल्लीहरूले धेरै माल-ताल ओसारे ।)

ओसिनु-क्रि.मू.। **ओसि**-आ.धा.। अ.क्रि.; ओसाउनु । **ओस्याइ** (ओसि+आइ)-भा.ना.। **ओस्याउनु** -प्रे.क्रि./स.क्रि.; ओसाउनु, ओसाउन लाउनु । **ओस्याउ**-प्रे.धा.। **ओस्याइनु**-ओस्याउनुको क.क्रि.। **ओस्याइ**-भा.प्रे.धा.। **ओसिइनु**-ओसिनुको भा.क्रि.। **ओसिइ**-भा.धा.। **ओसिई, ओसिएर, ओसिन, ओसिंदै, ओसिउन्जेल, ओसिंदाखेरि**-कृ.अ.। **ओसिनू**-वि.। **ओसिऊन्**-इ.। **ओसेला**-स.। (अ.क्रि.-बिस्कुन साँझ परेपछि ओसियो ।)

औ

औँटर्नु-क्रि.मू.। **औँटर्**-आ.धा.। स.क्रि.; औँटारेर सिउने काम गर्नु । **औँटराइ** (औँटर्+आइ)-भा.ना.। **औँटराउनु**-प्रे.क्रि./स.क्रि.; औँटर्न लाउनु । **औँटराउ**-प्रे.धा.। **औँटराइनु**-औँटराउनुको क.क्रि.। **औँटराइ**-क.प्रे.धा.। **औँटरिनु**-औँटर्नुको क.क्रि.। **औँटरि**-क.धा.। **औँटरी, औँटरेर, औँटर्न, औँटर्दै, औँटरुन्जेल, औँटर्दाखेरि**-कृ.अ.। **औँटर्नू**-वि.। **औँटरून्**-इ.। **औँटर्ला**-स.। (स.क्रि.-दर्जीले कपडा औँटऱ्यो ।)

औँटार्नु-क्रि.मू.। **औँटार्**-आ.धा.। स.क्रि.; **औँटर्नु** । **औँटराइ** (औँटार्+आइ)-भा.ना.। **औँटारिनु**-औँटार्नुको क.क्रि.। **औँटारि**-क.धा.। **औँटारी, औँटारेर, औँटार्न, औँटार्दै, औँटारुन्जेल, औँटार्दाखेरि**-कृ.अ.। **औँटार्नू**-वि.। **औँटारून्**-इ.। **औँटार्ला**-स.। (स.क्रि.-मदिशेले सिरकको खोल औँटाऱ्यो ।)

औँल्याउनु-क्रि.मू.। **औँल्याउ** -आ.धा.। स.क्रि.; औंलाले देखाउनु, संकेत गर्नु । **औँल्याइ** (औँल्याउ+आइ)-भा.ना.। **औँल्याइनु**-औँल्याउनुको क.क्रि.। **औल्याइ**-क.धा.। **औँल्याई, औँल्याएर, औँल्याउन, औँल्याउँदै, औँल्याउन्जेल, औँल्याउँदाखेरि**-कृ.अ.। **औँल्याउनू**-वि.। **औँल्याऊन्**-इ.। **औँल्याउला**-स.। (स.क्रि.-एउटा विद्यार्थीले टाढैबाट मलाई औँल्यायो ।)

औताउनु-क्रि.मू.। **औताउ**-आ.धा.। अ.क्रि.; के होला भनी चिन्ता लिनु, आत्तिनु, उत्कण्ठित हुनु । **औताइ** (औताउ+आइ)-भा.ना.। **औताइनु**-औताउनुको भा.क्रि.। **औताइ**-भा.धा.। **औताई, औताएर, औताउन, औताउँदै, औताउन्जेल, औताउँदाखेरि**-कृ.अ.। **औताउनू**-वि.। **औताऊन्**-इ.। **औताउला**-स.। (अ.क्रि.-ती युगल दम्पती ‘युगदेखि युगसम्म’ हेर्नका निमित्त औताए ।)

औलिनु-क्रि.मू.। **औलि** - आ.धा.। अ.क्रि.; औल लाग्ने हुनु, औलो लाग्नु गर्मी बढ्नु । **औल्याइ** (औलि+आइ)-भा.ना.। **औल्याउनु**- प्रे.क्रि./स.क्रि.; औलिने पार्नु । **औल्याउ**-प्रे.धा.। । **औल्याइनु**- औल्याउनुको क.क्रि । **औल्याइ**-भा.प्रे.धा.। **औलिइनु**-औलिनुको भा.क्रि.। **औलिइ**-भा.धा.। **औलिई, औलिएर, औलिन, औलिंदै, औलिउन्जेल, औलिंदाखेरि**-कृ.अ.। **औलिनू**-वि.। **औलिऊन्**-इ.। **औलेला**-स.। (अ.क्रि.-रूखपात मासिदै गएपछि पहाडका धेरै जग्गाहरू आजकाल औलिए ।)

क

कक्रनु-क्रि.मू.। **कक्र**-आ.धा.। अ.क्रि.; कठ्याङ्ग्रिनु, कक्रक्क पर्नु, चलमल नगर्ने हुनु । **कक्राइ** (कक्र+आइ)-भा.ना.। **कक्राउनु**- प्रे.क्रि./स.क्रि.; कक्रने गराउनु, कक्राउनु, कक्रक्क पार्नु । **कक्राउ**-प्रे.धा.। **कक्राइनु**-

कक्राउनुको क.क्रि.। **कक्राइ**-भा.प्रे.धा.। **कक्रिनु**-कक्रनुको भा.क्रि.। **कक्रि**-भा.धा.। **कक्री, कक्रेर, कक्रन, कक्रँदै, कक्रुन्जेल, कक्रँदाखेरि**-कृ.अ.। **कक्रनू**-वि.। **कक्रून्**-इ.। **कक्रला**-स.। (अ.क्रि.-त्यो भिखारी जाडोमा कक्र्यो ।)

कक्रिनु-क्रि.मू.। **कक्रि**-आ.धा.। अ.क्रि.; कक्रनु । **कक्र्याइ** (कक्रि+आइ)-भा.ना.। **कक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; कक्राउनु । **कक्र्याउ**-प्रे.धा.। **कक्र्याइनु**-कक्र्याउनुको क.क्रि.। **कक्र्याइ**-भा.प्रे.धा.। **कक्रिइनु**-कक्रिनुको भा.क्रि.। **कक्रिइ**-भा.धा.। **कक्रिई, कक्रिएर, कक्रिन, कक्रिँदै, कक्रिउन्जेल, कक्रिंदाखेरि**-कृ.अ.। **कक्रिनू**- वि.। **कक्रिऊन्**-इ.। **कक्रेला**-स.। (अ.क्रि.-दिनभरको यात्रापछि मेरो शरीर कक्रियो ।)

कचकचाउनु-क्रि.मू.। **कचकचाउ**- आ.धा.। अ.क्रि./स.क्रि.; कचकच गर्नु, फतफताउनु, झिंज्याउनु । **कचकचाइ** (कचकचाउ+आइ)-भा.ना.। **कचकचाइनु** -कचकचाउनुको भा.क्रि./क.क्रि.। **कचकचाइ** -भा.धा.। क.धा.। **कचकचाई, कचकचाएर, कचकचाउन, कचकचाउँदै, कचकचाउन्जेल, कचकचाउँदाखेरि**-कृ.अ.। **कचकचाउनू**-वि.। **कचकचाऊन्** -इ.। **कचकचाउला**-स.। (स.क्रि.-ती बाइफाले सासूले बुहारीलाई कचकचाइन् । अ.क्रि.-त्यो रक्सीबाज खूब कचकचायो ।)

कचपचिनु-क्रि.मू.। **कचपचि**-आ.धा.। अ.क्रि.; कचमचिनु। **कचपच्याइ** (कचपचि+आइ)-भा.ना.। **कचपच्याउनु**-प्रे.क्रि./स.क्रि.; कचपचिने पार्नु । **कचपच्याउ**-प्रे.धा.। **कचपच्याइनु**-कचपच्याउनुको क.क्रि.। **कचपच्याइ**-भा.प्रे.धा.। **कचपचिइनु**-कचपचिनुको भा.क्रि.। **कचपचिइ**-भा.धा.। **कचपचिई, कचपचिएर, कचपचिन, कचपचिँदै, कचपचिउन्जेल, कचपचिंदाखेरि**-कृ.अ.। **कचपचिनू**-वि.। **कचपचिऊन्**-इ.। **कचपचेला**-स.। दाउरा राम्ररी नबलेकोले चुल्होमा बसालेको भात कचपचियो ।

कचमचिनु-क्रि.मू.। **कचमचि**-आ.धा.। अ.क्रि.; गडबडिनु, अचकल्टो हुनु । **कचमच्याइ** (कचमचि+आइ)-भा.ना.। **कचमच्याउनु**-प्रे.क्रि./स.क्रि.; कचमचिने गराउनु, अचकल्टो पार्नु । **कचमच्याउ** -प्रे.धा.। **कचमच्याइनु** -कचमच्याउनुको क.क्रि.। **कचमच्याइ**-भा.प्रे.धा.। **कचमचिइनु**-कचमचिनुको भा.क्रि.। **कचमचिइ**-भा.धा.। **कचमचिई, कचमचिएर, कचमचिन, कचमचिँदै, कचमचिउन्जेल, कचमचिंदाखेरि**-कृ.अ.। **कचमचिनू**-वि.। **कचमचिऊन्**-इ.। **कचमचेला** -स.। (अ.क्रि.-आजकाल मानिस र वातावरण बीचको अन्तर सम्बन्ध कचमचियो ।)

कचल्टिनु-क्रि.मू.। **कचल्टि**-आ.धा.। अ.क्रि.; अचकल्टो पर्नु, कचल्टो हुनु । **कचल्ट्याइ** (कचल्टि+आइ)-भा.ना.। **कचल्ट्याउनु**-प्रे.क्रि./स.क्रि. कचल्टो पार्नु, अधकल्चो गराउनु । **कचल्ट्याउ**-प्रे.धा.। **कचल्ट्याइनु**-कचल्ट्याउनुको क.क्रि.। **कचल्ट्याइ**-भा.प्रे.धा.। **कचल्टिइनु**-कचल्टिनुको भा.क्रि.। **कचल्टिइ**-भा.धा.। **कचल्टिई, कचल्टिएर, कचल्टिन, कचल्टिँदै, कचल्टिउन्जेल, कचल्टिंदाखेरि**-कृ.अ.। **कचल्टिनू**- वि.। **कचल्टिऊन्**-इ.। **कचल्टेला**-स.। (अ.क्रि.-राम्ररी नचलाउनाले हाँडीमा भुटेको मकै कचल्टियो ।)

कचेट्नु-क्रि.मू.। **कचेट्**-आ.धा.। स.क्रि.; बलजफतीसँग बसाउनु वा पठाउनु । **कचेटाइ** (कचेट्+आइ)-भा.ना.। **कचेटाउनु**-प्रे.क्रि./स.क्रि.; कचेटोमा पार्नु, कचेट्न लाउनु । **कचेटाउ** -प्रे.धा.। **कचेटाइनु**-कचेटाउनुको क.क्रि.। **कचेटाइ**-क.प्रे.धा.। **कचेटिनु**-कचेट्नुको क.क्रि.। **कचेटि**-क.धा.। **कचेटी, कचेटेर, कचेट्न, कचेट्दै, कचेटुन्जेल, कचेट्दाखेरि**-कृ.अ.। **कचेट्नू**-वि.। **कचेटून्**-इ.। **कचेट्ला**-स.। (स.क्रि.-पण्डितले आफ्नी छोरीलाई बेलैमा उनको दुलाहाका घरमा कचेटे ।)

कचेटिनु-क्रि.मू.। **कचेटि**-आ.धा.। अ.क्रि.; कचेटोमा पर्नु, थच्चिनु । **कचेट्याइ** (कचेटि+आइ)-भा.ना.। **कचेट्याउनु**-प्रे.क्रि./स.क्रि.; कचेटोमा पार्नु । **कचेट्याउ**-प्रे.धा.। **कचेट्याइनु**-कचेट्याउनुको क.क्रि.। **कचेट्याइ**-भा.प्रे.धा.। **कचेटिइनु**-कचेटिनुको भा.क्रि.। **कचेटिइ**-भा.धा.। **कचेटिई, कचेटिएर, कचेटिन, कचेटिँदै, कचेटिउन्जेल, कचेटिंदाखेरि**-कृ.अ.। **कचेटिनू**-वि.। **कचेटिऊन्**-इ.। **कचेटेला**-स.। (अ.क्रि.-पंचायती शासनमा नेपाली जनता खूब कचेटिए ।)

कचोट्नु-क्रि.मू.। **कचोट्**-आ.धा.। अ.क्रि.; कसैको नराम्रो व्यवहारले मन दुख्नु वा मन कोतर्नु-**कचोटाइ** (कचोट्+आइ)-भा.ना.। **कचोटाउनु**-प्रे.क्रि./स.क्रि.; कचोट्न लाउनु, कचोट्ने पार्नु । **कचोटाइनु**-कचोटाउनुको क.क्रि.। **कचोटाइ**-भा.प्रे.धा.। **कचोटिनु** -कचोट्नुको भा.क्रि.। **कचोटि**-भा.धा.। **कचोटिई, कचोटेर, कचोट्न, कचोट्दै, कचोटुन्जेल, कचोट्दाखेरि**-कृ.अ.। **कचोट्नू**-वि.। **कचोटून्**-इ.। **कचोट्ला**-स.। (अ.क्रि.-शोभाखरले साहू साहिंलालाई साऱ्हो कचोट्यो ।)

कच्चिनु-क्रि.मू.। **कच्चि**-आ.धा.। अ.क्रि.; थुप्रिनु, थच्चिनु, कुर्चिनु । **कच्च्याइ** (कच्चि+आइ) भा.ना.। **कच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; थच्च्याउनु, कच्चिन

लाउनु । **कच्च्याउ**-प्रे.धा.। **कच्च्याइनु**-कच्च्याउनुको क.क्रि.। **कच्च्याइ**-भा.प्रे.धा.। **कच्चिइनु**- कच्चिनुको भा.क्रि.। **कच्चिइ**-भा.धा.। **कच्चिई, कच्चिएर, कच्चिन, कच्चिँदै, कच्चिउन्जेल, कच्चिंदाखेरि**-कृ.अ.। **कच्चिनू**-वि.। **कच्चिऊन्**-इ.। **कच्चेला**-स.। (अ.क्रि.-त्यो फटाहा पोल खुलेपछि बल्ल कच्चियो ।)

कच्चेट्नु-क्रि.मू.। **कच्चेट्**-आ.धा.। स.क्रि.; हे. कचेट्नु । (स.क्रि.-साहूले नोकरलाई कच्चेट्यो ।)

कच्चेटिनु-क्रि.मू.। **कच्चेटि**-आ.धा.। अ.क्रि.; हे. कचेटिनु । (अ.क्रि.-लाहुरे शैनिकको कडा नियममा कच्चेटियो ।)

कजाउनु-क्रि.मू.। **कजाउ** -आ.धा.। स.क्रि.; काममा लदाउनु, आफ्नो हैकममा ल्याउनु, ऐंचमा पार्नु । **कजाइ** (कजाउ+आइ)-भा.ना.। **कजाइनु**-कजाउनुको क.क्रि.। **कजाइ**-क.धा.। **कजाई, कजाएर, कजाउन, कजाउँदै, कजाउन्जेल, कजाउँदाखेरि**-कृ.अ.। **कजाउनू** -वि.। **कजाऊन्**-इ.। **कजाउला**-स.। (स.क्रि.; सासूले बुहारीलाई खूब कजाइन् ।)

कजिनु-क्रि.मू.। **कजि**-आ.धा.। अ.क्रि.; काममा जोतिनु, अरूको हैकममा लदिनु, अरूको वशमा पर्नु । **कज्याइ** (कजि+आइ)-भा.ना.। **कज्याउनु**-प्रे.क्रि./स.क्रि.; काजमा ल्याउनु, वशमा पार्नु । **कज्याउ**-प्रे.धा.। **कज्याइनु** - कज्याउनुको क.क्रि.। **कज्याइ** -भा.प्रे.धा.। **कजिइनु**- कजिनुको भा.क्रि.। **कजिइ** -भा.धा.। **कजिई, कजिएर, कजिन, कजिँदै, कजिउन्जेल, कजिंदाखेरि**-कृ.अ.। **कजिनू**-वि.। **कजिऊन्**-इ.। **कजेला**-स.। (अ.क्रि.;-गाडामा हालिएका गोरुहरू खूब कजिए ।)

कट्नु-क्रि.मू.। **कट्**-आ.धा.। अ.क्रि.; सिद्धिनु, टाढा पुग्नु, नदेखिने हुनु, बिक्रीमा राखिएका माल सामान सिद्धिनु । **कटाइ** (कट्+आइ)-भा.ना.। **कटाउनु**-प्रे.क्रि/स.क्रि.; कट्न लाउनु, कट्ने बनाउनु । **कटाउ**-प्रे.धा.। **कटाइनु**-कटाउनुको क.क्रि.। **कटाइ**-क.धा.। **कटिनु**-कट्नुको भा.क्रि.। **कटि** -भा.धा.। **कटी, कटेर, कट्न, कट्तै, कटुन्जेल, कट्दाखेरि**-कृ.अ.। **कट्नू**-वि.। **कटून्**-इ.। **कट्ला**-स.। (अ.क्रि.-धीरबहादुरको पसलका सबै सामान कटे ।)

कट्कनु-क्रि.मू.। **कट्क**-आ.धा.। अ.क्रि.; कड्कनु, कटकटाउनु, कटकट गरी घिउ-तेल तात्नु । **कट्काइ** (कट्क+आइ)-भा.ना.।**कट्काउनु**-प्रे.क्रि./स.क्रि.; कट्कन दिनु, कट्कन लगाउनु । **कट्काउ** -प्रे.धा.। **कट्काइनु**-कट्काउनुको क.क्रि.। **कट्काइ** -भा.प्रे.धा.। **कट्किनु**-कट्कनुको भा.क्रि.। **कट्कि** -भा.धा.। **कट्की, कट्केर, कट्कन, कट्कँदै, कट्कुन्जेल, कट्कँदाखेरि**-कृ.अ.। **कट्कनू**-वि.। **कट्कून्**-इ.। **कट्कला**-स. (अ.क्रि.-कराहीमा बसाएको तेल कट्क्यो ।)

कट्किनु-क्रि.मू.। **कट्कि** -आ.धा.। अ.क्रि., कट्कनु, कड्किनु । **कट्क्याइ** (कटकि+आइ)-भा.ना.। **कट्क्याउनु**-प्रे.क्रि./स.क्रि.; कट्काउनु । **कट्क्याउ**-प्रे.धा.। **कट्क्याइनु**-कट्क्याउनुको क.क्रि.। **कट्क्याइ** -भा.प्रे.धा.। **कट्किइनु**- कट्किनुको भा.क्रि.। **कट्किइ** -भा.धा.। **कट्किई, कट्किएर, कट्किन, कट्किँदै, कट्किउन्जेल, कट्किंदाखेरि**-कृ.अ.। **कट्किनू**-वि.। **कट्किऊन्**-इ.। **कट्केला**-स.। (अ.क्रि.-नन्दलाल हर्क बहादुरसँग कट्कियो ।)

कठाङ्ग्रिनु-क्रि.मू.। **कठाङ्ग्रि**-आ.धा.। अ.क्रि.; कक्रिनु, काठिनु, गँगरिनु । **कठङ्ग्र्याइ** (कठाङ्ग्रि+आइ)-भा.ना.। **गठङ्ग्र्याउनु**-प्रे.क्रि./स.क्रि.; कठाङ्ग्रिने पार्नु, कत्त:याउनु । **कठङ्ग्र्याउ**-प्रे.धा.। गठङ्ग्र्याइनु - गठङ्ग्र्याउनुको क.क्रि.। **कठङ्ग्र्याइ**-भा.प्रे.धा.। **कठाङ्ग्रिइनु**-कठाङ्ग्रिनुको भा.क्रि.। **कठाङ्ग्रिइ**-भा.धा.। **कठाङ्ग्रिई, कठाङ्ग्रिएर, कठाङ्ग्रिन, कठाङ्ग्रिँदै, कठाङ्ग्रिउन्जेल, कठाङ्ग्रिंदाखेरि**-कृ.अ.। **कठाङ्ग्रिनू**-वि.। **कठाङ्ग्रिऊन्**-इ. । **कठाङ्ग्रेला** -स.। (अ.क्रि.-माघको जाडोमा हात कठाङ्ग्रियो ।)

कटकटाउनु-क्रि.मू.। **कटकटाउ** -आ.धा.। अ.क्रि.; घिउतेल कटकट शब्द आउने गरी पाक्नु, निद्रामा वा रिसले दाह्रा किट्नु । **कटकटाइ** (कटकटाउ+आइ)-भा.ना.। **कटकटाइनु**-कटकटाउनुको भा.क्रि.। **कटकटाइ**-भा.धा.। **कटकटाई, कटकटाएर, कटकटाउन, कटकटाउँदै, कटकटाउन्जेल, कटकटाउँदाखेरि**-कृ.अ.। **कटकटाउनू**-वि.। **कटकटाऊन्**- इ.। **कटकटाउला** -स.। (अ.क्रि.-निद्रामा फणीन्द्रको दाह्रा कटकटायो ।)

कटकटिनु-क्रि.मू.। **कटकटि** -आ.धा.। अ.क्रि.; मयल आदि लेस्याइलो वस्तु टाँसिएर सुक्नु, ठर्रो हुनु । **कटकट्याइ** (कटकटि+आइ)-भा.ना.। **कटकट्याउनु**-प्रे.क्रि./स.क्रि.; कटकटिने पार्नु । **कटकट्याउ**-प्रे.धा.। **कटकट्याइनु**-कटकट्याउनुको क.क्रि.। **कटकट्याइ**-भा.प्रे.धा.। **कटकटिइनु**-कटकटिनुको भा.क्रि । **कटकटिइ**-भा.धा.। **कटकटिई, कटकटिएर, कटकटिन, कटकटिँदै, कटकटिउन्जेल, कटकटिंदाखेरि**-कृ.अ.। **कटकटिनू**-वि.। **कटकटिऊन्**-इ.। **कटकटेला** -स.।

(अ.क्रि.-कलाकारको कपडामा रङ कटकटियो ।)

कठिङ्ग्रिनु-क्रि.मू.। **कठिङ्ग्रि**-आ.धा.। अ.क्रि.; कठाङ्ग्रिनु । **कठिङ्ग्ग्राइ** (कठिङ्ग्रि+आइ)-भा.ना.। **कठिङ्ग्ग्राउनु**-प्रे.क्रि./स.क्रि.; कठ्याङ्ग्ग्राउनु । **कठिङ्ग्ग्राउ**-प्रे.धा.। **कठिङ्ग्ग्राइनु** -कठिङ्ग्ग्राउनुको क.क्रि.। **कठिङ्ग्ग्राइ**-भा.प्रे.धा.। **कठिङ्ग्रिइनु**-कठिङ्ग्रिनुको भा.क्रि.। **कठिङ्ग्रिइ**-भा.धा.। **कठिङ्ग्रिई, कठिङ्ग्रिएर,, कठिङ्ग्रिन, कठिङ्ग्रिँदै, कठिङ्ग्रिउन्जेल, कठिङ्ग्रिंदाखेरि**-कृ.अ.। **कठिङ्ग्रिनू**-वि.। **कठिङ्ग्रिऊन्**-इ.। **कठिङ्ग्रेला**-स.। (अ.क्रि.-मुक्तिनाथमा मेरो जीउ कठिङ्ग्रियो ।)

कठ्याङ्ग्रिनु-क्रि.मू.। **कठ्याङ्ग्रि**- आ.धा.। अ.क्रि.; कठाङ्ग्रिनु । **कठ्याङ्ग्ग्राइ** (कठ्याङ्ग्रि+आइ)-भा.ना.। **कठ्याङ्ग्ग्राउनु**-प्रे.क्रि./स.क्रि.; कठ्याङ्ग्रिने पार्नु, कक्रक्क बनाउनु । **कठ्याङ्ग्ग्राउ**-प्रे.धा.। **कठ्याङ्ग्ग्राइनु**-कठ्याङ्ग्ग्राउनुको क.क्रि.। **कठ्याङ्ग्ग्राइ**- भा.प्रे.धा.। **कठ्याङ्ग्रिइनु**-कठ्याङ्ग्रिनुको भा.क्रि.। **कठ्याङग्रिइ** -भा.धा.। **कठ्याङ्ग्रिई, कठ्याङ्ग्रिएर, कठ्याङ्ग्रिन, कठ्याङ्ग्रिँदै, कठ्याङ्ग्रिउन्जेल, कठ्याङ्ग्रिंदाखेरि**-कृ.अ.। **कठ्याङ्ग्रिनू**-वि.। **कठ्याङ्ग्रिऊन्**-इ.। **कठ्याङ्ग्रेला**-स.। (अ.क्रि.-दूधपोखरीमा डुबुल्कीमार्दा मेरो जीउ कठ्याङ्ग्रियो ।)

कड्कनु-क्रि.मू.। **कड्क**-आ.धा.। अ.क्रि.; ठूलो स्वरले रिसाएर बोल्नु, घिउ-तेल आदि पाक्नु । **कड्काइ** (कड्क+आइ)-भा.ना.। **कड्काउनु** - प्रे.क्रि./स.क्रि.; कट्काउनु । **कड्काउ**-प्रे.धा.। **कड्काइनु**-कड्काउनुको क.क्रि.। **कड्काइ**-भा.प्रे.धा.। **कड्किनु**-कड्कनुको भा.क्रि. /अ.क्रि.; कड्किने होइनु, कड्कनु । **कड्की, कड्केर, कड्कन, कड्कँदै, कड्कुन्जेल, कड्कँदाखेरि**-कृ.अ.। **कड्कनू**-वि.। **कड्कून्**-इ.। **कड्कला**-स.। (अ.क्रि.-मालिक नोकरसँग कड्क्यो ।)

कत्रनु-क्रि.मू.। **कत्र**-आ.धा.। स.क्रि.; कैंची, कतर्नु आदिले कपाल आदि काट्नु । **कत्राइ** (कत्र+आइ)-भा.ना.। **कत्राउ**-प्रे.धा.। **कत्राउनु**-प्रे.क्रि./स.क्रि.; कत्रन लाउनु । **कत्राइनु**-कत्राउनुको क.क्रि.। **कत्राइ** -क.प्रे.धा.। **कत्रिनु**-कत्रनुको क.क्रि.। **कत्रि** -क.धा.। **कत्री, कत्रेर, कत्रन, कत्रँदै, कत्रुन्जेल, कत्रँदाखेरि**-कृ.अ.। **कत्रनू**-वि.। **कत्रून्**-इ.। **कत्रला**-स.। (स.क्रि.-हजामले कपाल कत्र्यो ।)

कत्रिनु-क्रि.मू.। **कत्रि**-आ.धा.। स.क्रि.; **कत्रनु** । **कत्र्याइ** (कत्रि+आइ)-भा.ना.। **कत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; कत्रिन लाउनु । **कत्र्याउ**-प्रे.धा.। **कत्र्याइनु**-कत्र्याउनुको क.क्रि.। **कत्र्याइ**-क.प्रे.धा.। **कत्रिइनु**-कत्रिनुको क.क्रि.। **कत्रिइ**-क.धा.। **कत्रिई, कत्रिएर, कत्रिन, कत्रिँदै, कत्रिउन्जेल, कत्रिंदाखेरि**-कृ.अ.। **कत्रिनू**-वि.। **कत्रिऊन्**-इ.। **कत्रेला**-स.। (स.क्रि.-नाऊले रमेशको कपाल कत्रियो ।)

कथ्नु-क्रि.मू.। **कथ्**-आ.धा.। स.क्रि.; रचना गर्नु, कुरा अजमाउनु, कल्पना गर्नु । **कथाइ** (कथ्+आइ)-भा.ना.। **कथाउनु**-प्रे.क्रि./स.क्रि.; कथ्न लाउनु । **कथाउ**-प्रे.धा.। **कथाइनु**-कथाउनुको क.क्रि.। **कथाइ**-क.प्रे.धा.। **कथिनु**-कथ्नुको क.क्रि.। **कथि**-क.धा.। **कथी, कथेर, कथ्न, कथ्तै, कथुन्जेल, कथ्दाखेरि**-कृ.अ.। **कथ्नू**-वि.। **कथून्**-इ.। **कथ्ला**-स.। (स.क्रि.-भिक्षुले धेरै कथाहरू कथे ।)

कथुन्याउनु-क्रि.मू.। **कथुन्याउ**-आ.धा.। स.क्रि.; कुरा कथेर ठिक्क पार्नु, कुनै कामकुरामा कसैलाई अक्करमा पार्नु, अक्कन्याउनु । **कथुन्याइ** (कथुन्याउ+आइ)-भा.ना.। **कथुन्याइनु**-कथुन्याउनुको क.क्रि.। **कथुन्याइ**-क.धा.। **कथुन्याई, कथुन्याएर, कथुन्याउन, कथुन्याउँदै, कथुन्याउन्जेल, कथुन्याउँदाखेरि**-कृ.अ.। **कथुन्याउनू**-वि.। **कथुन्याऊन्**-इ.। **कथुन्याउला**-स.। (स.क्रि.-विजयले यदुलाई कथुन्यायो ।)

कन्नु-क्रि.मू.। **कन्**-आ.धा.। अ.क्रि.; रोग, पीडा आदिले गर्दा घाँटीबाट कष्टको शब्द निकाल्नु, सकी-नसकी भन्नु वा पढ्नु । **कनाइ** (कन्+आइ)-भा.ना.। **कनाउनु**-प्रे.क्रि./स.क्रि.; कन्न लाउनु । **कनाउ**-प्रे.धा.। **कनाइनु** -कनाउनुको क.क्रि.। **कनाइ**-भा.प्रे.धा.। **कनिनु**-कन्नुको भा.क्रि.। **कनि** -भा.धा.। **कनी, कनेर, कन्न, कन्दै, कनुन्जेल, कन्दाखेरि**-कृ.अ.। **कन्नू**-वि.। **कनून्**-इ.। **कन्ला**-स.। (अ.क्रि.-त्यो रोगी ठसठसी कन्यो ।)

कनिकिनु-क्रि.मू.। **कनिकि**-आ.धा.। अ.क्रि.; चामल आदि कुट्दा टुक्रिनु, कुटेर मसिनो हुनु, ढुटिनु । **कनिक्याइ** (कनिकि+आइ), (कनिक्याउ+आइ)-भा.ना.। **कनिक्याउनु**-प्रे.क्रि./स.क्रि.; कनिकिने पार्नु, कुटेर खँड्याउनु, मसिन्याउनु, धुल्याउनु । **कनिक्याउ**-प्रे.धा.। **कनिक्याइनु**-कनिक्याउनुको क.क्रि.। **कनिक्याइ**-भा.प्रे.धा.। **कनिकिइनु**-कनिकिनुको भा.क्रि.। **कनिकिइ**-भा.धा.। **कनिकिई, कनिकिएर, कनिकिन, कनिकिँदै, कनिकिउन्जेल, कनिकिंदाखेरि**-कृ.अ.। **कनिकिनू**-वि.। **कनिकिऊन्**-इ.। **कनिकेला**-स.। (अ.क्रि.-आज कुटेको धान ज्यादा कनिकियो ।)

कन्ठ्याउनु-क्रि.मू.। **कन्ठ्याउ** -आ.धा.। स.क्रि.;

घाँटीसम्म आउने गरी खानु, हसुर्नु, घिच्नु । **कन्ठ्याइ** (कन्ठ्याउ+आइ)-भा.क्रि.। **कन्ठ्याइनु**-कन्ठ्याउनुको क.क्रि.। **कन्ठ्याइ**-क.धा.। **कन्ठ्याई, कन्ठ्याएर, कन्ठ्याउन, कन्ठ्याउँदै, कन्ठ्याउन्जेल, कन्ठ्याउँदाखेरि**-कृ.अ.। **कन्ठ्याउनू**-वि.। **कन्ठ्याऊन्**-इ.। **कन्ठ्याउला**-स.। (स.क्रि.-तिनीहरूले भोजमा विभिन्न स्वादिला खानेकुराहरू खूब कन्ठ्याए ।)

कन्याउनु-क्रि.मू.। **कन्याउ**-आ.धा.। स.क्रि.; चिलाइ मार्नका निम्ति नङ आदिले कोर्नु वा कोतर्नु । **कन्याइ** (कन्याउ+आइ)-भा.ना.। **कन्याइनु**-कन्याउनुको क.क्रि.। **कन्याइ**-क.धा.। **कन्याई, कन्याएर, कन्याउन, कन्याउँदै, कन्याउन्जेल, कन्याउँदाखेरि**-कृ.अ.। **कन्याउनू**-वि.। **कन्याऊन्**-इ.। **कन्याउला**-स.। (स.क्रि.-मैले आफ्नै आङ कन्याएँ ।)

कप्नु-क्रि.मू.। **कप्**-आ.धा.। स.क्रि.; काठ, ढुङ्गा, धातु आदिमा बुट्टा भर्नु, कुद्नु, भित्र-भित्रै खन्नु, खोपी खेल्दा खाल्टो वारि थापिएको पैसाको लक्कुलाई नछुने गरी पारिको निर्दिष्ट पैसालाई मात्र छुने गरी घ्वाइँ वा ढ्याकले हिर्काउनु । **कपाइ** (कप्+आइ)-भा.ना.। **कपाउनु**-प्रे.क्रि./स.क्रि.; कप्न लाउनु । **कपाउ** -प्रे.धा.। **कपाइनु**-कपाउनुको क.क्रि.। **कपाइ** -क.प्रे.धा.। **कपिनु**-कप्नुको क.क्रि.। **कपि**-क.धा.। **कपी, कपेर, कप्न, कप्दै, कपुन्जेल, कप्दाखेरि** -कृ.अ.। **कप्नू**-वि.। **कपून्**-इ.। **कप्ला**-स.। (स.क्रि.- चम्पकमानले काठका खम्बामा राम्रा-राम्रा बुट्टाहरू कपे । मैले ढ्याकले लक्कुलाई कपें ।)

कप्टेरिनु-क्रि.मू.। **कप्टेरि**-आ.धा.। अ.क्रि.; बाँसआदि चिरिएर कप्टेरो पर्नु । **कप्टेर्याइ** (कप्टेरि+आइ) -भा.ना.। **कप्टेऱ्याउन‌ु** -प्रे.क्रि./स.क्रि.; कप्टेरा पार्नु । **कप्टेऱ्याउ**-प्रे.धा.। **कप्टेऱ्याइनु**- कप्टेऱ्याउनुको क.क्रि.। **कप्टेऱ्याइ**-भा.प्रे.धा.। **कप्टेरिइनु**-कप्टेरिनुको भा.क्रि.। **कप्टेरिइ**-भा.धा.। **कप्टेरिई, कप्टेरेर, कप्टेरिन, कप्टेरिंदै, कप्टेरिउन्जेल, कप्टेरिंदाखेरि** -कृ.अ.।**कप्टेरिनू**-वि.। **कप्टेरिऊन्**-इ.। **कप्टेरेला**-स.। (अ.क्रि.-निगालाहरू राम्रोसँग कप्टेरिए ।)

कप्प्याउनु-क्रि.मू.। **कप्प्याउ**-आ.धा.। स.क्रि.; गप्फा लगाएर खानु, कप्प खाएर निल्नु । **कप्प्याइ** (कप्प्याउ+आइ)-भा.ना.। **कप्प्याइनु**-कप्प्याउनुको क.क्रि.। **कप्प्याइ**-क.धा.। **कप्प्याई, कप्प्याएर, कप्प्याउन, कप्प्याउँदै, कप्प्याउन्जेल, कप्प्याउँदाखेरि**-कृ.अ.। **कप्प्याउनू**-वि.। **कप्प्याऊन्**-इ.। **कप्प्याउला**-स.। (स.क्रि.-विष्णुले भोकों पेटमा मिठाई कप्प्यायो ।)

कप्ल्याउनु-क्रि.मू.। **कप्ल्याउ**-आ.धा.। स.क्रि.; कप्लक्क खानु वा निल्नु । **कप्ल्याइ** (कप्ल्याउ+आइ)-भा.ना.। **कप्ल्याइनु**-कप्ल्याउनुको क.क्रि.। **कप्ल्याइ**-क.धा.। **कप्ल्याई, कप्ल्याएर, कप्ल्याउन, कप्ल्याउँदै, कप्ल्याउन्जेल, कप्ल्याउँदाखेरि**-कृ.अ.। **कप्ल्याउनू**-वि.। **कप्ल्याऊन्**-इ.। **कप्ल्याउला**-स.। (स.क्रि.-पर्यटकहरूले रानीपौवा होटेलमा बसेर ढिडो कप्लक्क कप्ल्याए ।)

कबुल्नु-क्रि.मू.। **कबुल्**-आ.धा.। स.क्रि.; कबुल गर्नु, प्रतिज्ञा गर्नु, स्वीकार गर्नु, मन्जुर गर्नु । **कबुलाइ** (कबुल् +आइ)-भा.ना.। **कबुलाउनु**-प्रे.क्रि./स.क्रि.; कबुल्न लाउनु, कबुल गराउनु । **बकुलाउ** -प्रे.धा.। **कबुलाइनु**-कबुलाउनुको क.क्रि.। **कबुलाइ**-क.प्रे.धा.। **कबुलिनु**-कबुल्नुको क.क्रि.। **कबुलि** -क.धा.। **कबुली, कबुलेर, कबुल्न, कबुल्दै, कबुलुन्जेल, कबुल्दाखेरि**-कृ.अ.। **कबुल्नू**-वि.। **कबुलून्**-इ.। **कबुल्ला**-स.। (स.क्रि.-तिनीहरूले देशसेवा गर्नलाई बाचा कबुले ।)

कबोल्नु-क्रि.मू.। **कबोल्**-आ.धा.। स.क्रि.; हे. कबुल्नु । (स.क्रि.-सरकारले देशको विकास गर्ने ठेक्का कबोल्यो ।)

कमाउनु-क्रि.मू.। **कमाउ**-आ.धा.। स.क्रि.; हल्लाउनु, आम्दानी गर्नु, आर्जन गर्नु, जग्गा-जमीनमा बाली-नाली लगाउनु, गहना-गुरिया बनाउनु । **कमाइ** (कमाउ+आइ)-भा.ना.। **कमाइनु**-कमाउनुको क.क्रि.। **कमाइ**-क.धा.। **कमाई, कमाएर, कमाउन, कमाउँदै, कमाउन्जेल, कमाउँदाखेरि**-कृ.अ.। **कमाउनू**-वि.। **कमाऊन्**-इ.। **कमाउला**-स.। (स.क्रि.-मैले आफ्नो शरीर बेसरी कमाएँ । लामा दाइले चिन्ता गरेर मधौरूलाई धेरैबेरसम्म कमायो । सुनारले सुनका गहना कमायो । उसले साहूको खेत अधियाँ कमायो ।)

कम्लाउनु-क्रि.मू.। **कम्लाउ** -आ.धा.। स.क्रि.; पेट बोकाउनु, मैथुन गर्नु, रति गर्नु । अ.क्रि.; पेट बोक्नु, गर्भ धारण गर्नु । **कम्लाइ** (कम्लाउ+आइ)-भा.ना.। **कम्लाइनु**-कम्लाउनुको क.क्रि./भा.क्रि.। **कम्लाइ**-क.धा./भा.धा.। **कम्लाई, कम्लाएर, कम्लाउन, कम्लाउँदै, कम्लाउन्जेल, कम्लाउँदाखेरि**-कृ.अ.। **कम्लाउनू**-वि.। **कम्लाऊन्**-इ.। **कम्लाउला**-स.। (स.क्रि.-मङ्गलेले मालतीलाई कम्लायो । अ.क्रि.-मसारे साहिंलाको गाई कम्लायो ।)

कराउनु-क्रि.मू.। **कराउ**-आ.धा.। अ.क्रि.; ठूलो स्वरले बोल्नु, चिच्याउनु, उजुर गर्नु, कचकच गर्नु । **कराइ**

(कराउ+आइ)-भा.ना.। **कराइनु**-कराउनुको भा.क्रि.। **कराइ**-भा.धा.। **कराई, कराएर, कराउन, कराउँदै, कराउन्जेल, कराउँदाखेरि**-कृ.अ.। **कराउनू**-वि.। **कराऊन्**-इ.। **कराउला**-स.। (अ.क्रि.-हंसपुरे-गाँडा आफ्नो साधु लोग्नेको विरुद्ध अड्डामा गएर कराई ।)

करेट्नु-क्रि.मू.। **करेट्**-आ.धा.। स.क्रि.; अर्कालाई ज्यादै मर्का पार्नु, करौंतीले रेटेभैं रेट्नु । **करेटाइ** (करेट्+आइ)-भा.ना.। **करेटाउनु**-प्रे.क्रि./स.क्रि.; करेट्ने काम गराउनु, करेट्न लाउनु । **करेटाउ**-प्रे.धा.। **करेटाइनु**-करेटाउनुको क.क्रि.। **करेटाइ**-क.प्रे.धा.। **करेटिनु**-करेट्नुको क.क्रि.। **करेटि**-क.धा.। **करेटी, करेटेर, करेट्न, करेट्तै, करेटुन्जेल, करेट्दाखेरि**-कृ.अ.। **करेटिनू**-वि.। **करेटून्**-इ.। **करेट्ला**-स.। (स.क्रि.-हीरा मुखियाले कसैलाई पनि करेटेन ।)

करेप्नु-क्रि.मू.। करेप्-आ.धा.। स.क्रि.; अँठ्याउनु, करकापमा पार्नु, च्याखच्याखती पार्नु । **करेपाइ** (करेप्+आइ)-भा.ना.। **करेपाउनु**-प्रे.क्रि./स.क्रि.; करेप्न लाउनु । **करेपाउ**-प्रे.धा.। **करेपाइनु**-करेपाउनुको क.क्रि.। **करेपाइ**-क.प्रे.धा.। **करेपिनु**-करेप्नुको क.क्रि.। **करेपि**-क.धा.। **करेपी, करेपेर, करेप्न, करेप्दै, करेपुन्जेल, करेप्दाखेरि**-कृ.अ.। **करेप्नू**-वि.। **करेपून्**-इ.। **करेप्ला**-स.। स.क्रि.-पण्डित ठूलेले टोकनाथलाई खूबसँग करेप्यो ।)

कर्कनु-क्रि.मू.। **कर्क**-आ.धा.। अ.क्रि.; बाङ्गिनु, टेढिनु, कर्के हुनु, नदेखेभैं अर्कातिर लाग्नु । **कर्काइ** (कर्क+आइ)-भा.ना.। **कर्काउनु**- प्रे.क्रि./स.क्रि.; टेढो पार्नु, मर्काउनु, बङ्ग्याउनु । **कर्काउ**-प्रे.धा.। **कर्काइनु**-कर्काउनुको-क.क्रि.। **कर्काइ**-भा.प्रे.धा.। **कर्किनु**-कर्कनुको भा.क्रि.। **कर्कि**-भा.धा.। **कर्की, कर्केर, कर्कन, कर्कँदै, कर्कुन्जेल, कर्कँदाखेरि**-कृ.अ.। **कर्कनू**-वि.। **कर्कून्**-इ.। **कर्कला**-स.। (अ.क्रि.-महेश्वरलाई देखनासाथ विष्णु अर्कोतिर कर्क्यो ।)

कर्किनु-क्रि.मू.। **कर्कि**-आ.धा.। अ.क्रि.; कर्के हुनु, टेढिनु, बाङ्गिनु, कर्कनु । **कर्क्याइ** (कर्कि+आइ)-भा.ना.। **कर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; **कर्काउनु** । **कर्क्याउ**-प्रे.धा.। **कर्क्याइनु**-कर्क्याउनुको क.क्रि.। **कर्क्याइ**-भा.प्रे.धा.। **कर्किइनु**-कर्किनुको भा.क्रि । **कर्किइ** -भा.धा.। **कर्की, कर्केर, कर्किन, कर्किंदै, कर्किउन्जेल, कर्किंदाखेरि**-कृ.अ.। **कर्किनू**-वि.। **कर्किऊन्**-इ.। **कर्केला**-स.। (अ.क्रि. -तल्लोघर कान्छोको टौवाको मुनु बायाँतर्फ कर्कियो ।)

कलकलाउनु-क्रि.मू.। **कलकलाउ**-प्रे.धा.। अ.क्रि.; कलकल शब्द गर्दै बग्नु, हलक्क बढेको र राम्रो देखिने हुनु । **कलकलाइ** (कलकलाउ+आइ)-भा.ना.। **कलकलाइनु**-कलकलाउनुको भा.क्रि.। **कलकलाइ**-भा.धा.। **कलकलाई, कलकलाएर, कलकलाउन, कलकलाउँदै, कलकलाउन्जेल, कलकलाउँदाखेरि**-कृ.अ.। **कलकलाउनू**-वि.। **कलकलाऊन्**-इ.। **कलकलाउला**- स.। (अ.क्रि.-अँधेरीखोलो कलकलायो ।)

कलकलिनु-क्रि.मू.। **कलकलि**-आ.धा.। अ.क्रि.; हलक्क बढ्नु, कलकलिएर बग्नु, कलकलाउनु । **कलकल्याइ** (कलकलि+आइ)-भा.ना.। **कलकल्याउनु**-प्रे.क्रि./स.क्रि.; कलकलिने पार्नु, हलक्क पार्नु । **कलकल्याउ** -प्रे.धा.। **कलकल्याइनु**-कलकल्याउनुको क.क्रि.। **कलकल्याइ** -भा.प्रे.धा.। **कलकलिइनु**-कलकलिनुको भा.क्रि.। **कलकलिइ**-भा.धा.। **कलकलिई, कलकलिएर, कलकलिन, कलकलिंदै, कलकलिउन्जेल, कलकलिंदाखेरि**-कृ.अ.। **कलकलिनू**-वि.। **कलकलिऊन्**-इ.। **कलकलेला**-स.। (अ.क्रि.-भदौरे धानको रोपो कलकलियो ।)

कल्पनु-क्रि.मू.। **कल्प**- आ.धा.। अ.क्रि.; मन लोभिनु, ललचाउनु, पछुताउनु चुकचुकाउनु, विचार गर्नु । **कल्पाइ** (कल्प+आइ)-भा.ना.। **कल्पाउनु**-प्रे.क्रि./स.क्रि.; कल्पन लाउनु, लोभ्याउनु, ललचाउनु । **कल्पाउ**-प्रे.धा.। **कल्पाइनु**-कल्पाउनुको क.क्रि.। **कल्पाइ**-भा.प्रे.धा.। **कल्पिनु**-कल्पनुको भा.क्रि./अ.क्रि.; कल्पनु । **कल्पि**-भा.धा.। **कल्प्याइ** (कल्पि+आइ)-भा.ना.। **कल्पी, कल्पेर, कल्पन, कल्पँदै, कल्पुन्जेल, कल्पँदाखेरि**-कृ.अ.। **कल्पनू**-वि.। **कल्पून्**-इ.। **कल्पला**-स । (अ.क्रि.-विदेशी पर्यटकहरू नेपालको प्राकृतिक सौन्दर्यमा अतिनै कल्पे ।)

कस्नु-क्रि.मू.। **कस्**-आ.धा.। स.क्रि.; बेसरी बाँध्नु, मोल घटाउने प्रयास गर्नु, स्रेस्तामा आम्दानी-खर्च बाँध्नु, कन्जूसी गर्नु । **कसाइ** (कस्+आइ)-भा.ना.। **कसाउनु**-प्रे.क्रि./स.क्रि.; कस्न लाउनु । **कसाउ** -प्रे.धा.। **कसाइनु**-कसाउनुको क.क्रि.। **कसाइ**-क.प्रे.धा.। **कसिनु**-कस्नुको क.क्रि.। **कसि**-क.धा.। **कसी, कसेर, कस्न, कस्दै, कसुन्जेल, कस्दाखेरि**-कृ.अ.। **कस्नू**-वि.। **कसून्**-इ । **कस्ला**-स.। (स.क्रि.-मलामीहरूले मुर्दालाई घारोमा टनटनी कसे ।)

कसिनु-क्रि.मू.। **कसि**-आ.धा.। अ.क्रि.; तम्सिनु, ठाँट पर्नु, आँट्नु, बाँधिनु । **कस्याइ** (कसि+आइ)-भा.ना.। **कस्याउनु**-प्रे.क्रि./स.क्रि.; कसिन लाउनु, कस्काउनु । **कस्याउ**-प्रे.धा.। **कस्याइनु**-कस्याउनुको क.क्रि.। **कस्याइ**-क.धा.। **कसिइनु**-कसिनुको भा.क्रि.। **कसिइ**-भा.धा.।

कसिई, कसिएर, कसिन, कसिँदै, कसिउन्जेल, कसिंदाखेरि-कृ.अ.। **कसिनू**-वि.। **कसिऊन्**-इ.। **कस्सेला**-स.। (अ.क्रि.-दुर्गाभक्त विष्णुप्रसाद कामीसँग जूवा खेल्न कसियो ।

कहनु-क्रि.मू.। **कह**-आ.धा.। स.क्रि.; बताउनु, बयान गर्नु, भन्नु । **कहाइ** (कह+आइ)-भा.ना.। **कहाउनु**-प्रे.क्रि./स.क्रि.; कहन लाउनु, मनाउंनु **कहाउ** - प्रे.धा.। **कहाइनु**-कहाउनुको क.क्रि.। **कहाइ**-क.प्रे.धा.। **कहिनु**-कहनुको क.क्रि.। **कहि**-क.धा.। **कही, कहेर, कहन, कहँदै, कहुन्जेल, कहँदाखेरि**-कृ.अ.। **कहनू**-वि.। **कहून्**-इ.। **कहला**-स.। (स.क्रि.-हरिकृष्ण चर्मकारले एउटा विशाल आमसभालाई अछुत वर्गको करुण कहानी आद्योपान्त कहे ।)

कहराउनु-क्रि.मू.। **कहराउ**-आ.धा.। अ.क्रि.; झर्किनु, कुनै कुराले च्याँठ्ठिनु । **कहराइ** (कहराउ+आइ)-भा.ना.। **कहराइनु**-कहराउनुको भा.क्रि.। **कहराइ**-भा.धा.। **कहराई, कहराएर, कहराउन, कहराउँदै, कहराउन्जेल, कहराउँदाखेरि**-कृ.अ.। **कहराउनू**-वि.। **कहराऊन्**-इ.। **कहराउला**-स.। (अ.क्रि.-'रक्सी नखानुहोस् पण्डित वा' भन्दा त पण्डितसाहिंलो रा-ता आँखा पल्टाएर उल्टै पो कहरायो ।)

कहलनु-क्रि.मू.। **कहल**-आ.धा.। अ.क्रि.; खलबल हुनु, झगडा हुनु, कहल मच्चिनु, फलाक्तै चिग्रेर रुनु । **कहलाइ** (कहल+आइ)-भा.ना.। **कहलाउनु**- प्रे.क्रि./स.क्रि.; भनाउनु, भन्न लाउनु, कहलने पार्नु । **कहलाउ**-प्रे.धा.। **कहलाइनु**-कहलाउनुको क.क्रि.। **कहलाइ**-भा.प्रे.धा.। **कहलिनु**-कहलनुको भा.क्रि.। **कहलि**-भा.धा.। **कहली, कहलेर, कहलन, कहलँदै, कहलुन्जेल, कहलँदाखेरि**-कृ.अ.। **कहलनू**-वि.। **कहलून्**-इ.। **कहलला**-स.। (अ.क्रि.-बच्चा चिग्रिएर कहल्यो । जात्रामा मानिसहरू सानो निहुँमा कहले ।)

कहलाउनु-क्रि.मू.। **कहलाउ**-आ.धा.। अ.क्रि.; नाउँ चल्नु, प्रशिद्ध हुनु, कहलिनु । स.क्रि.; भन्न लाउनु, भनाउनु । **कहलाइ** (कहलाउ+आइ)-भा.ना.। **कहलाइनु**-कहलाउनुको भा.क्रि./क.क्रि.। **कहलाइ** -भा.धा./क.धा.। **कहलाई, कहलाएर, कहलाउन, कहलाउँदै, कहलाउन्जेल, कहलाउँदाखेरि**-कृ.अ.। **कहलाउनू**-वि.। **कहलाऊन्**-इ.। **कहलाउला**-स.। (अ.क्रि.-बुद्ध विश्वमा शान्तिका अग्रदूतका रूपमा कहलाए ।) स.क्रि.-लाहुरेले घरका सदस्यलाई विदेशको सबै हाल-खबर कहलायो ।)

कहलिनु-क्रि.मू.। **कहलि**-आ.धा.। अ.क्रि.; नाउँ चल्नु, प्रशिद्ध हुनु कायल हुनु, सावित हुनु, तर्सनु । **कहल्याइ** (कहलि+आइ)-भा.ना.। **कहल्याउनु**-प्रे.क्रि./स.क्रि.; कहलिने पार्नु, नाउ चलाउनु, कायल पार्नु, तर्साउनु । **कहल्याउ**-प्रे.धा.। **कहल्याइनु**-कहलाउनुको क.क्रि.। **कहल्याइ**-भा.प्रे.धा.। **कहलिइनु**-कहलिनुको भा.क्रि.। **कहलिइ**-भा.धा.। **कहलिई, कहलिएर, कहलिन, कहलिँदै, कहलिउन्जेल, कहलिंदाखेरि**-कृ.अ.। **कहलिनू**-वि.। **कहलिऊन्**-इ.। **कहलेला**-स.। (अ.क्रि.-धीरेन्द्रमान-भरत तस्करी कार्यमा विश्वभर कहलियो ।)

कहल्याउनु-क्रि.मू.। **कहल्याउ**-प्रे.धा.। स.क्रि.; कायल पार्नु, साबित पार्नु, हप्काउनु, तर्साउनु । **कहल्याइ** (कहल्याउ+आइ)-भा.ना.। **कहल्याइनु**-कहल्याउनुको क.क्रि.। **कहल्याइ**-क.धा.। **कहल्याई, कहल्याएर, कहल्याउन, कहल्याउँदै, कहल्याउन्जेल, कहल्याउँदाखेरि**-कृ.अ.। **कहल्याउनू**-वि.। **कहल्याऊन्**-इ.। **कहल्याउला**-स.। (स.क्रि.-प्रहरीले तस्करलाई कहल्याएन ।)

कहालिनु-क्रि.मू.। **कहालि**-आ.धा.। अ.क्रि.; कहाली लाग्नु, आत्तिनु, डराउनु । **कहल्याइ** (कहालि+आइ)-भा.ना.। **कहल्याउनु**-प्रे.क्रि./स.क्रि.; तर्साउने पार्नु । **कहल्याउ**-प्रे.धा.। **कहल्याइनु**-कहल्याउनुको क.क्रि.। **कहल्याइ** -भा.प्रे.धा.। **कहालिइनु**-कहालिनुको भा.क्रि.। **कहालिइ**-भा.धा.। **कहालिई, कहालिएर, कहालिन, कहालिँदै; कहालिउन्जेल, कहालिंदाखेरि**-कृ.अ.। **कहालिनू**-वि.। **कहालिऊन्**-इ.। **कहालेला**-स.। (अ:क्रि.-तीनथरे जेठो ठोरीमा नून लिन जाँदा तराईको जङ्गलमा कहालियो ।)

काँतरिनु-क्रि.मू.। **काँतरि** -आ.धा.। अ.क्रि.; डराउनु, काँतर बन्नु । **काँतऱ्याइ** (काँतरि+आइ)-भा.ना.। **काँतऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; काँतर पार्नु । **काँतऱ्याउ** -प्रे.धा.। **काँतऱ्याइनु**-काँतऱ्याउनुको क.क्रि.। **काँतऱ्याइ** -भा.प्रे.धा.। **काँतरिइनु**-काँतरिनुको भा.क्रि.। **काँतरिइ** -भा.धा.। **काँतरिई, काँतरिएर, काँतरिन, काँतरिँदै, काँतरिउन्जेल, काँतरिंदाखेरि**-कृ.अ.। **काँतरिनू**-वि.। **काँतरिऊन्**-इ.। **काँतरेला**-स.। सेतीको दोभानमा पुग्नासाथ रामबहादुर एक्कासि काँतरियो ।)

काँधिनु-क्रि.मू.। **काँधि**-आ.धा.। अ.क्रि., सुस्ती गर्नु, डराउनु, हच्कनु, मोटाउनु । **कँध्याइ** (काँधि+आइ)-भा.ना.। **कँध्याउनु**-प्रे.क्रि./स.क्रि.; मोटाउने पार्नु । **कँध्याउ**-प्रे.धा.। **कँध्याइनु**-कँध्याउनुको क.क्रि.। **कँध्याइ**-भा.प्रे.धा.। **काँधिइनु**-काँधिनुको भा.क्रि.। **काँधिइ**-भा.धा.।

काँधिई, काँधिएर, काँधिन, काँधिदै, काँधिउन्जेल, काँधिंदाखेरि-कृ.अ.। **काँधिनू**-वि.। **काँधिऊन्** - इ.। **काँधेला**-स.। (अ.क्रि.-बाबुरामको खसी आजभोलि खूब काँधियो ।)

काँप्नु-क्रि.मू.। **काँप्**-आ.धा.। अ.क्रि.; काम्नु, थरथर हल्लनु । **कँपाइ** (काँप्+आइ)-भा.ना.। **कँपाउनु** -प्रे.क्रि./स.क्रि.; कमाउनु, कम्प गराउनु । **कँपाउ**-प्रे.धा.। **कँपाइनु**-कँपाउनुको क.क्रि.। **कँपाइ** -भा.प्रे.धा.। **काँपिनु**-काँप्नुको भा.क्रि.। **काँपि**-भा.धा.। **काँपी, काँपेर, काँप्न, काँप्दै, काँपुन्जेल, काँप्दाखेरि**-कृ.अ.। **काँप्नू**-वि.। **काँपून्**-इ.। **काँप्ला**-स.। (अ.क्रि. - आफ्नो शरीरमा चौता वोलाएर धामी काँप्यो ।)

काकुलिनु-क्रि.मू.। **काकुलि**-आ.धा.। अ.क्रि.; कपाल आदि कुलकुलाउँदो हुनु, घुम्रिनु । **काकुल्याइ** (काकुलि+आइ)-भा.ना.। **काकुल्याउनु**-प्रे.क्रि./स.क्रि.; घुम्रिने पार्नु । **काकुल्याउ**-प्रे.धा.। **काकुल्याइनु**-काकुल्याउनुको क.क्रि.। **काकुल्याइ**-भा.प्रे.धा.। **काकुलिइनु**-काकुलिनुको भा.क्रि.। **काकुलिइ**-भा.धा.। **काकुलिई, काकुलिएर, काकुलिन, काकुलिदै, काकुलिउन्जेल, काकुलिंदाखेरि**-कृ.अ.। **काकुलिनू**-वि.। **काकुलिऊन्**-इ.। **काकुलेला**-स.। (अ.क्रि.-कलाकार मिथुन चक्रवर्तीको कपाल काकुलियो ।)

काट्नु-क्रि.मू.। **काट्**-आ.धा.। स.क्रि.; धारिलो हतियारले चोट लाग्ने वा छिन्ने गरी हान्नु, खण्डन गर्नु, केरमेट गर्नु, भुक्तान गर्नु, बिताउनु । **कटाइ** (काट्+आइ)-भा.ना.। **कटाउनु**-प्रे.क्रि./स.क्रि.; काट्ने काम गराउनु । **कटाउ**-प्रे.धा.। **कटाइनु**- कटाउनुको क.क्रि.। **कटाइ** - क.प्रे.धा.। **काटिनु**-काट्नुको क.क्रि.। **काटि**-क.धा.। **काटी, काटेर, काट्न, काट्दै, काटुन्जेल, काट्दाखेरि**-कृ.अ.। **काट्नू**-वि.। **काटून्**-इ.। **काट्ला**-स.। (स.क्रि.-पाँडे दाइले खुकुरीले बोको काटे ।)

काठिनु-क्रि.मू.। **काठि**-आ.धा.। अ.क्रि.; गँगरिनु, कठाङ्ग्रिनु । **कठ्याइ** (काठि+आइ)-भा.ना.। **कठ्याउनु**-प्रे.क्रि./स.क्रि.; अरठ्ठिने पार्नु । **कठ्याउ**-प्रे.धा.। **कठ्याइनु**-कठ्याउनुको क.क्रि.। **कठ्याइ**-भा.प्रे.धा.। **काठिइनु**-काठिनुको भा.क्रि.। **काठिइ**-भा.धा.। **काठिई, काठिएर, काठिन, काठिंदै, काठिउन्जेल, काठिंदाखेरि**-कृ.अ.। **काठिनू**-वि.। **काठिऊन्**-इ.। **काठ्ठेला**-स.। हिजोराती एक्कासि बहिनीको शरीर काठियो ।)

काढ्नु-क्रि.मू.। **काढ्**-आ.धा.। स.क्रि.; चुहाउनु, उखेल्नु, निचोर्नु, कोरल्नु, हट्कनु । **कढाइ** (काढ्+आइ)-भा.ना.। **कढाउनु**-प्रे.क्रि./स.क्रि.; काढ्न लाउनु । **कढाउ**-प्रे.धा.। **कढाइनु**-कढाउनुको क.क्रि.। **कढाइ**-क.प्रे.धा.। **काढिनु**-काढ्नुको क.क्रि.। **काढि**-क.धा.। **काढी, काढेर, काढ्न, काढ्दै, काढुन्जेल, काढ्दाखेरि**-कृ.अ.। **काढ्नू**-वि.। **काढून्**-इ.। **काढ्ला**-स.। (स.क्रि.-चारथरेको गुरुङ ठाकुले भीर-मौरीको मह काढ्यो ।)

कातरिनु-क्रि.मू.। **कातरि**-आ.धा.। अ.क्रि., हे.काँतरिनु । (अ.क्रि.-ईश्वरी न्यौपानेका चल्लाहरू कातरिए ।)

कात्नु-क्रि.मू.। **कात्**-आ.धा.। स.क्रि.; रुवा, ऊन आदिबाट धागो झिक्नु, सूत निकाल्नु, बत्ती वनाउनु । **कताइ** (कात्+आइ)-भा.ना.। **कताउनु**-प्रे.क्रि./स.क्रि.; कात्न लाउनु । **कताउ**-प्रे.धा.। **कताइनु**-कताउनुको-क.क्रि.। **कताइ**-क.प्रे.धा.। **कातिनु**-कात्नुको क.क्रि.। **काति**-क.धा.। **काती, कातेर, कात्न, कात्तै, कात्तुन्जेल, कात्ताखेरि**-कृ.अ.। **कात्नू**-वि.। **कात्तून्**-इ.। **कात्त्ला**-स.। (स.क्रि.-सीताले बत्ती काती ।)

कापिनु-क्रि.मू.। **कापि** - आ.धा.। अ.क्रि.; कापमा पर्नु, चेपिनु, च्याप्टिनु, दुइ वस्तु वा समस्याका बीचमा पर्नु । **कप्याइ** (कापि+आइ)-भा.ना.। **कप्याउनु** -प्रे.क्रि./स.क्रि.; कापमा पार्नु, च्याप्ट्याउनु । **कप्याउ**-प्रे.धा.। **कप्याइनु**-कप्याउनुको क.क्रि.। **कप्याइ** -भा.प्रे.धा.। **कापिइनु**-कापिनुको भा.क्रि.। **कापिइ**-भा.धा.। **कापिई, कापिएर, कापिन, कापिंदै, कापिउन्जेल, कापिंदाखेरि**-कृ.अ.। **कापिनू**-वि.। **कापिऊन्**-इ.। **कापेला**-स.। दुई ढुङ्गाको बीचमा परेर बिरुवा कापियो, बढ्न सकेन ।

काम्नु-क्रि.मू.। **काम्** -आ.धा.। अ.क्रि.; थरथर शरीर हल्लनु, काँप्नु । **कमाइ**-(काम्+आइ)-भा.ना.। **कमाउनु**-प्रे.क्रि./स.क्रि.; काम्न लगाउनु । **कमाउ**-प्रे.धा.। **कमाइनु**-कमाउनुको क.क्रि.। **कमाइ** - भा.प्रे.धा.। **कामिनु**-काम्नुको भा.क्रि./अ.क्रि.; काम्ने होइनु, हल्लिनु । **कामि**-भा.धा.। **कामी, कामेर, काम्न, काम्दै, कामुन्जेल, काम्दाखेरि**-कृ.अ.। **काम्नू**-वि.। **कामून्**-इ.। **काम्ला**-स.। (अ.क्रि.-माघको जाडोमा बूढाबूढी सान्हो कामे ।)

किच्नु-क्रि.मू.। **किच्** -आ.धा.। स.क्रि.; कुनै वस्तुलाई गहुङ्गो पदार्थले थिच्नु वा क्याच्च पार्नु, दमन गर्नु, दबाउनु । **किचाइ** (किच्+आइ)-भा.ना.। **किचाउनु**-प्रे.क्रि./स.क्रि.; किच्न लाउनु । **किचाउ**-प्रे.धा.। **किचाइनु**-किचाउनुको क.क्रि.। **किचाइ**-क.प्रे.धा.। **किचिनु**-किच्नुको क.क्रि.। **किचि**-क.धा.। **किची, किचेर,**

किच्न, किच्दै, किचुन्जेल, किच्दाखेरि-कृ.अ.। **किच्नू**-वि.। **किचून्**-इ.। **किच्ला** -स.। (स.क्रि.-२०५० साल वैशाख १ गतेका दिन लामाचौरमा वसले एउटी दमिनीलाई क्याच्चै किच्यो ।)

किच्चिनु-क्रि.मू.। **किच्चि**-आ.धा.। अ.क्रि.; किचिनु, थिचिनु, मिचिनु । **किच्च्याइ** (किच्चि+आइ)-भा.ना.। **किच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; किच्चिन लाउनु । **किच्च्याउ**-प्रे.धा.। **किच्च्याइनु**-किच्च्याउनुको क.क्रि.। **किच्च्याइ**-भा.प्रे.धा.। । **किच्चिइनु** -किच्चिनुको भा.क्रि.। **किच्चिइ**-भा.धा.। **किच्चिई, किच्चिएर, किच्चिन, किच्चिँदै, किच्चिउन्जेल, किच्चिंदाखेरि**-कृ.अ.। **किच्चिनू**-वि.। **किच्चिऊन्**-इ.। **किच्चेला**-स.। (अ.क्रि.-कोलमा तोरीको फूलो किच्चियो र माडियो ।)

किट्नु-क्रि.मू.। **किट्**-आ.धा.। स.क्रि.; रिसले वा सपनामा दाँत बजाउनु, निश्चय गर्नु, तोक्नु । **किटाइ** (किट्+आइ)-भा.ना.। **किटाउनु**-प्रे.क्रि./स.क्रि.; किट्ने पार्नु । **किटाउ** - प्रे.धा.। **किटाइनु**-किटाउनुको क.क्रि.। **किटाइ**-क.प्रे.धा.। **किटिनु**-किट्नुको क.क्रि.। **किटि**-क.धा.। **किटी, किटेर, किट्न, किट्तै, किटुन्जेल किट्दाखेरि**-कृ.अ.। **किट्नू**-वि.। **किटून्**-इ.। **किट्ला**-स.। (अ.क्रि.-सरकारले नयाँ भन्सार-महसुल व्यवस्था किट्यो ।)

किन्नु-क्रि.मू.। **किन्**-आ.धा.। स.क्रि.; वेसाउनु, खरिद गर्नु, मूल्य तिरेर लिनु । **किनाइ** (किन्+आइ)-भा.ना.। **किनाउनु**-प्रे.क्रि./स.क्रि.; खरिद गराउनु । **किनाउ** - प्रे.धा.। **किनाइनु**-किनाउनुको क.क्रि.। **किनाइ**-क.प्रे.धा.। **किनिनु**-किन्नुको क.क्रि.। **किनि**-क.धा.। **किनी, किनेर, किन्न, किन्दै, किनुन्जेल, किन्दाखेरि**-कृ.अ.। **किन्नू**-वि.। **किनून्**-इ.। **किन्ला**-स.। (स.क्रि.-किसानले गोरु किन्यो ।)

कुँजिनु-क्रि.मू.। **कुँजि**-आ.धा.। अ.क्रि.; रोगादिको कारण हात-गोडा खुम्चिनु, कूँजो हुनु । **कुँज्याइ** (कुँजि+आइ)-भा.ना.। **कुँज्याउनु**-प्रे.क्रि./स.क्रि.; हात-गोडा नचल्ने पार्नु । **कुँज्याइ**-प्रे.धा.। **कुँज्याइनु**-कुँज्याउनुको क.क्रि.। **कुँज्याइ**-भा.प्रे.धा.। **कुँजिइनु**-कुँजिनुको भा.क्रि.। **कुँजिइ**-भा.धा.। **कुँजिई, कुँजिएर, कुँजिन, कुँजिँदै, कुँजिउन्जेल, कुँजिंदाखेरि**-कृ.अ.। **कुँजिनू**-वि.। **कुँजिऊन्**-इ.। **कुँजेला**-स.। (अ.क्रि.-विफरको कारण तीनथरे आमै कुँजिइन् ।)

कुँड्नु-क्रि.मू.। **कुँड्**-आ.धा.। अ.क्रि.; हतियारको धार झर्नु, दोब्रिनु, मूढो हुनु, चित्त दुख्नु । **कुँडाइ** (कुँड्+आइ)-भा.ना.। **कुँडाउनु** -प्रे.क्रि./स.क्रि.; कुँड्याउनु । **कुँडाउ**-प्रे.धा.। **कुँडाइ नु**-कुँडाउनुको क.क्रि.। **कुँडाइ**-भा.प्रे.धा.। **कुँडिनु**-कुँड्नुको भा.क्रि.। **कुँडि**-भा.धा.। **कुँडी, कुँडेर, कुँड्न, कुड्दै, कुडुन्जेल, कुड्दाखेरि**-कृ.अ.। **कुँड्नू**-वि.। **कुँडून्**-इ.। **कुड्ला**-स.। (अ.क्रि.-घाँस काट्ता काट्तैको हँसिया कुँड्यो ।)

कुँडिनु-क्रि.मू.। **कुँडि**-आ.धा.। अ.क्रि.; मन दुख्नु; अमिलाले दाँतको शक्ति कम हुनु, हतियार नलाग्ने हुनु । **कुँड्याइ** (कुँडि+आइ)-भा.ना.। **कुँड्याउनु**-प्रे.क्रि./स.क्रि.; हतियारको धार झार्नु वा मूढो तुल्याउनु, चित्त दुखाउनु । **कुँड्याउ**- प्रे.धा.। **कुँड्याइनु**-कुँड्याउनुको क.क्रि.। **कुँड्याइ**-भा.प्रे.धा.। **कुँडिइनु**-कुँडिनुको भा.क्रि.। **कुँडिइ**-भा.धा.। **कुँडिई, कुँडिएर, कुँडिन, कुँडिँदै, कुँडिउन्जेल, कुँडिंदाखेरि**-कृ.अ.। **कुँडिनू**-वि.। **कुँडिऊन्**-इ.। **कुँडेला**-स.। (अ.क्रि.-गुरुङ ठाकुको कुखुरी कुँडियो ।)

कुँडुलिनु-क्रि.मू.। **कुँडुलि**-आ.धा.। अ.क्रि.; कुँडुलो पर्नु, गुँडुल्किनु, घुँगुरिनु । **कुँडुल्याइ** (कुँडुलि+आइ)-भा.ना.। **कुँडुल्याउनु**-प्रे.क्रि./स.क्रि., कुँडुलो पार्नु । **कुँडुल्याउ**-प्रे.धा.। **कुँडुल्याइनु**-कुँडुल्याउनुको क.क्रि.। **कुँडुलिइनु**-कुँडुलिनुको भा.क्रि.। **कुँडुलिइ**-भा.धा.। **कुँडुलिई, कुँडुलिएर, कुँडुलिन, कुँडुलिँदै, कुँडुलिउन्जेल, कुँडुलिंदाखेरि**-कृ.अ.। **कुँडुलिनू**-वि.। **कुँडुलिऊन्** - इ.। **कुँडुलेला**-स.। (अ.क्रि.-सर्प एकै ठाउँमा कुँडुलियो ।)

कुँडुल्किनु-क्रि.मू.। **कुँडुल्कि**-आ.धा.। अ.क्रि.; कुँडुलिनु । **कुँडुल्क्याइ** (कुँडुल्कि+आइ)-भा.ना.। **कुँडुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; कुँडुल्याउनु । **कुँडुल्क्याउ** -प्रे.धा.। **कुँडुल्क्याइनु**-कुँडुल्क्याउनुको क.क्रि.। **कुँडुल्क्याइ** -भा.प्रे.धा.। **कुँडुल्किइनु**-कुँडुल्किनुको भा.क्रि.। **कुँडुल्किइ**-भा.धा. **कुँडुल्किई, कुँडुल्किएर, कुँडुल्किन, कुँडुल्किँदै, कुँडुल्किउन्जेल, कुँडुल्किंदाखेरि**-कृ.अ.। **कुँडुल्किनू**-वि.। **कुँडुल्किऊन्**-इ.। **कुँडुल्केला**-स.। (अ.क्रि.-खिलबहादुर गुरुङको कपाल कुँडुल्कियो ।)

कुँढ्नु-क्रि.मू.। **कुँढ्**-आ.धा.। अ.क्रि.; हे. कुँड्नु । **कुँढाइ** (कुँढ्+आइ)-भा.ना.। **कुँढाउनु**-प्रे.क्रि./स.क्रि.; कुडाउनु । **कुँढाउ**-प्रे.धा.। **कुँढाइनु**- कुँढाउनुको क.क्रि.। **कुँढाइ**-भा.प्रे.धा.। **कुँढिनु**-कुँढ्नुको भा.क्रि.। **कुँढि**-भा.धा.। **कुँढी, कुँढेर, कुँढ्न, कुँढ्दै, कुँढुन्जेल, कुँढ्दाखेरि**-कृ.अ.। **कुँढ्नू**-वि.। **कुँढून्**-इ.। **कुँढ्ला**-स.। (अ.क्रि.-उच्छृङ्खल गुण्डाहरूको व्यवहारले सोझा सीधा मानिसहरूको मन कुढ्यो ।)

कुँढिनु-क्रि.मू.। **कुँढि** -आ.धा.। अ.क्रि.; हे. कुँढिनु ।

कुँढ्याइ (कुँढि+आइ)-भा.ना.। **कुँढ्याउनु** प्रे.क्रि./स.क्रि.; कुँड्याउनु । **कुँढ्याउ**-प्रे.धा.। **कुँढ्याइनु** -कुँढ्याउनुको क.क्रि.। **कुँढ्याइ**-भा.प्रे.धा.। **कुँढिइनु**-कुँढिनुको भा.क्रि.। **कुँढिइ**- भा.धा.। **कुँढिई, कुँढिएर, कुँढिन, कुँढिँदै, कुँढिउन्जेल, कुँढिंदाखेरि**-कृ.अ.। **कुँढिनू**-वि.। **कुँढिऊन्**-इ.। **कुँढेला**-स.। (अ.क्रि.-अमिलो खाएको हुँदा मेरा दाँत कुँढिए ।)

कुँद्नु-क्रि.मू.। **कुँद्**-आ.धा.। अ.क्रि.; छाँटछुट पार्नु, खोप्नु, बुट्टा काट्नु, बेलबुट्टा पार्नु । **कुँदाइ** (कुँद्+आइ)-भा.ना.। **कुँदाउनु**-प्रे.क्रि./स.क्रि.; कुद्न लाउनु । **कुँदाउ**-प्रे.धा.। **कुँदाइनु**-कुँदाउनुको क.क्रि.। **कुँदाइ**-क.प्रे.धा.। **कुँदिनु**-कुँद्नुको क.क्रि.। **कुँदि** -क.धा.। **कुँदी, कुँदेर, कुँद्न, कुँद्दै, कुँदुन्जेल, कुँद्दाखेरि**-कृ.अ.। **कुँद्नू**- वि.। **कुँदून्**-इ.। **कुँद्ला**-स.। (स.क्रि.-पिते चुँदराले दारको ठेकी कुँद्यो ।)

कुकाउनु-क्रि.मू.। **कुकाउ**-आ.धा.। अ.क्रि.; रुनु-कराउनु । **कुकाइ** (कुकाउ+आइ)-भा.ना.। **कुकाइनु**-कुकाउनुको भा.क्रि.। **कुकाइ**-भा.धा.। **कुकाई, कुकाएर, कुकाउन, कुकाउँदै, कुकाउन्जेल, कुकाउँदाखेरि**-कृ.अ.। **कुकाउनू**-वि.। **कुकाऊन्**-इ.। **कुकाउला**-स.। (अ.क्रि.-नदीको किनारमा बसेर भाँडहरू कुकाए ।)

कुकुर्किनु-क्रि.मू.। **कुकुर्कि**-आ.धा.। अ.क्रि.; खुम्चिनु, कुक्रुक्क पर्नु । **कुकुर्क्याइ** (कुकुर्कि+आइ)-भा.ना.। **कुकुर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; कुक्रुक्क पार्नु । **कुकुर्क्याउ**-प्रे.धा.। **कुकुर्क्याइ** (कुकुर्क्याउ+आइ)-भा.ना.। **कुकुर्क्याइनु**-कुकुर्क्याउनुको क.क्रि.। **कुकुर्क्याइ**-भा.प्रे.धा.। **कुकुर्किइनु**-कुकुर्किनुको भा.क्रि.। **कुकुर्किइ**-भा.धा.। **कुकुर्की, कुकुर्केर, कुकुर्किन, कुकुर्किंदै, कुकुर्किउन्जेल, कुकुर्किंदाखेरि**-कृ.अ.। **कुकुर्किनू**-वि.। **कुकुर्किऊन्**-इ.। **कुकुर्केला**-स.। (अ.क्रि.-जाडोमा गाईवस्तु कुकुर्किए ।)

कुचुर्किनु-क्रि.मू.। **कुचुर्कि**-आ.धा.। अ.क्रि.; खुम्चिनु, कुच्रुक्क पर्नु, कुकुर्किनु । **कुचुर्क्याइ** (कुचुर्कि+आइ), (कुचुर्क्याउ+आइ)-भा.ना.। **कुचुर्क्याउनु** -प्रे.क्रि./स.क्रि.; कुच्रुक्क पर्ने किसिमले राख्नु । **कुचुर्क्याउ**-प्रे.धा.। **कुचुर्क्याइनु**-कुचुर्क्याउनुको क.क्रि.। **कुचुर्क्याइ**-भा.प्रे.धा.। **कुचुर्किइनु**-कुचुर्किनुको भा.क्रि.। **कुचुर्किइ**-भा.धा.। **कुचुर्किई, कुचुर्किएर, कुचुर्किन, कुचुर्किंदै, कुचुर्किउन्जेल, कुर्किंदाखेरि** - कृ.अ.। **कुचुर्किनू**-वि.। **कुचुकिऊन्**- इ.। **कुचुर्केला**-स.। (अ.क्रि.-पुस-माघको ठिहिरोमा गरीब बिचरो कुचुर्कियो ।)

कुच्चिनु-क्रि.मू.। **कुच्चि**-आ.धा.। अ.क्रि.; किचिएर भाँडा-कुँडाको रूप विकृत हुनु, कच्याककुचुक हुनु, थेप्चिनु । **कुच्च्याइ** (कुच्चि+आइ), (कुच्च्याउ+आइ)-भा.ना.। **कुच्च्याउनु** -प्रे.क्रि./स.क्रि.; कुच्चिने पार्नु । **कुच्च्याउ**-प्रे.धा.। **कुच्च्याइनु**-कुच्च्याउनुको क.क्रि.। **कुच्च्याइ**-भा.प्रे.धा.। **कुच्चिइनु** -कुच्चिनुको भा.क्रि.। **कुच्चिइ**-भा.धा.। **कुच्चिई, कुच्चिएर, कुच्चिन, कुच्चिँदै, कुच्चिउन्जेल, कुच्चिंदाखेरि**-कृ.अ.। **कुच्चिनू**-वि.। **कुच्चिऊन्**-इ.। **कुच्चेला**-स.। (अ.क्रि.-गाईले कुल्चिएर सिलभरको थाल कुच्चियो ।)

कुच्रनु-क्रि.मू.। **कुच्र**-आ.धा.। अ.क्रि.; हलचल गर्न नपाई एकै ठाउँमा रहनु, कुर्चा खानु, कुक्रुक्किनु । **कुच्राइ** (कुच्र+आइ), (कुच्राउ+आइ)-भा.ना.। **कुच्राउनु**-प्रे.क्रि./स.क्रि.; कुर्चा खुवाउनु । **कुच्राउ**-प्रे.धा.। **कुच्राइनु** -कुच्राउनुको क.क्रि.। **कुच्राइ**-भा.प्रे.धा.। **कुच्रिनु**-कुच्रनुको भा.क्रि.। **कुच्रि** - भा.धा.। **कुच्री, कुच्रेर, कुच्रन, कुच्रँदै, कुच्रुन्जेल, कुच्रँदाखेरि**-कृ.अ.। **कुच्रनू**-वि.। **कुच्रून्**-इ.। **कुच्रेला**-स.। (अ.क्रि.-पक्षघात भएर जड्याहा भण्डारी एकै ठाउमा कुच्र्यो ।)

कुच्रिनु-क्रि.मू.। **कुच्रि**-आ.धा.। अ.क्रि.; हे. कुच्रनु । **कुच्र्याइ** (कुच्रि+आइ)-भा.ना.। **कुच्र्याउनु**-प्रे.क्रि/स.क्रि.; खुर्चा खुवाउन लाउनु । **कुच्र्याउ**-प्रे.धा.। **कुच्र्याइनु**-कुच्र्याउनुको क.क्रि.। **कुच्र्याइ**-भा.प्रे.धा.। **कुच्रिइनु** -कुच्रिनुको भा.क्रि.। **कुच्रिइ**-भा.धा.। **कुच्रिई, कुच्रिएर, कुच्रिन, कुच्रिँदै, कुच्रिउन्जेल, कुच्रिंदाखेरि**-कृ.अ.। **कुच्रिनू**-वि.। **कुच्रिऊन्**-इ.। **कुच्रेला**-स.। (अ.क्रि.-गोसाईँकुण्ड पुग्नासाथ तीर्थयात्री कुच्रियो ।)

कुट्नु-क्रि.मू.। **कुट्**-आ.धा.। स.क्रि.; पिट्नु, पिंध्नु, हिर्काउनु । **कुटाइ** (कुट+आइ)-भा.ना.। **कुटाउनु**-प्रे.क्रि./स.क्रि.; पिटाउनु । **कुटाउ**-प्रे.धा.। **कुटाइनु**-कुटाउनुको क.क्रि.। **कुटाइ**-क.प्रे.धा.। **कुटिनु**-कुट्नुको क.क्रि.। **कुटि**-क.धा.। **कुटी, कुटेर, कुट्न, कुट्दै, कुटुन्जेल, कुट्दाखेरि**-कृ.अ.। **कुट्नू**-वि.। **कुटून्**-इ.। **कुट्ला**-स.। (स.क्रि.-प्रहरीले चोरलाई कुट्यो ।)

कुद्किनु-क्रि.मू.। **कुद्कि** -आ.धा.। अ.क्रि.; कुड्किनु, कुद्का पर्नु, टुक्रिनु । **कुद्क्याइ** (कुद्कि+आइ), (कुद्क्याउ+आइ)-भा.ना.। **कुद्क्याउनु**-प्रे.क्रि./स.क्रि.; कुद्का पार्नु । **कुद्क्याउ**-प्रे.धा.। **कुद्क्याइनु** -कुद्क्याउनुको क.क्रि.। **कुद्क्याइ** -भा.प्रे.धा.। **कुद्किइनु**-कुद्किनुको भा.क्रि.। **कुद्किइ** -भा.धा.। **कुद्किई,**

कुट्किएर, कुट्किन, कुट्किँदै, कुट्किउन्जेल, कुट्किंदाखेरि-कृ.अ.। कुट्किनू-वि.। कुट्किऊन्-इ.। कुट्केला-स.। (अ.क्रि.-मिल बिग्रेपछि चामल कुट्कियो ।)

कुड्किनु-क्रि.मू.। कुड्कि-आ.धा.। अ.क्रि.; कुनै चीज कुड्का पर्नु, गिंडिनु, कुट्किनु । कुड्क्याइ (कुड्कि+आइ), कुड्क्याउ+आइ)-भा.ना.। कुड्क्याउनु-प्रे.क्रि./स.क्रि.; कुट्क्याउनु । कुड्क्याउ-प्रे.धा.। कुड्क्याइनु-कुड्क्याउनुको क.क्रि.। कुड्क्याइ-भा.प्रे.धा.। कुड्किइनु-कुड्किनुको भा.क्रि.। कुड्किइ-भा.धा.। कुड्किई, कुड्किएर, कुड्किन, कुड्किँदै, कुड्किउन्जेल, कुड्किंदाखेरि-कृ.अ.। कुड्किनू-वि.। कुड्किऊन्-इ.। कुड्केला-स.। (अ.क्रि.-रूखका सबै हाँगा कुड्किए ।)

कुतकुत्याउनु-क्रि.मू.। कुतकुत्याउ -आ.धा.। स.क्रि.; कुतकुती लगाउनु, उत्तेजित पार्नु, जिस्क्याउनु, प्रेरित गर्नु, आपदमा पार्न खोज्नु । कुतकुत्याइ (कुतकुत्याउ+आइ)-भा.ना.। कुतकुत्याइनु-कुतकुत्याउनुको क.क्रि.। कुतकुत्याइ-क.धा.। कुतकुत्याई, कुतकुत्याएर, कुतकुत्याउन, कुतकुत्याउँदै, कुतकुत्याउन्जेल, कुतकुत्याउँदाखेरि-कृ.अ.। कुतकुत्याउनू-वि.। कुतकुत्याऊन्-इ.। कुलकुत्याउला-स.। (स.क्रि.-नेपालको प्राकृतिक सौन्दर्यले पर्यटकलाई कुतकुत्यायो ।)

कुथुङ्ग्रिनु-क्रि.मू.। कुथुङ्ग्रि-आ.धा.। अ.क्रि.; हे. कुथुर्किनु। (अ.क्रि.-केटाकेटीहरू एकै ठाउँमा कुथुङ्ग्रिए ।)

कुथुर्किनु-क्रि.मू.। कुथुर्कि-आ.धा.। अ.क्रि.; सानो ठाउँमा अटाउनु, कोचिएर सुत्नु, कुथुङ्ग्रिनु । कुथुर्क्याइ (कुथुर्कि+आइ), (कुथुर्क्याउ+आइ)-भा.ना.। कुथुर्क्याउनु-प्रे.क्रि./स.क्रि.; कुथुङ्ग्र्याउनु । कुथुर्क्याउ-प्रे.धा.। कुथुर्क्याइनु-कुथुर्क्याउनुको क.क्रि.। कुथुर्क्याइ-भा.प्रे.धा.। कुथुर्किइनु-कुथुर्किनुको भा.क्रि.। कुथुर्किइ-भा.धा.। कुथुर्किई, कुथुर्किएर, कुथुर्किन, कुथुर्किँदै, कुथुर्किउन्जेल, कुथुर्किंदाखेरि-कृ.अ.। कुथुर्किनू-वि.। कुथुर्किऊन्-इ.। कुथुर्केला-स.। (अ.क्रि.-सबै भेडाबाखा एकै ठाउँमा कुथुर्किए ।)

कुद्नु-क्रि.मू.। कुद्-आ.धा.। अ.क्रि.; दगुर्नु, दौडनु, बेगसित हिड्नु । कुदाइ (कुद्+आइ), (कुदाउ+आइ)-भा.ना.। कुदाउनु-प्रे.क्रि./स.क्रि., दगुराउनु । कुदाउ-प्रे.धा.। कुदाइनु-कुदाउनुको क.क्रि.। कुदाइ-भा.प्रे.धा.। कुदिनु-कुद्नुको भा.क्रि.। कुदि-भा.धा.। कुदी, कुदेर, कुद्न, कुद्दै, कुदुन्जेल, कुद्दाखेरि-कृ.अ.। कुद्नू -वि.। कुदून्-इ.। कुद्ला-स.। (अ.क्रि.-दुई सय मीटरको दौडमा धावकहरू बेगसित कुदे ।)

कुप्रनु-क्रि.मू.। कुप्र-आ.धा.। अ.क्रि.; हे. कुप्रिनु । कुप्राइ (कुप्र+आइ)-भा.ना.। कुप्राउनु-प्रे.क्रि./स.क्रि.; कुप्र्याउनु । कुप्राउ-प्रे.धा.। कुप्राइनु-कुप्राउनुको क.क्रि.। कुप्राइ-भा.प्रे.धा.। कुप्रिनु-कुप्रनुको भा.क्रि.। कुप्रि-भा.धा.। कुप्री, कुप्रेर, कुप्रन, कुप्रँदै, कुप्रुन्जेल, कुप्रँदाखेरि-कृ.अ.। कुप्रनू-वि.। कुप्रून्-इ.। कुप्रला-स. ।(अ.क्रि.-बूढो मानिसको ढाड कुप्र्यो ।)

कुप्रिनु-क्रि.मू.। कुप्रि-आ.धा.। अ.क्रि.; कुप्रनु, कुप्रो हुनु, ढाड वा कम्मर अगाडि झुक्नु । कुप्र्याइ (कुप्रि+आइ), (कुप्र्याउ+आइ)-भा.ना.। कुप्र्याउनु-प्रे.क्रि./स.क्रि.; कुप्रो पार्नु । कुप्र्याउ-प्रे.धा.। कुप्र्याइनु-कुप्र्याउनुको क.क्रि.। कुप्र्याइ-भा.प्रे.धा.। कुप्रिइनु- कुप्रिनुको भा.क्रि.। कुप्रिइ - भा.धा.। कुप्रिई, कुप्रिएर, कुप्रिन, कुप्रिँदै, कुप्रिउन्जेल, कुप्रिंदाखेरि-कृ.अ.। कुप्रिनू-वि.। कुप्रिऊन्-इ.। कुप्रेला-स.। (अ.क्रि.-अग्लो भएकाले रविप्रसाद छिटै कुप्रिए ।)

कुम्लिनु-क्रि.मू.। कुम्लि-आ.धा.। अ.क्रि.; कुम्लो हुनु, मोटो हुनु, गर्भवती हुनु । कुम्ल्याइ (कुम्लि+आइ), (कुम्ल्याउ+आइ)-भा.ना.। कुम्ल्याउनु-प्रे.क्रि./स.क्रि.; कुम्लो पार्नु, कुम्लो पारेर लैजानु, गुटमुट्याउनु, मोटाउन लगाउनु । कुम्ल्याउ-प्रे.धा.। कुम्ल्याइनु - कुम्ल्याउनुको क.क्रि.। कुम्ल्याइ-भा.प्रे.धा.। कुम्लिइनु-कुम्लिनुको भा.क्रि.। कुम्लिइ-भा.धा.। कुम्लिई, कुम्लिएर, कुम्लिन, कुम्लिँदै, कुम्लिउन्जेल, कुम्लिंदाखेरि-कृ.अ.। कुम्लिनू-वि.। कुम्लिऊन्-इ.। कुम्लेला-स.। (अ.क्रि.-दशैंको लागि भनेर पालेको बोको खूब कुम्लियो । स.क्रि.-चोरले गए राती घरको सबै मालमत्ता कुम्ल्यायो ।)

कुर्नु-क्रि.मू.। कुर्-आ.धा.। स.क्रि.; आशाले बाटो हेर्नु, रखवारी गर्नु, पर्खनु, ढुक्नु, रुङ्नु । कुराइ (कुर्+आइ), (कुराउ+आइ)-भा.ना.। कुराउनु-प्रे.क्रि./स.क्रि.;पर्खाउनु, कुर्न लाउनु । कुराउ -प्रे.धा.। कुराइनु-कुराउनुको क.क्रि.। कुराइ-क.प्रे.धा.। कुरिनु-कुर्नुको क.क्रि.। कुरि-क.धा.। कुरी, कुरेर, कुर्न, कुर्दै, कुरुन्जेल, कुर्दाखेरि-कृ.अ.। कुर्नू-वि.। कुरून्-इ.। कुर्ला-स.। (स.क्रि. -छिमेकीहरूले रातभरि बिरामी कुरे ।)

कुरमुरिनु-क्रि.मू.। कुरमुरि-आ.धा.। अ.क्रि.; लोट्नु, गुटमुट्याइने हुनु । कुरमुऱ्याइ (कुरमुरि+आइ), (कुरमुऱ्याउ+आइ)-भा.ना.। कुरमुर्याउनु-प्रे.क्रि./स.क्रि.; लठ्ठीपट्टी पार्नु, गुटमुट्याउनु, कुम्ल्याउनु । कुरमुऱ्याउ-

प्रे.धा.। **कुरमुऱ्याइनु**-कुरमुऱ्याउनुको क.क्रि.। **कुरमुऱ्याइ**-भा.प्रे.धा.। **कुरमुरिइनु**-कुरमुरिनुको भा.क्रि.। **कुरमुरिइ**-भा.धा.। **कुरमुरिई, कुरमुरिएर, कुरमुरिन, कुरमुरिँदै, कुरमुरिउन्जेल, कुरमुरिंदाखेरि**-कृ.अ.। **कुरमुरिनू**-वि.। **कुरमुरिऊन्**-इ.। **कुरमुरेला**-स.। (अ.क्रि.-घाँस काट्न लाग्दा गोठालो रूखबाट कुरमुरियो ।)

कुर्चिनु-क्रि.मू.। **कुर्चि**-आ.धा.। अ.क्रि.; असजिलोसँग बस्नु, कुर्चाखानु । **कुर्च्याइ** (कुर्चि+आइ), (कुर्च्याउ+आइ)-भा.ना.। **कुर्च्याउनु**-प्रे.क्रि./स.क्रि.; कुर्चा खुवाउनु, असजिलोसँग बसाउनु । **कुर्च्याउ**-प्रे.धा.। **कुर्च्याइनु**-कुर्च्याउनुको क.क्रि.। **कुर्च्याइ**-भा.प्रे.धा.। **कुर्चिइनु**-कुर्चिनुको भा.क्रि.। **कुर्चिइ** -भा.धा.। **कुर्चिई, कुर्चिएर, कुर्चिन, कुर्चिँदै, कुर्चिउन्जेल, कुर्चिंदाखेरि**-कृ.अ.। **कुर्चिनू**-वि.। **कुर्चिऊन्**-इ.। **कुर्चेला**-स.। (अ.क्रि.-भद्रबहादुर दिनभरि सभास्थलमा कुर्चियो ।)

कुर्लनु-क्रि.मू.। **कुर्ल**-आ.धा.। अ.क्रि.; चर्कैर बोल्नु, ठूलो स्वरले कराउनु, ढुकुर आदि चराले बोल्नु । **कुर्लाइ** (कुर्ल+आइ)-भा.ना.। **कुर्लाउनु**-प्रे.क्रि./स.क्रि.; कुर्लन लाउनु । **कुर्लाउ** -प्रे.धा.। **कुर्लाइनु**-कुर्लाउनुको क.क्रि.। **कुर्लाइ**-भा.प्रे.धा.। **कुर्लिनु**-कुर्लनुको भा.क्रि.। **कुर्लि**-भा.धा.। **कुर्ली, कुर्लेर, कुर्लन, कुर्लदै, कुर्लुन्जेल, कुर्लदाखेरि**-कृ.अ.। **कुर्लनू**-वि.। **कुर्लून्**-इ.। **कुर्लला**-स.। (अ.क्रि.-रूखमाबसेर तम्मा ढुकुरका जोडी कुर्ले ।)

कुर्लिनु-क्रि.मू.। **कुर्लि**- आ.धा.। अ.क्रि.; हे. कुर्लनु । **कुर्ल्याइ** (कुर्लि+आइ)-भा.ना.। **कुर्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; कुर्लाउनु । **कुर्ल्याउ**- प्रे.धा.। **कुर्ल्याइनु**-कुर्ल्याउनुको क.क्रि.। **कुर्ल्याइ**-भा.प्रे.धा.। **कुर्लिइनु**-कुर्लिनुको भा.क्रि.। **कुर्लिइ**-भा.धा.। **कुर्लिई, कुर्लिएर, कुर्लिन, कुर्लिंदै, कुर्लिउन्जेल, कुर्लिंदाखेरि**-कृ.अ.। **कुर्लिनू**-वि.। **कुर्लिऊन्**-इ.। **कुर्लेला**-स.। (अ.क्रि.-महँगीको विरुद्धमा जुलुस कुर्लियो ।)

कुल्चनु-क्रि.मू.। **कुल्च**-आ.धा.। स.क्रि.; पैतालाले मचक्क पारी टेक्नु, लत्त्याउनु । **कुल्चाइ** (कुल्च+आइ), (कुल्चाउ+आइ)-भा.ना.। **कुल्चाउनु**-कुल्चन लाउनु । **कुल्चाउ** -प्रे.धा.। **कुल्चाइनु**-कुल्चाउनुको क.क्रि.। **कुल्चाइ**-क.प्रे.धा.। **कुल्चिनु**-कुल्चनुको क.क्रि.। **कुल्चि** - क.धा.। **कुल्ची, कुल्चेर, कुल्चन, कुल्चँदै, कुल्चुन्जेल, कुल्चँदाखेरि**-कृ.अ.। **कल्चनू**-वि.। **कुल्चून्**-इ.। **कुल्चला**-स.। (स.क्रि.-गाईले ब्याडमा बीउ कुल्च्यो ।)

कुल्चिनु-क्रि.मू.। **कुल्चि**-आ.धा.। स.क्रि.; हे. कुल्चनु । **कुल्च्याइ** (कुल्चि+आइ)-भा.ना.। **कुल्च्याउनु**-प्रे.क्रि./स.क्रि.; कुल्चाउनु । **कुल्च्याउ**-प्रे.धा.। **कुल्च्याइनु**-कुल्च्याउनुको क.क्रि.। **कुल्च्याइ**-क.प्रे.धा.। **कुल्चिइनु** -कुल्चिनुको क.क्रि.। **कुल्चिइ**-क.धा.। **कुल्चिई, कुल्चिएर, कुल्चिन, कुल्चिँदै, कुल्चिउन्जेल, कुल्चिंदाखेरि**-कृ.अ.। **कुल्चिनू**-वि.। **कुल्चिऊन्**-इ.। **कुल्चेला**-स.। (स.क्रि.-भाइले फोहर गोडाले बिछ्यौना कुल्चियो ।)

कुहुनु-क्रि.मू.। **कुहु** -आ.धा.। अ.क्रि.; बिग्रनु, सड्नु, कुहिनु । **कुहाइ** (कुहु+आइ)-भा.ना.। **कुहाउनु**-प्रे.क्रि./स.क्रि.; कुहुन लाउनु । **कुहाउ**-प्रे.धा.। **कुहाइनु**-कुहाउनुको क.क्रि.। **कुहाइ**-भा.प्रे.धा.। **कुहिनु**-कुहुनुको भा.क्रि.। **कुहि** -भा.धा.। **कुही, कुहेर, कुहुन, कुहुँदै, कुहुन्जेल, कुहुँदाखेरि**-कृ.अ.। **कुहनू**-वि.। **कुहून्**-इ.। **कुहला**-स.। (अ.क्रि.-फर्सी कुह्यो ।)

कुहिनु - क्रि.मू.। **कुहि**-आ.धा.। अ.क्रि.; हे. कुहुनु । (अ.क्रि.-भट्टराई पण्डित फर्सी झैं कुहियो ।)

केर्नु-क्रि.मू.। **केर्**-आ.धा.। स.क्रि.; खोतलेर सोधपुछ गर्नु, मेट्नु, केर-मेट गर्नु । **केराइ** (केर्+आइ), (केराउ+आइ)-भा.ना.। **केराउनु**-प्रे.क्रि./स.क्रि.; केर्न लाउनु । **केराउ** -प्रे.धा.। **केराइनु**-केराउनुको क.क्रि.। **केराइ**-क.प्रे.धा.। **केरिनु**-केर्नुको क.क्रि.। **केरि**-क.धा.। **केरी, केरेर, केर्न, केर्दै, करुन्जेल, केर्दाखेरि**-कृ.अ.। **केर्नू**-वि.। **केरून्**-इ.। **केर्ला**-स.। (स.क्रि.-अदालतले ती दुई अतिवादीलाई खूब केऱ्यो ।)

केलाउनु-क्रि.मू.। **केलाउ**-आ.धा.। स.क्रि.; छुट्याउनु, बिन्याउनु, छानबिन गर्नु । **केलाइ** (केलाउ+आइ)-भा.ना.। **केलाइनु**-केलाउनुको क..क्रि.। **केलाइ**-क.धा.। **केलाई, केलाएर, केलाउन, केलाउँदै, केलाउन्जेल, केलाउँदाखेरि**-कृ.अ.। **केलाउनू**-वि.। **केलाऊन्**-इ.। **केलाउला**-स.। (स.क्रि.-वृटिश गल्लाले रुङ्रुटका निमित्त नेपाली युवाहरूलाई केलायो ।)

केलिनु-क्रि.मू.। **केलि**-आ.धा.। अ.क्रि.; बिनिनु, छुट्टिनु । **केल्याइ** (केलि+आइ)-भा.ना.। **केल्याउनु** -प्रे.क्रि./स.क्रि.; केलिने पार्नु । **केल्याउ**-प्रे.धा.। **केल्याइनु**-केल्याउनुको क.क्रि.। **केल्याइ** -भा.प्रे.धा.। **केलिइनु**-केलिनुको भा.क्रि.। **केलिइ** -भा.धा.। **केलिई, केलिएर, केलिन, केलिंदै, केलिउन्जेल, केलिंदाखेरि**-कृ.अ.। **केलिनू**-वि.। **केलिऊन्** - इ.। **केलेला**-स.। (अ.क्रि. -रुद्र गुरुङ भर्तीका निमित्त केलियो ।)

केस्रिनु-क्रि.मू.। **केस्रि**-आ.धा.। अ.क्रि.; केस्रा छुट्टिनु,

केस्रा-केस्रा पर्नु। **केस्र्याइ**-केस्रि+आइ)-भा.ना.। **केस्र्याउनु**-प्रे.क्रि./स.क्रि., केस्रा पार्नु । **केस्र्याउ**-प्रे.धा.। **केस्र्याइनु**-केस्र्याउनुको क.क्रि.। **केस्र्याइ** -भा.प्रे.धा.। **केस्रिइनु** -केस्रिनुको भा.क्रि.। **केस्रिइ**-भा.धा.। **केस्रिई, केस्रिएर, केस्रिन, केस्रिंदै, केस्रिउन्जेल, केस्रिंदाखेरि**-कृ.अ.। **केस्रिनू**-वि.। **केस्रिऊन्**-इ.। **केस्रेला**-स.। (अ.क्रि.-सुन्तलाको दाना केस्रियो ।)

कोक्किनु-क्रि.मू.। **कोक्कि**-आ.धा.। अ.क्रि.; ठूलो पीर परी घुँक्क-घुँक्क आवाज निकालेर रुनु, भक्कानो परिनु । **कोक्क्याइ** (कोक्कि+आइ)-भा.ना.। **कोक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; कोक्किने पार्नु । **कोक्क्याउ** -प्रे.धा.। **कोक्क्याइनु**-कोक्क्याउनुको क.क्रि.। **कोक्क्याइ**-भा.प्रे.धा.। **कोक्किइनु**-कोक्किनुको भा.क्रि.। **कोक्किइ**-भा.धा.। **कोक्किई, कोक्किएर, कोक्किन, कोक्किंदै, कोक्किउन्जेल, कोक्किंदाखेरि**-कृ.अ.। **कोक्किनू**-वि.। **कोक्किऊन्**-इ.। **कोक्केला**-स.। (अ.क्रि.-भाँडहरू कर्णालीको तीरमा बसेर खुबसित कोक्किए ।)

कोक्क्याउनु-क्रि.मू.। **कोक्क्याउ** -आ.धा.। स.क्रि.; पिंडालु, कर्कलो, ओल आदि खाँदा त्यसको असरले जिभ्रामा लागेर घाँटी सगबगाउनु । **कोक्क्याइ** (कोक्क्याउ+आइ)-भा.ना.। **कोक्क्याइनु**-कोक्क्याउनुको क.क्रि.। **कोक्क्याइ**-क.धा.। **कोक्क्याई, कोक्क्याएर, कोक्क्याउन, कोक्क्याउँदै, कोक्क्याउन्जेल, कोक्क्याउँदाखेरि**-कृ.अ.। **कोक्क्याउनू**-वि.। **कोक्क्याऊन्**- इ.। **कोक्क्याउला**-स.। (अ.क्रि.-पिंडालुको तरकारीले मेरो घाँटी नै कोक्क्यायो ।)

कोच्नु-क्रि.मू.। **कोच्**-आ.धा.। स.क्रि.; अटाउन्जेल, बेसरी खाँदिर हाल्नु, कोचर्नु । **कोचाइ** (कोच्+आइ), (कोचाउ+आइ)- भा.ना.। **कोचाउनु** -प्रे.क्रि./स.क्रि.; जबर्जस्ती खुवाउनु, बेसरी खाँद्न लाउनु । **कोचाउ**-प्रे.धा.। **कोचाइनु**-कोचाउनुको क.क्रि.। **कोचाइ**-क.प्रे.धा.। **कोचिनु**-कोच्नुको क.क्रि.। **कोचि** -क.धा.। **कोची, कोचेर, कोच्न, कोच्दै, कोचुन्जेल, कोच्दाखेरि**-कृ.अ.। **कोच्नू**-वि.। **कोचून्**-इ.। **कोच्ला** -स.। (स.क्रि.-प्रहरीले पागलहरूलाई जेलमा लगेर कोचे ।)

कोचलिनु-क्रि.मू.। **कोचलि**-आ.धा.। अ.क्रि.; कोचलिनु, गिजोलिनु । **कोचल्याइ** (कोचलि+आइ)-भा.ना.। **कोचल्याउनु**-प्रे.क्रि./स.क्रि.; कोचलिने पार्नु, कोचलाउनु। **कोचल्याउ**-प्रे.धा.। **कोचल्याइनु**-कोचल्याउनुको क.क्रि.। **कोचल्याइ**-भा.प्रे.धा.। **कोचलिइनु**-कोचलिनुको भा.क्रि.। **कोचलिइ**-भा.धा.। **कोचलिई, कोचलिएर, कोचलिन, कोचलिंदै, कोचलिउन्जेल, कोचलिंदाखेरि**-कृ.अ.। **कोचलिनू**-वि.। **कोचलिऊन्**-इ.। **कोचलेला**-स.। (अ.क्रि.-कुवाको पानी कोचलियो ।)

कोचल्नु-क्रि.मू.। **कोचल्**-आ.धा.। स.क्रि.; गिजोल्नु, मुछिने चीज वा कुनै तरल पदार्थमा हात हालेर हुँडल्नु, कोचेल्नु। **कोचलाइ** (कोचल्+आइ)-भा.ना.। **कोचल्लाउनु**-प्रे.क्रि./स.क्रि.; कोचल्न लाउनु, । **कोचल्लाउ**-प्रे.धा.। **कोचल्लाइनु**-कोचल्लाउनुको क.क्रि.। **कोचल्लाइ**-क.प्रे.धा.। **कोचलिनु**-कोचल्नुको क.क्रि.। **कोचलि**-क.धा.। **कोचली, कोचलेर, कोचल्न, कोचल्दै, कोचलुन्जेल, कोचल्दाखेरि**-कृ.अ.। **कोचल्नू** -वि.। **कोचलून्**-इ.। **कोचल्ला**-स.। (स.क्रि.-बालखले फोहर हातले पानी कोचल्यो ।)

कोचार्नु-क्रि.मू.। **कोचार्**-आ.धा.। स.क्रि.; खाँदिर हाल्नु, कोच्नु । **कोचराइ** (कोचार्+आइ)-भा.ना.। **कोचऱ्याउनु**-प्रे.क्रि/स.क्रि.; कोचार्न लाउनु । **कोचऱ्याउ**-प्रे.धा.। **कोचऱ्याइनु**-कोचऱ्याउनुको क.क्रि.। **कोचऱ्याइ**-क.प्रे.धा.। **कोचारिनु**-कोचार्नुको क.क्रि.। **कोचारि**-क.धा.। **कोचारी, कोचारेर, कोचार्न, कोचार्दै, कोचारुन्जेल, कोचार्दाखेरि**-कृ.अ.। **कोचार्नू**-वि.। **कोचारून्** -इ.। **कोचार्ला**-स.। (स.क्रि.-गुन्द्रुक बनाउनका निमित्त घरकी बुहारीले भुङ्कोमा साग कोचारी ।)

कोचेलिनु-क्रि.मू.। **कोचेलि**-आ.धा.। अ.क्रि.; कोचलिनु । **कोचेल्याइ** (कोचेलि+आइ)-भा.ना.। **कोचेल्याउनु**-प्रे.क्रि./स.क्रि.; कोचल्याउनु । **कोचेल्याउ**- प्रे.धा.। **कोचेल्याइनु**-कोचेल्याउनुको क.क्रि.। **कोचेल्याइ**-भा.प्रे.धा.। **कोचेलिइनु** -कोचेलिनुको भा.क्रि.। **कोचेलिइ**- भा.धा.। **कोचेलिई, कोचेलिएर, कोचेलिन, कोचेलिंदै, कोचेलिउन्जेल, कोचेलिंदाखेरि**-कृ.अ.। **कोचेलिनू**-वि.। **कोचेलिऊन्**-इ.। **कोचेलेला**-स.। (अ.क्रि.-नेताहरूको बफौटीले जनमानस कोचेलियो ।)

कोचेल्नु-क्रि.मू.। **कोचेल्** -आ.धा.। स.क्रि.; कोचल्नु । **कोचेलाइ** (कोचेल्+आइ)-भा.ना.। **कोचेलाउनु**- प्रे.क्रि./स.क्रि.; कोचेल्न लाउनु । **कोचेलाउ**-प्रे.धा.। **कोचेलाइनु**-कोचेलाउनुको क.क्रि.। **कोचेलाइ**-क.प्रे.धा.। **कोचेलिनु**-कोचेल्नुको क.क्रि.। **कोचेलि**-क.धा.। **कोचेली, कोचेलेर, कोचेल्न, कोचेल्दै, कोचेलुन्जेल, कोचेल्दाखेरि**-कृ.अ.। **कोचेल्नू**-वि.। **कोचेलून्**-इ.। **कोचेल्ला**-स.। (स.क्रि. -हीरालाल विश्वकर्माले बाहुनहरूको मुखुन्जेल भोजमा हात कोचेल्यो ।)

कोट्टिनु-क्रि.मू.। **कोट्टि**-आ.धा.। अ.क्रि.; कुराको प्रशङ्गमा

केही कुरो उठ्नु, अलि-अलि गरी उप्कनु । **कोट्ट्याइ** (कोट्टि+आइ)-भा.ना.। **कोट्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; उप्काउनु, खोतल्नु । **कोट्ट्याउ** -प्रे.धा.। **कोट्ट्याइनु**-कोट्ट्याउनुको क.क्रि.। **कोट्ट्याइ** -भा.प्रे.धा.। **कोट्टिइनु**-कोट्टिनुको भा.क्रि.। **कोट्टिइ**-भा.धा.। **कोट्टिई, कोट्टिएर, कोट्टिन, कोट्टिंदै, कोट्टिउन्जेल, कोट्टिंदाखेरि**-कृ.अ.। **कोट्टिनू**-वि.। **कोट्टिऊन्**-इ.। **कोट्टिला**-स.। (अ.क्रि.-जाडोको सिमाङको घिउ बल्ल-बल्ल कोट्टियो ।)

कोतर्नु-क्रि.मू.। **कोतर्**-आ.धा.। स.क्रि.; माटो आदिको भित्तो कोपरेर धर्का पार्नु, कोपर्नु, कोट्याउनु । **कोतराइ** (कोतर्+आइ)-भा.ना.। **कोतराउनु**-प्रे.क्रि./स.क्रि., कोतर्न लाउनु । **कोतराउ**-प्रे.धा.। । **कोतरिनु**-कोतर्नुको क.क्रि.। **कोतरि**-क.धा.। **कोतरी, कोतरेर, कोतर्न, कोतर्दै, - कोतरुन्जेल, कोतर्दाखेरि**-कृ.अ.। **कोतर्नू**-वि.। **कोतरून्**-इ.। **कोतर्ला**-स.। (स.क्रि.-केटाकेटीले घरको भित्ता कोतरे ।)

कोत्रनु-क्रि.मू.। **कोत्र** -आ.धा.। स.क्रि.; हे. कोतर्नु । **कोत्राइ** (कोत्र+आइ)-भा.ना.। **कोत्राउनु**-प्रे.क्रि./स.क्रि.; कोत्र्याउनु । **कोत्राउ**-प्रे.धा.। **कोत्राइनु**-कोत्राउनुको क.क्रि.। **कोत्राइ**-क.प्रे.धा.। **कोत्रिनु** -कोत्रनुको क.क्रि.। **कोत्रि**-क.धा.। **कोत्री, कोत्रेर, कोत्रन, कोत्रँदै, कोत्रुन्जेल, कोत्रँदाखेरि**-कृ.अ.। **कोत्रनू**-वि.। **कोत्रून्**-इ.। **कोत्रला**-स.। (स.क्रि.-बिरालोले भइँ कोत्र्यो ।)

कोत्रिनु-क्रि.मू.। **कोत्री**-आ.धा.। अ.क्रि.; छ्याकटे हुनु, थोत्रो देखिनु । **कोत्र्याइ** (कोत्रि+आइ)-भा.ना.। **कोत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; कोत्रिन लाउनु । **कोत्र्याउ** -प्रे.धा.। **कोत्र्याइनु**-कोत्र्याउनुको क.क्रि.। **कोत्र्याइ**-भा.प्रे.धा.। **कोत्रिइनु**-कोत्रिनुको भा.क्रि.। **कोत्रिइ**-भा.धा.। **कोत्रिई, कोत्रिएर, कोत्रिन, कोत्रिंदै, कोत्रिउन्जेल, कोत्रिंदाखेरि**-कृ.अ.। **कोत्रिनू**-वि.। **कोत्रिऊन्**-इ.। **कोत्रेला**-स.। (अ.क्रि.-गाउँमा बिफर फैलिएपछि विशाल राईको अनुहार कोत्रियो ।)

कोपर्नु-क्रि.मू.। **कोपर्**-आ.धा.। स.क्रि.; चिथोर्नु, दार्नु, कोतर्नु । **कोपराइ** (कोपर्+आइ)-भा.ना.। **कोपरिनु**-कोपर्नुको क.क्रि.। **कोपरि**-क.धा.। **कोपरी, कोपरेर, कोपर्न, कोपर्दै, कोपरुन्जेल, कोपर्दाखेरि**-कृ.अ.। **कोपर्नू**-वि.। **कोपरून्**-इ.। **कोपर्ला**-स.। (स.क्रि.-स्यालले बाखो कोपऱ्यो ।)

कोप्चिनु-क्रि.मू.। **कोप्चि**-आ.धा.। अ.क्रि.; कोप्चो पर्नु, कोप्रिनु, साँघुरो हुँदै जानु । **कोप्च्याइ** (कोप्चि+आइ)-भा.ना.। **कोप्च्याउनु**-प्रे.क्रि./स.क्रि.; कोप्चो पार्नु । **कोप्च्याउ**-प्रे.धा.। **कोप्च्याइनु** -कोप्च्याउनुको क.क्रि.। **कोप्च्याइ**-भा.प्रे.धा.। **कोप्चिइनु**-कोप्चिनुको भा.क्रि.। **कोप्चिइ**-भा.धा.। **कोप्चिई, कोप्चिएर, कोप्चिन, कोप्चिंदै, कोप्चिउन्जेल, कोप्चिंदाखेरि**-कृ.अ.। **कोप्चिनू**-वि.। **कोप्चिऊन्**-इ.। **कोप्चेला**-स.। (अ.क्रि.-लामो सोतीखेत पहाडको फेदीमा पुगेर कोप्चियो ।)

कोप्रिनु-क्रि.मू.। **कोप्रि**-आ.धा.। अ.क्रि.; खुम्चिनु, कोप्रो हुनु । **कोप्र्याइ** (कोप्रि+आइ), (कोप्र्याउ+आइ)-भा.ना.। **कोप्र्याउनु**-प्रे.क्रि./स.क्रि.; कोप्रो तुल्याउनु । **कोप्र्याउ**-प्रे.धा.। **कोप्र्याइनु**-कोप्र्याउनुको क.क्रि.। **कोप्र्याइ**-भा.प्रे.धा.। **कोप्रिइनु**-कोप्रिनुको भा.क्रि.। **कोप्रिइ**-भा.धा.। **कोप्रिई, कोप्रिएर, कोप्रिन, कोप्रिंदै, कोप्रिउन्जेल, कोप्रिंदाखेरि**-कृ.अ.। **कोप्रिनू**-वि.। **कोप्रिऊन्**-इ.। **कोप्रेला**-स.। (अ.क्रि.-मट्किलोमा माटो खन्दाखन्दै बारीको डिल कोप्रियो ।)

कोप्ल्याउनु-क्रि.मू.। **कोप्ल्याउ**-आ.धा.। स.क्रि.; ठूल्ठूला गाँस हालेर कोप्ल्याक-कोप्ल्याक खानु । **कोप्ल्याइ** (कोप्ल्याउ+आइ)-भा.ना.। **कोप्ल्याइनु**-कोप्ल्याउनुको क.क्रि.। **कोप्ल्याइ**-क.धा.। **कोप्ल्याई, कोप्ल्याएर, कोप्ल्याउन, कोप्ल्याउँदै, कोप्ल्याउन्जेल, कोप्ल्याउँदाखेरि**-कृ.अ.। **कोप्ल्याउनू**-वि.। **कोप्ल्याऊन्**-इ.। **कोप्ल्याउला** - स. । (स.क्रि.-अतिवादीहरूले जनताको नाममा गुण्डागर्दी गरी सडक व्यापारीका सुन्तला-स्याउ लुटेर सित्तिमा कोप्ल्याएं ।)

कोरल्नु-क्रि.मू.। **कोरल्**-आ.धा.। स.क्रि.; फुलबाट बच्चा काढ्नु । **कोरलाइ** (कोरल्+आइ)-भा.ना.। **कोरलाउनु**-प्रे.क्रि./स.क्रि.; कोरल्न लाउनु । **कोरलाउ**-प्रे.धा.। **कोरलिनु**-कोरल्नुको क.क्रि.। **कोरलि**-क.धा.। **कोरली, कोरलेर, कोरल्न, कोरल्दै, कोरलुन्जेल, कोरल्दाखेरि**-कृ.अ.। **कोरल्नू**-वि.। **कारलून्**-इ.। **कोरल्ला**-स.। (स.क्रि.-कुखुराको पोथीले चल्ला कोरल्यो ।)

कोर्नु-क्रि.मू.। **कोर्**-आ.धा.। स.क्रि.; कोतर्नु, घर्सो पार्नु, कोत्रनु, दरफऱ्याउनु, तलास्नु वा बाट्नु । **कोराइ** (कोर्+आइ)-भा.ना.। **कोराउनु**-प्रे.क्रि./स.क्रि., कोर्न लाउनु । **कोराउ**-प्रे.धा.। **कोराइनु**-कोराउनुको क.क्रि.। **कोराइ**-क.प्रे.धा.। **कोरिनु**-कोर्नुको क.क्रि.। **कोरि**-क.धा.। **कोरी, कोरेर, कोर्न, कोर्दै, कोरुन्जेल, कोर्दाखेरि**-कृ.अ.। **कोर्नू**-वि.। **कोरून्**-इ.। **कोर्ला**-स.। (स.क्रि.-ऐसेलु टिप्ता काँडाले हात कोऱ्यो ।)

कौलास्नु-क्रि.मू.। **कौलास्**-आ.धा.। स.क्रि.; टाढाबाट कसैलाई ठूलो स्वरले बोलाउनु, हपार्नु । अ.क्रि.; चिच्याउनु । **कौलसाइ** (कौलास्+आइ)-भा.ना.। **कौलसाउनु**-प्रे.क्रि./स.क्रि.; कोलास्न लाउनु । **कौलसाउ**-प्रे.धा.। **कौलसाइनु**-कौलसाउनुको क.क्रि.। **कौलसाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **कौलासिनु**-कौलास्नुको क.क्रि./भा.क्रि । **कौलासि** -क.धा./भा.धा.। **कौलासी, कौलासेर, कौलास्न, कौलास्दै, कौलासुन्जेल, कौलास्दाखेरि**-कृ.अ.। **कौलास्नू**-वि.। **कलासून्**-इ.। **कौलास्ला**-स.। (स.क्रि.-गृहकार्य नगरी खेलेर बसेका हुँदा बिलप्रसाद कामीले आफ्ना केटाकेटीलाई कौलास्यो । अ.क्रि.-आफ्नी श्रीमतीको पनि मत-पत्र नपाएकोले ढुण्डीराज डाँडामा बसेर कौलास्यो ।)

क्याँक्नु-क्रि.मू.। **क्याँक्**-आ.धा.। स.क्रि.; घोक्रो समाउनु, घाँटी अँठ्याउनु, पक्रनु । **क्यँकाइ** (क्याँक्+आइ)-भा.ना.। **क्यँकाउनु**-प्रे.क्रि./स.क्रि.; क्यँक्न लाउनु । **क्यँकाउ**-प्रे.धा.। **क्यँकाइनु**-क्यँकाउनुको क.क्रि । **क्यँकाइ** -क.प्रे.धा.। **क्याँकिनु**-क्याँक्नुको क.क्रि. । **क्याँकि**-क.धा.। **क्याँकी, क्याँकेर, क्याँक्न, क्याँक्दै, क्याँकुन्जेल, क्याँक्दाखेरि**-कृ.अ.। **क्याँक्नू**-वि.। **क्याँकून्**-इ.। **क्याँक्ला**-स.। (स.क्रि.-हरिवंश साहूले सज्जन छिमेकीहरूलाई क्याँक्यो ।)

ख

खँगार्नु-क्रि.मू.। **खँगार्**-आ.धा.। स.क्रि.; घिउ, तेल, पानी आदि नराखी खानेकुरा सुक्खा भुट्नु, जमेको घिउ वा नौनी घिउ शुद्ध गर्न बढी तताएर खार्नु, सम्पत्ति सिध्याउनु, झार्नु, खसाल्नु, खुरमुर्‍याउनु, रोग आदिले शरीर क्षीण पार्नु । **खँगराइ** (खँगार्+आइ)-भा.ना.। **खँगराउनु**-प्रे.क्रि./स.क्रि.; खँगार्न लाउनु । **खँगराउ**-प्रे.धा.। **खँगराइनु** -खँगराउनुको क.क्रि.। **खँगराइ**-क.प्रे.धा.। **खँगारिनु**-खँगार्नुको क.क्रि.। **खँगारि** -क.धा.। **खँगारी, खँगारेर, खँगार्न, खँगार्दै, खँगारुन्जेल, खँगार्दाखेरि**-कृ.अ.। **खँगार्नू**-वि.। **खँगारून्**-इ.। **खँगार्ला**-स.। (स.क्रि.-पण्डित माहिलाले रक्सी पिएर सबै सम्पत्ति खँगार्‍यो ।)

खँदार्नु-क्रि.मू.। **खँदार्**-आ.धा.। स.क्रि.; तलतिर झार्नु वा घिसार्नु । **खँदराइ** (खँदार्+आइ)-भा.ना.। **खँदराउनु**-प्रे.क्रि./स.क्रि.; खँदार्न लाउनु । **खँदराउ**-प्रे.धा.। **खँदराइनु**-खँदराउनुको क.क्रि.। **खँदराइ**-क.प्रे.धा.। **खँदारिनु**-खदार्नुको क.क्रि.। **खँदारि**-क.धा.। **खँदारी, खँदारेर, खँदार्न, खँदार्दै, खँदारुन्जेल, खँदार्दाखेरि**-कृ.अ.। **खँदार्नू**-वि.। **खँदारून्**-इ.। **खँदार्ला**-स.। (स.क्रि.-हलीको वनीसम्म ठगेर घिच्न पल्केको लामीडाँडे कृष्णेलाई जनताले खँदारे ।)

खकार्नु-क्रि.मू.। **खकार्**-आ.धा.। अ.क्रि.; खोकेर कफ निकाल्नु । **खकराइ** (खकार्+आइ)-भा.ना.। **खकारिनु**-खकार्नुको भा.क्रि.। **खकारि**-भा.धा.। **खकारी, खकारेर, खकार्न, खकार्दै, खकारुन्जेल, खकार्दाखेरि**-कृ.अ.। **खकार्नू**-वि.। **खकारून्**-इ.। **खकार्ला** - स. । (अ.क्रि. - हरिश्चन्द्रले ख्यालै नराखी सडकमा खकार्‍यो ।)

खकाल्नु-क्रि.मू.। **खकाल्**-आ.धा.। स.क्रि.; भाँडा आदि पानीले पखाल्नु । **खकलाइ** (खकाल्+आइ)-भा.ना.। **खकालिनु**-खकाल्नुको क.क्रि.। **खकालि**-क.धा.। **खकाली, खकालेर, खकाल्न, खकाल्दै, खकालुन्जेल, खकाल्दाखेरि**-कृ.अ.। **खकाल्नू**-वि.। **खकालून्** - इ. । **खकाल्ला**-स.। (स.क्रि.-होटेल बेयराले भाँडाहरू खकाल्यो ।)

खगाल्नु-क्रि.मू.। **खगाल्**-आ.धा.। स.क्रि.; खकाल्नु । **खगलाइ** (खगाल्+आइ)-भा.ना.। **खगलाउनु** प्रे.क्रि./स.क्रि.; खगाल्न लाउनु । **खगलाउ**-प्रे.धा.। **खगलाइनु**-क..क्रि.। **खगलाइ**-क.प्रे.धा.। **खगालिनु**-खगाल्नुको क.क्रि.। **खगालि**-क.धा.। **खगाली, खगालेर, खगाल्न, खगाल्दै, खगालुन्जेल, खगाल्दाखेरि**-कृ.अ.। **खगाल्नू**-वि.। **खगालून्**-इ.। **खगाल्ला**-स.। (स.क्रि.-आमाले परिवारका जुठाभाँडा खगालिन्)

खङार्नु-क्रि.मू.। **खङार्**-आ.धा.। अ.क्रि.; हतोत्साह हुनु, हच्कनु, दच्कनु । **खङराइ** (खङार्+आइ)-भा.ना.। **खङराउनु**-प्रे.क्रि./स.क्रि.; खँगराउनु । **खङराउ**-प्रे.धा.। **खङराइनु**-खङराउनुको क.क्रि.। **खङ्राइ**-क.प्रे.धा.। **खङारिनु**-खङार्नुको क.क्रि.। **खङारि**-क.धा.। **खङारी, खङारेर, खङार्न, खङार्दै, खङारुन्जेल, खङार्दाखेरि**-कृ.अ.। **खङार्नू**-वि.। **खङारून्**-इ.। **खङार्ला**-स.। (स.क्रि.-गोठालोले घिउ खङार्‍यो ।)

खच्कनु-क्रि.मू.। **खच्क**-आ.धा.। अ.क्रि.; हतोत्साह हुनु, हच्कनु, दच्कनु । **खच्काइ** (खच्क+आइ)-भा.ना.। **खच्काउनु**-प्रे.क्रि./स.क्रि.; खस्काउनु । **खच्काउ** -प्रे.धा.। **खच्काइनु**-खच्काउनुको क.क्रि.। **खच्काइ**-भा.प्रे.धा.। **खच्किनु**-खच्कनुको भा.क्रि.। **खच्कि**-भा.धा.। **खच्की, खच्केर, खच्कन, खच्कँदै, खच्कुन्जेल, खच्कँदाखेरि**-

कृ.अ.। **खच्कनू**-वि.। **खच्कून्**-इ.। **खच्कला**-स.। (अ.क्रि.-असत् कार्य गर्नाले हरिवंश खच्क्यो ।)

खजमजिनु-क्रि.मू.। **खजमजि**-आ.धा./अ.क्रि.; तह नमिलेर खुम्चिनु, लथालिङ्ग पर्नु, क्रम नमिल्नु । **खजमज्याइ** (खजमजि+आइ)-भा.ना.। **खजमज्याउनु** -प्रे.क्रि./स.क्रि.; खजमज पार्नु । **खजमज्याउ** -प्रे.धा.। **खजमज्याइनु**-खजमज्याउनुको क.क्रि.। **खजमज्याइ**-भा.प्रे.धा.। **खजमजिइनु**-खजमजिनुको भा.क्रि.। **खजमजिइ**-भा.धा.। **खजमजिई, खजमजिएर, खजमजिन, खजमजिंदै, खजमजिउन्जेल, खजमजिंदाखेरि**-कृ.अ.। **खजमजिनू**-वि.। **खजमजिऊन्**-इ.। **खजमजेला**-स.। (अ.क्रि.-कोरीबाटी नगर्दा त्यसको कपाल खजमजियो ।)

खटखटाउनु-क्रि.मू.। **खटखटाउ**-आ.धा.। स.क्रि.। अ.क्रि.; झ्याल, ढोका आदिबाट खटखट आवाज निकाल्नु वा निस्कनु; घिउ, तेल आदि खट्कनु । **खटखटाइ** (खटखटाउ+आइ)-भा.ना.। **खटखटाइनु**-खटखटाउनुको क.क्रि./भा.क्रि.। **खटखटाइ**-क.धा./भा.धा.। **खटखटाई, खटखटाएर, खटखटाउन, खटखटाउँदै, खटखटाउन्जेल, खटखटाउँदाखेरि**-कृ.अ.। **खटखटाउनू**-वि.। **खटखटाऊन्**-इ.। **खटखटाउला**-स.। (स.क्रि.-एक बिहानै एउटा मागनेले ढोका खटखटायो । (अ.क्रि.-बढी तातेर भाँडोमा घिउ खटखटायो ।

खट्नु - क्रि.मू.। **खट्**-आ.धा.। अ.क्रि.; काममा सकेसम्म लागि पर्नु, परिश्रम गर्नु । **खटाइ** (खट्+आइ)-भा.ना.। **खटाउनु**-प्रे.क्रि./स.क्रि.; खट्न लाउनु । **खटाउ**-प्रे.धा.। **खटाइनु**-खटाउनुको क.क्रि.। **खटाइ**-भा.प्रे.धा.। **खटिनु**-खट्नुको भा.क्रि.। **खटि**-भा.धा.। **खटी, खटेर, खट्न, खट्दै, खटुन्जेल, खट्दाखेरि**-कृ.अ.। **खट्नू**-वि.। **खटून्**-इ.। **खट्ला**-स.। (अ.क्रि.-यस्तो चर्को घाममा पनि हरिबहादुर दिनभरि काममा खट्यो ।)

खटाउनु-क्रि.मू.। **खटाउ**-आ.धा.। स.क्रि.; अड्कलेर दिनु, अऱ्हाउनु, काममा नियुक्त गर्नु । **खटाइ** (खटाउ+आइ)-भा.ना.। **खटाइनु**-खटाउनुको क.क्रि.। **खटाइ**-क.धा.। **खटाई, खटाएर, खटाउन, खटाउँदै, खटाउन्जेल, खटाउँदाखेरि**-कृ.अ.। **खटाउनू**-वि.। **खटाऊन्**-इ.। **खटाउला**-स.। (स.क्रि.-वास्तविकताको छानबिन गर्न सरकारले आयोगका कर्मचारीलाई खटायो ।)

खट्कनु-क्रि.मू.। **खट्क**- आ.धा.। अ.क्रि.; नमिलेको अनुभव हुनु, खट्को लाग्नु, रोकिनु, थामिनु । **खट्काइ** (खट्क+आइ)-भा.ना.।**खट्काउनु**-प्रे.क्रि./स.क्रि.; खट्कन लाउनु । **खट्काउ**-प्रे.धा.। **खट्काइनु**-खट्काउनुको क.क्रि.। **खट्काइ**-भा.प्रे.धा.। **खट्किनु**-खट्कनुको भा.क्रि.। **खट्कि**-भा.धा.। **खट्की, खट्केर, खट्कन, खट्कँदै, खट्कुन्जेल, खट्कँदाखेरि**-कृ.अ.। **कट्कनू**-वि.। **खट्कून्**-इ.। **खट्कला**-स.। (अ.क्रि.-रामबहादुरको कुरा खट्क्यो, धेरैले पत्याएनन् ।)

खट्किनु-क्रि.मू.। **खट्कि**-आ.धा.। अ.क्रि.; हे. खट्कनु । **खट्क्याइ** (खट्कि+आइ)-भा.ना.। **खट्क्याउनु**-प्रे.क्रि./स.क्रि.; खट्किने पार्नु । **खट्क्याउ**-प्रे.धा.। **खट्क्याइनु**-खट्क्याउनुको क.क्रि.। **खट्क्याइ** -भा.प्रे.धा.। **खट्किइनु**-खट्किनुको भा.क्रि.। **खट्किइ** -भा.धा.। **खट्किई, खट्किएर, खट्किन, खट्किंदै, खट्किउन्जेल, खट्किंदाखेरि** - कृ.अ.। **खट्किनू**-वि.। **खटकिऊन्**-इ.। **खट्केला**-स.। (अ.क्रि.-बयानमा बादीका कुरा खट्किए ।)

खडखडाउनु-क्रि.मू.। **खडखडाउ** -आ.धा.। अ.क्रि.; खडखड आवाज आउनु, खटखटाउनु । स.क्रि.; खटखट आवाज निकाल्नु । **खडखडाइ** (खडखडाउ+आइ)-भा.ना.। **खडखडाइनु**-खडखडाउनुको भा.क्रि./स.क्रि.। **खडखडाइ**-भा.धा./क.धा.। **खडखडाई, खडखडाएर, खडखडाउन, खडखडाउँदै, खडखडाउन्जेल, खडखडाउँदाखेरि**-कृ.अ.। **खडखडाउनू**-वि.। **खडखडाऊन्**-इ.। **खडखडाउला**-स.। (अ.क्रि.-आगोमा पकाएको तेल खडखडायो । स.क्रि.-नव आगन्तुकले ढोका खडखडाए ।)

खड्कनु-क्रि.मू.। **खड्क**-आ.धा.। अ.क्रि.; खट्कनु । (अ.क्रि.-समसामयिक सन्दर्भमा मेरो लेख खड्क्यो ।)

खतेर्नु-क्रि.मू.। **खतेर्**-आ.धा.। स.क्रि.; थुपार्नु, खात लाउनु, सोहोर्नु, जम्मा गर्नु । **खतेराइ** (खतेर्+आइ)-भा.ना.। **खतेराउनु**- प्रे.क्रि./स.क्रि.; खतेर्न लाउनु । **खतेराउ**-प्रे.धा.। **खतेराइनु**-खतेराउनुको क.क्रि.। **खतेराइ**-क.प्रे.धा.। **खतेरिनु**-खतेर्नुको क.क्रि.। **खतेरि**-क.धा.। **खतेरी, खतेरेर, खतेर्न, खतेर्दै, खतेरुन्जेल, खतेर्दाखेरि**-कृ.अ.। **खतेर्नू**-वि.। **खतेरून्**- इ.। **खतेर्ला**-स.। (स.क्रि.-बहिनीले कोठाभरि छिरलिएका पुस्तकहरू खतेरिन् ।)

खतेरिनु-क्रि.मू.। **खतेरि**-आ.धा.। अ.क्रि.; एकत्र पारिनु, थुप्रिनु सोहोरिनु । **खतेऱ्याइ** (खतेरि+आइ)-भा.ना.। **खतेऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; खतेरिने पार्नु । **खतेऱ्याउ** -प्रे.धा.। **खतेऱ्याइनु**-खतेऱ्याउनुको क.क्रि.। **खतेऱ्याइ**-भा.प्रे.धा.। **खतेरिइनु**-खतेरिनुको भा.क्रि.। **खतेरिइ**-

भा.धा.। **खतेरिई, खतेरिएर, खतेरिन, खतेरिँदै, खतेरिउन्जेल, खतेरिंदाखेरि**-कृ.अ.। **खतेरिनू**-वि.। **खतेरिऊन्**-इ.। **खतेरेला**-स.। (अ.क्रि.-पुस्तकालयमा पुस्तकहरू खतेरिए ।)

खत्कनु-क्रि.मू.। **खत्क**-आ.धा.। अ.क्रि.; खतखत गरी पाक्नु, फत्कनु, छड्कनु । **खत्काइ** (खत्क+आइ)-भा.ना.। **खत्काउनु**-प्रे.क्रि./स.क्रि.; खतकन लाउनु । **खत्काउ**-प्रे.धा.। **खत्काइनु**-खत्काउनुको क.क्रि.। **खत्काइ**-भा.प्रे.धा.। **खत्किनु**-खत्कनुको भा.क्रि.। **खत्कि**-भा.धा.। **खत्की, खत्केर, खत्कन, खत्कँदै, खत्कुन्जेल, खत्कँदाखेरि**-कृ.अ.। **खत्कनू**-वि.। **खत्कून्**-इ.। **खत्कला**-स.। (अ.क्रि.-चुल्होमा बसाएको मकैको भात खत्क्यो ।)

खत्किनु-क्रि.मू.। **खत्कि**-आ.धा.। अ.क्रि.; हे. खत्कनु । **खत्क्याइ** (खत्कि+आइ)-भा.ना.। **खत्क्याउनु**-प्रे.क्रि./स.क्रि.; छड्काउनु । **खत्क्याउ**-प्रे.धा.। **खत्क्याइनु** -खत्क्याउनुको क.क्रि.। **खत्क्याइ**-भा.प्रे.धा.। **खत्किइनु**-खत्किनुको भा.क्रि.। **खत्किइ**-भा.धा.। **खत्किई, खत्किएर, खत्किन, खत्किँदै, खत्किउन्जेल, खत्किंदाखेरि**-कृ.अ.। **खत्किनू**-वि.। **खत्किऊन्**-इ.। **खत्केला**-स.। (अ.क्रि.-कुकुरलाई पकाएको खोले खूब खत्कियो ।)

खत्तिनु-क्रि.मू.। **खत्ति**-आ.धा.। अ.क्रि.; ह्वात्त पोखिनु, ओइरिनु । **खत्त्याइ** (खत्ति+आइ)-भा.ना.। **खत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; खन्याउनु । **खत्त्याउ**-प्रे.धा.। **खत्त्याइनु**-खत्त्याउनुको क.कि.। **खत्त्याइ** -भा.प्रे.धा.। **खत्तिइनु**-खत्तिनुको भा.क्रि.। **खत्तिइ**-भा.धा.। **खत्तिई, खत्तिएर, खत्तिन, खत्तिँदै, खत्तिउन्जेल, खत्तिंदाखेरि**-कृ.अ.। **खत्तिनू**-वि.। **खत्तिऊन्**-इ.। **खत्तेला**-स.। (अ.क्रि.-गबुवा ढलेर सबै दूध भुईँमा खत्तियो ।)

खन्नु-क्रि.मू.। **खन्**-आ.धा.। स.क्रि.; औजारले माटो खोस्रनु, सताउनु । **खनाइ** (खन्+आइ)-भा.ना.। **खनाउनु**-प्रे.क्रि./स.क्रि.; खन्न लाउनु । **खनाउ**-प्रे.धा.। **खनाइनु**-खनाउनुको क.क्रि.। **खनाइ** -क.प्रे.धा.। **खनिनु**-खन्नुको क.क्रि.। **खनि**-क.धा.। **खनी, खनेर, खन्न, खन्दै, खनुन्जेल, खन्दाखेरि**-कृ.अ.। **खन्नू**-वि.। **खनून्** - इ.। **खन्ला**-स.। (स.क्रि.-कुल्लीहरूले हिमाली खण्डबाट पूर्वपश्चिम 'कैलाश राजमार्ग' खने ।)

खनिनु-क्रि.मू.। **खनि**-आ.धा.। अ.क्रि.; वैरनु, पोखिनु, रित्तिनु । **खन्याइ** (खनि+आइ)-भा.ना.। **खन्याउनु**-प्रे.क्रि./स.क्रि.; खत्याउनु, खालि पार्नु । **खन्याउ**-प्रे.धा.। **खन्याइनु**-खन्याउनुको क.क्रि.। **खन्याइ**-भा.प्रे.धा.। **खनिइनु**-खनिनुको भा.क्रि.। **खनिइ**-भा.धा.। **खनिई, खनिएर, खनिन, खनिँदै, खनिउन्जेल, खनिंदाखेरि**-कृ.अ.। **खनिनू**-वि.। **खनिऊन्**-इ.। **खन्नेला**-स.। (अ.क्रि.-गाउँलेहरू शोषकमाथि खनिए ।)

खण्डिनु-क्रि.मू.। **खण्डि**-आ.धा.। अ.क्रि.; टुक्रिनु, टुक्रा टुक्रा हुनु । **खण्ड्याइ** (खण्डि+आइ)-भा.ना.। **खण्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; टुक्र्याउनु । **खण्ड्याउ**-प्रे.धा.। **खण्ड्याइनु**-खण्ड्याउनुको क.क्रि.। **खण्ड्याइ** -भा.प्रे.धा.। **खण्डिइनु**-खण्डिनुको भा.क्रि.। **खण्डिइ**-भा.धा.। **खण्डिई, खण्डिएर, खण्डिन, खण्डिँदै, खण्डिउन्जेल, खण्डिंदाखेरि**-कृ.अ.। **खण्डिनू**-वि.। **खण्डिऊन्**-इ.। **खण्डेला**-स.। (अ.क्रि. - डिठ्ठा बूढाको कोदार खेत भाइ अंशमा खण्डियो ।)

खप्नु-क्रि.मू.। **खप्**-आ.धा.। अ.क्रि.; दिगो हुनु, टिक्नु । स.क्रि.; दुःख-कष्ट आदि सहनु, बेहोर्नु । **खपाइ** (खप्+आइ)-भा.ना.। **खपाउनु**-प्रे.क्रि./स.क्रि.; खप्न लाउनु । **खपाउ**-प्रे.धा.। **खपाइनु**-खपाउनुको क.क्रि.। **खपाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **खपिनु**-खप्नुको क.क्रि./भा.क्रि.। **खपि**-क.धा./भा.धा.। **खपी, खपेर, खप्न, खप्दै, खपुन्जेल, खप्दाखेरि**- कृ.अ.। **खप्नू**-वि.। **खपून्**-इ.। **खप्ला**-स.। (स.क्रि./अ.क्रि.- यो मेरो कोट खूब खप्यो । बडो संवेदनशील बनेर त्यसले धेरै दुःख-कष्ट खप्यो ।)

खपटिनु-क्रि.मू.। **खपटि** -आ.धा.। अ.क्रि.; खपटाजस्तो पातलो भएर सुक्तै जानु, दुब्लो-पातलो हुनु । **खपट्याइ** (खपटि+आइ)-भा.ना.। **खपट्याउनु**- प्रे.क्रि./स.क्रि.; खपटा जस्तो तुल्याउनु । **खपट्याउ**-प्रे.धा.। **खपट्याइनु**-खपट्याउनुको क.क्रि.। **खपट्याइ**-भा.प्रे.धा.। **खपटिइनु**-खपटिनुको भा.क्रि.। **खपटिइ**-भा.धा.। **खपटिई, खपटिएर, खपटिन, खपटिँदै, खपटिउन्जेल, खपटिंदाखेरि**-कृ.अ.। **खपटिनू**-वि.। **खपटिऊन्**-इ.। **खपटेला**-स.। (अ.क्रि.-असत् र षडयन्त्र जेलेर कूटनीति खेल्दा राजेश्वरको शरीर खपटियो ।)

खप्कनु-क्रि.मू.। **खप्क** -आ.धा.। स.क्रि.; खँदिर भर्नु, खम्कनु । **खप्काइ** (खप्क+आइ)-भा.ना.। **खप्काउनु**-प्रे.क्रि./स.क्रि.; खम्काउनु । **खप्काउ**-प्रे.धा.। **खप्काइनु**-खप्काउनुको क.क्रि.। **खप्काइ**-क.प्रे.धा.। **खप्किनु**-खप्कनुको क.क्रि.। **खप्कि** -क.धा.। **खप्की, खप्केर, खप्कन, खप्कँदै, खप्कुन्जेल, खप्कँदाखेरि**-कृ.अ.। **खप्कनू**-वि.। **खप्कून्**-इ.। **खप्कला**-स.। (स.क्रि.-अपुने गुरुङहरूले साहू साइँलाको गोदामको धान खप्के ।)

खप्किनु-क्रि.मू.। **खप्कि**-आ.धा.। स.क्रि. हे. खम्किनु । (स.क्रि. - पसलेले भाँडोमा चिनी खप्कियो ।)

खप्टनु-क्रि.मू.। **खप्ट**-आ.धा.। स.क्रि.; एकमाथि अर्को राख्दै थप्नु, चाङ लाउनु, खात लाउनु । **खप्टाइ** (खप्ट+आइ)-भा.ना.। **खप्टाउनु**-प्रे.क्रि./स.क्रि.; खप्टने पार्नु । **खप्टाउ**-प्रे.धा.। **खप्टाइनु**-खप्टाउनुको क.क्रि.। **खप्टाइ**-क.प्रे.धा.। **खप्टिनु**-खप्टनुको क.क्रि.। **खप्टि**-क.धा.। **खप्टी, खप्टेर, खप्टन, खप्टँदै, खप्टुन्जेल, खप्टँदाखेरि**-कृ.अ.। **खप्टनू**-वि.। **खप्टून्**-इ.। **खप्टला**-स.। (स.क्रि.-कुल्लीहरूले ट्रकमा काठका मुडा खप्टे ।)

खप्टिनु-क्रि.मू.। **खप्टि**-आ.धा.। स.क्रि.; हे. खप्टनु । **खप्ट्याइ** (खप्टि+आइ)-भा.ना.। **खप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; खप्टने पार्नु । **खप्ट्याउ**-प्रे.धा.। **खप्ट्याइनु**-खप्ट्याउनुको क.क्रि.। **खप्ट्याइ**-क.प्रे.धा.। **खप्टिइनु**-खप्टिनुको क.क्रि.। **खप्टिइ**-क.धा.। **खप्टिई, खप्टिएर, खप्टिन, खप्टिँदै, खप्टिउन्जेल, खप्टिंदाखेरि**-कृ.अ.। **खप्टिनू**-वि.। **खप्टिऊन्**- इ.। **खप्टेला**- स.। (स.क्रि.-बिहे भोजमा दमिनीबूढीले घर लैजानका निमित्त भातका टपरी खप्टिई ।)

खप्प्याउनु-क्रि.मू.।**खप्प्याउ**-आ.धा.। स.क्रि.; गफलक्याउनु, कुनै गिलो खानेकुरा फटाफट खानु । **खप्प्याइ** (खप्प्याउ+आइ)-भा.ना.। **खप्प्याइनु**-खप्प्याउनुको क.क्रि.। **खप्प्याइ**-क.धा.। **खप्प्याई, खप्प्याएर, खप्प्याउन, खप्प्याउँदै, खप्प्याउन्जेल, खप्प्याउँदाखेरि**-कृ.अ.। **खप्प्याउनू**-वि. । **खप्प्याऊन्**-इ.। **खप्प्याउला**-स.। (स.क्रि.-पर्यटकले फापरको ढिंडो मासको दालसित खप्प्यायो ।)

खप्ल्याउनु-क्रि.मू.। **खप्ल्याउ**-आ.धा.। स.क्रि.; गफलक्याउनु, धमाधम खानु, खप्प्याउनु । **खप्ल्याइ** (खप्ल्याउ+आइ)-भा.ना.। **खप्ल्याइनु**-खप्ल्याउनुको क.क्रि.। **खप्ल्याइ**-क.धा.। **खप्ल्याई, खप्ल्याएर, खप्ल्याउँदै, खप्ल्याउन, खप्लाउन्जेल, खप्ल्याउँदाखेरि**-कृ.अ.। **खप्ल्याउनू**-वि.। **खप्ल्याऊन्**-इ.। **खप्ल्याउला**-स.। (स.क्रि.-कैलाशपतिले सित्तैमा पाउँदा दुईमाना पुलाउ एकैछिनमा खप्ल्यायो ।)

खबटिनु-क्रि.मू.। **खबटि**-आ.धा.। अ.क्रि.; हे. खपटिनु । **खबट्याइ** (खबटि+आइ)-भा.ना.। **खबट्याउनु**-प्रे.क्रि./स.क्रि.; खपट्याउनु । **खबट्याउ**-प्रे.धा.। **खबट्याइनु**-खबट्याउनुको. क.क्रि.। **खबट्याइ**-भा.प्रे.धा.। **खबटिइनु**-खबटिनुको भा.क्रि.। **खबटिइ**-भा.धा.।**खबटिई, खबटिएर, खबटिन, खबटिँदै, खबटिउन्जेल, खबटिंदाखेरि**-कृ.अ.। **कबटिनू**-वि.। **खबटिऊन्**-इ.। **खबटेला**- स.। (अ.क्रि.-गिरोहहरूको ढाकछोप गरेर पैसा कमाउने धन्दामा लाग्दा त्यो हङकडे रण्डी खबटिई ।)

खम्कनु-क्रि.मू.। **खम्क**-आ.धा.। स.क्रि.; हे. खप्कनु । **खम्काइ** (खम्क+आइ)-भा.ना.। **खम्काउनु**-प्रे.क्रि./स.क्रि.; खम्कन लाउनु । **खम्काउ**-प्रे.धा.। **खम्काइनु**-खम्काउनुको क.क्रि.। **खम्काइ**-क.प्रे.धा.। **खम्किनु**-खम्कनुको क.क्रि.। **खम्कि**-क.धा.। **खम्की, खम्केर, खम्कन, खम्कँदै, खम्कुन्जेल, खम्कँदाखेरि**-कृ.अ.। **खम्कनू**-वि.। **खम्कून्**-इ.। **खम्कला**-स.। (स.क्रि.-त्यो युवा साहित्यकारले बाइबलको विचारलाई आफ्नो दर्शनमा निर्धक्क खम्क्यो ।)

खम्किनु-क्रि.मू.। **खम्कि**-आ.धा.। स.क्रि.; हे. खम्कनु । **खम्क्याइ** (खम्कि+आइ)-भा.ना.। **खम्क्याउनु**-प्रे.क्रि./स.क्रि.; खम्किने पार्नु । **खम्क्याउ** -प्रे.धा.। **खम्क्याइनु**-खम्क्याउनुको क.क्रि.। **खम्क्याइ**-क.प्रे.धा.। **खम्किइनु**-खम्किनुको क.क्रि.। **खम्किइ**-क.धा.। **खम्किई, खम्किएर, खम्किन, खम्किँदै, खम्किउन्जेल, खम्किंदाखेरि**-कृ.अ.। **खम्किनू**-वि.। **खम्किऊन्**-इ.। **खम्केला**-स.। (स.क्रि.-डाँडागाउँको काइँलाले थुम्सेमा भेडाबाखाको जुत्तो खम्कियो ।)

खम्सनु-क्रि.मू.। **खम्स** -आ.धा.। अ.क्रि.; खँगारिनु, झर्नु । स.क्रि.-मैथुन गर्नु । **खम्साइ** (खम्स+आइ)-भा.ना.। **खम्साउनु**-प्रे.क्रि./स.क्रि.; खम्सने पार्नु । **खम्साउ**-प्रे.धा.। **खम्साइनु**-खम्साउनुको क.क्रि.। **खम्साइ**-भा.प्रे.धा./क.प्रे.धा.। **खम्सिनु**-खम्सनुको भा.क्रि./क.क्रि.। **खम्सि**-भा.धा./क.धा.। **खम्सी, खम्सेर, खम्सन, खम्सँदै, खम्सुन्जेल, खम्सँदाखेरि**-कृ.अ.। **खम्सनू**-वि.। **खम्सून्**-इ.। **खम्सला**-स.। (अ.क्रि.-जाडोमा दुहुने भैंसी खम्स्यो ।स.क्रि.-राँगोले भैंसीलाई खम्स्यो ।)

खम्सिनु-क्रि.मू.। **खम्सि**-आ.धा.। स.क्रि.; हे. खम्सनु । **खम्स्याइ** (खम्सि+आइ)-भा.ना.। **खम्स्याउनू** - प्रे.क्रि./स.क्रि.; खम्साउनु । **खम्स्याउ**-प्रे.धा.। **खम्स्याइनु**-खम्स्याउनुको क.क्रि.। **खम्स्याइ**-भा.प्रे.धा./क.प्रे.धा.। **खम्सिइनु**-खम्सिनुको भा.क्रि./क.क्रि.। **खम्सिइ**-भा.धा./क.धा.। **खम्सिई, खम्सिएर, खम्सिन, खम्सिँदै, खम्सिउन्जेल, खम्सिंदाखेरि**-कृ.अ.। **खम्सिनू**- वि.। **खम्सिऊन्**-इ.। **खम्सेला**-स.। (अ.क्रि.-लेकबाट बेसीमा झर्दा भेडाबाखा खम्सिए । स.क्रि.-बहरले कोरलीलाई खम्सियो ।)

खरखराउनु-क्रि.मू.। **खरखराउ**-आ.धा.। अ.क्रि.; खरखर आवाज आउनु; धमाधम अन्न, पैसा आदि झर्नु । **खरखराइ** (खरखराउ+आइ)-भा.ना.। **खरखराइनु**-खरखराउनुको भा.क्रि.। **खरखराइ** -भा.धा.। खरखराई, **खरखराएर, खरखराउन, खरखराउँदै, खरखराउन्जेल, खरखराउँदाखेरि**-कृ.अ.। **खरखराउनू**-वि.। **खरखराऊन्**-इ.। **खरखराउला**-स.। (अ.क्रि.-कलाकारले शडकमा बसेर हली र कुल्लीको गीत गाइदिंदा वनी गरेर जम्मा गरेको अन्न, पैसा पनि खरखरायो ।)

खराउनु-क्रि.मू.। **खराउ**-आ.धा.। स.क्रि.; खरो वा सुक्ने गरी तताउनु, भुट्नु । **खराइ** (खराउ+आइ)-भा.ना.। **खराइनु**-खराउनुको क.क्रि.। **खराइ**- क.धा.। **खराई, खराएर, खराउन, खराउँदै, खराउन्जेल, खराउँदाखेरि**-कृ.अ.। **खराउनू**-वि.। **खराऊन्**-इ.। **खराउला**-स.। (स.क्रि.-पसलेले डाल्टा र शुद्ध घिउलाई एकै ठाउँमा राखेर खरायो ।)

खरिनु-क्रि.मू.। **खरि**-आ.धा.। अ.क्रि.; आगो वा घामले ज्यादा सुकेर खरो हुनु, बढ्ता सुकेर डढ्ला जस्तो हुनु । **खर्‍याइ** (खरि+आइ)-भा.ना.। **खर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; खरिने पार्नु । **खर्‍याउ** -प्रे.धा.। **खर्‍याइनु**-खर्‍याउनुको क.क्रि.। **खर्‍याइ**-भा.प्रे.धा.। **खरिइनु**-खरिनुको भा.क्रि.। **खरिइ**-भा.धा.। **खरिई, खरिएर, खरिन, खरिंदै, खरिउन्जेल, खरिंदाखेरि**-कृ.अ.। **खरिनू**-वि.। **खरिऊन्**-इ.। **खर्‍रेला**-स.। (अ.क्रि.-गर्मीको पराल खरियो ।)

खरिद्नु-क्रि.मू.। **खरिद्**-आ.धा.। स.क्रि.; बेसाउनु, खरिद गर्नु, किन्नु । **खरिदाइ** (खरिद्+आइ)-भा.ना.। **खरिदाउनु**-प्रे.क्रि./स.क्रि.; किन्न लाउनु, खरिद गराउनु । **खरिदाउ**-प्रे.धा.। **खरिदाइनु**-खरिदाउनुको क.क्रि.। **खरिदाइ**-क.प्रे.धा.। **खरिदिनु**-दरिद्नुको क.क्रि.। **खरिदि**-क.धा.। **खरिदी, खरिदेर, खरिद्न, खरिद्दै, दरिदुन्जेल, खरिद्दाखेरि**-कृ.अ.। **खरिद्नू** -वि.। **खरिदून्**-इ.। **खरिद्ला**-स.। (स.क्रि.-फौवन्जारले गाउँबाट आउने सबै वस्तुहरू खरिद्यो ।)

खर्कनु-क्रि.मू.। **खर्क**-आ.धा.। अ.क्रि.; बथान मिलेर बस्नु, पशुहरू भेला भएर एक ठाउँमा बस्नु, खर्किनु । **खर्काइ** (खर्क+आइ)-भा.ना.। **खर्काउनु** -प्रे.क्रि./स.क्रि.; बथान मिलाएर राख्नु, पशुहरूलाई जम्मा पार्नु । **खर्काउ**-प्रे.धा.। **खर्काइनु**-खर्काउनुको क.क्रि.। **खर्काइ**-भा.प्रे.धा.। **खर्किनु**-खर्कनुको भा.क्रि.। **खर्कि**-भा.धा.। **खर्की, खर्केर, खर्कन, खर्कदै, खर्कुन्जेल, खर्कदाखेरि**-कृ.अ.। **खर्कनू**-वि.। **खर्कून्** - इ.। **खर्कला** -स.। (अ.क्रि.-गर्मी भएकाले चर्दाचर्दैका गाईवस्तु कदमको छायाँमा खर्के ।)

खर्किनु-क्रि.मू.। **खर्कि**-आ.धा.। अ.क्रि.; हे. खर्कनु । **खर्क्याइ** (खर्कि+आइ)-भा.ना.। **खर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; खर्कन लाउनु । **खर्क्याउ** -प्रे.धा.। **खर्क्याइनु**-खर्क्याउनुको क.क्रि.। **खर्क्याइ**-भा.प्रे.धा.। **खर्किइनु**-खर्कनुको भा.क्रि.। **खर्किइ**-भा.धा.। **खर्किई, खर्किएर, खर्किन, खर्किंदै, खर्किउन्जेल, खर्किंदाखेरि**-कृ.अ.। **खर्किनू**-वि.। **खर्किऊन्**-इ.। **खर्केला**-स.। (अ.क्रि.-भेडावाखा तपीको लेकमा खर्किए ।)

खर्चनु-क्रि.मू.। **खर्च**-आ.धा.। स.क्रि.; व्यय गर्नु, मास्नु, खर्च गर्नु । **खर्चाइ** (खर्च+आइ)-भा.ना.। **खर्चाउनु**-प्रे.क्रि./स.क्रि.; खर्चन लाउनु, खर्च गराउनु । **खर्चाउ**-प्रे.धा.। **खर्चाइनु**-खर्चाउनुको क.क्रि.। **खर्चाइ**-क.प्रे.धा.। **खर्चिनु**-खर्चनुको क.क्रि.। **खर्चि**-क.धा.। **खर्ची, खर्चेर, खर्चन, खर्चंदै, खर्चुन्जेल, खर्चंदाखेरि**-कृ.अ.। **खर्चनू**-वि.। **खर्चून्**-इ.। **खर्चला**-स.। (स.क्रि.-नेपालका गरीवहरूले धूम्रपान र रक्सीमा आफ्नो कमाइ खर्चे ।)

खलबलाउनु-क्रि.मू.। **खलबलाउ**-आ.धा.। अ.क्रि.; गोलमाल हुनु, तुलबुलाउनु, अस्थिर हुनु । **खलबलाइ** (खलबलाउ+आइ)-भा.ना.। **खलबलाइनु**-खलबलाउनुको भा.क्रि.। **खलबलाइ** -भा.धा.। **खलबलाई, खलबलाएर, खलबलाउन, खलबलाउँदै, खलबलाउन्जेल, खलबलाउँदाखेरि**-कृ.अ.। **खलबलाउनू**-वि.। **खलबलाऊन्**-इ.। **खलबलाउला**-स.। (अ.क्रि.-रामनारायण श्रेष्ठको सन्काइले विद्यार्थीहरू नबुझेर खलबलाए ।)

खलबलिनु-क्रि.मू.। **खलबलि**-आ.धा.। अ.क्रि.; खलबल मच्चिनु, छरिनु, गडबडिनु । **खलबल्याइ** (खलबलि+आइ)-भा.ना.। **खलबल्याउनु** -प्रे.क्रि./स.क्रि.; गोलमाल पार्नु, हल्ला मचाउनु, तह बिगार्नु । **खलबल्याउ** -प्रे.धा.। **खलबल्याइनु**-खलबल्याउनुको क.क्रि.। **खलबल्याइ**-भा.प्रे.धा.। **खलबलिइनु**-खलबलिनुको भा.क्रि.। **खलबलिइ**-भा.धा.। **खलबलिई, खलबलिएर, खलबलिन, खलबलिंदै, खलबलिउन्जेल, खलबलिंदाखेरि**-कृ.अ.। **खलबलिनू**-वि.। **खलबलिऊन्**-इ.। **खलबलेला**-स.। (अ.क्रि.-अराजकताको कारण मार्क्सवादको जरा खलबलियो ।)

खल्काउनु-क्रि.मू.। **खल्काउ**-आ.धा.। स.क्रि.; नरम खानेकुरा नचपाईकन निल्नु । **खल्काइ** (खल्काउ+आइ)-भा.ना.। **खल्काइनु**-खल्काउनुको क.क्रि.। **खल्काइ**-क.धा.। **खल्काई, खल्काएर, खल्काउन, खल्काउँदै, खल्काउन्जेल,**

खल्काउँदाखेरि-कृ.अ.। **खल्काउनू**-वि.। **खल्काऊन्**-इ.। **खल्काउला**-स.। (स.क्रि.-मैले ढिंडो खल्काएँ ।)

खस्नु-क्रि.मू.। **खस्**-आ.धा.। अ.क्रि.; गिर्नु, तलतिर झर्नु, मर्नु । **खसाइ** (खस्+आइ)-भा.ना.। **खसाउनु**-प्रे.क्रि./स.क्रि.; खसाल्न लाउनु, खसाल्नु । **खसाउ**-प्रे.धा.। **खसाइनु**-खसाउनुको क.क्रि.। **खसाइ**-भा.प्रे.धा.। **खसिनु**-खस्नुको भा.क्रि.। **खसि**-भा.धा.। **खसी, खसेर, खस्न, खस्तै, खसुन्जेल, खस्दाखेरि**-कृ.अ.। **खस्नू**-वि.। **खसून्**-इ.। **खस्ला**-स.। (अ.क्रि.-रूखबाट फल खस्यो ।)

खसखसाउनु-क्रि.मू.। **खसखसाउ**-आ.धा.। अ.क्रि.; घाँटी सगसगाउनु, खसखस हुनु, सगसग लाग्नु । **खसखसाइ** (खसखसाउ+आइ)-भा.ना.। **खसखसाइनु**-खसखसाउनुको भा.क्रि.। **खसखसाइ** -भा.धा.। **खसखसाई, खसखसाएर, खसखसाउन, खसखसाउँदै, खसखसाउन्जेल, खसखसाउँदाखेरि**-कृ.अ.। **खसखसाउनू** - वि. । **खसखसाऊन्**-इ.। **खसखसाउला**-स.। (अ.क्रि.-आफैँ बोक्सी आफैँ सुँडेनी बनी शडकदेखि सदनसम्म गर्जेर जनताको परिश्रममा मोज गरेको देख्ता काले सार्कीको घाँटी खसखसायो ।)

खसखसिनु-क्रि.मू.। **खसखसि**-आ.धा.। अ.क्रि.; खसखसाउनु, घाँटीमा खसखस लाग्नु । **खसखस्याइ** (खसखसि+आइ)-भा.ना.। **खसखस्याउनु**-प्रे.क्रि./स.क्रि.; खसखसिने पार्नु । **खसखस्याउ**-प्रे.धा.। **खसखस्याइनु**-खसखस्याउनुको क.क्रि. । **खसखस्याइ** -भा.प्रे.धा.। **खसखसिइनु**-खसखसिनुको भा.क्रि.। **खसखसिइ** -भा.धा.। **खसखसिई, खसखसिएर, खसखसिन, खसखसिँदै, खसखसिउन्जेल, खसखसिंदाखेरि**-कृ.अ.। **खसखसिनू**-वि.। **खसखसिऊन्**-इ.। **खसखसेला**-स.। (अ.क्रि.-रुघा-खोकी लागेकोले मेरो घाँटी खसखसियो ।)

खसमसाउनु-क्रि.मू.। **खसमसाउ** -आ.धा.। अ.क्रि.; खसखसाउनु । **खसमसाइ** (खसमसाउ+आइ)-भा.ना.। **खसमसाइनु**-खसमसाउनुको भा.क्रि.। **खसमसाइ** -भा.धा.। **खसमसाई, खसमसाएर, खसमसाउन, खसमसाउँदै, खसमसाउन्जेल, खसमसाउँदाखेरि**-कृ.अ.। **खसमसाउनू**-वि.। **खसमसाऊन्**-इ.। **खसमसाउला**-स.। (अ.क्रि.-जानाजानी अत्याचार गरेको देख्ता गरीवहरूको घाँटी खसमसायो ।)

खसमसिनु-क्रि.मू.। **खसमसि**-आ.धा.। अ.क्रि.; खसमसाउनु । **खसमस्याइ** (खसमसि+आइ)-भा.ना.। **खसमस्याउनु**-प्रे.क्रि./स.क्रि.; खसमसिने पार्नु । **खसमस्याउ**-प्रे.धा.। **खसमस्याइनु**-खसमस्याउनुको क.क्रि.। **खसमस्याइ**-भा.प्रे.धा.। **खसमसिइनु**-खसमसिनुको भा.क्रि.। **खसमसिइ**-भा.धा.। **खसमसिई, खसमसिएर, खसमसिन, खसमसिँदै, खसमसिउन्जेल, खसमसिंदाखेरि**-कृ.अ.। **खसमसिनू**-वि.। **खसमसिऊन्**-इ.। **खसमसेला**-स.। (अ.क्रि.-मेरो घाँटी खसमसियो, बोल्नै भएन ।)

खसाल्नु-क्रि.मू.। **खसाल्** - आ.धा.। स.क्रि.; खसाउनु, अरूलाई होच्याएर बोल्नु । **खसलाइ** (खसाल्+आइ) - भा.ना.। **खसालिनु** -खसाल्नुको क.क्रि.। **खसालि**-क.धा.। **खसाली, खसालेर, खसाल्न, खसाल्दै, खसालुन्जेल, खसाल्दाखेरि**-कृ.अ.। **खसाल्नू**-वि.। **खसालून्**-इ.। **खसाल्ला**-स.। (स.क्रि.-विद्यार्थीले शायरी पढे भन्ने निहुँमा डा. बामदेवले शिक्षकलाई खसाले ।)

खस्कनु-क्रि.मू.। **खस्क**-आ.धा.। अ.क्रि.; सुटुक्क हिंड्नु, उँधो लाग्नु । **खस्काइ** (खस्क+आइ)-भा.ना.। **खस्काउनु**-प्रे.कि/स.क्रि.; खसाल्नु । **खस्काउ**-प्रे.धा.। **खस्काइनु**-खस्काउनुको क.क्रि.। **खस्काइ**-भा.प्रे.धा.। **खस्किनु**-खस्कनुको भा.क्रि.। **खस्कि**-भा.धा.। **खस्की, खस्केर, खस्कन, खस्कँदै, खस्कुन्जेल, खस्कँदाखेरि**-कृ.अ.। **खस्कनू**-वि.। **खस्कून्**-इ.। **खस्कला**-स.। (अ.क्रि.-कुनै पनि प्रतिक्रिया नजनाईकनै त्यो सदनबाट सुरुक्क खस्क्यो ।)

खस्रिनु-क्रि.मू.। **खस्रि** -आ.धा.। अ.क्रि.; खस्रो हुनु, परिपक्व हुनु, छिप्पिनु । **खस्र्याइ** (खस्रि+आइ)-भा.ना.। **खस्र्याउनु**-प्रे.क्रि./स.क्रि., खस्रिन लाउनु । **खस्र्याउ**-प्रे.धा.। **खस्र्याइनु**-खस्र्याउनुको क.क्रि.। **खस्र्याइ**-भा.प्रे.धा.। **खस्रिइनु**-खस्रिनुको भा.क्रि.। **खस्रिइ**-भा.धा.। **खस्रिई, खस्रिएर, खस्रिन, खस्रिँदै, खस्रिउन्जेल, खस्रिंदाखेरि**-कृ.अ.। **खस्रिनू**-वि.। **खस्रिऊन्**-इ.। **खस्रेला**-स.। (अ.क्रि.-मिलमा कोदोको घान ठूलो ओहिरिनाले पीठो खस्रियो ।)

खहरिनु-क्रि.मू.। **खहरि**-आ.धा.। अ.क्रि.; भुटेको वस्तु डढ्न खोज्नु, बढी पाकेर झुरिनु, खटिराहरू खाटो बस्तै जानु, बोट–विरुवाहरू सुक्तै जानु । **खहर्‍याइ** (खहरि+आइ)-भा.ना.। **खहर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; खहरिने पार्नु, सुकाउनु, खँगार्नु । **खहर्‍याउ**-प्रे.धा.। **खहर्‍याइनु**-खहर्‍याउनुको क.क्रि.। **खहर्‍याइ**-भा.प्रे.धा.। **खहरिइनु**-खहरिनुको भा.क्रि.। **खहरिइ**-भा.धा.। **खहरिई, खहरिएर, खहरिन, खहरिँदै, खहरिउन्जेल, खहरिंदाखेरि**-कृ.अ.। **खहरिनू**-वि.। **खहरिऊन्**-इ.। **खहरेला**-स.। (अ.क्रि.-बढी पाकेर खेतमा मंसिरको धान खहरियो ।)

खाँच्नु-क्रि.मू.। **खाँच्**-आ.धा.। स.क्रि.; कपडा चुनेर

खुम्चिएका बुट्टा पार्नु, चुना पार्नु । **खँचाइ** (खाँच्+आइ)-भा.ना.। **खँचाउनु**-प्रे.क्रि./स.क्रि.; खाँज वा मुजा बनाउन लगाउनु, मुजा पार्नु । **खँचाउ**-प्रे.धा.। **खँचाइनु**-खँचाउनुको क.क्रि.। **खँचाइ**-क.प्रे.धा.। **खाँचिनु**-खाँच्नुको भा.क्रि.। **खाँचि**-क.धा.। **खाँची, खाँचेर, खाँच्न, खाँच्दै, खाँचुन्जेल, खाँच्दाखेरि**-कृ.अ.। **खाँच्नू**-वि.। **खाँचून्**-इ.। **खाँच्ला**-स.। (स.क्रि.-तल्लो घर साहिंलीले फरिया खाँची ।)

खाँद्नु-क्रि.मू.। **खाँद्**-आ.धा.। स.क्रि.; कोच्नु, थिचेर हाल्नु, दबाउनु । **खँदाइ** (खाँद्+आइ) -भा.ना.। **खँदाउनु**-प्रे.क्रि./स.क्रि.; खाँद्न लाउनु । **खँदाउ**-प्रे.धा.। **खँदाइनु**-क.क्रि.। **खँदाइ**-क.प्रे.धा.। **खाँदिनु**-खाँद्नुको क.क्रि.। **खाँदि**-क.धा.। **खाँदी, खाँदिर, खाँद्न, खाँद्दै, खाँदुन्जेल, खाँद्दाखेरि**-कृ.अ.। **खाँद्नू**-वि.। **खाँदून्**-इ.। **खाँद्ला**-स.। (स.क्रि.-हर्कबहादुरले गाग्रोमा गुन्द्रुक खाँद्यो ।)

खानु-क्रि.मू.। **खा**-आ.धा.। स.क्रि.; भोजन गर्नु, हर्सुनु, घिच्नु, पचाउनु । **खवाइ** (खा+आइ)-भा.ना.। **खुवाउनु**-प्रे.क्रि./स.क्रि.; भोजन गराउनु । **खुवाउ** -प्रे.धा.। **खुवाइनु**-खुवाउनुको क.क्रि.। **खुवाइ**-क.प्रे.धा.। **खाइनु**-खानुको क.क्रि.। **खाइ**-क.धा.। **खाई, खाएर, खान, खाँदै, खाउन्जेल, खाँदाखेरि** - कृ.अ.। **खानू**-वि.। **खाऊन्**-इ.। **खाला**-स.। (स.क्रि.-गोविन्दले भात खायो ।)

खात्तिनु-क्रि.मू.। **खात्ति**-आ.धा.। अ.क्रि.; खात लाग्नु, चाङ पर्नु । **खत्त्याइ** (खात्ति+आइ)-भा.ना.। **खत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; खात लाउनु । **खत्त्याउ** -प्रे.धा.। **खत्त्याइनु**-खत्त्याउनुको क.क्रि.। **खत्त्याइ**-भा.प्रे.धा.। **खात्तिइनु**-खात्तिनुको भा.क्रि.। **खात्तिइ**-भा.धा.। **खात्तिई, खात्तिएर, खात्तिन, खात्तिंदै, खात्तिउन्जेल, खात्तिंदाखेरि**-कृ.अ.। **खात्तिनू**-वि.। **खात्तिऊन्**-इ.। **खात्तेला**-स.। (अ.क्रि.-सबै किताबहरू एकै ठाउँमा खात्तिए ।)

खाप्नु-क्रि.मू.। **खाप्**-आ.धा.। स.क्रि.; एकमाथि अर्को खप्ट्याएर राख्नु । **खपाइ** (खाप्+आइ)-भा.ना.। **खापिनु**-खाप्नुको क.क्रि.। **खापि**-क.धा.। **खापी, खापेर, खाप्न, खाप्तै, खापुन्जेल, खाप्दाखेरि**-कृ.अ.। **खाप्नू**-वि.। **खापून्**-इ.। **खाप्ला**-स.। (स.क्रि.-जाडोमा सुत्ता परशुरामले सिरकमाथि सिरक खाप्यो ।)

खाम्नु-क्रि.मू.। **खाम्**-आ.धा.। स.क्रि.; खाममा चिठी-पत्र हालेर बन्द गर्नु, थाम्नु, थेग्नु, अटाउनु, ठीक हुनु, गर्न सक्ने ठान्नु । **खमाइ** (खाम्+आइ)-भा.ना.। **खामिनु**-खाम्नुको क.क्रि.। **खामि**-क.धा.। **खामी, खामेर, खाम्न, खाम्दै, खामुन्जेल, खाम्दाखेरि**-कृ.अ.।**खाम्नू**-वि.। **खामून्**-इ.। **खाम्ला**-स.। (स.क्रि.-मैले खाममा चिठी खामें ।)

खार्नु-क्रि.मू.। आ.धा.। स.क्रि.; अग्लो जमीनको भागलाई खारेर सम्याउनु, शुद्ध पार्नु, बेसरी पकाउनु, शिक्षाद्वारा बुद्धि प्रखर बनाउनु । **खराइ** (खार्+आइ)-भा.ना.। **खराउनु**-प्रे.क्रि./स.क्रि.; खार्न लाउनु । **खराउ**-प्रे.धा.। **खराइनु**-खराउनुको क.क्रि.। **खराइ**-क.प्रे.धा.। **खारिनु**-खार्नुको क.क्रि.। **खारि**-क.धा.। **खारी, खारेर, खार्न, खार्दै, खारुन्जेल, खार्दाखेरि**-कृ.अ.। **खार्नू**-वि.। **खारून्**-इ.। **खार्ला**-स.। (स.क्रि.-धेरै मित्रहरूका जाल-झेलले मेरो अनुभवलाई अझ खार्‍यो ।)

खिँच्नु-क्रि.मू.। **खिँच्**-आ.धा.। स.क्रि.; सारांश झिक्नु, तान्नु, खर्च कम गर्नु, खैंचनु । **खिँचाइ** (खिँच्+आइ)-भा.ना.। **खिँचाउनु**- प्रे.क्रि./स.क्रि.; खिँच्न लाउनु । **खिँचाउ**-प्रे.धा.। **खिँचाइनु**-खिँचाउनुको क.क्रि.। **खिँचाइ**-क.प्रे.धा.। **खिँचिनु**-खिँच्नुको क.क्रि.। **खिँचि**-क.धा.। **खिँची, खिँचेर, खिँच्न, खिँच्दै, खिँचुन्जेल, खिँच्दाखेरि**-कृ.अ.। **खिँच्नू**-वि.। **खिँचून्**-इ.। **खिँच्ला**-स.। (स.क्रि.-अर्जुनले बाहाँसम्म ल्याएर धनु खिँच्यो ।)

खिइनु-क्रि.मू.। **खिइ**-आ.धा.। अ.क्रि., घोटिएर पातलो हुनु, खिया लाग्नु, मासिंदै, जानु, दुब्लो हुनु । **खियाइ** (खिइ+आइ)-भा.ना.। **खियाउनु**- प्रे.क्रि./स.क्रि.; घोटेर पातलो पार्नु, खिइने पार्नु, खिया लाने पार्नु, ख्याउनु । **खियाउ**-प्रे.धा.। **खियाइनु**-खियाउनुको क.क्रि.। **खियाइ**-भा.प्रे.धा.। **खिइनु/खिइइनु**-खिइनुको भा.क्रि.। **खिइ/खिइइ**-भा.धा.। **खिई, खिएर, खिइँदै, खिइन, खिइउन्जेल, खिइँदाखेरि**-कृ.अ.। **खिइनू**-वि.। **खिइऊन्**-इ.। **खिइएला**-स.। (अ.क्रि.-राटीपिङको मुर्रो खिइयो ।)

खिच्नु-क्रि.मू.। **खिच्**-आ.धा.। स.क्रि.; तान्नु, खैंचनु, सारांश झिक्नु, कम खर्च गर्नु, तस्वीर लिनु, चित्र उतार्नु । **खिचाइ** (खिँच्+आइ)-भा.ना.। **खिचाउनु**-प्रे.क्रि./स.क्रि.; खिँच्न लाउनु, खैंचाउनु । **खिचाउ**-प्रे.धा.। **खिचाइनु**-खिँचाउनुको क.क्रि.। **खिचाइ**-क.प्रे.धा.। **खिचिनु**-खिच्नुको क.क्रि.। **खिचि**-क.धा.। **खिची, खिचेर, खिच्न, खिच्तै, खिचुन्जेल, खिच्दाखेरि**-कृ.अ.। **खिच्नू**-वि.। **खिचून्**-इ.। **खिच्ला**-स.। (स.क्रि.-त्यसले आफ्नो हृदयमा अजिरकोटको थाप्लोमा उभिएर मानस्लुको तस्वीर खिच्यो ।)

खिजिनु-क्रि.मू.। **खिजि**-आ.धा.। अ.क्रि.; वाक्क हुनु, चिढिनु, दिक्दारी हुनु, हीनता बोध हुनु । **खिज्याइ**

(खिजि+आइ)-भा.ना.। **खिज्याउनु**-प्रे.क्रि./स.क्रि.; खिसि गर्नु, हेला गर्नु, गिज्याउनु, जिस्क्याउनु । **खिज्याउ**-प्रे.धा.। **खिज्याइनु**-खिज्याउनुको क.क्रि.। **खिज्याइ**-भा.प्रे.धा.। **खिजिइनु**-खिजिनुको भा.क्रि.। **खिजिइ**-भा.धा.। **खिजिई, खिजिएर, खिजिन, खिजिँदै खिजिउन्जेल, खिजिंदाखेरि**-कृ.अ.। **खिज्याई, खिज्याएर, खिज्याउँदै, खिज्याउन, खिज्याउन्जेल, खिज्याउँदाखेरि**-कृ.अ.। **खिजिनू/खिज्याउनू**-वि.। **खिजिऊन्/खिज्याऊन्**-इ.। **खिजेला/खिज्याउला**-स.। (अ.क्रि.-व्यभिचार गर्न नडराउने उच्छृङ्खल समूहमा बस्ता नैतिकवान्-मानिस खिजियो ।)

खिप्नु-क्रि.मू.। **खिप्**-आ.धा.। स.क्रि.; मसिनु पारी सिउनु, कसेर बन्नु, दाउ पर्ने गरी पासा मिलाउनु । **खिपाइ** (खिप्+आइ)-भा.ना.। **खिपाउनु**-प्रे.क्रि./स.क्रि.; खिप्न लाउनु । **खिपाउ**-प्रे.धा.। **खिपाइनु** -खिपाउनुको क.क्रि.। **खिपाइ**-क.प्रे.धा.। **खिपिनु**-खिप्नुको क.क्रि.। **खिपि**-क.धा.। **खिपी, खिपेर, खिप्न, खिप्तै, खिपुन्जेल, खिप्दाखेरि**-कृ.अ.। **खिप्नू**- वि.। **खिपून्**-इ.। **खिप्ला**-स.। (स.क्रि.-बिचौरको साहू कान्छाले पासाको दाउ खिप्यो ।)

खियाउनु-क्रि.मू.। **खियाउ**-प्रे.धा.। स.क्रि.; डुङ्गा, बहना चलाउनु, पौडनु, बाटो हिंड्नु । **खियाइ** (खियाउ+आइ)-भा.ना.। **खियाइनु**- खियाउनुको क.क्रि.। **खियाइ**-क.धा.। **खियाई, खियाएर, खियाउन, खियाउँदै, खियाउन्जेल, खियाउँदाखेरि**-कृ.अ.। **खियाउनू**-वि.। **खियाऊन्**-इ.। **खियाउला**-स.। (स.क्रि.-बोटेले फेवा तालमा डुङ्गा खियायो ।)

खिऱ्याउनु-क्रि.मू.। **खिऱ्याउ**-आ.धा.। अ.क्रि.; चिल्लो पदार्थ कुहिएर खिहिरो स्वादको हुनु, खिहिऱ्याउनु । **खिऱ्याइ** (खिऱ्याउ+आइ)-भा.ना.। **खिऱ्याइनु**-खिऱ्याउनुको भा.क्रि.। **खिऱ्याइ** -भा.धा.। **खिऱ्याई, खिऱ्याएर, खिऱ्याउन, खिऱ्याउँदै, खिऱ्याउन्जेल, खिऱ्याउँदाखेरि**-कृ.अ.। **खिऱ्याउनू**-वि.। **खिऱ्याऊन्**-इ.। **खिऱ्याउला**-स.। (अ.क्रि.-पुरानो घिउ खाँदा मेरो घाँटी खिऱ्यायो ।)

खिल्नु-क्रि.मू.। **खिल्**-आ.धा.। स.क्रि.; अरिङ्गाल, बारुलो आदिले विषालु खील गाड्नु, डस्नु,, रोप्नु, उन्नु । **खिलाइ** (खिल्+आइ)-भा.ना.। **खिलाउनु**-प्रे.क्रि./स.क्रि.; खील गाड्न लाउनु । **खिलाउ**-प्रे.धा.। **खिलाइनु**-खिलाउनुको क.क्रि.। **खिलाइ**-क.प्रे.धा.। **खिलिनु**-खिल्नुको क.क्रि.। **खिलि**-क.धा.। **खिली, खिलेर, खिल्न, खिल्दै, खिलुन्जेल, खिल्दाखेरि**-कृ.अ.। **खिल्नू**-वि.। **खिलून्** -इ.। **खिल्ला**-स.। (स.क्रि.-मह काढ्दा मौरीले मेरो गालामा खिल्यो ।)

खिलखिलाउनु-क्रि.मू.। **खिलखिलाउ**-आ.धा.। अ.क्रि.; प्रशन्न भई मधुर आवाज निकालेर हाँस्नु । **खिलखिलाइ** (खिलखिलाउ + आइ)-भा.ना.। **खिलखिलाइनु**-खिलखिलाउनुको भा.क्रि. । **खिलखिलाइ** -भा.धा.। **खिलखिलाई, खिलखिलाएर, खिलखिलाउन, खिलाखिलाउँदै, खिलखिलाउन्जेल, खिलखिलाउँदाखेरि**-कृ.अ.। **खिलखिलाउनू**-वि.। **खिलखिलाऊन्**-इ.। **खिलखिलाउला**-स.। (अ.क्रि.-गुरुङे दाइ सानो बालख झैं खिलखिलायो ।)

खिस्सिनु-क्रि.मू.। **खिस्सि** - आ.धा.। अ.क्रि.; हिस्स हुनु, निराश हुनु, खिस्स हुनु । **खिस्स्याइ** (खिस्सि+आइ)-भा.ना.। **खिस्स्याउनु** -प्रे.क्रि./स.क्रि.; हिस्स पार्नु, हिस्स्याउनु, जिस्क्याउनु । **खिस्स्याउ**-प्रे.धा.। **खिस्स्याइनु**-खिस्स्याउनुको क.क्रि.। **खिस्स्याइ**-भा.प्रे.धा.। **खिस्सिइनु**-खिस्सिनुको भा.क्रि.। **खिस्सिइ**-भा.धा.। **खिस्सिई, खिस्सिएर, खिस्सिन, खिस्सिँदै, खिस्सिउन्जेल, खिस्सिंदाखेरि**-कृ.अ.। **खिस्सिनू**-वि.। **खिस्सिऊन्**-इ.। **खिस्सेला**-स.। (अ.क्रि.-बढुवा नपाउँदा इमान्दार कर्मचारी खिस्सियो ।)

खिहिऱ्याउनु-क्रि.मू.। **खिहिऱ्याउ**-आ.धा.। अ.क्रि.; हे. खिऱ्याउनु । **खिहिऱ्याइ** (खिहिऱ्याउ+आइ)-भा.ना.। **खिहिऱ्याइनु**-खिहिऱ्याउनुको भा.क्रि.। **खिहिऱ्याइ**-भा.धा.। **खिहिऱ्याई, खिहिऱ्याएर, खिहिऱ्याउन, खिहिऱ्याउँदै, खिहिऱ्याउन्जेल, खिहिऱ्याउँदाखेरि**-कृ.अ.। **खिहिऱ्याउनू**-वि.। **खिहिऱ्याऊन्**-इ.। **खिहिऱ्याउला**-स.। (अ.क्रि.-कुहेको घिउ खानाले मेरो घाँटी खिहिऱ्यायो ।)

खिहिरिनु-क्रि.मू.। **खिहिरि**-आ.धा.। अ.क्रि.; खिहिरो हुनु। **खिहिऱ्याइ** (खिहिरि+आइ)-भा.ना.। **खिहिऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; खिहिरिने पार्नु । **खिहिऱ्याउ**-प्रे.धा.। **खिहिऱ्याइनु**-खिहिऱ्याउनुको क.क्रि.। **खिहिऱ्याइ**-भा.प्रे.धा.। **खिहिरिइनु**-खिहिरिनुको भा.क्रि.। **खिहिरिइ**-भा.धा.। **खिहिरिई, खिहिरिएर, खिहिरिन, खिहिरिँदै, खिहिरिउन्जेल, खिहिरिंदाखेरि**-कृ.अ.। **खिहिरिनू**-वि.। **खिहिरिऊन्**-इ.। **खिहिरेला**-स.। (अ.क्रि.-बासी मही खाँदा मेरो घाँटी खिहिरियो ।)

खुँड्नु-क्रि.मू.। **खुँड्**-आ.धा.। स.क्रि.; तरकारी आदि डाडुले खुँडेर धुल्याउनु । **खुँडाइ** (खुँड्+आइ), (खुँडाउ+आइ)-भा.ना.। **खुँडाउनु**-प्रे.क्रि./स.क्रि.; खुँड्न लाउनु । **खुँडाउ**-प्रे.धा.। **खुँडाइनु**-खुँडाउनुको क.क्रि.। **खुँडाइ**-क.प्रे.धा.। **खुँडिनु**-खुँड्नुको क.क्रि.। **खुँडि**-क.धा.।

खुँडी, खुँडेर, खुँड्न, खुँड्दै, खुँडुन्जेल, खुँड्दाखेरि-कृ.अ.। **खुँड्नू**-वि.। **खुँडून्** - इ.। **खुँड्ला**-स.। (स.क्रि. -बहिनीले फर्सीको तरकारी खुँडी ।)

खुँद्नु-क्रि.मू.। **खुँद्**-आ.धा.। स.क्रि.; कुल्चीमिल्ची पार्नु, कुल्चीकाल्ची बनाउनु, थिचीमिची पार्नु । **खुँदाइ** (खुँद्+आइ)-भा.ना.। **खुँदाउनु**-प्रे.क्रि./स.क्रि.; खुँद्ने पार्नु । **खुँदाउ**-प्रे.धा.। **खुँदाइनु** -खुँदाउनुको क.क्रि.। **खुँदाइ**-क.प्रे.धा.। **खुँदिनु**-खुँद्नुको क.क्रि.। **खुँदि**-क.धा.। **खुँदी, खुँदिर, खुँद्न, खुँद्दै, खुँदुन्जेल, खुँद्दाखेरि**-कृ.अ.। **खुँद्नू**-वि.। **खुँदून्**-इ.। **खुँद्ला**-स.। (स.क्रि.-छाडा गाई-वस्तुले धानको बिउको ब्याड खूबसँग खुँदे ।)

खुइलिनु-क्रि.मू.। **खुइलि**-आ.धा.। अ.क्रि.; रौं आदि झर्नु, रङ आदि उड्नु । **खुइल्याइ** (खुइलि+आइ), (खुइल्याउ+आइ)-भा.ना.। **खुइल्याउनु**-प्रे.क्रि./स.क्रि.; खुइलिने पार्नु, भुत्ल्याउनु । **खुइल्याउ**-प्रे.धा.। **खुइल्याइनु**-खुइल्याउनुको क.क्रि.। **खुइल्याइ**-भा.प्रे.धा.। **खुइलिइनु** -खुइलिनुको भा.क्रि.। **खुइलिइ**-भा.धा.। **खुइली, खुइलेर, खुइलिन, खुइलिँदै, खुइलिउन्जेल, खुइलिंदाखेरि**-कृ.अ.। **खुइलिनू**-वि.। **खुइलिऊन्**-इ.। **खुइलेला**-स.। (अ.क्रि.-मेरो त कपाल खुइलियो, खल्वाट भइयो ।)

खुकुलिनु-क्रि.मू.। **खुकुलि**-आ.धा.। अ.क्रि.; खुकुलो हुनु, हलुको बन्नु । **खुकुल्याइ** (खुकुलि+आइ)-भा.ना.। **खुकुल्याउनु**-प्रे.क्रि./स.क्रि.; खुकुलो पार्नु । **खुकुल्याउ**-प्रे.धा.। **खुकुल्याइनु**- खुकुल्याउनुको क.क्रि.। **खुकुल्याइ**-भा.प्रे.धा.। **खुकुलिइनु**-खुकुलिनुको भा.क्रि.। **खुकुलिइ**-भा.धा.। **खुकुलिई, खुकुलिएर, खुकुलिन, खुकुलिँदै, खुकुलिउन्जेल, खुकुलिंदाखेरि**-कृ.अ.। **खुकुलिनू**-वि.। **खुकुलिऊन्**-इ.। **खुकुलेला**-स.। (अ.क्रि-२०३६ सालदेखि पंचायती राजनीति अरू खुकुलियो ।)

खुट्टिनु-क्रि.मू.। **खुट्टि** -आ.धा.। अ.क्रि.; यही हो भनेर ठम्मिनु, निश्चय हुनु । **खुट्ट्याइ** (खुट्टि+आइ)-भा.ना.। **खुट्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; पत्ता लाउनु । **खुट्ट्याउ** -प्रे.धा.। **खुट्ट्याइनु**-खुट्ट्याउनुको क.क्रि.। **खुट्ट्याइ**-भा.प्रे.धा.। **खुट्टिइनु**-खुट्टिनुको भा.क्रि.। **खुट्टिइ**-भा.धा.। **खुट्टिई, खुट्टिएर, खुट्टिन, खुट्टिँदै, खुट्टिउन्जेल, खुट्टिंदाखेरि**-कृ.अ.। **खुट्टिनू**-वि.। **खुट्टिऊन्**- इ.। **खुट्टेला**-स.। (अ.क्रि.-पश्चिमी मोहडाबाट माछापुच्छ्रेको आकार प्रष्ट खुट्टियो ।)

खुट्नु-क्रि.मू.। **खुट्**-आ.धा.। स.क्रि.; सियो आदिले बलियो र मसिनो पारी सिउनु । **खुटाइ** (खुट्+आइ)-भा.ना.। **खुटाउनु**-प्रे.क्रि./स.क्रि.; खुट्न लाउनु । **खुटाउ**-प्रे.धा.। **खुटाइनु**-खुटाउनुको क.क्रि.। **खुटाइ**-क.प्रे.धा.। **खुटिनु**-खुट्नुको क.क्रि.। **खुटि**-क.धा.। **खुटी, खुटेर, खुट्न, खुट्तै, खुटुन्जेल, खुट्दाखेरि**-कृ.अ.। **खुट्नू**-वि.। **खुटून्**-इ.। **खुट्ला**-स.। स.क्रि.-दर्जीलें कलमा कपडा खुट्यो ।)

खुत्तिनु-क्रि.मू.। **खुत्ति** -आ.धा.। अ.क्रि.; छाला उप्कनु, खुइलिनु, जागिरबाट निकालिनु, काममा असफल हुनु, नासिनु, मर्नु । **खुत्त्याइ** (खुत्ति+आइ), (खुत्त्याउ+आइ)-भा.ना.। **खुत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; खुत्तिने पार्नु, खुइल्याउनु । **खुत्त्याउ**- प्रे.धा.। **खुत्त्याइन** ु-खुत्त्याउनुको क.क्रि.। **खुत्त्याइ**-भा.प्रे.धा.। **खुत्तिइनु**-खुत्तिनुको भा.क्रि.। **खुत्तिइ**-भा.धा.। **खुत्तिई, खुत्तिएर, खुत्तिन, खुत्तिँदै, खुत्तिउन्जेल, खुत्तिंदाखेरि**- खुत्तिनुबाट बनेका कृ.अ.। **खुत्त्याई, खुत्त्याएर, खुत्त्याउन, खुत्त्याउँदै, खुत्त्याउन्जेल, खुत्त्याउँदाखेरि**-खुत्त्याउनुबाट बनेका कृ.अ.। **खुत्तिनू/खुत्त्याउनू**-वि.। **खुत्तिऊन्/खुत्त्याऊन्** - इ.। **खुत्तेला/खुत्त्याउला**-स.। (अ.क्रि.-घुस्याहा कर्मचारी जागिरबाट खुत्तियो ।)

खुन्रिनु-क्रि.मू.। **खुन्रि**-आ.धा.। अ.क्रि.; बुढ्याइँले सुकेर खुम्चिनु, खुम्रिनु । **खुन्र्याइ** (खुन्रि+आइ)-भा.ना.। **खुन्रिइनु**-खुन्रिनुको भा.क्रि.। **खुन्रिइ**-भा.धा.। **खुन्री, खुन्रेर, खुन्रिन, खुन्रिँदै, खुन्रिउन्जेल, खुन्रिंदाखेरि**-कृ.अ.। **खुन्रिनू**-वि.। **खुन्रिऊन्**-इ.। **खुन्रेला**-स.। (अ.क्रि.-पँले, (पहेँले) गोरु खुन्रियो, अब गाडा तान्न सक्तैन ।)

खुन्सिनु-क्रि.मू.। **खुन्सि**-आ.धा.। अ.क्रि.; ठुस्किनु, खिन्न हुनु, चित्त दुख्नु । **खुन्स्याइ** (खुन्सि+आइ)-भा.ना.। **खुन्स्याउनु**-प्रे.क्रि./स.क्रि.; रिसाउने पार्नु, ठुस्स बनाउनु। **खुन्स्याउ**-प्रे.धा.। **खुन्स्याइनु** -खुन्स्याउनुको क.क्रि.। **खुन्स्याइ**-भा.प्रे.धा.। **खुन्सिइनु**-खुन्सिनुको भा.क्रि.। **खुन्सिइ**-भा.धा.। **खुन्सिई, खुन्सिएर, खुन्सिन, खुन्सिँदै, खुन्सिउन्जेल, खुन्सिंदाखेरि**-कृ.अ.। **खुन्सिनू** -वि.। **खुन्सिऊन्**-इ.। **खुन्सेला** -स.। (अ.क्रि.-बुहारीको लोसे चाला देखेर सासू खुन्सिई ।)

खुम्चनु-क्रि.मू.। **खुम्च**-आ.धा.। अ.क्रि.; मुजा परी एकातिर सोहोरिनु, चाउरिनु, लज्जित हुनु, साँघुरिनु । **खुम्चाइ** (खुम्च+आइ)- भा.ना.। **खुम्चाउनु** - प्रे.क्रि./स.क्रि.; लाचार पार्नु, खुम्चन लाउनु । **खुम्चाउ**-प्रे.धा.। **खुम्चाइनु**-खुम्चाउनुको क.क्रि.। **खुम्चाइ**-भा.प्रे.धा.। **खुम्चिनु**-खुम्चनुको भा.क्रि.। **खुम्चि**-भा.धा.। **खुम्ची, खुम्चेर, खुम्चन, खुम्चँदै, खुम्चुन्जेल, खुम्चँदाखेरि**-कृ.अ.।

खुम्चनू-वि.। **खुम्चून्**-इ.। **खुम्चला**-स.। (अ.क्रि.-कमलाको सारी खुम्च्यो ।)

खुम्चिनु-क्रि.मू.। **खुम्चि**-आ.धा.। अ.क्रि.; हे. खुम्चनु । **खुम्च्याइ** (खुम्चि+आइ), (खुम्च्याउ+आइ)-भा.ना.। **खुम्च्याउनु**-प्रे.क्रि./स.क्रि.; साँघुर्‍याउनु, खुम्चिने पार्नु । **खुम्च्याउ**-प्रे.धा.। **खुम्च्याइनु**-खुम्च्याउनुको क.क्रि.। **खुम्च्याइ**-भा.प्रे.धा.। **खुम्चिइनु** -खुम्चिनुको भा.क्रि.। **खुम्चिइ**-भा.धा.। **खुम्चिई**, **खुम्चिएर**, **खुम्चिन**, **खुम्चिँदै**, **खुम्चिउन्जेल**, **खुम्चिंदाखेरि**-कृ.अ.। **खुम्चिनू**-वि.। **खुम्चिऊन्**-इ.। **खुम्चेला**-स.। (अ.क्रि.-खेत पैरोले लगेपछि किसान बल्ल खुम्चियो ।)

खुम्रनु-क्रि.मू.। **खुम्र**-आ.धा.। अ.क्रि.; हे. खुम्रिनु । **खुम्राइ** (खुम्र+आइ)-भा.ना.। **खुम्राउनु**-प्रे.क्रि./स.क्रि.; खुम्रने पार्नु । **खुम्राउ**-प्रे.धा.। **खुम्राइनु**-खुम्राउनुको क.क्रि.। **खुम्राइ**-भा.प्रे.धा.। **खुम्रिनु**-खुम्रनुको भा.क्रि.। **खुम्रि**-भा.धा.। **खुम्री**, **खुम्रेर**, **खुम्रन**, **खुम्रँदै**, **खुम्रुन्जेल**, **खुम्रँदाखेरि**-कृ.अ.। **खुम्रनू**- वि.। **खुम्रून्**- इ.। **खुम्रला**-स.। (अ.क्रि.-डाँडाघरे माइलो अब खुम्र्यो , हिंड्न सक्तैन ।)

खुम्रिनु-क्रि.मू.। **खुम्रि**- आ.धा.। अ.क्रि.; बुढ्याईंले सुकी खुम्चिनु, खुन्रिनु । **खुम्र्याइ** (खुम्रि+आइ)-भा.ना.। **खुम्र्याउनु**-प्रे.क्रि./स.क्रि.; खुम्रिने पार्नु । **खुम्र्याउ**-प्रे.धा.। **खुम्र्याइनु**-खुम्र्याउनुको क.क्रि.। **खुम्र्याइ**-भा.प्रे.धा.। **खुम्रिइनु**-खुम्रिनुको भा.क्रि.। **खुम्रिइ**-भा.धा.। **खुम्रिई**, **खुम्रिएर**, **खुम्रिन**, **खुम्रिँदै**, **खुम्रिउन्जेल**, **खुम्रिंदाखेरि**-कृ.अ.। **खुम्रिनू**-वि.। **खुम्रिऊन्**-इ.। **खुम्रेला**-स.। (अ.क्रि.-नन्दलाल बूढो सार्‍हो खुम्रियो ।)

खुरमुरिनु-क्रि.मू.। **खुरमुरि**-आ.धा.। अ.क्रि.; ठाडै माथिबाट एक्कासि झर्नु, खँगारिनु । **खुरमुर्‍याइ** (खुरमुरि+आइ)-भा.ना.। **खुरमुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; ठाडै झार्नु, खसाल्ने काम गराउनु । **खुरमुर्‍याउ**-प्रे.धा.। **खुरमुर्‍याइनु**-खुरमुर्‍याउनुको क.क्रि.। **खुरमुर्‍याइ**-भा.प्रे.धा.। **खुरमुरिइनु**-खुरमुरिनुको भा.कि.। **खुरमुरिइ**-भा.धा.। **खुरमुरिई**, **खुरमुरिएर**, **खुरमुरिन**, **खुरमुरिँदै**, **खुरमुरिउन्जेल**, **खुरमुरिंदाखेरि**-कृ.अ.। **खुरमुरिनू**-वि.। **खुरमुरिऊन्**-इ.। **खुरमुरेला**-स.। (अ.क्रि.-गाई भीरबाट ठाडै खुरमुरियो ।)

खुरिनु-क्रि.मू.। **खुरि**-आ.धा.। अ.क्रि.; अन्न-बाली ज्यादा पाकेर झर्ने अवस्थामा पुग्नु, ज्यादै सुकेर झुरिनु । **खुर्‍याइ** (खुरि+आइ)-भा.ना.। **खुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; झुरिने पार्नु । **खुर्‍याउ** -प्रे.धा.। **खुर्‍याइनु**-खुर्‍याउनुको क.क्रि.। **खुर्‍याइ**-भा.प्रे.धा.। **खुरिइनु**-खुरिनुको भा.क्रि.। **खुरिइ**-भा.धा.। **खुरिई**, **खुरिएर**, **खुरिन**, **खुरिँदै**, **खुरिउन्जेल**, **खुरिंदाखेरि**-कृ.अ.। **खुरिनू**-वि.। **खुरिऊन्**-इ.। **खुरेला**-स.। (अ.क्रि.-चौराली खेतमा धान खुरियो; अगाडि नै काट्न भ्याइएन ।)

खुर्कनु-क्रि.मू.। **खुर्क**-आ.धा.। स.क्रि.; बोक्रा आदि ताछ्नु, भुईं खुर्केर मेट्नु, उप्काउनु । **खुर्काइ** (खुर्क+आइ)-भा.ना.। **खुर्काउनु**-प्रे.क्रि./स.क्रि.; खुर्कन लाउनु । **खुर्काउ**-प्रे.धा.। **खुर्काइनु**-खुर्काउनुको क.क्रि.। **खुर्काइ**-क.प्रे.धा.। **खुर्किनु**-खुर्कनुको क.क्रि.। **खुर्कि**-क.धा.। **खुर्की**, **खुर्केर**, **खुर्कन**, **खुर्कँदै**, **खुर्कुन्जेल**, **खुर्कँदाखेरि**-कृ.अ.। **खुर्कनू**-वि.। **खुर्कून्**-इ.। **खुर्कला**-स.। (स.क्रि.- मधेशेले कटहर खुर्क्यो ।)

खुर्किनु-क्रि.मू.। **खुर्कि**-आ.धा.। स.क्रि.; हे. खुर्कनु । **खुर्क्याइ** (खुर्कि+आइ)-भा.ना.। **खुर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; खुर्काउनु । **खुर्क्याउ**-प्रे.धा.। **खुर्क्याइनु**-खुर्क्याउनुको क.क्रि.। **खुर्क्याइ**-क.प्रे.धा.। **खुर्किइनु**-खुर्किनुको क.क्रि.। **खुर्किइ**-क.धा.। **खुर्किई**, **खुर्किएर**, **खुर्किन**, **खुर्किँदै**, **खुर्किउन्जेल**, **खुर्किंदाखेरि**-कृ.अ.। **खुर्किनू**-वि.। **खुर्किऊन्**-इ.। **खुर्केला**-स.। (अ.क्रि. - दिदीले तरकारी पकाउनका निमित्त स्कुस खुर्किन् ।)

खुल्किनु-क्रि.मू.। **खुल्कि**-आ.धा.। अ.क्रि.; रौँ, छाला आदि गएर खुइलिनु, मात्तिनु, निफुल्किनु, लिङ्गको छाला सोहोरिनु । **खुल्क्याइ** (खुल्कि+आइ)-भा.ना.। **खुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; खुइल्याउनु, खुल्किने पार्नु । **खुल्क्याउ**-प्रे.धा.। **खुल्क्याइनु**-खुल्क्याउनुको क.क्रि.। **खुल्क्याइ**-भा.प्रे.धा.। **खुल्किइनु**-खुल्किनुको भा.क्रि.। **खुल्किइ**-भा.धा.। **खुल्किई**, **खुल्किएर**, **खुल्किन**, **खुल्किँदै**, **खुल्किउन्जेल**, **खुल्किंदाखेरि**-कृ.अ.। **खुल्किनु** - वि.। **खुल्किऊन्**-इ.। **खुल्केला**-स.। (अ.क्रि.-भात लागेर नोकर खुल्कियो ।)

खुल्नु-क्रि.मू.। **खुल्**-आ.धा.। अ.क्रि.; उघ्रनु प्रकाशमा आउनु, सुहाउनु, फुस्कनु, छर्लङ्ग हुनु । **खुलाइ** (खुल्+आइ)-भा.ना.। **खुलाउनु**-प्रे.क्रि./स.क्रि., खुल्न लाउनु, खुला पार्नु । **खुलाउ**-प्रे.धा.। **खुलाइनु**-खुलाउनुको क.क्रि.। **खुलाइ**-भा.प्रे.धा.। **खुलिनु**-खुल्नुको भा.क्रि.। **खुलि**-भा.धा.। **खुली**, **खुलेर**, **खुल्न**, **खुल्दै**, **खुलुन्जेल**, **खुल्दाखेरि**-कृ.अ.। **खुल्नू**-वि.। **खुलून्**-इ.। **खुल्ला**-स.। (अ.क्रि.-प्रभातको मानस्लु हिम-श्रृङखला दिव्य मुहारमा खुल्यो ।)

सकिने गरी स्पष्ट पार्नु । **खुलस्त्याइँ** (खुलस्त्याउ+आइँ)-भा.ना.। **खुलस्त्याइनु**-खुलस्त्याउनुको क.क्रि.। **खुलस्त्याइ**-क.धा.। **खुलस्त्याई, खुलस्त्याएर, खुलस्त्याउन, खुलस्त्याउँदै, खुलस्त्याउन्जेल, खुलस्त्याउँदाखेरि**-कृ.अ.। **खुलस्त्याउनू**-वि.। **खुलस्त्याऊन्**-इ.। **खुलस्त्याउला**-स.। (स.क्रि.-शिक्षकले कविताको अर्थ खुलस्त्याए ।)

खुसखुसाउनु-क्रि.मू.। **खुसखुसाउ**-आ.धा.। अ.क्रि.; अरूले नसुन्ने गरी केही कुरा भन्नु । **खुसखुसाइ** (खुसखुसाउ+आइ)-भा.ना.। **खुसखुसाइनु**-खुसखुसाउनुको भा.क्रि.। **खुसखुसाइ**-भा.धा.। **खुसखुसाई, खुसखुसाएर, खुसखुसाउन, खुसखुसाउँदै, खुसखुसाउन्जेल, खुसखुसाउँदाखेरि**-कृ.अ.। **खुसखुसाउनू**-वि.।**खुसखुसाऊन्**-इ.। **खुसखुसाउला**-स.। (अ.क्रि.-शर्मिला साथीसँग सुस्तरी खुसखुसाई) ।

खुस्कनु-क्रि.मू.। **खुस्क**-आ.धा.। अ.क्रि.; फुस्कनु, छुट्नु, उम्कनु, चुक्नु, नाश हुनु, मर्नु । **खुस्काइ** (खुस्क+आइ)-भा.ना.। **खुस्काउनु**-प्रे.क्रि./स.क्रि.; फुत्काउनु, खुस्कन लाउनु । **खुस्काउ**-प्रे.धा.। **खुस्काइनु**-खुस्काउनुको क.क्रि.। **खुस्काइ**-भा.प्रे.धा.। **खुस्किनु**-खुस्कनुको भा.क्रि.। **खुस्कि**-भा.धा.। **खुस्की, खुस्केर, खुस्कन, खुस्कँदै, खुस्कुन्जेल, खुस्कँदाखेरि**-कृ.अ.। **खुस्कनू**-वि.। **खुस्कून्**-इ.। **खुस्कला**-स.। (अ.क्रि.-धोक्रोको मुख खुस्क्यो ।)

खुस्किनु-क्रि.मू.। **खुस्कि**-आ.धा.। अ.क्रि.; हे. खुस्कनु । **खुस्क्याइ** (खुस्कि+आइ)-भा.ना.। **खुस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; खुस्काउनु । **खुस्क्याउ**-प्रे.धा.। **खुस्क्याइनु**-खुस्क्याउनुको क.क्रि.। **खुस्क्याइ**-भा.प्रे.धा.। **खुस्किइनु**-खुस्किनुको भा.क्रि.। **खुस्किइ**-भा.धा.। **खुस्किई, खुस्किएर, खुस्किन, खुस्किँदै, खुस्किउन्जेल, खुस्किंदाखेरि**-कृ.अ.। **खुस्किनू**-वि.। **खुस्किऊन्**-इ.। **खुस्केला**-स.। (अ.क्रि.- बाच्छो भीरबाट खुस्कियो ।)

खेद्नु-क्रि.मू.। **खेद्**-आ.धा.। स.क्रि.; धपाउनु, दपेट्नु, लघार्नु, टोकस्नु । **खेदाइ** (खेद्+आइ)-भा.ना.। **खेदाउनु**-प्रे.क्रि./स.क्रि.;खेद्न लाउनु, लखेटाउनु । **खेदाउ**-प्रे.धा.। **खेदाइनु**-खेदाउनुको क.क्रि.। **खेदाइ**-क.प्रे.धा.। **खेदिनु**-खेद्नुको क.क्रि.। **खेदि**-क.धा.। **खेदी, खेदेर, खेद्न, खेद्दै, खेदुन्जेल, खेद्दाखेरि**-कृ.अ.। **खेद्नू**-वि.। **खेदून्**-इ.। **खेद्ला**-स.। (स.क्रि.-कुकुरले मृगलाई खेद्यो ।)

खेप्नु-क्रि.मू.। **खेप्**-आ.धा.। स.क्रि.; पटक-पटक गरी मालसामान ओसार्नु, निर्वाह गर्नु, धान्नु, थेग्नु । **खेपाइ** (खेप्+आइ)-भा.ना.। **खेपाउनु**-प्रे.क्रि./स.क्रि.; खेप्न लाउनु, खेप गराउनु। **खेपाउ**-प्रे.धा.। **खेपाइनु**-खेपाउनुको क.क्रि.। **खेपाइ**-क.प्रे.धा.। **खेपिनु**-खेप्नुको क.क्रि.। **खेपि**-क.धा.। **खेपी, खेपेर, खेप्न, खेप्दै, खेपुन्जेल, खेप्दाखेरि**-कृ.अ.। **खेप्नू**-वि.। **खेपून्**-इ.। **खेप्ला**-स.। (स.क्रि.-कुल्लीले भारी खेप्यो ।)

खेर्नु-क्रि.मू.। **खेर्**-आ.धा.। स.क्रि.; केरकार गरी खोऱ्याउनु, जाँच्नु । **खेराइ** (खेर्+आइ)-भा.ना.। **खेराउनु**-प्रे.क्रि./स.क्रि.; खेर्न लाउनु । **खेराउ**-प्रे.धा.। **खेराइनु**-खेराउनुको क.क्रि.। **खेराइ**-क.प्रे.धा.। **खेरिनु**-खेर्नुको क.क्रि.। **खेरि**-क.धा.। **खेरी, खेरेर, खेर्न, खेर्दै, खेरून्जेल, खेर्दाखेरि**-कृ.अ.। **खेर्नू**-वि.। **खेरून्**-इ.। **खेर्ला**-स.। (स.क्रि.-प्रहरीले तस्करलाई खेरे ।)

खेल्नु-क्रि.मू.। **खेल्**-आ.धा । स.क्रि.; शारीरिक तथा मानसिक स्वस्थ्यका लागि खेलबाडमा भाग लिनु, बाजीका लागि खेल गर्नु, नाटक आदिमा अभिनय गर्नु। अ.क्रि.; मन बहलाउनु, हल्लनु, अलमलिनु, नाचगान आदिमा अभिनय गराउनु, कसैलाई दु:खी पार्नु । **खेलाइ** (खेल्+आइ)-भा.ना.। **खेलाउनु**-प्रे.क्रि./स.क्रि.; खेल्न लाउनु । **खेलाउ**- प्रे.धा.। **खेलाइनु**-खेलाउनुको क.क्रि.। **खेलाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **खेलिनु**-खेल्नुको क.क्रि./भा.क्रि.। **खेलि**- क.धा./भा.धा.। **खेली, खेलेर, खेल्न, खेल्दै, खेलुन्जेल, खेल्दाखेरि**-कृ.अ.। **खेल्नू**-वि.। **खेलून्**-इ.। **खेल्ला**-स.। (स.क्रि.-विद्यार्थीहरूले भकुण्डो खेले । अ.क्रि.-बालक झोलुङ्गोमा खेल्यो । कोठामा हावा खेल्यो । त्यो मानिस बाघसँग खेल्यो ।)

खैंचनु-क्रि.मू.। **खैंच**-आ.धा.। स.क्रि.; तान्नु, खिंच्नु, ऐंचमा राख्नु । **खैंचाइ** (खैंच+आइ)-भा.ना.। **खैंचाउनु**-प्रे.क्रि./स.क्रि.; खैंचन लाउनु । **खैंचाउ**-प्रे.धा.। **खैंचाइनु**-खैंचाउनुको क.क्रि.। **खैंचाइ**-क.प्रे.धा.। **खैंचिनु**-खैंचनुको क.क्रि.। **खैंचि**-क.धा.। **खैंची, खैंचेर, खैंचन, खैंचँदै, खैंचुन्जेल, खैंचँदाखेरि**-कृ.अ.। **खैंचनू**-वि.। **खैंचून्**-इ.। **खैंचला**-स.। (स.क्रि.-रामले रावणको छाती ताकेर धनुको ताँदोलाई जोडले खैंचे ।)

खैंचिनु-क्रि.मू.। **खैंचि**-आ.धा.। स.क्रि.; **खैंचनु** । **खैंच्याइ** (खैंचि+आइ)-भा.ना.। **खैंच्याउनु**-प्रे.क्रि./स.क्रि.; खैंचिन लाउनु । **खैंच्याउ**-प्रे.धा.। **खैंच्याइनु**-खैंच्याउनुको क.क्रि.। **खैंच्याइ**-क.प्रे.धा.। **खैंचिइनु**-खैंचिनुको क.क्रि.। **खैंचिइ**-क.धा.। **खैंचिई, खैंचिएर, खैंचिन, खैंचिँदै, खैंचिउन्जेल, खैंचिंदाखेरि**-कृ.अ.। **खैंचिनू**-वि.। **खैंचिऊन्**-इ.। **खैंचेला**-स.। (स.क्रि.-त्यसले रिसलाई खैंचियो; हात छाडेन ।)

खोकल्नु-क्रि.मू.। **खोकल्**-आ.धा.। स.क्रि.; मुखमा पानी

हालेर कुलुकुलु गरी सफा गर्नु, कुल्ला गर्नु, खकाल्नु । **खोकलाइ** (खोकल्+आइ)-भा.ना.। **खोकलिनु**-खोकल्नुको क.क्रि.। **खोकलि**-क.धा.। **खोकली, खोकलेर, खोकल्न, खोकल्दै, खोकलुन्जेल, खोकल्दाखेरि**-कृ.अ.। **खोकल्नू**-वि.। **खोकलून्**-इ.। **खोकल्ला**-स.। (स.क्रि.-बहिनीले खाना खाइसकेपछि मुख खोकलिन् ।)

खोक्नु-क्रि.मू.। **खोक्**-आ.धा.। अ.क्रि.; घाँटीमा खसखस लाग्दा ख्वाकख्वाक गरी कफ निकाल्न खोज्नु, ख्याकख्याक शब्द निकाल्नु । **खोकाइ** (खोक्+आइ)-भा.ना.। **खोकाउनु**- प्रे.क्रि./स.क्रि.; खोक्न लाउनु । **खोकाउ**-प्रे.धा.। **खोकाइनु**-खोकाउनुको क.क्रि.। **खोकाइ**-भा.प्रे.धा.। **खोकिनु**-खोक्नुको भा.क्रि.। **खोकि**-भा.धा.। **खोकी, खोकेर, खोक्न, खोक्तै, खोकुन्जेल, खोक्दाखेरि**-कृ.अ.। **खोक्नू**-वि.। **खोकून्**-इ.। **खोक्ला**-स.। (अ.क्रि.-बच्चाले घरी-घरी खोक्यो ।

खोक्रिनु-क्रि.मू.। **खोक्रि**- आ.धा.। अ.क्रि.; भित्र गुदी नभएको खोक्रो हुनु, रित्तो हुनु, सम्पत्ति नभएको हुनु । **खोक्र्याइ** (खोक्रि+आइ)-भा.ना.। **खोक्र्याउनु**-प्रे.क्रि./स.कि.; भित्र खाली पार्नु । **खोक्र्याउ**-प्रे.धा.। **खोक्र्याइनु**-खोक्र्याउनुको क.क्रि.। **खोक्र्याइ**-भा.प्रे.धा.। **खोक्रिइनु**-खोक्रिनुको भा.क्रि । **खोक्रिइ**-भा.धा.। **खोक्रिई, खोक्रिएर, खोक्रिन, खोक्रिँदै, खोक्रिउन्जेल, खोक्रिंदाखेरि**-कृ.अ.। **खोक्रिनू**-वि.। **खोक्रिउन्**-इ.। **खोक्रेला**-स.। (अ.क्रि.-रक्सी र रण्डीमा लाग्दा कपिलबाबु श्रेष्ठ चारै वर्षमा खोक्रियो ।)

खोचिनु-क्रि.मू.। **खोचि**-आ.धा.। अ.क्रि.; लङ्गडिनु, गोडामा भएको कमजोरीले गर्दा हर बङ्ग्याएर हिड्नु । **खोच्याइ** (खोचि+आइ)-भा.ना.। **खोच्याउनु**- प्रे.क्रि./स.क्रि., खोचिन लाउनु, खोच्याएर हिंड्नु । **खोच्याउ**-प्रे.धा.। **खोच्याइनु**-खोच्याउनुको क.क्रि.। **खोच्याइ**-भा.प्रे.धा.। **खोचिइनु**-खोचिनुको भा.क्रि.। **खोचिइ**-भा.धा.। **खोचिई, खोचिएर, खोचिन, खोचिँदै, खोचिउन्जेल, खोचिंदाखेरि**-कृ.अ.। **खोचिनू**-वि.। **खोचिऊन्** -इ.। **खोच्चेला**-स.। (अ.क्रि.-बाँझको रूखबाट लडेपछि मड्किले जेठो खोचियो ।)

खोज्नु-क्रि.मू.। **खोज्**- आ.धा.। स.क्रि.; पत्ता लगाउन कोशिश गर्नु, खोज-तलाश गर्नु, अन्वेषण गर्नु, इच्छा गर्नु । **खोजाइ** (खोज्+आइ)-भा.ना.। **खोजाउनु**-प्रे.क्रि./स.क्रि.; खोज्न लाउनु, खोजी गराउनु । **खोजाउ**-प्रे.धा.। **खोजाइनु**-खोजाउनुको क.क्रि.। **खोजाइ**-क.प्रे.धा.। **खोजिनु**-खोज्नुको क.क्रि.। **खोजि**-क.धा.। **खोजी, खोजेर, खोज्न, खोज्दै, खोजुन्जेल, खोज्दाखेरि**-कृ.अ.। **खोज्नू**-वि.। **खोजून्**-इ.। **खोज्ला**-स.। (स.क्रि.-भीमनिधि तिवारीले शडक चित्रहरू पढेर सहानुभूतिको भाषा खोजे । भाइले कलम खोज्यो ।)

खोटिनु-क्रि.मू.। **खोटि**-आ.धा.। अ.क्रि.; मासिनु, घट्नु, कम हुनु, खति हुनु । **खोट्याइ** (खोटि+आइ), (खोट्याउ+आइ)-भा.ना.। **खोट्याउनु**-प्रे.क्रि./स.क्रि.; घटाउनु, खोटिने पार्नु । **खोट्याउ** -प्रे.धा.। **खोट्याइनु**-खोट्याउनुको क.क्रि.। **खोट्याइ** -भा.प्रे.धा.। **खोटिइनु**-खोटिनुको भा.क्रि.। **खोटिइ**-भा.धा.। **खोटिई, खोटिएर, खोटिन, खोटिँदै, खोटिउन्जेल, खोटिंदाखेरि**-कृ.अ.। **खोटिनू**-वि.। **खोटिऊन्** -इ.। **खोटेला**-स.। (अ.क्रि. -खेतको थैली (रकम) खोटियो; फेरि जम्मा गर्न सकिएन ।)

खोतर्नु-क्रि.मू.। **खोतर्**-आ.धा.। स.क्रि.; हे. खोतल्नु । **खोतराइ** (खोतर्+आइ)-भा.ना.। **खोतराउनु**-प्रे.क्रि./स.क्रि.; खोतर्न लाउनु । **खोतराउ** -प्रे.धा.। **खोतराइनु**-खोतराउनुको क.क्रि.। **खोतराइ**-क.प्रे.धा **खोतराइनु**-खोतराउनुको क.क्रि.। **खोतराइ**-क.प्रे.धा । **खोतरिनु**-खोतर्नुको क.क्रि.। **खोतरि**-क.धा.। **खोतरी, खोतरेर, खोतर्न, खोतर्दै, खोतरुन्जेल, खोतर्दाखेरि**-कृ.अ.। **खोतर्नू**-वि.। **खोतरून्**-इ.। **खोतर्ला**-स.। (स.क्रि.-जासुसले कुरा खोतऱ्यो ।)

खोतल्नु-क्रि.मू.। **खोतल्**-आ.धा.। स.क्रि.; कुरा थुत्नु, निकाल्नु, खोदल्नु, खन्नु । **खोतलाइ** (खोतल्+आइ)-भा.ना.। **खोतलाउनु** -प्रे.क्रि./स.क्रि.; खोतल्न लाउनु । **खोतलाउ**-प्रे.धा.। **खोतलाइनु** -खोतलाउनुको क.क्रि.। **खोतलाइ**-क.प्रे.धा.। **खोतलिनु**-खोतल्नुको क.क्रि.। **खोतलि**-क.धा.। **खोतली, खोतलेर, खोतल्न, खोतल्दै, खोतलुन्जेल, खोतल्दाखेरि**-कृ.अ.। **खोतल्नू**-वि.। **खोतलून्**-इ.। **खोतल्ला**-स.। (स.क्रि.-हिन्दू उग्रवादीहरूले बाबरी मस्जिदलाई पाताल बनाएर राम-भक्तिका भावनात्मक आवशेषहरू खोतले ।)

खोत्तिनु-क्रि.मू.। **खोत्ति**-आ.धा.। अ.क्रि.; ह्नत्त ओहिरिनु, छाला उप्किनु, खत्तिनु । **खोत्त्याइ** (खोत्ति+आइ)-भा.ना.। **खोत्त्याउ**-प्रे.धा.। **खोत्त्याइनु**- खोत्त्याउनुको क.क्रि.। **खोत्त्याइ**-भा.प्रे.धा.। **खोत्तिइनु** -खोत्तिनुको भा.क्रि.। **खोत्तिइ**-भा.धा.। **खोत्तिई, खोत्तिएर, खोत्तिन, खोत्तिँदै, खोत्तिउन्जेल, खोत्तिंदाखेरि**-कृ.अ.। **खोत्तिनू**-वि.। **खोत्तिऊन्**-इ.। **खोत्तेला**-स. (अ.क्रि.-पोलेको हातको छाला सबै खोत्तियो ।)

खोद्नु -क्रि.मू.। **खोद्**-आ.धा.। स.क्रि.; खन्नु, खोस्रनु, कुँद्नु, खोप्नु । **खोदाइ** (खोद्+आइ)-भा.ना.। **खोदाउनु**-प्रे.क्रि./स.क्रि.; खोद्न लाउनु । **खोदाउ**-प्रे.धा.। **खोदाइनु**-खोदाउनुको क.क्रि.। **खोदाइ**-क.प्रे.धा.। **खोदिनु**-खोद्नुको क.क्रि.। **खोदि**-क.धा.। **खोदीं, खोदेर, खोद्न, खोद्दै, खोदुन्जेल, खोद्दाखेरि**-कृ.अ.। **खोद्नू**-वि.। **खोदून्**-इ.। **खोद्ला**-स.। (स.क्रि.-किसानले मकैबारी खोद्यो ।)

खोप्नु-क्रि.मू.। **खोप्**-आ.धा.। स.क्रि.; खोपिल्टो पार्नु, शीतला आदिको टीका लगाउन सियोले घोच्नु, रोप्नु, गोभ्नु । **खोपाइ** (खोप्+आइ)-भा.ना.। **खोपाउनु**-प्रे.क्रि./स.क्रि.; खोप्ने काम गराउनु । **खोपाउ** -प्रे.धा । **खोपाइनु**-खोपाउनुको क.क्रि.। **खोपाइ**-क.प्रे.धा.। **खोपिनु**-खोप्नुको क.क्रि.। **खोपि**-क.धा.। **खोपी, खोपेर, खोप्न, खोप्तै, खोपुन्जेल, खोप्दाखेरि**-कृ.अ.। **खोप्नूं**-वि.। **खोपून्**-इ.। **खोप्ला**-स.।(स.क्रि.-स्वस्थ्य कार्यकर्ताले गाउँलेहरूलाई खोपे ।)

खोऱ्याउनु-क्रि.मू.। **खोऱ्याउ**-आ.धा.। स.क्रि.; कुनै कुरा पत्तो लगाउनको लागि घरि-घरि सोधेर खारखेर गर्नु, केर्नु, खेर्नु । **खोऱ्याइ** (खोऱ्याउ+आइ)-भा.ना.। **खोऱ्याइनु**-खोऱ्याउनुको क.क्रि.। **खोऱ्याइ**-क.धा.। **खोऱ्याई, खोऱ्याएर, खोऱ्याउन, खोऱ्याउँदै, खोऱ्याउन्जेल, खोऱ्याउँदाखेरि**-कृ.अ.। **खोऱ्याउनू**-वि.। **खोऱ्याऊन्**-इ.। **खोऱ्याउला**-स.। (स.क्रि. - 'पुस एक गतेको कालो दिन' भन्ने पर्चा छर्ने को हो ? भनेर प्रहरीले होमनाथ ढकाललाई खोऱ्यायो ।)

खोल्नु-क्रि.मू.। **खोल्**-आ.धा.। स.क्रि.; उघार्नु, निकाल्नु, फुकाउनु, व्याख्या गर्नु, उद्‌घाटन गर्नु । **खोलाइ** (खोल्+आइ)-भा.ना.। **खोलाउनु**-प्रे.क्रि./स.क्रि.; खोल्न लाउनु । **खोलाउ**-प्रे.धा.। **खोलाइनु**-खोलाउनुको क.क्रि.। **खोलाइ**-क.प्रे.धा.। **खोलिनु** -खोल्नुको क.क्रि.। **खोलि**-क.धा.। **खोली, खोलेर, खोल्न, खोल्दै, खोलुन्जेल, खोल्दाखेरि**-कृ.अ.। **खोल्नू**-वि.। **खोलून्**-इ.। **खोल्ला**-स.। (स.क्रि.-मैले निद्राले लठ्ठिएका आँखा खोले ।)

खोल्सिनु-क्रि.मू.। **खोल्सि**-आ.धा.। अ.क्रि.; छाला आदि उप्कनु, खोल्सी पर्नु, कुलेसो पर्नु । **खोल्स्याइ** (खोल्सि+आइ)-भा.ना.। **खोल्स्याउनु**-प्रे.क्रि./स.क्रि.; कुलेसो पार्नु, खोल्सी गराउनु । **खोल्स्याउ**- प्रे.धा.। **खोल्स्याइनु**-खोल्स्याउनुको क.क्रि.। **खोल्स्याइ**-भा.प्रे.धा.। **खोल्सिइनु**-खोल्सिनुको भा.क्रि.। **खोल्सिइ**-भा.धा.। **खोल्सिई, खोल्सिएर, खोल्सिन, खोल्सिंदै, खोल्सिउन्जेल, खोल्सिंदाखेरि**-कृ.अ.। **खोल्सिनू**-वि.। **खोल्सिऊन्**-इ.। **खोल्सेला**-स.। (अ.क्रि.-गाउँको निकास जाने ठाउं खोल्सियो ।)

खोसल्टिनु-क्रि.मू.। **खोसल्टि**-आ.धा.। अ.क्रि.; खोसेल्टो जस्तो बेकामको हुनु, सुकेर झुर्रिनु । **खोसल्ट्याइ** (खोसल्टि+आइ)-भा.ना,। **खोसल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; **खोसेल्ट्याउनु** । **खोसल्ट्याउ**-प्रे.धा.। **खोसल्ट्याइनु**-खोसल्ट्याउनुको क.क्रि.। **खोसल्ट्याइ**-भा.प्रे.धा.। **खोसल्टिइनु**-खोसल्टिनुको भा.क्रि.। **खोसल्टिइ** -भा.धा.। **खोसल्टिई, खोसल्टिएर, खोसल्टिन, खोसल्टिंदै, खोसल्टिउन्जेल, खोसल्टिंदाखेरि**-कृ.अ.। **खोसल्टिनू**-वि.। **खोसल्टिऊन्**-इ.। **खोसल्टेला**- स.। (अ.क्रि.-लामो खडेरी पर्नाले घाँसपात सबै खोसल्टिए ।)

खोसिनु-क्रि.मू.। **खोसि**-आ.धा.। अ.क्रि.; कोट्रिनु, छाला उप्कने गरी चोट लाग्नु, अत्तर छाला जानु । **खोस्याइ** (खोसि+आइ)-भा.ना.। **खोस्याउनु**-प्रे.क्रि./स.क्रि.; खोसिने पार्नु । **खोस्याउ**-प्रे.धा.। **खोस्याइनु**-खोस्याउनुको क.क्रि.। **खोस्याइ**-भा.प्रे.धा.। **खोसिइनु**-खोसिनुको भा.क्रि.। **खोसिइ**-भा.धा.। **खोसिई, खोसिएर, खोसिन, खोसिंदै, खोसिउन्जेल, खोसिंदाखेरि**-कृ.अ.। **खोसिनू**- वि.। **खोसिऊन्**-इ.। **खोसेला**-स.। (अ.क्रि.-बच्चा लोटेर उसको घुँडाको छालै खोसियो ।)

खोसेल्नु-क्रि.मू.। **खोसेल्**-आ.धा.। स.क्रि.; खजमज्याउनु, यत्रतत्र पार्नु, च्यात्नु, मकैको घोगाबाट खोस्टा छुट्याउनु **खोसेलाइ** (खोसेल्+आइ)-भा.ना.। **खोसेल्याउनु**-प्रे.क्रि./स.क्रि.; खोसेल्न लाउनु । **खोसेल्याउ** -प्रे.धा.। **खोसेल्याइनु**-खोसेल्याउनुको क.क्रि.। **खोसेल्याइ**-क.प्रे.धा.। **खोसेलिनु**-खोसेल्नुको क.क्रि.। **खोसेलि**-क.धा.। **खोसेली, खोसेलेर, खोसेल्न, खोसेल्दै, खोसेलुन्जेल, खोसेल्दाखेरि**-कृ.अ.। **खोसेल्नू**-वि.। **खोसेलून्**-इ.। **खोसेल्ला**-स.। (स.क्रि.-तिनीहरूले हिजो भाँचेका सबै मकै खोसेले ।)

खोसेल्टिनु-क्रि.मू.। **खोसेल्टि**-आ.धा.। अ.क्रि.; हे. खोसल्टिनु । **खोसेल्ट्याइ** (खोसेल्टि+आइ)-भा.ना.। **खोसेल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; खोसेल्टिन लाउनु । **खोसेल्ट्याउ**-प्रे.धा.। **खोसेल्ट्याइनु** - खोसेल्ट्याउनुको क.क्रि.। **खोसेल्ट्याइ**-भा.प्रे.धा.। **खोसेल्टिइनु**-खोसेल्टिनुको भा.क्रि.। **खोसेल्टिइ**-भा.धा.। **खोसेल्टिई, खोसेल्टिन, खोसेल्टिएर, खोसेल्टिंदै, खोसेल्टिउन्जेल, खोसेल्टिंदाखेरि**-कृ.अ.। **खोसेल्टिनू**-वि.। **खोसेल्टिऊन्**-इ.। **खोसेल्टेला**-स.। (अ.क्रि.-यथार्थ छानबिन भएकाले

घुस्याहा कर्मचारी खोसेल्टियो ।)

खोस्टिनु-क्रि.मू.। **खोस्टि** -आ.धा.। अ.क्रि.; खोस्टो छुट्टिनु, बोक्रा छोडिनु, खोसेल्टिनु । **खोस्ट्याइ** (खोस्टि+आइ), (खोस्ट्याउ+आइ)-भा.ना.। **खोस्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; सहऱ्याउनु, गाँस्नु, खोस्टिने पार्नु । **खोस्ट्याउ**-प्रे.धा.। **खोस्ट्याइनु**-खोस्ट्यानुको क.क्रि.। **खोस्ट्याइ**-भा.प्रे.धा.। **खोस्टिइनु** -खोस्टिनुको भा.क्रि.। **खोस्टिइ**-भा.धा.। **खोस्टिई-खोस्टिएर, खोस्टिन, खोस्टिँदै, खोस्टिउन्जेल, खोस्टिंदाखेरि**-कृ.अ.। **खोस्टिनू**-वि.। **खोस्टिऊन्**-इ.। **खोस्टेला**-स.। (अ.क्रि.-सुकेका सबै कोसे केराउ खोस्टिए ।)

गुरगुराउनु-क्रि.मू.। **गुरगुराउ**-आ.धा.। अ.क्रि.; गुरगुर आवाज निकाल्नु, रिसले गर्जनु । **गुरगुराइ** (गुरगुराउ+आइ)-भा.ना.। **गुरगुराइनु**-गुरगुराउनुको भा.क्रि.। **गुरगुराइ**-भा.धा.। **गुरगुराई, गुरगुराएर, गुरगुराउन, गुरगराउँदै, गुरगुराउन्जेल, गुरगुराउँदाखेरि**-कृ.अ.। **गुरगुराउनू**-वि.। **गुरगुराऊन्**-इ.। **गुरगुराउला**-स.। (अ.क्रि.-चारकोसे जङ्गलमा बाघ गुरगुरायो ।)

गुर्कनु-क्रि.मू.। **गुर्क**-आ.धा.। अ.क्रि.; अग्लो ठाउँबाट खस्नु, लड्नु, झर्नु, मर्नु । **गुर्काइ** (गुर्क+आइ), (गुर्काउ+आइ)-भा.ना.। **गुर्काउनु**- प्रे.क्रि./स.क्रि.; गुर्कने पार्नु, फुर्तिसाथ खानु, हिम्मतसाथ गर्नु, मैथुन गर्नु । **गुर्काउ**-प्रे.धा.। **गुर्काइनु**-गुर्काउनुको क.क्रि.। **गुर्काइ**-भा.प्रे.धा.। **गुर्किनु**-गुर्कनुको भा.क्रि./अ.क्रि.; मृत्यु हुनु । **गुर्कि**-भा.धा.। **गुर्क्याइ**-(गुर्कि+आइ)-भा.ना.। **गुर्किइनु**-गुर्किनुको भा.क्रि.। **गुर्किइ** -भा.धा.। **गुर्की, गुर्केर, गुर्कन, गुर्कँदै, गुर्कुन्जेल; गुर्कँदाखेरि**-कृ.अ.। **गुर्कनू**-वि.। **गुर्कूनू**-इ.। **गुर्कला**-स.। (अ.क्रि.-मुसे कामी रक्सीको तालमा चुरे घाँटीको थाप्लोबाट सिधै तल गुर्क्यो ।)

गुर्रिनु-क्रि.मू.। **गुर्रि**-आ.धा.। अ.क्रि.; गोलो वस्तु गुडेको आवाज आउनु, गर्जनु, पेट विकार भएर कराउनु । **गुर्‍याइ** (गुर्रि+आइ)-भा.ना.। **गुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.;

गुर्रिन लाउनु । **गुर्र्याउ**-प्रे.धा.। **गुर्र्याइनु**-गुर्र्याउनुको क.क्रि.। **गुर्र्याइ**-भा.प्रे.धा.। **गुर्रिइनु**-गुर्रिनुको भा.क्रि.। **गुर्रिइ**-भा.धा.। **गुर्रिई, गुर्रिएर, गुर्रिन, गुर्रिँदै, गुर्रिउन्जेल, गुर्रिँदाखेरि**-कृ.अ.। **गुर्रिनू**-वि.। **गुर्रिऊन्**-इ.। **गुर्रेला**-स.। (अ.क्रि.-चिल्लो पर्नासाथ पेट गुर्रियो ।)

गुल्टनु-क्रि.मू.। **गुल्ट**-आ.धा.। अ.क्रि.; लोट्नु, हार्नु, मर्नु, असफल हुनु, उभिन्डिनु । **गुल्टाइ** (गुल्ट+आइ), (गुल्टाउ+आइ)-भा.ना.। **गुल्टाउनु**-प्रे.क्रि./स.क्रि.; गुल्टने पार्नु, गुल्ट्याउनु । **गुल्टाउ**-प्रे.धा.। **गुल्टाइनु**-गुल्टाउनुको क.क्रि.। **गुल्टाइ**-भा.प्रे.धा.। **गुल्टिनु** -गुल्टनुको भा.क्रि.। **गुल्टि**-भा.धा.। **गुल्टी, गुल्टेर, गुल्टन, गुल्टँदै, गुल्टुन्जेल, गुल्टँदाखेरि**-कृ.अ.। **गुल्टनू**-वि.। **गुल्टून्**-इ.। **गुल्टला**-स.। (अ.क्रि.-हर्कबहादुर गुरुङ बलेखुको भीरबाट गुल्ट्यो ।)

गुल्टिनु-क्रि.मू.। **गुल्टि** – आ.धा.। अ.क्रि.; हे. गुल्टनु । **गुल्ट्याइ** (गुल्टि+आइ)-भा.ना.। **गुल्ट्याउनु** -प्रे.क्रि./स.क्रि.; गुल्टिने पार्नु, लडाउनु, मुन्ट्याउनु । **गुल्ट्याउ**-प्रे.धा.। **गुल्ट्याइनु**-गुल्ट्याउनुको क.क्रि.। **गुल्ट्याइ**-भा.प्रे.धा.। **गुल्टिइनु**-गुल्टिनुको भा.क्रि.। **गुल्टिइ**-भा.धा.। **गुल्टिई, गुल्टिन, गुल्टिँदै, गुल्टिएर, गुल्टिउन्जेल, गुल्टिंदाखेरि**-कृ.अ.। **गुल्टिनू**-वि.। **गुल्टिऊन्**-इ.। **गुल्टेला**-स.। (अ.क्रि.-शिव भट्ट ब्राह्मण रूखबाट गुल्टियो ।)

गुहार्नु-क्रि.मू.। **गुहार्**-आ.धा.। स.क्रि.; सहायताको लागि पुकार गर्नु, गुहार माग्नु । **गुहराइ** (गुहार्+आइ)-भा.ना.। **गुहारिनु**-गुहार्नुको क.क्रि.। **गुहारि**-क.धा.। **गुहारी, गुहारेर, गुहार्न, गुहार्दै, गुहारुन्जेल, गुहार्दाखेरि**-कृ.अ.। **गुहार्नू**-वि.। **गुहारून्**-इ.। **गुहार्ला**-स.। (स.क्रि.-आमालाई हनहनी ज्वरो आएकाले सन्तमानले डाक्टरलाई गुहार्‍यो ।)

गोटाउनु-क्रि.मू.। **गोटाउ**-आ.धा.। अ.क्रि.; गाई भैंसीका थुन पुष्ट हुनु । **गोटाइ** (गोटाउ+आइ)-भा.ना.। **गोटाइनु**-गोटाउनुको भा.क्रि.; गोटा बाँधिनु, बटुलिनु । **गोटाइ**-भा.धा.। **गोटाई, गोटाएर, गोटाउन, गोटाउँदै, गोटाउन्जेल, गोटाउँदाखेरि**-कृ.अ.। **गोटाउनू**-वि.। **गोटाऊन्**-इ.। **गोटाउला**-स.। (अ.क्रि.-बसुदेवको गाईका थुन गोटाए ।)

गोटिनु-क्रि.मू.। **गोटि**-आ.धा.। अ.क्रि.; गोटा पर्नु, गोटा हुनु, बटुलिनु, बाँधिनु । **गोट्याइ** (गोटि+आइ)-भा.ना.। **गोट्याउनु**-प्रे.क्रि./स.क्रि.; गोटिने तुल्याउनु । **गोट्याउ**-प्रे.धा.। **गोट्याइनु**-गोट्याउनुको क.क्रि.। **गोट्याइ**-भा.प्रे.धा.। **गोटिइनु**-गोटिनुको भा.क्रि.। **गोटिइ**-भा.धा.। **गोटिई, गोटिएर, गोटिन, गोटिँदै, गोटिउन्जेल, गोटिंदाखेरि**-कृ.अ.। **गोटिनू**-वि.। **गोटिऊन्**-इ.। **गोटेला**-स.। अ.क्रि.-सबै गाईवस्तु खर्कमा गोटिए ।)

गोड्नु-क्रि.मू.। **गोड्**-आ.धा.। स.क्रि.; गोडमेल गर्नु, झारपात उखेल्नु, उकेर्नु । **गोडाइ** (गोड्+आइ)-भा.ना.। **गोडाउनु**-प्रे.क्रि./स.क्रि.; गोड्न लाउनु, गोडमेल गराउनु । **गोडाउ**-प्रे.धा.। **गोडाइनु**-गोडाउनुको क.क्रि.। **गोडाइ**-क.प्रे.धा.। **गोडिनु**-गोड्नुको क.क्रि.। **गोडि**-क.धा.। गोडी, **गोडेर, गोड्न, गोड्दै, गोडुन्जेल, गोड्दाखेरि**-कृ.अ.। **गोड्नू**-वि.। **गोडून्**-इ.। **गोड्ला**-स.। (स.क्रि.-किसानले घैया गोड्यो ।)

गोद्नु-क्रि.मू.। **गोद्** -आ.धा.। स.क्रि.; लात्तीले हान्नु, पिट्नु, खाँद्नु, ठोक्नु, भकुर्नु । **गोदाइ** (गोद्+आइ)-भा.ना.। **गोदाउनु**- प्रे.क्रि./स.क्रि.; गोद्न लाउनु । **गोदाउ**-प्रे.धा.। **गोदाइनु**- गोदाउनुको क.क्रि.। **गोदाइ**-क.प्रे.धा.। **गोदिनु**-गोद्नुको क.क्रि.। **गोदि**-क.धा.। **गोदी, गोदेर, गोद्न, गोद्दै, गोदुन्जेल, गोद्दाखेरि**-कृ.अ.। **गोद्नू**-वि.। **गोदून्**-इ.। **गोद्ला**-स.। (स.क्रि.-गुण्डाहरूले आलोकलाई निर्दयतापूर्वक गोदे र मारे ।)

गोध्नु-क्रि.मू.। **गोध्**-आ.धा.। स.क्रि.; हे. गोद्नु । (स.क्रि. - काले र लालेले होमनाथ ढकाललाई गोधे र मारे ।)

गोब्र्याउनु-क्रि.मू.। **गोब्र्याउ**-आ.धा.। स.क्रि.; गाई-भैंसीले हग्नु, बिस्ट्याउनु । **गोब्र्याइ** (गोब्र्याउ+आइ)-भा.ना.। **गोब्र्याइनु**-गोब्र्याउनुको क.क्रि.। **गोब्र्याइ**- क.धा.। **गोब्र्याई, गोब्र्याएर, गोब्र्याउन, गोब्र्याउँदै, गोब्र्याउन्जेल, गोब्र्याउँदाखेरि**-कृ.अ.। **गोब्र्याउनू**- वि.। **गोब्र्याऊन्**-इ.। **गोब्र्याउला**-स.। (स.क्रि.-माली गाईले (गोबर) गोब्र्यायो ।)

गोभ्नु-क्रि.मू.। **गोभ्**- आ.धा.। स.क्रि.; घोच्नु, रोप्नु । **गोभाइ** (गोभ्+आइ)-भा.ना.। **गोभाउनु**-प्रे.क्रि./स.क्रि.; गोभ्न लाउनु । **गोभाउ**-प्रे.धा.। **गोभाइनु**-गोभाउनुको क.क्रि.। **गोभाइ**-क.प्रे.धा.। **गोभिनु** -गोभ्नुको क.क्रि.। **गोभि**-क.धा.। **गोभी, गोभेर, गोभ्न, गोभ्दै, गोभुन्जेल, गोभ्दाखेरि**-कृ.अ.। **गोभ्नू**-वि.। **गोभून्**-इ.। **गोभ्ला**- स.। (स.क्रि.-पूर्णखर्कमा भाटा काट्ता सौरडाँडे कान्छालाई डम्बर काँडाले खूबसंग गोभ्यो ।)

गोलिनु-क्रि.मू.। **गोलि**-आ.धा.। अ.क्रि.-बाटुलो पर्नु, गोल

हुनु, गोलाकार पर्नु । **गोल्याइ** (गोलि+आइ), (गोल्याउ+आइ)-भा.ना.। **गोल्याउनु**-प्रे.क्रि./स.क्रि.; गोलिने पार्नु, बाटुलो बनाउनु, भेडा-बाखालाई समेटेर एक ठाउँमा जम्मा पार्नु, बोर्सीमा गोल, खरानी एक ठाउँमा समेट्नु । **गोल्याउ**-प्रे.धा.। **गोल्याइनु**-गोल्याउनुको क.क्रि.। **गोल्याइ**-भा.प्रे.धा.। **गोलिइनु**-गोलिनुको भा.क्रि.। **गोलिइ**-भा.धा.। **गोलिई, गोलिएर, गोलिन, गोलिँदै, गोलिउन्जेल, गोलिंदाखेरि**-कृ.अ.। **गोलिनू**-वि.। **गोलिऊन्**-इ.। **गोलेला** -स.। (अ.क्रि.-शुभकार्यमा बटारेको कसार राम्रोसँग गोलियो ।)

गोलैंस्याउनु-क्रि.मू.। **गोलैंस्याउ**-आ.धा.। स.क्रि.; गोलैंसो पार्नु, गोलैंसो बोक्नु, रुमालका चार कुना बाँधेर पोको पार्नु । **गोलैंस्याइ** (गोलैंस्याउ+आइ)-भा.ना.। **गोलैंस्याइनु**-गोलैंस्याउनुको क.क्रि.। **गोलैंस्याइ**-क.धा.। **गोलैंस्याई, गोलैंस्याएर, गोलैंस्याउन, गोलैंस्याउँदै, गोलैंस्याउन्जेल, गोलैंस्याउँदाखेरि**-कृ.अ.। **गोलैंस्याउनू**-वि.। **गोलैंस्याऊन्**-इ.। **गोलैंस्याउला**- स.। (स.क्रि.-जादुगरले रुमाल गोलैंस्यायो ।)

गौँत्याउनु-क्रि.मू.। **गौँत्याउ**-आ.धा.। स.क्रि.; गउँत्याउनु, गाईले मुत्नु । **गौँत्याइ** (गौँत्याउ+आइ)-भा.ना.। **गौँत्याइनु**-गौँत्याउनुको क.क्रि.। **गौँत्याइ**-क.धा.। **गौँत्याई, गौँत्याएर, गौँत्याउन, गौँत्याउँदै, गौँत्याउन्जेल, गौँत्याउँदाखेरि**-कृ.अ.। **गौँत्याउनू**-वि.। **गौँत्याऊन्**-इ.। **गौँत्याउला**-स.। (स.क्रि.-धेनु गाईले (गउँत) गौँत्यायो ।)

ग्याँचिनु-क्रि.मू.। **ग्याँचि**-आ.धा.। अ.क्रि.; ग्वाँचिनु पुड्को कदको हुनु । **ग्यँच्याइ** (ग्याँचि+आइ)-भा.ना.। **ग्याँचिइनु**-ग्याँचिनुको भा.क्रि.। **ग्याँचिइ**-भा.धा.। **ग्याँचिई, ग्याँचिएर, ग्याँचिन, ग्याँचिँदै, ग्याँचिउन्जेल, ग्याँचिंदाखेरि**-कृ.अ.। **ग्याँचिनू**-वि.। **ग्याँचिऊन्**-इ.। **ग्याँचेला**-स.। (अ.क्रि.-ठाँस्वाँरा काहिंलो ग्याँचियो, कत्ति बढेन ।)

ग्वाँचिनु-क्रि.मू.। **ग्वाँचि**-आ.धा.। अ.क्रि.-हे. ग्याँचिनु । **ग्वँच्याइ** (ग्वाँचि+आइ)-भा.ना.। **ग्वाँचिइनु**-ग्वाँचिनुको भा.क्रि.। **ग्वाँचिइ**-भा.धा.। **ग्वाँचिई, ग्वाँचिएर, ग्वाँचिन, ग्वाँचिँदै, ग्वाँचिउन्जेल, ग्वाँचिंदाखेरि**-कृ.अ.। **ग्वाँचिनू**-वि.। **ग्वाँचिऊन्**-इ.। **ग्वाँचेला**-स.। (अ.क्रि-कुपोषणको कारण धेरै नेपाली केटाकेटीहरू ग्वाँचिए ।)

घ

घँस्याउनु-क्रि.मू.। **घँस्याउ**-आ.धा.। स.क्रि.; बाली लगाएको जग्गामा घाँस पाल्ने काम गर्नु, घाँस खुवाउने काम गर्नु, घाँस खुवाउनु । **घँस्याइ** (घँस्याउ+आइ)-भा.ना.। **घँस्याइनु**-घँस्याउनुको क.क्रि.। **घँस्याइ**-क.धा.। **घँस्याई, घँस्याएर, घँस्याउन, घँस्याउँदै, घँस्याउन्जेल, घँस्याउँदाखेरि**-कृ.अ.। **घँस्याउनू** -वि.। **घँस्याऊन्** - इ. । **घँस्याउला**-स.। (स.क्रि.-हामीले कुँडार-बारी धेरै वर्षसम्मन् घँस्यायौं ।)

घचघचिनु-क्रि.मू.। **घचघचि**- आ.धा.। अ.क्रि.; घचघच हुनु, हल्लनु । **घचघच्याइ** (घचघचि+आइ)-भा.ना.। **घचघच्याउनु**-प्रे.क्रि./स.क्रि.; घचघचिने पार्नु । **घचघच्याउ**-प्रे.धा.। **घचघच्याइनु** -घचघच्याउनुको-क.क्रि.। **घचघच्याइ**-भा.प्रे.धा.। **घचघचिइनु**-घचघचिनुको भा.क्रि.। **घचघचिइ** -भा.धा.। **घचघचिई, घचघचिएर, घचघचिन, घचघचिँदै, घचघचिउन्जेल, घचघचिंदाखेरि**-कृ.अ.। **घचघचिनू**-वि.। **घचघचिऊन्**-इ.। **घचघचेला**-स.। (अ.क्रि.-राटेपिङको खामो घचघचियो ।)

घचघच्याउनु - क्रि.मू.। **घचघच्याउ**- आ.धा.। स.क्रि.; झ्याल-ढोका उघार्न घचघच बनाउनु, बारबार जीउ हल्लाएर बिउँझाउनु । **घचघच्याइ** (घचघच्याउ+आइ)-भा.ना.। **घचघच्याइनु**- घचघच्याउनुको क.क्रि.। **घचघच्याइ**-क.धा.। **घचघच्याई, घचघच्याएर, घचघच्याउन, घचघच्याउँदै, घचघच्याउन्जेल, घचघच्याउँदाखेरि**-कृ.अ.। **घचघच्याउनू**- वि.। **घचघच्याऊन्** - इ.। **घचघच्याउला**-स.। (स.क्रि.-नव आगन्तुकले ढोका घचघच्यायो ।)

घचेट्नु-क्रि.मू.। **घचेट्**-आ.धा.। स.क्रि.; हटाउनु, धकेल्नु, ठेल्नु । **घचेटाइ** (घचेट्+आइ)-भा.ना.। **घचेटाउनु**-प्रे.क्रि./स.क्रि.; घचेट्न लाउनु, ठेलाउनु । **घचेटाउ**-प्रे.धा.। **घचेटाइनु**-घचेटाउनुको क.क्रि.। **घचेटाइ**-क.प्रे.धा.। **घचेटिनु**-घचेट्नुको क.क्रि.। **घचेटि**-क.धा.। **घचेटी, घचेटेर, घचेट्न, घचेट्तै, घचेट्नुन्जेल, घचेट्दाखेरि**-कृ.अ.। **घचेट्नू**-वि.। **घचेटून्**-इ.। **घचेट्ला**-स.। (स.क्रि.-खेतलाले पराल बोक्ता मैले सबै भारी घचेटें ।)

घच्च्याउनु-क्रि.मू.। **घच्च्याउ**-आ.धा.। स.क्रि.;धक्क्याउनु, एकले अर्कोलाई धक्का दिनु, धकेल्नु । **घच्च्याइ** (घच्च्याउ+आइ)-भा.ना.। **घच्च्याइनु**-घच्च्याउनुको

क.क्रि.। **घच्च्याइ**-क.धा.। **घच्च्याई, घच्च्याएर, घच्च्याउन, घच्च्याउँदै, घच्च्याउन्जेल, घच्च्याउँदाखेरि**-कृ.अ.। **घच्च्याउनू**-वि.। **घच्च्याऊन्**-इ.। **घच्च्याउला**-स.। (स.क्रि.-गजुवाले चमेरे गोरुलाई घच्च्यायो ।)

घच्याट्नु-क्रि.मू.। **घच्याट्**-आ.धा.। स.क्रि.; हे.घचेट्नु । **घच्यटाइ** (घच्याट्+आइ)-भा.ना.। **घच्याटिनु** - घच्याट्नुको क.क्रि.। **घच्याटि** -क.धा.। **घच्याटी, घच्याटेर, घच्याट्न, घच्याट्दै, घच्याटुन्जेल, घच्याट्दाखेरि**-कृ.अ.। **घच्याट्नू**-वि.। **घच्याटिऊन्**-इ.। **घच्याट्ला**-स.। (स.क्रि.-ढाक्रेले भारी घच्याट्यो ।)

घट्नु-क्रि.मू.। **घट्**-आ.धा.। अ.क्रि.; कम हुनु, घटी हुनु, छोटिनु, खर्च हुनु, घट्ना हुनु, मिल्नु, लागू हुनु । **घटाइ** (घट्+आइ)-भा.ना.। **घटा़उनु**-प्रे.क्रि./स.क्रि.; घट्ने पार्नु, छोट्याउनु, दृष्टान्त दिने पार्नु, घटाउने हिसाब गर्नु । **घटाउ**-प्रे.धा.। **घटाइनु**-घटाउनुको क.क्रि.। **घटाइ**-भा.प्रे.धा.। **घटिनु**-घट्नुको भा.क्रि.। **घटि**-भा.धा.। **घटी, घटेर, घट्न, घट्तै, घटुन्जेल, घट्दाखेरि**-कृ.अ.। **घट्नू**-वि.। **घटून्**-इ.। **घट्ला**-स.। (अ.क्रि.-आजकाल खाद्य सामाग्रीको बजार-भाउ घट्यो ।)

घट्काउनु-क्रि.मू.। **घट्काउ**-आ.धा.। स.क्रि.; पानी आदि तरल पदार्थ घटघट निल्नु, घुट्क्याउनु । **घट्काइ** (घट्काउ+आइ)-भा.ना.। **घट्काइनु**-घट्काउनुको क.क्रि.। **घट्काइ**-क.धा.। **घट्काई, घट्काएर, घट्काउन, घट्काउँदै, घट्काउन्जेल, घट्काउँदाखेरि**-कृ.अ.। **घट्काउनू**-वि.। **घट्काऊन** ्-इ.। **घट्काउला**-स.। (स.क्रि.-बटुवाले पानी घट्कायो ।)

घडघडाउनु-क्रि.मू.। **घडघडाउ**-आ.धा.। अ.क्रि.; ढुङ्ग्यान जमिनमा कुनै ठूलो वस्तु घिसार्दा घडघड शब्द निस्कनु । **घडघडाइ** (घडघडाउ+आइ)-भा.ना.। **घडघड़ाइनु**-घडघडाउनुको भा.क्रि.। **घडघडाइ**-भा.धा.। **घडघडाई, घडघडाएर, घडघडाउन, घडघडाउँदै, घडघडाउन्जेल, घडघडाउँदाखेरि**-कृ.अ.। **घडघडाउनू** -वि.। **घडघडाऊन्**-इ.। **घडघडाउला** -स.। (अ.क्रि.-साठा घिसारेर गोठमा लैजाँदा घडघडायो ।)

घतघतिनु-क्रि.मू.। **घतघति** -आ.धा.। अ.क्रि.; घतघत हुनु, गाग्राको पानी एकै चोटि खन्याउनु । **घतघत्याइ** (घतघति+आइ)-भा.ना.। **घतघत्याउनु**-प्रे.क्रि./स.क्रि.; घतघत पार्नु, एकैचोटि गाग्राबाट पानी खन्याउनु । **घतघत्याउ**-प्रे.धा.। **घतघत्याइनु**-घतघत्याउनुको क.क्रि.। **घतघत्याइ**-भा.प्रे.धा.। **घतघतिइनु**-भतघतिनुको भा.क्रि.। **घतघतिइ**-भा.धा.। **घतघतिई,घतघतिएर, घतघतिन, घतघतिदै, घतघतिउन्जेल, घतघतिंदाखेरि**-कृ.अ.। **घतघतिनू**-वि.। **घतघतिऊन्**-इ.। **घतघतेला**-स.। (अ.क्रि.-गाग्रीको पानी खन्याउँदा घतघतियो ।)

घन्कनु-क्रि.मू.। **घन्क**-आ.धा.। अ.क्रि.; घननन आवाज निस्कनु, आवाज कतै ठोकिएर प्रतिध्वनित हुनु, धेरै जनाको ठूलो आवाज एकैसाथ आउनु । **घन्काइ** (घन्क+आइ)-भा.ना.। **घन्काउनु**-प्रे.क्रि./स.क्रि.; घन्कन लाउनु, घनन आवाज निकाल्नु । **घन्काउ**- प्रे.धा.। **घन्काइनु**-घन्काउनुको क.क्रि.। **घन्काइ**-भा.प्रे.धा.। **घन्किनु**-घन्कनुको भा.क्रि.। **घन्कि**-भा.धा.। **घन्की, घन्केर, घन्कन, घन्कँदै, घन्कुन्जेल, घन्कँदाखेरि**-कृ.अ.। **घन्कनू**-वि.। **घन्कून्**-इ.। **घन्कला**-स.। (अ.क्रि.-ठूलाघरे कान्छाको बिहेमा पञ्चै बाजा घन्क्यो ।)

घन्किनु-क्रि.मू.। **घन्कि** -आ.धा.। अ.क्रि.; घन्कनु । **घन्क्याइ** (घन्कि+आइ); **घन्क्याहट** (घन्क्याउ+आहट)-भा.ना.। **घन्क्याउनु**- प्रे.क्रि./स.क्रि.; घन्किन लाउनु, घन्किने पार्नु । **घन्क्याउ**-प्रे.धा.। **घन्क्याइनु**-घन्क्याउनुको क.क्रि.। **घन्क्याइ**-भा.प्रे.धा.। **घन्किइनु**- घन्किनुको भा.क्रि.। **घन्किइ**-भा.धा.। **घन्किई, घन्किएर, घन्किन, घन्किदै, घन्किउन्जेल, घन्किंदाखेरि**-कृ.अ.। **घन्किनू**-वि.। **घन्किऊन्**-इ.। **घन्केला**-स.। (अ.क्रि.-उजेलीको विहेमा रातभरि नौताले बाजा घन्कियो ।)

घबडाउनु-क्रि.मू.। **घबडाउ**-आ.धा.। अ.क्रि.; दु:ख वा भयले आत्तिनु, हडबडाउनु । **घबडाइ** (घबडाउ+आइ); **घबडाहट** (घबडाउ+आहट)-भा.ना.। **घबडाइनु**-घबडाउनुको भा.क्रि.। **घबडाइ**-भा.धा.। **घबडाई, घबडाएर, घबडाउन, घबडाउँदै, घबडाउन्जेल, घबडाउँदाखेरि**-कृ.अ.। **घबडाउनू**- वि.। **घबडाऊन्** -इ.। **घबडाउला**-स.। (अ.क्रि.-रामको पराक्रम देखेर रावण घबडायो ।)

घबराउनु-क्रि.मू.। **घबराउ** -आ.धा.। अ.क्रि.; हे. घबडाउनु । (अ.क्रि.-गान्धीको अहिंसात्मक आन्दोलन देखेर अंग्रेजहरू घबराए ।)

घरघराउनु-क्रि.मू.। **घरघराउ**-आ.धा.। अ.क्रि.; खस्रो जमिनमा गाडी आदि दगुर्दाको जस्तो घरघर शब्द आउनु । **घरघराइ** (घरघराउ+आइ), **घरघराहट** (घरघराउ+आहट)-भा.ना.। **घरघराइनु**-घरघराउनुको भा.क्रि.। **घरघराइ**- भा.धा.। **घरघराई, घरघराएर,**

घरघराउँदाखेरि-कृ.अ.। **घरघराउनु**-वि.। **घरघराऊन्**-इ.। **घरघराउला**-स.। (अ.क्रि.-राजमार्गमा गाडी घरघरायो ।)

घर्कनु-क्रि.मू.। **घर्क**-आ.धा.। अ.क्रि.; समय, दिन, उमेर आदि बित्तै जानु, अवनति हुनु, ढल्कनु, खस्कनु । **घर्काइ** (घर्क+आइ), **घर्काहट** (घर्काउ+आहट)-भा.ना.। **घर्काउनु**-प्रे.क्रि./स.क्रि.; घर्कन लगाउनु । **घर्काउ**-प्रे.धा.। **घर्काइनु**-घर्काउनुको क.क्रि.। **घर्काइ**-भा.प्रे.धा.। **घर्किनु**-घर्कनुको भा.क्रि./अ.क्रि.; घर्किने होइनु, घर्कनु । **घर्कि**-भा.धा.। **घर्क्याइ** (घर्कि+आइ)-भा.ना.। **घर्की, घर्केर, घर्कन, घर्कँदै घर्कुन्जेल, घर्कँदाखेरि**-कृ.अ.। **घर्कनू**-वि.। **घर्कून्**- इ.। **घर्कला**-स.। (अ.क्रि.-खेतमा काम गर्दागर्दै मध्यदिन घर्क्यो ।)

घसार्नु-क्रि.मू.। **घसार्**-आ.धा.। स.क्रि.; घस्रने गरी तान्नु, घिसार्नु, घस्नु, लिप्नु । **घसराइ** (घसार्+आइ)-भा.ना.। **घसारिनु**- घसार्नुको क.क्रि.; घसार्ने काम गरिनु । **घसारि**-क.धा.। **घसारी, घसारेर, घसार्न, घसार्दै, घसारुन्जेल, घसार्दाखेरि**-कृ.अ.। **घसार्नू**-वि.। **घसारून्**-इ.। **घसार्ला**-स.। (स.क्रि.-महादेवले स्याललाई खुट्टामा समातेर घसारे ।)

घसेट्नु-क्रि.मू.। **घसेट्**-आ.धा.। स.क्रि.; डिको नदिई छिटछिटो लेख्नु, घसार्नु । **घसेटाइ** (घसेट्+आइ), (घसेटाउ+आइ)-भा.ना.। **घसेटाउनु**-प्रे.क्रि./स.क्रि.; घसेट्न लाउनु, घसिट लेखाउनु । **घसेटाउ**-प्रे.धा.। **घसेटाइनु**-घसेटाउनुको क.क्रि.। **घसेटाइ**-क.प्रे.धा.। **घसेटिनु**-घसेट्नुको क.क्रि.। **घसेटि**-क.धा.। **घसेटी, घसेटेर, घसेट्न, घसेट्दै, घसेटुन्जेल, घसेट्दाखेरि**-कृ.अ.। **घसेट्नू**-वि.। **घसेटून्**-इ.। **घसेट्ला**-स.। (स.क्रि.-कलाकारले रङ घसेट्यो ।)

घस्नु-क्रि.मू.। **घस्**-आ.धा.। स.क्रि.; तेल, रङ्, चन्दन आदि लाउनु, मालिस गर्नु, लिप्नु, दल्नु । **घसाइ** (घस्+आइ), (घसाउ+आइ)-भा.ना.। **घसाउनु** -प्रे.क्रि./स.क्रि.; घस्न लाउनु । **घसाउ**-प्रे.धा.। **घसाइनु**-घसाउनुको क.क्रि.। **घसाइ**-क.प्रे.धा.। **घसिनु**-घस्नुको क.क्रि.। **घसि**-क.धा.। **घसी, घसेर, घस्न, घस्दै, घसुन्जेल, घस्दाखेरि**-कृ.अ.। **घस्नू**-वि.। **घसून्**-इ.। **घस्ला**-स.। (स.क्रि.-कर्मचारीले हाकिमको गोडामा तेल घस्यो ।)

घस्कनु-क्रि.मू.। **घस्क**-आ.धा.। अ.क्रि.; अन्भरिनु, मन नपर्दो मानिस जानु । **घस्काइ** (घस्क+आइ), (घस्काउ+आइ); **घस्काहट** (घस्काउ+आहट)-भा.ना.। **घस्काउनु**-प्रे.क्रि./स.क्रि.; घस्कन लाउनु । **घस्काउ**-प्रे.धा.। **घस्काइनु**-घस्काउनुको क.क्रि.। **घस्काइ**-भा.प्रे.धा.। **घस्किनु**-घस्कनुको भा.क्रि./अ.क्रि.; घस्किने होइनु, घस्कनु । **घस्कि**-भा.धा.। **घस्क्याइ** (घस्कि+आइ)-भा.ना.। **घस्की, घस्केर, घस्कन, घस्कँदै, घस्कुन्जेल, घस्कँदाखेरि**-कृ.अ.। **घस्कनू**-वि.। **घस्कून्**-इ.। **घस्कला**-स.। (अ.क्रि.-लागुको हतियार हरिबहादुर आजकाल कत घस्क्यो; प्रहरीलाई पनि थाहा छैन ।)

घस्टनु-क्रि.मू.। **घस्ट**-आ.धा.। अ.क्रि.; दलिएर पातलो भई निर्बलियो हुनु, थोत्रिनु, मैलिनु । **घस्टाइ** (घस्ट+आइ), (घस्टाउ+आइ)- भा.ना.। **घस्टाउनु**-प्रे.क्रि./स.क्रि.; घस्टने पार्नु । **घस्टाउ**-प्रे.धा.। **घस्टाइनु**-घस्टाउनुको क.क्रि.। **घस्टाइ** -भा.प्रे.धा.। **घस्टिनु**-घस्टनुको भा.क्रि./अ.क्रि.; घस्टनु । **घस्टि**-भा.धा.। **घस्ट्याइ** (घस्टि+आइ)-भा.ना.। **घस्ट्याउनु**-प्रे.क्रि./स.क्रि; घस्टिने पार्नु । **घस्ट्याउ** -प्रे.धा.। **घस्ट्याइनु**-घस्ट्याउनुको क.क्रि.। **घस्ट्याइ**-भा.प्रे.धा.। **घस्टी, घस्टेर, घस्टन, घस्टँदै, घस्टुन्जेल, घस्टँदाखेरि**-कृ.अ.। **घस्टनू**-वि.। **घस्टून्** -इ.। **घस्टला**-स.। (अ.क्रि.-गोठेबहिदारकोमा किनेको खेसको पटुका चारै महिनामा घस्ट्यो ।)

घस्रनु-क्रि.मू.। **घस्र**-आ.धा.। अ.क्रि.; भूइँमा रगडिने गरी हिड्नु, घस्रिनु । **घस्राइ** (घस्र+आइ)-भा.ना.। **घस्राउनु**-प्रे.क्रि./स.क्रि.; घस्रन लाउनु । **घस्राउ** -प्रे.धा.। **घस्राइनु**-घस्राउनुको क.क्रि.। **घस्राइ**-भा.प्रे.धा.। **घस्रिनु**-घस्रनुको भा.क्रि.। **घस्रि**-भा.धा.। **घस्री घस्रेर, घस्रन, घस्रँदै, घस्रुन्जेल, घस्रँदाखेरि**-कृ.अ.। **घस्रनू**-वि.। **घस्रून्**-इ.। **घस्रला**-स.। (अ.क्रि.-साहिंलीको पटुका फुस्केर भूइँमा घस्र्यो ।)

घस्रिनु-क्रि.मू.। **घस्रि**-भा.धा.। अ.क्रि.; घिस्रिनु, घस्रनु । **घस्र्याइ** (घस्रि+आइ)-भा.ना.। **घस्र्याउनु**-प्रे.क्रि./स.क्रि.; घिस्रिने पार्नु । **घस्र्याउ** -प्रे.धा.। **घस्र्याहट** (घस्र्याउ+आहट)-भा.ना.। **घस्र्याइनु**-घस्र्याउनुको क.क्रि.। **घस्र्याइ**-भा.प्रे.धा.। **घस्रिइनु**-घस्रिनुको भा.क्रि.। **घस्रिइ**-भा.धा.। **घस्रिई, घस्रिएर, घस्रिन, घस्रिँदै, घस्रिउन्जेल, घस्रिँदाखेरि**-कृ.अ.। **घस्रिनू**-वि.। **घस्रिऊन्**-इ.। **घस्रेला**-स.। (अ.क्रि.-चिप्लेर बल्ड्याङ खाँदा मेरो गोडा भूइँमा घस्रियो ।)

घहरनु-क्रि.मू.। **घहर**-आ.धा.। अ.क्रि.; घर्कनु, घट्तै वा पतन हुँदै जानु, ओरालो लाग्नु । **घहराइ** (घहर+आइ)-

पतन हुँदै जानु, ओरालो लाग्नु । **घहराइ** (घहर+आइ)-भा.ना.। **घहराउनु**-प्रे.क्रि./स.क्रि.; घहरिन लाउनु, घर्काउनु । **घहराउ**-प्रे.धा.। **घहराइनु**-घहराउनुको क.क्रि.। **घहराइ**-भा.प्रे.धा.। **घहरिनु**-घहरनुको-भा.क्रि.। **घहरि**-भा.धा.। **घहरी, घहरेर, घहरन, घहरँदै, घहरुन्जेल, घहरँदाखेरि**-कृ.अ.। **घहरनू**-वि.। **घहरून्**-इ.। **घहरला**-स.। (अ.क्रि.-केही वर्ष यतादेखि बल्ल मालिकको सम्पत्ति घहऱ्यो ।)

घहरिनु-क्रि.मू.। **घहरि**-आ.धा.। अ.क्रि.; पतन हुँदै जानु, घर्कनु, घट्तै जानु । **घहऱ्याइ** (घहरि+आइ)-भा.ना.। **घहऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; घहरिने पार्नु, घहरिन लाउनु । **घहऱ्याउ**-प्रे.धा.। **घहऱ्याइ** (घहऱ्याउ+आइ); **घहऱ्याहट** (घहऱ्याउ+आहट)-भा.ना.। **घहऱ्याइनु** - घहऱ्याउनुको क.क्रि.। **घहऱ्याइ**-भा.प्रे.धा.। **घहरिइनु** - घहरिनुको भा.क्रि.। **घहरिइ**-भा.धा.। **घहरिई, घहरिएर, घहरिन, घहरिंदै, घहरिउन्जेल, घहरिंदाखेरि**-कृ.अ.। **घहरिनू**-वि.। **घहरिऊन्**-इ.। **घहरेला**-स.। (अ.क्रि. - हवल्दारसित मित लगाएर कालो छोप्न खोजेदेखि अर्जेल अन्तरेको शक्ति बिस्तारै घहरिंयो ।)

घिच्चिनु-क्रि.मू.। **घिच्चि**-आ.धा.। अ.क्रि.; सकी-नसकी हिंड्नु, करबलले जानु, घिस्सिनु, तानिनु । **घिच्च्याइ** (घिच्चि+आइ), (घिच्च्याउ+आइ); **घिच्च्याहट** (घिच्च्याउ+आहट)-भा.ना.। **घिच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; घिच्चिन लाउनु, घिस्स्याउनु । **घिच्च्याउ**-प्रे.धा.। **घिच्च्याइनु**-घिच्च्याउनुको क.क्रि.। **घिच्च्याइ**-भा.प्रे.धा.। **घिच्चिइनु**-घिच्चिनुको भा.क्रि.। **घिच्चिइ**-भा.धा.। **घिच्चिई, घिच्चिएर, घिच्चिन, घिच्चिंदै, घिच्चिउन्जेल, घिच्चिंदाखेरि**-कृ.अ.। **घिच्चिनू**-वि.। **घिच्चिऊन्** -इ.। **घिच्चेला**-स.। (अ.क्रि.-एक छाक जन्ती-बाखाको लोभमा गुणबहादुर झिम्रेकको उकालो घिच्चियो ।)

घिच्नु-क्रि.मू.। **घिच्**-आ.धा.। स.क्रि.; हसुर्नु, मन नपर्ने गरी खानु । **घिचाइ** (घिच्+आइ), (घिचाउ+आइ) -भा.ना.। **घिचाहा** (घिच्+आहा), **घिचास** (घिच्+आस), **घिचुवा** (घिच्+उवा), **घिचन्ताम्** (घिच्+अन्ताम्)-विशे.। **घिचाउनु**-प्रे.क्रि./स.क्रि.; घिच्न लाउनु । **घिचाउ**-प्रे.धा.। **घिचाइनु**-घिचाउनुको क.क्रि.। **घिचाइ**-क.प्रे.धा.। **घिचिनु**-घिच्नुको क.क्रि.। **घिचि**-क.धा.। **घिची, घिचेर, घिच्न, घिच्तै, घिचुन्जेल, घिच्दाखेरि**-कृ.अ.। **घिच्नू**-वि.। **घिचून्**-इ.। **घिच्ला**-स.। (स.क्रि.-हुतिहारा ज्ञानेश्वरको बाहुनले एघाऱ्हौं दिनको काट्टो घिच्यो ।)

घिडघिडाउनु-क्रि.मू.। **घिडघिडाउ** -आ.धा.। स.क्रि.; आफ्नो काम तामेली गर्नका लागि पुकार गर्नु, घिडघिड गर्नु । **घिडघिडाइ** (घिडघिडाउ+आइ)-भा.ना.। **घिडघिडाइनु**-घिडघिडाउनुको. क.क्रि.। **घिडघिडाइ**-क.धा.। **घिडघिडाई, घिडघिडाएर, घिडघिडाउन, घिडघिडाउँदै, घिडघिडाउन्जेल, घिडघिडाउँदाखेरि** कृ.अ.। **घिडघिडाउनू** वि.। **घिडघिडाऊन्**-इ । **घिडघिडाउला** -स.। (स.क्रि. - झगडियाले हाकिमलाई बारम्बार घिडघिडायो ।)

घिनाउनु क्रि.मू.। **घिनाउ** आ.धा.। अ.क्रि.; घीन मान्नु, घीन लाग्नु । स.क्रि.; हेंला गर्नु, छिः छिः र दुर दुर गर्नु । **घिनाइ** (घिनाउ+आइ)-भा.ना.। **घिनाहा** (घिनाउ+आहा)-विशे.। **घिनाइनु**- घिनाउनुको भा.क्रि./ क.क्रि. । **घिनाइ** - भा.धा./क.धा.। **घिनाई, घिनाएर, घिनाउन, घिनाउँदै, घिनाउन्जेल, घिनाउँदाखेरि**-कृ. अ.। **घिनाउनू**-वि.। **घिनाऊन्**-इ.। **घिनाउला**-स.। (अ.क्रि.; असनको गल्लीमा पसेपछि पर्यटकहरू खूब घिनाए । स.क्रि. - बूढा गुरुङहरूले चारित्रिक उच्छृङ्खलतालाई सहन नसकेर उत्ताउला ठिटाहरूलाई घिनाए ।)

घिरघिराउनु-क्रि.मू.। **घिरघिराउ**-आ.धा.। अ.क्रि.; घिरघिर आवाज आउनु । **घिरघिराइ** (घिरघिराउ+आइ)-भा.ना.। **घिरघिरे** (घिरघिर+ए)-विशे.। **घिरघिराइनु**-घिरंघिराउनुको भा.क्रि.। **घिरघिराइ**-भा.धा.। **घिरघिराई, घिरघिराएर, घिरघिराउन, घिरघिराउँदै, घिरघिराउन्जेल, घिरघिराउँदाखेरि**-कृ.अ.। **घिरघिराउनू**-वि.। **घिरघिराऊन्**-इ.। **घिरघिराउला**-स.। (अ.क्रि.-घुर्रो निकैबेर घिरघिरायो ।)

घिर्र्याउनु-क्रि.मू.। **घिर्र्याउ**-आ.धा.। स.क्रि.; घिस्स्याउनु, घिर्र आवाज आउने गरी तान्नु । **घिर्र्याइ** (घिर्र्याउ+आइ)-भा.ना.। **घिर्र्याइनु**-घिर्र्याउनुको क.क्रि.। **घिर्र्याइ**-क.धा.। **घिर्र्याई, घिर्र्याएर, घिर्र्याउन, घिर्र्याउँदै, घिर्र्याउन्जेल, घिर्र्याउँदाखेरि**-कृ.अ.। **घिर्र्याउनू**-वि.। **घिर्र्याऊन्**-इ.। **घिर्र्याउला**-स.। (स.क्रि.-गोरे पर्यटकले पाङ्ग्रे झोलालाई बज्रे सडकमाथि घिर्र्यायो ।)

घिसार्नु-क्रि.मू.। **घिसार्** -आ.धा.। स.क्रि.; तान्नु, घिच्च्याउनु, घिस्स्याउनु, घिर्र्याउनु । **घिसराइ** (घिसार्+आइ)-भा.ना.। **घिसारिनु**-घिसार्नुको क.क्रि.। **घिसारि**-क.धा.। **घिसारी, घिसारेर, घिसार्न, घिसार्दै, घिसारुन्जेल, घिसार्दाखेरि**-कृ.अ.। **घिसार्नू**-वि.। **घिसारून्**-इ.। **घिसार्ला**-स.। (स.क्रि.-जगदीश्वर धितालले बार बार्नका निमित्त स्याउला घिसाऱ्यो ।)

घिस्रनु-क्रि.मू.। **घिस्र**-आ.धा.। अ.क्रि.; हे. घस्रनु । **घिस्राइ** (घिस्र+आइ), (घिस्राउ+आइ) -भा.ना.। **घिस्राउनु**-प्रे.क्रि./स.क्रि.; घिस्रन लाउनु, घिसार्नु । **घिस्राउ**-प्रे.धा.। **घिस्राइनु**-घिस्राउनुको क.क्रि.। **घिस्राइ**-भा.प्रे.धा.। **घिस्रिनु**-घिस्रनुको भा.क्रि.। **घिस्रि**-भा.धा.। **घिस्री, घिस्रेर, घिस्रन, घिस्रँदै, घिस्रुन्जेल घिस्रँदाखेरि**-कृ.अ.। **घिस्रनू**-वि.। **घिस्रून्**-इ.। **घिस्रला**-स.। (अ.क्रि.-धोएर सुकाएको कपडा हिलोमा घिस्र्यो ।)

घिस्रिनु-क्रि.मू.। **घिस्रि**-आ.धा.। अ.क्रि.; हे. घस्रिनु । **घिस्र्याइ** (घिस्रि+आइ), (घिस्र्याउ+आइ); **घिस्र्याहट** (घिस्र्याउ+आहट)-भा.ना.।-**घिस्र्याउनु**-प्रे.क्रि./स.क्रि.; घिस्रिन लाउनु, घिस्रिने पार्नु । **घिस्र्याउ** -प्रे.धा.। **घिस्र्याइनु**-घिस्र्याउनुको क.क्रि.। **घिस्र्याइ**-भा.प्रे.धा.। **घिस्रिइनु**-घिस्रिनुको भा.क्रि.। **घिस्रिइ**-भा.धा.। **घिस्रिई, घिस्रिएर, घिस्रिन, घिस्रिँदै, घिस्रिउन्जेल, घिस्रिंदाखेरि**-कृ.अ.। **घिस्रिनू**-वि.। **घिस्रिऊन्**-इ.। **घिस्रेला**-स.। (अ.क्रि.-तीर्थयात्रीहरू मनकामनाको उकालोमा सकीनसकी घिस्रिए ।)

घिस्सिनु-क्रि.मू.। **घिस्सि**-आ.धा.। अ.क्रि.; घस्रेर सर्नु, घोटिएर खिइनु, बढी उपयोगले थोत्रिनु, तानिनु, घिच्चिनु । **घिस्स्याइ** (घिस्सि+आइ), घिस्स्याउ+आइ)-भा.ना.। **घिस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; घिसार्नु, घिस्सिने पार्नु । **घिस्स्याउ**-प्रे.धा.। **घिस्स्याइनु**-घिस्स्याउनुको क.क्रि.। **घिस्स्याइ**-भा.प्रे.धा.। **घिस्सिइनु**-घिस्सिनुको भा.क्रि.। **घिस्सिइ**-भा.धा.। **घिस्सिई, घिस्सिएर, घिस्सिन, घिस्सिँदै, घिस्सिउन्जेल, घिस्सिंदाखेरि**-कृ.अ.। **घिस्सिनू**-वि.। **घिस्सिऊन्**-इ.। **घिस्सेला**-स.। (अ.क्रि.-उखु पेल्दापेल्दै काठेकोल घिस्सियो ।)

घुँगुरिनु-क्रि.मू.। **घुँगुरि**-आ.धा.। अ.क्रि.; घुङ्गुरिनु, घुम्रिनु, गुँडुल्किनु, बाटुलो पर्नु । **घुँगुर्‍याइ** (घुँगुरि+आइ); **घुँगुर्‍याहट** (घुँगुरि+आहट), (घुँगुर्‍याउ+आहट)-भा.ना.। **घुँगुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; घुँगुरो पार्नु । **घुँगुर्‍याउ**-प्रे.धा.। **घुँगुर्‍याइनु**-घुँगुर्‍याउनुको क.क्रि.। **घुँगुर्‍याइ**-भा.प्रे.धा.। **घुँगुरिइनु**-घुँगुरिनुको भा.क्रि.। **घुँगुरिइ**-भा.धा.। **घुँगुरिई, घुँगुरिएर, घुँगुरिन, घुँगुरिँदै, घुँगुरिउन्जेल, घुँगुरिंदाखेरि**-कृ.अ.। **घुँगुरिनू**-वि.। **घुँगुरिऊन्**-इ.। **घुँगुरेला**-स.। (अ.क्रि.-थुमाको शरीरको भुत्ला घुँगुरियो ।)

घुँगुर्किनु-क्रि.मू.। **घुँगुर्कि**-आ.धा.। अ.क्रि.; मुन्द्रा पर्नु, घुँगुरो पर्नु । **घुँगुर्क्याइ** (घुँगुर्कि+आइ)-भा.ना.। **घुँगुर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; घुँगुर्किने पार्नु । **घुँगुर्क्याउ**-प्रे.धा.। **घुँगुर्क्याहट** (घुँगुर्क्याउ+आहट)-भा.ना.। **घुँगुर्क्याहा** (घुँगुर्क्याउ+आहा)-विशे.। **घुँगुर्क्याइनु**-घुँगुर्क्याउनुको क.क्रि.। **घुँगुर्क्याइ**-भा.प्रे.धा.। **घुँगुर्किइनु**-घुँगुर्किनुको भा.क्रि.। **घुँगुर्किइ**-भा.धा.। **घुँगुर्किई, घुँगुर्किएर, घुँगुर्किन, घुँगुर्किँदै, घुँगुर्किउन्जेल, घुँगुर्किंदाखेरि**-कृ.अ.। **घुँगुर्किनू**-वि.। **घुँगुर्किऊन्**-इ.। **घुँगुर्केला**-स.। (अ.क्रि.-त्यसको कपाल थुमाको भुत्ला झैं घुगुर्कियो ।)

घुइँकिनु -क्रि.मू.। **घुइँकि**-आ.धा.। अ.क्रि.; हुत्तिनु, वेगसित जानु, हानिनु, बित्नु, काम सजिलैसित बन्नु। **घुइँक्याइ** (घुइँकि+आइ)-भा.ना.। **घुइँक्याउनु**-प्रे.क्रि./स.क्रि.; घुइँकन लाउनु, हुत्त्याउनु । **घुइँक्याउ**-प्रे.धा.। **घुइँक्याइनु**-घुइँक्याउनुको क.क्रि.। **घुइँक्याइ**-भा.प्रे.धा.। **घुइँकिइनु**-घुइँकिनुको भा.क्रि.। **घुइँकिइ**-भा.धा.। **घुइँकिई, घुइँकिएर, घुइँकिन, घुइँकिँदै, घुइँकिउन्जेल, घुइँकिंदाखेरि**-कृ.अ.। **घुइँकिनू**-वि.। **घुइँकिऊन्**-इ.। **घुइँकेला**-स.। (अ.क्रि.-एश्रो विमान बेगसँग घुइँकियो ।)

घुक्नु-क्रि.मू.। **घुक्** -आ.धा.। स.क्रि./अ.क्रि.; भुक्नु, कुकुर कराउनु । **घुकाइ** (घुक्+आइ)-भा.ना.। **घुकाउनु**-प्रे.क्रि./स.क्रि.; भुकाउनु, घुक्ने पार्नु । **घुकाउ**-प्रे.धा.। **घुकाहट** (घुकाउ+आहट)-भा.ना.। **घुकाइनु**- घुकाउनुको क.क्रि.। **घुकाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **घुकिनु**-घुक्नुको क.क्रि./भा.क्रि.। **घुकि**-क.धा./भा.धा.। **घुकी, घुकेर, घुक्न, घुक्दै, घुकुन्जेल, घुक्दाखेरि**-कृ.अ.। **घुक्नू**-वि.। **घुकून्**-इ.। **घुक्ला**-स.। (स.क्रि.-कुकुरले चोरलाई घुक्यो। अ.क्रि.-कुकुर घ्वाँकघ्वाँक घुक्यो ।)

घुङ्गुरिनु-क्रि.मू.। **घुङ्गुरि**-आ.धा.। अ.क्रि.; हे. घुँगुरिनु । **घुङ्गुर्‍याइ** (घुङ्गुरि+आइ)-भा.ना.। **घुङ्गुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; घुँगुर्‍याउनु । **घुङ्गुर्‍याउ**-प्रे.धा.। **घुङ्गुर्‍याहट** (घुङ्गुर्‍याउ+आहट)-भा.ना.। **घुङ्गुर्‍याइनु**-घुङ्गुर्‍याउनुको क.क्रि.। **घुङ्गुर्‍याइ**-भा.प्रे.धा.। **घुङ्गुरिइनु**-घुङ्गुरिनुको भा.क्रि.। **घुङ्गुरिइ**-भा.धा.। **घुङ्गुरिई, घुङ्गुरिएर, घुङ्गुरिन, घुङ्गुरिँदै, घुङ्गुरिउन्जेल, घुङ्गुरिंदाखेरि**-कृ.अ.। **घुङ्गुरिनू**-वि.। **घुङ्गुरिऊन्**-इ.। **घुङ्गुरेला**-स.। (अ.क्रि.-लाहुरेको कपाल घुङ्गुरियो ।)

घुचेट्नु-क्रि.मू.। **घुचेट्** आ.धा.। स.क्रि.; घचेट्नु । **घुचेटाइ** (घुचेट्+आइ)-भा.ना.। **घुचेटाउनु** प्रे.क्रि./स.क्रि.; घचेटाउनु । **घुचेटाउ** -प्रे.धा.। **घुचेटाइनु**-घुचेटाउनुको क.क्रि.। **घुचेटाउ**-क.प्रे.धा.। **घुचेटिनु**-घुचेट्नुको क.क्रि.। **घुचेटि**-क.धा.। **घुचेटी, घुचेटेर, घुचेट्न, घुचेट्दै, घुचेटुन्जेल, घुचेट्दाखेरि**-कृ.अ.।

घुचेट्नू-वि.। **घुचेट्नून्**-इ.। **घुचेट्ला**-स.। (स.क्रि.-निशाले बहिनीलाई भऱ्याङबाट घुचेटी ।)

घुच्च्याउनु-क्रि.मू.। **घुच्च्याउ**-आ.धा.। स.क्रि., घुस्सा हान्नु, घुच्ची दिनु । **घुच्च्याइ** (घुच्च्याउ+आइ), **घुच्च्याहट** (घुच्च्याउ+आहट)-भा.ना.। **घुच्च्याइनु** - घुच्च्याउनुको क.क्रि.। **घुच्च्याइ**-क.धा.। **घुच्च्याई, घुच्च्याएर, घुच्च्याउन, घुच्च्याउँदै, घुच्च्याउन्जेल, घुच्च्याउँदाखेरि**-कृ.अ.। **घुच्च्याउनू**-वि.। **घुच्च्याऊन्**-इ.। **घुच्च्याउला**-स.। (स.क्रि.-भक्तबहादुर गुरुङले मीनबहादुर गुरुङलाई घुच्च्यायो ।)

घुट्क्याउनु-क्रि.मू.। **घुट्क्याउ**-आ.धा.। स.क्रि., तरल पदार्थ पिउनु, घुटुक्क निल्नु । **घुट्क्याइ** (घुट्क्याउ+आइ), **घुट्क्याहट** (घुट्क्याउ+आहट)-भा.ना.। **घुट्क्याइनु**-घुट्क्याउनुको क.क्रि.। **घुट्क्याइ**-क.धा.। **घुट्क्याई, घुट्क्याएर, घुट्क्याउन, घुट्क्याउँदै, घुट्क्याउन्जेल, घुट्क्याउँदाखेरि**-कृ.अ.। **घुट्क्याउनू**-वि.। **घुट्क्याऊन्**-इ.। **घुट्क्याउला**-स.। (स.क्रि.-हरिले होटलमा बसेर चिया घुट्क्यायो ।)

घुड्क्याउनु-क्रि.मू.। **घुड्क्याउ**-आ.धा.। स.क्रि.; हे. घुट्क्याउनु । (स.क्रि. - विदेशीले सपेटो तानेको देख्ता गोरे दमाईंले थुक घुड्क्यायो ।)

घुनघुनाउनु-क्रि.मू.। **घुनघुनाउ**-आ.धा.। अ.क्रि.; घुनघुन आवाज निस्कनु, भुनभुनाउनु, भमरा, मौरी आदि उड्दा घुनुनु आवाज आउनु । **घुनघुनाइ** (घुनघुनाउ+आइ); **घुनघुनाहट** (घुनघुनाउ+आहट)-भा.ना.। **घुनघुनाइनु**-घुनघुनाउनुको भा.क्रि.। **घुनघुनाइ**-भा.धा.। **घुनघुनाई, घुनघुनाएर, घुनघुनाउन, घुनघुनाउँदै, घुनघुनाउन्जेल, घुनघुनाउँदाखेरि**-कृ.अ.। **घुनघुनाउनू**-वि.। **घुनघुनाऊन्**-इ.। **घुनघुनाउला**-स.। (अ.क्रि.-रातभर रोदीमा मादल घुनघुनायो ।)

घुम्नु-क्रि.मू.। **घुम्**-आ.धा.। अ.क्रि.; परिक्रमा गर्नु, चक्कर खानु, टहल्नु, रिङ्नु । **घुमाइ** (घुम्+आइ), **घुमौटो** (घुम्+औटो)-भा.ना.। **घुमाउरो** (घुम्+आउरो), **घुमुवा** (घुम्+उवा), **घुमौरो** (घुम्+औरो)-विशे.। **घुमाउनु**-प्रे.क्रि./स.क्रि.; घुम्ने काम गराउनु, डुलाउनु । **घुमाउ**-प्रे.धा.। **घुमाइनु**-घुमाउनुको क.क्रि.। **घुमाइ**-भा.प्रे.धा.। **घुमिनु**-घुम्नुको भा.क्रि.; डुल्ने काम गरिनु । **घुमि**-भा.धा.। **घुमी, घुमेर, घुम्न, घुम्दै, घुमुन्जेल, घुम्दाखेरि**-कृ.अ.। **घुम्नू**-वि.। **घुमून्**-इ.। **घुम्ला**-स.। (अ.क्रि.-तीर्थयात्री मन्दिरको वरिपरि घुम्यो ।)

घुम्रिनु-क्रि.मू.। **घुम्रि** -आ.धा.। अ.क्रि.; मुन्द्रा पर्नु, घुँगुरिनु । **घुम्र्याइ** (घुमि+आइ)-भा.ना.। **घुम्रे** (घुम्रि+ए)-विशे.। **घुम्र्याउनु**-प्रे.क्रि./स.क्रि.; घुँगुऱ्याउनु । **घुम्र्याउ**-प्रे.धा.। **घुम्र्याहट** (घुम्र्याउ+आहट)-भा.ना.। **घुम्र्याइनु**-घुम्र्याउनुको क.क्रि.। **घुम्र्याइ** -भा.प्रे.धा.। **घुम्रिइनु** -घुम्रिनुको भा.क्रि.। **घुम्रिइ**-भा.धा.। **घुम्रिई, घुम्रिएर, घुम्रिन, घुम्रिँदै, घुम्रिउन्जेल, घुम्रिँदाखेरि**-कृ.अ.। **घुम्रिनू**-वि.। **घुम्रिऊन्**-इ.। **घुम्रेला**-स.। (अ.क्रि.-उषाको केश घुम्रियो ।)

घुरघुराउनु-क्रि.मू.। **घुरघुराउ**-आ.धा.। स.क्रि.; भुरुङ घुराउनु, घुरघुर गर्नु । अ.क्रि.; घुर्नु (निद्रामा, मही पार्दा, ढुकुरकराउँदा आदि) । **घुरघुराइ** (घुरघुराउ+आइ), **घुरघुराहट** (घुरघुराउ+आहट)-भा.ना.। **घुरघुराइनु**-घुरघुराउनुको क.क्रि./भा.क्रि.। **घुरघुराइ**-क.धा./भा.धा.। **घुरघुराई, घुरघुराएर, घुरघुराउन, घुरघुराउँदै, घुरघुराउन्जेल, घुरघुराउँदाखेरि**-कृ.अ.। **घुरघुराउनू**-वि.। **घुरघुराऊन्** -इ.। **घुरघुराउला**-स.। (स.क्रि.-शंकरले भुरुङ घुरघुरायो । अ.क्रि.-रूखको डालीमा बसेर ढुकुर घुरघुरायो ।)

घुर्क्याउनु-क्रि.मू.। **घुर्क्याउ**-आ.धा.। स.क्रि.; घुर्की लाउनु, दहऱ्याउनु, उल्टो रिस देखाउनु । **घुर्क्याइ** (घुर्क्याउ+आइ); **घुर्क्याहट** (घुर्क्याउ+आहट)-भा.ना.। **घुर्क्याइनु**-घुर्क्याउनुको क.क्रि.। **घुर्क्याइ**-क.धा.। **घुर्क्याई, घुर्क्याएर, घुर्क्याउन, घुर्क्याउँदै, घुर्क्याउन्जेल, घुर्क्याउँदाखेरि**-कृ.अ.। **घुर्क्याउनू** -वि.। **घुर्क्याऊन्**-इ.। **घुर्क्याउला**-स.। (स.क्रि.-ताकुले कामीले सुनेदी पण्डितलाई घुर्क्यायो ।)

घुर्नु-क्रि.मू.। **घुर्**-आ.धा.। अ.क्रि.; निदाएको समयमा सासले घुर घुर गरेर नाक बज्नु; परेवा, ढुकुर आदिले घुरघुर आवाज गर्नु । स.क्रि.; नराम्ररी हेर्नु । **घुराइ** (घुर्+आइ)-भा.ना.। **घुराउनु**- प्रे.क्रि./स.क्रि.; घुर्न लाउनु । **घुराउ**-प्रे.धा.। **घुराइनु** -घुराउनुको क.क्रि.। **घुराइ**-भा.प्रे.धा./क.प्रे.धा.। **घुरिनु**-घुर्नुको भा.क्रि./क.क्रि.। **घुरि**-भा.धा./क.धा.। **घुरी, घुरेर, घुर्न, घुर्दै, घुरुन्जेल, घुर्दाखेरि**-कृ.अ.। **घुर्नू**-वि.। **घुरून्**-इ.। **घुर्ला**-स.। (अ.क्रि.-माक माकुर कुर गर्दै परेवाका जोडी घुरे । नोकर ओक्ष्यानमा पल्टनासाथ घुऱ्यो । स.क्रि.-गुरुले बदमाश विद्यार्थीलाई नराम्ररी घुरे ।)

घुसमुन्टिनु-क्रि.मू.। **घुसमुन्टि**-आ.धा.। अ.क्रि.; घोप्टिने गरी लड्नु, भूँइमा मुख जोतिने गरी पछारिनु,

उभिन्डिनु । **घुसमुन्ट्याइ** (घुसमुन्टि+आइ)-भा.ना.। **घुसमुन्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; घुसमुन्टिन लाउनु, भूँइमा मुख जोतिने गरी पछार्नु । **घुसमुन्ट्याउ**-प्रे.धा.। **घुसमुन्ट्याइनु**-घुसमुन्ट्याउनुको क.क्रि.। **घुसमुन्ट्याइ**-भा.प्रे.धा.। **घुसमुन्टिइनु**-घुसमुन्टिनुको भा.क्रि.। **घुसमुन्टिइ**-भा.धा.। **घुसमुन्टिई, घुसमुन्टिएर, घुसमुन्टिन, घुसमुन्टिँदै, घुसमुन्टिउन्जेल, घुसमुन्टिंदाखेरि**-कृ.अ.। **घुसमुन्टिनू**-वि.। **घुसमुन्टिऊन्**-इ.। **घुसमुन्टेला**-स.। (अ.क्रि.-सित्तिको रक्सी धोकेकोले कृष्णवहादुर भण्डारी नालीमा घुसमुन्टियो ।)

घुसार्नु-क्रि.मू.। **घुसार्**-आ.धा.। स.क्रि.; छिराउनु, पसाउनु, सिउरनु, खाँदिर हाल्नु । **घुसराइ** (घुसार्+आइ)-भा.ना.। **घुसारिनु**-घुसार्नुको क.क्रि.। **घुसारि**-क.धा.। **घुसारी, घुसारेर, घुसार्न, घुसार्दै, घुसारुन्जेल, घुसार्दाखेरि**-कृ.अ.। **घुसार्नू**-वि.। **घुसारून्**-इ.। **घुसार्ला**-स.। (स.क्रि.-मैले कठाङ्ग्रिएका आफ्ना हातलाई काखीमुनि घुसारें ।)

घुस्नु-क्रि.मू.। **घुस्**-आ.धा.। अ.क्रि.; छिर्नु, पस्नु, घुस्रनु, प्रवेश गर्नु, बीचवाट पस्नु । **घुसाइ** (घुस्+आइ)-भा.ना.। **घुसाउनु**-प्रे.क्रि./स.क्रि.; घुस्न लाउनु, घुसार्नु । **घुसाउ**-प्रे.धा.। **घुसाइनु**-घुसाउनुको क.क्रि.। **घुसाइ**-भा.प्रे.धा.। **घुसिनु**-घुस्नुको भा.क्रि.। **घुसि**-भा.धा.। **घुसी, घुसेर, घुस्न, घुस्दै, घुसुन्जेल, घुस्दाखेरि**-कृ.अ.। **घुस्नू**-वि.। **घुसून्**-इ.। **घुस्ला**-स.। (अ.क्रि. - सर्प दुलोभित्र घुस्यो । ती कथाकारका गफमा थाहानै नपाई अतिसयोक्तिहरू घुसे ।)

घुस्रनु-क्रि.मू.। **घुस्र**-आ.धा.। अ.क्रि.; घुस्नु, पस्रिनु, सहायता लिनु, बीचमा पस्नु । **घुस्राइ** (घुस्र+आइ)-भा.ना.। **घुस्रिनु**-घुस्रनुको भा.क्रि.। **घुस्रि**-भा.धा.। **घुस्री, घुस्रेर, घुस्रन, घुस्रँदै, घुस्रुन्जेल, घुस्रँदाखेरि**-कृ.अ.। **घुस्रनू**-वि.। **घुस्रून्**-इ.। **घुस्रला**-स.। (अ.क्रि.-हाकुचा शरम नमानी तेलथाप्नेको हारमा घुस्र्यो ।)

घुस्रिनु-क्रि.मू.। **घुस्रि**-आ.धा.। अ.क्रि.; हे. घुस्रनु । **घुस्र्याइ** (घुस्रि+आइ)-भा.ना.। **घुस्र्याउनु**-प्रे.क्रि./स.क्रि.; घुस्रिन लाउनु, घुस्रिने पार्नु । **घुस्र्याउ**-प्रे.धा.। **घुस्र्याइनु**-घुस्र्याउनुको क.क्रि.। **घुस्र्याइ**-भा.प्रे.धा.। **घुस्रिइनु**-घुस्रिनुको भा.क्रि.। **घुस्रिइ**-भा.धा.। **घुस्रिई, घुस्रिएर, घुस्रिन, घुस्रिँदै, घुस्रिउन्जेल, घुस्रिंदाखेरि**-कृ.अ.। **घुस्रिनू**-वि.। **घुस्रिऊन्**-इ.। **घुस्रेला**-स.। (अ.क्रि.-बाँदरको छाउरो माउको काखमा घुस्रियो ।)

घुस्सिनु-क्रि.मू.। **घुस्सि**-आ.धा.। अ.क्रि.; ठुस्सिन खुन्सिनु, रिसले घुस्स पर्नु । **घुस्स्याइ** (घुस्सि+आइ)-भा.ना.। **घुस्सिइनु**-घुस्सिनुको भा.क्रि.। **घुस्सिइ**-भा.धा **घुस्सिई, घुस्सिएर, घुस्सिन, घुस्सिंदै, घुस्सिउन्जेल घुस्सिंदाखेरि**-कृ.अ.। **घुस्सिनू**-वि.। **घुस्सिऊन्**-इ **घुस्सेला**-स.। (अ.क्रि.-विना पहिचान अदलीबदली गरि पार्टीका इमानी कर्मीहरू भित्रभित्रै घुस्सिए ।)

घुस्स्याउनु-क्रि.मू.। **घुस्स्याउ** -आ.धा.। स.क्रि.; घुस्स मार्नु, मुड्क्याउनु । **घुस्स्याहट** (घुस्स्याउ+आहट) **घुस्स्याइ** (घुस्स्याउ+आइ)-भा.ना.। **घुस्स्याइनु**-घुस्स्याउनुको क.क्रि.। **घुस्स्याइ**-क.धा.। **घुस्स्याइ घुस्स्याएर, घुस्स्याउन, घुस्स्याउँदै, घुस्स्याउन्जेल घुस्स्याउँदाखेरि**-कृ.अ.। **घुस्याउनू**-वि.। **घुस्स्याऊन्**-इ. **घुस्स्याउला**-स.। (स.क्रि.-इमानी नोकरले बेइमान मालिकलाई घुस्स्यायो ।)

घेर्नु-क्रि.मू.। **घेर्**-आ.धा.। स.क्रि.; बार्नु, छेक्नु, घेरा पार्नु । **घेराइ** (घेर्+आइ), **घेरादार** (घेराउ+दार)-भा.ना.। **घेराउनु**-प्रे.क्रि./स.क्रि.; घेर्न लाउनु । **घेराउ**-प्रे.धा.। **घेराइनु**-घेराउनुको क.क्रि.। **घेराइ**-क.प्रे.धा **घेरिनु**-घेर्नुको क.क्रि.। **घेरि**-क.धा.। **घेरी, घेरेर, घेर्न, घेर्दै,, घेरुन्जेल, घेर्दाखेरि**-कृ.अ.। **घेर्नू**-वि.। **घेरून्**- इ. **घेर्ला**-स.। (स.क्रि.-भञ्ज्याङी मालिकले सिंगमरमरक पर्खाल लगाएर भवन घेर्‍यो ।)

घोक्नु-क्रि.मू.। **घोक्**-आ.धा.। स.क्रि.; आउँदो गर्नु, घरि- घरि दोहोर्‍याएर भन्नु, रट्नु । **घोकाइ** (घोक्+आइ)-भा.ना.। **घोकन्ते** (घोक्+अन्ते)-विशे.। **घोकाउनु**-प्रे.क्रि./स.क्रि.; घोक्न लाउनु, रटाउनु । **घोकाउ**-प्रे.धा **घोकाइनु**-घोकाउनुको क.क्रि.। **घोकाइ**-क.प्रे.धा **घोकिनु**-घोक्नुको क.क्रि.। **घोकि**-क.धा.। **घोकी, घोकेर, घोक्न, घोक्तै, घोकुन्जेल, घोक्दाखेरि**-कृ.अ.। **घोक्नू**-वि.। **घोकून्**-इ.। **घोक्ला**-स.। (स.क्रि.-विद्यार्थीले आफ्नो पाठ घोक्यो ।)

घोक्रिनु-क्रि.मू.। **घोक्रि**-आ.धा.। अ.क्रि.; छिप्पिएर जाल पस्नु, घोक्रो जस्तो समरो हुनु, गलहत्तिनु, धकेलिनु **घोक्र्याइ** (घोक्रि+आइ)-भा.ना.। **घोक्र्याउनु**-प्रे.क्रि./ स.क्रि.; घोक्रिने पार्नु, गर्दन्याउनु, घोक्रामा समाते हुत्त्याउनु । **घोक्र्याउ**- प्रे.धा.। **घोक्र्याइनु**-घोक्र्याउनुक क.क्रि.। **घोक्र्याइ**-भा.प्रे.धा.। **घोक्रिइनु**- घोक्रिनुक भा.क्रि.। **घोक्रिइ**-भा.धा.। **घोक्रिई, घोक्रिएर, घोक्रिन, घोक्रिँदै, घोक्रिउन्जेल, घोक्रिंदाखेरि**-कृ.अ.। **घोक्रिनू**-वि

घोक्रिऊन्-इ.। **घोक्रेला**-स.। अ.क्रि.-सच्चा मूल्याङ्कन नहुँदा सोझो र अनुशासित कार्यकर्ता घोक्रियो । चाँडै नटिप्ता घिरौला थाँक्रोभरि घोक्रिए ।)

घोच्नु-क्रि.मू.। **घोच्**-आ.धा.। स.क्रि.; गोभ्नु, रोप्नु, घोच्नु, बिझ्ने गरी भन्नु, अर्ती-उपदेश दिनु । **घोचाइ** (घोच्+आइ)-भा.ना.। **घोचाउनु**-प्रे.क्रि./स.क्रि.; घोच्न लाउनु, घोपाउनु । **घोचाउ**-प्रे.धा.। **घोचाइनु**-घोचाउनुको क.क्रि.। **घोचाइ**-क.प्रे.धा.। **घोचिनु**-घोच्नुको क.क्रि.। **घोचि**-क.धा.। **घोची, घोचेर, घोच्न, घोच्दै, घोचुन्जेल, घोच्दाखेरि**-कृ.अ.। **घोच्नू**-वि.। **घोचून्**-इ.। **घोच्ला**-स.। (स.क्रि. - टाँक लगाउँदा सियोले हात घोच्यो ।)

घोट्नु-क्रि.मू.। **घोट्**-आ.धा.। स.क्रि.; काममा जोत्नु, रगेड्नु, पिँध्नु । **घोटाइ** (घोट्+आइ)-भा.ना.। **घोटाउनु**-प्रे.क्रि./स.क्रि.; घोट्न लाउनु, रगेडाउनु । **घोटाउ**-प्रे.धा.। **घोटाइनु**-घोटाउनुको क.क्रि.। **घोटाइ**-क.प्रे.धा.। **घोटिनु**-घोट्नुको क.क्रि.। **घोटि**-क.धा.। **घोटी, घोटेर, घोट्न, घोट्तै, घोटुन्जेल, घोट्दाखेरि**-कृ.अ.। **घोट्नू**-वि.। **घोटून्**-इ.। **घोट्ला**-स.। (स.क्रि.-सुनारले कसीमा सुन घोट्यो ।)

घोटिनु-क्रि.मू.। **घोटि-आ.धा.।** अ.क्रि.; काममा जोतिनु, कार्य सिद्ध गर्न वा नयाँ सीप सिक्न खूब लागि पर्नु । **घोट्याइ** (घोटि+आइ)-भा.ना.। **घोट्याउनु**-प्रे.क्रि./स.क्रि.; घोटिने पार्नु । **घोट्याउ**-प्रे.धा.। **घोट्याइनु**-घोट्याउनुको क.क्रि.। **घोट्याइ**-भा.प्रे.धा.। **घोटिइनु**-घोटिनुको भा.क्रि.। **घोटिइ**-भा.धा.। **घोटिई, घोटिएर, घोटिन, घोटिँदै, घोटिउन्जेल, घोटिंदाखेरि**-कृ.अ.। **घोटिनू**-वि.। **घोटिऊन्**-इ.। **घोटेला**-स.। (अ.क्रि.-तिनीहरू कम्प्यूटर सिक्नमा खूब घोटिए ।)

घोत्लिनु-क्रि.मू.। **घोत्लि**-आ.धा.। अ.क्रि.; पीर परेका बखत झोक्राएर बस्नु, घोरिनु, गहिरो सोचमा पर्नु । **घोत्ल्याइ** (घोत्लि+आइ), **घोत्ल्याइँ** (घोत्लि+आइँ)-भा.ना.। **घोत्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; घोत्लिन लाउनु । **घोत्ल्याउ**-प्रे.धा.। **घोत्ल्याहट** (घोत्ल्याउ+आहट)-भा.ना.। **घोत्ल्याइनु**-घोत्ल्याउनुको क.क्रि.। **घोत्ल्याइ**-भा.प्रे.धा.। **घोत्लिइनु**-घोत्लिनुको भा.क्रि.। **घोत्लिइ**-भा.धा.। **घोत्लिई, घोत्लिएर, घोत्लिन, घोत्लिँदै, घोत्लिउन्जेल, घोत्लिंदाखेरि**-कृ.अ.। **घोत्लिनू**- वि.। **घोत्लिऊन्**-इ.। **घोत्लेला**-स.। (अ.क्रि.-मोन्तेग एउटा रूखो दार्शनिक झैं कहिल्यै घोत्लेनन् ।)

घोप्टनु-क्रि.मू.। **घोप्ट**-आ.धा.। अ.क्रि.; घोप्टो पर्नु, पस्रनु, घोप्टिनु । **घोप्टाइ** (घोप्ट+आइ)-भा.ना.। **घोप्टाउनु**-प्रे.क्रि./स.क्रि.; **घोप्ट्याउनु** । **घोप्टाउ**-प्रे.धा.। **घोप्टाइनु**-घोप्टाउनुको क.क्रि.। **घोप्टाइ** -भा.प्रे.धा.। **घोप्टिनु**-घोप्टनुको भा.क्रि.। **घोप्टि**- भा.धा.। **घोप्टी, घोप्टेर, घोप्टन, घोपटँदै, घोप्टुन्जेल, घोप्टँदाखेरि**-कृ.अ.। **घोप्टनू**-वि.। **घोप्टून्**-इ.। **घोप्टला**-स.। (अ.क्रि.-दूधको गबुवा घ्वाप्लाक्क घोप्ट्यो ।)

घोप्टिनु-क्रि.मू.। **घोप्टि** -आ.धा.। अ.क्रि.; शरण मागी पस्रनु, उभिन्डिनु, घोप्टो पर्नु । **घोप्ट्याइ** (घोप्टि+आइ)-भा.ना.। **घोप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; घोप्टिने पार्नु । **घोप्ट्याउ**-प्रे.धा.। **घोप्ट्याइनु**-घोप्ट्याउनुको क.क्रि.। **घोप्ट्याइ**-भा.प्रे.धा.। **घोप्टिइनु**- घोप्टिनुको भा.क्रि.। **घोप्टिइ**-भा.धा.। **घोप्टिई, घोप्टिएर, घोप्टिन, घोप्टिंदै, घोप्टिउन्जेल, घोप्टिंदाखेरि**-कृ.अ.। **घोप्टिनू**-वि.। **घोप्टिऊन्**-इ.। **घोप्टेला**-स.। (अ.क्रि. - दूधको भदालो घोप्टियो ।)

घोप्नु-क्रि.मू.। **घोप्**-आ.धा.। स.क्रि.; खोप्नु, घोच्नु, रोप्नु । **घोपाइ** (घोप्+आइ)-भा.ना.। **घोपाउनु**-प्रे.क्रि./स.क्रि.; घोप्न लाउनु । **घोपाउ**-प्रे.धा.। **घोपाइनु**-घोपाउनुको क.क्रि.। **घोपाइ**-क.प्रे.धा.। **घोपिनु**-घोप्नुको क.क्रि.। **घोपि**-क.धा.। **घोपी, घोपेर, घोप्न, घोप्तै, घोपुन्जेल, घोप्दाखेरि**-कृ.अ.। **घोप्नू**-वि.। **घोपून्**-इ.। **घोप्ला**-स.। (स.क्रि.-साउने पानीको गैरामा भाटा काट्ता जङ्गली काँडाले जिउभरि घोप्यो ।)

घोरिनु-क्रि.मू.। **घोरि**-आ.धा.। अ.क्रि.; घोत्लिनु, गम्नु, गहिरिएर विचार गर्नु । **घोर्‍याइ** (घोरि+आइ) - भा.ना.। **घोर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; घोरिन लाउनु । **घोर्‍याउ**-भा.प्रे.धा.। **घोर्‍याइनु**-घोर्‍याउनुको क.क्रि.। **घोर्‍याइ** -भा.प्रे.धा.। **घोरिइनु**-घोरिनुको भा.क्रि.। **घोरिइ**-भा.धा.। **घोरिई, घोरिएर, घोरिन, घोरिँदै, घोरिउन्जेल, घोरिंदाखेरि**-कृ.अ.। **घोरिनू**-वि.। **घोरिऊन्**-इ.। **घोरेला**-स.। (अ.क्रि.-सातदोबाटोमा पुगेपछि विदेशी-पर्यटक एकछिन घोरियो ।)

घोल्नु-क्रि.मू.। **घोल्**-आ.धा.। स.क्रि.; रयाल्नु, हुँडल्नु, फिट्नु, घालघुल पार्नु । **घोलाइ** (घोल्+आइ)-भा.ना.। **घोलाउनु**-प्रे.क्रि./स.क्रि.; घोल्न लाउनु । **घोलाउ** -प्रे.धा.। **घोलाइनु**-घोलाउनुको क.क्रि.। **घोलाइ**-क.प्रे.धा.। **घोलिनु**-घोल्नुको क.क्रि.। **घोलि**-क.धा.। **घोली, घोलेर, घोल्न, घोल्दै, घोलुन्जेल, घोल्दाखेरि**-कृ.अ.। **घोल्नू**-वि.। **घोलून्**-इ.। **घोल्ला**-स.। (स.क्रि.-ठूलाघरकी आमाले नून-चिनी-पानी घोलिन् ।)

घोस्सिनु-क्रि.मू.। **घोस्सि**-आ.धा.। अ.क्रि.; रिसाएर मुन्टो निहुराई बस्नु, घोसे हुनु, ठुस्सिनु । **घोस्स्यांइ** (घोस्सि+आइ)-भा.ना.। **घोस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; घोस्सिन लाउनु । **घोस्स्याउ**-प्रे.धा.। **घोस्स्याइनु**-घोस्स्याउनुको क.क्रि.। **घोस्स्याइ**-भा.प्रे.धा.। **घोस्सिइनु**-घोस्सिनुको-भा.क्रि.। **घोस्सिइ**-भा.धा.। **घोस्सिई, घोस्सिएर, घोस्सिन, घोस्सिँदै, घोस्सिउन्जेल, घोस्सिँदाखेरि**-कृ.अ.। **घोस्सिनू**-वि.। **घोस्सिऊन्**-इ.। **घोस्सेला**-स.। (अ.क्रि.; समयमा खाजा नआइपुग्दा खेतमा काम गर्ने खेतलाहरू घोस्सिए ।)

घ्याँक्नु-क्रि.मू.। **घ्याँक्**-आ.धा.। स.क्रि.; ङ्याक्नु, थिच् दबाउनु । **घ्यँकाइ** (घ्याँक्+आइ)-भा.ना.। **घ्यँकाउन्** प्रे.क्रि./स.क्रि.; घ्याँक्न लाउनु । **घ्यँकाउ**-प्रे.धा.। **घ्यँकाइनु**-घ्यँकाउनुको क.क्रि.। **घ्यँकाइ**-क.प्रे.धा **घ्याँकिनु**-घ्याँक्नुको क.क्रि.। **घ्याँकि**-क.धा.। **घ्याँकी, घ्याँकेर, घ्याँक्न, घ्याँक्तै, घ्याँकुन्जेल, घ्याँक्दाखेरि**-कृ.अ.। **घ्याँक्नू**-वि.। **घ्याँकून्**-इ.। **घ्याँक्ला**-स.। (स.क्रि.-क्रुर शासनले एकसय चवालिस वर्षसम्म नेपाल जनतालाई लगातार घ्याँक्यो ।)

ङ

ङिच्चिनु-क्रि.मू.। **ङिच्चि**-आ.धा.। अ.क्रि.; ङिस्सिनु, हिस्सिनु, जिल्ल पर्नु, निराश हुनु । **ङिच्च्याइ** (ङिच्चि+आइ)-भा.ना.। **ङिच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; ङिच्च पार्नु । **ङिच्च्याउ**-प्रे.धा.। **ङिच्च्याइनु**-ङिच्च्याउनुको क.क्रि.। **ङिच्च्याइ**-भा.प्रे.धा.। **ङिच्चिइनु**-ङिच्चिनुको भा.क्रि.। **ङिच्चिइ**-भा.धा.। **ङिच्चिई, ङिच्चिएर, ङिच्चिन, ङिच्चिँदै, ङिच्चिउन्जेल, ङिच्चिँदाखेरि**-कृ.अ.। **ङिच्चिनू**-वि.। **ङिच्चिऊन्**-इ.। **ङिच्चेला**-स.। (अ.क्रि.-समयमै 'नेपाली व्याकरणपरक शब्दकोश' निकाल्न नसक्दा म ङिच्चिएँ ।)

ङिस्सिनु-क्रि.मू.। **ङिस्सि**-आ.धा.। अ.क्रि.; हे. ङिच्चिनु । **ङिस्स्याइ** (ङिस्सि+आइ)-भा.ना.। **ङिस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; ङिस्स पार्नु, जिल्ल्याउनु । **ङिस्स्याउ**-प्रे.धा.। **ङिस्स्याइनु**-ङिस्स्याउनुको क.क्रि.। **ङिस्स्याइ** -भा.प्रे.धा.। **ङिस्सिइनु**-ङिस्सिनुको भा.क्रि.। **ङिस्सिइ**-भा.धा.। **ङिस्सिई, ङिस्सिएर, ङिस्सिन, ङिस्सिँदै, ङिस्सिउन्जेल, ङिस्सिँदाखेरि**-कृ.अ.। **ङिस्सिनू**-वि.। **ङिस्सिऊन्**-इ.। **ङिस्सेला**-स.। (अ.क्रि.-अल्छी विद्यार्थी परीक्षामा असफल हुँदा ङिस्सियो ।)

ङ्याक्नु-क्रि.मू.। **ङ्याक्**-आ.धा.। स.क्रि.; गर्दन अँठ्याए थिच्नु, घ्याँक्नु, ङ्याच्नु, दबाउनु । **ङ्यकाइ** (ङ्याक्+आइ)-भा.ना.। **ङ्यकाउनु**-प्रे.क्रि./स.क्रि.; ङ्याक्न लाउनु । **ङ्यकाउ**- प्रे.धा.। **ङ्यकाइनु**-ङ्यकाउनुको क. क्रि.। **ङ्यकाइ**-क.प्रे.धा.। **ङ्याकिनु**-ङ्याक्नुको क.क्रि.। **ङ्याकि**-क.धा.। **ङ्याकी, ङ्याकेर, ङ्याक्न, ङ्याक्तै, ङ्याकुन्जेल, ङ्याक्दाखेरि**-कृ.अ.। **ङ्याक्नू**-वि.। **ङ्याकून्**-इ.। **ङ्याक्ला**-स.। (स.क्रि.-श्यामले भाइलाई ङ्याक्यो ।)

ङ्याच्नु-क्रि.मू.। **ङ्याच्**-आ.धा.। स.क्रि.; हे. ङ्याक्नु। **ङ्यचाइ** (ङ्याच्+आइ)-भा.ना.। **ङ्यचाउनु**-प्रे.क्रि./स.क्रि.; ङ्याच्न लाउनु । **ङ्यचाउ**-प्रे.धा.। **ङ्यचाइनु**-ङ्यचाउनुको क.क्रि.। **ङ्यचाइ**-क.प्रे.धा.। **ङ्याचिनु**-ङ्याच्नुको क.क्रि.। **ङ्याचि**-क.धा.। **ङ्याची, ङ्याचेर, ङ्याच्न, ङ्याच्तै, ङ्याचुन्जेल, ङ्याच्दाखेरि**-कृ.अ.। **ङ्याच्नू**-वि.। **ङ्याचून्**-इ.। **ङ्याच्ला**-स.। (स.क्रि.-पंचायतले जनतालाई ङ्याच्यो ।)

च

चकचकाउनु-क्रि.मू./स.क्रि.; **चकचकाउ**-आ.धा.। अ.क्रि.; चकचक गर्ने स्वभावको हुनु । **चकचकाइ** (चकचकाउ+आइ)-भा.ना.। **चकचकाइनु**-चकचकाउनुको भा.क्रि.। **चकचकाइ** -भा.धा.। **चकचकाई, चकचकाएर, चकचकाउन, चकचकाउँदै, चकचकाउन्जेल, चकचकाउँदाखेरि**-कृ.अ.। **चकचकाउनू**-वि.। **चकचकाऊन्**-इ.। **चकचकाउला**-स.। (अ.क्रि.-बालक चकचकायो ।)

चक्कराउनु-क्रि.मू.। **चक्कराउ**-आ.धा.। अ.क्रि.; भर्मनाउनु, जताततै घुम्नु । **चक्कराइ** (चक्कराउ+आइ)-भा.ना.। **चक्कराइनु**-चक्कराउनुको भा.क्रि.। **चक्कराइ**-भा.धा.। **चक्कराई, चक्कराएर, चक्कराउन, चक्कराउँदै, चक्कराउन्जेल, चक्कराउँदाखेरि**-कृ.अ.। **चक्कराउनू**-वि.। **चक्कराऊन्**-इ.। **चक्कराउला**-स.। (अ.क्रि.-भ्याउरो झैं खेदिंदा ईश्वरी चक्करायो ।)

चकार्नु-क्रि.मू.। **चकार्**-आ.धा.। स.क्रि.; चकारीका अश्लील शब्द निकाली मनपरी गाली गर्नु । **चकरा**

(चकार्+आइ)-भा.ना.। **चकारिनु**-चकार्नुको क.क्रि.। **चकारि**-क.धा.। **चकारी, चकारेर, चकार्न, चकार्दै, चकारुन्जेल, चकार्दाखेरि**-कृ.अ.। **चकार्नू**-वि.। **चकारून्**-इ.। **चकार्ला**-स.। (स.क्रि.-दलिएको गरीबले शोषकलाई सकुन्जेल, चकाऱ्यो ।)

चटपटाउनु-क्रि.मू.। **चटपटाउ**-आ.धा.। अ.क्रि.; हतार गर्न खोज्नु, हुर्दुराउनु, छटपटाउनु । **चटपटाइ** (चटपटाउ+आइ)-भा.ना.। **चटपटाइनु** -चटपटाउनुको भा.क्रि.। **चटपटाइ** -भा.धा.। **चटपटाई, चटपटाएर, चटपटाउन, चटपटाउँदै, चटपटाउन्जेल, चटपटाउँदाखेरि**-कृ.अ.। **चटपटाउनू**-वि.। **चटपटाऊन्**-इ.। **चटपटाउला**-स.। (अ.क्रि.-गाईवस्तु किलामा चटपटाए ।)

चटपटिनु-क्रि.मू.। **चटपटि**-आ.धा.। अ.क्रि.; हे. चटपटाउनु । **चटपट्याइ** (चटपटि+आइ)-भा.ना.। **चटपट्याउनु**-चटपटिने पार्नु । **चटपट्याउ**-प्रे.धा.। **चटपट्याइनु**-चटपट्याउनुको क.क्रि.। **चटपट्याइ**-भा.प्रे.धा.। **चटपटिइनु**-चटपटिनुको भा.क्रि.। **चटपटिइ**-भा.धा.। **चटपटिई, चटपटिएर, चटपटिन, चटपटिँदै, चटपटिउन्जेल, चटपटिंदाखेरि**-कृ.अ.। **चटपटिनू**- वि.। **चटपटिऊन्**-इ.। **चटपटेला**-स.। (अ.क्रि.-भोकाएका भेडाबाख्रा खोरमा चटपटाए ।)

चटारिनु-क्रि.मू.। **चटारि**-आ.धा.। अ.क्रि.; हतारिनु, छटपटिनु, हतपताउनु, चटारो पर्नु । **चटऱ्याइँ** (चटारि+आइँ)-भा.ना.। **चटारिइनु**-चटारिनुको भा.क्रि.। **चटारिइ**-भा.धा.। **चटारिई, चटारिएर, चटारिन, चटारिँदै, चटारिउन्जेल, चटारिंदाखेरि**-कृ.अ.। **चटारिनू**-वि.। **चटारिऊन्**-इ.। **चटारेला**-स.। (अ.क्रि.-पन्द्र-आषाढका किसानहरू काममा चटारिए ।)

चड्कनु-क्रि.मू.। **चड्क** -आ.धा.। अ.क्रि.;, कड्किनु, रन्केर बोल्नु, चट्याङ पर्नु, बज्रपात हुनु । **चड्काइ** (चड्क+आइ)-भा.ना.। **चड्किनु**-चड्कनुको भा.क्रि.। **चड्कि**-भा.धा.। **चड्की, चड्केर, चड्कन, चड्कँदै, चड्कुन्जेल, चड्कँदाखेरि**-कृ.अ.। **चड्कनू**-वि.। **चड्कून्**-इ.। **चड्कला**-स.। (अ.क्रि. - विद्यालय निरीक्षक सोझा शिक्षकहरूसँग चड्के ।)

चड्काउनु-क्रि.मू.। **चड्काउ**-आ.धा.। स.क्रि.; पिट्नु, चड्कन दिनु, हडप्नु । **चड्काइ** (चड्काउ+आइ)-भा.ना.। **चड्काइनु**- चड्काउनुको-क.क्रि.। **चड्काइ**-क.धा.। **चड्काई, चड्काएर, चड्काउन, चड्काउँदै, चड्काउन्जेल, चड्काउँदाखेरि**-कृ.अ.। **चड्काउनू**-वि.। **चड्काऊन्**-इ.। **चड्काउला**-स.। (स.क्रि.-प्रहरीले अपराधीलाई चड्काए ।)

चड्किनु-क्रि.मू.। **चड्कि**-आ.धा.। अ.क्रि.; हे. चड्कनु । **चड्क्याइ** (चड्कि+आइ)-भा.ना.। **चड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; चड्किन लाउनु । **चड्क्याउ**-प्रे.धा.। **चड्क्याहट** (चड्क्याउ+आहट) -भा.ना.। **चड्क्याइनु**-चड्क्याउनुको-क.क्रि.। **चड्क्याइ**-भा.प्रे.धा.। **चड्किइनु**-चड्किनुको भा.क्रि.। **चड्किइ**-भा.धा.। **चड्किई, चड्किएर, चड्किन, चड्किँदै, चड्किउन्जेल, चड्किंदाखेरि**-कृ.अ.। **चड्किनू**-वि.। **चड्किऊन्**-इ.। **चड्केला**-स.। (अ.क्रि.-आफ्ना विचारहरू राख्नै नपाई प्राचार्य उसै चड्किए ।)

चढ्नु-क्रि.मू.। **चढ्**-आ.धा.। अ.क्रि.; बढ्नु, पात्तिनु, मात्तिनु, उक्लनु, उँभो लाग्नु, समर्पण गर्नु । **चढाइ** (चढ्+आइ), (चढाउ+आइ)-भा.ना.। **चढाउनु**-प्रे.क्रि./स.क्रि.; उकाल्नु, उँभो लगाउनु । **चढाउ**-प्रे.धा.। **चढाइनु**-चढाउनुको क.क्रि.। **चढाइ** -भा.प्रे.धा.। **चढिनु**-चढ्नुको भा.क्रि.। **चढि** -भा.धा.। **चढी, चढेर, चढ्न, चढ्दै, चढुन्जेल, चढ्दाखेरि**-कृ.अ.। **चढ्नू**-वि.। **चढून्**-इ.। **चढ्ला**-स.। (अ.क्रि. - रीता भऱ्याङ (माथि) चढी ।)

चपाउनु-क्रि.मू.। **चपाउ**-आ.धा.। स.क्रि.; खाइएको खाने कुरालाई दातले पिस्नु । **चपाइ** (चपाउ+आइ)-भा.ना.। **चपाइनु**-चपाउनुको भा.क्रि.। **चपाइ**-क.धाः। **चपाई, चपाएर, चपाउन, चपाउँदै, चपाउन्जेल, चपाउँदाखेरि**-कृ.अ.। **चपाउनू**-वि.। **चपाऊन्**-इ.। **चपाउला**-स.। (स.क्रि. - मैले खानेकुरा राम्ररी चपाएँ ।)

चप्काउनु-क्रि.मू.। **चप्काउ**-आ.धा.। स.क्रि.; अन्यायपूर्वक अरूको धन खानु, मास्नु, टाँस्नु । **चप्काइ** (चप्काउ+आइ)-भा.ना.। **चप्काइनु**-चप्काउनुको क.क्रि.। **चप्काइ**-क.धा.। **चप्काई, चप्काएर, चप्काउन, चप्काउँदै, चप्काउन्जेल, चप्काउँदाखेरि**-कृ.अ.। **चप्काउनू**-वि.। **चप्काऊन्**-इ.। **चप्काउला**-स.। (स.क्रि. - पण्डित ठाहिँलाले धनमानको पैसा चप्कायो ।)

चमकिनु-क्रि.मू.। **चमकि**-आ.धा.। अ.क्रि.; हे. चम्किनु । (अ.क्रि.-अँध्यारोमा जूनकीरी चमकियो ।)

चमचमाउनु-क्रि.मू.। **चमचमाउ**-आ.धा.। अ.क्रि.; चम्कनु, झलझलाउनु । **चमचमाइ** (चमचमाउ+आइ)-भा.ना.। **चमचमाइनु**-चमचमाउनुको भा.क्रि.। **चमचमाइ**-भा.धा.। **चमचमाई, चमचमाएर, चमचमाउन, चमचमाउँदै, चमचमाउन्जेल, चमचाउँदाखेरि**-कृ.अ.। **चमचमाउनू**-वि.। **चमचमाऊन्**-इ.। **चमचमाउला**-स.। (अ.क्रि.-बिहानीको

प्रथम किरणमा शीतबिन्दुहरू चमचमाए ।)

चम्कनु-क्रि.मू.। **चम्क**-आ.धा.। अ.क्रि.; झल्कनु, टल्कनु, जगमगाउनु, मात्तिनु, रवाफ बढ्नु । **चम्काइ** (चम्क+आइ)-भा.ना.। **चम्काउनु**-प्रे.क्रि./स.क्रि.; चम्कन लगाउनु, टल्काउनु । **चम्काउ** -प्रे.धा.। **चम्काइनु**-चम्काउनुको क.क्रि.। **चम्काइ**-भा.प्रे.धा.। **चम्किनु**-चम्कनुको भा.क्रि./अ.क्रि.; चम्कनु । **चम्क्याइ** (चम्कि+आइ)-भा.ना.। **चम्कि**-भा.धा.। **चम्की, चम्केर, चम्कन, चम्कँदै, चम्कुन्जेल, चम्कँदाखेरि**-कृ.अ.। **चम्कनू**-वि.। **चम्कून्**-इ.। **चम्कला**-स.। (अ.क्रि.; विदेशी डलर कमाएर तस्करहरू खूब चम्के ।)

चर्कनु-क्रि.मू.। **चर्क**-आ.धा.। अ.क्रि.; चर्को घाम लाग्नु, फुट्नु, चिरिनु, चर्को स्वरले बोल्नु, सोला हान्नु, टल्कनु । **चर्काइ** (चर्क+आइ)-भा.ना.। **चर्काउनु**-प्रे.क्रि./स.क्रि.; चर्कने पार्नु । **चर्काउ**-प्रे.धा.। **चर्काइनु**-चर्काउनुको क.कि.। **चर्काइ**-भा.प्रे.धा.। **चर्किनु**-चर्कनुको भा.क्रि./अ.क्रि.; चर्कनु । **चर्कि**-भा.धा.। **चर्क्याइ** (चर्कि+आइ)-भा.ना.। **चर्की, चर्केर, चर्कन, चर्कँदै, चर्कुन्जेल, चर्कँदाखेरि**-कृ.अ.। **चर्कनू**-वि.। **चर्कून्**-इ.। **चर्कला**-स.। (अ.क्रि.-भूइँचालोमा परेर पक्की घरहरू पनि चरक्क-चरक्क चर्के । जेठका दिनमा घाम चर्क्यो ।)

चर्चनु-क्रि.मू.। **चर्च**-आ.धा.। स.क्रि.; भोगचलन गर्नु, सुमर्नु, तहलाउनु । **चर्चाइ** (चर्च+आइ)-भा.ना.। **चर्चाउनु**-प्रे.क्रि./स.क्रि.; चर्चन लाउनु । **चर्चाउ**-प्रे.धा.। **चर्चाइनु**-चर्चाउनुको क.क्रि.। **चर्चाइ**-क.प्रे.धा.। **चर्चिनु**-चर्चनुको क.क्रि./स.क्रि.; **चर्चनु** । **चर्चि**-क.धा.। **चर्च्याइ** (चर्चि+आइ)-भा.ना.। **चर्ची, चर्चेर, चर्चन, चर्चँदै, चर्चुन्जेल, चर्चँदाखेरि**-कृ.अ.। **चर्चनू**-वि.। **चर्चून्**-इ.। **चर्चला**-स.। (स.क्रि.- दशरथ पण्डितले नौ-सय धान उब्जने खेत-फाँट चर्चे ।)

चर्चराउनु-क्रि.मू.। **चर्चराउ**-आ.धा.। अ.क्रि.; चरचर शब्द गर्नु, चहऱ्याउनु, चरचर गरेर दुख्नु । **चर्चराइ** (चर्चराउ+आइ)-भा.ना.। **चर्चराइनु**-चर्चराउनुको भा.क्रि.। **चर्चराइ**-भा.धा.। **चर्चराई, चर्चराएर, चर्चराउन, चर्चराउँदै, चर्चराउन्जेल, चर्चराउँदाखेरि**-कृ.अ.। **चर्चराउनू**-वि.। **चर्चराऊन्**-इ.। **चर्चराउला**-स.। (स.क्रि.-मेरो खुट्टाको घाउ खूब चर्चरायो ।)

चर्चरिनु-क्रि.मू.। **चर्चरि**-आ.धा.। अ.क्रि.; चहऱ्याउनु, चर्कनु । **चर्चऱ्याइ** (चर्चरि+आइ)-भा.ना.। **चर्चऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; चर्चरिने पार्नु । **चर्चऱ्याइ**-प्रे.धा.। **चर्चऱ्याइनु**-चर्चऱ्याउनुको क.क्रि.। **चर्चऱ्याइ**-भा.प्रे.धा.। **चर्चरिइनु**-चर्चरिनुको भा.क्रि.। **चर्चरिइ**-भा.धा.। **चर्चरिई, चर्चरिएर, चर्चरिन, चर्चरिंदै, चर्चरिउन्जेल, चर्चरिंदाखेरि**-कृ.अ.। **चर्चरिनू**-वि.। **चर्चरिऊन्**-इ.। **चर्चरेला**-स.। (अ.क्रि.-अमिलो निचोर्दा हातको घाउ चर्चरियो ।)

चर्नु-क्रि.मू.। **चर्**-आ.धा.। अ.क्रि.; चरनमा गएर वस्तुभाउले घाँस खानु, लर्खरिनु । **चराइ** (चर्+आइ)-भा.ना.। **चराउनु**-प्रे.क्रि./स.क्रि.; चर्न लगाउनु । **चराउ**-प्रे.धा.। **चराइनु**-चराउनुको क.क्रि.। **चराइ**-भा.प्रे.धा.। **चरिनु**-चर्नुको भा.क्रि.। **चरि**-भा.धा.। **चरी, चरेर, चर्न, चर्दै, चरुन्जेल, चर्दाखेरि**-कृ.अ.। **चर्नू**-वि.। **चरून्**-इ.। **चर्ला**-स.। (अ.क्रि.-भेडाच्याङ्ग्रा तपीको माडीमा मस्तसँग चरे ।)

चर्पटाउनु-क्रि.मू.। **चर्पटाउ**-आ.धा.। अ.क्रि.; चटपटाउनु, हडबडाउनु, छटपटाउनु, अस्पटाउनु । स.क्रि.; हल्लाउनु । **चर्पटाइ** (चर्पटाउ+आइ)-भा.ना.। **चर्पटाइनु**-चर्पटाउनुको भा.क्रि./क.क्रि.। **चर्पटाइ**-भा.धा./क.धा.। **चर्पटाई, चर्पटाएर, चर्पटाउन, चर्पटाउँदै, चर्पटाउन्जेल, चर्पटाउँदाखेरि**-कृ.अ.। **चर्पटाउनू**-वि.। **चर्पटाऊन्**-इ.। **चर्पटाउला**-स.। (अ.क्रि.-पानीसम्म पिउन नपाउँदा गाउँलेहरू चर्पटाए । स.क्रि.-भैंसीले पुच्छर चर्पटायो ।)

चलबलाउनु-क्रि.मू.। **चलबलाउ**-आ.धा.। अ.क्रि./स.क्रि.; चलमलाउनु, हल्लाउनु, हल्लनु, चल्नु । **चलबलाइ** (चलबलाउ+आइ)-भा.ना.। **चलबलाइनु**-चलबलाउनुको भा.क्रि./क.क्रि.। **चलबलाइ**-भा.धा./क.धा.। **चलबलाई, चलबलाएर, चलबलाउन, चलबलाउँदै, चलबलाउन्जेल, चलबलाउँदाखेरि**-कृ.अ.। **चलबलाउनू**-वि.। **चलबलाऊन्**-इ.। **चलबलाउला**-स.। (अ.क्रि. - बिरामी बिस्तारै चलबलायो । स.क्रि.-गाईले टाउको चलबलायो ।)

चलबलिनु-क्रि.मू.। **चलबलि** -आ.धा.। अ.क्रि.; हे. **चलबलाउनु** । **चलबल्याइ** (चलबलि+आइ)-भा.ना.। **चलबल्याउनु**-प्रे.क्रि./स.क्रि.; चलमल्याउनु । **चलबल्याउ**-प्रे.धा.। **चलबल्याइनु**-चलबल्याउनुको क.क्रि.। **चलबल्याइ**-भा.प्रे.धा.। **चलबलिइनु**-चलबलिनुको भा.क्रि.। **चलबलिइ**-भा.धा.। **चलबलिई, चलबलिएर, चलबलिन, चलबलिँदै, चलबलिउन्जेल, चलबलिंदाखेरि**-कृ.अ.। **चलबलिनू**-वि.। **चलबलिऊन्**-इ.। **चलबलेला**-स.। (अ.क्रि.-बिरामीको शरीर बिस्तारै चलबलियो ।)

चलमलाउनु-क्रि.मू.। **चलमलाउ**-आ.धा.। अ.क्रि./स.क्रि.;

हे. **चलबलाउनु** । **चलमलाइ** (चलमलाउ +आइ)-भा.ना.। **चलमलाइनु**-चलमलाउनुको भा.क्रि./क.क्रि.। **चलमलाइ**-भा.धा./क.धा.। **चलमलाई, चलमलाएर, चलमलाउन, चलमलाउँदै, चलमलाउन्जेल, चलमलाउँदाखेरि**-कृ.अ.। **चलमलाउनू**-वि.। **चलमलाऊन्**-इ.। **चलमलाउला**-स.। (अ.क्रि.- गोही बिस्तारै चलमलायो । स.क्रि.-मैले आफ्नो टाउको चलमलाएँ ।(

चलमलिनु-क्रि.मू.। **चलमलि**-आ.धा.। अ.क्रि.; हे. **चलबलिनु** । **चलमल्याइ** (चलमलि+आइ)-भा.ना.। **चलमल्याउनु**-प्रे.क्रि./स.क्रि.; चलबल्याउनु । **चलमल्याउ**-प्रे.धा.। **चलमल्याइनु**-चलमल्याउनुको क.क्रि.। **चलमल्याइ**-भा.प्रे.धा.। **चलमलिइनु**-चलमलिनुको भा.क्रि.। **चलमलिइ**-भा.धा.। **चलमलिई, चलमलिएर, चलमलिन, चलमलिँदै, चलमलिउन्जेल, चलमलिंदाखेरि**-कृ.अ.। **चलमलिनू**-वि.। **चलमलिऊन्**-इ.। **चलमलेला**-स.। (अ. क्रि.-माउसुलीको पुच्छर बिस्तारै चलमलियो ।)

चल्नु-क्रि.मू.। **चल्**-आ.धा.। अ.क्रि.; हल्लनु, व्यवहारमा आउनु, जिस्किनु, काम टर्नु । **चलाइ** (चल्+आइ)-भा.ना.। **चलाउनु**-प्रे.क्रि./स.क्रि.; चल्ने पार्नु, चलनमा ल्याउनु, हल्लाउनु । **चलाउ**-प्रे.धा.। **चलाइनु**-चलाउनुको क.क्रि.। **चलाइ**-भा.प्रे.धा.। **चलिनु**-चल्नुको भा.क्रि.। **चलि** -भा.धा । **चली, चलेर, चल्न, चल्दै, चलुन्जेल, चल्दाखेरि**-कृ.अ.। **चल्नू**-वि.। **चलून्**-इ.। **चल्ला**-स.। (अ.क्रि.-जनता सचेत भएर उठेपछि दमनकारीहरूको केही जोर चलेन ।)

चस्कनु-क्रि.मू.। **चस्क**-आ.धा.। अ.क्रि.; घाउ टन्कनु, मन बिझ्नु । **चस्काइ** (चस्क+आइ)-भा.ना.। **चस्काउनु**-प्रे.क्रि./स.क्रि.; चस्कन लाउनु । **चस्काउ**-प्रे.धा.। **चस्काइनु**-चस्काउनुको क.क्रि.। **चस्काइ**-भा.प्रे.धा.। **चस्किनु**-चस्कनुको भा.क्रि./अ.क्रि.; **चस्कनु** । **चस्कि**-भा.धा.। **चस्क्याइ** (चस्कि+आइ)-भा.ना.। **चस्की, चस्केर, चस्कन, चस्कँदै, चस्कुन्जेल, चस्कँदाखेरि**-कृ.अ.। **चस्कनू**-वि.। **चस्कून्**-इ.। **चस्कला**-स.। (अ.क्रि.-मेरो ढाड चसक्क चस्क्यो ।)

चहकनु-क्रि.मू.। **चहक**-आ.धा.। अ.क्रि.; टल्कनु, जगमगाउनु । **चहकाइ** (चहक+आइ)-भा.ना.। **चहकाउनु**-प्रे.क्रि./स.क्रि.; चहकन लाउनु । **चहकाउ**-प्रे.धा.। **चहकाइनु**-चहकाउनुको क.क्रि.। **चहकाइ** -भा.प्रे.धा.। **चहकिनु**-चहकनुको भा.क्रि.। **चहकि**- भा.धा.। **चहकी, चहकेर, चहकन, चहकँदै, चहकुन्जेल, चहकँदाखेरि**-कृ.अ.। **चहकनू**-वि.। **चहकून्**-इ.। **चहकला**-स.। (अ.क्रि.-तेल थप्नासाथ दियो चहक्यो ।)

चहकाउनु-क्रि.मू.। **चहकाउ**-आ.धा.। अ.क्रि.; चहकिलो हुनु । **चहकाइ** (चहकाउ+आइ)-भा.ना.। **चहकाइनु**-चहकाउनुको भा.क्रि.। **चहकाइ**-भा.धा.। **चहकाई, चहकाएर, चहकाउन, चहकाउँदै, चहकाउन्जेल, चहकाउँदाखेरि**-कृ.अ.। **चहकाउनू**-वि.। **चहकाऊन्**-इ.। **चहकाउला**-स.। (अ.क्रि.-आरतीको दियो चहकायो ।)

चहकिनु-क्रि.मू.। **चहकि**-आ.धा.। अ.क्रि.; हे. चहकनु । **चहक्याइ** (चहकि+आइ)-भा.ना.। **चहक्याउनु**-प्रे.क्रि./स.क्रि.; चहकिने तुल्याउनु । **चहक्याउ**-प्रे.धा.। **चहक्याइनु**-चहक्याउनुको क.क्रि.। **चहक्याइ**-भा.प्रे.धा.। **चहकिइनु**-चहकिनुको भा.क्रि.। **चहकिइ**-भा.धा.। **चहकिई, चहकिएर, चहकिन, चहकिँदै चहकिउन्जेल, चहकिंदाखेरि**-कृ.अ.। **चहकिनू**-वि.। **चहकिऊन्**-इ.। **चहकेला**-स.। (अ.क्रि.- साँझ छिप्पिँदै जाँदा ताराहरू चहकिए ।)

चहऱ्याउनु-क्रि.मू.। **चहऱ्याउ**-आ.धा.। अ.क्रि.; अमिलो नून आदि पर्दा घाउ चर्चऱ्याउनु, पोल्नु, टट्टाउनु । **चहऱ्याइ** (चहऱ्याउ+आइ)-भा.ना.। **चहऱ्याइनु** चहऱ्याउनुको भा.क्रि.। **चहऱ्याइ** -भा.धा.। **चहऱ्याई, चहऱ्याएर, चहऱ्याउन, चहऱ्याउँदै, चहऱ्याउन्जेल, चहऱ्याउँदाखेरि**-कृ.अ.। **चहऱ्याउनू**-वि.। **चहऱ्याऊन्**-इ.। **चहऱ्याउला**-स.। (अ.क्रि.-मेरो गोडाको घाउ चहऱ्यायो; हिड्नै सकिनँ ।)

चहार्नु-क्रि.मू.। **चहार्**-आ.धा.। अ.क्रि.; चाहार्नु, यताउति डुल्नु, विना काममा घुम्नु । **चहराइ** (चहार्+आइ)-भा.ना.। **चहारिनु**- चहार्नुको भा.क्रि.। **चहारि** -भा.धा.। **चहारी, चहारेर, चहार्न, चहार्दै, चहारून्जेल, चहार्दाखेरि**-कृ.अ.। **चहार्नू**-वि.। **चहारून्**-इ.। **चहार्ला**-स.। (अ.क्रि.-म दिनभरि बजार(मा) चहारें ।)

चाउरिनु-क्रि.मू.। **चाउरि**-आ.धा.। अ.क्रि.; छाला खुम्चिएर चुमुक्क पर्नु, लाचारी हुनु । **चाउऱ्याइ** (चाउरि+आइ)-भा.ना.। **चाउऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; चाउरिन लाउनु । **चाउऱ्याउ**-प्रे.धा.। **चाउऱ्याइनु**-चाउऱ्याउनुको क.क्रि.। **चाउऱ्याइ**-भा.प्रे.धा.। **चाउरिइनु**-चाउरिनुको भा.क्रि.। **चाउरिइ**-भा.धा.। **चाउरिई, चाउरिएर, चाउरिन, चाउरिँदै, चाउरिउन्जेल, चाउरिंदाखेरि**-कृ.अ.। **चाउरिनू** -वि.। **चाउरिऊन्**-इ.। **चाउरेला**-स.। (अ.क्रि.- मेरो घुँडी कोप्राको पिलो फोरेको दुबै दिनमा चाउरियो ।)

चाख्नु-क्रि.मू.। **चाख्**-आ.धा.। स.क्रि.; अलिकति खाएर स्वादको अनुभव गर्नु, खाइहेर्नु । **चखाइ** (चाख्+आइ)-भा.ना.। **चखाउनु**- प्रे.क्रि./स.क्रि.; चाख्न लाउनु । **चखाउ**-प्रे.धा.। **चखाइनु**-चखाउनुको क.क्रि.। **चखाइ**-क.प्रे.धा.। **चाखिनु**-चाख्नुको क.क्रि.। **चाखि**-क.धा.। **चाखी, चाखेर, चाख्न, चाख्तै, चाखुन्जेल, चाख्दाखेरि**-कृ.अ.। **चाख्नू**-वि.। **चाखून्**-इ.। **चाख्ला** -स.। (स.क्रि.-तिनीहरूले मौरीको मह चाखे ।)

चाट्नु-क्रि.मू.। **चाट्**-आ.धा.। स.क्रि.; जिब्रोले सोहोरेर स्वाद लिई खानु, चाटचुट पार्नु, लोभ गरी अरूको धनमाल पचाउनु । **चटाइ** (चाट्+आइ)-भा.ना । **चटाउनु**-प्रे.क्रि./स.क्रि.; चाट्न लाउनु । **चटाउ**-प्रे.धा.। **चटाइनु**-चटाउनुको क.क्रि.। **चटाइ**-क.प्रे.धा.। **चाटिनु**-चाट्नुको क.क्रि.। **चाटि**-क.धा.। **चाटी, चाटेर, चाट्न, चाट्तै चाटुन्जेल, चाट्दाखेरि**-कृ.अ.। **चाट्नू** -वि.। **चाटून्**-इ.। **चाट्ला**-स.। (स.क्रि.-कुकुरले मालिकको मुख चाट्यो ।)

चाप्नु-क्रि.मू.। **चाप्**-आ.धा.। स.क्रि.; साँध-सीमानामा पर्ने अरूको जग्गा मिचेर आफ्नोमा मिलाउनु, रोगादिले धड्नु, दबाउनु, थिचोमिचो गर्नु । **चपाइ** (चाप्+आइ)-भा.ना.; चाप्ने प्रक्रिया । **चपाउनु**-प्रे.क्रि./स.क्रि.; चाप्न लगाउनु । **चपाउ**-प्रे.धा.। **चपाइनु**-चपाउनुको क.क्रि.; चाप्न लगाइनु । **चपाइ**-क.प्रे.धा.। **चापिनु**-चाप्नुको क.क्रि.। **चापि**-क.धा.। **चापी, चापेर, चाप्न, चाप्तै, चापुन्जेल, चाप्दाखेरि**-कृ.अ.। **चाप्नू**-वि.। **चापून्**-इ.। **चाप्ला**-स.। (स.क्रि.-महेश्वरले थाप्ले गरामा साँध चापे ।)

चाब्नु-क्रि.मू.। **चाब्**-आ.धा.। स.क्रि.; पान, सुपारी आदि दाँतले च्यापेर बिस्तारै चपाउनु, दबाउनु । **चबाइ** (चाब्+आइ)-भा.ना.; चाब्ने भाव । **चाबिनु**-चाब्नुको क.क्रि.। **चाबि**-क.धा.। **चाबी, चाबेर, चाब्न, चाब्दै, चाबुन्जेल, चाब्दाखेरि**-कृ.अ.। **चाब्नू** -वि.। **चाबून्**-इ.। **चाब्ला**-स.। (स.क्रि.-देवीलाल जोशीले मुखमा पान चाबे ।)

चाम्रिनु-क्रि.मू.। **चाम्रि**-आ.धा.। अ.क्रि.; चाम्रो हुनु, जाँगर मर्नु, मसाङ्ग्रिनु । **चम्र्याइ** (चाम्रि+आइ)-भा.ना.। **चाम्रिइनु**-चाम्रिनुको भा.क्रि.। **चाम्रिइ**-भा.धा.। **चाम्रिई, चाम्रिएर, चाम्रिन, चाम्रिँदै, चाम्रिउन्जेल, चाम्रिंदाखेरि**-कृ.अ.। **चाम्रिनू**-वि.। **चाम्रिऊन्**-इ.। **चाम्रेला**-स.। (अ.क्रि.-अनदि चामलको लट्टे राम्रोसँग चाम्रियो ।)

चाल्नु-क्रि.मू.। **चाल्**-आ.धा.। स.क्रि.; छान्नु, सार्नु, चलाउनु । **चलाइ** (चाल्+आइ)-भा.ना.। **चालि** चाल्नुको क.क्रि.। **चालि**-क.धा । **चाली, चालेर, चा** **चाल्दै, चालुन्जेल, चाल्दाखेरि**-कृ.अ.। **चाल्नू**-वि.। **चा** इ.। **चाल्ला**-स.। (स.क्रि.-कवाजमा उभिएका सिपा एक-दुई, एक-दुई कदम चाले ।)

चास्नु-क्रि.मू.। **चास्**-आ.धा.। स.क्रि.; जमीनलाई तुल्याउनु, खनजोत-मलजल गरी चास पुऱ्याउनु । **च** (चास्+आइ)-भा.ना.। **चसाउनु**-प्रे.क्रि./स.क्रि.; चा लगाउनु । **चसाउ**-प्रे.धा.। **चसाइनु**-चसाउनुको क. **चसाइ**-क.प्रे.धा.। **चासिनु**-चास्नुको क.क्रि.। **चा** क.धा.। **चासीं, चासेर, चास्न, चास्तैं, चासुन्जे** **चास्दाखेरि**-कृ.अ.। **चास्नू**- वि.। **चासून्**-इ.। **चास्ला**- (स.क्रि.-किसानले खेत चास्यो ।)

चाहनु-क्रि.मू.। **चाह**-आ.धा.। स.क्रि.; इच्छा गर्नु, लिनु, अभिलाषा जाग्नु, रुचाउनु, मन पराउनु । **चा** (चाह+ना), **चाहा** (चाह+आ), **चहाइ** (चाह+आ भा.ना.। **चाहिनु**-चाहनुको क.क्रि.। **चाहि**-क.धा.। **च** **चाहेर, चाहन, चाहँदै, चाहुन्जेल, चाहँदाखेरि**-कृ **चाहनू**-वि.। **चाहून्**-इ.। **चाहला**-स.। (स.क्रि. - उपन्यास पढ्न चाहें ।)

चाहार्नु-क्रि.मू.। **चाहार्**-आ.धा.। अ.क्रि.; हे. चहार्नु **चाहराइ** (चाहार्+आइ)-भा.ना.। **चाहारिनु**-चाहार्नु भा.क्रि.। **चाहारि**- भा.धा.। **चाहारी, चाहारेर, चाह** **चाहार्दै, चाहारुन्जेल, चाहार्दाखेरि**-कृ.अ.। **चाहार्नू**- **चाहारून्**-इ.। **चाहार्ला**- स.। (अ.क्रि.-म घर-घरा चाहारें ।)

चिक्नु-क्रि.मू.। **चिक्**-आ.धा.। स.क्रि.; सन्तान उत्पत्ति लागि स्त्रीका साथ सम्भोग गर्नु, मैथुन गर्नु । **चिक** (चिक्+आइ)-भा.ना.। **चिकाउनु**-प्रे.क्रि./स.क्रि.; सम्भो गर्ने पार्नु । **चिकाउ**-प्रे.धा.। **चिकाइनु**-चिकाउनु क.क्रि.। **चिकाइ**-क.प्रे.धा.। **चिकिनु** -चिक्नुको क. **चिकि**-क.धा.। **चिकी, चिकेर, चिक्न, चि** **चिकुन्जेल, चिक्दाखेरि**-कृ.अ.। **चिक्नू**-वि.। **चिकून्**- **चिक्ला**-स.। (स.क्रि.- त्यसले सन्तान उत्पत्तिका ला आफ्नी पत्नीलाई चिक्यो ।)

चिघ्रनु-क्रि.मू.। **चिघ्र**-आ.धा.। अ.क्रि.; डरले वा त केटाकेटी चिघ्रिएर रुनु, हात्ती कराउनु । **चिघ** (चिघ्र+आइ)-भा.ना.। **चिघ्रिनु**-चिघ्रनुको भा.क्रि./अ.क्रि चिघ्रनु । **चिघ्रि** -भा.धा.। **चिघ्र्याइ** (चिघ्रि+आइ)-भा.

चिघ्रिइनु-चिघ्रिनुको भा.क्रि.। **चिघ्रिइ** -भा.धा.। **चिघ्री, चिघ्रेर, चिघ्रन, चिघ्रँदै, चिघ्रुन्जेल, चिघ्रँदाखेरि**-कृ.अ.। **चिघ्रनू**-वि.। **चिघ्रून्**-इ.। **चिघ्रला**-स.। (अ.क्रि.-हात्ती चिघ्र्यो ।)

चिच्च्याउनु-क्रि.मू.। **चिच्च्याउ**-आ.धा.। अ.क्रि.; ठूलो स्वरले कराउनु, चिल्लाउनु । **चिच्च्याइ** (चिच्च्याउ+आइ), **चिच्च्याहट** (चिच्च्याउ+आहट)-भा.ना.। **चिच्च्याइनु**-चिच्च्याउनुको भा.क्रि.। **चिच्च्याइ**-भा.धा.। **चिच्च्याई, चिच्च्याएर, चिच्च्याउन, चिच्च्याउँदै, चिच्च्याउन्जेल, चिच्च्याउँदाखेरि**-कृ.अ.। **चिच्च्याउनू**-वि.। **चिच्च्याऊन्**-इ.। **चिच्च्याउला**-स.। (अ.क्रि.-बालक बेस्सरी चिच्च्यायो ।)

चिढ्नु-क्रि.मू.। **चिढ्** -आ.धा.। अ.क्रि.; मनभित्रै देखि रिसाउनु, क्रुद्ध हुनु, अप्रसन्न हुनु । **चिढाइ** (चिढ्+आइ)-भा.ना.। **चिढाउनु**-प्रे.क्रि./स.क्रि.; चिढ्याउनु, रिस उठाउनु । **चिढाउ**-प्रे.धा.। **चिढाइनु**-चिढाउनुको क.क्रि.। **चिढिनु**-चिढ्नुको भा.क्रि.। **चिढि**-भा.धा.। **चिढी, चिढेर, चिढ्न, चिढ्दै, चिढुन्जेल, चिढ्दाखेरि**-कृ.अ.। **चिढ्नू**-वि.। **चिढून्**-इ.। **चिढ्ला**-स.। (अ.क्रि.-हरिशंकर मदेखि भित्रभित्रै चिढ्यो ।)

चिढिनु-क्रि.मू.। **चिढि**-आ.धा.। अ.क्रि.; हे. चिढ्नु । **चिढ्याइ** (चिढि+आइ)-भा.ना.। **चिढ्याउनु**-प्रे.क्रि./स.क्रि.; चिढिने पार्नु । **चिढ्याउ**- प्रे.धा.। **चिढ्याइनु**-चिढ्याउनुको क.क्रि.। **चिढ्याइ**-भा.प्रे.धा.। **चिढिइनु** -चिढिनुको भा.क्रि.। **चिढिइ**- भा.धा.। **चिढिई, चिढिएर, चिढिन, चिढिंदै, चिढिउन्जेल, चिढिंदाखेरि**-कृ.अ.। **चिढिनू**-वि.। **चिढिऊन्**-इ.। **चिढेला**-स.। (अ.क्रि.-असन्तुलित बढुवाको प्रक्रिया देखेर कर्मचारीहरू बेस्सरी चिढिए ।)

चिताउनु-क्रि.मू.। **चिताउ**-आ.धा.। स.क्रि.; मनले कुरै कुरा सोच्नु, कल्पना गर्नु, मनले चाहनु । **चिताइ** (चिताउ+आइ)-भा.ना.। **चिताइनु**-चिताउनुको क.क्रि.। **चिताइ**-क.धा.। **चिताई, चिताएर, चिताउन, चिताउँदै, चिताउन्जेल, चिताउँदाखेरि**-कृ.अ.। **चिताउनू**-वि.। **चिताऊन्**-इ.। **चिताउला**-स.। (स.क्रि.-शंकरले सबैको हित चिताए ।)

चिथर्नु-क्रि.मू.। **चिथर्**-आ.धा.। स.क्रि.; नङले कोपर्नु, नङ्ग्रा र दान्हा गाडेर चिथोर्नु, फहराउनु । **चिथराइ** (चिथर्+आइ)-भा.ना.। **चिथराउनु**- प्रे.क्रि./स.क्रि.; चिथोराउनु । **चिथराउ** -प्रे.धा.। **चिथराइनु** -चिथराउनुको क.क्रि.। **चिथराइ**-क.प्रे.धा.। **चिथरिनु**-चिथर्नुको क.क्रि.। **चिथरि**-क.धा.। **चिथरी, चिथरेर, चिथर्न, चिथर्दै, चिथरुन्जेल, चिथर्दाखेरि**-कृ.अ.। **चिथर्नू**-वि.। **चिथरून्**-इ.। **चिथर्ला**-स.। (स.क्रि. - बाघले बाख्रोलाई चिथर्‍यो ।)

चिथोर्नु-क्रि.मू.। **चिथोर्**-आ.धा.। स.क्रि.; हे. चिथर्नु । (स.क्रि.-उर्मिलाले बहिनीको हात चिथोरी ।)

चिन्नु -क्रि.मू.। **चिन्**-आ.धा.। स.क्रि.; परिचय पाउनु, बानीबेहोरा आदि पहिचान्नु, जान्नु, थाहा पाउनु, खात वा चाङ मिलाएर राख्नु, गारो लाउनु । **चिनाइ** (चिन्+आइ)-भा.ना.। **चिनाउनु**-प्रे.क्रि./स.क्रि.; परिचय गराउनु, चिन्न लगाउनु । **चिनाउ**-प्रे.धा.। **चिनाइनु**-चिनाउनुको क.क्रि.। **चिनाइ**-क.प्रे.धा.। **चिनिनु**-चिन्नुको क.क्रि.। **चिनि**-क.धा.। **चिनी, चिनेर, चिन्दै, चिन्न, चिनुन्जेल, चिन्दाखेरि**-कृ.अ.। **चिन्नू**-वि.। **चिनून्**-इ.। **चिन्ला**-स.। (स.क्रि.-मैले नव-आगन्तुकलाई चिनें ।)

चिप्लनु-क्रि.मू.। **चिप्ल**-आ.धा.। अ.क्रि.; मसिना कुरामा परेर झुक्किनु, काउलिएको बाटोमा या चिप्लो ठाउँमा गोडा परेर सिलिक्क भई लड्नु । **चिप्लाइ** (चिप्ल+आइ)-भा.ना.। **चिप्लाउनु**-प्रे.क्रि./स.क्रि.; चिप्लने पार्नु । **चिप्लाउ**-प्रे.धा.। **चिप्लाइनु** -चिप्लाउनुको क.क्रि.। **चिप्लाइ**-भा.प्रे.धा.। **चिप्लिनु**-चिप्लनुको भा.क्रि.। **चिप्लि**-भा.धा.। **चिप्ली, चिप्लेर, चिप्लन, चिप्लँदै, चिप्लुन्जेल, चिप्लँदाखेरि**-कृ.अ.। **चिप्लनू**-वि.। **चिप्लून्**-इ.। **चिप्लला**-स.। (अ.क्रि.-चङ्खे हिलोमा लिरित्त चिप्ल्यो ।)

चिप्लिनु-क्रि.मू.। **चिप्लि**-आ.धा.। अ.क्रि.; हे. चिप्लनु । **चिप्ल्याइ** (चिप्लि+आइ)-भा.ना.। **चिप्ल्याउनु** -प्रे.क्रि./स.क्रि.; चिप्लिने गराउनु । **चिप्ल्याउ**-प्रे.धा.। **चिप्ल्याइनु**-चिप्ल्याउनुको क.क्रि.। **चिप्ल्याइ**-भा.प्रे.धा.। **चिप्लिइनु**-चिप्लिनुको भा.क्रि.। **चिप्लिइ**-भा.धा.। **चिप्लिई, चिप्लिएर, चिप्लिन, चिप्लिंदै, चिप्लिउन्जेल, चिप्लिंदाखेरि**-कृ.अ.। **चिप्लिनू**-वि.। **चिप्लिऊन्**-इ.। **चिप्लेला**-स.। (अ.क्रि.-रामबहादुर साहू धर्मराजका मसिना कुरामा चिप्लिए ।)

चिमट्नु-क्रि.मू.। **चिमट्**-आ.धा.। स.क्रि.; चिम्टाले झैं हातको दुई औंलाका नङले जोडसँग च्याप्नु । **चिमटाइ** (चिमट्+आइ)-भा.ना.। **चिमटाउनु**-प्रे.क्रि./स.क्रि.; चिमट्न लाउनु । **चिमटाउ**-प्रे.धा.। **चिमटाइनु** -चिमटाउनुको क.क्रि.। **चिमटाइ**-क.प्रे.धा.। **चिमटिनु**-चिमट्नुको. क.क्रि.। **चिमटि**-क.धा.। **चिमटी, चिमटेर, चिमट्न, चिमट्तै, चिमटुन्जेल, चिमट्दाखेरि**-कृ.अ.।

चिमट्नू-वि.। **चिमट्न्**-इ.। **चिमट्ला**-स.। (स.क्रि.-रण्डीले गोरेलाई खुसुक्क चिमटी ।)

चिमोट्नु-क्रि.मू.। **चिमोट्**-आ.धा.। स.क्रि.; हे. चिमट्नु । (स.क्रि.-गोरेले पनि कसैले नदेख्ने गरी रण्डीलाई चिमोट्यो ।)

चिम्टनु-क्रि.मू.। **चिम्ट**-आ.धा.। स.क्रि.; चिम्टाले आगो आदि च्यापेर लिनु । **चिम्टाइ** (चिम्ट+आइ)-भा.ना.। **चिम्टाउनु**-प्रे.क्रि./स.क्रि.; चिम्टन लाउनु । **चिम्टाउ**-प्रे.धा । **चिम्टाइनु**-चिम्टाउनुको क.क्रि.। **चिम्टाइ**-क.प्रे.धा.। **चिम्टिनु**- चिम्टनुको क.क्रि.। **चिम्टि**- क.धा.। **चिम्टी, चिम्टेर, चिम्टन, चिम्टँदै, चिम्टुन्जेल, चिम्टँदाखेरि**-कृ.अ.। **चिम्टनू**-वि.। **चिम्टून्**-इ.। **चिम्टला**-स.। (स.क्रि.-कृष्णबहादुर भण्डारीले चिम्टाले सिस्नु चिम्ट्यो ।)

चिम्टिनु-क्रि.मू.। **चिम्टि**-आ.धा.। स.क्रि.; चिम्टीले च्यापेर लिनु, कन्जुस्याइँ गर्नु । अ.क्रि.; चाम्रो हुनु । **चिम्ट्याइ** (चिम्टि+आइ)-भा.ना.। **चिम्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; चिम्टिन लगाउनु । **चिम्ट्याउ**-प्रे.धा.। **चिम्ट्याइनु**-चिम्ट्याउनुको क.क्रि.। **चिम्ट्याइ**-क.प्रे.धा./भा.प्रे.धा.। **चिम्टिइनु**-चिम्टिनुको क.क्रि./भा.क्रि.। **चिम्टिइ**-क.धा./भा.धा.। **चिम्टिई, चिम्टिएर, चिम्टिन, चिम्टिंदै, चिम्टिउन्जेल, चिम्टिंदाखेरि**-कृ.अ.। **चिम्टिनू**-वि.। **चिम्टिऊन्**-इ.। **चिम्टेला**-स.। (स.क्रि.-लालेले चिम्टीले दाह्री चिम्टियो । अ.क्रि.-अनादीको लट्टै मजासँग चिम्टियो ।)

चिम्लनु-क्रि.मू.। **चिम्ल**-आ.धा.। स.क्रि.; आँखा बन्द गर्नु, वास्ता नगर्नु, मर्नु । **चिम्लाइ** (चिम्ल+आइ)-भा.ना.। **चिम्लाउनु**-प्रे.क्रि./स.क्रि.; चिम्लने पार्नु । **चिम्लाउ** -प्रे.धा.। **चिम्लाइनु**-चिम्लाउनुको क.क्रि.। **चिम्लाइ**-क.प्रे.धा.। **चिम्लिनु** -चिम्लनुको क.क्रि./स.क्रि.; चिम्लनु । **चिम्लि**-क.धा.। **चिम्ल्याइ** (चिम्लि+आइ)-भा.ना.। **चिम्ली, चिम्लेर, चिम्लन, चिम्लँदै, चिम्लुन्जेल, चिम्लँदाखेरि**-कृ.अ.। **चिम्लनू**-वि.। **चिम्लून्**-इ.। **चिम्लला**-स.। (स.क्रि.-२०१६ साल, भदौ २९ गते साँझ ६ बजे देवकोटाले आँखा चिम्ले/चिम्लिए ।)

चिम्सिनु-क्रि.मू.। **चिम्सि**-आ.धा.। अ.क्रि.; साना आँखा भईकन चिमचिम गर्ने हुनु, चिम्सो हुनु । **चिम्स्याइ** (चिम्सि+आइ)-भा.ना.। **चिम्स्याउनु**-प्रे.क्रि./स.क्रि.; चिम्सिने पार्नु । **चिम्स्याउ**-प्रे.धा.। **चिम्स्याइनु**-चिम्स्याउनुको क.क्रि.। **चिम्स्याइ**-भा.प्रे.धा.। **चिम्सिइनु**-चिम्सिनुको भा.क्रि.। **चिम्सिइ**-भा.धा.। **चिम्सिं** **चिम्सिएर, चिम्सिन, चिम्सिंदै, चिम्सिउन्जेल** **चिम्सिंदाखेरि**-कृ.अ.। **चिम्सिनू**-वि.। **चिम्सिऊन्**-इ.। **चिम्सेला**-स.। (अ.क्रि.-मानबहादुर डल्ले भईकन फ चिम्सियो ।)

चियाउनु-क्रि.मू.। **चियाउ**-आ.धा.। स.क्रि.; गुप्ती चाल लुकेर हेर्नु, चियो चर्चो गर्नु । **चियाइ** (चियाउ+आइ)-भा.ना.। **चियाइनु**- चियाउनुको क.क्रि.। **चियाइ**-क.धा। **चियाई, चियाएर, चियाउन, चियाउँदै, चियाउन्जेल** **चियाउँदाखेरि**-कृ.अ.। **चियाउनू**-वि.। **चियाऊन्**-इ **चियाउला**-स.। (स.क्रि.-फटाहाले सज्जनका क्रियाकला लुकेर चिहायो ।)

चिर्नु-क्रि.मू.। **चिर्**- आ.धा.। स.क्रि.; शल्यक्रिया गर्नु फ्याक पारी काट्नु । **चिराइ** (चिर्+आइ)-भा.ना। **चिराउनु**-प्रे.क्रि./स.क्रि.; चिर्न लाउनु । **चिराउ**-प्रे.धा। **चिराइनु**-चिराउनुको क.क्रि.। **चिराइ**-क.प्रे.धा.। **चिरिनु** चिर्नुको क.क्रि.। **चिरि**-क.धा.। **चिरी, चिरेर, चिर्न** **चिर्दै, चिरुन्जेल, चिर्दाखेरि**-कृ.अ.। **चिर्नू**-वि.। **चिरून्**-इ। **चिर्ला**-स.। (स.क्रि.-खरीबोटेले बञ्चरोले मुडा चिर्‍यो।)

चिरिनु-क्रि.मू.। **चिरि**-आ.धा.। स.क्रि.; मन नपर्ने गरी खानु, बेसरी घिच्नु । अ.क्रि.; चिरा पर्नु, धाँजा फाट्नु **चिर्‍याइ** (चिरि+आइ)-भा.ना.। **चिर्‍याउनु**-प्रे.क्रि./स.क्रि. चिरिने पार्नु, घिचाउनु । **चिर्‍याउ**-प्रे.धा.। **चिर्‍याइनु** चिर्‍याउनुको क.क्रि.। **चिर्‍याइ**-क.प्रे.धा./भा.प्रे.धा। **चिरिइनु**-चिरिनुको क.क्रि./भा.क्रि.। **चिरिइ**-क.धा./भा.धा.। **चिरिई, चिरिएर, चिरिन, चिरिंदै, चिरिउन्जेल, चिरिंदाखेरि**-कृ.अ.। **चिरिनू**-वि। **चिरिऊन्**-इ.। **चिरेला**-स.। (स.क्रि.-थरीबाङ्ग्लेले विहेभोजमा निक्को भात चिरियो । (अ.क्रि.-०४५ सालको भूकम्पमा घर चिरियो ।)

चिर्सिनु-क्रि.मू.। **चिर्सि**-आ.धा.। अ.क्रि.; अत्यासमा पर्दा आत्तिएर चिच्याउनु, चित्कार गर्नु, चर्को स्वरले कराउनु । **चिर्स्याइ** (चिर्सि+आइ)-भा.ना.। **चिर्स्याउनु**-प्रे.क्रि./स.क्रि.; चिर्सिने पार्नु । **चिर्स्याउ**-प्रे.धा। **चिर्स्याहट** (चिर्स्याउ+आहट)-भा.ना.। **चिर्स्याइनु** चिर्स्याउनुको क.क्रि.। **चिर्स्याइ** -भा.प्रे.धा.। **चिर्सिइनु** चिर्सिनुको भा.क्रि.। **चिर्सिइ**-भा.धा.। **चिर्सिई, चिर्सिएर, चिर्सिन, चिर्सिंदै, चिर्सिउन्जेल, चिर्सिंदाखेरि**-कृ.अ। **चिर्सिनू**-वि.। **चिर्सिऊन्**-इ.। **चिर्सेला**-स.। (अ.क्रि.-बच्चा झोलुङ्गोमा चिर्सियो ।)

चिलचिलाउनु-क्रि.मू.। **चिलचिलाउ** -आ.धा.। अ.क्रि.; छाला सगसगाउनु, हलुका किसिमले चिलाउनु । **चिलचिलाइ** (चिलचिलाउ+आइ)-भा.ना.। **चिलचिलाइनु**-चिलचिलाउनुको भा.क्रि.। **चिलचिलाइ**-भा.धा.। **चिलचिलाई, चिलचिलाएर, चिलचिलाउन, चिलचिलाउँदै, चिलचिलाउन्जेल, चिलचिलाउँदाखेरि**-कृ.अ.। **चिलचिलाउनू**-वि.। **चिलचिलाऊन्**-इ.। **चिलचिलाउला**-स.। (अ.क्रि. - फोहर ठाउँमा काम गरेकोले माइल्दाइको शरीर चिलचिलायो ।)

चिलाउनु-क्रि.मू.। **चिलाउ**-आ.धा.। अ.क्रि.; लुतो, खटिरा, जुम्राको टोकाइ आदिको कारण सगसगाएर जीउमा चिलचिलाइ पैदा हुनु । **चिलाइ** (चिलाउ+आइ)-भा.ना.। **चिलाइनु**-चिलाउनुको भा.क्रि.। **चिलाइ**-भा.धा.। **चिलाई, चिलाएर, चिलाउन, चिलाउँदै, चिलाउन्जेल, चिलाउँदाखेरि**-कृ.अ.। **चिलाउनू**- वि.। **चिलाऊन्**-इ.। **चिलाउला**-स.। (अ.क्रि.-मेरो शरीर चिलायो ।)

चिल्नु-क्रि.मू.। **चिल्**-आ.धा.। स.क्रि.; मौरी, बारुलो आदि कीराले खील गाड्नु, टोक्नु, । **चिलाइ** (चिल्+आइ)-भा.ना.। **चिलाउनु**-प्रे.क्रि./स.क्रि.; चिल्न लाउनु । **चिलाउ**-प्रे.क्रि.। **चिलाइनु**-चिलाउनुको क.क्रि.। **चिलाइ**-क.प्रे.धा.। **चिलिनु**-चिल्नुको क.क्रि.। **चिलि** -क.धा.। **चिली, चिलेर, चिल्न, चिल्दै, चिलुन्जेल, चिल्दाखेरि**-कृ.अ.। **चिल्नू**-वि.। **चिलून्**-इ.। **चिल्ला**-स.। (स.क्रि.-मौरीले मोहन गुरुङलाई चिल्यो ।

चिल्लाउनु-क्रि.मू.। **चिल्लाउ**-आ.धा.। अ.क्रि., चर्को स्वरले आत्तिएर कराउनु, चिच्च्याउनु । **चिल्लाइ** (चिल्लाउ+आइ)-भा.ना.। **चिल्ल्याइनु**-चिल्लाउनुको भा.क्रि.। **चिल्लाइ**-भा.धा.। **चिल्लाई, चिल्लाएर, चिल्लाउन, चिल्लाउँदै, चिल्लाउन्जेल, चिल्लाउँदाखेरि**-कृ.अ.। **चिल्लाउनू**-वि.। **चिल्लाऊन्**-इ.। **चिल्लाउला**-स.। (अ.क्रि.-आमालाई एकछिन नदेख्ता बच्चा चिल्लायो ।)

चिल्लिनु-क्रि.मू.। **चिल्लि** - आ.धा.। अ.क्रि.; चिल्लो हुनु, चिप्लो बन्नु । **चिल्ल्याइ** (चिल्लि+आइ)-भा.ना.। **चिल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; चिल्लो बनाउनु, चिप्लो पार्नु । **चिल्ल्याउ**-प्रे.क्रि.। **चिल्ल्याइनु**-चिल्ल्याउनुको क.क्रि.। **चिल्ल्याइ**-भा.प्रे.धा.। **चिल्लिइनु**-चिल्लिनुको भा.क्रि.। **चिल्लिइ**-भा.धा.। **चिल्लिई, चिल्लिएर, चिल्लिन, चिल्लिंदै, चिल्लिउन्जेल, चिल्लिंदाखेरि**-कृ.अ.। **चिल्लिनू**-वि.। **चिल्लिऊन्**-इ.। **चिल्लेला**-स.। (अ.क्रि.-खसी मोटाएर चिल्लियो ।)

चिन्ह्नु-क्रि.मू.। **चिन्ह्**- आ.धा.। स.क्रि.; हे. चिन्नु । **चिन्हाइ** (चिन्ह्+आइ), **चिन्हारी** (चिन्ह्+आरी)-भा.ना.। **चिन्हाउनु**-प्रे.क्रि./स.क्रि.; परिचय गराउनु । **चिन्हाउ**-प्रे.धा.। **चिन्हाइनु**-चिन्हाउनुको क.क्रि.। **चिन्हाइ**-क.प्रे.धा.। **चिन्हिनु**- चिन्ह्नुको क.क्रि.। **चिन्हि**-क.धा.। **चिन्ही, चिन्हेर, चिन्हून, चिन्ह्दै, चिन्हुन्जेल, चिन्ह्दाखेरि**-कृ.अ.। **चिन्ह्नू**-वि.। **चिन्हून्**-इ.। **चिन्ह्ला**-स.। (स.क्रि. - धेरै अघि एकैपल्ट देखभेट भएपनि नेताजीले गाउँले कार्यकर्तालाई ट्याक्कै चिन्हे ।)

चिसिनु- क्रि.मू.। **चिसि**-आ.धा.। अ.क्रि.; चिसो हुनु, सेलाउनु, शङ्का उत्पन्न हुनु । **चिस्याइ** (चिसि+आइ)-भा.ना.। **चिस्याउनु**-प्रे.क्रि./स.क्रि.; चिसिने पार्नु । **चिस्याउ**-प्रे.धा.। **चिस्याइनु** -चिस्याउनुको क.क्रि.। **चिस्याइ**-भा.प्रे.धा.। **चिसिइनु**-चिसिनुको भा.क्रि.। **चिसिइ**-भा.धा.। **चिसिई, चिसिएर, चिसिन, चिसिंदै, चिसिउन्जेल, चिसिंदाखेरि**-कृ.अ.। **चिसिनू**-वि.। **चिसिऊन्**-इ.। **चिसेला**-स.। (अ.क्रि.-पकाएको धेरै बेर भयो, हिउँदको खाना चिसियो ।)

चिहिरिनु-क्रि.मू.। **चिहिरि**-आ.धा.। अ.क्रि.; तर्सिएर एक्कासि कराउनु, अतालिएर चिच्याउनु, दिलैदेखि स्वर फुटाएर रुनु । **चिहिऱ्याइ** (चिहिरि+आइ)-भा.ना.। **चिहिऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; चिहिरिने पार्नु । **चिहिऱ्याउ**-प्रे.धा.। **चिहिऱ्याइनु**-चिहिऱ्याउनुको क.क्रि.। **चिहिऱ्याइ** -भा.प्रे.धा.। **चिहिरिइनु**-चिहिरिनुको भा.क्रि.। **चिहिरिइ**-भा.धा.। **चिहिरिई, चिहिरिएर, चिहिरिन, चिहिरिंदै, चिहिरिउन्जेल, चिहिरिंदाखेरि**-कृ.अ.। **चिहिरिनू**- वि.। **चिहिरिऊन्**-इ.। **चिहिरेला**-स.। (अ.क्रि.-लामो दाह्रीवाल जोगीलाई देखेर बच्चा चिहिरियो ।)

चुँडाल्नु-क्रि.मू.। **चुँडाल्**-आ.धा.। स.क्रि.; डोरी आदिलाई छिनालेर टुक्रा पार्नु, चुंड्नु । **चुँडलाइ** (चुंडाल्+आइ) -भा.ना.। **चुँडालिनु**- चुंडाल्नुको क.क्रि.। **चुँडालि**-क.धा.। **चुँडाली, चुँडालेर, चुँडाल्न, चुँडाल्दै, चुँडालुन्जेल, चुँडाल्दाखेरि**-कृ.अ.। **चुँडाल्नू**-वि.। **चुँडालून्**-इ.। **चुँडाल्ला**-स.। (स.क्रि.-भैंसीले दाम्लो चुंडाल्यो ।)

चुँड्नु-क्रि.मू.। **चुँड्**- आ.धा.। स.क्रि.; हे. चुंडाल्नु । अ.क्रि.; छिन्नु, टुट्नु । **चुँडाइ** (चुंड्+आइ)-भा.ना.। **चुँडाउनु**-प्रे.क्रि./स.क्रि.; चुंड्न लगाउनु । **चुँडाउ** -प्रे.धा.। **चुँडाइनु**-चुंडाउनुको क.क्रि.। **चुँडाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **चुँडिनु**- चुंड्नुको क.क्रि./भा.क्रि.। **चुँडि**-क.धा./भा.धा.। **चुँडी, चुँडेर, चुँड्न, चुँड्दै, चुँडुन्जेल,**

चुँड्दाखेरि-कृ.अ.। **चुँड्नू**-वि.। **चुँड्न्**-इ.। **चुड्ला**- स.। (स.क्रि.-कमलाले बगैंचामा फूल चुँडी । अ.क्रि.-माइलीको पोतेको लुम चुँड्यो ।)

चुइँकनु-क्रि.मू.। **चुइँक**-आ.धा.। अ.क्रि.; विवश भएर काममा जोतिनु, चुइँचुइँ आवाज निकाल्नु, चुइँक्क पर्नु । **चुइँकाइ** (चुइँक+आइ)-भा.ना.। **चुइँकाउनु**-प्रे.क्रि./स.क्रि.; चुइँकने पार्नु । **चुइँकाउ**-प्रे.धा.। **चुइँकाइनु**-चुँइकाउनुको क.क्रि.। **चुइँकाइ**-भा.प्रे.धा.। **चुइँकिनु**-चुइँकनुको भा.क्रि.। **चुइँकि**-भा.धा.। **चुइँकी, चुइँकेर, चुइँकन, चुइँकँदै, चुइँकुन्जेल, चुइँकँदाखेरि**-कृ.अ.। **चुइँकनू**-वि.। **चुइँकून्**-इ । **चुइँकला**-स.। (अ.क्रि.-हडताली कर्मचारीहरू हिजोदेखि काममा चुइँके ।)

चुइँकिनु-क्रि.मू.। **चुइँकि**-आ.धा.। अ.क्रि.; **चुइँकनु** । **चुइँक्याइ** (चुइँकि+आइ)-भा.ना.। **चुइँक्याउनु** - प्रे.क्रि./स.क्रि.; चुइँकिने पार्नु । **चुइँक्याउ**- प्रे.धा.। **चुइँक्याइनु**-चुइँक्याउनुको क.क्रि.। **चुइँक्याइ** -भा.प्रे.धा.। **चुइँकिइनु**-चुइँकिनुको भा.क्रि.। **चुइँकिइ**-भा.धा.। **चुइँकिई, चुइँकिएर, चुइँकिन, चुइँकिँदै, चुइँकिउन्जेल, चुइँकिंदाखेरि**-कृ.अ.। **चुइँकिनू** -वि.। **चुइँकिऊन्**-इ.। चुइँकेला-स.। (अ.क्रि.-लगाएर हिंड्दा नयाँ जुत्ता चुइँकियो ।)

चुइँक्याउनु-क्रि.मू.। **चुइँक्याउ**-आ.धा.। स.क्रि.; करमा पार्नु, बेसरी, कस्नु, गन्हौं भारी बोक्नु । । **चुइँक्याइ** (चुइँक्याउ+आइ)-भा.ना.। **चुइँक्याइनु**-चुइँक्याउनुको क.क्रि., चुइँक्याउने काम गरिनु । **चुइँक्याइ**-क.धा.। **चुइँक्याई, चुइँक्याएर, चुइँक्याउन, चुइँक्याउँदै, चुइँक्याउन्जेल, चुइँक्याउँदाखेरि**-कृ.अ.। **चुइँक्याउनू**-वि.। चुइँक्याऊन्-इ.। चुइँक्याउला-स.। (स.क्रि.-भीमेले लाहुरेको भारी चुइँक्यायो ।)

चुकचुकाउनु-क्रि.मू.। चुकचुकाउ-आ.धा.। अ.क्रि.; पश्चात्ताप गर्नु, चुकचुकी लाग्नु, थकथकाउनु । चुकचुकाइ (चुकचुकाउ+आइ)-भा.ना.। चुकचुकाइनु-चुकचुकाउनुको भा.क्रि.। चुकचुकाइ-भा.धा.। चुकचुकाई, चुकचुकाएर, चुकचुकाउन, चुकचुकाउँदै, चुकचुकाउन्जेल, चुकचुकाउँदाखेरि-कृ.अ.। चुकचुकाउनू-वि.। चुकचुकाऊन्-इ.। चुकचुकाउला-स.। (अ.क्रि.-जनमोर्चा पार्टी रचनात्मक कार्य गर्न नसकेकोमा चुकचुकायो ।)

चुकचुकिनु-क्रि.मू.। चुकचुकि-आ.धा.। अ.क्रि.; चुकचुकाउनु, थकथकिनु । चुकचुक्याइ -(चुकचुकि+आइ)-भा.ना.। **चुकचुक्याउनु**-प्रे.क्रि./स.क्रि.; चुकचुकिने पार्नु थकथक्याउनु । चुकचुक्याउ -प्रे.धा.। **चुकचुक्याइनु**-चुकचुक्याउनुको क.क्रि.। **चुकचुक्याइ**-भा.प्रे.धा.। **चुकचुकिइनु**-चुकचुकिनुको भा.क्रि.। **चुकचुकिइ**-भा.धा.। **चुकचुकिई, चुकचुकिएर, चुकचुकिन, चुकचुकिँदै, चुकचुकिउन्जेल, चुकचुकिंदाखेरि**-कृ.अ.। **चुकचुकिनू**-वि.। **चुकचुकिऊन्**-इ.। **चुकचुकेला**- स.। (अ.क्रि.-विद्यार्थी जानी-जानी हिसाब बिगारेकोमा चुकचुकायो ।)

चुक्नु-क्रि.मू.। **चुक्**-आ.धा.। अ.क्रि.; मौका गुमाउनु, भूल गर्नु, बिराउनु, अपराध गर्नु, फच्चे हुनु, तिरिनु । **चुकाइ** (चुक्+आइ)-भा.ना.। **चुकाउनु** -प्रे.क्रि./स.क्रि.; चुक्न लाउनु । **चुकाइनु**-चुकाउनुको क.क्रि.। **चुकाइ**-भा.प्रे.धा.। **चुकिनु**-चुक्नुको भा.क्रि.। **चुकि**-भा.धा.। **चुकी, चुकेर, चुक्न, चुक्तै, चुकुन्जेल, चुक्दाखेरि**-कृ.अ.। **चुक्नू**-वि.। **चुकून्**-इ.। **चुक्ला**-स.। (अ.क्रि.-यो महिनाबाट मेरो सञ्चयकोषको ऋण बल्ल चुक्यो ।)

चुक्किनु-क्रि.मू.। **चुक्कि**-आ.धा.। अ.क्रि.; चर्किनु, चिरिनु, फुट्नु । **चुक्क्याइ** (चुक्कि+आइ)-भा.ना.। **चुक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; चुक्किने पार्नु । **चुक्क्याउ**-प्रे.धा.। **चुक्क्याइनु**-चुक्क्याउनुको-क.क्रि.। **चुक्क्याइ**-भा.प्रे.धा.। **चुक्किइनु**-चुक्किनुको भा.क्रि.। **चुक्किइ**-भा.धा.। **चुक्किई, चुक्किएर, चुक्किन, चुक्किँदै, चुक्किउन्जेल, चुक्किंदाखेरि**-कृ.अ.। **चुक्किनू**- वि.। **चुक्किऊन्**-इ.। **चुक्केला**-स.। (अ.क्रि.-मेरो नाडीको एउटा चुरी चुक्कियो ।)

चुक्तिनु-क्रि.मू.। **चुक्ति**-आ.धा.। अ.क्रि.; फर्छे हुनु, तिरिनु, चुक्ता पारिनु, टुङ्गिनु । **चुक्त्याइ** (चुक्ति+आइ)-भा.ना.। **चुक्त्याउनु** -प्रे.क्रि./स.क्रि.; फछ्र्याउनु, चुक्ता पार्नु । **चुक्त्याउ**-प्रे.धा.। **चुक्त्याइनु**-चुक्त्याउनुको क.क्रि.। **चुक्त्याइ**-भा.प्रे.धा.। **चुक्तिइनु**- चुक्तिनुको भा.क्रि.। **चुक्तिइ**-भा.धा.। **चुक्तिई, चुक्तिएर, चुक्तिन, चुक्तिँदै, चुक्तिउन्जेल, चुक्तिंदाखेरि**-कृ.अ.। **चुक्तिनू**- वि.। **चुक्तिऊन्**-इ.। **चुक्तेला**-स.। (अ.क्रि.-गैह्री खेत बेच्तापनि साहूको ऋण चुक्तिएन ।)

चुच्चिनु-क्रि.मू.। **चुच्चि**- आ.धा.। अ.क्रि.; तीखो हुनु, चुच्चो पर्नु । **चुच्च्याइ** (चुच्चि+आइ)-भा.ना.। **चुच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; तीखो बनाउनु, चुच्चो पार्नु । **चुच्च्याउ**-प्रे.धा.। **चुच्च्याइनु**-चुच्याउनुको क.क्रि.। **चुच्च्याइ**-भा.प्रे.धा.। **चुच्चिइनु**-चुच्चिनुको भा.क्रि.। **चुच्चिइ**-भा.धा.। **चुच्चिई, चुच्चिएर, चुच्चिन, चुच्चिँदै, चुच्चिउन्जेल, चुच्चिंदाखेरि**-कृ.अ.। **चुच्चिनू**-वि.।

चुच्चिऊन्-इ.। **चुच्चेला**-स.। (अ.क्रि.-फेवामा माछापुच्छ्रेको प्रतिविम्ब चुच्चियो ।)

चुद्नु-क्रि.मू.। **चुद्**-आ.धा.। स.क्रि.; हिर्काउनु, पिट्नु, कुट्नु, ठटाउनु । **चुटाइ** (चुद्+आइ)-भा.ना.। **चुटाउनु**-प्रे.क्रि./स.क्रि.; चुद्ने पार्नु, चुद्न लगाउनु । **चुटाउ**-प्रे.धा.। **चुटाइनु**-चुटाउनुको क.क्रि.। **चुटाइ**-क.प्रे.धा.। **चुटिनु**-चुद्नुको क.क्रि.। **चुटि**-क.धा.। **चुटी, चुटेर, चुद्न, चुद्तै, चुदुन्जेल, चुद्दाखेर**-कृ.अ.। **चुद्नू**-वि.। **चुदून्**-इ.। **चुद्ला**-स.। (स.क्रि.-गुण्डाहरूले महादेव गुरुङलाई निर्दयतापूर्वक चुटे ।)

चुठ्नु-क्रि.मू.। **चुठ्**-आ.धा.। अ.क्रि.; खाइसकेपछि हात, मुख पानीले धोएर सफा गर्नु, जूठो पखाल्नु । **चुठाइ** (चुठ्+आइ)-भा.ना.। **चुठाउनु**-प्रे.क्रि./स.क्रि.; चुठ्न लाउनु । **चुठाउ**-प्रे.धा.। **चुठाइनु**-चुठाउनुको क.क्रि.। **चुठाइ**-क.प्रे.धा.। **चुठिनु**-चुठ्नुको क.क्रि.। **चुठि**-क.धा.। **चुठी, चुठेर, चुठ्न, चुठ्तै, चुठुन्जेल, चुठ्दाखेरि**-कृ.अ.। **चुठ्नू**-वि.। **चुठून्**-इ.। **चुठ्ला**-स.। (स.क्रि.-गोपिलालले खाना खाएपछि हातमुख चुठे) ।

चुत्थिनु-क्रि.मू.। **चुत्थि**-आ.धा.। अ.क्रि.; चुत्थो हुनु, अपमानित हुनु, सबैभन्दा पछि पर्नु, होचिनु । **चुत्थ्याइ** (चुत्थि+आइ), **चुत्थ्याइँ** (चुत्थि+आइँ)-भा.ना.। **चुत्थ्याउनु**-प्रे.क्रि./स.क्रि.; चुत्थो पार्नु । **चुत्थ्याउ**-प्रे.धा.। **चुत्थ्याइनु**-चुत्थ्याउनुको क.क्रि.। **चुत्थ्याइ**-भा.प्रे.धा.। **चुत्थिइनु**-चुत्थिनुको भा.क्रि.। **चुत्थिइ**-भा.धा.। **चुत्थी, चुत्थेर, चुत्थिँदै, चुत्थिन, चुत्थिउन्जेल, चुत्थिंदाखेरि**-कृ.अ.। **चुत्थिनू**-वि.। **चुत्थिऊन्** -इ.। **चुत्थेला**-स.। (अ.क्रि.-नरपिचास कलाधर समाजबाट चुत्थियो ।)

चुन्नु-कि.मू.। **चुन्**-आ.धा । स.क्रि.; कपडामा बुट्टा भर्नु, मुजा पार्नु, रोज्नु, कुनै प्रक्रियाद्वारा प्रतिनिधि छान्नु । **चुनाइ** (चुन्+आइ)-भा.ना.। **चुनाउनु**-प्रे.क्रि./स.क्रि.; चुन्न लगाउनु । **चुनाउ**-प्रे.धा.। **चुनाइनु**-चुनाउनुको क.क्रि.। **चुनाइ**-क.प्रे.धा.। **चुनिनु**-चुन्नुको क.क्रि.। **चुनि**-क.धा.। **चुनी, चुनेर, चुन्न, चुन्दै, चुनुन्जेल, चुन्दाखेरि**-कृ.अ.। **चुन्नू**- वि.। **चुनून्**-इ.। **चुन्ला** -स.। (स.क्रि.-कक्षा तीनले सबभन्दा छाडा विद्यार्थीलाई मनिटर चुन्यो ।)

चुन्याउनु-क्रि.मू.। **चुन्याउ**-आ.धा.। स.क्रि.; खुम्चा पार्नु, मुज्याउनु, तहलाउनु । **चुन्याइ** (चुन्याउ+आइ)-भा.ना.। **चुन्याइनु**-चुन्याउनुको क.क्रि.। **चुन्याइ**-क.धा.। **चुन्याई, चुन्याएर, चुन्याउन, चुन्याउँदै, चुन्याउन्जेल, चुन्याउँदाखेरि**-कृ.अ.। **चुन्याउनू**-वि.। **चुन्याऊन्**-इ.। **चुन्याउला**-स.। (स.क्रि.-साहिंलीले फरिया चुन्याई ।)

चुपार्नु-क्रि.मू.। **चुपार्**-आ.धा.। स.क्रि.; तालुमा बग्ने गरी तेल राखेर चुपचुप शब्द आउने किसिमले थपथपाउनु । **चुपराइ** (चुपार्+आइ)-भा.ना.। **चुपारिनु**-चुपार्नुको क.क्रि.। **चुपारि**-क.धा.। **चुपारी, चुपारेर, चुपार्न, चुपार्दै, चुपारुन्जेल, चुपार्दाखेरि**-कृ.अ.। **चुपार्नू**-वि.। **चुपारून्**-इ.। **चुपार्ला**-स.। (स.क्रि.-आमाले बच्चाको तालुमा तेल चुपारिन् ।)

चुप्रनु-क्रि.मू.। **चुप्र**-आ.धा.। स.क्रि.; शरीर लचेप्रो हुन्जेल बालकलाई तेल लगाउनु । **चुप्राइ** (चुप्र+आइ)-भा.ना.। **चुप्राउनु**-प्रे.क्रि./स.कि.; चुप्रने पार्नु । **चुप्राउ**-प्रे.धा.। **चुप्राइनु**-चुप्राउनुको क.क्रि.। **चुप्राइ**-क.प्रे.धा.। **चुप्रिनु**-चुप्रनुको क.क्रि.। **चुप्रि** -क.धा.। **चुप्री, चुप्रेर, चुप्रन, चुप्रँदै, चुप्रुन्जेल, चुप्रँदाखेरि**-कृ.अ.। **चुप्रनू**-वि.। **चुप्रून्**-इ.। **चुप्रला**-स.। (स.क्रि.-मैले नुहाइदिएर बच्चालाई तेल चुप्रें ।)

चुप्रिनु-क्रि.मू.। **चुप्रि**-आ.धा.। स.क्रि.; हे. चुप्रनु । **चुप्र्याइ** (चुप्रि+आइ)-भा.ना.। **चुप्र्याउनु**-प्रे.क्रि./स.क्रि.; चुप्रने पार्नु । **चुप्र्याउ**-प्रे.धा.। **चुप्र्याइनु** -चुप्र्याउनुको क.क्रि.। **चुप्र्याइ**-क.प्रे.धा.। **चुप्रिइनु**-चुप्रिनुको-क.क्रि.। **चुप्रिइ**-क.धा.। **चुप्रिई, चुप्रिएर, चुप्रिन, चुप्रिँदै, चुप्रिउन्जेल चुप्रिंदाखेरि**-कृ.अ.। **चुप्रिनू**-वि.। **चुप्रिऊन्**-इ.। **चुप्रेला**-स.। (स.क्रि.-आमाले बालखलाई तेल चुप्रिन् ।)

चुभुर्किनु-क्रि.मू.। **चुभुर्कि**-आ.धा.। अ.क्रि.; थोरैथोरै हुनु, भाँडैपिच्छे अन्न हालिएको हुनु, भाँडैपिच्छे चुभुर्को राखिनु । **चुभुर्क्याइ** (चुभुर्कि+आइ)-भा.ना.। **चुभुर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; चुभुर्को पार्न लगाउनु । **चुभुर्क्याउ**-प्रे.धा.। **चुभुर्क्याइनु**-चुभुर्क्याउनुको क.क्रि.। **चुभुर्क्याइ**-भा.प्रे.धा.। **चुभुर्किइनु**-चुभुर्किनुको भा.क्रि.। **चुभुर्किइ**-भा.धा.। **चुभुर्किई, चुभुर्किएर, चुभुर्किंदै, चुभुर्किन, चुभुर्किउन्जेल, चुभुर्किंदाखेरि**-कृ.अ.। **चुभुर्किनू**-वि.। **चुभुर्किऊन्**-इ.। **चुभुर्केला**-स.। (अ.क्रि.-भण्डारका सबै भाँडाहरू चुभुर्किए ।)

चुभ्नु-क्रि.मू.। **चुभ्**-आ.धा.। अ.क्रि.; रोपिनु, गाडिनु, बिझ्नु । **चुभाइ** (चुभ्+आइ)-भा.ना.। **चुभाउनु**-प्रे.क्रि./स.क्रि.; चुभ्ने पार्नु, गडाउनु । **चुभाउ**-प्रे.धा.। **चुभाइनु**-चुभाउनुको क.क्रि.। **चुभाइ**-भा.प्रे.धा.। **चुभिनु**-चुभ्नुको भा.क्रि.। **चुभि**-भा.धा.। **चुभी, चुभेर, चुभ्न, चुभ्दै, चुभुन्जेल, चुभ्दाखेरि**-कृ.अ.। **चुभ्नू**-वि.। **चुभून्**-

इ.। **चुभ्ला**-स.। (अ.क्रि.-जङ्गलको बाटो हिंड्दा मेरो गोडामा एउटा काँडो चुभ्यो ।)

चुमुर्किनु-क्रि.मू.। **चुमुर्कि**-आ.धा.। अ.क्रि.; लुत्रुक्क पर्नु, विवश हुनु, चुमुक्क पर्नु, चाउरी पर्नु । **चुमुर्क्याइ** (चुमुर्कि+आइ)-भा.ना.। **चुमुर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; चुमुर्किने पार्नु । **चुमुर्क्याउ**-प्रे.धा.। **चुमुर्क्याइनु**-चुमुर्क्याउनुको क.क्रि.। **चुमुर्क्याइ**-भा.प्रे.धा.। **चुमुर्किइनु**-चुमुर्किनुको भा.क्रि.। **चुमुर्किइ**-भा.धा.। **चुमुर्किई, चुमुर्किएर, चुमुर्किन, चुमुर्किंदै, चुमुर्किउन्जेल, चुमुर्किंदाखेरि**-कृ.अ.। **चुमुर्किनू**-वि.। **चुमुर्किऊन्**-इ.। **चुमुर्केला**-स.। अ.क्रि.-स्कूलको कडा प्रशासनमा परेपछि उच्छृङ्खल विद्यार्थी बल्ल चुमुर्कियो ।)

चुम्नु-क्रि.मू.। **चुम्**-आ.धा.। स.क्रि.; म्वाइँ खानु, चुम्बन गर्नु, स्पर्श गर्नु । **चुमाइ** (चुम्+आइ)-भा.ना.। **चुमाउनु**-प्रे.क्रि./स.क्रि.; चुम्न लगाउनु, चुम्ने पार्नु । **चुमाउ**-प्रे.धा.। **चुमाइनु**-चुमाउनुको क.क्रि.। **चुमाइ**-क.प्रे.धा.। **चुमिनु**-चुम्नुको क.क्रि.। **चुमि**-क.धा.। **चुमी, चुमेर, चुम्न, चुम्दै, चुमुन्जेल, चुम्दाखेरि**-कृ.अ.। **चुम्नू**-वि.। **चुमून्**-इ.। **चुम्ला**-स.। (स.क्रि.- हिप्पीले हिप्पिनीको गाला चुम्यो ।)

चुम्किनु-क्रि.मू.। **चुम्कि**-आ.धा.। अ.क्रि.; चुमुक्क पर्नु, खुम्चिनु, ङिच्च पर्नु, हतोत्साह हुनु । **चुम्क्याइ** (चुम्कि+आइ)-भा.ना.। **चुम्क्याउनु**-प्रे.क्रि./स.क्रि.; चुमुक्क पार्नु । **चुम्क्याउ**-प्रे.धा.। **चुम्क्याइनु**-चुम्क्याउनुको क.क्रि.। **चुम्क्याइ**-भा.प्रे.धा.। **चुम्किइनु**-चुम्किनुको भा.क्रि.। **चुम्किइ**-भा.धा.। **चुम्की, चुम्केर, चुम्किन, चुम्किंदै, चुम्किउन्जेल, चुम्किंदाखेरि**-कृ.अ.। **चुम्किनू**-वि.। **चुम्किऊन्**-इ.। **चुम्केला**-स.। (अ.क्रि.-शिक्षकले बारम्बार पाठ सोधेपछि उच्छृङ्खल विद्यार्थी चुम्कियो ।)

चुरचुराउनु -क्रि.मू.। **चुरचुराउ**-आ.धा.। अ.क्रि.; चुलबुलाउनु, चलिरहनु, चराचुरुङ्गी आदिले चुरचुर आवाज निकाल्नु । **चुरचुराइ** (चुरचुराउ+आइ)-भा.ना.। **चुरचुराइनु**-चुरचुराउनुको भा.क्रि.। **चुरचुराइ**-भा.धा.। **चुरचुराई, चुरचुराएर, चुरचुराउन, चुरचुराउँदै, चुरचुराउन्जेल, चुरचुराउँदाखेरि**-कृ.अ.। **चुरचुराउनू**-वि.। **चुरचुराऊन्**-इ.। **चुरचुराउला**-स.। (अ.क्रि.-चराहरू जङ्गलमा चुरचुराए ।)

चुरचुरिनु-क्रि.मू.। **चुरचुरि**-आ.धा.। अ.क्रि.; हे. चुरचुराउनु । **चुरचुर्‍याइ** (चुरचुरि+आइ)-भा.ना.। **चुरचुरिइनु**-चुरचुरिनुको भा.क्रि.। **चुरचुरिइ**-भा.धा.। **चुरचुरिई, चुरचुरिएर, चुरचुरिन, चुरचुरिंदै, चुरचुरिउन्जेल, चुरचुरिंदाखेरि**-कृ.अ.। **चुरचुरिनू**-वि.। **चुरचुरिऊन्**-इ.। **चुरचुरेला**-स.। (अ.क्रि.-प्रभात फेरी लाउँदै चराहरू चुरचुरिए ।)

चुरमुरिनु-क्रि.मू.। **चुरमुरि**-आ.धा.। अ.क्रि.; आवेगले जुरमुराउनु, रिसले चुर हुनु, बाँधिनु । **चुरमुर्‍याइ** (चुरमुरि+आइ)-भा.ना.। **चुरमुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; कसेर बाँध्नु, कुरमुर्‍याउनु, चुरमुरिने पार्नु । **चुरमुर्‍याउ**-प्रे.धा.। **चुरमुर्‍याइनु**-चुरमुर्‍याउनुको क.क्रि.। **चुरमुर्‍याइ**-भा.प्रे.धा.। **चुरमुरिइनु**-चुरमुरिनुको भा.क्रि.। **चुरमुरिइ**-भा.धा.। **चुरमुरिई, चुरमुरिएर, चुरमुरिन, चुरमुरिंदै, चुरमुरिउन्जेल, चुरमुरिंदाखेरि**-कृ.अ.। **चुरमुरिनू** -वि.। **चुरमुरिऊन्**-इ.। **चुरमुरेला**-स.। (अ.क्रि.-पंचायती दमनकारी शासन विरुद्ध नेपाली जनता एक ढिक्को भई चुरमुरिए ।)

चुरिनु-क्रि.मू.। **चुरि**-आ.धा.। अ.क्रि.; नशाले सुरिनु, रन्कनु, रिसले जल्नु, थकाइले ग्रस्त हुनु । **चुर्‍याइ** (चुरि+आइ)-भा.ना.। **चुर्‍याउनु**- प्रे.क्रि./स.क्रि.; चुरिने पार्नु । **चुर्‍याउ**-प्रे.धा.। **चुर्‍याइनु**-चुर्‍याउनुको क.क्रि.। **चुर्‍याइ**-भा.प्रे.धा.। **चुरिइनु**-चुरिनुको भा.क्रि.। **चुरिइ**-भा.धा.। **चुरिई, चुरिएर, चुरिन, चुरिंदै, चुरिउन्जेल, चुरिंदाखेरि**-कृ.अ.। **चुरिनू**-वि.। **चुरिऊन्**- इ.। **चुरेला**-स.। (अ.क्रि.-घनप्रसाद लामिछाने रक्सी धोकेर चुरियो ।)

चुर्रिनु-क्रि.मू.। **चुर्रि**-आ.धा.। अ.क्रि.; रिसले चूर हुनु, चुरिनु । **चुर्‍र्याइ** (चुर्रि+आइ)-भा.ना.। **चुर्‍र्याउनु**-प्रे.क्रि./स.क्रि.; चुर्रिने पार्नु । **चुर्‍र्याउ**-प्रे.धा.। **चुर्‍र्याइनु**-चुर्‍र्याउनुको क.क्रि.। **चुर्‍र्याइ**-भा.प्रे.धा.। **चुर्रिइनु**-चुर्रिनुको भा.क्रि.। **चुर्रिइ**-भा.धा.। **चुर्रिई, चुर्रिएर, चुर्रिन, चुर्रिंदै, चुर्रिउन्जेल, चुर्रिंदाखेरि**-कृ.अ.। **चुर्रिनू**-वि.। **चुर्रिऊन्**-इ.। **चुर्रेला**-स.। (अ.क्रि.-हरुवा साँढे भित्रभित्रै चुर्रियो ।)

चुलबुलाउनु-क्रि.मू.। **चुलबुलाउ**-आ.धा.। अ.क्रि.; चुलबुल गर्नु, चञ्चल बन्नु, चकचक गर्नु । **चुलबुलाइ** (चुलबुलाउ+आइ)-भा.ना.। **चुलबुलाइनु**-चुलबुलाउनुको भा.क्रि.। **चुलबुलाइ** -भा.धा.। **चुलबुलाई, चुलबुलाएर, चुलबुलाउन, चुलबुलाउँदै, चुलबुलाउन्जेल, चुलबुलाउँदाखेरि**-कृ.अ.। **चुलबुलाउनू**-वि.। **चुलबुलाऊन्**-इ.। **चुलबुलाउला**-स.। (अ.क्रि.-होटेल माछापुच्छ्रेकी एउटी केटी अस्पताल प्रशाखामा बसेर चुलबुलाई ।)

चुलिनु-क्रि.मू.। **चुलि**-आ.धा.। अ.क्रि.; अग्लो हुनु, झुसी हुनु, सम्पन्न हुनु । **चुल्याइ** (चुलि+आइ)-भा.ना.। **चुल्याउनु**-प्रे.क्रि./स.क्रि.; चुली पार्नु, झुस्याउनु । **चुल्याउ**-प्रे.धा.। **चुल्याइनु**-चुल्याउनुको क.क्रि.। **चुल्याइ**-भा.प्रे.धा.। **चुलिइनु**-चुलिनुको भा.क्रि.। **चुलिइ**-भा.धा.। **चुलिई, चुलिएर, चुलिन, चुलिंदै, चुलिउन्जेल, चुलिंदाखेरि**-कृ.अ.। **चुलिनू**-वि.। **चुलिऊन्**-इ.। **चुलेला**-स.। (अ.क्रि.-शिशिरको मनास्लु हिमाल झन् चुलियो ।)

चुस्नु-क्रि.मू.। **चुस्**-आ.धा.। स.क्रि.; कुनै वस्तु मुखले निचोरी रस निल्नु, शोषण गर्नु । **चुसाइ** (चुस्+आइ)-भा.ना.। **चुसाउनु**- प्रे.क्रि./स.क्रि., चुस्न लगाउनु, सोसाउनु । **चुसाउ**-प्रे.धा.। **चुसाइनु**-चुसाउनुको क.क्रि.। **चुसाइ**-क.प्रे.धा.। **चुसिनु**-चुस्नुको क.क्रि.। **चुसि**-क.धा.। **चुसी, चुसेर, चुस्न, चुस्तै, चुसुन्जेल, चुस्दाखेरि**-कृ.अ.। **चुस्नू**-वि.। **चुसून्**-इ.। **चुस्ला**-स.। (स.क्रि.-हरिबहादुर अधिकारीले पाकेको आँप चुस्यो ।)

चुहिनु-क्रि.मू.। **चुहि**-आ.धा.। अ.क्रि.; प्वालबाट छिर्नु, रसाउनु, तरल पदार्थ, धूलो जस्ता वस्तु भाँडोमा प्वाल परेर अलिअलि गरी निस्कनु । **चुह्याइ** (चुहि+आइ)-भा.ना.। **चुहिइनु**- चुहिनुको भा.क्रि.। **चुहिइ** -भा.धा.। **चुहिई, चुहिएर, चुहिन, चुहिंदै, चुहिउन्जेल, चुहिंदाखेरि**-कृ.अ.। **चुहिनू**-वि.। **चुहिऊन्**-इ.। **चुहेला**-स.। (अ.क्रि.-पानीको गाग्री चुहियो ।)

चुहुनु-क्रि.मू.। **चुहु**-आ.धा.। अ.क्रि.; हे. चुहिनु । **चुहाइ चुवाइ/चुह्राइ** (चुहु+आइ)-भा.ना.। **चुहाउनु चुवाउनु/चुह्राउनु**-प्रे.क्रि./स.क्रि.; चुहुने पार्नु, चुहुने बनाउनु । **चुहाउ चुवाउ/चुह्राउ**-प्रे.धा.। **चुहावट** (चुहाउ+आवट), **चुहाउनी** (चुहाउ+नी)-भा.ना.। **चुहाइनु/चुवाइनु/चुह्राइनु**-चुहाउनुको क.क्रि.। **चुहाइ/चुवाइ/चुह्राइ**-भा.प्रे.धा.। **चुहिनु**-चुहुनुको भा.क्रि.। **चुहि**-भा.धा.। **चुही, चुहेर, चुहुन, चुहुँदै, चुहुन्जेल, चुहुँदाखेरि**-कृ.अ.। **चुहुनू**-वि.। **चुहून्**-इ.। **चुहेला**-स.। (अ.क्रि.-पुरानो जर्किनमा राखेको मट्टितेल चुह्यो ।)

चेत्नु-क्रि.मू.। **चेत्**-आ.धा.। अ.क्रि.; पूर्व अनुभवको आधारमा होशियारी बन्नु, तोबा हुनु, कहिल्यै नबिर्सने ज्ञान प्राप्त हुनु । **चेताइ** (चेत्+आइ)-भा.ना.। **चेताउनु**-प्रे.क्रि./स.क्रि.; चेत्न लाउनु । **चेताउ**-प्रे.धा.। **चेताइनु**-चेताउनुको क.क्रि.। **चेताइ**-भा.प्रे.धा.। **चेतिनु**-चेत्नुको भा.क्रि.। **चेति** -भा.धा.। **चेती, चेतेर, चेत्न, चेत्दै, चेतुन्जेल, चेत्दाखेरि**-कृ.अ.। **चेत्नू**-वि.। **चेतून्**-इ.। **चेत्ला**-स.। (अ.क्रि.-स्वास्नी मरेपछि त्यसले बल्ल चेत्यो ।)

चेप्नु-क्रि.मू.। **चेप्**-आ.धा.। स.क्रि.; जोडले थिच्नु, बेसरी दाब्नु, करेपमा पार्नु, दिसा आदि निस्कन जोड गर्नु, च्याप्नु । **चेपाइ** (चेप्+आइ), **चेपुवा** (चेप्+उवा), **चेपारो** (चेप्+आरो)-भा.ना.। **चेपाउनु**-प्रे.क्रि./स.क्रि.; चेप्न लगाउनु, चेप्ने पार्नु । **चेपाउ**-प्रे.धा.। **चेपाइनु**-चेपाउनुको क.क्रि.। **चेपाइ**-क.प्रे.धा.। **चेपिनु**-चेप्नुको क.क्रि.। **चेपि**-क.धा.। **चेपी, चेपेर, चेप्न, चेप्तै, चेपुन्जेल, चेप्दाखेरि**-कृ.अ.। **चेप्नू**-वि.। **चेपून्**-इ.। **चेप्ला**-स.। (स.क्रि.-मेसिनले एक जना कामदारको हात चेप्यो ।)

चेप्टिनु-क्रि.मू.। **चेप्टि**-आ.धा.। अ.क्रि.; चेप्टो हुनु, थेप्चिनु । **चेप्ट्याइ** (चेप्टि+आइ)-भा.ना.। **चेप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; चेप्टिन लाउनु, चेप्टो पार्नु । **चेप्ट्याउ**-प्रे.धा.। **चेप्ट्याहट** (चेप्ट्याउ+आहट)-भा.ना.।**चेप्ट्याइनु**-चेप्ट्याउनुको क.क्रि.। **चेप्ट्याइ**-भा.प्रे.धा.। **चेप्टिइनु**-चेप्टिनुको भा.क्रि.। **चेप्टिइ**-भा.धा.। **चेप्टिई, चेप्टिएर, चेप्टिन, चेप्टिंदै, चेप्टिउन्जेल, चेप्टिंदाखेरि**-कृ.अ.। **चेप्टिनू**-वि.। **चेप्टिऊन्**-इ.। **चेप्टेला**-स.। (अ.क्रि.-कोलमा हालेको उखु चेप्टियो ।)

चेप्रिनु-क्रि.मू.। **चेप्रि**-आ.धा.। अ.क्रि.; चेप्रो हुनु, च्याप्प परेर सुक्नु, चेपारो पर्नु । **चेप्र्याइ** (चेप्रि+आइ)-भा.ना.। **चेप्र्याउनु**-प्रे.क्रि/स.क्रि.; चेप्रो हुन लगाउनु, चेप्रो पार्नु, ओठ लेब्र्याउनु । **चेप्र्याउ**-प्रे.धा.। **चेप्र्याइनु**-चेप्र्याउनुको क.क्रि.। **चेप्र्याइ**-भा.प्रे.धा.। **चेप्रिइनु**-चेप्रिनुको भा.क्रि.। **चेप्रिइ**-भा.धा.। **चेप्रिई, चेप्रिएर, चेप्रिन, चेप्रिंदै, चेप्रिउन्जेल, चेप्रिंदाखेरि**-कृ.अ.। **चेप्रिनू**-वि.। **चेप्रिऊन्**-इ.। **चेप्रेला**-स.। (अ.क्रि.-त्यो मानिस आफ्नी स्वास्नीसँग चेप्रियो । मेरो गोडाको घाउ चेप्रियो ।)

चेभ्रिनु-क्रि.मू.। **चेभ्रि**-आ.धा.। अ.क्रि.; चेभ्राइ पार्ने हुनु, चेभ्रे हुनु । **चेभ्र्याइँ** (चेभ्रि+आइँ)-भा.ना.। **चेभ्र्याउनु**-प्रे.क्रि./स.क्रि.; चेभ्रिने पार्नु । **चेभ्र्याउ**-प्रे.धा.। **चेभ्र्याइनु**-चेभ्र्याउनुको क.क्रि.। **चेभ्र्याइ**-भा.प्रे.धा.। **चेभ्रिइनु**-चेभ्रिनुको भा.क्रि.। **चेभ्रिइ**-भा.धा.। **चेभ्रिई, चेभ्रिएर, चेभ्रिन, चेभ्रिंदै, चेभ्रिउन्जेल, चेभ्रिंदाखेरि**-कृ.अ.। **चेभ्रिनू**-वि.। **चेभ्रिऊन्**-इ.। **चेभ्रेला**-स.। (अ.क्रि.-अग्ली त्यो, गोरी केटी धेरैबेरसम्म केटाहरूसित चेभ्रिई ।)

चोइटिनु-क्रि.मू.। **चोइटि**-आ.धा.। अ.क्रि.; चोइटो पर्नु, ठूलो वस्तुबाट सानो टुक्रा निस्कनु । **चोइट्याइ** (चोइटि+आइ)-भा.ना.। **चोइट्याउनु**-प्रे.क्रि./स.क्रि.; चोइटो पार्नु, टुक्र्याउनु । **चोइट्याउ**-प्रे.धा.। **चोइट्याइनु**-

चोइट्याउनुको क.क्रि.। **चोइट्याइ**-भा.प्रे.धा.। **चोइटिइनु**-चोइटिनुको भा.क्रि.। **चोइटिइ**-भा.धा.। **चोइटिई, चोइटिएर, चोइटिन, चोइटिंदै, चोइटिउन्जेल, चोइटिंदाखेरि**-कृ.अ.। **चोइटिनू**-वि.। **चोइटिऊन्**-इ.। **चोइटेला**-स.। (अ.क्रि.-दोहोरो बञ्चरा हान्दापनि मुडो चोइटियो, फुटेन।)

चोइलिनु-क्रि.मू.। **चोइलि**-आ.धा.। अ.क्रि.; सेलाएको भात, ढिडो आदि पनिउले भाँडोबाट झिक्ता सारो ढेलो पर्नु, सेलाएको भात पनिउले निकाल्दा चोइली पर्नु । **चोइल्याइ** (चोइलि+आइ)-भा.ना.। **चोइल्याउनु**-प्रे.क्रि./स.क्रि.; चोइली पार्नु । **चोइल्याउ**- प्रे.धा.। **चोइल्याइनु**-चोइल्याउनुको क.क्रि.। **चोइल्याइ**-भा.प्रे.धा.। **चोइलिइनु**-चोइलिनुको भा.क्रि.। **चोइलिइ** -भा.धा.। **चोइलिई, चोइलिएर, चोइलिन, चोइलिंदै, चोइलिउन्जेल, चोइलिंदाखेरि**-कृ.अ.। **चोइलिनू**-वि.। **चोइलिऊन्**-इ.। **चोइलेला**-स.। (अ.क्रि.- भाँडोबाट पनिउले झिक्ता भात चोइलियो ।)

चोक्रिनु-क्रि.मू.। **चोक्रि**-आ.धा.। अ.क्रि.; छोका र पानी छुट्टिने हुनु, चोकर (गहुँ, मकै आदिको बोक्रा) मा परिणत हुनु, चोक्रा पर्नु । **चोक्र्याइ** (चोक्रि+आइ)-भा.ना.। **चोक्र्याउनु** -प्रे.क्रि./स.क्रि.; चोक्रिने पार्नु । **चोक्र्याउ**-प्रे.धा.। **चोक्र्याइनु**-चोक्रिनुको भा.क्रि.। **चोक्रिइ**-भा.धा.। **चोक्रिई, चोक्रिएर, चोक्रिन, चोक्रिंदै, चोक्रिउन्जेल, चोक्रिंदाखेरि**-कृ.अ.। **चोक्रिनू**- वि.। **चोक्रिउन्**-इ.। **चोक्रेला**-स.। (अ.क्रि.-आज दही चोक्रियो, मीठो छैन ।)

चोखिनु-क्रि.मू.। **चोखि**-आ.धा.। अ.क्रि.; चोखो हुनु, पवित्र हुनु, शुद्ध हुनु । **चोख्याइ** (चोखि+आइ)-भा.ना.। **चोख्याउनु**-प्रे.क्रि./स.क्रि.; चोखो हुने पार्नु, पवित्र तुल्याउनु । **चोख्याउ**- प्रे.धा.। **चोख्याइनु**-चोख्याउनुको क.क्रि.। **चोख्याइ**-भा.प्रे.धा.। **चोखिइनु**- चोखिनुको भा.क्रि.। **चोखिइ** -भा.धा.। **चोखिई, चोखिएर, चोखिन, चोखिंदै, चोखिउन्जेल, चोखिंदाखेरि**-कृ.अ.। **चोखिनू**-वि.। **चोखिऊन्**-इ.। **चोखेला**-स.। (अ.क्रि.-डाँडा गाउँको सूतकाशौच चोखियो ।)

चोथ्नु-क्रि.मू.। **चोथ्**-आ.धा.। स.क्रि.; बोक्रो उप्काउनु, लाछ्नु, लछार्नु । **चोथाइ** (चोथ्+आइ)-भा.ना.। **चोथाउनु**-प्रे.क्रि./स.क्रि.; चोथ्न लगाउनु, चोथ्ने पार्नु । **चोथाउ**-प्रे.धा.। **चोथाइनु**-चोथाउनुको क.क्रि.। **चोथाइ**-क.प्रे.धा.। **चोथिनु**-चोथ्नुको क.क्रि.। **चोथि** -क.धा.। **चोथी, चोथेर, चोथ्न, चोथ्तै, चोथुन्जेल, चोथ्दाखेरि**-कृ.अ.। **चोथ्नू**-वि.। **चोथून्**-इ.। **चोथ्ला**-स.। (स.क्रि.-साहूमाइलाले बडरको पाउला चोथ्यो ।)

चोपल्नु-क्रि.मू.। **चोपल्**-आ.धा.। स.क्रि.; पानी आदि तरल पदार्थमा डुबाउनु, चोब्नु । **चोपलाइ** (चोपल्+आइ)-भा.ना.। **चोपलाउनु**-प्रे.क्रि./स.क्रि.; चोपल्न लाउनु । **चोपलाउ**-प्रे.धा.। **चोपलाइनु**-चोपलाउनुको क.क्रि.। **चोपलाइ**-क.प्रे.धा.। **चोपलिनु**-चोपल्नुको क.क्रि.। **चोपलि**-क.धा.। **चोपली, चोपलेर, चोपल्न, चोपल्दै, चोपलुन्जेल, चोपल्दाखेरि**-कृ.अ.। **चोपल्नू**-वि.। **चोपलून्** -इ.। **चोपल्ला**-स.। (स.क्रि.-तिनीहरूले कुवामा फोहर-भाँडा चोपले ।)

चोप्नु-क्रि.मू.। **चोप्**-आ.धा.। स.क्रि.; डुबाउनु, चोब्नु । **चोपाइ** (चोप्+आइ)-भा.ना.। **चोपाउनु**-प्रे.क्रि./स.क्रि.; चोप्न लगाउनु, चोप्ने गराउनु । **चोपाउ**-प्रे.धा.। **चोपाइनु**-चोपाउनुको क.क्रि.। **चोपाइ**-क.प्रे.धा.। **चोपिनु**-चोप्नुको क.क्रि.। **चोपि**-क.धा.। **चोपी, चोपेर, चोप्न, चोप्तै, चोपुन्जेल, चोप्दाखेरि**-कृ.अ.। **चोप्नू**-वि.। **चोपून्**-इ.। **चोप्ला**-स.। (स.क्रि. - त्यसले दूधको गिलासमा फोहरी हात चोप्यो ।)

चोबल्नु-क्रि.मू.। **चोबल्**-आ.धा.। स.क्रि.; हे. चोपल्नु । (स.क्रि.-भान्सेले काटेको कुखुरालाई उमालेको पानीमा चोबल्यो ।)

चोब्नु-क्रि.मू.। **चोब्**-आ.धा.। स.क्रि.; हे. चोप्नु । (सं.क्रि.-मैले मसी-दानीमा कलम चोबें ।)

चोभल्नु-क्रि.मू.। **चोभल्**-आ.धा.। स.क्रि.; हे. चोपल्नु । (स.क्रि-त्यो मोटे पर्यटकले तातोपानीमा गोडा चोभल्यो ।)

चोभ्नु-क्रि.मू.। **चोभ्**-आ.धा.। स.क्रि.; हे. चोप्नु । (स.क्रि.-किसानले जिम्मु झानेको दालमा ढिंडो चोभ्यो ।)

चोर्नु-क्रि.मू.। **चोर्** -आ.धा.। स.क्रि.; लामो हात गर्नु, मालधनीले थाहा नपाउने गरी उसको सम्पत्ति सुटुक्क लिनु, चोरी गर्नु। **चोराइ** (चोर्+आइ)-भा.ना.। **चोराउनु**-प्रे.क्रि./स.क्रि.; चोर्न लगाउनु । **चोराउ** -प्रे.धा.। **चोराइनु**-चोराउनुको क.क्रि.। **चोराइ**-क.प्रे.धा.। **चोरिनु**-चोर्नुको क.क्रि.। **चोरि**-क.धा.। **चोरी, चोरेर, चोर्न, चोर्दै, चोरुन्जेल, चोर्दाखेरि**-कृ.अ.। **चोर्नू**-वि.। **चोरून्**-इ.। **चोर्ला**-स.। (स.क्रि.-ती मोटी आइमाईले भ्रमणमा जाँदा कालिकाका बहुमूल्य चीजहरू खुसुक्क चोरिन् ।)

चोसिनु-क्रि.मू.। **चोसि**-आ.धा.। अ.क्रि.; चोसो पर्नु, चुस्स

पर्नु, चोसे अकारको हुनु । **चोस्याइ** (चोसि+आइ)-भा.ना.। **चोस्याउनु**-प्रे.क्रि./स.क्रि.; चुच्चो तुल्याउनु, चोसो पार्नु । **चोस्याउ**-प्रे.धा.। **चोस्याइनु**-चोस्याउनुको क.क्रि.। **चोस्याइ**-भा.प्रे.धा.। **चोसिइनु**-चोसिनुको भा.क्रि.। **चोसिइ**-भा.धा.। **चोसिई, चोसिएर, चोसिन, चोसिँदै, चोसिउन्जेल, चोसिंदाखेरि**-कृ.अ.। **चोसिनू**- वि.। **चोसिऊन्**-इ.। **चोसेला**-स.। (अ.क्रि.-अजयको चित्र चोसियो ।)

चौखुरिनु-क्रि.मू.। **चौखुरि**-आ.धा.। अ.क्रि.; चारै हातखुट्टा एकै ठाउँमा पारी बाँधेर लडाउनु, पाता कस्नु । **चौखुऱ्याइ** (चौखुरि+आइ)-भा.ना.। **चौखुऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; चौखुरिने पार्नु । **चौखुऱ्याउ**-प्रे.धा.। **चौखुऱ्याइनु**-चौखुऱ्याउनुको क.क्रि.। **चौखुऱ्याइ**-भा.प्रे.धा.। **चौखुरिइनु**-चौखुरिनुको भा.क्रि.। **चौखुरिइ** -भा.धा.। **चौखुरिई, चौखुरिएर, चौखुरिन, चौखुरिँदै, चौखुरिउन्जेल, चौखुरिंदाखेरि**-कृ.अ.। **चौखुरिनू**-वि.। **चौखुरिऊन्**-इ.। **चौखुरेला**-स.। (अ.क्रि.-काँकडभित्ता भएर दार्जिलिङ चोरी निकासी गर्न लाग्दा समातिएको खुँखार तस्कर बल्ल डि.एस.पि. कार्यालयमा चौखुरियो ।)

चौटिनु-क्रि.मू.। **चौटि**-आ.धा.। अ.क्रि.; चौटा पर्नु, चौटा-चौटामा छुट्टिनु, टुक्रिनु । **चौट्याइ** (चौटि+आइ)-भा.ना.। **चौट्याउनु**- प्रे.क्रि./स.क्रि.; टुक्रा पार्नु, टुक्र्याउनु । **चौट्याउ**-प्रे.धा.। **चौट्याइनु** -चौट्याउनुको क.क्रि.। **चौट्याइ**-भा.प्रे.धा.। **चौटिइनु**-चौटिनुको भा.क्रि.। **चौटिइ**-भा.धा.। **चौटिई, चौटिएर, चौटिन, चौटिँदै, चौटिउन्जेल, चौटिंदाखेरि**-कृ.अ.। **चौटिनू**-वि.। **चौटिऊन्**-इ.। **चौटेला**-स.। (अ.क्रि.-महादेवले बोक्ता-बोक्तै सतीदेवीको लास चौटियो ।)

च्याँट्ठिनु-क्रि.मू.। **च्याँट्टि** -आ.धा.। अ.क्रि.; रिसाएर बोल्नु, झर्किनु । **च्यट्टयाइ** (च्याँट्टि+आइ)-भा.ना.। **च्याँट्टिइनु**-च्याँट्टिनुको भा.क्रि.। **च्याँट्टिइ**- भा.धा.। **च्याँट्टिई, च्याँट्टिएर, च्याँट्टिन, च्याँट्टिँदै, च्याँट्टिउन्जेल, च्याँट्टिंदाखेरि**-कृ.अ.। **च्याँट्टिनू**-वि.। **च्याँट्टिऊन्**-इ.। **च्याट्टेला**-स.। (अ.क्रि.-आज दिलबहादुर वेफ्वाँकमा शिवहरिसँग च्याँट्टियो ।)

च्याँठिनु-क्रि.मू.। **च्याँठि**-आ.धा.। अ.क्रि.; हे. च्याँट्टिनु । (अ.क्रि.-प्रज्वल लालचन गृहकार्य नजानेर आफैंसँग च्याँठियो ।)

च्याउनु-क्रि.मू.। **च्याउ**-आ.धा.। स.क्रि.; हे. चियाउनु । (स.क्रि.-त्यसले झ्यालबाट भित्रका वस्तुलाई च्यायो ।)

च्यात्नु-क्रि.मू.। **च्यात्**-आ.धा.। स.क्रि.; टुक्र्याउनु, फार्नु, टुक्रा पार्नु । **च्यताइ** (च्यात्+आइ)-भा.ना.। **च्यातिनु**-च्यात्नुको क.क्रि.। **च्याति**-क.धा.। **च्याती, च्यात्न, च्यातेर, च्यात्तै, च्यातुन्जेल, च्यात्दाखेरि**-कृ.अ.। **च्यात्नू**-वि.। **च्यातून्**-इ.। **च्यात्ला**-स.। (स.क्रि.-शनकबहादुरले साहूको तमसुक ध्यार्र च्यात्यो ।)

च्याप्नु-क्रि.मू.। **च्याप्**-आ.धा.। स.क्रि.; दुईतिरबाट चेप्नु, अँठ्याउनु, पिसाबले ग्रस्त पार्नु । **च्यपाइ** (च्याप्+आइ)-भा.ना.। **च्यापिनु**-च्याप्नुको क.क्रि.। **च्यापि**- क.धा.। **च्यापी, च्यापेर, च्याप्न, च्याप्तै, च्यापुन्जेल, च्याप्दाखेरि**-कृ.अ.। **च्याप्नू**-वि.। **च्यापून्**-इ.। **च्याप्ला**-स.। (स.क्रि.-चिलले कुखुरा च्याप्यो । मलाई पिशाबले च्याप्यो ।)

च्याप्टिनु-क्रि.मू.। **च्याप्टि**-आ.धा.। अ.क्रि.; थिचिएर च्याप्टो हुनु, दुई वस्तुको चेपमा परेर थिचिनु, चेप्टिनु । **च्यप्ट्याइ** (च्याप्टि+आइ), (च्यप्ट्याउ+आइ)-भा.ना.। **च्यप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; च्याप्टिने पार्नु । **च्यप्ट्याउ**-प्रे.धा.। **च्यप्ट्याइनु**-च्यप्ट्याउनुको क.क्रि.। **च्यप्ट्याइ**-भा.प्रे.धा.। **च्याप्टिइनु**-च्याप्टिनुको भा.क्रि.। **च्याप्टिइ**-भा.धा.। **च्याप्टिई, च्याप्टिएर, च्याप्टिन, च्याप्टिँदै, च्याप्टिउन्जेल, च्याप्टिंदाखेरि**-कृ.अ.। **च्याप्टिऊनू**-वि.। **च्याप्टिऊन्**-इ.। **च्याप्टेला**-स.। (अ.क्रि.-कालो धनको लोभले गिरोहहरूको समूहमा लाग्दा दामप्रसादको बुद्धि च्याप्टियो ।)

छ

छँटाउनु-क्रि.मू.। **छँटाउ**-आ.धा.। अ.क्रि.; बहुलाउनु, सन्कनु, छाँटा चढ्नु । **छँटाइ** (छँटाउ+आइ)-भा.ना., छँटाउने भाव । **छँटाइनु** -छँटाउनुको भा.क्रि.। **छँटाइ** -भा.धा.। **छँटाई, छँटाएर, छँटाउन, छँटाउँदै, छँटाउन्जेल, छँटाउँदाखेरि**-कृ.अ.। **छँटाउनू**- वि.। **छँटाऊन्**-इ.। **छँटाउला**-स.। (अ.क्रि.-तीस वर्षसम्म नेपालमा पंचायत छँटायो ।)

छकाउनु-क्रि.मू.। **छकाउ**-आ.धा.। स.क्रि.; छल्नु, ढाँट्नु । **छकाइ** (छकाउ+आइ)-भा.ना.। **छकाइनु**-छकाउनुको क.क्रि.। **छकाइ** -क.धा.। **छकाई, छकाएर, छकाउन, छकाउँदै, छकाउन्जेल, छकाउँदाखेरि**-कृ.अ.।

छकाउनू-वि.। **छकाऊन्**-इ.। **छकाउला**-स.। (स.क्रि.-पंचायती गिरोहले नेपाली जनतालाई मात्र होइन राजालाई पनि छकाउनसम्म छकायो ।)

छकिनु-क्रि.मू.। **छकि**-आ.धा.। अ.क्रि.; धोकामा पर्नु, जिल्लिनु, भुल्नु, छलिनु, छलमा पर्नु । **छक्याइ** (छकि+आइ)-भा.ना.। **छक्याउनु**-प्रे.क्रि./स.क्रि.; छकिने पार्नु । **छक्याउ**-प्रे.धा.। **छक्याइनु**-छक्याउनुको क.क्रि.। **छक्याइ**-भा.प्रे.धा.। **छकिइनु**-छकिनुको भा.क्रि.। **छकिइ**-भा.धा.। **छकिई, छकिएर, छकिन, छकिँदै, छकिउन्जेल, छकिंदाखेरि**-कृ.अ.। **छकिनू**-वि.। **छकिऊन्**-इ.। **छकेला**-स.। (अ.क्रि.-हेटौंडामा सोझा विद्यार्थीहरू छकिए ।)

छक्किनु-क्रि.मू.। **छक्कि**-आ.धा.। अ.क्रि.; हे. छकिनु । **छक्क्याइ** (छक्कि+आइ)-भा.ना.। **छक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; छकाउनु । **छक्क्याउ** -प्रे.धा.। **छक्क्याइनु** -छक्क्याउनुको क.क्रि.। **छक्क्याइ**-भा.प्रे.धा.। **छक्किइनु**-छक्किनुको भा.क्रि.। **छक्किइ** -भा.धा.। **छक्किई, छक्किएर, छक्किन, छक्किँदै, छक्किउन्जेल, छक्किंदाखेरि**-कृ.अ.। **छक्किनू** -वि.। **छक्किऊन्** -इ.। **छक्केला**-स.। (अ.क्रि.-विद्यार्थीलाई सन्काउँछु भनेर लाग्दा हरिप्रसाद वाग्ले आफैं छक्कियो ।)

छङछङिनु-क्रि.मू.। **छङछङि**-आ.धा.। अ.क्रि.; छाँगाबाट पानी खसे झैं हुनु, छाँगा आदिबाट पानी खस्नु । **छङछङ्याइ** (छङछङि+आइ)-भा.ना.। **छङछङिइनु**-छङछङिनुको भा.क्रि.। **छङछङिइ** -भा.धा.। **छङछङिई, छङछङिएर, छङछङिन, छङछङिँदै, छङछङिउन्जेल, छङछङिंदाखेरि**-कृ.अ.। **छङछङिनू** -वि.। **छङछङिऊन्**-इ.। **छङछङेला**-स.। (अ.क्रि.-चार थरेको लेकमा छाँगाहरू छङछङिए ।)

छचल्किनु-क्रि.मू.। **छचल्कि**-आ.धा.। अ.क्रि.; पानी आदि तरल वस्तु हल्लिएर वा ठक्कर खाएर हल्लनु, कम राखिएको भाँडाको तरल पदार्थ ल्याउँदा-लैजाँदा छल्किनु । **छचल्क्याइ** (छचल्कि+आइ)-भा.ना.। **छचल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; हल्लाउनु । **छचल्क्याउ**-प्रे.धा.। **छचल्क्याइनु**-छचल्क्याउनुको क.क्रि.। **छचल्क्याइ**-भा.प्रे.धा.। **छचल्किइनु**-छचल्किनुको भा.क्रि.। **छचल्किइ**-भा.धा.। **छचल्किई, छचल्किएर, छचल्किन, छचल्किँदै, छचल्किउन्जेल, छचल्किंदाखेरि**-कृ.अ.। **छचल्किऊन्**-इ.। **छचछल्केला**-स.। (अ.क्रि.-आधा पानीको गाग्रो छचल्कियो ।)

छटपटाउनु-क्रि.मू.। **छटपटाउ**-आ.धा.। अ.क्रि.; छटपट गर्नु, छटपटी हुनु, अस्थिर हुनु । **छटपटाइ** (छटपटाउ+आइ)-भा.ना.। **छटपटाइनु**-छटपटाउनुको भा.क्रि.। **छटपटाइ**-भा.धा.। **छटपटाइनु**-छटपटाउनुको भा.क्रि.। **छटपटाइ**-भा.धा.। **छटपटाई, छटपटाएर, छटपटाउन, छटपटाउँदै, छटपटाउन्जेल, छटपटाउँदाखेरि**-कृ.अ.। **छटपटाउनू**-वि.। **छटपटाऊन्**-इ.। **छटपटाउला**-स.। (अ.क्रि.-तस्करी-गिरोहंको आक्रमण पछि भरत देवकोटा मृत्युशय्यामा एकरातसम्म छटपटाए ।)

छटपटिनु-क्रि.मू.। **छटपटि**-आ.धा.। अ.क्रि.; छटपट गर्नु, तुल्बुलिनु, अस्पटिनु, हडबडाउनु । **छटपट्याइ** (छटपटि+आइ)-भा.ना.। **छटपटिइनु**-छटपटिनुको भा.क्रि.। **छटपटिइ**-भा.धा.। **छटपटिई, छटपटिएर, छटपटिन, छटपटिँदै, छटपटिउन्जेल, छटपटिंदाखेरि**-कृ.अ.। **छटपटिनू**-वि.। **छटपटिऊन्**-इ.। **छटपटेला**-स.। (अ.क्रि.-वास्तविकता उदाङ्गिन खोज्दा अपराधी छटपटियो ।)

छट्कनु-क्रि.मू.। **छट्क**-आ.धा.। अ.क्रि.; छटपट शब्द गर्दै पाक्नु, उछिट्टिनु, भाग्नु । **छट्काइ** (छट्क+आइ)-भा.ना.। **छट्काउनु**- प्रे.क्रि./स.क्रि.; छड्कने गरी पकाउनु, उछिट्टयाउनु, भाग्ने पार्नु । **छट्काउ**-प्रे.धा.। **छट्काइनु**-छट्काउनुको क.क्रि.। **छट्काइ**-भा.प्रे.धा.। **छट्किनु**-छट्कनुको भा.क्रि./अ.क्रि., छट्किनु । **छट्कि**-भा.धा.। **छट्की, छट्केर, छट्कन, छट्कँदै, छट्कुन्जेल, छट्कँदाखेरि**-कृ.अ.। **छट्कनू**-वि.। **छट्कून्**-इ.। **छट्कला**-स.। (अ.क्रि.-स्टोभमा बसाएको केहीबेरमै भात छट्क्यो ।)

छट्ट्याउनु-क्रि.मू.। **छट्टयाउ**- आ.धा.। स.क्रि.; छद्द पाराले कुनै वस्तु उम्काउनु, छकाएर लानु । **छट्टयाइ** (छट्टयाउ+आइँ)-भा.ना.। **छट्टयाइनु**-छट्टयाउनुको क.क्रि.। **छट्टयाइ**-क.धा.। **छट्टयाई, छट्टयाएर, छट्टयाउन, छट्टयाउँदै, छट्टयाउन्जेल, छट्टयाउँदाखेरि**-कृ.अ.। **छट्टयाउनू**-वि.। **छट्टयाऊन्**-इ.। **छट्टयाउला**-स.। (स.क्रि.-परशुराम धितालले बूढाबूढीलाई छट्ट्यायो ।)

छड्कनु-क्रि.मू.। **छड्क**-आ.धा.। अ.क्रि.; छडछड गर्दै छट्केर पाक्नु, उछिट्टिनु, भाग्नु । **छड्काइ** (छड्क+आइ)-भा.ना.। **छड्काउनु**- प्रे.क्रि./स.क्रि.; छड्काउन लगाउनु, छड्कने पार्नु । **छड्काउ**-प्रे.धा.। **छड्काइनु** -छड्काउनुको क.क्रि.। **छड्काइ**-भा.प्रे.धा.। **छड्किनु**-छड्कनुको भा.क्रि./अ.क्रि.; छड्कनु । **छड्कि**-भा.धा.। **छड्किइनु**-छड्किनुको

भा.क्रि.। **छड्किइ**-भा.धा.। **छड्की, छड्केर, छड्कन, छड्कँदै, छड्कुन्जेल, छड्कँदाखेरि**-कृ.अ.। **छड्कनू**-वि.। **छड्कून्**-इ.। **छड्कला**-स.। (अ.क्रि.-चुलोमा बसाएको मकैको च्याख्लाको भात खूबसँग छड्क्यो ।)

छड्किनु-क्रि.मू.। **छड्कि**-आ.धा.। अ.क्रि.; हे. छड्कनु । **छड्क्याइ** (छड्कि+आइ)-भा.ना.। **छड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; छड्किने पार्नु । **छड्क्याउ**- प्रे.धा.। **छड्क्याइनु**-छड्क्याउनुको क.क्रि.। **छड्क्याइ**-भा.प्रे.धा.। **छड्किइनु**-छड्किनुको भा.क्रि । **छड्किइ**-भा.धा.। **छड्किई, छड्किएर, छड्किन, छड्किँदै, छड्किउन्जेल, छड्किंदाखेरि**-कृ.अ.। **छड्किनू**-वि.। **छड्किऊन्**-इ.। **छड्केला**-स.। (अ.क्रि.-सबैले हेर्दाहेर्दै अमरबहादुर छड्कियो ।)

छत्रिनु-क्रि.मू.। **छत्रि**-आ.धा.। अ.क्रि.; जिल्लिनु, झुक्किनु, छकिनु, हिस्सिनु, ओढिनु । **छत्र्याइ** (छत्रि+आइ)-भा.ना.। **छत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; छत्रिने पार्नु, जिल्ल्याउनु । **छत्र्याइ**-प्रे.धा.। **छत्र्याइनु**-छत्र्याउनुको क.क्रि.। **छत्र्याइ**-भा.प्रे.धा.। **छत्रिइनु**-छत्रिनुको भा.क्रि.। **छत्रिइ**-भा.धा.। **छत्रिई, छत्रिएर, छत्रिन, छत्रिँदै, छत्रिउन्जेल, छत्रिंदाखेरि**-कृ.अ.। **छत्रिनू**-वि.। **छत्रिऊन्**-इ.। **छत्रेला**-स.। (अ.क्रि.-नेपाली जनता आलङ्कारिक भाषामा छत्रिए ।)

छनछनाउनु-क्रि.मू.। **छनछनाउ**-आ.धा.। अ.क्रि.; छनछन शब्द निस्कनु, छनछन किसिमको चञ्चले हुनु, चकचके हुनु । **छनछनाइ** (छनछनाउ+आइ)-भा.ना.। **छनछनाइनु**-छनछनाउनुको भा.क्रि.। **छनछनाइ** -भा.धा.। **छनछनाई, छनछनाएर, छनछनाउन, छनछनाउँदै, छनछनाउन्जेल, छनछनाउँदाखेरि**-कृ.अ.। **छनछनाउनू**-वि.। **छनछनाऊन्**-इ.। **छनछनाउला** -स.। (अ.क्रि.-असोमतिली बुहारी भित्र-बाहिर गरेर छनछनाई ।)

छन्कनु-क्रि.मू.। **छन्क**-आ.धा.। अ.क्रि.; प्रतीत हुनु, आभास हुनु । स.क्रि.; छिन्कनु । **छन्काइ** (छन्क+आइ)-भा.ना.। **छन्काउनु**- प्रे.क्रि./स.क्रि., छनक दिलाउनु, छनक दिनु, छिन्कन लाउनु । **छन्काउ**-प्रे.धा.। **छन्काइनु**-छन्काउनुको क.क्रि.। **छन्काइ**-भा.प्रे.धा./क.प्रे.धा.। **छन्किनु**-छन्कनुको भा.क्रि./क.क्रि.। स.क्रि./अ.क्रि.; छन्कने होइनु, छन्कनु । **छन्कि**-भा.धा./क.धा.। **छन्क्याइ** (छन्कि+आइ)-भा.ना.। **छन्की, छन्केर, छन्कन, छन्कँदै, छन्कुन्जेल, छन्कँदाखेरि**-कृ.अ.। **छन्कनू**-वि.। **छन्कून्**-इ.। **छन्कला**-स.। (अ.क्रि. - आर्य संस्कृति नेपाली जनजीवनमा छन्क्यो । स.क्रि.-नाङ्लोमा राखेर त्यसले मकैको पीठो छन्की ।)

छप्काउनु-क्रि.मू.। **छप्काउ**-आ.धा.। स.क्रि.; च्वाट्ट काट्नु, छड्के पारेर काट्नु कत्तल गर्नु । **छप्काइ** (छप्काउ+आइ)-भा.ना.। **छप्काइनु**-छप्काउनुको क.क्रि.। **छप्काइ**-क.धा.। **छप्काई, छप्काएर, छप्काउन, छप्काउँदै, छप्काउन्जेल, छप्काउँदाखेरि**-कृ.अ.। **छप्काउनू**-वि.। **छप्काऊन्**-इ.। **छप्काउला**-स.। स.क्रि.-वीर बलभद्रले नालापानीमा अंग्रेजी दुश्मनका टाउका छप्काए ।)

छमछमाउनु-क्रि.मू.। **छमछमाउ**-आ.धा.। स.क्रि.; बजाउनु, घुँघरु आदिबाट छमछम आवाज निकाल्नु, छमछम पार्नु । अ.क्रि.; घुँगुरा आदि बज्नु, छमछम हुनु, छमछम शब्द निस्कनु । **छमछमाइ** (छमछमाउ+आइ)-भा.ना.। **छमछमाइनु**- छमछमाउनुको क.क्रि./भा.क्रि.। **छमछमाइ**-क.धा./भा.धा.। **छमछमाई, छमछमाएर, छमछमाउन, छमछमाउँदै, छमछमाउन्जेल, छमछमाउँदाखेरि**-कृ.अ.। **छमछमाउनू**-वि.। **छमछमाऊन्**-इ.। **छमछमाउला** -स.। (स.क्रि.-सुनिलले बाजा छमछमायो । अ.क्रि.-नर्तकी उर्मिलाको गोडामा घुँघरु छमछमायो ।)

छम्कनु-क्रि.मू.। **छम्क**-आ.धा.। स.क्रि.; पानी आदि पन्यालो पदार्थ छर्कनु, सेचन गर्नु, छिट्नु । **छम्काइ** (छम्क+आइ)-भा.ना.। **छम्काउनु**-प्रे.क्रि/स.क्रि.; छम्कन लगाउनु, छम्कने पार्नु । **छम्काउ**-प्रे.धा.। **छम्काइनु**-छम्काउनुको क.क्रि.। **छम्काइ**-क.प्रे.धा.। **छम्किनु**-छम्कनुको क.क्रि.। **छम्कि**-क.धा.। **छम्की, छम्केर, छम्कन, छम्कँदै, छम्कुन्जेल, छम्कँदाखेरि**-कृ.अ.। **छम्कनू**-वि.। **छम्कून्**-इ.। **छम्कला** -स.। (स.क्रि.-मालीले बगैंचाका बोट-बिरुवामा पानी छम्क्यो ।)

छम्किनु-क्रि.मू.। **छम्कि**- आ.धा.। स.क्रि.; छम्कनु । **छम्क्याइ** (छम्कि+आइ)-भा.ना.। **छम्क्याउनु** -प्रे.क्रि./स.क्रि.; छम्किने पार्नु । **छम्क्याउ**-प्रे.धा.। **छम्क्याइनु**-छम्क्याउनुको क.क्रि.। **छम्क्याइ**-क.प्रे.धा.। **छम्किइनु** -छम्किनुको क.क्रि.। **छम्किइ**-क.धा.। **छम्किई, छम्किएर, छम्किन, छम्किँदै, छम्किउन्जेल, छम्किंदाखेरि**-कृ.अ.। **छम्किनू**-वि.। **छम्किऊन्**-इ.। **छम्केला**-स.। (स.क्रि. -पुरोहितले घर चोख्याउनका निमित्त गहुँत छम्कियो ।)

छरपस्टिनु-क्रि.मू.। **छरपस्टि**-आ.धा.। अ.क्रि., छरपुस्ट हुनु । **छरपस्ट्याइ** ((छरपस्टि+आइ)-भा.ना.। **छरपस्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; छरपुस्ट पार्नु । **छरपस्ट्याउ**-प्रे.धा.। **छरपस्ट्याइनु**-छरपस्ट्याउनुको

क.क्रि.। **छरपस्त्याइ**-भा.प्रे.धा.। **छरपस्टिइनु** - छरपस्टिनुको भा.क्रि.। **छरपस्टिइ**-भा.धा.। **छरपस्टिई, छरपस्टिएर, छरपस्टिन, छरपस्टिँदै, छरपस्टिउन्जेल, छरपस्टिंदाखेरि**-कृ.अ.। छरपस्टिनु-वि.। **छरपस्टिऊन्**-इ.। **छरपस्टेला**-स.। (अ.क्रि.-किताबहरू कोठाभरि छरपस्टिए ।)

छरपुस्टिनु-क्रि.मू.। **छरपुस्टि**-आ.धा.। अ.क्रि.; छरपस्टिनु। **छरपुस्त्याइ** (छरपुस्टि+आइ)-भा.ना.। **छरपुस्त्याउनु**-प्रे.क्रि./स.क्रि.; छरपुस्टिने पार्नु । **छरपुस्त्याउ**-प्रे.धा.। **छरपुस्त्याइनु**-छरपुस्त्याउनुको क.क्रि.। **छरपुस्त्याइ** - भा.प्रे.धा.। **छरपुस्टिइनु**-छरपुस्टिनुको भा.क्रि.। **छरपुस्टिइ**-भा.धा.। **छरपुस्टिई, छरपुस्टिएर, छरपुस्टिन, छरपुस्टिँदै, छरपुस्टिउन्जेल, छरपुस्टिंदाखेरि**-कृ.अ.। **छरपुस्टिनू**-वि.। **छरपुस्टिऊन्**-इ.। **छरपुस्टेला**-स.। (अ.क्रि.-कलाकारका चित्रहरू स्टुडियोभरि छरपुस्टिए ।)

छर्कनु-क्रि.मू.। **छर्क**-आ.धा.। स.क्रि.; छम्कनु, छिट्नु, छर्नु । **छर्काइ** (छर्क+आइ)-भा.ना.। **छर्काउनु**-प्रे.क्रि./स.क्रि., छर्कन लगाउनु । **छर्काउ**-प्रे.धा.। **छर्काइनु**-छर्काउनुको क.क्रि.। **छर्काइ**-क.प्रे.धा.। **छर्किनु**-छर्कनुको क.क्रि.। **छर्कि**-क.धा.। **छर्की, छर्केर, छर्कन, छर्कँदै, छर्कुन्जेल, छर्कँदाखेरि**-कृ.अ.। **छर्कनू**-वि.। **छर्कून्**-इ.। **छर्कला**-स.। (स.क्रि.-पालेदाइले कोठामा पानी छर्के ।)

छर्नु-क्रि.मू.। **छर्**-आ.धा.। स.क्रि.; बिउ रोप्नु, छिरल्नु, छर्कनु । **छराइ** (छर्+आइ)-भा.ना.। **छराउनु**-प्रे.क्रि./स.क्रि.; छर्न लगाउनु, छर्ने पार्नु । **छराउ**-प्रे.धा.। **छराइनु**-छराउनुको क.क्रि.। **छराइ**-क.प्रे.धा.। **छरिनु** - छर्नुको क.क्रि.। **छरि**-क.धा.। **छरी, छरेर, छर्न, छर्दै, छरुन्जेल, छर्दाखेरि**-कृ.अ.। **छर्नू**-वि.। **छरून्**- इ.। **छर्ला**-स.। (स.क्रि.-परेवाले बिस्कुन छर्‍यो ।)

छर्लङ्गिनु-क्रि.मू.। **छर्लङ्गि**-आ.धा.। अ.क्रि.; राम्ररी देखिनु, बुझिने हुनु, स्पष्ट हुनु, खुला हुनु, छर्लङ्ङ हुनु । **छर्लङ्ग्याइ** (छर्लङ्गि+आइ), **छर्लङ्ग्याइँ** (छर्लङ्गि+आइँ)-भा.ना.। **छर्लङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; छर्लङ्गिने पार्नु । **छर्लङ्ग्याउ**-प्रे.धा.। **छर्लङ्ग्याइनु**-छर्लङ्ग्याउनुको क.क्रि.। **छर्लङ्ग्याइ**-भा.प्रे.धा.। **छर्लङ्गिइनु**-छर्लङ्गिनुको भा.क्रि.। **छर्लङगिइ**-भा.धा.। **छर्लङ्गिई, छर्लङ्गिएर, छर्लङ्गिन, छर्लङ्गिँदै, छर्लङ्गिउन्जेल, छर्लङ्गिंदाखेरि**-कृ.अ.। **छर्लङ्गिनू**-वि.। **छर्लङ्गिऊन्**-इ.। **छर्लङ्गेला**-स.। (अ.क्रि.-शिक्षकले बताइदिएपछि मात्र कविताको रहस्य छर्लङ्गियो ।)

छर्लङ्ङिनु-क्रि.मू.। **छर्लङ्ङि**-आ.धा.। अ.क्रि.; हे. छर्लङ्गिनु । **छर्लङ्ङ्याइ** (छर्लङ्ङि+आइ), **छर्लङ्ङ्याइँ** (छर्लङ्ङि+आइँ)-भा.ना.। **छर्लङ्ङ्याउनु**-प्रे.क्रि./स.क्रि.; छर्लङ्ग्याउनु । **छर्लङ्ङ्याउ** -प्रे.धा.। **छर्लङ्ङ्याइनु**-छर्लङ्ङ्याउनुको क.क्रि.। **छर्लङ्ङ्याइ**-भा.प्रे.धा.। **छर्लङ्ङिइनु**-छर्लङ्ङिनुको भा.क्रि.। **छर्लङ्ङिइ**- भा.धा.। **छर्लङ्ङिई, छर्लङ्ङिएर, छर्लङ्ङिन, छर्लङ्ङिँदै, छर्लङ्ङिउन्जेल, छर्लङ्ङिंदाखेरि**-कृ.अ.। **छर्लङ्ङिनू**-वि.। **छर्लङ्ङिऊन्**-इ.। **छर्लङ्ङेला**-स.। (अ.क्रि.-गहन अध्ययन गरेपछि मात्र वास्तविकता छर्लङ्ङियो ।)

छल्नु-क्रि.मू.। **छल्**-आ.धा.। स.क्रि.; झुक्याउनु, छकाउनु, जिल्ल्याउनु, धोखा दिनु, जालझेल गर्नु, दुःख दिनु । **छलाइ** (छल्+आइ)-भा.ना.। **छलाउनु**-प्रे.क्रि/स.क्रि.; छल्न लगाउनु, छल्ने पार्नु । **छलाउ**-प्रे.धा.। **छलाइनु**-छलाउनुको क.क्रि.। **छलाइ**-क.प्रे.धा.। **छलिनु**-छल्नुको क.क्रि.। **छलि**-क.धा.। **छली, छलेर, छल्न, छल्दै, छलुन्जेल, छल्दाखेरि**-कृ.अ.। **छल्नू**-वि.। **छलून्**-इ.। **छल्ला**-स.। (स.क्रि.-हरिकृष्णेले बाटोमा मलाई छल्यो ।)

छलिनु-क्रि.मू.। **छलि**-आ.धा.। अ.क्रि.; अलमलिनु, छलमा पर्नु, नलाग्नु । **छल्याइ** (छलि+आइ)-भा.ना.। **छलिइनु**-छलिनुको भा.क्रि.। **छलिइ**-भा.धा.। **छलिई, छलिएर, छलिन, छलिँदै, छलिउन्जेल, छलिंदाखेरि**-कृ.अ.। **छलिनू**-वि.। **छलिऊन्**-इ.। **छल्लेला**-स.। (अ.क्रि.-उकालो चढ्दा-चढ्दै विष्णे बाहुन छलियो ।)

छल्कनु-क्रि.मू.। **छल्क**-आ.धा.। अ.क्रि.; छचल्कनु, छाल उठ्नु, पानी हल्लनु । **छल्काइ** (छल्क+आइ)-भा.ना.। **छल्काउनु**-प्रे.क्रि./स.क्रि.; छल्किने पार्नु । **छल्काउ**-प्रे.धा.। **छल्काइनु**-छल्काउनुको क.क्रि.। **छल्काइ**-भा.प्रे.धा.। **छल्किनु**- भा.क्रि.। **छल्कि** -भा.धा.। **छल्की, छल्केर, छल्कन, छलकँदै, छल्कुन्जेल, छल्कँदाखेरि**-कृ.अ.। **छल्कनू**-वि.। **छल्कून्**-इ.। **छल्कला**-स.। (अ.क्रि.-फेवा तालमा पानीको छाल छल्क्यो ।)

छल्किनु-क्रि.मू.। **छल्कि**-आ.धा.। अ.क्रि.; हे. छल्कनु । **छल्क्याइ** (छल्कि+आइ)-भा.ना.। **छल्क्याउनु** -प्रे.क्रि./स.क्रि.; छल्किने पार्नु । **छल्क्याउ**- प्रे.धा.। **छल्क्याइनु**-छल्क्याउनुको क.क्रि.। **छल्क्याइ** -भा.प्रे.धा.। **छल्किइनु**-छल्किनुको भा.क्रि.। **छल्किइ**-भा.धा.। **छल्किई, छल्किएर, छल्किन, छल्किँदै, छल्किउन्जेल, छल्किंदाखेरि**-कृ.अ.। **छल्किनू**-वि.। **छल्किऊन्**-इ.। **छल्केला**-स.। (अ.क्रि. - गङ्गा किनारमा छाल छल्कियो ।)

छाँट्नु-क्रि.मू.। **छाँट्**-आ.धा.। स.क्रि.; मिलाएर, काट्नु, छिमल्नु, कमसल र नराम्रो उखेल्नु, बेडाउनु । **छँटाइ** (छाँट्+आइ)-भा.ना.। **छँटाउनु**-प्रे.क्रि./स.क्रि.; छाँट्न

लाउनु । **छँटाउ**-प्रे.धा.। **छँटाइनु**-छँटाउनुको क.क्रि.। **छँटाइ**-क.प्रे.धा.। **छाँटिनु**-छाँट्नुको क.क्रि.। **छाँटि**-क.धा.। **छाँटी, छाँटेर, छाँट्न, छाँट्तै, छाँटुन्जेल, छाँट्ताखेरि**-कृ.अ.। **छाँट्नू**-वि.। **छाँटून्**-इ.। **छाँट्ला**-स.। कृ.अ.। (स.क्रि.-रामबहादुरले बोटबिरुवा छाँट्यो ।)

छाँटिनु-क्रि.मू.। **छाँटि**-आ.धा.। अ.क्रि.; हल्का चालले अरूलाई उछिनेर अगाडि लागी हिड्नु, हलक्क बढेर पातलो शरीरको हुनु । **छँट्याइ** (छाँटि+आइ)-भा.ना.। **छँट्याउनु**-प्रे.क्रि./स.क्रि.; छाँटिन लगाउनु, छाँटिने पार्नु । **छँट्याउ**-प्रे.धा.। **छँट्याइनु**-छँट्याउनुको क.क्रि.। **छँट्याइ**-भा.प्रे.धा.। **छाँटिइनु**-छाँटिनुको भा.क्रि.। **छाँटिइ**-भा.धा.। **छाँटिई, छाँटिएर, छाँटिन, छाँटिँदै, छाँटिउन्जेल, छाँटिंदाखेरि**-कृ.अ.। **छाँटिनू** -वि.। **छाँटिऊन्**-इ.। **छाँटेला**-स.। (अ.क्रि.-हर्के अगाडि छाँटियो ।)

छाँद्नु-क्रि.मू.। **छाँद्**-आ.धा.। स.क्रि.; पशुलाई खुट्टामा बाँध्नु, गोडा समाती शरणमा पर्नु, छाँद हाल्नु । **छँदाइ** (छाँद्+आइ)-भा.ना.। **छँदाउनु**- प्रे.क्रि./स.क्रि.; छाँद हालन लाउनु । **छँदाउ**-प्रे.धा.। **छँदाइनु**- छँदाउनुको क.क्रि.। **छँदाइ**-क.प्रे.धा.। **छाँदिनु**-छाँद्नुको क.क्रि.। **छाँदि**-क.धा.। **छाँदी, छाँदिर, छाँद्न, छाँद्दै, छाँदुन्जेल, छाँद्दाखेरि**-कृ.अ.। **छाँद्नू**-वि.। **छाँदून्**-इ.। **छाँद्ला**-स । (स.क्रि.-गोठालोले डोरीले गाईलाई छाँद्यो ।)

छाँस्नु-क्रि.मू.। **छाँस्**-आ.धा.। स.क्रि.; मर्मान्त छुने गरी हप्काउनु, बेसरी झपार्नु, छाँट्नु । **छँसाइ** (छाँस्+आइ)-भा.ना.। **छँसाउनु**- प्रे.क्रि./स.क्रि.; छाँस्न लाउनु, छाँस्ने पार्नु । **छँसाउ**-प्रे.धा.। **छँसाइनु** -छँसाउनुको-क.क्रि.। **छँसाइ**-क.प्रे.धा.। **छाँसिनु**-छाँस्नुको क.क्रि.। **छाँसि**-क.धा.। **छाँसी, छाँसेर, छाँस्न, छाँस्तै, छाँसुन्जेल, छाँस्दाखेरि**-कृ.अ.। **छाँस्नू**-वि.। **छाँसून्**-इ.। **छाँस्ला**-स.। (स.क्रि.-प्रहरीले तस्कर कलाधर बोटेलाई बेस्सरी छाँस्यो ।)

छाउनु-क्रि.मू.। **छाउ**-आ.धा.। स.क्रि.; छानु बनाउनु, छानु फेर्नु, घाम-पानी आदिबाट बच्न घरलाई खर, ढुङ्गा टिन आदिले छोप्नु । **छाइ/छवाइ** (छाउ+आइ)-भा.ना.। **छवाउनु**-प्रे.क्रि/स.क्रि; छाउन लाउनु । **छवाउ**-प्रे.धा.। **छवाइनु**-छवाउनुको क.क्रि.। **छवाइ**-क.प्रे.धा.। **छाइनु**-छाउनुको क.क्रि.। **छाइ**-क.धा.। **छाई, छाएर, छाउन, छाउँदै, छाउन्जेल, छाउँदाखेरि**-कृ.अ.। **छाउनू**-वि.। **छाऊन्**-इ.। **छाउला** -स.। (स.क्रि.-किसानले खरले घर छायो ।)

छाड्नु-क्रि.मू.। **छाड्** -आ.धा.। स.क्रि.; छोड्नु, बार्नु, त्याग्नु, मुक्त गराउनु । **छडाइ** (छाड्+आइ)-भा.ना.। **छाडिनु**-छाड्नुको क.क्रि.। **छाडि**-क.धा.। **छाडी, छाडेर, छाड्न, छाड्दै, छाडुन्जेल, छाड्दाखेरि**-कृ.अ.। **छाड्नू**-वि.। **छाडून्**-इ.। **छाड्ला**-स.। (स.क्रि. - पुरोहित माहिलोले रक्सी खान छाड्यो ।)

छाद्नु-क्रि.मू.। **छाद्**-आ.धा.। स.क्रि.; बान्ता गर्नु, भन्न बाध्य हुनु, गोप्य कुरा खोल्नु । **छदाइ** (छाद्+आइ)-भा.ना.। **छदाउनु**- प्रे.क्रि./स.क्रि.; बान्ता गराउनु । **छदाउ**-प्रे.धा.। **छदाइनु**-छदाउनुको क.क्रि.। **छदाइ**-क.प्रे.धा.। **छादिनु**- छाद्नुको क.क्रि.। **छादि**-क.धा.। **छादी, छादेर, छाद्न, छाद्दै, छादुन्जेल, छाद्दाखेरि**-कृ.अ.। **छाद्नू**-वि.। **छादून्**-इ.। **छाद्ला**-स.। (स.क्रि.-खाएको सबै जनताको रकम प्रधान पञ्चले छाद्यो । बच्चाले छाद्यो ।)

छान्नु-क्रि.मू.। **छान्**-आ.धा.। स.क्रि.; चुन्नु, रोज्नु, चाल्नु, केलाउनु, छुट्याउनु । **छनाइ** (छान्+आइ)-भा.ना.। **छनाउनु**-प्रे.क्रि./स.क्रि.; छान्न लाउनु । **छनाउ**-प्रे.धा.। **छनाइनु** -छनाउनुको क.क्रि.। **छनाइ**-क.प्रे.धा.। **छानिनु**- छान्नुको क.क्रि.। **छानि**-क.धा.। **छानी, छानेर, छान्न, छान्दै, छानुन्जेल, छान्दाखेरि**-कृ.अ.। **छान्नू**- वि.। **छानून्**-इ.। **छान्ला**-स.। (स.क्रि. -हरिकृष्ण कामीले दोकानमा फलामको पाता छान्यो ।)

छाप्नु-क्रि.मू.। **छाप्**-आ.धा.। स.क्रि.; मुद्रण गर्नु; टाइप, ब्लक आदिद्वारा अक्षर वा तस्वीर निकाल्नु, छाप लाउनु, खोल हाल्नु, बुट्टा हाल्नु, छिप्नु, ढाक्नु । **छपाइ** (छाप्+आइ)-भा.ना.। **छपाउनु**-प्रे.क्रि./स.क्रि.; छाप्न लाउनु । **छपाउ**-प्रे.धा.। **छपाइनु**- छपाउनुको क.क्रि.। **छपाइ**-क.प्रे.धा.। **छापिनु**-छाप्नुको क.क्रि.। **छापि**-क.धा.। **छापी, छापेर, छाप्न, छाप्तै, छापुन्जेल, छाप्दाखेरि**-कृ.अ.। **छाप्नू**-वि.। **छापून्**-इ.। **छाप्ला**-स.। (स.क्रि.-मैले सञ्चयकोषसँग ऋण लिएर ‘नेपाली व्याकरणपरक 'शब्दकोश’ छापें ।)

छाम्नु-क्रि.मू.। **छाम्**- आ.धा.। स.क्रि.; हात, गोडाले छामेर खोज्नु, स्पर्श गर्नु वा छुनु, अडकल काटेर स्तर पत्ता लगाउनु । **छमाइ** (छाम्+आइ)-भा.ना.। **छमाउनु**-प्रे.क्रि./स.क्रि.; छाम्न लगाउनु, छाम्ने पार्नु । **छमाउ**-प्रे.धा.। **छमाइनु**-छमाउनुको क.क्रि.। **छमाइ**-क.प्रे.धा.। **छामिनु**-छाम्नुको क.क्रि.। **छामि**-क.धा.। **छामी, छामेर, छाम्न, छाम्दै, छामुन्जेल, छाम्दाखेरि**-कृ.अ.। **छाम्नू**-वि.।

छामून्-इ.। **छाम्ला**-स.। (स.क्रि.-वैद्यले बिरामीको नाडी छामे ।)

छाल्नु-क्रि.मू.। **छाल्**-आ.धा.। स.क्रि.; छाला काढ्नु, लोकतो झिक्नु; पाट, लहरा, हाँगा आदिबाट बोक्रा झिक्नु, पाट काढ्नु । **छल्याइ** (छाल्+आइ)-भा.ना.। **छल्याउनु**-प्रे.क्रि./स.क्रि.; छाल्ने पार्नु । **छल्याउ**-प्रे.धा.। **छल्याइनु**-छल्याउनुको क.क्रि.। **छल्याइ**-क.प्रे.धा.। **छालिनु**-छाल्नुको क.क्रि.। **छालि**-क.धा.। **छाली, छालेर, छाल्न, छाल्दै, छालुन्जेल, छाल्दाखेरि**-कृ.अ.। **छाल्नू**-वि.। **छालून्**-इ.। **छाल्ला**-स.। (स.क्रि.-ढकबहादुरले तातो पानी राखेर खसी छाल्यो ।)

छास्नु-क्रि.मू.। **छास्**-आ.धा.। स.क्रि.; हप्काउनु, झपार्नु, छिमल्नु, हाँगा-बिँगा काट्नु, चोट पुग्ने गरी झाँट्नु । **छसाइ** (छास्+आइ)-भा.ना.। **छसाउनु**-प्रे.क्रि./स.क्रि.; छास्न लगाउनु, छास्ने पार्नु । **छसाउ**-प्रे.धा.। **छसाइनु**-छसाउनुको क.क्रि.। **छसाइ**-क.प्रे.धा.। **छासिनु**- छास्नुको क.क्रि.। **छासि**-क.धा.। **छासी, छासेर, छास्न, छास्तै, छासुन्जेल, छास्दाखेरि**-कृ.अ.। **छास्नू**-वि.। **छासून्**-इ.। **छास्ला**-स.। (स.क्रि.-प्रहरीले कलाधर पौडेललाई बेस्कन छास्यो ।)

छिँक्नु-क्रि.मू.। **छिँक्**-आ.धा.। अ.क्रि.; छिउँ गर्नु, आच्छ्यूँ गर्नु । **छिँकाइ** (छिँक्+आइ)-भा.ना.। **छिँकाउनु**-प्रे.क्रि./स.क्रि.; छिँक्न लाउनु, छिँउ गराउनु । **छिँकाउ**-प्रे.धा.। **छिँकाइनु**-छिँकाउनुको क.क्रि.। **छिँकाइ**-भा.प्रे.धा. **छिँकिनु**-छिँक्नुको भा.क्रि.। **छिँकि**-भा.धा.। **छिँकी, छिँकेर, छिँक्न, छिँक्तै, छिँकुन्जेल, छिँक्दाखेरि**-कृ.अ.। **छिँक्नू**-वि.। **छिँकून्**-इ.। **छिँक्ला**-स.। (अ.क्रि.-विनयले कक्षामा छिँक्यो ।

छिँम्नु-क्रि.मू.। **छिँम्**-आ.धा.। अ.क्रि.; हे. छिँक्नु । (अ.क्रि.-जाडो लागेर होला बच्चाले साह्रो छिँम्यो ।)

छिँवल्नु-क्रि.मू.। **छिँवल्**-आ.धा.। स.क्रि.; छिमल्नु, हाँगा-बिँगा छाँट्नु, झमेला छिन्नु, अडकाउ फुकाउनु, काँट-छाँट गर्नु, बेढाउनु, काम घटाउनु । **छिँवलाइ** (छिँवल्+आइ)-भा.ना.। **छिँवलाउनु**-प्रे.क्रि./स.क्रि.; छिँवल्न लाउनु, छिँवल्ने पार्नु । **छिँवलाउ** -प्रे.धा.। **छिँवलाइनु**-छिँवलाउनुको. क.क्रि.। **छिँवलाइ**-क.प्रे.धा.। **छिँवलिनु**-छिँवल्नुको क.क्रि.। **छिँवलि**-क.धा.। **छिँवली, छिँवलेर, छिँवल्न, छिँवल्दै, छिँवलुन्जेल, छिँवल्दाखेरि**-कृ.अ.। **छिँवल्नू**-वि.। **छिँवलून्**-इ.। **छिँवल्ला**-स.। (स.क्रि.-धर्मानन्द अधिकारीले सुन्तलाका रूखहरू छिँवले ।)

छिचल्नु-क्रि.मू.। **छिचल्**-आ.धा.। स.क्रि.; सिध्याउनु, गर्नु, पार लाउनु, पस्नु, टुङ्गो लाउनु । **छिचल** (छिचल्+आइ)-भा.ना.। **छिचलाउनु**-प्रे.क्रि./स.क्रि छिचल्न लाउनु । **छिचलाउ**-प्रे.धा.। **छिचलाइ** छिचलाउनु क.क्रि.। **छिचलाइ**-क.प्रे.धा.। **छिचलिनु** छिचल्नुको क.क्रि.। **छिचलि**-क.धा.। **छिचली, चिछले** **छिचल्न, छिचल्दै, छिचलुन्जेल, छिचल्दाखेरि**-कृ.अ **छिचल्नू**-वि.। **छिचलून्**-इ.। **छिचल्ला**-स.। (स.क्रि. वनपालेले पूरा जङ्गल घुमेर छिचल्यो ।)

छिचोल्नु-क्रि.मू.। **छिचोल्**-आ.धा.। स.क्रि.; हे. छिचल्नु **छिचोलाइ** (छिचोल्+आइ)-भा.ना.। **छिचोलाउनु** प्रे.क्रि./स.क्रि.; छिचोल्न लाउनु । **छिचोलाउ**-प्रे.धा. **छिचोलाइनु**-छिचोलाउनुको क.क्रि.। **छिचोलाइ**-क.प्रे.धा. **छिचोलिनु**-छिचोल्नुको क.क्रि.। **छिचोलि**-क.धा. **छिचोली, छिचोलेर, छिचोल्न, छिचोल्दै, छिचोलुन्जेल** **छिचोल्दाखेरि**-कृ.अ.। **छिचोल्नू**-वि.। **छिचोलून्**-इ **छिचोल्ला**-स.। (स.क्रि.-ऋषिरामले ‘सेतो बाघ’ पढे छिचोल्यो ।)

छिट्नु-क्रि.मू.। **छिट्** -आ.धा.। स.क्रि.; छर्नु, छर्कनु छम्कनु, छिट्कनु । **छिटाइ** (छिट्+आइ)-भा.ना.। **छिटाउनु**-प्रे.क्रि./स.क्रि.; छिट्न लाउनु । **छिटाउ**-प्रे.धा.। **छिटाइनु**- छिटाउनुको क.क्रि.। **छिटाइ**-क.प्रे.धा.। **छिटिनु**-छिट्नुको क.क्रि.। **छिटि** -क.धा.। **छिटी, छिटेर, छिट्न, छिट्तै, छिटुन्जेल, छिट्दाखेरि**-कृ.अ.। **छिट्नू**-वि.। **छिटून्**-इ.। **छिट्ला** -स.। (स.क्रि. -पण्डित विष्णुप्रसाद भट्टराईले घरमा गहुँत छिटे ।)

छिट्कनु-क्रि.मू.। **छिट्क**-आ.धा.। स.क्रि.; बीउ-बिजन छर्नु, पानी छम्कनु । **छिट्काइ** (छिट्क+आइ)-भा.ना.। **छिट्काउनु**-प्रे.क्रि./स.क्रि.; छिट्कन लाउनु । **छिट्काउ**-प्रे.धा.। **छिट्काइनु** -छिट्काउनुको क.क्रि.। **छिट्काइ**-क.प्रे.धा.। **छिट्किनु**-छिट्कनुको क.क्रि.। **छिट्कि**-क.धा.। **छिट्की, छिट्केर, छिट्कन, छिट्कँदै, छिट्कुन्जेल, छिकँदाखेरि**-कृ.अ.। **छिट्कनू**-वि.। **छिट्कून्**-इ.। **छिट्कला**-स.। (स.क्रि.-बारी उक्लाएर किसानले घैया छिट्क्यो ।)

छिट्याउनु-क्रि.मू.। **छिट्याउ**-आ.धा.। अ.क्रि.; अलि अलि पानी पर्नु, पानीका बूँद झर्नु । **छिट्याइ** (छिट्याउ+आइ)-भा.ना.। **छिट्याइनु**-छिट्याउनुको क.क्रि.। **छिट्याइ** -भा.धा.। **छिट्याई, छिट्याएर,**

कृ.अ.। **छिट्याउनू**-वि.। **छिट्याऊन्**-इ.। **छिट्याउला**-स.। (अ.क्रि.-आज पानी अलिअलि छिट्यायो ।)

छिट्ट्याउनु-क्रि.मू.। **छिट्ट्याउ**-आ.धा.। अ.क्रि.; हे. छिट्याउनु । (अ.क्रि.-नारदपोखरीको यात्रामा तपीमाडी कट्तानकट्तै पानी छिट्ट्यायो ।)

छितरिनु-क्रि.मू.। **छितरि** -आ.धा.। अ.क्रि.; छाडा कुरा गर्नु, इतरिनु, छिहिलिनु, पात्तिनु, मात्तिनु । **छितऱ्याइ** (छितरि+आइ), **छितऱ्याहट** (छितरि+आहट)-भा.ना.। **छितरिइनु**-छितरिनुको भा.क्रि.। छितरिइ-भा.धा.। **छितरिई, छितरिएर, छितरिन, छितरिँदै, छितरिउन्जेल, छितरिंदाखेरि**-कृ.अ.। **छितरिनू**-वि.। **छितरिऊन्**-इ.। **छितरेला**-स.। (अ.क्रि.-भदौरे खेतलाहरू दिनभरि छितरिए ।)

छिनाल्नु-क्रि.मू.। **छिनाल्**-आ.धा.। स.क्रि.; काटेर टुक्रा पार्नु, टुक्र्याउनु, चुँडाल्नु । **छिनलाइ** (छिनाल्+आइ)-भा.ना.। **छिनालिनु**-छिनाल्नुको क.क्रि.। **छिनालि**-क.धा.। **छिनाली, छिनालेर, छिनाल्न, छिनाल्दै, छिनालुन्जेल, छिनाल्दाखेरि**-कृ.अ.। **छिनाल्नू**-वि.। **छिनालून्**-इ.। **छिनाल्ला**-स.। (स.क्रि.-खप्तड बाबाले रुद्राक्षको माला छिनाले ।)

छिन्नु-क्रि.मू.। **छिन्**-आ.धा.। अ.क्रि.; चुँडिनु, टुट्नु, बर्कत घट्नु, गिर्नु । स.क्रि.; कामको टुङ्गो लाउनु, सिद्धयाउनु, चुक्ता गर्नु, फछ्र्याउनु । **छिनाइ** (छिन्+आइ)-भा.ना.। **छिनाउनु**-प्रे.क्रि./स.क्रि.; छिन्न लाउनु, छिन्ने पार्नु, । **छिनाउ**-प्रे.धा.। **छिनाइनु**-छिनाउनुको क.क्रि.। **छिनाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **छिनिनु**-भा.क्रि./क.क्रि.। **छिनि**-भा.धा./क.धा.। **छिनी, छिनेर, छिन्न, छिन्दै, छिनुन्जेल, छिन्दाखेरि**-कृ.अ.। **छिन्नू**-वि.। **छिनून्**-इ.। **छिन्ला**-स.। (अ.क्रि.-माला छिन्यो । स.क्रि.-हाकिमले मुद्दा छिन्यो ।)

छिन्कनु-क्रि.मू.। **छिन्क**-आ.धा.। स.क्रि.; छिन्कने काम गर्नु, नाङ्लो चलाएर खस्रो मसिनु छुट्ट्याउनु । **छिन्काइ** (छिन्क+आइ)-भा.ना.।**छिन्काउनु**-प्रे.क्रि./स.क्रि.; छिन्कन लाउनु । **छिन्काउ**-प्रे.धा.। **छिन्काइनु**-छिन्काउनुको क.क्रि.। **छिन्काइ**-क.प्रे.धा.। **छिन्किनु**-छिन्कनुको क.क्रि.। **छिन्कि**-क.धा.। **छिन्की, छिन्केर, छिन्कन, छिन्कँदै, छिन्कुन्जेल, छिन्कँदाखेरि**-कृ.अ.। **छिन्कनू**-वि.। **छिन्कून्**-इ.। **छिन्कला**-स.। (स.क्रि.-बुहारीले पीठो छिन्की ।)

छिप्नु-क्रि.मू.। **छिप्**-आ.धा.। अ.क्रि.; नदेखिने गरी रहनु, लुक्नु, दब्नु । स.क्रि.; लुगामा बुट्टा छाप्नु । **छिपाइ** (छिप्+आइ), (छिपाउ+आइ)-भा.ना.। **छिपाउनु**-प्रे.क्रि./स.क्रि.; छिप्न लगाउनु, छिप्ने काम गराउनु, लुकाउनु । **छिपाउ**-प्रे.धा.। **छिपाइनु**-छिपाउनुको क.क्रि.। **छिपाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **छिपिनु**-छिप्नुको भा.क्रि./क.क्रि.। **छिपि**-भा.धा./क.धा.। **छिपी, छिपेर, छिप्न, छिप्दै, छिपुन्जेल, छिप्दाखेरि**-कृ.अ.। **छिप्नू**-वि.। **छिपून्**-इ.। **छिप्ला**-स.। (अ.क्रि. - प्रहरीलाई देख्नासाथ हरिबहादुर छिप्यो । स.क्रि.-नन्दप्रसाद श्रेष्ठले कपडा छिप्यो ।)

छिप्पिनु-क्रि.मू.। **छिप्पि**-आ.धा.। अ.क्रि.; परिपक्व हुनु, उमेरदार हुनु, धेरै दिनको हुनु, पुरानो बन्नु, खस्रिनु । **छिप्प्याइ** (छिप्पि+आइ)-भा.ना.। **छिप्प्याउनु** -प्रे.क्रि./स.क्रि.; छिप्पिन लाउनु, छिप्पिने पार्नु । **छिप्प्याउ** -प्रे.धा.। **छिप्प्याइनु**-छिप्प्याउनुको क.क्रि.। **छिप्प्याइ**-भा.प्रे.धा.। **छिप्पिइनु**-छिप्पिनुको भा.क्रि.। **छिप्पिइ**-भा.धा.। **छिप्पिई, छिप्पिएर, छिप्पिन, छिप्पिँदै, छिप्पिउन्जेल, छिप्पिंदाखेरि**-कृ.अ.। **छिप्पिनू**- वि.। **छिप्पिऊन्**-इ.। **छिप्पेला**-स.। अ.क्रि.-रीता शर्मा छिप्पिई ।)

छिमल्नु-क्रि.मू.। **छिमल्**-आ.धा.। स.क्रि.; हे. छिँवल्नु । **छिमलाइ** (छिमल्+आइ)-भा.ना.। **छिमलाउनु**-प्रे.क्रि./स.क्रि.; छिमल्न लाउनु । **छिमलाउ** -प्रे.धा.। **छिमलाइनु**-छिमलाउनुको क.क्रि.। **छिमलाइ**-क.प्रे.धा.। **छिमलिनु**-छिमल्नुको क.क्रि.। **छिमलि**-क.धा.। **छिमली, छिमलेर, छिमल्न, छिमल्दै, छिमलुन्जेल, छिमल्दाखेरि**-कृ.अ.। **छिमल्नू**-वि.। **छिमलून्**-इ.। **छिमल्ला**-स.। स.क्रि. - विजय अधिकारीले बगैंचाका रूख-बिरुवा छिमल्यो ।)

छिम्कनु-क्रि.मू.। **छिम्क** -आ.धा.। स.क्रि.; हर्युङ्गोमा रहेका गट्टाहरू उफारेर तत्कालै हत्केलाले समाउनु । **छिम्काइ** (छिम्क+आइ)-भा.ना.। **छिम्काउनु**-प्रे.क्रि./. स.क्रि.; छिम्कन लाउनु, छिम्कने पार्नु । **छिम्काउ**-प्रे.धा.। **छिम्काइनु**-छिम्काउनुको क.क्रि.। **छिम्काइ**-क.प्रे.धा.। **छिम्किनु**-छिम्कनुको क.क्रि.। **छिम्कि**-क.धा.। **छिम्की, छिम्केर, छिम्कन, छिम्कँदै, छिम्कुन्जेल, छिम्कँदाखेरि**-कृ.अ.। **छिम्कनू** -वि.। **छिम्कून्**-इ.। **छिम्कला**-स.। (स.क्रि.-अनुराधा शर्माले गट्टा छिम्की ।)

छिरलिनु-क्रि.मू.। **छिरलि**-आ.धा.। अ.क्रि.; यताउति छरिनु, अव्यवस्थित हुनु । **छिरल्याइ** (छिरलि+आइ)-भा.ना.। **छिरल्याउनु** -प्रे.क्रि./स.क्रि.; छिरलिने पार्नु । **छिरल्याउ**-प्रे.धा.। **छिरल्याइनु**-छिरल्याउनुको क.क्रि.। **छिरल्याइ**-भा.प्रे.धा.। **छिरलिइनु**-छिरलिनुको भा.क्रि.। **छिरलिइ**-भा.धा.। **छिरलिई, छिरलिएर, छिरलिन, छिरलिँदै, छिरलिउन्जेल, छिरलिंदाखेरि**-कृ.अ.।

छिरलिनू-वि.। **छिरलिऊन्**-इ.। **छिरलेला**-स.। (अ.क्रि.-कुनियुँको पराल खलामा छिरलियो ।)

छिरल्नु-क्रि.मू.। **छिरल्**-आ.धा.। स.क्रि.; जथाभावी छर्नु, छिरलो पार्नु । **छिरलाइ** (छिरल्+आइ), (छिरलाउ+आइ)-भा.ना.। **छिरलाउनु**- प्रे.क्रि./स.क्रि.; छिरल्न लाउनु । **छिरलाउ**-प्रे.धा.। **छिरलाइनु**-छिरलाउनुको क.क्रि.। **छिरलाइ**-क.प्रे.धा.। **छिरलिनु**-छिरल्नुको क.क्रि.। **छिरलि**-क.धा.। **छिरली, छिरलेर, छिरल्न, छिरल्दै, छिरलुन्जेल, छिरल्दाखेरि**-कृ.अ.। **छिरल्नू**-वि.। **छिरलून्**-इ.। **छिरल्ला**-स.। (स.क्रि.-केटाकेटीले बिस्कुन छिरले ।)

छिर्नु-क्रि.मू.। **छिर्**-आ.धा.। अ.क्रि.; एकातिरबाट पसेर अर्कोतिर निस्कनु, भित्र जानु, पस्नु, अटाउनु । **छिराइ** (छिर्+आइ), (छिराउ+आइ)-भा.ना.। **छिराउनु**-प्रे.क्रि./स.क्रि.; छिर्न लाउनु, पसाउनु । **छिराउ**-प्रे.धा.।**छिराइनु**-छिराउनुको क.क्रि.। **छिराइ** -भा.प्रे.धा.। **छिरिनु**-छिर्नुको भा.क्रि.। **छिरि** -भा.धा.। **छिरी, छिरेर, छिर्न, छिर्दै, छिरुन्जेल, छिर्दाखेरि**-कृ.अ.। **छिर्नू**- वि.। **छिरून्**-इ.। **छिर्ला**-स.। अ.क्रि.-मुसो दुलोभित्र छिर्‍यो ।)

छिलबिलिनु-क्रि.मू.। **छिलबिलि**- आ.धा.। अ.क्रि.; थोरै दूध-दही मथ्दा छिलबिल आवाज हुनु, भोटे-चिया मथ्दा आवाज आउनु, मथिनु, हुँडलिनु । **छिलबिल्याइ** (छिलबिलि+आइ)-भा.ना.। **छिलबिल्याउनु**- छिलबिलिने पार्नु, मही पार्नु । **छिलबिल्याउ**- प्रे.धा.। **छिलबिल्याइनु**-छिलबिल्याउनुको क.क्रि.। **छिलबिल्याइ** -भा.प्रे.धा.। **छिलबिलिइनु**-छिलबिलिनुको भा.क्रि.। **छिलबिलिइ**-भा.धा.। **छिलबिलिई, छिलबिलिएर, छिलबिलिन, छिलबिलिँदै, छिलबिलिउन्जेल, छिलबिलिंदाखेरि**-कृ.अ.। **छिलबिलिनू**-वि.। **छिलबिलिऊन्**-इ.। **छिलबिलेला**-स.। (अ.क्रि.-ठेकोको सबै दही छिलबिलियो ।)

छिल्नु-क्रि.मू.। **छिल्**-आ.धा.। स.क्रि.; छिल्कनु, ताछ्नु, बोक्रा छोडाउनु । **छिलाइ** (छिल्+आइ), (छिलाउ+आइ)-भा.ना.। **छिलाउनु**-प्रे.क्रि./स.क्रि.; छिल्न लाउनु । **छिलाउ**-प्रे.धा.। **छिलाइनु**-छिलाउनुको क.क्रि.। **छिलाइ**-क.प्रे.धा.। **छिलिनु**-छिल्नुको क.क्रि.। **छिलि**-क.धा.। **छिली, छिलेर, छिल्न, छिल्दै, छिलुन्जेल, छिल्दाखेरि**-कृ.अ.। **छिल्नू**-वि.। **छिलून्**-इ.। **छिल्ला**-स.। (स.क्रि. -तरकारी पकाउनका लागि पम्फादेवीले स्कुस छिली ।)

छिल्कनु-क्रि.मू.। **छिल्क**- आ.धा.। स.क्रि.; बोक्रा छोडाउनु, तास्नु, खोस्टा फ्याक्नु । **छिल्काइ** (छिल्क+आइ)-भा.ना.। **छिल्काउनु**-प्रे.क्रि./स.क्रि.; छिल्क लाउनु, बोक्रा छोडिने पार्नु । **छिल्काउ** -प्रे.धा **छिल्काइनु**-छिल्काउनुको क.क्रि.। **छिल्काइ**-क.प्रे.धा **छिल्किनु**-छिल्कनुको क.क्रि.। **छिल्कि**-क.धा.। **छिल्की** **छिल्केर, छिल्कन, छिल्कँदै, छिल्कुन्जेल, छिल्कँदाखेरि** कृ.अ.। **छिल्कनू**-वि.। **छिल्कून्**- इ.। **छिल्कला**-स (स.क्रि.-त्यसले हरिया मकै छिल्क्यो ।)

छिल्लिनु-क्रि.मू.। **छिल्लि**-आ.धा.। अ.क्रि.; गिजिए बोल्नु, लाज-सरम पचाएर कुरा गर्नु, पात्तिनु, छिहिलिनु इतरिनु । **छिल्ल्याइँ** (छिल्लि+आइँ)-भा.ना.। **छिल्ल्याउनु** प्रे.क्रि./स.क्रि.; छिल्लिन लाउनु, छिल्लिने पार्नु **छिल्ल्याउ**-प्रे.धा.। **छिल्ल्याइनु**-छिल्ल्याउनुको क.क्रि. **छिल्ल्याइ**-भा.प्रे.धा.। **छिल्लिइनु**-छिल्लिनुको भा.क्रि. **छिल्लिइ**-भा.धा.। **छिल्लिई, छिल्लिएर, छिल्लिन, छिल्लिँदै, छिल्लिउन्जेल, छिल्लिंदाखेरि**-कृ.अ.। **छिल्लिनू** वि.। **छिल्लिऊन्**-इ.। **छिल्लेला**- स.। (अ.क्रि.-कामदे रतिदेवीसित छिल्लियो ।)

छिहिलिनु-क्रि.मू.। **छिहिलि**-आ.धा.। अ.क्रि.; है छिल्लिनु। **छिहिल्याइँ**(छिहिलि+आइँ)-भा.ना.। **छिहिल्याउनु** प्रे.क्रि./स.क्रि.; छिल्लिन लाउनु । **छिहिल्याउ**-प्रे.धा.। **छिहिल्याइनु**-छिहिल्याउनुको क.क्रि.। **छिहिल्याइ** भा.प्रे.धा.। **छिहिलिइनु**-छिहिलिनुको भा.क्रि.। **छिहिलिइ** भा.धा.। **छिहिलिई, छिहिलिएर, छिहिलिन, छिहिलिँदै, छिहिलिउन्जेल, छिहिलिंदाखेरि**-कृ.अ.। **छिहिलिनू**- वि **छिहिलिऊन्**-इ.। **छिहिलेला**-स.। (अ.क्रि.-महादेवकी पत्नी किराँते युवकसित छिहिलिई ।)

छुट्टिनु-क्रि.मू.। **छुट्टि**-आ.धा.। अ.क्रि.; अलग भएर बस्नु छुट्टा हुनु, भिन्न रहनु, रोग खुट्टिनु । **छुट्ट्या** (छुट्टि+आइ)-भा.ना.। **छुट्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; छुट्टि पार्नु । **छुट्ट्याउ**-प्रे.धा.। **छुट्ट्याइनु** -छुट्याउनुको क.क्रि. **छुट्ट्याइ**-भा.प्रे.धा.। **छुट्टिइनु**-छुट्टिनुको भा.क्रि.। **छुट्टिइ** भा.धा.। **छुट्टिई, छुट्टिएर, छुट्टिन, छुट्टिँदै, छुट्टिउन्जेल** **छुट्टिंदाखेरि**-कृ.अ.। **छुट्टिनू**-वि.। **छुट्टिऊन्**- इ.। **छुट्टेला** स.। (अ.क्रि.-साहूसाहिंलो छोराहरूसित छुट्टियो ।)

छुट्नु-क्रि.मू.। **छुट्**-आ.धा.। अ.क्रि.; बन्धन मुक्त हुनु छोडिनु, बिरिनु, छुट हुनु । **छुटाइ** (छुट्+आइ), (छुटाउ+आइ)-भा.ना.। **छुटाउनु**-प्रे.क्रि./स.क्रि.; अल गराउनु, छुट्ने पार्नु, भूल गर्नु । **छुटाउ**-प्रे.धा. **छुटाइनु**-छुटाउनुको क.क्रि.। **छुटाइ**-भा.प्रे.धा.। **छुटिनु** छुट्नुको भा.क्रि.। **छुटि** -भा.धा.। **छुटी, छुटेर, छुट्न** **छुट्दै, छुटुन्जेल, छुट्दाखेरि**-कृ.अ.। **छुट्नू**-वि.। **छुटून्**

इ.। **छुट्ला** -स.। (अ.क्रि.-ती दुई जोडीको हाँसोको फोहरा छुट्यो, तर बोली फुटेन ।)

छुट्ट्याउनु-क्रि.मू.। **छुट्ट्याउ**-आ.धा.। स.क्रि.; रोग खुट्ट्याउनु, दोष थाहा लाग्नु, अलग पार्नु । **छुट्ट्याइ** (छुट्ट्याउ+आइ)-भा.ना.। **छुट्ट्याइनु**-छुट्ट्याउनुको क.क्रि.। **छुट्ट्याइ**-क.धा.। **छुट्ट्याई, छुट्ट्याएर, छुट्ट्याउन, छुट्ट्याउँदै, छुट्ट्याउन्जेल, छुट्ट्याउँदाखेरि**-कृ.अ.। **छुट्ट्याउनू**-वि.। **छुट्ट्याऊन्**-इ.। **छुट्ट्याउला**-स.। (स.क्रि.-डाक्टरले रोग छुट्ट्यायो ।)

छुनु-क्रि.मू.। **छु**-आ.धा.। स.क्रि.; स्पर्श गर्नु, संसर्ग गर्नु, साँधी लाग्नु । **छुवाइ** (छु+आइ)-भा.ना.। **छुवाउनु**-प्रे.क्रि./स.क्रि.; छुन लाउनु, छोवाउनु । **छुवाउ**-प्रे.धा.। **छुवाइनु**-छुवाउनुको क.क्रि.। **छुवाइ** -क.प्रे.धा.। **छोइनु**-छुनुको क.क्रि.। **छोइ**-क.धा.। **छोई, छोएर, छुन, छुँदै, छोउन्जेल/छुउन्जेल, छुँदाखेरि**-कृ.अ.। **छुनू**-वि.। **छोऊन्**-इ.। **छोला**-स.। (स.क्रि.-डाक्टरले महारोगीलाई छोयो ।)

छुतिनु-क्रि.मू.। **छुति**-आ.धा.। अ.क्रि.; आशौच बार्ने घरमा पस्नु, कोराभित्र पस्नु, क्रिया गर्नेले कोरामा पस्नु । **छुत्याइ** (छुति+आइ)-भा.ना.। **छुतिइनु**-छुतिनुको भा.क्रि.। **छुतिइ**- भा.धा.। **छुतिई, छुतिएर, छुतिन, छुतिँदै, छुतिउन्जेल, छुतिँदाखेरि**-कृ.अ.। **छुतिनू**- वि.। **छुतिऊन्**-इ.। **छुतेला**-स.। (अ.क्रि.-बूढो बाबु मरेपछि छोराहरू तेन्ह दिनसम्म छुतिए ।)

छुपछुपाउनु-क्रि.मू.। **छुपछुपाउ**-आ.धा.। स.क्रि.; लुगा धुँदा वा नाङ्लो केलाउँदा छुपछुप पार्नु । **छुपछुपाइ** (छुपछुपाउ+आइ)-भा.ना.। **छुपछुपाइनु**-छुपछुपाउनुको क.क्रि.। **छुपछुपाइ**-क.धा.। **छुपछुपाई, छुपछुपाएर, छुपछुपाउन, छुपछुपाउँदै, छुपछुपाउन्जेल, छुपछुपाउँदाखेरि**-कृ.अ.। **छुपछुपाउनू**- वि.। **छुपछुपाऊन्**-इ.। **छुपछुपाउला**-स.। (स.क्रि.-धोबीले धारामा लुगा छुपछुपायो ।)

छुलछुलाउनु-क्रि.मू.। **छुलछुलाउ**-आ.धा.। अ.क्रि.; चञ्चल हुनु, तुलबुलाउनु, अस्थिर हुनु । **छुलछुलाइ** (छुलछुलाउ+आइ)-भा.ना.। **छुलछुलाइनु**-छुलछुलाउनुको भा.क्रि.। **छुलछुलाइ**- भा.धा.। **छुलछुलाई, छुलछुलाएर, छुलछुलाउन, छुलछुलाउँदै, छुलछुलाउन्जेल, छुलछुलाउँदाखेरि**-कृ.अ.। **छुलछुलाउनू**-वि.।**छुलछुलाऊन्**-इ.। **छुलछुलाउला**-स.। (अ.क्रि.-भ्रष्टाचारी सचिवहरू छुलछुलाए ।)

छुलछुल्याउनु-क्रि.मू.। **छुलछुल्याउ**-आ.धा.। स.क्रि.; छुलछुली पिसाब गर्नु, थोरथोरै पिसाब गर्नु, छुल्क्याउनु । **छुलछुल्याइ** (छुलछुल्याउ+आइ)-भा.ना.। **छुलछुल्याइनु** - छुलछुल्याउनुको क.क्रि.। **छुलछुल्याइ**-क.धा.। **छुलछुल्याई, छुलछुल्याएर, छुलछुल्याउन, छुलछुल्याउँदै, छुलछुल्याउन्जेल, छुलछुल्याउँदाखेरि**-कृ.अ.। **छुलछुल्याउनू**-वि.। **छुलछुल्याऊन्**-इ.। **छुलछुल्याउला**-स.। (स.क्रि.-बिरामीले (पिसाब) छुलछुल्यायो ।)

छुलबुलाउनु-क्रि.मू.। **छुलबुलाउ**-आ.धा.। अ.क्रि.; चुलबुलाउनु । **छुलबुलाइ** (छुलबुलाउ+आइ)-भा.ना.। **छुलबुलाइनु**-छुलबुलाउनुको भा.क्रि.। **छुलबुलाइ**-भा.धा.। **छुलबुलाई, छुलबुलाएर, छुलबुलाउन, छुलबुलाउँदै, छुलबुलाउन्जेल, छुलबुलाउँदाखेरि**-कृ.अ.। **छुलबुलाउनू**-वि.। **छुलबुलाऊन्**-इ.। **छुलबुलाउला**-स.। (अ.क्रि.-भगेंरा र भेगेंरी छुलबुलाए ।)

छुल्कनु-क्रि.मू.। **छुल्क**-आ.धा.। अ.क्रि.; अलिअलि गरी पिसाब खुस्कनु, थोरै-थोरै पिसाब हुनु । **छुल्काइ** (छुल्क+आइ)-भा.ना.। **छुल्काउनु**-प्रे.क्रि./स.क्रि.; छुल्कने पार्नु । **छुल्काउ**-प्रे.धा.। **छुल्काइनु**-छुल्काउनुको क.क्रि.। **छुल्काइ**-भा.प्रे.धा.। **छुल्किनु**-छुल्कनुको भा.क्रि.। **छुल्कि** - भा.धा.। **छुल्की, छुल्केर, छुल्कन, छुल्कँदै, छुल्कुन्जेल, छुल्कँदाखेरि**-कृ.अ.। **छुल्कनू**-वि.। **छुल्कून्**-इ.। **छुल्कला**-स.। (अ.क्रि.-रोगले धडेकोले मेरो पिसाब छुल्क्यो ।)

छुल्क्याउनु-क्रि.मू.। **छुल्क्याउ**-आ.धा.। स.क्रि.; छुलछुली पिसाब गर्नु, तुर्क्याउनु, छुलछुल्याउनु । **छुल्क्याइ** (छुल्क्याउ+आइ)-भा.ना.। **छुल्क्याइनु**-छुल्क्याउनुको क.क्रि.। **छुल्क्याइ**-क.धा.। **छुल्क्याई, छुल्क्याएर, छुल्क्याउन, छुल्क्याउँदै, छुल्क्याउन्जेल, छुल्क्याउँदाखेरि**-कृ.अ.। **छुल्क्याउनू**-वि.। **छुल्क्याऊन्**-इ.। **छुल्क्याउला**-स.। (स.क्रि.-भैंसीले हिंड्दाहिंड्दै (पिसाप) छुल्क्यायो ।)

छेक्नु-क्रि.मू.। **छेक्**-आ.धा.। स.क्रि.; नापो लिनु, रोक्नु, पर्दा हाल्नु, ढाक्नु, हड्कनु, थुन्नु, घेर्नु, ओगट्नु, अडकल्नु । **छेकाइ** (छेक्+आइ)-भा.ना.। **छेकाउनु**-प्रे.क्रि./स.क्रि.; छेक्न लाउनु । **छेकाउ**-प्रे.धा.। **छेकाइनु**-छेकाउनुको क.क्रि.। **छेकाइ** -क.प्रे.धा.। **छेकिनु**-छेक्नुको क.क्रि.। **छेकि**-क.धा.। **छेकी, छेकेर, छेक्न, छेक्तै, छेकुन्जेल, छेक्दाखेरि**-कृ.अ.। **छेक्नू**-वि.। **छेकून्**-इ.। **छेक्ला**-स.। (स.क्रि.; दर्जीले भाइलाई लुगा छेक्यो ।)

छेड्नु-क्रि.मू.। **छेड्**-आ.धा.। स.क्रि.; मर्मस्थल बिझ्ने

गरी उपहासपूर्ण कुरा भन्नु,, घोचपेचका कुरा गरेर खिसी गर्नु, छियोल्ने गरी घोच्नु, प्वाल पार्नु । **छेडाइ** (छेड्+आइ))-भा.ना.। **छेडाउनु**-प्रे.क्रि./स.क्रि., छेड्न लगाउनु, छेड्ने पार्नु । **छेडाउ**-प्रे.धा.। **छेडाइनु** - छेडाउनुको क.क्रि.। **छेडाइ**-क.प्रे.धा.। **छेडिनु**-छेड्नुको क.क्रि.। **छेडि**-क.धा.। **छेडी, छेडेर, छेड्न छेड्दै, छेड्नुन्जेल, छेड्दाखेरि**-कृ.अ.। **छेड्नू**-वि.। **छेड्नू्**-इ.। **छेड्ला**-स.। (स.क्रि.-जन्मेको तेस्रो दिनमा गुरुङ्सेनी दिदीले बच्चाको कान छेडिन् ।)

छेद्नु-क्रि.मू.। **छेद्**-आ.धा.। स.क्रि.; छेदन गर्नु, काट्नु, छेड्नु, छेद पार्नु । **छेदाइ** (छेद्+आइ)-भा.ना.। **छेदाउनु**-प्रे.क्रि./स.क्रि.; छेद्न लगाउनु, छेद पार्नु । **छेदाउ**-प्रे.धा.। **छेदाइनु**-छेदाउनुको क.क्रि.। **छेदाइ** -क.प्रे.धा.। **छेदिनु**-छेद्नुको क.क्रि.। **छेदि**- क.धा.। **छेदी, छेदेर, छेद्न, छेद्दै, छेदन्जेल, छेद्दाखेरि**-कृ.अ.। **छेद्नू**-वि.। **छेदून्**-इ.। **छेद्ला**-स.। (स.क्रि.-अर्जुनले महाभारतको युद्धमा धेरै तीरहरू छेद्यो ।)

छेप्नु-क्रि.मू.। **छेप्**-आ.धा.। स.क्रि.; छ्याप्नु, पानी आदि पन्यालो पदार्थले हान्नु । **छेपाइ** (छेप्+आइ)-भा.ना.। **छेपाउनु**-प्रे.क्रि./स.क्रि.; छेप्न लगाउनु । **छेपाउ**-प्रे.धा.। **छेपाइनु**-छेपाउनुको क.क्रि.। **छेपाइ**-क.प्रे.धा.। **छेपिनु**-छेप्नुको क.क्रि.। **छेपि**-क.धा.। **छेपी, छेपेर, छेप्न, छेप्तै, छेपुन्जेल, छेप्दाखेरि**-कृ.अ.। **छेप्नू**-वि.। **छेपून्**-इ.। **छेप्ला**-स.। (स.क्रि. - तिनीहरूले फागुपूर्णिमामा रङ छेपे ।)

छेर्नु-क्रि.मू.। **छेर्** - आ.धा.। स.क्रि.; पातलो दिसा गर्नु, पखला चल्नु । अ.क्रि.; लाचारी बन्नु, डराउनु, काबू हुनु । **छेराइ** (छेर्+आइ)-भा.ना.। **छेराउनु** -प्रे.क्रि./स.क्रि.; वशमा ल्याउनु, छेर्न लगाउनु । **छेराउ**-प्रे.धा.। **छेराइनु**-छेराउनुको क.क्रि.। **छेराइ**-क.प्रे.धा./भा.प्रे.धा.। **छेरिनु**-छेर्नुको क.क्रि./भा.क्रि.। **छेरि**-क.धा./भा.धा.। **छेरी, छेरेर, छेर्न, छेर्दै, छेरुन्जेल, छेर्दाखेरि**-कृ.अ.। **छेर्नू**-वि.। **छेरून्**-इ.। **छेर्ला**-स.। (स.क्रि.-वच्चाले छेर्‍यो । अ.क्रि.-मालिकको अगाडि नोकर खूब छेर्‍यो ।)

छेस्किनु-क्रि.मू.। **छेस्कि**-आ.धा.। अ.क्रि.; सुकेर छेस्को सरह हुनु, छेस्को निस्कनु, चोइटिनु । **छेस्क्याइ**-(छेस्कि+आइ), (छेस्क्याउ+आइ) -भा.ना.। **छेस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; छिस्किने पार्न लगाउनु, छेस्किने पार्नु । **छेस्क्याउ**-प्रे.धा.। **छेस्क्याइनु**-छेस्क्याउनुको क.क्रि.। **छेस्क्याइ**-भा.प्रे.धा.। **छेस्किइनु** -छेस्किनुको भा.क्रि.। **छेस्किइ**-भा.धा.। **छेस्किई, छेस्किएर, छेस्किन, छेस्किँदै, छेस्किउन्जेल, छेस्किंदाखेरि**-कृ.अ.। **छेस्किनू**-वि.। **छेस्किऊन्**-इ.। **छेस्केला**-स.। (अ.क्रि. - किसानी बूढो पारिवारिक तापमा परेर छेस्कियो ।)

छोक्रिनु-क्रि.मू.। **छोक्रि**-आ.धा.। अ.क्रि.; झोल-चौटा छुट्टिनु, फाटेर छोक्र्याइलो हुनु, छोक्रा पर्नु । **छोक्र्याइ** (छोक्रि+आइ)-भा.ना.। **छोक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; झोल चौटा छुट्टयाउनु, छोक्रिने पार्नु । **छोक्र्याउ**-प्रे.धा.। **छोक्र्याइनु**-छोक्र्याउनुको क.क्रि.। **छोक्र्याइ**-भा.प्रे.धा.। **छोक्रिइनु**-छोक्रिनुको भा.क्रि.। **छोक्रिइ**-भा.धा.। **छोक्रिई, छोक्रिएर, छोक्रिन, छोक्रिंदै, छोक्रिउन्जेल, छोक्रिंदाखेरि**-कृ.अ.। **छोक्रिनु**- वि.। **छोक्रिऊन्**-इ.। **छोक्रेला**-स.। (अ.क्रि.-गर्मीमा दही छोक्रियो ।)

छोटिनु-क्रि.मू.। **छोटि** -आ.धा.। अ.क्रि.; संक्षिप्त हुनु, छोटो हुनु । **छोट्याइ** (छोटि+आइ)-भा.ना.। **छोट्याउनु**-प्रे.क्रि./स.क्रि.; संङ्क्षेपीकरण गर्न लगाउनु, छोटो पार्नु । **छोट्याउ**-प्रे.धा.। **छोट्याइनु**-छोट्याउनुको क.क्रि.। **छोट्याइ**-भा.प्रे.धा.। **छोटिइनु**-छोटिनुको भा.क्रि.। **छोटिइ**-भा.धा.। **छोटिई, छोटिएर, छोटिन, छोटिँदै, छोटिउन्जेल, छोटिंदाखेरि**-कृ.अ.। **छोटिनु**- वि.। **छोटिऊन्**-इ.। **छोटेला**-स.। (अ.क्रि.-माइती मरेमा बाटै छोटियो ।)

छोट्टिनु-क्रि.मू.। **छोट्टि** -आ.धा.। अ.क्रि.; हे. छोटिनु । **छोट्टयाइ** (छोट्टि+आइ)-भा.ना.। **छोट्टयाउनु**-प्रे.क्रि./स.क्रि.; छोट्टिने पार्नु । **छोट्टयाउ**- प्रे.धा.। **छोट्टयाइनु**-छोट्टयाउनुको क.क्रि.। **छोट्टयाइ**-भा.प्रे.धा.। **छोट्टिइनु**-छोट्टिनुको भा.क्रि. । **छोट्टिइ**-भा.धा.। **छोट्टिई, छोट्टिएर, छोट्टिन, छोट्टिँदै, छोट्टिउन्जेल, छोट्टिंदाखेरि**-कृ.अ.। **छोट्टिनू**-वि.। **छोट्टिऊन्**-इ.। **छोट्टेला**-स.। (अ.क्रि.-लेखको सारांश एक तिहाइ छोट्टियो ।)

छोड्नु-क्रि.मू.। **छोड्**-आ.धा.। स.क्रि.; त्याग्नु, विदा गर्नु, स्वतन्त्र गर्नु, फ्याक्नु, मुक्त हुनु, बसाइँ सर्नु । **छोडाइ** (छोड्+आइ)-भा.ना.। **छोडाउनु**-प्रे.क्रि./स.क्रि.; छोड्न लगाउनु, केलाउनु, खोल्नु, बिछोड गराउनु । **छोडाउ**-प्रे.धा.। **छोडाइनु**-छोडाउनुको क.क्रि.। **छोडिनु**-छोड्नुको क.क्रि.। **छोडि**-क.धा.। **छोडी, छोडेर, छोड्न, छोड्दै, छोड्नुन्जेल, छोड्दाखेरि**-कृ.अ.। **छोड्नू**-वि.। **छोडून्**-इ.। **छोड्ला**-स.। (स.क्रि. - शंकरप्रसाद कामीले गाउँ छोड्यो ।)

छोप्नु-क्रि.मू.। **छोप्** -आ.धा.। स.क्रि.; ढाक्नु, छोप्नु, लुकाउनु, ग्रस्त तुल्याउनु, झम्टनु, भूत-प्रेत, पिचास आदि लाग्नु, भाका छोपेर गाउनु । **छोपाइ** (छोप्+आइ)-भा.ना.। **छोपाउनु** -प्रे.क्रि./स.क्रि.; **छोप्न** लगाउनु,

29520

छोपिने पार्नु । **छोपाउ**-प्रे.धा.। । **छोपाइनु**-छोपाउनुको क.क्रि.। **छोपाइ**-क.प्रे.धा.। **छोपिनु**-छोप्नुको क.क्रि.। **छोपि**-क.धा.। **छोपी, छोपेर, छोप्न, छोप्तै, छोपुन्जेल, छोप्दाखेरि**-कृ.अ.। **छोप्नू**-वि.। **छोपून्**-इ.। **छोप्ला**-स.। (स.क्रि.;-पंचायती कालो बादलले तीस बर्षसम्म नेपाली जनतालाई छोप्यो ।)

छोल्नु-क्रि.मू.। **छोल्**-आ.धा.। स.क्रि.; बोक्रा फाल्नु, तास्नु, हस्त-मैथुन गर्नु, साफ गर्नु, पोख्नु, छरपुष्ट पार्नु । **छोलाइ** (छोल्+आइ)-भा.ना.। **छोलाउनु**-प्रे.क्रि./स.क्रि.; छोल्न लाउनु, छोल्ने पार्नु । **छोलाउ** -प्रे.धा.। **छोलाइनु**-छोलाउनुको क.क्रि.। **छोलि**-क.धा.। **छोली, छोलेर, छोल्न, छोल्दै, छोलुन्जेल, छोल्दाखेरि**-कृ.अ.। **छोल्नू**-वि.। **छोलून्**-इ.। **छोल्ला**-स.। (स.क्रि. - काठतस्करीले सुकाएर मार्नलाई जङगलका रूखको बोक्रा छोल्यो ।)

छोस्नु-क्रि.मू.। **छोस्**-आ.धा.। स.क्रि.; पोल हाल्नु, झोस्नु, ठोस्नु, कुरा लाउनु । **छोसाइ** (छोस्+आइ)-भा.ना.। **छोसाउनु**- प्रे.क्रि./स.क्रि.; छोस्न लाउनु । **छोसाउ**-प्रे.धा.। **छोसाइनु**-छोसाउनुको क.क्रि.। **छोसाइ**-क.प्रे.धा.। **छोसिनु**-छोस्नुको क.क्रि.। **छोसि**-क.धा.। **छोसी, छोसेर, छोस्न, छोस्तै, छोसुन्जेल, छोस्दाखेरि**-कृ.अ.। **छोस्नू**-वि.। **छोसून्**-इ.। **छोस्ला**-स.। (स.क्रि.- छुल्याहा चाकरीबाजले नारदले झै भए नभएका कुरा छोस्यो ।)

छ्याङ्गिनु-क्रि.मू.। **छ्याङ्गि**-आ.धा.। अ.क्रि.; छ्याङ्ङ भएर खुल्नु, उज्यालो हुनु, छकाल हुनु, उल्किनु, छिहिलिनु । **छ्याङ्ग्याइ** (छ्याङ्गि+आइ)-भा.ना.। **छ्याङ्गिइनु**-छ्याङ्गिनुको भा.क्रि.। **छ्याङ्गिइ**-भा.धा.। **छ्याङ्गिई, छ्याङ्गिएर, छ्याङ्गिन, छ्याङ्गिंदै, छ्याङ्गिउन्जेल, छ्याङ्गिंदाखेरि**-कृ.अ.। **छ्याङ्गिनू**-वि.। **छ्याङ्गिऊन्**-इ.। **छ्याङ्गेला**-स.। (अ.क्रि. - अयोध्याका रामचन्द्र र किष्किन्धाकी तारा कदमको छाहारीमा बसेर दिनभरि छ्याङ्गिए ।)

छ्याङ्ङिनु-क्रि.मू.। **छ्याङ्ङि**-आ.धा.। अ.क्रि.; हे. छ्याङ्गिनु । (अ.क्रि.-दोपहरपछि मात्र दिन छ्याङ्ङियो।)

छ्याप्नु-क्रि.मू.। **छ्याप्**-आ.धा.। स.क्रि.; पानी, रङ, हिलो जस्ता तरल वस्तुले हिर्काउनु, छर्किनु, आक्षेप लगाउनु । **छ्यपाइ** (छ्याप्+आइ)-भा.ना.। **छ्यापिनु**-छ्याप्नुको क.क्रि.। **छ्यापि**-क.धा.। **छ्यापी, छ्यापेर, छ्याप्न, छ्याप्तै, छ्यापुन्जेल, छ्याप्दाखेरि**-कृ.अ.। **छ्याप्नू**-वि.। **छ्यापून्**-इ.। **छ्याप्ला**-स.। (स.क्रि.-रोपाहारहरूले रोपाइँमा हिलो छ्यापे ।)

छ्यासमिसिनु-क्रि.मू.। **छ्यासमिसि**-आ.धा.। अ.क्रि.; धेरै वस्तु एकै ठाउँमा मिसिनु, सरोबरी भएर मिसिनु, गाजेमाजे हुनु । **छ्यासमिस्याइ** (छ्यासमिसि+आइ)-भा.ना.। **छ्यासमिसिइनु**-छ्यासमिसिनुको भा.क्रि.। **छ्यासमिसिइ**-भा.धा.। **छ्यासमिसिई, छ्यासमिसिएर, छ्यासमिसिन, छ्यासमिसिंदै, छ्यासमिसिउन्जेल, छ्यासमिसिंदाखेरि**-कृ.अ.। **छ्यासमिसिनू**-वि.। **छ्यासमिसिऊन्**-इ.। **छ्यासमिसेला**-स.। (अ.क्रि.-चरनमा सबै भेडा-बाखा छ्यासमिसिए ।)

छ्युँनु-क्रि.मू.। **छ्युँ**-आ.धा.। अ.क्रि.; हे. छिँक्नु । **छ्युँका** (छ्युँ+का), **छिँवाइ** (छ्युँ+आइ)-भा.ना.। **छिँइनु/छ्युँइनु**-छ्युँनुको भा.क्रि.। **छिँइ/छ्युँइ**-भा.धा.। **छिँई/छ्युँई, छिँएर/छ्युँएर, छिँउन/छ्युँउन, छिँउँदै/छ्युँउँदै, छिँउन्जेल/छ्युँउन्जेल, छिँउँदाखेरि/ छ्युँदाखेरि**-कृ.अ.। **छिँउनू/छ्युँनू**-वि.। **छिँऊन्/छ्युँऊन्**-इ.। **छिँउला/ छ्युँला**-स.। (अ.क्रि-बच्चाले छिँयो/छ्युँयो ।)

ज

जँच्नु-क्रि.मू.। **जँच्**-आ.धा.। अ.क्रि.; जाँच हुनु, पारख हुनु, राम्रो लाग्नु, ठहरिनु । **जँचाइ** (जँच्+आइ)-भा.ना.। **जँचाउनु**-प्रे.क्रि./स.क्रि.; जँच्न लगाउनु । **जँचाउ** -प्रे.धा.। **जँचाइनु**-जँचाउनुको क.क्रि.। **जँचाइ**-भा.प्रे.धा.। **जँचिनु**-जँच्नुको भा.क्रि.। **जँचि**-भा.धा.। **जँची, जँचेर, जँच्न, जँच्तै, जँचुन्जेल, जँच्दाखेरि**-कृ.अ.। **जँच्नू**-वि.। **जँचून्**-इ.। **जँच्ला**-स.। (अ.क्रि.-नयाँ विमानस्थल निर्माणका लागि अजिरकोट उचित ठाउँ जच्यो ।)

जकडिनु-क्रि.मू.। **जकडि**-आ.धा.। अ.क्रि.; हलचल गर्न नसक्नु, बन्धनमा पर्नु, बाँधिनु । **जकड्याइ** (जकडि+आइ), (जकड्याउ+आइ)-भा.ना.। **जकड्याउनु**- प्रे.क्रि./स.क्रि.; जकड्न लगाउनु, बन्धनमा पार्नु । **जकड्याउ**-प्रे.धा.। **जकड्याइनु**-जकड्याउनुको क.क्रि.। **जकड्याइ**-भा.प्रे.धा.। **जकडिइनु**-जकडिनुको भा.क्रि.। **जकडिइ**-भा.धा.। **जकडिई, जकडिएर, जकडिन, जकडिंदै, जकडिउन्जेल, जकडिंदाखेरि**-कृ.अ.। **जकडिनू**-वि.। **जकडिऊन्**-इ.। **जकडेला**-स.। (अ.क्रि. - बाघ खोरमा जकडियो ।)

जकड्नु-क्रि.मू.। **जकड्**-आ.धा.। स.क्रि.; टन्काएर कस्नु, बेसरी बाँध्नु, ग्रस्त पार्नु, पक्रनु । **जकडाइ** (जकड्+आइ), (जकडाउ+आइ)- भा.ना.। **जकडाउनु**- प्रे.क्रि. /स.क्रि.; जकड्न लाउनु, जकडिने पार्नु । **जकडाउ**-प्रे.धा.। **जकडाइनु**-जकडाउनुको क.क्रि.। **जकडाइ**-क.प्रे.धा.। **जकडिनु**-जकड्नुको क.क्रि.। **जकडि**-क.धा.। **जकडी, जकडेर, जकड्न, जकड्दै, जकड्न्जेल, जकड्दाखेरि**-कृ.अ.। **जकड्नू**-वि.। **जकडून्**-इ.। **जकड्ला**-स.। (स.क्रि.-शिकारीहरूले मृगलाई जकडे ।)

जक्खिनु-क्रि.मू.। **जक्खि**-आ.धा.। अ.क्रि.; डरलाग्दोसँग मोटो हुनु, कडा बन्धनमा पर्नु, खाँदिनु, जाकिनु, थुनिनु । **जक्ख्याइ** ((जक्खि+आइ), (जक्ख्याउ+आइ)-भा.ना.। **जक्ख्याउनु** -प्रे.क्रि./स.कि.; जक्खिन लाउनु, थुन्नु । **जक्ख्याउ**-प्रे.धा.। **जक्ख्याइनु**-जक्ख्याउनुको क. क्रि.। **जक्ख्याइ**-भा.प्रे.धा.। **जक्खिइनु**-जक्खिनुको भा.क्रि.। **जक्खिइ**-भा.धा.। **जक्खिई, जक्खिएर, जक्खिन, जक्खिँदै, जक्खिउन्जेल, जक्खिंदाखेरि**-कृ.अ.। **जक्खिनू**-वि.। **जक्खिऊन्**-इ.। **जक्खेला**-स.। (अ.क्रि.-हरिप्रसाद लामिछाने सुँगुरझैं जक्खियो ।)

जक्डिनु-क्रि.मू.। **जक्डि**-आ.धा.। अ.क्रि.; हे. जकडिनु । **जक्ड्याइ** (जक्डि+आइ), (जक्ड्याउ+आइ)-भा.ना.। **जक्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; जकड्याउनु । **जक्ड्याउ**-प्रे.धा.। **जक्ड्याइनु**-जक्ड्याउनुको क.क्रि.। **जक्ड्याइ** -भा.प्रे.धा.। **जक्डिइनु**-जक्डिनुको भा.क्रि.। **जक्डिइ** -भा.धा.। **जक्डिई, जक्डिएर, जक्डिन, जक्डिँदै, जक्डिउन्जेल, जक्डिंदाखेरि**-कृ.अ.। **जक्डिनू**-वि.। **जक्डिऊन्**-इ.। **जक्डेला**-स.। (अ.क्रि.-जँड्याहा कृष्णप्रसाद भण्डारी खोरमा जक्डियो ।)

जगटिनु-क्रि.मू.। **जगटि** -आ.धा.। अ.क्रि.; कपाल खजमजिनु, जगटा समातेर तानिनु । **जगट्याइ** (जगटि+आइ), (जगट्याउ+आइ)-भा.ना.। **जगट्याउनु**- प्रे.क्रि./स.क्रि.; जगटिने पार्नु, जगल्ट्याउनु, जगटा समातेर तान्नु । **जगट्याउ**- प्रे.धा.। **जगट्याइनु**-जगट्याउनुको क.क्रि.। **जगट्याइ**-भा.प्रे.धा.। **जगटिइनु**-जगटिनुको भा.क्रि.। **जगटिइ**-भा.धा.। **जगटिई, जगटिएर, जगटिन, जगटिँदै, जगटिउन्जेल, जगटिंदाखेरि**-कृ.अ.। **जगटिनू**-वि.। **जगटिऊन्**-इ.। **जगटेला**-स.। (अ.क्रि.-खप्तड बाबाको कपाल जगटियो ।)

जगमगाउनु-क्रि.मू.। **जगमगाउ**-आ.धा.। अ.क्रि.; रङ्गिलो प्रकाश व्याप्त हुनु, जगमग हुनु, झल्कनु, चम्कनु, टल्कनु । **जगमगाइ** (जगमगाउ+आइ)-भा.ना.। **जगमगाइनु**-जगमगाउनुको भा.क्रि.। **जगमगाइ**-भा.धा। **जगमगाई, जगमगाएर, जगमगाउन, जगमगाउँदै, जगमगाउन्जेल, जगमगाउँदाखेरि**-कृ.अ.। **जगमगाउनू**-वि.। **जगमगाऊन्**-इ.। **जगमगाउला**- स.। (अ.क्रि.-प्रभातको मानस्लु-श्रृङ्खला जगमगायो ।)

जगल्टिनु-क्रि.मू.। **जगल्टि** -आ.धा.। अ.क्रि.; जगल्टामा समातेर लछारपछार पारिनु, जगल्टा तानिनु, जगल्टा निकालिनु । **जगल्ट्याइ** (जगल्टि+आइ), (जगल्ट्याउ+आइ)-भा.ना.। **जगल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; भुत्ल्याउन लगाउनु, जगल्टा समातेर तान्नु । **जगल्ट्याउ**-प्रे.धा.। **जगल्ट्याइनु**-जगल्ट्याउनुको क.क्रि.। **जगल्ट्याइ**-भा.प्रे. धा.। **जगल्टिइनु**- जगल्टिनुको भा.क्रि.। **जगल्टिइ**-भा.धा.। **जगल्टिई, जगल्टिन, जगल्टिँदै, जगल्टिएर, जगल्टिउन्जेल, जगल्टिंदाखेरि**-कृ.अ.। **जगल्टिनू**-वि.। **जगल्टिऊन्**-इ.। **जगल्टेला**-स.। (अ.क्रि.-हुँडलाहा शशिधर ग्रामीण समाजमा जगल्टियो ।)

जगाउनु-क्रि.मू.। **जगाउ**-आ.धा.। स.क्रि.; बिउँझाउनु, बिउँताउनु, सचेत गराउँनु, तन्त्रमन्त्रका बलले होशमा ल्याउनु । **जगाइ** (जगाउ+आइ)-भा.ना.। **जगाइनु**-जगाउनुको क.क्रि.। **जगाइ**-क.धा.। **जगाई, जगाएर, जगाउन, जगाउँदै, जगाउन्जेल, जगाउँदाखेरि**-कृ.अ.। **जगाउनू**-वि.। **जगाऊन्** -इ.। **जगाउला**-स.। (स.क्रि.-धामीले घौता जगायो ।)

जग्नु-क्रि.मू.। **जग्**- आ.धा.। अ.क्रि.; दन्कनु, बल्नु । **जगाइ** (जग्+आइ)-भा.ना.। **जगाउनु**-प्रे.क्रि./स.क्रि.; जग्ने पार्नु, बलाउनु । **जगाउ**-प्रे.धा.। **जगाइनु**-जगाउनुको क.क्रि.। **जगाइ**-भा.प्रे.धा.। **जगिनु**-जग्नुको भा.क्रि.। **जगि** -भा.धा.। **जगी, जगेर, जग्न, जग्दै, जगुन्जेल, जग्दाखेरि**-कृ.अ.। **जग्नू**-वि.। **जगून्**-इ.। **जग्ला**-स.। (अ.क्रि.-आरतीको दियो जग्यो ।)

जङ्गिनु-क्रि.मू.। **जङ्गि**-आ.धा.। अ.क्रि.; क्रोधित हुनु, रिसले झोक्किनु, रिसाउनु, जाग्नु । **जङ्ग्याइ** (जङ्गि+आइ), **जङ्ग्याहट** (जङ्गि+आहट)-भा.ना.। **जङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; जङ्गिन लाउनु, रिसाउने पार्नु । **जङ्ग्याउ**-प्रे.धा.। **जङ्ग्याइनु**-जङ्ग्याउनुको क.क्रि.। **जङ्ग्याइ**-भा.प्रे.धा.। **जङ्गिइनु**-जङ्गिनुको भा.क्रि.। **जङ्गिइ**-भा.धा.। **जङ्गिई, जङ्गिएर, जङ्गिन, जङ्गिँदै, जङ्गिउन्जेल, जङ्गिंदाखेरि**-कृ.अ.। **जङ्गिनू**-वि.। **जङ्गिऊन्**-इ.। **जङ्गेला**-स.। (अ.क्रि.-बहादुर तामाङ मर्सी अनाहकमा जङ्गियो ।)

जड्नु-क्रि.मू.। **जड्**-आ.धा.। स.क्रि.; राम्ररी सजाउनु, जडान गर्नु, उन्नु, गाँस्नु । **जडाइ** (जड्+आइ)-भा.ना.। **जडाउनु**-प्रे.क्रि./स.क्रि.; जड्न लाउनु, जडान गराउनु, सजाउने पार्नु । **जडाउ**-प्रे.धा.। **जडाइनु**-जडाउनुको क.क्रि.। **जडिनु**-जड्नुको भा.क्रि.। **जडि**-भा.धा.। **जडी, जडेर, जड्न, जड्दै, जड्नुन्जेल, जड्दाखेरि**-कृ.अ.। **जड्नू**-वि.। **जड्नून्**-इ.। **जड्ला**-स.। (स.क्रि.-साहित्यकारले आफ्ना रचनामा अलङ्कारादि आभूषण जड्यो ।)

जताउनु-क्रि.मू.। **जताउ**-आ.धा.। स.क्रि.; सूचना दिनु, सूचित गर्नु, थाहा दिनु, जनाउनु । **जताइ** (जताउ+आइ)-भा.ना.। **जताइनु** -जताउनुको क.क्रि.। **जताइ**- क.धा.। **जताई, जताएर, जताउन, जताउँदै, जताउन्जेल, जताउँदाखेरि**-कृ.अ.। **जताउनू**-वि.। **जताऊन्**-इ.। **जताउला**-स.। (स.क्रि.-कोशलनाथ अधिकारीले गाउँमा उग्रवादी छटाएको सूचना प्रहरीलाई जताए ।)

जनाउनु-क्रि.मू.। **जनाउ**-आ.धा.। स.क्रि.; सूचित गर्नु, जनाउ दिनु, बोध गराउनु, बोलीको उल्लेख गर्नु । **जनाइ** (जनाउ+आइ)-भा.ना.। **जनाइनु**-जनाउनुको क.क्रि.। **जनाइ**-क.धा.। **जनाई, जनाएर, जनाउन, जनाउँदै, जनाउन्जेल, जनाउँदाखेरि**-कृ.अ.। **जनाउनू**-वि.। **जनाऊन्**-इ.। **जनाउला**-स.। (स.क्रि.-धेरैबेर केरेपछि मात्र त्यसले आफ्नो प्रतिक्रिया जनायो ।)

जन्मनु-क्रि.मू.। **जन्म**-आ.धा.। अ.क्रि.; जन्म लिनु, पैदा हुनु, उत्पत्ति हुनु, जुनी लिनु, खडा हुनु, जन्मिनु । **जन्माइ** (जन्म+आइ)-भा.ना.। **जन्माउनु**-प्रे.क्रि./स.क्रि.; पैदा गर्नु, जन्म दिनु । **जन्माउ**-प्रे.धा.। **जन्माइनु**-जन्माउनुको क.क्रि.। **जन्माइ**- भा.प्रे.धा.। **जन्मिनु**-जन्मनुको भा.क्रि./अ.क्रि.। **जन्मि**-भा.धा.। **जन्मी, जन्मेर, जन्मन, जन्मँदै, जन्मुन्जेल, जन्मँदाखेरि**-कृ.अ.। **जन्मनू**-वि.। **जन्मून्**-इ.। **जन्मला**-स.। (अ.क्रि.-पृथ्वीनारायण शाह गोरखा दरवारमा जन्मे ।)

जन्मिनु-क्रि.मू.। **जन्मि**-आ.धा.। अ.क्रि.; हे. जन्मनु । **जन्म्याइ** (जन्मि+आइ)-भा.ना.। **जन्म्याउनु**-प्रे.क्रि./स.क्रि.; जन्माउनु । **जन्म्याउ**-प्रे.धा.। **जन्म्याइनु**-जन्म्याउनुको क.क्रि.। **जन्म्याइ**-भा.प्रे.धा.। **जन्मिइनु**-जन्मिनुको भा.क्रि.। **जन्मिइ**-भा.धा.। **जन्मिई, जन्मिएर, जन्मिन, जन्मिँदै, जन्मिउन्जेल, जन्मिंदाखेरि**-कृ.अ.। **जन्मिनू**-वि.। **जन्मिऊन्**-इ.। **जन्मेला**-स.। (अ.क्रि.-मराणाशाही अत्याचार चरमसीमामा पुगेको साल (२००५) गोरखा जिल्लाको काफलडाँडामा जन्मिएँ ।)

जप्नु-क्रि.मू.। **जप्**-आ.धा.। स.क्रि.; मन्त्र पाठ गर्नु, जप गर्नु, मन्त्रोच्चारण गर्नु, मन्त्रको बारबार आवृत्ति गर्नु, व्यक्तिको घरी-घरी प्रशंसा गर्नु । **जपाइ** (जप्+आइ)-भा.ना.। **जपाउनु**-प्रे.क्रि./स.क्रि., जप गर्न लगाउनु, जप गराउनु । **जपाउ**-प्रे.धा.। **जपाइनु**-जपाउनुको क.क्रि.। **जपाइ**-क.प्रे.धा.। **जपिनु**-जप्नुको क.क्रि.। **जपि**-क.धा.। **जपी, जपेर, जप्न, जप्तै, जपुन्जेल, जप्दाखेरि**-कृ.अ.। **जप्नू**-वि.। **जपून्**-इ.। **जप्ला**-स.। (स.क्रि.-षडाननले वेदमन्त्र जपे ।)

जमजमाउनु-क्रि.मू.। **जमजमाउ**-आ.धा.। स.क्रि.; उत्सुक हुनु, उत्साहपूर्वक काम गर्न तम्सनु, झम्टन खोज्नु । **जमजमाइ** (जमजमाउ+आइ)-भा.ना.। **जमजमाइनु**-जमजमाउनुको भा.क्रि.। **जमजमाइ** -भा.धा.। **जमजमाई, जमजमाएर, जमजमाउन, जमजमाउँदै, जमजमाउन्जेल, जमजमाउँदाखेरि**-कृ.अ.।**जमजमाउनू**-वि.। **जमजमाऊन्**-इ.। **जमजमाउला**-स.। (अ.क्रि.-पंचायती अत्याचारका विरुद्ध नेपाली जनता जमजमाए ।)

जमाउनु-क्रि.मू.। **जमाउ**-आ.धा.। स.क्रि.; बाक्लो हुने पार्नु, गोद्नु, ठटाउनु, जम्ने पार्नु । **जमाइ** (जमाउ+आइ)-भा.ना.। **जमाइनु**- जमाउनुको क.क्रि.। **जमाइ**-क.धा.। **जमाई, जमाएर, जमाउन, जमाउँदै, जमाउन्जेल, जमाउँदाखेरि**-कृ.अ.। **जमाउनू**- वि.। **जमाऊन्**-इ.। **जमाउला**-स.। (स.क्रि.-खरीबोटे ठाँहिंलोले ठेकीमा दही जमायो ।)

जम्नु-क्रि.मू.। **जम्**-आ.धा.। अ.क्रि.; तरल पदार्थ बाक्लो हुनु वा डल्लो पर्नु, निकास नपाएर फोहर जम्मा हुनु, सम्पन्न हुनु, एक ठाउँमा स्थायी भएर बस्नु, ठाँटिनु । **जमाइ** (जम्+आइ)-भा.ना.। **जमाउनु**-प्रे.क्रि./स.क्रि.; जम्ने पार्नु, ठटाउनु, गोद्नु । **जमाउ**-प्रे.क्रि.। **जमाइनु**-जमाउनुको क.क्रि.। **जमाइ**-भा.प्रे.धा.। **जमिनु**-जम्नुको भा.क्रि.। **जमि** -भा.धा.। **जमी, जमेर, जम्न, जम्दै, जमुन्जेल, जम्दाखेरि**-कृ.अ.। **जम्नू**-वि.। **जमून्**-इ.। **जम्ला**-स.। (अ.क्रि.-वि.सं. १८२६ पछि सम्पूर्ण उपत्यका उपर पृथ्वी नारायण शाहको अधिकार जम्यो ।)

जम्कनु-क्रि.मू.। **जम्क**-आ.धा.। अ.क्रि.; ठाँटिलो हुनु, सुरिनु, जगमगाउनु, झल्कनु, बेसरी बाजा घन्कनु । **जम्काइ** (जम्क+आइ)-भा.ना.। **जम्काउनु**-प्रे.क्रि./स.क्रि.; जम्कने पार्नु, झम्काउनु, जगमग पार्नु । **जम्काइनु**-जम्काउनुको क.क्रि.। **जम्काइ**-भा.प्रे.धा.। **जम्किनु**-जम्कनुको भा.क्रि.। **जम्कि**-भा.धा.। **जम्की, जम्केर,**

जम्कन, **जम्कँदै**, **जम्कुन्जेल**, **जम्कँदाखेरि**-कृ.अ.। **जम्कनू**-वि.। **जम्कून्**-इ.। **जम्कला**-स.। (अ.क्रि. - चन्द्रप्रसाद र चमेलीको विवाहमा पञ्चैबाजा जम्क्यो ।)

जम्किनु-क्रि.मू.। **जम्कि**-आ.धा.। अ.क्रि.; हे. जम्कनु । **जम्क्याइ** (जम्कि+आइ)-भा.ना.। **जम्क्याउनु**-प्रे.क्रि./स.क्रि.; जम्किन लगाउनु, जम्किने पार्नु । **जम्क्याउ**-प्रे.धा.। **जम्क्याइनु**-जम्क्याउनुको क.क्रि.। **जम्क्याइ** -भा.प्रे.धा.। **जम्किइनुं**- जम्किनुको भा.क्रि.। **जम्किइ**-भा.धा.। **जम्किई**, **जम्किएर**, **जम्किन**, **जम्किंदै**, **जम्किउन्जेल**, **जम्किंदाखेरि**-कृ.अ.। **जम्किनू**-वि.। **जम्किऊन्**-इ.। **जम्केला** -स.। (अ.क्रि.-निरीह जनताका विरुद्धमा भुटानी राजा जम्कियो ।)

जरठ्ठिनु-क्रि.मू.। **जरठ्ठि** -आ.धा.। अ.कि.; साह्रै कडा हुनु, धेरै छिप्पिनु, जरठ्ठो हुनु । **जरठ्ठ्याइँ** (जरठ्ठि+आइँ)-भा.ना.। **जरठ्ठ्याउनु**- प्रे.क्रि./स.क्रि.; जरठ्ठिन लाउनु, जरठ्ठिने पार्नु । **जरठ्ठ्याउ**-प्रे.धा.। **जरठ्ठ्याइनु** - जरठ्ठ्याउनुको क.क्रि.। **जरठ्ठ्याइ**-भा.प्रे.धा.। **जरठ्ठिइनु**-जरठ्ठिनुको भा.क्रि.। **जरठ्ठिइ**-भा.धा.। **जरठ्ठिई**, **जरठ्ठिएर**, **जरठ्ठिन**, **जरठ्ठिंदै**, **जरठ्ठिउन्जेल**, **जरठ्ठिंदाखेरि**-कृ.अ.। **जरठ्ठिनू**-वि.। **जरठ्ठिऊन्**-इ.। **जरठ्ठेला**-स.। (अ.क्रि.-खन-जोत नगर्नाले कोदार खेत जरठ्ठियो ।)

जर्कनु-क्रि.मू.। **जर्क**-आ.धा.। अ.क्रि.; रिसले तात्नु, जरक्क पर्नु, झोकिनु, कान आदिका रौं जरफेदै उखेलिनु, झडङ्ग हुनु, झर्कनु । **जर्काइ** (जर्क+आइ)-भा.ना.। **जर्काउनु**-प्रे.क्रि./स.क्रि.; जर्कन लाउनु, जर्कने पार्नु । **जर्काउ**-प्रे.धा.। **जर्काइनु**-जर्काउनुको क.क्रि.। **जर्काइ**-भा.प्रे.धा.। **जर्किनु**-जर्कनुको भा.क्रि.। **जर्कि**-भा.धा.। **जर्की**, **जर्कर** **जर्कन**, **जर्कँदै**, **जर्कुन्जेल**, **जर्कँदाखेरि**-कृ.अ.। **जर्कनू**-वि.। **जर्कून्**-इ.। **जर्कला**-स.। (अ.क्रि.-समझदारी कुरा नगर्दा विद्यार्थीहरू जर्के ।)

जर्कटिनु-क्रि.मू.। **जर्कटि**-आ.धा.। अ.क्रि.; जर्कटो हुनु, धेरै छिप्पिनु, बैंसले मतमताउनु, जर्खरिनु । **जर्कट्याइ** (जर्कटि+आइ)-भा.ना.। **जर्कट्याउनु**-प्रे.क्रि./स.क्रि.; जर्कटिने तुल्याउनु, जर्कटो पार्नु । **जर्कट्याउ**-प्रे.धा.। **जर्कट्याइनु**-जर्कट्याउनुको क.क्रि.। **जर्कट्याइ**-भा.प्रे.धा.। **जर्कटिइनु**-जर्कटिनुको भा.क्रि.। **जर्कटिइ** -भा.धा.। **जर्कटिई**, **जर्कटिएर**, **जर्कटिन**, **जर्कटिंदै**, **जर्कटिउन्जेल**, **जर्कटिंदाखेरि**-कृ.अ.। **जर्कटिनू**-वि.। **जर्कटिऊन्**-इ.। **जर्कटेला**-स.। (अ.क्रि.-बेडाउन नपाएर बारीमा रायोको साग जर्कटियो ।)

जर्किनु-क्रि.मू.। **जर्कि**- आ.धा.। अ.क्रि.; हे. जर्कनु **जर्क्याइ**-(जर्कि+आइ), (जर्क्याउ+आइ)-भा.ना **जर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; जर्कने पार्नु, झ्योक्क्याउनु **जर्क्याउ**-प्रे.धा.। जर्क्याउनुको क.क्रि.। **जर्क्याइ**-भा.प्रे.धा **जर्किइनु**-जर्किनुको भा.क्रि.। **जर्किइ** -भा.धा.। **जर्किं** **जर्किएर**, **जर्किन**, **जर्किंदै**, **जर्किउन्जेल**, **जर्किंदाखेरि**-कृ.अ.। **जर्किनू**-वि.। **जर्किऊन्**-इ.। **जर्केला**-स.। (अ.क्रि.-समझदारी कुरा गर्दागर्दै पनि प्रकाशक जर्कियो ।)

जर्खरिनु-क्रि.मू.। **जर्खरि**-आ.धा.। अ.क्रि.; ज्यादै छिप्पिनु बैंस चढेर उन्मत्त हुनु, जर्खरो हुनु, ठर्रो हुनु, जर्किनु **जर्खऱ्याइ** (जर्खरि+आइ)-भा.ना । **जर्खऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; जर्खरो पार्नु, जर्कट्याउनु, छिप्प्याउनु । **जर्खऱ्याहट** (जर्खरि+आहट), **जर्खऱ्याइ** (जर्खऱ्याउ+आइ)-भा.ना.। **जर्खऱ्याउ**-प्रे.धा.। **जर्खऱ्याइनु**-जर्खऱ्याउनुको क.क्रि.। **जर्खऱ्याइ**-भा.प्रे.धा.। **जर्खरिइनु**-जर्खरिनुको भा.क्रि.। **जर्खरिइ**-भा.धा.। **जर्खरिई**, **जर्खरिएर**, **जर्खरि** **जर्खरिंदै**, **जर्खरिउन्जेल**, **जर्खरिंदाखेरि**-कृ.अ.। **जर्खरि** वि.। **जर्खरिऊन्**-इ.। **जर्खरेला**-स.। (अ.क्रि.-धी शमशेरका छोराहरू जर्खरिए ।)

जर्जरिनु-क्रि.मू.। **जर्जरि**-आ.धा.। अ.क्रि.; जर्जर हुनु जर्कटो बन्नु, पुरानो हुनु, जीर्ण बन्नु, बूढो हुनु, धे छिप्पिएर जर्रिनु । **जर्जऱ्याइ** (जर्जरि+आइ), (जर्जऱ्याउ+आइ)-भा.ना.। **जर्जऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; जर्जरिने पार्नु थोत्र्याउनु, जरिने तुल्याउनु । **जर्जऱ्याउ**- प्रे.धा. **जर्जऱ्याइनु**-जर्जऱ्याउनुको क.क्रि.। **जर्जऱ्याइ** -भा.प्रे.धा. **जर्जरिइनु**-जर्जरिनुको भा.क्रि.। **जर्जरिइ**-भा.धा.। **जर्जरिई**, **जर्जरिएर**, **जर्जरिन**, **जर्जरिंदै**, **जर्जरिउन्जेल**, **जर्जरिंदाखेरि**-कृ.अ.। **जर्जरिनू**-वि.। **जर्जरिऊन्**-इ. **जर्जरेला**-स.। (अ.क्रि.-खन-जोत गर्न ढिलो हुँद खेतबारी जर्जरियो ।)

जर्फराउनु-क्रि.मू.।**जर्फराउ**-आ.धा.। अ.क्रि.; चलमलाए उठ्न खोज्नु, जर्फर गर्ने हुनु, जुर्मुराउनु, जमजमाउनु **जर्फराइ** (जर्फराउ+आइ)-भा.ना.। **जर्फराइनु** जर्फराउनुको भा.क्रि.। **जर्फराइ**-भा.धा.। **जर्फराइ** **जर्फराएर**, **जर्फराउन**, **जर्फराउँदै**, **जर्फराउन्जेल** **जर्फराउँदाखेरि**-कृ.अ.। **जर्फराउनू**-वि.। **जर्फराऊन्**-इ. **जर्फराउला**-स.। (अ.क्रि.-बिरामी जर्फरायो ।)

जर्फरिनु-क्रि.मू.। **जर्फरि**-आ.धा.। अ.क्रि.; जुर्मुरिनु जर्फराउनु, दर्फरिनु । **जर्फऱ्याइ** (जर्फरि+आइ)-भा.ना. **जर्फऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; जर्फरिने पार्नु, जुर्मुराउनु

जर्फ्याउ-प्रे.धा.। **जर्फ्याइनु**-जर्फ्याउनुको क.क्रि.। **जर्फ्याइ**-भा.प्रे.धा.। **जर्फरिइनु**-जर्फरिनुको भा.क्रि.। **जर्फरिइ**-भा.धा.। **जर्फरिई, जर्फरिएर, जर्फरिन, जर्फरिंदै, जर्फरिउन्जेल, जर्फरिंदाखेरि**-कृ.अ.। **जर्फरिनू**-वि.। **जर्फरिऊन्**-इ.। **जर्फरेला**-स.। (अ.क्रि.-भर्खरै बियाएको गाईको बाच्छी जर्फरियो ।)

जर्मराउनु-क्रि.मू.। **जर्मराउ**- आ.धा.। अ.क्रि.; पुलकित बन्नु, रोमाञ्चित हुनु, जर्फराउनु, जुर्मुराएर उठ्न खोज्नु, चलमलाएर उठ्ने चेष्टा गर्नु । **जर्मराइ** (जर्मराउ+आइ)-भा.ना.। **जर्मराइनु**-जर्मराउनुको भा.क्रि.। **जर्मराइ**-भा.धा.। **जर्मराई, जर्मराएर, जर्मराउन, जर्मराउँदै, जर्मराउन्जेल, जर्मराउँदाखेरि**-कृ.अ.। **जर्मराउनू**-वि.। **जर्मराऊन्**-इ.। **जर्मराउला**-स.। (अ.क्रि.-हजुर अमाले कथा भन्न लाग्दा केटाकेटीहरू जर्मराए ।)

जर्रिनु-क्रि.मू.। **जर्रि**-आ.धा.। अ.क्रि.; छिप्पिएर जर्रो बन्नु, जरक्क पर्नु, रिसले जर्किनु, जर्खरिनु, ठर्रिनु । **जर्र्याइ** (जर्रि+आइ), (जर्र्याउ+आइ) -भा.ना.। **जर्र्याउनु**-प्रे.क्रि./स.क्रि.; जर्रो पार्नु, अररो तुल्याउनु । **जर्र्याउ** -प्रे.धा.। **जर्र्याइनु** -जर्र्याउनुको क.क्रि.। **जर्र्याइ**-भा.प्रे.धा.। **जर्रिइनु**-जर्रिनुको भा.क्रि.। **जर्रिइ**-भा.धा.। **जर्रिई, जर्रिएर, जर्रिन, जर्रिंदै, जर्रिउन्जेल, जर्रिंदाखेरि**-कृ.अ.। **जर्रिनू**-वि.। **जर्रिऊन्**-इ.। **जर्रेला**-स.। (अ.क्रि.-चाँडै रोप्न नपाउँदा कोदोको बीउ जर्रियो ।)

जल्नु-क्रि.मू.। **जल्**-आ.धा.। अ.क्रि.; जलन हुनु, डाह हुनु, पीडा हुनु, सल्कनु, बल्नु, डढ्नु, डहनु । **जलाइ** (जल्+आइ), (जलाउ+आइ)- भा.ना.। **जलाउनु**-प्रे.क्रि./स.क्रि.; सल्काउनु, डढाउनु, दुखाउनु, पोल्नु । **जलाउ**-प्रे.धा.। **जलाइनु**- जलाउनुको क.क्रि.। **जलाइ**-भा.प्रे.धा.। **जलिनु**-जल्नुको भा.क्रि./अ.क्रि.; बलिनु, सल्किनु । **जलि**-भा.धा.। **जली, जलेर, जल्न, जल्दै, जलुन्जेल, ज़ल्दाखेरि**-कृ.अ.। **जल्नू**-वि.। **जलून्**-इ.। **जल्ला**-स.। (अ.क्रि.-डढेलो लागेर ठूलो जङ्गल सबै जल्यो । बिजुलीको बल्ब जल्यो ।)

जल्किनु-क्रि.मू.। **जल्कि** -आ.धा.। अ.कि.; दच्किनु, बिच्किनु, तर्सिनु । **जल्क्याइ** (जल्कि+आइ)-भा.ना.। **जल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; जल्किने पार्नु, बिच्क्याउनु । **जल्क्याउ**-प्रे.धा.। **जल्क्याइनु**-जल्क्याउनुको क.क्रि.। **जल्क्याइ**-भा.प्रे.धा.। **जल्किइनु** -जल्किनुको भा.क्रि.। **जल्किइ**-भा.धा.। **जल्किई, जल्किएर, जल्किन, जल्किंदै, जल्किउन्जेल, जल्किंदाखेरि**-कृ.अ.। **जल्किनू**-वि.। **जल्किऊन्**-इ.। **जल्केला**-स.। (अ.क्रि.-बाघको सुराक पाउँनासाथ मृगहरू जल्किए ।)

जाँच्नु-क्रि.मू.। **जाँच्**-आ.धा.। स.क्रि.; जाँच गर्नु, परीक्षा लिनु, चेक गर्नु, राम्रो-नराम्रो छुट्याउनु, पारख गर्नु । **जँचाइ** (जाँच्+आइ), (जँचाउ+आइ)-भा.ना.। **जँचाउनु**-प्रे.क्रि./स.क्रि.; पारख गराउनु, जाँच्न लगाउनु, परीक्षण गराउनु । **जँचाउ**-प्रे.धा.। **जँचाइनु**-जँचाउनुको क.क्रि.। **जँचाइ**-क.प्रे.धा.। **जाँचिनु** -जाँच्नुको क.क्रि.। **जाँचि**-क.धा.। **जाँची, जाँचेर, जाँच्न, जाँच्तै, जाँचुन्जेल, जाँच्दाखेरि**-कृ.अ.। **जाँच्नू**-वि.। **जाँचून्**-इ.। **जाँच्ला**-स.। (स.क्रि.-शिक्षकहरूले एस.एल.सी. को उत्तर-पुस्तिका जाँचे ।)

जानु-क्रि.मू.। **जा**-आ.धा.। अ.क्रि.; हिंड्नु, गमन गर्नु, मर्नु, नाश हुनु, टर्नु, गुज्रनु, नष्ट हुनु । **जाइ** (जा+आइ), **जवाइ** (जा+आइ)-भा.ना.। **जाइनु/गइनु**-जानुको भा.क्रि.। **जाइ/गइ** -भा.धा.। **गई, गएर, जान, जाँदै, जाउन्जेल, जाँदाखेरि**-कृ.अ.। **जानू**-वि.। **जाऊन्**-इ.। **जाला**-स.। (अ.क्रि.-पृथ्वीनारायण शाह हातहतियारको संग्रहको लागि काशी गए ।)

जाक्नु-क्रि.मू.। **जाक्**-आ.धा.। स.क्रि.; कैद गर्नु, कोच्नु, खाँद्नु, थुन्नु । **जकाइ** (जाक्+आइ)-भा.ना.। **जकाउनु**-प्रे.क्रि./स.क्रि.; जाक्न लगाउनु, जाक्ने पार्नु । **जकाउ**-प्रे.धा.। **जकाइनु**-जकाउनुको क.क्रि.। **जकाइ**-क.प्रे.धा.। **जाकिनु**-जाक्नुको क.क्रि.। **जाकि**-क.धा.। **जाकी, जाकेर, जाक्न, जाक्तै, जाकुन्जेल, जाक्ताखेरि**-कृ.अ.। **जाक्नू**-वि.। **जाकून्**-इ.। **जाक्ला**-स.। (स.क्रि.-निस्पक्ष कर्मचारीले नक्कली सुकुम्बासीलाई खोरमा लगेर जाके ।)

जाकिनु-क्रि.मू.। **जाकि**-आ.धा.। अ.क्रि.; थुनिनु, कोचिनु, फस्नु । **जक्याइ** (जाकि+आइ)-भा.ना.। **जक्याउनु**-प्रे.क्रि./स.क्रि.; जकाउनु । **जक्याउ**-प्रे.धा.। **जक्याइनु**-जक्याउनुको क.क्रि.। **जक्याइ**-भा.प्रे.धा.। **जाकिइनु**-जाकिनुको भा.क्रि.। **जाकिइ**-भा.धा.। **जाकिई, जाकिएर, जाकिन, जाकिंदै, जाकिउन्जेल, जाकिंदाखेरि**-कृ.अ.। **जाकिनू**-वि.। **जाकिऊन्**-इ.। **जाकेला**-स.। (अ.क्रि.-अरूलाई खनेको खाल्डोमा आफैं जाकियो ।)

जाख्नु-क्रि.मू.। **जाख्**-आ.धा.। स.क्रि.; भेडा-च्याङ्ग्रा, खच्चड आदिद्वारा मालसामान ढुवानी गर्नु । **जखाइ** (जाख्+आइ)-भा.ना.। **जखाउनु**-प्रे.क्रि./स.क्रि.; जाख्न लगाउनु, जाख्ने पार्नु । **जखाउ**-प्रे.धा.। **जखाइनु**-जखाउनुको क.क्रि.। **जखाइ**-क.प्रे.धा.। **जाखिनु**-जाख्नुको क.क्रि.। **जाखि**-क.धा.। **जाखी, जाखेर, जाख्न, जाख्तै,**

जाखुन्जेल, जाख्दाखेरि-कृ.अ.। **जाख्नू**-वि.। **जाखून्**-इ.। **जाख्ला**-स.। (स.क्रि.-खच्चडले मालसामान जाख्यो ।)

जाग्नु-क्रि.मू.। **जाग्**-आ.धा.। अ.क्रि.; बिउँझनु, रिसले जङ्गिनु, आङमा देवता चढ्नु, हुर्कनु, पलाउनु, सप्रँदै जानु, प्रगति हुनु । **जगाइ** (जाग्+आइ)-भा.ना.। **जगाउनु**-प्रे.क्रि./स.क्रि.; जाग्न लाउनु, बिउँझाउनु । **जगाउ**-प्रे.धा.। **जगाइनु**-जगाउनु क.क्रि.। **जगाइ**-भा.प्रे.धा.। **जागिनु**-जाग्नुको भा.क्रि.। **जागि**-भा.धा.। **जागी, जागेर, जाग्न, जाग्दै, जागुन्जेल, जाग्दाखेरि**-कृ.अ.। **जाग्नू**-वि.। **जागून्**-इ.। **जाग्ला**-स.। (अ.क्रि. -मलजल पाएपछि बिरुवा बिस्तारै जाग्यो ।)

जान्नु-क्रि.मू.। **जान्**-आ.धा.। स.क्रि.; बोध गर्नु, थाहा पाउनु, ज्ञान गर्नु, चाल पाउनु, बुझ्नु, चिन्नु । **जनाइ** (जान्+आइ)-भा.ना.। **जनाउनु**-प्रे.क्रि./स.क्रि.; जान्न लाउनु, जान्ने पार्नु, बोध गराउनु । **जनाउ**-प्रे.धा.। **जनाइनु**-जनाउनुको क.क्रि.। **जनाइ**-क.प्रे.धा.। **जानिनु**-जान्नुको क.क्रि.। **जानि**-क.धा.। **जानी, जानेर, जान्न, जान्दै, जानुन्जेल, जान्दाखेरि**-कृ.अ.। **जान्नू**-वि.। **जानून्**-इ.। **जान्ला**-स.। (स.क्रि.-नेपाली सोझा जनताले भित्री षडयन्त्र बल्ल जाने ।)

जार्नु-क्रि.मू.। **जार्** -आ.धा.। स.क्रि.; छास्नु, बेसरी हप्काउनु । **जराइ** (जार्+आइ)-भा.ना.। **जराउनु**-प्रे.क्रि./स.क्रि.; छास्न लगाउनु । **जराउ**-प्रे.धा.। **जराइनु**-जराउनुको क.क्रि.। **जराइ** -क.प्रे.धा.। **जारिनु**-जार्नुको क.क्रि.। **जारि**- क.धा.। **जारी, जारेर, जार्न, जार्दै, जारुन्जेल, जार्दाखेरि**-कृ.अ.। **जार्नू**-वि.। **जारून्**-इ.। **जार्ला**-स.। (स.क्रि.-हलीको बनी ठगेकाले तीर्थप्रसाद कामीले चूडे बाहुनलाई जाऱ्यो ।)

जिउनु-क्रि.मू.। **जिउ**-आ.धा.। अ.क्रि.; जीवित रहनु, बाँच्नु, जसोतसो जीवन निर्वाह गर्नु, ज्यान जोगाउनु । **जियाइ** (जिउ+आइ)-भा.ना.। **जियाउनु/जिलाउनु**-प्रे.क्रि./स.क्रि.; जिउन लाउनु, जिउने पार्नु, बचाउनु । **जियाउ/जिलाउ**-प्रे.धा.। **जियाइनु/जिलाइनु**-जियाउनुको क.क्रि.। **जियाइ/जिलाइ**-भा.प्रे.धा.। **जिइनु**-जिउनुको भा.क्रि.। **जिइ**-भा.धा.। **जिई, जिएर, जिउन, जिउँदै, ज़िउन्जेल, जिउँदाखेरि**-कृ.अ.। **जिउनू**-वि.। **जिऊन्**-इ.। **जिउला**-स.। (अ.क्रि.-टेकवीर गुरुङ अन्ठान्नब्बे वर्षसम्म जियो ।)

जिङ्ग्रिनु-क्रि.मू.। **जिङ्ग्रि**-आ.धा.। अ.क्रि.; मलजल तथा गोडगाड नपाएर बोटबिरुवा छिप्पिएर जर्रो हुनु, स्याहार- सम्भार नगर्नाले कपाल आदि खजमजिनु दुब्लाएर जिङ्ग्रिङ्ङ पर्नु । **जिङ्ग्र्याइ** (जिङ्ग्रि+आइ)-भा.ना.। **जिङ्ग्र्याउनु**-प्रे.क्रि./स.क्रि.; जिङ्ग्रिने पार्नु। **जिङ्ग्र्याउ**-प्रे.धा.। **जिङ्ग्र्याइनु**- जिङ्ग्र्याउनुको क.क्रि.। **जिङ्ग्र्याइ**-भा.प्रे.धा.। **जिङ्ग्रिइनु**-जिङ्ग्रिनुको भा.क्रि.। **जिङ्ग्रिइ**-भा.धा.। **जिङ्ग्रिई, जिङ्ग्रिएर, जिङ्ग्रिन, जिङ्ग्रिंदै, जिङ्ग्रिउन्जेल, जिङ्ग्रिंदाखेरि**-कृ.अ.। **जिङ्ग्रिनू**-वि.। **जिङ्ग्रिऊन्**-इ.। **जिङ्ग्रेला**-स.। (अ.क्रि.-सुकी कमिनीको कपाल जिङ्ग्रियो ।)

जिङ्गिनु-क्रि.मू.। **जिङ्गि**-आ.धा.। अ.क्रि.; जिङ्रिङ्ङ पर्नु बोट-बिरुवा तथा सागपात नसप्रनु । **जिङ्ग्याइ** (जिङ्गि+आइ)-भा.ना.। **जिङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; जिङ्गिने पार्नु । **जिङ्ग्याउ**- प्रे.धा.। **जिङ्ग्याइनु**-जिङ्ग्याउनुको क.क्रि.। **जिङ्ग्याइ**-भा.प्रे.धा.। **जिङ्गिइनु**-जिङ्गिनुको भा.क्रि.। **जिङ्गिइ**-भा.धा.। **जिङ्गिई, जिङ्गिएर, जिङ्गिन, जिङ्गिंदै, जिङ्गिउन्जेल, जिङ्गिंदाखेरि**-कृ.अ.। **जिङ्गिनू**-वि.। **जिङ्गिऊन्**-इ.। **जिङ्गेला**-स.। (अ.क्रि.-जाडो बढेर गाईवस्तु सबै जिङ्गिए ।)

जित्नु-क्रि.मू.। **जित्**- आ.धा.। स.क्रि.; विजय प्राप्त गर्नु, वशमा पार्नु, परास्त गर्नु, अरूलाई हराउनु । **जिताइ** (जित्+आइ), **जिताउरी** (जित्+आउरी)-भा.ना । **जिताउनु**-प्रे.क्रि/स.क्रि., जित्न लाउनु, जित्ने बनाउनु। **जिताउ**-प्रे.धा.। **जिताइनु**-जिताउनुको क.क्रि.। **जिताइ** क.प्रे.धा.। **जितिनु**-जत्नुको क.क्रि.। **जिति**-क.धा.। **जिती, जितेर, जित्न, जित्तै, जितुन्जेल, जित्दाखेरि**-कृ.अ.। **जित्नू**-वि.। **जितून्**-इ.। **जित्ला**-स.। (स.क्रि.-गुण्डागर्दीले प्रशासनलाई जित्यो ।)

जिप्टनु-क्रि.मू.। **जिप्ट**-आ.धा.। अ.क्रि.; जिप्टिनु झुक्किनु, ठगिनु, असफल हुनु, हार खानु । **जिप्टाइ** (जिप्ट+आइ)-भा.ना.। **जिप्टाउनु**-प्रे.क्रि./स.क्रि.; जिप्टने पार्नु, जिप्टन लाउनु । **जिप्टाउ** -प्रे.धा.। **जिप्टाइनु**-जिप्टाउनुको क.क्रि.। **जिप्टाइ**- भा.प्रे.धा.। **जिप्टिनु**-जिप्टनुको भा.क्रि.। **जिप्टि**-भा.धा.। **जिप्टी, जिप्टेर, जिप्टन, जिप्टँदै, जिप्टुन्जेल, जिप्टँदाखेरि**-कृ.अ.। **जिप्टनू**-वि.। **जिप्टून्**-इ.। **जिप्टला** -स.। (अ.क्रि.-खरीबोटेको गाई भीरबाट जिप्ट्यो ।)

जिप्टिनु-क्रि.मू.। **जिप्टि**-आ.धा.। अ.क्रि.; हे. जिप्टनु । **जिप्ट्याइ** (जिप्टि+आइ)-भा.ना.। **जिप्ट्याउनु**- प्रे.क्रि./स.क्रि.; जिप्टिने पार्नु, छक्याउनु, ठग्नु । **जिप्ट्याउ**-प्रे.धा.। **जिप्ट्याइनु**-जिप्ट्याउनुको क.क्रि.। **जिप्ट्याइ**-भा.प्रे.धा.। **जिप्टिइनु**-जिप्टिनुको भा.क्रि.। **जिप्टिइ**-

भा.धा.। **जिप्टिई, जिप्टिएर, जिप्टिन, जिप्टिँदै, जिप्टिउन्जेल, जिप्टिंदाखेरि** - कृ.अ.। **जिप्टिनू**-वि.। **जिप्टिऊन्**-इ.। **जिप्टेला**-स.। (अ.क्रि.-घाँस काट्ताकाट्तै लाम्स्विाँरा माइलो बलेखुको भीरबाट जिप्टियो ।)

जिबुल्लिनु-क्रि.मू.। **जिबुल्लि**-आ.धा.। अ.क्रि.; मीठो-मीठो खाने इच्छा जाग्नु, स्वादे वा जिबोल्लो हुनु । **जिबुल्ल्याइँ** (जिबुल्लि+आइँ)-भा.ना.। **जिबुल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; जिबुल्लिने पार्नु । **जिबुल्ल्याउ**-प्रे.धा.। **जिबुल्ल्याइनु**-जिबुल्ल्याउनुको क.क्रि.। **बिजुल्ल्याइ**- भा.प्रे.धा.। **जिबुल्लिइनु**-जिबुल्लिनुको भा.क्रि.। **जिबुल्लिइ**-भा.धा.। **जिबुल्लिई, जिबुल्लिएर, जिबुल्लिन, जिबुल्लिँदै, जिबुल्लिउन्जेल, जिबुल्लिंदाखेरि**-कृ.अ.। **जिबुल्लिनू**-वि.। **जिबुल्लिऊन्**-इ.। **जिबुल्लेला**-स.। (अ.क्रि.-केटाकेटीहरू दशैंमा जिबुल्लिए ।)

जिम्रिनु-क्रि.मू.। **जिम्रि** -आ.धा.। अ.क्रि.; पानी आदि उम्लिसकेपछि पनि पाकिरहनु, पानी उम्लेर पनि पाकिरहनाले बिग्रिनु, पानी हदभन्दा बढी तात्नु । **जिम्र्याइ** (जिम्रि+आइ)-भा.ना.। **जिम्र्याउनु**-प्रे.क्रि./स.क्रि.; जिम्रिने पार्नु । **जिम्र्याउ**-प्रे.धा.। **जिम्र्याइनु**-जिम्र्याउनुको क.क्रि.। **जिम्रिइनु**-जिम्रिनुको भा.क्रि.। **जिम्रिइ**-भा.धा.। **जिम्रिई, जिम्रिएर, जिम्रिन, जिम्रिँदै, जिम्रिउन्जेल, जिम्रिंदाखेरि**-कृ.अ.। **जिम्रिनू**-वि.। **जिम्रिऊन्**-इ.। **जिम्रेला**-स.। (अ.क्रि.-पानी जिम्रियो; खसी काट्न पाइएन ।)

जिम्लिनु-क्रि.मू.। **जिम्लि**-आ.धा.। अ.क्रि.; हे. जिम्रिनु । **जिम्ल्याइ** (जिम्लि+आइ)-भा.ना.। **जिम्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; जिम्लिन लाउनु । **जिम्ल्याउ**-प्रे.धा.। **जिम्ल्याइनु**-जिम्ल्याउनुको क.क्रि.। **जिम्ल्याइ**- भा.प्रे.धा.। **जिम्लिइनु**-जिम्लिनुको भा.क्रि.। **जिम्लिइ**-भा.धा.। **जिम्लिई, जिम्लिएर, जिम्लिन, जिम्लिँदै, जिम्लिउन्जेल, जिम्लिंदाखेरि**-कृ.अ.। **जिम्लिनू**-वि.। **जिम्लिऊन्**-इ.। **जिम्लेला**-स.। (अ.क्रि.-पानी जिम्लियो, खसी राम्ररी भुत्लिदैन ।)

जियाउनु-क्रि.मू.। **जियाउ**-आ.धा.। स.क्रि.; बचाउनु, बिउँताउनु, बौराउनु । **जियाइ** (जियाउ+आइ)-भा.ना.। **जियाइनु**-जियाउनुको क.क्रि.। **जियाइ**-क.धा.। **जियाई, जियाएर, जियाउन, जियाउँदै, जियाउन्जेल, जियाउँदाखेरि**-कृ.अ.। **जियाउनू**-वि.। **जियाऊन्**-इ.। **जियाउला**-स.। (स.क्रि.-लम्साल कान्छाले मलाई जियायो ।)

जिरिङ्गिनु-क्रि.मू.। **जिरिङ्गि**-आ.धा.। अ.क्रि.; जिरिङ्ङिनु, जिरिङ्ङ हुनु, जिरिङ्ग पर्नु । **जिरिङ्ग्याइ** (जिरिङ्गि+आइ)-भा.ना.। **जिरिङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; जिरिङ्गिने पार्नु । **जिरिङ्ग्याउ**- प्रे.धा.। **जिरिङ्ग्याइनु**-जिरिङ्ग्याउनुको क.क्रि.। **जिरिङ्ग्याइ**-भा.प्रे.धा.। **जिरिङ्गिइनु**-जिरिङ्गिनुको भा.क्रि.। **जिरिङ्गिइ**-भा.धा.। **जिरिङ्गिई, जिरिङ्गिएर, जिरिङ्गिन, जिरिङ्गिँदै, जिरिङ्गिउन्जेल, जिरिङ्गिंदाखेरि**-कृ.अ.। **जिरिङ्गिनू**-वि.। **जिरिङ्गिऊन्**-इ.। **जिरिङ्गेला**-स.। (अ.क्रि.-गाईवस्तु जाडोमा जिरिङ्गिए ।)

जिरिङ्ङिनु-क्रि.मू.। **जिरिङ्ङि**- आ.धा.। अ.क्रि.; हे. जिरिङ्गिनु । **जिरिङ्ङ्याइ** (जिरिङ्ङि+आइ)-भा.ना.। **जिरिङ्ङ्याउनु** -प्रे.क्रि./स.क्रि.; जिरिङ्ङिने पार्नु । **जिरिङ्ङ्याउ**-प्रे.धा.। **जिरिङ्ङयाइनु**-जिरिङ्ङ्याउनुको क.क्रि.। **जिरिङ्ङ्याइ**-भा.प्रे.धा.। **जिरिङ्ङिइनु**-जिरिङ्ङिनुको भा.क्रि.। **जिरिङ्ङिइ**-भा.धा.। **जिरिङ्ङिई, जिरिङ्ङिएर, जिरिङ्ङिन, जिरिङ्ङिँदै, जिरिङ्ङिउन्जेल, जिरिङ्ङिंदाखेरि**-कृ.अ.। **जिरिङ्ङिनू**-वि.। **जिरिङ्ङिउन्**-इ.। **जिरिङ्ङेला**-स.। (अ.क्रि. -विश्वयुद्धको त्रासदीपूर्ण घट्नाले विश्वको आङ जिरिङ्ङियो ।)

जिलाउनु-क्रि.मू.। **जिलाउ**- आ.धा.। स.क्रि.; जियाउनु, बचाउनु, जिलाउने-केलाउने गर्नु, झारहरू उखेल्नु, ठोसा केलाउनु, जिप्ट्याउनु, बाँकी नराखी लैजानु । **जिलाइ** (जिलाउ+आइ)-भा.ना.। **जिलाइनु** -जिलाउनुको क.क्रि.। **जिलाइ**-क.धा.। **जिलाई, जिलाएर, जिलाउन, जिलाउँदै, जिलाउन्जेल, जिलाउँदाखेरि**-कृ.अ.। **जिलाउनू**-वि.। **जिलाऊन्**-इ.। **जिलाउला**-स.। (स.क्रि.-केटाकेटीले थाँक्रोमा चढेर सबै काँक्रा जिलाए ।)

जिलौटिनु-क्रि.मू.। **जिलौटि**- आ.धा.। अ.क्रि.; जिलौटो केलिनु, झार-ठेट्ना आदि छुट्याउनु । **जिलौट्याइ** (जिलौट्याउ+आइ)-भा.ना.। **जिलौट्याउनु**-प्रे.क्रि./स.क्रि.; **जिलौटिने** पार्नु । **जिलौट्याउ**-प्रे.धा.। **जिलौट्याइनु**-जिलौट्याउनुको. क.क्रि.। **जिलौट्याइ**-क.धा.। **जिलौटिइनु**- जिलौटिनुको भा.क्रि.। **जिलौटिइ**-भा.धा.। **जिलाटिई, जिलटिएर, जिलौटिन, जिलौटिँदै, जिलौटिउन्जेल, जिलौटिंदाखेरि**-कृ.अ.। **जिलौटिनू**-वि.। **जिलौटिऊन्**-इ.। **जिलौटेला**-स.। (अ.क्रि.-धानको ब्याड राम्रोसित जिलौटियो ।)

जिलौट्याउनु-क्रि.मू.। **जिलौट्याउ**-आ.धा.। स.क्रि.;

जिलौटो केलाउनु; झार, ठेट्ना आदि छुट्ट्याउनु । **जिलौट्याइ** (जिलौट्याउ+आइ)-भा.ना.। **जिलौट्याइनु**-जिलौट्याउनुको क.क्रि.। **जिलौट्याइ**-क.धा.। **जिलौट्याई, जिलौट्याएर, जिलौट्याउन, जिलौट्याउँदै, जिलौट्याउन्जेल, जिलौट्याउँदाखेरि**-कृ.अ.। **जिलौट्याउनू**-वि.। **जिलौट्याऊन्**-इ.। **जिलौट्याउला**-स.। (स.क्रि.-खेतलाहरूले मकैबारी जिलौट्याए ।)

जिल्लिनु-क्रि.मू.। **जिल्लि**-आ.धा.। अ.क्रि.; निराश हुनु, छक्क पर्नु, अलमल्ल पर्नु, हिस्सिनु । **जिल्ल्याइ** (जिल्लि+आइ)-भा.ना.। **जिल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; जिल्लिने पार्नु, छकाउनु । **जिल्ल्याउ**-प्रे.धा.। **जिल्ल्याइनु** -जिल्ल्याउनुको क.क्रि.। **जिल्ल्याइ**-भा.प्रे.धा.। **जिल्लिइनु**-जिल्लिनुको भा.क्रि.। **जिल्लिइ**- भा.धा.। **जिल्लिई, जिल्लिएर, जिल्लिन, जिल्लिँदै, जिल्लिउन्जेल, जिल्लिंदाखेरि**-कृ.अ.। **जिल्लिनू**-वि.। **जिल्लिऊन्**- इ.। **जिल्लेला**-स.। (अ.क्रि.-न्यूयोर्क शहरका पर्यटकहरू एक्कासि गोरखाको अजिरकोट आइपुग्दा प्रकृतिको सौन्दर्यतामा जिल्लिए ।)

जिस्कनु-क्रि.मू.। **जिस्क**-आ.धा.। अ.क्रि.; ख्यालठट्टा गरेर अरूलाई रिसुटाउनु, इतरिनु, छिहिलिनु, गिजिनु । **जिस्काइ** (जिस्क+आइ)-भा.ना.। **जिस्काउनु**-प्रे.क्रि./स.क्रि.; जिस्कने पार्नु, गिज्याउनु । **जिस्काउ**-प्रे.धा.। **जिस्काइनु**-जिस्काउनुको क.क्रि.। **जिस्किनु**-जिस्कनुको भा.क्रि.। **जिस्कि**-भा.धा.। **जिस्की, जिस्केर, जिस्कन, जिस्कँदै, जिस्कुन्जेल, जिस्कँदाखेरि**- कृ.अ.। **जिस्कनू**-वि.। **जिस्कून्**-इ.। **जिस्कला**-स.। (अ.क्रि.-त्यो नौली केटी धक नमानीकन केटाहरूसँग जिस्की ।)

जिस्किनु-क्रि.मू.। **जिस्कि**-आ.धा.। अ.क्रि.; हे. जिस्कनु । **जिस्क्याइ** (जिस्कि+आइ), **जिस्क्याहट** (जिस्कि+आहट)-भा.ना.। **जिस्क्याउनु** -प्रे.क्रि./स.क्रि.; जिस्किने पार्नु । **जिस्क्याउ**-प्रे.धा.। **जिस्क्याइनु**-जिस्क्याउनुको क.क्रि.। **जिस्क्याइ**-भा.प्रे.धा.। **जिस्किइनु**-जिस्किनुको भा.क्रि.। **जिस्किइ**-भा.धा.। **जिस्किई, जिस्किएर, जिस्किन, जिस्किँदै, जिस्किउन्जेल, जिस्किंदाखेरि**-कृ.अ.। **जिस्किनू**-वि.। **जिस्किऊन्**-इ.। **जिस्केला**-स.। (अ.क्रि.-ती दुई जोडी धेरैबेरसम्म आपसमा जिस्किए ।)

जुआर्नु-क्रि.मू.। **जुआर्**-आ.धा.। स.क्रि.; आसिक थाप्नु, वर माग्नु, कुनै कुराको आशाले अनुरोध गर्नु । **जुअराइ** (जुआर्+आइ)-भा.ना.। **जुअराउनु**-प्रे.क्रि./स.क्रि.; जुआर्न लाउनु । **जुअराउ**-प्रे.धा.। **जुअराइनु**-जुअराउनुको क.क्रि.। **जुअराइ**-क.प्रे.धा.। **जुआरिनु**-जुआर्नुको क.क्रि.। **जुआरि**-क.धा.। **जुआरी, जुआरेर, जुआर्न, जुआर्दै, जुआरुन्जेल, जुआर्दाखेरि**-कृ.अ.। **जुआर्नू**-वि.। **जुआरून्**-इ.। **जुआर्ला**- स.। (स.क्रि.-आर्तहरूले ईश्वरलाई जुआरे ।)

जुइनिनु-क्रि.मू.। **जुइनि**-आ.धा.। स.क्रि.; एक पयोको मात्र लुँडी वा डोरी बाँट्ने काम गर्नु, जुइनु बनाउनु। **जुइन्याइ** (जुइनि+आइ), (जुइन्याउ+आइ)-भा.ना.। **जुइन्याउनु**-प्रे.क्रि./स.क्रि.; जुइनु पार्नु, जुइनु बाट्नु एक पयो मात्र भएको डोरी बनाउनु, जुइनाले बाँध्नु। **जुइन्याउ**-प्रे.धा.। **जुइन्याइनु** -जुइन्याउनुको क.क्रि.। **जुइन्याइ**-क.प्रे.धा.। **जुइनिइनु**- जुइनिनुको क.क्रि.। **जुइनिइ**-क.धा.। **जुइनिई, जुइनिएर, जुइनिन, जुइनिँदै, जुइनिउन्जेल, जुइनिंदाखेरि**-कृ.अ.। **जुइनिनू**-वि.। **जुइनिऊन्**-इ.। **जुइनेला**-स.। (स.क्रि.-गोठालोले एक पयो डोरी जुइनियो ।)

जुक्तनु-क्रि.मू.। **जुक्त**-आ.धा.। अ.क्रि.; जम्मा हुनु, आवश्यक चीज़हरू आइपुग्नु, जोरिनु, जुट्नु । **जुक्ताइ** (जुक्त+आइ)-भा.ना.। **जुक्ताउनु**-प्रे.क्रि./स.क्रि.; जुटाउन लाउनु, जम्मा गर्नु । **जुक्ताउ**-प्रे.धा.। **जुक्ताइनु**-जुक्ताउनुको क.क्रि.। **जुक्ताइ**-भा.प्रे.धा.। **जुक्तिनु**-जुक्तनुको भा.क्रि.। **जुक्ति**-भा.धा.। **जुक्ती, जुक्तेर, जुक्तन, जुक्तँदै, जुक्तुन्जेल, जुक्तँदाखेरि**-कृ.अ.। **जुक्तनू**-वि.। **जुक्तून्** -इ.। **जुक्तला**-स.। (अ.क्रि.-घरमा बिवाहका सबै आवश्यक सामानहरू जुक्ते ।)

जुक्तिनु-क्रि.मू.। **जुक्ति**-आ.धा.। अ.क्रि.; जुक्तनु, मालसामान उपलब्ध हुनु । **जुक्त्याइ** (जुक्ति+आइ)-भा.ना.। **जुक्त्याउनु**-प्रे.क्रि./स.क्रि.; जुक्ताउनु । **जुक्त्याउ**-प्रे.धा.। **जुक्त्याइनु**-जुक्त्याउनुको क.क्रि.। **जुक्त्याइ**-भा.प्रे.धा.। **जुक्तिइनु**-जुक्तिनुको भा.क्रि.। **जुक्तिइ**-भा.धा.। **जुक्तिई, जुक्तिएर, जुक्तिन, जुक्तिँदै, जुक्तिउन्जेल, जुक्तिंदाखेरि**-कृ.अ.। **जुक्तिनू**- वि.। **जुक्तिऊन्**-इ.। **जुक्तेला**-स.। (अ.क्रि.-चारैतिरबाट मानिसहरू आमसभामा जुक्तिए ।)

जुझ्नु-क्रि.मू.। **जुझ्**-आ.धा.। अ.क्रि.; संघर्ष गर्नु, युद्ध गर्नु, जुध्नु, भिड्नु । **जुझाइ** (जुझ्+आइ)-भा.ना.। **जुझाउनु**-प्रे.क्रि./स.क्रि.; जुझ्न लगाउनु, जुझ्ने पार्नु । **जुझाउ**-प्रे.धा.। **जुझाइनु**-जुझाउनुको क.क्रि.। **जुझाइ**-भा.प्रे.धा.। **जुझिनु**-जुझ्नुको भा.क्रि.। **जुझि**-भा.धा.। **जुझी, जुझेर, जुझ्न, जुझ्दै, जुझुन्जेल, जुझ्दाखेरि**-कृ.अ.। **जुझ्नू**-वि.। **जुझून्**-इ.। **जुझ्ला**-स.। (अ.क्रि.-भारतीय साम्प्रदायिक दंगामा हिन्दू र मुसलमान जुझे ।)

जुट्नु-क्रि.मू.। **जुट्**-आ.धा.। अ.क्रि.; जुक्तनु, जम्मा हुनु, भेला हुनु, भेट हुनु, जुर्नु । **जुटाइ** (जुट्+आइ)-भा.ना.। **जुटाउनु**-प्रे.क्रि./स.क्रि.; जुट्न लगाउनु, जुट्ने पार्नु । **जुटाउ**-प्रे.धा.। **जुटाइनु**-जुटाउनुको क.क्रि.। **जुटाइ**-भा.प्रे.धा.। **जुटिनु**-जुट्नुको भा.क्रि.। **जुटि**-भा.धा.। **जुटी, जुटेर, जुट्न, जुट्तै, जुटुन्जेल, जुट्दाखेरि**-कृ.अ.। **जुट्नू**-वि.। **जुटून्**-इ.। **जुट्ला**-स.। (अ.क्रि.-इलमपोखरी जात्रामा मानिसहरू गाउँगाउँबाट जुटे ।)

जुठिनु-क्रि.मू.। **जुठि**-आ.धा.। अ.क्रि.; बिटुलो हुनु, जूठो हुनु, अपवित्र हुनु । **जुठ्याइ** (जुठि+आइ)-भा.ना.। **जुठ्याउनु**-प्रे.क्रि./स.क्रि., जुठो पार्नु, बिटोल्याउनु । **जुठ्याउ**-प्रे.धा.। **जुठ्याइनु**- जुठ्याउनुको क.क्रि.। **जुठ्याइ**-भा.प्रे.धा.। **जुठिइनु**-जुठिनुको भा.क्रि.। **जुठिइ**-भा.धा.। **जुठिई, जुठिएर, जुठिन, जुठिंदै, जुठिउन्जेल, जुठिंदाखेरि**-कृ.अ.। **जुठिनू**-वि.। **जुठिऊन्**-इ.। **जुठेला**-स.। (अ.क्रि.-सूतक परेकाले डाँडाघरे जुठिए ।)

जुत्तिनु-क्रि.मू.। **जुत्ति**- आ.धा.। अ.क्रि.; पिटिएर जुत्तो बनिनु, जुत्ताले मार खानु, जुत्ताले पिटिनु । **जुत्त्याइ** (जुत्ति+आइ)-भा.ना.। **जुत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; जुत्ताले हान्नु । **जुत्त्याउ**-प्रे.धा.। **जुत्त्याइनु**-जुत्त्याउनुको क.क्रि.। **जुत्त्याइ**-भा.प्रे.धा.। **जुत्तिइनु**-जुत्तिनुको भा.क्रि.। **जुत्तिइ**-भा.धा.। **जुत्तिई, जुत्तिएर, जुत्तिन, जुत्तिंदै, जुत्तिउन्जेल, जुत्तिंदाखेरि**-कृ.अ.। **जुत्तिनू**-वि.। **जुत्तिऊन्**-इ.। **जुत्तेला**-स.। (अ.क्रि.-लामिडाँडाको मायानाथ जिमिदार जनसमूहमा जुत्तियो ।)

जुतिनु-क्रि.मू.। **जुति**-आ.धा.। अ.क्रि.; जुतो पारिनु, जुत्तो झरिनु, भेडा-बाखाले बिस्टा गर्नु । **जुत्याइ** (जुति+आइ)-भा.ना.। **जुत्याउनु** -प्रे.क्रि./स.क्रि.; जुत्तो झार्नु, बिस्ट्याउनु, बिस्ट्याउन लाउनु । **जुत्याउ** -प्रे.धा.। **जुत्याइनु**-जुत्याउनुको क.क्रि.। **जुत्याइ**-भा.प्रे.धा.। **जुतिइनु**-जुतिनुको भा.क्रि.। **जुतिइ**-भा.धा.। **जुतिई, जुतिएर, जुतिन, जुतिंदै, जुतिउन्जेल, जुतिंदाखेरि**-कृ.अ.। **जुतिनू**-वि.। **जुतिऊन्**-इ.। **जुतेला**-स.। (अ.क्रि.-पेटको गडबडीले मेरो दिसा जुतियो ।)

जुध्नु-क्रि.मू.। **जुध्**-आ.धा.। अ.क्रि.; झगडा गर्नु, परस्परमा भिड्नु, ठक्कर खानु, लडाइँ गर्नु, युद्ध हुनु । **जुधाइ** (जुध्+आइ)-भा.ना.। **जुधाउनु**-प्रे.क्रि./स.क्रि.; जुध्न लगाउनु, युद्ध गराउनु । **जुधाउ**-प्रे.धा.। **जुधाइनु**-जुधाउनुको क.क्रि.। **जुधाइ**-भा.प्रे.धा.। **जुधिनु**-जुध्नुको भा.क्रि.। **जुधि**-भा.धा.। **जुध्नू**-वि.। **जुधून्**-इ.। **जुध्ला**-स.। **जुधी, जुधेर, जुध्न, जुध्दै, जुधुन्जेल, जुध्दाखेरि**-कृ.अ.। (अ.क्रि.-लामिडाँडे एक आपसमा जुधे ।)

जुम्सिनु-क्रि.मू.। **जुम्सि**- आ.धा.। अ.क्रि.; जुम्सो हुनु, दुब्लो हुनु, लोसे हुनु । **जुम्स्याइँ** (जुम्सि+आइँ)-भा.ना.। **जुम्स्याउनु**-प्रे.क्रि./स.क्रि.; जुम्सिने पार्नु, लोसो गराउनु, दुब्लो बनाउनु । **जुम्स्याउ**-प्रे.धा.। **जुम्स्याइनु**-जुम्स्याउनुको क.क्रि.। **जुम्स्याइ**-भा.प्रे.धा.। **जुम्सिइनु**-जुम्सिनुको भा.क्रि.। **जुम्सिइ**-भा.धा.। **जुम्सिई, जुम्सिएर, जुम्सिन, जुम्सिंदै, जुम्सिउन्जेल, जुम्सिंदाखेरि**-कृ.अ.। **जुम्सिनू**-वि.। **जुम्सिऊन्**-इ.। **जुम्सेला**-स । (अ.क्रि. -माघको जाडोको बोको जुम्सियो ।)

जुरजुराउनु-क्रि.मू.। **जुरजुराउ**-आ.धा.। अ.क्रि.; जुरजुर उठ्नु । स.क्रि.; जुरजुर उठाउनु । **जुरजुराइ** (जुरजराउ+आइ)-भा.ना.। **जुरजुराइनु**-जुरजुराउनुको भा.क्रि./क.क्रि.। **जुरजुराइ**-भा.धा/क.धा.। **जुरजुराई, जुरजुराएर, जुरजुराउन, जुरजुराउँदै, जुरजुराउन्जेल, जुरजुराउँदाखेरि**-कृ.अ.। **जुरजुराउनू**-वि.। **जुरजुराऊन्**-इ.। **जुरजुराउला**-स.। (अ.क्रि.-सिद्धिचरणका कवितामा नेपाली वीरताका भावना जुरजुराए । स.क्रि.-क्रान्तिकारी कविताले सुतेका नेपालीलाई जुरजुराए ।)

जुरमुराउनु-क्रि.मू.। **जुरमुराउ**-आ.धा.। अ.क्रि.; काम गर्न तम्सिनु, जाँगर चलाउनु, तत्पर हुनु, अग्रसर हुनु । **जुरमुराइ** (जुरमुराउ+आइ)-भा.ना.। **जुरमुराइनु**-जुरमुराउनुको भा.क्रि.। **जुरमुराइ**-भा.धा.। **जुरमुराई, जुरमुराएर, जुरमुराउन, जुरमुराउँदै, जुरमुराउन्जेल, जुरमुराउँदाखेरि**-कृ.अ.। **जुरमुराउनू** -वि.। **जुरमुराऊन्**-इ.। **जुरमुराउला**-स.। (अ.क्रि.-अत्याचारका विरुद्ध नेपाली युवाहरू जुरमुराए ।)

जुरमुरिनु-क्रि.मू.। **जुरमुरि**-आ.धा.। अ.क्रि.; हे. जुरमुराउनु । **जुरमुऱ्याइ** (जुरमुरि+आइ)-भा.ना.। **जुरमुऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; जुरमुरिने पार्नु । **जुरमुऱ्याउ**-प्रे.धा.। **जुरमुऱ्याइनु**-जुरमुऱ्याउनुको क.क्रि.। **जुरमुऱ्याइ**-भा.प्रे.धा.। **जुरमुरिइनु**-जुरमुरिनुको भा.क्रि.। **जुरमुरिइ**-भा.धा.। **जुरमुरिई, जुरमुरिएर, जुरमुरिन, जुरमुरिंदै, जुरमुरिउन्जेल, जुरमुरिंदाखेरि**-कृ.अ.। **जुरमुरिनू**-वि.। **जुरमुरिऊन्**-इ.। **जुरमुरेला**-स.। (अ.क्रि.-उग्रवादी गुण्डाहरूको उच्छृङ्खलता सहन नसकी सीधासाधा गाउँलेहरू पनि जुरमुरिए ।)

जुर्नु-क्रि.मू.। **जुर्**-आ.धा.। अ.क्रि.; अकस्मात् फेला पर्नु, विना प्रयास आइपर्नु, लग्न मिल्नु, साइत निस्कनु,

एक्कासि जुट्नु । **जुराइ** (जुर्+आइ)-भा.ना.। **जुराउनु**-प्रे.क्रि./स.क्रि., जुर्ने पार्नु, लग्न आदि मिलाउनु । **जुराउ**-प्रे.धा.। **जुराइनु**- जुराउनुको क.क्रि.। **जुराइ**-भा.प्रे.धा.। **जुरिनु**-जुर्नुको भा.क्रि.। **जुरि**-भा.धा.। **जुरी, जुरेर, जुर्न, जुर्दै, जुरुन्जेल, जुर्दाखेरि**-कृ.अ.। **जुर्नू**-वि.। **जुरून्**-इ.। **जुर्ला**-स.। (अ.क्रि.-विवाहको शुभ-लग्न जुऱ्यो ।)

जेल्नु-क्रि.मू.। **जेल्**-आ.धा.। स.क्रि.; फन्का मारेर बाँध्नु, नफुस्किने गरी बाँध्नु, अलमल्याउनु, बेर्नु । **जेलाइ** (जेल्+आइ)-भा.ना.। **जेलाउनु**-जेल्न लाउनु, जेल्ने पार्नु । **जेलाउ**-प्रे.धा.। **जेलाइनु** -जेलाउनुको क.क्रि.। **जेलाइ** -क.प्रे.धा.। **जेलिनु**-जेल्नुको क.क्रि.। **जेलि**-क.धा.। **जेली, जेलेर, जेल्न, जेल्दै, जेलुन्जेल, जेल्दाखेरि**-कृ.अ.। **जेल्नू**-वि.। **जेलून्**-इ.। **जेल्ला**- स.। (स.क्रि.-माकुरोले जाल जेल्यो ।)

जेलिनु-क्रि.मू.। **जेलि**-आ.धा.। अ.क्रि.; फन्का मारेर बाँधिनु, बेरिनु, अलमलिनु । **जेल्याइ** (जेलि+आइ)-भा.ना.। **जेल्याउनु**-प्रे.क्रि./स.क्रि.; जेलिने पार्नु । **जेल्याउ**-प्रे.धा.। **जेल्याइनु**-जेल्याउनुको क.क्रि.। **जेल्याइ**-भा.प्रे.धा.। **जेलिइनु**-जेलिनुको भा.क्रि.। **जेलिइ** -भा.धा.। **जेलिई, जेलिएर, जेलिन, जेलिँदै, जेलिउन्जेल, जेलिंदाखेरि**-कृ.अ.। **जेलिनू**-वि.। **जेलिऊन्**-इ.। **जेलेला**-स.। (अ.क्रि.-भवनाथ घर व्यवहारमा जेलियो ।)

जोख्नु-क्रि.मू.। **जोख्**- आ.धा.। स.क्रि.; काम गराइको आधारमा योग्यताको जाँच लिनु, तुलो आदिमा राखेर कुनै वस्तुको वजन लिनु, कुनै वस्तुलाई तौलेर त्यसको परिमाण निकाल्नु, जोख-तौल गर्नु । **जोखाइ** (जोख्+आइ)-भा.ना.। **जोखाउनु**- प्रे.क्रि./स.क्रि.; जोख्न लगाउनु, तौलाउनु । **जोखाउ**- प्रे.धा.। **जोखाइनु**-जोखाउनुको क.क्रि.। **जोखाइ**-क.प्रे.धा.। **जोखिनु**-जोख्नुको क.कि.। **जोखि**-क.धा.। **जोखी, जोखेर, जोख्न, जोख्तै, जोखुन्जेल, जोख्दाखेरि**-कृ.अ.। **जोख्नू**-वि.। **जोखून्**-इ.। **जोख्ला**-स.। (स.क्रि.-पसलेले चिनी जोख्यो ।)

जोगाउनु-क्रि.मू.। **जोगाउ**-आ.धा.। स.क्रि.; बचाउनु, रक्षा गर्नु, उबार्नु, बचत गर्नु, जगेर्ना गर्नु । **जोगाइ** (जोगाउ+आइ)-भा.ना.। **जोगाइनु**-जोगाउनुको क.क्रि.। **जोगाइ**-क.धा.। **जोगाई, जोगाएर, जोगाउन, जोगाउँदै, जोगाउन्जेल, जोगाउँदाखेरि**-कृ.अ.। **जोगाउनू**-वि.। **जोगाऊन्**-इ.। **जोगाउला**-स.। (स.क्रि.-गाउँले किसानहरूले अनिकालमा बीउ जोगाए ।)

जोगिनु-क्रि.मू.। **जोगि**-आ.धा.। अ.क्रि.; नबिग्रनु, उम्रनु, बच्नु, उम्कनु, शेष रहनु । **जोग्याइ** (जोगि+आइ)-भा.ना.। **जोग्याउनु**-प्रे.क्रि./स.क्रि.; बचाउनु, उबार्नु । **जोग्याउ**-प्रे.धा.। **जोग्याइनु** -जोग्याउनुको क.क्रि.। **जोग्याइ**-भा.प्रे.धा.। **जोगिइनु**-जोगिनुको भा.क्रि.। **जोगिइ**-भा.धा.। **जोगिई, जोगिएर, जोगिन, जोगिँदै, जोगिउन्जेल, जोगिंदाखेरि**-कृ.अ.। **जोगिनू**- वि.। **जोगिऊन्**-इ.। **जोग्गेला**- स.। (अ.क्रि.-पृथ्वीनारायण शाहको एकीकरण पछि नै नेपाली धर्म र संस्कृति जोगियो ।)

जोड्नु-क्रि.मू.। **जोड्**-आ.धा.। स.क्रि.; मिलाउनु, जोर्नु, जम्मा गर्नु, जोड गर्नु, मर्मत गर्नु । **जोडाइ** (जोड्+आइ)-भा.ना.। **जोडाउनु**-प्रे.क्रि./स.क्रि.; जोड्न लाउनु, जोडिने पार्नु । **जोडाउ** -प्रे.धा.। **जोडाइनु**-जोडाउनुको क.क्रि.। **जोडाइ**-क.प्रे.धा.। **जोडिनु**-जोड्नुको क.क्रि.। **जोडि**-क.धा.। **जोडी, जोडेर, जोड्न, जोड्दै, जोडुन्जेल, जोड्दाखेरि**-कृ.अ.। **जोड्नू**-वि.। **जोडून्**-इ.। **जोड्ला**-स.। (स.क्रि.-कर्मचारीले विनयपूर्वक हाकिमलाई हात जोड्यो ।)

जोडिनु-क्रि.मू.। **जोडि**-आ.धा.। अ.क्रि.; भेला हुनु, संयुक्त हुनु, जुट्नु, मिल्नु । **जोड्याइ** (जोडि+आइ)-भा.ना.। **जोड्याउनु**-प्रे.क्रि./स.क्रि.; जोडाउनु । **जोड्याउ**-प्रे.धा.। **जोड्याइनु**-जोड्याउनुको क.क्रि.। **जोड्याइ**-भा.प्रे.धा.। **जोडिइनु**-जोडिनुको भा.क्रि.। **जोडिइ**-भा.धा.। **जोडिई, जोडिएर, जोडिन, जोडिँदै, जोडिउन्जेल, जोडिंदाखेरि**-कृ.अ.। **जोडिनू**-वि.। **जोडिऊन्**-इ.। **जोडेला** -स.। (अ.क्रि.। वनको छलफलका निमित्त गाउँलेहरू राटीपिढ डाँडामा जोडिए ।)

जोत्नु-क्रि.मू.। **जोत्**-आ.धा.। स.क्रि.; हलो आदिले खेतबारी खोस्रनु, गोरु नार्नु, बग्गीमा घोडालाई बाँध्नु, काममा लदाउनु, घचेट्नु, ठेल्नु । **जोताइ** (जोत्+आइ), **जोताहा** (जोत्+आहा), **जोताहार** (जोत्+आहार), **जोतारो** (जोत्+आरो)-भा.ना.। **जोताउनु**- प्रे.क्रि./स.क्रि.; जोत्न लाउनु । **जोताउ**-प्रे.धा.। **जोताइनु**-जोताउनुको क.क्रि.। **जोताइ**-क.प्रे.धा.। **जोतिनु**- जोत्नुको क.क्रि.। **जोति**-क.धा.। **जोती, जोतेर, जोत्न, जोत्तै, जोतुन्जेल, जोत्दाखेरि**-कृ.अ.। **जोत्नू**- वि.। **जोतून्**-इ.। **जोत्ला**-स.। (स.क्रि-जड्याहाले गुहुमा मुख जोत्यो । किसानले खेत जोत्यो ।)

जोर्नु-क्रि.मू.। **जोर्**- आ.धा.। स.क्रि.; मिलाउनु, गाँस्नु,

जम्मा गर्नु, जोड्नु, जड्नु, जुटाउनु । **जोराइ** (जोर्+आइ)-भा.ना.। **जोराउनु**- प्रे.क्रि./स.क्रि.; जोर्न लाउनु । **जोराउ**-प्रे.धा.। **जोराइनु**-जोराउनुको क.क्रि.। **जोराइ**-क.प्रे.धा.। **जोरिनु**-जोर्नुको क.क्रि.। **जोरि**-क.धा.। **जोरी, जोरेर, जोर्न, जोर्दै, जोरुन्जेल, जोर्दाखेरि**-कृ.अ.। **जोर्नू**-वि.। **जोरून्**-इ.। **जोर्ला**-स.। (स.क्रि.-किसानले हलगोरु जोऱ्यो ।)

जोल्टनु-क्रि.मू.। **जोल्ट**-आ.धा.। अ.क्रि.; एकभन्दा बढी वस्तु लठारिएर अल्झिनु, खप्टनु, मिल्नु, जोडिनु । **जोल्टाइ** (जोल्ट+आइ)-भा.ना.। **जोल्टाउनु**-प्रे.क्रि./स.क्रि.; जोल्टन लाउनु, जोल्टिने पार्नु । **जोल्टाउ** -प्रे.धा.। **जोल्टाइनु**-जोल्टाउनुको क.क्रि.। **जोल्टाइ**-भा.प्रे.धा.। **जोल्टिनु**-जोल्टनुको भा.क्रि.। **जोल्टि**-भा.धा.। **जोल्टी, जोल्टेर, जोल्टन, जोल्टँदै, जोल्टुन्जेल, जोल्टँदाखेरि**-कृ.अ.। **जोल्टनू**-वि.। **जोल्टून्**-इ.। **जोल्टला**-स.। (अ.क्रि.-चङ्गा आकाशमा जोल्ट्यो ।)

जोल्टिनु-क्रि.मू.। **जोल्टि**-आ.धा.। अ.क्रि.; जोल्टनु, एकभन्दा बढी वस्तु लठारिएर गाँसिनु, लठारिनु, खप्टिनु, अल्झिनु, अड्किनु, जोडिनु । **जोल्ट्याइ** (जोल्टि+आइ)-भा.ना.। **जोल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; जोल्टिन लाउनु । **जोल्ट्याउ**-प्रे.धा.। **जोल्ट्याइनु**- जोल्ट्याउनुको क.क्रि.। **जोल्ट्याइ**-भा.प्रे.धा.। **जोल्टिइनु**--जोल्टिनुको भा.क्रि.। **जोल्टिइ**-भा.धा.। **जोल्टिई, जोल्टिएर, जोल्टिन, जोल्टिँदै, जोल्टिउन्जेल, जोल्टिंदाखेरि**-कृ.अ.। **जोल्टिनू**-वि.। **जोल्टिऊन्**-इ.। **जोल्टेला**-स.। (अ.क्रि.-लिङगोपिङको डोरी जोल्टियो ।)

जोसिनु-क्रि.मू.। **जोसि**-आ.धा.। अ.क्रि.; जोस निकाल्नु, फूर्ति जाग्नु, कुनै काम गर्न कसिनु, तम्सिनु । **जोस्याइ** (जोसि+आइ)-भा.ना.। **जोस्याउनु**-प्रे.क्रि./स.क्रि.; जोसिने पार्नु, जोसिन लाउनु । **जोस्याउ**-प्रे.धा.। **जोस्याइनु**-जोस्याउनुको क.क्रि.। **जोस्याइ**-भा.प्रे.धा.। **जोसिइनु**-जोसिनुको भा.क्रि । **जोसिइ**-भा.धा.। **जोसिई, जोसिएर, जोसिन, जोसिँदै, जोसिउन्जेल, जोसिंदाखेरि**-कृ.अ.। **जोसिनू**-वि.। **जोसिऊन्**-इ.। **जोसेला**-स.। (अ.क्रि. -लिगलिगे जनता द्रव्यशाहलाई साथदिन जोसिए ।)

ज्यूनु-क्रि.मू.। **ज्यू**-आ.धा.। अ.क्रि.; हे. जिउनु ।

झ

झँगल्नु-क्रि.मू.। **झँगल्**-आ.धा. स.क्रि.; झाँगल झुगल पार्नु, झन्झट थोपर्नु, झ्याउलो पर्नु । **झँगल्याइ** (झँगल्+आइ), (झँगल्याउ+आइ)-भा.ना.। **झँगल्याउनु**-प्रे.क्रि./स.क्रि.; झँगला पार्नु । **झँगल्याउ**-प्रे.धा.। **झँगल्याइनु**-झँगल्याउनुको क.क्रि.। **झँगल्याइ**-क.प्रे.धा.। **झँगलिनु**-झँगल्नुको क.क्रि.। **झँगलि**-क.धा.। **झँगली, झँगलेर, झँगल्न, झँगल्दै, झँगलुन्जेल, झँगल्दाखेरि**-कृ.अ.। **झँगल्नू**-वि.। **झँगलून्**-इ.। **झँगल्ला**-स.। (स.क्रि.-अनाहकमा वादविवाद उठाएर लामिडाँडेले सार्वजनिक कार्य झँगले ।)

झकझकाउनु-क्रि.मू.। **झकझकाउ**-आ.धा.। अ.क्रि.; चहकिलो प्रकाशले चारैतिर झिलिमिली हुनु, विभिन्न रङका वत्तीहरू बलेर झकाझक हुनु, मनमोहक दृश्य पैदा हुनु, झझलाउनु । स.क्रि.; कचकच गर्नु, झिज्याउनु, घचघच्याउनु । **झकझकाइ** (झकझकाउ+आइ)-भा.ना.। **झझकाइनु**-झकझकाउनुको भा.क्रि./क.क्रि.। **झझकाइ**-भा.धा./क.धा.। **झकझकाई, झकझकाएर, झकझकाउन, झकझकाउँदै, झकझकाउन्जेल, झकझकाउँदाखेरि**-कृ.अ.। **झकझकाउनू**-वि.। **झकझकाऊन्**-इ.। **झकझकाउला**-स.। अ.क्रि.-झिलिमिली बत्ती बाल्दा दीपावलीमा गाउँनै झकझकायो । स.क्रि.-झगडियाले हाकिमलाई झकझकायो ।)

झकाउनु-क्रि.मू.। **झकाउ**-आ.धा.। अ.क्रि.; उँघ्नु, झुल्नु, निद्राले गर्दा झप्की आएर आँखा लाग्नु, झुम्नु । **झकाइ** (झकाउ+आइ)-भा.ना.। **झकाइनु**-झकाउनुको भा.क्रि.। **झकाइ**-भा.धा.। **झकाई, झकाएर, झकाउन, झकाउँदै, झकाउन्जेल, झकाउँदाखेरि**-कृ.अ.। **झकाउनू**-वि.। **झकाऊन्**-इ.। **झकाउला**-स.। (अ.क्रि.-बच्चा आमाको काखमा झकायो ।)

झट्कनु-क्रि.मू.। **झट्क**-आ.धा.। अ.क्रि.; झट्को पर्नु, झट्कारिनु, टकटकिनु । **झट्काइ** (झट्क+आइ)-भा.ना.। **झट्काउनु**-प्रे.क्रि./स.क्रि.; झट्कन लाउनु । **झट्काउ**-प्रे.धा.। **झट्काइनु**-झट्काउनुको क.क्रि.। **झट्काइ**-भा.प्रे.धा.। **झट्किनु**-झट्कनुको भा.क्रि.। **झट्कि**-भा.धा.। **झट्की, झट्केर, झट्कन, झट्कँदै, झट्कुन्जेल, झट्कँदाखेरि**-कृ.अ.। **झट्कनू**- वि.। **झट्कून्**-इ.। **झट्कला** -स.। (अ.क्रि.- मच्चाउँदा मच्चाउँदै लिङगो पीङ झट्क्यो ।)

झट्कार्नु-क्रि.मू.। **झट्कार्**-आ.धा.। स.क्रि.; झट्को पार्नु, फट्कार्नु, झाँट्नु, चुट्नु, टकटक्याउनु । **झट्कराइ**

(झट्कार्+आइ)-भा.ना.। **झट्कारिनु**-झट्कार्नुको क.क्रि.। **झट्कारि** -क.धा.। **झट्कारी**, **झट्कारेर**, **झटकार्न**, **झट्कार्दै**, **झट्कारुन्जेल**, **झट्कार्दाखेरि**-कृ.अ.। **झट्कार्नू**-वि.। **झट्कारून्**-इ.। **झट्कार्ला**-स.। (स.क्रि.-खेतलाहरूले खलामा कुनियोको धान झट्कारे ।)

झट्किनु-क्रि.मू.। **झट्कि**-आ.धा.। अ.क्रि.; झट्कनु, झट्कारिनु, झट्को पारिनु । **झट्क्याइ** (झट्कि+आइ)-भा.ना.। **झट्क्याउनु**-प्रे.क्रि./स.क्रि.; झट्किन लाउनु । **झट्क्याउ**-प्रे.धा.। **झट्क्याइनु**-झट्क्याउनुको क.क्रि.। **झट्क्याइ**-भा.प्रे.धा.। **झट्किइनु**-झट्किनुको भा.क्रि.। **झट्किइ**-भा.धा.। **झट्किई**, **झट्किएर**, **झट्किन**, **झट्किँदै**, **झट्किउन्जेल**, **झट्किंदाखेरि**-कृ.अ.। **झट्किनू**-वि.। **झट्किऊन्**-इ.। **झट्केला**-स.। (अ.क्रि.-पीङ झट्कियो; मच्चिएन ।)

झड्कनु-क्रि.मू.। **झड्क**-आ.धा.। अ.क्रि.; हे. झट्कनु । **झड्काइ** (झड्क+आइ)-भा.ना.। **झड्काउनु**-प्रे.क्रि./स.क्रि.; झड्कने पार्नु । **झड्काउ**-प्रे.धा.। **झड्काइनु**-झड्काउनुको क.क्रि.। **झड्काइ**-भा.प्रे.धा.। **झड्किनु**-झड्कनुको भा.क्रि.। **झड्कि**-भा.धा.। **झड्की**, **झड्केर**, **झड्कन**, **झड्कँदै**, **झड्कुन्जेल**, **झड्कँदाखेरि**-कृ.अ.। **झड्कनू**-वि.। **झड्कून्**-इ.। **झड्कला**-स.। (अ.क्रि.-रिसको आवेगमा दलबहादुर थापाको हात झड्क्यो ।)

झड्कार्नु-क्रि.मू.। **झड्कार्**-आ.धा.। स.क्रि.; हे. झट्कार्नु । **झड्कराइ** (झड्कार्+आइ)-भा.ना.। **झड्कारिनु**-झड्कार्नुको क.क्रि.। **झड्कारि**-भा.धा.। **झड्कारी**, **झड्कारेर**, **झड्कार्न**, **झड्कार्दै**, **झड्कारुन्जेल**, **झड्कार्दाखेरि**-कृ.अ.। **झड्कार्नू**-वि.। **झड्कारून्**-इ.। **झड्कार्ला**-स.। (स.क्रि.-पागल मानिसले पुलको लठ्ठा झड्कार्‍यो ।)

झड्किनु-क्रि.मू.। **झड्कि**-आ.धा.। अ.क्रि.; झड्को परिनु, झड्कनु, झट्कनु । **झड्क्याइ** (झड्कि+आइ)-भा.ना.। **झड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; झड्किन लाउनु । **झड्क्याउ**-प्रे.धा.। **झड्क्याइनु**-झड्क्याउनुको क.क्रि.। **झड्क्याइ**-भा.प्रे.धा.। **झड्किइनु**-झड्किनुको भा.क्रि.। **झड्किइ**-भा.धा.। **झड्किई**, **झड्किएर**, **झड्किन**, **झड्किँदै**, **झड्किउन्जेल**, **झड्किंदाखेरि**-कृ.अ.। **झड्किनू**-वि.। **झड्किऊन्**-इ.। **झड्केला**-स.। (अ.क्रि.-काग उडेर बस्ता टेलीफोनको तार झड्कियो ।)

झनझनाउनु-क्रि.मू.। **झनझनाउ**- आ.धा.। अ.क्रि. झनझन आवाज निस्कनु, झंकार हुनु, सितार आदि बाजाबाट शब्द निस्कनु, झमझमाउनु, झन्कनु **झनझनाइ** (झनझनाउ+आइ), **झनझनाहट** (झनझनाउ+आहट)-भा.ना.।**झनझनाइनु**-झनझनाउनुको भा.क्रि.। **झनझनाइ**-भा.धा.। **झनझनाई**, **झनझनाएर**, **झनझनाउन**, **झनझनाउँदै**, **झनझनाउन्जेल**, **झनझनाउँदाखेरि**-कृ.अ.। **झनझनाउनू**-वि. **झनझनाउन्**-इ.। **झनझनाउला**-स.। (अ.क्रि.-विद्यालयको सांस्कृतिक समारोहमा गितार झनझनायो।

झन्कनु-क्रि.मू.। **झन्क**-आ.धा.। अ.क्रि.; झंकार आवाज हुनु, झन्केर रिसाउनु, सन्कनु, भन्कनु, रन्किनु झनझनाउनु । **झन्काइ** (झन्क+आइ)-भा.ना. **झन्काउनु**-प्रे.क्रि./स.क्रि.; झन्कन लाउनु, झनक्क रिसाउनु । **झन्काउ**- प्रे.धा.। **झन्काइनु**-झन्काउनुको क.क्रि.। **झन्काइ**-भा.प्रे.धा.। **झन्किनु**-झन्कनुको भा.क्रि. **झन्कि**-भा.धा.। **झन्की**, **झन्केर**, **झन्कन**, **झन्कँदै**, **झन्कुन्जेल**, **झन्कँदाखेरि**-कृ.अ.। **झन्कनू**-वि.। **झन्कून्**-इ.। **झन्कला**-स.। (अ.क्रि.-चाकडीको आधारमा बढुवा दिंदा सोझा शिक्षकहरू सार्‍हो झन्के ।)

झन्कार्नु-क्रि.मू.। **झन्कार्**-आ.धा.। स.क्रि.; झन्कारको आवाज निकाल्नु, वीणा, घुँगुरा आदिबाट सुमधुर आवाज निकाल्नु । **झन्कराइ** (झन्कार्+आइ)-भा.ना.। **झन्कारिनु**-झन्कार्नुको क.क्रि.। **झन्कारि** -क.धा. **झन्कारी**, **झन्कारेर**, **झन्कार्न**, **झन्कार्दै**, **झन्कारुन्जेल** **झन्कार्दाखेरि**-कृ.अ.। **झन्कार्नू**-वि.। **झन्कारून्**-इ **झन्कार्ला**-स.। (स.क्रि.-तिनीहरूले वाद्यवादन झन्कारे।)

झन्किनु-क्रि.मू.। **झन्कि**-आ.धा.। अ.क्रि.; कुरै नबुझी झनक्क रिसाउनु, झंकारको शब्द हुनु, झन्कनु रन्किनु । **झन्क्याइ** (झन्कि+आइ), **झन्क्याहट** (झन्कि+ आहट)-भा.ना.। **झन्किइनु**-झन्किनुको भा.क्रि.। **झन्किइ**-भा.धा.। **झन्किई**, **झन्किएर**, **झन्किन**, **झन्किँदै** **झन्किउन्जेल**, **झन्किंदाखेरि**-कृ.अ.। **झन्किनू**-वि. **झन्किऊन्**-इ.। **झन्केला**-स.। (अ.क्रि.-सोझो व्यक्तिलाई उसै फतुर लगाउँदा गोरे दमाईं झन्कियो ।)

झन्झनाउनु-क्रि.मू.। **झन्झनाउ**-आ.धा.। अ.क्रि.; हे. झनझनाउनु । (अ.क्रि.-भित्तामा कुहुनु ठोकिंदा मेरो हात झन्झनायो ।)

झपार्नु-क्रि.मू.। **झपार्**-आ.धा.। स.क्रि.; हप्काउनु धम्काउनु, झाँट्नु, छोँस्नु । **झपराइ** (झपार्+आइ)-

भा.ना.। **झपारिनु**- झपार्नुको क.क्रि.। **झपारि**-क.धा.। **झपारी, झपारेर, झपार्न, झपार्दै, झपारुन्जेल, झपार्दाखेरि**-कृ.अ.। **झपार्नू**-वि.। **झपारून्**-इ.। **झपार्ला**-स.। (.स.क्रि.-काममा ढिलासुस्ती नहोस् भनेर हाकिमले कर्मचारीलाई झपार्‍यो ।)

झप्कनु-क्रि.मू.। **झप्क**-आ.धा.। अ.क्रि.; उड् लाग्नु, आभूषणले शरीर झरिझुट्ट हुनु, बाक्लोसँग पातहरू झप्प हुनु, फलहरू लटरम्म हुनु । **झप्काइ** (झप्क+आइ)-भा.ना.। **झप्काउनु**-प्रे.क्रि./स.क्रि.; झप्कने पार्नु । **झप्काउ**-प्रे.धा.। **झप्काइनु**-झप्काउनुको क.क्रि.। **झप्काइ**-भा.प्रे.धा.। **झप्किनु**-झप्कनुको भा.क्रि.। **झप्कि**-भा.धा.। **झप्की, झप्केर, झप्कन, झप्कँदै, झप्कुन्जेल, झप्कँदाखेरि**-कृ.अ.। **झप्कनू**-वि.। **झप्कून्**-इ.। **झप्कला**-स.। (अ.क्रि.-रूखमा पातहरू झप्के ।)

झप्किनु-क्रि.मू.। **झप्कि**-आ.धा.। अ.क्रि.; हे. झप्कनु । **झप्क्याइ** (झप्कि+आइ)-भा.ना.। **झप्क्याउनु**-प्रे.क्रि./स.क्रि.; झप्किने पार्नु । **झप्क्याउ**-प्रे.धा.। **झप्क्याइनु**-झप्क्याउनुको क.क्रि.। **झप्क्याइ**-भा.प्रे.धा.। **झप्किइनु**-झप्किनुको भा.क्रि.। **झप्किइ**-भा.धा.। **झप्किई, झप्किएर, झप्किन, झप्किँदै, झप्किउन्जेल, झप्किंदाखेरि**-कृ.अ.। **झप्किनू**- वि.। **झप्किऊन्**-इ.। **झप्केला**-स.। (अ.क्रि.-बैशाखमा काब्रोको घाँस खूब झप्कियो ।)

झमझमाउनु-क्रि.मू.। **झमझमाउ**-आ.धा.। अ.क्रि.; मसिनु तर बाक्लो झमझम पानी पर्नु, सिस्नुले पोल्दा झमझम गरी दुख्नु, बिजुली लागेर झनझनाउनु, पर्पराउनु । **झमझमाइ** (झमझमाउ+आइ), **झमझमाहट** (झमझमाउ+आहट)-भा.ना.। **झमझमाइनु**-झमझमाउनुको भा.क्रि.। **झमझमाइ**-भा.धा.। **झमझमाई, झमझमाएर, झमझमाउन, झमझमाउँदै, झमझमाउन्जेल, झमझमाउँदाखेरि**-कृ.अ.। **झमझमाउनू**-वि.। **झमझमाऊन्**-इ.। **झमझमाउला**-स.। (अ.क्रि.-अल्लोको पाट काड्दा मेरो हात झमझमायो ।)

झम्कनु-क्रि.मू.। **झम्क**-आ.धा.। अ.क्रि.; एकनाससित झमझम गरी ठूलो पानी पर्नु, आभूषण लगाएर सजिनु, च्यातिएको कपडा लगाउँदा झुम्कना झुन्डिनु, मन्द र मधुर शब्दले बाजा बज्नु । **झम्काइ** (झम्क+आइ)-भा.ना.। **झम्काउनु**- प्रे.क्रि./स.क्रि.; सजाउनु, सिंगार्नु । **झम्काउ**-प्रे.धा.। **झम्काइनु**-झम्काउनुको क.क्रि.। **झम्काइ**-भा.प्रे.धा.। **झम्किनु**-झम्कनुको भा.क्रि.। **झम्कि**-भा.धा.। **झम्की, झम्केर, झम्कन, झम्कँदै, झम्कुन्जेल, झम्कँदाखेरि**-कृ.अ.। **झम्कनू**-वि.। **झम्कून्**-इ.। **झम्कला**-स.। (अ.क्रि.-आज दिनभरि पानी झम्क्यो ।)

झम्किनु-क्रि.मू.। **झम्कि**-आ.धा.। अ.क्रि.; हे. झम्कनु । **झम्क्याइ** (झम्कि+आइ)-भा.ना.। **झम्किइनु**-झम्किनुको भा.क्रि.। **झम्किइ**- भा.धा.। **झम्किई, झम्किएर, झम्किन, झम्किँदै, झम्किउन्जेल, झम्किंदाखेरि**-कृ.अ.। **झम्किनू**-वि.। **झम्किऊन्**-इ.। **झम्केला**-स.। (अ.क्रि. -विबाहमा रातभरि पञ्चैबाजा झम्कियो ।)

झम्टनु-क्रि.मू.। **झम्ट**-आ.धा.। स.क्रि.; एक्कासि हमला गर्नु, सहसा जाइलाग्नु, सहसा समाउनु, अकस्मात् आक्रमण गर्नु, झम्टिनु, जङ्गिनु । **झम्टाइ** (झम्ट+आइ)-भा.ना.। **झम्टाउनु**-प्रे.क्रि./स.क्रि.; झम्टन लाउनु, आक्रमण गराउनु । **झम्टाउ**-प्रे.धा.। **झम्टाइनु**-झम्टाउनुको क.क्रि.। **झम्टाइ**-क.प्रे.धा.। **झम्टिइनु**-झम्टनुको क.क्रि.। **झम्टिइ**-क.धा.। **झम्टी , झम्टेर, झम्टन, झम्टँदै, झम्टुन्जेल, झम्टँदाखेरि**-कृ.अ.। **झम्टनू**-वि.। **झम्टून्**-इ.। **झम्टला**-स.। (अ.क्रि.-गीद्धले सिनु झम्ट्यो ।)

झम्टिनु-क्रि.मू.। **झम्टि**-आ.धा.। स.क्रि.; हे. झम्टनु । **झम्ट्याइ** (झम्टि+आइ)-भा.ना.। **झम्टिइनु**-झम्टिनुको क.क्रि.। **झम्टिइ**-क.धा.। **झम्टिई, झम्टिएर, झम्टिन, झम्टिँदै, झम्टिउन्जेल, झम्टिंदाखेरि**-कृ.अ.। **झम्टिनू**-वि.। **झम्टिऊन्**-इ.। **झम्टेला**-स.। (स.क्रि. - चिलले कुखुरालाई एक्कासि झम्टियो ।)

झरझराउनु-क्रि.मू.। **झरझंराउ** -आ.धा.। अ.क्रि.; रोकिई-रोकिई पानी पर्नु, चहकिलो हुनु, झरझराउँदो हुनु । **झरझराइ** (झरझराउ+आइ), **झरझराहट** (झरझराउ+आहट)-भा.ना.। **झरझराइनु**-झरझराउनुको भा.क्रि.। **झरझराइ** - भा.प्रे.धा । **झरझराई, झरझराएर, झरझराउन, झरझराउँदै, झरझराउन्जेल, झरझराउँदाखेरि**-कृ.अ.। **झरझराउनू** - वि.। **झरझराऊन्**-इ.। **झरझराउला**-स.। (अ.क्रि.-वनचरीका स्वरलहरीलाई माथ गर्दै हिमाली छहराहरू झरझराए ।)

झर्नु-क्रि.मू.। **झर्**-आ.धा.। अ.क्रि.; ओरालो लाग्नु, तल खस्नु, पतित हुनु, च्यूत हुनु, ओर्लनु, गिर्नु । **झराइ** (झर्+आइ)-भा.ना.। **झराउनु**- प्रे.क्रि./स.क्रि.; झर्न लाउनु, ओराल्नु । **झराउ**-प्रे.धा.। **झराइनु**-झराउनुको क.क्रि.। **झराइ**-भा.प्रे.धा.। **झरिनु**-झर्नुको भा.क्रि.।

झरि-भा.धा.। **झरी, झरेर, झर्न, झर्दै, झरुन्जेल, झर्दाखेरि**-कृ.अ.। **झर्नू**-वि.। **झरून्**-इ । **झर्ला**- स.। (अ.क्रि.-धेरै सुकुम्वासीहरू पहाडबाट तराईमा झरे । लौसीबोटे किसानहरू नून-तेल गर्न डुम्रेबजार झरे ।)

झर्कनु-क्रि.मू.। **झर्क**-आ.धा.। अ.क्रि.; झर्को मानी बोल्नु, झिजो मान्नु, च्याँठिनु, जर्कनु । **झर्काइ** (झर्क+आइ)-भा.ना.। **झर्काउनु**-प्रे.क्रि./स.क्रि.; झर्कन लाउनु । **झर्काउ**-प्रे.धा.। **झर्काइनु**-झर्काउनुको भा.क्रि.। **झर्कि**-भा.धा.। **झर्की, झर्केर, झर्कन, झर्कँदै, झर्कुन्जेल, झर्कँदाखेरि**-कृ.अ.। **झर्कनू**-वि.। **झर्कून्**-इ.। **झर्कला**-स.। (अ.क्रि.-केटोकटीहरूले पिरेर हैरान पारेकाले उनीहरूलाई पन्छाउन हरिबहादुर एक्कासि झर्क्यो ।)

झर्किनु-क्रि.मू.। **झर्कि**-आ.धा.। अ.क्रि.; हे. झर्कनु । **झर्क्याइ** (झर्कि+आइ), **झर्क्याहट** (झर्कि+आहट)-भा.ना.। **झर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; झर्किने पार्नु । **झर्क्याउ**-प्रे.धा.। **झर्क्याइनु**-झर्क्याउनुको क.क्रि.। **झर्क्याइ**-भा.प्रे.धा.। **झर्किइनु**-झर्किनुको भा.क्रि.। **झर्किइ**-भा.धा.। **झर्किई, झर्किएर, झर्किन, झर्किंदै, झर्किउन्जेल, झर्किंदाखेरि**-कृ.अ.। **झर्किनू**-वि.। **झर्किऊन्**-इ.। **झर्केला**-स.। (अ.क्रि. भाँडोमा राखेर पकाउने कुरा केही नपाएपछि पुतली लोग्नेसंग झर्किई ।)

झलझलाउनु-क्रि.मू.। **झलझलाउ**- आ.धा.। अ.क्रि.; झल्कनु, टल्कनु, झलमलाउनु । **झलझलाइ** (झलझलाउ+आइ), **झलझलाहट** (झलझलाउ+आहट)-भा.ना.। **झलझलाइनु**- झलझलाउनुको भा.क्रि.। **झलझलाइ**-भा.धा.। **झलझलाई, झलझलाएर, झलझलाउन, झलझलाउँदै, झलझलाउन्जेल, झलझलाउँदाखेरि**-कृ.अ.। **झलझलाउनू**-वि.। **झलझलाऊन्**-इ.। **झलझलाउला**-स.। (अ.क्रि.-हिमालचुली विहानीको सुनौला पखेटा फिंजाएर झलझलायो ।)

झल्कनु-कि.मू.। **झल्क**-आ.धा.। अ.क्रि.; झल्ल हुनु, भान पर्नु, स्मरण हुनु, सम्झनु, टल्कनु, चम्कनु । **झल्काइ** (झल्क+आइ)-भा.ना.। **झल्काउनु**-प्रे.क्रि./स.क्रि.; झल्कने पार्नु, झल्कन लाउनु । **झल्काउ**-प्रे.धा.। **झल्काइनु**-झल्काउनुको क.क्रि.। **झल्काइ**-भा.प्रे.धा.। **झल्किनु**-झल्कनुको-भा.क्रि.। **झल्कि**- भा.धा.। **झल्की, झल्केर, झल्कन, झल्कँदै, झल्कुन्जेल, झल्कँदाखेरि**-कृ.अ.। **झल्कनू**-वि.। **झल्कून्**-इ.। **झल्कला**-स.। (अ.क्रि.-पूर्णिमाको चन्द्रमा सोन्है-कला फिंजाएर झल्क्यो ।)

झल्किनु-क्रि.मू.। **झल्कि**-आ.धा.। अ.क्रि.; हे. झल्कनु **झल्क्याइ** (झल्कि+आइ), **झल्क्याहट** (झल्कि+आहट भा.ना.। **झल्क्याउनु**- प्रे.क्रि./स.क्रि.; झल्किने पार्नु **झल्क्याउ**-प्रे.धा.। **झल्क्याइनु**-झल्क्याउनुको क.क्रि. **झल्क्याइ**-भा.प्रे.धा.। **झल्किइनु**-झल्किनुको भा.क्रि **झल्किइ**-भा.धा.। **झल्किई, झल्किएर, झल्किन** **झल्किंदै, झल्किउन्जेल, झल्किंदाखेरि**-कृ.अ.। **झल्किन्** वि.। **झल्किऊन्**-इ.। **झल्केला**-स.। (अ.क्रि.-फेवाताल माछापुच्छ्रेको प्रतिविम्ब झल्कियो ।)

झल्लिनु-क्रि.मू.। **झल्लि** -आ.धा.। अ.क्रि.; झल्ला बन् बेसुरको हुनु, नशा लागेको हुनु । **झल्ल्याइ** (झल्लि आइ)-भा.ना.। **झल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; झल्लिने पार् झल्लिन लाउनु । **झल्ल्याउ**-प्रे.धा.। **झल्ल्याइन्** झल्ल्याउनुको क.क्रि.। **झल्ल्याइ**-भा.प्रे.धा.। **झल्लिइन्** झल्लिनुको भा.क्रि.। **झल्लिइ**-भा.धा.। **झल्लिई, झल्लिएर, झल्लिन, झल्लिंदै, झल्लिउन्जेल, झल्लिंदाखेरि**-कृ.अ.। **झल्लिनू**-वि.। **झल्लिऊन्**-इ.। **झल्लेला**-स (अ.क्रि.-लाहुरेकान्छो रक्सी खाएर झल्लियो ।)

झस्कनु-क्रि.मू.। **झस्क**-आ.धा.। अ.क्रि.; एक्कासि तर्सनु झसङ्ग हुनु, झस्को पस्नु, हुप पस्नु । **झस्काइ** (झस्क आइ)-भा.ना.। **झस्काउनु**- प्रे.क्रि./स.क्रि.; झस्कि पार्नु । **झस्काउ**-प्रे.धा.। **झस्काइनु**-झस्काउनुको क.क्रि **झस्काइ**-भा.प्रे.धा.। **झस्किनु**-झस्कनुको भा.क्रि.। **झस्कि**-भा.धा.। **झस्की, झस्केर, झस्कन, झस्कँ** **झस्कुन्जेल, झस्कँदाखेरि**-कृ.अ.। **झस्कनू**-वि.। **झस्कू** इ.। **झस्कला**-स.। (अ.क्रि.-बान्ह बजेको तोप पड्क मन बहादुर एक्कासि झस्क्यो ।)

झस्किनु-क्रि.मू.। **झस्कि**-आ.धा.। अ.क्रि.; हे. झस्कनु **झस्क्याइ** (झस्कि+आइ), **झस्क्याहट** (झस्कि+आहट भा.ना.। **झस्क्याउनु**- प्रे.कि./स.क्रि.; झस्किने पार्नु **झस्क्याउ**-प्रे.धा.। **झस्क्याइनु**-झस्क्याउनुको क.क्रि **झस्क्याइ**-भा.प्रे.धा.। **झस्किइनु**-झस्किनुको भा.क्रि.। **झस्किइ**-भा.धा.। **झस्किई, झस्किएर, झस्किन** **झस्किंदै, झस्किउन्जेल, झस्किंदाखेरि**-कृ.अ.। **झस्किन्** वि.। **झस्किऊन्**-इ.। **झस्केला**- स.। (अ.क्रि.-वच् तर्सिएर झस्कियो ।)

झाँक्नु-कि.मू.। **झाँक्**-आ.धा.। स.क्रि.; खराब नियत हेर्नु, लुकेर हेर्नु, चियाउनु, टाढैबाट एक झलक हेर्नु सेखी झार्नु, कपडा आदि पानीमा पछार्नु । **झँकाइ** (झाँक्+आइ)-भा.ना.। **झँकाउनु**-प्रे.क्रि./स.क्रि.; झाँक

लाउनु, झाँक्ने पार्नु । **झँकाउ**-प्रे.धा.। **झँकाइनु** - झँकाउनुको क.क्रि.। **झाँकिनु**-झाँक्नुको क.क्रि.। **झाँकि**-क.धा.। **झाँकी, झाँकेर, झाँक्न, झाँक्तै, झाँकुन्जेल, झाँक्दाखेरि**-कृ.अ.। **झाँक्नू**-वि.। **झाँकून्**-इ.। **झाँक्ला**-स.। (स.क्रि.-रीताले धारामा मैला लुगा झाँकी ।)

झाँगिनु/झाँङ्गिनु-क्रि.मू.। **झाँगि** -आ.धा.। अ.क्रि.; हाँगा-बिँगा लागेर चारैतिर फैलनु, झाँङ हाल्नु । **झँग्याइ** (झाँगि+आइ)-भा.ना.। **झँग्याउनु** -प्रे.क्रि./स.क्रि.; झाँगिने पार्नु । **झँग्याउ**-प्रे.धा.। **झँग्याइनु** - झँग्याउनुको क.क्रि.। **झँग्याइ**-भा.प्रे.धा.। **झाँगिइनु**-झाँगिनुको भा.क्रि.। **झाँगिइ**-भा.धा.। **झाँगिई, झाँगिएर, झाँगिन, झाँगिँदै, झाँगिउन्जेल, झाँगिंदाखेरि**-कृ.अ.। **झाँगिनू**-वि.। **झाँगिऊन्**-इ.। **झाँगेला** -स.। (अ.क्रि.-इस्कुस खूब झाँगियो ।)

झाँट्नु-क्रि.मू.। **झाँट्**-आ.धा.। स.क्रि.; भूइँमा पछारेर बोटबाट अन्न झार्नु, लखतरान पार्नु, झपार्नु, छास्नु । **झँटाइ** (झाँट्+आइ)-भा.ना.। **झँटाउनु**-प्रे.क्रि./स.क्रि.; झाँट्न लाउनु । **झँटाउ**-प्रे.धा.। **झँटाइनु**-झँटाउनुको क.क्रि.। **झँटाइ**-क.प्रे.धा.। **झाँटिनु**- झाँट्नुको क.क्रि.। **झाँटि**-क.धा.। **झाँटी, झाँटेर, झाँट्न, झाँट्तै, झाँटुन्जेल, झाँट्दाखेरि**-कृ.अ.। **झाँट्नू**-वि.। **झाँटून्**-इ.। **झाँट्ला**-स.। (स.क्रि.-खेतलाहरूले खलोमा कुनियोको धान झाँटे ।)

झाङिनु-क्रि.मू.। **झाङि**-आ.धा.। अ.क्रि.; हे. झाँगिनु । **झङ्याइ** (झाङि+आइ)-भा.ना.। **झङ्याउनु**-प्रे.क्रि./स.क्रि.; झँग्याउनु । **झङ्याउ**- प्रे.धा.। **झङ्याइनु**-झङ्याउनुको क.क्रि.। **झङ्याइ**-भा.प्रे.धा.। **झाङिइनु**-झाङिनुको भा.क्रि.। **झाङिइ**-भा.धा.। **झाङिई, झाङिएर, झाङिन, झाङिँदै, झाङिउन्जेल, झाङिंदाखेरि**-कृ.अ.। **झाङिनू**-वि.। **झाङिऊन्**-इ.। **झाङेला**-स.। (अ.क्रि. घिरौलो थाँक्रोमा राम्ररी झाङियो ।)

झान्नु-क्रि.मू.। **झान्**-आ.धा.। स.क्रि.; घिउ-तेलमा ज्वानु, मेथी, जिम्मु, मसला आदि फुराएर दाल, अचार वा झोल पदार्थमा हाल्नु; खाद्य पदार्थलाई मीठो र सुवासित बनाउन झानझुन गर्नु । **झनाइ** (झान्+आइ)-भा.ना.। **झनाउनु** -प्रे.क्रि./स.क्रि.; झान्न लाउनु । **झनाउ**-प्रे.धा.। **झनाइनु**-झनाउनुको क.क्रि.। **झनाइ** -क.प्रे.धा.। **झानिनु**- झान्नुको क.क्रि.। **झानि**- क.धा.। **झानी, झानेर, झान्न, झान्दै, झानुन्जेल, झान्दाखेरि**-कृ.अ.। **झान्नू**-वि.। **झानून्**-इ.। **झान्ला** -स.। (स.क्रि.-इन्दिराले दालमा जिम्मु झानिन्) ।

झाम्टिनु-क्रि.मू.। **झाम्टि** -आ.धा.। अ.क्रि.; झाँङ पर्नु, झाम्टाझाम्टी बन्नु, गुजुल्टिनु, झाँगिनु, गाँजिनु । **झम्ट्याइ** (झाम्टि+आइ)-भा.ना.। **झम्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; झाम्टिने पार्नु । **झम्ट्याउ**-प्रे.धा.। **झम्ट्याइनु**-झम्ट्याउनुको क.क्रि.। **झम्ट्याइ**-भा.प्रे.धा.। **झाम्टिइनु**-झाम्टिनुको भा.क्रि.। **झाम्टिइ**-भा.धा.। **झाम्टिई, झाम्टिएर, झाम्टिन, झाम्टिँदै, झाम्टिउन्जेल, झाम्टिंदाखेरि**-कृ.अ.। **झाम्टिनू**-वि.। **झाम्टिऊन्**-इ.। **झाम्टेला**-स.। (अ.क्रि.-तोरी-सागको तरकारी पकाएको त सबै झाम्टियो ।)

झार्नु-क्रि.मू.। **झार्**-आ.धा.। स.क्रि.; ओराल्नु, गिराउनु, खसाल्नु, तन्त्रमन्त्रद्वारा उपचार गर्नु, झारफुक गर्नु । **झराइ** (झार्+आइ)-भा.ना.। **झराउनु**-प्रे.क्रि./स.क्रि.; झार्न लाउनु, झार्ने पार्नु । **झराउ**-प्रे.धा.। **झराइनु**-झराउनुको क.क्रि.। **झराइ**-क.प्रे.धा.। **झारिनु**-झार्नुको क.क्रि.। **झारि**-क.धा.। **झारी, झारेर, झार्न, झार्दै, झारुन्जेल, झार्दाखेरि**-कृ.अ.। **झार्नू**-वि.। **झारून्**-इ.। **झार्ला**-स.। (स.क्रि.-स्वाभिमानी नेपालीहरूले शहीदको वलिदानमा श्रद्धाका आँसु झारे ।)

झिँजिनु-क्रि.मू.। **झिँजि**-आ.धा.। अ.क्रि.; झर्को मान्नु, झिजो मान्नु, झर्कनु । **झिँज्याइ** (झिँजि+आइ)-भा.ना.। **झिँज्याउनु**-प्रे.क्रि./स.क्रि.; झिँजो लाउनु, दिक्क पार्नु । **झिँज्याउ**-प्रे.धा.। **झिँज्याइनु**-झिँज्याउनुको क.क्रि.। **झिँजिइनु**-झिँजिनुको भा.क्रि.। **झिँजिइ**-भा.धा.। **झिँजिई, झिँजिएर, झिँजिन, झिँजिँदै, झिँजिउन्जेल, झिँजिंदाखेरि**-कृ.अ.। **झिँजिनू**-वि.। **झिँजिऊन्**-इ.। **झिँजेला**-स.। (अ.क्रि.-सासुको कचकचाइ सुनेर बुहारी झिँजिई ।)

झिँजोल्नु-क्रि.मू. । **झिँजोल्**-आ.धा.। स.क्रि.; दिक्क पार्नु, सताउनु, पिरोल्नु, घरी-घरी हल्लाउनु, घचघच्याउनु । **झिँजोलाइ** (झिँजोल्+आइ)-भा.ना.। **झिँजोलाउनु**-प्रे.क्रि./स.क्रि.; झिँजोल्न लाउनु । **झिँजोलाउ**-प्रे.धा.। **झिँजोलाइनु**-झिँजोलाउनुको क.क्रि.। **झिँजोलाइ**-क.प्रे.धा.। **झिँजोलिनु**-झिँजोल्नुको -क.क्रि.। **झिँजोलि**-क.धा.। **झिँजोली, झिँजोलेर, झिँजोल्न, झिँजोल्दै, झिँजोलुन्जेल, झिँजोल्दाखेरि**-कृ.अ.। **झिँजोल्नू**-वि.। **झिँजोलून्**-इ.। **झिँजोल्ला**-स.। (स.क्रि.-केटाकेटीहरूले आमालाई धेरै झिँजोले ।)

झिक्नु-क्रि.मू.। **झिक्**- आ.धा.। स.क्रि.; राखिएको स्थानबाट लिनु, निकाल्नु, उतार्नु, घटाउनु, हटाउनु,

खारेज गर्नु । **झिकाइ** (झिक्+आइ)-भा.ना.। **झिकाउनु**-प्रे.क्रि./स.क्रि.; झिक्न लाउनु, मगाउनु, बोलाउनु । **झिकाउ**-प्रे.धा.। **झिकाइनु**-झिकाउनुको क.क्रि.। **झिकाइ**-क.प्रे.धा.। **झिकिनु**-झिक्नुको क.क्रि.। **झिकि** -क.धा.। **झिकी, झिकेर, झिक्न, झिक्तै, झिकुन्जेल, झिक्दाखेरि**-कृ.अ.। **झिक्नू**-वि.। **झिकून्**-इ.। **झिक्ला**-स.। (स.क्रि.-घरक्क मधुस उघारेर आमाले बोक्चो झिकिन् ।)

झिजिनु-क्रि.मू.। **झिजि**-आ.धा.। अ.क्रि.; हे. झिँजिनु । **झिज्याइ** (झिजि+आइ)-भा.ना.। **झिज्याउनु**-प्रे.क्रि./स.क्रि.; झिँज्याउनु । **झिज्याउ**-प्रे.धा.। **झिज्याइनु**-झिज्याउनुको क.क्रि.। **झिजिइ**-भा.धा.। **झिजिइनु**-झिजिनुको भा.क्रि.। **झिजिइ**-भा.धा.। **झिजिई, झिजिएर, झिजिन, झिजिँदै, झिजिउन्जेल, झिजिंदाखेरि**-कृ.अ.। **झिजिनू**- वि.। **झिजिऊन्**- इ.। **झिजेला**-स.। (अ.क्रि.-घरधनीको कर्कश व्यवहारले खेतलाहरू सार्‍हो झिजिए ।)

झिजोल्नु-क्रि.मू.। **झिजोल्**-आ.धा.। स.क्रि.; हे. झिँजोल्नु । **झिजोलाइ** (झिजोल्+आइ)-भा.ना.। **झिजोलाउनु**-प्रे.क्रि./स.क्रि., झिजोल्न लाउनु, झिँजोलाउनु । **झिजोलाउ**-प्रे.धा.। **झिजोलाइनु**-झिजोलाउनुको क.क्रि.। **झिजोलाइ**-क.प्रे.धा.। **झिजोलिनु**-झिजोल्नुको क.क्रि.। **झिजोलि**-क.धा.। **झिजोली, झिजोलेर, झिजोल्न, झिजोल्दै, झिजोलुन्जेल, झिजोल्दाखेरि**-कृ.अ.। **झिजोल्नू**-वि.। **झिजोलून्**-इ.। **झिजोल्ला**- स.। (स.क्रि.-भोकमरीमा परेका जनताले सरकारलाई झिजोले ।)

झिन्निनु-क्रि.मू.। **झिन्नि**-आ.धा.। अ.क्रि.; झिनो हुँदै जानु, दुब्लो-पातलो हुनु । **झिन्न्याइ** (झिन्नि+आइ)-भा.ना.। **झिन्न्याउनु**- प्रे.क्रि./स.क्रि.; झिनो बनाउनु । **झिन्न्याउ**-प्रे.धा.। **झिन्न्याइनु**-झिन्न्याउनुको क.क्रि.। **झिन्न्याइ**-भा.प्रे.धा.। **झिन्निइनु**-झिन्निनुको भा.क्रि.। **झिन्निइ**-भा.धा.। **झिन्निई, झिन्निएर, झिन्निन, झिन्निँदै, झिन्निउन्जेल, झिन्निंदाखेरि**-कृ.अ.। **झिन्निनू**-वि.। **झिन्निऊन्**-इ.। **झिन्नेला**-स.। (अ.क्रि. -मलजल नपुगेर काँक्रोको बोट झिन्नियो ।)

झिम्कनु-क्रि.मू.। **झिम्क**-आ.धा.। अ.क्रि.; आँखा झिम्म हुनु , आँखा झिम्किनु । **झिम्काइ** (झिम्क+आइ)-भा.ना.। **झिम्काउनु**-प्रे.क्रि./स.क्रि.; पलक मार्नु, आँखा झिमझिम पार्नु, आँखाले इसारा गर्नु । **झिम्काउ**-प्रे.धा.। **झिम्काइनु**-झिम्काउनुको क.क्रि.। **झिम्काइ**-भा.प्रे.धा.। **झिम्किनु**-झिम्कनुको भा.क्रि.। **झिम्कि**-भा.धा.। **झिम्क** **झिम्केर, झिम्कन, झिम्कँदै, झिम्कुन्जेल, झिम्कँ** खेरि-कृ.अ.। **झिम्कनू**-वि.। **झिम्कून्**-इ.। **झिम्कला-स** (अ.क्रि.-शंकरेका आँखा एक्कासि झिम्के ।)

झिम्किनु-क्रि.मू.। **झिम्कि**-आ.धा.। अ.क्रि.; हे.झिम्कन **झिम्क्याइ** (झिम्कि+आइ)-भा.ना.। **झिम्क्याउनु**-प्रे.क्रि. स.क्रि.; झिम्किने पार्नु, आँखा झिमझिम पार्नु **झिम्क्याउ**-प्रे.धा.। **झिम्क्याइनु**-झिम्क्याउनुको क.क्रि **झिम्क्याइ**-भा.प्रे.धा.। **झिम्किइनु**- झिम्किनुको भा.क्रि **झिम्किइ**-भा.धा.। **झिम्किई, झिम्किएर, झिम्कि** **झिम्किँदै, झिम्किउन्जेल, झिम्किंदाखेरि**-कृ.अ.। **झिम्किनू**-वि.। **झिम्किऊन्**-इ.। **झिम्केला-स** **झिम्क्याई,, झिम्क्याएर, झिम्क्याउन, झिम्क्याउँ** **झिम्क्याउन्जेल, झिम्क्याउँदाखेरि**-कृ.अ.।**झिम्क्याउन्** वि.। **झिम्क्याऊन्**-इ.। **झिम्क्याउला**-स.। (अ.क्रि.-बा लागेको लाहुरेलाई पर्खाउन लक्ष्मी गुरुङका आँख झिम्किए ।)

झिम्रिनु-क्रि.मू.। **झिम्रि**- आ.धा.। अ.क्रि.; नछुने हु रजस्वला हुनु, पर सर्नु, चाउरिनु, झ्याउरिनु । **झिम्र्या** (झिम्रि+आइ)-भा.ना.। **झिम्र्याउनु**- प्रे.क्रि./स.क्रि झिम्रिनलाउनु, झिम्रिने पार्नु । **झिम्र्याउ**-प्रे.धा **झिम्र्याइनु**-झिम्र्याउनुको क.क्रि.। **झिम्र्याइ**-भा.प्रे.धा **झिम्रिइनु**-झिम्रिनुको भा.क्रि.। **झिम्रिइ**-भा.धा.। **झिम्रि** **झिम्रिएर, झिम्रिन, झिम्रिँदै, झिम्रिउन्जे** **झिम्रिंदाखेरि**-कृ.अ.। **झिम्रिनू**-वि.। **झिम्रिऊन्**-इ **झिम्रेला**-स.। (अ.क्रि.-मन्दिर जान सुरसार गर्दा नगर् शैलजा झिम्रिई ।)

झिल्सिनु-क्रि.मू.। **झिल्सि**-आ.धा.। अ.क्रि.; बाहिर बाहिर डढ्नु, पिल्सिनु । **झिल्स्याइ** (झिल्सि+आइ) भा.ना.। **झिल्स्याउनु**- प्रे.क्रि./स.क्रि.; आँत नछिचोल गरी बाहिर मात्र डढाएर अनाज भुट्नु, पिल्स्याउनु **झिल्स्याउ**-प्रे.धा.। **झिल्स्याइनु**-झिल्स्याउनुको क.क्रि. **झिल्स्याइ**-भा.प्रे.धा.। **झिल्सिइनु**-झिल्सिनुको भा.क्रि. **झिल्सिइ**-भा.धा.। **झिल्सिई, झिल्सिएर, झिल्सिन** **झिल्सिँदै, झिल्सिउन्जेल, झिल्सिंदाखेरि**-कृ.अ **झिल्सिनू**-वि.। **झिल्सिऊन्**-इ.। **झिल्सेला**-स.। (अ.क्रि. छिटो नगर्दा मकै झिल्सियो ।)

झुक्नु-क्रि.मू.। **झुक्**-आ.धा.। अ.क्रि.; निहुरनु, नुहुनु ढल्कनु, बाङ्गिनु, कुप्रिनु, नम्र हुनु, सावित हुनु नतमस्तक हुनु, अदब मान्नु । **झुकाइ** (झुक्+आइ भा.ना.। **झुकाउनु**- प्रे.क्रि./स.क्रि.; झुक्न लाउनु

निहुराउनु, सेखी झार्नु, घमण्ड तोड्नु । **झुकाउ**-प्रे.धा.। **झुकाइनु**-झुकाउनुको क.कि.। **झुकाइ**-भा.प्रे.धा.। **झुकिनु**-झुक्नुको भा.क्रि.। **झुकि**-भा.धा.। **झुकी, झुकेर, झुक्न, झुक्तै, झुकुन्जेल, झुक्दाखेरि**-कृ.अ.। **झुक्नू**-वि.। **झुकून्**-इ.। **झुक्ला**-स.। (अ.क्रि.-गृहकार्य नगर्ने विद्यार्थीको शिर झुक्यो ।)

झुक्किनु-क्रि.मू.। **झुक्कि**-आ.धा.। अ.क्रि.; झुक्कानमा पर्नु, भूल हुनु, धोखामा पर्नु, छलिनु, छकिनु । **झुक्क्याइ** (झुक्कि+आइ)-भा.ना.। **झुक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; छलमा पार्नु, छकाउनु, छल्नु । **झुक्क्याउ**- प्रे.धा.। **झुक्क्याइनु**-झुक्क्याउनुको क.क्रि.। **झुक्क्याइ**-भा.प्रे.धा.। **झुक्किइनु**-झुक्किनुको भा.क्रि.। **झुक्किइ**-भा.धा.। **झुक्किई, झुक्किएर, झुक्किन, झुक्किँदै, झुक्किउन्जेल, झुक्किंदाखेरि**-कृ.अ.। **झुक्किनू**-वि.। **झुक्किऊन्**-इ.। **झुक्केला**-स.। (अ.क्रि. विदाको दिन स्कूल गएर म सान्हो झुक्किएँ ।)

झुत्तिनु-क्रि.मू.। **झुत्ति** - आ.धा.। अ.क्रि.; हाँगै लच्कने गरी लटरम्म फल लाग्नु, झुत्तो लाग्नु, झुत्तो बन्नु, झुत्तो हुनु, झुम्मिनु, जम्मा हुनु । **झुत्त्याइ** (झुत्ति+आइ)-भा.ना.। **झुत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; झुत्तो लगाउनु, झुत्तो पार्नु । **झुत्त्याउ**-प्रे.धा.। **झुत्त्याइनु**-झुत्याउनुको क.क्रि.। **झुत्त्याइ**-भा.प्रे.धा.। **झुत्तिइनु**-झुत्तिनुको भा.क्रि.। **झुत्तिइ**-भा.धा.। **झुत्तिई, झुत्तिएर, झुत्तिन, झुत्तिँदै, झुत्तिउन्जेल, झुत्तिंदाखेरि**-कृ.अ.। **झुत्तिनू**- वि.। **झुत्तिऊन्**-इ.। **झुत्तेला**-स.। (अ.क्रि.-झ्याङभरि अङ्गुर झुत्तियो ।)

झुत्रिनु-क्रि.मू.। **झुत्रि**-आ.धा.। अ.क्रि.; जीर्ण हुनु, झुत्रो हुनु, पाट्नु, थोत्रिनु । **झुत्र्याइ** (झुत्रि+आइ)-भा.ना.। **झुत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; झुत्रो पार्नु, फट्याउनु, थोत्र्याउनु । **झुत्र्याउ**- प्रे.धा.। **झुत्र्याइनु**-झुत्र्याउनुको क.क्रि.। **झुत्र्याइ**-भा.प्रे.धा.। **झुत्रिइनु**-झुत्रिनुको भा.क्रि.। **झुत्रिइ**-भा.धा.। **झुत्रिई, झुत्रिएर, झुत्रिन, झुत्रिँदै, झुत्रिउन्जेल; झुत्रिंदाखेरि**-कृ.अ.। **झुत्रिनू**- वि.। **झुत्रिऊन्**-इ.। **झुत्रेला**-स.। (अ.क्रि.-किसानको भोटो झुत्रियो ।)

झुन्डिनु-क्रि.मू.। **झुन्डि**-आ.धा.। अ.क्रि.; गलामा पासो लाएर मर्नु, भुइँ नछुने गरी डोरीले तुर्लुङ्ङिनु, लट्कनु, झोलिनु । **झुन्ड्याइ** (झुन्डि+आइ)-भा.ना.। **झुन्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; झुण्डिने पार्नु, तुर्लुङ्ङ्याउनु । **झुन्ड्याउ**-प्रे.धा.। **झुन्ड्याइनु**-झुन्ड्याउनुको क.क्रि.। **झुन्ड्याइ**-भा.प्रे.धा.। **झुन्डिइनु**-झुन्डिनुको भा.क्रि.। **झुन्डिइ**-भा.धा.। **झुन्डिई, झुन्डिएर, झुन्डिन, झुन्डिँदै, झुन्डिउन्जेल, झुन्डिंदाखेरि**-कृ.अ.। **झुन्डिनू**-वि.। **झुन्डिऊन्**-इ.। **झुन्डेला**-स.। (अ.क्रि.-'रत्न श्री पुरस्कार लिन म गइनँ' भन्ने आदर्शबोली एक कथाकारको मुखैमा झुन्डियो ।)

झुप्पिनु-क्रि.मू.। **झुप्पि**-आ.धा.। अ.क्रि.; लदाबदी फल्नु, लटरम्म हुनु, झुप्पा पर्नु, झुप्पा लाग्नु, झुम्मिनु । **झुप्प्याइ** (झुप्पि+आइ)-भा.ना.। **झुप्प्याउनु**- प्रे.क्रि./स.क्रि.; झुप्पा-झुप्पा पार्नु । **झुप्प्याउ**-प्रे.धा.। **झुप्प्याइनु**-झुप्प्याउनुको क.क्रि.। **झुप्प्याइ**-भा.प्रे.धा.। **झुप्पिइनु**-झुप्पिनुको भा.क्रि.। **झुप्पिइ**-भा.धा.। **झुप्पिई, झुप्पिएर, झुप्पिन, झुप्पिँदै, झुप्पिउन्जेल, झुप्पिंदाखेरि**-कृ.अ.। **झुप्पिनू**-वि.। **झुप्पिऊन्**-इ.। **झुप्पेला**-स.। (अ.क्रि.-हाँगै लच्कने गरी रूखमा आरुपोखरा झुप्पियो ।)

झुम्नु-क्रि.मू.। **झुम्**-आ.धा.। अ.क्रि.; लठ्ठिनु, मस्त हुनु, झुल्नु, उँङ्नु, लीन हुनु । **झुमाइ** (झुम्+आइ)-भा.ना.। **झुमाउनु**-प्रे.क्रि./स.क्रि.; झुम्न लाउनु । **झुमाउ**-प्रे.धा.। **झुमाइनु**-झुमाउनुको क.क्रि.। **झुमाइ**- भा.प्रे.धा.। **झुमिनु**-झुम्नुको भा.क्रि.। **झुमि**-भा.धा.। **झुमी, झुमेर, झुम्न, झुम्दै, झुमुन्जेल, झुम्दाखेरि**-कृ.अ.। **झुम्नू**-वि.। **झुमून्**-इ.। **झुम्ला**-स.। (अ.क्रि.-चामे र गौंथलीको रडाको सुन्नासाथ चारैतिर रमितेहरू झुमिए ।)

झुम्मिनु-क्रि.मू.। **झुम्मि**- आ.धा.। अ.क्रि.; भेला हुनु, भीड लाग्नु, गुचुमुच्च पर्नु, जम्मा हुनु, थुप्रिनु, झुत्तिनु । **झुम्म्याइ** (झुम्मि+आइ)-भा.ना.। **झुम्म्याउनु**-प्रे.क्रि./स.क्रि.; झुम्मिने पार्नु, थुप्र्याउनु । **झुम्म्याउ**-प्रे.धा.। **झुम्म्याइनु**-झुम्म्याउनुको क.क्रि..। **झुम्म्याइ**- भा.प्रे.धा.। **झुम्मिइनु**-झुम्मिनुको भा.क्रि.। **झुम्मिई**-भा.धा.। **झुम्मिई, झुम्मिएर, झुम्मिन, झुम्मिँदै, झुम्मिउन्जेल, झुम्मिंदाखेरि**-कृ.अ.। **झुम्मिनू**-वि.। **झुम्मिऊन्**-इ.। **झुम्मेला**-स.। (अ.क्रि.-चटकीका वरिपरि मानिसहरू झुम्मिए ।)

झुम्रिनु-क्रि.मू.। **झुम्रि**-आ.धा.। अ.क्रि.; झुम्रो झैं हुनु, जीर्ण हुनु, निर्धो बन्नु, थोत्रिनु, जुम्सिनु । **झुम्र्याइ** (झुम्रि+आइ)-भा.ना.। **झुम्र्याउनु**-प्रे.क्रि./स.क्रि.; झुम्रो पार्नु । **झुम्र्याउ**-प्रे.धा.। **झुम्र्याइनु**-झुम्र्याउनुको क.क्रि.। **झुम्र्याइ**-भा.प्रे.धा.। **झुम्रिइनु**-झुम्रिनुको भा.क्रि.। **झुम्रिइ**-भा.धा.। **झुम्रिई, झुम्रिएर, झुम्रिन, झुम्रिँदै, झुम्रिउन्जेल, झुम्रिंदाखेरि**-कृ.अ.। **झुम्रिनू**-वि.। **झुम्रिऊन्**-इ.। **झुम्रेला**-स. (अ.क्रि.-लामो खडेरी परेकाले

किसानहरू झुम्रिए ।)

झुराउनु-क्रि.मू.। **झुराउ**-आ.धा.। स.क्रि.; रुचाउनु, खूब चाहना गर्नु, प्रशंसा गर्नु । अ.क्रि.; रुनु । **झुराइ** (झुराउ+आइ)-भा.ना.। **झुराइनु**- झुराउनुको क.क्रि./भा.क्रि.। **झुराइ**- क.धा./भा.धा.। **झुराई, झुराएर, झुराउन, झुराउँदै, झुराउन्जेल, झुराउँदाखेरि**-कृ.अ.। **झुराउनू**-वि.। **झुराऊन्**-इ.। **झुराउला**-स.। (स.क्रि. -बहादुर मगरले तारेको माछा खूब झुरायो । (अ.क्रि.-वनमा न्याउली झुरायो ।)

झुरिनु-क्रि.मू.। **झुरि**-आ.धा.। अ.क्रि.; झुरुम्म भएर सुक्नु, ज्यादा सुक्नु, खरिनु, झुरुम-झुरुम हुनु । **झुऱ्याइ** (झुरि+आइ)-भा.ना.। **झुऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; झुरिने पार्नु, खऱ्याउनु । **झुऱ्याउ**-प्रे.धा.। **झुऱ्याइनु**-झुऱ्याउनुको क.क्रि.। **झुऱ्याइ**-भा.प्रे.धा.। **झुरिइनु**-झुरिनुको भा.क्रि.। **झुरिइ**-भा.धा.। **झुरिई, झुरिएर, झुरिन, झुरिँदै, झुरिउन्जेल, झुरिंदाखेरि**-कृ.अ.। **झुरिनू**- वि.। **झुरिऊन्**-इ.। **झुरेला**-स.। (अ.क्रि.-काट्न ढिलो भएकोले खेतमा धान झुरियो ।)

झुल्नु-क्रि.मू.। **झुल्**-आ.धा.। अ.क्रि.; हल्लनु, उँघ्नु, झुम्नु, लठ्ठिनु, चाकरीमा धाउनु, मग्न हुनु । **झुलाइ** (झुल्+आइ)-भा.ना.। **झुलाउनु**-प्रे.क्रि./स.क्रि.; झुल्ने पार्नु, आशामा राख्नु, खेलाउनु, हल्लाउनु । **झुलाउ**-प्रे.धा.। **झुलाइनु**-झुलाउनुको क.क्रि.। **झुलाइ**-भा.प्रे.धा.। **झुलिनु**-झुल्नुको भा.क्रि.। **झुलि**-भा.धा.। **झुली, झुलेर, झुल्न, झुल्दै, झुलुन्जेल, झुल्दाखेरि**-कृ.अ.। **झुल्नू**-वि.। **झुलून्**-इ.। **झुल्ला**-स.। (अ.क्रि.-हावामा खेतको पहेंलपुर धान झुल्यो ।)

झुल्कनु-क्रि.मू.। **झुल्क**-आ.धा.। अ.क्रि.; सूर्य, चन्द्रमा आदि उदाउनु, एक्कासि देखा पर्नु, सल्कनु, बल्नु । **झुल्काइ** (झुल्क+आइ)-भा.ना.। **झुल्काउनु**-झुल्कन लाउनु, देखा पार्नु, सल्काउनु, बाल्नु । **झुल्काउ** -प्रे.धा.। **झुल्काइनु**-झुल्काउनुको क.क्रि.। **झुल्काइ**-भा.प्रे.धा.। **झुल्किनु**-झुल्कनुको भा.क्रि.। **झुल्कि**- भा.धा.। **झुल्की, झुल्केर, झुल्कन, झुल्कँदै, झुल्कुन्जेल, झुल्कँदाखेरि**-कृ.अ.। **झुल्कनू**-वि.। **झुल्कून्**-इ.। **झुल्कला**-स.। (अ.क्रि.-पूर्णिमाको जून झुल्क्यो ।)

झुल्किनु-क्रि.मू.। **झुल्कि**-आ.धा.। अ.क्रि.; हे. झुल्कनु । **झुल्क्याइ** (झुल्कि+आइ)-भा.ना.। **झुल्क्याउनु**- प्रे.क्रि./स.क्रि.; झुल्काउनु, सल्काउनु, बाल्नु, झुलुक्क देखिनु । **झुल्क्याउ**-प्रे.धा.। **झुल्क्याइनु** - झुल्क्याउनुको क.क्रि.। **झुल्क्याइ**-भा.प्रे.धा.। **झुल्किइनु**-झुल्किनुको भा.क्रि **झुल्किइ**-भा.धा.। **झुल्किई, झुल्किएर, झुल्कि झुल्किँदै, झुल्किउन्जेल, झुल्किंदाखेरि**-कृ.अ.। **झुल्कि** वि.। **झुल्किऊन्**-इ.। **झुल्केला**- स.। (अ.क्रि.-घा झुल्कियो ।)

झुसिनु-क्रि.मू । **झुसि** -आ.धा.। अ.क्रि.; भाँडो मा चुलिनु, भाँडोको बिट माथि उक्सनु, झुसी हुनु । **झुस्या** (झुसि+आइ)-भा.ना.। **झुस्याउनु**-प्रे.क्रि./स.क्रि.; झुसे पार्नु, चुली पार्नु । **झुस्याउ**-प्रे.धा.। **झुस्याइन** झुस्याउनुको क.क्रि.। **झुस्याइ**- भा.प्रे.धा.। **झुसिइनु** झुसिनुको भा.क्रि.। **झुसिइ** -भा.धा.। **झुसिई, झुसिएर झुसिन, झुसिँदै, झुसिउन्जेल, झुसिंदाखेरि**-कृ.अ **झुसिनू**-वि.। **झुसिऊन्**-इ.। **झुसेला**-स.। (अ.क्रि. भाँडोमा चामल झुसियो; तै अटाएन ।)

झेल्नु-क्रि.मू.। **झेल्**-आ.धा.। स.क्रि.; कष्ट बेहोर्नु, दुः सहनु, जाल-झेल गर्नु, अलमल्याउनु, फिसोल् अल्झाउनु । **झेलाइ** (झेल्+आइ)-भा.ना.। **झेलाउनु** प्रे.क्रि./स.क्रि.; दुःख, कष्ट झेल्न लाउनु । **झेलाउ** प्रे.धा.। **झेलाइनु**-झेलाउनुको क.क्रि.। **झेलाइ**-क.प्रे.धा. **झेलिनु**-झेल्नुको क.क्रि.। **झेलि**-क.धा.। **झेली, झेलेर, झेल्न, झेल्दै, झेलुन्जेल, झेल्दाखेरि**-कृ.अ.। **झेल्नू**-वि.। **झेलून्**-इ.। **झेल्ला**-स.। (स.क्रि.-गोर्खालीहरूले कीर्तिपु सर गर्दा धेरै बाधाहरू झेले ।)

झेलिनु-क्रि.मू.। **झेलि**-आ.धा.। अ.क्रि.; दुःख-कष्ट बेहोरिनु,, झन्झट आइपर्नु, लन्ठा लाग्नु, जेलिनु जोल्टिनु । **झेल्याइ** (झेलि+आइ)-भा.ना.। **झेलिइनु**-झेलिनुको भा.क्रि.। **झेलिइ** -भा.धा.। **झेलिई, झेलिएर, झेलिन, झेलिँदै, झेलिउन्जेल, झेलिंदाखेरि**-कृ.अ.। **झेलिनू**-वि.। **झेलिऊन्**-इ.। **झेल्लेला**-स.। (अ.क्रि.- कान्छीको फरियाको फुर्को दाउरामा झेलियो ।)

झोकिनु-क्रि.मू.। **झोकि** -आ.धा.। अ.क्रि.; रिसको झोंकमा जङ्गिनु, रिसाउनु, रिसाएर जाग्नु, च्याट्टिनु । **झोक्याइ** (झोकि+आइ)-भा.ना.। **झोक्याउनु**-प्रे.क्रि./स.क्रि.; झोकिन लाउनु, जङ्ग्याउनु । **झोक्याउ**-प्रे.धा.। **झोक्याइनु**-झोक्याउनुको क.क्रि.। **झोक्याइ**-भा.प्रे.धा.। **झोकिइनु**-झोकिनुको भा.क्रि.। **झोकिइ**-भा.धा.। **झोकिई, झोकिएर, झोकिन, झोकिँदै, झोकिउन्जेल, झोकिंदाखेरि**-कृ.अ.। **झोकिनू**- वि.। **झोकिऊन्**- इ.। **झोकेला**-स.। (अ.क्रि.-दिल बहादुर गुण बहादुरसंग झोकियो ।)

झोक्किनु-क्रि.मू.। **झोक्कि**-आ.धा.। अ.क्रि.; हे.झोकिनु । (अ.क्रि.-गृहकार्य नगरेकाले आमा केटाकेटीहरूसंग झोक्किइन् ।)

झोक्रनु-क्रि.मू.। **झोक्र**-आ.धा.। अ.क्रि.; चिन्ताले शिर निहुराएर बस्नु, निन्याउरो मुख लाएर झोक्रिनु, घोत्लिनु, झ्याउरिनु । **झोक्राइ** (झोक्र+आइ)-भा.ना.। **झोक्राउनु**-प्रे.क्रि./स.क्रि.; झोक्रने पार्नु, चिन्ता परेर शिर निहुराउनु । **झोक्राउ**-प्रे.धा.। **झोक्राइनु**-झोक्राउनुको क.क्रि.। **झोक्रिनु**-झोक्रनुको भा.क्रि.। **झोक्रि**-भा.धा.। **झोक्री, झोक्रेर, झोक्रन, झोक्रँदै, झोक्रुन्जेल, झोक्रँदाखेरि**-कृ.अ.। **झोक्रनू**-वि.। **झोक्रून्**-इ.। **झोक्रला**-स.। (अ.क्रि.-जोत्ताजोत्तैको गोरु टक्लक्क मर्दा किसान खेतको डिलमा बसेर झोक्र्यो ।)

झोक्राउनु-क्रि.मू.। **झोक्राउ**-आ.धा.। अ.क्रि.; घोत्लिनु, झोक्रिनु, झोक्रनु । **झोक्राइ** (झोक्राउ+आइ)-भा.ना.। **झोक्राइनु**-झोक्राउनुको भा.क्रि.। **झोक्राइ**-भा.धा.। **झोक्राई, झोक्राएर, झोक्राउन, झोक्राउँदै, झोक्राउन्जेल, झोक्राउँदाखेरि**-कृ.अ.। **झोक्राउनू**-वि.। **झोक्राऊन्**-इ.। **झोक्राउला**-स.। (अ.क्रि.-असफल विद्यार्थी दिक्क मानेर झोक्रायो ।)

झोक्रिनु-क्रि.मू.। **झोक्रि**-आ.धा.। अ.क्रि.; हे. झोक्रनु । **झोक्र्याइ** (झोक्रि+आइ)-भा.ना.। **झोक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; झोक्रिने पार्नु, झोक्राउनु । **झोक्र्याउ**-प्रे.धा.। **झोक्र्याइनु**-झोक्र्याउनुको क.क्रि.। **झोक्र्याइ**-भा.प्रे.धा.। **झोक्रिई, झोक्रिएर, झोक्रिन, झोक्रिंदै, झोक्रिउन्जेल, झोक्रिंदाखेरि**-कृ.अ.। **झोक्रिनू**-वि.। **झोक्रिऊन ्**-इ.। **झोक्रेला**-स.। (अ.क्रि.-सन्त दिलदास उदास भएर झोक्रिए ।)

झोड्नु-क्रि.मू.। **झोड्**-आ.धा.। स.क्रि.; कुलो सोर्नु, कुलो, पैनीको झार-जङ्गल फाँडेर राम्रो बनाउनु । **झोडाइ** (झोड्+आइ)-भा.ना.। **झोडाउनु**-प्रे.क्रि./स.क्रि.; झोड्न लाउनु । **झोडाउ**-प्रे.धा.। **झोडाइनु**-झोडाउनुको क.क्रि.। **झोडाइ**-क.प्रे.धा.। **झोडिनु**-झोड्नुको क.क्रि.। **झोडि**-क.धा.। **झोडी, झोडेर, झोड्न, झोड्दै, झोडुन्जेल झोड्दाखेरि**-कृ.अ.। **झोड्नू**-वि.। **झोडून्**-इ.। **झोड्ला**-स.। (स.क्रि.-खेतधनी सबै मिलेर चौरालीको कुलो झोडे ।)

झोप्पिनु-क्रि.मू.। **झोप्पि**-आ.धा.। अ.क्रि.; झुम्मिनु, थुप्रिनु, झुप्पो परेर फल लाग्नु । **झोप्प्याइ** (झोप्पि+आइ)-भा.ना.। **झोप्प्याउनु**-प्रे.क्रि./स.क्रि.; झुम्म पार्नु, एकत्रित पार्नु । **झोप्प्याउ**-प्रे.धा.। **झोप्प्याइनु**-झोप्प्याउनुको क.क्रि.। **झोप्प्याइ**-भा.प्रे.धा.। **झोप्पिइनु**-झोप्पिनुको भा.क्रि.। **झोप्पिइ**-भा.धा.। **झोप्पिई, झोप्पिएर, झोप्पिन, झोप्पिंदै, झोप्पिउन्जेल, झोप्पिंदाखेरि**-कृ.अ.। **झोप्पिनू**-वि.। **झोप्पिऊन्**-इ.। **झोप्पेला**-स.। (अ.क्रि.-जाडोमा केटाकेटीहरू अँगेनाको वरिपरि झोप्पिए ।)

झोर्नु-क्रि.मू.। **झोर्**-आ.धा.। स.क्रि.; चारैतिरबाट घेरेर ल्याई एकै ठाउँमा जम्मा बनाउनु । **झोराइ** (झोर्+आइ)-भा.ना.। **झोराउनु**-प्रे.क्रि./स.क्रि.; एकै ठाउँमा जम्मा पार्नु । **झोराउ** -प्रे.धा.। **झोराइनु**-झोराउनुको क.क्रि.। **झोराइ**-क.प्रे.धा.। **झोरिनु**-झोर्नुको क.क्रि.। **झोरि**-क.धा.। **झोरी, झोरेर, झोर्न, झोर्दै, झोरुन्जेल, झोर्दाखेरि**-कृ.अ.। **झोर्नू**- वि.। **झोरून्**- इ.। **झोर्ला**-स.। (स.क्रि.-आखेटकहरूले अहिरोलाई झोरे ।)

झोऱ्याउनु-क्रि.मू.। **झोऱ्याउ**-प्रे.धा.। स.क्रि.; बिस्तारै थालिएको गीतलाई छिटो गाएर नाच्ने स्थितिमा ल्याउनु । **झोऱ्याइ** (झोऱ्याउ+आइ)-भा.ना.। **झोऱ्याइनु**-झोऱ्याउनुको क.क्रि.। **झोऱ्याइ**-क.धा.। **झोऱ्याई, झोऱ्याएर, झोऱ्यांउन, झोऱ्याउँदै, झोऱ्याउन्जेल, झोऱ्याउँदाखेरि**-कृ.अ.। **झोऱ्याउनू**-वि.। **झोऱ्याऊन्**-इ.। **झोऱ्याउला**-स.। (स.क्रि. गुरुबाउले घाटु-गीत झोऱ्याए ।)

झोलिनु-क्रि.मू.। **झोलि**-आ.धा.। अ.क्रि.; लच्कनु, झुन्डिनु, नुहिनु, लट्किनु । **झोल्याइ** (झोलि+आइ)-भा.ना.। **झोल्याउनु**- प्रे.क्रि./स.क्रि.; झोलिने बनाउनु । **झोल्याउ**-प्रे.धा.। **झोल्याइनु**-झोल्याउनुको क.क्रि.। **झोल्याइ**-भा.प्रे.धा.। **झोलिइनु**-झोलिनुको भा.क्रि.। **झोलिइ**-भा.धा.। **झोलिई, झोलिएर, झोलिन, झोलिंदै, झोलिउन्जेल, झोलिंदाखेरि**-कृ.अ.। **झोलिनू**-वि.। **झोलिऊन्**-इ.। **झोलेला**-स.। (अ.क्रि. बुधसिंह नजिक चेपे नदीको झोलुङ्गे पुल झोलियो ।)

झोस्नु-क्रि.मू.। **झोस्**-आ.धा.। स.क्रि.; बलिरहेको वस्तुमा बत्ती सल्काउनु, बत्तीमा बत्ती सल्काउनु, बालिने बस्तुमा आगो लाउनु, पोल गर्नु, उजुर गर्नु, झै-झगडामा फसाउनु । **झोसाइ** (झोस्+आइ)-भा.ना.। **झोसाउनु**-प्रे.क्रि./स.क्रि.; झोस्न लाउनु । **झोसाउ** -प्रे.धा । **झोसाइनु**- झोसाउनुको क.क्रि.। **झोसाइ** -क.प्रे.धा.। **झोसिनु**-झोस्नुको क.क्रि.; बालिनु, सल्काइनु, छोइनु । **झोसि**-क.धा.। **झोसी, झोसेर, झोस्न, झोस्दै, झोसुन्जेल, झोस्दाखेरि**-कृ.अ.। **झोस्नू**-वि.। **झोसून्**-इ.।

झोस्ला-स.। (स.क्रि.-मैले पिताजीको चितामा आगो झोसें ।)

झोसिनु-क्रि.मू.। **झोसि**-आ.धा.। अ.क्रि.; झुम्मिनु, झुत्तिनु, वरिपरिबाट एकत्रित हुनु, जम्मा हुनु । **झोस्याइ** (झोसि+आइ)-भा.ना.। **झोस्याउनु**-प्रे.क्रि./स.क्रि.; झोसाउनु । **झोस्याउ**-प्रे.धा.। **झोस्याइनु**-झोस्याउनुको क.कि । **झोस्याइ**- भा.प्रे.धा.। **झोसिइनु**-झोसिनुको भा.क्रि.। **झोसिइ**-भा.धा.। **झोसिई, झोसिएर, झोसिन, झोसिंदै, झोसिउन्जेल, झोसिंदाखेरि**-कृ.अ.। **झोसिनू**-वि.। **झोसिऊन्**-इ.। **झोसेला**-स.। (अ.क्रि.-हजुरआमाले कथा भन्दा केटाकेटीहरू एकै ठाउँमा झोसिए ।)

झ्याँक्नु-क्रि.मू.। **झ्याँक्**-आ.धा.। स.क्रि.; गम्रङ्ङ अँगालो हालेर उठ्न नसक्ने गरी ङ्याक्नु, गोद्नु, गाँज्नु, धरपकड गर्नु, आफ्नो वशमा पार्नु । **झ्यँकाइ** (झ्याँक्+आइ)-भा.ना.। **झ्यँकाउनु**-प्रे.क्रि./स.क्रि.; झ्याँक्न लाउनु । **झ्यँकाउ**-प्रे.धा.। **झ्यँकाइनु**-झ्यँकाउनुको क.क्रि.। **झ्यँकाइ**-क.प्रे.धा.। **झ्याँकिनु**-झ्याँक्नुको क.क्रि.। **झ्याँकि**-क.धा.। **झ्याँकी, झ्याँकेर, झ्याँक्न झ्याँक्तै, झ्याँकुन्जेल, झ्याँक्दाखेरि**-कृ.अ.। **झ्याँक्नू**-वि.। **झ्याँकून्**-इ.। **झ्याँक्ला**-स.। (स.क्रि.-गैरीगाउँ ढुण्डेले दीर्घ बहादुरलाई उठ्नै नसक्ने गरी झ्याँक्यो ।)

झ्याउरिनु-क्रि.मू.। **झ्याउरि**-आ.धा.। अ.क्रि.; निन्याउरो हुनु, झ्याउरो बन्नु, झोक्रिनु । **झ्याउऱ्याइ** (झ्याउरि+आइ)-भा.ना.। **झ्याउऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; झ्याउरिने पार्नु । **झ्याउऱ्याउ**- प्रे.धा.। **झयाउऱ्याइनु** -झ्याउऱ्याउनुको क.क्रि.। **झ्याउऱ्याइ**-भा.प्रे.धा.। **झ्याउरिइनु**-झ्याउरिनुको भा.क्रि.। **झ्याउरिइ**-भा.धा **झ्याउरिई, झ्याउरिएर, झ्याउरिन, झ्याउरिं** **झ्याउरिउन्जेल, झ्याउरिंदाखेरि** - कृ.अ.। **झ्याउरि** वि.। **झ्याउरिऊन्**-इ.। **झ्याउरेला**-स.। (अ.क्रि.-अनैति किसिमले बेनामी चिठी लेखी मनोबल गिराएर फाइ लुट्न पल्केको कपिल बहादुर मगर रहस्य खुलेप झ्याउरियो ।)

झ्याम्मिनु-क्रि.मू.। **झ्याम्मि**-आ.धा.। अ.क्रि हाँगाबिँगाहरू फैलिएर झाँगिनु, झ्याम्म पर्नु, आफ ठानेर पछ्याउनु, रत्तिनु । **झ्यम्म्याइ** (झ्याम्मि+आइ भा.ना.। **झ्यम्म्याउनु** -प्रे.क्रि./स.क्रि.; झ्याम्मिने पार्नु **झ्यम्माउ**-प्रे.धा.। **झ्यम्म्याइनु**-झ्यम्म्याउनुको क.क्रि **झ्यम्म्याइ**-भा.प्रे.धा.। **झ्याम्मिइनु**- झ्याम्मिनुको भा.क्रि **झ्याम्मिइ**-भा.धा.। **झ्याम्मिई, झ्याम्मिएर, झ्याम्मि** **झ्याम्मिंदै, झ्याम्मिउन्जेल, झ्याम्मिंदाखेरि**-कृ.अ **झ्याम्मिनू**-वि.। **झ्याम्मिऊन्**-इ.। **झ्याम्मेला**-स.। (अ.क्रि घले टाकुराको चाँपको रूख हाँगा फैलाएर झ्याम्मियो।

झ्वाँकिनु-क्रि.मू.। **झ्वाँकि**- आ.धा.। अ.क्रि.; जङ चल झोकमा आउनु । **झ्वँक्याइ** (झ्वाँकि+आइ)-भा.ना **झ्वाँकिइनु**-झ्वाँकिनुको भा.क्रि.। **झ्वाँकिइ**- भा.धा **झ्वाँकिई, झ्वाँकिएर, झ्वाँकिन, झ्वाँकिंदै, झ्वाँकिउन्जेल** **झ्वाँकिंदाखेरि**-कृ.अ.। **झ्वाँकिनू**-वि.। **झ्वाँकिऊन्**-इ **झ्वाँकेला**-स.। (अ.क्रि.-बारम्बार गुलियो वचन झुक्क्याएर आफ्नो दुनु सोझ्याएको सहन नसकी नेपाल जनता पंचायती क्रूर शासकहरूसंग साह्रो झ्वाँकिए ।)

ट

टकटकाउनु-क्रि.मू.। **टकटकाउ**- आ.धा.। स.क्रि.; धुलो आदि झार्नु, टकटक्याउनु । अ.क्रि.; टकटकिनु । **टकटकाइ** (टकटकाउ+आइ)-भा.ना.। **टकटकाइनु**- टकटकाउनुको क.क्रि./भा.क्रि.। **टकटकाइ**-भा.धा./ क.धा.। **टकटकाई, टकटकाएर, टकटकाउन, टकटकाउँदै, टकटकाउन्जेल, टकटकाउँदाखेरि**-कृ.अ.। **टकटकाउनू**-वि.। **टकटकाऊन्**-इ.। **टकटकाउला**- स.। (स.क्रि.-पीठो खन्याएपछि कुल्लीले वोहरा टकटकायो । अ.क्रि.-बजारमा मासेर भएजति सवै पैसा सकियो भनेर रामलाल टकटकायो ।)

टकटकिनु-क्रि.मू.। **टकटकि**-आ.धा.। अ.क्रि.; कामबाट पन्छिनु, पछि हट्नु, झारझुर हुनु, बाँकी केही नरहनु, सिद्धिनु । **टकटक्याइ** (टकटकि+आइ)-भा.न **टकटक्याउनु**-प्रे.क्रि./स.क्रि.; टकटकिने पार्नु, धुल झार्नु । **टकटक्याउ**-प्रे.धा.। **टकटक्याइनु**-टकटक्याउनु क.क्रि.। **टकटक्याइ**-भा.प्रे.धा.। **टकटकिइनु**-टकटकिनु भा.क्रि.। **टकटकिइ** -भा.धा.। **टकटकिई, टकटकिए** **टकटकिन, टकटकिंदै, टकटकिउन्जेल, टकटकिंदाखे** कृ.अ.। **टकटकिनू**- वि.। **टकटकिऊन्**-इ.। **टकटकेला**-स (स.क्रि.-उन्नाईस वर्ष शिक्षककाम गरेपछि गोरखावाट टकटकिएँ ।)

टकमार्नु-क्रि.मू.। **टकमार्**-आ.धा.। स.क्रि.; मुद्रा बनाउनु, मुद्रामा छाप बसाउनु, ज्योति मलिन पा जाली मुद्रा बनाउनु । **टकमराइ** (टकमार्+आ **टकमरी** (टकमार्+अरी)-भा.ना.। **टकमारिनु**-टकमार्नु

क.क्रि.। **टकमारि**-क.धा.। **टकमारी**, **टकमारेर**, **टकमार्न**, **टकमार्दै**, **टकमारुन्जेल**, **टकमार्दाखेरि**-कृ.अ.। **टकमार्नू**-वि.। **टकमारून्** -इ.। **टकमार्ला**-स.। (स.क्रि.-सरकारले रूपियाँलाई टकमार्‍यो ।)

टकराउनु-क्रि.मू.। **टकराउ** -आ.धा.। अ.क्रि.; ठोकिनु, भिडिनु, ठक्कर खानु, परस्पर जुध्नु । **टकराइ** (टकराउ+आइ)-भा.ना.। **टकराइनु**-टकराउनुको भा.क्रि.। **टकराइ**-भा.धा.। **टकराई**, **टकराएर**, **टकराउन**, **टकराउँदै**, **टकराउन्जेल**, **टकराउँदाखेरि**-कृ.अ.। **टकराउनू**-वि.। **टकराऊन्**-इ.। **टकराउला**-स.। (स.क्रि.-थाईविमान घट्टेपहरामा एक्कासि टकरायो ।)

टक्रनु-कि.मू.। **टक्र**-आ.धा.। अ.क्रि.; कामकाजका लागि अगाडि सर्नु, अलग हुनु, रोकिनु, पर सर्नु । **टक्राइ** (टक्र+आइ)-भा.ना.। **टक्राउनु**-प्रे.क्रि./स.क्रि.; टक्रने पार्नु । **टक्राउ**-प्रे.धा.। **टक्राइनु**- टक्राउनुको क.क्रि.। **टक्राइ**-भा.प्रे.धा.। **टक्रिनु**-टक्रनुको भा.क्रि.। **टक्रि**-भा.धा.। **टक्री**, **टक्रेर**, **टक्रन**, **टक्रँदै**, **टक्रुन्जेल**, **टक्रँदाखेरि**-कृ.अ.। **टक्रनू**-वि.। **टक्रून्**- इ.। **टक्रला**-स.। (अ.क्रि.-केटाकेटीहरू स्कूल जानका लागि टक्रे ।)

टक्रिनु-क्रि.मू.। **टक्रि**-आ.धा.। अ.क्रि.; कुनै कामकाजमा अगाडि सर्नु, छुट्टै रहनु, टक्रक्क परेर रहनु, सम्मान पूर्वक दिइनु, चढिनु । **टक्र्याइ** (टक्रि+आइ)-भा.ना.। **टक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; टक्रक्क पारी राख्नु, समर्पण गर्नु, चढाउनु, सम्मानपूर्वक दिनु, टक्रिने पार्नु । **टक्र्याउ**-प्रे.धा.। **टक्र्याइनु**- टक्र्याउनुको क.क्रि.। **टक्र्याइ**-भा.प्रे.धा.। **टक्रिइनु**-टक्रिनुको भा.क्रि.। **टक्रिइ**-भा.धा.। **टक्रिई**, **टक्रिएर**, **टक्रिन**, **टक्रिँदै**, **टक्रिउन्जेल**, **टक्रिंदाखेरि**-कृ.अ.। **टक्रिनू**-वि.। **टक्रिऊन्**-इ.। **टक्रेला**-स.। (अ.क्रि.-म स्कूल जानका निमित्त टक्रिएँ ।)

टट्टाउनु-क्रि.मू.। **टट्टाउ**-आ.धा.। अ.क्रि.; घाउ-खटिरा चर्को किसिमले दुख्नु, भबाउनु, चहर्‍याउनु; भोक, प्यास, गर्मी आदिले सताउनु, उराठ लाग्नु, बस्न मन नहुनु । **टट्टाइ** (टट्टाउ+आइ)-भा.ना.। **टट्टाइनु**-टट्टाउनुको भा.क्रि.। **टट्टाइ**-भा.धा.। **टट्टाई**, **टट्टाएर**, **टट्टाउन**, **टट्टाउँदै**, **टट्टाउन्जेल**, **टट्टाउँदाखेरि**-कृ.अ.। **टट्टाउनू**-वि.। **टट्टाऊन्**-इ.। **टट्टाउला**-स.। (अ.क्रि.-माधवको घुँडीकोप्राको पिलो टट्टायो ।)

टट्टिनु-क्रि.मू.। **टट्टि**-आ.धा.। अ.क्रि.; भोक, प्यास, गर्मी आदिले पीडित हुनु, दिनभर भोकै पर्नु, उराठ लाग्नु, टाट पल्टनु, दुब्लाउनु । **टट्ट्याइ** (टट्टि+आइ)-भा.ना.। **टट्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; टट्टिने पार्नु । **टट्ट्याउ**- प्रे.धा.। **टट्ट्याइनु**-टट्ट्याउनुको क.क्रि.। **टट्ट्याइ**-भा.प्रे.धा.। **टट्टिइनु**-टट्टिनुको भा.क्रि.। **टट्टिइ**- भा.धा.। **टट्टिई**, **टट्टिएर**, **टट्टिन**, **टट्टिँदै**, **टट्टिउन्जेल**, **टट्टिंदाखेरि**-कृ.अ.। **टट्टिनू**-वि.। **टट्टिऊन्**-इ.। **टट्टेला**-स.। (अ.क्रि.-पूर्णिमाको ब्रत बसेकी लक्ष्मी दिनभरि टट्टिई ।)

टट्ट्याउनु-क्रि.मू.। **टट्ट्याउ**-आ.धा.। अ.क्रि.; टट्टाउनु । **टट्ट्याइ** (टट्ट्याउ+आइ)-भा.ना.। **टट्ट्याइनु**-टट्ट्याउनुको भा.क्रि.। **टट्ट्याइ**-भा.धा.। **टट्ट्याई**, **टट्ट्याएर**, **टट्ट्याउन**, **टट्ट्याउँदै**, **टट्ट्याउन्जेल**, **टट्ट्याउँदाखेरि**-कृ.अ.। **टट्ट्याउनू**-वि.। **टट्ट्याऊन्**-इ.। **टट्ट्याउला**-स.। (अ.क्रि.-घाउ टट्ट्यायो ।

टटमराउनु-क्रि.मू.। **टटमराउ**-आ.धा.। अ.क्रि.; वस्तुभाउ आदिलाई घाँस, पराल आदि नदिई किलाको किलै बाँधेर भोकै राख्नु । **टटमराइ** (टटमराउ+आइ)-भा.ना.। **टटमराइनु**-टटमराउनुको भा.क्रि.। **टटमराइ**-भा.धा.। **टटमराई**, **टटमराएर**, **टटमराउन**, **टटमराउँदै**, **टटमराउन्जेल**, **टटमराउँदाखेरि**-कृ.अ.। **टटमराउनू**-वि.। **टटमराऊन्**-इ.। **टटमराउला**-स.। (अ.क्रि.-वस्तुहरू दिनभरि टटमराए ।)

टट्मरिनु-क्रि.मू.। **टट्मरि**-आ.धा.। अ.क्रि.; टटमराउनु, नाजबाफ बन्नु, हलनचल भएर रहनु । **टट्मर्‍याइ** (टट्मरि+आइ), (टट्मर्‍याउ+आइ)-भा.ना.। **टट्मर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; टट्मरिने पार्नु । **टट्मर्‍याउ** -प्रे.धा.। **टट्मर्‍याइनु**-टट्मर्‍याउनुको क.क्रि.। **टट्मर्‍याइ**-भा.प्रे.धा.। **टट्मरिइनु**-टट्मरिनुको भा.क्रि.। **टट्मरिइ**-भा.धा.। **टट्मरिई**, **टट्मरिएर**, **टट्मरिन**, **टट्मरिँदै**, **टट्मरिउन्जेल**, **टट्मरिंदाखेरि**-कृ.अ.। **टट्मरिनू**- वि.। **टट्मरिऊन्**-इ.। **टट्मरेला**-स.। (अ.क्रि.-घरका सबैजना बाहिर जानाले गाई दिनभरि टट्मरियो ।)

टठमराउनु-क्रि.मू.। **टठमराउ**-आ.धा.। अ.क्रि.; टाठोबाठो हुनु, परिआएको कामकुरामा अघि सर्नु, तरखराउनु तम्सिनु । **टठमराइ** (टठमराउ+आइ) -भा.ना.। **टठमराइनु** -टठमराउनुको भा.क्रि.। **टठमराइ**-भा.धा.। **टठमराई**, **टठमराएर**, **टठमराउन**, **टठमराउँदै**, **टठमराउन्जेल**, **टठमराउँदाखेरि**-कृ.अ.। **टठमराउनू**-वि.। **टठमराऊन्**-इ.। **टठमराउला**-स.। (अ.क्रि.-लाल बहादुर काममा टठमरायो ।)

टन्कनु-क्रि.मू.। **टन्क**- आ.धा.। अ.क्रि.; घाउ खटिरा पीपले भरिएर खूबसित दुख्नु, पीडा हुनु, भबाउनु,

बल्कनु, बेसरी बाँधिनु, कसिनु । **टन्काइ** (टन्क+आइ)-भा.ना.। **टन्काउनु**-प्रे.क्रि./स.क्रि.; टन्कने पार्नु, बेसरी कस्नु, बेसरी दुखाउनु । **टन्काउ**-प्रे.धा.। **टन्काइनु**-टन्काउनुको क.क्रि.। **टन्काइ**-भा.प्रे.धा.। **टन्किनु**-टन्कनुको भा.क्रि.। **टन्कि**-भा.धा.। **टन्की, टन्केर, टन्कन, टन्कँदै, टन्कुन्जेल, टन्कँदाखेरि**-कृ.अ.। **टन्कनू**-वि.। **टन्कून्**-इ.। **टन्कला**-स.। (अ.क्रि.-घाउ पिलिएर टन्क्यो ।)

टन्किनु-क्रि.मू.। **टन्कि**-आ.धा.। अ.क्रि.; हे. टन्कनु । **टन्क्याइ** (टन्कि+आइ) भा.ना.। **टन्क्याउनु**-प्रे.क्रि./स.क्रि.; टन्किने पार्नु । **टन्क्याउ**-प्रे.धा. । **टन्क्याइनु**-टन्क्याउनुको क.क्रि.। **टन्क्याइ**-भा.प्रे.धा.। **टन्किइनु**-टन्किनुको भा.क्रि.। **टन्किइ**-भा.धा.। **टन्किई, टन्किएर, टन्किन, टन्किँदै, टन्किउन्जेल, टन्किंदाखेरि**-कृ.अ.। **टन्किनू**-वि.। **टन्किऊन्**-इ.। **टन्केला** -स.। (अ.क्रि. चामलको धोक्रोको मुख बेस्सरी टन्कियो ।)

टप्कनु-क्रि.मू.। **टप्क** -आ.धा.। अ.क्रि.; टप्प टप्प गर्दै पानी चुहिनु, पानीको थोपा-थोपा गरी झर्नु, एक्कासि देखा पर्नु, एक्कासि आइ पुग्नु । **टप्काइ** (टप्क+आइ)-भा.ना.। **टप्काउनु** -प्रे.क्रि./स.क्रि.; बुँद चुहाउनु, थोपा गिराउनु, टपक्क टिपेर लानु, हरण गर्नु, उठाउनु, चोर्नु । **टप्काउ**-प्रे.धा.। **टप्काइनु**-टप्काउनुको क.क्रि.। **टप्काइ**-भा.प्रे.धा.। **टप्किनु**-टप्कनुको भा.क्रि.। **टप्कि**-भा.धा.। **टप्की, टप्केर, टप्कन, टप्कँदै, टप्कुन्जेल, टप्कँदाखेरि**-कृ.अ.। **टप्कनू**-वि.। **टप्कून्**-इ.। **टप्कला**-स.। (अ.क्रि.-पहराबाट पानी टप्क्यो ।)

टप्किनु-क्रि.मू.। **टप्कि**-आ.धा.। अ.क्रि.; हे. टप्कनु । **टप्क्याइ** (टप्कि+आइ)-भा.ना.। **टप्क्याउनु**-प्रे.क्रि./स.क्रि; टप्किने पार्नु । **टप्क्याउ**-प्रे.धा.। **टप्क्याइनु**-टप्क्याउनुको क.क्रि.। **टप्क्याइ**-भा.प्रे.धा.। **टप्किइनु**-टप्किनुको भा.क्रि.। **टप्किइ**- भा.धा.। **टप्किई, टप्किएर, टप्किन, टप्किँदै, टप्किउन्जेल, टप्किंदाखेरि**-कृ.अ.। **टप्किनू**-वि.। **टप्किऊन्**-इ.। **टप्केला**-स.। (अ.क्रि. ठास्स्वाँरा लाहुरे बाह्र वर्षपछि एक्कासि घरमा टप्कियो ।)

टप्नु-क्रि.मू.। **टप्** -आ.धा.। स.क्रि.; अरूलाई उछिनेर अगाडि पुग्नु, होडबाजीमा अरूलाई जित्नु, आफू ठूलो बनेर अरूलाई नटेर्नु । **टपाइ** (टप्+आइ)-भा.ना.। **टपाउनु**-प्रे.क्रि./स.क्रि.; टप्ने पार्नु, टप्न लाउनु । **टपाउ**-प्रे.धा.। **टपाइनु**-टपाउनुको क.क्रि.। **टपि**-क.धा.। **टपी, टपेर, टप्न, टप्तै, टपुन्जेल, टप्दाखेरि**-कृ.अ.। **टप्नू**-वि.। **टपून्**-इ.। **टप्ला**-स.। (स.क्रि.-मानव भट्टराईले एस.एल.सी. मा सबैलाई टप्यो ।)

टम्कनु-क्रि.मू.। **टम्क**-आ.धा.। अ.क्रि.; टमक्क प
टम्काइ (टम्क+आइ) (टम्काउ+आइ)-भा.ना.। **टम्का**
प्रे.क्रि./स.क्रि.; टमक्क पार्न लगाउनु, टमक्क पा
टम्काउ-प्रे.धा.। **टम्काइनु**-टम्काउनुको क.क्रि.। **टम**
क.प्रे.धा.। **टम्किनु**- टम्कनुको भा.क्रि.। **टम्कि**-भा.
टम्की, टम्केर, टम्कन, टम्कँदै, टम्कु
टम्कँदाखेरि-कृ.अ.। **टम्कनू**-वि.। **टम्कून्**-इ.। **टम्कला**-
(अ.क्रि.-सानो भएर गरिमाको ब्लाउज अलि टम्क्यो ।

टरटराउनु-क्रि.मू.। **टरटराउ**-आ.धा.। अ.क्रि.
भ्यागुताहरू कराउनु । **टरटराइ** (टरटराउ+आ
भा.ना.। **टरटराइनु**- टरटराउनुको भा.क्रि.। **टरटरा**
भा.धा.। **टरटराई, टरटराएर, टरटराउन, टरटरा**
टरटराउन्जेल, टरटराउँदाखेरि-कृ.अ.। **टरटराउनू**-
टरटराऊन्-इ.। **टरटराउला**-स.। (अ.क्रि.-भ्यागुता
स्वर मिलाएर रातभरि टरटराए ।)

टर्नु-क्रि.मू.। **टर्**-आ.धा.। अ.क्रि; समय बित्नु, जेन
काम चल्नु, निर्वाह हुनु, गुज्रनु, टल्नु । **टराइ** (ट
आइ)-भा.ना.। **टराउनु**- प्रे.क्रि./स.क्रि.; टार्न ला
टार्नु । **टराउ**-प्रे.धा.। **टराइनु**-टराउनुको क.कि.। **टरा**
भा.प्रे.धा.। **टरिनु**-टर्नुको भा.क्रि.। **टरि**-भा.धा.। **ट**
टरेर, टर्न, टर्दै, टरुन्जेल, टर्दाखेरि-कृ.अ.। **टर्नू**-
टरून्-इ.। **टर्ला**-स.। (अ.क्रि.-बालअवस्था खेल
टऱ्यो ।)

टर्रिनु-क्रि.मू.। **टर्रि**-आ.धा.। अ.क्रि.; टर्रो स्वादको हु
अरूको राय-सल्लाहमा नमिल्नु, बाङ्गिनु, टेढिनु
टर्र्याइ (टर्रि+आइ)-भा.ना.। **टर्र्याउनु** -प्रे.क्रि./स.
टर्रो पार्नु, टर्रो पार्न लाउनु । **टर्र्याउ**-प्रे.धा.। **टर्र्या**
टर्र्याउनुको क.क्रि.। **टर्र्याइ**-भा.प्रे.धा.। **टर्रिइनु**-टर्रि
भा.क्रि.। **टर्रिइ**-भा.धा.। **टर्रिई, टर्रिएर, टर्रिन, टर्रि**
टर्रिउन्जेल, टर्रिंदाखेरि-कृ.अ.। **टर्रिनू**-वि.। **टर्रिऊन्**-
टर्रेला-स.। (अ.क्रि.-सानो कुरा नमिल्दैमा हार्दि
टर्रिए ।)

टलपलाउनु-क्रि.मू.। **टलपलाउ**-आ.धा.। अ.क्रि.; टल
हुनु, ढलपलाउनु, गहभरि भएर आँसु चल्नु । **टलप**
(टलपलाउ+आइ)-भा.ना.। **टलपलाइनु**-टलपलाउ
भा.क्रि.। **टलपलाइ** -भा.धा.। **टलपलाई, टलपला**
टलपलाउन, टलपलाउँदै, टलपलाउन्जे
टलपलाउँदाखेरि-कृ.अ.। **टलपलाउनू**-वि.। **टलपलाऊ**
इ.। **टलपलाउला**-स.। (अ.क्रि.-बेहुलीका गहभरि आँ

टलपलाए ।)

टलपलिनु-क्रि.मू.। **टलपलि**-आ.धा.। अ.क्रि.; हे. टलपलाउनु । **टलपल्याइ** (टलपलि+आइ)-भा.ना.। **टलपल्याउनु**-प्रे.क्रि./स.क्रि.; टलपलिने पार्नु । **टलपल्याउ**-प्रे.धा.। **टलपल्याइनु**-टलपल्याउनुको क.क्रि.। **टलपल्याइ**-भा.प्रे.धा.। **टलपलिइनु**-टलपलिनुको भा.क्रि.। **टलपलिइ**-भा.धा.। **टलपलिई, टलपलिएर, टलपलिन, टलपलिँदै, टलपलिउन्जेल, टलपलिंदाखेरि**-कृ.अ.। **टलपलिनू**-वि.। **टलपलिऊन्**-इ.। **टलपलेला**-स.। (अ.क्रि.-नागेको डाँडामा निर्मल पोखरी टलपलियो ।)

टल्नु-क्रि.मू.। **टल्**-आ.धा.। अ.क्रि.; कुनै प्रकारले समय बित्तै जानु, टर्नु, हट्नु, पन्छनु । **टलाइ** (टल्+आइ)-भा.ना.। **टलाउनु**-प्रे.क्रि./स.क्रि.; टराउनु । **टलाउ**-प्रे.धा.। **टलाइनु**-टलाउनुको क.क्रि.। **टलाइ**-भा.प्रे.धा.। **टलिनु**-टल्नुको भा.क्रि.। **टलि**-भा.धा.। **टली, टलेर, टल्न, टल्दै, टलुन्जेल, टल्दाखेरि**-कृ.अ.। **टल्नू**-वि.। **टलून्**-इ.। **टल्ला**-स.। (अ.क्रि - दिक्क लाग्दालाग्दै आजको दिन टल्यो ।)

टल्कनु-क्रि.मू.। **टल्क**-आ.धा.। अ.क्रि.; झल्कनु, चम्कनु, चिल्लो हुनु । **टल्काइ** (टलक+आइ)-भा.ना.। **टल्काउनु**-प्रे.क्रि./स.क्रि.; टलक निकाल्नु, टल्कने पार्नु । **टल्काउ**-प्रे.धा.। **टल्काइनु**-टल्काउनुको क.क्रि.। **टल्काइ** -भा.प्रे.धा.। **टल्किनु**-टल्कनुको भा.क्रि.। **टल्कि** -भा.धा.। **टल्की, टल्केर, टल्कन, टल्कँदै, टल्कुन्जेल, टल्कँदाखेरि**-कृ.अ.। **टल्कनू**-वि.। **टल्कून्**-इ.। **टल्कला**-स.। (अ.क्रि.-औंसीको रातमा ताराहरू टलटल टल्के ।)

टल्किनु-क्रि.मू.। **टल्कि**-आ.धा.। अ.क्रि.; हे. टल्कनु । **टल्क्याइ** (टल्कि+आइ)-भा.ना.। **टल्क्याउनु** -प्रे.क्रि./स.क्रि.; टल्किने पार्नु । **टल्क्याउ**-प्रे.धा.। **टल्क्याइनु**-टल्क्याउनुको क.क्रि.। **टल्क्याइ**-भा.प्रे.धा.। **टल्किइनु**-टल्किनुको भा.क्रि.। **टल्किइ**-भा.धा.। **टल्किई, टल्किएर, टल्किन, टल्किँदै, टल्किउन्जेल, टल्किंदाखेरि**-कृ.अ.। **टल्किनू**-वि.। **टल्किऊन्**-इ.। **टल्केला**-स.। (अ.क्रि.-अजिरकोटबाट हेर्दा चारैतिरका गाउँमा घरका ढुङ्गाछाना टलक्क टल्किए ।)

टस्कनु-क्रि.मू.। **टस्क**-आ.धा.। अ.क्रि.; मन नपरीकन राख्ने काम हुनु, ठस्कनु, टसक्क परी बस्नु । **टस्काइ** (टस्क+आइ)-भा.ना.। **टस्काउनु**-प्रे.क्रि./स.क्रि.; टस्कने पार्नु, टस्क्याउनु, मन नपरी-नपरी दिनु वा राख्नु, मन नलाई-नलाई ढोग्नु वा ढोगाउनु । **टस्काउ**-प्रे.धा.। **टस्काइनु**-टस्काउनुको क.क्रि.। **टस्काइ** -भा.प्रे.धा.। **टस्किनु**-टस्कनुको भा.क्रि.। **टस्कि**-भा.धा.। **टस्की, टस्केर, टस्कन, टस्कँदै, टस्कुन्जेल, टस्कँदाखेरि**-कृ.अ.। **टस्कनू**-वि.। **टस्कून्**-इ.। **टस्कला**-स.। (अ.क्रि.-सानो काम अह्राउँदैमा हरि बहादुर टस्क्यो ।

टस्किनु-क्रि.मू.। **टस्कि**-आ.धा.। अ.क्रि.; टस्कनु । **टस्क्याइ** (टस्कि+आइ), (टस्क्याउ+आइ)-भा.ना.। **टस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; टस्काउनु । **टस्क्याउ**-प्रे.धा.। **टस्क्याइनु**-टस्क्याउनुको क.क्रि.। **टस्क्याइ**-भा.प्रे.धा.। **टस्किइनु**-टस्किनुको भा.क्रि.। **टस्किइ** -भा.धा.। **टस्किई, टस्किएर, टस्किन, टस्किँदै, टस्किउन्जेल, टस्किंदाखेरि**-कृ.अ.। **टस्किनू**-वि.। **टस्किऊन्**-इ.। **टस्केला**-स.। (अ.क्रि.-मान बहादुर छेवैमा आएर असजिलोसंग टस्कियो ।

टस्स्याउनु-क्रि.मू.। **टस्स्याउ**-आ.धा.। स.क्रि.; मन नपरीकनै वा हतपतसित टीको लाउनु, टस्क्याउनु । **टस्स्याइ** (टस्स्याउ+आइ)-भा.ना.। **टस्स्याइनु**-टस्स्याउनुको क.क्रि.। **टस्स्याइ**-क.धा.। **टस्स्याई, टस्स्याएर, टस्स्याउन, टस्स्याउँदै, टस्स्याउन्जेल, टस्स्याउँदाखेरि**-कृ.अ.। **टस्स्याउनू**-वि.। **टस्स्याऊन्**-इ.। **टस्स्याउला**-स.। (स.क्रि.-दशैंमा मुखिया बाले अक्षता टस्स्याए ।)

टहकनु-क्रि.मू.। **टहक**-आ.धा.। अ.क्रि.; थिग्रनु, सङ्लनु, झल्कनु, तहरिनु, टहकिनु । **टहकाइ** (टहक+आइ); (टहकाउ+आइ)-भा.ना.। **टहकाउनु**-प्रे.क्रि./स.क्रि.; तहराउनु, झल्काउनु । **टहकाउ**-प्रे.धा.। **टहकाइनु**-टहकाउनुको क.क्रि.। **टहकाइ**-भा.प्रे.धा.। **टहकिनु**-टहकनुको भा.क्रि.। **टहकि**-भा.धा.। **टहकी, टहकेर, टहकन, टहकँदै, टहकुन्जेल, टहकँदाखेरि**-कृ.अ.। **टहकनू**-वि.। **टहकून्**-इ.। **टहकला**-स.। (अ.क्रि.-तताएको घिउ राम्रोसंग टहक्यो ।)

टहकिनु-क्रि.मू.। **टहकि**-आ.धा.। अ.क्रि.; तरल पदार्थ राखिछाड्दा कसर तल बसी सङ्लिनु, थिग्रिनु, तहरिनु, झल्किनु । **टहक्याइ** (टहकि+आइ)-भा.ना.। **टहक्याउनु**-प्रे.क्रि./स.क्रि.; टहकिने पार्नु, थिग्र्याउनु, तहर्‍याउनु । **टहक्याउ**-प्रे.धा.। **टहक्याइनु** -टहक्याउनुको क.क्रि.। **टहक्याइ**-भा.प्रे.धा.। **टहकिइनु**- टहकिनुको भा.क्रि.। **टहकिइ**-भा.धा.। **टहकिई, टहकिएर, टहकिन, टहकिँदै, टहकिउन्जेल, टहकिंदाखेरि**-कृ.अ.। **टहकिनू**- वि.। **टहकिऊन्**-इ.। **टहकेला**-स.। (अ.क्रि.-तताएको घिउ टहकियो ।)

टहटहाउनु-क्रि.मू.। **टहटहाउ**-आ.धा.। अ.क्रि.; टहटह हुनु, टहटह जून लाग्नु । **टहटहाइ** (टहटहाउ+आइ)-भा.ना.। **टहटहाइनु**- टहटहाउनुको भा.क्रि.। **टहटहाइ**-भा.धा.। **टहटहाई, टहटहाएर, टहटहाउन, टहटहाउँदै, टहटहाउन्जेल, टहटहाउँदाखेरि**-कृ.अ.। **टहटहाउनू**-वि.। **टहटहाऊन्**-इ.। **टहटहाउला**-स.। (अ.क्रि.-शरदको जून टहटहायो ।)

टहल्नु-क्रि.मू.। **टहल्**-आ.धा.। अ.क्रि.; बिस्तारै हिड्नु, घुमफिर गर्नु, डुल्नु, घुम्नु । **टहलाइ** (टहल्+आइ)-भा.ना.। **टहलाउनु**- प्रे.क्रि./स.क्रि.; डुलाउनु, घुमफिर गराउनु । **टहलाउ**- प्रे.धा.। **टहलाइनु**-टहलाउनुको क.क्रि.। **टहलाइ**-भा.प्रे.धा.। **टहलिनु**-टहल्नुको भा.क्रि./अ.क्रि.; टहल्नु । **टहलि**-भा.धा.। **टहल्याइ** (टहलि+आइ)-भा.ना.। **टहली, टहलेर, टहल्न, टहल्दै, टहलुन्जेल, टहल्दाखेरि**-कृ.अ.। **टहल्नू**-वि.। **टहलून्**-इ.। **टहल्ला**-स.। (अ.क्रि.-म बगैँचामा टहलेँ ।)

टाँक्नु-क्रि.मू.। **टाँक्**-आ.धा.। स.क्रि.; कपडामा टाँका लाउनु, फड्का मारेर सिउनु, नाम दर्ता गर्नु; धातु, पथ्थर आदिमा बुट्टा आदि खोप्नु । **टँकाइ** (टाँक्+आइ)-भा.ना.। **टँकाउनु**-प्रे.क्रि./स.क्रि.; टाँक्न लाउनु । **टँकाउ**-प्रे.धा.। **टँकाइनु**-टँकाउनुको क.क्रि.। **टँकाइ**-क.प्रे.धा.। **टाँकिनु** -टाँक्नुको क.क्रि.। **टाँकि**-क.धा.। **टाँकी, टाँकेर, टाँक्न, टाँक्तै, टाँकुन्जेल, टाँक्दाखेरि**-कृ.अ.। **टाँक्नू**-वि.। **टाकून्**-इ.। **टाँक्ला**-स.। (स.क्रि.-मैले मतदातावलीमा आफ्नो नाम टाँकेँ ।)

टाँग्नु-क्रि.मू.। **टाँग्**-आ.धा.। स.क्रि.; तन्काएर वा फिंजाएर झुन्ड्याउनु, आलटाल गर्नु, छाला काढ्नु फैल्याउनु, लम्याउनु, लट्काउनु । **टँगाइ** (टाँग्+आइ)-भा.ना.। **टँगाउनु** -प्रे.क्रि./स.क्रि.; झुन्ड्याउन लगाउनु, टाँग्ने काम गराउनु । **टँगाउ**-प्रे.धा.। **टँगाइनु**-टँगाउनुको क.क्रि.। **टँगाइ**-क.प्रे.धा.। **टाँगिनु**-टाँग्नुको क.क्रि.। **टाँगि**-क.धा.। **टाँगी, टाँगेर, टाँग्न, टाँग्दै, टाँगुन्जेल, टाँग्दाखेरि**-कृ.अ.। **टाँग्नू** -वि.। **टाँगून्**-इ.। **टाँग्ला**-स.। (स.क्रि.-धोबीले कपडा टाँग्यो ।)

टाँसिनु-क्रि.मू.। **टाँसि**-आ.धा.। अ.क्रि.; लिपिक्क लाग्नु, जोडिनु, जोरिनु । **टँस्याइ** (टाँसि+आइ)-भा.ना.। **टँस्याउनु**-प्रे.क्रि./स.क्रि.; टाँसिने पार्नु । **टँस्याउ**-प्रे.धा.। **टँस्याइनु**-टँस्याउनुको क.क्रि.। **टँस्याइ**-भा.प्रे.धा.। **टाँसिइनु**-टाँसिनुको भा.क्रि.। **टाँसिइ**-भा.धा.। **टाँसिई, टाँसिएर, टाँसिन, टाँसिँदै, टाँसिउन्जेल, टाँसिंदाखेरि**-कृ.अ.। **टाँसिनू**-वि.। **टाँसिऊन्**-इ.। **टाँसेला**-स.। (अ.क्रि बच्चा आमाको काखमा लिपिक्क टाँसियो ।)

टाँस्नु-क्रि.मू.। **टाँस्**-आ.धा.। स.क्रि.; लेसिलो वस्तुले भिन्न वस्तुलाई जोर्नु, एउटामा अर्को मिलाउनु, पन्छाउनु, टाँसो लाउनु, गाँस्नु, जोड्नु । **टँ** (टाँस्+आइ)-भा.ना.। **टँसाउनु**-प्रे.क्रि./स.क्रि.; लाउनु । **टँसाउ**-प्रे.धा.। **टँसाइनु**-टँसाउनुको क.क्रि **टँसाइ**-क.प्रे.धा.। **टाँसिनु**-टाँस्नुको क.क्रि.। **टाँसि**-क. **टाँसी, टाँसेर, टाँस्न, टाँस्तै, टाँसुन्जेल, टाँस्दाखे** कृ.अ.। **टाँस्नू**-वि.। **टाँसून्**-इ.। **टाँस्ला**-स.। (स.क्रि पुरेतले ढोकामाथि नाग टाँसे ।)

टाक्सिनु-क्रि.मू.। **टाक्सि**-आ.धा.। अ.क्रि.; ख्याउटे चिन्ताले दुब्लाउनु, ठिँगुरिनु, फस्टाउन नसक्नु, विक हुन नसक्नु, नबढ्नु । **टक्स्याइ** (टाक्सि+आइ)-भा. **टक्स्याउनु**-प्रे.क्रि./स.क्रि.; दुब्लो पार्नु, टाक्ति तुल्याउनु । **टक्स्याउ**-प्रे.धा.। **टक्स्याइनु**-टक्स्याउ क.क्रि.। **टक्स्याइ**-भा.प्रे.धा.। **टाक्सिइनु**-टाँक्सि भा.क्रि.। **टाक्सिइ** -भा.धा.। **टाक्सिई, टाक्सिए** **टाक्सिन, टाक्सिँदै, टाक्सिउन्जेल, टाक्सिंदाखेरि**-कृ. **टाक्सिनू**-वि.। **टाक्सिऊन्**-इ.। **टाक्सेला**-स.। (अ.क्रि खाँदाखाँदैमा मेरो बच्चा आजकल टाक्सियो ।)

टाङ्नु-क्रि.मू.। **टाङ्**-आ.धा.। स.क्रि.; हे. टाँग्नु । ट (टाङ्+आइ)-भा.ना.। **टङाउनु**-प्रे.क्रि./स.क्रि.; ट पार्नु । **टङाउ**-प्रे.धा.। **टङाइनु**-टङाउनुको क.क्रि **टङाइ**-क.प्रे.धा.। **टाङिनु**-टाङ्नुको क.क्रि.। टा क.धा.। **टाङी, टाङेर, टाङ्न, टाङ्दै, टाङुन्जे** **टाङ्दाखेरि**-कृ.अ.। **टाङ्नू**-वि.। । **टाङून्** -इ.। **टाङ** स.। (स.क्रि.-तिहारमा हिन्दूहरूले गाई पूजा गरी तो टाङे ।)

टार्नु-क्रि.मू.। **टार्** - आ.धा.। स.क्रि.; कुनै किसिम काम चलाउनु, निर्वाह गर्नु, आलटाल गरी पन्छाउनु, गुजार्नु, फिसोल्नु, बिताउनु । **टराइ** (टा आइ)-भा.ना.। **टराउनु**-प्रे.क्रि./स.क्रि.; टार्न लाउ **टराउ**-प्रे.धा.। **टराइनु** -टराउनुको क.क्रि.। **टरा** क.प्रे.धा.। **टारिनु**- टार्नुको क.क्रि.। **टारि** - क. **टार्नू**-वि.। **टारून्**-इ.। **टार्ला**-स.। (स.क्रि.-कर्मचा कार्यालयमा गफ गरेर काम टाऱ्यो ।)

टाल्नु-क्रि.मू.। **टाल्**-आ.धा.। स.क्रि.; फाटेर प्वा परेको कपडामा अर्को टुक्रा गाँसेर मर्मत गर्नु, आदि प्वाल परी चुहिने भएमा रसाएर छोप्नु, पौल

पन्छाउनु, हटाउनु, टार्नु, तर्काउनु । **टलाइ** (टाल्+आइ)-भा.ना.। **टलाउनु**-प्रे.क्रि./स.क्रि.; टाल्न लाउनु । **टलाउ**-प्रे.धा.। **टलाइनु**- टलाउनुको क.क्रि.। **टलाइ**-क.प्रे.धा.। **टालिनु**- टाल्नुको क.क्रि.। **टालि**- क.धा.। **टाली, टालेर, टाल्न, टाल्दै, टालुन्जेल, टाल्दाखेरि**-कृ.अ.। **टाल्नू**-वि.। **टालून्**-इ.। **टाल्ला**-स.। (स.क्रि.-दमाईँले च्यातिएको भोटो टाल्यो ।)

टिक्नु-क्रि.मू.। **टिक्**-आ.धा.। अ.क्रि.; अफठ्यारो स्थितिमा पनि रहन सक्नु, बस्नु, दिगो रहनु, अडिनु, खप्नु, ठहर्नु। **टिकाइ** (टिक्+आइ)-भा.ना.। **टिकाउनु**-प्रे.क्रि/स.क्रि.; टिक्ने तुल्याउनु । **टिकाउ** -प्रे.धा.। **टिकाइनु**-टिकाउनुको क.क्रि.। **टिकाइ**-भा.प्रे.धा.। **टिकिनु**-टिक्नुको भा.क्रि.। **टिकि**-भा.धा.। **टिकी, टिकेर, टिक्न, टिक्तै, टिकुन्जेल, टिक्दाखेरि**-कृ.अ.। **टिक्नू**-वि.। **टिकून्**-इ.। **टिक्ला**- स.। (अ.क्रि.-मेरो जुत्ता सात महिना मात्रै टिक्यो ।)

टिठिनु-क्रि.मू. **टिठी**-आ.धा.। अ.क्रि.; माया लाग्दो हुनु, टिठलाग्दो हुनु, लोभलाग्दो हुनु, लोभिनु । **टिठ्याइ** (टिठि+आइ)-भा.ना.। **टिठ्याउनु**-प्रे.क्रि./स.क्रि.; टिठिने पार्नु, लोभलाग्दो बनाउनु । **टिठ्याउ** -प्रे.धा.। **टिठ्याइनु**-टिठ्याउनुको क.क्रि.। **टिठ्याइ**-भा.प्रे.धा.। **टिठिइनु**-टिठिनुको भा.क्रि.। **टिठिइ**-भा.धा.। **टिठिई, टिठिएर, टिठिन, टिठिँदै, टिठिउन्जेल, टिठिंदाखेरि**-कृ.अ.। **टिठिनू**-वि.। **टिठिऊन्**-इ.। **टिठेला**-स.। (अ.क्रि.-पुष्कर घरमा खूबै टिठियो ।)

टिप्नु-क्रि.मू.। **टिप्**-आ.धा.। स.क्रि.; कुनै चीज रहेको ठाउँबाट एक-एक गरी उठाउनु, एक पछि अर्को झिक्नु, लामो फड्को मारेर सिउनु, उखेल्नु, चुड्नु, उडाउनु, टप्काउनु, उछिनेर बोल्नु, कसैले भनेका कुरा कागतमा सार्नु, भनेको कुरा छिट्टै बुझ्नु । **टिपाइ** (टिप्+आइ)-भा.ना.। **टिपाउनु**-प्रे.क्रि./स.क्रि.; टिप्न लाउनु । **टिपाउ**-प्रे.धा.। **टिपाइनु**- टिपाउनुको क.क्रि.। **टिपाइ** -क.प्रे.धा.। **टिपिनु** -टिप्नुको क.क्रि.। **टिपि**-क.धा.। **टिपी, टिपेर, टिप्न, टिप्तै, टिपुन्जेल, टिप्दाखेरि**- कृ.अ.। **टिप्नू**-वि.। **टिपून्**-इ.। **टिप्ला**-स.। (स.क्रि.-परेवाले आहारा टिप्यो ।)

टिमटिमाउनु-क्रि.मू.। **टिमटिमाउ**-आ.धा.। अ.क्रि.; टिमटिम चम्कनु । **टिमटिमाइ** (टिमटिमाउ+आइ) भा.ना.। **टिमटिमाइनु**-टिमटिमाउनुको भा.क्रि.। **टिमटिमाइ**-भा.धा.। **टिमटिमाई, टिमटिमाएर, टिमटिमाउन, टिमटिमाउँदै, टिमटिमाउन्जेल, टिमटिमाउँदाखेरि**-कृ.अ.। **टिमटिमाउनू**-वि.। **टिमटिमाऊन्**-इ.। **टिमटिमाउला**-स.। (अ.क्रि.-ताराहरू आकाशमा टिमटिमाए ।)

टिमुरिनु -क्रि.मू.। **टिमुरि**-आ.धा.। अ.क्रि.; टिमुरजस्तो परपन्याउँदो स्वभावको हुनु, टर्रो मिजासको हुनु, चम्किनु, टिम्किनु । **टिमुन्याइ** (टिमुरि+आइ)-भा.ना.। **टिमुन्याउनु** -प्रे.क्रि./स.क्रि.; टिमुरिने पार्नु, टर्रो मिजासको बनाउनु । **टिमुन्याउ**-प्रे.धा.। **टिमुन्याइनु**-टिमुन्याउनुको क.क्रि.। **टिमुन्याइ**-भा.प्रे.धा.। **टिमुरिइनु**-टिमुरिनुको भा.क्रि.। **टिमुरिइ**-भा.धा.। **टिमुरिई, टिमुरिएर, टिमुरिन, टिमुरिँदै, टिमुरिउन्जेल, टिमुरिंदाखेरि**-कृ.अ.। **टिमुरिनू**-वि.। **टिमुरिऊन्**-इ.। **टिमुरेला**-स.। (अ.क्रि.-मस्ती धन कमाएपछि परशुराम टिमुरियो ।)

टिम्कनु-क्रि.मू.। **टिम्क**-आ.धा.। अ.क्रि.; घमण्डले फुल्नु, अर्कालाई नगन्ने हुनु, टर्रो मिजासको हुनु, गम्कनु, निफुल्किनु, टिमुरिनु, टिमिक्क पर्नु । **टिम्काइ** (टिम्क+आइ)-भा.ना.। **टिम्काउनु**-प्रे.क्रि./स.क्रि.; टिम्कने पार्नु । **टिम्काउ**-प्रे.धा.। **टिम्काइनु**-टिम्काउनुको क.क्रि.। **टिम्काइ**-भा.प्रे.धा.। **टिम्किनु**-टिम्कनुको भा.क्रि.। **टिम्कि**-भा.धा.। **टिम्की, टिम्केर, टिम्कन, टिम्कँदै, टिम्कुन्जेल, टिम्कँदाखेरि**-कृ.अ.। **टिम्कनू**-वि.। **टिम्कून्**-इ.। **टिम्कला**-स.। (अ.क्रि.-संकटको समयमा धन कमाउने साहूजीहरू साह्रो टिम्के ।)

टिम्किनु-क्रि.मू.। **टिम्कि**-आ.धा.। अ.क्रि.; हे. टिम्कनु । **टिम्क्याइ** (टिम्कि+आइ)-भा.ना.। **टिम्क्याउनु**-प्रे.क्रि./स.क्रि.; टिम्किने पार्नु । **टिम्क्याउ**-प्रे.धा.। **टिम्क्याइनु**-टिम्क्याउनुको क.क्रि.। **टिम्क्याइ**-भा.प्रे.धा.। **टिम्किइनु**-टिम्किनुको भा.क्रि.। **टिम्किइ**-भा.धा.। **टिम्किई, टिम्किएर, टिम्किन, टिम्किँदै, टिम्किउन्जेल, टिम्किंदाखेरि**-कृ.अ.। **टिम्किनू**-वि.। **टिम्किऊन्**-इ.। **टिम्केला**-स.। (अ.क्रि.-प्रशासन खुकुलो हुँदा धेरै मानिसहरू टिम्किए ।)

टिम्मुरिनु-क्रि.मू.। **टिम्मुरि**-आ.धा.। अ.क्रि.; हे. टिमुरिनु । **टिम्मुन्याइ** (टिम्मुरि+आइ)-भा.ना.। **टिम्मुन्याउनु**-प्रे.क्रि./स.क्रि.; टिमुन्याउनु । **टिम्मुन्याउ**-प्रे.धा.। **टिम्मुन्याइनु**-टिम्मुन्याउनुको क.क्रि.। **टिम्मुन्याइ**-भा.प्रे.धा.। **टिम्मुरिइनु**-टिम्मुरिनुको भा.क्रि.। **टिम्मुरिइ**-भा.धा.। टिम्मुरिई, **टिम्मुरिएर, टिम्मुरिन,, टिम्मुरिँदै, टिम्मुरिउन्जेल, टिम्मुरिंदाखेरि**-कृ.अ.। **टिम्मुरिनू**-वि.। **टिम्मुरिऊन्**-इ.। **टिम्मुरेला**-स.। (अ.क्रि.-भद्रबहादुर मगरको पुलपुलिएको छोरो ज्यादै टिम्मुरियो ।)

टिर्याउनु-क्रि.मू.। **टिर्याउ**-आ.धा.। स.क्रि.; पातलो दिसा गर्नु, पखाला लाग्नु, छेर्नु । **टिर्याइ** (टिर्याउ+आइ)-भा.ना.। **टिर्याइनु**-टिर्याउनुको क.क्रि.। **टिर्याइ**-क.धा.। **टिर्याई, टिर्याएर, टिर्याउन, टिर्याउँदै, टिर्याउन्जेल, टिर्याउँदाखेरि**-कृ.अ.। **टिर्याउनू**-वि.। **टिर्याऊन्**-इ.। **टिर्याउला**-स.। (स.क्रि.-बच्चाले (पातलो दिसा) टिर्यायो ।)

टिल्लिनु-क्रि.मू.। **टिल्लि**-आ.धा.। अ.क्रि.; बढी खाएर टुन्न हुनु, बेसी रक्सी पिएर जेलिनु, टुन्निनु, डेलिनु, फुल्नु । **टिल्ल्याइ** (टिल्लि+आइ)-भा.ना.। **टिल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; टिल्ल हुन्जेलसम्म खानु । **टिल्ल्याउ**-भा.प्रे.धा.। **टिल्लिइनु**-टिल्लिनुको भा.क्रि.। **टिल्लिइ**-भा.धा.। **टिल्लिई, टिल्लिएर, टिल्लिन, टिल्लिँदै, टिल्लिउन्जेल, टिल्लिंदाखेरि**-कृ.अ.। **टिल्लिनू**-वि.। **टिल्लिऊन्**-इ.। **टिल्लेला**-स.। (अ.क्रि.-घुन्चुके माइलो रक्सी पिएर साह्रो टिल्लियो ।)

टुइँकनु-क्रि.मू.। **टुइँक**-आ.धा.। अ.क्रि.; टुइँटुइँती हिँड्नु, फटाफट गोडा चाल्नु, बेपत्ता हुनु, अपान वायु टुइँक्क भएर निस्कनु, सुइँकनु, मर्नु । **टुइँकाइ** (टुइँक+आइ)-भा.ना.। **टुइँकाउनु** -प्रे.क्रि./स.क्रि.; कसेर बाँध्नु, टुर्याउनु, पाद्नु, अपान वायु छोड्नु, कस्काउनु । **टुइँकाउ**-प्रे.धा.। **टुइँकाइनु**-टुइँकाउनुको क.क्रि.। **टुइँकाइ**-भा.प्रे.धा.। **टुइँकिनु**-टुइँकनुको भा.क्रि.। **टुइँकि**-भा.धा.। **टुइँकी, टुइँकेर, टुइँकन, टुइँकँदै, टुइँकुन्जेल, टुइँकँदाखेरि**-कृ.अ.। **टुइँकनू**-वि.। **टुइँकून्**-इ.। **टुइँकला**-स.। (अ.क्रि.-पोखरेल बूढो हिजो बेलुका टुइँक्यो ।)

टुइँकिनु-क्रि.मू.। **टुइँकि**-आ.धा.। अ.क्रि.; हे. टुइँकनु । **टुइँक्याइ** (टुइँकि+आइ)-भा.ना.। **टुइँक्याउनु**-प्रे.क्रि./स.क्रि.; टुइँकाउनु । **टुइँक्याउ** -प्रे.धा.। **टुइँक्याइनु**-टुइँकिनुको भा.क्रि.। **टुइँक्याइ**-भा.प्रे.धा.। **टुइँकिइनु**-टुइँकिनुको भा.क्रि.। **टुइँकिइ**-भा.धा.। **टुइँकिई, टुइँकिएर, टुइँकिन, टुइँकिँदै, टुइँकिउन्जेल, टुइँकिंदाखेरि**-कृ.अ.। **टुइँकिनू**-वि.। **टुइँकिऊन्**-इ । **टुइँकेला**-स.। (अ.क्रि. - खोलेफोटोको पाखोमा चरिरहेको माधवको काली बाखो एक्कासि भीरबाट खुरमुरिएर टुइँकियो ।)

टुक्रिनु-क्रि.मू.। **टुक्रि**- आ.धा.। अ.क्रि.; साना-साना भागमा छुट्टिनु, टुक्रा-टुक्रा हुनु, टुक्रा पर्नु । **टुक्र्याइ** (टुक्रि+आइ)-भा.ना.। **टुक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; टुक्रा-टुक्रा पार्नु, कुड्का बनाउनु । **टुक्र्याउ** -प्रे.धा.। **टुक्र्याइनु**-टुक्र्याउनुको क.कि । **टुक्र्याइ**-भा.प्रे.धा.। **टुक्रिइनु**-टुक्रिनुको भा.क्रि.। **टुक्रिइ**-भा.धा.। **टुक्रि** **टुक्रिएर, टुक्रिन, टुक्रिँदै, टुक्रिउन्जेल, टुक्रिंदाखेरि**-कृ.अ.। **टुक्रिनू**-वि.। **टुक्रिऊन्**-इ.। **टुक्रेला**-स.। (अ.क्रि भूइँमा खसेर बट्टाको सबै चक टुक्रियो ।)

टुङ्गिनु-क्रि.मू.। **टुङ्गि**-आ.धा.। अ.क्रि.; टुङ्गो लाग्नु, नि: हुनु, समाप्त हुनु, सकिनु, सिद्धिनु । **टुङ्ग्याइ** (टुङ्गि+आइ), **टुङ्ग्याउनी** (टुङ्गि+आउनी)-भा.ना.। **टुङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; टुङ्गो लगाउनु, सिध्याउनु **टुङ्ग्याउ**-प्रे.धा.। **टुङ्ग्याइनु**- टुङ्ग्याउनुको क.क्रि **टुङ्ग्याइ**-भा.प्रे.धा.। **टुङ्गिइनु**-टुङ्गिनुको भा.क्रि.। **टुङ्गि** -भा.धा.। **टुङ्गिई, टुङ्गिएर, टुङ्गिन, टुङ्गिँदै, टुङ्गिउन्जेल** **टुङ्गिंदाखेरि**-कृ.अ.। **टुङ्गिनू**-वि.। **टुङ्गिऊन्**-इ.। **टुङ्गेला**-स.। (अ.क्रि.-तीन पुस्तापछि लाङ्दीको एउटा मुद्दा बल टुङ्गियो ।)

टुट्नु-क्रि.मू.। **टुट्**-आ.धा.। अ.क्रि.; फुट हुनु, अलग हु भाँचिनु, छुट्टिनु, छुट्नु, रोकिनु, चुँडिनु । **टुटाइ** (टुट्+आइ)-भा.ना.। **टुटाउनु**-प्रे.क्रि./स.क्रि.; टुट्ने पा छुटाउनु । **टुटाउ** -प्रे.धा.। **टुटाइनु**- टुटाउनुको क.क्रि **टुटाइ**-भा.प्रे.धा.। **टुटिनु**-टुट्नुको भा.क्रि.। **टुटि**-भा.धा **टुटी, टुटेर, टुट्न, टुट्तै, टुटुन्जेल, टुट्दाखेरि**-कृ.अ **टुट्नू**-वि.। **टुटून्**-इ.। **टुट्ला**-स.। (अ.क्रि.-छोडप गरेपछि लोग्ने र स्वास्नीको नाता टुट्यो ।)

टुन्निनु-क्रि.मू.। **टुन्नि**-आ.धा.। अ.क्रि.; बेसी खाएर पे फुल्नु, पेट ढाडिनु, डेलिनु । **टुन्न्याइ** (टुन्नि+आइ भा.ना.। **टुन्न्याउनु**- प्रे.क्रि./स.क्रि.; पेट टुन्न पा टिल्ल्याउनु । **टुन्न्याउ**-प्रे.धा.। **टुन्न्याइनु**- टुन्न्याउनु क.क्रि.। **टुन्न्याइ**-भा.प्रे.धा.। **टुन्निइनु**-टुन्निनुको भा.क्रि **टुन्निइ**-भा.धा.। **टुन्निई, टुन्निएर, टुन्निन, टुन्नि** **टुन्निउन्जेल, टुन्निंदाखेरि**-कृ.अ.। **टुन्निनू**-वि **टुन्निऊन्**-इ.। **टुन्नेला**-स.। (अ.क्रि. - अँगेरी खाए बाखोको पेट टुन्नियो ।)

टुप्पिनु-क्रि.मू.। **टुप्पि**-आ.धा.। अ.क्रि.; टुप्पामा पुग मर्यादा छाडेर काम गर्नु, बेसरी सप्रनु,; धन, मा आदिको मदले मात्तिनु, एक्कासि टुप्पेको कारण घमण्डी हुनु । **टुप्प्याइ** (टुप्पि+आइ)-भा.ना.। **टुप्प्याउनु** प्रे.क्रि./स.क्रि.; टुप्पिने पार्नु । **टुप्प्याउ**- प्रे.धा **टुप्प्याइनु**-टुप्प्याउनुको क.क्रि.। **टुप्प्याइ**-भा.प्रे.धा **टुप्पिइनु**-टुप्पिनुको भा.क्रि.। **टुप्पिइ** -भा.धा.। **टुप्पिई** **टुप्पिएर, टुप्पिन, टुप्पिँदै, टुप्पिउन्जेल, टुप्पिंदाखेरि** कृ.अ.। **टुप्पिनू**-वि.। **टुप्पिऊन्**-इ.। **टुप्पेला**-स.। (अ.क्रि. बारीका कान्लामा घाँस टुप्पियो ।)

टुप्लुक्किनु-क्रि.मू.। **टुप्लुक्कि**-आ.धा.। अ.क्रि.; टुप्लुक्क आइपुग्नु, एकाएक आइपुग्नु । **टुप्लुक्क्याइ** (टुप्लुक्कि+आइ)-भा.ना.। **टुप्लुक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; टुप्लुक्किने पार्नु । **टुप्लुक्क्याउ**-प्रे.धा.। **टुप्लुक्क्याइनु**-टुप्लुक्क्याउनुको क.क्रि.। **टुप्लुक्क्याइ**-भा.प्रे.धा.। **टुप्लुक्किइनु**-टुप्लुक्किनुको भा.क्रि.। **टुप्लुक्किइ**-भा.धा.। **टुप्लुक्किई, टुप्लुक्किएर, टुप्लुक्किन, टुप्लुक्किँदै, टुप्लुक्किउन्जेल, टुप्लुक्किंदाखेरि**-कृ.अ.। **टुप्लुक्किनू**-वि.। **टुप्लुक्किऊन्**-इ.। **टुप्लुक्केला**-स.। (अ.क्रि.-तीन वर्षपछि लाहुरे घरमा टुप्लुक्कियो ।)

टुर्रिनु-क्रि.मू.। **टुर्रि**-आ.धा.। अ.क्रि.; मस्काएर बाँधिनु, ज्यादै कसिनु, तमाखु खाँदा हुक्काबाट टर्र-टुर्र आवाज आउनु, पखाला चल्नु । **टुर्‍याइ** (टुर्रि+आइ), (टुर्‍याउ+आइ)-भा.ना.। **टुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; बेसरी कसेर बाँध्नु, टर्र टुर्र आवाज आउने गरी हुक्का घुराउनु । **टुर्‍याउ**-प्रे.धा.। **टुर्‍याइनु**-टुर्‍याउनुको क.क्रि.। **टुर्‍याइ**-भा.प्रे.धा.। **टुर्रिइनु**-टुर्रिनुको भा.क्रि.। **टुर्रिइ**-भा.धा.। **टुर्रिई, टुर्रिएर, टुर्रिन, टुर्रिँदै, टुर्रिउन्जेल, टुर्रिंदाखेरि**-कृ.अ.। **टुर्रिनू**-वि.। **टुर्रिऊन्**-इ.। **टुर्रेला**-स.। (अ.क्रि.-घारोमा वा खटमा मुर्दा टुर्रियो ।)

टुसाउनु-क्रि.मू.। **टुसाउ**-आ.धा.। अ.क्रि.; अङ्कुर निस्कनु, टुसो हाल्नु, अङ्कुराउनु । **टुसाइ** (टुसाउ+आइ-भा.ना.। **टुसाइनु** -टुसाउनुको भा.क्रि.। **टुसाइ**-भा.धा.। **टुसाई, टुसाएर, टुसाउन, टुसाउँदै, टुसाउन्जेल, टुसाउँदाखेरि**-कृ.अ.। **टुसाउनू**- वि.। **टुसाऊन्** -इ.। **टुसाउला**-स.। (अ.क्रि.-रोपेको चारै दिनमा मकै टुसायो ।)

टुहुरिनु-क्रि.मू.। **टुहुरि** -आ.धा.। अ.क्रि.; अनाथ बन्नु, टुहुरो हुनु । **टुहुर्‍याइ** (टुहुरि+आइ)-भा.ना.। **टुहुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; टुहुरिने पार्नु । **टुहुर्‍याउ**-प्रे.धा.। **टुहुर्‍याइनु**-टुहुर्‍याउनुको क.क्रि.। **टुहुर्‍याइ**-भा.प्रे.धा.। **टुहुरिइनु**-टुहुरिनुको भा.क्रि.। **टुहुरिइ**-भा.धा.। **टुहुरिई, टुहुरिएर, टुहुरिन, टुहुरिँदै, टुहुरिउन्जेल, टुहुरिंदाखेरि**-कृ.अ.। **टुहुरिनू**-वि.। **टुहुरिऊन्**-इ.। **टुहुरेला**- स.। (अ.क्रि.;-आमा मरेकीले बिचरो चेत बहादुर दुई वर्षकै उमेरमा टुहुरियो ।)

टेक्नु-क्रि.मू.। **टेक्**-आ.धा.। स.क्रि.; खुट्टा हाल्नु, पाउ राख्नु, कुल्चनु, कुनै प्रमाणका आडमा रहनु, कसैको आधार लिनु । **टेकाइ** (टेक्+आइ)-भा.ना.। **टेकाउनु** -प्रे.क्रि./स.क्रि.; टेक्न लगाउनु, टेक्ने पार्नु । **टेकाउ** -प्रे.धा.। **टेकाइनु**-टेकाउनुको क.क्रि.। **टेकाइ**-क.प्रे.धा.। **टेकिनु**-टेक्नुको क.क्रि.। **टेकि**-क.धा.। **टेकी, टेकेर, टेक्न, टेक्तै, टेकुन्जेल, टेक्दाखेरि**-कृ.अ.। **टेक्नू** -वि.। **टेकून्**-इ.। **टेक्ला** -स.। (स.क्रि.-मित्रलालले जोरीपारीका मुखेन्जी बल्लतल्ल खुट्टा टेक्यो ।)

टेढिनु-क्रि.मू.। **टेढि**-आ.धा.। अ.क्रि.; टेढो हुनु, बाङ्गो हुनु, चिढिनु, रिसाउनु । **टेढ्याइ** (टेढि+आइ)-भा.ना.। **टेढ्याउनु**-प्रे.क्रि./स.क्रि.; टेढो पार्नु, चिढ्याउनु । **टेढ्याउ**-प्रे.धा.। **टेढ्याइनु**-टेढ्याउनुको क.क्रि.। **टेढ्याइ**-भा.प्रे.धा.। **टेढिइनु**-टेढिनुको भा.क्रि.। **टेढिइ**-भा.धा.। **टेढिई, टेढिएर, टेढिन, टेढिँदै, टेढिउन्जेल, टेढिंदाखेरि**-कृ.अ.। **टेढिनू**-वि.। **टेढिऊन्**-इ.। **टेढेला**-स.। (अ.क्रि.-स्वार्थी मानिसदेखि सबै टेढिए ।)

टेर्नु-क्रि.मू.। **टेर्**-आ.धा.। स.क्रि.; भनेको मान्नु, वास्ता गर्नु, आज्ञा पालन गर्नु, अदबमा रहनु, अनुशासित हुनु । **टेराइ** (टेर्+आइ)-भा.ना.। **टेराउनु**-प्रे.क्रि./स.क्रि.; टेर्ने पार्नु । **टेराउ**-प्रे.धा.। **टेराइनु**-टेराउनुको क.क्रि.। **टेराइ**-क.प्रे.धा. । **टेरिनु**-टेर्नुको क.क्रि.। **टेरि**-क.धा.। **टेरी, टेरेर, टेर्न, टेर्दै, टेरुन्जेल, टेर्दाखेरि**-कृ.अ.। **टेर्नू**- वि.। **टेरून्**-इ.। **टेर्ला**-स.। (स.क्रि.-कार्यकर्ताहरूले नेताको भनाइलाई टेरे ।)

टोकस्नु-क्रि.मू.। **टोकस्**-आ.धा.। स.क्रि.; विनसित्तिमा गाली गर्नु, टोकसो गर्नु, कचकच गर्नु । **टोकसाइ** (टोकस्+आइ)-भा.ना.। **टोकसाउनु**-प्रे.क्रि./स.क्रि.; टोकस्ने काम गराउनु । **टोकसाउ**-प्रे.धा.। **टोकसाइनु**-टोकसाउनुको क.क्रि.। **टोकसाइ**-क.प्रे.धा.। **टोकसिनु**-टोकस्नुको क.क्रि.। **टोकसि**-क.धा.। **टोकसी, टोकसेर, टोकस्न, टोकस्दै, टोकसुन्जेल, टोकस्दाखेरि**-कृ.अ.। **टोकस्नू**-वि.। **टोकसून्**-इ.। **टोकस्ला**-स.। (स.क्रि.-केटाकेटीले आमालाई टोकसे ।)

टोक्नु-क्रि.मू.। **टोक्**- आ.धा.। स.क्रि.; दाँतले च्यापेर खानेकुरा टुक्र्याउनु, दुःख दिने ध्येयले अरूको अङ्गको कुनै भागमा दाँत गाड्नु, पिर्नु, टोकस्नु, डस्नु । **टोकाइ** (टोक्+आइ)-भा.ना.। **टोकाउनु**-प्रे.क्रि./स.क्रि.; टोक्न लाउनु । **टोकाउ**-प्रे.धा.। **टोकाइनु**-टोकाउनुको क.क्रि.। **टोकाइ**-क.प्रे.धा.। **टोकी, टोकेर, टोक्न, टोक्तै, टोकुन्जेल, टोक्दाखेरि**-कृ.अ.। **टोक्नू**-वि.। **टोकून्**-इ.। **टोक्ला**-स.। (स.क्रि.-नागेको तालमा हिमालचुलीको प्रतिबिम्ब नियाल्दै पर्यटकहरूले स्याण्डवीच टोके । त्यसले लाजले जिब्रो टोकी ।)

टोपल्नु - क्रि.मू.। **टोपल्**-आ.धा.। स.क्रि.; काम गरे जस्तो मात्र गर्नु, देखावटी रूपमा मात्र गर्नु, देखावटी मात्र स्वाङ पार्नु, झारा तिरेझैं गर्नु, छल्नु । **टोपलाइ** (टोपल्+आइ)-भा.ना.। **टोपलिनु**- टोपल्नुको क.क्रि.। **टोपलि**-क.धा.। **टोपली, टोपलेर, टोपल्न, टोपल्दै, टोपलुन्जेल, टोपल्दाखेरि**-कृ.अ.। **टोपल्नू**-वि.। **टोपलून्**-इ.। **टोपल्ला**-स.। (स.क्रि.-केही शिक्षकले प्रिन्सिपलको अगाडिमात्र काम टोपले ।)

टोलाउनु-क्रि.मू.। **टोलाउ**-आ.धा.। अ.क्रि.; एकोहोरो किसिमले हेरिरहनु, वाल्ल परेर बस्नु, टोलो बन्नु, वाल्ल पर्नु, जिल्ल पर्नु । **टोलाइ** (टोलाउ+आइ--भा.ना.। **टोलाइनु**-टोलाउनुको भा.क्रि.। **टोलाइ**-भा.धा.। **टोलाई, टोलाएर, टोलाउन, टोलाउँदै, टोलाउन्जेल, टोलाउँदाखेरि**-कृ.अ.। **टोलाउनू**-वि.। **टोलाऊन्**- **टोलाउला**-स.। (अ.क्रि.-पर्यटकहरू प्रकृतिको सून्यता टोलाए ।)

टोल्नु-क्रि.मू.। **टोल्**-आ.धा.। स.क्रि.; दिन्छु-दिन्छु भने नदिनु, गर्छु-गर्छु भनेर नगर्नु, पर्खाइ राखेर केही न के पार्नु । **टोलाइ** (टोल्+आइ)-भा.ना.। **टोलाउनु**-प्रे.क्रि. स.क्रि.; टोल्ने पार्नु । **टोलाउ**-प्रे.धा.। **टोलाइ** टोलाउनुको क.क्रि.। **टोलाइ**-क.प्रे.धा.। **टोलिनु**-टोल्नुको क.क्रि.। **टोलि**-क.धा.। **टोली, टोलेर, टोल्न, टोल् टोलुन्जेल, टोल्दाखेरि**-कृ.अ.। **टोल्नू**- वि.। **टोलून्**- **टोल्ला**-स.। (स.क्रि.-एक बसाइको टनकपुर झमेलाल लिएर नेता भनाउँदाहरूले जनताका विकासकार्य टोले।

ठ

ठकठकाउनु-क्रि.मू.। **ठकठकाउ**-आ.धा.। स.क्रि.; ठ्वाक-ठ्वाक शब्द निस्कने गरी हिर्काउनु, ठकठक शब्द आउने गरी हिर्काउनु । अ.क्रि.; जाडाले ठकठक काम्नु, लुगलुग काम्नु । **ठकठकाइ** (ठकठकाउ+आइ)-भा.ना.। **ठकठकाइनु**-ठकठकाउनुको क.क्रि./भा.क्रि.। **ठकठकाइ**-क.धा./भा.धा.। **ठकठकाई, ठकठकाएर, ठकठकाउन, ठकठकाउँदै, ठकठकाउन्जेल, ठकठकाउँदाखेरि**-कृ.अ.। **ठकठकाउनू**-वि.। **ठकठकाऊन्**- इ.। **ठकठकाउला**-स.। (स.क्रि.-साँझमा पाहुनाले ढोका ठकठकायो । अ.क्रि.-शाडकभिखारी लुगलुगी ठकठकायो ।)

ठकठकिनु-क्रि.मू.। **ठकठकि**- आ.धा.। अ.क्रि.; ठकठक काम्नु, ढोका ढकढकिनु । **ठकठक्याइ** (ठकठकि+आइ)-भा.ना.। **ठकठक्याउनु** प्रे.क्रि./स.क्रि.; ठकठकिने पार्नु । **ठकठक्याउ**-प्रे.धा.। **ठकठक्याइनु**-ठकठक्याउनुको क.क्रि.। **ठकठक्याइ**-भा.प्रे.धा.। **ठकठकिइनु**-ठकठकिनुको भा.क्रि.। **ठकठकिइ**-भा.धा.। **ठकठकिई, ठकठकिएर, ठकठकिन, ठकठकिँदै, ठकठकिउन्जेल, ठकठकिँदाखेरि**-कृ.अ.। **ठकठकिनू**-वि.। **ठकठकिऊन्**-इ.। **ठकठकेला**-स.। (अ.क्रि.-जाडोमा गाईवस्तु ठकठकिए ।)

ठग्नु-क्रि.मू.। **ठग्**- आ.धा.। स.क्रि.; झूटा कुरा गरी अरूको धनमाल लिनु, ठगी गर्नु, धोका दिनु, बढी नाफा खानु, काममा छलछाम गर्नु, छकाउनु, धुत्नु, छल्नु । **ठगाइ** (ठग्+आइ)-भा.ना.। **ठगाउनु**-प्रे.क्रि./स.क्रि.; ठग्न लाउनु, ठग्ने गराउनु । **ठगाउ**-प्रे.धा.। **ठगाइनु**-ठगाउनुको क.क्रि.। **ठगाइ**-क.प्रे.धा.। **ठगिनु**-ठग्नुको क.क्रि.। **ठगि**-क.धा.। **ठगी, ठगेर, ठग्न, ठग्दै, ठगुन्जेल ठग्दाखेरि**-कृ.अ.। **ठग्नू**-वि.। **ठगून्**-इ.। **ठग्ला**-स (स.क्रि.-सेन्ट जेवियर्स स्कूलले मसंग दुई वर्ष दर्शैपेश्की ठग्यो ।)

ठङ्कार्नु-क्रि.मू.। **ठङ्कार्**-आ.धा.। स.क्रि.; ठङ्कार गर् ठूलो स्वरले बोल्नु, हप्काउनु । **ठङ्कराइ** (ठङ्का आइ)-भा.ना.। **ठङ्कारिनु**-ठङ्कार्नुको क.क्रि.। **ठङ्कारि** क.धा.। **ठङ्कारी, ठङ्कारेर, ठङ्कार्न, ठङ्कार् ठङ्कारुन्जेल, ठङ्कार्दाखेरि**-कृ.अ.। **ठङ्कार्नू**-वि **ठङ्कारून्**-इ.। **ठङ्कार्ला**-स.। (स.क्रि.-बालीले सुग्रीवला ठङ्कार्‍यो ।)

ठटाउनु-क्रि.मू.। **ठटाउ**-आ.धा.। स.क्रि.; जोरसि पिट्नु, धान, मकै झार्न चुट्नु, गोद्नु, ठोक्नु । **ठटा** (ठटाउ+आइ)-भा.ना.। **ठटाइनु**-ठटाउनुको क.क्रि **ठटाइ**-क.धा.। **ठटाई, ठटाएर, ठटाउन, ठटाउँ ठटाउन्जेल, ठटाउँदाखेरि**-कृ.अ.। **ठटाउनू**-वि **ठटाऊन्**-इ.। **ठटाउला**-स.। (स.क्रि.-लामाले द्वयाइ ठटायो ।)

ठडिनु-क्रि.मू.। **ठडि**-आ.धा.। अ.क्रि.; ठाडो हुनु, खड हुनु, उभिनु, अडिनु । **ठड्याइ** (ठडि+आइ)-भा.ना ठड्याउनु-प्रे.क्रि./स.क्रि.; ठड्याउन लाउनु, ठडि पार्नु, ठाडो पार्नु, उभ्याउनु । **ठड्याउ**-प्रे.धा.। **ठड्याइ** ठड्याउनुको क.क्रि.। **ठड्याइ**-भा.प्रे.धा.। **ठडिइ** ठडिनुको भा.क्रि.। **ठडिइ**-भा.धा.। **ठडिई, ठडिएर ठडिन, ठडिँदै, ठडिउन्जेल, ठडिंदाखेरि**-कृ.अ.। **ठडिनू** वि.। **ठडिऊन्**-इ.। **ठडेला**-स.। (अ.क्रि.-काठमाण्डौं

ज्यापूका खेतमा विशाल भवनहरू ठडिए ।)

ठनठनाउनु-क्रि.मू.। **ठनठनाउ**-आ.धा.। अ.क्रि.; ठाडो हुनु, ठनठन गर्नु, ठन्कनु । **ठनठनाइ** (ठनठनाउ+आइ)-भा.ना.। **ठनठनाइनु**- ठनठनाउनुको भा.क्रि.। **ठनठनाइ**-भा.धा.। **ठनठनाई, ठनठनाएर, ठनठनाउन, ठनठनाउँदै, ठनठनाउन्जेल, ठनठनाउँदाखेरि**-कृ.अ.। **ठनठनाउनू**-वि.। **ठनठनाऊन्**-इ.। **ठनठनाउला**-स.। (अ.क्रि.-जात्राका मानिसहरू यता र उति ठनठनाए ।)

ठन्कनु-क्रि.मू.। **ठन्क**-आ.धा.। अ.क्रि.; ठाडो हुनु, स्तम्भित हुनु, पुरूषको लिङ्ग उत्तेजित हुनु, फन्कनु, ठनक्क भाँचिनु । **ठन्काइ** (ठन्क+आइ)-भा.ना.। **ठन्काउनु**-प्रे.क्रि./स.क्रि.; ठड्याउनु, ठाडो पार्नु । **ठन्काउ**-प्रे.धा.। **ठन्काइनु**-ठन्काउनुको क.क्रि.। **ठन्काइ**-भा.प्रे.धा.। **ठन्किनु**-ठन्कनुको भा.क्रि.। **ठन्कि**-भा.धा.। **ठन्की, ठन्केर, ठन्कन, ठन्कँदै, ठन्कुन्जेल, ठन्कँदाखेरि**-कृ.अ.। **ठन्कनू**-वि.। **ठन्कून्**-इ.। **ठन्कला**-स.। (अ.क्रि.-उसको कुरा कसैले पनि नखाँदा धनबहादुर नराम्ररी ठन्क्यो ।)

ठन्किनु-क्रि.मू.। **ठन्कि**-आ.धा.। अ.क्रि.; ठन्कनु, ठाडो हुनु । **ठन्क्याइ** (ठन्कि+आइ)-भा.ना.। **ठन्क्याउनु**-प्रे.क्रि./स.क्रि.; ठन्किने पार्नु, ठन्काउनु । **ठन्क्याउ**-प्रे.धा.। **ठन्क्याइनु**-ठन्क्याउनुको क.क्रि.। **ठन्क्याइ** -भा.प्रे.धा.। **ठन्किइनु**-ठन्किनुको भा.क्रि.। **ठन्किइ**-भा.धा.। **ठन्किई, ठन्किएर, ठन्किन, ठन्किँदै, ठन्किउन्जेल, ठन्किंदाखेरि**-कृ.अ.। **ठन्किनू**-वि.। **ठन्किऊन्**- इ.। **ठन्केला**-स.। (अ.क्रि.-दिनभरि काम गरेर पनि जस नपाउँदा लालबहादुर मालिकसंग ठन्कियो ।)

ठमठमाउनु-क्रि.मू.। **ठमठमाउ**-आ.धा.। अ.क्रि.; मोटोघाटो हुनु, हृष्टपुष्ट हुनु, शारीरिक दृष्टिले तन्दुरुस्त र फुर्तिलो हुनु, फुर्तिसाथ ठमठम हिंड्नु । **ठमठमाइ** (ठमठमाउ+आइ)-भा.ना.। **ठमठमाइनु**-ठमठमाउनुको भा.क्रि.। **ठमठमाइ**- भा.धा.। **ठमठमाई, ठमठमाएर, ठमठमाउन, ठमठमाउँदै, ठमठमाउन्जेल, ठमठमाउँदाखेरि**-कृ.अ.। **ठमठमाउनू**-वि.। **ठमठमाऊन्**-इ.। **ठमठमाउला**-स.। (अ.क्रि. - हर्केको छोरो दुवै वर्षमा ठमठमायो ।)

ठमठमिनु-क्रि.मू.। **ठमठमि**-आ.धा.। अ.क्रि.; ठमठम गर्ने हुनु, फुर्तिलो हुनु । **ठमठम्याइ** (ठमठमि+आइ)-भा.ना.। **ठमठम्याउनु**-प्रे.क्रि./स.क्रि.; ठमठमिने पार्नु । **ठमठम्याउ**-प्रे.धा.। **ठमठम्याइनु**-ठमठम्याउनुको क.क्रि.। **ठमठम्याइ**-भा.प्रे.धा.। **ठमठमिइनु**-ठमठमिनुको भा.क्रि.। **ठमठमिइ**-भा.धा.। **ठमठमिई, ठमठमिएर, ठमठमिँदै, ठमठमिन, ठमठमिउन्जेल, ठमठमिंदाखेरि**-कृ.अ.। **ठमठमिनू**-वि.। **ठमठमिऊन्**-इ.। **ठमठमेला**-स.। (अ.क्रि.-सामागाउँदेखि मुक्तिनाथसम्मको हिमाली बाटोमा पर्यटकहरू ठमठमिए ।)

ठमाउनु-क्रि.मू.। **ठमाउ**-आ.धा.। स.क्रि.; ठिकसंग विचार गर्नु, निधो गर्नु, कसैलाई चिन्नु, पहिचान्नु, ठम्याउनु । **ठमाइ** (ठमाउ+आइ)-भा.ना.। **ठमाइनु**-ठमाउनुको क.क्रि.। **ठमाइ**-क.धा.। **ठमाई, ठमाएर, ठमाउन, ठमाउँदै, ठमाउन्जेल, ठमाउँदाखेरि**-कृ.अ.। **ठमाउनू**-वि.। **ठमाऊन्**-इ.। **ठमाउला**-स.। (स.क्रि. - मनबहादुरले विभागलाई छुट्टयाइएको पैसा पचाउन अधर्मीहरूले कस्तो अनैतिक जाल रच्ता रहेछन् भन्नेकुरा प्रष्टसंग बुझ्यो ।)

ठमिनु-क्रि.मू.। **ठमि**-आ.धा.। अ.क्रि.; थाहा हुनु, निधो हुनु, चिनारी हुनु, चिनिनु । **ठम्याइ** (ठमि+आइ)-भा.ना.। **ठम्याउनु**-प्रे.क्रि./स.क्रि.; चिन्नु, पहिचान्नु । **ठम्याउ** -प्रे.धा.। **ठम्याइनु**-ठम्याउनुको क.क्रि.। **ठम्याइ**-भा.प्रे.धा.। **ठमिइनु**-ठमिनुको भा.क्रि.। **ठमिइ**-भा.धा.। **ठमिई, ठमिएर, ठमिन, ठमिँदै, ठमिउन्जेल, ठमिंदाखेरि**-कृ.अ.। **ठमिनू**-वि.। **ठमिऊन्**-इ.। **ठमेला**-स.। (अ.क्रि.-वैशाख ८ गते खाजामा फर्कंदा महिनावारी तीन रूपैयाँ ब्याजमा मसंग चाहिंदो कर्जा लिएर पुस्तक छपाए नपाइने कुरै छैन भन्दा कलाधर राईको कालो कर्तुत प्रष्ट ठमियो ।)

ठर्रिनु-क्रि.मू.। **ठर्रि**-आ.धा.। अ.क्रि.; कडा हुनु, ठर्रो हुनु, जर्रिनु, दह्रिनु । **ठर्‍याइ** (ठर्रि+आइ)-भा.ना.। **ठर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; ठर्रो पार्नु, जर्खर्‍याउनु । **ठर्‍याउ**-प्रे.धा.। **ठर्‍याइनु**-ठर्‍याउनुको क.क्रि.। **ठर्‍याइ**-भा.प्रे.धा.। **ठर्रिइनु**- ठर्रिनुको भा.क्रि.। **ठर्रिइ**-भा.धा.। **ठर्रिई, ठर्रिएर, ठर्रिन, ठर्रिँदै, ठर्रिउन्जेल, ठर्रिंदाखेरि**-कृ.अ.। **ठर्रिनू**-वि.। **ठर्रिऊन्**-इ.। **ठर्रेला**-स.। (अ.क्रि.-आम सभामा उभिंदा-उभिँदै मेरा गोडा ठर्रिए ।)

ठस्कनु-क्रि.मू.। **ठस्क**- आ.धा.। अ.क्रि.; रिसको भाव देखाउनु, झर्को मानेर बोल्नु, ठुस्स पर्नु, झर्कनु । **ठस्काइ** (ठस्क+आइ)-भा.ना.। **ठस्काउनु**-प्रे.क्रि./स.क्रि.; ठस्कने पार्नु, ठुस्याउनु । **ठस्काउ**-प्रे.धा.। **ठस्काइनु**-ठस्काउनुको क.क्रि.। **ठस्काइ**-भा.प्रे.धा.। **ठस्किनु**-ठस्कनुको भा.क्रि.। **ठस्कि**-भा.धा.। **ठस्की, ठस्केर, ठस्कन, ठस्कँदै, ठस्कुन्जेल, ठस्कँदाखेरि**-कृ.अ.। **ठस्कनू**- वि.। **ठस्कून्**-इ.। **ठस्कला**-स.। (अ.क्रि.-महादेवको कुरा सुनेर किसान

ठस्क्यो ।)

ठस्किनु-क्रि.मू.। **ठस्कि**-आ.धा.। अ.क्रि.; ठस्कनु, ठुस्स परिनु । **ठस्क्याइ** (ठस्कि+आइ)-भा.ना.। **ठस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; ठस्किने पार्नु, ठस्याउनु । **ठस्क्याउ**-प्रे.धा.। **ठस्क्याइनु**-ठस्क्याउनुको क.क्रि.। **ठस्क्याइ**-भा.प्रे.धा.। **ठस्किइनु**-ठस्किनुको-भा.क्रि.। **ठस्किइ**-भा.धा.। **ठस्किई, ठस्किएर, ठस्किन, ठस्किँदै, ठस्किउन्जेल, ठस्किंदाखेरि**-कृ.अ.। **ठस्किनू**- वि.। **ठस्किऊन्**-इ.। **ठस्केला**-स.। (अ.क्रि.-काम अनुसारको फल नपाउँदा लक्ष्मण ठस्कियो ।)

ठस्सिनु-क्रि.मू.। **ठस्सि**-आ.धा.। अ.क्रि.; ठस्स पर्नु, ठस्किनु, ठुस्सिनु । **ठस्स्याइ** (ठस्सि+आइ)-भा.ना.। **ठस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; ठस्क्याउनु, ठुस्स्याउनु, चिढ्याउनु । **ठस्स्याउ**-प्रे.धा.। **ठस्स्याइनु**- ठस्स्याउनुको क.क्रि.। **ठस्स्याइ**-भा.प्रे.धा.। **ठस्सिइनु**-ठस्सिनुको भा.क्रि.। **ठस्सिइ**-भा.धा.। **ठस्सिई, ठस्सिएर, ठस्सिन, ठस्सिँदै, ठस्सिउन्जेल, ठस्सिंदाखेरि**-कृ.अ.। **ठस्सिनू**- वि.। **ठस्सिऊन्**-इ.। **ठस्सेला**-स.। (अ.क्रि.-भन्नासाथै खाजा नपाउँदा केटाकेटीहरू ठस्सिए ।)

ठहर्नु-क्रि.मू.। **ठहर्**-आ.धा.। अ.क्रि.; ठहर हुनु, निश्चय हुनु, साबित हुनु, विश्राम गर्नु, बस्नु, रोकिनु, अड्नु । **ठहराइ** (ठहर्+आइ)-भा.ना.। **ठहराउनु**-प्रे.क्रि./स.क्रि.; ठहर गर्नु, ठहऱ्याउनु । **ठहराउ**-प्रे.धा.। **ठहराइनु**-ठहराउनुको क.क्रि.। **ठहराइ**-भा.प्रे.धा.। **ठहरिनु**-ठहर्नुको भा.क्रि.। **ठहरि**-भा.धा.। **ठहरी, ठहरेर, ठहर्न, ठहर्दै, ठहरुन्जेल, ठहर्दाखेरि**-कृ.अ.। **ठहर्नू**-वि.। **ठहरून्**-इ.। **ठहर्ला**-स.। (अ.क्रि.-अदालतको फैसलापछि त्यो कर्मचारी भ्रष्टाचारी नै ठहऱ्यो ।)

ठहरिनु-क्रि.मू.। **ठहरि**-आ.धा.। अ.क्रि.; ठहर हुनु, ठहर्नु, निधो हुनु । **ठहऱ्याइ** (ठहरि+आइ)-भा.ना.। **ठहऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; ठहराउनु, ठहर गर्नु । **ठहऱ्याउ**- प्रे.धा.। **ठहऱ्याइनु**-ठहऱ्याउनुको क.क्रि.। **ठहऱ्याइ**-भा.प्रे.धा.। **ठहरिइनु**-ठहरिनुको भा.क्रि.। **ठहरिइ**-भा.धा.। **ठहरिई, ठहरिएर, ठहरिन, ठहरिँदै, ठहरिउन्जेल, ठहरिंदाखेरि**-कृ.अ.। **ठहरिनू**-वि.। **ठहरिऊन्**-इ.। **ठहरेला**-स.। (अ.क्रि.-अमरसिंह थापा एक स्वाभिमानी देशभक्त ठहरिए ।)

ठाँट्नु-क्रि.मू.। **ठाँट्**-आ.धा.। स.क्रि.; सिँगारपटार गर्नु, ठाँटिलो पार्नु, सजाउने काम गर्नु, ठाँट पार्नु । **ठँटाइ** (ठाँट्+आइ)-भा.ना.। **ठँटाउनु**-प्रे.क्रि./स.क्रि.; ठाँट्न लाउनु, ठाँट पार्ने गराउनु । **ठँटाउ**- प्रे.धा.। **ठँटाइनु**-ठँटाउनुको क.क्रि.। **ठँटाइ**-क.प्रे.धा.। **ठाँटिनु-ठाँट्** क.क्रि.। **ठाँटि**-क.धा.। **ठाँटी, ठाँटेर, ठाँट्न, ठाँ ठाँटुन्जेल, ठाँट्दाखेरि**-कृ.अ.। **ठाँट्नू**-वि.। **ठाँट्न ठाँट्ला**-स.। (स.क्रि.-दशैंमा गाउँलेहरूले आ-आ घरहरू ठाँटे ।)

ठाँटिनु-क्रि.मू.। **ठाँटि**-आ.धा.। अ.क्रि.; ठाँटिलो हु सिंगारिनु । **ठँट्याइ** (ठाँटि+आइ)-भा.ना.। **ठँट्याउ** प्रे.क्रि./स.क्रि.; ठाँट्न लाउनु, ठाँटिलो पार्नु । **ठँट्याउ** प्रे.धा.। **ठँट्याइनु**- ठँट्याउनुको क.क्रि.। **ठँट्या** भा.प्रे.धा.। **ठाँटिइनु**-ठाँटिनुको भा.क्रि.। **ठाँटिइ**- भा.ध **ठाँटिई, ठाँटिएर, ठाँटिन, ठाँटिँदै, ठाँटिउन्जे ठाँटिंदाखेरि**-कृ.अ.। **ठाँटिनू**-वि.। **ठाँटिऊन्**-इ.। **ठाँटि** स.। (अ.क्रि. - ईश्वर आफ्नै मनभित्र ठाँटिए ।)

ठाडिनु-क्रि.मू.। **ठाडि**- आ.धा.। अ.क्रि.; ठाडो हु उभिनु, ठडिनु। **ठड्याइ** (ठाडि+आइ)-भा.ना.। **ठड्याउ** प्रे. क्रि./स. क्रि.; ठाडिने पार्नु, ठाडिन लाउनु **ठड्याउ**-प्रे.धा.। **ठड्याइनु**-ठड्याउनुको क.क्रि.। **ठड्या** भा.प्रे.धा.। **ठाडिइनु**-ठाडिनुको भा.क्रि.। **ठाडिइ**-भा.ध **ठाडिई, ठाडिएर, ठाडिन, ठाडिँदै, ठाडिउन्जे ठाडिंदाखेरि**-कृ.अ.। **ठानिनू**-वि.। **ठाडिऊन्**-इ.। **ठाडेल** स.। (अ.क्रि.-म प्रातकालीन अध्ययन निरीक्षणका ला एक घण्टासम्म विद्यालय प्राङ्गणमा ठाडिएँ ।)

ठान्नु-क्रि.मू.। **ठान्**-आ.धा.। स.क्रि.; सम्झनु, चिताउ अनुमान गर्नु, अडकल गर्नु, अनुमान लगाउ ठहराउनु । **ठनाइ** (ठान्+आइ)-भा.ना.। **ठानिनु**-ठान्नु क.क्रि.। **ठानि**-क.धा.। **ठानी, ठानेर, ठान्न, ठा ठानुन्जेल, ठान्दाखेरि**-कृ.अ.। **ठान्नू**-वि.। **ठानून्**- **ठान्ला**-स.। (स.क्रि.-मोन्तेगले निबन्धलाई 'स्वच्छ आत्म-प्रकाश' ठाने ।)

ठास्नु-क्रि.मू.। **ठास्**-आ.धा.। स.क्रि.; **अटाई**-नअटा हाल्नु, कोच्नु, खाँद्नु, मैथुन गर्नु । **ठसाइ** (ठास्+आइ भा.ना.। **ठसाउनु**- प्रे.क्रि./स.क्रि.; **अटाई**- नटाई हाल लगाउनु, कोचाउनु, मैथुन गराउनु । **ठसाउ**-प्रे.धा **ठसाइनु**-ठसाउनुको क.क्रि.। **ठसाइ**-क.प्रे.धा.। **ठासिनु** ठास्नुको क.क्रि.। **ठासि**-क.धा.। **ठासी, ठासेर, ठास ठास्दै, ठासुन्जेल, ठास्दाखेरि**-कृ.अ.। **ठास्नू**-वि.। **ठासू** इ.। **ठास्ला**-स.। (स.क्रि.-भावनाले गाग्रोमा गुन्द्रु ठासी ।)

ठिँगुराउनु-क्रि.मू.। **ठिँगुराउ**-आ.धा.। अ.क्रि.; ठिँगुरिनु **ठिँगुराइ** (ठिँगुराउ+आइ)-भा.ना.। **ठिँगुराइ**

ठिँगुराउनुको भा.क्रि.। **ठिँगुराइ**-भा.धा.। **ठिँगुराई, ठिँगुराएर, ठिँगुराउन, ठिँगुराउँदै, ठिँगुराउन्जेल, ठिँगुराउँदाखेरि**-कृ.अ.। **ठिँगुराउनू**-वि.। **ठिँगुराऊन्**-इ.। **ठिँगुराउला**-स.। (अ.क्रि. - बडरको बिरुवा ठिँगुरायो ।)

ठिँगुरिनु-क्रि.मू.। **ठिँगुरि**-आ.धा.। अ.क्रि.; मलजलको अभावमा बोट-बिरुवाहरू सुक्तै जानु, नसप्रनु, खिइनु, कठ्याङ्ग्रिनु, ठिँगुरामा हाल्नु । **ठिँगुर्‍याइ** (ठिँगुरि+आइ)-भा.ना.। **ठिँगुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; सप्रन नसक्ने पार्नु, ठिँगुरा (तुरुङ) मा हाल्नु । **ठिँगुर्‍याउ**-प्रे.धा.। **ठिँगुर्‍याइनु**-ठिँगुर्‍याउनुको क.क्रि.। **ठिँगुर्‍याइ**-भा.प्रे.धा.। **ठिँगुरिइनु**-ठिँगुरिनुको भा.क्रि.। **ठिँगुरिइ**-भा.धा.। **ठिँगुरिई, ठिँगुरिएर, ठिँगुरिन, ठिँगुरिँदै, ठिँगुरिउन्जेल, ठिँगुरिँदाखेरि**-कृ.अ.। **ठिँगुरिनू**-वि.। **ठिँगुरिऊन्**-इ.। **ठिँगुरेला**-स.। (अ.क्रि.-बगैँचाका धेरै फलफूलका बिरुवाहरू ठिँगुरिए ।)

ठिङ्गुराउनु-क्रि.मू.। **ठिङ्गुराउ**-आ.धा.। अ.क्रि.; हे. **ठिँगुराउनु** । **ठिङ्गुराइ** (ठिङ्गुराउ+आइ)-भा.ना.। **ठिङ्गुराइनु**-ठिङ्गुराउनुको भा.क्रि.। **ठिङ्गुराइ**-भा.धा.। **ठिङ्गुराई, ठिङ्गुराएर, ठिङ्गुराउन, ठिङ्गुराउँदै, ठिङ्गुराउन्जेल, ठिङ्गुराउँदाखेरि**-कृ.अ.। **ठिङ्गुराउनू**- वि.। **ठिङ्गुराऊन्**-इ.। **ठिङ्गुराउला**-स.। (अ.क्रि.-घिरौँलोको बोट ठिङ्गुरायो ।)

ठिङ्गुरिनु-क्रि.मू.। **ठिङ्गुरि**-आ.धा.। अ.क्रि.; हे. **ठिँगुरिनु** । **ठिङ्गुर्‍याइ** (ठिङ्गुरि+आइ)-भा.ना.। **ठिङ्गुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; सप्रन नसक्ने पार्नु, ठिँगुर्‍याउनु । **ठिङ्गुर्‍याउ**-प्रे.धा.। **ठिङ्गुर्‍याइनु**-ठिङ्गुर्‍याउनुको क.क्रि.। **ठिङ्गुर्‍याइ**-भा.प्रे.धा.। **ठिङ्गुरिइनु**-ठिङ्गुरिनुको भा.क्रि.। **ठिङ्गुरिइ**-भा.धा.। **डिङ्गुरिई, ठिङ्गुरिएर, ठिङ्गुरिन, ठिङ्गुरिँदै, ठिङ्गुरिउन्जेल, ठिङ्गुरिँदाखेरि**-कृ.अ.। **ठिङ्गुरिनू**-वि.। **ठिङ्गुरिऊन्**-इ.। **ठिङ्गुरेला**-स.। (अ.क्रि.-सुन्तलाका सबै बिरुवाहरू ठिङ्गुरिए ।)

ठिङ्गिनु-क्रि.मू.। **ठिङ्गि**-आ.धा.। अ.क्रि.; ठिङ्ग उभिनु, ठिङ्गो (एक्लो) हुनु, ननुहुनु । **ठिङ्ग्याइ** (ठिङ्गि+आइ)-भा.ना.। **ठिङ्ग्याउनु** -प्रे.क्रि./स.क्रि.; ठिङ्ग उभ्याउनु, ठड्याउनु । **ठिङ्ग्याउ**-प्रे.धा.। **ठिङ्ग्याइनु**-ठिङ्ग्याउनुको क.क्रि.। **ठिङ्ग्याइ**-भा.प्रे.धा.। **ठिङ्गिइनु**-ठिङ्गिनुको भा.क्रि.। **ठिङ्गिइ**- भा.धा.। **ठिङ्गिई, ठिङ्गिएर, ठिङ्गिन, ठिङ्गिँदै, ठिङ्गिउन्जेल, ठिङ्गिँदाखेरि**-कृ.अ.। **ठिङ्गिनू**-वि.। **ठिङ्गिऊन्**-इ.। **ठिङ्गेला**- स.। (अ.क्रि.-कल्पना झ्यालमा ठिङ्गिई ।)

ठिङ्डिनु-क्रि.मू.। **ठिङ्डि**-आ.धा.। अ.क्रि.; हे. **ठिङ्गिनु** । **ठिङ्ड्याइ** (ठिङ्डि+आइ)-भा.ना.। **ठिङ्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; ठिङ्ग्याउनु । **ठिङ्ड्याउ**-प्रे.धा.। **ठिङ्ड्याइनु**-ठिङ्ड्याउनुको क.क्रि.। **ठिङ्ड्याइ** -भा.प्रे.धा.। **ठिङ्डिइनु**-ठिङ्डिनुको भा.क्रि.। **ठिङ्डिइ**-भा.धा.। **ठिङ्डिई, ठिङ्डिएर, ठिङ्डिन, ठिङ्डिँदै, ठिङ्डिउन्जेल, ठिङ्डिँदाखेरि**-कृ.अ.। **ठिङ्डिनू**-वि.। **ठिङ्डिऊन्**-इ.। **ठिङ्डेला**-स.। (अ.क्रि.-साने ढोकामा ठिङ्डियो ।)

ठिहिरिनु-क्रि.मू.। **ठिहिरि**-आ.धा.। अ.क्रि.; ठिहिर्‍याउनु, ठिहिरो लाग्नु । **ठिहिर्‍याइ** (ठिहिरि+आइ)-भा.ना.। **ठिहिरिइनु** - ठिहिरिनुको भा.क्रि.। **ठिकिरिइ**-भा.धा.। **ठिहिरिई, ठिहिरिएर, ठिहिरिन, ठिहिरिँदै, ठिहिरिउन्जेल, ठिहिरिँदाखेरि**-कृ.अ.। **ठिहिरिनू**-वि.। **ठिहिरिऊन्**-इ.। **ठिहिरेला**-स.। (अ.क्रि.-हिउँमा शरीर ठिहिरियो ।)

ठिहिर्‍याउनु-क्रि.मू.। **ठिहिर्‍याउ**-आ.धा.। अ.क्रि.; ठिहिरिनु, ठिहिरो लाग्नु, ज्यादै चिसो हुनु, जाडाले हातगोडा झमझमाउनु । **ठिहिर्‍याइ** (ठिहिर्‍याउ+आइ)-भा.ना.। **ठिहिर्‍याइनु**-ठिहिर्‍याउनुको भा.क्रि.। **ठिहिर्‍याइ**-भा.धा.। **ठिहिर्‍याई, ठिहिर्‍याएर, ठिहिर्‍याउन, ठिहिर्‍याउँदै, ठिहिर्‍याउन्जेल, ठिहिर्‍याउँदाखेरि**-कृ.अ.। **ठिहिर्‍याउनू**-वि.। **ठिहिर्‍याऊन्**-इ.। **ठिहिर्‍याउला**-स.। (अ.क्रि.-जाडोमा जीउ ठिहिर्‍यायो ।)

ठुँग्नु-क्रि.मू.। **ठुँग्**-आ.धा.। स.क्रि.; चराले टोक्नु, चुच्चाको टुप्पाले हान्नु, चित्त दुख्ने गरी बारम्बार भन्नु, घोच-पेच गर्नु । **ठुँगाइ** (ठुँग्+आइ)-भा.ना.। **ठुँगाउनु**-प्रे.क्रि./स.क्रि.; ठुँग्न लाउनु, ठुँगाइमा पर्नु । **ठुँगाउ**-प्रे.धा.। **ठुँगाइनु**-ठुँगाउनुको क.क्रि.। **ठुँगाइ**-क.प्रे.धा.। **ठुँगिनु**-ठुँग्नुको क.क्रि.। **ठुँगि**-क.धा.। **ठुँगी, ठुँगेर, ठुँग्न, ठुँग्दै, ठुँगुन्जेल, ठुँग्दाखेरि**-कृ.अ.। **ठुँग्नू**-वि.। **ठुँगून्**-इ.। **ठुँग्ला**-स.। (स.क्रि.-चिबे चरोले गिद्धलाई ठुँग्यो ।)

ठुक्रनु-क्रि.मू.। **ठुक्र**-आ.धा.। अ.क्रि.; ठोकर दिएर निकालिनु, रिसाएर ठूलो स्वरले बोल्नु, डुक्रनु । स.क्रि.; हप्काउनु, धम्काउनु, हकार्नु । **ठुक्राइ** (ठुक्र+आइ)-भा.ना.। **ठुक्राउनु**- प्रे.क्रि./स.क्रि.; ठुक्रन लाउनु, ठुक्राउनु । **ठुक्राउ**-प्रे.धा.। **ठुक्राइनु**-ठुक्राउनुको क.क्रि.। **ठुक्राइ**-भा.प्रे.धा./क.प्रे.धा.। **ठुक्रिनु**-ठुक्रनुको भा.क्रि./क.क्रि.। **ठुक्रि**-भा.धा./क.धा.। **ठुक्र्याइ** (ठुक्रि+आइ) -भा.ना.। **ठुक्री, ठुक्रेर, ठुक्रन, ठुक्रँदै, ठुक्रुन्जेल, ठुक्रँदाखेरि**-कृ.अ.। **ठुक्रनू**-वि.। **ठुक्रून्**-इ.। **ठुक्रला**-स.।

(अ.क्रि.-असनको साँढे ठुक्यो । (स.क्रि.-पण्डित माहिलोले टोकनाथलाई बेसरी ठुक्यो ।)

ठुङ्नु-क्रि.मू.। **ठुङ्**-आ.धा.। स.क्रि.; हे. ठुँग्नु । **ठुङाइ** (ठुङ्+आइ)-भा.ना.। **ठुङाउनु**-प्रे.क्रि./स.क्रि.; ठुङ्न लाउनु । **ठुङाउ**-प्रे.धा.। **ठुङाइनु**-ठुङाउनुको क.क्रि.। **ठुङाइ**-क.प्रे.धा.। **ठुङिनु**-ठुङ्नुको क.क्रि.। **ठुङि**-क.धा.। **ठुङी, ठुङेर, ठुङ्न, ठुङ्दै, ठुङुन्जेल, ठुङ्दाखेरि**-कृ.अ.। **ठुङ्नू**-वि.। **ठुङून्**-इ.। **ठुङ्ला**- स.। (स.क्रि.-साहू साहिंलाका छोराहरूले बाबुलाई खूब ठुङे ।)

ठुन्कनु-क्रि.मू.। **ठुन्क**- आ.धा.। अ.क्रि.; ठुन्को पर्नु, टुक्रिनु, भाँचिनु, ठुन्किनु । **ठुन्काइ** (ठुन्क+आइ)-भा.ना.। **ठुन्काउनु**-प्रे.क्रि./स.क्रि.; टुक्रा-टुक्रा पार्नु, टुक्र्याउनु । **ठुन्काउ**-प्रे.धा.। **ठुन्काइनु**-ठुन्काउनुको क.क्रि.। **ठुन्काइ**-भा.प्रे.धा.। **ठुन्किनु**-ठुन्कनुको भा.क्रि.। **ठुन्कि**-भा.धा.। **ठुन्की, ठुन्केर, ठुन्कन, ठुन्कँदै, ठुन्कुन्जेल, ठुन्कँदाखेरि**-कृ.अ.। **ठुन्कनू**-वि.। **ठुन्कून्**-इ.। **ठुन्कला**- स.। (अ.क्रि.-जोत्ता-जोत्तैको हरिस ठनक्क ठुन्क्यो ।)

ठुन्किनु-क्रि.मू.। **ठुन्कि**-आ.धा.। अ.क्रि.; हे. ठुन्कनु । **ठुन्क्याइ** (ठुन्कि+आइ)-भा.ना.। **ठुन्क्याउनु**-प्रे.क्रि./स.क्रि.; ठुन्काउनु, टुक्र्याउनु । **ठुन्क्याउ**-प्रे.धा.। **ठुन्क्याइनु**-ठुन्क्याउनुको क.क्रि.। **ठुन्क्याइ**- भा.प्रे.धा.। **ठुन्किइनु**-ठुन्किनुको भा.क्रि.। **ठुन्किइ**-भा.धा.। **ठुन्किई, ठुन्किएर, ठुन्किन, ठुन्किँदै, ठुन्किउन्जेल, ठुन्किंदाखेरि**-कृ.अ.। **ठुन्किनू**-वि.। **ठुन्किऊन्**-इ.। **ठुन्केला** -स.। (अ.क्रि.-मुला उखेल्दा ठुन्कियो ।)

ठुस्कनु-क्रि.मू.। **ठुस्क**-आ.धा.। अ.क्रि.; ठुस्स पर्नु, ठुस्किनु, ठस्कनु । **ठुस्काइ** (ठुस्क+आइ)-भा.ना.। **ठुस्काउनु**-प्रे.क्रि./स.क्रि.; ठुस्कने पार्नु । **ठुस्काउ**-प्रे.धा.। **ठुस्काइनु**-ठुस्काउनुको क.क्रि.। **ठुस्काउ**-प्रे.धा.। **ठुस्काइनु**-ठुस्काउनुको क.क्रि.। **ठुस्काइ**-भा.प्रे.धा.। **ठुस्किनु**-ठुस्कनुको भा.क्रि.। **ठुस्कि**-भा.धा.। **ठुस्की, ठुस्केर, ठुस्कन, ठुस्कँदै, ठुस्कुन्जेल, ठुस्कँदाखेरि**-कृ.अ.। **ठुस्कनू**-वि.। **ठुस्कून्**-इ.। **ठुस्कला**-स.। (अ.क्रि.-महादेवको छल थाहा पाएर पार्वती ठुस्की ।)

ठुस्किनु-क्रि.मू.। **ठुस्कि**-आ.धा.। अ.क्रि.; ठुस्स परिनु, ठुस्कनु, ठस्कनु । **ठुस्क्याइ** (ठुस्कि+आइ)-भा.ना.। **ठुस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; ठुस्किने पार्नु, जङ्ग्याउनु । **ठुस्क्याउ**-प्रे.धा.। **ठुस्क्याइनु**-ठुस्क्याउनुको क.क्रि.। **ठुस्क्याइ**-भा.प्रे.धा.। **ठुस्किइनु**-ठुस्किनुको भा.क्रि.। **ठुस्किइ**-भा.धा.। **ठुस्किई, ठुस्किएर, ठुस्किन, ठुस्किँदै, ठुस्किउन्जेल, ठुस्किंदाखेरि**-कृ.अ.। **ठुस्किनू**- वि **ठुस्किऊन्**-इ.। **ठुस्केला**-स.। (अ.क्रि.-गणेशको चला थाहा पाएर कुमार ठुस्किए ।)

ठुस्सिनु-क्रि.मू.। **ठुस्सि**-आ.धा.। अ.क्रि.; रिसले घु परेर नबोली बस्नु, ठुस्स पर्नु, ठस्कनु । **ठुस्स्या** (ठुस्सि+आइ)-भा.ना.। **ठुस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; ठि उठाउनु, ठुस्स पार्नु । **ठुस्स्याउ**-प्रे.धा.। **ठुस्स्याइनु**- ठुस्स्याउनुको क.क्रि.। **ठुस्स्याइ**-भा.प्रे.धा.। **ठुस्सिइनु** ठुस्सिनुको भा.क्रि.। **ठुस्सिइ**-भा.धा.। **ठुस्सिई, ठुस्सिए ठुस्सिन, ठुस्सिँदै, ठुस्सिउन्जेल, ठुस्सिंदाखेरि**-कृ.अ **ठुस्सिनू**-वि.। **ठुस्सिऊन्**-इ.। **ठुस्सेला**-स.। (अ.क्रि घरविदा नपाएर दलबहादुर छाउनी हाकिम ठुस्सियो ।)

ठेउलिनु-क्रि.मू.। **ठेउलि**-आ.धा.। अ.क्रि.; नाजवाफ हु वादविवादमा हार्नु, कुनै उपाय नहुनु, ठक्कर खा पन्छनु । **ठेउल्याइ** (ठेउलि+आइ)-भा.ना.। **ठेउल्याउ** प्रे.क्रि./स.क्रि.; नाजवाफ पार्नु, कुराकानीमा हराउनु **ठेउल्याउ**-प्रे.धा.। **ठेउल्याइनु**-ठेउल्याउनुको क.क्रि **ठेउल्याइ**-भा.प्रे.धा.। **ठेउलिइनु**-ठेउलिनुको भा.क्रि. **ठेउलिइ**-भा.धा.। **ठेउलिई, ठेउलिएर, ठेउलिन, ठेउलि ठेउलिउन्जेल, ठेउलिंदाखेरि**-कृ.अ.। **ठेउलिनू**-वि **ठेउलिऊन्**-इ.। **ठेउलेला**-स.। (अ.क्रि.-डा. यादवक कुराले सबै ठेउलिए ।)

ठेक्नु-क्रि.मू.। **ठेक्**-आ.धा.। स.क्रि.; ठेक निश्चि गरिदिनु, ठेक्का तोक्नु, कुनै कामका निमित्त आवश्य पर्ने मानिस, रुपियाँ, समय आदि नियत गर्नु । **ठेका** (ठेक्+आइ)-भा.ना.। **ठेकाउनु**-प्रे.क्रि./स.क्रि.; ठे लाउनु, ठेकको निधो गराउनु । **ठेकाउ**-प्रे.धा.। **ठेकाइ** ठेकाउनुको क.क्रि.। **ठेकाइ**-क.प्रे.धा.। **ठेकिनु**- ठेक्नु क.क्रि.। **ठेकि**-क.धा.। **ठेकी, ठेकेर, ठेक्न, ठे ठेकुन्जेल, ठेक्दाखेरि**- कृ.अ.। **ठेक्नू**-वि.। **ठेकून्**- **ठेक्ला**-स.। (स.क्रि.-गाउँ भलाद्मीले अर्मल ठेक्यो ।)

ठेल्नु-क्रि.मू.। **ठेल्**-आ.धा.। स.क्रि.; धकेल्नु, घचेट अँचेट्नु, थिच्नु, खाँद्नु, कोच्नु, पेल्नु । ठेल (ठेल्+आइ)-भा.ना.। **ठेलाउनु**-प्रे.क्रि./स.क्रि.; ठेल लाउनु, घचेटाउनु । **ठेलाउ**-प्रे.धा.। **ठेलाइनु**- ठेलाउनु क.क्रि.। **ठेलाइ**-क.प्रे.धा.। **ठेलिनु**-ठेल्नुको क.क्रि.। ठेलि क.धा.। **ठेली, ठेलेर, ठेल्न, ठेल्दै, ठेलुन्जेल, ठेल्दाखेरि** कृ.अ.। **ठेल्नू** -वि.। **ठेलून्**-इ.। **ठेल्ला**- स.। (स.क्रि गाडावानले गाडा ठेल्यो ।)

ठेस्नु-क्रि.मू.। **ठेस्**-आ.धा.। स.क्रि.; अटाई-नअटाई हाल्नु, खाँद्नु, कोच्नु, जाक्नु, थिच्नु । **ठेसाइ** (ठेस्+आइ)-भा.ना.। **ठेसाउनु**- प्रे.क्रि./स.क्रि.; ठेस्न लाउनु, कोचाउनु । **ठेसाउ**-प्रे.धा.। **ठेसाइनु**-ठेसाउनुको क.क्रि.। **ठेसाइ**-क.प्रे.धा.। **ठेसिनु**-ठेस्नुको क.क्रि.। **ठेसि**-क.धा.। **ठेसी, ठेसेर, ठेस्न, ठेस्दै, ठेसुन्जेल, ठेस्दाखेरि**-कृ.अ.। **ठेस्नू**-वि.। **ठेसून्**- इ.। **ठेस्ला**- स.। (स.क्रि. - सरकारले भ्रष्टाचारीलाई जेलमा ठेस्यो ।)

ठेस्सिनु-क्रि.मू.। **ठेस्सि**-आ.धा.। अ.क्रि.; धक्का लाग्नु, मन नपर्ने गरी बस्नु, रिसले राखिनु, कोचिनु, खाँदिनु, घचेटिनु, ठोकिनु । **ठेस्स्याइ** (ठेस्सि+आइ)-भा.ना.। **ठेस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; धक्का लगाउनु, रिसले राख्नु । **ठेस्स्याउ**-प्रे.धा.। **ठेस्स्याइनु**-ठेस्स्याउनुको क.क्रि.। **ठेस्स्याइ**-भा.प्रे.धा.। **ठेस्सिइनु**-ठेस्सिनुको भा.क्रि.। **ठेस्सिइ**-भा.धा.। **ठेस्सिई, ठेस्सिएर, ठेस्सिन, ठेस्सिंदै, ठेस्सिउन्जेल, ठेस्सिंदाखेरि**-कृ.अ.। **ठेस्सिनू**-वि.। **ठेस्सिऊन्**-इ.। **ठेस्सेला**-स.। (अ.क्रि.-३५६ नं. को बस दमौली नजिकै भित्तामा ठेस्सियो ।)

ठोकिनु-क्रि.मू.। **ठोकि**-आ.धा.। स.क्रि.; ठक्कर लाग्नु । **ठोक्याइ** (ठोकि+आइ)-भा.ना.। **ठोक्याउनु**-प्रे.क्रि./स.क्रि.; ठोकिन लाउनु, ठोकिने पार्नु । **ठोक्याउ**- प्रे.धा.। **ठोक्याइनु**-ठोक्याउनुको क.क्रि.। **ठोक्याइ**-भा.प्रे.धा.। **ठोकिइनु**-ठोकिनुको भा.क्रि.। **ठोकिइ**-भा.धा.। **ठोकिई, ठोकिएर, ठोकिन, ठोकिंदै, ठोकिउन्जेल, ठोकिंदाखेरि**-कृ.अ.। **ठोकिनू**-वि.। **ठोकिऊन्**-इ.। **ठोकेला**-स.। (अ.क्रि.-मेरो कुहुनु एक्कासि भित्तामा ठोकियो ।)

ठोक्नु-क्रि.मू.। **ठोक्**-आ.धा.। स.क्रि.; जोडसित हान्नु, बेसरी हिर्काउनु, गाड्नु, ठोकुवा गर्नु, बजाउनु, निधो गर्नु । **ठोकाइ** (ठोक्+आइ)-भा.ना.। **ठोकाउनु**-प्रे.क्रि./स.क्रि.; ठोक्न लाउनु, कुटाउनु । **ठोकाउ**-प्रे.धा.। **ठोकाइनु**-ठोकाउनुको क.क्रि.। **ठोकाइ**-क.प्रे.धा.। **ठोकिनु**-ठोक्नुको क.क्रि.। **ठोकि**-क.धा.। **ठोकी, ठोकेर, ठोक्न, ठोक्तै, ठोकुन्जेल, ठोक्दाखेरि**-कृ.अ.। **ठोक्नू**-वि.। **ठोकून्**-इ.। **ठोक्ला**-स.। (स.क्रि.-चक्रपथमा ट्रकले ट्याक्सीलाई ठोक्यो ।)

ठोस्नु-क्रि.मू.। **ठोस्**-आ.धा.। स.क्रि.; सिठ्ठी झार्नका लागि बलिरहेको अगुल्टो घोच्नु, ठोस लाउनु, घच्का हान्नु, एउटै कुरो बारम्बार भन्नु, कोच्नु, खाँद्नु, दल्नु । **ठोसाइ** (ठोस्+आइ)-भा.ना.। **ठोसाउनु**-प्रे.क्रि./स.क्रि.; ठोस्न लाउनु । **ठोसाउ**-प्रे.धा.। **ठोसाइनु**-ठोसाउनुको क.क्रि.। **ठोसाइ**-क.प्रे.धा.। **ठोसिनु**-ठोस्नुको क.क्रि.। **ठोसि**-क.धा.। **ठोसी, ठोसेर, ठोस्न, ठोस्तै, ठोसुन्जेल, ठोस्दाखेरि**-कृ.अ.। **ठोस्नू**- वि.। **ठोसून्**- इ.। **ठोस्ला**-स.। (स.क्रि.-आगो बाल्नका निमित्त गोठालोले अगुल्टो ठोस्यो ।)

ठ्याँक्नु-क्रि.मू.। **ठ्याँक्**-आ.धा.। स.क्रि.; ठ्याँक खुवाउनु, गलहत्ती लाउनु, घोक्र्याउनु, बोल्न नसक्ने पारी ठक्कर दिएर परास्त गर्नु, डन्डी-बियो खेलमा बियोलाई उफारेर डन्डीले हान्नु, ठ्याँक लाउनु । **ठ्यँकाइ** (ठ्याँक्+आइ)-भा.ना.। **ठ्याँकिनु**- ठ्याँक्नुको क.क्रि.। **ठ्याँकि**-क.धा.। **ठ्याँकी, ठ्याँकेर, ठ्याँक्न, ठ्याँक्तै, ठ्याँकुन्जेल, ठ्याँक्दाखेरि**-कृ.अ.। **ठ्याँक्नू**-वि.। **ठ्याँकून्**-इ.। **ठ्याँक्ला**-स.। (स.क्रि.- लम्साल साहिंलोले डन्डीले बियोलाई ठ्याँक्यो ।)

ठ्याउनु-क्रि.मू.। **ठ्याउ**-आ.धा.। स.क्रि.; ठम्याउनु, राम्ररी हेरेर ठहऱ्याउनु, नियाल्नु, छुट्याउनु । **ठ्याइ** (ठ्याउ+आइ)-भा.ना.। **ठ्याइनु**-ठ्याउनुको क.क्रि.। **ठ्याइ**-क.धा.। **ठ्याई, ठ्याएर, ठ्याउँदै, ठ्याउन, ठ्याउन्जेल, ठ्याउँदाखेरि**-कृ.अ.। **ठ्याउनू**-वि.। **ठ्याऊन्**-इ.। **ठ्याउला**-स.। (स.क्रि-बूढा बाबुले साँझपख घर आइपुगेको लाहुरेलाई मुस्किलसंग ठ्याए ।)

ठ्यास्नु-क्रि.मू.। **ठ्यास्**-आ.धा.। स.क्रि.; ठेस्नु । **ठ्यस्याइ** (ठ्यास्+आइ)-भा.ना.। **ठ्यस्याउनु**- प्रे.क्रि./स.क्रि.; ठ्यास्न लाउनु, ठेस्याउनु । **ठ्यास्याउ**-प्रे.धा.। **ठ्यस्याइनु**-ठ्यस्याउनुको क.क्रि.। **ठ्यस्याइ**- क.प्रे.धा.। **ठ्यासिनु**-ठ्यास्नुको क.क्रि.। **ठ्यासि**-क.धा.। **ठ्यासी, ठ्यासेर, ठ्यास्न, ठ्यास्दै, ठ्यासुन्जेल, ठ्यास्दाखेरि**-कृ.अ.। **ठ्यास्नू**-वि.। **ठ्यासून्**-इ.। **ठ्यास्ला**-स.। (स.क्रि. - केटाकेटीहरूले नाकमा आच्छूयूँझारको ठेडी ठ्यासे ।)

ठ्यौलिनु-क्रि.मू.। **ठ्यौलि**-आ.धा.। अ.क्रि.; ठेउलिनु । **ठ्यौल्याइ** (ठ्यौलि+आइ)- भा.ना.। **ठ्यौल्याउनु**-प्रे.क्रि./स.क्रि.; ठेउल्याउनु । **ठ्यौल्याउ**-प्रे.धा.। **ठ्यौल्याइनु** -ठ्यौल्याउनुको क.क्रि.। **ठ्यौल्याइ**-भा.प्रे.धा.। **ठ्यौलिइनु**-ठ्यौलिनुको भा.क्रि.। **ठ्यौलिइ**-भा.धा.। **ठ्यौलिई, ठ्यौलिएर, ठ्यौलिन, ठ्यौलिंदै, ठ्यौलिउन्जेल, ठ्यौलिंदाखेरि**-कृ.अ.। **ठ्यौलिनू**-वि.। **ठ्यौलिऊन्**-इ.। **ठ्यौलेला**-स.। (अ.क्रि.-पंचायत ढलेपछि धेरै जाली-फटाहाहरू ठ्यौलिए ।)

ड

डँड्याउनु-क्रि.मू.। **डँड्याउ**-आ.धा.। स.क्रि.; खरले छाइने छानामा डाँडा हाल्नु, छानाका डाँडा बाँध्नु । **डँड्याइ** (डँड्याउ+आइ)-भा.ना.। **डँड्याइनु**-डँड्याउनुको क.क्रि.। **डँड्याइ**-क.धा.। **डँड्याई, डँड्याएर, डँड्याउन, डँड्याउँदै, डँड्याउन्जेल, डँड्याउँदाखेरि**-कृ.अ.। **डँड्याउनू**-वि.। **डँड्याऊन्**-इ.। **डँड्याउला**-स.। (स.क्रि.-सौर डाँडे कान्छाले घरको धुरी डँड्यायो ।)

डकार्नु-क्रि.मू.। **डकार्**-आ.धा.। स.क्रि.; पेटको वायु आवाजका साथ घाँटीबाट बाहिर निकाल्नु, डकार निकाल्नु, उर्ध्व वायु निकाल्नु, अघाउन्जेल खानु । **डकराइ** (डकार्+आइ)-भा.ना.। **डकारिनु**-डकार्नुको क.क्रि.। **डकारि**-क.धा.। **डकारी, डकारेर, डकार्न, डकार्दै, डकारुन्जेल, डकार्दाखेरि**-कृ.अ.। **डकार्नू**-वि.। **डकारून्**-इ.। **डकार्ला**-स.। (स.क्रि.-दयारामले डकार्‍यो ।)

डकुल्याउनु-क्रि.मू.। **डकुल्याउ**-आ.धा.। स.क्रि.; अरूको धन-माल पचाउनु, सित्तैमा पाएको बेला धेरै खानु, अघाउन्जेल खानु । **डकुल्याइ** (डकुल्याउ+आइ)-भा.ना.। **डकुल्याइनु**-डकुल्याउनुको क.क्रि.। **डकुल्याइ**-क.धा.। **डकुल्याई, डकुल्याएर, डकुल्याउँदै, डकुल्याउन, डकुल्याउन्जेल, डकुल्याउँदाखेरि**-कृ.अ.। **डकुल्याउनू**-वि.। **डकुल्याऊन्**-इ.। **डकुल्याउला**-स.। (स.क्रि.-तिनीहरूले बिहेभोजमा पुलाउ–मासु खूबसंग डकुल्याए ।)

डक्नु-क्रि.मू.। **डक्**-आ.धा.। स.क्रि.; कसैलाई दमन गर्नु, नियन्त्रण गर्नु, ऐँचनु, दबाउनु । **डकाइ** (डक्+आइ)-भा.ना.। **डकाउनु**- प्रे.क्रि./स.क्रि.; दमन गराउनु, दबाउनु । **डकाउ**- प्रे.धा.। **डकाइनु**-डकाउनुको क.क्रि.। **डकाइ**-क.प्रे.धा.। **डकिनु**-डक्नुको क.क्रि.। **डकि**-क.धा.। **डकी, डकेर, डक्न, डक्दै, डकुन्जेल, डक्दाखेरि**-कृ.अ.। **डक्नू**-वि.। **डकून्**-इ.। **डक्ला**-स.। (स.क्रि. - पंचायतले नेपाली जनतालाई तीस वर्षसम्म डक्यो ।)

डगडगाउनु-क्रि.मू.। **डगडगाउ**-आ.धा.। अ.क्रि.; डगडग गर्नु, बेसरी आगो बल्नु, डगमगाउनु, हल्लनु । **डगडगाइ** (डगडगाउ+आइ)-भा.ना.। **डगडगाइनु**-डगडगाउनुको भा.क्रि.। **डगडगाइ**- भा.धा.। **डगडगाई, डगडगाएर, डगडगाउन, डगडगाउँदै, डगडगाउन्जेल, डगडगाउँदाखेरि**-कृ.अ.। **डगडगाउनू** -वि.। **डगडगाऊन्**-इ.। **डगडगाउला**-स.। (अ.क्रि.-भूकम्पमा जमीन डगडगायो ।)

डगडगिनु-क्रि.मू.। **डगडगि**-आ.धा.। अ.क्रि.; डगडगा **डगडग्याइ** (डगडगि+आइ)-भा.ना.। **डगडग्या** प्रे.क्रि./स.क्रि.; हल्लाउनु । **डगडग्याउ**- प्रे. **डगडग्याइनु**-डगडग्याउनुको क.क्रि.। **डगडग्या** भा.प्रे.धा.। **डगडगिइनु**-डगडगिनुको भा.क्रि.। **डगडगि** भा.धा.। **डगडगिई, डगडगिएर, डगडगिन, डगडगि** **डगडगिउन्जेल, डगडगिंदाखेरि**-कृ.अ.। **डगडगिनू**-वि **डगडगिऊन्**-इ.। **डगडगेला**-स.। (अ.क्रि.-जङ्गलमा लागेको डढेलो खूबसंग डगडगियो ।)

डगमगाउनु-क्रि.मू.। **डगमगाउ**-आ.धा.। अ.क्रि.; डगम गर्नु, डगडगाउनु, हल्लनु, ढलमलाउनु । **डगमग** (डगमगाउ+आइ)-भा.ना.। **डगमगाइनु**-डगमगाउनु भा.क्रि.। **डगमगाइ**- भा.धा.। **डगमगाई** **डगमगाए** **डगमगाउन, डगमगाउँदै, डगमगाउन्जेल, डगमगाउँद** **खेरि**-कृ.अ.। **डगमगाउनू**-वि.। **डगमगाऊन्**- **डगमगाउला**-स.। (अ.क्रि.-आफ्नै दुई खराब व्यवहार गर्दा शंकर थापाको मन डगमगायो ।)

डगमगिनु-क्रि.मू.। **डगमगि**-आ.धा.। अ.क्रि.; डगमगाउ **डगमग्याइ** (डगमगि+आइ)-भा.ना.। **डगमग्याउ** प्रे.क्रि./स.क्रि.; डगमग पार्नु । **डगमग्याउ**-प्रे.धा **डगमग्याइनु**-डगमग्याउनुको क.क्रि.। **डगमग्याइ** भा.प्रे.धा.। **डगमगिइनु**-डगमगिनुको भा.क्रि.। **डगमगि** भा.धा.। **डगमगिई, डगमगिएर, डगमगिन, डगमगि** **डगमगिउन्जेल, डगमगिंदाखेरि**-कृ.अ.। **डगमगिनू**-वि **डगमगिऊन्**-इ.। **डगमगेला**-स.। (अ.क्रि.-नागेको ताल पानी डगमगियो ।)

डग्नु-क्रि.मू.। **डग्**-आ.धा.। अ.क्रि.; डगमगाउनु, हल्ल ठाउँ छोड्नु, चुक्नु, खुस्कनु । **डगाइ** (डग्+आइ)-भा.ना. **डगाउनु**-प्रे.क्रि./स.क्रि.; हल्लाउनु, गिराउनु, ढ गराउनु । **डगाउ**-प्रे.धा.। **डगाइनु**-डगाउनुको क.क्रि. **डगाइ**-भा.प्रे.धा.। **डगिनु**-डग्नुको भा.क्रि.। **डगि**-भा.धा **डगी, डगेर, डग्न, डग्दै, डगुन्जेल, डग्दाखेरि**-कृ.अ. **डग्नू**-वि.। **डगून्**-इ.। **डग्ला**-स.। (अ.क्रि.-तिनीहरू नैतिकतामा डगे ।)

डट्नु-क्रि.मू.। **डट्**-आ.धा.। अ.क्रि.; दृढ रहनु, आफ्ने विचारमा अडिग रहनु, फुर्तिसाथ कुनै काम गर्नु कसिकसाउ हुनु, ठाँटिनु, अड्नु, गड्कनु । **डटाइ** (डट् आइ)-भा.ना.। **डटाउनु**-प्रे.क्रि./स.क्रि.; डट्न लाउनु **डटाउ**-प्रे.धा.। **डटाइनु**-डटाउनुको क.क्रि.। **डटा** भा.प्रे.धा.। **डटिनु**-डट्नुको भा.क्रि.। **डटि**-भा.धा.। **डटी**

डटेर, डट्न, डट्तै, डट्नुन्जेल, डट्दाखेरि-कृ.अ.। **डट्नू**-वि.। **डटून्**-इ.। **डट्ला**-स.। (अ.क्रि.-जतिसुकै यातना दिएपनि गणेशमान सिंह आफ्नो विचारमा सधैं डटे ।)

डढ्नु-क्रि.मू.। **डढ्**-आ.धा. अ.क्रि.; आगोले पोलिनु, भुटे-पकाएको वस्तु आँच धेरै हुनाले खहरिनु, खरानी हुनु, चित्त दुख्नु, चिढिनु, कुँडिनु । **डढाइ** (डढ्+आइ)-भा.ना.। **डढाउनु**-प्रे.क्रि./स.क्रि.; आगोले पोल्नु, खरानी पार्नु, खहऱ्याउनु । **डढाउ**-प्रे.धा.। **डढाइनु**-डढाउनुको क.क्रि.। **डढाइ**-भा.प्रे.धा.। **डढिनु**-डढ्नुको भा.क्रि.। **डढि**-भा.धा.। **डढी, डढेर, डढ्न, डढ्दै, डढ्नुन्जेल, डढ्दाखेरि**-कृ.अ.। **डढ्नू**-वि.। **डढून्**-इ.। **डढ्ला**-स.। (अ.क्रि.-पंचायती गिरोहको जालझेल, छल-कपट सहँदा-सहँदा नेपाली जनताको मन डढ्यो ।)

डन्ठ्याउनु-क्रि.मू.। **डन्ठयाउ**-आ.धा.। स.क्रि.; डन्डाले कुट्नु, डन्ठाले हिर्काउनु । **डन्ठ्याइ** (डन्ठ्याउ+आइ)-भा.ना.। **डन्ठ्याइनु**-डन्ठ्याउनुको क.क्रि.। **डन्ठ्याइ**-क.धा.। **डन्ठयाई, डन्ठ्याएर, डन्ठयाउन, डन्ठ्याउँदै, डन्ठ्याउन्जेल, डन्ठयाउँदाखेरि**-कृ.अ.। **डन्ठ्याउनू**- वि.। **डन्ठ्याऊन्**-इ.। **डन्ठ्याउला**-स.। (स.क्रि.-पंचायती कडा निर्देशनमा प्रहरीहरूले धेरै देशभक्त नेपालीहरूलाई डन्ठ्याए ।)

डफल्क्याउनु-क्रि.मू.। **डफल्क्याउ**-आ.धा.। स.क्रि.; थङ्ग्न्याउनु, थङथिलो बनाउनु । **डफल्क्याइ** (डफल्क्याउ+आइ)-भा.ना.। **डफल्क्याइनु**-डफल्क्याउनुको क.क्रि.। **डफल्क्याइ**-क.धा.। **डफल्क्याई, डफल्क्याएर, डफल्क्याउन, डफल्क्याउँदै, डफल्क्याउन्जेल, डफल्क्याउँदाखेरि**-कृ.अ.। **डफल्क्याउनू**-वि.। **डफल्क्याऊन्**-इ.। **डफल्क्याउला**-स.। (स.क्रि.-रोपाइँमा हलीले खेतको गरो पुन: जोतेर डफल्क्यायो ।)

डफ्याउनु-क्रि.मू.। **डफ्याउ**-आ.धा.। स.क्रि.; खस्रो गरी जोत्नु, उक लगाएको ठाउँमा वा हिल्याएको ठाउँमा खस्री फेरि जोत्नु । **डफ्याइ** (डफ्याउ+आइ)-भा.ना.। **डफ्याइनु**-डफाउनुको क.क्रि.। **डफ्याइ**-क.धा.। **डफ्याई, डफ्याएर, डफ्याउन, डफ्याउँदै, डफ्याउन्जेल, डफ्याउँदाखेरि**-कृ.अ.। **डफ्याउनू**-वि.। **डफ्याऊन्**-इ.। **डफ्याउला**-स.। (स.क्रि.-हलीले बारी डफ्यायो ।)

डबडबाउनु-क्रि.मू.। **डबडबाउ**-आ.धा.। अ.क्रि.; आँसु रसाएर आँखा भरिनु । **डबडबाइ** (डबडबाउ+आइ)-भा.ना.। **डबडबाइनु**- डबडबाउनुको भा.क्रि.। **डबडबाइ** -भा.धा.। **डबडबाई, डबडबाएर, डबडबाउन, डबडबाउँदै, डबडबाउन्जेल, डबडबाउँदाखेरि**-कृ.अ.। **डबडबाउनू**-वि.। **डबडबाऊन्**-इ.। **डबडबाउला**-स.। (स.क्रि.-पश्चात्तापमा परेर त्यसका आँखा डबडबाए ।)

डबलिनु-क्रि.मू.। **डबलि**-आ.धा.। अ.क्रि.; एकको दुई हुनु, दोबर हुनु, दोहोरिनु । **डबल्याइ** (डबलि+आइ)-भा.ना.। **डबल्याउनु**-प्रे.क्रि./स.क्रि.; डबल पार्नु, दोहऱ्याउनु, एकको दुई बनाउनु । **डबल्याउ**-प्रे.धा.। **डबल्याइनु**-डबल्याउनुको क.क्रि.। **डबल्याइ**-भा.प्रे.धा.। **डबलिइनु**-डबलिनुको भा.क्रि. । **डबलिइ**- भा.धा.। **डबलिई, डबलिइएर, डबलिन, डबलिँदै, डबलिउन्जेल, डबलिंदाखेरि**-कृ.अ.। **डबलिनू**-वि.। **डबलिऊन्**-इ.। **डबलेला**-स.। (अ.क्रि.-एक वर्ष भित्रैमा धेरै सामानको मूल्य डबलियो ।)

डब्लिनु-क्रि.मू.। **डब्लि**-आ.धा.। अ.क्रि.; डबलिनु । **डब्ल्याइ** (डब्लि+आइ)-भा.ना.। **डब्ल्याउनु**- प्रे.क्रि./स.क्रि.; डबल्याउनु । **डब्ल्याउ**- प्रे.धा.। **डब्ल्याइनु**-डब्ल्याउनुको क.क्रि.। **डब्ल्याइ**-भा.प्रे.धा.। **डब्लिइनु**-डब्लिनुको भा.क्रि.। **डब्लिइ**-भा.धा.। **डब्लिई, डब्लिएर, डब्लिन, डब्लिँदै, डब्लिउन्जेल, डब्लिंदाखेरि**-कृ.अ.। **डब्लिनू**-वि.। **डब्लिऊन्**-इ.। **डब्लेला**-स.। (अ.क्रि. -प्यान्टको जोडाइमा सिलाइ डब्लियो ।)

डम्कनु-क्रि.मू.। **डम्क**-आ.धा.। अ.क्रि.; भरिभराउ हुनु, टम्म हुनु, गर्भधारणा गर्नु, पेट बोक्नु, भरिनु, डम्किनु । **डम्काइ** (डम्क+आइ)-भा.ना.। **डम्काउनु**-प्रे.क्रि./स.क्रि.; डम्कने पार्नु, टनाटन पार्नु । **डम्काउ**-प्रे.धा.। **डम्काइनु**-डम्काउनुको क.क्रि.। **डम्काइ**-भा.प्रे.धा.। **डम्किनु** -डम्कनुको भा.क्रि.। **डम्कि**-भा.धा.। **डम्की, डम्केर, डम्कन, डम्कँदै, डम्कुन्जेल, डम्कँदाखेरि**-कृ.अ.। **डम्कनू**-वि.। **डम्कून्**-इ.। **डम्कला**-स.। (अ.क्रि.-कुवामा पानी डम्क्यो ।)

डम्किनु-क्रि.मू.। **डम्कि**-आ.धा.। अ.क्रि.; हे. डम्कनु । **डम्क्याइ** (डम्कि+आइ)-भा.ना.। **डम्क्याउनु**- प्रे.क्रि./स.क्रि.; भरी पार्नु, डम्काउनु । **डम्क्याउ**-प्रे.धा.। **डम्क्याइनु**-डम्क्याउनुको क.क्रि.। **डम्क्याइ**-भा.प्रे.धा.। **डम्किइनु**-डम्किनुको भा.क्रि.। **डम्किइ**-भा.धा.। **डम्किई, डम्किएर, डम्किन, डम्किँदै, डम्किउन्जेल, डम्किंदाखेरि**-कृ.अ.। **डम्किनू**-वि.। **डम्किऊन्**-इ.। **डम्केला**-स.। (अ.क्रि.-वर्षा यामको आहालमा पानी डम्कियो ।)

डराउनु-क्रि.मू.। **डराउ**-आ.धा.। अ.क्रि.; भयभीत हुनु,

डरको अनुभव हुनु, थरहरी हुनु, आत्तिनु । **डराइ** (डराउ+आइ)-भा.ना.। **डराइनु**- डराउनुको भा.क्रि.। **डराइ**-भा.धा.। **डराई, डराएर, डराउन, डराउँदै, डराउन्जेल, डराउँदाखेरि**-कृ.अ.। **डराउनू**-वि.। **डराऊन्**-इ.। **डराउला**-स.। (अ.क्रि.-इमान्दारी व्यक्तित्वका अगाडि छुल्याईं गरेर बाँच्नेहरू डराए ।)

डल्लिनु-क्रि.मू.। **डल्लि**-आ.धा.। अ.क्रि.; विवश हुनु, डल्लो पर्नु, कूँजो हुनु, हात-गोडा नचल्ने हुनु, खुम्चिनु। **डल्ल्याइ** (डल्लि+आइ)-भा.ना.। **डल्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; डल्लिने पार्नु, खुम्च्याउनु, थचच्याउनु । **डल्ल्याउ**-प्रे.धा.। **डल्ल्याइनु**-डल्ल्याउनुको क.क्रि.। **डल्ल्याइ**-भा.प्रे.धा.। **डल्लिइनु**-डल्लिनुको भा.क्रि.। **डल्लिइ**-भा.धा.। **डल्लिई, डल्लिएर, डल्लिन, डल्लिँदै, डल्लिउन्जेल, डल्लिंदाखेरि**-कृ.अ.। **डल्लिनू**-वि.। **डल्लिऊन्**-इ.। **डल्लेला**-स.। (अ.क्रि.-यथार्थ कुरा खुलेपछि आततायी डल्लियो ।)

डस्नु-क्रि.मू.। **डस्** -आ.धा.। स.क्रि.; विषालु जीवले टोक्नु, सर्प आदिले डङ्क मार्नु, ठुङ्नु, डाँस्नु, टोकस्नु । **डसाइ** (डस्+आइ)-भा.ना.। **डसाउनु**-प्रे.क्रि./स.क्रि.; डस्न लाउनु । **डसाउ**- प्रे.धा.। **डसाइनु**-डसाउनुको क.क्रि.। **डसाइ**-क.प्रे.धा.। **डसिनु**-डस्नुको क.क्रि.। **डसि**-क.धा.। **डसी, डसेर, डस्न, डस्दै, डसुन्जेल, डस्दाखेरि**-कृ.अ.। **डस्नू**-वि.। **डसून्**-इ.। **डस्ला**-स.। (स.क्रि.-स्वाँरा बारीमा घाँस काट्ता सर्पले केशवलाई डस्यो ।)

डस्स्याउनु-क्रि.मू.। **डस्स्याउ**-आ.धा.। स.क्रि.; बिछ्याउनु, डसना आदि ओछ्याउनु । **डस्स्याइ** (डस्स्याउ+आइ)-भा.ना.। **डस्स्याइनु**- डस्स्याउनुको क.क्रि.। **डस्स्याइ**-क.धा.। **डस्स्याई, डस्स्याएर, डस्स्याउन, डस्स्याउँदै, डस्स्याउन्जेल, डस्स्याउँदाखेरि**-कृ.अ.। **डस्स्याउनू**- वि.। **डस्स्याऊन्**-इ.। **डस्स्याउला**- स.। (स.क्रि.-भरतले बैठककोठामा कार्पेट डस्स्यायो ।)

डहनु-क्रि.मू.। **डह**-आ.धा.। अ.क्रि.; डाह हुनु, भतभती पोल्नु, भवाउनु, पीरका कारणले मानसिक कष्ट हुनु । **डहाइ** (डह+आइ)-भा.ना.। **डहाउनु**-प्रे.क्रि./स.क्रि.; डाह गराउनु । **डहाउ**-प्रे.धा.। **डहाइनु**-डहाउनुको क.क्रि.। **डहाइ**-भा.प्रे.धा.। **डहिनु**-डहनुको भा.क्रि.। **डहि**-भा.धा.। **डही, डहेर, डहन, डहँदै, डहुन्जेल, डहँदाखेरि**-कृ.अ.। **डहनू**-वि.। **डहून्**-इ.। **डहला**-स.। (अ.क्रि.-पंचायती कालमा श्रमशोषण हुँदा नेपालीहरूको मन डह्यो ।)

डाँक्नु-क्रि.मू.। **डाँक्**-आ.धा.। स.क्रि.; पार गर्नु, उफ्रेर नाघ्नु, फड्कनु, तर्नु, तीव्र गतिले, धेरै हिंड्नु । **डँ** (डाँक्+आइ)-भा.ना.। **डँकाउनु**-प्रे.क्रि./स.क्रि.; **डाँ** लाउनु । **डँकाउ**-प्रे.धा.। **डँकाइनु**-डँकाउनुको क.क्रि **डँकाइ**-क.प्रे.धा.। **डाँकिनु**-डाँक्नुको क.क्रि.। **डाँकि** क.धा.। **डाँकी, डाँकेर, डाँक्न, डाँक्तै, डाँकुन्जे** **डाँक्दाखेरि**-कृ.अ.। **डाँक्नू**-वि.। **डाँकून्**-इ.। **डाँक्ला-** (स.क्रि.-बाघले वन सीमानाको खावा डाँक्यो ।)

डाँट्नु-क्रि.मू.। **डाँट्**-आ.धा.। स.क्रि.; ठूलो स्वर गाे गाली गर्नु, हप्काउनु, छ्याँस्नु, टोकस्नु । **डँटा** (डाँट्+आइ)-भा.ना.। **डँटाउनु**-प्रे.क्रि./स.क्रि., **डाँ** लाउनु । **डँटाउ**-प्रे.धा.। **डँटाइनु**- डँटाउनुको क.क्रि **डँटाइ**-क.प्रे.धा.। **डाँटिनु**-डाँट्नुको क.क्रि.। **डाँटि** क.धा.। **डाँटी, डाँटेर, डाँट्न, डाँट्तै, डाँटुन्जे** **डाँट्दाखेरि**-कृ.अ.। **डाँट्नू**-वि.। **डाँटून्**-इ.। **डाँट्ला-** (स.क्रि.-रातमा कुकुरले चोरलाई डाँट्यो ।)

डाँड्नु-क्रि.मू.। **डाँड्**- आ.धा.। स.क्रि.; दण्ड-जरीवा गर्नु, डाँड्ने काम गर्नु, सित्तैमा खर्च गराउनु । **डँड** (डाँड्+आइ)-भा.ना.। **डँडाउनु**- प्रे.क्रि./स.क्रि.; **डाँ** लाउनु । **डँडाउ**-प्रे.धा.। **डँडाइनु**-डँडाउनुको क.क्रि **डँडाइ**-क.प्रे.धा.। **डाँडिनु**-डाँड्नुको क.क्रि.। **डाँडि** क.धा.। **डाँडी, डाँडेर, डाँड्न, डाँड्दै, डाँडुन्जेल** **डाँड्दाखेरि**-कृ.अ.। **डाँड्नू**-वि.। **डाँडून्** -इ.। **डाँड्ला-स** (स.क्रि.-गाउँले भलाद्मीले बाटो मिच्नेलाई डाँडे ।)

डाँस्नु-क्रि.मू.। **डाँस्**-आ.धा.। स.क्रि.; फकाई-फुल्याइ अरूको वस्तु लिनु, फकाएर लिनु, डस्नु, ठग्नु, धुल **डँसाइ** (डाँस्+आइ)-भा.ना.। **डँसाउनु**-प्रे.क्रि./स.क्रि डाँस्न लाउनु, डँसाउनु । **डँसाउ** -प्रे.धा.। **डँसाइनु** डँसाउनुको क.क्रि.। **डँसाइ**-क.प्रे.धा.। **डाँसिनु** -डाँस्नु क.क्रि.। **डाँसि**-क.धा.। **डाँसी, डाँसेर, डाँस्न, डाँस** **डाँसुन्जेल, डाँस्दाखेरि**-कृ.अ.। **डाँस्नू**-वि.। **डाँसून्-इ** **डाँस्ला**-स.। (स.क्रि.-झिंगाले भैंसीलाई डाँस्यो ।)

डाक्नु-क्रि.मू.। **डाक्**-आ.धा.। स.क्रि.; बोलाउनु, पुका निम्तो गर्नु, 'आउ' भन्नु । **डकाइ** (डाक्+आइ)-भा.ना **डकाउनु**-प्रे.क्रि./स.क्रि.; डाक्न लाउनु । **डकाउ**-प्रे.धा **डकाइनु**-डकाउनुको क.क्रि.। **डकाइ**-क.प्रे.धा.। **डाकि** डाक्नुको क.क्रि.। **डाकि**-क.धा.। **डाकी, डाकेर, डाक** **डाक्तै, डाकुन्जेल, डाक्दाखेरि**-कृ.अ.। **डाक्नू-वि** **डाकून्**-इ.। **डाक्ला**-स.। (स.क्रि.-भाइले बहिनील डाक्यो ।)

डाद्नु-क्रि.मू.। **डाद्**-आ.धा.। स.क्रि.; फकाएर लि

धुत्नु, डाँस्नु । **डढाइ** (डाद्+आइ)-भा.ना.। **डाढिनु**-डाद्नुको क.क्रि.। **डाढि**-क.धा.। **डाढी, डाढेर, डाद्न, डाद्दै, डाढुन्जेल, डाद्दाखेरि**-कृ.अ.। **डाद्नू**-वि.। **डादून्**-इ.। **डाद्ला**-स.। (स.क्रि.-ठगले गाउँका मानिसलाई डाद्यो ।)

डाम्नु-क्रि.मू.। **डाम्**-आ.धा.। स.क्रि.; तातेको फलाम आदिले पोल्नु, डामल गर्नु, तातेको फलामले चिन्ह लाउनु, किरिया बस्ता मृतकको नाममा छोडिने साँढेका निम्ति बहरको फिलामा तताइएको फलामले त्रिशुल, चक्रको चिनो लाउनु । **डमाइ** (डाम्+आइ), **डाम** (डाम्+अ)-भा.ना.। **डामिनु**-डाम्नुको क.क्रि.। **डामि**-क.धा.। **डामी, डामेर, डाम्न, डाम्दै, डामुन्जेल, डाम्दाखेरि**-कृ.अ.। **डाम्नू**-वि.। **डामून्**-इ.। **डाम्ला**-स.। (स.क्रि.-झुक्किएर समाउँदा तातेको फलामे-पाताले हात डाम्यो ।)

डार्नु-क्रि.मू.। **डार्**-आ.धा.। स.क्रि.; तताएको घिउ-तेलमा कुनै वस्तु फुराउनु, हाल्नु, झान्नु । **डराइ** (डार्+आइ)-भा.ना.। **डारिनु**-डार्नुको क.क्रि.। **डारि**-क.धा.। **डारी, डारेर, डार्न, डार्दै, डारुन्जेल, डार्दाखेरि**-कृ.अ.। **डार्नू**-वि.। **डारून्**-इ.। **डार्ला**-स.। (स.क्रि.-भान्सेले डाडुमा घिउ तताएर मेथी डाऱ्यो ।)

डालिनु-क्रि.मू.। **डालि**-आ.धा.। अ.क्रि.; काम नगरी हल्लेर हिंड्नु, अल्लारिनु, लरखरिनु, बोट-बिरुवा राम्रोसंग डाला (हाँगा) हालेर बढ्नु, सल्काइलो भएर बढ्नु । **डल्याइ** (डालि+आइ)-भा.ना.। **डालिइनु**-डालिनुको भा.क्रि.। **डालिइ**-भा.धा.। **डालिई, डालिएर, डालिन, डालिंदै, डालिउन्जेल, डालिंदाखेरि**-कृ.अ.। **डालिनू**-वि.। **डालिऊन्**-इ.। **डालेला**-स.। (अ.क्रि.-पल्लोबारीको काभ्रोको रूख राम्रोसंग डालियो ।)

डिम्किनु-क्रि.मू.। **डिम्कि**-आ.धा.। अ.क्रि.; हे. डम्किनु । **डिम्क्याइ** (डिम्कि+आइ)-भा.ना.। **डिम्किइनु**-डिम्किनुको भा.क्रि.। **डिम्किइ**- भा.धा.। **डिम्किई, डिम्किएर, डिम्किन, डिम्किँदै, डिम्किउन्जेल, डिम्किंदाखेरि**-कृ.अ.। **डिम्किनू**-वि.। **डिम्किऊन्**- इ.। **डिम्केला**- स.। (अ.क्रि.-भच्चेकको आहालमा पानी डिम्कियो ।)

डिम्क्याउनु-क्रि.मू.। **डिम्क्याउ**-आ.धा.। स.क्रि.; मुड्कीले हान्नु, डिम्को दिनु, डिम्क्याउनु, मुक्क्याउनु । **डिम्क्याइ** (डिम्क्याउ+आइ)-भा.ना.। **डिम्क्याइनु** -डिम्क्याउनुको क.क्रि.। **डिम्क्याइ**-क.धा.। **डिम्क्याई, डिम्क्याएर, डिम्क्याउन, डिम्क्याउँदै, डिम्क्याउन्जेल, डिम्क्याउँदाखेरि**-कृ.अ.। **डिम्क्याउनू**- वि.। **डिम्क्याऊन्**-इ.। **डिम्क्याउला**-स.। (स.क्रि.-ज्यापूले साँढेलाई डिम्क्यायो ।)

डिम्म्याउनु-क्रि.मू.। **डिम्म्याउ**-आ.धा.। स.क्रि.; हे. डिम्क्याउनु । **डिम्म्याइ** (डिम्म्याउ+आइ)-भा.ना.। **डिम्म्याइनु**-डिम्म्याउनुको क.क्रि.। **डिम्म्याइ**-क.धा.। **डिम्म्याई, डिम्म्याएर, डिम्म्याउन, डिम्म्याउँदै, डिम्म्याउन्जेल, डिम्म्याउँदाखेरि**-कृ.अ.। **डिम्म्याउनू**-वि.। **डिम्म्याऊन्**-इ.। **डिम्म्याउला**-स.। (स.क्रि.-हलीले तहलाउन गोरुलाई डिम्म्यायो ।)

डुँडाउनु-क्रि.मू.। **डुँडाउ**-आ.धा.। अ.क्रि.; भाले र पोथी एक अर्कोको खोजमा हिंड्नु, सम्भोगको चाहानाले चाहार्नु, आन्तरिक छटपटीले कराउँदै हिंड्नु । **डुँडाइ** (डुँडाउ+आइ)-भा.ना.। **डुँडाइनु**-डुँडाउनुको भा.क्रि.। **डुँडाइ**-भा.धा.। **डुँडाई, डुँडाएर, डुँडाउँदै, डुँडाउन, डुँडाउन्जेल, डुँडाउँदाखेरि**-कृ.अ.। **डुँडाउनू**-वि.। **डुँडाऊन्**-इ.। **डुँडाउला**- स.। (अ.क्रि.-गाईको कोरली हिजो दिनभरि डुँडायो ।)

डुक्रनु-क्रि.मू.। **डुक्र**-आ.धा.। अ.क्रि.; ठूलो डाँको गरेर बोल्नु, साँढे आदि ठूलो स्वरले कराउनु, कुर्लनु, गर्जनु, घमण्डले फुलेर चर्को स्वरले बोल्नु । **डुक्राइ**-(डुक्र+आइ)-भा.ना.। **डुक्राउनु**-प्रे.क्रि./स.क्रि.; डुक्रन लाउनु । **डुक्राउ** -प्रे.धा.। **डुक्राइनु**- डुक्राउनुको क.क्रि.। **डुक्राइ** - भा.प्रे.धा.। **डुक्रिनु**-डुक्रनुको भा.क्रि.। **डुक्रि** -भा.धा.। **डुक्री, डुक्रेर, डुक्रन, डुक्रँदै, डुक्रुन्जेल, डुक्रँदाखेरि**-कृ.अ.। **डुक्रनू**-वि.। **डुक्रून्**-इ.। **डुक्रला**-स.। (अ.क्रि.-खुट्टाले भुइँ खोस्रेर जुरे गोरु डुक्र्यो ।)

डुक्रिनु-क्रि.मू.। **डुक्रि**-आ.धा.। अ.क्रि.; हे. डुक्रनु । **डुक्र्याइ** (डुक्रि+आइ)-भा.ना.। **डुक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; डुक्राउनु । **डुक्र्याउ**-प्रे.धा.। **डुक्र्याइनु**-डुक्र्याउनुको क.क्रि.। **डुक्र्याइ**-भा.प्रे.धा.। **डुक्रिइनु**- डुक्रिनुको भा.क्रि.। **डुक्रिइ**-भा.धा.। **डुक्रिई, डुक्रिएर, डुक्रिन, डुक्रिँदै, डुक्रिउन्जेल, डुक्रिंदाखेरि**-कृ.अ.। **डुक्रिनू**-वि.। **डुक्रिउन्**-इ.। **डुक्रेला**-स.। (अ.क्रि.-अतीतमा गरेको अर्घेल्याइँ छोप्न भञ्ज्याङी मालिक माइकमा डुक्रियो ।)

डुब्नु-क्रि.मू.। **डुब्**- आ.धा.। अ.क्रि.; पानीभित्र पस्नु, बुड्नु; पूरापूरा नष्ट हुनु, गडेर विचार गर्नु, कुनै कार्यमा तल्लीन हुनु, अन्तिम अवस्थामा पुग्नु । **डुबाइ** (डुब्+आइ)-भा.ना.। **डुबाउनु**-प्रे.क्रि./स.क्रि.; डुब्न लगाउनु, डुब्ने पार्नु । **डुबाउ**-प्रे.धा.। **डुबाइनु**-डुबाउनुको

क.क्रि.। **डुबाइ**-भा.प्रे.धा.। **डुबिनु**-डुब्नुको भा.क्रि.। **डुबि**-भा.धा.। **डुबी, डुबेर, डुब्दै, डुब्न, डुबुन्जेल, डुब्दाखेरि**-कृ.अ.। **डुब्नू**-वि.। **डुबून्**-इ.। **डुब्ला**-स.। (अ.क्रि.-डुङ्गा पानीमा डुब्यो ।)

डुल्नु-क्रि.मू.। **डुल्**- आ.धा.। अ.क्रि.; घुमफिर गर्नु, यताउति हिंड्नु, टहल्नु, घुम्नु । **डुलाइ** (डुल्+आइ)-भा.ना.। **डुलाउनु**-प्रे.क्रि./स.क्रि.; डुल्न लाउनु । **डुलाउ**-प्रे.धा.। **डुलाइनु**-डुलाउनुको क.क्रि.। **डुलाइ**- भा.प्रे.धा.। **डुलिनु**-डुल्नुको भा.क्रि.। **डुलि**-भा.धा.। **डुली, डुलेर, डुल्न, डुल्दै, डुलुन्जेल, डुल्दाखेरि**-कृ.अ.। **डुल्नू**-वि.। **डुलून्**-इ.। **डुल्ला**- स.। (अ.क्रि.-हामीहरू काफल-ऐसेलु खाँदै भच्चेकको जङ्गलतिर डुल्यौं ।)

डेब्रिनु-क्रि.मू.। **डेब्रि**-आ.धा.। अ.क्रि.; डेब्रो हुनु, टेढो स्वभावको हुनु, बाउँटिनु, टेढिनु । **डेब्र्याइ** (डेब्रि+आइ)-भा.ना.। **डेब्र्याउनु**-प्रे.क्रि./स.क्रि.; डेब्रो पार्नु । **डेब्र्याउ**-प्रे.धा.। **डेब्र्याइनु**- डेब्र्याउनुको क.क्रि.। **डेब्र्याइ**-भा.प्रे.धा.। **डेब्रिइनु**-डेब्रिनुको भा.क्रि.। **डेब्रिइ**-भा.धा.। **डेब्रिई, डेब्रिएर, डेब्रिंदै, डेब्रिन, डेब्रिउन्जेल, डेब्रिंदाखेरि**-कृ.अ.। **डेब्रिनू**-वि.। **डेब्रिऊन्**-इ.। **डेब्रेला**-स.। (अ.क्रि.-तिनीहरूको छलकपट बुझेर दलबहादुर डेब्रियो ।)

डेलिनु-क्रि.मू.। **डेलि**-आ.धा.। अ.क्रि.; अघाउनु, तृप्त हुनु । स.क्रि.; डुकुल्याउनु, पेट टुन्न हुने गरी धेरै खानु । **डेल्याइ** (डेलि+आइ)-भा.ना.। **डेल्याउनु**-प्रे.क्रि./स.क्रि.; डेलिने पार्नु । **डेल्याउ**-प्रे.धा.। **डेल्याइनु**-डेल्याउनुको क.क्रि.। **डेल्याइ**-भा.प्रे.धा./क.प्रे.धा.। **डेलिइनु**-डेलिनुको भा.क्रि./क.क्रि.। **डेलिइ**-भा.धा./क.धा.। **डेलिई, डेलिएर, डेलिन, डेलिंदै, डेलिउन्जेल, डेलिंदाखेरि**-कृ.अ.। **डेलिनू**-वि.। **डेलिऊन्**-इ.। **डेलेला**-स.। (अ.क्रि.-तपीको माडीमा चरेर भेडाबाखा डेलिए । स.क्रि.-त्यसले निक्को भात डेलियो ।)

डोब्नु-क्रि.मू.। **डोब्**-आ.धा.। स.क्रि.; डोब लाउनु, ठूलठूला टाँका मारेर सिउनु, फड्को मारेर तुन्नु, डुबाउनु, चोपल्नु, खिल्नु, घोच्नु । **डोबाइ** (डोब्+आइ)-भा.ना.। **डोबाउनु**- प्रे.क्रि./स.क्रि.; डोब्न लाउनु, चिनो लाउनु । **डोबाउ**-प्रे.धा.। **डोबाइनु**-डोबाउनुको क.क्रि.। **डोबाइ**-क.प्रे.धा.। **डोबिनु**-डोब्नुको क.क्रि.। **डोबि**-क.धा.। **डोबी, डोबेर, डोब्न, डोब्दै, डोबुन्जेल, डोब्दाखेरि**-कृ.अ.। **डोब्नू**-वि.। **डोबून्**-इ.। **डोब्ला**-स.। (स.क्रि.-सियोले दर्जीको मौलोमा डोब्यो ।)

डोरिनु-क्रि.मू.। **डोरि**- आ.धा.। अ.क्रि.; हात समातेर हिंडिनु, जता लग्यो उतै लागिनु, तानि **डोऱ्याइ** (डोरि+आइ)-भा.ना.। **डोऱ्याउनु**-प्रे.क्रि./स. समातेर हिंडाउनु, डोरीले बाँधेर घिच्च्याउनु, लगाएर लानु । **डोऱ्याउ**- प्रे.धा.। **डोऱ्याइनु**-डोऱ्याउ क.क्रि.। **डोऱ्याइ**-भा.प्रे.धा.। **डोरिइनु**-डोरिनुको भा. **डोरिइ**-भा.धा.। **डोरिई, डोरिएर, डोरिंदै,** डोरि **डोरिउन्जेल, डोरिंदाखेरि**-कृ.अ.। **डोरिनू**-वि.। **डोरि** इ.। **डोरेला**-स.। (अ.क्रि.-आबु खैरेनीमा मनकामना लागि बोकाहरू डोरिए ।)

डोल्नु-क्रि.मू.। **डोल्**-आ.धा.। अ.क्रि.; हल्लनु, झुल्नु **डोलाइ** (डोल्+आइ)-भा.ना.। **डोलाउनु**-प्रे.क्रि./स. हल्लाउनु, झुलाउनु; चमर, पङ्खा आदि हम्कनु, मिश्रि वस्तु छुट्याउन नाङ्लो हल्लाउनु । **डोलाउ**-प्रे. **डोलाइनु**-डोलाउनुको क.क्रि.। **डोलाइ**-भा.प्रे. **डोलिनु**-डोल्नुको भा.क्रि. ; हल्लिनु, झुलिनु । **डोलि** भा.धा.। **डोली, डोलेर, डोल्न, डोल्दै, डोलुन्जेल डोल्दाखेरि**-कृ.अ.। **डोल्नू**-वि.। **डोलून्**-इ.। **डोल्ला**- (अ.क्रि.-हावामा पिपलका पातहरू डोले ।)

डोल्याउनु-क्रि.मू.। **डोल्याउ**-आ.धा.। स.क्रि.; लाम्चो गोल पार्नु, डोलो पार्नु, डोलो काठको टुक्रा सहायताले बिउ राख्न ब्याड सम्म्याउनु । **डोल्या** (डोल्याउ+आइ)-भा.ना.। **डोल्याइनु**-डोल्याउनुको क.क्रि **डोल्याइ**-क.धा.। **डोल्याई, डोल्याएर, डोल्याउ डोल्याउँदै, डोल्याउन्जेल, डोल्याउँदाखेरि**-कृ. **डोल्याउनू**-वि.। **डोल्याऊन्**-इ.। **डोल्याउला**-स.। (स.क्रि. सिकर्मीले काठ डोल्यायो ।)

डोहोरिनु-क्रि.मू.। **डोहोरि**-आ.धा.। अ.क्रि.; डोरिनु **डोहोऱ्याइ** (डोहोरि+आइ)-भा.ना.। **डोहोऱ्याउनु**-प्रे.क्रि./ स.क्रि.; डोऱ्याउनु । **डोहोऱ्याउ**-प्रे.धा.। **डोहोऱ्याइ** डोहोऱ्याउनुको क.क्रि.। **डोहोऱ्याइ**-भा.प्रे.धा.। **डोहोरि** डोहोरिनुको भा.क्रि.। **डोहोरिइ**-भा.धा.। **डोहोरि**, **डोहोरिएर, डोहोरिन, डोहोरिंदै, डोहोरिउन्जे डोहोरिंदाखेरि**-कृ.अ.। **डोहोरिनू**-वि.। **डोहोरिऊन्**- **डोहोरेला**-स.। (अ.क्रि.-बेलुकीपख सबै गाईवस्तु गोठ डोहोरिए ।)

डौँडारिनु-क्रि.मू.। **डौँडारि**-आ.धा.। अ.क्रि.; भड्खा पर्नु, काम-काज नगरी यताउति डुल्नु, फटफटा घुम्नु, ढौँटारिनु । **डौँड्याइ** (डौँडारि+आइ)-भा.ना. **डौँडाऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; भड्खारो पार्नु, काम

काजसित यताउति डुलाउनु । **डौँड्याउ**- प्रे.धा.। **डौँड्याइनु**-डौँड्याउनुको क.क्रि.। **डौँड्याइ**-भा.प्रे.धा.। **डौँडारिइनु**-डौँडारिनुको भा.क्रि.। **डौँडारिइ**-भा.धा.। **डौँडारिई, डौँडारिएर, डौँडारिँदै, डौँडारिन, डौँडारिउन्जेल, डौँडारिंदाखेरि**-कृ.अ.। **डौँडारिनू** -वि.। **डौँडारिऊन्**-इ.। **डौँडारेला**- स.। (अ.क्रि.-पोखराको जमीन धेरै ठाउँमा डौँडारियो ।)

ढ

ढकढकिनु-क्रि.मू.। **ढकढकि** -आ.धा.। अ.क्रि.; ढोकाको खापामा हातले ठोक्ता ढकढक आवाज निस्कनु, ढोका खटखटाएर आफू आएको सूचना दिइनु, कुनै चीज राख्ता भाँडो ढकढकाएर टम्म पारिनु । **ढकढक्याइ** (ढकढकि+आइ)-भा.ना.। **ढकढक्याउनु**-प्रे.क्रि./स.क्रि.; ढकढक आवाज आउने गरी ढोकामा हिर्काउनु, धेरै अन्नपात अटाउन भाँडो हल्लाउनु, ढकढकिने पार्नु । **ढकडक्याउ**-प्रे.धा.। **ढकढक्याइनु**-ढकढक्याउनुको क.क्रि.। **ढकढक्याइ**-भा.प्रे.धा.। **ढकढकिइनु**-ढकढकिनुको भा.क्रि.। **ढकढकिइ**-भा.धा.। **ढकढकिई, ढकढकिएर, ढकढकिँदै, ढकढकिन, ढकढकिउन्जेल, ढकढकिंदाखेरि**-कृ.अ.। **ढकढकिनू**-वि.। **ढकढकिऊन्**-इ.। **ढकढकेला**-स.। (अ.क्रि.-आज बिहानै घरको मूलढोका ढकढकियो ।)

ढडिनु-क्रि.मू.। **ढडि**-आ.धा.। अ.क्रि.; लेनदेन व्यवहारमा दिन बाध्य हुनु, भिज्नु, फुल्नु । **ढड्याइ** (ढडि+आइ)-भा.ना.। **ढड्याउनु**-प्रे.क्रि./स.क्रि.; ढडाउनु, हड्याउनु । **ढड्याउ**-प्रे.धा.। **ढड्याइनु**-ढड्याउनुको क.क्रि.। **ढड्याइ**-भा.प्रे.धा.। **ढडिइनु**-ढडिनुको भा.क्रि.। **ढडिइ**-भा.धा.। **ढडिई, ढडिएर, ढडिन, ढडिँदै, ढडिउन्जेल, ढडिंदाखेरि**-कृ.अ.। **ढडिनू**-वि.। **ढडिऊन्**-इ.। **ढडेला**-स.। (अ.क्रि.-रातभरि पालबाहिर पडेको हिलारीको बुठजुत्ता खूबसँग ढडियो ।)

ढड्नु-क्रि.मू.। **ढड्**-आ.धा.। स.क्रि.; लेनदेन व्यवहारमा दिन बाध्य गराउनु । अ.क्रि.; फुल्नु वा भिज्नु । **ढडाइ** (ढड्+आइ), (ढडाउ+आइ)-भा.ना.। **ढडाउनु**-प्रे.क्रि./स.क्रि.; लेनदेन व्यवहारमा धरपकड गर्नु, हड्याउनु, फुलाउनु । **ढड्याउ**-प्रे.धा.। **ढडाइनु**-ढडाउनुको क.क्रि.। **ढडाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **ढडिनु**-ढड्नुको क.क्रि./भा.क्रि.। **ढडि**-क.धा./भा.धा.। **ढडी, ढडेर, ढड्न, ढड्दै, ढड्नुन्जेल, ढड्दाखेरि**-कृ.अ.। **ढड्नू**-वि.। **ढड्नून्**-इ.। **ढड्ला**-स.। (स.क्रि.-साहूले आसामीलाई ढड्यो । अ.क्रि.-चना पानीमा ढड्यो ।)

ढप्काउनु-क्रि.मू.। **ढप्काउ** -आ.धा.। स.क्रि.; बाहिरबाट खोल्न सकिने गरी झ्याल, ढोकाका खापा बन्द गर्नु । **ढप्काइ** (ढप्काउ+आइ)-भा.ना.। **ढप्काइनु**-ढप्काउनुको क.क्रि.। **ढप्काइ**-क.धा.। **ढप्काई, ढप्काएर, ढप्काउन, ढप्काउँदै, ढप्काउन्जेल, ढप्काउँदाखेरि**-कृ.अ.। **ढप्काउनू**-वि.। **ढप्काऊन्**-इ.। **ढप्काउला**-स.। (स.क्रि.-त्यसले घरको ढोका ढप्कायो ।)

ढलपलाउनु-क्रि.मू.। **ढलपलाउ**-आ.धा.। अ.क्रि.; ढलपल गर्ने काम हुनु, पानीमा हल्लनु, टलपलाउनु । **ढलपलाइ** (ढलपलाउ+आइ)-भा.ना.। **ढलपलाइनु**-ढलपलाउनुको भा.क्रि.। **ढलपलाइ** -भा.धा.। **ढलपलाई, ढलपलाएर, ढलपलाउन, ढलपलाउँदै, ढलपलाउन्जेल, ढलपलाउँदाखेरि**-कृ.अ.। **ढलपलाउनू**-वि.। **ढलपलाऊन्**-इ.। **ढलपलाउला**-स.। (अ.क्रि.-गोरखाको नारदपोखरीमा निर्मल जल ढलपलायो ।)

ढलमलाउनु-क्रि.मू.। **ढलमलाउ**-आ.धा.। अ.क्रि.; ढलमल हुनु, आफूलाई नियन्त्रण गर्न नसकी लड्न खोज्नु, डगमगाउनु । **ढलमलाइ** (ढलमलाउ+आइ)-भा.ना.। **ढलमलाइनु**-ढलमलाउनुको-भों.क्रि.। **ढलमलाइ**-भा.धा.। **ढलमलाई, ढलमलाएर, ढलमलाउन, ढलमलाउँदै, ढलमलाउन्जेल, ढलमलाउँदाखेरि**-कृ.अ.। **ढलमलाउनू**-वि.। **ढलमलाऊन्**-इ.। **ढलमलाउला**-स.। (अ.क्रि.-पैंतालीस सालको भूकम्पमा जमीन खूबसँग ढलमलायो ।)

ढलमलिनु-क्रि.मू.। **ढलमलि**-आ.धा.। अ.क्रि.; ढलमलाउनु । **ढलमल्याइ** (ढलमलि.आइ)-भा.ना.। **ढलमल्याउनु**-प्रे.क्रि./स.क्रि.; ढलमलिने पार्नु । **ढलमल्याउ**-प्रे.धा.। **ढलमल्याइनु**-ढलमल्याउनुको क.क्रि.। **ढलमल्याइ**-भा.प्रे.धा.। **ढलमलिइनु**-ढलमलिनुको भा.क्रि.। **ढलमलिइ**-भा.धा.। **ढलमलिई, ढलमलिएर, ढलमलिन, ढलमलिँदै, ढलमलिउन्जेल, ढलमलिंदाखेरि**-कृ.अ.। **ढलमलिनू**-वि.। **ढलमलिऊन्**-इ.। **ढलमलेला**-स.। (अ.क्रि.-जँड्याहा हिंड्दा ढलमलियो ।)

ढल्नु-क्रि.मू.। **ढल्**-आ.धा.। अ.क्रि.; लड्नु, पल्टनु, हार्नु, बित्नु, मर्नु । **ढलाइ** (ढल्+आइ)-भा.ना.। **ढलाउनु**-स.क्रि.; ढल्न लाउनु, ढाल्नु । **ढलाउ**-प्रे.धा.। **ढलाइनु**-ढलाउनुको क.क्रि.। **ढलाइ**-भा.प्रे.धा.। **ढलिनु** - ढल्नुको

भा.क्रि.। **ढलि**- भा.धा.। **ढली, ढलेर, ढल्न, ढल्दै, ढलुन्जेल, ढल्दाखेरि**-कृ.अ.। **ढल्नू**-वि.। **ढलून्**-इ.। **ढल्ला**-स.। (अ.क्रि.-रक्सीको गिलास ढल्यो ।)

ढल्कनु-क्रि.मू.। **ढल्क**-आ.धा.। अ.क्रि.; ठाडो वस्तु केही निहुरनु, पक्ष लिनु, समय बित्नु, एकातिर झुक्नु, टेडो हुनु । **ढल्काइ** (ढल्क+आइ), (ढल्काउ+आइ)-भा.ना.। **ढल्काउनु**-प्रे.क्रि./स.क्रि.; निहुराउनु, झुकाउनु, आफ्नो मतमा ल्याउनु । **ढल्काउ**- प्रे.धा.। **ढल्काइनु**-ढल्काउनुको क.क्रि.। **ढल्काइ**-भा.प्रे.धा.। **ढल्किनु**-ढल्कनुको भा.क्रि.। **ढल्कि**-भा.धा.। **ढल्की, ढल्केर, ढल्कन, ढल्कँदै, ढल्कुन्जेल, ढल्कँदाखेरि**-कृ.अ.। **ढल्कनू**-वि.। **ढल्कून्**-इ.। **ढल्कला**-स.। (अ.क्रि.-चुल्याउँदा-चुल्याउँदै टौवा उत्तरतर्फ ढल्क्यो ।)

ढल्किनु-क्रि.मू.। **ढल्कि**-आ.धा.। अ.क्रि.; हे. ढल्कनु । **ढल्क्याइ** (ढल्कि+आइ), **ढल्क्याहट** (ढल्कि+आहट) भा.ना.। **ढल्क्याउनु**- प्रे.क्रि./स.क्रि.; ढल्किने पार्नु । **ढल्क्याउ**-प्रे.धा.। **ढल्क्याइनु**-ढल्क्याउनुको क.क्रि.। **ढल्क्याइ**-भा.प्रे.धा.। **ढल्किइनु**-ढल्किनुको भा.क्रि.। **ढल्किइ**-भा.धा.। **ढल्किई, ढल्किएर, ढल्किन, ढल्किँदै, ढल्किउन्जेल, ढल्किंदाखेरि**-कृ.अ.। **ढल्किनू**-वि.। **ढल्किऊन्**-इ.। **ढल्केला**-स.। (अ.क्रि.-सुत्ता-सुत्तै रीता अर्को कोल्टो ढल्किई ।)

ढाँट्नु-क्रि.मू.। **ढाँट्**-आ.धा.। स.क्रि.; असत्य बोल्नु, झूटो बोल्नु, असत् कुरो गर्नु, नभएको कुरो भन्नु, छकाउनु, झुक्याउनु । **ढँटाइ** (ढाँट्+आइ)-भा.ना.। **ढँटाउनु**-प्रे.क्रि./स.क्रि.; ढाँट्न लाउनु, असत् कुरा भनाउनु । **ढँटाउ**- प्रे.धा.। **ढँटाइनु**-ढँटाउनुको क.क्रि.। **ढँटाइ**-क.प्रे.धा.। **ढाँटिनु**-ढाँट्नुको क.क्रि.। **ढाँटि**-क.धा.। **ढाँटी, ढाँटेर, ढाँट्न, ढाँट्तै, ढाँटुन्जेल, ढाँट्दाखेरि**-कृ.अ.। **ढाँट्नू**-वि.। **ढाँटून्**-इ.। **ढाँट्ला**-स.। (स.क्रि. - पंचायतले जनतालाई ढाँट्यो ।)

ढाक्नु-क्रि.मू.। **ढाक्**-आ.धा.। स.क्रि.; छोप्नु, फैलनु, ओगट्नु, लुकाउनु, भ्याउनु । **ढकाइ** (ढाक्+आइ)-भा.ना.। **ढकाउनु**-प्रे.क्रि./स.क्रि.; ढाक्न लाउनु, ढाक्ने पार्नु, छोपाउनु । **ढकाउ**-प्रे.धा.। **ढकाइनु**- ढकाउनुको क.क्रि.। **ढकाइ**-क.प्रे.धा.। **ढाकिनु**-ढाक्नुको क.क्रि.। **ढाकि**-क.धा.। **ढाकी, ढाकेर, ढाक्न, ढाक्तै, ढाकुन्जेल, ढाक्दाखेरि**-कृ.अ.। **ढाक्नू**-वि.। **ढाकून्**-इ.। **ढाक्ला**-स.। (स.क्रि. - कात्रोले लाशलाई ढाक्यो ।)

ढाडिनु-क्रि.मू.। **ढाडि**-आ.धा.। अ.क्रि.; पानीमा भिजेर फुल्नु, ढुस्सिनु, ढुस्स पर्नु, बेसरी खानु, बोक्नु । **ढड्याइ** (ढाडि+आइ)-भा.ना.। **ढड्याउ** प्रे.क्रि./स.क्रि.; ढाडिने गराउनु, भिजाउनु, ढुस्या पेट बोकाउनु । **ढड्याउ**- प्रे.धा.। **ढड्याइनु**-ढड्याउ क.क्रि.। **ढड्याइ**-भा.प्रे.धा.। **ढाडिइनु**-ढाडिनुको भा. **ढाडिइ**-भा.धा.। **ढाडिई, ढाडिएर, ढाडिन, ढाडिउन्जेल, ढाडिंदाखेरि**-कृ.अ.। **ढाडिनू**-वि.। **ढाडि** इ.। **ढाडेला**-स.। (अ.क्रि.-पानीमा भिजाएको चना बे ढाडियो ।)

ढाप्नु-क्रि.मू.। **ढाप्**- आ.धा.। स.क्रि.; धेरै ठाउँ ओगट्नु, ढाक्नु, चाप्नु । **ढपाइ** (ढाप्+आइ)-भा. **ढपाउनु**-प्रे.क्रि./स.क्रि.; ढाप्न लाउनु, छोपाउनु । -प्रे.धा.। **ढपाइनु**- ढपाउनुको क.क्रि.। **ढपाइ** -क.प्रे. **ढापिनु**-ढाप्नुको क.क्रि.। **ढापि**-क.धा.। **ढापी, ढाप्न, ढाप्तै, ढापुन्जेल, ढाप्दाखेरि**-कृ.अ.। **ढाप्नू**- **ढापून्**-इ.। **ढाप्ला**-स.। (स.क्रि.-तराईमा सुकुम्बासीह जङ्गलको धेरै भाग ढापे ।)

ढाल्नु-क्रि.मू.। **ढाल्**-आ.धा.। स.क्रि.; सिमेन्ट, आदिलाई पगालेर साँचामा हाली विभिन्न प्रकारका बनाउनु, आफ्नो विचारमा हाली विभिन्न प्रकारका बनाउनु, आफ्नो विचारमा परिणत गर्नु, विपक्षी हराउनु, ठडिएको वस्तुलाई लडाउनु, पल्टाउनु । **ढलाइ** (ढाल्+आइ), (ढलाउ+आइ)-भा. **ढलाउनु**-प्रे.क्रि./स.क्रि.; ढाल्न लाउनु, पल्टाउनु **ढलाउ**-प्रे.धा.। **ढलाइनु**-ढलाउनुको क.क्रि.। क.प्रे.धा.। **ढालिनु**-ढाल्नुको क.क्रि.। **ढालि**-क.धा.। **ढालेर, ढाल्न, ढाल्दै, ढालुन्जेल, ढाल्दाखेरि**-कृ. **ढाल्नू**-वि.। **ढालून्**-इ.। **ढाल्ला**-स.। (स.क्रि. - तस्करीहरूले धेरै रूखहरू ढाले ।)

ढिलाउनु-क्रि.मू.। **ढिलाउ**-आ.धा.। अ.क्रि.; ढिलो विलम्ब गर्नु, सुस्त हुनु, जुम्सो हुनु । (ढिलाउ+आइ)-भा.ना.। **ढिलाइनु** -ढिलाउनुको भा. **ढिलाइ**-भा.धा.। **ढिलाई, ढिलाएर, ढिलाउन, ढिलाउन्जेल, ढिलाउँदाखेरि**-कृ.अ.। **ढिलाउनू**- **ढिलाऊन्**-इ.। **ढिलाउला**-स.। (अ.क्रि.-यो वर्ष मकै ढिलायो ।)

ढिल्याउनु-क्रि.मू.। **ढिल्याउ**-आ.धा.। स.क्रि.; ढीलो ढिलो पार्नु, विलम्ब गर्नु । **ढिलाइँ** (ढिल्याउ+आ भा.ना.। **ढिल्याइनु**-ढिलाउनुको क.क्रि.। **ढिल्याइ**-क. **ढिल्याई, ढिल्याएर, ढिल्याउन, ढिल्याउँदै, ढिल्याउन् ढिल्याउँदाखेरि**-कृ.अ.। **ढिल्याउनू**-वि.। **ढिल्याऊन्**

ढिल्याउला-स.। (स.क्रि.-कुल्लीहरूले कामलाई ढिल्याए ।)

ढुँड्नु-क्रि.मू.। **ढुँड्**-आ.धा.। स.क्रि.; खोज-तलाश गर्नु, पत्ता लाउनु, खोजी गर्नु, खोज्नु । **ढुँडाइ** (ढुँड्+आइ)-भा.ना.। **ढुँडाउनु** -प्रे.क्रि./स.क्रि.; ढुँड्न लाउनु, खोजी गराउनु । **ढुँडाउ**- प्रे.धा.। **ढुँडाइनु**-ढुँडाउनुको क.क्रि.। **ढुँडाइ**-क.प्रे.धा.। **ढुँडिनु**- ढुँड्नुको क.क्रि.। **ढुँडि**-क.धा.। **ढुँडी, ढुँडेर, ढुँड्न, ढुँड्दै, ढुँड्नुन्जेल, ढुँड्दाखेरि**-कृ.अ.। **ढुँड्नू**-वि.। **ढुँड्नून्**-इ.। **ढुँड्ला**-स.। (स.क्रि.-मैले बजारमा हराएको बच्चा ढुँडें ।)

ढुकढुकाउनु-क्रि.मू.। **ढुकढुकाउ**-आ.धा.। अ.क्रि.; डर आदिको कारणले मुटु ढुकढुक गर्नु, डराउनु । **ढुकढुकाइ** (ढुकढकाउ+आइ)-भा.ना.। **ढुकढुकाइनु**-ढुकढुकाउनुको भा.क्रि.। **ढुकढुकाइ**- भा.धा.। **ढुकढुकाई, ढुकढुकाएर, ढुकढुकाउन, ढुकढुकाउँदै, ढुकढुकाउन्जेल, ढुकढुकाउँदाखेरि**-कृ.अ.। **ढुकढुकाउनू**-वि.। **ढुकढुकाऊन्**-इ.। **ढुकढुकाउला**-स.। (अ.क्रि.-दुर्घटनाग्रस्त बसलाई देख्ता मेरो मुटु ढुकढुकायो ।)

ढुकढुकिनु-क्रि.मू.। **ढुकढुकि** -आ.धा.। अ.क्रि.; बेसरी पिटिनु, मुड्कीले हानिनु । **ढुकढुक्याइ** (ढुकढुकि+आइ)-भा.ना.। **ढुकढुक्याउनु**- प्रे.क्रि./स.क्रि.; ढुकढुकिने गराउनु, मुड्की-मुड्कीले गोद्नु । **ढुकढुक्याउ**- प्रे.धा.। **ढुकढुक्याइनु**-ढुकढुक्याउनुको क.क्रि.। **ढुकढुक्याइ**-भा.प्रे.धा.। **ढुकढुकिइनु**-ढुकढुकिनुको भा.क्रि.। **ढुकढुकिइ**-भा.धा.। **ढुकढुकिई, ढुकढुकिएर, ढुकढुकिन, ढुकढुकिंदै, ढुकढुकिउन्जेल, ढुकढुकिंदाखेरि**-कृ.अ.। **ढुकढुकिनू**-वि.। **ढुकढुकिऊन्**-इ.। **ढुकढुकेला** -स.। (अ.क्रि.-धारापानीको चक्रबहादुर जात्रामा बेसरी ढुकढुकियो ।)

ढुकढुक्याउनु-क्रि.मू.। **ढुकढुक्याउ**-आ.धा.। स.क्रि.; मुड्कीले हान्नु, डिम्क्याउनु, ढुक्क्याउनु । **ढुकढुक्याइ** (ढुकढुक्याउ+आइ)-भा.ना.। **ढुकढुक्याइनु**-ढुकढुक्याउनुको क.क्रि.। **ढुकढुक्याइ** -क.धा.। **ढुकढुक्याई, ढुकढुक्याएर, ढुकढुक्याउन, ढुकढुक्याउँदै, ढुकढुक्याउन्जेल, ढुकढुक्याउँदाखेरि**-कृ.अ.। **ढुकढुक्याउनू**-वि.। **ढुकढुक्याऊन्**-इ.। **ढुकढुक्याउला**-स.। (स.क्रि.-गुण्डाहरूले महादेव गुरुङलाई ढुकढुक्याए ।)

ढुक्नु-क्रि.मू.। **ढुक्**-आ.धा.। स.क्रि.; पर्खेर बस्नु, बाटो हेर्नु, प्रतीक्षा गर्नु, कुर्नु, पर्खनु । **ढुकाइ** (ढुक्+आइ)-भा.ना.। **ढुकाउनु**-प्रे.क्रि./स.क्रि.; ढुक्न लाउनु, पर्खाउनु । **ढुकाउ**-प्रे.धा.। **ढुकाइनु**-ढुकाउनुको क.क्रि.। **ढुकाइ**-क.प्रे.धा.। **ढुकिनु**-ढुक्नुको क.क्रि.। **ढुकि**-क.धा.। **ढुकी, ढुकेर, ढुक्न, ढुक्तै, ढुकुन्जेल, ढुक्दाखेरि**-कृ.अ.। **ढुक्नू**-वि.। **ढुकून्**-इ.। **ढुक्ला**-स.। (स.क्रि.-स्यालले कुखुरा ढुक्यो ।)

ढुक्क्याउनु-क्रि.मू.। **ढुक्क्याउ**-आ.धा.। स.क्रि.; डिम्क्याउनु, मुक्क्याउनु, ढुकढुक्याउनु, ढुक्क शब्द आउने गरी मुड्कीले हान्नु । **ढुक्क्याइ** (ढुक्क्याउ+आइ)-भा.ना.। **ढुक्क्याइनु**- ढुक्क्याउनुको क.क्रि.। **ढुक्क्याइ**-क.धा.। **ढुक्क्याई, ढुक्क्याएर, ढुक्क्याउन, ढुक्क्याउँदै, ढुक्क्याउन्जेल, ढुक्क्याउँदाखेरि**-कृ.अ.। **ढुक्क्याउनू**-वि.। **ढुक्क्याऊन्**-इ.। **ढुक्क्याउला**-स.। (स.क्रि.-बालीले सुग्रीवलाई ढुक्क्यायो ।)

ढुङ्ग्रिनु-क्रि.मू.। **ढुङ्ग्रि**-आ.धा.। अ.क्रि.; ढुङ्ग्रो जस्तो हुनु, खुल्किनु, नेठिनु । **ढुङ्ग्र्याइ** (ढुङ्ग्रि+आइ)-भा.ना.। **ढुङ्ग्र्याउनु**-प्रे.क्रि./स.क्रि.; ढुङ्ग्रो जस्तै पार्नु, ढुङ्ग्रिन लाउनु, खुल्क्याउनु । **ढुङ्ग्र्याउ**-प्रे.धा.। **ढुङ्ग्र्याइनु**-ढुङ्ग्र्याउनुको क.क्रि.। **ढुङ्ग्र्याइ**-भा.प्रे.धा.। **ढुङ्ग्र्याइनु**-ढुङ्ग्रिनुको भा.क्रि.। **ढुङ्ग्रिइ**-भा.धा.। **ढुङ्ग्रिई, ढुङ्ग्रिएर, ढुङ्ग्रिन, ढुङ्ग्रिंदै, ढुङ्ग्रिउन्जेल, ढुङ्ग्रिंदाखेरि**-कृ.अ.। **ढुङ्ग्रिनू**- वि.। **ढुङ्ग्रिऊन्**-इ.। **ढुङ्ग्रेला**-स.। (अ.क्रि.-सेती नदी भित्र-भित्रै ढुङ्ग्रियो ।)

ढुनमुनाउनु-क्रि.मू.। **ढुनमुनाउ**- आ.धा.। अ.क्रि.; धच्याङमच्याङ हुनु, पछारिन खोज्नु, धरमराएर लड्नु, ढुनमुनिनु, धरमराउनु, पछारिन खोज्नु । **ढुनमुनाइ** (ढुनमुनाउ+आइ)-भा.ना.। **ढुनमुनाइनु**-ढुनमुनाउनुको भा.क्रि.। **ढुनमुनाइ**- भा.धा.। **ढुनमुनाई, ढुनमुनाएर, ढुनमुनाउन, ढुनमुनाउँदै, ढुनमुनाउन्जेल, ढुनमुनाउँदाखेरि**-कृ.अ.। **ढुनमुनाउनू**-वि.। **ढुनमुनाऊन्**-इ.। **ढुनमुनाउला**-स.। (अ.क्रि. - कमजोरी मानिस हिंड्दा ढुनमुनायो ।)

ढुनमुनिनु-क्रि.मू.। **ढुनमुनि**-आ.धा.। अ.क्रि.; हे. ढुनमुनाउनु । **ढुनमुन्याइ** (ढुनमुनि+आइ)-भा.ना.। **ढुनमुन्याउनु**-प्रे.क्रि./स.क्रि., ढुनमुनिने पार्नु, धरमर तुल्याउनु । **ढुनमुन्याउ** -प्रे.धा.। **ढुनमुन्याहट** (ढुनमुनि+आहट), **ढुनमुन्याइ** (ढुनमुन्याउ+आइ)-भा.ना.। **ढुनमुन्याइनु**-ढुनमुन्याउनुको क.क्रि.। **ढुनमुन्याइ**-भा.प्रे.धा.। **ढुनमुनिइनु**-ढुनमुनिनुको भा.क्रि.। **ढुनमुनिइ**-भा.धा.। **ढुनमुनिई, ढुनमुनिएर, ढुनमुनिन, ढुनमुनिंदै, ढुनमुनिउन्जेल, ढुनमुनिंदाखेरि**-कृ.अ.। **ढुनमुनिनू**-वि.। **ढुनमुनिऊन्**-इ.। **ढुनमुनेला**-स.। (अ.क्रि.-लैनूपाडो उठेर हिंड्न खोज्दा ढुनमुनियो ।)

ढुवाउनु-क्रि.मू.। **ढुवाउ**-आ.धा.। स.क्रि.; मालताल बोकाउनु, मालताल ओसार्नु । **ढुवाइ** (ढुवाउ+आइ)-भा.ना.। **ढुवाइनु**-ढुवाउनुको क.क्रि.। **ढुवाइ**-क.धा.। **ढुवाई, ढुवाएर, ढुवाउन, ढुवाउँदै, ढुवाउन्जेल, ढुवाउँदाखेरि**-कृ.अ.। **ढुवाउनू**-वि.। **ढुवाऊन्**- इ.। **ढुवाउला**-स.। (स.क्रि.-थकालीले गधालाई मालसामान ढुवायो ।)

ढुस्सिनु-क्रि.मू.। **ढुस्सि**-आ.धा.। अ.क्रि.; पेट फुल्नु, पेट बोक्नु, ढुस्स हुनु, ढाडिनु । **ढुस्स्याइ** (ढुस्सि+आइ)-भा.ना.। **ढुस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; पेट बोकाउनु, मुक्क्याउनु, ढुस्सा दिनु, ढुस्सिने पार्नु । **ढुस्स्याउ**-प्रे.धा.। **ढुस्स्याइनु**-ढुस्स्याउनुको क.क्रि.। **ढुस्स्याइ**-भा.प्रे.धा.। **ढुस्सिइनु**-ढुस्सिनुको भा.क्रि.। **ढुस्सिइ**-भा.धा.। **ढुस्सिई, ढुस्सिएर, ढुस्सिन, ढुस्सिँदै, ढुस्सिउन्जेल, ढुस्सिंदाखेरि**-कृ.अ.। **ढुस्सिनू**-वि.। **ढुस्सिऊन्**-इ.। **ढुस्सेला**- स.। (अ.क्रि.-आज मेरो पेट ढुस्सियो ।)

ढेपिनु-क्रि.मू.। **ढेपि**-आ.धा.। अ.क्रि.; टाँसिएर बस्नु, नजिकै आउनु, ढेस्सिनु । स.क्रि.; किचिनु, थिचिनु, मिचिनु । **ढेप्याइ** (ढेपि+आइ)-भा.ना.। **ढेप्याउनु**-प्रे.क्रि./स.क्रि.; ढेपिन लाउनु । **ढेप्याउ**-प्रे.धा.। **ढेप्याइनु** - ढेप्याउनुको क.क्रि.। **ढेप्याइ**-भा.प्रे.धा./क.प्रे.धा.। **ढेपिइनु**-ढेपिनुको भा.क्रि./क.क्रि.। **ढेपिइ**- भा.धा./क.धा.। **ढेपिई, ढेपिएर, ढेपिन, ढेपिँदै, ढेपिउन्जेल, ढेपिंदाखेरि**-कृ.अ.। **ढेपिनू**- वि.। **ढेपिऊन्**-इ.। **ढेप्पेला**-स.। (अ.क्रि.-बगलीमारा नजिकै आएर ढेपियो । स.क्रि.- राजमार्गमा ट्रकले मानिस ढेपियो ।)

ढेप्नु-क्रि.मू.। **ढेप्**-आ.धा.। स.क्रि.; घचेट्नु, मिच्नु, ठेल्नु । **ढेपाइ** (ढेप्+आइ)-भा.ना.। **ढेपाउनु**- प्रे.क्रि./स.क्रि.; मिच्न लाउनु, ढेप्ने पार्नु । **ढेपाउ**-प्रे.धा.। **ढेपाइनु**-ढेपाउनुको क.क्रि.। **ढेपाइ**-क.प्रे.धा.। **ढेपिनु** - ढेप्नुको क.क्रि.। **ढेपि**-क.धा.। **ढेपी, ढेपेर, ढेप्न, ढेप्तै, ढेपुन्जेल, ढेप्दाखेरि**-कृ.अ.। **ढेप्नू**-वि.। **ढेपून्**-इ.। **ढेप्ला** - स.। (स.क्रि.-मैले ढोका ढेपें ।)

ढेस्सिनु-क्रि.मू.। **ढेस्सि**-आ.धा.। अ.क्रि.; टाँसिएर बस्नु, ढेस्सा लाग्नु, ढेपिनु । **ढेस्स्याइ** (ढेस्सि+आइ), **ढेस्स्याहट** (ढेस्सि+आहट)-भा.ना.। **ढेस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; ढेस्सा लगाउनु, ढेस्सिने पार्नु । **ढेस्स्याउ**- प्रे.धा.। **ढेस्स्याइनु**- ढेस्स्याउनुको क.क्रि.। **ढेस्स्याइ**-भा.प्रे.धा.। **ढेस्सिइनु**- ढेस्सिनुको भा.क्रि.। **ढेस्सिइ**-भा.धा.। **ढेस्सिई, ढेस्सिएर, ढेस्सिन, ढेस्सिँदै, ढेस्सिउन्जेल, ढेस्सिंदाखेरि**-कृ.अ.। **ढेस्सिनू**-वि.। **ढेस्सिऊन्**-इ.। **ढेस्सेला**-स.। (अ.क्रि.-पिंढीमा बस्ता बूढा मानिस भित्तामा ढेस्सिए ।)

ढोउनु-क्रि.मू.। **ढोउ**- आ.धा.। स.क्रि.; एक ठाउँको मालसामानहरू अर्को ठाउँमा पुऱ्याउनु, ढुवाउनु, ओसार्नु । **ढोवाइ** (ढोउ+आइ)-भा.ना.। **ढोइनु**-ढोउनुको क.क्रि.; ढोउने काम गरिनु । **ढोइ**-क.धा.। **ढोई, ढोएर, ढोउन, ढोउँदै, ढोउन्जेल, ढोउँदाखेरि**-कृ.अ.। **ढोउनू**-वि.। **ढोऊन्**-इ.। **ढोउला**-स.। (स.क्रि.-तराईमा गाडाले काठ ढोयो ।)

ढोक्नु-क्रि.मू.। **ढोक्**-आ.धा.। स.क्रि.; ढोग्नु, प्रणाम गर्नु, दण्डवत् गर्नु, जीउ गर्नु । **ढोकाइ** (ढोक्+आइ)-भा.ना.। **ढोकाउनु**-प्रे.क्रि./स.क्रि.; ढोक्न लाउनु, ढोगाउनु । **ढोकाउ**-प्रे.धा.। **ढोकाइनु**-ढोकाउनुको क.क्रि.। **ढोकाइ**-क.प्रे.धा.। **ढोकिनु**- ढोक्नुको क.क्रि.। **ढोकि**-क.धा.। **ढोकी, ढोकेर, ढोक्न, ढोक्तै, ढोकुन्जेल, ढोक्दाखेरि**-कृ.अ.। **ढोक्नू**-वि.। **ढोकून्**-इ.। **ढोक्ला**-स.। (स.क्रि.- देवकोटाको मदनले भोटेको गोडामा ढोक्यो ।)

ढोग्नु-क्रि.मू.। **ढोग्**-आ.धा.। स.क्रि.; देवता तथा मान्यजनका पाउमा शिर राख्नु, प्रणाम गर्नु, ढोक्नु । **ढोगाइ** (ढोग्+आइ)-भा.ना.। **ढोगाउनु**-प्रे.क्रि./स.क्रि.; प्रणाम गराउनु, ढोग्न लगाउनु । **ढोगाउ**- प्रे.धा.। **ढोगाइनु**-ढोगाउनुको क.क्रि.। **ढोगाइ**-क.प्रे.धा.। **ढोगिनु**-ढोग्नुको क.क्रि.। **ढोगि**-क.धा.। **ढोगी, ढोगेर, ढोग्न, ढोग्दै, ढोगुन्जेल, ढोग्दाखेरि**-कृ.अ.। **ढोग्नू**-वि.। **ढोगून्**-इ.। **ढोग्ला**-स.। (स.क्रि.-लक्ष्मीप्रसाद देवकोटाले लेखनाथ पौड्यालको गोडामा ढोगे ।)

ढोल्नु-क्रि.मू.। **ढोल्**-आ.धा.। स.क्रि.; पोख्नु, खत्त्याउनु, पसारो पार्नु । **ढोलाइ** (ढोल्+आइ)-भा.ना.। **ढोलाउनु**-प्रे.क्रि./स.क्रि.; ढोल्न लाउनु, पोखाउनु । **ढोलाउ**-प्रे.धा.। **ढोलाइनु**-ढोलाउनुको क.क्रि.। **ढोलाइ**-क.प्रे.धा.। **ढोलिनु**-ढोल्नुको क.क्रि.। **ढोलि**-क.धा.। **ढोली, ढोलेर, ढोल्न, ढोल्दै, ढोलुन्जेल, ढोल्दाखेरि**-कृ.अ.। **ढोल्नू**-वि.। **ढोलून्**-इ.। **ढोल्ला**-स.। (स.क्रि.-गाउँलेहरूले सिस्नेरी-घाटमा फूलको डोली ढोले ।)

ढौँटारिनु-क्रि.मू.। **ढौँटारि**-आ.धा.। अ.क्रि.; बेकाममा जताततै पुग्नु, बिनासित्ति यताउति डुलिरहनु, भौँतारिनु । **ढौँटऱ्याइ** (ढौँटारि+आइ)-भा.ना.। **ढौँटऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; ढौँटारिने पार्नु, ढौँटारिन लाउनु । **ढौँटऱ्याउ**-प्रे.धा.। **ढौँटऱ्याइनु**-ढौँटऱ्याउनुको क.क्रि.। **ढौँटऱ्याइ**-भा.प्रे.धा.। **ढौँटारिइनु**-ढौँटारिनुको भा.क्रि.।

ढौँटारिइ-भा.धा.। **ढौँटारिई, ढौँटारिएर, ढौँटारिन, ढौँटारिँदै, ढौँठारिउन्जेल, ढौँटारिंदाखेरि**-कृ.अ.। **ढौँटारिनू**-वि.। **ढौँटारिऊन्**-इ.। **ढौँटारेला**-स.। (अ.क्रि.-तिनीहरू बेइलममा दिनभरि ढौँटारिए ।)

ढौँडारिनु-क्रि.मू.। **ढौँडारि**-आ.धा.। अ.क्रि.; भ्वाङ वा भ्वान पर्नु, ठूलो प्वाल बन्नु, भड्खारो हुनु, खाडल पर्नु, भडखारिनु । **ढौँड्याइ** (ढौँडारि+आइ)-भा.ना.। **ढौँड्याउनु**-प्रे.क्रि./स.क्रि.; ढौँडारिने पार्नु, खाडल तुल्याउनु, भड्खारो बनाउनु । **ढौँड्याउ**-प्रे.धा.। **ढौँड्याइनु**-ढौँड्याउनुको क.क्रि.। **ढौँड्याइ**-भा.प्रे.धा.। **ढौँडारिइनु**-ढौँडारिनुको भा.क्रि.। **ढौँडारिइ**-भा.धा.। **ढौँडारिई, ढौँडारिएर, ढौँडारिन, ढौँडारिँदै, ढौँडारिउन्जेल, ढौँडारिंदाखेरि**-कृ.अ.। **ढौँडारिनू**-वि.। **ढौँडारिऊन्**-इ.। **ढौँडारेला**-स.। (अ.क्रि.-'अरिमुडी गुफा' नामले पोखराको बाटुले चौरमा जमिन ढौँडारियो ।)

त

तक्नु-क्रि.मू.। **तक्**-आ.धा.। स.क्रि.; रुवा छापी सिउनु, तग हालेर सिउनु, तग्नु । **तकाइ** (तक्+आइ)-भा.ना.। **तकाउनु**-प्रे.क्रि./स.क्रि.; तक्न लाउनु । **तकाउ**-प्रे.धा.। **तकाइनु**-तकाउनुको क.क्रि.। **तकाइ**-क.प्रे.धा.। **तकिनु**-तक्नुको क.क्रि.। **तकि**-क.धा.। **तकी, तकेर, तक्न, तक्तै, तकुन्जेल, तक्दाखेरि**-कृ.अ.। **तक्नू**-वि.। **तकून्**-इ.। **तक्ला**-स.। (स.क्रि.-त्यसले रुईको सिरक तक्यो ।)

तग्नु-क्रि.मू.। **तग्**-आ.धा.। स.क्रि.; तग हालेर सिउनु, तक्नु । अ.क्रि.; कष्ट-कहर सहनु, टिक्नु, अड्नु, खप्नु । **तगाइ** (तग्+आइ)-भा.ना.। **तगाउनु**-प्रे.क्रि./स.क्रि.; तग हालेर सिउन लाउनु, टिकाउनु, तग्ने पार्नु । **तगाउ**-प्रे.धा.। **तगाइनु**-तगाउनुको क.क्रि.। **तगाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **तगिनु**-तग्नुको क.क्रि./भा.क्रि.। **तगि**-क.धा./भा.धा.। **तगी, तगेर, तग्न, तग्दै, तगुन्जेल, तग्दाखेरि**-कृ.अ.। **तग्नू**-वि.। **तगून्**-इ.। **तग्ला**-स.। (अ.क्रि.-गिरोहको प्रशासनमा पनि नेपालीजनता तगे । स.क्रि.-मैले कपडा तगें ।)

तङ्ग्रनु-क्रि.मू.। **तङ्ग्र**-आ.धा.। अ.क्रि.; तन्दुरुस्त हुनु, तगडा हुनु, रोगले छाडेर सन्चो हुनु, बिरामी बिसेक भई उठ्नु, तङ्ङ्नु । **तङ्ग्राइ** (तङ्ग्र+आइ)-भा.ना.। **तङ्ग्राउनु**-प्रे.क्रि./स.क्रि.; तङ्ग्रन लाउनु, तङ्ग्रने पार्नु । **तङ्ग्राउ**-प्रे.धा.। **तङ्ग्राइनु**-तङ्ग्राउनुको क.क्रि.। **तङ्ग्राइ**-भा.प्रे.धा.। **तङ्ग्रिनु**-तङ्ग्रनुको भा.क्रि.। **तङ्ग्रि**-भा.धा.। **तङ्ग्री, तङ्ग्रेर, तङ्ग्रन, तङ्ग्रँदै, तङ्ग्रुन्जेल, तङ्ग्रँदाखेरि**-कृ.अ.। **तङ्ग्रनू**-वि.। **तङ्ग्रून्**-इ.। **तङ्ग्रला**-स.। (अ.क्रि.-अब त लैनू बाच्छी तङ्ग्र्यो ।)

तङ्ग्रिनु-क्रि.मू.। **तङ्ग्रि**-आ.धा.। अ.क्रि.; हे. तङ्ग्रनु । **तङ्ग्र्याइ** (तङ्ग्रि+आइ)-भा.ना.। **तङ्ग्र्याउनु** -प्रे.क्रि./स.क्रि.; तङ्ग्रिने पार्नु । **तङ्ग्र्याउ**-प्रे.धा.। **तङ्ग्र्याइनु**-तङ्ग्र्याउनुको क.क्रि.। **तङ्ग्रिइनु**-तङ्ग्रिनुको भा.क्रि.। **तङ्ग्रिइ**-भा.धा.। **तङ्ग्रिई, तङ्ग्रिएर, तङ्ग्रिन, तङ्ग्रिँदै, तङ्ग्रिउन्जेल, तङ्ग्रिंदाखेरि**-कृ.अ.। **तङ्ग्रिनू**-वि.। **तङ्ग्रिऊन्**-इ.। **तङ्ग्रेला**-स.। (अ.क्रि.-बिरामी बिस्तारै तङ्ग्रियो ।)

तङ्ङ्नु-क्रि.मू.। **तङ्ङ्**-आ.धा.। अ.क्रि.; हे. तङ्ग्रनु । **तङ्ङाइ** (तङ्ङ्+आइ)-भा.ना.। **तङ्ङाउनु**-प्रे.क्रि./स.क्रि.; तङ्ग्राउनु, तङ्ङ्ने पार्नु । **तङ्ङाउ**-प्रे.धा.। **तङ्ङाइनु**-तङ्ङाउनुको क.क्रि.। **तङ्ङाइ**-भा.प्रे.धा.। **तङ्ङिनु**-तङ्ङ्नुको भा.क्रि.। **तङ्ङि**-भा.धा.। **तङ्ङी, तङ्ङेर, तङ्ङन, तङ्ङँदै, तङ्ङुन्जेल, तङ्ङँदाखेरि**-कृ.अ.। **तङ्ङनू**-वि । **तङ्ङून्**-इ.। **तङ्ङला**-स.। (अ.क्रि.-पन्ध्र दिन नपुग्दै पल्लोघरकी सुत्केरी राम्ररी तङ्ङी ।)

तङ्ङिनु-क्रि.मू.। **तङ्ङि**-आ.धा.। अ.क्रि.; हे. तङ्ग्रिनु । (अ.क्रि.-चौतारीमा केहीबेर सुस्ताएपछि थाकेको ढाक्रे तङ्ङियो ।)

तछार्नु-क्रि.मू.। **तछार्** -आ.धा.। स.क्रि.; लछारपाटो लाउनु, खिसी गर्ने खालको काम गर्नु, खुत्त्याउनु, ताछ्नु, लाछ्नु, तिखार्नु । **तछराइ** (तछार्+आइ)-भा.ना.। **तछारिनु**-तछार्नुको क.क्रि.। **तछारि**-क.धा.। **तछारी, तछारेर, तछार्न, तछार्दै, तछारुन्जेल, तछार्दाखेरि**-कृ.अ.। **तछार्नू**-वि.। **तछारून्**- इ.। **तछार्ला**-स.। (स.क्रि.-तीस वर्षसम्म एकतन्त्री हुकुमीशासनले केही पनि तछारेन ।)

तड्कनु-क्रि.मू.। **तड्क**-आ.धा.। अ.क्रि.; फूर्तिसंग छिट्छिटो हिंड्नु, फटफट हिंड्नु, लम्कनु, तड्किनु, गर्जेर बोल्नु । **तड्काइ** (तड्क+आइ)-भा.ना.। **तड्काउनु**-प्रे.क्रि./स.क्रि.; फूर्तिसाथ हिंडाउनु । **तड्काउ**-प्रे.धा.। **तड्काइनु**-तड्काउनुको क.क्रि.। **तड्काइ**-भा.प्रे.धा.। **तड्किनु**-तड्कनुको भा.क्रि.। **तड्कि**-भा.धा.। **तड्की, तड्केर, तड्कन, तड्कँदै, तड्कुन्जेल, तड्कँदाखेरि**-कृ.अ.। **तड्कनू**-वि. **तड्कून्**-इ.। **तड्कला**-स.। (अ.क्रि.-गोरखाबाट भच्चेक हुँदै दूध पोखरीको

लागि पर्यटकहरू तड्के ।)

तड्किनु-क्रि.मू.। **तड्कि**-आ.धा.। अ.क्रि.; फूर्तिसाथ हिंड्नु, तड्कनु । **तड्क्याइ** (तड्कि+आइ)-भा.ना.। **तड्किइनु**-तड्किनुको भा.क्रि.। **तड्किइ**-भा.धा.। **तड्किई, तड्किएर, तड्किन, तड्किंदै, तड्किउन्जेल, तड्किंदाखेरि**-कृ.अ.। **तड्किनू**-वि.। **तड्किऊन्**-इ.। **तड्केला**-स.। (अ.क्रि.-पर्यटकहरू आबुखैरनीबाट सातदोबाटे हुँदै चित्रेपाम कटी सिरानचोकदेखि भच्चेक भएर नागे पोखरीका लागि तड्किए ।)

तड्पनु-क्रि.मू.। **तड्प**-आ.धा.। अ.क्रि.; शारीरिक तथा मानसिक वेदनाले दुखित हुनु, अरूले खाए-लाएको देखेर छटपटिनु, डाह उब्जनु, छटपटाउनु । **तड्पाइ** (तड्प+आइ)-भा.ना.। **तड्पाउनु**-प्रे.क्रि./स.क्रि.; तड्पन लाउनु, व्याकुल पार्नु । **तड्पाउ**-प्रे.धा.। **तड्पाइनु**-तड्पाउनुको क.क्रि.। **तड्पाइ**-भा.प्रे.धा.। **तड्पिनु**-तड्पनुको भा.क्रि.। **तड्पि**-भा.धा.। **तड्पी, तड्पेर, तड्पन, तड्पँदै, तड्पुन्जेल, तड्पँदाखेरि**-कृ.अ.। **तड्पनू**-वि.। **तड्पून्**-इ.। **तड्पला** -स.। (अ.क्रि.-महाकवि देवकोटाको विराट् प्रतिभा देखेर त्यस समयका शासकहरू तड्पे ।)

तड्पिनु-क्रि.मू.। **तड्पि**-आ.धा.। अ.कि.; हे. तड्पनु । **तड्प्याइ** (तड्पि+आइ)-भा.ना.। **तड्पिइनु**-तड्पिनुको भा.क्रि.। **तड्पिइ**-भा.धा.। **तड्पिई, तड्पिएर, तड्पिन, तड्पिंदै, तड्पिउन्जेल, तड्पिंदाखेरि**-कृ.अ.। **तड्पिनू**-वि.। **तड्पिऊन्**-इ.। **तड्पेला**-स.। (अ.क्रि.-विभागीयमसलन्दका लागि छुट्याइएको रकम हिनामिना गरी चाटेको हुंदा पिचास बहादुर सान्हो तड्पियो ।)

तड्फडाउनु-क्रि.मू.। **तड्फडाउ** -आ.धा.। अ.क्रि.; शारीरिक तथा मानसिक चोटले छटपटाउनु, पश्चात्तापले दुखित हुनु, वेदनाले छटपटी लाग्नु । **तड्फडाइ** (तड्फडाउ+आइ)-भा.ना.। **तड्फडाइनु**-तड्फडाउनुको भा.क्रि.। **तड्फडाइ**-भा.धा.। **तड्फडाई, तड्फडाएर, तड्फडाउन, तड्फडाउँदै, तड्फडाउन्जेल, तड्फडाउँदाखेरि**-कृ.अ.। **तड्फडाउनू**-वि.। **तड्फडाऊन्**-इ.। **तड्फडाउला**-स.। (अ.क्रि.-सन्धीको प्रस्ताव आएपछि अमरसिंह थापा ज्यादै तड्फडाए ।)

तन्कनु-क्रि.मू.। **तन्क**- आ.धा.। अ.क्रि.; बेसरी तानिनु, लमतन्न हुनु, रिस उठ्ने गरी जानु, झोकिएर फटाफट हिंड्नु, जोडसंग खिंचिनु, मर्नु । **तन्काइ** (तन्क+आइ)-भा.ना.। **तन्काउनु**- प्रे.क्रि./स.क्रि.; तन्कन लाउनु, तन्कने पार्नु । **तन्काउ**-प्रे.धा.। **तन्काइनु**-तन्काउनुको क.क्रि.। **तन्काइ**-भा.प्रे.धा.। **तन्किनु**-तन्कनुको भा.क्रि./ अ.क्रि.; तानिइनु, तनक्क तन्कनु । **तन्कि**- भा.धा.। **तन्की, तन्केर, तन्कन, तन्कँदै, तन्कुन्जेल, तन्कँदाखेरि**-कृ.अ.। **तन्कनू**-वि.। **तन्कून्**-इ.। **तन्कला**- स.। (अ.क्रि.- अर्जुनको धनुको ताँदो तनक्क तन्क्यो ।)

तन्किनु-क्रि.मू.। **तन्कि**-आ.धा.। अ.क्रि.; हे. तन्कनु । **तन्क्याइ** (तन्कि+आइ)-भा.ना.। **तन्क्याउनु**- प्रे.क्रि./स. क्रि.; तन्किने पार्नु, तन्काउनु । **तन्क्याउ**-प्रे.धा.। **तन्क्याइनु**-तन्क्याउनुको क.क्रि.। **तन्क्याइ**-भा.प्रे.धा.। **तन्किइनु**-तन्किनुको भा.क्रि.। **तन्किइ**-भा.धा.। **तन्किई, तन्किएर, तन्किन, तन्किंदै, तन्किउन्जेल, तन्किंदाखेरि**-कृ.अ.। **तन्किनू**-वि.। **तन्किऊन्**-इ.। **तन्केला**- स.। (अ.क्रि.-भनेको पनि सुन्दैनसुनी चित्ररत्न घरतर्फ तनतन तन्कियो ।)

तपतपाउनु-क्रि.मू.। **तपतपाउ**-आ.धा.। अ.क्रि.; तपतप गरी थोपा-थोपा चुहुनु, तपतपिनु, तप्कनु । **तपतपाइ** (तपतपाउ+आइ)-भा.ना.। **तपतपाइनु**-तपतपाउनुको भा.क्रि.। **तपतपाइ**- भा.धा.। **तपतपाई, तपतपाएर, तपतपाउन, तपतपाउँदै, तपतपाउन्जेल, तपतपाउँदाखेरि**-कृ.अ.। **तपतपाउनू**-वि.। **तपतपाऊन्**-इ.। **तपतपाउला**-स.। (अ.क्रि.-झरीको बेलामा चौराली-पिपलको रूखमुनि पानी तपतपायो ।)

तपतपिनु-क्रि.मू.। **तपतपि**-आ.धा.। अ.क्रि.; तपतप गरी चुहुनु, तपतपाउनु । **तपतप्याइ** (तपतपि+आइ)-भा.ना.। **तपतप्याउनु**-प्रे.क्रि./स.क्रि.; तपतपिने पार्नु । **तपतप्याउ**-प्रे.धा.। **तपतप्याइनु**-तपतप्याउनुको क.क्रि.। **तपतप्याइ**-भा.प्रे.धा.। **तपतपिइनु**-तपतपिनुको भा.क्रि.। **तपतपिइ**-भा.धा.। **तपतपिई, तपतपिएर, तपतपिन, तपतपिंदै, तपतपिउन्जेल, तपतपिंदाखेरि**-कृ.अ.। **तपतपिनू**-वि.। **तपतपिऊन्**-इ.। **तपतपेला**-स.। (अ.क्रि.-सिमसिम पानी पर्दैमा बलेनी तपतपियो ।)

तप्कनु-क्रि.मू.। **तप्क**-आ.धा.। अ.क्रि.; तपतप चुहुनु, रसाउनु, तपतपाउनु । **तप्काइ** (तप्क+आइ)-भा.ना.। **तप्काउनु**-प्रे.क्रि./स.क्रि.; थोपाथोपा खसाल्नु, चुहाउनु । **तप्काउ**-प्रे.धा.। **तप्काइनु**-तप्काउनुको क.क्रि.। **तप्काइ**-भा.प्रे.धा.। **तप्किनु**-तप्कनुको भा.क्रि.। **तप्कि**-भा.धा.। **तप्की, तप्केर, तप्कन, तप्कँदै, तप्कुन्जेल, तप्कँदाखेरि**-कृ.अ.। **तप्कनू**-वि.। **तप्कून्** - इ.। **तप्कला**-स.। (अ.क्रि.-छाताबाट पानी तप्क्यो ।)

तप्किनु-क्रि.मू.। **तप्कि**-आ.धा.। अ.क्रि.; हे. तप्कनु । **तप्क्याइ** (तप्कि+आइ)-भा.ना.। **तप्क्याउनु**-प्रे.क्रि./स.क्रि.; तप्काउनु । **तप्क्याउ** -प्रे.धा.। **तप्क्याइनु** -तप्क्याउनुको क.क्रि.। **तप्क्याइ**- भा.प्रे.धा.। **तप्किइनु**-तप्किनुको भा.क्रि.। **तप्किइ**-भा.धा.। **तप्किई, तप्किएर, तप्किन, तप्किँदै, तप्किउन्जेल, तप्किंदाखेरि**-कृ.अ.। **तप्किनू**-वि.। **तप्किऊन्**-इ.। **तप्केला**-स.। (अ.क्रि.-वर्षाको पहरो रसाएर तप्कियो ।)

तप्नु-क्रि.मू.। **तप्**-आ.धा.। स.क्रि.; तपस्या गर्नु, तप गर्नु । अ.क्रि.; गर्मीले तात्नु, तप्त हुनु, मानसिक पीडा हुनु । **तपाइ** (तप्+आइ)-भा.ना.। **तपाउनु**- प्रे.क्रि./स.क्रि.; तप्त पार्नु, तताउनु, तप्न लाउनु । **तपाउ** -प्रे.धा.। **तपाइनु**-तपाउनुको क.क्रि.। **तपाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **तपिनु**-तप्नुको क.क्रि./भा.क्रि.। **तपि**-क.धा./भा.धा.। **तपी, तपेर, तप्न, तप्तै, तपुन्जेल, तप्दाखेरि**-कृ.अ.। **तप्नू**-वि.। **तपून्**-इ.। **तप्ला**- स.। (स.क्रि.-विश्वामित्रले कठोर तपस्या तपे । अ.क्रि.-गर्मीमा जमिन साह्रो तप्यो ।)

तमतमाउनु-क्रि.मू.। **तमतमाउ**-आ.धा.। अ.क्रि.; उगाल आएर नमीठो स्वादको हुनु, तमतमिंदो स्वादको हुनु, उग्लनु, मुख नमीठो हुनु, गर्मी तथा रिसले मुख रातो हुनु, तिरमिराउनु । **तमतमाइ** (तमतमाउ+आइ), **तमतमाहट** (तमतमाउ+आहट)-भा.ना.। **तमतमाइनु** -तमतमाउनुको भा.क्रि.। **तमतमाइ**- भा.धा.। **तमतमाई, तमतमाएर, तमतमाउन, तमतमाउँदै, तमतमाउन्जेल, तमतमाउँदाखेरि**-कृ.अ.। **तमतमाउनू**- वि.। **तमतमाऊन्**-इ.। **तमतमाउला**-स.। (अ.क्रि.-तामाको भाँडोमा राखेको अचार खाँदा मुखै तमतमायो ।)

तम्सनु-क्रि.मू.। **तम्स**-आ.धा.। अ.क्रि.; तत्पर हुनु, अघि सर्नु, साहस गर्नु, जमजमाउनु, तम्सिनु, आँट्नु, हुटहुटिनु, सुरिनु, टठमराउनु । **तम्साइ** (तम्स+आइ)-भा.ना.। **तम्साउनु**-प्रे.क्रि./स.क्रि.; तम्सन लाउनु, तत्पर गराउनु । **तम्साउ**-प्रे.धा.। **तम्साइनु**-तम्साउनुको क.क्रि.। **तम्साइ**-भा.प्रे.धा.। **तम्सिनु**-तम्सनुको भा.क्रि.। **तम्सि**-भा.धा.। **तम्सी, तम्सेर, तम्सन, तम्सँदै, तम्सुन्जेल, तम्सँदाखेरि**-कृ.अ.। **तम्सनू**-वि.। **तम्सून्**-इ.। **तम्सला**-स.। (अ.क्रि.-मोधराज पण्डित धर्मको माध्यमबाट तस्करी गर्न तम्स्यो ।)

तम्सिनु-क्रि.मू.। **तम्सि** -आ.धा.। अ.क्रि.; हे. तम्सनु । **तम्स्याइ** (तम्सि+आइ)-भा.ना.। **तम्सिइनु**-तम्सिनुको भा.क्रि.। **तम्सिइ** -भा.धा.। **तम्सिई, तम्सिएर, तम्सिन, तम्सिँदै, तम्सिउन्जेल, तम्सिंदाखेरि**-कृ.अ.। **तम्सिनू**-वि.। **तम्सिऊन्**-इ.। **तम्सेला**-स.। (अ.क्रि.-नेपालमा वहुदलीय सरकार देशको उन्नति गर्न तम्सियो ।)

तरखराउनु-क्रि.मू.। **तरखराउ** -आ.धा.। अ.क्रि.; तत्पर हुनु, तरखर गर्नु, अघि सर्नु, तम्सनु । **तरखराइ** (तरखराउ+आइ)-भा.ना.। **तरखराइनु**-तरखराउनुको भा.क्रि.। **तरखराइ**- भा.धा.। **तरखराई, तरखराएर, तरखराउन, तरखराउँदै, तरखराउन्जेल, तरखराउँदाखेरि**-कृ.अ.। **तरखराउनू**-वि.। **तरखराऊन्**-इ.। **तरखराउला**-स.। (अ.क्रि.-त्यो कार्यालय जानका लागि तरखरायो ।)

तरखरिनु-क्रि.मू.। **तरखरि**-आ.धा.। अ.क्रि.; हे. तरखराउनु । **तरखऱ्याइ** (तरखरि+आइ)-भा.ना.। **तरखऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; तरखरिने पार्नु । **तरखऱ्याउ**-प्रे.धा.। **तरखऱ्याइनु**- तरखऱ्याउनुको क.क्रि.। **तरखऱ्याइ**-भा.प्रे.धा.। **तरखरिइनु**-तरखरिनुको भा.क्रि.। **तरखरिइ**-भा.धा.। **तरखरिई, तरखरिएर, तरखरिन, तरखरिँदै, तरखरिउन्जेल, तरखरिंदाखेरि**-कृ.अ.। **तरखरिनू**-वि.। **तरखरिऊन्**-इ.। **तरखरेला**-स.। (अ.क्रि.-प्रधानपञ्च ज्यानमारालाई जोगाउनका लागि तरखरियो ।)

तरबराउनु-क्रि.मू.। **तरबराउ**-आ.धा.। अ.क्रि.; चन्चल हुनु, तरबर गर्नु, सगबगाउनु, तरबरिनु, आत्तिनु । **तरबराइ** (तरबराउ+आइ)-भा.ना.। **तरबराइनु** -तरबराउनुको भा.क्रि.। **तरबराइ**-भा.धा.। **तरबराई, तरबराएर, तरबराउन, तरबराउँदै, तरबराउन्जेल, तरबराउँदाखेरि**-कृ.अ.। **तरबराउनू**-वि.। **तरबराऊन्**-इ.। **तरबराउला**-स.। (अ.क्रि.-कक्षाकोठाको वातावरणमा धेरै बेरसम्म रहँदा केटाकेटीहरू तरबराए ।)

तरबरिनु-क्रि.मू.। **तरबरि** -आ.धा.। अ.क्रि.; हे. तरबराउनु । **तरबऱ्याइ** (तरबरि+आइ)-भा.ना.। **तरबरिइनु**-तरबरिनुको भा.क्रि.। **तरबरिइ**-भा.धा.। **तरबरिई, तरबरिएर, तरबरिन, तरबरिँदै, तरबरिउन्जेल, तरबरिंदाखेरि**-कृ.अ.। **तरबरिनू** -वि.। **तरबरिऊन्**-इ.। **तरबरेला**-स.। (अ.क्रि.-भाषण सुन्दा-सुन्दा नेपाली जनता तरबरिए ।)

तर्कनु-क्रि.मू.। **तर्क**-आ.धा.। अ.क्रि.; नदेखेझैं गरी हिंड्नु, रिसाएर हिंड्नु, छेउ लागेर हिंड्नु, टेढिनु, पन्छनु, नसा आदि खिचिनु, तानिनु, पानी आदि तरल पदार्थ बगेर

सरक्क झर्नु, तहरिनु, निथ्रनु । **तर्काइ** (तर्क+आइ)-भा.ना.। **तर्काउनु**-प्रे.क्रि./स.क्रि.; तर्कन लाउनु, तहऱ्याउनु, तनाउनु । **तर्काउ**-प्रे.धा.। **तर्काइनु**-तर्काउनुको क.क्रि.। **तर्काइ**-भा.प्रे.धा.। **तर्की, तर्केर, तर्कन, तर्कंदै, तर्कुन्जेल, तर्कंदाखेरि**-कृ.अ.। **तर्कनू**-वि.। **तर्कून्**-इ.। **तर्कला**-स.। (अ.क्रि.-जाली-फटाहालाई देख्नासाथै सज्जन गाउँले तर्क्यो ।)

तर्किनु-क्रि.मू.। **तर्कि**-आ.धा.। अ.क्रि.; हे. तर्कनु । **तर्क्याइ** (तर्कि+आइ), **तर्क्याहट** (तर्कि+आहट)-भा.ना.। **तर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; तर्किन लाउनु । **तर्क्याउ** -प्रे.धा.। **तर्क्याइनु**-तर्क्याउनुको क.क्रि.। **तर्क्याइ**-भा.प्रे.धा.। **तर्किइनु**-तर्किनुको भा.क्रि.। **तर्किइ**-भा.धा.। **तर्किई, तर्किएर, तर्किन, तर्किंदै, तर्किउन्जेल, तर्किंदाखेरि**-कृ.अ.। **तर्किनू**-वि.। **तर्किऊन्**-इ.। **तर्केला**-स.। (अ.क्रि.-छाताबाट पानी तर्कियो ।)

तर्नु-क्रि.मू.। **तर्**-आ.धा.। स.क्रि.; रिसले टेढो आँखाले हेर्नु, खोला-नाला आदि पार गर्नु, दु:ख-कष्टको अवस्था नाघ्नु बोका-खसीको घाँटी तन्काएर काट्न ठीक पार्नु, छाला काढ्नु । अ.क्रि. ; पितृहरू स्वर्ग जानु, मुक्त हुनु । **तराइ** (तर्+आइ)-भा.ना.। **तराउनु**-प्रे.क्रि./स.क्रि.; पार गर्न लाउनु, आँखा तर्न लाउनु, छाला काढ्न लाउनु, तर्ने पार्नु । **तराउ**-प्रे.धा.। **तराइनु**-तराउनुको क.क्रि.। **तराइ**-क.प्रे.धा./भा.प्रे.धा.। **तरिनु**-तर्नुको क.क्रि./भा.क्रि.। **तरि**-क.धा./भा.धा.। **तरी, तरेर, तर्न, तर्दै, तरुन्जेल, तर्दाखेरि**-कृ.अ.। **तर्नू**-वि.। **तरून्**-इ.। **तर्ला**-स.। (स.क्रि.-मार हान्नका लागि चेतबहादुरले बोको तऱ्यो । अ.क्रि.-समाजसेवीहरू स्वर्गमा तरे ।)

तर्पनु-क्रि.मू.। **तर्प**-आ.धा.। स.क्रि.; दान गर्नु, समर्पण गर्नु, सङ्कल्प गर्नु, अर्पनु । **तर्पाइ** (तर्प+आइ)-भा.ना.। **तर्पाउनु**-प्रे.क्रि./स.क्रि.; तर्पन लाउनु । **तर्पाउ**-प्रे.धा.। **तर्पाइनु**-तर्पाउनुको क.क्रि.। **तर्पाइ**-क.प्रे.धा.। **तर्पिनु**-तर्पनुको क.क्रि.। **तर्पि**-क.धा.। **तर्पी, तर्पेर, तर्पन, तर्पंदै, तर्पुन्जेल, तर्पंदाखेरि**-कृ.अ.। **तर्पनू**-वि.। **तर्पून्**-इ.। **तर्पला**-स.। (स.क्रि.-देशमा प्रजातन्त्र ल्याउनका निमित्त गणेशमान सिंहले आफ्नो सर्वस्व तर्पे ।)

तर्पिनु-क्रि.मू.। **तर्पि**-आ.धा.। स.क्रि.; तपर्नु । **तर्प्याइ** (तर्पि+आइ)-भा.ना.। **तर्प्याउनु**-प्रे.क्रि./स.क्रि.; तर्पाउनु । **तर्प्याउ**-प्रे.धा.। **तर्प्याइनु**- तर्प्याउनुको क.क्रि.। **तर्प्याइ**-क.प्रे.धा.। **तर्पिइनु**- तर्पिनुको क.क्रि.। **तर्पिइ** -क.धा.। **तर्पिई, तर्पिएर, तर्पिन, तर्पिंदै, तर्पिउन्जेल, तर्पिंदाखेरि**-कृ.अ.। **तर्पिनू**-वि.। **तर्पिऊन्**-इ.। **तर्पेला**-स.। स.क्रि. -समाज सेवामा धेरै नेपालीले आफ्नो सर्वस्व तर्पिए ।)

तर्सनु-क्रि.मू.। **तर्स**-आ.धा.। अ.क्रि.; झसङ्ग हुनु, त्रास मान्नु, डराउनु, आत्तिनु, कहालिनु, झस्कनु । **तर्साइ** (तर्स+आइ)-भा.ना.। **तर्साउनु**-प्रे.क्रि./स.क्रि.; तर्सने पार्नु, डर देखाउनु, झस्काउनु । **तर्साउ**-प्रे.धा.। **तर्साइनु**-तर्साउनुको क.क्रि.। **तर्साइ**-भा.प्रे.धा.। **तर्सिनु**-तर्सनुको भा.क्रि.। **तर्सि**-भा.धा.। **तर्सी, तर्सेर, तर्सन, तर्संदै, तर्सुन्जेल, तर्संदाखेरि**-कृ.अ.। **तर्सनू**-वि.। **तर्सून्**-इ.। **तर्सला**-स.। (अ.क्रि.-बिरालो देखेर बच्चा तर्स्यो ।)

तर्सिनु-क्रि.मू.। **तर्सि**-आ.धा.। अ.क्रि.; हे. तर्सनु । **तर्स्याइ** (तर्सि+आइ)-भा.ना.। **तर्सिइनु**-तर्सिनुको भा.क्रि.। **तर्सिइ**-भा.धा.। **तर्सिई, तर्सिएर, तर्सिन, तर्सिंदै, तर्सिउन्जेल, तर्सिंदाखेरि**-कृ.अ.। **तर्सिनू**-वि.। **तर्सिऊन्**-इ.। **तर्सेला**-स.। अ.क्रि.-विश्वामित्रको तपस्या देखेर इन्द्र तर्सियो ।)

तलबलाउनु-क्रि.मू.। **तलबलाउ**-आ.धा.। अ.क्रि.; भोक-तिर्खाले व्याकुल हुनु, सगसगी लाग्नु, तलबल लाग्नु, छटपटाउनु, हडबडाउनु । **तलबलाइ** (तलबलाउ+आइ)-भा.ना.। **तलबलाइनु**- तलबलाउनुको भा.क्रि.। **तलबलाइ**-भा.धा.। **तलबलाई, तलबलाएर, तलबलाउन, तलबलाउँदै, तलबलाउन्जेल, तलबलाउँदाखेरि**-कृ.अ.। **तलबलाउनू**-वि.। **तलबलाऊन्**-इ.। **तलबलाउला**-स.। अ.क्रि.-सूर्ती खान नपाएर माझी-गाउँका बूढा बा तलबलाए ।)

तलबलिनु-क्रि.मू.। **तलबलि**-आ.धा.। अ.क्रि.;तलबलाउनु । **तलबल्याइ** (तलबलि+आइ)-भा.ना.। **तलबलिइनु** -तलबलिनुको भा.क्रि.। **तलबलिइ**-भा.धा.। **तलबलिई, तलबलिएर, तलबलिन, तलबलिंदै, तलबलिउन्जेल, तलबलिंदाखेरि**-कृ.अ.। **तलबलिनू**-वि.। **तलबलिऊन्**-इ.। **तलबलेला**-स.। (अ.क्रि.-चुरोट-रक्सी नपाउँदा कुल्लीहरू तलबलिए ।)

तलास्नु-क्रि.मू.। **तलास्**-आ.धा.। स.क्रि.; तलास गर्नु, कुनै कुराको खोज-खबर गर्नु, अनुसन्धान गर्नु, कपाल कोरेर सम्म्याउनु, ठाँट पार्नु, सिँगार्नु, सजाउनु । **तलसाइ** (तलास्+आइ)-भा.ना.। **तलासिनु**-तलास्नुको क.क्रि.। **तलासि**-भा.धा.। **तलासी, तलासेर, तलास्न, तलास्दै, तलासुन्जेल, तलास्दाखेरि**-कृ.अ.। **तलास्नू**-वि.। **तलासून्**-इ.। **तलास्ला**-स.। (स.क्रि.-त्यसले काँगियोले कपाल तलास्यो ।)

तहरिनु-क्रि.मू.। **तहरि**-आ.धा.। अ.क्रि.; पानी तर्केर जानु, भिजेको वस्तुबाट पानी एकोहोरिएर चुहुनु,

तर्किनु । **तहऱ्याइ** (तहरि+आइ)-भा.ना.। **तहऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; पानी निथार्नु, तर्काउनु । **तहऱ्याउ**-प्रे.धा.। **तहऱ्याइनु**-तहऱ्याउनुको क.क्रि.। **तहऱ्याइ**-भा.प्रे.धा.। **तहरिइनु**-तहरिनुको भा.क्रि.। **तहरिइ**-भा.धा.। **तहरिई, तहरिएर, तहरिन, तहरिँदै, तहरिउन्जेल, तहरिंदाखेरि**-कृ.अ.। **तहरिनू**-वि.। **तहरिऊन्**-इ.। **तहरेला**-स.। (अ.क्रि.-पखालेर ल्याएको सागबाट पानी तहरियो ।)

ताक्नु-क्रि.मू.। **ताक्**-आ.धा.। स.क्रि.; निशाना लाउनु, लक्ष्य गर्नु, कुनै कुराको चाहाना गर्नु, मौका पर्खनु, नियाल्नु । **तकाइ** (ताक्+आइ)-भा.ना.। **तकाउनु**-प्रे.क्रि./स.क्रि.; ताक्ने पार्नु, ताक्न लाउनु । **तकाउ**-प्रे.धा.। **तकाइनु**-तकाउनुको क.क्रि.। **तकाइ**- क.प्रे.धा.। **ताकिनु**-ताक्नुको क.क्रि.। **ताकि**-क.धा.। **ताकी, ताकेर, ताक्न, ताक्तै, ताकुन्जेल, ताक्दाखेरि**-कृ.अ.। **ताक्नू**-वि.। **ताकून्**-इ.। **ताक्ला**-स.। (स.क्रि.-शिकारीले मृगलाई ताक्यो ।)

ताछ्नु -क्रि.मू.। **ताछ्**-आ.धा.। स.क्रि.; बोक्रा फाल्नु, खुर्कनु, छोडाउनु, खुत्त्याउनु, तछार्नु, काढ्नु । **तछाइ** (ताछ्+आइ)-भा.ना.। **तछाउनु**-प्रे.क्रि./स.क्रि.; ताछ्न लाउनु । **तछाउ**-प्रे.धा.। **तछाइनु** -तछाउनुको क.क्रि.। **तछाइ**-क.प्रे.धा.। **ताछिनु**-ताछ्नुको क.क्रि.। **ताछि**-क.धा.। **ताछी, ताछेर, ताछ्न, ताछ्दै, ताछुन्जेल, ताछ्दाखेरि**-कृ.अ.। **ताछ्नू**-वि.। **ताछून्**-इ.। **ताछ्ला**-स.। (स.क्रि.-त्यसले कटहर ताछ्यो ।)

ताड्नु-क्रि.मू.। **ताड्**-आ.धा.। स.क्रि.; ताडना गर्नु, दुःख दिनु, गुप्त कुरा पत्ता लाउनु, पारख गर्नु, लख गर्नु, अड्कल्नु, तौलनु, सताउनु, यस्तो रहेछ भनी चिन्नु । **तडाइ** (ताड्+आइ)-भा.ना.। **ताडिनु**-ताड्नुको क.क्रि.। **ताडि**-क.धा.। **ताडी, ताडेर, ताड्न, ताड्दै, ताडुन्जेल, ताड्दाखेरि**-कृ.अ.। **ताड्नू**-वि.। **ताडून्**-इ.। **ताड्ला**-स.। (स.क्रि-मैले गिरोहको क्रियाकलाप ताडें ।)

तातिनु-क्रि.मू.। **ताति**-आ.धा.। अ.क्रि.; हे. तात्नु । **तत्याइ** (ताति+आइ)-भा.ना.। **तत्याउनु** -प्रे.क्रि./स.क्रि.; तातिने पार्नु । **तत्याउ**-प्रे.धा.। **तत्याइनु**-तत्याउनुको क.क्रि.। **तत्याइ**-भा.प्रे.धा.। **तातिइनु**-तातिनुको भा.क्रि.। **तातिइ**-भा.धा.। **तातिई, तातिएर, तातिन, तातिँदै तातिउन्जेल, तातिंदाखेरि**-कृ.अ.। **तातिनू**-वि.। **तातिऊन्**-इ.। **तातेला**-स.। (अ.क्रि.-आगोमा बसाएको पानी बेस्सरी तातियो ।)

तात्नु-क्रि.मू.। **तात्**-आ.धा.। अ.क्रि; तातो हुनु, तत्पर हुनु, तरखराउनु, रिसाउनु, झोक्किनु, गर्माउनु । **तताइ** (तात्+आइ)-भा.ना.। **तताउनु**-प्रे.क्रि/स.क्रि., तातो पार्नु, सेकाउनु, जङ्गयाउनु, हौस्याउनु । **तताउ**-प्रे.धा.। **तताइनु**-तताउनुको क.क्रि.। **तताइ** -भा.प्रे.धा.। **तातिनु**-तात्नुको भा.क्रि.। **ताति**-भा.धा.। **ताती, तातेर, तात्न, तात्तैं, तातुन्जेल, तात्दाखेरि**-कृ.अ.। **तात्नू**-वि.। **तातून्**-इ.। **तात्ला**-स.। (अ.क्रि-आफ्नो कुकृत्य लुकाउनका लागि समूहमा कृष्णमान निकै तात्यो ।)

तान्नु-क्रि.मू.। **तान्**-आ.धा.। स.क्रि.; आफूपट्टि ल्याउनु, आकर्षित गर्नु, आफ्नो मतमा ल्याउनु, खिँच्नु, तन्काउनु, घिच्च्याउनु, थुत्नु । **तनाइ** (तान्+आइ)-भा.ना.। **तनाउनु**-प्रे.क्रि/स.क्रि.; तान्न लाउनु । **तनाउ**-प्रे.धा.। **तनाइनु**-तनाउनुको क.क्रि.। **तनाइ**-क.प्रे.धा.। **तानिनु**-तान्नुको क.क्रि । **तानि**-क.धा.। **तानी, तानेर, तान्न, तान्दै, तानुन्जेल, तान्दाखेरि**-कृ.अ.। **तान्नू**-वि.। **तानून्**-इ.। **तान्ला**-स.। (स.क्रि-उसले दायाँ-वायाँ फर्केर घाँटी तान्यो । रोगीले लामोसास तान्यो ।)

ताप्नु-क्रि.मू.। **ताप्**-आ.धा.। स.क्रि.; आगो, घाम आदिद्वारा शरीरमा तातो लाउनु, जीउ तताउनु, राप लिनु, मधुरो हावा तथा शीतलताको सेवन गर्नु, गर्माउनु, तात्नु । **तपाइ** (ताप्+आइ)-भा.ना.। **तपाउनु**-प्रे.क्रि./स.क्रि.; ताप्न लाउनु, उष्णता अनुभव गराउनु, तप्त पार्नु, तताउनु । **तपाउ**-प्रे.धा.। **तपाइनु**-तपाउनुको क.क्रि । **तपाइ**-क.प्रे.धा.। **तापिनु**-ताप्नुको क.क्रि । **तापि**-क.धा.। **तापी, तापेर, ताप्न, ताप्तै, तापुन्जेल, ताप्दाखेरि**-कृ.अ.। **ताप्नू**-वि.। **तापून्**-इ.। **ताप्ला**-स.। (स.क्रि-त्यसले मज्जाले घाम ताप्यो ।)

तार्नु-क्रि.मू.। **तार्**-आ.धा.। स.क्रि; नदीनालाहरूमा मानिस वा कुनै वस्तु वारिपारि गराउनु, पार लगाउनु, उद्धार गर्नु, मुक्त पार्नु, पानी नहाली घिउ-तेलमा तरकारी पकाउनु, उतार्नु । **तराइ** (तार्+आइ)-भा.ना.। **तराउनु**-प्रे.क्रि./स.क्रि.; पार गर्न लाउनु, घिउ-तेलमा तरकारी भुट्न लाउनु । **तराउ**-प्रे.धा.। **तराइनु**-तराउनुको क.क्रि । **तराइ**-क.प्रे.धा.। **तारिनु**- तार्नुको क.क्रि । **तारि**-क.धा.। **तारी, तारेर, तार्न, तार्दै, तारुन्जेल, तार्दाखेरि**-कृ.अ.। **तार्नू**-वि.। **तारून्**-इ.। **तार्ला**-स.। (स.क्रि-लक्ष्मीले घिउमा कुखुराको अण्डा तारी ।)

तिखार्नु-क्रि.मू.। **तिखार्**-आ.धा.। स.क्रि.; तीखो पार्नु, चुच्चे तुल्याउनु, कुने कामका निमित्त तयार पार्नु, उत्तेजित तुल्याउनु, सन्नद्ध पार्नु, ह्याउनु । **तिखराइ**

(तिखार्+आइ)-भा.ना.। **तिखारिनु**-तिखार्नुको क.क्रि । **तिखारि**-क.धा.। **तिखारी, तिखारेर, तिखार्न, तिखार्दै, तिखारुन्जेल, तिखार्दाखेरि**-कृ.अ.। **तिखार्नू**-वि.। **तिखारून्**-इ.। **तिखार्ला**-स.। (स.क्रि-गोठालोले घोचा तिखाऱ्यो ।)

तिखिनु-क्रि.मू.। **तिखि**-आ.धा.। अ.क्रि.; धारिलो हुनु, तीखो हुनु, अवहेलनापूर्वक भनेका कुराले इखिनु । **तिख्याइ** (तिखि+आइ)-भा.ना.। **तिख्याउनु**-प्रे.क्रि./स.क्रि; तिखार्नु, तीखो पार्नु, अवहेलनापूर्वक उत्तेजित पार्नु, चम्काउनु । **तिख्याउ**-प्रे.धा.। **तिख्याइनु**-तिख्याउनुको क.क्रि । **तिख्याइ**-भा.प्रे.धा.। **तिखिइनु**-तिखिनुको भा.क्रि । **तिखिइ**-भा.धा.। **तिखिई, तिखिएर, तिखिन, तिखिँदै, तिखिउन्जेल, तिखिंदाखेरि**-कृ.अ.। **तिखिनू**-वि.। **तिखिऊन्**-इ.। **तिखेला**-स.। (अ.क्रि-अतिवादीहरूका उग्रवादी कार्यकलापबाट कोशलनाथ खूब तिखिए ।)

तिरमिराउनु-क्रि.मू.। **तिरमिराउ**-आ.धा.। अ.क्रि.; तिरमिर हुनु, राम्ररी नदेखिनु, आँखाले राम्रो ठम्याउन नसक्नु, तिरमिरिनु । **तिरमिराइ** (तिरमिराउ+आइ)-भा.ना.। **तिरमिराइनु** -तिरमिराउनुको भा.क्रि । **तिरमिराइ**-भा.धा.। **तिरमिराई, तिरमिराएर, तिरमिराउन, तिरमिराउँदै, तिरमिराउन्जेल, तिरमिराउँदाखेरि**-कृ.अ.। **तिरमिराउनू**-वि.। **तिरमिराऊन्**-इ.। **तिरमिराउला**- स.। (अ.क्रि-पूर्णिमाको रातमा मानस्लु श्रृङ्खला, तिरमिरायो ।)

तिरमिरिनु-क्रि.मू.। **तिरिमिरि**-आ.धा.। अ.क्रि.; तिरमिराउनु । **तिरमिऱ्याइ** (तिरमिरि+आइ)-भा.ना.। **तिरमिऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; तिरमिरिने पार्नु, तिरमिर गरी टल्काउनु । **तिरमिऱ्याउ**-प्रे..धा.। **तिरमिऱ्याइनु**-तिरमिऱ्याउनुको क.क्रि.। **तिरमिऱ्याइ**-भा.प्रे.धा । **तिरमिरिइनु**-तिरिमिरिनुको भा.क्रि । **तिरमिरिइ**-भा.धा.। **तिरमिरिई, तिरमिरिएर, तिरमिरिन, तिरमिरिँदै, तिरमिरिउन्जेल, तिरमिरिंदाखेरि**-कृ.अ.। **तिरमिरिनू**-वि.। **तिरमिरिऊन्**-इ.। **तिरमिरेला**-स.। (अ.क्रि.-शहरको झिलिमिलीमा मेरा आँखा तिरमिरिए ।)

तिर्नु-क्रि.मू.। **तिर्**-आ.धा.। स.क्रि.; सापटी वा पैंचो लिएको धन फिर्ता गर्नु, रिन चुक्ता गर्नु, दण्ड वा जिताउरी बुझाउनु, हर्जाना दिनु, तिरभरो गर्नु, साटो फेर्नु । **तिराइ** (तिर्+आइ)-भा.ना.। **तिराउनु**-प्रे.क्रि/स.क्रि.; तिराउन लाउनु, तिर्ने पार्नु । **तिराउ**-प्रे.धा.। **तिराइनु**-तिराउनुको क.क्रि । **तिराइ**-क.प्रे.धा.। **तिरिनु**-तिर्नुको क.क्रि.। **तिरि**-क.धा.। **तिरी, तिरेर, तिर्न, तिर्दै, तिरुन्जेल, तिर्दाखेरि**-कृ.अ.। **तिर्नू**-वि.। **तिरून्**-इ.। **तिर्ला**-स.। (स.क्रि.-मैले सञ्चयकोषको ऋण तिरें ।)

तिर्खाउनु-क्रि.मू.। **तिर्खाउ**-आ.धा.। अ.क्रि.; तिर्खालाग्नु, प्यास जाग्नु, पानी खान मन लाग्नु । **तिर्खाइ** (तिर्खाउ+आइ)-भा.ना.। **तिर्खाइनु**-तिर्खाउनुको भा.क्रि । **तिर्खाइ**-भा.धा.। **तिर्खाई, तिर्खाएर, तिर्खाउन, तिर्खाउँदै, तिर्खाउन्जेल, तिर्खाउँदाखेरि**-कृ.अ.। **तिर्खाउनू**-वि.। **तिर्खाऊन्**-इ.। **तिर्खाउला**-स.। (अ.क्रि-घैयावनको उकालोमा म खूब तिर्खाएँ ।)

तिलमिलाउनु-क्रि.मू.। **तिलमिलाउ**-आ.धा.। अ.क्रि.; तिलमिल हुनु, तिरमिराउनु, छटपटाउनु । **तिलमिलाइ** (तिलमिलाउ+आइ)-भा.ना.। **तिलमिलाइनु**-तिलमिलाउनुको भा.क्रि.। **तिलमिलाइ** -भा.धा.। **तिलमिलाई, तिलमिलाएर, तिलमिलाउन, तिलमिलाउँदै, तिलमिलाउन्जेल, तिलमिलाउँदाखेरि**-कृ.अ.। **तिलमिलाउनू**-वि.। **तिलमिलाऊन्**-इ.। **तिलमिलाउला**-स.। (अ.क्रि-घाममा बसेर पढ्दा बसन्तको आँखा तिलमिलायो ।)

तिलमिलिनु-क्रि.मू.। **तिलमिलि**-आ.धा.। अ.क्रि; तिलमिलाउनु । **तिलमिल्याइ** (तिलमिलि+आइ)-भा.ना.। **तिलमिल्याउनु**-प्रे.क्रि./स.क्रि.; तिलमिलिने पार्नु, तिरमिराउने गराउनु । **तिलमिल्याउ**-प्रे.धा.। **तिलमिल्याइनु**-तिलमिल्याउनुको क.क्रि । **तिलमिल्याइ**-भा.प्रे.धा.। **तिलमिलिइनु**-तिलमिलिनुको भा.क्रि । **तिलमिलिइ**-भा.धा.। **तिलमिलिई, तिलमिलिएर, तिलमिलिन, तिलमिलिँदै, तिलमिलिउन्जेल, तिलमिलिंदाखेरि**-कृ.अ.। **तिलमिलिनू**-वि.। **तिलमिलिऊन्**-इ.। **तिलमिलेला**-स.। (अ.क्रि-बालक हराएकोले सानुमान खूब तिलमिलायो ।)

तुइँक्याउनु-क्रि.मू.। **तुइँक्याउ**-आ.धा.। स.क्रि.; तुइँतुइँती पेय पदार्थ पिउनु, सनसन लगातार पिउनु । **तुइँक्याइ** (तुइँक्याउ+आइ)-भा.ना.। **तुइँक्याइनु**- तुइँक्याउनुको क.क्रि.। **तुइँक्याइ**-क.धा.। **तुइँक्याई, तुइँक्याएर, तुइँक्याउन, तुइँक्याउँदै, तुइँक्याउन्जेल, तुइँक्याउँदाखेरि**-कृ.अ.। **तुइँक्याउनू**-वि.। **तुइँक्याऊन्**-इ.। **तुइँक्याउला**-स.। (स.क्रि.-कृष्ण अधिकारीले जाँड तुइँक्यायो ।)

तुच्छिनु-क्रि.मू.। **तुच्छि**-आ.धा.। अ.क्रि.; तुच्छ बन्नु, हेला गरिनु, नीच बन्नु । **तुच्छ्याइ** (तुच्छि+आइ)-भा.ना.। **तुच्छ्याउनु**- प्रे.क्रि./स.क्रि.; तुच्छ पार्नु, नीच

तुल्याउनु, अपमान गर्नु । **तुच्छ्याउ**-प्रे.धा.। **तुच्छ्याइनु**-तुच्छ्याउनुको क.क्रि.। **तुच्छ्याइ**-भा.प्रे.धा.। **तुच्छिइनु**-तुच्छिनुको भा.क्रि । **तुच्छिइ**-भा.धा.। **तुच्छिई, तुच्छिएर, तुच्छिन, तुच्छिँदै, तुच्छिउन्जेल, तुच्छिंदाखेरि**-कृ.अ.। **तुच्छिनू**-वि.। **तुच्छिऊन्**-इ.। **तुच्छेला**-स.। (अ.क्रि.-तीस वर्षको गुण्डागर्दी शासनमा सोझा, इमान्दार जनता नराम्ररी तुच्छिए ।)

तुन्नु-क्रि.मू.। **तुन्**-आ.धा.। स.क्रि.; फाटे-च्यातिएका लुगा टालेर सिउनु, टाल-टुल गर्नु, टाल्नु । **तुनाइ** (तुन्–आइ)-भा.ना.। **तुनाउनु**-प्रे.क्रि./स.क्रि.; तुन्न लगाउनु, तुनिने पार्नु । **तुनाउ**-प्रे.धा.। **तुनाइनु**-तुनाउनुको क.क्रि.। **तुनाइ**-क.प्रे.धा.। **तुनिनु**-तुन्नुको क.क्रि । **तुनि**-क.धा.। **तुनी, तुनेर, तुन्न, तुन्दै, तुनुन्जेल, तुन्दाखेरि**-कृ.अ.। **तुन्नू**-वि.। **तुनून्**-इ.। **तुन्ला**-स.। (स.क्रि-जमिनदार शिवबहादुर थारूले कपडा तुन्यो ।)

तुन्कनु-क्रि.मू.। **तुन्क**-आ.धा.। स.क्रि.; घरको मसिनु काम गर्नु, घरधन्दा गर्नु, तुन्नु । **तुन्काइ** (तुन्क+आइ)-भा.ना.। **तुन्काउनु**-प्रे.क्रि/स.क्रि.; तुन्कने पार्नु, तुनाउनु। **तुन्काउ**-प्रे.धा.। **तुन्काइनु**-तुन्काउनुको क.क्रि.। **तुन्काइ**-क.प्रे.धा.। **तुन्किनु**-तुन्कनुको क.क्रि.। **तुन्कि**-क.धा.। **तुन्की, तुन्केर, तुन्कन, तुन्कँदै, तुन्कुन्जेल, तुन्कँदाखेरि**-कृ.अ.। **तुन्कनू**-वि.। **तुन्कून्**-इ.। **तुन्कला**-स.। (स.क्रि.-आमाले घरको सबै काम तुन्किन् ।)

तुरतुरिनु-क्रि.मू.। **तुरतुरि**-आ.धा.। अ.क्रि.; तुरतुर हुनु, तुरतुर झर्नु । **तुरतुर्याइ** (तुरतुरि+आइ)-भा.ना.। **तुरतुर्याउनु**-प्रे.क्रि./स.क्रि.; तुरतुर झार्नु, तुरतुर चुहाउनु । **तुरतुर्याउ**-प्रे.धा.। **तुरतुर्याइनु**-तुरतुर्याउनुको क.क्रि.। **तुरतुर्याइ**-भा.प्रे.धा.। **तुरतुरिइनु**-तुरतुरिनुको भा.क्रि.। **तुरतुरिइ**-भा.धा.। **तुरतुरिनू**-वि.। **तुरतुरिऊन्**-इ.। **तुरतुरेला**-स.। (अ.क्रि.-मिलमा तोरी पेल्दा तेल तुरतुरियो ।)

तुरतुराउनु-क्रि.मू.। **तुरतुराउ**-आ.धा.। अ.क्रि.; तुरतुर हुनु, तुरतुरिनु । **तुरतुराइ** (तुरतुराउ+आइ)-भा.ना.। **तुरतुराइनु**-तुरतुराउनुको भा.क्रि.। **तुरतुराइ**-भा.धा.। **तुरतुराई, तुरतुराएर, तुरतुराउन, तुरतुराउँदै, तुरतुराउन्जेल, तुरतुराउँदाखेरि**-कृ.अ.। **तुरतुराउनू**-वि.। **तुरतुराऊन्**-इ.। **तुरतुराउला**-स.। (अ.क्रि-वर्षायामको वलेनी तुरतुरायो ।)

तुर्नु-क्रि.मू.। **तुर्**-आ.धा.। स.क्रि.; काम पूरा गर्नु, तामेल गर्नु, समाप्त गर्नु, सिध्याउनु, टुङ्ग्याउनु, भियाउनु, सक्नु । **तुराइ** (तुर्+आइ)-भा.ना.। **तुराउनु**-प्रे.क्रि./स.क्रि.; तुर्न लगाउनु, समाप्त पार्नु । **तुराउ**-प्रे.धा.। **तुराइनु**-तुराउनुको क.क्रि.। **तुराइ**-क.प्रे.धा.। **तुरिनु**-तुर्नुको क.क्रि.। **तुरि**-क.धा.। **तुरी, तुरेर, तुर्न, तुर्दै, तुरुन्जेल, तुर्दाखेरि**-कृ.अ.। **तुर्नू**-वि.। **तुरून्**-इ.। **तुर्ला**-स.। (स.क्रि.-किसानहरूले रोपाइँ तुरे ।)

तुर्कनु-क्रि.मू.। **तुर्क**-आ.धा.। अ.क्रि.; तरल पदार्थ चुहुनु, तुर्को झर्नु । **तुर्काइ** (तुर्क+आइ)- भा.ना.। **तुर्काउनु**-प्रे.क्रि./स.क्रि.; तुरुक्क पार्नु, चुहाउनु । **तुर्काउ**-प्रे.धा.। **तुर्काइनु**-तुर्काउनुको क.क्रि.। **तुर्काइ**- भा.प्रे.धा.। **तुर्किनु**-तुर्कनुको भा.क्रि.। **तुर्कि**-भा.धा.। **तुर्की, तुर्केर, तुर्कन, तुर्कँदै, तुर्कुन्जेल, तुर्कंदाखेरि**-कृ.अ.। **तुर्कनू**-वि.। **तुर्कून्**-इ.। **तुर्कला**-स.। (अ.क्रि.- डाडुबाट पाहुनाको भागमा घिउ तुर्क्यो ।)

तुलबुलिनु-क्रि.मू.। **तुलबुलि**- आ.धा.। अ.क्रि.; हे. तुलबुलाउनु । **तुलबुल्याइ** (तुलबुलि+आइ)-भा.ना.। **तुलबुल्याउनु**-प्रे.क्रि./स.क्रि.; तुलबुलिने पार्नु, तुलबुलाउन लाउनु । **तुलबुल्याउ**- प्रे.धा.। **तुलबुल्याइनु**-तुलबुल्याउनुको क.क्रि.। **तुलबुल्याइ**-भा.प्रे.धा.। **तुलबुलिइनु**-तुलबुलिनुको भा.क्रि.। **तुलबुलिइ**-भा.धा.। **तुलबुलिइनु**-तुलबुलिनुको भा.क्रि.। **तुलबुलिइ**-भा.धा.। **तुलबुलिई, तुलबुलिएर, तुलबुलिन, तुलबुलिँदै, तुलबुलिउन्जेल, तुलबुलिंदाखेरि**-कृ.अ.। **तुलबुलिनू**-वि.। **तुलबुलिऊन्**-इ.। **तुलबुलेला**-स.। (अ.क्रि.-रहस्यात्मक ढङ्गले तुलबहादुरलाई मारेपछि शिवबहादुर तुलबुलियो ।)

तुल्याउनु-क्रि.मू.। **तुल्याउ**-आ.धा.। स.क्रि.; बनाउनु, ठीक पार्नु, तयार पार्नु, जोरजाम गर्नु, मही पार्नु । **तुल्याइ** (तुल्याउ+आइ)-भा.ना.। **तुल्याइनु**-तुल्याउनुको क.क्रि.। **तुल्याइ**-क.धा.। **तुल्याई, तुल्याएर, तुल्याउन, तुल्याउँदै, तुल्याउन्जेल, तुल्याउँदाखेरि**-कृ.अ.। **तुल्याउनू**-वि.। **तुल्याऊन्**-इ.। **तुल्याउला**-स.। (स.क्रि.-देवकोटाले 'मुनामदन' लेखेर साहित्यलाई जन रुचिको विषय तुल्याए । मनले सोचेको कामलाई बाहिर प्रकट नगरी सन्तवहादुरले गोप्य रूपबाट नै त्यसलाई सफल तुल्यायो ।)

तुहनु-क्रि.मू.। **तुहु**-आ.धा.। अ.क्रि.; गर्भ-पात हुनु, अधिग्रो जानु, साबिकको स्तर कायम गर्न नसक्नु, तुच्छ हुनु, खेर जानु । **तुहाइ/तुहाइ** (तुहु+आइ)-भा.ना.। **तुहाउनु**-प्रे.क्रि./स.क्रि.; गर्भपात गराउनु, अधिग्रो झार्नु । **तुहाउ**-प्रे.धा.। **तुहाइनु** -तुहाउनुको क.क्रि.। **तुहाइ**- भा.प्रे.धा.।

तुहिनु-तुहुनुको भा.क्रि.। **तुहि**-भा.धा.। **तुही, तुहन, तुहेर, तुहुँदै, तुहुन्जेल, तुहुँदाखेरि**-कृ.अ.। **तुहनू**-वि.। **तुहून्**-इ.। **तुहेला**-स.। (अ.क्रि.-कपिलकी स्वास्नीको गर्भ तुह्यो ।)

तेब्रिनु-क्रि.मू.। **तेब्रि**-आ.धा.। अ.क्रि.; तेब्बर हुनु, तीन गुना हुनु, कुनै काम तीन पटक हुनु, तेहेरिनु । **तेब्र्याइ** (तेब्रि+आइ)-भा.ना.। **तेब्र्याउनु** -प्रे.क्रि./स.क्रि.; तेबर पार्नु, तेहऱ्याउनु। **तेब्र्याउ**-प्रे.धा.। **तेब्र्याइनु**-तेब्र्याउनुको क.क्रि.। **तेब्र्याइ**-भा.प्रे.धा.। **तेब्रिइनु**-तेब्रिनुको भा.क्रि.। **तेब्रिइ**-भा.धा.। **तेब्रिई, तेब्रिएर, तेब्रिन, तेब्रिँदै, तेब्रिउन्जेल, तेब्रिंदाखेरि**-कृ.अ.। **तेब्रिनू**-वि.। **तेब्रिऊन्**-इ.। **तेब्रेला**-स.। (अ.क्रि.-जनैको धागो तेब्रियो ।)

तेर्सिनु-क्रि.मू.। **तेर्सि**-आ.धा.। अ.क्रि.; तेस्रो हुनु, तेस्रो बढ्नु, पसारिनु, टेढिनु, तेर्छिनु, मर्नु । **तेर्स्याइ** (तेर्सि+आइ)-भा.ना.। **तेर्स्याउनु**-प्रे.क्रि./स.क्रि.; तेस्रो पारेर राख्नु, तेस्रो पार्नु, पसार्नु । **तेर्स्याउ**-प्रे.धा.। **तेर्स्याइनु**-तेर्स्याउनुको क.क्रि.। **तेर्स्याइ**-भा.प्रे.धा.। **तेर्सिइनु**-तेर्सिनुको भा.क्रि.। **तेर्सिइ**-भा.धा.। **तेर्सिई, तेर्सिएर, तेर्सिन, तेर्सिंदै, तेर्सिउन्जेल, तेर्सिंदाखेरि**-कृ.अ.। **तेर्सिनू**-वि.। **तेर्सिऊन्**-इ.। **तेर्सेला**-स.। (अ.क्रि. - अँधेरीखोलोमा काठेपुल तेर्सियो ।)

तेर्छिनु-क्रि.मू.। **तेर्छि**-आ.धा.। अ.क्रि.; तेस्रो लाग्नु, तेर्सिनु । **तेर्छ्याइ** (तेर्छि+आइ)-भा.ना.। **तेर्छ्याउनु**-प्रे.क्रि./स.क्रि.; तेर्छिने पार्नु । **तेर्छ्याउ**-प्रे.धा.। **तेर्छ्याइनु**-तेर्छ्याउनुको क.क्रि.। **तेर्छ्याइ**-भा.प्रे.धा.। **तेर्छिइनु**-तेर्छिनुको भा.क्रि.। **तेर्छिइ**-भा.धा.। **तेर्छिई, तेर्छिएर, तेर्छिन, तेर्छिंदै, छेर्छिउन्जेल, तेर्छिंदाखेरि**-कृ.अ.। **तेर्छिनू**-वि.। **तेर्छिऊन्**-इ.। **तेर्छेला**-स.। (अ.क्रि.-बलबहादुर पल्लो गाउँतिर तेर्छियो ।)

तेहरिनु-क्रि.मू.। तेहरि-आ.धा.। अ.क्रि.; तीन दोबर हुनु, तेब्रिनु, तेहोरिनु । तेहऱ्याइ (तेहरि+आइ)-भा.ना.। तेहऱ्याउनु-प्रे.क्रि./स.क्रि.; तेब्र्याउनु, तेहेऱ्याउनु । तेहऱ्याउ-प्रे.धा.। तेहऱ्याइनु -तेहऱ्याउनुको क.क्रि.। तेहऱ्याइ-भा.प्रे.धा.। तेहरिइनु-तेहरिनुको भा.क्रि.। तेहरिइ-भा.धा.। तेहरिई, तेहरिएर, तेहरिन, तेहरिँदै, तेहरिउन्जेल, तेहरिंदाखेरि-कृ.अ.। तेहरिनू-वि.। तेहरिऊन्-इ.। तेहरेला-स.। (अ.क्रि. - धेरै पर्यटकहरूको नेपाल आगमन तेहरियो ।)

तेहेरिनु-क्रि.मू.। तेहेरि-आ.धा.। अ.क्रि.; हे. तेहरिनु । (अ.क्रि.; भक्तबहादुर शेर्पा मगर बम्बै पुग्दा ब्राउन सुगरको मूल्य तेहेरियो ।)

तोक्नु-क्रि.मू.। **तोक्**-आ.धा.। स.क्रि.; किटान गर्नु, किट्नु, निश्चय गर्नु, नियुक्त गर्नु, चिन्नु । **तोकाइ** (तोक्+आइ)-भा.ना.। **तोकाउनु**-प्रे.क्रि./स.क्रि.; तोक्न लाउनु । **तोकाउ**-प्रे.धा.। **तोकाइनु**-तोकाउनुको क.क्रि.। **तोकाइ**-क.प्रे.धा.। **तोकिनु**-तोक्नुको क.क्रि.। **तोकि**-क.धा.। **तोकी, तोकेर, तोक्न, तोक्तै, तोकुन्जेल, तोक्दाखेरि**-कृ.अ.। **तोक्नू**- वि.। **तोकून्**-इ.। **तोक्ला**-स.। (स.क्रि.-ऐश्वर्यलाल शेर्पा मगरले गिरोहको नेता तोक्यो ।)

तोड्नु-क्रि.मू.। **तोड्**-आ.धा.। स.क्रि.; भाँच्नु, टुक्र्याउनु, छिन्नु, भत्काउनु, चुँड्नु, बिगार्नु, फुटाल्नु, टुटाउनु, छोड्नु, नाघ्नु, चिढ्याउनु, कागत भाँचेर डोबका धर्सा बनाउनु, मन दुखाउनु, उल्लङ्घन गर्नु, अतिक्रमण गर्नु । **तोडाइ** (तोड्+आइ)-भा.ना.। **तोडाउनु** -प्रे.क्रि./स.क्रि.; तोड्न लाउनु । **तोडाउ**-प्रे.धा.। **तोडाइनु**-तोडाउनुको क.क्रि.। **तोडाइ**-क.प्रे.धा.। **तोडिनु**-तोड्नुको क.क्रि.। **तोडि**-क.धा.। **तोडी, तोडेर, तोड्न, तोड्दै, तोडुन्जेल, तोड्दाखेरि**-कृ.अ.। **तोड्नू**-वि.। **तोडून्**-इ.। **तोड्ला**-स.। (स.क्रि.-लेखनदासले कागत तोड्यो ।)

तोप्नु-क्रि.मू.। **तोप्**-आ.धा.। स.क्रि.; पुरिने गरी हाल्नु, पुर्नु, मस्त खानु, धेरै हाल्नु । **तोपाइ** (तोप्+आइ)-भा.ना.। **तोपाउनु**-प्रे.क्रि./स.क्रि.; तोप्न लाउनु । **तोपाउ**-प्रे.धा.। **तोपाइनु**- तोपाउनुको क.क्रि.। **तोपाइ**-क.प्रे.धा.। **तोपिनु**-तोप्नुको क.क्रि.। **तोपि**-क.धा.। **तोपी, तोपेर, तोप्न, तोप्तै, तोपुन्जेल, तोप्दाखेरि**-कृ.अ.। **तोप्नू**-वि.। **तोपून्**-इ.। **तोप्ला**-स.। (स.क्रि.-हरिवंश भण्डारीले भोजमा मस्त तोप्यो ।)

तौलनु-क्रि.मू.। **तौल**-आ.धा.। स.क्रि.; तौल गर्नु, जोख्नु, तुलना गर्नु, दाँज्नु, पहिचान्नु, थाहा पाउनु । **तौलाइ** (तौल+आइ)-भा.ना.। **तौलाउनु**-प्रे.क्रि./स.क्रि.; तौल गराउनु । **तौलाउ**- प्रे.धा.। **तौलाइनु**-तौलाउनुको क.क्रि.। **तौलाइ**-क.प्रे.धा.। **तौलिनु**-तौलनुको क.क्रि.। **तौलि**-क.धा.। **तौली, तौलेर, तौलन, तौलँदै, तौलुन्जेल, तौलँदाखेरि**-कृ.अ.। **तौलनू**-वि.। **तौलून्**-इ.। **तौलला**-स.। (स.क्रि.-बम्बैमा हरिवंश तामाङ्ले ब्राउनसुगर तौल्यो ।)

तौलिनु-क्रि.मू.। **तौलि**-आ.धा.। स.क्रि.; तौलनु । **तौल्याइ** (तौलि+आइ)-भा.ना.। **तौल्याउनु**-प्रे.क्रि./स.क्रि.; तौलिन लाउनु । **तौल्याउ**-प्रे.धा.। **तौल्याइनु**-तौल्याउनुको क.क्रि.। **तौल्याइ**-क.प्रे.धा.। **तौलिइनु**-तौलिनुको क.क्रि.। **तौलिइ**-क.धा.। **तौलिई, तौलिएर, तौलिन, तौलिंदै, तौलिउन्जेल,**

तौलिंदाखेरि-कृ.अ.। **तौलिनू**-वि.। **तौलिऊन्**-इ.। **तौलेला**-स.। (स.क्रि.-नेताले कार्यकर्ता तौलियो ।)

त्याग्नु-क्रि.मू.। **त्याग्**-आ.धा.। स.क्रि.; त्याग गर्नु, हक छाड्नु, माया मार्नु, वर्जित गर्नु, छोड्नु, हटाउनु, अर्पनु । **त्यगाइ** (त्याग्+आइ)-भा.ना.। **त्यागिनु**-त्याग्नुको क.क्रि.। **त्यागि**-क.धा.। **त्यागी, त्यागेर, त्याग्न, त्याग्दै, त्यागुन्जेल, त्याग्दाखेरि**-कृ.अ.। **त्याग्नू**-वि.। **त्यागून्**-इ.। **त्याग्ला**-स.। (स.क्रि.-पण्डितकान्छोले रक्सी त्याग्यो ।)

थ

थकथकाउनु-क्रि.मू.। **थकथकाउ**-आ.धा.। अ.क्रि.; थक्क-थक्क मान्नु, पश्चात्ताप गर्नु, पछुताउनु, चुकचुकाउनु । **थकथकाइ** (थकथकाउ+आइ)-भा.ना.। **थकथकाइनु**-थकथकाउनुको भा.क्रि.। **थकथकाइ**-भा.धा.। **थकथकाई, थकथकाएर, थकथकाउन, थकथकाउँदै, थकथकाउन्जेल, थकथकाउँदाखेरि**-कृ.अ.। **थकथकाउनू**-वि.।**थकथकाऊन्**-इ.। **थकथकाउला**-स.। (अ.क्रि.-काठमाडौं छोडेर पोखरा आउँदा म थकथकाएँ ।)

दिक्किनु-क्रि.मू.। **दिक्कि**-आ.धा.। अ.क्रि.; दिक्दार हुनु, दिक्क हुनु, सुर्ताउनु । **दिक्क्याइ** (दिक्कि+आइ)-भा.ना.। **दिक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; दिक्किने तुल्याउनु, दिक्क पार्नु । **दिक्क्याउ**-प्रे.धा.। **दिक्क्याइनु**-दिक्क्याउनुको क.क्रि.। **दिक्क्याइ**-भा.प्रे.धा.। **दिक्किइनु**-दिक्किनुको-भा.क्रि.। **दिक्किइ**-भा.धा.। **दिक्किई, दिक्किएर, दिक्किन, दिक्किँदै, दिक्किउन्जेल, दिक्किंदाखेरि**-कृ.अ.। **दिक्किनू**-वि.। **दिक्किऊन्**-इ.। **दिक्केला**-स.। (अ.क्रि.-कहिल्यै उठ्न नसक्ता गरीब ज्यादै दिक्कियो ।)

दिक्दारिनु-क्रि.मू.। **दिक्दारि**-आ.धा.। अ.क्रि.; दिक्क हुनु, दिक्किनु । **दिक्दऱ्याइ** (दिक्दारि+आइ)-भा.ना.। **दिक्दऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; दिक्दारिने पार्नु । **दिक्दऱ्याउ**-प्रे.धा.। **दिक्दऱ्याइनु**-दिक्दऱ्याउनुको क.क्रि.। **दिक्दऱ्याइ**-भा.प्रे.धा.। **दिक्दारिइनु**-दिक्दारिनुको भा.क्रि.। **दिक्दारिइ**-भा.धा.। **दिक्दारिई, दिक्दारिएर, दिक्दारिन, दिक्दारिँदै, दिक्दारिउन्जेल, दिक्दारिंदाखेरि**-कृ.अ.। **दिक्दारिनू**-वि.। **दिक्दारिऊन्**- इ.। **दिक्दारेला**-स.। (अ.क्रि.-पंचायत कालमा नेपाली जनता साह्रै दिक्दारिए ।)

दिगमिगाउनु-क्रि.मू.। **दिगमिगाउ**-आ.धा.। अ.क्रि.; दिगमिग मान्नु, घिन लाग्नु, घिन उत्पन्न हुनु, घिनाउनु । **दिगमिगाइ** (दिगमिगाउ+आइ)-भा.ना.। **दिगमिगाइनु**-दिगमिगाउनुको भा.क्रि.। **दिगमिगाइ**-भा.धा.। **दिगमिगाई, दिगमिगाएर, दिगमिगाउन, दिगमिगाउँदै, दिगमिगाउन्जेल, दिगमिगाउँदाखेरि**-कृ.अ.। **दिगमिगाउनू**-वि.। **दिगमिगाऊन्**-इ.। **दिगमिगाउला**-स.। (अ.क्रि.-गिरोहको ज्यादै निन्दनीय कार्य देखेर सज्जन मान्छेको मन दिगमिगायो ।)

दिगमिगिनु-क्रि.मू.। **दिगमिगि**-आ.धा.। अ.क्रि.;

दिगमिगाउनु । **दिगमिग्याइ** (दिगमिगि+आइ), **दिगमिग्याहट** (दिगमिगि+आहट)-भा.ना.। **दिगमिग्याउनु**-प्रे.क्रि./स.क्रि.; दिगमिगिने पार्नु, दिगमिग हुने गराउनु । **दिगमिग्याउ**-प्रे.धा.। **दिगमिग्याइनु**-दिगमिग्याउनुको क.क्रि.। **दिगमिग्याइ**-भा.प्रे.धा.। **दिगमिगिइनु**-दिगमिगिनुको भा.क्रि.। **दिगमिगिइ**-भा.धा.। **दिगमिगिई, दिगमिगिएर, दिगमिगिन, दिगमिगिँदै, दिगमिगिउन्जेल, दिगमिगिंदाखेरि**-कृ.अ.। **दिगमिगिनू**-वि.। **दिगमिगिऊन्**- इ.। **दिगमिगेला**-स.। (अ.क्रि.-पँधेरे खेतमा काम गर्दा मेरो हात-गोडा दिगमिगियो ।)

दुख्नु-क्रि.मू.। **दुख्**-आ.धा.। अ.क्रि.; शारीरिक वा मानसिक दु:ख हुनु, कष्ट हुनु, पीडा हुनु, बिरामी हुनु, थलिनु, डहनु । **दुखाइ** (दुख्+आइ)-भा.ना.। **दुखाउनु** -प्रे.क्रि./स.क्रि.; दुख्ने गराउनु, यातना दिनु, पीडा दिनु । **दुखाउ**-प्रे.धा.। **दुखाइनु**-दुखाउनुको क.क्रि.। **दुखाइ**-भा.प्रे.धा.। **दुखिनु**-दुख्नुको भा.क्रि.। **दुखि**-भा.धा.। **दुखी, दुखेर, दुख्न, दुख्तै, दुखुन्जेल, दुख्दाखेरि**-कृ.अ.। **दुख्नू**-वि.। **दुखून्**-इ.। **दुख्ला**-स.। (अ.क्रि.-पितृप्रसादको हप्काइले इखालु लेखनाथको चित्त दुख्यो ।)

दुगुर्नु-क्रि.मू.। **दुगुर्**- आ.धा.। अ.क्रि.; दौडनु, कुद्नु, दगुर्नु, द्रुत गतिले हिंड्नु । **दुगुराइ** (दुगुर्+आइ)-भा.ना.। **दुगुराउनु**-प्रे.क्रि./स.क्रि.; दुगुर्न लाउनु, भगाउनु, कुदाउनु । **दुगुराउ**-प्रे.धा.। **दुगुराइनु**-दुगुराउनुको क.क्रि.। **दुगुराइ**-भा.प्रे.धा.। **दुगुरिनु**-दुगुर्नुको भा.क्रि.। **दुगुरि**-भा.धा.। **दुगुरी, दुगरेर, दुगुर्न, दुगुर्दै, दुगुरुन्जेल, दुगुर्दाखेरि**-कृ.अ.। **दुगुर्नू**-वि.। **दुगुरून्**-इ.। **दुगुर्ला**-स.। (अ.क्रि.-दुई सय मीटर दौडमा ईश्वरी प्रसाद हँशपुरे वेतोडसँग दौड्यो ।)

दुनिनु-क्रि.मू.। **दुनि**-आ.धा.। अ.क्रि.; बाङ्गिनु, पसाङ्गिनु, दोब्रिनु, दोहोरो हुनु, दुगुना हुनु । **दुन्याइ** (दुनि+आइ), (दुन्याउ+आइ)-भा.ना.। **दुन्याउनु**-प्रे.क्रि./स.क्रि.; दोब्र्याउनु, बङ्ग्याउनु, पट्याउनु, निहुराउनु । **दुन्याउ**-प्रे.धा.। **दुन्याइनु**-दुन्याउनुको क.क्रि.। **दुन्याइ**-भा.प्रे.धा.। **दुनिइनु**-दुनिनुको भा.क्रि.। **दुनिइ**-भा.धा.। **दुनिई, दुनिएर, दुनिन, दुनिँदै, दुनिउन्जेल, दुनिंदाखेरि**-कृ.अ.। **दुनिनू**-वि.। **दुनिऊन्**-इ.। **दुनेला**-स.। (अ.क्रि.-अर्जुनको धनु दुनियो ।)

दुब्लाउनु-क्रि.मू.। **दुब्लाउ**-आ.धा.। अ.क्रि.; कमजोर हुनु, दुब्लो हुनु, निर्धो हुनु, शरीरको मासु घटेर सिकुटे हुनु । **दुब्लाइ** (दुब्लाउ+आइ)-भा.ना.। **दुब्लाइनु**-दुब्लाउनुको भा.क्रि.। **दुब्लाइ**-भा.धा.। **दुब्लाई, दुब्लाएर, दुब्लाउन, दुब्लाउँदै, दुब्लाउन्जेल, दुब्लाउँदाखेरि**-कृ.अ.। **दुब्लाउनू**-वि.। **दुब्लाऊन्**-इ.। **दुब्लाउला**-स.। (अ.क्रि.-तीस वर्षसम्म छाडा भएर खानेहरू आजकाल साह्रो दुब्लाए ।)

दुहुनु-क्रि.मू.। **दुहु**-आ.धा.। स.क्रि.; गाईवस्तुको थुन निचोरी दूध निकाल्नु, मन चोर्नु, कुरा धुत्नु, डोरी आदिको पयो फुकाउन हातले सेप्नु, सित्तै अरूको धन फुत्काएर लिनु । **दुहाइ/दुहाइ** (दुहु+आइ)-भा.ना.। **दुहाउनु**-प्रे.क्रि./स.क्रि.; दुहुने पार्नु, दुहुन लाउनु । **दुहाउ**-प्रे.धा.। **दुहाइनु**-दुहाउनुको क.क्रि.। **दुहाइ**-क.प्रे.धा.। **दुहिनु**- दुहुनुको क.क्रि.। **दुहि**-क.धा.। **दुही, दुहेर, दुहुन, दुहुँदै, दुहुन्जेल, दुहुँदाखेरि**-कृ.अ.। **दुहुनू**-वि.। **दुहून्**-इ.। **दुहेला**- स.। (स.क्रि. - गोठालोले गाई-भैंसी दुहुत्यो ।)

देख्नु-क्रि.मू.। **देख्**- आ.धा.। स.क्रि.; हेर्नु, आँखाद्वारा प्रत्यक्ष ज्ञान प्राप्त गर्नु, विचार गर्नु, कायल हुनु, चेत्नु । **देखाइ** (देख्+आइ), (देखाउ+आइ)-भा.ना.। **देखाउनु** -प्रे.क्रि./स.क्रि.; देख्न लाउनु, देखा पर्नु, विचार गर्न लाउनु । **देखाउ**-प्रे.धा.। **देखाइनु**- देखाउनुको क.क्रि.। **देखाइ**-क.प्रे.धा.। **देखिनु**-देख्नुको क.क्रि.। **देखि**-क.धा.। **देखी, देखेर, देख्न, देख्तै, देखुन्जेल, देख्दाखेरि**-कृ.अ.। **देख्नू**-वि.। **देखून्**-इ.। **देख्ला**-स.। (स.क्रि.-मैले तिनीहरूलाई आफ्नो काममा व्यस्त देखें ।)

दोक्चिनु-क्रि.मू.। **दोक्चि**-आ.धा.। अ.क्रि.; दुर्गतिमा पर्नु, उम्कन नपाउनु, कुटाइ खाइनु । **दोक्च्याइ** (दोक्चि+आइ)-भा.ना.। **दोक्च्याउनु**-प्रे.क्रि./स.क्रि.; दोक्चिने पार्नु, थिचेर, दलेर कुट्नु, उम्कन नदिनु । **दोक्च्याउ**-प्रे.धा.। **दोक्च्याइनु**- दोक्च्याउनुको क.क्रि.। **दोक्च्याइ** -भा.प्रे.धा.। **दोक्चिइनु**-दोक्चिनुको भा.क्रि.। **दोक्चिइ** -भा.धा.। **दोक्चिई, दोक्चिएर, दोक्चिन, दोक्चिँदै, दोक्चिउन्जेल, दोक्चिंदाखेरि**-कृ.अ.। **दोक्चिनू**-वि.। **दोक्चिऊन्**-इ.। **दोक्चेला**-स.। (अ.कि.-स्वास्नी मरेपछि हर्के दोक्चियो ।)

दोबरिनु-क्रि.मू.। **दोबरि**-आ.धा.। अ.क्रि.; दोबरी हुनु, दोबर हुनु, डब्लिनु । **दोबऱ्याइ** (दोबरि+आइ)-भा.ना.। **दोबऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; दोबर पार्नु । **दोबऱ्याउ**-प्रे.धा.। **दोबऱ्याइनु**-दोबऱ्याउनुको क.क्रि.। **दोबऱ्याइ**-भा.प्रे.धा.। **दोबरिइनु**-दोबरिनुको भा.क्रि.। **दोबरिइ**-भा.धा.। **दोबरिई, दोबरिएर, दोबरिन, दोबरिँदै, दोबरिउन्जेल, दोबरिंदाखेरि**-कृ.अ.। **दोबरिनू**-वि.। **दोबरिऊन्**-इ.। **दोबरेला**-स.। (अ.क्रि.-च्याङ्लीका नाङ्ला खरिदेर त्रिपेनी (त्रिवेणी) बजारमा बेच्ता मूल्य दोबरियो ।)

दोबार्नु-क्रि.मू.। **दोबर्**- आ.धा.। स.क्रि.; धागो कपडा, डोरी, जस्तापाता आदि दोब्रिने पार्नु, दुईसरो बनाउनु । **दोबराइ** (दोबार्+आइ)-भा.ना.। **दोबारिनु**-दोबार्नुको क.क्रि.। **दोबारि**-क.धा.। **दोबारी**, **दोबारेर**, **दोबार्न**, **दोबार्दै**, **दोबारुन्जेल**, **दोर्बादाखेरि**-कृ.अ.। **दोबार्नू**-वि.। **दोबारून्**-इ.। **दोबार्ला**-स.। (स.क्रि.-बाट्नका निमित्त लक्ष्मणले धागो दोबार्‍यो ।)

दोब्रिनु-क्रि.मू.। **दोब्रि**-आ.धा.। अ.क्रि.; दोबरी हुनु, दोबर हुनु, खुम्चिदै-खप्टिदै पट्टिनु, खन्ने काट्ने औजारहरूको धार फर्कनु, गल्ती वा लाजले शिर निहुरनु, भोकले पेट भित्र पस्नु । **दोब्र्याइ** (दोब्रि+आइ)-भा.ना.। **दोब्र्याउनु**-प्रे.क्रि./स.क्रि.; दोब्रिने पार्नु, दोबर पार्नु, खान नदिएर सताउनु । **दोब्र्याउ**-प्रे.धा.। **दोब्र्याइनु**-दोब्र्याउनुको क. क्रि.। **दोब्र्याइ**- भा.प्रे.धा.। **दोब्रिइनु**- दोब्रिनुको भा.क्रि.। **दोब्रिइ**-भा.धा.। **दोब्रिई**, **दोब्रिएर**, **दोब्रिन**, **दोब्रिंदै**, **दोब्रिउन्जेल**, **दोब्रिंदाखेरि**-कृ.अ.। **दोब्रिनू**-वि.। **दोब्रिऊन्**-इ.। **दोब्रेला**-स.। (अ.क्रि.-मासु काट्ता-काट्तै खुकुरीको धार दोब्रियो ।)

दोहरिनु-क्रि.मू.। **दोहरि**-आ.धा.। अ.क्रि.; एक पटक भइसकेको काम फेरि-हुनु, दोहोरो हुनु, दोहोरिनु, डबलिनु । **दोहर्‍याइ** (दोहरि+आइ), (दोहर्‍याउ+आइ)-भा.ना.। **दोहर्‍याउनु**- प्रे.क्रि./स.क्रि.; दोहोरो पार्न लगाउनु, दोहोर्‍याउनु । **दोहर्‍याउ**-प्रे.धा.। **दोहर्‍याइनु**-दोहर्‍याउनुको क.क्रि.। **दोहर्‍याइ**-भा.प्रे.धा.। **दोहरिइनु**-दोहरिनुको भा.क्रि.। **दोहरिइ**-भा.धा.। **दोहरिई**, **दोहरिएर**, **दोहरिन**, **दोहरिंदै**, **दोहरिउन्जेल**, **दोहरिंदाखेरि**-कृ.अ.। **दोहरिनू**-वि.। **दोहरिऊन्**-इ.। **दोहरेला**-स. (अ.क्रि.-भाग्यवश कृष्णको विदेश जवाइ दोहरियो ।)

दोहोरिनु-क्रि.मू.। **दोहोरि**-आ.धा.। अ.क्रि.; हे. दोहरिनु। **दोहोर्‍याइ** (दोहोरि+आइ), (दोहोर्‍याउ+आइ)-भा.ना.। **दोहोर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; दोहोरो पार्नु, दोहर्‍याउनु। **दोहोर्‍याउ**-प्रे.धा.। **दोहोर्‍याइनु**-दोहोर्‍याउनुको क.क्रि.। **दोहोर्‍याइ**-भा.प्रे.धा.। **दोहोरिइनु**-दोहोरिनुको भा:क्रि.। **दोहोरिइ**-भा.धा.। **दोहोरिई**, **दोहोरिएर**, **दोहोरिन**, **दोहोरिंदै**, **दोहोरिउन्जेल**, **दोहोरिंदाखेरि**-कृ.अ.। **दोहोरिनू**-वि.। **दोहोरिऊन्**-इ.। **दोहोरेला**- स.। (अ.क्रि.-पश्चिमी एशियामा अशान्ति बारम्बार दोहोरियो ।)

दौडनु-क्रि.मू.। **दौड**-आ.धा.। अ.क्रि.; द्रूतगतिले जानु, कुद्नु, दगुर्नु, सुईँकुच्चा ठोक्नु । **दौडाइ** (दौड+आइ), **दौडहा** (दौड+आहा), **दौडान** (दौड+आन), **दौडाहट** (दौड+आहट), **दौडाइ** (दौडाउ+आइ)-भा.ना.। **दौडाउनु**-प्रे.क्रि./स.क्रि.; तीब्र गतिले हिंडाउनु, कुदाउनु, कुनै कामका निमित्त चाँडो पठाउनु, बेकाममा हिंडाउनु, चोरी गर्नु । **दौडाउ**-प्रे.धा.। **दौडाइनु**-दौडाउनुको क.क्रि.। **दौडाइ**-भा.प्रे.धा.। **दौडिनु**-दौडनुको भा.क्रि./अ.क्रि.; कुदिनु, वेगसाथ हिँड्नु । **दौडि**-भा.धा.। **दौड्याइ** (दौडि+आइ)-भा.ना.। **दौडी**, **दौडेर**, **दौडँदै**, **दौडुन्जेल**, **दौडँदाखेरि**-कृ.अ.। **दौडनू**-वि.। **दौडून्**-इ.। **दौडला**-स.। (अ.क्रि.-त्यो मूर्ख मानिस अनिश्चितताको पछाडि दौड्यो ।)

ध

धकाउनु-क्रि.मू.। **धकाउ**-आ.धा.। अ.क्रि.; स्वाँस्वाँ गर्नु, दम बढ्नु, धक्ने रोग हुनु, धक लाग्नु, सङ्कोच मान्नु, अदब मान्नु, लाज लाग्नु । **धकाइ** (धकाउ+आइ)-भा.ना.। **धकाइनु**- धकाउनुको भा.क्रि.। **धकाइ**-भा.धा.। **धकाई**, **धकाएर**, **धकाउन**, **धकाउँदै**, **धकाउन्जेल**, **धकाउँदाखेरि**-कृ.अ.। **धकाउनू**-वि.। **धकाऊन्**-इ.। **धकाउला**-स.। (अ.क्रि.-जेठको घाममा गाईवस्तु धकाए ।)

धकेल्नु-क्रि.मू.। **धकेल्**-आ.धा.। स.क्रि.; ठेल्नु, घचेट्नु, पेल्नु, घुचेट्नु, धक्का दिनु । **धकेलाइ** (धकेल्+आइ), **धकेला** (धकेल्+आ)-भा.ना.। **धकेलाउनु**-प्रे.क्रि./स.क्रि.; धकेल्न लाउनु, धक्क्याउनु । **धकेलाउ**-प्रे.धा.। **धकेलाइनु**-धकेलाउनुको क.क्रि.। **धकेलि**-क.धा.। **धकेली**, **धकेलेर**, **धकेल्न**, **धकेल्दै**, **धकेलुन्जेल**, **धकेन्दाखेरि**-कृ.अ.। **धकेल्नू**-वि.। **धकेलून्**-इ.। **धकेल्ला**-स.। (स.क्रि.-काफलडाँडाको बतास बहादुरले तस्करी-गाडा धकेल्यो ।)

धक्नु-क्रि.मू.। **धक्**-आ.धा.। अ.क्रि.; दम बढ्नु, स्वाँस्वाँ हुनु । **धकाइ** (धक्+आइ)-भा.ना.। **धकाउनु**-प्रे.क्रि./स.क्रि.; धक्ने तुल्याउनु, धक्ने पार्नु । **धकाउ**-प्रे.धा.। **धकाइनु**-धकाउनुको क.क्रि.। **धकाइ**-भा.प्रे.धा.। **धकिनु**-धक्नुको भा.क्रि./अ.क्रि.; धक मानिनु, स्वाँस्वाँ होइनु । **धकि**-भा.धा.। **धक्याइ** (धकि+आइ)-भा.ना.। **धकी**, **धकेर**, **धक्न**, **धक्तै**, **धकुन्जेल**, **धक्दाखेरि**-कृ.अ.। **धक्नू**-वि.। **धकून्**-इ.। **धक्ला**-स.। (अ.क्रि.-मनकामनाको उकालोमा तीर्थयात्रीहरू धके ।)

धक्किनु-क्रि.मू.। **धक्कि**- आ.धा.। अ.क्रि.; धक्का खानु ।

धक्क्याइ (धक्कि+आइ)-भा.ना.। धक्क्याउनु-प्रे.क्रि./स.क्रि., धक्का दिनु, पन्छाउनु, पर सार्नु, धकेल्नु। धक्क्याउ-प्रे.धा.। धक्क्याइनु- धक्क्याउनुको क.क्रि.। धक्क्याइ-भा.प्रे.धा.। धक्किइनु-धक्किनुको भा.क्रि.। धक्किइ-भा.धा.। धक्किई, धक्किएर, धक्किन, धक्किँदै, धक्किउन्जेल, धक्किंदाखेरि-कृ.अ.। धक्किनू -वि.। धक्किऊन्-इ.। धक्केला-स.। (अ.क्रि.-थाइ विमान घट्टे भीरमा धक्कियो ।)

धङ्कनु-क्रि.मू.। धङ्क-आ.धा.। अ.क्रि.; मुटु ढुकढुक गर्नु, मुटु हान्नु, परिश्रम वा डरले मुटु चाँड चाँडो चल्नु। धङ्काइ (धङ्क+आइ), धङ्कन (धडक्+अन)-भा.ना.। धङ्काउनु -प्रे.क्रि./स.क्रि.; धङ्कन लाउनु, धङ्कने पार्नु, काम सिद्धयाउनु । धङ्काउ-प्रे.धा.। धङ्काइनु-धङ्काउनुको क.क्रि.। धङ्काइ-भा.प्रे.धा.। धङ्किनु-धङ्कनुको-भा.क्रि./अ.क्रि., धङ्कनु। धङ्कि-भा.धा.। धङ्क्याइ (धङ्कि+आइ)-भा.ना.। धङ्की, धङ्केर, धङ्कन, धङ्कँदै, धङ्कुन्जेल, धङ्कँदाखेरि-कृ.अ.। धङ्कनू-वि.। धङ्कून्-इ.। धङ्कला-स.। (अ.क्रि.-बरबन्दीको उकालो चढ्दा मुटु धङ्कियो ।)

धड्नु-क्रि.मू.। धड्-आ.धा.। स.क्रि.; रोगले ग्रस्त पार्नु, धडपकड गर्नु, काम गर्न बाध्य गराउनु, पक्रनु, अँठ्याउनु, झम्टनु । धडाइ (धड्+आइ)-भा.ना.। धडाउनु-प्रे.क्रि./स.क्रि.; धड्न लाउनु, धड्ने पार्नु । धडाउ-प्रे.धा.। धडाइनु-धडाउनुको क.क्रि.। धडाइ-क.प्रे.धा.। धडिनु-धड्नुको क.क्रि.। धडि-क.धा.। धडी, धडेर, धड्न, धड्दै, धड्नुन्जेल, धड्दाखेरि-कृ.अ.। धड्नू-वि.। धड्नून्-इ.। धड्ला-स.। (स.क्रि.-अलकाई रोगले मलाई सान्हो धड्यो ।)

धतङ्याउनु-क्रि.मू.। धतङ्याउ-आ.धा.। स.क्रि.; यथाशिघ्र धुतेर लानु । धतङ्याइ (धतङ्याउ+आइ)-भा.ना.। धतङ्याइनु -धतङ्याउनुको क.क्रि.। धतङ्याइ-क.धा.। धतङ्याई, धतङ्याएर, धतङ्याउन, धतङ्याउँदै, धतङ्याउन्जेल, धतङ्याउँदाखेरि-कृ.अ.। धतङ्याउनू-वि.। धतङ्याऊन्-इ.। धतङ्याउला-स.। (स.क्रि.-तिनीहरूले सबै सम्पत्ति धतङ्याए ।)

धताउनु-क्रि.मू.। धताउ-आ.धा.। अ.क्रि.; सन्कनु, बौलाउनु, बेसुरका कुरा गर्नु, निद्रामा बेसुरसंग बरबराउनु । धताइ (धताउ+आइ)-भा.ना.। धताइनु-धताउनुको भा.क्रि.। धताइ-भा.धा.। धताई, धताएर, धताउन, धताउँदै, धताउन्जेल, धताउँदाखेरि-कृ.अ.। धताउनू-वि.। धताऊन्-इ.। धताउला-स.। (अ.क्रि.-बले सपनामा धतायो ।)

धतुराउनु-क्रि.मू.। धतुराउ-आ.धा.। अ.क्रि.; मादक पदार्थ खाएर, जथाभावी बोल्नु, बेसुरसंग निद्रामा फतफताउनु, जथाभावीसँग बोल्नु, धतुलाउनु । धतुराइ (धतुराउ+आइ)-भा.ना.। धतुराइनु-धतुराउनुको भा.क्रि.। धतुराइ-भा.धा.। धतुराई, धतुराएर, धतुराउन, धतुराउँदै, धतुराउन्जेल, धतुराउँदाखेरि-कृ.अ.। धतुराउनू-वि.। धतुराऊन्-इ.। धतुराउला-स.। (अ.क्रि.-पण्डितकान्छो रक्सी पिएर खूब धतुरायो ।)

धतुरिनु-क्रि.मू.। धतुरि-आ.धा.। अ.क्रि.; धतुराउने हुनु । धतुऱ्याइ (धतुरि+आइ)-भा.ना.। धतुऱ्याउनु-प्रे.क्रि./स.क्रि.; धतुरिने तुल्याउनु, धतुल्याउनु । धतुऱ्याउ-प्रे.धा.। धतुऱ्याइनु-धतुऱ्याउनुको क.क्रि.। धतुऱ्याइ-भा.प्रे.धा.। धतुरिइनु-धतुरिनुको भा.क्रि.। धतुरिइ-भा.धा.। धतुरिई, धतुरिएर, धतुरिन, धतुरिँदै, धतुरिउन्जेल, धतुरिंदाखेरि-कृ.अ.। धतुरिनू- वि.। धतुरिऊन्-इ.। धतुरेला-स.। (अ.क्रि.-तिनीहरू जात्रामा जथाभावीसंग धतुरिए ।)

धतुलाउनु-क्रि.मू.। धतुलाउ-आ.धा.। अ.क्रि.; हे. धतुराउनु। धतुलाइ (धतुलाउ+आइ)-भा.ना.। धतुलाइनु-धतुलाउनुको भा.क्रि.। धतुलाइ-भा.धा.। धतुलाई, धतुलाएर, धतुलाउन, धतुलाउँदै, धतुलाउन्जेल, धतुलाउँदाखेरि-कृ.अ.। धतुलाउनू-वि.। धतुलाऊन्-इ.। धतुलाउला-स.। (अ.क्रि.-तिनीहरू भोजमा धतुलाए ।)

धतुलिनु-क्रि.मू.। धतुलि-आ.धा.। अ.क्रि.; धतुरिनु । धतुल्याइ (धतुलि+आइ)-भा.ना.। धतुल्याउनु-प्रे.क्रि./स.क्रि.; धतुलिन लाउनु । धतुल्याउ -प्रे.धा.। धतुल्याइनु-धतुल्याउनुको क.क्रि.। धतुल्याइ-भा.प्रे.धा.। धतुलिइनु-धतुलिनुको भा.क्रि.। धतुलिइ-भा.धा.। धतुलिई, धतुलिएर, धतुलिन, धतुलिँदै, धतुलिउन्जेल, धतुलिंदाखेरि-कृ.अ.। धतुलिनू-वि.। धतुलिऊन्-इ.। धतुलेला-स.। (अ.क्रि.-केटाकेटीहरू निद्रामा धतुलिए ।)

धपाउनु-क्रि.मू.। धपाउ -आ.धा.। स.क्रि.; भगाउनु, पठाउनु, लखेट्नु, लगार्नु, खेद्नु, कुनै ठाउँबाट कसैलाई हटाउनु, निर्वासित गर्नु, देश निकाला गर्नु । धपाइ (धपाउ+आइ)-भा.ना.। धपाइनु -धपाउनुको क.क्रि.। धपाइ-क.धा.। धपाई, धपाएर, धपाउन, धपाउँदै, धपाउन्जेल, धपाउँदाखेरि-कृ.अ.। धपाउनू-वि.।धपाऊन्-इ.। धपाउला-स.। (स.क्रि.;-तिनीहरूले बाँदर धपाए ।)

धपिनु-क्रि.मू.। धपि-आ.धा.। अ.कि.; लखेटिनु, खेदिनु ।

धप्याइ (धपि+आइ)-भा.ना.। **धपिइनु**-धपिनुको भा.क्रि.। **धपिइ**-भा.धा.। **धपिई, धपिएर, धपिन, धपिँदै, धपिउन्जेल, धपिंदाखेरि**-कृ.अ.। **धपिनू**-वि.। **धपिऊन्**-इ.। **धपेला**-स.। (अ.क्रि.-नयाँ जङ्गल फडानी गरी बसोवास गरिरहेका नक्कली सुकुम्बासीहरू सबै धपिए ।

धपेड्नु-क्रि.मू.। **धपेड्**-आ.धा.। स.क्रि.; धपेडी गर्नु, धावा पर्ने गरी खेद्नु, लखेट्नु । **धपेडाइ** (धपेड्+आइ), **धपेड** (धपेड्+अ)-भा.ना.। **धपेडाउनु**-प्रे.क्रि./स.क्रि.; धपेड्न लाउनु, धपाउनु । **धपेडाउ**-प्रे.धा.। **धपेडाइनु**-धपेडाउनुको क.क्रि.। **धपेडाइ**-क.प्रे.धा.। **धपेडिनु**-धपेड्नुको क.क्रि.। **धपेडि**-क.धा.। **धपेडी, धपेडेर, धपेड्न, धपेड्दै, धपेड्नुन्जेल, धपेड्दाखेरि**-कृ.अ.। **धपेड्नू**-वि.। **धपेड्न्**-इ.। **धपेड्ला** - स.। (स.क्रि.-खेदुवाले राँगा धपेड्यो ।)

धपेडिनु-क्रि.मू.। **धपेडि**-आ.धा.। अ.क्रि.; कुनै काम वा हिंडाइबाट ज्यादा थाक्नु, धपेडी पर्नु । **धपेड्याइ** (धपेडि+आइ) भा.ना.। **धपेड्याउनु** -प्रे.क्रि./स.क्रि.; धपेडिन लाउनु, धपेडाउनु, धपाउनु । **धपेड्याउ**-प्रे.धा.। **धपेड्याइनु**-धपेड्याउनुको क.क्रि.। **धपेड्याइ**-भा.प्रे.धा.। **धपेडिइनु**-धपेडिनुको भा.क्रि.। **धपेडिइ**-भा.धा.। **धपेडिई, धपेडिएर, धपेडिन, धपेडिँदै, धपेडिउन्जेल, धपेडिँदाखेरि**-कृ.अ.। **धपेडिनू**-वि.। **धपेडिऊन्**-इ.। **धपेडेला**-स.। (अ.क्रि.-गँगटेको उकालोमा म ज्यादै धपेडिएँ ।)

धपेरिनु-क्रि.मू.। **धपेरि**-आ.धा.। अ.क्रि.; हे. धपेडिनु । **धपेऱ्याइ** (धपेरि+आइ)-भा.ना.। **धपेऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; धपेरिने पार्नु, धपेड्याउनु । **धपेऱ्याउ**-प्रे.धा.। **धपेऱ्याइनु**-धपेऱ्याउनुको क.क्रि.। **धपेऱ्याइ**-भा.प्रे.धा.। **धपेरिइनु**-धपेरिनुको भा.क्रि.। **धपेरिइ** -भा.धा.। **धपेरिई, धपेरिएर, धपेरिन, धपेरिँदै, धपेरिउन्जेल, धपेरिंदाखेरि**-कृ.अ.। **धपेरिनु**-वि.। **धपेरिऊन्** - इ.। **धपेरेला**-स.। (अ.क्रि.-पहरे खेतमा आली तास्ता म ज्यादै धपेरिएँ ।)

धमिलिनु-क्रि.मू.। **धमिलि**-आ.धा.। अ.क्रि.; तरल पदार्थ मैलिनु, धमिलो हुनु, राम्ररी नदेखिनु, आँखाले स्पष्ट नठम्िनु, मन सङ्लो नहुनु, स्नेह, प्रेम आदि कम हुनु, सम्वन्ध बिग्रनु । **धमिल्याइ** (धमिलि+आइ), (धमिल्याउ+आइ)-भा.ना.। **धमिल्याउनु**-प्रे.क्रि/स.क्रि.; धमिलो पार्नु, शङ्का उत्पन्न गराउनु, स्वच्छ वातावरण दुषित पार्नु, राम्ररी नदेखिने गराउनु । **धमिल्याउ**-प्रे.धा.। **धमिल्याइनु**-धमिल्याउनुको क.क्रि.। **धमिल्याइ**-भा.प्रे.धा.। **धमिलिइनु**-धमिलिनुको भा.क्रि.। **धमिलिइ**-भा.धा.। **धमिलिई, धमिलिएर, धमिलिन, धमिलिँदै, धमिलिउन्जेल, धमिलिंदाखेरि**-कृ.अ.। **धमिलिनू**-वि.। **धमिलिऊन्**-इ.। **धमिलेला**-स.। (अ.क्रि.-व्यवस्थित नहुँदा कुवाको पानी धमिलियो ।)

धम्काउनु-क्रि.मू.। **धम्काउ**-आ.धा.। स.क्रि.; डर देखाई हप्काउनु, हकार्नु, डाँट्नु, हपार्नु, धम्की दिनु । **धम्काइ** (धम्काउ+आइ)-भा.ना.। **धम्काइनु**-धम्काउनुको क.क्रि.। **धम्काइ**-क.धा.। **धम्काई, धम्काएर, धम्काउन, धम्काउँदै, धम्काउन्जेल, धम्काउँदाखेरि**-कृ.अ.। **धम्काउनू**-वि.। **धम्काऊन्**-इ.। **धम्काउला**-स.। (स.क्रि.-निकासा रकम हिनामिना भएकोमा सिधासाधा जनताले विभागीय प्रमुखलाई धम्काए ।)

धम्किनु-क्रि.मू.। **धम्कि**-आ.धा.। अ.क्रि.; धम्कीको डर हुनु, हच्कनु, दच्कनु । **धम्क्याइ** (धम्कि+आइ), **धम्क्याहट** (धम्कि+आहट)-भा.ना.। **धम्क्याउनु**-प्रे.क्रि./स.क्रि.; धम्किने पार्नु । **धम्क्याउ**-प्रे.धा.। **धम्क्याइनु**-धम्क्याउनुको क.क्रि.। **धम्क्याइ**-भा.प्रे.धा.। **धम्किइनु**-धम्किनुको भा.क्रि.। **धम्किइ**-भा.धा.। **धम्किई, धम्किएर, धम्किन, धम्किँदै, धम्किउन्जेल, धम्किंदाखेरि**-कृ.अ.। **धम्किनू**-वि.। **धम्किऊन्**-इ.। **धम्केला**-स.। (अ.क्रि.-पंचायत कालमा जनता ज्यादै धम्किए ।)

धरमराउनु-क्रि.मू.। **धरमराउ**-आ.धा.। अ.क्रि.; धरमर हुनु, लर्खरिनु, ढुनमुनिनु, लकपकाउनु, दोधारमा पर्नु, आफ्नो मतमा अड्न नसक्नु । **धरमराइ** (धरमराउ+आइ); **धरमराहट** (धरमराउ+आहट)-भा.ना.। **धरमराइनु**-धरमराउनुको भा.क्रि.। **धरमराइ**-भा.धा.। **धरमराई, धरमराएर, धरमराउन, धरमराउँदै, धरमराउन्जेल, धरमराउँदाखेरि**-कृ.अ.। **धरमराउनू**-वि.। **धरमराऊन्**-इ.। **धरमराउला**-स.। (अ.क्रि.-त्यो जङ्याहा बाटोमा हिंड्दा धरमरायो ।)

धरमरिनु-क्रि.मू.। **धरमरि**-आ.धा.। अ.क्रि., धरमराउनु । **धरमऱ्याइ** (धरमरि+आइ), **धरमऱ्याहट** (धरमरि+आहट)-भा.ना.। **धरमऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; धरमरिने पार्नु । **धरमऱ्याउ**-प्रे.धा.। **धरमऱ्याइनु**-धरमऱ्याउनुको क.क्रि.। **धरमऱ्याइ**-भा.प्रे.धा.। **धरमरिइनु**-धरमरिनुको भा.क्रि.। **धरमरिइ** -भा.धा.। **धरमरिई, धरमरिएर, धरमरिन, धरमरिँदै, धरमरिउन्जेल, धरमरिंदाखेरि**-कृ.अ.। **धरमरिनू**-वि.। **धरमरिऊन्**-इ.। **धरमरेला**-स.। (अ.क्रि.-बूढो मानिस बाटोमा हिंड्दा धरमरियो ।)

धर्नु-क्रि.मू.। **धर्**-आ.धा.। स.क्रि.; लिनु, धारणा गर्नु,

पक्रनु थाम्नु, थेग्नु, अड्याउनु, राख्नु । **धराइ** (धर्+आइ)-भा.ना.। **धराउनु**-प्रे.क्रि./स.क्रि.; धर्न लाउनु । **धराउ**-प्रे.धा.। **धराइनु**-धराउनुको क.क्रि.। **धराइ**-क.प्रे.धा.। **धरिनु**-धर्नुको क.कि.। **धरि**-क.धा.। **धरी, धरेर, धर्न, धर्दै, धरुन्जेल, धर्दाखेरि**-कृ.अ.। **धर्नू**-वि.। **धरून्**-इ.। **धर्ला**-स.। (स.क्रि.-अर्जुनले धनुर्वाण धऱ्यो ।)

धर्कनु-क्रि.मू.। **धर्क**-आ.धा.। अ.क्रि.; धरो हुनु, च्यातिनु, धस्कनु, फाट्नु, चिरो पार्नु । **धर्काइ** (धर्क+आइ)-भा.ना.। **धर्काउनु**-प्रे.क्रि./स.क्रि.; धर्कने पार्नु । **धर्काउ** -प्रे.धा.। **धर्काइनु**-धर्काउनुको क.क्रि.। **धर्काइ**-भा.प्रे.धा.। **धर्किनु**-धर्कनुको भा.क्रि.। **धर्कि**-भा.धा.। **धर्की, धर्केर, धर्कन, धर्कँदै, धर्कुन्जेल, धर्कदाखेरि**-कृ.अ.। **धर्कनू**-वि.। **धर्कून्**-इ.। **धर्कला**-स.। (अ.क्रि.-कपर्दी खेल्दा हरिको कमिज धर्क्यो ।)

धसार्नु-क्रि.मू.। **धसार्**-आ.धा.। स.क्रि.; माटोको भित्तामा वा धुलोमा डोब पारेर कोतार्नु, थिच्ता माटो धस्कने पार्नु, धस्काउनु । **धसराइ** (धसार्+आइ), **धसारो** (धसार्+आरो)-भा.ना.। **धसराउनु**-प्रे.क्रि./स.क्रि.; धसार्न लाउनु, धसार्ने पार्नु । **धसराउ**-प्रे.धा.। **धसराइनु** -धसराउनुको क.क्रि.। **धसराइ**-क.प्रे.धा.। **धसारिनु**-धसार्नुको क.क्रि.। **धसारि**-क.धा.। **धसारी, धसारेर, धसार्न, धसार्दै, धसारुन्जेल, धसार्दाखेरि**-कृ.अ.। **धसार्नू**-वि.। **धसारून्**-इ.। **धसार्ला**-स.। (स.क्रि.-धुलोमा खेल्दा केटाकेटीले कपडा धसारे ।)

धसारिनु-क्रि.मू.। **धसारि**-आ.धा.। अ.क्रि.; धस्कनु, रगडिनु । **धसऱ्याइ** (धसारि+आइ)-भा.ना.। **धसऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; धसारिने पार्नु । **धसऱ्याउ**-प्रे.धा.। **धसऱ्याइनु**-धसऱ्याउनुको क.क्रि.। **धसऱ्याइ**-भा.प्रे.धा.। **धसारिइनु**-धसारिनुको भा.क्रि.। **धसारिइ**-भा.धा.। **धसारिई, धसारिएर, धसारिन, धसारिँदै, धसारिउन्जेल, धसारिंदाखेरि**-कृ.अ.। **धसारिनू**-वि.। **धसारिऊन्**-इ.। **धसारेला**-स.। (अ.क्रि.-छुत्ती खेल्दा मेरो दौरा धसारियो ।)

धसिनु-क्रि.मू.। **धसि**-आ.धा.। अ.क्रि.; बेसरी काममा लागिनु, मासिनु । **धस्याइ** (धसि+आइ)-भा.ना.। **धस्याउनु**-प्रे.क्रि./स.क्रि.; धसिने पार्नु । **धस्याउ**-प्रे.धा.। **धस्याइनु**-धस्याउनुको क.क्रि.। **धस्याइ** -भा.प्रे.धा.। **धसिइनु**-धसिनुको भा.क्रि.। **धसिइ**-भा.धा.। **धसिई, धसिएर, धसिन, धसिँदै, धसिउन्जेल, धसिंदाखेरि**-कृ.अ.। **धसिनू**-वि.। **धसिऊन्**-इ.। **धसेला**-स.। (अ.क्रि. -उपल्लोघरे काहिंलो खेतको काममा धसियो ।)

धस्नु-क्रि.मू.। **धस्**-आ.धा.। स.क्रि.; रगेड्नु, घोट्नु, थिच्नु, ठेल्नु, रोप्नु, घोप्नु, घोट्नु, काममा उपभोग गराउनु । अ.क्रि.; माटो आदि तलतिर खाँदिनु, घोचो, खाँबो आदि भासिनु । **धसाइ** (धस्+आइ), **धसान** (धस्+आन)-भा.ना.। **धसाउनु**-प्रे.क्रि./स.क्रि., धस्न लाउनु, धस्ने पार्नु । **धसाउ**-प्रे.धा.। **धसाइनु**-धसाउनुको क.क्रि.। **धसाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **धसिनु**-धस्नुको क.क्रि./भा.क्रि.। **धसि** -क.धा./भा.धा.। **धसी, धसेर, धस्न, धस्तै, धसुन्जेल, धस्दाखेरि**-कृ.अ.। **धस्नू**-वि.। **धसून्**-इ.। **धस्ला**-स.। (स.क्रि.-गजुवा गोरुले डुक्रँदै घुँडा धस्यो । अ.क्रि.-खाँबो भासमा धस्यो ।)

धस्कनु-क्रि.मू.। **धस्क**-आ.धा.। अ.क्रि.; लुगाफाटो आदि धसिएर फाट्न आँट्नु, जीर्ण हुनु । **धस्काइ** (धस्क+आइ)-भा.ना.। **धस्काउनु**-प्रे.क्रि./स.क्रि.; धस्कन लगाउनु, धस्कने पार्नु, खियाउनु । **धस्काउ** -प्रे.धा.। **धस्काइनु**-धस्काउनुको क.क्रि.। **धस्काइ**-भा.प्रे.धा.। **धस्किनु**-धस्कनुको भा.क्रि.। **धस्कि**-भा.धा.। **धस्की, धस्केर, धस्कन, धस्कँदै, धस्कुन्जेल, धस्कँदाखेरि**-कृ.अ.। **धस्कनू**-वि.। **धस्कून्**-इ.। **धस्कला**-स.। (अ.क्रि.-कुल्लीहरूका सबै कपडा धस्के ।)

धस्किनु-क्रि.मू.। **धस्कि**-आ.धा.। अ.क्रि.; धस्कनु, घोटिनु। **धस्क्याइ** (धस्कि+आइ)-भा.ना.। **धस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; धस्किने पार्नु । **धस्क्याउ** -प्रे.धा.। **धस्क्याइनु** -धस्क्याउनुको क.क्रि.। **धस्क्याइ**-भा.प्रे.धा.। **धस्किइनु**-धस्किनुको भा.क्रि.। **धस्किइ**-भा.धा.। **धस्किई, धस्किएर, धस्किन, धस्किँदै, धस्किउन्जेल, धस्किंदाखेरि**-कृ.अ.। **धस्किनू**-वि.। **धस्किऊन्**-इ.। **धस्केला**-स.। (अ.क्रि.-टाहारे जेठाको कछाड धस्कियो ।)

धाउनु-क्रि.मू.। **धाउ**-आ.धा.। अ.क्रि.; आफ्नो काम सिद्ध गर्नाका लागि बारम्बार जानु, बराबर आवतजावत गर्नु, घरीघरी आउनु वा जानु । **धाइ** (धाउ+आइ), **धाउनी** (धाउ+नी)-भा.ना.। **धाइनु**-धाउनुको भा.क्रि.; धाउने काम होइनु । **धाइ** -भा.धा.। **धाई, धाएर, धाउन, धाउँदै, धाउन्जेल, धाउँदाखेरि**-कृ.अ.। **धाउनू**-वि.। **धाऊन्**-इ.। **धाउला**-स.। (अ.क्रि.-लप्सीबोटको स्याउते भञ्ज्याङी मालिकको‌मा खूब धायो ।)

धान्नु-क्रि.मू.। **धान्**-आ.धा.। स.क्रि.; निर्वाह गर्नु, पुग्नु, थेग्नु, थाम्नु, अड्याउनु, खप्नु, टिक्नु, टार्नु, पुऱ्याउनु, भ्याउनु । **धनाइ** (धान्+आइ)-भा.ना.। **धनाउनु**-प्रे.क्रि./स.क्रि.; धान्न लाउनु, धान्ने तुल्याउनु । **धनाउ**-

प्रे.धा.। धनाइनु -धनाउनुको क.क्रि.। धनाइ-क.प्रे.धा.। धानिनु-धान्नुको क.क्रि.। धानि-क.धा.। धानी, धानेर, धान्न, धान्दै, धानुन्जेल, धान्दाखेरि-कृ.अ.। धान्नू-वि.। धानून्-इ.। धान्ला-स.। (स.क्रि.-त्यसले जीवन धान्यो ।)

धापिनु-क्रि.मू.। धापि-आ.धा.। अ.क्रि.; कडा काम वा ज्यादा हिंडाइले थकित हुनु, श्रान्त हुनु, क्लान्त बन्नु, धपेडिनु । धप्याइ (धापि+आइ)-भा.ना.। धप्याउनु-प्रे.क्रि./स.क्रि.; धापिन लाउनु, धापिने पार्नु । धप्याउ-प्रे.धा.। धप्याइनु-धप्याउनुको क.क्रि.। धप्याइ-भा.प्रे.धा.। धापिइनु-धापिनुको भा.क्रि.। धापिइ -भा.धा.। धापिई, धापिएर, धापिन, धापिंदै, धापिउन्जेल, धापिंदाखेरि-कृ.अ.। धापिनू-वि.। धापिऊन्-इ.। धापेला-स.। (अ.क्रि.-खमारीको उकालो चढ्दा म खूब धापिएँ ।)

धाप्नु-क्रि.मू.। धाप्-आ.धा.। स.क्रि., स्यावासीका निमित्त धाप दिनु, लपेटाले बिस्तारै पिठिउँमा हान्नु, धाप मार्नु । अ.क्रि.; धाप लिनु, खोपी, डण्डी-बियो आदि खेलमा हान्न फड्कनु, फड्को हान्नु । धपाइ (धाप्+आइ)-भा.ना.। धापिनु-धाप्नुको क.क्रि./भा.क्रि.; धाप लिइनु । धापि-क.धा./भा.धा.। धापी, धापेर, धाप्न, धाप्दै, धापुन्जेल, धाप्दाखेरि-कृ.अ.। धाप्नू-वि.। धापून्-इ.। धाप्ला-स.। (स.क्रि.-आफ्नो लपेटा उचालेर सीताले बहिनीको पिठिउँमा बिस्तारै धापी । अ.क्रि.-नरबहादुर डण्डी हान्न एक फड्को फुत्त धाप्यो ।)

धिक्कार्नु-क्रि.मू.। धिक्कार्-आ.धा./स.क्रि.; खराब काम गर्नेलाई धिक्कार भन्नु, तिरस्कार गर्नु, निन्दा गर्नु । धिक्कराइ (धिक्कार्+आइ)-भा.ना.। धिक्कारिनु-धिक्कार्नुको क.क्रि.। धिक्कारि -क.धा.। धिक्कारी, धिक्कारेर, धिक्कार्न, धिक्कार्दै, धिक्कारुन्जेल, धिक्कार्दाखेरि-कृ.अ.। धिक्कार्नू-वि.। धिक्कारून्-इ.। धिक्कार्ला-स.। (स.क्रि.-नेपाली जनताले पंचायती व्यवस्थालाई धिक्कारे ।)

धिपधिपाउनु-क्रि.मू.। धिपधिपाउ-आ.धा.। अ.क्रि.; धिपधिप गरी बल्नु, धिपधिप गर्नु । धिपधिपाइ (धिपधिपाउ+आइ)-भा.ना.। धिपधिपाइनु-धिपधिपाउनुको भा.क्रि.। धिपधिपाइ-भा.धा.। धिपधिपाई, धिपधिपाएर, धिपधिपाउन, धिपधिपाउँदै, धिपधिपाउन्जेल, धिपधिपाउँदाखेरि-कृ.अ.। धिपधिपाउनू-वि.। धिपधिपाऊनु-इ.। धिपधिपाउला-स.। (अ.क्रि.-मर्ने बेलाको बत्ती धिपधिपायो ।)

धिप्कनु-क्रि.मू.। धिप्क-आ.धा.। अ.क्रि.; बत्ती, आगो आदि क्षीण रूपमा धिप्प बल्नु, धिप्प गर्नु । धिप्काइ (धिप्क+आइ)-भा.ना.। धिप्काउनु -प्रे.क्रि./स.क्रि., धिप्कने पार्नु । धिप्काउ-प्रे.धा.। धिप्काइनु-धिप्काउनुको क.क्रि.। धिप्काइ-भा.प्रे.धा.। धिप्किनु - धिप्कनुको भा.क्रि.। धिप्कि- भा.धा.। धिप्की, धिप्केर, धिप्कन, धिप्कँदै, धिप्कुन्जेल, धिप्कँदाखेरि-कृ.अ.। धिप्कनू-वि.। धिप्कूनु-इ.। धिप्कला-स.। (अ.क्रि.-चुल्होमा आगो धिप्क्यो ।)

धुइरनु-क्रि.मू.। धुइर-आ.धा.। अ.क्रि.; चारैतिरबाट एकै ठाउँमा धारो लागेर भीड लाग्नु, एकै ठाउँमा जम्मा हुनु, एउटैमाथि धेरै जना जाइलाग्नु, भेला हुनु, थुप्रनु । धुइराइ (धुइर+आइ)-भा.ना.। धुइराउनु-प्रे.क्रि./स.क्रि.; धुइरन लाउनु, धुइरने पार्नु । धुइराउ -प्रे.धा.। धुइराइनु-धुइराउनुको क.क्रि । धुइराइ-भा.प्रे.धा.। धुइरिनु-धुइरनुको भा.क्रि । धुइरि-भा.धा.। धुइरी, धुइरेर, धुइरन, धुइरँदै, धुइरुन्जेल, धुइरँदाखेरि-कृ.अ.। धुइरनू-वि.। धुइरून्-इ.। धुइरला-स.। (अ.क्रि-चारैतिरबाट मानिसहरू जात्रामा धुइरे ।)

धुइरिनु-क्रि.मू.। धुइरि-आ.धा.। अ.क्रि.; धुइरनु, धुइरो लाग्नु । धुइऱ्याइ (धुइरि+आइ)-भा.ना.। धुइऱ्याउनु-प्रे.क्रि./स.क्रि.; धुइरिन लाउनु, धुइरिने पार्नु । धुइऱ्याउ-प्रे.धा.। धुइऱ्याइनु-धुइऱ्याउनुको क.क्रि.। धुइरिइनु-धुइरिनुको भा.क्रि.। धुइरिइ-भा.धा.। धुइरिई, धुइरिएर, धुइरिन, धुइरिंदै, धुइरिउन्जेल, धुइरिंदाखेरि-कृ.अ.। धुइरिनू-वि.। धुइरिऊन्-इ । धुइरेला-स.। (अ.क्रि.-वैशाख-मासको साँझमा छिचिमिरा धुइरिए ।)

धुकचुकाउनु-क्रि.मू.। धुकचुकाउ -आ.धा.। अ.क्रि.; धुकचुक लाग्नु, सन्देह गर्नु, संशयमा पर्नु, शंका उब्जनु । धुकचुकाइ (धुकचुकाउ+आइ), धुकचुकाहट (धुकचुकाउ+आहट)-भा.ना.। धुकचुकाइनु-धुकचुकाउनुको भा.क्रि.। धुकचुकाइ -भा.धा.। धुकचुकाई, धुकचुकाएर, धुकचुकाउन, धुकचुकाउँदै, धुकचुकाउन्जेल, धुकचुकाउँदाखेरि-कृ.अ.। धुकचुकाउनू-वि.। धुकचुकाऊन्-इ.। धुकचुकाउला-स.। (अ.क्रि.-मंगलमान आफ्नै सालीको व्यवहारमा धुकचुकायो ।)

धुकधुकाउनु-क्रि.मू.। धुकधुकाउ -आ.धा.। अ.क्रि.; मुटु चल्दा आवाज आउनु, धुकधुक मुटु चल्नु । धुकधुकाइ (धुकधुकाउ+आइ), धुकधुकाहट (धुकधुकाउ+आहट) -भा.ना.। धुकधुकाइनु-धुकधुकाउनुको भा.क्रि । धुकधुकाइ-भा.धा.। धुकधुकाई, धुकधुकाएर, धुकधुकाउन, धुकधुकाउँदै, धुकधुकाउन्जेल,

धुकधुकाउँदाखेरि-कृ.अ.।**धुकधुकाउनू**-वि.। **धुकधुकाऊन्**-इ.। **धुकधुकाउला**-स.। (अ.क्रि.-आन्दोलनकालमा काँतरको मुटु धुकधुकायो ।)

धुजिनु-क्रि.मू.। **धुजि**-आ.धा.। अ.क्रि.; टुक्रा पर्नु, धुजा हुनु, चिरिनु । **धुज्याइ** (धुजि+आइ), **धुज्याहट** (धुजि+आहट)-भा.ना.। **धुज्याउनु**-प्रे.क्रि./स.क्रि.; धुजा धुजा पार्नु, टुक्र्याउनु, चिराचिरा तुल्याउनु । **धुज्याउ**-प्रे.धा.। **धुज्याइनु**-धुज्याउनुको क.क्रि.। **धुज्याइ**-भा.प्रे.धा.। **धुजिइनु**-धुजिनुको भा.क्रि.। **धुजिइ**-भा.धा.। **धुजिई, धुजिएर, धुजिन, धुजिँदै, धुजिउन्जेल, धुजिंदाखेरि**-कृ.अ.। **धुजिनू**-वि.। **धुजिऊन्**-इ.। **धुजेला**-स.। (अ.क्रि.-काम गर्दा-गर्दै गरीबको भोटो धुजियो ।)

धुत्नु-क्रि.मू.। **धुत्**-आ.धा.। स.क्रि.;फकाईफुलाई अर्काको माल लैजानु, लोभलालच देखाएर अर्काको धनमाल लिनु, गोप्य कुरो फुस्काउनु, रहस्य खुस्काएर खिच्नु, तान्नु, फुत्काउनु । **धुताइ** (धुत्+आइ)-भा.ना.। **धुताउनु**-प्रे.क्रि./स.क्रि.; धुत्न लाउनु, धुत्ने पार्नु । **धुताउ**-प्रे.धा.। **धुताइनु**-धुताउनुको क.क्रि.। **धुताइ**-क.प्रे.धा.। **धुतिनु**-धुत्नुको क.क्रि.। **धुति**-क.धा.। **धुती, धुतेर, धुत्न, धुत्दै, धुतुन्जेल, धुत्दाखेरि**-कृ.अ.। **धुत्नू**-वि.। **धुतून्**-इ.। **धुत्ला**-स.। (स.क्रि.-गुप्तचरले चालै नपाउने गरी कुरा धुत्यो ।)

धुनु-क्रि.मू.। **धु**-आ.धा.। स.क्रि.; पानी आदि निर्मल पदार्थले कुनै वस्तुमा रहेको फोहर मैला सफा गर्नु, प्रक्षालन गर्नु, पखाल्नु, मन माझ्नु । **धोइ** (धु+इ), **धुआइ** (धु+आइ), **धुवाइ** (धु+आइ), **धुलाइ** (धु+लाउ+आइ), **धोवाइ** (धोवाउ+आइ), **धुलाइ** (धुलाउ+आइ), **धुवाइ** (धुवाउ+आइ), **धोआइ** (धोआउ+आइ)-भा.ना.। **धुलाउनु/धोवाउनु, धुवाउनु/धोआउनु**-प्रे.क्रि./स.क्रि.; धुन लाउनु, धुने पार्नु । **धुलाउ/धोवाउ/धुवाउ/धोआउ**-प्रे.धा.। **धुलाइनु/धुवाइनु/धोवाइनु/धोआइनु**-धुलाउनु/धुवाउनु/धुवाउनु/धोआउनुको क.क्रि.। **धुलाइ/धुवाइ/धुवाइ/धोआइ**-क.प्रे.धा.। **धोइनु** -धुनुको क.क्रि.। **धोइ**-क.धा.। **धोई/धुई, धुएर/धोएर, धुन, धुँदै, धुउन्जेल, धुँदाखेरि**- कृ.अ.। **धुनू**- वि.। **धोऊन्**-इ.। **धोला**-स.। (स.क्रि.-धोवीले लुगा धोयो ।)

धुन्नु-क्रि.मू.। **धुन्**-आ.धा.। स.क्रि.; कपास उईंटनु, कपास फट्कनु, रुवा फड्कनु । **धुनाइ** (धुन्+आइ)-भा.ना.। **धुनाउनु**-प्रे.क्रि./स.क्रि.; धुन्न लाउनु । **धुनाउ**-प्रे.धा.। **धुनाइनु** -धुनाउनुको क.क्रि.। **धुनाइ**-क.प्रे.धा.। **धुनिनु**-धुन्नुको क.क्रि.। **धुनि**-क.धा.। **धुनी, धुनेर, धुन्न, धुन्दै, धुनुन्जेल, धुन्दाखेरि**-कृ.अ.। **धुन्नू**-वि.। **धुन्नून्**-इ.। **धुन्नेला**-स.। (स.क्रि.-मधेशेले उइँटाले कपास धुन्यो ।)

धुम्मिनु-क्रि.मू.। **धुम्मि**-आ.धा.। अ.क्रि.; आकाश बाक्लो बादलले ढाकिनु, रिसले धुम्म पर्नु, पीरले नबोली धुमधुमती बस्नु, धुम्म हुनु । **धुम्म्याइ** (धुम्मि+आइ)-भा.ना.। **धुम्म्याउनु**- प्रे.क्रि./स.क्रि.; धुम्मिन लाउनु, धुम्मिने पार्नु । **धुम्म्याउ**-प्रे.धा.। **धुम्म्याइनु**-धुम्म्याउनुको क.क्रि.। **धुम्म्याइ**-भा.प्रे.धा.। **धुम्मिइनु**- धुम्मिनुको भा.क्रि । **धुम्मिइ**-भा.धा.। **धुम्मिई, धुम्मिएर, धुम्मिन, धुम्मिँदै, धुम्मिउन्जेल, धुम्मिंदाखेरि**-कृ.अ.। **धुम्मिनू**-वि.। **धुम्मिऊन्**-इ.। **धुम्मेला**-स.। (अ.क्रि-आकाशमा कालो बादल धुम्मियो ।)

धुरिनु-क्रि.मू.। **धुरि**- आ.धा.। अ.क्रि.; धुरा उठेर कसैमाथि जाइलाग्नु, हूल बाँधेर छोप्नु, धुइरो लाग्नु, धुइरिनु, ओइरिनु । **धुर्‍याइ** (धुरि+आइ)-भा.ना.। **धुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; धुरिन लाउनु, धुरिने पार्नु । **धुर्‍याउ**-प्रे.धा.। **धुर्‍याइनु**-धुर्‍याउनुको क.क्रि.। **धुर्‍याइ**-भा.प्रे.धा.। **धुरिइनु**-धुरिनुको भा.क्रि.। **धुरिइ**-भा.धा.। **धुरिई, धुरिएर, धुरिन, धुरिँदै, धुरिउन्जेल, धुरिंदाखेरि**-कृ.अ.। **धुरिनू**-वि.। **धुरिऊन्**-इ.। **धुरेला**-स.। (अ.क्रि.-इलम पोखरी जात्रामा मानिसहरू धुरिए ।)

धुलिनु-क्रि.मू.। **धुलि**-आ.धा.। अ.क्रि.; धूलो हुनु, चूर्ण हुनु, सद्देवस्तु नष्ट हुनु, माटिनु, रद्दी हुनु, बेकामको हुनु । **धुल्याइ** (धुलि+आइ), (धुल्याउ+आइ)-भा.ना.। **धुल्याउनु**-प्रे.क्रि./स.क्रि.; धुलिने पार्नु, धूलो पार्नु, मसिनो पार्नु । **धुल्याउ**-प्रे.धा.। **धुल्याइनु**-धुल्याउनुको क.क्रि.। **धुल्याइ**-भा.प्रे.धा.। **धुलिइनु** -धुलिनुको भा.क्रि.। **धुलिइ**-भा.धा.। **धुलिई, धुलिएर, धुलिन, धुलिँदै, धुलिउन्जेल, धुलिंदाखेरि**-कृ.अ.। **धुलिनू**-वि.। **धुलिऊन्**-इ.। **धुलेला**-स.। (अ.क्रि.-समयमै सोच्न नसक्ता धेरै पुरातात्विक वस्तुहरू धुलिए ।)

धुवाँउनु-क्रि.मू.। **धुवाँउ**-आ.धा.। स.क्रि.; धूवाँ पार्नु, धूवाँ निकाल्नु, चिसो गोठ, कटेरो आदि ठाउँ तताउने हिसाबले धुवाँउने पार्नु । अ.क्रि.; धूवाँ निस्कनु, धूवाँ उठ्नु । **धुवाँइ** (धुवाँउ+आइ)-भा.ना.। **धुवाँइनु**-धुवाँउनुको क.क्रि./भा.क्रि.। **धुवाँइ**-क.धा./भा.धा.। **धुवाँई, धुवाँएर, धुवाँउन, धुवाँउँदै, धुवाँउन्जेल, धुवाँउँदाखेरि**-कृ.अ.। **धुवाँउनू**-वि.। **धुवाँऊन्**-इ.। **धुवाँउला**-स.। (स.क्रि.-गोठालोले झरीमा गोठ धुवाँयो । अ.क्रि.-आगलागीमा बस्ती नै धुवाँयो ।)

धुस्निनु-क्रि.मू.। **धुस्नि**-आ.धा.। अ.क्रि.; धुस्नु हुनु, फाटेर

च्याङ्लो हुनु, पराल आदि माडिएर खजमजिनु । **धुस्न्याइ** (धुस्नि+आइ)-भा.ना.। **धुस्न्याउनु**-प्रे.क्रि./स.क्रि.; धुस्नु पार्नु, पराल आदि खजमज्याउनु, लेध्नो बनाउनु, फटाउनु । **धुस्न्याउ**-प्रे.धा.। **धुस्न्याइनु**- धुस्न्याउनुको क.क्रि.। **धुस्न्याइ**-भा.प्रे.धा.। **धुस्निइनु**-धुस्निनुको भा.क्रि.। **धुस्निइ**-भा.धा.। **धुस्निई, धुस्निएर, धुस्निन, धुस्निँदै, धुस्निउन्जेल, धुस्निंदाखेरि**-कृ.अ.। **धुस्निनू**-वि.। **धुस्निऊन्**-इ.। **धुस्नेला**-स.। (अ.क्रि.-पाँजा ज्यादै सुक्नाले दाईंमा पराल धुस्नियो ।)

धोक्नु-क्रि.मू.। **धोक्**-आ.धा.। स.क्रि.; इच्छा लागेको चीज बेसरी खानु, धीत मरुन्जेल जाँड-रक्सी पिउनु, फजूल खर्च गर्नु । **धोकाइ** (धोक्+आइ)-भा.ना.। **धोकाउनु**-प्रे.क्रि./स.क्रि.; धोक्न लाउनु, धोक्ने पार्नु । **धोकाउ**-प्रे.धा.। **धोकाइनु**-धोकाउनुको क.क्रि.। **धोकाइ**-क.प्रे.धा.। **धोकिनु**-धोक्नुको क.क्रि.। **धोकि** -क.धा.। **धोकी, धोकेर, धोक्न, धोक्तै, धोकुन्जेल, धोक्दाखेरि**-कृ.अ.। **धोक्नू**-वि.। **धोकून्**-इ.। **धोक्ला**-स.। (स.क्रि. - पुष्पनिधिले रक्सी धोक्यो ।)

धोक्रिनु-क्रि.मू.। **धोक्रि**-आ.धा.। अ.क्रि.; धेरै खाएर धोक्रो जस्तो भई फुल्नु, बेसरी मोटाउनु । **धोक्र्याइ** (धोक्रि+आइ) भा.ना.। **धोक्र्याउनु**-प्रे.क्रि./स.क्रि.; धोक्रिने पार्नु, कन्ठ्याउनु । **धोक्र्याउ**-प्रे.धा.। **धोक्र्याइनु**-धोक्र्याउनुको क.कि.। **धोक्र्याइ**-भा.प्रे.धा.। **धोक्रिइनु**-धोक्रिनुको भा.क्रि.। **धोक्रिइ**-भा.धा.! **धोक्रिई, धोक्रिएर, धोक्रिन, धोक्रिँदै, धोक्रिउन्जेल, धोक्रिदाखेरि**-कृ.अ.। **धोक्रिनू**-वि.। **धोक्रिऊन्**-इ.। **धोक्रेला**-स.। (अ.क्रि.- भञ्ज्याङी मालिकको छोरो बङ्गुर झैं धोक्रियो ।)

धोत्रिनु-क्रि.मू.। **धोत्रि**-आ.धा.। अ.क्रि.; खोक्रो हुनु, भित्रको गुदी वा चुरो मकाएर रूख आदिमा धोत्रो पर्नु, कण्ठमा कुनै विकार हुँदा वा जवानी चढ्दा स्वर बिग्रेर ठूलो हुनु । **धोत्र्याइ** (धोत्रि+आइ)-भा.ना.। **धोत्र्याउनु**-प्रे.क्रि./स.क्रि.; धोत्रिन लाउनु, धोत्रो पार्नु । **धोत्र्याउ**-प्रे.धा.। **धोत्र्याइनु**-धोत्र्याउनुको क.क्रि.। **धोत्र्याइ**-भा.प्रे.धा.। **धोत्रिइनु**- धोत्रिनुको भा.क्रि.। **धोत्रिइ** -भा.धा.। **धोत्रिई, धोत्रिएर, धोत्रिन, धोत्रिँदै, धोत्रिउन्जेल, धोत्रिंदाखेरि**-कृ.अ.। **धोत्रिनू**-वि.। **धोत्रिऊन्**-इ.। **धोत्रेला**-स.। (अ.क्रि.-सिमलचउरको बडरको रूख धोत्रियो ।)

ध्वान्द्रिनु-क्रि.मू.। **ध्वान्द्रि**-आ.धा.। अ.क्रि.; स्वर नराम्रो हुनु, ध्वान्द्रो पर्नु । **ध्वन्द्रयाइ** (ध्वान्द्रि+आइ)-भा.ना.। **ध्वन्द्रयाउनु**-प्रे.क्रि./स.क्रि.-ध्वान्द्रिने पार्नु । **ध्वन्द्रयाउ**-प्रे.धा.। **ध्वन्द्रयाइनु**-ध्वन्द्रयाउनुको क.क्रि.। **ध्वन्द्रयाइ**-भा.प्रे.धा.। **ध्वान्द्रिइनु**-ध्वान्द्रिनुको भा.क्रि.। **ध्वान्द्रिइ**-भा.धा.। **ध्वान्द्रिई, ध्वाद्रिएर, ध्वान्द्रिन, ध्वान्द्रिँदै, ध्वान्द्रिउन्जेल, ध्वान्द्रिंदाखेरि**-कृ.अ.। **ध्वान्द्रिनू**-वि.। **ध्वान्द्रिऊन्**-इ.। **ध्वान्द्रेला**-स.। (अ.क्रि.-तल्लोघर बिष्णेको स्वर ध्वान्द्रियो ।)

न

नकचरिनु-क्रि.मू.। **नकचरि**-आ.धा.। अ.क्रि.; नकचरो हुनु, नकच्चरिनु । **नकचर्‍याइ** (नकचरि+आइ)-भा.ना.। **नकचर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; नकच्चर्‍याउनु । **नकचर्‍याउ**-प्रे.धा.। **नकचर्‍याइनु**-नकचर्‍याउनुको क.क्रि.। **नकचर्‍याइ**-भा.प्रे.धा.। **नकचरिइनु**-नकचरिनुको भा.क्रि.। **नकचरिइ**-भा.धा.। **नकचरिई, नकचरिएर, नकचरिन, नकचरिँदै, नकचरिउन्जेल, नकचरिंदाखेरि**-कृ.अ.। **नकचरिनू**-वि.। **नकचरिऊन्**-इ.। **नकचरेला**-स.। (अ.क्रि.-सबैको सामू हात पसार्न भिखारी नकचरियो ।)

नकच्चरिनु-क्रि.मू.। **नकच्चरि**-आ.धा.। अ.क्रि.; निर्लज्ज हुनु, नकच्चरो हुनु, बेसरम बन्नु । **नकच्चर्‍याईं** (नकच्चरि+आईं), **नकच्चर्‍याइ** (नकच्चरि+आइ), **नकच्चर्‍याहट**(नकच्चरि+आहट)-भा.ना.। **नकच्चर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; अरूलाई लज्जित गराउनु, शरम लाग्ने पार्नु, बूझ पचाएर बोल्नु, नजानेको झैं सोध्नु । **नकच्चर्‍याउ**-प्रे.धा.। **नकच्चर्‍याइनु**-नकच्चर्‍याउनुको क.क्रि.। **नकच्चर्‍याइ**-भा.प्रे.धा.। **नकच्चरिइनु**-नकच्चरिनुको भा.क्रि.। **नकच्चरिइ**-भा.धा.। **नकच्चरिई, नकच्चरिएर, नकच्चरिन, नकच्चरिँदै, नकच्चरिउन्जेल, नकच्चरिंदाखेरि**-कृ.अ.। **नकच्चरिनू**-वि.। **नकच्चरिऊन्**-इ.। **नकच्चरेला**-स.। (अ.क्रि.-जनताको सम्पत्तिमा ढलीमली गर्दा पंचायत नकच्चरियो ।)

नकाउनु-क्रि.मू.। **नकाउ** -आ.धा.। अ.क्रि.; अनकनाउनु, कुनै काम कुरो स्वीकार्न असजिलो मान्नु । **नकाइ** (नकाउ+आइ)-भा.ना.। **नकाइनु**-नकाउनुको भा.क्रि.। **नकाइ**-भा.धा.। **नकाई, नकाएर, नकाउन, नकाउँदै, नकाउन्जेल, नकाउँदाखेरि**-कृ.अ.। **नकाउनू**-वि.। **नकाऊन्**-इ.। **नकाउला**-स.। (अ.क्रि.-अनैतिक कार्य गर्नका निमित्त श्यामे र गोरे नकाए ।)

नङ्गिनु-क्रि.मू.। **नङ्गि**-आ.धा.। अ.क्रि.; नाङ्गो हुनु, निर्वस्त्र हुनु, सिरीखुरी हुनु, खोस्टिनु, उदाङ्गिनु ।

नङ्ग्याइ (नङ्गि+आइ), **नङ्ग्याहट** (नङ्गि+आहट)-भा.ना.। **नङ्ग्याउनु** -प्रे.क्रि./स.क्रि.; नङ्गिने पार्नु, खोस्ट्याउनु, निर्वस्त्र तुल्याउनु, सिरीखुरी पार्नु, छोडाउनु । **नङ्ग्याउ**-प्रे.धा.। **नङ्ग्याइनु**-नङ्ग्याउनुको क.क्रि.। **नङ्ग्याइ**-भा.प्रे.धा.। **नङ्गिइनु**-नङ्गिनुको भा.क्रि.। **नङ्गिइ**-भा.धा.। **नङ्गिई, नङ्गिएर, नङ्गिन, नङ्गिंदै, नङ्गिउन्जेल, नङ्गिंदाखेरि**-कृ.अ.। **नङ्गिनू**-वि.। **नङ्गिऊन्**-इ.। **नङ्गेला**-स.। (अ.क्रि.-पंचायती कालो कानूनमा नेपाली जनता साह्रो नङ्गिए ।)

नङ्डिनु-क्रि.मू.। **नङ्डि**-आ.धा.। अ.क्रि.; हे. नङ्गिनु, नाङ्डिनु । **नङ्ड्याइ** (नङ्डि+आइ), **नङ्ड्याहट** (नङ्डि+आहट)- भा.ना.। **नङ्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; नङ्ग्याउनु । **नङ्ड्याउ**-प्रे.धा.। **नङ्ड्याइनु**-नङ्ड्याउनुको क.क्रि.। **नङ्ड्याइ**-भा.प्रे.धा.। **नङ्डिइनु**-नङ्डिनुको भा.क्रि.। **नङ्डिइ**-भा.धा.। **नङ्डिई, नङ्डिएर, नङ्डिन, नङ्डिंदै, नङ्डिउन्जेल, नङ्डिंदाखेरि**-कृ.अ.। **नङ्डिनू**-वि.। **नङ्डिऊन्**-इ.। **नङ्डेला**-स.। (अ.क्रि.-जनै पूर्णिमाका दिन नारद पोखरीमा स्नान गर्नका निमित्त यात्रुहरू नङ्डिए ।)

नजिकिनु-क्रि.मू.। **नजिकि**-आ.धा.। अ.क्रि.; निकट हुनु, नजिकमा रहनु, छेउछेउमै आइपुग्नु । **नजिक्याइ** (नजिकि+आइ)-भा.ना.। **नजिक्याउनु**-प्रे.क्रि./स.क्रि.; नजिक ल्याउनु, नगिच पार्नु । **नजिक्याउ**-प्रे.धा.। **नजिक्याइनु**-नजिक्याउनुको क.क्रि.। **नजिक्याइ**-भा.प्रे.धा.। **नजिकिइनु**-नजिकिनुको भा.क्रि.। **नजिकिइ**-भा.धा.। **नजिकिई, नजिकिएर, नजिकिन, नजिकिंदै, नजिकिउन्जेल, नजिकिंदाखेरि**-कृ.अ.। **नजिकिनू** -वि.। **नजिकिऊन्**-इ.। **नजिकेला**-स.। (अ.क्रि.-तपीको लेकमा पुग्दा दूध पोखरी नजिकियो ।)

नत्थिनु-क्रि.मू.। **नत्थि** -आ.धा.। अ.क्रि.; नाकमा मुन्द्रो, डोरी आदि लाग्नु, बाध्य भई नत्थिएर लाग्नु, विवश हुनु, अल्झनु, जोल्टिनु । **नत्थ्याइ** (नत्थि+आइ), **नत्थ्याहट**-(नत्थि+आहट)-भा.ना.। **नत्थ्याउनु**-प्रे.क्रि./स.क्रि.; नत्थ लगाउनु, नत्थी लाउनु, विवश गराउनु, बाध्य पार्नु, अल्झाउनु, जोल्ट्याउनु । **नत्थ्याउ**-प्रे.धा.। **नत्थ्याइनु**-नत्थ्याउनुको क.क्रि.। **नत्थ्याइ**-भा.प्रे.धा.। **नत्थिइनु**-नत्थिनुको भा.क्रि.। **नत्थिइ**-भा.धा.। **नत्थिई, नत्थिएर, नत्थिन, नत्थिंदै, नत्थिउन्जेल, नत्थिंदाखेरि**-कृ.अ.। **नत्थिनू**-वि.। **नत्थिऊन्**-इ.। **नत्थेला**-स.। (अ.क्रि.-राँगो गाडामा नत्थियो ।)

नाइँकार्नु-क्रि.मू.। **नाइँकार्** -आ.धा.। स.क्रि.; अस्वीकार गर्नु, नामन्जुर गर्नु, असहमति जनाउनु, नाइँनाइँ भन्नु । **नाइँकार** (नाइँकार्+अ), **नाइँकराइ** (नाइँकार्+आइ) -भा.ना.; अस्वीकार, नामन्जुर । **नाइँकारिनु**-नाइँकार्नुको क.क्रि.। **नाइँकारि**-क.धा.। **नाइँकारी, नाइँकारेर, नाइँकार्न, नाइँकार्दै, नाइँकारुन्जेल, नाइँकार्दाखेरि**-कृ.अ.। **नाइँकार्नू**-वि.। **नाइँकारून्**-इ.। **नाइँकार्ला**-स.। (स.क्रि.-त्यसले आफ्नो गल्ती स्वीकार्न नाइँकार्‍यो ।

नाघ्नु-क्रि.मू.। **नाघ्**-आ.धा.। स.क्रि.; फड्कनु, उछिन्नु, नटेर्नु, भनेको नमान्नु, क्रम बिगार्नु, सिलसिला तोड्नु, विपरित आचरण गर्नु । **नघाइ** (नाघ्+आइ)-भा.ना.। **नघाउनु**-प्रे.क्रि./स.क्रि.; नाघ्न लाउनु, नाघ्ने पार्नु । **नघाउ**-प्रे.धा.। **नघाइनु**-नघाउनुको क.क्रि.। **नघाइ** -भा.प्रे.धा. । **नाघिनु** -नाघ्नुको क.क्रि.। **नाघि**-क.धा.। **नाघी, नाघेर, नाघ्न, नाघ्दै, नाघुन्जेल, नाघ्दाखेरि**-कृ.अ.। **नाघ्नू**-वि.। **नाघून्**- इ.। **नाघ्ला** -स.। (स.क्रि.-विज्ञानले प्रकृतिको मर्यादालाई नाघ्यो ।)

नाङ्गिनु-क्रि.मू.। **नाङ्गि**-आ.धा.। अ.क्रि.; नाङ्गो हुनु, नङ्गिनु । **नङ्ग्याइ** (नाङ्गि+आइ)-भा.ना.। **नङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; नाङ्गो पार्नु, निर्वस्त्र तुल्याउनु, खोस्ट्याउनु, सिरीखुरी पार्नु । **नङ्ग्याउ**-प्रे.धा.। **नङ्ग्याइनु**-नङ्ग्याउनुको क.क्रि.। **नङ्ग्याइ** -भा.प्रे.धा.। **नाङ्गिइनु**-नाङ्गिनुको भा.क्रि.। **नाङ्गिइ**-भा.धा.। **नाङ्गिई, नाङ्गिएर, नाङ्गिन, नाङ्गिंदै, नाङ्गिउन्जेल, नाङ्गिंदाखेरि**-कृ.अ.। **नाङ्गिनू** -वि.। **नाङ्गिऊन्**-इ.। **नाङ्गेला**-स.। (अ.क्रि.-नेपाली जनताको अगाडि पंचायत नाङ्गियो ।)

नाङ्डिनु-क्रि.मू.। **नाङ्डि**-आ.धा.। अ.क्रि.; हे.नाङ्गिनु । **नङ्ड्याइ** (नाङ्डि+आइ)-भा.ना.। **नङ्ड्याउनु** -प्रे.क्रि./स.क्रि.; नङ्ग्याउनु । **नङ्ड्याउ**-प्रे.धा.। **नङ्ड्याइनु**-नङ्ड्याउनुको क.क्रि.। **नङ्ड्याइ**-भा.प्रे.धा.। **नाङ्डिइनु**-नाङ्डिनुको भा.क्रि.। **नाङ्डिइ** -भा.धा.। **नाङ्डिई, नाङ्डिएर, नाङ्डिन, नाङ्डिंदै, नाङ्डिउन्जेल, नाङ्डिंदाखेरि**-कृ.अ.। **नाङ्डिनू**-वि.। **नाङ्डिऊन्**-इ.। **नाङ्डेला**-स.।(अ.क्रि.-रक्सी पिई-पिई हरेराम नाङ्डियो।)

नाच्नु-क्रि.मू.। **नाच्**-आ.धा.। अ.क्रि.; नृत्य गर्नु, नाच गर्नु, अर्काको इसारामा चल्नु, अरूको लहैलहैमा हिंड्नु, रिङ्नु, घुम्नु, दगुर्नु, भौतारिनु । स.क्रि.; नाच गर्नु, नृत्य गर्नु । **नचाइ** (नाच्+आइ)-भा.ना.। **नचाउनु**-प्रे.क्रि./स.क्रि.; नाच्न लाउनु, नृत्य गराउनु, घुमाउनु, रिङाउनु । **नचाउ**-प्रे.धा.। **नचाइनु**- नचाउनुको क.क्रि.। **नचाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **नाचिनु**,-नाच्नुको भा.क्रि./

स.क्रि.। **नाचि**-भा.धा/क.धा. । **नाची, नाचेर, नाच्न, नाच्दै, नाचुन्जेल, नाच्दाखेरि**-कृ.अ.। **नाच्नू**-वि.। **नाचून्**-इ.। **नाच्ला**-स.। (अ.क्रि.-मजुर नाच्यो । स.क्रि.-तीनवटी कन्याले घाटु नाचे ।)

नाथ्नु-क्रि.मू.। **नाथ्**-आ.धा.। स.क्रि.; नथ्थी लाउनाका लागि गोरु, राँगो आदिको नाक छेड्नु, नाथ्रीमा मुन्द्रो, धागो वा डोरी हाल्नु । **नथाइ** (नाथ्+आइ)-भा.ना.। **नथाउनु**-प्रे.क्रि./स.क्रि.; नाथ्न लगाउनु, नाक छेड्न लाउनु । **नथाउ**-प्रे.धा.। **नथाइनु**-नथाउनुको क.क्रि.। **नथाइ**-क.प्रे.धा.। **नाथिनु**-नाथ्नुको क.क्रि.। **नाथि**-क.धा.। **नाथी, नाथेर, नाथ्न, नाथ्तै/दै, नाथुन्जेल, नाथ्दाखेरि**-कृ.अ.। **नाथ्नू**-वि.। **नाथून्**-इ.। **नाथ्ला**-स.। (स.क्रि.-सियोको नाथ्रीमा दर्जीले धागो नाथ्यो ।)

नाप्नु-क्रि.मू.। **नाप्**-आ.धा.। स.कि.; नापो लिनु, नापी गर्नु, भर्नु, जोख्नु, तौलनु, व्यङ्ग्य गरी भन्नु, खुत्त्याउनु । **नपाइ** (नाप्+आइ)-भा.ना.। **नपाउनु**-प्रे.क्रि./स.क्रि.; नाप्न लाउनु, नापी गराउनु । **नपाउ**-प्रे.धा.। **नपाइनु**-नपाउनुको क.क्रि.। **नपाइ**-क.प्रे.धा.। **नापिनु**-नाप्नुको क.क्रि.। **नापि**-क.धा.। **नापी, नापेर, नाप्न, नाप्तै, नापुन्जेल, नाप्दाखेरि**-कृ.अ.। **नाप्नू**-वि.। **नापून्**-इ.। **नाप्ला**-स.। (स.क्रि.-नेपालसरकारले हिमाली खण्डको पूर्व-पश्चिम 'कैलाश राजमार्ग' नाप्यो ।)

नापिनु/नाप्पिनु-क्रि.मू.। **नापि/नाप्पि**- आ.धा.। अ.क्रि.; नपाइमा पर्नु, मात्तिनु, चम्कनु । **नप्याइ/नप्प्याइ** (नापि/नाप्पि+आइ)-भा.ना.। **नप्याउनु/नप्प्याउनु**-प्रे.क्रि./स.क्रि.; नापिन लाउनु, नाप्पिने पार्नु । **नप्याउ/नप्प्याउ**-प्रे.धा.। **नप्याइनु/नप्प्याइनु**-नप्याउनु/नप्प्याउनुको क.क्रि.। **नप्याइ/नप्प्याइ**-भा.प्रे.धा.। **नापिइनु/नाप्पिइनु**-नापिनु/नाप्पिनुको भा.क्रि.। **नापिइ/नाप्पिइ**-भा.धा.। **नापिई/नाप्पिई, नापिएर/नाप्पिएर, नापिन/नाप्पिन, नापिँदै/नाप्पिँदै, नापिउन्जेल/नाप्पिउन्जेल, नापिंदाखेरि/नाप्पिंदाखेरि**-कृ.अ.। **नापिनू/नाप्पिनू**-वि.। **नापिऊन्/नाप्पिऊन्**-इ.। **नापेला/नाप्पेला**-स.। (अ.क्रि.-हरिवहादुर अधिकारी हडकडको लाहुरेमा नापियो ।)

नार्नु-क्रि.मू.। **नार्**-आ.धा.। स.क्रि.; गोरु आदिलाई जोत्नका निमित्त जुवामा बाँध्नु, बग्गीमा घोडा जोत्नु, गाडा आदिमा गोरु वा राँगा जोत्नु, जम्मा गर्नु, जुटाउनु । **नराइ** (नार्+आइ)-भा.ना.। **नराउनु**-प्रे.क्रि./स.क्रि.; नार्न लाउनु । **नराउ**-प्रे.धा.। **नराइनु**-नराउनुको क.क्रि.। **नराइ**-क.प्रे.धा.। **नारिनु**-नार्नुको क.क्रि.। **नारि**-क.धा.। **नारी, नारेर, नार्न, नार्दै, नारुन्जेल, नार्दाखेरि**-कृ.अ.। **नार्नू**-वि.। **नारून्**-इ.। **नार्ला**-स.। (स.क्रि.-बाङ्गरामा पिते कामीले गोरु नार्‍यो ।)

नासिनु-क्रि.मू.। **नासि**-आ.धा.। अ.कि.; नाश हुनु, नष्ट हुनु, बिग्रनु । **नस्याइ** (नासि+आइ)-भा.ना.। **नासिइनु**-नासिनुको भा.क्रि.। **नासिइ**-भा.धा.। **नासिई, नासिएर, नासिन, नासिँदै, नासिउन्जेल, नासिंदाखेरि**-कृ.अ.। **नासिनू**-वि.। **नासिऊन्**-इ.। **नासेला**-स.। (अ.क्रि-हेर्दाहेर्दै भच्चेकको जङ्गल नासियो ।)

नास्नु-क्रि.मू.। **नास्**-आ.धा.। स.क्रि.; नाश गर्नु, बिगार्नु, खर्च गर्नु, मास्नु । **नसाइ** (नास्+आइ)-भा.ना.। **नासिनु**-नास्नुको क.क्रि.। **नासि**-क.धा.। **नासी, नासेर, नास्न, नास्तै, नासुन्जेल, नास्दाखेरि**-कृ.अ.। **नास्नू**-वि.। **नासून्**-इ.। **नास्ला**-स.। (स.क्रि.-अतिवादीले आगो लगाएर बन नास्यो ।)

निकाल्नु-क्रि.मू.। **निकाल्**-आ.धा.। स.क्रि.; हटाउनु, धपाउनु, छुटाउनु, देखाउनु, निकाला गर्नु, भित्रबाट बाहिर झिक्नु, नयाँ कुरो पत्ता लगाउनु, प्रकट गर्नु, प्रकाशमा ल्याउनु । **निकाला** (निकाल्+आ), **निकलाइ** (निकाल्+आइ)-भा.ना.। **निकालिनु**-निकाल्नुको क.क्रि.। **निकालि**-क.धा.। **निकाली, निकालेर, निकाल्न, निकाल्दै, निकालुन्जेल, निकाल्दाखेरि**-कृ.अ.। **निकाल्नू**-वि.। **निकालून्**-इ.। **निकाल्ला**-स.। (स.क्रि.-सरकारले भ्रष्टाचारी कर्मचारीहरूलाई निकाल्यो ।)

निकास्नु-क्रि.मू.। **निकास्**-आ.धा.। स.क्रि.; मुक्त गर्नु, बाहिर निकाल्नु । **निकसाइ** (निकास्+आइ), **निकासी** (निकास्+ई), **निकासा** (निकास्+आ)-भा.ना.। **निकासिनु**-निकास्नुको क.क्रि.। **निकासि**-क.धा.। **निकासी, निकासेर, निकास्न, निकास्तै/दै, निकासुन्जेल, निकास्दाखेरि**-कृ.अ.। **निकास्नू**-वि.। **निकासून्**-इ.। **निकास्ला**-स.। (स.क्रि.-नगर पालिकाले ढल निकास्यो ।)

निक्लनु-क्रि.मू.। **निक्ल**-आ.धा.। अ.क्रि.; निस्कनु, बाहिर आउनु, मुक्त हुनु, उम्रनु, टुसाउनु, बाहिर हुनु, देखा पर्नु । **निक्लाइ** (निक्ल+आइ)-भा.ना.। **निक्लिनु**-निक्लनुको भा.क्रि.। **निक्लि**-भा.धा.। **निक्ली, निक्लेर, निक्लन, निक्लँदै, निक्लुन्जेल, निक्लँदाखेरि**-कृ.अ.। **निक्लनू**-वि.। **निक्लून्**-इ.। **निक्लला**-स.। (अ.क्रि.-अन्ठाउन्न वर्ष सेवा पुगेका कर्मचारीहरू सबै निक्ले ।)

निक्लिनु-क्रि.मू.। **निक्लि**-आ.धा.। अ.क्रि.; निक्लनु, निस्कनु । **निक्ल्याइ** (निक्लि+आइ)-भा.ना.। **निक्लिइनु**-

निक्लिनुको भा.क्रि.। **निक्लिइ**-भा.धा.। **निक्लिई, निक्लिएर, निक्लिन, निक्लिँदै, निक्लिउन्जेल, निक्लिंदाखेरि**-कृ.अ.। **निक्लिनू**-वि.। **निक्लिऊन्**-इ.। **निक्लेला**-स.। (अ.क्रि.-प्वालबाट सर्प बाहिर निक्लियो ।)

निखन्नु-क्रि.मू.। **निखन्** -आ.धा.। स. क्रि.; बन्धकी राखेको वस्तु रुपियाँ तिरी फिर्ता लिनु, बेचिएको जग्गा-जमीन हकवालाले रुपियाँ तिरेर आफ्नो पार्नु । **निखनाइ** (निखन्+आइ)-भा.ना.। **निखनाउनु**-प्रे.क्रि./स.क्रि.; निखन्न लाउनु । **निखनाउ**-प्रे.धा.। **निखनाइनु**-निखनाउनुको क.क्रि.। **निखनाइ**-क.प्रे.धा.। **निखनिनु**-निखन्नुको क.क्रि.। **निखनि**-क.धा.। **निखनी, निखनेर, निखन्न, निखन्दै, निखनुन्जेल, निखन्दाखेरि**-कृ.अ.। **निखन्नू**-वि.। **निखनून्**-इ.। **निखन्ला**-स.। (स.क्रि.-लाहुरेले साहूको बन्दकीमा राखेको आफ्नो सबै जग्गा निखन्यो ।)

निखार्नु-क्रि.मू.। **निखार्**-आ.धा.। स.क्रि.; रित्त्याउनु, सिद्ध्याउनु, खतम पार्नु, खङ्गार पार्नु । **निखराइ** (निखार्+आइ)-भा.ना.। **निखारिनु**-निखार्नुको क.क्रि.। **निखारि**-क.धा.। **निखारी, निखारेर, निखार्न, निखार्दै, निखारुन्जेल, निखार्दाखेरि**-कृ.अ.। **निखार्नू**- वि.। **निखारून्**-इ.। **निखार्ला**-स.। (स.क्रि.-गाउँफर्केले जनतालाई निखार्‍यो ।)

निखुल्कनु-क्रि.मू.। **निखुल्क**-आ.धा.। स.क्रि.; मात्तिनु, पात्तिनु, इत्तरिनु, फुर्कनु, नेप्रिनु, निहुँ खोजेर ओखल्केका कुरा गर्नु । **निखुल्काइ** (निखुल्क+आइ)-भा.ना.। **निखुल्किनु**-निखुल्कनुको भा.क्रि.। **निखुल्कि** -भा.धा.। **निखुल्की, निखुल्केर, निखुल्कन, निखुल्कँदै, निखुल्कुन्जेल, निखुल्कँदाखेरि**-कृ.अ.। **निखुल्कनू**- वि.। **निखुल्कून्**-इ.। **निखुल्कला**-स.। (अ.क्रि.-त्यो राम्रा कुरा गर्दागर्दै पनि निखुल्क्यो ।)

निखुल्किनु-क्रि.मू.। **निखुल्कि**-आ.धा.। अ.क्रि.;निखुल्कनु । **निखुल्क्याइ** (निखुल्कि+आइ)-भा.ना.। **निखुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; निखुल्कन लगाउनु, निखुल्कने पार्नु । **निखुल्क्याउ**-प्रे.धा.। **निखुल्क्याइ** (निखुल्क्याउ+आइ), **निखुल्क्याहट** (निखुल्क्याउ+आहट)-भा.ना.। **निखुल्क्याइनु**-निखुल्क्याउनुको क.क्रि.। **निखुल्क्याइ**-भा.प्रे.धा.। **निखुल्किइनु**-निखुल्किनुको भा. क्रि.। **निखुल्किइ**-भा.धा.। **निखुल्किई, निखुल्किएर, निखुल्किन, निखुल्किँदै, निखुल्किउन्जेल, निखुल्किंदाखेरि**-कृ.अ.। (अ.क्रि.-ढोडेनी जात्रामा धेरै मानिसहरू निखुल्किए ।)

निख्रनु-क्रि.मू.। **निख्र**-आ.धा.। अ.क्रि.; सिद्धिनु, रित्तिनु, भएभरको सकिनु, समाप्त हुनु, बाँकी नरहनु, स्वच्छ हुनु । **निख्राइ** (निख्र+आइ)-भा.ना.। **निख्राउनु**-प्रे.क्रि./स.क्रि.; रित्त्याउनु, निखार्नु, समाप्त पार्नु । **निख्राउ**-प्रे.धा.। **निख्राइनु**-निख्राउनुको क.क्रि.। **निख्राइ**-भा.प्रे.धा.। **निख्रिनु**-निख्रनुको भा.क्रि.। **निख्रि**-भा.धा.। **निख्री, निख्रेर, निख्रन, निख्रँदै, निख्रुन्जेल, निख्रँदाखेरि**-कृ.अ.। **निख्रनू**-वि.। **निख्रून्**-इ.। **निख्रला**-स.। (अ.क्रि.-जेठ लागेपछि काफल–ऐसेलु बिस्तारै निख्र्यो ।)

निख्रिनु-क्रि.मू.। **निख्रि**-आ.धा.। अ.क्रि.; निख्रनु । **निख्र्याइ** (निख्रि+आइ)-भा.ना.। **निख्र्याउनु** -प्रे.क्रि./स.क्रि.; निख्रिन लाउनु, निख्रिने पार्नु, रित्त्याउनु । **निख्र्याउ**-प्रें.धा.। **निख्र्याइनु**- निख्र्याउनुको क.क्रि.। **निख्र्याइ**-भा.प्रे.धा.। **निख्रिइनु**-निख्रिनुको भा.क्रि.। **निख्रिइ**-भा.धा.। **निख्रिई, निख्रिएर, निख्रिन, निख्रिँदै, निख्रिउन्जेल, निख्रिंदाखेरि**-कृ.अ.। **निख्रिनू**-वि.। **निख्रिऊन्**-इ.। **निख्रेला**-स.। (अ.क्रि.-सालीटाहार-बगैंचाको सबै आँप निख्रियो ।)

निचर्नु-क्रि.मू.। **निचर्**-आ.धा.। स.क्रि.; थिचेर रस निकाल्नु, अँठ्याएर रस चुहाउनु, अरूको मनका कुरा दुहुनु, पेल्नु, मिच्नु, माड्नु, निथार्नु । **निचराइ** (निचर्+आइ)-भा.ना.। **निचराउनु**-प्रे.क्रि./स.क्रि.; निचोराउनु, निचर्न लगाउनु, निचर्ने पार्नु । **निचराउ**-प्रे.धा.। **निचराइनु**-निचराउनुको क.क्रि.। **निचराइ**-क.प्रे.धा.। **निचरिनु** -निचर्नुको क.क्रि.। **निचरि**- क.धा.। **निचरी, निचरेर, निचर्न, निचर्दै, निचरुन्जेल, निचर्दाखेरि**-कृ.अ.। **निचर्नू**-वि.। **निचरून्**-इ.। **निचर्ला**-स.। (स.क्रि.-पंचायतले नेपाली जनतालाई सकेसम्म निचर्‍यो ।)

निचरिनु-क्रि.मू.। **निचरि**-आ.धा.। अ.क्रि.; पात्तिनु, छिहिलिनु, इत्तरिनु, विकसित हुने मौका नपाउनु, शोषित हुनु, रस निस्किनु, निचोरिनु । **निचर्‍याइ** (निचरि–आइ), **निचर्‍याहट** (निचरि+आहट)-भा.ना.। **निचर्‍याउनु** -प्रे.क्रि./स.क्रि.; निचरिन लाउनु, निचरिने पार्नु । **निचर्‍याउ**-प्रे.धा.। **निचर्‍याइनु**-निचर्‍याउनुको क.क्रि.। **निचर्‍याइ**-भा.प्रे.धा.। **निचरिइनु**-निचरिनुको भा.क्रि.। **निचरिइ**-भा.धा.। **निचरिई, निचरिन, निचरिएर, निचरिँदै, निचरिउन्जेल, निचरिंदाखेरि**-कृ.अ.। **निचरिनू**-वि.। **निचरिऊन्**-इ.। **निचरेला**-स.। (अ.क्रि.-चुक-अमिलो बनाउनका निमित्त रूखको सबै निबुवा निचरियो ।)

निचोर्नु-क्रि.मू.। **निचोर्**-आ.धा.। स.क्रि.; हे. निचर्नु । **निचोराइ** (निचोर्+आइ)-भा.ना.। **निचोराउनु**-प्रे.क्रि./

स.क्रि.; निचोर्न लाउनु, निचोरिने पार्नु । **निचोराउ-** प्रे.धा.। **निचोराइनु-** निचोराउनुको क.क्रि.। **निचोराइ** -क.प्रे.धा.। **निचोरिनु**-निचोर्नुको क.क्रि.। **निचोरि-**क.धा.। **निचोरी, निचोरेर, निचोर्न, निचोर्दै, निचोरुन्जेल, निचोर्दाखेरि**-कृ.अ.। **निचोर्नू**-वि.। **निचोरून्**-इ.। **निचोर्ला-**स.। (स.क्रि.-धोबीले धोएका सबै कपडा निचोऱ्यो ।)

निचोरिनु-क्रि.मू.। **निचोरि**-आ.धा.। अ.क्रि.; हे. निचरिनु। **निचोऱ्याइ** (निचोरि+आइ), **निचोऱ्याहट** (निचोरि+आहट)-भा.ना.। **निचोऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; निचोरिन लाउनु, निचोरिने पार्नु । **निचोऱ्याउ**-प्रे.धा.। **निचोऱ्याइनु-** निचोऱ्याउनुको क.क्रि.। **निचोऱ्याइ**-भा.प्रे.धा.। **निचोरिइनु**-निचोरिनुको भा.क्रि.। **निचोरिइ**-भा.धा.। **निचोरिई, निचोरिएर, निचोरिन, निचोरिंदै, निचोरिउन्जेल, निचोरिंदाखेरि**-कृ.अ.। **निचोरिनू** - वि.। **निचोरिऊन्**-इ.। **निचोरेला**-स.। (अ.क्रि.-तोरीको फूलो कोलमा निचोरियो ।)

निछाउनु-क्रि.मू.। **निछाउ**-आ.धा.। अ.क्रि.; अल्छी गर्नु, निच मार्नु, विलम्व गर्नु, ढिलाउनु । स.क्रि.; उपेक्षा गर्नु, वास्ता नगर्नु । **निछाइ** (निछाउ+आइ), **निछाहट** (निछाउ+आहट)-भा.ना.। **निछाइनु**-निछाउनुको भा.क्रि./ क.क्रि.। **निछाइ**-भा.धा./क.धा.। **निछाई, निछाएर, निछाउन, निछाउँदै, निछाउन्जेल, निछाउँदाखेरि**-कृ.अ.। **निछाउनू**-वि.। **निछाऊन्**-इ.। **निछाउला**-स.। (अ.क्रि.-समयमा मनसुन नपरेकोले यो साल धान-रोपाईं निछायो । स.क्रि.-पंचायती सरकारले जनतालाई निछायो ।)

निछोट्नु-क्रि.मू.। **निछोट्**-आ.धा.। स.क्रि.; निफन्नु, केलाउनु, माझ्नु, हेर्नु । **निछोटाइ** (निछोट्+आइ), **निछोटाहट** (निछोट्+आहट)-भा.ना.। **निछोटाउनु-** प्रे.क्रि./स.क्रि.; निछोट्न लाउनु । **निछोटाउ**-प्रे.धा.। **निछोटाइनु**-निछोटाउनुको क.क्रि.। **निछोटाइ**-क.प्रे.धा.। **निछोटिनु**-निछोट्नुको क.क्रि.। **निछोटि**-क.धा.। **निछोटी, निछोटेर, निछोट्न, निछोट्तै, निछोटुन्जेल, निछोट्दाखेरि**-कृ.अ.। **निछोट्नू**-वि.। **निछोटून्**-इ.। **निछोट्ला**-स.। (स.क्रि.-मैले कुटेको चामल निछोटें ।)

निथार्नु-क्रि.मू.। **निथार्** -आ.धा.। स.क्रि.; भएको जति तरल पदार्थ राखिएको भाँडोबाट सबै चुहाउनु, सिद्धयाउनु । **निथराइ** (निथार्+आइ)-भा.ना.। **निथारिनु**-निथार्नुको क.क्रि.। **निथारि**-क.धा.। **निथारी, निथारेर, निथार्न, निथार्दै, निथारुन्जेल, निथार्दाखेरि**-कृ.अ.। **निथार्नू**-वि.। **निथारून्**-इ.। **निथार्ला**-स.। (स.क्रि.-दिदीले गरियोको तेल निथारिन् ।)

निथ्रनु-क्रि.मू.। **निथ्र**-आ.धा.। अ.क्रि.; भए जति जम्मै तरल पदार्थ चुहुनु, बग्नु, सिद्धिनु, निथ्रिनु, शेष नरहनु, समाप्त हुनु । **निथ्राइ** (निथ्र+आइ), **निथ्राहट** (निथ्र+आहट)-भा.ना.। **निथ्राउनु**-प्रे.क्रि./स.क्रि.; निथार्नु, निथ्रने पार्नु । **निथ्राउ**-प्रे.धा.। **निथ्राइनु**-निथ्राउनुको क.क्रि.। **निथ्राइ**-भा.प्रे.धा.। **निथ्रिनु** -निथ्रनुको भा.क्रि.। **निथ्रि**-भा.धा.। **निथ्री, निथ्रेर, निथ्रन, निथ्रँदै, निथ्रुन्जेल, निथ्रँदाखेरि**-कृ.अ.। **निथ्रनू**- वि.। **निथ्रून्**-इ.। **निथ्रला**-स.। (अ.क्रि.-झरीमा भिजेर ओत लागेपछि मेरो टाउकोको कपालबाट पानी निथ्ऱ्यो ।)

निथ्रिनु-क्रि.मू.। **निथ्रि**-आ.धा.। अ.क्रि.; **निथ्रनु** । **निथ्याइ** (निथ्रि+आइ), **निथ्याहट** (निथ्रि+आहट)-भा.ना.। **निथ्याउनु**-प्रे.क्रि./स.क्रि.; निथार्नु, निथ्राउनु । **निथ्याउ**-प्रे.धा.। **निथ्याइनु**-निथ्याउनुको क.क्रि.। **निथ्याइ**-भा.प्रे.धा.। **निथ्रिइनु**-निथ्रिनुको भा.क्रि.। **निथ्रिइ**-भा.धा.। **निथ्रिई, निथ्रिएर, निथ्रिन, निथ्रिंदै, निथ्रिउन्जेल, निथ्रिंदाखेरि**-कृ.अ.। **निथ्रिनू**-वि.। **निथ्रिऊन्**-इ.। **निथ्रेला**-स.। (अ.क्रि.-घोप्ट्याएर राखेपछि भाँडोको सबै तेल निथ्रियो ।)

निदाउनु-क्रि.मू.। **निदाउ**-आ.धा.। अ.क्रि.; सुत्नु, निद्रामा पर्नु, भुसुल्टिनु, रक्तसञ्चार बन्द भई हात, गोडा आदि झमझमाउनु । **निदाइ** (निदाउ+आइ)-भा.ना.। **निदाउरो** (निदाउ+आउरो)-विशे.। **निदाइनु**-निदाउनुको भा.क्रि.। **निदाइ**-भा.धा.। **निदाई, निदाएर, निदाउन, निदाउँदै, निदाउन्जेल, निदाउँदाखेरि**-कृ.अ.। **निदाउनू**- वि.। **निदाऊन्**-इ.। **निदाउला**- स.। (अ.क्रि.-बालख मस्त निदायो ।)

निधाउनु-क्रि.मू.। **निधाउ**-आ.धा.। अ.क्रि.; हे. निदाउनु । (अ.क्रि.-सत्यनारायणको कथा सुन्दासुन्दै पल्लोघरको साने मस्त निधायो ।)

निधिनु-क्रि.मू.। **निधि**-आ.धा.। अ.क्रि.; टुङ्गो लाग्नु, निधो हुनु । **निध्याइ** (निधि+आइ)-भा.ना.। **निध्याउनु-** प्रे.क्रि./स.क्रि.; निधो लाउनु, निधो गर्नु । **निध्याउ** -प्रे.धा.। **निध्याइनु**-निध्याउनुको क.क्रि.। **निध्याइ-** भा.प्रे.धा.। **निधिइनु**-निधिनुको भा.क्रि.। **निधिइ**-भा.धा.। **निधिई, निधिएर, निधिन, निधिंदै, निधिउन्जेल, निधिंदाखेरि**-कृ.अ.। **निधिनू**-वि.। **निधिऊन्**-इ.। **निधेला-**स.। (अ.क्रि.-२०५० साल बैशाख २५ गते दीक्षान्त-समारोहको दिन निधियो ।)

निप्टनु-क्रि.मू.। **निप्ट**-आ.धा.। अ.क्रि.; गरेको काम सोचेझैँ सफल हुनु, तामेल हुनु, फत्ते हुनु, कुनै कामबाट फुर्सद पाउनु । **निप्टाइ** (निप्ट+आइ)-भा.ना.। **निप्टाउनु**-प्रे.क्रि./स.क्रि.; निप्टन लाउनु, टुङ्ग्याउनु, तामेल गर्नु । **निप्टाउ**-प्रे.धा.। **निप्टाइनु**-निप्टाउनुको क.क्रि.। **निप्टाइ**-भा.प्रे.धा.। **निप्टिनु**-निप्टनुको भा.क्रि.। **निप्टि**-भा.धा.। **निप्टी, निप्टेर, निप्टन, निप्टँदै, निप्टुन्जेल, निप्टँदाखेरि**-कृ.अ.। **निप्टनू**-वि.। **निप्टून्**-इ.। **निप्टला**-स.। (अ.क्रि.-मेरो व्यवसायिक कार्य राम्रोसंग निप्ट्यो ।)

निप्टिनु-क्रि.मू.। **निप्टि** -आ.धा.। अ.क्रि.; निप्टनु । **निप्ट्याइ** (निप्टि+आइ)-भा.ना.। **निप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; निप्टाउनु । **निप्ट्याउ**-प्रे.धा.। **निप्ट्याइनु**-निप्ट्याउनुको क.क्रि.। **निप्ट्याइ**-भा.प्रे.धा.। **निप्टिइनु**-निप्टिनुको भा.क्रि.। **निप्टिइ**-भा.धा.। **निप्टिई, निप्टिएर, निप्टिन, निप्टिँदै, निप्टिउन्जेल, निप्टिँदाखेरि**-कृ.अ.। **निप्टिनु**-वि.। **निप्टिऊन्**-इ.। **निप्टेला**-स.। (अ.क्रि.-कोलम्वसको विश्वयात्रा अद्भुतसँग निप्टियो ।)

निफन्नु-क्रि.मू.। **निफन्**-आ.धा.। स.क्रि.; नाङ्लामा राखी भुस, बियाँ आदि छुट्टयाई फट्कारेर चामल केलाउनु, अरूको कुरा काट्नु, निन्दोचर्चो गर्नु । **निफनाइ** (निफन्+आइ)-भा.ना.। **निफनुवा** (निफन्+उवा)-विशे.। **निफनाउनु**-प्रे.क्रि./स.क्रि.; निफन्न लाउनु, निफन्ने पार्नु । **निफनाउ** – प्रे.धा.। **निफनाइनु**-निफनाउनुको क.क्रि.। **निफनाइ**-क.प्रे.धा.। **निफन्निनु**-निफन्नुको क.क्रि.। **निफन्नि**-क.धा.। **निफनी, निफनेर, निफन्न, निफन्दै, निफनुन्जेल, निफन्दाखेरि**-कृ.अ.। **निफन्नू**- वि.। **निफनून्**-इ.। **निफन्ला**-स.। (स.क्रि.-माझघरे कान्छीले चामल निफनी ।)

निफुल्कनु-क्रि.मू.। **निफुल्क**-आ.धा.। अ.क्रि.; हे. निखुल्कनु । **निफुल्काइ** (निफुलक+आइ)-भा.ना.। **निफुल्किनु**-निफुल्कनुको भा.क्रि.। **निफुल्कि**-भा.धा.। **निफुल्की, निफुल्केर, निफुल्कन, निफुल्कँदै, निफुल्कुन्जेल, निफुल्कँदाखेरि**-कृ.अ.। **निफुल्कनू**- वि.। **निफुल्कून्**-इ.। **निफुल्कला**-स.। (अ.क्रि.-चेपेघाट जात्रामा धेरै मानिसहरू रातभरि निफुल्के ।)

निफुल्किनु-क्रि.मू.। **निफुल्कि**-आ.धा.। अ.क्रि.; निफुल्केको हुनु, निफुल्कनु । **निफुल्क्याइ** (निफुलिक+आइ)-भा.ना.। **निफुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; निफुल्कने पार्नु, मत्याउनु, पुलपुल्याउनु, खुत्त्याउनु । **निफुल्क्याउ**-प्रे.धा.। **निफुल्क्याइ** (निफुल्क्याउ+आइ), **निफुल्क्याहट** (निफुल्क्याउ+आहट)-भा.ना.। **निफुल्क्याइनु**-निफुल्क्याउनुको क.क्रि.। **निफुल्क्याइ**-भा.प्रे.धा.। **निफुल्किइनु**-निफुल्किनुको भा.क्रि.। **निफुल्किइ** -भा.धा.। **निफुल्किई, निफुल्किएर, निफुल्किन, निफुल्किँदै, निफुल्किउन्जेल, निफुल्किँदाखेरि**-कृ.अ.। **निफुल्किनू**-वि.। **निफुल्किऊन्**-इ.। **निफुल्केला**-स.। (अ.क्रि.-गाउँ भलाद्मी बसेर राम्रा कुरा गर्दागर्दै पनि ढुण्डिराज निफुल्कियो ।)

निब्टनु-क्रि.मू.। **निब्ट**-आ.धा.। अ.क्रि.; गरेको काम पूरा हुनु, काम समाप्त हुनु, काम तामेल हुनु, कामबाट फुर्सद पाउनु । **निब्टाइ** (निब्ट+आइ)-भा.ना.। **निब्टाउनु**-प्रे.क्रि./स.क्रि.; निब्टने पार्न लाउनु, निब्टने पार्नु, तामेल गराउनु । **निब्टाउ**-प्रे.धा.। **निब्टाइनु**-निब्टाउनुको क.क्रि.। **निब्टाइ**-भा.प्रे.धा.। **निब्टिनु**-निब्टनुको भा.क्रि.। **निब्टि**-भा.धा.। **निब्टी, निब्टेर, निब्टन, निब्टँदै, निब्टुन्जेल, निब्टँदाखेरि**-कृ.अ.। **निब्टनू**-वि.। **निब्टून्**-इ.। **निब्टला**-स.। (अ.क्रि.-छोराहरू छुट्टिएपछि घरको भारबाट टाहारे साहिंला बल्ल निब्टे ।)

निब्टिनु-क्रि.मू.। **निब्टि** -आ.धा.। अ.क्रि.; निब्टनु । **निब्ट्याइ** (निब्टि+आइ), (निब्ट्याउ+आइ)-भा.ना.। **निब्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; निब्टाउनु । **निब्ट्याउ** -प्रे.धा.। **निब्ट्याइनु**-निब्ट्याउनुको क.क्रि.। **निब्ट्याइ**-भा.प्रे.धा.। **निब्टिइनु**-निब्टिनुको भा.क्रि.। **निब्टिइ**-भा.धा.। **निब्टिई, निब्टिएर, निब्टिन, निब्टिँदै, निब्टिउन्जेल, निब्टिँदाखेरी**-कृ.अ.। **निब्टिनू**-वि.। **निब्टिऊन्**-इ.। **निब्टेला**-स.। (अ.क्रि.-राजीनामा दिएपछि नै भूमिसुधारमन्त्री कार्यभारबाट निब्टिए ।)

निभ्नु-क्रि.मू.। **निभ्**-आ.धा.। अ.क्रि.; बत्ती, आगो आदि बल्न छोड्नु, सिद्धिनु, निस्तेज हुनु, मृत्यु हुनु, मर्नु । **निभाइ** (निभ्+आइ), (निभाउ+आइ)-भा.ना.। **निभाउनु**-प्रे.क्रि./स.क्रि.; निभ्ने पार्नु, निस्तेज गराउनु, मार्नु । **निभाउ**-प्रे.धा.। **निभाइनु**-निभाउनुको क.क्रि.। **निभाइ**-भा.प्रे.धा.। **निभिनु**- निभ्नुको भा.क्रि.। **निभि**-भा.धा.। **निभी, निभेर, निभ्न, निभ्दै, निभुन्जेल, निभ्दाखेरि**-कृ.अ.। **निभ्नू**- वि.। **निभून्**-इ.। **निभ्ला**-स.। (अ.क्रि.-बत्ती एक्कासि निभ्यो ।)

निमठ्नु-क्रि.मू.। **निमठ्**-आ.धा.। स.क्रि.; बेसरी समातेर बाटिने गरी घुमाउनु, मुन्टो बटारेर छुट्टिने गरी भाँच्नु, मर्काउनु, बटार्नु । अ.क्रि.; आन्द्राभुँडी बटारिएर दुख्नु, पीडा हुनु । **निमठाइ** (निमठ्+आइ) - भा.ना.। **निमठिनु**-निमठ्नुको क.क्रि./भा.क्रि.। **निमठि**-क.धा./भा.धा.। **निमठी, निमठेर, निमठ्न, निमठ्तै, निमठुन्जेल,**

निमठ्दाखेरि-कृ.अ.। **निमठ्नू**-वि.। **निमठून्**-इ.। **निमठ्ला**-स.। (स.क्रि.-मैले मुलाको साग निमठें । अ.क्रि.-आधा दिनदेखि यता मेरो भुँडी निमठ्यो; बोल्नै भएन ।)

निमठिनु-क्रि.मू.। **निमठि**-आ.धा.। अ.क्रि.; निमठाइमा पर्नु, बटारिनु, बाटिनु, बाङ्गिनु, निमोठिनु । **निमठ्याइ** (निमठि+आइ), **निमठ्याहट** (निमठि+आहाट)-भा.ना.। **निमठ्याउनु**-प्रे.क्रि./स.क्रि.; निमठ्न लाउनु, निमोठ्याउनु । **निमठ्याउ**-प्रे.धा.। **निमठ्याइनु**-निमठ्याउनुको क.क्रि.। **निमठ्याइ**-भा.प्रे.धा.। **निमठिइनु**-निमठिनुको भा.क्रि.। **निमठिइ**-भा.धा.। **निमठिई**, **निमठिएर**, **निमठिन**, **निमठिँदै**, **निमठिउन्जेल**, **निमठिँदाखेरि**-कृ.अ.। **निमठिनू**-वि.। **निमठिऊन्**-इ.। **निमठेला**-स.। (अ.क्रि.-जति सम्झाउँदा पनि प्रवन्दे-माइलो निमठियो; भनेकै लागेन ।)

निमोठ्नु-क्रि.मू.। **निमोठ्**-आ.धा.। स.क्रि./अ.क्रि. हे. निमठ्नु । **निमोठाइ** (निमोठ्+आइ)-भा.ना.। **निमोठिनु**-निमोठ्नुको क.क्रि./भा.क्रि.। **निमोठि**-क.धा./भा.धा.। **निमोठी**, **निमोठेर**, **निमोठ्न**, **निमोठ्तै**, **निमोठुन्जेल**, **निमोठ्दाखेरि**-कृ.अ.। **निमोठ्नू**- वि.। **निमोठून्**-इ.। **निमोठ्ला**-स.। (स.क्रि.-स्यालले वाखो निमोठ्यो । अ.क्रि.-मेरो पेट निमोठ्यो ।)

निमोठिनु-क्रि.मू.। **निमोठि**-आ.धा.। अ.क्रि.; निमठिनु, निमठ्नु । **निमोठ्याइ** (निमोठि+आइ), **निमोठ्याहट** (निमोठि+आहट)-भा.ना.। **निमोठ्याउनु**-प्रे.क्रि./स.क्रि.; निमठ्याउनु । **निमोठ्याउ** -प्रे.धा.। **निमोठ्याइनु**-निमोठ्याउनुको क.क्रि.। **निमोठ्याइ** -भा.प्रे.धा.। **निमोठिइनु**-निमोठिनुको भा.क्रि.। **निमोठिइ**-भा.धा.। **निमोठिई**, **निमोठिएर**, **निमोठिन**, **निमोठिँदै**, **निमोठिउन्जेल**, **निमोठिँदाखेरि**-कृ.अ.। **निमोठिनू**-वि.। **निमोठिऊन्**-इ.। **निमोठेला**-स.। (अ.क्रि.-साँघुको फलामे-लठ्ठा परक्क निमोठियो ।)

निम्ठनु-क्रि.मू.। **निम्ठ**-आ.धा.। अ.क्रि.; निम्ठो हुनु, भरिनु । **निम्ठाइ** (निम्ठ+आइ), (निम्ठाउ+आइ)-भा.ना.। **निम्ठाउनु**-प्रे.क्रि./स.क्रि.; निम्ठने पार्नु, निम्ठ्याउनु । **निम्ठाउ**-प्रे.धा.। **निम्ठाइनु**-निम्ठाउनुको क.क्रि.। **निम्ठाइ**-भा.प्रे.धा.। **निम्ठिनु**-निम्ठनुको भा.क्रि.। **निम्ठि**-भा.धा.। **निम्ठी**, **निम्ठेर**, **निम्ठन**, **निम्ठँदै**, **निम्ठुन्जेल**, **निम्ठँदाखेरि**-कृ.अ.। **निम्ठनू**-वि.। **निम्ठून्**-इ.। **निम्ठला**-स.। (अ.क्रि. - मंसिरमा धान राख्दा किसानको भकारी निम्ठ्यो ।)

निम्ठिनु-क्रि.मू.। **निम्ठि**-आ.धा.। अ.क्रि.; निम्ठो हुनु, पूरै भरिनु, बिटसम्म भरिनु, पूरा हुनु, भरिनु । **निम्ठ्याइ** (निम्ठि+आइ)-भा.ना.। **निम्ठ्याउनु**- प्रे.क्रि./स.क्रि.; निम्ठो तुल्याउनु, बिटसम्म भर्नु, निम्ठो पार्नु । **निम्ठ्याउ**-प्रे.धा.। **निम्ठ्याइ** (निम्ठ्याउ+आइ)-भा.ना.। **निम्ठ्याइनु**-निम्ठ्याउनुको क.क्रि.। **निम्ठ्याइ**-भा.प्रे.धा.। **निम्ठिइनु**-निम्ठिनुको भा.क्रि.। **निम्ठिइ**-भा.धा.। **निम्ठिई**, **निम्ठिएर**, **निम्ठिन**, **निम्ठिँदै**, **निम्ठिउन्जेल**, **निम्ठिँदाखेरि**-कृ.अ. **निम्ठिनू**- वि.। **निम्ठिऊन्**-इ.। **निम्ठेला**-स.। (अ.क्रि.-पकाएपछि भातको भाँडो निम्ठियो ।)

निम्तनुं-क्रि.मू.। **निम्त**-आ.धा.। स.क्रि.; बोलाउनु, निम्तो गर्नु । **निम्ताइ** (निम्त+आइ)-भा.ना.। **निम्ताउनु**-प्रे.क्रि./स.क्रि.; निम्त्याउनु, निम्तो गराउनु । **निम्ताउ**-प्रे.धा.। **निम्ताइनु**-निम्ताउनुको क.क्रि.। **निम्ताइ** -क.प्रे.धा.। **निम्तिनु**-निम्तनुको क.क्रि.। **निम्ति**-क.धा.। **निम्ती**, **निम्तेर**, **निम्तन**, **निम्तँदै**, **निम्तुन्जेल**, **निम्तँदाखेरि**-कृ.अ.। **निम्तनू**-वि.। **निम्तून्**- इ.। **निम्तला**-स.। (स.क्रि.-मैले पिताजीको श्राद्धमा पुरेतका निमित्त ढकाल माइलालाई निम्तें ।)

निम्तिनु-क्रि.मू.। **निम्ति**-आ.धा.। अ.क्रि.; निम्तोमा परिनु, निम्त्याइनु, निम्तो पाइनु, निम्तो हुनु । **निम्त्याइ** (निम्ति+आइ)-भा.ना.। **निम्त्याउनु**-प्रे.क्रि./स.क्रि.; निम्तोमा बोलाउनु, निम्तो गराउनु निमन्त्रणा गर्नु । **निम्त्याउ**-प्रे.धा.। **निम्त्याइनु**-निम्त्याउनुको क.क्रि.। **निम्त्याइ**-भा.प्रे.धा.। **निम्तिइनु**-निम्तिनुको भा.क्रि.। **निम्तिइ**-भा.धा.। **निम्तिई**, **निम्तिएर**, **निम्तिन**, **निम्तिँदै**, **निम्तिउन्जेल**, **निम्तिँदाखेरि**-कृ.अ.। **निम्तिनू**- वि.। **निम्तिऊन्**-इ.। **निम्तेला**-स.। (अ.क्रि.-पण्डितकान्छो दुवाडी साहिंलाको बिहेमा निम्तियो ।)

नियाल्नु-क्रि.मू.। **नियाल्**-आ.धा.। स.क्रि.; तीखो दृष्टि दिनु, गडेर हेर्नु, ठम्याउनु । **नियलाइ** (नियाल्+आइ)-भा.ना.। **नियलाउनु**-प्रे.क्रि./स.क्रि.; नियाल्न लगाउनु । **नियलाइ**-प्रे.धा.। **नियलाइनु**-नियलाउनुको क.क्रि.। **नियलाइ**-क.प्रे.धा.। **नियालिनु**-नियाल्नुको क.क्रि.। **नियालि**-क.धा.। **नियाली**, **नियालेर**, **नियाल्न**, **नियाल्दै**, **नियालुन्जेल**, **नियाल्दाखेरि**-कृ.अ.। **नियाल्नू**-वि.। **नियालून्**-इ.। **नियाल्ला** -स.। (स.क्रि.-मैले साँझमा मानस्लु-शृङ्खला नियालें ।)

निक्र्योल्नु-क्रि.मू.। **निक्र्योल्**-आ.धा.। स.क्रि.; निश्चय

गर्नु, ठम्याउनु, निरूपण गर्नु, ठोकुवा गर्नु । **निक्र्योलाइ** (निक्र्योल्+आइ)-भा.ना.। **निक्र्योलिनु**-निक्र्योल्नुको क.क्रि.। **निक्र्योलि**-क.धा.। **निक्र्योली, निक्र्योलेर, निक्र्योल्न, निक्र्योल्दै, निक्र्योलुन्जेल, निक्र्योल्दाखेरि**-कृ.अ.। **निक्र्योल्नू**-वि.। **निक्र्योलून्**-इ.। **निक्र्योल्ला**-स.। (स.क्रि.-मैले रातमा आकाश हेरेर ध्रुवतारा निक्र्योलें ।)

निल्नु-क्रि.मू.। **निल्**-आ.धा.। स.क्रि.; खाएको वस्तु पेटमा पुऱ्याउन घाँटीबाट तल छिराउनु, खानु । **निलाइ** (निल्+आइ), (निलाउ+आइ)-भा.ना.। **निलाउनु**-प्रे.क्रि./स.क्रि.; निल्न लगाउनु । **निलाउ**-प्रे.धा.। **निलाइनु**-निलाउनुको क.क्रि.। **निलाइ**-क.प्रे.धा.। **निलिनु**-निल्नुको क.क्रि.। **निलि**-क.धा.। **निली, निलेर, निल्न, निल्दै, निलुन्जेल, निल्दाखेरि**-कृ.अ.। **निल्नू**-वि.। **निलून्**-इ.। **निल्ला**-स.। (स.क्रि.-मैले फलफूल चपाएर निलें ।)

निसासिनु-क्रि.मू.। **निसासि**- आ.धा.। अ.क्रि.; अतालिनु, आत्तिनु, सास थुनिनु, सास रोकिनु, सास फेर्ने प्रक्रियामा बाधा पर्नाले छटपटिनु । **निसस्याइ** (निसासि+आइ) -भा.ना.। **निसस्याउनु**- प्रे.क्रि./स.क्रि.; निसासिन लाउनु, निसासिने पार्नु । **निसस्याउ**-प्रे.धा.। **निसस्याइ** (निसस्याउ+आइ)-भा.ना.। **निसस्याइनु** -निसस्याउनुको क.क्रि.। **निसस्याइ**-भा.प्रे.धा.। **निसासिइनु**- निसासिनुको भा.क्रि.। **निसासिइ**- भा.धा.। **निसासिई, निसासिएर, निसासिन, निसासिँदै, निसासिउन्जेल, निसासिंदाखेरि**-कृ.अ.। **निसासिनू**-वि.। **निसासिऊन्** -इ.। **निसासेला**-स.। (अ.क्रि.-फेवा तालमा डुङ्गा पल्टिंदा मानिसहरू निसासिए ।)

निसास्सिनु-क्रि.मू.। **निसास्सि**-आ.धा.। अ.क्रि.; निसासिनु। **निसस्स्याइ** (निसास्सि+आइ), (निसस्स्याउ+आइ)-भा.ना.। **निसस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; निसस्याउनु । **निसस्स्याइनु**-निसस्स्याउनुको क.क्रि.। **निसस्स्याइ**-भा.प्रे.धा.। **निसास्सिइनु**-निसास्सिनुको भा.क्रि.। **निसास्सिइ**-भा.धा.। **निसास्सिई, निसास्सिएर, निसास्सिन, निसास्सिँदै, निसास्सिउन्जेल, निसास्सिंदाखेरि**-कृ.अ.। **निसास्सिनू**-वि.। **निसास्सिऊन्**-इ.। **निसास्सेला**-स.। (अ.क्रि.-शहरको प्रदूषित वातावरणमा मानिसहरू नराम्ररी निसास्सिए ।)

निस्कनु-क्रि.मू.। **निस्क** -आ.धा.। अ.क्रि.; निक्लनु, बाहिर जानु, प्रकट हुनु, उम्रनु, उत्पन्न हुनु । **निस्काइ** (निस्क+आइ)-भा.ना.। **निस्किनु**-निस्कनुको भा.क्रि.। **निस्कि**-भा.धा.। **निस्की, निस्केर, निस्कन, निस्कँदै, निस्कुन्जेल, निस्कँदाखेरि**-कृ.अ.। **निस्कनू**-वि.। **निस्कून्**-इ.। **निस्कला**-स.। (अ.क्रि.-वागमतीको किनारमा कलीको ढुङ्गो बिस्तारै निस्क्यो ।)

निस्किनु-क्रि.मू.। **निस्कि**-आ.धा.। अ.क्रि.; हे. निस्कनु । **निस्क्याइ** (निस्कि+आइ)-भा.ना.। **निस्किइनु**-निस्किनुको भा.क्रि.। **निस्किइ**-भा.धा.। **निस्किई, निस्किएर, निस्किन, निस्किँदै, निस्किउन्जेल, निस्किंदाखेरि**-कृ.अ.। **निस्किनू**-वि.। **निस्किऊन्**-इ.। **निस्केला**-स.। (अ.क्रि.-'साहित्य' शब्द अंग्रेजी भाषाको रूपान्तरबाट निस्कियो ।)

निस्तिनु-क्रि.मू.। **निस्ति**-आ.धा.। अ.क्रि.; निस्तो हुनु, नमुछिनु, बुकुल्टो हुनु, सितन शून्य हुनु, उत्सुक हुनु, न्याम्रो लाग्नु । **निस्त्याइ** (निस्ति+आइ), **निस्त्याहट** (निस्ति+आहट)-भा.ना.। **निस्त्याउनु**-प्रे.क्रि./स.क्रि.; निस्तिने पार्नु, न्याम्रो तुल्याउनु । **निस्त्याउ** -प्रे.धा.। **निस्त्याइनु**-निस्त्याउनुको क.क्रि.। **निस्त्याइ**-भा.प्रे.धा.। **निस्तिइनु**-निस्तिनुको भा.क्रि.। **निस्तिइ**-भा.धा.। **निस्तिई, निस्तिएर, निस्तिन, निस्तिँदै, निस्तिउन्जेल, निस्तिंदाखेरि**-कृ.अ.। **निस्तिनू**-वि.। **निस्तिऊन्**-इ.। **निस्तेला**-स.। (अ.क्रि.-दाल-तरकारी सकिनाले भात निस्तियो ।)

निहार्नु-क्रि.मू.। **निहार्**-आ.धा.। स.क्रि.; चियाएर हेर्नु, गडेर हेर्नु, विहङ्गम दृष्टि दिनु, गमेर अवलोकन गर्नु । **निहराइ** (निहार्+आइ)-भा.ना.। **निहारिनु** -निहार्नुको क.क्रि.। **निहारि**-क.धा.। **निहारी, निहारेर, निहार्न, निहार्दै, निहारुन्जेल, निहार्दाखेरि**-कृ.अ.। **निहार्नु**-वि.। **निहारून्**-इ.। **निहार्ला**-स.। (स.क्रि.-पर्यटकहरूले सिरानचोकको अग्लाइबाट परपर क्षितिजहरूका सौन्दर्यलाई लोभ लाग्नेगरी निहारे ।)

निहुरनु-क्रि.मू.। **निहुर**-आ.धा.। अ.क्रि.; नुहुनु, भुक्नु, पस्रनु, ढोग्नु, नम्र हुनु, लाचार हुनु, नअड्नु, हार्नु । **निहुराइ** (निहुर+आइ), **निहुराहट** (निहुर+आहट)-भा.ना.। **निहुराउनु**-प्रे.क्रि./स.क्रि.; निहुराउन लगाउनु, भुकाउनु । **निहुराउ**-प्रे.धा.। **निहुराइ** (निहुराउ+आइ)-भा.ना.। **निहुराइनु** -निहुराउनुको क.क्रि.। **निहुराइ**-भा.प्रे.धा.। **निहुरिनु**-निहुरनुको भा.क्रि.। **निहुरि**- भा.धा.। **निहुरी, निहुरेर, निहुरन, निहुरदै निहुरुन्जेल, निहुरँदाखेरि**-कृ.अ.। **निहुरनू**-वि.। **निहुरून्**-इ.। **निहुरला**-स.। (अ.क्रि.-अजिरकोटको थाप्लोबाट चेपे र दरौदीको अनुपम दृश्य नियार्दा पर्यटकको शिर निहुऱ्यो ।)

निहुरिनु-क्रि.मू.। **निहुरि**-आ.धा.। अ.क्रि.; हे. निहुरनु । **निहुऱ्याइ** (निहुरि+आइ), **निहुऱ्याहट** (निहुरि+आहट)-भा.ना.। **निहुऱ्याउनु** -प्रे.क्रि./स.क्रि.; निहुरिन लाउनु,

निहुरिने पार्नु । निहुऱ्याउ-प्रे.धा.। निहुऱ्याइ (निहुऱ्याउ+आइ)-भा.ना.। निहुऱ्याइनु-निहुऱ्याउनुको क.क्रि.। निहुऱ्याइ-भा.प्रे.धा.। निहुरिइनु -निहुरिनुको भा.क्रि.। निहुरिइ-भा.धा.। निहुरिई, निहुरिएर, निहुरिन, निहुरिँदै, निहुरिउन्जेल, निहुरिंदाखेरि-कृ.अ.। निहुरिनू-वि.। निहुरिऊन्-इ.। निहुरेला-स.। (अ.क्रि.-फलेको आरुपोखराको हाँगो लचक्क निहुरियो ।)

नुगाउनु-क्रि.मू.। नुगाउ -आ.धा.। स.क्रि.; निहुराउनु, नुहाउनु, झुकाउनु । नुगाइ (नुगाउ+आइ)-भा.ना.। नुगाइनु-नुगाउनुको क.क्रि.। नुगाइ-क.धा.। नुगाई, नुगाएर, नुगाउन, नुगाउँदै, नुगाउन्जेल, नुगाउँदाखेरि-कृ.अ.। नुगाउनू-वि.। नुगाऊन् -इ.। नुगाउला-स.। (स.क्रि.-पोखरेल लाहुरेले फलेको नास्पातीको हाँगो नुगायो ।)

नुग्नु-क्रि.मू.। नुग्-आ.धा.। अ.क्रि.; झुक्नु, नुहुनु, पस्रनु, नम्र हुनु, निहुरनु । नुगाइ (नुग्+आइ)-भा.ना.। नुगाउनु-प्रे.क्रि./स.क्रि.; नुग्न लाउनु, नुग्ने पार्नु, निहुराउनु, नुहाउनु, झुकाउनु । नुगाउ -प्रे.धा.। नुगाइनु -नुगाउनुको क.क्रि.। नुगाइ-भा.प्रे.धा.। नुगिनु-नुग्नुको भा.क्रि.। नुगि-भा.धा.। नुगी, नुगेर, नुग्न, नुग्दै, नुगुन्जेल, नुग्दाखेरि-कृ.अ.। नुग्नू-वि.। नुगून्-इ.। नुग्ला -स.। (अ.क्रि.-बुद्ध मानवकल्याणका निमित्त दुःखसंग नुगे ।)

नुगिनु-क्रि.मू.। नुगि-आ.धा.। अ.क्रि.; नुग्नु, झुकिनु । नुग्याइ (नुगि+आइ) भा.ना.। नुग्याउनु-प्रे.क्रि./स.क्रि.; नुगाउनु । नुग्याउ-प्रे.धा.। नुग्याइ (नुग्याउ+आइ)-भा.ना.। नुग्याइनु-नुग्याउनुको क.क्रि.। नुग्याइ-भा.प्रे.धा.। नुगिइनु-नुगिनुको भा.क्रि.। नुगिइ-भा.धा.। नुगिई, नुगिएर, नुगिन, नुगिँदै, नुगिउन्जेल, नुगिंदाखेरि-कृ.अ.। नुगिनू-वि.। नुगिऊन्-इ.। नुगेला-स.। अ.क्रि.-फलेको सुन्तलाको हाँगो नुगियो ।)

नुहाउनु-क्रि.मू.। नुहाउ-आ.धा.। अ.क्रि.; स्नान गर्नु, पानीले जीउ पखाल्नु । नुहाइ (नुहाउ+आइ)-भा.ना.। नुहाइनु-नुहाउनुको भा.क्रि.। नुहाइ-भा.धा.। नुहाई, नुहाएर, नुहाउन, नुहाउँदै, नुहाउन्जेल, नुहाउँदाखेरि-कृ.अ.। नुहाउनू-वि.। नुहाऊन्-इ.। नुहाउला-स.। (अ.क्रि.-मैले दूधपोखरीमा नुहाएँ ।)

नुहिनु-क्रि.मू.। नुहि-आ.धा.। अ.क्रि.; नुहुनु, निहुरिनु । नुह्याइ/नुह्याइ (नुहि+आइ)-भा.ना.। नुह्याउनु-प्रे.क्रि./स.क्रि.; नुहिने पार्नु, निहुराउनु, झुकाउनु । नुह्याउ-प्रे.धा.। नुह्याइनु-नुह्याउनुको क.क्रि.। नुह्याइ-भा.प्रे.धा.। नुहिइनु-नुहिनुको भा.क्रि.। नुहिइ-भा.धा.। नुहिई, नुहिएर, नुहिन, नुहिँदै, नुहिउन्जेल, नुहिंदाखेरि-कृ.अ.। नुहिनू-वि.। नुहिऊन्-इ.। नुहेला -स.। (अ.क्रि.-बाँसको धनु नुहियो ।)

नुहुनु-क्रि.मू.। नुहु-आ.धा.। अ.क्रि.; लच्कनु, निहुरिनु, झुक्नु, नम्र हुनु, विनयी हुनु, हार खानु । नुहाइ (नुहु+आइ)-भा.ना.। नुहाउनु-प्रे.क्रि./स.क्रि.; नुहुन लाउनु, नुहुने पार्नु, झुकाउनु, निहुराउनु, बङ्ग्याउनु, लच्काउनु, नम्र पार्नु । नुहाउ-प्रे.धा.। नुहाइनु-नुहाउनुको क.क्रि.। नुहाइ-भा.प्रे.धा.। नुहिनु -नुहुनुको भा.क्रि./अ.क्रि.; झुकिनु, नुहुनु । नुहि -भा.धा.। नुह्याइ/नुहाइ (नुहि+आइ)-भा.ना.। नुही, नुहेर, नुहुन, नुहुँदै, नुहुन्जेल, नुहुँदाखेरि-कृ.अ.। नुहुनू- वि.। नुहून्-इ.। नुहुला-स.। (अ.क्रि.-बाँसको लिङ्गो नुह्यो ।)

नेठ्नु-क्रि.मू.। नेठ्-आ.धा । स.क्रि.; आफ्नो पहुँचले भेटेसम्म अनिष्ट गर्नु, खानसम्म खानु, ढुङ्ग्याउनु, खुल्क्याउनु, खुत्याउनु । नेठाइ (नेठ्+आइ)-भा.ना.। नेठाउनु-प्रे.क्रि./स.क्रि.; नेठ्न लाउनु, नेठ्ने पार्नु । नेठाउ-प्रे.धा.। नेठाइ (नेठाउ+आइ)-भा.ना.। नेठाइनु-नेठाउनुको क.क्रि । नेठाइ-क.प्रे.धा.। नेठिनु-नेठ्नुको क.क्रि.; नेठ्ने काम गरिनु । नेठि-क.धा.। नेठी, नेठेर, नेठ्न, नेठ्तै, नेठुन्जेल, नेठ्दाखेरि-कृ.अ.। नेठ्नू-वि.। नेठून्-इ.। नेठ्ला-स.। (स.क्रि.-बिरालोले भदालोको दूध सबै नेठ्यो ।)

नेठिनु-क्रि.मू.। नेठि-आ.धा.। अ.क्रि.; अनिष्ट हुनु, निमोठिनु, मात्तिनु, निफुल्किनु । नेठ्याइ (नेठि+आइ)-भा.ना.। नेठ्याउनु-प्रे.क्रि./स.क्रि.; नेठिन लाउनु, नेठिने पार्नु, नेठाउनु । नेठ्याउ-प्रे.धा.। नेठ्याइनु-नेठ्याउनुको क.क्रि.। नेठ्याइ-भा.प्रे.धा.। नेठिइनु -नेठिनुको भा.क्रि.। नेठिइ-भा.धा.। नेठिई, नेठिएर, नेठिन, नेठिँदै, नेठिउन्जेल, नेठिंदाखेरि-कृ.अ.। नेठिनू-वि.। नेठिऊन्-इ.। नेठेला-स.। (अ.क्रि.-जतिभन्दा पनि सुन्दर नेठियो; मानेन ।)

नेपर्नु-क्रि.मू.। नेपर्- आ.धा.। स.क्रि.; पुरुषेन्द्रियको टुप्पाको छाला लोकत्नु, लिङ्गको अधिल्लो भागको छाला फर्काउनु, मुस्लिम परम्परानुसार बालकको लिङ्गको टुप्पो भागको छाला काटी फ्याक्नु, खदना गर्नु, निफुल्किनु, मात्तिनु । नेपराइ (नेपर्+आइ), (नेपराउ+आइ)-भा.ना.। नेपराउनु-प्रे.क्रि./स.क्रि.; नेपर्न लाउनु, नेपर्ने पार्नु । नेपराउ -प्रे.धा.। नेपराइनु-नेपराउनुको क.क्रि.। नेपराइ-क.प्रे.धा.। नेपरिनु-नेपर्नुको

क.क्रि.। **नेपरि**-क.धा.। **नेपरी, नेपरेर, नेपर्न, नेपर्दै, नेपरुन्जेल, नेपर्दाखेरि**-कृ.अ.। **नेपर्नू**-वि.। **नेपरून्**-इ.। **नेपर्ला**-स. (स.क्रि.-परम्परानुसार अब्दुल मियाँले बालखको लिङ्गको टुप्पाको छाला नेपऱ्यो ।)

नेपरिनु-क्रि.मू.। **नेपरि**-आ.धा.। अ.क्रि.; पुरुषेन्द्रियको टुप्पाको छाला पछिल्तिर तानिनु, निफुल्किनु, मात्तिनु, घमण्डले उन्मत्त हुनु । **नेपऱ्याइ** (नेपरि+आइ)-भा.ना.। **नेपऱ्याउनु**-प्रे.क्रि./स.क्रि., नेपरिने तुल्याउनु, नेपरिने पार्नु । **नेपऱ्याउ**-प्रे.धा.। **नेपऱ्याइनु**-नेपऱ्याउनुको क.क्रि.। **नेपऱ्याइ**-भा.प्रे.धा.। **नेपरिइनु**-नेपरिनुको भा.क्रि.। **नेपरिइ**-भा.धा.। **नेपरिई, नेपरिएर, नेपरिन, नेपरिंदै, नेपरिउन्जेल, नेपरिंदाखेरि**-कृ.अ.। **नेपरिनू**-वि.। **नेपरिऊन्**-इ.। **नेपरेला**-स.। (अ.क्रि.-दलबहादुर आजकाल साह्रै नेपरियो ।)

नेप्टनु-क्रि.मू.। **नेप्ट**-आ.धा.। अ.क्रि.; थेप्चो हुनु, नेप्टो हुनु । **नेप्टाइ** (नेप्ट+आइ)-भा.ना.; नेप्टोपना, नेप्टो हुनाको भाव वा स्थिति । **नेप्टाउनु**-प्रे.क्रि./स.क्रि.; नेप्टने पार्नु । **नेप्टाउ**-प्रे.धा.। **नेप्टाइनु**-नेप्टाउनुको क.क्रि.। **नेप्टाइ**-भा.प्रे.धा.। **नेप्टिनु**-नेप्टनुको भा.क्रि.। **नेप्टि**-भा.धा.। **नेप्टी, नेप्टेर, नेप्टन, नेप्टँदै, नेप्टुन्जेल, नेप्टँदाखेरि**-कृ.अ.। **नेप्टनू**-वि.। **नेप्टून्**-इ.। **नेप्टला**-स.। (अ.क्रि.-भैंसीले कुल्चेर सिलभरको भड्डु नेप्ट्यो ।)

नेप्टिनु-क्रि.मू.। **नेप्टि**-आ.धा.। अ.क्रि.; नेप्टो हुनु, थेप्चिनु, थेप्चो भएर कुच्चिनु । **नेप्ट्याइ** (नेप्टि+आइ), (नेप्ट्याउ+आइ)-भा.ना.। **नेप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; थेप्च्याउनु, नेप्टो पार्नु । **नेप्ट्याउ**-प्रे.धा.। **नेप्ट्याइनु**-नेप्ट्याउनुको क.क्रि.। **नेप्ट्याइ**-भा.प्रे.धा.। **नेप्टिइनु**-नेप्टिनुको भा.क्रि.। **नेप्टिइ**-भा.धा.। **नेप्टिई, नेप्टिएर, नेप्टिन, नेप्टिंदै, नेप्टिउन्जेल, नेप्टिंदाखेरि**-कृ.अ.। **नेप्टिनू**-वि.। **नेप्टिऊन्**-इ.। **नेप्टेला**-स.। (अ.क्रि.-गुरुङ दाइको नाक नेप्टियो ।)

नेप्रनु-क्रि.मू.। **नेप्र**-आ.धा.। अ.क्रि.; जर्कटो बन्नु, आन्हाएको नमान्नु, बाङ्गो हुनु, मनलागी गर्नु, बहकिएर भनेको नमान्नु । **नेप्राइ** (नेप्र+आइ)-भा.ना.। **नेप्राउनु**-प्रे.क्रि./स.क्रि.; नेप्रन लाउनु,, नेप्रने पार्नु । **नेप्राउ**-प्रे.धा.। **नेप्राइनु**-नेप्राउनुको क.क्रि.। **नेप्राइ**-भा.प्रे.धा.। **नेप्रिनु**-नेप्रनुको भा.क्रि.। **नेप्रि**-भा.धा.। **नेप्री, नेप्रेर, नेप्रन, नेप्रँदै, नेप्रुन्जेल, नेप्रँदाखेरि**-कृ.अ.। **नेप्रनू**-वि.। **नेप्रून्**-इ.। **नेप्रला**-स.। (अ.क्रि.-यी केटाकेटीहरू साह्रै नेप्रे ।)

नेप्रिनु-क्रि.मू.। **नेप्रि**-आ.धा.। अ.क्रि.; नेप्रनु, बाङ्गिनु, नेप्रिएको हुनु, बहकिएर भनेको नमान्नु । **नेप्याइ** (नेप्रि+आइ)-भा.ना.। **नेप्याउनु**-प्रे.क्रि./स.क्रि.; नेप्रिने पार्नु, नेप्रिने तुल्याउनु, नेपर्नु । **नेप्याउ**-प्रे.धा.। **नेप्याइ** (नेप्याउ+आइ), **नेप्याहट** (नेप्याउ+आहट)-भा.ना.। **नेप्याहा** (नेप्याउ+आहा)-विशे.। **नेप्याइनु** -नेप्याउनुको क.क्रि.। **नेप्याइ**-भा.प्रे.धा.। **नेप्रिइनु**-निप्रिनुको भा.क्रि.। **नेप्रिइ**-भा.धा.। **नेप्रिई, नेप्रिएर, नेप्रिन, नेप्रिंदै, नेप्रिउन्जेल, नेप्रिंदाखेरि**-कृ.अ.। **नेप्रिनू**-वि.। **नेप्रिऊन्**-इ.। **नेप्रेला**-स.। (अ.क्रि.-मन बहादुर आजकाल साह्रै नेप्रियो ।)

न्यास्रिनु-क्रि.मू.। **न्यास्रि**-आ.धा.। अ.क्रि.; न्यास्रो मान्नु, निस्तिनु, उराठिनु, दिक्दारी हुनं । **न्यस्त्राइ** (न्यास्रि+आइ)-भा.ना.। **न्यास्रिइनु**-नास्रिनुको भा.क्रि.। **न्यास्रिइ** -भा.धा.। **न्यास्रिई, न्यास्रिएर, न्यास्रिन, न्यास्रिंदै, न्यास्रिउन्जेल, न्यास्रिंदाखेरि**-कृ.अ.। **न्यास्रिनू**-वि.। **न्यास्रिऊन्**-इ.। **न्यास्रेल**ा-स.। (अ.क्रि.-लाहुरे घरको मायामा न्यास्रियो ।)

प

पकड्नु-क्रि.मू.। **पकड्**-आ.धा.। स.क्रि.; पक्रनु, पक्डनु, समात्नु, गिरफ्तार गर्नु, बुझ्नु, ग्रहण गर्नु । **पकडाइ** (पकड्+आइ), **पकडाउ** (पकड्–आउ)-भा.ना.। **पकडाउनु**-प्रे.क्रि./स.क्रि.; पक्राउनु । **पकडाउ**-प्रे.धा.। **पकडाइनु**-पकडाउनुको क.क्रि.। **पकडाइ**-क.प्रे.धा.। **पकडिनु**-पकड्नुको क.क्रि.। **पकडि** - क.धा.। **पकडी, पकडेर, पकड्न, पकड्दै, पकडुन्जेल, पकड्दाखेरि**-कृ.अ.। **पकड्नू**-वि.। **पकड्न्**-इ.। **पकड्ला**-स.। (स.क्रि.-कुकुरले मृग पकड्यो ।)

पकाउनु-क्रि.मू.। **पकाउ**-क्रि.मू.। स.क्रि.; आगोको आँचद्वारा खानेकुरा गलाउनु, परिपक्व पार्नु । **पकाइ** (पकाउ+आइ) -भा.ना.। **पकाइनु**-पकाउनुको क.क्रि.। **पकाइ**-क.धा.। **पकाई, पकाएर, पकाउन, पकाउँदै, पकाउन्जेल, पकाउँदाखेरि**-कृ.अ.। **पकाउनू**-वि.। **पकाऊन्**-इ.। **पकाउला** -स.। (स.क्रि.-भान्सेले भात पकायो ।)

पक्क्याउनु-क्रि.मू.। **पक्क्याउ**-आ.धा.। स.क्रि.; पकापक खानु, गफल्क्याउनु, धमाधम खानु । **पक्क्याइ** (पक्क्याउ+आइ), **पक्क्याहट** (पक्क्याउ+आहट)-भा.ना.।

पक्क्याइनु-पक्क्याउनुको क.क्रि.। पक्क्याइ-क.धा.। पक्क्याई, पक्क्याएर, पक्क्याउन, पक्कयाउँदै, पक्क्याउन्जेल, पक्क्याउँदाखेरि-कृ.अ.। पक्क्याउनू-वि.। पक्क्याऊन्-इ.। पक्क्याउला-स.। (स.क्रि.-बाहुनले केरा पक्क्यायो ।)

पक्डनु-क्रि.मू.। पक्ड-आ.धा.। स.क्रि.; समात्नु, पक्रनु, पक्डनु, अँठ्याउनु, गिरफ्तार गर्नु, बुझ्नु, ग्रहण गर्नु । पक्डाइ (पक्ड+आइ)-भा.ना.। पक्डाउनु-प्रे.क्रि./स.क्रि.; पक्राउनु । पक्डाउ-प्रे.धा.। पक्डाइनु-पक्डाउनुको क.क्रि.। पक्डाइ-क.प्रे.धा.। पक्डिनु-पक्डनुको क.क्रि./स.क्रि.; पक्रिनु । पक्डि-क.धा.। पक्ड्याइ (पक्डि+आइ)-भा.ना.। पक्डी, पक्डेर, पक्डन, पक्डँदै, पक्डुन्जेल, पक्डँदाखेरि-कृ.अ.। पक्डनू-वि.। पक्डून्-इ.। पक्डला-स.। (स.क्रि.-प्रहरीले फरार रहेको डाँकूलाई पक्ड्यो ।)

पक्रनु-क्रि.मू.। पक्र-आ.धा.। स.क्रि.; हे. पक्डनु । पक्राइ (पक्र+आइ), पक्राउ (पक्र+आउ), पक्रा (पक्र+आ)-भा.ना.। पक्राउनु-प्रे.क्रि./स.क्रि.; पक्रन लाउनु, पक्रने पार्नु । पक्राउ-पे.धा.। पक्राइ (पक्राउ+आइ), पक्राहट (पक्राउ+आहट)-भा.ना.। पक्राइनु-पक्राउनुको क.क्रि.। पक्राइ-क.प्रे.धा.। पक्रिनु -पक्रनुको क.क्रि./स.क्रि.; पक्रनु । पक्रि-क.धा.। पक्री, पक्रेर, पक्रन, पक्रँदै, पक्रुन्जेल, पक्रँदाखेरि-कृ.अ.। पक्रनू-वि.। पक्रून्-इ.। पक्रला-स.। (स.क्रि.-तिनीहरूले चोर पक्रे ।)

पखाल्नु-क्रि.मू.। पखाल्-आ.धा.। स.क्रि.; धुनु, खकाल्नु, पानीले सफा गर्नु, बदनाम गर्नु, निन्दा गर्नु, कुरा काट्नु, अवशेष मेटाउनु । पखलाइ (पखाल्+आइ)-भा.ना.। पखालिनु-पखाल्नुको क.क्रि.। पखालि-क.धा.। पखाली, पखालेर, पखाल्न, पखाल्दै, पखालुन्जेल, पखाल्दाखेरि-कृ.अ.। पखाल्नू-वि.। पखालून्-इ.। पखाल्ला-स.। (स.क्रि.-ज्यापूले विष्णुमतीमा तरकारी पखाल्यो ।)

पख्नु-क्रि.मू.। पख्-आ.धा.। स.क्रि.; कुर्नु, पर्खनु, प्रतीक्षा गर्नु, बाटो हेर्नु । अ.क्रि.; धैर्य गरी बस्नु । पखाइ (पख्+आइ)-भा.ना.। पखिनु-पख्नुको क.क्रि./भा.क्रि.। पखि-क.धा./भा.धा.। पखी, पखेर, पख्न, पख्दै, पखुन्जेल, पख्दाखेरि-कृ.अ.। पख्नू-वि.। पखून्-इ.। पख्ला-स.। (स.क्रि.-चौराली भञ्ज्याङमा धेरैबेरसम्म बसेर मैले साथीलाई पखें । (अ.क्रि.-त्यो जस्तोसुकै विपत्मा पनि पख्यो ।)

पख्रनु-क्रि.मू.। पख्र-आ.धा.। अ.क्रि.; थकाइ हटेर शरीर चङ्गा हुनु, सुस्ती मेटिएर फुर्ती पलाउनु, अनीद हटेर जाँगर आउनु । पख्राइ (पख्र+आइ), पख्राहट (पख्र+आहट)-भा.ना.। पख्रिनु-पख्रनुको भा.क्रि./अ.क्रि.; पख्रनु । पख्रि-भा.धा.। पख्री, पख्रेर, पख्रन, पख्रँदै, पख्रुन्जेल, पख्रँदाखेरि-कृ.अ.। पख्रनू-वि.। पख्रून्-इ.। पख्रला-स.। (अ.क्रि-चौतारीमा धेरैबेरसम्म सुस्ताएपछि बल्ल मेरो शरीर पख्र्यो ।)

पगार्नु-क्रि.मू.। पगार्-आ.धा.। स.क्रि.; गाई-वस्तुका थुनबाट सजिलोसंग दूध झर्ने पार्नु, दूध दुहुनाका निमित्त थुनमा दूध जम्मा पार्नु, बिन्ती-भाउ आदि गरेर निर्दयी व्यक्तिको मन पगाल्नु, मख्खीचुसलाई दानी तुल्याउनु । पगराइ (पगार्+आइ)-भा.ना.। पगराउनु-प्रे.क्रि./स.क्रि.; पग्रिने पार्न लाउनु । पगराउ -प्रे.धा.। पगराइनु-पगराउनुको क.क्रि.। पगराइ-क.प्रे.धा.। पगारिनु-पगार्नुको क.क्रि.। पगारि-क.धा.। पगारी, पगारेर, पगार्न, पगार्दै, पगारुन्जेल, पगार्दाखेरि-कृ.अ.। पगार्नू-वि.। पगारून्-इ.। पगार्ला-स.। (स.क्रि.-मैले भैंसीको दूध पगारें ।)

पगाल्नु-क्रि.मू.। पगाल् -आ.धा.। स.क्रि.; तरल रूपमा परिणत गराउनु, पानी जस्तो पार्नु, गाल्नु, निर्दयी मानिसको मन पगार्नु । पगलाइ (पगाल्+आइ)-भा.ना.। पगालिनु-पगाल्नुको क.क्रि.। पगालि-क.धा..। पगाली, पगालेर, पगाल्न, पगाल्दै, पगालुन्जेल, पगाल्दाखेरि-कृ.अ.। पगाल्नू-वि.। पगालून्-इ.। पगाल्ला-स.। (स.क्रि.-सुनारले सुन पगाल्यो ।)

पग्रनु-क्रि.मू.। पग्र-आ.धा.। अ.क्रि.; थुनमा दूध रसाउनु, थुनमा दूध आउने हुनु, मनमा दया उब्जनु, दानी हुनु । पग्राइ (पग्र+आइ)-भा.ना.। पग्राउनु-प्रे.क्रि./स.क्रि.; पग्रने पार्नु । पग्राउ-प्रे.धा.। पग्राइनु-पग्राउनुको क.क्रि.। पग्राइ-भा.प्रे.धा.। पग्रिनु-पग्रनुको भा.क्रि./अ.क्रि.; पग्रने होइनु, पग्लिनु, पग्लनु । पग्रि-भा.धा.। पग्र्याइ (पग्रि+आइ)-भा.ना.। । पग्री, पग्रेर, पग्रन, पग्रँदै, पग्रुन्जेल, पग्रँदाखेरि-कृ.अ.। पग्रनू-वि.। पग्रून्-इ.। पग्रला-स.। (अ.क्रि.-आर्तहरूको पुकार सुनेर देवकोटाको मन पग्र्यो।

पग्लनु-क्रि.मू.। पग्ल-आ.धा.। अ.क्रि.; साऱ्हो वस्तु पग्लेर गीलो हुनु, द्रवित हुनु, गल्नु, मनमा दया उब्जनु, दानी बन्नु, रसाउनु । पग्लाइ (पग्ल+आइ)-भा.ना.। पग्लाइँदो (पग्ल+आइँदो), पग्लिँदो (पग्ल+इँदो)-विशे.। पग्लाउनु-प्रे.क्रि./स.क्रि.; गाल्नु, पग्लिने पार्नु, तरल रूपमा परिणत गराउनु, पानीजस्तो पार्नु, मन पगार्नु । पग्लाउ-प्रे.धा.। पग्लाइनु-पग्लाउनुको क.क्रि.। पग्लाइ-भा.प्रे.धा.।

पग्लिनु-पग्लनुको भा.क्रि./अ.क्रि.; तरलरूपमा परिणत होइनु, पग्लनु । **पग्लि**-भा.धा.। **पग्ल्याइ** (पग्लि+आइ), **पग्ल्याहट** (पग्लि+आहट)-भा.ना.। **पग्ली, पग्लेर, पग्लन, पग्लँदै, पग्लुन्जेल, पग्लँदाखेरि**-कृ.अ.। **पग्लनू**- वि.। **पग्लून्**-इ.। **पग्लला**-स.। (अ.क्रि.-चियामा चिनी पग्ल्यो ।)

पग्लिनु-क्रि.मू.। **पग्लि**-आ.धा.। अ.क्रि.; पग्लनु । **पग्ल्याइ** (पग्लि+आइ)-भा.ना.। **पग्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; पग्लिने पार्नु, पग्लाउनु । **पग्ल्याउ**-प्रे.धा.। **पग्ल्याइनु**-पग्ल्याउनुको क.क्रि.। **पग्ल्याइ**-भा.प्रे.धा.। **पग्लिइनु**-पग्लिनुको भा.क्रि.। **पग्लिइ**-भा.धा.। **पग्लिई, पग्लिएर, पग्लिन, पग्लिँदै, पग्लिउन्जेल, पग्लिंदाखेरि**-कृ.अ.। **पग्लिनू**-वि.।**पग्लिऊन्**-इ.। **पग्लेला**-स.। (अ.क्रि.-पानीमा नून पग्लियो ।)

पग्लाउनु-क्रि.मू.। **पग्लाउ**-आ.धा.। अ.क्रि.; बहुला बन्नु, पागल हुनु । **पग्लाइ** (पग्लाउ+आइ)-भा.ना.। **पग्लाइनु**-पग्लाउनुको भा.क्रि.। **पग्लाइ**-भा.धा.। **पग्लाई, पग्लाएर, पग्लाउन, पग्लाउँदै, पग्लाउन्जेल, पग्लाउँदाखेरि**-कृ.अ.। **पग्लनू**-वि.। **पग्लून्**-इ.। **पग्लला**-स.। (अ.क्रि.-विगत तीन वर्षदेखि त्यो मानिस पग्लायो ।)

पघार्नु-क्रि.मू.। **पघार्**-आ.धा.। स.क्रि.; हे. पगार्नु । **पघराइ** (पघार्+आइ)-भा.ना.। **पघारिनु**-पगार्नुको क. क्रि.। **पगारि**-क.धा.। **पगारी, पघारेर, पघार्न, पघार्दै, पघारुन्जेल, पघार्दाखेरि**-कृ.अ.। **पघार्नू**-वि.। **पघारून्**-इ.। **पघार्ला**-स.। (स.क्रि.-बम बहादुरले साहूको मन पघार्‍यो ।)

पघ्रनु-क्रि.मू.। **पघ्र**-आ.धा.। अ.क्रि.; हे.पग्रनु । **पघ्राइ** (पघ्र+आइ)-भा.ना.। **पघ्राउनु**-प्रे.क्रि./स.क्रि.; पघ्रने पार्नु । **पघ्राउ**-प्रे.धा.। **पघ्राइनु** -पघ्राउनुको क.क्रि.। **पघ्राइ**-भा.प्रे.धा.। **पघ्रिनु**-पघ्रनुको भा.क्रि./अ.क्रि.; पघ्रने होइनु, पघ्रनु, पग्लनु । **पघ्रि**-भा.धा.। **पघ्र्याइ** (पघ्रि+आइ)-भा.ना.। **पघ्री, पघ्रेर, पघ्रन, पघ्रँदै, पघ्रुन्जेल, पघ्रँदाखेरि**-कृ.अ.। **पघ्रनू**-वि.। **पघ्रून्**-इ.। **पघ्रला** -स.। (अ.क्रि.-गाईको दूध पघ्र्यो ।)

पघ्रिनु-क्रि.मू.। **पघ्रि**-आ.धा.। अ.क्रि.; पघ्रनु । **पघ्र्याइ** (पघ्रि+आइ)-भा.ना.। **पघ्र्याउनु**-प्रे.क्रि./स.क्रि.; पघ्राउनु । **पघ्र्याउ**-प्रे.धा.। **पघ्र्याइनु**-पघ्र्याउनुको क. क्रि.; **पघ्र्याइ**-भा.प्रे.धा.। **पघ्रिइनु**-पघ्रिनुको भा.क्रि.। **पघ्रिइ**-भा.धा.। **पघ्रिई, पघ्रिएर, पघ्रिन, पघ्रिँदै, पघ्रिउन्जेल, पघ्रिंदाखेरि**-कृ.अ.। **पघ्रिनू**-वि.। **पघ्रिऊन्**-इ.। **पघ्रेला**-स.। (अ.क्रि.-भैंसीको कल्चौंडोमा दूध सजिलोसंग पघ्रियो ।)

पचपचाउनु-क्रि.मू.। **पचपचाउ**-आ.धा.। अ.क्रि.; बिरामी आदिको कारण मुखको स्वाद बिग्रनु, घाउ-खटिरा बिग्रेर पीप, पानी आइरहनु, जे पायो त्यही पचपची बोल्नु । **पचपचाइ** (पचपचाउ+आइ)-भा.ना.। **पचपचाउँदो** (पचपचाउ+दो)-विशे.। **पचपचाइनु**-पचपचाउनुको भा.क्रि.। **पचपचाइ** -भा.धा.। **पचपचाई, पचपचाएर, पचपचाउन, पचपचाउँदै, पचपचाउन्जेल, पचपचाउँदाखेरि**-कृ.अ.। **पचपचाउनू**- वि.। **पचपचाऊन्**-इ.। **पचपचाउला**-स.। (अ.क्रि.-घाउ पाकेर पचपचायो ।)

पचपचिनु-क्रि.मू.। **पचपचि**-आ.धा.। अ.क्रि.; पचपचाउनु। **पचपच्याइ** (पचपचि+आइ)-भा.ना.। **पचपच्याउनु**-प्रे.क्रि./स.क्रि.; पचपचिने पार्नु । **पचपच्याउ**-प्रे.धा.। **पचपच्याइनु**-पचपच्याउनुको क.क्रि.। **पचपच्याइ** -भा.प्रे.धा.। **पचपचिइनु**- पचपचिनुको भा.क्रि.। **पचपचिइ**-भा.धा.। **पचपचिई, पचपचिएर, पचपचिन, पचपचिँदै, पचपचिउन्जेल, पचपचिंदाखेरि**-कृ.अ.। **पचपचिनू**-वि.। **पचपचिऊन्**-इ.। **पचपचेला** -स.। (अ.क्रि.-आज मेरो मुख पचपचियो; केही पनि खाने मन छैन ।)

पच्नु-क्रि.मू.। **पच्**-आ.धा.। अ.क्रि.; खाएको चीज हजम हुनु, पाक हुनु, कुनै वस्तु अर्को वस्तुमा गाभिएर समाप्त हुनु, लीन हुनु, लिएको वस्तु फर्काउन नपर्ने गरी पच हुनु । **पचाइ** (पच्+आइ)-भा.ना.। **पचाउनु** -प्रे.क्रि./स.क्रि.; खाएको चीज हजम गराउनु, फिर्ता गर्ने वस्तु नदिई पच गर्नु । **पचाउ**-प्रे.धा.। **पचाइनु**-पचाउनुको क.क्रि.। **पचाइ**-भा.प्रे.धा.। **पचिनु**-पच्नुको भा.क्रि.। **पचि**-भा.धा.। **पची, पचेर, पच्न, पच्दै, पचुन्जेल, पच्दाखेरि**-कृ.अ.। **पच्नू**-वि.। **पचून्**-इ.। **पच्ला**-स.। (अ.क्रि. -बिरामीले खाएको सबै चीज राम्ररी पच्यो ।)

पचाउनु-क्रि.मू.। **पचाउ** -आ.धा.। स.क्रि.; खाएको वस्तुलाई पाकयुक्त तुल्याउनु, कसैको सम्पत्ति वा मालमत्ता लिएर फिर्ता नगर्नु । **पचाइ** (पचाउ+आइ)-भा.ना.। **पचाइनु**-पचाउनुको क.क्रि.। **पचाइ**-क.धा.। **पचाई, पचाएर, पचाउन, पचाउँदै, पचाउन्जेल, पचाउँदाखेरि**-कृ.अ.। **पचाउनू**-वि.। **पचाऊन्**-इ.। **पचाउला**-स.। (स.क्रि.-भिँगे कामीले गोरुको रुपियाँ पचायो; तिरेन ।)

पच्कार्नु-क्रि.मू.। **पच्कार्**-आ.धा.। स.क्रि.; समाजमा धक नमानीकन अरूको गुण-दोष स्पष्ट रूपमा भन्नु, भन्न नहुने कुरो प्याच्च भन्नु, तोकेर भन्नु । **पच्कराइ** (पच्कार्–आइ)-भा.ना.। **पच्कारिनु**-पच्कार्नुको क.क्रि.।

पच्कारि-क.धा.। पचकारी, पच्कारेर, पच्कार्न, पच्कार्दै, पच्कारुन्जेल, पच्कार्दाखेरि-कृ.अ.। पच्कार्नू-वि.। पच्कारून्-इ.। पच्कार्ला-स.। (स.क्रि.-टेक बहादुरले भञ्ज्याङे मालिकका कुकृत्यलाई एक-एक गरी पच्कार्‍यो ।)

पच्छिनु-क्रि.मू.। पच्छि-आ.धा.। अ.क्रि.; पछि पर्नु, पछि लाग्नु, पछौटे हुनु, ढिलो हुनु । पच्छ्याइ (पच्छि+आइ)-भा.ना.। पच्छ्याउनु -प्रे.क्रि./स.क्रि.; पच्छिने पार्नु । पच्छ्याउ-प्रे.धा.। पच्छ्याइनु -पच्छ्याउनुको क.क्रि.। पच्छ्याइ-भा.प्रे.धा.। पच्छिइनु- पच्छिनुको भा.क्रि.। पच्छिइ-भा.धा.। पच्छिई, पच्छिएर, पच्छिन, पच्छिँदै, पच्छिउन्जेल, पच्छिंदाखेरि-कृ.अ.। पच्छिनू वि.। पच्छिऊन्-इ.। पच्छेला-स.। (अ.क्रि.-यो वर्ष धानबाली पच्छियो; फल राम्रो नलाग्ला ।)

पछाउनु-क्रि.मू.। पछाउ-आ.धा.। स.क्रि.; पछेटा लाग्नु, पछि लाग्नु । अ.क्रि.; पछाडि पर्नु, बाली लगाउन विलम्व हुनु, बालीनाली हुर्कन, पाक्न पछि हुनु । पछाइ (पछाउ+आइ)-भा.ना.। पछाइनु-पछाउनुको स.क्रि./भा.क्रि.। पछाइ -क.धा./भा.धा.। पछाई, पछाएर, पछाउन, पछाउँदै, पछाउन्जेल, पछाउँदाखेरि-कृ.अ.। पछाउनू-वि.। पछाऊन्-इ.। पछाउला -स.। (स.क्रि.-गाईको बाच्छीले माउलाई पछायो । अ.क्रि. - संगै हिंडेको ढाके उकालोमा पछायो ।)

पछताउनु-क्रि.मू.। पछताउ-आ.धा.। अ.क्रि.; पछुताउनु । पछताउ (पछताउ+आइ)-भा.ना.। पछताइनु-पछताउनुको भा.क्रि.। पछताइ-भा.धा.। पछताई, पछताएर, पछताउन, पछताउँदै, पछताउन्जेल, पछताउँदाखेरि-कृ.अ.। पछताउनू-वि.। पछताऊन्-इ.। पछताउला-स.। (अ.क्रि.-उमेरमै बुद्धि नआउँदा बूढो मानिस पछतायो ।)

पछाड्नु-क्रि.मू.। पछाड्- आ.धा.। स.क्रि.; पछार्नु । पछडाइ (पछाड्+आइ)-भा.ना.। पछाडिनु- पछाड्नुको क.क्रि.। पछाडि-क.धा.। पछाडी, पछाडेर, पछाड्न, पछाड्दै, पछाडुन्जेल, पछाड्दाखेरि-कृ.अ.। पछाड्नू-वि.। पछाडून्-इ.। पछाड्ला-स.। (स.क्रि.-ढुण्डेले धुवेलाई पछाड्यो ।)

पछाडिनु-क्रि.मू.। पछाडि-आ.धा.। अ.क्रि.; पछि हुनु, पछि पर्नु । पछड्याइ (पछाडि+आइ)-भा.ना.। पछाडिइनु-पछाडिनुको भा.क्रि.। पछाडिइ-भा.धा.। पछाडिई, पछाडिएर, पछाडिन, पछाडिँदै, पछाडिउन्जेल, पछाडिंदाखेरि-कृ.अ.। पछाडिनू-वि.। पछाडिऊन्-इ.। पछाडेला-स.। (अ.क्रि.-हरिमाया आउँदा-आउँदै बाटोमा पछाडिई ।)

पछारिनु-क्रि.मू.। पछारि-आ.धा.। अ.क्रि.; भूइँमा लड्नु, लोट्नु, पराजित हुनु । पछर्‍याइ (पछारि+आइ)-भा.ना.। पछर्‍याउनु-प्रे.क्रि.; पछारिने पार्नु, भूईंमा लडाउनु, लोटाउनु । पछर्‍याउ -प्रे.धा.। पछर्‍याइनु-पछर्‍याउनुको क.क्रि.। पछर्‍याइ-क.प्रे.धा.। पछारिइनु-पछारिनुको भा.क्रि.। पछारिइ- भा.धा.। पछारिई, पछारिएर, पछारिन, पछारिँदै, पछारिउन्जेल, पछारिंदाखेरि-कृ.अ.। पछारिनू-वि.। पछारिऊन्-इ.। पछारेला-स.। (अ.क्रि.-के लाग्छ; सुन्तली हिलोमा झ्ल्यात्त पछारिई ।)

पछार्नु-क्रि.मू.। पछार्-आ.धा.। स.क्रि.; भूइँमा लडाउनु, गिराउनु, दाल्नु, लोटाउनु, साबुन नलगाई पानीमा बजारेर लुगा धुनु, पराजित गर्नु, जित्नु । पछराइ (पछार्+आइ)-भा.ना.। पछारिनु-पछार्नुको क.क्रि.। पछारि-क.धा.। पछारी, पछारेर, पछार्न, पछार्दै, पछारुन्जेल, पछार्दाखेरि-कृ.अ.। पछार्नू-वि.। पछारून्-इ.। पछार्ला-स.। (स.क्रि.-सुँघुरेको कालेले धारापानीको भक्तेलाई नराम्ररी पछार्‍यो ।)

पछिनु-क्रि.मू.। पछि-आ.धा.। अ.क्रि.; पछाडि पर्नु, पछि पर्नु । पछ्याइ (पछि+आइ)-भा.ना.। पछ्याउनु-प्रे.क्रि./स.क्रि.; पछिने पार्नु, पछाडि पार्नु । पछ्याउ-प्रे.धा.। पछ्याइनु-पछ्याउनुको क.क्रि.। पछ्याइ -भा.प्रे.धा.। पछिइनु-पछिनुको भा.क्रि.। पछिइ-भा.धा.। पछिई, पछिएर, पछिन, पछिँदै, पछिउन्जेल, पछिंदाखेरि-कृ.अ.। पछिनु- वि.। पछिऊन्- इ.। पछेला-स.। (अ.क्रि.-झन्नै डेढसय वर्षसम्म एकतन्त्री शासनमा जकडिएकाले नेपालको विकास पछियो ।)

पछुताउनु-क्रि.मू.। पछुताउ-आ.धा.। अ.क्रि.; पछुतो मान्नु, थकथकाउनु, चुकचुकाउनु । पछुताइ (पछुताउ+आइ)-भा.ना.। पछुताइनु-पछुताउनुको भा.क्रि.। पछुताइ-भा.धा.। पछुताई, पछुताएर, पछुताउन, पछुताउँदै, पछुताउन्जेल, पछुताउँदाखेरि-कृ.अ.। पछुताउनू-वि.। पछुताऊन्-इ.। पछुताउला-स.। (अ.क्रि.-आवेशको बेलामा आँखा नदेख्ता अतिवादी ज्यादै पछुतायो ।)

पछ्याउनु-क्रि.मू.। पछ्याउ-आ.धा.। स.क्रि.; पछि लाग्नु, पिछा गर्नु, केटाकेटी, पशु आदि झ्याम्मिई पछि लाग्नु, रत्तिनु । पछ्याइ (पछ्याउ+आइ)-भा.ना.। पछ्याइनु-पछ्याउनुको क.क्रि.। पछ्याइ-क.धा.। पछ्याई,

पछ्याएर, पछ्याउन, पछ्याउँदै, पछ्याउन्जेल, पछ्याउँदाखेरि-कृ.अ.। **पछ्याउनू**-वि.। **पछ्याऊन्**-इ.। **पछ्याउला**- स.। (स.क्रि.-गाईको बाच्छीले माउलाई पछ्यायो ।)

पटपटाउनु-क्रि.मू.। **पटपटाउ** -आ.धा.। अ.क्रि.; अस्पष्ट शब्द बोल्नु, पटपट शब्द गर्नु, पट्कनु, फलाक्नु, भटभटाउनु । **पटपटाइ** (पटपटाउ+आइ), **पटपटाहट** (पटपटाउ+आहट)-भा.ना.। **पटपटाइनु**-पटपटाउनुको भा.क्रि.। **पटपटाइ** -भा.धा.। **पटपटाई, पटपटाएर, पटपटाउन, पटपटाउँदै, पटपटाउन्जेल, पटपटाउँदाखेरि**-कृ.अ.। **पटपटाउनू**-वि.। **पटपटाऊन्**-इ.। **पटपटाउला**-स.। (अ.क्रि.-डमरु बजाएर महात्मा पटपटायो ।)

पटपटिनु-क्रि.मू.। **पटपटि**-आ.धा.। अ.क्रि.; पटपटाउनु । **पटपट्याइ** (पटपटि+आइ)-भा.ना.। **पटपट्याउनु**-प्रे.क्रि./स.क्रि.; पटपट शब्द निकाल्न लाउनु, पटपट पार्नु । **पटपट्याउ** -प्रे.धा.। **पटपट्याइनु**-पटपट्याउनुको क.क्रि.। **पटपट्याइ**-भा.प्रे.धा.। **पटपटिइनु**-पटपटिनुको भा.क्रि.। **पटपटिइ** -भा.धा.। **पटपटिई, पटपटिएर, पटपटिन, पटपटिँदै, पटपटिउन्जेल, पटपटिंदाखेरि**-कृ.अ.। **पटपटिनू**-वि.। **पटपटिऊन्**-इ.। **पटपटेला**-स.। (अ.क्रि.-छोप्राकको उकालो चढ्दा-चढ्दै पानी पटपटियो)

पटाउनु-क्रि.मू.। **पटाउ**-आ.धा.। स.क्रि.; सिंचाई गर्नु, खेतबारीमा पानी लाउनु, काम पूरा गर्नु, सम्म पार्नु, खाल्टो पुर्नु । **पटाइ** (पटाउ+आइ)-भा.ना.। **पटाइनु**-पटाउनुको क.क्रि.। **पटाइ**-क.धा.। **पटाई, पटाएर, पटाउन, पटाउँदै, पटाउन्जेल, पटाउँदाखेरि**-कृ.अ.। **पटाउनू**-वि.। **पटाऊन्** -इ.। **पटाउला**-स.। (स.क्रि.-देवघाटबाट पानी तानेर सरकारले चितवन पटायो ।)

पटार्नु-क्रि.मू.। **पटार्**-आ.धा.। स.क्रि.; श्रृङ्गार पार्नु, सिंगार्नु, सजाउनु । **पटराइ** (पटार्+आइ)-भा.ना.। **पटारिनु**-पटार्नुको क.क्रि.। **पटारि**-क.धा.। **पटारी, पटारेर, पटार्न, पटार्दै, पटारुन्जेल, पटार्दाखेरि**-कृ.अ.। **पटार्नू**-वि.। **पटारून्**-इ.। **पटार्ला** -स.। (स.क्रि.-मङ्लीले पुतली पटारी ।)

पटिनु-क्रि.मू.। **पटि**-आ.धा.। अ.क्रि.; काम सिद्ध हुनु, पट्नु, काम बनिनु । **पट्याइ** (पटि+आइ)-भा.ना.। **पट्याउनु**-प्रे.क्रि./स.क्रि.; पटाउनु, काम सिद्ध गराउनु । **पट्याउ**-प्रे.धा.। **पट्याइनु**-पट्याउनुको क.क्रि.। **पट्याइ**-भा.प्रे.धा.। **पटिइनु**-पटिनुको भा.क्रि.। **पटिइ**-भा.धा.। **पटिई, पटिएर, पटिन, पटिँदै, पटिउन्जेल, पटिंदाखेरि** -कृ.अ.। **पटिनू**-वि.। **पटिऊन्**-इ.। **पटेला**-स.। (अ.क्रि.-सात-सात पटक कार्यालय धाएपछि बल्ल आफ्नो काम पटियो ।)

पट्नु-क्रि.मू.। **पट्**-आ.धा.। अ.क्रि.; सिंचित हुनु, खेतबारीमा पानी पुग्नु, काम सिद्ध हुनु, निब्टनु, मेलमिलाप हुनु । **पटाइ** (पट्+आइ)-भा.ना.। **पटाउनु**-प्रे.क्रि./स.क्रि.; पट्ने पार्न लगाउनु, पट्ने पार्नु, सिंचाइ गर्नु, काम पूरा गर्नु, खाल्टो पुरेर सम्म तुल्याउनु । **पटाउ**-प्रे.धा.। **पटाइनु**-पटाउनुको क.क्रि.। **पटाइ**-भा.प्रे.धा.। **पटिनु**-पट्नुको भा.क्रि.। **पटि**-भा.धा.। **पटी, पटेर, पट्न, पट्तै, पटुन्जेल, पट्दाखेरि**-कृ.अ.। **पट्नू**-वि.। **पटून्**-इ.। **पट्ला**-स.। (अ.क्रि.-नहरको पानी लगाएपछि खेत बल्ल पट्यो ।)

पट्कनु-क्रि.मू.। **पट्क**-आ.धा.। अ.क्रि.; बन्दूक आदि चलेर शब्द निस्कनु, पटपट शब्द निस्कनु, पड्कनु, पटपटाउनु । स.क्रि.-अरूलाई छेड हानेर प्याच्च भन्नु, भूइँमा पछार्नु, लडाउनु । **पट्काइ** (पट्क+आइ)-भा.ना.। **पट्काउनु**-प्रे.क्रि./स.क्रि.; पट्कने पार्नु, पटपट आवाज निकाल्नु, पड्काउनु । **पट्काउ**-प्रे.धा । **पट्काइनु**-पट्काउनुको क.क्रि.। **पट्काइ**-भा.प्रे.धा./क.प्रे.धा.। **पट्किनु**-पट्कनुको भा.क्रि./क.क्रि.; पटपट शब्द निस्किनु । अ.क्रि.; पट्कनु । **पट्कि**-भा.धा.। **पट्क्याइ** (पट्कि+आइ)-भा.ना.। **पट्की, पट्केर, पट्कन, पट्कँदै, पट्कुन्जेल, पट्कँदाखेरि** -कृ.अ.। **पट्कनू**-वि.। **पट्कून्**-इ.। **पट्कला**-स.। (अ.क्रि.-बिहेमा बन्दुक पट्क्यो । स.क्रि.-बेलेले रामेलाई एकैतालमा भूइँमा पट्क्यो ।)

पट्कार्नु-क्रि.मू.। **पट्कार्**- आ.धा.। स.क्रि.; जिब्रो फट्कार्नु, स्पष्ट आवाज उच्चारण गर्नु, गाली गर्नु, पटपट पार्नु, पट्काउनु, पछार्नु । **पट्कराइ** (पट्कार्+आइ)-भा.ना.। **पट्कारिनु**-पट्कार्नुको क.क्रि.। **पट्कारि**-क.धा.। **पट्कारी, पट्कारेर, पट्कार्न, पट्कार्दै, पट्कारुन्जेल, पट्कार्दाखेरि**-कृ.अ.। **पट्कार्नू** -वि.। **पट्कारून्**-इ.। **पट्कार्ला**-स.। (स.क्रि.-बालकले खेलौना पट्कार्‍यो ।)

पट्किनु-क्रि.मू.। **पट्कि**- आ.धा.। अ.क्रि.; पट्कनु । **पट्क्याइ** (पट्कि+आइ)-भा.ना.। **पट्क्याउनु**-प्रे.क्रि./स.क्रि.; पट्काउनु, पट्किने पार्नु । **पट्क्याउ**-प्रे.धा.। **पट्क्याइनु**-पट्क्याउनुको क.क्रि.। **पट्क्याइ** -भा.प्रे.धा.। **पट्किइनु**-पट्किनुको भा.क्रि.। **पट्किइ**-भा.धा.। **पट्किई,**

पट्किएर, पट्किन, पट्किँदै, पट्किउन्जेल, पट्किंदाखेरि-कृ.अ.। **पट्किनू**-वि.। **पट्किऊन्**-इ.। **पट्केला**-स.। (अ.क्रि.-काठमाण्डूमा दिनको ठीक बान्हबजे तोप पट्कियो ।)

पट्टाउनु-क्रि.मू.। **पट्टाउ**-आ.धा.। अ.क्रि.; धेरैबेर काम गर्दा वा बस्ता उच्चाट लाग्नु, अल्छी लाग्नु, उराठ लाग्नु, आलस्य लाग्नु । **पट्टाइ** (पट्टाउ+आइ)-भा.ना.। **पट्टाइनु**-पट्टाउनुको भा.क्रि.। **पट्टाइ** -भा.धा.। **पट्टाई, पट्टाएर, पट्टाउन, पट्टाउँदै, पट्टाउन्जेल, पट्टाउँदाखेरि**-कृ.अ.। **पट्टाउनू**-वि.। **पट्टाऊन्**-इ.। **पट्टाउला**-स.। (अ.क्रि.-दिनभरि शडकमा काम गर्दा कुल्लीहरू पट्टाए ।)

पट्टिनु-क्रि.मू.। **पट्टि**-आ.धा.। अ.क्रि.; लुगा, कागत आदि दोब्रिएर तहपर्नु, तहतह पर्नु । **पट्टयाइ** (पट्टि+आइ)-भा.ना.। **पट्टयाउनु**-प्रे.क्रि./स.क्रि.; तहतह पार्नु, लुगा, कागत आदि दोब्र्याएर तह पार्नु । **पट्टयाउ**-प्रे.धा.। **पट्टयाइनु**-पट्टयाउनुको क.क्रि.। **पट्टयाइ**-भा.प्रे.धा.। **पट्टिइनु**-पट्टिनुको भा.क्रि.। **पट्टिइ**-भा.धा.। **पट्टिई, पट्टिएर, पट्टिन, पट्टिँदै, पट्टिउन्जेल, पट्टिंदाखेरि**-कृ.अ.। **पट्टिनू**-वि.। **पट्टिऊन्**-इ.। **पट्टेला**-स.। (अ.क्रि.-शय्या खूब राम्रोसंग पट्टियो ।)

पट्याउनु-क्रि.मू.। **पट्याउ**-आ.धा.। स.क्रि.; लुगा आदि दोब्र्याएर तह पार्नु, पट्टयाउनु । **पट्याइ** (पट्याउ+आइ)-भा.ना.। **पट्याइनु**-पट्याउनुको क.क्रि.। **पट्याइ**-क.धा.। **पट्याई, पट्याएर, पट्याउन, पट्याउँदै, पट्याउन्जेल, पट्याउँदाखेरि**-कृ.अ.। **पट्याउनू**-वि.। **पट्याऊन्**-इ.। **पट्याउला** -स.। (स.क्रि.-धोवीले लुगा पट्यायो ।)

पठाउनु-क्रि.मू.। **पठाउ**-आ.धा.। स.क्रि.; कुनै ठाउँमा जान लगाउनु, प्रेपित गर्नु, विदा गर्नु, पुऱ्याउनु, अन्भाउनु । **पठाइ** (पठाउ+आइ)-भा.ना.। **पठाइनु**-पठाउनुको क.क्रि.। **पठाइ**-क.धा.। **पठाई, पठाएर, पठाउन, पठाउँदै, पठाउन्जेल, पठाउँदाखेरि**-कृ.अ.। **पठाउनू**-वि.। **पठाऊन्**-इ.। **पठाउला**-स.। (स.क्रि.-लाहुरेले घरमा चिठी पठायो ।)

पड्नु-क्रि.मू.। **पड्**-आ.धा.। अ.क्रि.; त्यसै मिल्किए जस्तो भएर रहनु, उपयोगमा नआई रहिरहनु । **पडाइ** (पड्+आइ)-भा.ना.। **पड्वा** (पड्+उवा)-विशे.। **पडाउनु**-प्रे.क्रि./स.क्रि.; पड्ने तुल्याउनु । **पडाउ**-प्रे.धा.। **पडाइनु**-पडाउनुको क.क्रि.। **पडाइ** -भा.प्रे.धा.। **पडिनु**-पड्नुको भा.क्रि.; उपयोगमा नआई रहिरहनु । **पडि**-भा.धा.। **पडी, पडेर, पड्न, पड्दै, पड्नुन्जेल, पड्दाखेरि**-कृ.अ.। **पड्नू**-वि.। **पड्नून्**-इ.। **पड्ला**-स.। (अ.क्रि.-नेपालमा भुटानी शरणार्थीहरू नराम्ररी पडे ।)

पड्कनु-क्रि.मू.। **पड्क**-आ.धा.। अ.क्रि.; हे. पट्कनु । **पड्काइ** (पड्क+आइ), (पड्काउ+आइ)-भा.ना.। **पड्काउनु**-प्रे.क्रि./स.क्रि.; पट्काउनु । **पड्काउ**-प्रे.धा.। **पड्काइनु**-पड्काउनुको क.क्रि.। **पड्काइ**-भा.प्रे.धा.। **पड्किनु**-पड्कनुको भा.क्रि./अ.क्रि.; पट्किनु । **पड्कि**-भा.धा.। **पड्क्याइ** (पड्कि+आइ), **पड्क्याहट** (पड्कि+आहट)-भा.ना.। **पड्की, पड्केर, पड्कन, पड्कँदै, पड्कुन्जेल, पड्कँदाखेरि**-कृ.अ.। **पड्कनू**-वि.। **पड्कून्**-इ.। **पड्कला**-स.। (अ.क्रि.-बम्बईमा एउटा शक्तिशाली बम पड्क्यो ।)

पड्कार्नु-क्रि.मू.। **पड्कार्**-आ.धा.। स.क्रि.; पट्कार्नु । **पड्कराइ** (पड्कार्+आइ)-भा.ना.। **पड्कारिनु**-पड्कार्नुको क.क्रि.। **पड्कारि**-क.धा.। **पड्कारी, पड्कारेर, पड्कार्न, पड्कार्दै, पड्कारुन्जेल, पड्कार्दाखेरि**-कृ.अ.। **पड्कार्नू**-वि.। **पड्कारून्**-इ.। **पड्कार्ला**-स.। (स.क्रि.-पण्डितले स्पष्टसंग आफ्नो जिभ्रो पड्कारे ।)

पड्किनु-क्रि.मू.। **पड्कि** -आ.धा.। अ.क्रि.; पट्किनु । **पड्क्याइ** (पड्कि+आइ)-भा.ना.। **पड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; पड्किने पार्नु, पट्क्याउनु । **पड्क्याउ**-प्रे.धा.। **पड्क्याइनु**-पड्क्याउनुको क.क्रि.। **पड्क्याइ** -भा.प्रे.धा.। **पड्किइनु**-पड्किनुको भा.क्रि.। **पड्किइ**-भा.धा.। **पड्किई, पड्किएर, पड्किन, पड्किँदै, पड्किउन्जेल, पड्किंदाखेरि**-कृ.अ.। **पड्किनू**-वि.। **पड्किऊन्**-इ.। **पड्केला**-स.। (अ.क्रि.-मानव सभ्यतालाई नै चुनौती दिँदै कुवेतमा एउटा शक्तिशाली बम पड्क्यो ।)

पढ्नु-क्रि.मू.। **पढ्**-आ.धा.। स.क्रि.; ज्ञान प्राप्त हुने गरी लेखेको कुरा पाठ गर्नु, अध्ययन गर्नु, विद्याभ्यास गर्नु, पाठ घोक्नु, वाच्नु, सिक्नु । **पढाइ** (पढ्+आइ)-भा.ना.। **पढाउनु**-प्रे.क्रि./स.क्रि.; विद्याभ्यास गराउनु, विद्या हासिल गराउनु, ज्ञान गराउनु, सिकाउनु । **पढाउ**-प्रे.धा.। **पढाइनु**-पढाउनुको क.क्रि.। **पढाइ**-क.प्रे.धा.। **पढिनु**-पढ्नुको क.क्रि.। **पढि**-क.धा.। **पढी, पढेर, पढ्न, पढ्दै, पढ्नुन्जेल, पढ्दाखेरि**-कृ.अ.। **पढ्नू**-वि.। **पढ्न्**-इ.। **पढ्ला**-स.। (स.क्रि.-मैले 'तीन घुम्ती' उपन्यास पढें ।)

पतलाउनु-क्रि.मू.। **पतलाउ**-आ.धा.। अ.क्रि.; पातलो हुनु, दुब्लाउँदै जानु । **पतलाइ** (पतलाउ+आइ)-भा.ना.। **पतलाइनु**-पतलाउनुको भा.क्रि.। **पतलाइ**-भा.धा.। **पतलाई,**

पतलाएर, पतलाउन, पतलाउँदै, पतलाउन्जेल, पतलाउँदाखेरि-कृ.अ.। **पतलाउनू**- वि.। **पतलाऊन्**-इ.। **पतलाउला**-स.। (अ.क्रि.-बसाइँ-सराइको कारण पहाडका बस्तीहरू पतलाए ।)

पतलिनु-कि.मू.। **पतलि**-आ.धा.। अ.क्रि.; पतलाउनु । **पतल्याइ** (पतलि+आइ)-भा.ना.। **पतल्याउनु**-प्रे.क्रि./स.क्रि.; पातलो पार्नु, पन्यालो तुल्याउनु, तरल बनाउनु । **पतल्याउ** -प्रे.धा.। । **पतल्याइ** (पतल्याउ+आइ), **पतल्याहट** (पतल्याउ–आहट)-भा.ना.। **पतल्याइनु** -पतल्याउनुको क.क्रि.। **पतल्याइ**-भा.प्रे.धा.। **पतल्याई, पतल्याएर, पतल्याउन, पतल्याउँदै, पतल्याउन्जेल, पतल्याउँदाखेरि**-कृ.अ.। **पतल्याउनू**-वि.। **पतल्याऊन्** -इ.। **पतल्याउला**-स.। **पतलिइनु**-पतलिनुको भा.क्रि.। **पतलिइ**-भा.धा.। **पतलिई, पतलिएर, पतलिन, पतलिँदै, पतलिउन्जेल, पतलिंदाखेरि** -कृ.अ.। **पतलिनू**-वि.। **पतलिऊन्**-इ.। **पतलेला**-स.। (अ.क्रि.-पानी धेरै राखनाले दाल अलि पतलियो ।)

पतुर्नु-क्रि.मू.। **पतुर्**- आ.धा.। अ.क्रि.; सम्बन्धित देवी-देवतालाई आङमा चढाएर धामी-झाँक्री काँप्नु, चिन्ता बस्ता कामेर बक्नु । **पतुराइ** (पतुर्+आइ)-भा.ना.। **पतुरिनु**-पतुर्नुको भा.क्रि.। **पतुरि**-भा.धा.। **पतुरी, पतुरेर, पतुर्न, पतुर्दै, पतुरुन्जेल, पतुर्दाखेरि**-कृ.अ.। **पतुर्नू** -वि.। **पतुरून्**-इ.। **पतुर्ला** -स.। (अ.क्रि.-पल्लोघरमा गए राती चिन्ता बस्ता धामी पतुऱ्यो ।)

पत्ताउनु-क्रि.मू.। **पत्ताउ**-आ.धा.। अ.क्रि.; पात जस्तो हलुको भएर जता लग्यो उतै जानु, नयाँ मुना पातमा परिणत हुनु, दाउरा नबलेर धुवाँउनु, बत्तिनु । स.क्रि.; बत्ताउनु । **पत्ताइ** (पत्ताउ+आइ)-भा.ना.। **पत्ताइनु** -पत्ताउनुको भा.क्रि.। **पत्ताइ** - भा.धा.। **पत्ताई, पत्ताएर, पत्ताउन, पत्ताउँदै, पत्ताउन्जेल, पत्ताउँदाखेरि**-कृ.अ.। **पत्ताउनू**-वि.। **पत्ताऊन्**-इ.। **पत्ताउला** -स.। (अ.क्रि.-सिमलको भुवा हावामा पत्तायो । स.क्रि.-खेतालोले खलोमा धान पत्तायो ।)

पत्याउनु-क्रि.मू.। **पत्याउ**-आ.धा.। स.क्रि.; विश्वास मान्नु, पत्यार गर्नु, साँचो सम्झनु, भरोसा गर्नु । **पत्याइ** (पत्याउ+आइ)-भा.ना.। **पत्याइनु**-पत्याउनुको क.क्रि.। **पत्याइ**-क.धा.। **पत्याई, पत्याएर, पत्याउन, पत्याउँदै, पत्याउन्जेल, पत्याउँदाखेरि**-कृ.अ.। **पत्याउनू**-वि.। **पत्याऊन्**-इ.। **पत्याउला**-स.। (स.क्रि.-मैले स्कूल प्रशासनको जाललाई राम्ररी पत्याएँ ।)

पथार्नु-क्रि.मू.। **पथार्**-आ.धा.। स.क्रि.; रोटी बनाउन मुछेको पीठो बेल्नु, रोटी बनाउनु, गीलो गोबरको गुइँठा बनाउनु, कुनै चीज पछारेर पानी आदि निथार्नु, फिंजाउनु, पाँज्नु । **पथराइ** (पथार्+आइ)-भा.ना.। **पथारिनु**-पथार्नुको क.क्रि.। **पथारि**-क.धा.। **पथारी, पथारेर, पथार्न, पथार्दै, पथारुन्जेल, पथार्दाखेरि**-कृ.अ.। **पथार्नू**-वि.। **पथारून्**-इ.। **पथार्ला**-स.। (स.क्रि.-भाउजूले रोटी पकाउन ताहामा मुछेको पीठो पथारिन् ।)

पथारिनु-क्रि.मू.। **पथारि** -आ.धा.। अ.क्रि.; थला पर्नु, पथरा पर्नु, आफूले भने-मागेको कुरा नभएसम्म नउठ्नु । **पथऱ्याइ** (पथारि+आइ)-भा.ना.। **पथारिइनु**-पथारिनुको भा.क्रि.। **पथारिइ**-भा.धा.। **पथारिई, पथारिएर, पथारिन, पथारिँदै, पथारिउन्जेल, पथारिंदाखेरि**-कृ.अ.। **पथारिनू**-वि.। **पथारिऊन्**-इ.। **पथारेला**-स.। (अ.क्रि.-रत्नमान बिमारी भएर तीन महिनासम्म अस्पतालमा पथारियो ।)

पधार्नु-क्रि.मू.। **पधार्**- आ.धा.। अ.क्रि.; पाल्नु, पाउ लाग्नु, पदार्पण गर्नु, आगमन गर्नु । **पधराइ** (पधार्+आइ)-भा.ना.। **पधराउनु**- प्रे.क्रि./स.क्रि.; पाउ लाग्ने तुल्याउनु । **पधराउ**-प्रे.धा.। **पधराइनु**-पधराउनुको क.क्रि.। **पधराइ**-भा.प्रे.धा । **पधारिनु**-पधार्नुको भा.क्रि.। **पधारि**-भा.धा.। **पधारी, पधारेर, पधार्न, पधार्दै, पधारुन्जेल, पदार्धाखेरि**-कृ.अ.। **पधार्नू**-वि.। **पधारून्**-इ.। **पधार्ला**-स.। (अ.क्रि.-उच्च पदस्थ मानिसहरू सभामा पधारिए ।)

पधारिनु-क्रि.मू.। **पधारि**- आ.धा.। अ.क्रि.; थला पर्नु, पछारिनु, लड्नु, लोट्नु । **पधऱ्याइ** (पधारि+आइ)-भा.ना.। **पधऱ्याउनु** -प्रे.क्रि./स.क्रि.; पधारिने पार्नु । **पधऱ्याउ**-प्रे.धा.। **पधऱ्याइनु**- पधऱ्याउनुको क.क्रि.। **पधऱ्याइ**-भा.प्रे.धा.। **पधारिइनु** -पधारिनुको भा.क्रि.। **पधारिइ**-भा.धा.। **पधारिई, पधारिएर, पधारिन, पधारिँदै, पधारिउन्जेल, पधारिंदाखेरि**-कृ.अ.। **पधारिनू**-वि.। **पधारिऊन्**-इ.। **पधारेला**-स.। (अ.क्रि.-तल्लो-घर साहिंलो हिलोमा पधारियो ।)

पध्याउनु-क्रि.मू.। **पध्याउ**-आ.धा.। स.क्रि.; तरल पदार्थमा पीठो आदि राखी बाक्लो लेदो बनाउनु, पानीको भाँडोमा पीठो वा नून आदि राखी पनिउले चलाएर मिलाउनु । **पध्याइ** (पध्याउ+आइ)-भा.ना.। **पध्याइनु**-पध्याउनुको क.क्रि.। **पध्याइ**-क.धा.। **पध्याई, पध्याएर, पध्याउन, पध्याउँदै, पध्याउन्जेल, पध्याउँदाखेरि**-कृ.अ.।

पध्याउनू-वि.। **पध्याऊन्**-इ.। **पध्याउला**-स.। (अ.क्रि.- बहिनीले दूधमा चिनी पध्याइन् ।)

पन्छनु-क्रि.मू.। **पन्छ**-आ.धा.। अ.क्रि.; मन नपरेको काम - कुराबाट पर हट्नु, अलग हुनु, खाली हुनु, रजस्वला हुनु, नछुने हुनु । **पन्छाइ** (पन्छ+आइ)-भा.ना.। **पन्छाउनु**-प्रे.क्रि./स.क्रि.; पर सार्नु, हटाउनु, मन्साउनु । **पन्छाउ**-प्रे.धा.। **पन्छाइ** (पन्छाउ+आइ)-भा.ना.। **पन्छाइनु**-पन्छाउनुको क.क्रि.। **पन्छाइ**-भा.प्रे.धा.। **पन्छिनु**-पन्छनुको भा.क्रि.। **पन्छि**-भा.धा.। **पन्छी, पन्छेर, पन्छन, पन्छँदै, पन्छुन्जेल, पन्छँदाखेरि**-कृ.अ.। **पन्छनू**-वि.। **पन्छून्**-इ । **पन्छला**-स.। (अ.क्रि.- जात्राको भीड बिस्तारै तितर-बितर भएर पन्छ्यो ।)

पन्छिनु-क्रि.मू.। **पन्छि**-आ.धा.। अ.क्रि.; हे. पन्छनु । **पन्छ्याइ** (पन्छि+आइ)-भा.ना.। **पन्छ्याउनु**-प्रे.क्रि./स.क्रि.; पन्छिन लाउनु, पन्छिने पार्नु । **पन्छ्याउ**-प्रे.धा.। **पन्छ्याइनु**-पन्छ्याउनुको क.क्रि.। **पन्छ्याइ**-भा.प्रे.धा.। **पन्छिइनु**-पन्छिनुको भा.क्रि.। **पन्छिइ**-भा.धा.। **पन्छिई, पन्छिएर, पन्छिन, पन्छिँदै, पन्छिउन्जेल, पन्छिंदाखेरि**-कृ.अ.। **पन्छिनू**-वि.। **पन्छिऊन्**-इ.। **पन्छेला**-स.। (अ.क्रि.- मालमत्ता हटाएपछि कोठा पन्छियो ।)

पन्याउनु-क्रि.मू.। **पन्याउ**-आ.धा.। स.क्रि.; सिंचाइ गर्नु, खेतमा पानी लगाउनु, पानीको भाँडोमा पीठो आदि राखी पनिउले चलाएर मिलाउनु । **पन्याइ** (पन्याउ+आइ)-भा.ना.। **पन्याइनु**-पन्याउनुको क.क्रि.। **पन्याइ**-क.धा.। **पन्याई, पन्याएर, पन्याउन, पन्याउँदै, पन्याउन्जेल, पन्याउँदाखेरि**-कृ.अ.। **पन्याउनू**-वि.। **पन्याऊन्**-इ.। **पन्याउला**-स.। (स.क्रि.-वैदार बूढोले दूधमा सातु पन्यायो ।)

पन्सनु-क्रि.मू.। **पन्स**-आ.धा.। अ.क्रि.; मन्सनु । स.क्रि.; पर सार्नु, हटाउनु । **पन्साइ** (पन्स+आइ), (पन्साउ+आइ)-भा.ना.। **पन्साउनु**-प्रे.क्रि./स.क्रि.; देवता तथा भूतप्रेत आदिका लागि केही चीज पर सार्नु, पन्साउनु, पर सार्नु, हटाउनु, पन्छाउनु, छुट्ट्याउनु । **पन्साउ**-प्रे.धा.। **पन्साइनु**-पन्साउनुको क.क्रि.। **पन्साइ**-भा.प्रे.धा./क.प्रे.धा.। **पन्सिनु**-पन्सनुको भा.क्रि./क.क्रि.। **पन्सि**-भा.धा./क.धा.। **पन्सी, पन्सेर, पन्सन, पन्सँदै, पन्सुन्जेल, पन्सँदाखेरि**-कृ.अ.। **पन्सनू**-वि.। **पन्सून्**-इ.। **पन्सला**-स.। (अ.क्रि. - पहेंला अक्षता दिएपछि भूत पन्स्यो । स.क्रि. - बूढो धामीले पहेंलो-घामको दो-साँध मिलाएर भूत-प्रेतलाई पहेंलो-अक्षता पन्स्यो ।)

पन्साउनु-क्रि.मू.। **पन्साउ**-आ.धा.। स.क्रि.; देवता, भूतप्रेत आदिका लागि केही चीज पर सार्नु, मन्साउनु पर सार्नु, हटाउनु, पन्छाउनु, छुट्ट्याउनु । **पन्साइ** (पन्साउ+आइ)-भा.ना.। **पन्साइनु**-मन्साउनुको क.क्रि.। **पन्साइ**-क.धा.। **पन्साई, पन्साएर, पन्साउन, पन्साउँदै, पन्साउन्जेल, पन्साउँदाखेरि**-कृ.अ.। **पन्साउनू**-वि.। **पन्साऊन्**-इ.। **पन्साउला**-स.। (स.क्रि.-लम्साल धामीले पिचास पन्सायो ।)

पन्सिनु-कि.मू.। **पन्सि**-आ.धा.। अ.क्रि.; अलग्ग बस्नु, छुट्टिनु, पर सर्नु, हट्नु, टरेर जानु, पन्छिनु, पन्साउने काम हुनु । **पन्स्याइ** (पन्सि+आइ)-भा.ना.। **पन्स्याउनु**-प्रे.क्रि./स.क्रि.; पन्सिन लगाउनु, पन्सिने पार्नु । **पन्स्याउ**-प्रे.धा.। **पन्स्याइनु**-पन्स्याउनुको क.क्रि.। **पन्स्याइ**-भा.प्रे.धा.। **पन्सिइनु**-पन्सिनुको भा.क्रि.। **पन्सिइ**-भा.धा.। **पन्सिई, पन्सिएर, पन्सिन, पन्सिँदै, पन्सिउन्जेल, पन्सिंदाखेरि**-कृ.अ.। **पन्सिनू**-वि.। **पन्सिऊन्**-इ.। **पन्सेला**-स.। (अ.क्रि.-कलाधरका सातै भाइ छोराहरू आज पन्सिए ।)

परगेल्नु-क्रि.मू.। **परगेल्**-आ.धा.। स.क्रि.; छुट्ट्याउनु, छान्नु, केलाउनु, नाउँ किटेर भन्नु, नाउँ तोक्नु । **परगेलाइ** (परगेल्+आइ)-भा.ना.। **परगेलाउनु**-प्रे.क्रि./स.क्रि.; परगेल्न लाउनु । **परगेलाउ**-प्रे.धा.। **परगेलाइनु**-परगेलाउनुको क.क्रि.। **परगेलाइ**-क.प्रे.धा.। **परगेलिनु**-परगेल्नुको क.क्रि.। **परगेलि**-क.धा.। **परगेली, परगेलेर, परगेल्न, परगेल्दै, परगेलुन्जेल, परगेल्दाखेरि**-कृ.अ.। **परगेल्नू**-वि.। **परगेलून्**-इ.। **परगेल्ला**-स.। (स.क्रि.-न्यायाधीशले विवेकपूर्वक न्याय-अन्याय परगेल्यो ।)

परपराउनु-क्रि.मू.। **परपराउ**-आ.धा.। स.क्रि.; बटार्नु, परपरती भुट्नु । अ.क्रि.; परपरको अनुभव हुनु, टिम्बुर आदि खाँदा जिभ्रामा हलुको किसिमले रमरमी लाग्नु । **परपराइ** (परपराउ+आइ)-भा.ना.। **परपराइनु**-परपराउनुको क.क्रि./भा.क्रि.। **परपराइ**-क.धा./भा.धा.। **परपराई, परपराएर, परपराउन, परपराउँदै, परपपराउन्जेल, परपराउँदाखेरि**-कृ.अ.। **परपराउनू**-वि.। **परपराऊन्**-इ.। **परपराउला**-स.। (स.क्रि.-भान्सेले घिउ-तेलमा तरकारी परपरायो । अ.क्रि.-सिलटिमुर खाँदा मेरो जिब्रो परपरायो ।)

परपरिनु-क्रि.मू.। **परपरि**-आ.धा.। अ.क्रि.; परपऱ्याउनु, परपर हुनु, टाढिनु, विभिन्डिनु, बाउँठिनु, निमोठिनु । **परपऱ्याइ** (परपरि+आइ)-भा.ना.। **परपरिइनु**-परपरिनुको

भा.क्रि.। **परपरिइ**- भा.धा.। **परपरिई**, **परपरिएर**, **परपरिन**, **परपरिँदै**, **परपरिउन्जेल**, **परिपरिंदाखेरि**-कृ.अ.। **परपरिनू**-वि.। **परपरिऊन्**-इ.। **परपरेला**-स.। (अ.क्रि.-सम्झाउँदा-सम्झाउँदै पनि विद्यार्थीहरू परपरिए ।)

परपऱ्याउनु-क्रि.मू.। **परपऱ्याउ**-आ.धा.। अ.क्रि.; हे. परपराउनु । स.क्रि.; हे. परपराउनु । **परपऱ्याइ** (परपऱ्याउ+आइ)-भा.ना.। **परपऱ्याइनु** -परपऱ्याउनुको भा.क्रि./क.क्रि.। **परपऱ्याइ**-भा.धा./क.धा.। **परपऱ्याई**, **परपऱ्याएर**, **परपऱ्याउन**, **परपऱ्याउँदै**, **परपऱ्याउन्जेल**, **परपऱ्याउँदाखेरि**-कृ.अ.। **परपऱ्याउनू**- वि.। **परपऱ्याऊन्**-इ.। **परपऱ्याउला**-स.। (अ.क्रि.-बासी मही खाँदा मुखै परपऱ्यायो । स.क्रि.-आमाले आगोमा तेल तताएर मासु परपऱ्याइन् ।)

पर्नु-क्रि.मू.। **पर्**-आ.धा.। अ.क्रि.; आवश्यक हुनु, झर्नु, खस्नु, मिल्नु, लाग्नु । **पराइ** (पर्+आइ)-भा.ना.। **पराउनु**-प्रे.क्रि./स.क्रि.; पर्न लाउनु, पर्ने पार्नु । **पराउ**-प्रे.धा.। **पराइनु**-पराउनुको क.क्रि.। **पराइ**-भा.प्रे.धा.। **परिनु**-पर्नुको भा.क्रि.। **परि**-भा.धा.। **परी**, **परेर**, **पर्न**, **पर्दै**, **परुन्जेल**, **पर्दाखेरि**-कृ.अ.। **पर्नू**-वि.। **परून्**-इ.। **पर्ला**-स.। (अ.क्रि.-दोस्रो शताब्दीको तेस्रो दशकदेखि रोमेली साहित्यमा खडेरी पऱ्यो ।)

पर्खनु-क्रि.मू.। **पर्ख** -आ.धा.। स.क्रि.; गर्न लागेको कुनै काम स्थगित गर्नु, प्रतीक्षा गर्नु, कसैको बाटो हेर्नु , दुक्नु, थाम्नु, पख्नु । **पर्खाइ** (पर्ख+आइ)-भा.ना.। **पर्खाउनु**-प्रे.क्रि./स.क्रि.; पर्खन लाउनु । **पर्खाउ**-प्रे.धा.। **पर्खाइनु**-पर्खाउनुको क.क्रि.। **पर्खाइ**-क.प्रे.धा.। **पर्खिनु**-पर्खनुको क.क्रि./स.क्रि.; गति अड्याइनु, पर्खनु । **पर्खि**-क.धा.। **पर्खी**, **पर्खेर**, **पर्खन**, **पर्खंदै**, **पर्खुन्जेल**, **पर्खंदाखेरि**-कृ.अ.। **पर्खनू** -वि.। **पर्खूनु**-इ.। **पर्खला**-स.। (स.क्रि.-मैले चौतारीमा बसेर साथीलाई पर्खें ।)

पर्खिनु-- क्रि.मू.। **पर्खि**-आ.धा.। स.क्रि.; पर्खनु । **पर्ख्याइ** (पर्खि+आइ)-भा.ना.। **पर्ख्याउनु**-प्रे.क्रि./स.क्रि.; पर्खाउनु। **पर्ख्याउ**-प्रे.धा.। **पर्ख्याइनु**-पर्ख्याउनुको क.क्रि.। **पर्ख्याइ** -क.प्रे.धा.। **पर्खिइ नु**-पर्खिनुको क.क्रि.। **पर्खिइ**-क.धा.। **पर्खिई**, **पर्खिएर**, **पर्खिन**, **पर्खिँदै**, **पर्खिउन्जेल**, **पर्खिँदाखेरि**-कृ.अ.। **पर्खिनू**-वि.। **पर्खिऊन्**-इ.। **पर्खेला**-स.। (स.क्रि. - श्यामले धेरै बेरसम्म साथीलाई पर्खियो ।)

पर्गेल्नु-क्रि.मू.। **पर्गेल्**-आ.धा.। स.क्रि.; परगेल्नु । **पर्गेलाइ** (पर्गेल्+आइ)-भा.ना.। **पर्गेलाउनु**-प्रे.क्रि./स.क्रि.; पर्गेल्न लाउनु । **पर्गेलाउ**-प्रे.धा.। **पर्गेलाइनु**-पर्गेलाउनुको क.क्रि.। **पर्गेलाइ**-क.प्रे.धा.। **पर्गेलिनु**- पर्गेल्नुको क.क्रि.। **पर्गेलि**-क.धा.। **पर्गेली**, **पर्गेलेर**, **पर्गेल्न**, **पर्गेल्दै**, **पर्गेलुन्जेल**, **पर्गेल्दाखेरि**-कृ.अ.। **पर्गेल्नू**-वि.। **पर्गेलून्** - इ.। **पर्गेल्ला** -स.। (स.क्रि.-त्यो व्यापारीले जात अनुसार सामानहरू पर्गेल्यो र पसलमा मिलायो ।)

पर्सनु-क्रि.मू.। **पर्स**-आ.धा.। अ.क्रि.; बली दिइने पशुले आफ्नो जीउमा छर्किएको पानी टकटक्याउनु, पर्सिनु । स.क्रि.; शुभ कार्यका अवसरमा आएका मानिस तथा वस्तुलाई फूल-अक्षता आदि छर्केर पूजा गर्नु, फूल-अक्षता आदि छर्केर स्वागत गर्नु । **पर्साइ** (पर्स+आइ)-भा.ना.। **पर्साउनु**-प्रे.क्रि./स.क्रि.; पर्सन लाउनु । **पर्साउ**-प्रे.धा.। **पर्साइनु**-पर्साउनुको क.क्रि.। **पर्साइ**-भा.प्रे.धा./क.प्रे.धा.। **पर्सिनु**- पर्सनुको भा.क्रि./क.क्रि.। **पर्सि**-भा.धा./क.धा.। **पर्सी**, **पर्सेर**, **पर्सन**, **पर्सदै**, **पर्सुन्जेल**, **पर्सदाखेरि**-कृ.अ.। **पर्सनू**-वि.। **पर्सून्**-इ.। **पर्सला** -स.। (अ.क्रि-बलीको बोको पर्स्यो । (स.क्रि.-घरबेटी जति सबैले जन्ती पर्से ।)

पर्सिनु-क्रि.मू.। **पर्सि**-आ.धा.। अ.क्रि./स.क्रि.; हे. पर्सनु । **पर्स्याइ** (पर्सि+आइ)-भा.ना.। **पर्सिइनु**-पर्सिनुको भा.क्रि./क.क्रि.। **पर्सिइ**-भा.धा./क.धा.। **पर्सिई**, **पर्सिएर**, **पर्सिन**, **पर्सिँदै**, **पर्सिउन्जेल**, **पर्सिंदाखेरि**-कृ.अ.। **पर्सिनू**-वि.। **पर्सिऊन्**-इ.। **पर्सेला**-स.। (अ.क्रि.-बलीको बोको छिटै पर्सियो । स.क्रि.-दुलहीका बाबुले मन, वचन, कर्मले दुलाहालाई पर्सिए ।)

पलाउनु-क्रि.मू.। **पलाउ**-आ.धा.। अ.क्रि.; बोट-बिरुवामा मुजुरा हाल्नु, टुसाउनु, घाउमा मासु भरिएर आउनु, उँभो लाग्नु, उन्नति हुनु । **पलाइ** (पलाउ+आइ)-भा.ना.। **पलाइनु**-पलाउनुको भा.क्रि.। **पलाइ**-भा.धा.। **पलाई**, **पलाएर**, **पलाउन**, **पलाउँदै**, **पलाउन्जेल**, **पलाउँदाखेरि**-कृ.अ.। **पलाउनू**-वि.। **पलाऊन्** -इ.। **पलाउला**-स.। (अ.क्रि.-बसन्त ऋतु लागेपछि बोट-बिरुवा पलाए ।)

पलापिनु-क्रि.मू.। **पलापि**-आ.धा.। अ.क्रि.; मिलेमतोमा नआउनु, पात्तिनु, मात्तिनु । **पलप्याइ** (पलापि+आइ) भा.ना.। **पलापिइनु**-पलापिनुको भा.क्रि.। **पलापिइ**-भा.धा.। **पलापिई**, **पलापिएर**, **पलापिन**, **पलापिँदै**, **पलापिउन्जेल**, **पलापिंदाखेरि**-कृ.अ.। **पलापिनू** -वि.। **पलापिऊन्** -इ.। **पलापेला**-स.। (अ.क्रि.-लामिडाँडा काइँलाको छोरो ज्यादै पलापियो ।)

पलौटिनु-क्रि.मू.। **पलौटि**-आ.धा.। अ.क्रि.; पलौटो

पारिनु, बँधुवा हुनु, पलौटो बन्नु, पालिनु । **पलौट्याइ** (पलौटि+आइ)-भा.ना.। **पलौटिइनु**-पलौटिनुको भा.क्रि.। **पलौटिइ**-भा.धा.। **पलौटिई, पलौटिएर, पलौटिन, पलौटिँदै, पलौटिउन्जेल, पलौटिंदाखेरि**-कृ.अ.। **पलौटिनू**-वि.। **पलौटिऊन्**-इ.। **पलौटेला**-स.। (अ.क्रि.-गौचरन मासेपछि बस्तुभाउ सबै पलौटिए ।)

पल्कनु-क्रि.मू.। **पल्क**- आ.धा.। अ.क्रि.; आसक्त हुनु, लहसिनु, बराबर लागि पर्नु, लोभिनु, फेरि-फेरि लाग्न इच्छुक हुनु । **पल्काइ** (पल्क+आइ)-भा.ना.। **पल्काउनु**-प्रे.क्रि./स.क्रि.; लोभ्याउनु, पल्कने पार्नु, पल्कनु लाउनु । **पल्काउ**-प्रे.धा.। **पल्काइनु**-पल्काउनुको क.क्रि.। **पल्काइ**-भा.प्रे.धा.। **पल्किनु**-पल्कनुको भा.क्रि.। **पल्कि**-भा.धा.। **पल्की, पल्केर, पल्कन, पल्कँदै, पल्कुन्जेल, पल्कँदाखेरि**-कृ.अ.। **पल्कनू**-वि.। **पल्कून्**-इ.। **पल्कला**-स.। (अ.क्रि.-झींगा गुलियोमा पल्क्यो ।)

पल्किनु-क्रि.मू.। **पल्कि**-आ.धा.। अ.क्रि.; हे. पल्कनु । **पल्क्याइ** (पल्कि+आइ)-भा.ना.। **पल्किइनु**-पल्किनुको भा.क्रि.। **पल्किइ**-भा.धा.। **पल्किई, पल्किएर, पल्किन, पल्किँदै, पल्किउन्जेल, पल्किंदाखेरि**-कृ.अ.। **पल्किनू**-वि.। **पल्किऊन्**-इ.। **पल्केला**-स.। (अ.क्रि.-हाकिम घुसमा पल्कियो ।)

पल्टनु-क्रि.मू.। **पल्ट**-आ.धा.। अ.क्रि.; सुत्नु, लेट्नु, लड्नु, ढल्नु, पल्टा खानु, कोल्टो फर्कनु । **पल्टाइ** (पल्ट+आइ)-भा.ना.। **पल्टाउनु**-प्रे.क्रि./स.क्रि.; सुताउनु, लेटाउनु, लडाउनु, गुडाउनु, ढाल्नु, कोल्टो फर्काउनु, पल्टा खुवाउनु । **पल्टाउ**-प्रे.धा.। **पल्टाइनु**-पल्टाउनुको क.क्रि.। **पल्टाइ**-भा.प्रे.धा.। **पल्टिनु**-पल्टनुको भा.क्रि.। **पल्टि**-भा.धा.। **पल्टी, पल्टेर, पल्टन, पल्टँदै, पल्टुन्जेल, पल्टँदाखेरि**-कृ.अ.। **पल्टनू**-वि.। **पल्टून्**-इ.। **पल्टला**-स.। (अ.क्रि.-म सातै बजे ओछ्यानमा पल्टें ।)

पल्टिनु-क्रि.मू.। **पल्टि**-आ.धा.। अ.क्रि.; हे. पल्टनु । **पल्ट्याइ** (पल्टि+आइ)-भा.ना.। **पल्टिइनु**-पल्टिनुको भा.क्रि.। **पल्टिइ**-भा.धा.। **पल्टिई, पल्टिएर, पल्टिन, पल्टिँदै, पल्टिउन्जेल, पल्टिंदाखेरि**-कृ.अ.। **पल्टिनू**-वि.। **पल्टिऊन्**-इ.। **पल्टेला**-स.। (अ.क्रि.-हिजोको हावा-हुरीमा पिपलको रूख पल्टियो ।)

पल्हाउनु-क्रि.मू.। **पल्हाउ**-आ.धा.। अ.क्रि.; हे. पलाउनु । **पल्हाइ** (पल्हाउ+आइ)-भा.ना.। **पल्हाइनु**-पल्हाउनुको भा.क्रि.। **पल्हाइ**-भा.धा.। **पल्हाई, पल्हाएर, पल्हाउन, पल्हाउँदै, पल्हाउन्जेल, पल्हाउँदाखेरि**-कृ.अ.। **पल्हाउनू**-वि.। **पल्हाऊन्**-इ.। **पल्हाउला**-स.। (अ.क्रि.-वसन्त ऋतु लागेपछि बोट-बिरुवामा मुजुरा पल्हाए ।)

पसाँगिनु-क्रि.मू.। **पसाँगि**-आ.धा.। अ.क्रि.; काठहरू सुकेर बाङ्गिनु, त्रिपट हुनु, पसाङ्ग्रिनु, टेढो हुनु, सुकेर साँघुरिनु । **पसँग्याइ** (पसाँगि+आइ)-भा.ना.। **पसाँगिइनु**-पसाँगिनुको भा.क्रि.। **पसाँगिइ** -भा.धा.। **पसाँगिई, पसाँगिएर, पसाँगिन, पसाँगिँदै, पसाँगिउन्जेल, पसाँगिंदाखेरि**-कृ.अ.। **पसाँगिनू**-वि.। **पसाँगिऊन्**-इ.। **पसाँगेला**-स.। (अ.क्रि.-गर्मी लागेपछि नयाँ घरको ढोका पसाँगियो ।)

पसाउनु-क्रि.मू.। **पसाउ**-आ.धा.। स.क्रि.; अन्नको बोटमा घोगा, बाला आदि निस्कनु, केराको घरी निस्कनु । स.क्रि.; भातबाट माड काढ्नु, छिराउनु, घुसार्नु, भित्र पठाउनु, सामेल गराउनु । **पसाइ** (पसाउ+आइ)-भा.ना.। **पसाइनु**-पसाउनुको भा.क्रि./क.क्रि.। **पसाइ**-भा.धा./क.धा.। **पसाई, पसाएर, पसाउन, पसाउँदै, पसाउन्जेल, पसाउँदाखेरि**-कृ.अ.। **पसाउनू**-वि.। **पसाऊन्**-इ.। **पसाउला**-स.। (अ.क्रि.-खेतमा धान राम्रोसित पसायो । स.क्रि.-दर्जीले सियोमा धागो पसायो ।)

पसाङिनु-क्रि.मू.। **पसाङि**-आ.धा.। अ.क्रि.; हे. पसाँगिनु । **पसङ्याइ** (पसाङि+आइ)-भा.ना.। **पसाङिइनु**-पसाङिनुको भा.क्रि.। **पसाङिइ**-भा.धा.। **पसाङिई, पसाङिएर, पसाङिन, पसाङिँदै, पसाङिउन्जेल, पसाङिंदाखेरि**-कृ.अ.। **पसाङिनू**-वि.। **पसाङिऊन्**-इ.। **पसाङेला**-स.। (अ.क्रि.नयाँ झ्यालको खापा पसाङियो ।)

पसाङ्गिनु-क्रि.मू.। **पसाङ्गि**-आ.धा.। अ.क्रि.; हे. पसाँगिनु । **पसङ्ग्याइ** (पसाङ्गि+आइ)-भा.ना.। **पसाङ्गिइनु**-पसाङ्गिनुको भा.क्रि.। **पसाङ्गिइ**-भा.धा.। **पसाङ्गिई, पसाङ्गिएर, पसाङ्गिन, पसाङ्गिँदै, पसाङ्गिउन्जेल, पसाङ्गिंदाखेरि**-कृ.अ.। **पसाङ्गिनू**-वि.। **पसाङ्गिऊन्**-इ.। **पसाङ्गेला**-स.। (अ.क्रि.-काँचो काठको फलेक पसाङ्गियो ।)

पसाङ्ग्रिनु-क्रि.मू.। **पसाङ्ग्रि**-आ.धा.। अ.क्रि.; पसाँगिनु, पसाङ्गिनु, घाउ-खटिराबाट पीप आदि निस्कन बन्द भई घाउ चाउरिनु, मसाङ्ग्रिनु, सेप्रो हुनु । **पसाङ्ग्र्याइ** (पसाङ्ग्रि+आइ)-भा.ना.। **पसाङ्ग्र्याउनु** -प्रे.क्रि./स.क्रि.; पसाङ्ग्रिन लाउनु । **पसाङ्ग्र्याउ**-प्रे.धा.। **पसाङ्ग्र्याइनु**-पसाङ्ग्र्याउनुको क.क्रि.। **पसाङ्ग्र्याइ**-भा.प्रे.धा.। **पसाङ्ग्रिइनु**-पसाङ्ग्रिनुको भा.क्रि.। **पसाङ्ग्रिइनु**-भा.धा.। **पसाङ्ग्रिई, पसाङ्ग्रिएर, पसाङ्ग्रिन, पसाङ्ग्रिँदै,**

पसाङ्ग्रिउन्जेल, पसाङ्ग्रिंदाखेरि-कृ.अ.। **पसाङ्ग्रिनू**-वि.। **पसाङ्ग्रिऊन्**-इ.। **पसाङ्ग्रेला**- स.। (अ.क्रि.-एक महिनापछि जीउका खटिरा बल्ल पसाङ्ग्रियो ।)

पसार्नु-क्रि.मू.। **पसार्** -आ.धा.। स.क्रि.; तेर्स्याउनु, फैलाउनु, सुताउनु, अघि बढाउनु । **पसराइ** (पसार्+आइ)-भा.ना.। **पसारिनु**-पसार्नुको क.क्रि.। **पसारि**-क.धा.। **पसारी, पसारेर, पसार्न, पसार्दै, पसारुन्जेल, पसार्दाखेरि**-कृ.अ.। **पसार्नू**-वि.। **पसारून्**-इ.। **पसार्ला**-स.। (स.क्रि.-त्यसले गोडा पसाऱ्यो ।)

पसारिनु-क्रि.मू.। **पसारि**-आ.धा.। अ.क्रि.; सुत्नु, लेट्नु, लमतन्न भई तेर्सिनु । **पसऱ्याइ** (पसारि+आइ)-भा.ना.। **पसारिइनु**-पसारिनुको भा.क्रि.। **पसारिइ**-भा.धा.। **पसारिई, पसारिएर, पसारिन, पसारिंदै, पसारिउन्जेल, पसारिंदाखेरि**-कृ.अ.। **पसारिनू**-वि.। **पसारिऊन्**-इ.। **पसारेला**-स.। (अ.क्रि.-हिजोको हुरी-बतासमा किनाराको रूख ढलेर शडकमा पसारियो ।)

पसाल्नु-क्रि.मू.। **पसाल्**-आ.धा.। स.क्रि.; पसाउनु, घुसाउनु, छिराउनु, कोच्नु, हुल्नु । **पसलाइ** (पसाल्+आइ)-भा.ना.। **पसालिनु**-पसाल्नुको क.क्रि.। **पसालि**-क.धा.। **पसाली, पसालेर, पसाल्न, पसाल्दै, पसालुन्जेल, पसाल्दाखेरि**-कृ.अ.। **पसाल्नू**-वि.। **पसालून्**-इ.। **पसाल्ला**-स.। (स.क्रि.-खाल्टे खेलाडीले खोपीमा ढ्याक पसाल्यो ।)

पस्नु-क्रि.मू.। **पस्**-आ.धा.। अ.क्रि.; छिर्नु, घुस्नु, प्रवेश गर्नु, भित्र जानु, सामेल हुनु, अल्झनु, फस्नु । **पसाइ** (पस्+आइ)-भा.ना.। **पसाउनु**-प्रे.क्रि./स.क्रि.; छिराउनु, घुसाउनु, प्रवेश गराउनु, भित्र पठाउनु, सामेल गराउनु, अल्झाउनु । **पसाउ**-प्रे.धा.। **पसाइनु**-पसाउनुको क.क्रि.। **पसाइ**-भा.प्रे.धा.। **पसिनु**-पस्नुको भा.क्रि.। **पसि**-भा.धा.। **पसी, पसेर, पस्न, पस्तै, पसुन्जेल, पस्दाखेरि**-कृ.अ.। **पस्नू**-वि.। **पसून्**-इ.। **पस्ला**-स.। (अ.क्रि. त्यो बौलाहा सरासर घरभित्र पस्यो ।)

पस्कनु-क्रि.मू.। **पस्क**-आ.धा.। स.क्रि.; पाकेको खानेकुरा खानको लागि थालादिमा हाल्नु । **पस्काइ** (पस्क+आइ)-भा.ना.। **पस्काउनु**- प्रे.क्रि./स.क्रि.; पस्कन लाउनु । **पस्काउ**-प्रे.धा.। **पस्काइनु**-पस्काउनुको क.क्रि.। **पस्काइ**-क.प्रे.धा.। **पस्किनु**- पस्कनुको क.क्रि.। **पस्कि**-क.धा.। **पस्की, पस्केर, पस्कन, पस्कँदै, पस्कुन्जेल, पस्कँदाखेरि**-कृ.अ.। **पस्कनू**-वि.। **पस्कून्**-इ.। **पस्कला**-स.। (स.क्रि.-भान्सेले भात पस्क्यो ।)

पस्किनु-क्रि.मू.। **पस्कि**-आ.धा.। स.क्रि.; पस्कनु । **पस्क्याइ** (पस्कि+आइ)-भा.ना.। **पस्किइनु** -पस्किनुको क.क्रि.। **पस्किइ**-क.धा.। **पस्किई, पस्किएर, पस्किन, पस्किंदै, पस्किउन्जेल, पस्किंदाखेरि**-कृ.अ.। **पस्किनू**-वि.। **पस्किऊन्**-इ.। **पस्केला**-स.। (स.क्रि.-आमाले थालमा भात पस्किन् ।)

पस्रनु-क्रि.मू.। **पस्र**-आ.धा.। अ.क्रि.; शरण पर्नु, पाउ पर्नु, पसारिनु, लम्पसार पर्नु, सुत्नु । **पस्राइ** (पस्र+आइ)-भा.ना.। **पस्राउनु**-प्रे.क्रि./स.क्रि., पस्रन लाउनु । **पस्राउ**-प्रे.धा.। **पस्राइनु**-पस्राउनुको कं.क्रि.। **पस्राइ** भा.प्रे.धा.। **पस्रिनु**-पस्रनुको भा.क्रि.। **पस्रि**-भा.धा.। **पस्री, पस्रेर, पस्रन, पस्रँदै, पस्रुन्जेल, पस्रँदाखेरि**-कृ.अ.। **पस्रनू**-वि.। **पस्रून्**-इ.। **पस्रला**-स.। (अ.क्रि.-रोगी डाक्टरको शरणमा पस्ऱ्यो ।)

पस्रिनु-क्रि.मू.। **पस्रि**-आ.धा.। अ.क्रि.; हे. पस्रनु । **पस्र्याइ** (पस्रि+आइ)-भा.ना.। **पस्रिइनु**-पस्रिनुको भा.क्रि.। **पस्रिइ**-भा.धा.। **पस्रिई, पस्रिएर, पस्रिन, पसिंदै, पस्रिउन्जेल, पस्रिंदाखेरि**-कृ.अ.। **पस्रिनू**-वि.। **पस्रिऊन्**-इ.। **पस्रेला**-स.। (अ.क्रि.-सुधामा श्रीकृष्णको पाउमा पस्रियो ।)

पहिचान्नु-क्रि.मू.। - **पहिचान्**-आ.धा.। स.क्रि.; चिन्नु पहिचान गर्नु, ताड्नु, पारख गर्नु । **पहिचनाइ** (पहिच्चान्+आइ), **पहिचान** (पहिचान्+अ) - भा.ना.। **पहिचानिनु**-पहिचान्नुको क.क्रि.। **पहिचानि**-क.धा.। **पहिचानी, पहिचानेर, पहिचान्न, पहिचान्दै, पहिचानुन्जेल, पहिचान्दाखेरि**-कृ.अ । **पहिचान्नू**-वि.। **पहिचानून्** -इ.। **पहिचान्ला**-स.। (स.क्रि.-फणिन्द्रको फट्याइँ कालो धन्दा गर्नेलाई बचाउनु हो ।)

पहिरनु-क्रि.मू.। **पहिर**-आ.धा.। स.क्रि.; पहिरिनु । **पहिराइ** (पहिर+आइ)-भा.ना.। **पहिराउनु**-प्रे.क्रि./स.क्रि.; पहिरन लाउनु । **पहिराउ**-प्रे.धा.। **पहिराइनु**-पहिराउनुको क.क्रि.। **पहिराइ**-क.प्रे.धा.। **पहिरिनु**-पहिरनुको क.क्रि.। **पहिरि**-क.धा.। **पहिरी, पहिरेर, पहिरन, पहिरँदै, पहिरुन्जेल, पहिरँदाखेरि**-कृ.अ.। **पहिरनू**-वि.। **पहिरून्**-इ.। **पहिरला**-स.। (स.क्रि. - मैले उन्नाइसौं दीक्षान्त समारोहमा नेपाली पोशाक पहिरें ।)

पहिरिनु-क्रि.मू.। **पहिरि**-आ.धा.। स.क्रि.; पैन्हनु, शरीरमा लुगा, गहना आदि लगाउनु, वस्तु वा आभूषण धारण गर्नु, भिर्नु । **पहिऱ्याइ** (पहिरि+आइ)-भा.ना.। **पहिऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; पहिरन लाउनु । **पहिऱ्याउ**-प्रे.धा.। **पहिऱ्याइनु**-पहिऱ्याउनुको क.क्रि.। **पहिऱ्याइ** -क.प्रे.धा.।

पहिरिइनु-पहिरनुको क.क्रि.। **पहिरिइ**-क.धा.। **पहिरिई, पहिरिएर, पहिरिन, पहिरिँदै, पहिरिउन्जेल, पहिरिंदाखेरि**-कृ.अ.। **पहिरिनू**-वि.। **पहिरिऊन्**-इ.। **पहिरेला**-स.। (स.क्रि.-मलु गुरुङले शरीरमा गहना पहिरिई ।)

पहिलनु-क्रि.मू.। **पहिल**-आ.धा.। अ.क्रि.; फेला पर्नु । भेट्टिनु । **पहिलाइ** (पहिल+आइ)-भा.ना.। **पहिलाउनु**-प्रे.क्रि./स.क्रि.; फेला पार्नु, भेट्टाउनु । **पहिलाउ** -प्रे.धा.। **पहिलाइनु**-पहिलाउनुको क.क्रि.। **पहिलाइ**-भा.प्रे.धा.। **पहिलिनु**-पहिलनुको भा.क्रि.। **पहिलि**-भा.धा.। **पहिली, पहिलेर, पहिलन, पहिलँदै, पहिलुन्जेल, पहिलँदाखेरि**-कृ.अ.। **पहिलनू**-वि.। **पहिलून्**-इ.। **पहिलला**-स.। (अ.क्रि.-मेरो हराएको उपन्यास पहिल्यो/पहिलेन ।)

पहिलिनु-क्रि.मू.। **पहिलि**-आ.धा.। अ.क्रि.; भेटिनु, फेला पर्नु, चिनिनु । **पहिल्याइ** (पहिलि–आइ)-भा.ना.। **पहिल्याउनु**-प्रे.क्रि./स.क्रि.; भेट्टाउनु, फेला पार्नु, पहिचान्नु, चिन्नु । **पहिल्याउ**-प्रे.धा.। **पहिल्याइ** (पहिल्याउ+आइ)-भा.ना.। **पहिल्याइनु**-पहिल्याउनुको क.क्रि.। **पहिल्याइ**-भा.प्रे.धा.। **पहिलिइनु** -पहिलिनुको भा.क्रि.। **पहिलिइ**-भा.धा.। **पहिलिई, पहिलिएर, पहिलिन, पहिलिँदै पहिलिउन्जेल, पहिलिंदाखेरि**-कृ.अ.। **पहिलिनू**-वि.। **पहिलिऊन्**-इ.। **पहिलेला**-स.। अ.क्रि.-मेरो हराएको पुस्तक बल्ल पहिलियो ।)

पहुँचनु-क्रि.मू.। **पहुँच**-आ.धा.। अ.क्रि.; खडा हुनु, दाखिल हुनु, नियत स्थानमा पुग्नु, प्रवेश हुनु । **पहुँचाइ** (पहुँच+आइ), (पहुँचाउ+आइ)-भा.ना.। **पहुँचाउनु**-प्रे.क्रि. /स.क्रि., पुऱ्याउनु, पुग्ने गराउनु । **पहुँचाउ**-प्रे.धा.। **पहुँचाइनु**-पहुँचाउनुको क.क्रि.। **पहुँचाइ**-भा.प्रे.धा.। **पहुँचिनु**-पहुँचनुको भा.क्रि./अ.क्रि.; पुगिनु, पहुंचनु । **पहुँचि**-भा.धा.। **पहुँच्याइ** (पहुँचि+आइ)-भा.ना.। **पहुँची, पहुँचेर, पहुँचन, पहुँचँदै, पहुँचुन्जेल, पहुँचँदाखेरि**-कृ.अ.। **पहुँचनू**-वि.। **पहुँचून्**-इ.। **पहुँचला**-स.। (अ.क्रि.-रामचन्द्र गुरु वशिष्ठकासाथ जनकपुर पहुँचे ।)

पहेँलिनु-क्रि.मू.। **पहेँलि**-आ.धा.। अ.क्रि.; पीत रङ्गको हुनु, पहेँलो हुनु । **पहेँल्याइ** (पहेँलि+आइ)-भा.ना.। **पहेँल्याउनु**-प्रे.क्रि./स.क्रि.; पहेँलिने पार्नु । **पहेँल्याउ**-प्रे.धा.। **पहेँल्याइ** (पहेँल्याउ+आइ)-भा.ना.। **पहेँल्याइनु**-पहेँल्याउनुको क.क्रि.। **पहेँल्याइ**-भा.प्रे.धा.। **पहेँलिइनु**-पहेँलिनुको भा.क्रि.। **पहेँलिइ**-भा.धा.। **पहेँलिई, पहेँलिएर, पहेँलिन, पहेँलिँदै, पहेँलिउन्जेल, पहेँलिंदाखेरि**-कृ.अ.। **पहेँलिनू**-वि.। **पहेँलिऊन्**-इ.। **पहेँलेला**-स.। अ.क्रि.-बुधसिङ्केको निहिन-फाँटमा धान पहेँलियो ।)

पाँज्नु-क्रि.मू.। **पाँज्** -आ.धा.। स.क्रि.; निहिन लगाउनु, धान आदि अन्नका पाँजाहरू फिँजाउनु, फैलाउनु । **पँजाइ** (पाँज्+आइ)-भा.ना.। **पँजाउनु**-प्रे.क्रि./स.क्रि.; पाँज्न लाउनु । **पँजाउ**- प्रे.धा.। **पँजाइनु**- पँजाउनुको क.क्रि.। **पँजाइ**-क.प्रे.धा.। **पाँजिनु**-पाँज्नुको क.क्रि.। **पाँजि**-क.धा.। **पाँजी, पाँजेर, पाँज्न, पाँज्दै, पाँजुन्जेल, पाँज्दाखेरि**-कृ.अ.। **पाँज्नू**-वि.। **पाँजून्**-इ.। **पाँज्ला**-स.। (स.क्रि. तिनीहरूले खेतमा धान काटेर पाँजे ।)

पाँजिनु-क्रि.मू.। **पाँजि**-आ.धा.। अ.क्रि.; पाँजामा फिँजिनु, फैलिनु । **पँज्याइ** (पाँजि+आइ)-भा.ना.। **पँज्याउनु** -प्रे.क्रि./स.क्रि.; पाँजा बनाउन लगाउनु, पाँजा बनाउनु, पाँजिने पार्नु । **पँज्याउ**-प्रे.धा.। **पँज्याइनु**-पँज्याउनुको क.क्रि.। **पँज्याइ**-क.प्रे.धा.। **पाँजिइनु**-पाँजिनुको क.क्रि । **पाँजिइ**-क.धा.। **पाँजिई, पाँजिएर, पाँजिन, पाँजिँदै, पाँजिउन्जेल, पाँजिंदाखेरि**-कृ.अ.। **पाँजिनू**- वि.। **पाँजिऊन्**-इ.। **पाँजेला**-स.। (अ.क्रि.- आकाशभरि बादल पाँजियो ।)

पाँद्नु-क्रि.मू.। **पाँद्**-आ.धा.। स.क्रि.; हे. पाँज्नु । **पँदाइ** (पाँद्+आइ)-भा.ना.। **पँदाउनु**-प्रे.क्रि./स.क्रि.; पँजाउनु । **पँदाउ** - प्रे.धा.। **पँदाइनु**- पँदाउनुको क.क्रि.। **पँदाइ**-क.प्रे.धा.। **पाँदिनु**-पाँद्नुको क.क्रि.। **पाँदि** -क.धा.। **पाँदी, पाँदिर, पाँद्न, पाँद्दै, पाँदुन्जेल, पाँद्दाखेरि**-कृ.अ.। **पाँद्नू**-वि.। **पाँदून्**-इ.। **पाँद्ला**-स.। (स.क्रि.-खेतालोले बारीका गरामा मल पाँद्यो ।)

पाउनु-क्रि.मू.। **पाउ**-आ.धा.। स.क्रि.; फेला पार्नु, भेट्टाउनु, प्राप्त हुनु, दुःख-सुखको अनुभव गर्नु, जन्माउनु, पैदा गर्नु । **पाइ** (पाउ+आइ)-भा.ना.। **पाइनु**-पाउनुको क.क्रि.। **पाइ** -क.धा.। **पाई, पाएर, पाउन, पाउँदै, पाउन्जेल, पाउँदाखेरि**-कृ.अ.। **पाउनू**-वि.। **पाऊन्**-इ.। **पाउला**-स.। (स.क्रि.-यो महिनादेखि तिनीहरूले बेसी तलब पाए ।)

पाउलाग्नु-क्रि.मू.। **पाउलाग्**-आ.धा.। स.क्रि.; ढोगभेट गर्नु । अ.क्रि.; पदार्पण हुनु, आउनु वा जानु (शिष्टार्थमा) पाल्नु हुनु, पाल्नु । **पाउलगाइ** (पाउलाग्+आइ)-भा.ना.। **पाउलगाउनु**-प्रे.क्रि./स.क्रि.; पाउलाग्ने पार्नु, ढोगाउनु, ढोग्नु, पदार्पण गराउनु । **पाउलगाउ**-प्रे.धा.। **पाउलगाइनु**-पाउलगाउनुको क.क्रि.। **पाउलगाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **पाउलागिनु**-पाउलाग्नुको क.क्रि./भा.क्रि.। **पाउलागि** -क.धा./भा.धा.। **पाउलागी,**

पाउलागेर, पाउलाग्न, पाउलाग्दै, पाउलागुन्जेल, पाउलाग्दाखेरि-कृ.अ.। **पाउलाग्नू**-वि.। **पाउलागून्**-इ.। **पाउलाग्ला**-स.। (स.क्रि.-मैले गुरुलाई पाउलागें । अ.क्रि.-शिष्य गुरुको घरतिर पाउलाग्यो ।)

पाक्नु-क्रि.मू.। **पाक्**-आ.धा.। अ.क्रि.; परिपक्व हुनु, पाक पुग्नु, घाउ-खटिरामा पीप भरिनु, फलहरू पाकेको हुनु, तलब, ज्याला आदि पाउने हुनु, पिरिनु, चित्त दुख्नु, केश फुल्नु । **पकाइ** (पाक्+आइ)-भा.ना.। **पकाउनु**-प्रे.क्रि./स.क्रि.; पाक्न लाउनु, पाक्ने पार्नु, खानेकुरा गलाउनु, परिपक्व पार्नु, खानयोग्य पार्नु, उपचारद्वारा घाउ-खटिरामा पीप भरिने पार्नु, ज्याला, तलब पाउने तुल्याउनु । **पकाउ**-प्रे.धा.। **पकाइनु**-पकाउनुको क.क्रि.। **पकाइ**-भा.प्रे.धा.। **पाकिनु**-पाक्नुको भा.क्रि.। **पाकि**-भा.धा.। **पाकी, पाकेर, पाक्न, पाक्तै, पाकुन्जेल, पाक्दाखेरि**-कृ.अ.। **पाक्नू**-वि.। **पाकून्**-इ.। **पाक्ला**-स.। (अ.क्रि.-चोरकाटे-टाहारको बगैंचामा आँप पाक्यो ।)

पाछ्नु-क्रि.मू.। **पाछ्**-आ.धा.। स.क्रि.; मकै, उखु, बाँस आदिका पातले छाला खोस्याउनु, दर्फ्याउनु, छाला कोर्नु । **पछाइ** (पाछ्+आइ)-भा.ना.। **पछाउनु**-प्रे.क्रि./स.क्रि.; पाछ्न लाउनु, खोपाउनु, माईको टीका दिन लगाउनु । **पछाउ**-प्रे.धा.। **पछाइनु**-पछाउनुको क.क्रि.। **पछाइ**-क.प्रे.धा.। **पाछिनु**-पाछ्नुको क.क्रि.। **पाछि**-क.धा.। **पाछी, पाछेर, पाछ्न, पाछ्दै, पाछुन्जेल, पाछ्दाखेरि**-कृ.अ.। **पाछ्नू**-वि.। **पाछून्**-इ.। **पाछ्ला**-स.। (स.क्रि.-भदौको धानले खेतलाहरूको हात पाछ्यो ।)

पाट्नु-क्रि.मू.। **पाट्**-आ.धा.। स.क्रि.; सम्झनु, समझमा राख्नु, हेक्का हुनु । अ.क्रि.; पानीले सबै जमीन भिज्नु, पानीले ढाक्नु, कुनै वस्तु जुनसुकै बजारमा पनि लदाबदी पाइनु । **पटाइ** (पाट्+आइ)-भा.ना.। **पटाउनु**-प्रे.क्रि./स.क्रि.; पाट्ने पार्नु ,पाट्ने पार्न लगाउनु । **पटाउ**-प्रे.धा.। **पटाइनु**-पटाउनुको क.क्रि.। **पटाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **पाटिनु** -पाट्नुको क.क्रि./भा.क्रि.। **पाटि**-क.धा./भा.धा.। **पाटी, पाटेर, पाट्न, पाट्तै, पाटुन्जेल, पाट्दाखेरि**-कृ.अ.। **पाट्नू**-वि.। **पाटून्**-इ.। **पाट्ला**-स.। (स.क्रि.-लाहुरेले आफ्नो घरलाई पाट्यो । (अ.क्रि.-तीन दिनसम्म पानी परेपछि निबेल-खेत बल्ल पाट्यो ।)

पातलिनु-क्रि.मू.। **पातलि**- आ.धा.। अ.क्रि.; पातलो हुनु, पन्यालो हुनु, घुइँचो कम हुनु, भीड हट्नु । **पातल्याइ** (पातलि+आइ)-भा.ना.। **पातल्याउनु**-प्रे.क्रि./स.क्रि.; पातलिने पार्नु, पातलो तुल्याउनु । **पातल्याउ**-प्रे.धा.। **पातल्याइनु**-पातल्याउनुको क.क्रि.। **पातल्याइ**-भा.प्रे.धा.। **पातलिइनु**-पातलिनुको भा.क्रि.। **पातलिइ**-भा.धा.। **पातलिई, पातलिएर, पातलिन, पातलिँदै, पातलिउन्जेल, पातलिंदाखेरि**-कृ.अ.। **पातलिनू**-वि.। **पातलिऊन्**-इ.। **पातलेला**-स.। (अ.क्रि.-आजकाल जङ्गलमा रूखहरू पातलिए ।)

पातालिनु-क्रि.मू.। **पातालि**-आ.धा.। अ.क्रि.; भासिनु, भत्किनु, तलतिर झर्नु । **पातल्याइ** (पातालि+आइ)-भा.ना.। **पातालिइनु** -पातालिनुको भा.क्रि.। **पातालिइ** -भा.धा.। **पातालिई, पातालिएर, पातालिन, पातालिँदै, पातालिउन्जेल, पातालिंदाखेरि**-कृ.अ.। **पातालिनू**-वि.। **पातालिऊन्**-इ.। **पातालेला**-स.। (अ.क्रि.-भूकम्प चल्दा पृथ्वीका धेरै भागहरू पातालिए ।)

पात्तिनु-क्रि.मू.। **पात्ति** -आ.धा.। अ.क्रि.; फुरफुरिनु, निर्लज्ज हुनु, छिहिलिनु, इत्तरिनु, मात्तिनु । **पत्त्याइ** (पात्ति+आइ)-भा.ना.। **पात्तिइनु**- पात्तिनुको भा.क्रि.। **पात्तिइ**-भा.धा.। **पात्तिई, पात्तिएर, पात्तिन, पात्तिँदै, पात्तिउन्जेल, पात्तिंदाखेरि**-कृ.अ.। **पात्तिनू**-वि.। **पात्तिऊन्**-इ.। **पात्तेला**-स.। (अ.क्रि.-घैंया गोड्ने खेतलाहरू दिनभरि पात्तिए ।)

पाद्नु-क्रि.मू.। **पाद्**-आ.धा.। स.क्रि.; गुदद्वारबाट दुर्गन्धमय हावा फाल्नु, अपानवायु छोड्नु । **पदाइ** (पाद्+आइ)-भा.ना.। **पदाउनु** -प्रे.क्रि./स.क्रि.; पाद्न लाउनु, पाद्ने पार्नु, कष्ट दिनु, मुस्किल पार्नु, डन्डीबियो खेलका विजयीहरूले हार्नेहरूलाई 'बजी' भन्दै दौडाउनु, खेद्नु । **पदाउ**-प्रे.धा.। **पदाइनु**-पदाउनुको क.क्रि.। **पदाइ**-क.प्रे.धा.। **पादिनु**-पाद्नुको क.क्रि.। **पादि**-क.धा.। **पादी, पादेर, पाद्न, पाद्दै, पादुन्जेल, पाद्दाखेरि**-कृ.अ.। **पाद्नू**-वि.। **पादून्**-इ.। **पाद्ला**-स.। (स.क्रि.-वीरबलले सभामा पाद्यो ।)

पाप्रिनु-क्रि.मू.। **पाप्रि**-आ.धा.। अ.क्रि.; छाला वा बोक्रो उप्कनु, भित्ता आदिमा लगाइएको लिउन उक्सेर छुट्टिनु । **पप्र्याइ** (पाप्रि+आइ)-भा.ना.। **पप्र्याउनु**- प्रे.क्रि./स.क्रि.; पाप्रिन लाउनु, पाप्रिने पार्नु, पाप्रा उप्काउनु, छाला बोक्रा लोत्क्याउनु । **पप्र्याउ**-प्रे.धा.। **पप्र्याइनु**-पप्र्याउनुको क.क्रि.। **पप्र्याइ**-भा.प्रे.धा.। **पाप्रिइनु**-पाप्रिनुको भा.क्रि.। **पाप्रिइ**-भा.धा.। **पाप्रिई, पाप्रिएर, पाप्रिन, पाप्रिँदै, पाप्रिउन्जेल, पाप्रिंदाखेरि**-कृ.अ.। **पाप्रिनू**-वि.। **पाप्रिऊन्**-इ.। **पाप्रेला**-स.। (अ.क्रि.-भित्तोको चिसो लिउन सुकेपछि पाप्रियो ।)

पार्नु-क्रि.मू.। **पार्**-आ.धा.। स.क्रि.; पर्ने गराउनु, तयार

गर्नु, बनाउनु, लगाउनु, सल्काउनु, तुल्याउनु, हाल्नु, झार्नु, दिलाउनु, सेवन गराउनु; फुल, बच्चा आदि पैदा गर्नु । **पराइ** (पार्+आइ)-भा.ना.। **पराउनु** -प्रे.क्रि./स.क्रि.; पार्न लाउनु, पार्ने पार्नु । **पराउ**-प्रे.धा.। **पराइनु**-पराउनुको क.क्रि.। **पराइ**-क.प्रे.धा.। **पारिनु**-पार्नुको क.क्रि.। **पारि**-क.धा.। **पारी, पारेर पार्न, पार्दै, पारुन्जेल, पार्दाखेरि**-कृ.अ.। **पार्नू**-वि.। **पारून्**-इ.। **पार्ला**-स.। (स.क्रि.-विशाल मनास्लु श्रृङ्खलाले विदेशी पर्यटकहरूलाई सान्है अभिभूत पाऱ्यो ।)

पाल्नु-क्रि.मू.। **पाल्**-आ.धा.। स.क्रि.; खान लाउन दिई कसैलाई आफ्नो घरमा राख्नु, पालन-पोषण गर्नु, पालना गर्नु, मान्नु, सहयार-सुसार गर्नु, बढ्न दिनु । अ.क्रि.; 'पाल्नु हुनु' 'जस्तो हुनु' सहायक क्रियाकासाथ मुख्य क्रियाका रूपमा रही 'आउनु,' 'जानु' अर्थ दिने आदर सूचक क्रिया । **पलाइ** (पाल्+आइ)-भा.ना.। **पलाउनु**-प्रे.क्रि./स.क्रि.; पाल्न लाउनु । **पलाउ**-प्रे.धा.। **पलाइनु**-पलाउनुको क.क्रि.। **पलाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **पालिनु**-पाल्नुको क.क्रि./भा.क्रि.। **पालि**-क.धा./भा.धा.। **पाली, पाल्नेर, पाल्न, पाल्दै, पालुन्जेल, पाल्दाखेरि**-कृ.अ.। **पाल्नू**-वि.। **पालून्**-इ.। **पाल्ला**-स.। (स.क्रि.-श्री कृष्णले गाईहरू पाले । अ.क्रि.- मुखिया बा चाउरेको घरमा पाल्नु भयो ।)

पिंद्नु-क्रि.मू.। **पिंद्**-आ.धा.। स.क्रि.; मिल, घट्ट, जाँतो आदि साधनमा राखी अनाज धुलोपीठो पार्नु, मैदा तुल्याउनु, चूर्ण पार्नु, पिंध्नु, पिन्नु, पिस्नु, थिचोमिचो पार्नु, दमन गर्नु, हेप्नु । **पिंदाइ** (पिंद्+आइ)-भा.ना.। **पिंदाउनु**-प्रे.क्रि./स.क्रि.; पिंधाउनु । **पिँदाउ**-प्रे.धा.। **पिँदाइनु**-पिँदाउनुको क.क्रि.। **पिँदाइ**-क.प्रे.धा.। **पिंदिनु**-पिंद्नुको क.क्रि.। **पिंदि**-क.धा.। **पिंदी, पिंदिर, पिंद्न, पिंद्दै, पिंदुन्जेल, पिंद्दाखेरि**-कृ.अ.। **पिंद्नू**-वि.। **पिंदून्**-इ.। **पिंद्ला**-स.। (स.क्रि.-चित्र बहादुर गुरुङले काप्रेको घट्टमा गहुँ पिंद्यो ।)

पिंध्नु-क्रि.मू.। **पिंध्**-आ.धा.। स.क्रि.; हे. पिंद्नु । **पिंधाइ** (पिंध्+आइ)-भा.ना.। **पिंधुवा** (पिंध्+उवा)-विशे.। **पिंधाउनु**-प्रे.क्रि./स.क्रि.; पिंध्न लाउनु । **पिंधाउ**-प्रे.धा.। **पिंधाइनु**-पिंधाउनुको क.क्रि.। **पिंधाइ**-क.प्रे.धा.। **पिंधिनु**-पिंध्नुको क.क्रि.। **पिंधि**-क.धा.। **पिंधी, पिंधेर, पिंध्न, पिंध्दै, पिंधुन्जेल, पिंध्दाखेरि**-कृ.अ.। **पिंध्नू**-वि.। **पिंधून्**-इ.। **पिंध्ला**-स.। (स.क्रि.-उपल्लोघर काहिंलीआमाले जाँतोमा मकै पिंधिन् ।)

पिउनु-क्रि.मू.। **पिउ**-आ.धा.। स.क्रि.; दूध, पानी आदि तरल पदार्थ घुट्क्याउनु, पान गर्नु, मादक पदार्थ सेवन गर्नु । **पियाइ/पिलाइ** (पिउ+आइ/लाइ)-भा.ना.। **पियाउनु/पिलाउनु**-प्रे.क्रि./स.क्रि.; पिउन लाउनु, पिउने पार्नु । **पियाउ/पिलाउ**-प्रे.धा.। **पियाइ/पिलाइ** (पियाउ/पिलाउ+आइ)-भा.ना.। **पियाइनु/पिलाइनु**-पियाउनु/पिलाउनुको क.क्रि.। **पियाइ/पिलाइ**-क.प्रे.धा.। **पिइनु**-पिउनुको क.क्रि.। **पिइ**-क.धा.। **पिई, पिएर, पिउन, पिउँदै, पिउन्जेल, पिउँदाखेरि**-कृ.अ.। **पिउनू** -वि.। **पिऊन्**-इ.। **पिउला**-स.। (स.क्रि.-तिर्खाएको गाईले पानी सनसन पियो ।)

पिचपिचाउनु-क्रि.मू.। **पिचपिचाउ**-आ.धा.। स.क्रि.; पिचपिच थुकि रहनु । **पिचपिचाइ** (पिचपिचाउ+आइ)-भा.ना.। **पिचपिचाइनु**-पिचपिचाउनुको क.क्रि.। **पिचपिचाइ**-क.धा.। **पिचपिचाई, पिचपिचाएर, पिचपिचाउन, पिचपिचाउँदै, पिचपिचाउन्जेल, पिचपिचाउँदाखेरि**-कृ.अ.। **पिचपिचाउनू**-वि.। **पिचपिचाऊन्**-इ.। **पिचपिचाउला**-स.। (स.क्रि.-गैरीगाउँ कलकत्तेले पान चपाएर पिचपिचायो ।)

पिछड्नु-क्रि.मू.। **पिछड्**- आ.धा.। अ.क्रि.; पछि पर्नु, पछाडि पर्नु । **पिछडाइ**-(पिछड्+आइ)-भा.ना.। **पिछडाउनु**-प्रे.क्रि./स.क्रि.; पछि पार्न लाउनु, पछाडि पार्नु । **पिछडाउ**-प्रे.धा.। **पिछडाइनु**-पिछडाउनुको क.क्रि.। **पिछडाइ**-भा.प्रे.धा.। **पिछडिनु**-पिछड्नुको भा.क्रि.। **पिछडि**-भा.धा.। **पिछडी, पिछडेर, पिछड्न, पिछड्दै, पिछडुन्जेल, पिछड्दाखेरि**-कृ.अ.। **पिछड्नू**-वि.। **पिछडून्**-इ.। **पिछड्ला**-स.। (अ.क्रि.-हाम्रा गाउँ-घर ज्यादै पिछडे ।)

पिछडिनु-क्रि.मू.। **पिछडि**-आ.धा.। अ.क्रि.; हे. पिछड्नु । **पिछड्याइ** (पिछडि+आइ)-भा.ना.। **पिछड्याउनु**-प्रे.क्रि./स.क्रि.; पिछडाउनु । **पिछड्याउ**-प्रे.धा.। **पिछड्याइनु**-पिछड्याउनुको क.क्रि.। **पिछड्याइ**-भा.प्रे.धा.। **पिछडिइनु**-पिछडिनुको भा.क्रि.। **पिछडिइ**-भा.धा.। **पिछडिई, पिछडिएर, पिछडिन, पिछडिंदै, पिछडिउन्जेल, पिछडिंदाखेरि**-कृ.अ.। **पिछडिनू**-वि.। **पिछडिऊन्**-इ.। **पिछडेला**-स.। (अ.क्रि. - कटुन्जेको उकालोमा ढाक्रेहरू पिछडिए ।)

पिटपिट्याउनु-क्रि.मू.। **पिटपिट्याउ**-आ.धा.। अ.क्रि.; पानीका बूँद फाट्ट-फुट्ट रूपमा पर्नु, पानी पर्न थाल्नु । **पिटपिट्याइ** (पिटपिट्याउ+आइ)-भा.ना.। **पिटपिट्याइनु**-पिटपिट्याउनुको भा.क्रि.। **पिटपिट्याइ**-भा.धा.। **पिटपिट्याई, पिटपिट्याएर, पिटपिट्याउन,**

पिटपिद्याउँदै, पिटपिद्याउन्जेल, पिटपिद्याउँदाखेरि-कृ.अ.। **पिट्पिद्याउनू**-वि.। **पिटपिद्याऊन्**-इ.। **पिटपिद्याउला**-स.। (अ.क्रि.-हिजो अलि-अलि पानी पिटपिद्यायो ।)

पिटिक्किनु-क्रि.मू.। **पिटिक्कि** आ.धा.। अ.क्रि.; पिटिक्क भाँचिनु, पिटिक्क हुनु । **पिटिक्क्याइ** (पिटिक्कि+आइ)-भा.ना.। **पिटिक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; पिटिक्किने पार्नु, पिटिक्क भाँच्नु । **पिटिक्क्याउ**-प्रे.धा.। **पिटिक्क्याइनु**-पिटिक्क्याउनुको क.क्रि.। **पिटिक्क्याइ**-भा.प्रे.धा.। **पिटिक्किइनु**-पिटिक्किनुको भा.क्रि.। **पिटिक्किइ**-भा.धा.। **पिटिक्किई, पिटिक्किएर, पिटिक्किन, पिटिक्किँदै, पिटिक्किउन्जेल, पिटिक्किंदाखेरि**-कृ.अ.। **पिटिक्किनू**-वि.। **पिटिक्किऊन्**-इ.। **पिटिक्केला**-स.। (अ.क्रि.-काठको फुट अकस्मात् पिटिक्कियो ।)

पिट्नु-क्रि.मू.। **पिट्**-आ.धा.। स.क्रि.; चुट्नु, ठोक्नु, कुट्नु, ठटाउनु, प्रहार गर्नु, विजय प्राप्त गर्नु, जित्नु, हल्ला मच्चाउनु, झ्याली बजाउनु, व्यापक रूपमा प्रचार गर्नु, दन्काउनु । **पिटाइ** (पिट्+आइ)-भा.ना.। **पिटाउनु**-प्रे.क्रि./स.क्रि.; पिट्न लाउनु, पिटिने पार्नु । **पिटाउ**-प्रे.धा.। **पिटाइनु**-पिटाउनुको क.क्रि.। **पिटाइ**-क.प्रे.धा.। **पिटिनु**-पिट्नुको क.क्रि.। **पिटि**-क.धा.। **पिटी, पिटेर, पिट्न, पिट्तै, पिटुन्जेल, पिट्दाखेरि**-कृ.अ.। **पिट्नू**-वि.। **पिटून्**-इ.। **पिट्ला**-स.। (स.क्रि.-प्रहरीले चोरलाई बेसरी पिट्यो ।)

पितपिताउनु-क्रि.मू.। **पितपिताउ** -आ.धा.। अ.क्रि.; पितपित चाल उत्पन्न हुनु, मिल आदिबाट पितपित आवाज निस्कनु । स.क्रि.; पितपित दिसा लाग्नु । **पितपिताइ** (पितपिताउ+आइ)-भा.ना.। **पितपिताइनु**-पितपिताउनुको भा.क्रि./स.क्रि.। **पितपिताइ**-भा.धा./क.धा.। **पितपिताई, पितपिताएर, पितपिताउन, पितपिताउँदै, पितपिताउन्जेल, पितपिताउँदाखेरि**-कृ.अ.। **पितपिताउनू**-वि.। **पितपिताऊन्**-इ.। **पितपिताउला**-स.। (अ.क्रि.-भीरकुनामा इतराज गुरुङको मिल पितपितायो । स.क्रि.-बच्चाले घरी-घरी दिसा पितपितायो ।)

पित्कनु-क्रि.मू.। **पित्क**-आ.धा.। अ.क्रि.; पित्कोका रूपमा झर्नु, पित्को भएर निस्कनु । **पित्काइ** (पित्क+आइ)-भा.ना.। **पित्काउनु**- प्रे.क्रि./स.क्रि.; पित्कने पार्नु, पित्कोका रूपमा दिनु, पित्को-पित्को पारेर हाल्नु । **पित्काउ**-प्रे.धा.। **पित्काइनु**-पित्काउनुको क.क्रि.। **पित्काइ**-भा.प्रे.धा.। **पित्किनु**-पित्कनुको भा.क्रि./अ.क्रि.; पितिक्क झर्ने होइनु, पित्कनु । **पित्कि**-भा.धा.। **पित्क्याइ** (पित्कि+आइ)-भा.ना.। **पित्की, पित्केर, पित्कन, पित्कँदै, पित्कुन्जेल, पित्कँदाखेरि**-कृ.अ.। **पित्कनू**-वि.। **पित्कून्**-इ.। **पित्कला**-स.। (अ.क्रि.-रोटी पोल्दा आमाको हातबाट पीठो पित्क्यो ।)

पिन्नु-क्रि.मू.। **पिन्**-आ.धा.। स.क्रि.; पिँद्नु, पिँध्नु । **पिनाइ** (पिन्+आइ)-भा.ना.। **पिनाउनु**-प्रे.क्रि./स.क्रि.; पिँधाउनु, पिन्न लाउनु । **पिनाउ**-प्रे.धा.। **पिनाइनु**-पिनाउनुको क.क्रि.। **पिनाइ**-क.प्रे.धा.। **पिनिनु**-पिन्नुको क.क्रि.। **पिनि**-क.धा.। **पिनी, पिनेर, पिन्न, पिन्दै, पिनुन्जेल, पिन्दाखेरि**-कृ.अ.। **पिन्नू**-वि.। **पिनून्**-इ.। **पिन्ला**-स. (स.क्रि.-तीस वर्षसम्म क्रूर पंचायती शासकले जनतालाई पिन्यो ।)

पियाउनु-क्रि.मू.। **पियाउ**-प्रे.धा.। स.क्रि.; छुस्क्याइँ लाउनु, चुक्ली गर्नु । अ.क्रि.; (गाई भैंसी आदि) पाडापाडी वा बाच्छाबाच्छीलाई दूधदिने अवस्थामा हुनु । **पियाइ** (पियाउ+आइ)-भा.ना.। **पियाइनु**-पियाउनुको क.क्रि./भा.क्रि.। **पियाइ** -क.धा./भा.धा.। **पियाई, पियाएर, पियाउन, पियाउँदै, पियाउन्जेल, पियाउँदाखेरि**-कृ.अ.। **पियाउनू**-वि.। **पियाऊन्**-इ.। **पियाउला**-स.। (स.क्रि.-शिव बहादुरले हाकिमलाई छुस्क्याइँ पियायो । अ.क्रि.-गोठको माली-गाई राम्ररी पियायो ।)

पिरपिराउनु-क्रि.मू.। **पिरपिराउ**-आ.धा.। अ.क्रि.; पिरपिर पानी पर्नु, पिरपिर शब्द गर्नु, पिरपिर स्वाद उत्पन्न हुनु । **पिरपिराइ** (पिरपिराउ+आइ)-भा.ना.। **पिरपिराइनु**-पिरपिराउनुको भा.क्रि.। **पिरपिराइ**-भा.धा.। **पिरपिराई, पिरपिराएर, पिरपिराउन, पिरपिराउँदै, पिरपिराउन्जेल, पिरपिराउँदाखेरि**-कृ.अ.।**पिरपिराउनू**-वि.। **पिरपिराऊन्**-इ.। **पिरपिराउला**-स.। (अ.क्रि.-अजिरकोट पुग्दा पानी पिरपिरायो । अचार खाएको त मेरो मुखै पिरपिरायो ।)

पिरल्नु-क्रि.मू.। **पिरल्**-आ.धा.। स.क्रि.; पिरोल्नु, पिरलो पार्नु, सताउनु, पिर्नु, दुःख दिनु, कचकच गर्नु, टोकस्नु, डढाउनु, पोल्नु । **पिरलाइ** (पिरल्+आइ)-भा.ना.। **पिरलाउनु**-प्रे.क्रि./स.क्रि.; पिरोलाउनु । **पिरलाउ**-प्रे.धा.। **पिरलाइनु**-पिरलाउनुको क.क्रि.। **पिरलाइ**-क.प्रे.धा.। **पिरलिनु**-पिरल्नुको क.क्रि.। **पिरलि**-क.धा.। **पिरली, पिरलेर, पिरल्न, पिरल्दै, पिरलुन्जेल, पिरल्दाखेरि**-कृ.अ.। **पिरल्नू**-वि.। **पिरलून्**-इ.। **पिरल्ला**-स.। (स.क्रि.-दुलहीको आँसुले घरबेटी जति सबैलाई पिरल्यो ।)

पिरलिनु-क्रि.मू.। **पिरलि**-आ.धा.। अ.क्रि.; चिन्ता गर्नु,

पीर लिनु, पिरिनु । **पिरल्याइ** (पिरलि+आइ)-भा.ना.। **पिरल्याउनु**-प्रे.क्रि./स.क्रि.; पिरलिने पार्नु । **पिरल्याउ**-प्रे.धा.। **पिरल्याइनु**-पिरल्याउनुको क.क्रि.। **पिरल्याइ**-भा.प्रे.धा.। **पिरलिइनु** -पिरलिनुको भा.क्रि.। **पिरलिइ** -भा.धा.। **पिरलिई, पिरलिएर, पिरलिन, पिरलिँदै, पिरलिउन्जेल, पिरलिंदाखेरि**-कृ.अ.। **पिरलिनू**-वि.। **पिरलिऊन्**-इ.। **पिरलेला**-स.। (अ.क्रि.-छोरोले फुपूकी छोरी लिएर हिंडेपछि शोभाखर ज्यादै पिरलियो ।)

पिरिनु-क्रि.मू.। **पिरि**-आ.धा.। अ.क्रि.; पीर लिनु, चिन्ता लिनु । **पिऱ्याइ** (पिरि+आइ)-भा.ना.। **पिरिइनु** -पिरिनुको भा.क्रि.। **पिरिइ** -भा.धा.। **पिरिई, पिरिएर, पिरिन, पिरिँदै, पिरिउन्जेल, पिरिंदाखेरि**-कृ.अ.। **पिरिनू**-वि.। **पिरिऊन्**-इ.। **पिरेला**-स.। (अ.क्रि.-छोरीलाई अन्माएर पठाएपछि हर्के बूढो धेरै दिनसम्म पिरियो ।)

पिरोल्नु-क्रि.मू.। **पिरोल्**-आ.धा.। स.क्रि.; हे. पिरल्नु । **पिरोलाइ** (पिरोल्+आइ)-भा.ना.। **पिरोलाउनु**-प्रे.क्रि./स.क्रि.; पिरोल्न लाउनु । **पिरोलाउ**-प्रे.धा.। **पिरोलाइनु**-पिरोलाउनुको क.क्रि.। **पिरोलाउ**-क.प्रे.धा.। **पिरोलिनु**-पिरोल्नुको क.क्रि.। **पिरोलि**-क.धा.। **पिरोली, पिरोलेर, पिरोल्न, पिरोल्दै, पिरोलुन्जेल, पिरोल्दाखेरि**-कृ.अ.। **पिरोल्नू**-वि.। **पिरोलून्**-इ.। **पिरोल्ला**-स.। (अ.क्रि.-शहीदको बलिदानले तानाशाही प्रवृत्तिलाई पिरोल्यो ।)

पिरोलिनु-क्रि.मू.। **पिरोलि**-आ.धा.। अ.क्रि.; पिरलिनु । **पिरोल्याइ** (पिरोलि+आइ)-भा.ना.। **पिरोलिइनु**-पिरोलिनुको भा.क्रि.। **पिरोलिइ** -भा.धा.। **पिरोलिई, पिरोलिएर, पिरोलिन, पिरोलिँदै, पिरोलिउन्जेल, पिरोलिंदाखेरि**-कृ.अ.। **पिरोलिनू**-वि.। **पिरोलिऊन्**-इ.। **पिरोलेला**-स.। (अ.क्रि.-अरूको उन्नतिमा मन थाम्न नसकी माधव अधिकारी मुटु मिचेर पिरोलियो ।)

पिर्नु-क्रि.मू.। **पिर्**-आ.धा.। स.क्रि.; पिरल्नु, दुःख दिनु, झिँज्याउनु, अफाप हुनु, नफाप्नु । **पिराइ** (पिर्+आइ)-भा.ना.। **पिराउनु** -प्रे.क्रि./स.क्रि.; पिर्न लाउनु, पिर्ने तुल्याउनु, सताउनु, पिरलो पार्नु, सास्ती दिनु, अफाप गर्नु । **पिराउ**-प्रे.धा.। **पिराइनु**-पिराउनुको क.क्रि.। **पिराइ**-क.प्रे.धा.। **पिरिनु**-पिर्नुको क.क्रि.। **पिरि**-क.धा.। **पिरी, पिरेर, पिर्न, पिर्दै, पिरुन्जेल, पिर्दाखेरि**-कृ.अ.। **पिर्नू**-वि.। **पिरून्**-इ.। **पिर्ला** -स.। (स.क्रि.-केटाकेटीले आमालाई पिरे ।)

पिर्लिक्किनु-क्रि.मू.। **पिर्लिक्कि**-आ.धा.। अ.क्रि.; डरलाग्दो किसिमले आँखा पल्टिनु, आँखा पिर्लिक्क हुनु । **पिर्लिक्क्याइ** (पिर्लिक्कि+आइ)-भा.ना.। **पिर्लिक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; पिर्लिक्क पार्न लाउनु, पिर्लिक्क पार्नु । **पिर्लिक्क्याउ**-प्रे.धा.। **पिर्लिक्क्याइनु**-पिर्लिक्क्याउनुको क.क्रि.। **पिर्लिक्क्याइ**-भा.प्रे.धा.। **पिर्लिक्किइनु**-पिर्लिक्किनुको-भा.क्रि.। **पिर्लिक्किइ**-भा.धा.। **पिर्लिक्किई, पिर्लिक्किएर, पिर्लिक्किन, पिर्लिक्किँदै, पिर्लिक्किउन्जेल, पिर्लिक्किंदाखेरि**-कृ.अ.। **पिर्लिक्किनू**-वि.। **पिर्लिक्किऊन्**-इ.। **पिर्लिक्केला**-स.। (अ.क्रि-बुहारीको शील-स्वभाव मन नपरेर सासुको आँखा पिर्लिक्किए ।)

पिलपिलाउनु-क्रि.मू.। **पिलपिलाउ**-आ.धा.। अ.क्रि.; पिलपिल हुनु, मधुरो किसिमले बल्नु, पिलपिल आँसु झार्नु, टाढाको वस्तु अलिअलि झल्कनु । **पिलपिलाइ** (पिलपिलाउ+आइ)-भा.ना.। **पिलपिलाइनु**-पिलपिलाउनुको भा.क्रि.। **पिलपिलाइ**-भा.धा.। **पिलपिलाई, पिलपिलाएर, पिलपिलाउन, पिलपिलाउँदै, पिलपिलाउन्जेल, पिलपिलाउँदाखेरि**-कृ.अ.। **पिलपिलाउनू**-वि.। **पिलपिलाऊन्**-इ.। **पिलपिलाउला**-स.। (अ.क्रि.-झुपडीमा मधुरो बत्ती पिलपिलायो ।)

पिलपिलिनु-क्रि.मू.। **पिलपिलि** -आ.धा.। अ.क्रि.; हे. पिलपिलाउनु । **पिलपिल्याइ** (पिलपिलि+आइ)-भा.ना.। **पिलपिल्याउनु**-प्रे.क्रि./स.क्रि.; पिलपिलिने पार्नु । **पिलपिल्याउ**-प्रे.धा.। **पिलपिल्याइनु**-पिलपिल्याउनुको क.क्रि.। **पिलपिल्याइ**-भा.प्रे.धा.। **पिलपिलिइनु**-पिलपिलिनुको भा.क्रि.। **पिलपिलिइ** -भा.धा.। **पिलपिलिई, पिलपिलिएर, पिलपिलिन, पिलपिलिँदै, पिलपिलिउन्जेल, पिलपिलिंदाखेरि**-कृ.अ.। **पिलपिलिनू**-वि.। **पिलपिलिऊन्**-इ.। **पिलपिलेला**-स.। (अ.क्रि.-आकाशमा ताराहरू पिलपिलिए ।)

पिलिनु-क्रि.मू.। **पिलि**- आ.धा.। अ.क्रि.; चोट लागेको ठाउँमा वा घाउ-खटिरामा पीप, रगत आदि जम्नु, पेलिनु, थिचिनु, पीर मान्नु, चिन्ता लिनु, पिरिनु । **पिल्याइ** (पिलि+आइ)-भा.ना.। **पिल्याउनु**- प्रे.क्रि./स.क्रि.; पिलिने पार्नु, पिलिने तुल्याउनु, गिल्याउनु, गिलो पार्नु । **पिल्याउ**-प्रे.धा.। **पिल्याइनु**-पिल्याउनुको क.क्रि.। **पिल्याइ**-भा.प्रे.धा.। **पिलिइनु**-पिलिनुको भा.क्रि.। **पिलिइ** -भा.धा.। **पिलिई, पिलिएर, पिलिन, पिलिँदै, पिलिउन्जेल, पिलिंदाखेरि**-कृ.अ.। **पिलिनू**-वि.। **पिलिऊन्**-इ.। **पिलेला**-स.। अ.क्रि.-मेरो गोडाको घाउ पिलियो ।)

पिलिकिनु-क्रि.मू.। **पिलिकि**-आ.धा.। अ.क्रि.; पिलिक्क बल्नु, आँखा पिलिक्क पल्टनु । **पिलिक्याइ** (पिलिकि+आइ)-भा.ना.। **पिलिक्याउनु**-प्रे.क्रि./स.क्रि.; पिलिक्क

पार्न लाउनु, पिलिक्क पार्नु । **पिलिक्याउ**-प्रे.धा.। **पिलिक्याइनु**-पिलिक्याउनुको क.क्रि.। **पिलिक्याइ**-भा.प्रे. धा.। **पिलिकिइनु**-पिलिकिनुको भा.क्रि.। **पिलिकिइ**-भा.धा.। **पिलिकिई, पिलिकिएर, पिलिकिन, पिलिकिँदै, पिलिकिउन्जेल, पिलिकिंदाखेरि**-कृ.अ.। **पिलिकिनू**-वि.। **पिलिकिऊन्**-इ.। **पिलिकेला**-स.। (अ.क्रि.-अँध्यारोमा जूनकीरी पिलिकियो ।)

पिल्लिनु-क्रि.मू.। **पिल्लि**-आ.धा.। अ.क्रि.; निबुवा, कागती आदि रस निस्कने गरी निचोरिनु, घाउ-खटिरा आदि पिलिनु । **पिल्ल्याइ** (पिल्लि+आइ)-भा.ना.। **पिल्लिइनु**-पिल्लिनुको भा.क्रि.। **पिल्लिइ**-भा.धा.। **पिल्लिई, पिल्लिएर, पिल्लिन, पिल्लिँदै, पिल्लिउन्जेल, पिल्लिंदाखेरि**-कृ.अ.। **पिल्लिनू**-वि.। **पिल्लिऊन्**-इ.। **पिल्लेला**-स.। (अ.क्रि.-अमरको कोखोको पिलो पिल्लियो ।)

पिल्सिनु-क्रि.मू.। **पिल्सि**-आ.धा.। अ.क्रि.; अलिअलि डढ्नु, आँगाको आँचले भित्रभित्रै सेकिएर केही पाक्नु, मनमा औडाहा हुनु, मनमा पीर हुनु, चिन्तित हुनु, दुःखी हुनु । **पिल्स्याइ** (पिल्सि+आइ)-भा.ना.। **पिल्स्याउनु**-प्रे.क्रि./स.क्रि.; पिल्सिएर पाक्ने पार्न लाउनु, सेकाएर पाक्ने पार्नु, मानसिक कष्ट दिनु । **पिल्स्याउ**-प्रे.धा.। **पिल्स्याइनु**-पिल्स्याउनुको क.क्रि.। **पिल्स्याइ**-भा.प्रे.धा.। **पिल्सिइनु**-पिल्सिनुको भा.क्रि.। **पिल्सिइ**-भा.धा.। **पिल्सिई, पिल्सिएर, पिल्सिन, पिल्सिँदै, पिल्सिउन्जेल, पिल्सिंदाखेरि**-कृ.अ.। **पिल्सिनू**-वि.। **पिल्सिऊन्**-इ.। **पिल्सेला**-स.। (अ.क्रि.-अँगेनुमा पोल्न हालेको सबै हरिया मकै राम्ररी पिल्सिए ।)

पिसोल्नु-क्रि.मू.। **पिसोल्**- आ.धा.। स.क्रि.; पिल्स्याउनु, अलि-अलि डढाउनु । **पिसोलाइ** (पिसोल्+आइ) -भा.ना.। **पिसोलाउनु**-प्रे.क्रि./स.क्रि.; पिसोल्न लाउनु । **पिसोलाउ**-प्रे.धा.। **पिसोलाइनु**-पिसोलाउनुको क.क्रि.। **पिसोलाइ**-क.प्रे.धा.। **पिसोलिनु**-पिसोल्नुको क.क्रि.। **पिसोलि**-क.धा.। **पिसोली, पिसोलेर, पिसोल्न, पिसोल्दै, पिसोलुन्जेल, पिसोल्दाखेरि**-कृ.अ.। **पिसोल्नू**-वि.। **पिसोलून्**-इ.। **पिसोल्ला**-स.। (स.क्रि.-साउनका कोदो रोप्ने खेतलालाई खाजा ख्वाउन आमाले मकै पिसोलिन् ।)

पिस्नु-क्रि.मू.। **पिस्**-आ.धा.। स.क्रि.; गन्जीफा, तास आदि फेटेर बाँड्नु, पिन्नु, पिँध्नु । **पिसाइ** (पिस्+आइ)-भा.ना.। **पिसाउनु**-प्रे.क्रि./स.क्रि.; पिस्ने पार्नु । पिँध्न लगाउनु । **पिसाउ**-प्रे.धा.। **पिसाइनु**-पिंसाउनुको क.क्रि.। **पिसाइ**-क.प्रे.धा.। **पिसिनु**-पिस्नुको क.क्रि.। **पिसि**-क.धा.। **पिसी, पिसेर, पिस्न, पिस्दै, पिसुन्जेल, पिस्दाखेरि**-कृ.अ.। **पिस्नू**-वि.। **पिसून्**-इ.। **पिस्ला**-स.। (स.क्रि.-तिनले जाँतोमा मकै पिसिन् ।)

पिसिनु-क्रि.मू.। **पिसि**-आ.धा.। अ.क्रि.; पिसाइमा पर्नु । **पिस्याइ** (पिसि+आइ)-भा.ना.। **पिसिइनु**-पिसिनुको भा.क्रि.। **पिसिइ**-भा.धा.। **पिसिई, पिसिएर, पिसिन, पिसिँदै, पिसिउन्जेल, पिसिंदाखेरि**-कृ.अ.। **पिसिनू**-वि.। **पिसिऊन्**-इ.। **पिसेला**-स.। (अ.क्रि.- तीस वर्षसम्म नेपाली जनताको भाग्य पंचायती-जाँतोमा पिसियो ।)

पुइँक्याउनु-क्रि.मू.। **पुइँक्याउ**- आ.धा.। स.क्रि.; पुइँक्क शब्द निस्कने गरी अपानवायु छोड्नु । **पुइँक्याइ** (पुइँक्याउ+आइ)-भा.ना.। **पुइँक्याइनु**-पुइँक्याउनुको क. क्रि.। **पुइँक्याइ**-क.धा.। **पुइँक्याई, पुइँक्याएर, पुइँक्याउन, पुइँक्याउँदै, पुइँक्याउन्जेल, पुइँक्याउँदाखेरि**-कृ.अ.। **पुइँक्याउनू**-वि.। **पुइँक्याऊन्**-इ.। **पुइँक्याउला** -स.। (स.क्रि.-वीरबलले अकबरी-सभामा पुइँक्यायो ।)

पुकपुक्याउनु-क्रि.मू.। **पुकपुक्याउ**- आ.धा.। स.क्रि.; पुकपुक आवाज निस्कने गरी हान्नु, बजाउनु, हिर्काउनु, पिट्नु, पाटपिट पार्नु । **पुकपुक्याइ** (पुकपुक्याउ+आइ)-भा.ना.। **पुकपुक्याइनु**-पुकपुक्याउनुको क.क्रि.। **पुकपुक्याइ**-क.धा.। **पुकपुक्याई, पुकपुक्याएर, पुकपुक्याउन, पुकपुक्याउँदै, पुकपुक्याउन्जेल, पुकपुक्याउँदाखेरि**-कृ.अ.। **पुकपुक्याउनू**-वि.। **पुकपुक्याऊन्**-इ.। **पुकपुक्याउला**-स.। (स.क्रि.-गुण्डाहरूले महादेवलाई पुकपुक्याए ।)

पुकार्नु-क्रि.मू.। **पुकार्**-आ.धा.। स.क्रि.; नाउँ काढेर बोलाउनु, हपार्नु, डाक्नु, गुहार्नु, पुकारा गर्नु, विन्ति गर्नु, प्रार्थना गर्नु । **पुकराइ** (पुकार्+आइ)-भा.ना.। **पुकारिनु**-पुकार्नुको क.क्रि.। **पुकारि**-क.धा.। **पुकारी, पुकारेर, पुकार्न, पुकार्दै, पुकारुन्जेल, पुकार्दाखेरि**-कृ.अ.। **पुकार्नू**-वि.। **पुकारून्**-इ.। **पुकार्ला**-स.। (स.क्रि.-हिन्द महासागर तर्नु अघि रामले ईश्वरलाई पुकारे ।)

पुक्किनु-क्रि.मू.। **पुक्कि**-आ.धा.। अ.क्रि.; पुक्क पिटाइ खाइनु, हलुका रूपमा पिटिनु, पुक्क मोटाउनु । **पुक्क्याइ** (पुक्कि+आइ)-भा.ना.। **पुक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; पुक्किने पार्नु, पुकपुक्याउनु, पुक्क हान्नु, पुकुपुकु खानु, खप्प्याउनु । **पुक्क्याउ**-प्रे.धा.। **पुक्क्याइनु**-पुक्क्याउनुको क.क्रि.। **पुक्क्याइ**-भा.प्रे.धा.। **पुक्किइनु**- पुक्किनुको भा.क्रि.। **पुक्किइ**-भा.धा.। **पुक्किई, पुक्किएर, पुक्किन,**

पुक्किँदै, पुक्किउन्जेल, पुक्किंदाखेरि-कृ.अ.। **पुक्किनू**-वि.। **पुक्किऊन्**-इ.। **पुक्केला**-स.। (अ.क्रि.-राम भीडमा नराम्ररी पुक्कियो । हरि बहादुर आजकाल ज्यादै पुक्कियो ।)

पुग्नु-क्रि.मू.। **पुग्**-आ.धा.। अ.क्रि.; उपस्थित हुनु, दाखिल हुनु, पहुँचनु, प्रशस्त हुनु, पूर्ण हुनु, प्राप्त हुनु, ठिक्क हुनु, सम्पन्न हुनु । **पुगाइ** (पुग्+आइ)-भा.ना.। **पुगाउनु**-प्रे.क्रि./स.क्रि.; पुग्ने पार्न लगाउनु, पुग्ने पार्नु, पुऱ्याउनु । **पुगाउ**-प्रे.धा.। **पुगाइनु**-पुगाउनुको क.क्रि.। **पुगाइ**-भा.प्रे.धा.। । **पुगिनु**-पुग्नुको भा.क्रि.। **पुगि**-भा.धा.। **पुगी, पुगेर, पुग्न, पुग्दै, पुगुन्जेल, पुग्दाखेरि**-कृ.अ.। **पुग्नू**-वि.। **पुगून्**-इ.। **पुग्ला**-स.। (अ.क्रि.-वागलुङमा मोटरको बाटो पुग्यो ।)

पुछिनु -क्रि.मू.। **पुछि**-आ.धा.। अ.क्रि.; मेटिनु, सफा हुनु । **पुछ्याइ** (पुछि+आइ)-भा.ना.। **पुछिइनु**-पुछिनुको-भा.क्रि.। **पुछिइ**-भा.धा.। **पुछिई, पुछिएर, पुछिन, पुछिँदै, पुछिउन्जेल, पुछिंदाखेरि**-कृ.अ.। **पुछिनू**-वि.। **पुछिऊन्**-इ.। **पुछेला**-स.। (अ.क्रि.-लोग्ने मरेपछि नयाँ-घरे जेठीको सिँउदो पुछियो ।)

पुछ्नु-क्रि.मू.। **पुछ्**-आ.धा.। स.क्रि.; मेट्नु, सफा गर्नु, हटाउनु, सफा-सुग्घर पार्नु, प्रश्न गर्नु, सोध्नु, वास्ता गर्नु । **पुछाइ** (पुछ्–आइ)-भा.ना.। **पुछाउनु**-प्रे.क्रि./स.क्रि.; पुछ्न लगाउनु, सोध्न लगाउनु । **पुछाउ**-प्रे.धा.। **पुछाइनु**-पुछाउनुको क.क्रि.। **पुछाइ** -क.प्रे.धा.। **पुछिनु** -पुछ्नुको क.क्रि.; पुछ्ने काम गरिनु, सोधिनु । **पुछि**-क.धा.। **पुछी, पुछेर, पुछ्न, पुछ्दै, पुछुन्जेल, पुछ्दाखेरि**-कृ.अ.। **पुछ्नू**-वि.। **पुछून्**-इ.। **पुछ्ला**-स.। (स.क्रि.-लेखिसकेपछि शिक्षकले डस्टरले बोर्ड पुछे ।)

पुज्नु-कि.मू.। **पुज्**-आ.धा.। स.क्रि.; सत्कार गर्नु, पूजा गर्नु, मानभाउ राख्नु, अर्चना गर्नु, सम्मान गर्नु । **पुजाइ** (पुज्+आइ)-भा.ना.। **पुजाउनु**-प्रे.क्रि./स.क्रि.; पूजा गर्न लाउनु, पुज्ने गराउनु । **पुजाउ**-प्रे.धा.। **पुजाइनु**-पुजाउनुको क.क्रि.। **पुजाइ**-क.प्रे.धा.। **पुजिनु**-पुज्नुको क.क्रि.। **पुजि**-क.धा.। **पुजी, पुजेर, पुज्न, पुज्दै, पुजुन्जेल, पुज्दाखेरि**-कृ.अ.। **पुज्नू**-वि.। **पुजून्**-इ.। **पुज्ला**-स.। (स.क्रि.-हिजो काफलडाँडाका सबै अधिकारी भाइहरूले आफ्ना कुलदेवतालाई पुजे ।)

पुड्कनु-क्रि.मू.। **पुड्क**-आ.धा.। अ.क्रि.; डल्लो हुनु, पुड्को हुनु, पुड्किनु । **पुड्काइ** (पुड्क+आइ)-भा.ना.। **पुड्किनु**-पुड्कनुको भा.क्रि.। **पुड्कि**-भा.धा.। **पुड्की, पुड्केर, पुड्कन, पुड्कँदै, पुड्कुन्जेल, पुड्कँदाखेरि**-कृ.अ.। **पुड्कनू**-वि.। **पुड्कून्**-इ.। **पुड्कला**-स.। (अ.क्रि.-गाजु गाईको बाच्छो पुड्क्यो, बढेन ।)

पुड्किनु-क्रि.मू.। **पुड्कि**-आ.धा.। अ.क्रि.; पुड्को हुनु, पुड्कनु । **पुडक्याइ** (पुड्कि+आइ) भा.ना.। **पुड्किइनु**-पुड्किनुको भा.क्रि.। **पुड्किइ**-भा.धा.। **पुड्किई, पुड्किएर, पुड्किन, पुड्किँदै, पुड्किउन्जेल, पुड्किंदाखेरि**-कृ.अ.। **पुड्किनू**-वि.। **पुड्किऊन्**-इ.। **पुड्केला**-स.। (अ.क्रि.-कुपोषणका कारण धेरै गरीव-केटाकेटीहरू पुडकिए ।)

पुतपुताउनु-क्रि.मू.। **पुतपुताउ**-आ.धा.। अ.क्रि.; पुतपुत धूवाँ आउनु, राम्ररी बल्न नसकी धूवाँ निस्कनु । **पुतपुताइ** (पुतपुताउ+आइ)-भा.ना.। **पुतपुताइनु** -पुतपुताउनुको भा.क्रि.। **पुतपुताइ**-भा.धा.। **पुतपुताई, पुतपुताएर, पुतपुताउन, पुतपुताउँदै, पुतपुताउन्जेल, पुतपुताउँदाखेरि**-कृ.अ.। **पुतपुताउनू**-वि.। **पुतपुताऊन्**-इ.। **पुतपुताउला**-स.। (अ.क्रि.-अँगेनोमा आगो पुतपुतायो ।)

पुतपुतिनु-क्रि.मू.। **पुतपुति**-आ.धा.। अ.क्रि.; हे. पुतपुताउनु । **पुतपुत्याइ** (पुतपुति+आइ)-भा.ना.। **पुतपुतिइनु**-पुतपुतिनुको भा.क्रि.। **पुतपुतिइ**-भा.धा.। **पुतपुतिई, पुतपुतिएर, पुतपुतिन, पुतपुतिँदै, पुतपुतिउन्जेल, पुतपुतिंदाखेरि**-कृ.अ.। **पुतपुतिनू**-वि.। **पुतपुतिऊन्**-इ.। **पुतपुतेला**-स.। (अ.क्रि.-आगो लागेको घरबाट धूवाँ पुतपुतियो ।)

पुत्ताउनु-क्रि.मू.। **पुत्ताउ**-आ.धा.। अ.क्रि.; पुतपुताउनु, राम्रो नबली धूवाँ मात्र निस्कनु, रिसले भित्रभित्रै मुरमुरिनु । **पुत्ताइ** (पुत्ताउ+आइ)-भा.ना.। **पुत्ताइनु** -पुत्ताउनुको भा.क्रि.। **पुत्ताइ**-भा.धा.। **पुत्ताई, पुत्ताएर, पुत्ताउन, पुत्ताउँदै, पुत्ताउन्जेल, पुत्ताउँदाखेरि**-कृ.अ.। **पुत्ताउनू**-वि.। **पुत्ताऊन्**-इ.। **पुत्ताउला**-स.। (अ.क्रि.-कानूनी तर्कुल्ले नमिल्दा फटाहा प्रशासक धेरै बेरसम्म पुत्तायो ।)

पुर्नु-क्रि.मू.। **पुर्**-आ.धा.। स.क्रि.; खाल्टो भर्नु, खाडल उकास्नु, धनमाल आदि दिएर पोस्नु । **पुराइ** (पुर्+आइ)-भा.ना.। **पुराउनु**-प्रे.क्रि./स.क्रि.; पुर्न लाउनु । **पुराउ**-प्रे.धा.। **पुराइनु**-पुराउनुको क.क्रि.। **पुराइ**-क.प्रे.धा.। **पुरिनु**-पुर्नुको क.क्रि.। **पुरि**-क.धा.। **पुरी, पुरेर, पुर्न, पुर्दै, पुरुन्जेल, पुर्दाखेरि**-कृ.अ.। **पुर्नू**-वि.। **पुरून्**-इ.। **पुर्ला**-स.। (स.क्रि.-गुरुङे मलामीहरूले चिहानडाँडामा लाशलाई पुरे ।)

पुरिनु-क्रि.मू.। **पुरि**-आ.धा.। अ.क्रि.; खाल्टो भरिनु, छोपिनु, ढाकिनु, घाउ-खटिरामा मासु पलाउनु । **पुऱ्याइ** (पुरि+आइ)-भा.ना.। **पुरिइनु**-पुरिनुको भा.क्रि.। **पुरिइ**-भा.धा.। **पुरिई, पुरिएर, पुरिन, पुरिँदै, पुरिउन्जेल, पुरिँदाखेरि**-कृ.अ.। **पुरिनू**- वि.। **पुरिऊन्**-इ.। **पुरेला**-स.। (अ.क्रि.-पुराना कोटहरूको वरिपरि बनाइएका खावाहरू बिस्तारै पुरिए ।)

पुऱ्याउनु-क्रि.मू.। **पुऱ्याउ**-आ.धा.। स.क्रि.; पुग्ने गराउनु, पहुँचाउनु, जसोतसो गरेर टार्नु, पुग्ने ठाउँमा लैजानु, पूरा गर्नु । **पुऱ्याइ** (पुऱ्याउ+आइ)-भा.ना.। **पुऱ्याइनु**-पुऱ्याउनुको क.क्रि.। **पुऱ्याइ**-क.धा.। **पुऱ्याई, पुऱ्याएर, पुऱ्याउन, पुऱ्याउँदै, पुऱ्याउन्जेल, पुऱ्याउँदाखेरि**-कृ.अ.। **पुऱ्याउनू**-वि.। **पुऱ्याऊन्** -इ.। **पुऱ्याउला**-स.। (स.क्रि.-तस्करहरूले नेपाली कलाकृतिहरू विदेशमा पुऱ्याए ।)

पुर्लुक्किनु-क्रि.मू.। **पुर्लुक्कि**-आ.धा.। अ.क्रि.; पुर्लुक्क हुनु, टाउकाले टेकेर पल्टनबाजी खाने हुनु । **पुर्लुक्क्याइँ** (पुर्लुक्कि+आइँ)-भा.ना.। **पुर्लुक्किइनु** -पुर्लुक्किनुको भा.क्रि.। **पुर्लुक्किइ**-भा.धा.। **पुर्लुक्किई, पुर्लुक्किएर, पुर्लुक्किन, पुर्लुक्किँदै, पुर्लुक्किउन्जेल, पुर्लुक्किँदाखेरि**-कृ.अ.। **पुर्लुक्किनू**-वि.। **पुर्लुक्किऊन्**-इ.। **पुर्लुक्केला**-स.। (अ.क्रि.-प्रहरीको आक्रमणपछि भीडबाट भाग्ने धेरै मानिसहरू एक्कासि पुर्लुक्किए ।)

पुलपुलिनु-क्रि.मू.। **पुलपुलि**-आ.धा.। अ.क्रि.; बढ्ता लाड-प्यारले केटाकेटीको वानी बिग्रनु, पात्तिनु, मात्तिनु । **पुलपुल्याइ** (पुलपुलि+आइ)-भा.ना.। **पुलपुल्याउनु**-प्रे.क्रि./स.क्रि.; पुलपुलिने पार्नु, मत्याउनु । **पुलपुल्याउ**-प्रे.धा.। **पुलपुल्याइनु**-पुलपुल्याउनुको क.क्रि.। **पुलपुल्याइ**-भा.प्रे.धा.। **पुलपुलिइनु**-पुलपुलिनुको भा.क्रि.। **पुलपुलिइ**-भा.धा.। **पुलपुलिई, पुलपुलिएर, पुलपुलिन, पुलपुलिँदै, पुलपुलिउन्जेल, पुलपुलिँदाखेरि**-कृ.अ. **पुलपुलिनू**-वि.। **पुलपुलिऊन्**-इ.। **पुलपुलेला**-स.। (अ.क्रि.-क्रूर शासक वामनदेवको आडमा बाहुनहरू पुलपुलिए ।)

पुलस्त्याउनु-क्रि.मू.। **पुलस्त्याउ**-आ.धा.। स.क्रि.; पुलस्त्याइँका साथ कुरा गर्नु, बढाई चढाई गरेर भए नभएका कुरा गर्नु, चेपारे छाँटले बेसारे पाराका कुरा गर्नु । **पुलस्त्याइ** (पुलस्त्याउ+आइ)-भा.ना.। **पुलस्त्याइनु**-पुलस्त्याउनुको क.क्रि.। **पुलस्त्याइ**-क.धा.। **पुलस्त्याई, पुलस्त्याएर, पुलस्त्याउन, पुलस्त्याउँदै, पुलस्त्याउन्जेल, पुलस्त्याउँदाखेरि**-कृ.अ.। **पुलस्त्याउनू**- वि.। **पुलस्त्याऊन्**-इ.। **पुलस्त्याउला**-स.। (स.क्रि.;-नयाँ बढुवाको प्रक्रियामा आफ्ना हरुवा-चरुवालाई पार्न प्राध्यापक बलदेवले प्रिन्सिपललाई राम्ररी पुलस्त्यायो ।)

पुल्नु-क्रि.मू.। **पुल्**-आ.धा.। अ.क्रि.; केटाकेटीद्वारा खेलिने गुच्चाखेलमा ध्वाइँले सीमाना वा गट्टी नाघ्नु, नाश हुनु, बिग्रनु, मर्नु । **पुलाइ** (पुल्+आइ)-भा.ना.। **पुलाउनु**-प्रे.क्रि./स.क्रि.; पुल्न लाउनु, पुल्ने पार्नु । **पुलाउ**-प्रे.धा.। **पुलाइनु**-पुलाउनुको क.क्रि.। **पुलाइ**-भा.प्रे.धा.। **पुलिनु**-पुल्नुको भा.क्रि.। **पुलि**-भा.धा.। **पुली, पुलेर, पुल्न, पुल्दै, पुलुन्जेल, पुल्दाखेरि**-कृ.अ.। **पुल्नू**-वि.। **पुलून्**-इ.। **पुल्ला**-स.। (अ.क्रि.-कान्छाको खेल्ने पालो पुल्यो ।)

पुलुक्क्याउनु-क्रि.मू.। **पुलुक्क्याउ**-आ.धा.। स.क्रि.; कतै एकैपल्ट आँखाले हेर्नु, टुलुक्क हेर्नु । **पुलुक्क्याइँ** (पुलुक्क्याउ+आइँ)-भा.ना.। **पुलुक्क्याइनु**-पुलुक्क्याउनुको क.क्रि.। **पुलुक्क्याइ**-क.धा.। **पुलुक्क्याई, पुलुक्क्याएर, पुलुक्क्याउन, पुलुक्क्याउँदै, पुलुक्क्याउन्जेल, पुलुक्क्याउँदाखेरि**-कृ.अ.। **पुलुक्क्याउनू**-वि.। **पुलुक्क्याऊन्**-इ.। **पुलुक्क्याउला**-स.। (स.क्रि.-चोर बिरालोले झैं माधव थापाले एकचोटि यता पुलुक्क्यायो ।)

पुल्किनु - क्रि.मू.। **पुल्कि**-आ.धा.। अ.क्रि.; पुलुक्क देखिने हुनु, पुलुक्क देखा पर्नु, उज्जर हुनु, चहकिनु । **पुल्क्याइ** (पुल्कि+आइ)-भा.ना.। **पुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; पुल्किने पार्नु, पुलुक्क हेराउनु । **पुल्क्याउ**-प्रे.धा.। **पुल्क्याइनु**-पुल्क्याउनुको क.क्रि.। **पुल्क्याइ**-भा.प्रे.धा.। **पुल्किइनु**-पुल्किनुको भा.क्रि.। **पुल्किइ**-भा.धा.। **पुल्किई, पुल्किएर, पुल्किन, पुल्किँदै, पुल्किउन्जेल, पुल्किँदाखेरि**-कृ.अ.। **पुल्किनू**-वि.। **पुल्किऊन्**-इ.। **पुल्केला** -स.। (अ.क्रि.-उजिल्याएपछि सुनको गहना पुल्कियो ।)

पुस्टाउनु-क्रि.मू.। **पुस्टाउ**-आ.धा.। अ.क्रि.; मोटोघाटो हुनु, हृष्टपुष्ट हुनु, पुस्टिनु । **पुस्टाइ** (पुस्टाउ+आइ)-भा.ना.। **पुस्टाइनु** -पुस्टाउनुको भा.क्रि.। **पुस्टाइ**-भा.धा.। **पुस्टाई, पुस्टाएर, पुस्टाउन, पुस्टाउँदै, पुस्टाउन्जेल, पुस्टाउँदाखेरि**-कृ.अ.। **पुस्टाउनू**-वि.। **पुस्टाऊन्** -इ.। **पुस्टाउला**-स.। (अ.क्रि.-अन्यायपूर्वक कानूनी तर्कुल्ले घुमाएपछि घुस्याहा कर्मचारी पुस्टायो ।)

पुस्टिनु-क्रि.मू.। **पुस्टि**-आ.धा.। अ.क्रि.; हे. पुस्टाउनु । **पुस्ट्याइ** (पुस्टि+आइ)-भा.ना.। **पुस्ट्याउनु**-प्रे.क्रि./स.क्रि., मोटोघाटो तुल्याउनु, पुष्ट पार्नु । **पुस्ट्याउ**-प्रे.धा.। **पुस्ट्याइनु**-पुस्ट्याउनुको क.क्रि.। **पुस्ट्याइ**-भा.प्रे.धा.। **पुस्टिइनु**-पुस्टिनुको भा.क्रि.। **पुस्टिइ**-भा.धा.।

पुस्टिई, पुस्टिएर, पुस्टिन, पुस्टिँदै, पुस्टिउन्जेल, पुस्टिंदाखेरि-कृ.अ.। **पुस्टिनू**-वि.। **पुस्टिऊन्**-इ.। **पुस्टेला**-स.। (अ.क्रि.-तीस वर्षसम्म जनताको रगत चुसेर पंचायती क्रूर शासकहरू पुस्टिए ।)

पेलिनु-क्रि.मू.। **पेलि**-आ.धा.। अ.क्रि.; थिचोमिचो हुनु, पेलाइमा पर्नु, पेल्नु । **पेल्याइ** (पेलि+आइ)-भा.ना.। **पेल्याउनु**-प्रे.क्रि./स.क्रि.; पेलिने पार्नु । **पेल्याउ**-प्रे.धा.। **पेल्याइनु**-पेल्याउनुको क.क्रि.। **पेल्याइ**-भा.प्रे.धा.। **पेलिइनु**-पेलिनुको भा.क्रि.। **पेलिइ**-भा.धा.। **पेलिई, पेलिएर, पेलिन, पेलिँदै, पेलिउन्जेल, पेलिंदाखेरि**-कृ.अ.। **पेलिनू**-वि.। **पेलिऊन्**-इ.। **पेलेला**-स.। (अ.क्रि.-हिटलरको शासन कालमा धेरै जनता पेलिए ।)

पेल्नु-क्रि.मू.। **पेल्**- आ.धा.। स.क्रि.; रस निस्कने गरी थिच्नु, बलपूर्वक घचेट्नु, अँचेट्नु, ठेल्नु, थिचोमिचो गर्नु, दबाउनु । **पेलाइ** (पेल्+आइ)-भा.ना.। **पेलुवा** (पेल्+उवा), **पेलाहा** (पेल्+आहा)-विशे.। **पेलाउनु** -प्रे.क्रि./स.क्रि.; पेल्न लगाउनु । **पेलाउ**-प्रे.धा.। **पेलाइनु**-पेलाउनुको क.क्रि.। **पेलाइ**-क.प्रे.धा.। **पेलिनु** -पेल्नुको क.क्रि.। **पेलि**-क.धा.। **पेली, पेलेर, पेल्न, पेल्दै, पेलुन्जेल, पेल्दाखेरि**-कृ.अ.। **पेल्नू**-वि.। **पेलून्**-इ.। **पेल्ला**-स.। (स.क्रि.-हामीहरूले कोलमा उखु पेल्यौं ।)

पेसिनु-क्रि.मू.। **पेसि**-आ.धा.। अ.क्रि.; पेस हुनु, लहसिनु, टाँसिनु, मिल्न खोज्नु, झ्याम्मिनु । **पेस्याइ** (पेसि+आइ)-भा.ना.। **पेसिइनु** -पेसिनुको भा.क्रि.। **पेसिइ**-भा.धा.। **पेसिई, पेसिएर, पेसिन, पेसिँदै, पसिउन्जेल, पेसिंदाखेरि**-कृ.अ.। **पेसिनू**-वि.। **पेसिऊन्**-इ.। **पेस्सेला**-स.। (अ.क्रि.-त्यो नोकर सबैसंग राम्ररी पेसियो ।)

पेस्नु-क्रि.मू.। **पेस्**-आ.धा.। स.क्रि.; पेश गर्नु, जबरजस्ती मिसाउनु, टाँसो लाउनु, दाखिल गर्नु, प्रस्तुत गर्नु । **पेसाइ** (पेस्+आइ)-भा.ना.। **पेसाउनु**-प्रे.क्रि./स.क्रि.; पेस्न लाउनु, पेश गराउनु । **पेसाउ**-प्रे.धा.। **पेसाइनु**-पेसाउनुको क.क्रि.। **पेसाइ**-क.प्रे.धा.। **पेसिनु** -पेस्नुको क.क्रि.। **पेसि**-क.धा.। **पेसी, पेसेर, पेस्न, पेस्तै, पेसुन्जेल, पेस्दाखेरि**-कृ.अ.। **पेस्नू**-वि.। **पेसून्**-इ.। **पेस्ला** -स.। (स.क्रि. -आफ्नो नैसर्गिक अधिकार हनन भएकोले मैले अदालतमा रिट नेवेदन पेश गरें ।)

पैटनु-क्रि.मू.। **पैट**-आ.धा.। स.क्रि.; थन्क्याएको ठाउँबाट पहिलो पटक अन्न झिक्नु, खर्च गर्न प्रारम्भ गर्नु, सुरु गर्नु, थाल्नु, उपयोग गर्नु । **पैटाइ** (पैट+आइ)-भा.ना.। **पैटाउनु** -प्रे.क्रि./स.क्रि.; पैटन लाउनु, प्रारम्भ गराउनु । **पैटाउ**-प्रे.धा.। **पैटाइनु**-पैटाउनुको क.क्रि.। **पैटाइ**-क.प्रे.धा.। **पैटिनु**-पैटनुको क.क्रि.। **पैटि** -क.धा.। **पैटी, पैटेर, पैटन, पैटँदै, पैटुन्जेल, पैटँदाखेरि**-कृ.अ.। **पैटनू**-वि.। **पैटून्**-इ.। **पैटला**-स.। (स.क्रि.-किसानले हिजोदेखि गोदामको धान पैट्यो ।)

पैटिनु-क्रि.मू.। **पैटि** -आ.धा.। अ.क्रि.; थन्क्याएको ठाउँबाट पहिलो पटक अन्न झिक्नु, पैसा आदि खर्च गर्न निकालिनु, सुरु हुनु, थालिनु, उपयोगमा आउनु, खर्चिनु, प्रारम्भ हुनु । **पैट्याइ** (पैटि+आइ)-भा.ना.। **पैट्याउनु**-प्रे.क्रि./स.क्रि.; थाल्न लाउनु, उठान गराउनु, सुरु गराउनु । **पैट्याउ**-प्रे.धा.। **पैट्याइनु**-पैट्याउनुको क.क्रि.। **पैट्याइ**-भा.प्रे.धा.। **पैटिइनु** -पैटिनुको भा.क्रि.। **पैटिइ**-भा.धा.। **पैटिई, पैटिएर, पैटिन, पैटिँदै, पैटिउन्जेल, पैटिंदाखेरि**-कृ.अ.। **पैटिनू**-वि.। **पैटिऊन्**-इ.। **पैटेला**-स.। (अ.क्रि.-हिजोदेखि ठूलो भकारीको धान पैटियो ।)

पैट्याउनु-क्रि.मू.। **पैट्याउ**-आ.धा.। अ.क्रि.; उपयोगमा आउनु, खर्च गर्न थाल्नु । **पैट्याइ** (पैट्याउ+आइ)-भा.ना.। **पैट्याइनु**-पैट्याउनुको भा.क्रि.। **पैट्याइ**-भा.धा.। **पैट्याई, पैट्याएर, पैट्याउन, पैट्याउँदै, पैट्याउन्जेल, पैट्याउँदाखेरि**-कृ.अ.। **पैट्याउनू**-वि.। **पैट्याऊन्**-इ.। **पैट्याउला**-स.। (अ.क्रि.-सरकारले विकास कार्यमा रकम पैट्यायो ।)

पैठिनु-क्रि.मू.। **पैठि**-आ.धा.। अ.क्रि.; कुनै वस्तु खुट्टाको बलले थिचेर भित्र पस्नु । **पैठ्याइ** (पैठी+आइ)-भा.ना.। **पैठ्याउनु**-प्रे.क्रि./स.क्रि.; पैठिने तुल्याउनु, प्रवेश गराउनु, पसाउनु, घुसाउनु । **पैठ्याउ** -प्रे.धा.। **पैठ्याइनु**-पैठ्याउनुको क.क्रि.। **पैठ्याइ**-भा.प्रे.धा.। **पैठिइनु**-पैठिनुको भा.क्रि.। **पैठिइ** -भा.धा.। **पैठिई, पैठिएर, पैठिन, पैठिँदै, पैठिउन्जेल, पैठिंदाखेरि**- कृ.अ.। **पैठिनू**-वि.। **पैठिऊन्**-इ.। **पैठेला**-स.। (अ.क्रि.-'गोल स्तम्भ' भित्र भकुण्डो पैठियो ।)

पैन्हनु-क्रि.मू.। आ.धा.। स.क्रि.; हे. पहिरनु । **पैन्हाइ** (पैन्ह+आइ)-भा.ना.। **पैन्हाउनु**-प्रे.क्रि./स.क्रि.; पैन्हन लाउनु, पैराइ दिनु । **पैन्हाउ**-प्रे.धा.। **पैन्हाइनु**-पैन्हाउनुको क.क्रि.। **पैन्हाइ**-क.प्रे.धा.। **पैन्हिनु**-पैन्हनुको क.क्रि.। **पैन्हि**-क.धा.। **पैन्ही, पैन्हेर, पैन्हन, पैन्हदै, पैन्हुन्जेल, पैन्हँदाखेरि**-कृ.अ.। **पैन्हनू**-वि.। **पैन्हून्**-इ.। **पैन्हला** -स.। (स.क्रि.-बादशाहले बादशाही-पोशाक पैन्हे ।)

पोख्नु-क्रि.मू.। **पोख्**-आ.धा.। स.क्रि.; ढोल्नु, खन्याउनु, छर्नु, पसारो पार्नु, छिरोलो पार्नु । **पोखाइ** (पोख्+आइ)-भा.ना.। **पोखाउनु**-प्रे.क्रि./स.क्रि.; पोख्न लाउनु, पोखिने

तुल्याउनु । पोखाउ-प्रे.धा.। पोखाइनु-पोखाउनुको क.क्रि.। पोखाइ-क.प्रे.धा.। पोखिनु-पोख्नुको क.कि.। पोखि-क.धा.। पोखी, पोखेर, पोख्न, पोख्तै, पोखुन्जेल, पोख्दाखेरि-कृ.अ.। पोख्नू-वि.। पोखून्-इ.। पोख्ला-स.। (स.क्रि.-बहिनीले खानै लाग्दाको मही घ्वाप्लाक्क पोखी । देवकोटाले आफ्ना मनका भावनालाई काल्पनिक पाराले पोखे ।)

पोखिनु-क्रि.मू.। पोखि-आ.धा.। अ.क्रि.; छिरलिनु, छरिनु, दोलिनु, पोखाइमा पर्नु । पोख्याइ (पोखि+आइ)-भा.ना.। पोख्याउनु-प्रे.क्रि./स.क्रि., पोखाउनु । पोख्याउ-प्रे.धा.। पोख्याइनु-पोख्याउनुको क.क्रि.। पोख्याइ- भा.प्रे.धा.। पोखिइनु-पोखिनुको भा.क्रि.। पोखिइ-भा.धा.। पोखिई, पोखिएर, पोखिन, पोखिँदै, पोखिउन्जेल, पोखिंदाखेरि-कृ.अ.। पोखिनू-वि.। पोखिऊन्-इ.। पोखेला-स.। (अ.क्रि.-भाइको पोल्टाको सबै मकै-भटमास पोखियो ।)

पोटाउनु-क्रि.मू.। पोटाउ-आ.धा.। अ.क्रि.; धान आदि अन्नको बाला निस्कने वेला हुनु, पुष्ट भएर आउनु, पोटिलो हुनु, उक्सनु । पोटाइ (पोटाउ+आइ)-भा.ना.। पोटाइनु-पोटाउनुको भा.क्रि.। पोटाइ-भा.धा.। पोटाई, पोटाएर, पोटाउन, पोटाउँदै, पोटाउन्जेल, पोटाउँदाखेरि-कृ.अ.। पोटाउनू-वि.। पोटाऊन्-इ.। पोटाउला-स.। (अ.क्रि.-खेतमा धान पोटायो ।)

पोतर्नु-क्रि.मू.। पोतर्-आ.धा.। स.क्रि.; लेस्याइलो माटो आदि जथाभाबी दल्नु, लतपत्याउनु, लिप्नु, घस्नु । पोतराइ (पोतर्+आइ)-भा.ना.। पोतराउनु-प्रे.क्रि./स.क्रि.; पोतर्न लाउनु । पोतराउ-प्रे.धा.। पोतराइनु-पोतराउनुको क.क्रि.। पोतराइ-क.प्रे.धा.। पोतरिनु - पोतर्नुको क.क्रि.। पोतरि-क.धा.। पोतरी, पोतरेर, पोतर्न, पोतर्दै, पोतरुन्जेल, पोतर्दाखेरि-कृ.अ.। पोतर्नू-वि.। पोतरून्-इ.। पोतर्ला-स.। (स.क्रि.-केटाकेटीहरूले भित्ताभरि रङ पोतरे ।)

पोत्नु-क्रि.मू.। पोत्-आ.धा.। स.क्रि.; गोबरमाटो मुछेर घर लिप्नु, चन्दन आदि दल्नु, घस्नु, थोपर्नु, पोतर्नु । पोताइ (पोत्+आइ)-भा.ना.। पोताउनु-प्रे.क्रि./स.क्रि.; पोत्न लाउनु । पोताउ -प्रे.धा.। पोताइनु- पोताउनुको क.क्रि.। पोताइ-क.प्रे.धा.। पोतिनु-पोत्नुको क.क्रि.। पोति-क.धा.। पोती, पोतेर, पोत्न, पोत्तै, पोतुन्जेल, पोत्दाखेरि-कृ.अ.। पोत्नू-वि.। पोतून्-इ.। पोत्ला-स.। (स.क्रि.-तल्लो घरकी बुहारीले दैलो पोती ।)

पोल्नु-क्रि.मू.। पोल्-आ.धा.। स.क्रि.; डढाउनु, जलाउनु, सल्काउनु, आगोमा हालेर पकाउनु, अपराधमा मुछ्नु, पिरोले शरीर भवाउनु, रोग आदिले गर्दा शरीरमा दाह पैदा हुनु, डाह हुनु, अरूका गोप्य कुरा खोल्नु, चुक्ली लाउनु, पोल गर्नु । पोलाइ (पोल्+आइ)-भा.ना.। पोलाहा (पोल्+आहा)-विशे.। पोलाउनु -प्रे.क्रि./स.क्रि.; पोल्न लाउनु । पोलाउ-प्रे.धा.। पोलाइनु-पोलाउनुको क.क्रि.। पोलाइ-क.प्रे.धा.। पोलिनु-पोल्नुको क.क्रि./स.क्रि.; जलिनु, पोल्नु । पोलि-क.धा.। पोल्याइ (पोलि+आइ)-भा.ना.। पोलि, पोलेर, पोल्न, पोल्दै, पोलुन्जेल, पोल्दाखेरि-कृ.अ.। पोल्नू-वि.। पोलून्-इ.। पोल्ला-स.। (स.क्रि.-आगोले मेरो हात पोल्यो ।)

पोल्टिनु-क्रि.मू.। पोल्टि-आ.धा.। अ.क्रि.; केही वस्तु पोल्टामा पर्नु । पोल्ट्याइ (पोल्टि+आइ)-भा.ना.। पोल्ट्याउनु-प्रे.क्रि./स.क्रि.; पोल्टो भर्न लाउनु, पोल्टामा हाल्नु, पोल्टो भर्नु । पोल्ट्याउ -प्रे.धा.। पोल्ट्याइ (पोल्ट्याउ+आइ)-भा.ना.। पोल्ट्याइनु -पोल्ट्याउनुको क.क्रि.। पोल्ट्याइ-भा.प्रे.धा.। पोल्टिइनु-पोल्टिनुको भा.क्रि.। पोल्टिइ-भा.धा.। पोल्टिई, पोल्टिएर, पोल्टिन, पोल्टिँदै, पोल्टिउन्जेल, पोल्टिंदाखेरि-कृ.अ.। पोल्टिनू-वि.। पोल्टिऊन्-इ.। पोल्टेला-स.। (अ.क्रि.-सामाजिक सम्पत्ति व्यक्तिगत रूपमा पोल्टियो ।)

पोसिनु-क्रि.मू.। पोसि-आ.धा.। अ.क्रि.; पालिनु, मोटाउनु, पोस लाग्नु । पोस्याइ (पोसि+आइ)-भा.ना.। पोस्याउनु-प्रे.क्रि./स.क्रि.; पोस्न लाउनु, पोसिलो तुल्याउनु । पोस्याउ-प्रे.धा.। पोस्याइनु-पोस्याउनुको क.क्रि.। पोस्याइ-भा.प्रे.धा.। पोसिइनु-पोसिनुको भा.क्रि.। पोसिइ-भा.धा.। पोसिई, पोसिएर, पोसिन, पोसिँदै, पोसिउन्जेल, पोसिंदाखेरि-कृ.अ.। पोसिनू-वि.। पोसिऊन्-इ.। पोसेला-स.। (अ.क्रि.-यो सालभने हरिबहादुर पोसियो ।)

पोस्नु-क्रि.मू.। पोस्-आ.धा.। स.क्रि.; पालनपोषण गर्नु, हृष्टपुष्ट पार्नु, मोटो पार्नु, मनपरेकालाई धनमाल आदि दिनु । पोसाइ (पोस्+आइ)-भा.ना.। पोसाउनु- प्रे.क्रि./स.क्रि.; पोस्न लाउनु, पोसिलो पार्नु । पोसाउ-प्रे.धा.। पोसाइनु-पोसाउनुको क.क्रि.। पोसाइ-क.प्रे.धा.। पोसिनु-पोस्नुको क.कि । पोसि-क.धा.। पोसी, पोसेर, पोस्न, पोस्तै, पोसुन्जेल, पोस्दाखेरि-कृ.अ.। पोस्नू-वि.। पोसून्-इ.। पोस्ला-स.। (स.क्रि.-मन बहादुर तामाङले बङ्गुरलाई पोस्यो ।)

पाँचनु-क्रि.मू.। पाँच-आ.धा.। अ.क्रि.; सामेल हुनु, ताकेका ठाउँमा पुग्नु । पाँचाइ (पाँच+आइ)-भा.ना.। पाँचाउनु-प्रे.क्रि./स.क्रि.; पुऱ्याउनु, सामेल गराउनु ।

पँचाउ-प्रे.धा.। **पँचिनु**-पौँचनुको भा.क्रि.। **पँचि**-भा.धा.। **पँची, पँचेर, पँचन, पँचँदै, पँचुन्जेल, पँचँदाखेरि**-कृ.अ.। **पँचनू**-वि.। **पँचून्**-इ.। **पँचला**-स.। अ.क्रि.-पर्वतारोहीहरू एघाऱ्हौं दिनमा सगरमाथामाथि पौँचे ।)

पौडनु-क्रि.मू.। **पौड**-आ.धा.। अ.क्रि.; पानीमा हातगोडा चलाएर उत्रनु, हातगोडा चलाई पानीमा उत्रेर खेल्नु, पानीमा तैरेर हातगोडा खियाउनु, पौडी खेल्नु, पौडिनु । **पौडाइ** (पौड+आइ)-भा.ना.। **पौडाउनु**-प्रे.क्रि./स.क्रि.; पौडन लाउनु, पौडने पार्नु । **पौडाउ**-प्रे.धा.। **पौडाइनु**-पौडाउनुको क.क्रि.। **पौडाइ**-भा.प्रे.धा.। **पौडिनु**-पौडनुको भा.क्रि.। **पौडि**-भा.धा.। **पौडी, पौडेर, पौडन, पौँडँदै, पौडुन्जेल, पौँडँदाखेरि**-कृ.अ.। **पौडनू**-वि.। **पौडून्**-इ.। **पौडला**-स.। (अ.क्रि.-माछा पानीमा पौड्यो ।)

पौडिनु-क्रि.मू.। **पौडि**-आ.धा.। अ.क्रि.; हे. पौडनु । **पौड्याइ** (पौडि+आइ)-भा.ना.। **पौड्याउनु**- प्रे.क्रि./स.क्रि.; पौडाउनु । **पौड्याउ**-प्रे.धा.। **पौड्याइनु**-पौड्याउनुको क.क्रि.। **पौड्याइ**-भा.प्रे.धा.। **पौडिइनु** -पौडिनुको भा.क्रि.। **पौडिइ** -भा.धा.। **पौडिई, पौडिएर, पौडिन, पौडिँदै, पौडिउन्जेल, पौडिंदाखेरि**-कृ.अ.। **पौडिनू**-वि.। **पौडिऊन्**-इ.। **पौडेला**-स.। (अ.क्रि.-माझीहरू नारायणीमा पौडिए ।)

पौरनु-क्रि.मू.। **पौर**-आ.धा.। अ.क्रि.; हे. पौडनु । (अ.क्रि.-फेवातालमा गाईवस्तु पौरे ।)

प्याकप्याकिनु-क्रि.मू.। **प्याकप्याकि**-आ.धा.। अ.क्रि.; प्याकप्याक हुनु, सास जाने बेला हुनु, खान नपाएर प्याकप्याक पर्नु, खाँचो परेर रन्यनिनु । **प्याकप्यक्याइ** (प्याकप्याकि+आइ)-भा.ना.। **प्याकप्याकिइनु**- प्याकप्याकिनुको भा.क्रि.। **प्याकप्याकिइ**-भा.धा.। **प्याकप्याकिई, प्याकप्याकिएर, प्याकप्याकिन, प्याकप्याःकिदै, प्याकप्याकिउन्जेल, प्याकप्याकिंदाखेरि**-कृ.अ.। **प्याकप्याकिनू**-वि.। **प्याकप्याकिऊन्**-इ.। **प्याकप्याकेला**-स.। (अ.क्रि.-भोकमरीमा धेरै गरीबहरू प्याकप्याकिए ।)

प्यूनु-क्रि.मू.। **प्यू**-आ.धा.। स.क्रि.; हे. पिउनु । **प्याइ** (प्यू+आइ)-भा.ना.। **प्याउनु**-प्रे.क्रि./स.क्रि.; पियाउनु । **प्याउ**-प्रे.धा.। **प्याइनु**-प्याउनुको क.क्रि.। **प्याइ**-क.प्रे.धा.। **पिइनु**-प्यूनुको क.क्रि.। **पिइ**-क.धा.। **पिई, पिएर, प्यूँदै, प्यून, पिउन्जेल, प्यूउँदाखेरि**-कृ.अ.। **प्यूनू**-वि.। **पिऊन्**-इ.। **प्यूला**-स.। (स.क्रि.-बच्चाले दूध पियो ।)

प्रस्टिनु-क्रि.मू.। **प्रस्टि**-आ.धा.। अ.क्रि.; खुलस्त हुनु, छर्लङ्गिनु, प्रष्ट हुनु । **प्रस्ट्याइँ** (प्रस्टि+आइँ), **प्रस्ट्याइ** (प्रस्टि+आइ)-भा.ना.। **प्रस्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; प्रष्ट पार्नु, खुलस्त्याउनु । **प्रस्ट्याउ**-प्रे.धा.। **प्रस्ट्याइनु**-प्रस्ट्याउनुको क.क्रि.। **प्रस्ट्याइ** -भा.प्रे.धा.। **प्रस्टिइनु**-प्रस्टिनुको भा.क्रि.। **प्रस्टिइ** -भा.धा.। **प्रस्टिई, प्रस्टिएर, प्रस्टिन, प्रस्टिँदै, प्रस्टिउन्जेल, प्रस्टिंदाखेरि**-कृ.अ.। **प्रस्टिनू**-वि.। **प्रस्टिऊन्**-इ.। **प्रस्टेला**-स.। (अ.क्रि.-रुसको विखण्डनपछि पो साम्यवादको यथार्थता प्रस्टियो ।)

प्रस्फुटिनु-क्रि.मू.। **प्रस्फुटि**-आ.धा.। अ.क्रि.; विकसित हुनु, प्रफुल्ल हुनु, उम्रिनु, प्रकट हुनु, प्रस्फुटन हुनु । **प्रस्फुट्याइ** (प्रस्फुटि+आइ)-भा.ना.। **प्रस्फुट्याउनु**-प्रे.क्रि./स.क्रि.; प्रस्फुटिने पार्नु । **प्रस्फुट्याउ**-प्रे.धा.। **प्रस्फुट्याइनु**-प्रस्फुट्याउनुको क.क्रि.। **प्रस्फुट्याइ**-भा.प्रे.धा.। **प्रस्फुटिइनु**-प्रस्फुटिनुको भा.क्रि.। **प्रस्फुटिइ**-भा.धा.। **प्रस्फुटी, प्रस्फुटेर, प्रस्फुटिन, प्रस्फुटिँदै, प्रस्फुटिउन्जेल, प्रस्फुटिंदाखेरि**-कृ.अ.। **प्रस्फुटिनू**- वि.। **प्रस्फुटिऊन्**-इ.। **प्रस्फुटेला**-स.। (अ.क्रि.-जनताका देशप्रेमका भावना प्रस्फुटिए ।)

फ

फँकिनु-क्रि.मू.। **फँकि** -आ.धा.। अ.क्रि.; फाँको हुनु, फाँको मारी खाइनु, फाँको हालिनु । **फँक्याइ** (फँकि+आइ)-भा.ना.। **फँक्याउनु**- प्रे.क्रि./स.क्रि.; फक्क्याउनु, फाँको मार्नु । **फँक्याउ** -प्रे.धा.। **फँक्याइनु**-फँक्याउनुको क.क्रि.। **फँक्याइ**-भा.प्रे.धा.। **फँकिइनु**-फँकिनुको भा.क्रि.। **फँकिइ** -भा.धा.। **फँकिई, फँकिएर, फँकिन, फँकिँदै, फँकिउन्जेल, फँकिंदाखेरि**-कृ.अ.। **फँकिनू**-वि.। **फँकिऊन्**-इ.। **फँकेला**-स.। (अ.क्रि.-अनतीको खट्टे फँकियो ।)

फँक्किनु-क्रि.मू.। **फँक्कि** -आ.धा.। अ.क्रि.; हे. फँकिनु । **फँक्क्याइ** (फँक्कि+आइ)-भा.ना.। **फँक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; फँक्याउनु । **फँक्क्याउ**-प्रे.धा.। **फँक्क्याइनु**-फँक्क्याउनुको क.कि.। **फक्क्याइ**-भा.प्रे.धा.। **फँक्किइनु**-फँक्किनुको भा.क्रि.। **फँक्किइ**- भा.धा.। **फँक्किई, फँक्किएर, फँक्किन, फँक्किँदै, फँक्किउन्जेल, फँक्किंदाखेरि**-कृ.अ.। **फँक्किनु**-वि.। **फँक्किऊन्**- इ.। **फँक्केला**-स.। (अ.क्रि.-खट्टे जति सबै फँक्कियो ।)

फँस्नु-क्रि.मू.। **फँस्**-आ.धा.। अ.क्रि.; हे. फस्नु । **फँसाइ**

(फँस्+आइ)-भा.ना.। **फँसाउनु**-प्रे.क्रि./स.क्रि.; फँस्न लाउनु, फसाउनु । **फँसाउ**-प्रे.धा.। **फँसाइनु**-फँसाउनुको क.क्रि.। **फँसाइ**-भा.प्रे.धा.। **फँसिनु**-फँस्नुको भा.क्रि.। **फँसि**-भा.धा.। **फँसी, फँसेर, फँस्न, फँस्दै, फँसुन्जेल, फँस्दाखेरि**-कृ.अ.। **फँस्नू**-वि.। **फँसून्**-इ.। **फँस्ला**-स.। (अ.क्रि.-धेरै नेपाली चेलीहरू तस्करहरूको जालमा फँसे ।)

फकफकाउनु-क्रि.मू.। **फकफकाउ** -आ.धा.। अ.क्रि.; फकफकाउँदो हुनु, लेसाइलो नभएर बुरबुराउँदो हुनु । स.क्रि.; फकफक शब्द निकाल्नु, फकफक शब्द गर्नु । **फकफकाइ** (फकफकाउ+आइ)-भा.ना.। **फकफकाइनु**-फकफकाउनुको भा.क्रि.। **फकफकाइ**-भा.धा.। **फकफकाई, फकफकाएर, फकफकाउन, फकफकाउँदै, फकफकाउन्जेल, फकफकाउँदाखेरि**-कृ.अ.। **फकफकाउनू**-वि.। **फकफकाऊन्**-इ.। **फकफकाउला**-स.। (अ.क्रि.-उसिनेको पिँडालु राम्ररी फकफकायो । स.क्रि.-धानमिलले फकफक शब्द फकफकायो ।)

फकफकिनु-क्रि.मू.। **फकफकि**-आ.धा.। अ.क्रि.; फकफकाउनु । **फकफक्याइ**-(फकफकि+आइ)-भा.ना.। **फकफकिइनु**-फकफकिनुको भा.क्रि.। **फकफकिइ**-भा.धा.। **फकफकिई, फकफकिएर, फकफकिन, फकफकिँदै, फकफकिउन्जेल, फकफकिंदाखेरि**-कृ.अ.। **फकफकिनू**-वि.। **फकफकिऊन्**-इ.। **फकफकेला**-स.। (अ.क्रि.-उसिनेको आलु फकफकियो ।)

फकाउनु-क्रि.मू.। **फकाउ** -आ.धा.। स.क्रि.; लोभमा फसाउनु, लोभ्याउनु, फुस्ल्याउनु, मनाउनु, फुल्याउनु । **फकाइ** (फकाउ+आइ)-भा.ना.। **फकाइनु**-फकाउनुको क.क्रि.। **फकाइ**-क.धा.। **फकाई, फकाएर, फकाउन, फकाउँदै, फकाउन्जेल, फकाउँदाखेरि**-कृ.अ.। **फकाउनू**-वि.। **फकाऊन्**-इ.। **फकाउला**-स.। (स.क्रि.-गाउँ-गाउँमा मोटर-बाटो ल्याउँछौं भनेर पंचायती शासकले नेपाली जनतालाई फकायो ।)

फकार्नु-क्रि.मू.। **फकार्**-आ.धा.। स.क्रि.; अनार-दारिमका बिजुला केलाउनु, अनार-दारिम आदि छोडाउनु । **फकराइ** (फकार् +आइ)-भा.ना.। **फकारिनु** -फकार्नुको क.क्रि.। **फकारि**-क.धा.। **फकारी, फकारेर, फकार्न, फकार्दै, फकारुन्जेल, फकार्दाखेरि**-कृ.अ.। **फकार्नू**-वि.। **फकारून्**-इ.। **फकार्ला**-स.। (स.क्रि.-तिनीहरूले दारिम फकारे ।)

फकिनु-क्रि.मू.। **फकि**-आ.धा.। अ.क्रि.; अर्काको फकाइमा लाग्नु, अर्काको फुस्ल्याइँमा परिनु । **फक्याइ** (फकि+आइ)-भा.ना.। **फक्याउनु**-प्रे.क्रि./स.क्रि.; फकिने पार्नु । **फक्याउ**-प्रे.धा.। **फक्याइनु**-फक्याउनुको क.क्रि.। **फक्याइ**-भा.प्रे.धा.। **फकिइनु**-फकिनुको भा.क्रि.। **फकिइ**-भा.धा.। **फकिई, फकिएर, फकिन, फकिँदै, फकिउन्जेल, फकिंदाखेरि**-कृ.अ.। **फकिनू**-वि.। **फकिऊन्**-इ. **फकेला**-स.। (अ.क्रि.-धेरै ग्रामीण महिलाहरू लोभलालचमा फकिए ।)

फक्क्याउनु-क्रि.मू.। **फक्क्याउ**-आ.धा.। स.क्रि.; फँक्याउनु, फाँको मार्नु, केस्रा छुट्ट्याउनु । **फक्क्याइ** (फक्क्याउ+आइ)-भा.ना.। **फक्क्याइनु**-फक्क्याउनुको क.क्रि.। **फक्क्याइ**-क.धा.। **फक्क्याई, फक्क्याएर, फक्क्याउन, फक्क्याउँदै, फक्क्याउन्जेल, फक्क्याउँदाखेरि**-कृ.अ.। **फक्क्याउनू**-वि.। **फक्क्याऊन्**-इ.। **फक्क्याउला**-स.। (स.क्रि.-भोक लागेपछि मैले खट्टे फक्क्याएँ ।)

फक्रनु-क्रि.मू । **फक्र**-आ.धा.। अ.क्रि.; ढकमक्क, हुनु, कोपिला विकसित भएर राम्ररी फुल्नु, फक्रिनु । **फक्राइ** (फक्र+आइ)-भा.ना.। **फक्राउनु**-प्रे.क्रि./स.क्रि.; फक्रने पार्नु । **फक्राउ**-प्रे.धा.। **फक्राइनु**-फक्राउनुको क.क्रि.। **फक्राइ**-भा.प्रे.धा.। **फक्रिनु**-फक्रनुको भा.क्रि./अ.क्रि.; ढकमक्क फुलिनु, फक्रनु । **फक्रि**-भा.धा.। **फक्र्याइ** (फक्रि+आइ)-भा.ना.। **फक्री, फक्रेर, फक्रन, फक्रँदै, फक्रुन्जेल, फक्रँदाखेरि**-कृ.अ.। **फक्रनू**-वि.। **फक्रून्**-इ .। **फक्रला**-स.। (अ.क्रि.-बारीको डिलमा सयपत्री फक्र्यो ।)

फच्चिनु-क्रि.मू.। **फच्चि**-आ.धा.। अ.क्रि.; लेनदेन बाँकी नरहनु, फच्चे हुनु । **फच्च्याइ** (फच्चि+आइ)-भा.ना.। **फच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; फछ्र्याउनु, लेनदेन चुक्ता गर्नु, हिसाब बाँकी नराख्नु । **फच्च्याउ**-प्रे.धा.। **फच्च्याइनु**-फच्च्याउनुको क.क्रि.। **फच्च्याइ**-भा.प्रे.धा.। **फच्चिइनु**-फच्चिनुको भा.क्रि.। **फच्चिइ**-भा.धा.। **फच्चिई, फच्चिएर, फच्चिन, फच्चिँदै, फच्चिउन्जेल, फच्चिंदाखेरि**-कृ.अ.। **फच्चिनू**- वि.। **फच्चिऊन्**-इ.। **फच्चेला**-स.। (अ.क्रि.-खेतको फोटो सुम्पिएपछि साहूको ऋण बल्ल फच्चियो ।)

फच्छ्याउनु क्रि.मू.। **फच्छ्याउ**-आ.धा.। स.क्रि.; फच्च्याउनु । **फच्छ्याइ** (फच्छ्याउ+आइ)-भा.ना.। **फच्छ्याइनु**-फच्छ्याउनुको क.क्रि.। **फच्छ्याइ**-क.धा.। **फच्छ्याई, फच्छ्याएर, फच्छ्याउन, फच्छ्याउँदै, फच्छ्याउन्जेल, फच्छ्याउँदाखेरि**-कृ.अ.। **फच्छ्याउनू**-वि.। **फच्छ्याऊन्**-इ.। **फच्छ्याउला**-स.। (स.क्रि.-त्यसले

भैंसीको-थैली (रकम) फच्छ्यायो ।)

फटफटाउनु-क्रि.मू.। **फटफटाउ**-आ.धा.। अ.क्रि.; फटफट आवाज निकाल्नु, चराहरूले पखेटा हल्लाउँदा वा पशुहरूले कान चलाउँदा फटफट शब्द निस्कनु, हतपताउनु, तुलबुलाउनु, छटपटाउनु, फटफटिनु, आत्तिनु । **फटफटाइ** (फटफटाउ+आइ)-भा.ना.। **फटफटाइनु**-फटफटाउनुको भा.क्रि.। **फटफटाइ** -भा.धा.। **फटफटाई, फटफटाएर, फटफटाउन, फटफटाउँदै, फटफटाउन्जेल, फटफटाउँदाखेरि**-कृ.अ.। **फटफटाउनू**-वि.। **फटफटाऊन्**-इ.। **फटफटाउला**-स.। (अ.क्रि.-बोकाको कान फटफटायो ।)

फटफटिनु-क्रि.मू.। **फटफटि** -आ.धा.। अ.क्रि.; हे. फफटाउनु । **फटफट्याइ** (फटफटि+आइ)-भा.ना.। **फटफट्याउनु**-प्रे.क्रि./स.क्रि.; फटफटिने पार्नु, छटपट्याउनु, फटफट शब्द निकाल्नु । **फटफट्याउ**-प्रे.धा.। **फटफट्याइनु**-फटफट्याउनुको क.क्रि.। **फटफट्याइ**-भा.प्रे.धा.। **फटफटिइनु**-फटफटिनुको भा.क्रि.। **फटफटिइ**- भा.धा.। **फटफटिई, फटफटिएर, फटफटिन, फटफटिँदै, फटफटिउन्जेल, फटफटिंदाखेरि**-कृ.अ.। **फटफटिनू**-वि.। **फटफटिऊन्**-इ.। **फटफटेला**-स.। (अ.क्रि.-चरनमा जान ढिलो हुँदा गाईभैंसी फटफटिए ।)

फट्कनु-क्रि.मू.। **फट्क**-आ.धा.। अ.क्रि.; फड्को हाल्नु, उछिट्टिनु, उफ्रेर जानु, उम्कनु । स.क्रि., फटक्क फड्को मार्नु, उफ्रेर नाघ्नु, कपास धुन्नु वा सफा गर्नु, फड्कनु, निफन्नु । **फट्काइ** (फट्क+आइ)-भा.ना.। **फट्काउनु**-प्रे.कि./स.क्रि.; फट्कन लगाउनु । **फट्काइ** -भा.प्रे.धा./क.प्रे.धा.। **फट्किनु**-फट्कनुको भा.क्रि./क.क्रि.। **फट्कि**-भा.धा./क.धा.। **फट्की, फट्केर, फट्कन, फट्कँदै, फट्कुन्जेल, फट्कँदाखेरि**-कृ.अ.। **फट्कनू**-वि.। **फट्कून्**-इ.। **फट्कला**-स.। (अ.क्रि. -टुँडिखेलको दौडमा घोडा फटक्क-फटक्क फट्क्यो ।)

फट्कार्नु-क्रि.मू.। **फट्कार्**- आ.धा.। स.क्रि.; झाँट्नु, झट्कार्नु, टकटक्याउनु, डाँट्नु, हप्काउनु, अमिलो आदिको स्वाद लिंदा जिभ्रो बजाउनु । **फट्कराइ** (फट्कार्+आइ)-भा.ना.। **फट्कारिनु**-फट्कार्नुको, क.क्रि.। **फट्कारि**-क.धा.। **फट्कारी, फट्कारेर, फट्कार्न, फट्कार्दै, फट्कारुन्जेल, फट्कार्दाखेरि**-कृ.अ.। **फट्कार्नू**-वि.। **फट्कारून्**-इ.। **फट्कार्ला**-स.। (स.क्रि.; बाखोको रगत चाटेर स्यालले जिब्रो फट्कार्यो ।)

फट्टनु-क्रि.मू.। **फट्ट**-आ.धा.। अ.क्रि.; अलग हुनु, छुट्टिनु, धाँदो पर्नु, चर्कनु, चिरिनु । **फट्टाइ** (फट्ट+आइ), (फट्टाउ+आइ)-भा.ना.। **फट्टाउनु**-प्रे.क्रि./स.क्रि.; फट्टिने पार्नु, छुट्ट्याउनु, अलग्याउनु । **फट्टाउ**-प्रे.धा.। **फट्टाइनु**-फट्टाउनुको क.क्रि.। **फट्टाइ**-भा.प्रे.धा.। **फट्टिनु**-फट्टनुको भा.क्रि.। **फट्टि** -भा.धा.। **फट्टी, फट्टेर, फट्टन, फट्टँदै, फट्टुन्जेल, फट्टँदाखेरि**-कृ.अ.। **फट्टनू**-वि.। **फट्टून्**-इ.। **फट्टला**-स.। (अ.क्रि.-चैतको धूपमा खेतका गराहरू फट्टे ।)

फट्टाउनु -क्रि.मू.। **फट्टाउ**-आ.धा.। स.क्रि.; अलग पार्नु, छुट्ट्याउनु । अ.क्रि.; धाँदो पर्नु, चर्कनु, चिरिनु । **फट्टाइ** (फट्टाउ+आइ)-भा.ना.। **फट्टाइनु**-फट्टाउनुको क.क्रि./भा.क्रि.। **फट्टाइ** -क.धा./भा.धा.। **फट्टाई, फट्टाएर, फट्टाउन, फट्टाउँदै, फट्टाउन्जेल, फट्टाउँदाखेरि**-कृ.अ.। **फट्टाउनू**-वि.। **फट्टाऊन्**-इ. **फट्टाउला**-स.। (स.क्रि.-कबाजमा उभिएका सिपाहीहरूले टाङ फट्टाए । अ.क्रि.-भूकम्प जाँदा धेरै घरहरू फट्टाए ।)

फट्टिनु-क्रि.मू.। **फट्टि**-आ.धा.। अ.क्रि.; नलेप्सिईकन रहनु, नजोडिई छुट्टिएर रहनु, जमिन आदि चिरिएर धाँजा पर्नु, चर्कनु । **फट्ट्याइ** (फट्टि+आइ)-भा.ना.। **फट्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; फट्टिने पार्नु, छुट्ट्याउनु । **फट्ट्याउ**-प्रे.धा.। **फट्ट्याइनु**- फट्ट्याउनुको क.क्रि.। **फट्ट्याइ**-भा.प्रे.धा.। **फट्टिइनु**-फट्टिनुको भा.क्रि.। **फट्टिइ**-भा.धा.। **फट्टिई, फट्टिएर, फट्टिन, फट्टिँदै, फट्टिउन्जेल, फट्टिंदाखेरि**-कृ.अ.। **फट्टिनू**-वि.। **फट्टिऊन्**- इ.। **फट्टेला**-स.। (अ.क्रि.-घचेट्ता घरको ढोका फट्टियो ।)

फड्कनु-क्रि.मू.। **फड्क**-आ.धा.। स.क्रि.; हे. फट्कनु । **फड्काइ** (फड्क+आइ)-भा.ना.। **फड्काउनु**-प्रे.क्रि./स.क्रि.; फड्कन लाउनु । **फड्काउ**-प्रे.धा.। **फड्काइनु**-फड्काउनुको क.क्रि.। **फड्काइ** - क.प्रे.धा.। **फड्किनु**-फड्कनुको क.क्रि.। **फड्कि** -क.धा.। **फड्की, फड्केर, फड्कन, फड्कँदै, फड्कुन्जेल, फड्कँदाखेरि**-कृ.अ.। **फड्कनू**-वि.। **फड्कून्**-इ.। **फड्कला**-स.। (स.क्रि.-बाँदरले अँधेरी खोलो फड्क्यो ।)

फतफताउनु-कि.मू.। **फतफताउ** -आ.धा.। अ.क्रि.; अरूलाई झर्को लाग्ने गरी व्यर्थमा बोलि रहनु, फतफत गर्नु, कचकच गर्नु, गनगनाउनु, भुतभुताउनु, बकबक गर्नु । **फतफताइ** (फतफताउ+आइ)-भा.ना.। **फतफताइनु**-फतफताउनुको भा.क्रि.। **फतफताइ**-भा.धा.। **फतफताई, फतफताएर, फतफताउन, फतफताउँदै, फतफताउन्जेल, फतफताउँदाखेरि**-कृ.अ.। **फतफताउनू**-वि.। **फतफताऊन्**-इ.। **फतफताउला**-स.। (अ.क्रि.-मेलामा

कोलडाँडाकी जेठी दिनभरि फतफताई ।)

फतरिनु-क्रि.मू.। **फतरि**-आ.धा.। अ.क्रि.; फतफताउनु, व्यर्थका मन नपर्ने कुरा गर्नु, फतरफतर गर्नु । **फतऱ्याइ** (फतरि+आइ)-भा.ना.। **फतऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; फतरिन लाउनु, फतरिने पार्नु । **फतऱ्याउ**-प्रे.धा.। **फतऱ्याइनु**-फतऱ्याउनुको क.क्रि.। **फतऱ्याइ**-भा.प्रे.धा.। **फतरिइनु**-फतरिनुको भा.क्रि.। **फतरिइ**-भा.धा.। **फतरिई, फतरिएर, फतरिन, फतरिँदै, फतरिउन्जेल, फतरिंदाखेरि**-कृ.अ.। **फतरिनू**-वि.। **फतरिऊन्**-इ.। **फतरेला**-स.। (अ.क्रि.-गाउँ-सभामा दुवाडी ढुण्डे खूब फतरियो ।)

फतल्नु-क्रि.मू.। **फतल्**-आ.धा.। स.क्रि.; फेट्नु, फाउनु, फाँड्नू, हुँडल्नु । **फतलाइ** (फतल्+आइ)-भा.ना.। **फतलाउनु**-प्रे.क्रि./स.क्रि.; फतल्न लाउनु । **फतलाउ**-प्रे.धा.। **फतलाइनु**-फतलाउनुको क.क्रि.। **फतलाइ**-क.प्रे.धा.। **फतलिनु** -फतल्नुको क.क्रि.। **फतलि**-क.धा.। **फतली, फतलेर, फतल्न, फतल्दै, फतलुन्जेल, फतल्दाखेरि**-कृ.अ.। **फतल्नू**-वि.। **फतलून्**-इ.। **फतल्ला**-स.। (स.क्रि.-रोटी पकाउनका निमित्त भाउजूले पीठो फतलिन् ।)

फत्कनु-क्रि.मू.। **फत्क**-आ.धा.। अ.क्रि.; फतफत गरी पाक्नु, छट्कनु, गद्कनु, फत्किनु । **फत्काइ** (फत्क+आइ)-भा.ना.। **फत्काउनु**-प्रे.क्रि./स.क्रि.; फत्कने पार्नु, फत्कने गरी पकाउनु । **फत्काउ** -प्रे.धा.। **फत्काइनु** -फत्काउनुको क.क्रि.। **फत्काइ**-भा.प्रे.धा.। **फत्किनु**-फत्कनुको भा.क्रि./अ.क्रि.; फतफत पाकिनु, छड्किनु, फत्कनु । **फत्कि**- भा.धा.। **फत्क्याइ** (फत्कि+आइ)-भा.ना.। **फत्की, फत्केर, फत्कन, फत्कँदै, फत्कुन्जेल, फत्कँदाखेरि**-कृ.अ.। **फत्कनू**-वि.। **फत्कून्**-इ.। **फत्कला**-स.। (अ.क्रि.-चुलोमा बसाएको मकैको भात फत्क्यो ।)

फनफनाउनु-क्रि.मू.। **फनफनाउ**-आ.धा.। अ.क्रि.; फनफन घुम्नु, रिङ्नु, फन्कनु, झोंकिनु, रिसाउनु । **फनफनाइ** (फनफनाउ+आइ)-भा.ना.। **फनफनाइनु**-फनफनाउनुको भा.क्रि.। **फनफनाइ** -भा.धा.। **फनफनाई, फनफनाएर, फनफनाउन, फनफनाउँदै, फनफनाउन्जेल, फनफनाउँदाखेरि**-कृ.अ.। **फनफनाउनू**-वि.। **फनफनाऊन्**-इ.। **फनफनाउला**-स.। (अ.क्रि.-काप्रे खोलामा पानी-घट्ट फनफनायो ।)

फनफनिनु-कि.मू.। **फनफनि**-आ.धा.। अ.क्रि.; फनफनाउनु । **फनफन्याइ** (फनफनि+आइ)-भा.ना.। **फनफनिइनु**-फनफनिनुको भा.क्रि.। **फनफनिइ** -भा.धा.। **फनफनिई, फनफनिएर, फनफनिन, फनफनिँदै, फनफनिउन्जेल, फनफनिंदाखेरि**-कृ.अ.। **फनफनिनू**-वि.। **फनफनिऊन्** -इ.। **फनफनेला**-स.। (अ.क्रि.-किसानको घरको पिंढीमा जाँतो फनफनियो ।)

फन्कनु-क्रि.मू.। **फन्क**-आ.धा.। अ.क्रि.; रिसले मुन्टो बटार्नु, जङ चल्नु, रिस देखाउनु । **फन्काइ** (फन्क+आइ)-भा.ना.। **फन्काउनु**-प्रे.क्रि./स.क्रि.; फन्कन लाउनु, फन्कने पार्नु, घुमाउनु, रिँगाउनु । **फन्काउ**-प्रे.धा.। **फन्काइनु**-फन्काउनुको क.क्रि.। **फन्काइ**-भा.प्रे.धा.। **फन्किनु**-फन्कनुको भा.क्रि.। अ.क्रि.; रिसले मुन्टो बटारिनु, फन्कनु । **फन्कि**-भा.धा.। **फन्क्याइ** (फन्कि+आइ)-भा.ना.। **फन्की, फन्केर, फन्कन, फन्कँदै, फन्कुन्जेल, फन्कँदाखेरि**-कृ.अ.। **फन्कनू**-वि.। **फन्कून्**-इ.। **फन्कला**-स.। (अ.क्रि.-रिसको झोंकमा दलबहादुर नराम्ररी फन्क्यो ।)

फरफराउनु-क्रि.मू.। **फरफराउ**-आ.धा.। अ.क्रि.; फरफर गरी हल्लनु, अङ्गस्फुरण हुनु, फुर्नु, फहराउनु । **फरफराइ** (फरफराउ+आइ)-भा.ना.। **फरफराइनु**-फरफराउनुको भा.क्रि.। **फरफराइ**-भा.धा.। **फरफराई, फरफराएर, फरफराउन, फरफराउँदै, फरफराउन्जेल, फरफराउँदाखेरि**-कृ.अ.। **फरफराउनू**-वि.। **फरफराऊन्**-इ.। **फरफराउला**-स.। (अ.क्रि.-पृथ्वी शिखर सम्मेलनमा धेरै देशका झण्डाहरू फरफराए ।)

फर्कनु-क्रि.मू.। **फर्क**-आ.धा.। अ.क्रि.; प्रत्यागमन गर्नु, फिर्नु, गएकै बाटो फेरि आउनु, उल्टिनु, गुमिसकेको वस्तु फेरि आउनु । **फर्काइ** (फर्क+आइ)-भा.ना.। **फर्काउनु**-प्रे.क्रि./स.क्रि.; फर्कन लाउनु । **फर्काउ**-प्रे.धा.। **फर्काइनु**-फर्काउनुको क.क्रि.। **फर्काइ**-भा.प्रे.धा.। **फर्किनु**-फर्कनुको भा.क्रि./अ.क्रि.; फर्केर आइनु, फिरिनु । **फर्कि**-भा.धा.। **फर्क्याइ** (फर्कि+आइ)-भा.ना.। **फर्की, फर्केर, फर्कन, फर्कँदै, फर्कुन्जेल, फर्कँदाखेरि**-कृ.अ.। **फर्कनू**-वि । **फर्कून्**-इ.। **फर्कला**-स.। (अ.क्रि.-पृथ्वी नारायण शाह मकवानपुरबाट असन्तुष्ट भई फर्के ।)

फर्छिनु-क्रि.मू.। **फर्छि**-आ.धा.। अ.क्रि.; लेनदेनको हिसाब चुक्ता हुनु, फार्छे हुनु, काम कुरा समाप्त हुनु, सिद्धिनु, फर्सिनु । **फर्छ्याइ** (फर्छि+आइ)-भा.ना.। **फर्छ्याउनु**-प्रे.क्रि./स.क्रि.; फर्स्याउनु । **फर्छ्याउ**-प्रे.धा.। **फर्छ्याइनु**-फर्छ्याउनुको क.क्रि.। **फर्छ्याइ**-भा.प्रे.धा.। **फर्छिइनु**-फर्छिनुको भा.क्रि.। **फर्छिइ**-भा.धा.। **फर्छिई, फर्छिएर, फर्छिन, फर्छिँदै, फर्छिउन्जेल, फर्छिंदाखेरि**-कृ.अ.।

फर्छिनू-वि.। **फर्छिऊन्**-इ.। **फर्छेला**-स.। (अ.क्रि. - हजुरबुवा-पालादेखिको भञ्ज्याङी मालिकसितको लेनदेन हिसाब घरखेत गरेपछि बल्ल फर्छियो ।)

फर्माउनु-क्रि.मू.। **फर्माउ**-आ.धा.। स.क्रि.; अन्हाउनु, आज्ञा दिनु, फर्माईस गर्नु, विशेष प्रकारले बनाउन लाउनु, नभएका कुरा बनाएर बयान गर्नु । **फर्माइ** (फर्माउ+आइ)-भा.ना.। **फर्माइनु**-फर्माउनुको क.क्रि.। **फर्माइ** -क.धा.। **फर्माई, फर्माएर, फर्माउन, फर्माउँदै, फर्माउन्जेल, फर्माउँदाखेरि**-कृ.अ.। **फर्माउनू**-वि.। **फर्माऊन्**-इ.। **फर्माउला**-स.। (स.क्रि.-रेडियो नेपालमा धेरै श्रोताहरूले नारायणगोपालको गीत फर्माए ।)

फर्सिनु-क्रि.मू.। **फर्सि**-आ.धा.। अ.क्रि.; हे. फर्छिनु । **फर्स्याइ** (फर्सि+आइ)-भा.ना.। **फर्स्याउनु**-प्रे.क्रि./स.क्रि.; फर्सिने पार्नु, फछ्र्याउनु, हिसाब छिनाफाना गर्नु, फार्से गर्नु । **फर्स्याउ**-प्रे.धा.। **फर्स्याइनु**-फर्स्याउनको क.क्रि.। फर्स्याइ-भा.प्रे.धा.। **फर्सिइनु**-फर्सिनुको भा.क्रि.। **फर्सिइ**-भा.धा.। **फर्सिई, फर्सिएर, फर्सिन, फर्सिंदै, फर्सिउन्जेल, फर्सिंदाखेरि**-कृ.अ.। **फर्सिनू**-वि.। **फर्सिऊन्**-इ.। **फर्सेला**-स.। (अ.क्रि.- भच्चेकको धिरज बहादुरसितको कपडा लेनदेनको हिसाब हिजो मात्रै फर्सियो ।)

फलाक्नु-कि.मू.। **फलाक्**-आ.धा.। अ.क्रि.; ठूलो स्वरले आवशेमा आएर कुनै कुरा बोल्नु, कराएर भन्नु, भट्ट्याउनु । **फलकाइ**-(फलाक्+आइ)-भा.ना.। **फलाकिनु**-फलाक्नुको भा.क्रि.। **फलाकि**-भा.धा.। **फलाकी, फलाकेर, फलाक्न, फलाक्तै, फलाकुन्जेल, फलाक्दाखेरि**-कृ.अ.। **फलाक्नू**- वि.। **फलाकून्**-इ.। **फलाक्ला**-स.। (अ.क्रि.-आमाको निधनमा बिचरा धने डाँको छोडेर रुँदै फलाक्यो ।)

फल्नु-क्रि.मू.। **फल्**-आ.धा.। अ.क्रि.; फल लाग्नु, उत्पन्न हुनु, सफल हुनु, सिद्ध हुनु । स.क्रि.; ढिकी आदिमा अन्न कुटेर भुस आदि निकाल्नु, ढिकी आदिको प्रयोगले अन्न सफा गर्नु । **फलाइ** (फल्+आइ)-भा.ना.। **फलाउनु**-प्रे.क्रि./स.क्रि.; फल लाग्ने पार्नु, फल्ने गराउनु, सफल पार्नु, झुन्ड्याउनु, अनाजहरू ढिकीमा कुटाउनु । **फलाउ**-प्रे.धा.। **फलाइनु** -फलाउनुको क.क्रि.। **फलाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **फलिनु**-फल्नुको भा.क्रि./स.क्रि.। **फलि**-भा.धा./क.धा.। **फली, फलेर, फल्न, फल्दै, फलुन्जेल, फल्दाखेरि**-कृ.अ.। **फल्नू**-वि.। **फलून्**-इ.। **फल्ला**-स.। (अ.क्रि.-पोहरसाल बगैंचामा सुन्तला प्रशस्त फल्यो । स.क्रि.-तिनीहरूले ढिकीमा गहुँ फले ।)

फस्नु-क्रि.मू.। **फस्**-आ.धा.। अ.क्रि.; पासोमा पर्नु, जालमा अल्झनु, बन्धनमा पर्नु, अड्कनु, धोकामा पर्नु, फकिनु, भासिनु । **फसाइ** (फस्+आइ)-भा.ना.। **फसाउनु**-प्रे.क्रि./स.क्रि.; फस्ने पार्नु, जालमा पार्नु, अल्झाउनु, झुक्याउनु, आफ्नो पक्षमा ल्याउनु । **फसाउ** -प्रे.धा.। **फसाइनु**-फसाउनुको क.क्रि.। फसाइ-भा.प्रे.धा.। **फसिनु**-फस्नुको भा.क्रि.। **फसि** -भा.धा.। **फसी, फसेर, फस्न, फस्तै, फसुन्जेल, फस्दाखेरि**-कृ.अ.। **फस्नू**-वि.। **फसून्**-इ.। **फस्ला**-स.। (अ.क्रि.-माकुराको जालमा झिंगा फस्यो ।)

फस्कनु-क्रि.मू.। **फस्क**-आ.धा.। अ.क्रि.; फस्को वस्तु हल्का किसिमले फुट्नु, फस्स हुनु, खुकुलो हुनु । **फस्काइ** (फस्क+आइ)-भा.ना.। **फस्काउनु**-प्रे.क्रि./स.क्रि.; फस्कने पार्नु । **फस्काउ**-प्रे.धा.। **फस्काइनु**-फस्काउनुको क.क्रि.। **फस्काइ**-भा.प्रे.धा.। **फस्किनु**-फस्कनुको भा.क्रि.। **फस्कि**-भा.धा.। **फस्की, फस्केर, फस्कन, फस्कँदै, फस्कुन्जेल, फस्कँदाखेरि**-कृ.अ.। **फस्कनू**-वि.। **फस्कून्**-इ.। **फस्कला**-स.। (अ.क्रि.-धेरै वर्षसम्म पानीले खाएको मुढो चिर्दा फस्क्यो ।)

फस्टाउनु-क्रि.मू.। **फस्टाउ**-आ.धा.। अ.क्रि.; मोटो हुनु, पुष्ट हुनु, मोटाउनु, विकसित हुनु, मौलाउनु । **फस्टाइ** (फस्टाउ+आइ)-भा.ना.। **फस्टाइनु**-फस्टाउनुको भा.क्रि.। **फस्टाइ**-भा.धा.। **फस्टाई, फस्टाएर, फस्टाउन, फस्टाउँदै, फस्टाउन्जेल, फस्टाउँदाखेरि**-कृ.अ.। **फस्टाउनू**-वि.। **फस्टाऊन्**-इ.। **फस्टाउला**-स.। (अ.क्रि.-संसारका प्राय: सबैजसो देशका साहित्यहरू भक्तिभावबाट उत्प्रेरित भएर फस्टाए ।)

फस्टनु-क्रि.मू.। **फस्ट** -आ.धा.। अ.क्रि.; फस्टाउनु, फस्टिनु । **फस्टाइ** (फस्ट+आइ)-भा.ना.। **फस्टिनु**-फस्टनुको भा.क्रि.। **फस्टि**-भा.धा.। **फस्टी, फस्टेर, फस्टन, फस्टँदै, फस्टुन्जेल, फस्टँदाखेरि**-कृ.अ.। **फस्टनू**-वि.। **फस्टून्**-इ.। **फस्टला**-स.। (अ.क्रि.-बुधसिंह टाहार बारीमा मकै ज्यादै राम्रोसित फस्ट्यो ।)

फस्टिनु-क्रि.मू.। **फस्टि** -आ.धा.। अ.क्रि.; फस्टनु, फस्टाउनु । **फस्ट्याइँ** (फस्टि+आइँ), फस्ट्याइ (**फस्टि**+आइ)-भा.ना.। **फस्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; फस्टिन लाउनु, फस्टिने पार्नु । **फस्ट्याउ** -प्रे.धा.। **फस्ट्याइनु**-फस्ट्याउनुको क.क्रि.। **फस्ट्याइ**-भा.प्रे.धा.। **फस्टिइनु**-फस्टिनुको भा.क्रि.। **फस्टिइ**-भा.धा.। **फस्टिई, फस्टिएर, फस्टिन, फस्टिंदै, फस्टिउन्जेल, फस्टिंदाखेरि**-कृ.अ.। **फस्टिनू**-वि.। **फस्टिऊन्**-इ.। **फस्टेला**-स.। (अ.क्रि.-

प्रजातन्त्र आएपछि नेपाली जनताको जीवनस्तर बिस्तारै-बिस्तारै फस्टियो ।)

फहराउनु-क्रि.मू.। **फहराउ**-आ.धा.। स.क्रि.; झण्डा आदि फरफर गर्नु, फरफराउनु, नङ वा काँडाले चिथोर्नु, कोपर्नु, कोर्नु । अ.क्रि.; फरफर हुनु, आत्तिएर रुनु-कराउनु । **फहराइ** (फहराउ+आइ)-भा.ना.। **फहराइनु**-फहराउनुको क.क्रि./भा.क्रि.। **फहराइ**-क.धा./भा.धा.। **फहराई, फहराएर, फहराउन, फहराउँदै, फहराउन्जेल, फहराउँदाखेरि**-कृ.अ.। **फहराउनू** -वि.। **फहराऊन्**-इ.। **फहराउला**-स.। (स.क्रि.-२९ मे १९५३ मा पहिलोपल्ट सगरमाथाको चुचुरोमा तेन्जिङ शेर्पाले नेपालीझण्डा फहरायो । अ.क्रि.-झोलुङ्गोमा बच्चा आत्तिएर फहरायो ।)

फाँक्नु-क्रि.मू.। **फाँक्**- आ.धा.। स.क्रि.; फाँको मार्नु, फक्क्याउनु, फाँको हाल्नु । **फँकाइ** (फाँक्+आइ)-भा.ना.। **फाँकिनु**-फाँक्नुको क.क्रि.। **फाँकि** -क.धा.। **फाँकी, फाँकेर, फाँक्न, फाँक्तै, फाँकुन्जेल, फाँक्दाखेरि**-कृ.अ.। **फाँक्नू**-वि.। **फाँकून्**-इ.। **फाँक्ला**-स.। (स.क्रि.-चेपेको शिर दूधपोखरी जाँदा बाटोमा बैदार बूढाले मकैको सातु फाँक्यो ।)

फाँकिनु-क्रि.मू.। **फाँकि**-आ.धा.। अ.क्रि.; धेरै जान्ने भएर कुरा गर्नु, बतुरिनु, अघि सरी-सरी कुरा गर्नु । **फँक्याइ** (फाँकि+आइ)-भा.ना.। **फाँकिइनु**-फाँकिनुको भा.क्रि.। **फाँकिइ**-भा.धा.। **फाँकिई, फाँकिएर, फाँकिन, फाँकिँदै, फाँकिउन्जेल, फाँकिंदाखेरि**-कृ.अ.। **फाँकिनू** -वि.। **फाँकिऊन्**-इ.। **फाँकेला**-स.। (अ. क्रि.-लामिडाँडा कृष्णे र नन्दे राँटेपिङ डाँडाको आततायी जुलुशमा निकै फाँकिए ।)

फाँज्नु-क्रि.मू.। **फाँज्**-आ.धा.। स.क्रि.; पाँज्नु, फैलाउनु, फिँजाउनु । **फँजाइ** (फाँज्+आइ)-भा.ना.। **फँजाउनु** -प्रे.क्रि./स.क्रि.; फाँज्न लाउनु । **फँजाउ**-प्रे.धा.। **फँजाइनु**-फँजाउनुको क.क्रि.। **फँजाइ** -क.प्रे.धा.। **फाँजिनु**-फाँज्नुको क. क्रि.। **फाँजि**-क.धा.। **फाँजी, फाँजेर, फाँज्न, फाँज्दै, फाँजुन्जेल, फाँज्दाखेरि**-कृ.अ.। **फाँज्नू**-वि.। **फाँजून्**-इ.। **फाँज्ला**-स.। (स.क्रि.-दिदीले आँगनमा बिस्कुन फाँजिन् ।)

फाँड्नु-क्रि.मू.। **फाँड्**-आ.धा.। स.क्रि.; रूखहरू काट्नु, वन जङ्गल मास्नु, छिमल्नु, बाली मास्नु, फेट्नु, फाउनु, फाँडो पार्नु । **फँडाइ** (फाँड्+आइ)-भा.ना.। **फँडाउनु** -प्रे.क्रि./स.क्रि.; फाँड्न लाउनु, फाउन लाउनु, छिमलाउनु । **फँडाउ**-प्रे.धा.। **फँडाइनु**-फँडाउनुको क.क्रि.। **फँडाइ**-क.धा.। **फाँडिनु**-फाँड्नुको क.क्रि.। **फाँडि**-क.धा.। **फाँडी, फाँडेर, फाँड्न, फाँड्दै, फाँडुन्जेल, फाँड्दाखेरि**-कृ.अ.। **फाँड्नू**-वि.। **फाँड्न्**-इ.। **फाँड्ला**-स.। (स.क्रि.-गरीबहरूले पहाडी भीर-पाखामा खोरिया फाँडे ।)

फाँद्नु-क्रि.मू.। **फाँद्**-आ.धा.। स.क्रि.। बुर्कुसी मार्नु, फाल हाल्नु, फड्कनु, पासोमा पार्नु, फसाउनु, फन्दामा पार्नु । **फँदाइ** (फाँद्+आइ)-भा.ना.। **फँदाउनु**-प्रे.क्रि./स.क्रि.; फाँद्न लगाउनु, फसाउन लाउनु । **फँदाउ**-प्रे.धा.। **फँदाइनु**-फँदाउनुको क.क्रि.। **फँदाइ**- क.प्रे.धा.। **फाँदिनु** -फाद्नुको क.क्रि.। **फाँदि**-क.धा.। **फाँदी, फाँदिर, फाँद्न, फाँद्दै, फाँदुन्जेल, फाँद्दाखेरि**-कृ.अ.। **फाँद्नू**- वि.। **फाँदून्**-इ.। **फाँद्ला**-स.। (स.क्रि.-शिकारीले पासोमा कालिज फाँद्यो ।)

फाउनु-क्रि.मू.। **फाउ**- आ.धा.। स.क्रि.; घोल्नु, हुँडल्नु, फेट्नु । **फाइ/फवाइ** (फाउ+आइ) -भा.ना.। **फाइनु**-फाउनुको क.क्रि.। **फाइ** -क.धा.। **फाई, फाएर, फाउन, फाउँदै, फाउन्जेल, फाउँदाखेरि**-कृ.अ.। **फाउनू**-वि.। **फाऊन्**-इ.। **फाउला**-स.। (स.क्रि.-तिहारमा सेल पकाउन दिदीले पिठो फाइन् ।)

फाट्नु-क्रि.मू.। **फाट्** -आ.धा.। अ.क्रि.; चिरिनु, घाँजो पर्नु, च्यातिनु, धस्कनु; झोल-छोका छुट्टिनु, मत नमिल्नु, राय बाझ्नु । **फटाइ** (फाट्+आइ)-भा.ना.। **फटाउनु**-प्रे.क्रि./स.क्रि.; फाट्न लगाउनु, फाट्ने पार्नु । **फटाउ**-प्रे.धा.। **फटाइनु**-फटाउनुको क.क्रि.। **फटाइ**-भा.प्रे.धा.। **फाटिनु**-फाट्नुको भा.क्रि.। **फाटी, फाटेर, फाट्न, फाट्तै/दै, फाटुन्जेल, फाट्दाखेरि**-कृ.अ.। **फाट्नु**-वि.। **फाटून्**-इ.। **फाट्ला**-स.। (अ.क्रि.; दशैंमा सिलाएको भोटो वर्षदिन नपुग्दैमा फाट्यो ।)

फाप्नु-क्रि.मू.। **फाप्**- आ.धा.। अ.क्रि.; फलिफाप हुनु, फाप हुनु, शुभ-फल दिने हुनु, दुःख-पीर नभएको हुनु, सुझ्नु, भलो हुँदै जानु । **फपाइ** (फाप्+आइ)-भा.ना.। **फाप** (फाप्+अ)-भा.ना./ विशे.। **फापिनु**-फाप्नुको भा.क्रि.। **फापि**-भा.धा.। **फापी, फापेर, फाप्न, फाप्तै, फापुन्जेल, फाप्दाखेरि**-कृ.अ.। **फाप्नू**-वि.। **फापून्**-इ.। **फाप्ला**-स.। (अ.क्रि.-विश्व शान्तिका लागि बुद्धको सन्देश फाप्यो ।)

फार्नु-क्रि.मू.। **फार्**-आ.धा.। स.क्रि.; चिरा पार्नु, च्यात्नु, छुट्ट्याउनु, टुक्रा पार्नु, फटाउनु, धस्काउनु । **फराइ** (फार्+आइ)-भा.ना.। **फराउनु**-प्रे.क्रि./स.क्रि.; पार्न

लाउनु, फार्ने पार्नु । **फराउ**-प्रे.धा.। **फराइनु**-फराउनुको क.क्रि.। **फारि**-क.धा.। **फारी, फारेर, फार्न, फार्दै, फारुन्जेल, फार्दाखेरि**-कृ.अ.। **फार्नू**-वि.। **फारून्**-इ.। **फार्ला**-स.। (स.क्रि.-लामाकान्छोले चाडबाडमा लगाउने भनेर सिलाएको भोटो फाऱ्यो ।)

फालहाल्नु-क्रि.मू.। **फालहाल्**-आ.धा.। अ.क्रि.; हाम्फाल्नु, फालहाल्नु, माथिबाट उफ्रेर तल झर्नु, उफ्रेर लामो फड्को मार्नु । **फालहलाइ** (फालहाल्+आइ)-भा.ना.। **फालहलाउनु**-प्रे.क्रि./स.क्रि.; फालहाल्न लाउनु । **फालहलाउ**-प्रे.धा.। **फालहलाइनु**-फालहलाउनुको क.क्रि.। **फालहलाइ**-भा.प्रे.धा.। **फालहालिनु**-फालहाल्नुको भा.क्रि.। **फालहालि**-भा.धा.। **फालहाली, फालहालेर, फालहाल्न, फालहाल्दै, फालहालुन्जेल, फालहाल्दाखेरि**-कृ.अ.। **फालहाल्नू**-वि.। **फालहालून्**-इ.। **फालहाल्ला**-स.। (अ.क्रि.-मानिसको शब्दी पाउनासाथ मृग झाडीभित्र फालहाल्यो ।)

फालहान्नु-क्रि.मू.। **फालहान्** -आ.धा.। अ.क्रि.; हे.फालहाल्नु । (अ.क्रि.-बन्दुक पड्केको सुन्नासाथ चरिरहेका गाईवस्तु यत्रतत्र फालहाने ।)

फाल्नु-क्रि.मू.। **फाल्**-आ.धा.। स.क्रि.; मिल्काउनु, फ्याँक्नु, हुऱ्याउनु, हुत्त्याउनु, त्याग्नु । **फलाइ** (फाल्+आइ)-भा.ना.। **फालिनु**-फाल्नुको क.क्रि.। **फालि**-क.धा.। **फाली, फालेर, फाल्न, फाल्दै, फालुन्जेल, फाल्दाखेरि**-कृ.अ.। **फाल्नू**-वि.। **फालून्**-इ.। **फाल्ला** -स.। (स.क्रि.-केही खराब मानिसले शडकमा फोहर फाले ।)

फिँज्नु-क्रि.मू.। **फिँज्** -आ.धा.। स.क्रि.; फिंजाउनु, फैलाउनु, छर्नु, पाँज्नु, बिस्कुन पार्नु, नाम चलाउनु, प्रचार गर्नु । **फिँजाइ** (फिँज् + आइ)-भा.ना.। **फिँजाउनु**-प्रे.क्रि./स.क्रि.; फिँज्न लाउनु, फिँज्ने पार्नु, फैलाउनु, प्रचार गर्नु । **फिँजाइ**- क.प्रे.धा.। **फिँजिनु**-फिँज्नुको क.क्रि.। **फिँजि**-क.धा.। **फिँजी, फिँजेर, फिँज्न, फिँज्दै, फिँजुन्जेल, फिँज्दाखेरि**-कृ.अ.। **फिँज्नू**-वि.। **फिँजून्** -इ.। **फिँज्ला**-स.। (स.क्रि.-ठूली भाउजूले मान्द्रोमा बिस्कुन फिँजिन् ।)

फिट्नु-क्रि.मू.। **फिट्**-आ.धा.। स.क्रि.; फाउनु, हुँडल्नु, हल्लाउनु, फेट्नु, तलास्नु, मिसाउनु । **फिटाइ** (फिट्+आइ)-भा.ना.। **फिटाउनु**-प्रे.क्रि./स.क्रि.; फिट्न लाउनु, फेटाउनु । **फिटाउ**-प्रे.धा.। **फिटाइनु**-फिटाउनुको क.क्रि.। **फिटाइ**-क.प्रे.धा.। **फिटिनु**-फिट्नुको क.क्रि.। **फिटि**-क.धा.। **फिटी, फिटेर, फिट्न, फिट्तै, फिटुन्जेल, फिट्दाखेरि**-कृ.अ.। **फिट्नू**-वि.। **फिटून्**-इ.। **फिट्ला**-स.। (स.क्रि.-सेल पकाउनका लागि आमाले पिठो फिटिन् ।)

फिर्नु-क्रि.मू.। **फिर्**-आ.धा.। अ.क्रि.; फर्कनु, फिर्ता आउनु, उल्टनु, बदलिनु, डुल्नु, घुमफिर गर्नु, त्याग गर्नु । **फिराइ** (फिर्+आइ)-भा.ना.। **फिराउनु**-प्रे.क्रि./स.क्रि.; फिर्न लाउनु, फर्कन लाउनु, घुमाउनु, डुलाउनु, हल्ला फिँजाउनु, फैलाउनु । **फिराउ**-प्रे.धा.। **फिराइनु**-फिराउनुको क.क्रि.। **फिराइ**- भा.प्रे.धा.। **फिरिनु**-फिर्नुको भा.क्रि.। **फिरि**-भा.धा.। **फिरी, फिरेर, फिर्न, फिर्दै, फिरुन्जेल, फिर्दाखेरि**-कृ.अ.। **फिर्नू** -वि.। **फिरून्**-इ.। **फिर्ला**-स.। (अ.क्रि.-तेऱ्ह वर्ष वनवास बिताएपछि पाण्डवहरू हस्तिनापुरमा फिरे ।)

फिर्कनु-क्रि.मू.। **फिर्क**-आ.धा.। अ.क्रि.; फर्कनु, फिर्नु । **फिर्काइ** (फिर्क+आइ)-भा.ना.। **फिर्काउनु**-प्रे.क्रि./स.क्रि.; फिर्कन लाउनु, फर्काउनु । **फिर्काउ**-प्रे.धा.। **फिर्काइनु**-फिर्काउनुको क.क्रि.। **फिर्काइ**- भा.प्रे.धा.। **फिर्किनु** -फिर्कनुको भा.क्रि.। **फिर्कि**-भा.धा.। **फिर्की, फिर्केर, फिर्कन, फिर्कँदै, फिर्कुन्जेल, फिर्कँदाखेरि**-कृ.अ.। **फिर्कनू**-वि.। **फिर्कून्**-इ.। **फिर्कला**-स.। (अ.क्रि.-तीन वर्षपछि लाहुरे घरमा फिर्क्यो ।)

फिसफिसाउनु-क्रि.मू.। **फिसफिसाउ**-आ.धा.। अ.क्रि.; मसिनो पानी पर्नु, फिसफिस शब्द निस्कनु । **फिसफिसाइ** (फिसफिसाउ+आइ)-भा.ना.। **फिसफिसाइनु**-फिसफिसाउनुको भा.क्रि.। **फिसफिसाइ**-भा.धा.। **फिसफिसाई, फिसफिसाएर, फिसफिसाउन, फिसफिसाउँदै, फिसफिसाउन्जेल, फिसफिसाउँदाखेरि**-कृ.अ.। **फिसफिसाउनू**-वि.। **फिसफिसाऊन्**-इ.। **फिसफिसाउला**-स.। (अ.क्रि.-हिजो दिनभर मसिनु पानी फिसफिसायो ।)

फिसोल्नु-क्रि.मू.। **फिसोल्**-आ.धा.। स.क्रि.; अलमल्याउनु, फासफुस पार्नु, उँभो लाग्न नदिनु, झुलाउनु, टार्नु । **फिसोलाइ** (फिसोल्+आइ)-भा.ना.। **फिसोलाउनु**-प्रे.क्रि./स.क्रि.; फिसोल्न लाउनु । **फिसोलाउ**-प्रे.धा.। **फिसोलाइनु**-फिसोलाउनुको क.क्रि.। **फिसोलाइ**-क.प्रे.धा.। **फिसोलिनु**-फिसोल्नुको क.क्रि.। **फिसोलि**-क.धा.। **फिसोली, फिसोलेर, फिसोल्न, फिसोल्दै, फिसोलुन्जेल, फिसोल्दाखेरि**-कृ.अ.। **फिसोल्नू**-वि.। **फिसोलून्**-इ.। **फिसोल्ला**-स.। (स.क्रि.-पंचायती क्रूर शासनले नेपाली जनतालाई तीस वर्षसम्म फिसोल्यो ।)

फुँक्नु-क्रि.मू.। **फुँक्**-आ.धा.। स.क्रि.; गाईवस्तुले फुंक्क शब्द निकालेर धम्काउनु । **फुँकाइ** (फुँक्+आइ)-भा.ना.। **फुँकाउनु**-प्रे.क्रि./स.क्रि.; 'फुँ' गर्ने पार्नु । **फुँकाउ**-प्रे.धा.। **फुँकाइनु**-फुँकाउनुको क.क्रि.। **फुँकाइ**-क.प्रे.धा.। **फुँकिनु**-फुँक्नुको क.क्रि.। **फुँकि**-क.धा.। **फुँकी, फुँकेर, फुँक्न, फुँक्तै, फुँकुन्जेल, फुँक्दाखेरि**-कृ.अ.। **फुँक्नू**-वि.। **फुँकून्**-इ.। **फुँक्ला**-स.। (स.क्रि.-माली गाईले नौलो मानिसलाई फुँक्यो ।)

फुनु-क्रि.मू.। **फु**-आ.धा.। स.क्रि.; फुकाल्नु, फुकाउनु, बाधा-अड्काउ हटाउनु; बन्धन खोल्नु । **फुवाइ** (फु+आइ)-भा.ना.। **फोइनु**-फुनुको क.क्रि.। **फोइ**-क.धा.। **फोई, फोएर, फुन, फुँदै, फुउन्जेल, फुँदाखेरि**-कृ.अ.। **फुनू**-वि.। **फुऊन्**-इ.। **फोला**-स.। (स.क्रि.-गोठालोले गाईभैंसी फोयो ।)

फुकाल्नु-क्रि.मू.। **फुकाल्**-आ.धा.। स.क्रि.; फुनु, फुकाउनु, दाँत आदि उखेल्नु, शरीरबाट पोशाक आदि उतार्नु, फुस्काउनु, खुस्काउनु । **फुकलाइ** (फुकाल्+आइ)-भा.ना.। **फुकालिनु**-फुकाल्नुको क.क्रि.। **फुकालि**-क.धा.। **फुकाली, फुकालेर, फुकाल्न, फुकाल्दै, फुकालुन्जेल, फुकाल्दाखेरि**-कृ.अ.। **फुकाल्नू**-वि.। **फुकालून्**-इ.। **फुकाल्ला**-स.। (स.क्रि.-बल बहादुर सार्कीले गङ्गा-स्नानका निमित्त लुगा फुकाल्यो ।)

फुक्नु-क्रि.मू.। **फुक्**-आ.धा.। अ.क्रि.; फुस्कनु, खुस्कनु, मुक्त हुनु, बन्धन खुल्नु, छुटकारा पाउनु, बाधा-अड्काउ हट्नु । स.क्रि.; फुफु गरेर आगो सल्काउनु, मन्त्र पढेर फुफु गर्नु, झारफूक गर्नु, शङ्ख आदि बजाउनु, अरूलाई होच्याएर उडाउनु, कानमा साउती मारेर गुप्ती कुरा गर्नु, सम्पत्ति उडाउनु । **फुकाइ** (फुक्+आइ)-भा.ना.। **फुकाउनु**-प्रे.क्रि./स.क्रि.; फुक्न लाउनु, फुस्कने पार्नु, फुस्काउनु, छुटाउनु, फुनु, बाधा-अड्काउ हटाउनु । **फुकाउ**-प्रे.धा.। **फुकाइनु**-फुकाउनुको क.क्रि.। **फुकाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **फुकिनु**-फुक्नुको भा.क्रि./क.क्रि.। **फुकि**-भा.धा./क.धा.। **फुकी, फुकेर, फुक्न, फुक्तै, फुकुन्जेल, फुक्दाखेरि**-कृ.अ.। **फुक्नू**-वि.। **फुकून्**-इ.। **फुक्ला**-स.। (अ.क्रि.-भकारोमा बाँधिराखेको भैंसी एक्कासि फुक्यो । स.क्रि.-कामी दाइले आरनमा आगो फुक्यो ।)

फुक्लनु-क्रि.मू.। **फुक्ल**-आ.धा.। अ.क्रि.; खुस्कनु, छुट्टिनु, उखेलिनु, अलग्ग हुनु । **फुक्लाइ** (फुक्ल+आइ)-भा.ना.। **फुक्लाउनु**-प्रे.क्रि./स.क्रि.; फुक्लने पार्नु । **फुक्लाउ**-प्रे.धा.। **फुक्लाइनु**-फुक्लाउनुको क.क्रि.। **फुक्लाइ**-भा.प्रे.धा.। **फुक्लिनु**-फुक्लनुको भा.क्रि.। **फुक्लि**-भा.धा.। **फुक्ली, फुक्लेर, फुक्लन, फुक्लँदै, फुक्लुन्जेल, फुक्लँदाखेरि**-कृ.अ.। **फुक्लनू**-वि.। **फुक्लून्**-इ.। **फुक्लला**-स.। (अ.क्रि.-ढिकीको मुसल फुक्ल्यो ।)

फुक्लिनु-क्रि.मू.। **फुक्लि**-आ.धा.। अ.क्रि.; फुक्लनु । **फुक्ल्याइ** (फुक्लि+आइ)-भा.ना.। **फुक्ल्याउनु**- प्रे.क्रि./स.क्रि.; फुक्लिने पार्नु । **फुक्ल्याउ**-प्रे.धा.। **फुक्ल्याइनु**-फुक्ल्याउनुको क.क्रि.। **फुक्ल्याइ**-भा.प्रे.धा.। **फुक्लिइनु**-फुक्लिनुको भा.क्रि.। **फुक्लिइ**-भा.धा.। **फुक्लिई, फुक्लिएर, फुक्लिन, फुक्लिँदै; फुक्लिउन्जेल, फुक्लिंदाखेरि**-कृ.अ.। **फुक्लिनू** -वि.। **फुक्लिऊन्**-इ.। **फुक्लेला**-स.। (अ.क्रि.-दशरथको रथको ठेडी फुक्लियो ।)

फुटाल्नु-क्रि.मू.। **फुटाल्**-आ.धा.। स.क्रि.; टुक्रा पार्नु, फुटाउनु । **फुटलाइ** (फुटाल्+आइ)-भा.ना.। **फुटालिनु**-फुटाल्नुको क.क्रि.। **फुटालि**-क.धा.। **फुटाली, फुटालेर, फुटाल्न, फुटाल्दै, फुटालुन्जेल, फुटाल्दाखेरि**-कृ.अ.। **फुटाल्नू**-वि.। **फुटालून्**-इ.। **फुटाल्ला**-स.। (स.क्रि.-डल्ली तामाङ्नीले गाग्रो फुटाली ।)

फुट्नु-क्रि.मू.। **फुट्**-आ.धा.। अ.क्रि.; टुक्रिनु, टुक्रा हुनु, चर्कनु, चिरिनु, छुट्टिनु, प्वाल पर्नु, मेल नहुनु, फाट्नु, फुट हुनु । **फुटाइ** (फुट्+आइ)-भा.ना.। **फुटाउनु**-प्रे.क्रि./स.क्रि.; टुक्रा पार्नु, टुक्र्याउनु, फुटाल्नु, बेमेल गराउनु, फुट गराउनु । **फुटाउ**-प्रे.धा.। **फुटाइनु**-फुटाउनुको क.क्रि.। **फुटाइ**-भा.प्रे.धा.। **फुटिनु**-फुट्नुको भा.क्रि.। **फुटि**-भा.धा.। **फुटी, फुटेर, फुट्न, फुट्तै, फुटुन्जेल, फुट्दाखेरि**-कृ.अ.। **फुट्नू**-वि.। **फुटून्**-इ.। **फुट्ला**-स.। (अ.क्रि.-शिशाको शिशी हातबाट खसेर प्वाट्ट फुट्यो ।)

फुत्कनु-क्रि.मू.। **फुत्क**-आ.धा.। अ.क्रि.; छुट्नु, उम्कनु, खुस्कनु, फुस्कनु, निस्कनु । **फुत्काइ** (फुत्क+आइ)-भा.ना.। **फुत्काउनु**-फुत्कन लाउनु, उम्काउनु । **फुत्काउ**-प्रे.धा.। **फुत्काइनु**-फुत्काउनुको क.क्रि.। **फुत्काइ**-भा.प्रे.धा.। **फुत्किनु**-फुत्कनुको भा.क्रि.। **फुत्कि**-भा.धा.। **फुत्की, फुत्केर, फुत्कन, फुत्कँदै, फुत्कुन्जेल, फुत्कँदाखेरि**-कृ.अ.। **फुत्कनू**-वि.। **फुत्कून्**-इ.। **फुत्कला**-स.। (अ.क्रि.-बल्ल-बल्ल पासोमा पारेको तित्रो फुत्क्यो ।)

फुत्किनु-क्रि.मू.। **फुत्कि**-आ.धा.। अ.क्रि.; हे. **फुत्कनु** । **फुत्क्याइ** (फुत्कि+आइ)-भा.ना.। **फुत्क्याउनु**- प्रे.क्रि./

स.क्रि.; फुतिकन लाउनु, फुतिकने पार्नु । **फुत्क्याउ**-प्रे.धा.। **फुत्क्याइनु**-फुत्क्याउनुको क.क्रि.। **फुत्क्याइ** -भा.प्रे.धा.। **फुत्किइनु**-फुत्किनुको भा.क्रि.। **फुत्किइ**-भा.धा.। **फुत्किई, फुत्किएर, फुत्किन, फुत्किँदै, फुत्किउन्जेल, फुत्किंदाखेरि**-कृ.अ.। **फुत्किनू** -वि.। **फुत्किऊन्**-इ.। **फुत्केला**-स.। (अ.क्रि.-हातबाट भाले फुत्त फुत्कियो ।

फुरफुराउनु-क्रि.मू.। **फुरफुराउ**-आ.धा.। अ.क्रि.; फुरफुर हुनु, फुर्कनु, फुरफुरिनु । **फुरफुराइ** (फुरफुराउ+आइ)-भा.ना.। **फुरफुराइनु**-फुरफुराउनुको भा.क्रि.। **फुरफुराइ**-भा.धा.। **फुरफुराई, फुरफुराएर, फुरफुराउन, फुरफुराउँदै, फुरफुराउन्जेल, फुरफुराउँदाखेरि**-कृ.अ.। **फुरफुराउनू**-वि.। **फुरफुराऊन्**-इ.। **फुरफुराउला**-स.। (अ.क्रि.-पास भएको खबर सुन्नासाथ त्यो उसै फुरफुरायो ।)

फुरफुरिनु-क्रि.मू.। **फुरफुरि**-आ.धा.। अ.क्रि.; फुरुक्क पर्नु, फुर्कनु, फुरफुराउनु, फुर्किनु । **फुरफुर्याइ** (फुरफुरि–आइ), **फुरफुर्याहट** (फुरफुरि+आहट)-भा.ना.। **पुरफुर्याउनु**-प्रे.क्रि./स.क्रि.; फुरफुरिने पार्नु, फुर्क्याउनु । **फुरफुर्याउ**-प्रे.धा.। **फुरफुर्याइनु**-फुरफुर्याउनुको क.क्रि.। **फुरफुर्याइ**-भा.प्रे.धा.। **फुरफुरिइनु**-फुरफुरिनुको भा.क्रि.। **फुरफुरिइ** - भा.धा.। **फुरफुरिई, फुरफुरिएर, फुरफुरिन, फुरफुरिँदै, फुरफुरिउन्जेल, फुरफुरिंदाखेरि**-कृ.अ.। **फुरफुरिनू**-वि.। **फुरफुरिऊन्**-इ। **फुरफुरेला**-स.। (अ.क्रि.-अजिरकोटको थाप्लोमा उक्लनासाथ पर्यटकहरू उसै फुरफुरिए ।)

फुर्नु-क्रि.मू.। **फुर्**-आ.धा.। अ.क्रि.; सम्झनु, स्मरण हुनु, मनमा नयाँ विचार आउनु, फरफराउनु, फुल्नु । **फुराइ** (फुर्+आइ)-भा.ना.। **फुराउनु**-प्रे.क्रि./स.क्रि.; फुर्ने पार्नु, घिउ तेलमा ज्वानु आदि पड्काउनु । **फुराउ** -प्रे.धा.। **फुराइनु**-फुराउनुको क.क्रि.। **फुराइ**-भा.प्रे.धा.। **फुरिनु**-फुर्नुको भा.क्रि.। **फुरि**-भा.धा.। **फुरी, फुरेर, फुर्न, फुर्दै, फुरुन्जेल, फुर्दाखेरि**-कृ.अ.। **फुर्नू**-वि.। **फुरून्**-इ.। **फुर्ला**-स.। (अ.क्रि.-तपीको माडीमा पुग्नासाथ मेरो मनमा नौलो भाव फुर्‍यो ।)

फुर्कनु-क्रि.मू.। **फुर्क**-आ.धा.। अ.क्रि.; फुरफुर हुनु, फुरुक्क पर्नु, फुरफुराउनु, फुरफुरिनु । **फुर्काइ** (फुर्क+आइ)-भा.ना.। **फुर्काउनु**-प्रे.क्रि./स.क्रि.; फुर्कन लाउनु, फुर्कने पार्नु । **फुर्काउ**-.प्रे.धा.। **फुर्काइनु**-फुर्काउनुको क.क्रि.। **फुर्काइ**-भा.प्रे.धा.। **फुर्किनु**-फुर्कनुको भा.क्रि.। **फुर्कि**-भा.धा.। **फुर्की, फुर्केर, फुर्कन, फुर्कंदै, फुर्कुन्जेल, फुर्कंदाखेरि**-कृ.अ.। **फुर्कनू**- वि.। **फुर्कून्**-इ.। **फुर्केला** -स.। (अ.क्रि.-एक्कासि हराएको छोरो घरमा आइपुग्दा सबै फुर्के ।)

फुर्किनु-क्रि.मू.। **फुर्कि**-आ.धा.। अ.क्रि.; फुर्कनु, फुरफुरिनु । **फुर्क्याइ**-(फुर्कि+आइ)-भा.ना.। **फुर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; फुर्किन लाउनु, फुर्किने पार्नु । **फुर्क्याउ**-प्रे.धा.। **फुर्क्याइनु**-फुर्क्याउनुको क.क्रि.। **फुर्क्याइ**- भा.प्रे.धा.। **फुर्किइनु** -फुर्किनुको भा.क्रि.। **फुर्किइ**-भा.धा.। **फुर्किई, फुर्किएर, फुर्किन, फुर्किँदै, फुर्किउन्जेल, फुर्किंदाखेरि**-कृ.अ.। **फुर्किनू**-वि.। **फुर्किऊन्**-इ.। **फुर्केला**-स.। (अ.क्रि.-तलब बढ्नासाथ सबै कर्मचारी फुर्किए ।)

फुर्माउनु-क्रि.मू.। **फुर्माउ** -आ.धा.। स.क्रि.; फर्माउनु । **फुर्माइ**-(फुर्माउ+आइ)-भा.ना.। **फुर्माइनु**-फुर्माउनुको क.क्रि.। **फुर्माइ**-क.धा.। **फुर्माई, फुर्माएर, फुर्माउन, फुर्माउँदै, फुर्माउन्जेल, फुर्माउँदाखेरि** -कृ.अ.। **फुर्माउनू**-वि.। **फुमाऊन्**-इ.। **फुर्माउला**-स.। (स.क्रि.-धेरै दर्शकहरूले मारुनी-नृत्य फुर्माए ।)

फुल्नु-क्रि.मू.। **फुल्**-आ.धा.। अ.क्रि.; फूलको कोपिला फुट्नु, फक्रनु, उक्सनु, सुन्निनु, गम्कनु, धुम्मिनु, रौं सेतो हुनु, केश पाक्नु । **फुलाइ** (फुल्+आइ)-भा.ना.। **फुलाउनु**-प्रे.क्रि./स.क्रि.; फुल्न लाउनु, फुल्ने पार्नु । **फुलाउ**-प्रे.धा.। **फुलाइनु**- फुलाउनुको क.क्रि.। **फुलाइ**-भा.प्रे.धा.। **फुलिनु**-फुल्नुको भा.कि । **फुलि**-भा.धा.। **फुली, फुलेर, फुल्न, फुल्दै, फुलुन्जेल, फुल्दाखेरि**-कृ.अ.। **फुल्नू**-वि.। **फुलून्**-इ.। **फुल्ला**-स.। (अ.क्रि.-बारीको डिलमा मखमली फुल्यो ।)

फुल्याउनु-क्रि.मू.। **फुल्याउ**- आ.धा.। स.क्रि.; सान्त्वना दिनु, चित्त बुझाउनु, सम्झाउनु, भरोसा दिनु, फकाउनु, शान्त गराउनु, मनाउनु । **फुल्याइ** (फुल्याउ+आइ)-भा.ना.। **फुल्याइनु** -फुल्याउनुको क.क्रि.। **फुल्याइ**- क.धा.। **फुल्याई, फुल्याएर, फुल्याउन, फुल्याउँदै, फुल्याउन्जेल, फुल्याउँदाखेरि**-कृ.अ.। **फुल्याउनू**-वि.। **फुल्याऊन्**-इ.। **फुल्याउला**-स.। (स.क्रि.-आमाले बच्चालाई फुल्याइन् ।)

फुसफुसाउनु-क्रि.मू.। **फुसफुसाउ**-आ.धा.। अ.क्रि.; नबुझिने पाराले बोल्नु, फुसफुस पर्नु । **फुसफुसाइ** (फुसफुसाउ+आइ)-भा.ना.। **फुसफुसाइनु**-फुसफुसाउनुको भा.क्रि.। **फुसफुसाइ** -भा.धा.। **फुसफुसाई, फुसफुसाएर, फुसफुसाउन, फुसफुसाउँदै, फुसफुसाउन्जेल, फुसफुसाउँदाखेरि**-कृ.अ.।**फुसफुसाउनू**-वि.। **फुसफुसाऊन्**-इ.। **फुसफुसाउला**-स. (अ.क्रि.-दूधपोखरीको घाँचमा हिउँ

फुसफुसायो ।)

फुसुल्टिनु-क्रि.मू.। **फुसुल्टि**-आ.धा.। अ.क्रि.; भुसुल्टिनु, निदाउनु, जिप्टिनु । **फुसुल्ट्याइ** (फुसुल्टि+आइ)-भा.ना.। **फुसुल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; फुसुल्टिन लाउनु, फुसुल्टिने पार्नु, छल्नु, ठग्नु । **फुसुल्ट्याउ**-प्रे.धा.। **फुसुल्ट्याइनु**-फुसुल्ट्याउनुको क.क्रि.। **फुसुल्ट्याइ**-भा.प्रे.धा.। **फुसुल्टिइनु**-फुसुल्टिनुको भा.क्रि.। **फुसुल्टिइ**-भा.धा.। **फुसुल्टिई, फुसुल्टिएर, फुसुल्टिन, फुसुल्टिँदै, फुसुल्टिउन्जेल, फुसुल्टिंदाखेरि**-कृ.अ.। **फुसुल्टिनू**- वि.। **फुसुल्टिऊन्**-इ.। **फुसुल्टेला**-स.। (अ.क्रि.-नाफा गर्ने चुत्काको सौं-ब्याजै फुसुल्टियो ।)

फुस्कनु-क्रि.मू.। **फुस्क**-आ.धा.। अ.क्रि.; फुक्नु, खुस्कनु, उम्कनु, छुट्नु, मुक्त हुनु, फुक्का हुनु, फुत्कनु । **फुस्काइ**-(फुस्क+आइ)-भा.ना.। **फुस्काउनु**-प्रे.क्रि./स.क्रि.; फुस्कन लाउनु, फुस्कने पार्नु, खुस्काउनु । **फुस्काउ**-प्रे.धा.। **फुस्काइनु**-फुस्काउनुको क.क्रि.। **फुस्काइ**-भा.प्रे.धा.। **फुस्किनु**-फुस्कनुको भा.क्रि.। **फुस्कि**-भा.धा.। **फुस्की, फुस्केर, फुस्कन, फुस्कँदै, फुस्कुन्जेल, फुस्कँदाखेरि**-कृ.अ.। **फुस्कनू**-वि.। **फुस्कून्**-इ.। **फुस्कला**-स.। (अ.क्रि.-हेर्दाहेर्दै किलामा बाँधिराखेको भैंसी फुस्क्यो ।)

फुस्किनु-क्रि.मू.। **फुस्कि**-आ.धा.। अ.क्रि.; हे. फुस्कनु । **फुस्क्याइ** (फुस्कि+आइ)-भा.ना.। **फुस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; फुस्काउनु । **फुस्क्याउ**-प्रे.धा.। **फुस्क्याइनु** -फुस्क्याउनुको क.क्रि.। **फुस्क्याइ**-भा.प्रे.धा.। **फुस्किइनु**-फुस्किनुको भा.क्रि.। **फुस्किइ**-भा.धा.। **फुस्किई, फुस्किएर, फुस्किन, फुस्किँदै, फुस्किउन्जेल, फुस्किंदाखेरि**-कृ.अ.। **फुस्किनू**-वि.। **फुस्किऊन्** -इ.। **फुस्केला**-स.। (अ.क्रि.-बाउसे गरिरहेको कोदालेको एक्कासि पटुका फुस्कियो ।)

फुस्रिनु-क्रि.मू.। **फुस्रि**-आ.धा.। अ.क्रि.; फुस्रो हुनु, चिल्लोपन हराउनु, हिस्सिनु, फुस्सिनु । **फुस्र्याइ** (फुस्रि+आइ)-भा.ना । **फुस्र्याउनु**-प्रे.क्रि./स.क्रि.; फुस्रिन लाउनु, फुस्रो पार्नु । **फुस्य्रउ**-प्रे.धा.। **फुस्र्याइनु**-फुस्र्याउनुको क.क्रि.। **फुस्य्रइ**-भा.प्रे.धा.। **फुस्रिइनु** -फुस्रिनुको भा.क्रि.। **फुस्रिइ**-भा.धा.। **फुस्रिई, फुस्रिएर, फुस्रिन, फुसिँदै, फुस्रिउन्जेल, फुसिंदाखेरि**-कृ.अ.। **फुस्रिनू**-वि.। **फुस्रिऊन्**-इ.। **फुस्रेला**-स.। (अ.क्रि.-खेतमा काम गर्ने किसानको जीउ फुस्रियो ।)

फुस्लनु-क्रि.मू.। **फुस्ल**-आ.धा.। अ.क्रि.; अरूको बहकाउमा लाग्नु, फुरुङ्ङ पर्नु, अल्झनु, फुस्लिनु । **फुस्लाइ** (फुस्ल+आइ)-भा.ना.। **फुस्लाउनु**-प्रे.क्रि./स.क्रि.; फुस्लन लाउनु, फुस्लने पार्नु । **फुस्लाउ**-प्रे.धा.। **फुस्लाइनु**-फुस्लाउनुको क.क्रि.। **फुस्लाइ**- भा.प्रे.धा.। **फुस्लिनु**-फुस्लनुको भा.क्रि.। **फुस्लि**-भा.धा.। **फुस्ली, फुस्लेर, फुस्लन, फुस्लँदै, फुस्लुन्जेल, फुस्लँदाखेरि**-कृ.अ.। **फुस्लनू**-वि.। **फुस्लून्**-इ.। **फुस्लला**-स.। (अ.क्रि.-धेरै नेपाली चेलीहरू तस्करहरूको बहकाउमा फुस्ले ।)

फुस्लिनु-क्रि.मू. **फुस्लि**-आ.धा.। अ.क्रि.; फुस्लनु, फुर्किनु, फकिनु । **फुस्ल्याइ** (फुस्लि+आइ)-भा.ना.। **फुस्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; फुस्लिन लाउनु, फुस्लिने पार्नु । **फुस्ल्याउ**-प्रे.धा.। **फुस्ल्याइनु**-फुस्ल्याउनुको क.क्रि.। **फुस्ल्याइ**-भा.प्रे.धा.। **फुस्लिइनु**-फुस्लिनुको भा.क्रि.। **फुस्लिइ**-भा.धा.। **फुस्लिई, फुस्लिएर, फुस्लिन, फुस्लिँदै, फुस्लिउन्जेल, फुस्लिंदाखेरि**-कृ.अ.। **फुस्लिनू**-वि.। **फुस्लिऊन्**-इ.। **फुस्लेला**-स.। (अ.क्रि-त्यो कर्मचारीको जालमा फुस्लियो ।)

फुस्सिनु-क्रि.मू.। **फुस्सि**-आ.धा.। अ.क्रि.; फुस्सा हुनु, फुस्सामा पर्नु, जिल्लिनु, केही नपाउनु, हिस्सिनु । **फुस्स्याइ** (फुस्सि+आइ)-भा.ना.। **फुस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; फुस्सिन लाउनु, फुस्सिने पार्नु । **फुस्स्याउ**-प्रे.धा.। **फुस्स्याइनु**-फुस्स्याउनुको क.क्रि.। **फुस्स्याइ**-भा.प्रे.धा.। **फुस्सिइनु**-फुस्सिनुको भा.क्रि.। **फुस्सिइ**-भा.धा.। **फुस्सिई, फुस्सिएर, फुस्सिन, फुस्सिँदै, फुस्सिउन्जेल, फुस्सिंदाखेरि** कृ.अ.। **फुस्सिनू**-वि.। **फुस्सिऊन्**-इ.। **फुस्सेला**-स.। (अ.क्रि.-पंचायती मूल्याङ्कनमा इमान्दार कर्मचारी फुस्सियो ।)

फँक्नु-क्रि.मू.। **फँक्**-आ.धा.। स.क्रि.; फ्याँक्नु, मिल्काउनु, फाल्नु, अफाल्नु, हुत्याउनु, त्याग्नु, तुहाउनु । **फँकाइ** (फँक्+आइ)-भा.ना.। **फँकाउनु**-प्रे.क्रि./स.क्रि.; **फँक्न** लाउनु । **फँकाउ**-प्रे.धा.। **फँकाइनु**-फँकाउनुको क.क्रि.। **फँकिनु**-फँक्नुको क.क्रि.। **फँकि** - क.धा.। **फँकी, फँकेर, फँक्न, फँक्तै, फँकुन्जेल,, फँक्दाखेरि**-कृ.अ.। **फँक्नू**-वि.। **फँकून्**-इ.। **फँक्ला**-स.। (स.क्रि.-थाली भैंसीले गर्भ फँक्यो ।)

फेट्नु-क्रि.मू.। **फेट्**-आ.धा.। स.क्रि.; घोल्नु, फाउनु, फिट्नु, तलास्नु । **फेटाइ** (फेट्+आइ)-भा.ना.। **फेटाउनु** -प्रे.क्रि./स.क्रि.; फेट्न लाउनु, फिटाउनु । **फेटाउ**-प्रे.धा.। **फेटाइनु**-फेटाउनुको क.क्रि.। **फेटाइ**-क.प्रे.धा.। **फेटिनु**-फेट्नुको क.क्रि.। **फेटि**-क.धा.। **फेटी, फेटेर, फेट्न, फेट्तै, फेटुन्जेल, फेट्दाखेरि**-कृ.अ.। **फेट्नू**-वि.। **फेटून्**-इ.। **फेट्ला**-स.। (स.क्रि.-बलदेव राईले रक्सीको

तालमा तास फेट्यो ।)

फेर्नु-क्रि.मू.। **फेर्**-आ.धा.। स.क्रि.; अदलीबदली गर्नु, बदल्नु, सट्टापट्टा गर्नु, उल्टो पार्नु, साटो लिनु, जपमाला घुमाउनु, कावा खुवाउनु, दिसा-पिसाब गर्नु । **फेराइ** (फेर्+आइ)-भा.ना.। **फेराउनु**-प्रे.क्रि./स.क्रि.; फेर्न लाउनु, बदलाउनु । **फेराउ**-प्रे.धा.। **फेराइनु**-फेराउनुको क.क्रि.। **फेराइ**-क.धा.। **फेरिनु**-फेर्नुको क.क्रि.; बदलिनु । **फेरि**-क.धा.। **फेरी, फेरेर, फेर्न, फेर्दै, फेरुन्जेल, फेर्दाखेरि**-कृ.अ.। **फेर्नू** -वि.। **फेरून्**-इ.। **फेर्ला**-स.। (स.क्रि.-सर्पले काँचुली फेऱ्यो ।)

फेरिनु-क्रि.मू.। **फेरि**-आ.धा.। अ.क्रि.; बलियो हुनु, मोटाउँदै जानु । **फेऱ्याइ** (फेरि+आइ)-भा.ना.। **फेरिइनु**-फेरिनुको भा.क्रि.। **फेरिइ**- भा.धा.। **फेरिई, फेरिएर, फेरिन, फेरिँदै, फेरिउन्जेल, फेरिंदाखेरि**-कृ.अ.। **फेरिनू**-वि.। **फेरिऊन्**-इ.। **फेरेला**-स.। (अ.क्रि.-चम्पकमान आजभोलि राम्ररी फेरियो ।)

फैलनु-क्रि.मू.। **फैल**-आ.धा.। अ.क्रि.; फिँजिनु, फैलिनु, विस्तृत हुनु, प्रचार हुनु, विख्यात हुनु, बढ्नु । **फैलाइ** (फैल+आइ)-भा.ना.। **फैलाउनु**-प्रे.क्रि./स.क्रि.; फैलने पार्नु, फिँजाउनु, प्रचार गराउनु । **फैलाउ**-प्रे.धा.। **फैलाइ** (फैलाउ+आइ), **फैलावट** (फैलाउ+आवट)-भा.ना.। **फैलाइनु**-फैलाउनुको क.क्रि.। **फैलाइ**-भा.प्रे.धा.। **फैलिनु**-फैलनुको भा.क्रि.। **फैलि**-भा.धा. । **फैली, फैलेर, फैलन, फैलँदै, फैलुन्जेल, फैलँदाखेरि**-कृ.अ.। **फैलनू**-वि.। **फैलून्**-इ.। **फैलला**-स.। (अ.क्रि.- हल्ला गाउँभरि फैल्यो । गाउभरी महामारी फैल्यो ।)

फैलिनु-क्रि.मू.। **फैलि**-आ.धा.। अ.क्रि.; फैलनु, फिँजिनु । **फैल्याइ** (फैलि+आइ)-भा.ना.। **फैल्याउनु**-प्रे.क्रि./स.क्रि.; फैलिन लाउनु, फैलिने पार्नु । **फैल्याउ**-प्रे.धा.। **फैल्याइनु**-फैल्याउनुको क.क्रि.। **फैल्याइ**-भा.प्रे.धा.। **फैलिइनु** -फैलिनुको भा.क्रि.। **फैलिइ**-भा.धा.। **फैलिई, फैलिएर, फैलिन, फैलिँदै, फैलिउन्जेल, फैलिंदाखेरि**-कृ.अ.। **फैलिनू**-वि.। **फैलिऊन्**-इ.। **फैलेला**-स.। (अ.क्रि.-स्कुसको मुन्टा थाँक्राभरि फैलियो ।)

फोक्सिनु-क्रि.मू.। **फोक्सि**-आ.धा.। अ.क्रि.; फोक्सो झैं फुल्नु, सुनिएर फहेंलो हुनु, रगत विनाको मासु लागेर, गाला पुक्क पर्नु, फलमा बाक्लो बोक्रा लागेको हुनु । **फोक्स्याइ** (फोक्सि+आइ)-भा.ना.। **फोक्स्याउनु**-प्रे.क्रि./स.क्रि.; फोक्सिने पार्नु, फोक्सो झैं फुलाउनु । **फोक्स्याउ**-प्रे.धा.। **फोक्स्याइनु**-फोक्स्याउनुको क.क्रि.। **फोक्स्याइ**-भा.प्रे.धा.। **फोक्सिइनु**-फोक्सिनुको भा.क्रि.। **फोक्सिइ**-भा.धा.। **फोक्सिई, फोक्सिएर, फोक्सिन, फोक्सिँदै, फोक्सिउन्जेल, फोक्सिंदाखेरि**-कृ.अ.। **फोक्सिनू**-वि.। **फोक्सिऊन्**-इ.। **फोक्सेला**-स.। (अ.क्रि.-तिल बहादुर आजकाल फोक्सियो ।)

फोड्नु-क्रि.मू.। **फोड्**-आ.धा.। स.क्रि.; फोर्नु; फुटाउनु, फुटाल्नु, छुट्ट्याउनु, अलग पार्नु, फटाउनु, चिर्नु । **फोडाइ** (फोड्+आइ)-भा.ना.। **फोडाउनु**-प्रे.क्रि./स.क्रि.; फोड्न लाउनु, फोराउनु । **फोडाउ**-प्रे.धा.। **फोडाइनु**-फोडाउनुको क.क्रि.। **फोडाइ**-क.प्रे.धा.। **फोडिनु**-फोड्नुको क.क्रि.। **फोडि**-क.धा.। **फोडी, फोडेर, फोड्न, फोड्दै, फोड्नुन्जेल, फोड्दाखेरि**-कृ.अ.। **फोड्नू**-वि.। **फोडून्**-इ.। **फोड्ला**-स.। (स.क्रि.-खरीबोटे अन्तरेले मुढो फोड्यो ।)

फोर्नु-क्रि.मू.। **फोर्** - आ.धा.। स.क्रि.; हे. फोड्नु । **फोराइ** (फोर्+आइ)-भा.ना.। **फोराउनु**-प्रे.क्रि./स.क्रि.; फोर्न लाउनु, फोडाउनु । **फोराउ**-प्रे.धा.। **फोराइनु**-फोराउनुको क.क्रि.। **फोराइ**-क.प्रे.धा.। **फोरिनु**-फोर्नुको क.क्रि.। **फोरि**-क.धा.। **फोरी, फोरेर, फोर्न, फोर्दै; फोरुन्जेल, फोर्दाखेरि** -कृ.अ.। **फोर्नू**-वि.। **फोरून्**-इ.। **फोर्ला**-स.। (स.क्रि.-चोरहरूले घर फोरे ।)

फोस्रिनु-क्रि.मू.। **फोस्रि**-आ.धा.। अ.क्रि.; विना गुदीको हुनु, फोस्रो हुनु, हिस्सिनु, आशापूर्ण नहुनु । **फोस्र्याइ** (फोस्रि+आइ), **पोस्र्याहट** (पोस्रि+आहट)-भा.ना.। **फोस्र्याउनु**-प्रे.क्रि./स.क्रि.; पोस्रिन लाउनु, फोस्रो पार्नु । **फोस्र्याउ**-प्रे.धा.। **फोस्र्याइ** (पोस्र्याउ+आइ)-भा.ना.। **फोस्र्याइनु**-फोस्र्याउनुको क.क्रि.। **फोस्र्याइ**-भा.प्रे.धा.। **फोस्रिइनु**-फोस्रिनुको भा.क्रि.। **फोस्रिइ**-भा.धा.। **फोस्रिई, फोस्रिएर, फोस्रिन, फोस्रिँदै, फोस्रिउन्जेल, फोस्रिंदाखेरि**-कृ.अ.। **फोस्रिनू**-इ.। **फोस्रिऊन्**-वि.। **फोस्रेला**-स.। (अ.क्रि.-खेतमा धेरै धानका बाला फोस्रिए ।)

फ्याँक्नु-क्रि.मू.। **फ्याँक्**-आ.धा.। स.क्रि.; हे. फेँक्नु । **फ्यँकाइ** (फ्याँक्+आइ)-भा.ना.। **फ्यँकाउनु**-प्रे.क्रि./स.क्रि.; फ्याँक्न लाउनु, फ्याँक्ने पार्नु । **फ्यँकाउ**-प्रे.धा.। **फ्यँकाइनु**-फ्यँकाउनुको क.क्रि.। **फ्यँकाइ**-क.प्रे.धा.। **फ्याँकिनु**-फ्याँक्नुको क.क्रि.। **फ्याँकि** -क.धा.। **फ्याँकी, फ्याँकेर, फ्याँक्न, फ्याँक्तै, फ्याँकुन्जेल, फ्याँक्दाखेरि**-कृ.अ.। **फ्याँक्नू**-वि.। **फ्याँकून्**-इ.। **फ्याँक्ला**-स.। (स.क्रि.-तिनीहरूले बाटोमा फोहर फ्याँके ।)

फ्याक्किनु-क्रि.मू.। **फ्याक्कि**-आ.धा.। अ.क्रि.; आधा फ्याक हुनु, दुई टुक्रा पर्नु । **फ्यक्याइ** (फ्याक्कि+आइ)-

भा.ना.। **फ्यक्याउनु**- प्रे.क्रि./स.क्रि.; दुई फग्ल्याँटा तुल्याउनु । **फ्यक्क्याउ**-प्रे.धा.। **फ्यक्क्याइनु**-फ्यक्क्याउनुको क.क्रि.। **फ्यक्क्याइ**-भा.प्रे.धा.। **फ्याक्किइनु**-फ्याक्किनुको भा.क्रि । **फ्याक्किइ** -भा.धा.। **फ्याक्किई, फ्याक्किएर, फ्याक्किन, फ्याक्किंदै, फ्याक्किउन्जेल, फ्याक्किंदाखेरि**-कृ.अ.। **फ्याक्किनू**-वि.। **फ्याक्किऊन्**-इ.। **फ्याक्केला**-स.। (अ.क्रि.-मुढो बराबरसंग दुई फ्याक भएर फ्याक्कियो ।)

फ्याङ्लिनु-क्रि.मू.। **फ्याङ्लि**-आ.धा.। अ.क्रि.; फ्याङ्लो कुरा गर्नु, थोत्रो बन्नु । **फ्यङ्ल्याइ** (फ्याङ्लि+आइ) - भा.ना.। **फ्यङ्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; फ्याङ्लिने पार्नु । **फ्यङ्ल्याउ**-प्रे. धा.। **फ्यङ्ल्याइनु**-फ्यङ्लिइनुको क.क्रि.। **फ्यङ्ल्याइ**-भा.प्रे.धा.। **फ्याङ्लिइनु**-फ्याङ्लिनुको भा.क्रि.। **फ्याङ्लिइ**-भा.धा.। **फ्याङ्लिई, फ्याङ्लिएर, फ्याङ्लिन, फ्याङ्लिंदै, फ्याङ्लिउन्जेल, फ्याङ्लिंदाखेरि** कृ.अ.- **फ्याङ्लिनू**-वि.। **फ्याङ्लिऊन्**-इ.। **फ्याङ्लेला**-स.। (अ.क्रि.-मेरी पत्नी दिनभरि मन्थरासंग फ्याङ्लिई ।)

फ्यातफ्यातिनु-क्रि.मू.। **फ्यातफ्याति**-आ.धा.। अ.क्रि.; फ्यातफ्यात खस्नु, बाक्लो पदार्थ फत्किएर पाक्नु, फ्यातफ्यात शब्द निस्कनु । **फ्यातफ्यताइ** (फ्यातफ्याति+आइ)-भा.ना.। **फ्यातफ्यातिइनु**-फ्यातफ्यातिनुको भा.क्रि.। **फ्यातफ्यातिइ**-भा.धा.। **फ्यातफ्यातिई, फ्यातफ्यातिएर, फ्यातफ्यातिन, फ्यातफ्यातिंदै, फ्यातफ्यातिउन्जेल, फ्यातफ्यातिंदाखेरि**-कृ.अ.। **फ्यातफ्यातिनू**-वि.। **फ्यातफ्यातिऊन्**-इ.। **फ्यातफ्यातेला**-स.। (अ.क्रि.-आगोमाथि बसाएको भैंसीको कूँडो धेरैबेरसम्म फ्यातफ्यातियो ।)

ब

बँझिनु-क्रि.मू.। **बँझि**-आ.धा.। अ.क्रि.; बाँझिनु, बाँझो बस्नु, बाँझो हुनु, बन्ध्या हुनु । **बँझ्याइ** (बँझि+आइ)-भा.ना.। **बँझ्याउनु**- प्रे.क्रि./स.क्रि.; बँझिन लाउनु, बाँझिने पार्नु । **बँझ्याउ**-प्रे.धा.। **बँझ्याइनु**-बँझ्याउनुको क.क्रि.। **बँझ्याइ**-भा.प्रे.धा.। **बँझिइनु**-बँझिनुको भा.क्रि.। **बँझिइ**-भा.धा.। **बँझिई, बँझिएर, बँझिन, बँझिंदै, बँझिउन्जेल, बँझिंदाखेरि**-कृ.अ.। **बँझिनू**- वि.। **बँझिऊन्**-इ.। **बँझेला**-स.। (अ.क्रि.-भन्ज्याङी फट्टिकको भैंसी बँझियो; बाली गएन ।)

बँधेर्नु-क्रि.मू.। **बँधेर्**-आ.धा.। स.क्रि.; काममा अलमल्याउनु, कुनै काममा व्यस्त पार्नु, कस्नु, बाँध्नु । **बँधेराइ** (बँधेर्+आइ)-भा.ना.। **बँधेरिनु**-बँधेर्नुको क.क्रि.। **बँधेरि**-क.धा.। **बँधेरी, बँधेरेर, बँधेर्न, बँधेर्दै, बँधेरुन्जेल, बँधेर्दाखेरि**-कृ.अ.। **बँधेर्नू**-वि.। **बँधेरून्**-इ.। **बँधेर्ला**-स.। (स.क्रि.-गोठालोले गाईलाई किलामा बँधेर्‍यो ।)

बँधेरिनु-क्रि.मू.। **बँधेरि**-आ.धा.। अ.क्रि.; काममा अलमलिनु, कामकाजमा व्यस्त रहनु । **बँधेर्‍याइ** (बँधेरि+आइ)-भा.ना.। **बँधेर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; बँधेरिन लाउनु, बँधेरिने पार्नु । **बँधेर्‍याउ**- प्रे.धा.। **बँधेर्‍याइनु**-बँधेर्‍याउनुको क.क्रि.। **बँधेर्‍याइ**-भा.प्रे.धा.। **बँधेरिइनु**-बँधेरिनुको भा.क्रि.। **बँधेरिइ**-भा.धा.। **बँधेरिई, बँधेरिएर, बँधेरिन, बँधेरिंदै, बँधेरिउन्जेल, बँधेरिंदाखेरि**-कृ.अ.। **बँधेरिनू**- वि.। **बँधेरिऊन्**-इ.। **बँधेरेला**-स.। (अ.क्रि.-उपल्लोघर साहिंलो दिनभर खेतको काममा बँधेरियो ।)

बकबकाउनु-क्रि.मू.। **बकबकाउ**-आ.धा.। अ.क्रि.; बकबक गर्नु, नचाहिंदा धेरै कुरा बोल्नु, जथवातथवा बोल्नु, व्यर्थका कुरा गर्नु । **बकबकाइ** (बकबकाउ+आइ) - भा.ना.। **बकबकाइनु**-बकबकाउनुको भा.क्रि.। **बकबकाइ**-भा.धा । **बकबकाई, बकबकाएर, बकबकाउन, बकबकाउँदै, बकबकाउन्जेल, बकबकाउँदाखेरि**-कृ.अ.। **बकबकाउनू**-वि.। **बकबकाऊन्**- इ.। **बकबकाउला**-स.। (अ.क्रि.-गाउँसभामा धादिङ्घरको धनबहादुर धेरै बेरसम्म बकबकायो ।)

बक्नु-क्रि.मू.। **बक्**-आ.धा.। स.क्रि.; आफूले गरेबिराएका कुराको बयान आफ्नै मुखले भन्नु, प्रत्यक्ष बयान गर्नु, बेहोशीमा फतफताउनु, बरबराउनु । **बकाइ** (बक्+आइ), (बकाउ+आइ)-भा.ना.। **बकाउनु**-प्रे.क्रि./स.क्रि.; बक्न लाउनु, बयान गराउनु, भनाउनु । **बकाउ**-प्रे.धा.। **बकाइनु**-बकाउनुको क.क्रि.। **बकाइ**-क.प्रे.धा.। **बकिनु**-बक्नुको क.क्रि.। **बकि**-क.धा.। **बकी, बकेर, बक्न, बक्दै/तै, बकुन्जेल, बक्दाखेरि**-कृ.अ.। **बक्नू**-वि.। **बकून्**-इ.। **बक्ला**-स.। (स.क्रि.-मुद्दाका साछीहरूले यथार्थ बयान बके ।)

बक्सनु-क्रि.मू.। **बक्स**-आ.धा.। स.क्रि.; बकस दिनु, खुशी भएर केही वस्तु दिनु, बक्सिनु, क्रियापदको पछिल्तिर जोडिएर विशेष सम्मान बुझाउने क्रिया (उदा. पढिबक्सनु, गरिबक्सनु, लेखिबक्सनु आदि) । **बक्साइ**

(बक्स+आइ)-भा.ना.। **बक्साउनु**-प्रे.क्रि./स.क्रि.; बक्सन लाउनु, आदेश गराउनु, स्वीकृति लिनु । **बक्साउ**-प्रे.धा.। **बक्साइ** (बक्साउ+आइ), **बक्साउनी** (बक्साउ+आउनी)-भा.ना.। **बक्साइनु** -बक्साउनुको क.क्रि.। **बक्साइ**-क.प्रे.धा.। **बक्सिनु** -बक्सनुको क.क्रि.। **बक्सि**-क.धा.। **बक्सी, बक्सेर, बक्सन, बक्सँदै, बक्सुन्जेल, बक्सँदाखेरि**-कृ.अ.। **बक्सनू**-वि.। **बक्सून्**-इ.। **बक्सला**-स.। (स.क्रि.-राजाबाट सन्देश बक्स्यो ।)

बक्सिनु -क्रि.मू.। **बक्सि**-आ.धा.। स.क्रि.; बक्सनु, बकस दिनु । **बक्स्याइ** (बक्सि+आइ)-भा.ना.। **बक्सिइनु**-बक्सिनुको क.क्रि.। **बक्सिइ**-क.धा.। **बक्सिई, बक्सिएर, बक्सिन, बक्सिँदै, बक्सिउन्जेल, बक्सिंदाखेरि**-कृ.अ.। **बक्सिनू**-वि.। **बक्सिऊन्**-इ.। **बक्सेला**-स.। (स.क्रि.-राजाबाट विजयी खेलाडीहरूलाई पुरस्कार बक्सियो ।)

बखान्नु-क्रि.मू.। **बखान्**-आ.धा.। स.क्रि.; बयान गर्नु, बखान गर्नु, तारिफ गर्नु, प्रशंसा गर्नु । **बखनाइ** (बखान्+आइ)-भा.ना.। **बखानिनु**-बखान्नुको क.क्रि.; बखान गरेर बोलिनु । **बखानि**-क.धा.। **बखानी, बखानेर, बखान्न, बखान्दै, बखानुन्जेल, बखान्दाखेरि**-कृ.अ.। **बखान्नू**-वि.। **बखानून्**-इ.। **बखान्ला**- स.। (स.क्रि.-भानुभक्त गुरुङले दोस्रो विश्वयुद्धको यथार्थ इतिहास बखाने ।)

बगालिनु-क्रि.मू.। **बगालि**- आ.धा.। अ.क्रि.; बगालमा हिँड्नु, बथानमा मिल्नु, बाटो बिराउनु, बिहिलिनु, भाले-पोथी मिसिनु, पोथीले भालेको चाहाना गर्नु । **बगल्याइ** (बगालि+आइ)-भा.ना.। **बगल्याउनु**-प्रे.क्रि./स.क्रि.; बगालिने पार्नु । **बगल्याउ**-प्रे.धा.। **बगल्याइनु**-बगल्याउनुको क.क्रि.। **बगल्याइ**-भा.प्रे.धा.। **बगालिइनु**-बगालिनुको भा.क्रि.। **बगालिइ**-भा.धा.। **बगालिई, बगालिएर, बगालिन, बगालिँदै, बगालिउन्जेल, बगालिंदाखेरि**-कृ.अ.। **बगालिनू**-वि.। **बगालिऊन्**-इ.। **बगालेला**-स.। (अ.क्रि.-हिजो चाउरेको गाई बगालियो ।)

बग्नु-क्रि.मू.। **बग्**- आ.धा.। अ.क्रि.; पन्यालो पदार्थ तलतिर सर्दै जानु, बहनु, तरल पदार्थ निस्कनु, घस्रने प्राणी हिड्नु, चिप्लिएर सर्नु, बहकिनु, अर्काको बहकाउमा लाग्नु । **बगाइ** (बग्+आइ)-भा.ना.। **बगाउनु**-प्रे.क्रि./स.क्रि.; बग्न लाउनु, बग्ने पार्नु, जलप्रवाहका साथ केही वस्तु पठाउनु, धन उडाउनु । **बगाउ**-प्रे.धा.। **बगाइ** (बगाउ+आइ)-भा.ना.। **बगाइनु**- बगाउनुको क.क्रि.। **बगाइ**-भा.प्रे.धा.। **बगिनु**-बग्नुको भा.क्रि.। **बगि**-भा.धा.। **बगी, बगेर, बग्न, बग्दै, बगुन्जेल, बग्दाखेरि**-कृ.अ.। **बग्नू**-वि.। **बगून्**-इ.। **बग्ला**-स.। (अ.क्रि.-दरौंदी नदी नारद पोखरीबाट दक्षिणतिर बग्यो ।

बघार्नु-क्रि.मू.। **बघार्**-आ.धा.। स.क्रि.; दाल, तरकारी आदि बास्ना आउने वस्तुले झान्नु, फाइँ-फुट्टी लाउनु, शेखी गर्नु । **बघराइ** (बघार्+आइ)-भा.ना.। **बघारिनु**-बघार्नुको क.क्रि.। **बघारि**-क.धा.। **बघारी, बघारेर, बघार्न, बघार्दै, बघारुन्जेल, बघार्दाखेरि**-कृ.अ.। **बघार्नू**-वि.। **बघारून्**-इ.। **बघार्ला**-स.। (स.क्रि.-आमाले दालमा घिउ बघारिन् ।)

बङ्गिनु-क्रि.मू.। **बङ्गि**-आ.धा.। स.क्रि.; बाङ्गो हुनु, टेढिनु, बाउँटिनु । **बङ्ग्याइ** (बङ्गि+आइ), (बङ्ग्याउ+आइ)-भा.ना.। **बङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; बाङ्गो पार्नु, टेढ्याउनु । **बङ्ग्याउ**-प्रे.धा.। **बङ्ग्याइनु**-बङ्ग्याउनुको क.क्रि.। **बङ्ग्याइ**-भा.प्रे.धा.। **बङ्गिइनु**-बङ्गिनुको भा.क्रि.। **बङ्गिइ**-भा.धा.। **बङ्गिई, बङ्गिएर, बङ्गिन, बङ्गिँदै, बङ्गिउन्जेल, बङ्गिंदाखेरि**-कृ.अ.। **बङ्गिनू**- वि.। **बङ्गिऊन्**-इ.। **बङ्गेला**-स.। (अ.क्रि.-फलेक सुकेपछि बङ्गियो ।)

बच्चनु-क्रि.मू.। **बच्च**- आ.धा.। स.क्रि.; खोपी खेल्दा चिनुभित्र वा खाल्डोमा घ्याइँ हुत्त्याउनु, घ्याइँले पैसालाई हान्नु । **बच्चाइ** (बच्च+आइ)-भा.ना.। **बच्चिनु**-बच्चनुको क.क्रि.। **बच्चि**-क.धा.। **बच्ची, बच्चेर, बच्चन, बच्चँदै, बच्चुन्जेल, बच्चँदाखेरि**-कृ.अ.। **बच्चनू**-वि.। **बच्चून्**-इ.। **बच्चला**-स.। (स.क्रि.-नरेले हानेको ढ्याकले पैसालाई बच्च्यो ।)

बच्नु-क्रि.मू.। **बच्**-आ.धा.। अ.क्रि.; नराम्रो अवस्थाबाट जोगिनु, जीउँदो रहनु, रक्षित हुनु, बाँध्नु, उब्रनु, बाँकी रहनु, शेष रहनु । **बचाइ** (बच्+आइ), (बचाउ+आइ), **बचाउ** (बच्+आउ), **बचावट** (बच्+आवट)-भा.ना.। **बचाउनु**-प्रे.क्रि./स.क्रि.; बच्ने पार्नु, बचाउ गर्नु, जोगाउनु, रक्षा गर्नु, उबार्नु । **बचाउ**-प्रे.धा.। **बचाइनु**-बचाउनुको क.क्रि.। **बचाइ**-भा.प्रे.धा.। **बचिनु**-बच्नुको भा.क्रि.। **बचि**-भा.धा.। **बची, बचेर, बच्न, बच्दै/बच्तै, बचुन्जेल, बच्दाखेरि**-कृ.अ.। **बच्नू**-वि.। **बचून्**-इ.। **बच्ला**-स.। (अ.क्रि.-लामा नारायणीमा पौरेर बच्यो ।)

बजार्नु-क्रि.मू.। **बजार्**-आ.धा.। स.क्रि.; बज्ने गरी राख्नु, जोडसित फ्याक्नु, थचार्नु, थच्च्याउनु, ठटाउनु, अर्कामाथि दोष थोपर्नु । **बजराइ** (बजार्+आइ)-भा.ना.। **बजारिनु**- बजार्नुको क.क्रि.। **बजारि**-क.धा.। **बजारी, बजारेर, बजार्न, बजार्दै, बजारुन्जेल,**

बजार्दाखेरि-कृ.अ.। **बजार्नू**-वि.। **बजारून्**-इ.। **बजार्ला**-स.। (स.क्रि. - ढङ्ग नभएकी बुहारीले थाल बजारी ।)

बजारिनु-क्रि.मू.। **बजारि**-आ.धा.। अ.क्रि.; पछारिनु, वेगले भूईँमा खस्नु । **बजऱ्याइ** (बजारि+आइ)-भा.ना.। **बजारिइनु**-बजारिनुको भा.क्रि.। **बजारिइ**- भा.धा.। **बजारिई, बजारिएर, बजारिन, बजारिँदै, बजारिउन्जेल, बजारिंदाखेरि**-कृ.अ.। **बजारिनू**-वि.। **बजारिऊन्**-इ.। **बजारेला**-स.। (अ.क्रि.-२०५० साल जेठ ३ गते भण्डारीको जिप नारायणीमा खसेर बजारियो ।)

बज्नु-क्रि.मू.। **बज्र**-आ.धा.। अ.क्रि.; घण्टी, घडी, बाजा आदिबाट आवाज निस्कनु, घन्कनु, रन्कनु, घडीद्वारा समय सूचित हुनु, दुई वस्तु रगडिंदा शब्द निस्कनु । **बजाइ** (बज्+आइ)-भा.ना.। **बजाउनु**-प्रे.क्रि./स.क्रि.; बज्ने पार्नु, बाजा आदिबाट शब्द निकाल्नु, ठटाउनु, ठोक्नु, थुप्रै खानु, हातलागी गर्नु, चप्काउनु, सम्भोग गर्नु (लाक्षणिक भावमा) । **बजाउ**-प्रे.धा.। **बजाइ** (बजाउ+आइ), **बजान** (बजाउ+आन्)-भा.ना.। **बजाइनु**-बजाउनुको क.क्रि.। **बजाइ**-भा.प्रे.धा.। **बजिनु**-बज्नुको भा.क्रि.। **बजि** -भा.धा.। **बजी, बजेर, बज्न, बज्दै, बजुन्जेल, बज्दाखेरि**-कृ.अ.। **बज्नू**-वि.। **बजून्**-इ.। **बज्ला**-स.। (अ.क्रि.-तल्लो कोटमा गोरखनाथको घण्ट बज्यो ।)

बज्रनु-क्रि.मू.। **बज्र**- आ.धा.। अ.क्रि.; जोडसित ठक्कर खानु, बेसरी ठोकिनु, बजारिनु, पछारिनु । **बज्राइ** (बज्र+आइ)-भा.ना.। **बज्राउनु**-प्रे.क्रि./स.क्रि.; बज्रन लाउनु, बज्रने पार्नु । **बज्राउ**-प्रे.धा.। **बज्राइनु**-बज्राउनुको क.क्रि.। **बज्राइ**-भा.प्रे.धा.। **बज्रिनु** -बज्रनुको भा.क्रि./ अ.क्रि. जोडसित ठक्कर खाइनु, बज्रनु । **बज्रि**-भा.धा.। **बज्र्याइ** (बज्रि+आइ)-भा.ना.। **बज्री, बज्रेर, बज्रन, बज्रँदै, बज्रुन्जेल, बज्रँदाखेरि**-कृ.अ.। **बज्रनू**-वि.। **बज्रून्**- इ.। **बज्रला**-स.। अ.क्रि.-थाइ बिमान घट्टे पहरामा बज्र्यो ।)

बटार्नु-क्रि.मू.। **बटार्**-आ.धा.। स.क्रि.; बाट्नु, निमोठ्नु, कर्काउनु, मर्काउनु, बाङ्गो पार्नु, टेढ्याउनु, डल्लो पार्नु, कसार बनाउनु । **बटराइ** (बटार्+आइ)-भा.ना.। **बटारिनु**-बटार्नुको क.क्रि.। **बटारि**-क.धा.। **बटारी, बटारेर, बटार्न, बटार्दै, बटारुन्जेल, बटार्दाखेरि**-कृ.अ.। **बटार्नू**-वि.। **बटारून्**-इ.। **बटार्ला**-स.। (स.क्रि.-भैंसीले दाम्लो बटाऱ्यो ।)

बटारिनु-क्रि.मू.। **बटारि**-आ.धा.। अ.क्रि.; घमण्डले मात्तिनु, बिँगठिनु, बाउँठिनु, टेढो हुनु, बाङ्गिनु । **बटऱ्याइ** (बटारि+आइ)-भा.ना.। **बटऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; बटारिन लाउनु, बटारिने पार्नु । **बटऱ्याउ**-प्रे.धा.। **बटऱ्याइनु**-बट्ऱ्याउनुको क.क्रि.। **बटऱ्याइ**-भा.प्रे.धा.। **बटारिइनु**- बटारिनुको भा.क्रि.। **बटारिइ**-भा.धा.। **बटारिई, बटारिएर, बटारिन, बटारिँदै, बटारिउन्जेल, बटारिंदाखेरि**-कृ.अ.। **बटारिनू**-वि.। **बटारिऊन्**-इ.। **बटारेला**-स.। (अ.क्रि.-सही मूल्याङ्कन नहुँदा कार्यकर्ताहरू बटारिए ।)

बटुल्नु-क्रि.मू.। **बटुल्**-आ.धा.। स.क्रि.; छरिएका वस्तुहरू जम्मा गर्नु, सोहोर-साहर पार्नु, एकत्रित पार्नु, समेट्नु, थुप्र्याउनु, सङ्ग्रह गर्नु, सोहोर्नु, ल्याउनु । **बटुलाइ** (बटुल्+आइ)-भा.ना.। **बटुलिनु**-बटुल्नुको क.क्रि.। **बटुलि**-क.धा.। **बटुली, बटुलेर, बटुल्न, बटुल्दै, बटुलुन्जेल, बटुल्दाखेरि**-कृ.अ.। **बटुल्नू**-वि.। **बटुलून्**-इ.। **बटुल्ला**-स.। (स.क्रि.-गोठालोले रूखबाट झारेको घाँस बटुल्यो ।)

बडबडाउनु-क्रि.मू.। **बडबडाउ**-आ.धा.। अ.क्रि.; बडबड गर्नु, फतफताउनु, बरबराउनु, रिसले व्यर्थका बद्ता कुरा गर्नु । **बडबडाइ** (बडबडाउ+आइ), **बडबडाहट** (बडबडाउ+आहट)-भा.ना.। **बडबडाइनु**-बडबडाउनुको भा.क्रि.। **बडबडाइ** -भा.धा.। **बडबडाई, बडबडाएर, बडबडाउन, बडबडाउँदै, बडबडाउन्जेल, बडबडाउँदाखेरि**-कृ.अ.। **बडबडाउनू**-वि.। **बडबडाऊन्**-इ.। **बडबडाउला**-स.। (अ.क्रि.-कर्मचारी-बढुवासूचीमा आफ्नो नाम नदेख्ता बिल बहादुर निकैबेर बडबडायो ।)

बड्कुम्ल्याउनु-क्रि.मू.। **बड्कुम्ल्याउ** आ.धा.। स.क्रि.; बाख्रा आदिले जुत्त्याउनु, बड्कुम्ला पार्नु । **बड्कुम्ल्याइ** (बड्कुम्ल्याउ+आइ)-भा.ना.। **बड्कुम्ल्याइनु**-बड्कुम्ल्याउनुको क.क्रि.। **बड्कुम्ल्याइ**-क.धा.। **बड्कुम्ल्याई, बड्कुम्ल्याएर, बड्कुम्ल्याउन, बड्कुम्ल्याउँदै, बड्कुम्ल्याउन्जेल, बड्कुम्ल्याउँदाखेरि**-कृ.अ.। **बड्कुम्ल्याउनू**-वि.। **बड्कुम्ल्याऊन्**-इ.। **बड्कुम्ल्याउला**-स.। (स.क्रि.-बाख्राले जुत्तो बड्कुम्ल्यायो ।)

बड्कौँल्याउनु-क्रि.मू.। **बड्कौँल्याउ** -आ.धा.। स.क्रि.; बड्कौलो पार्नु, बाख्रा आदिले जुत्त्याउनु । **बड्कौँल्याइ** (बड्कौँल्याउ+आइ)-भा.ना.। **बड्कौँल्याइनु**-बड्कौँल्याउनुको क.क्रि.। **बड्कौँल्याइ**-क.धा.। **बड्कौँल्याई, बड्कौँल्याएर, बड्कौँल्याउन, बड्कौँल्याउँदै, बड्कौँल्याउन्जेल, बड्कौँल्याउँदाखेरि**-कृ.अ.। **बड्कौँल्याउनू**-वि.। **बड्कौँल्याऊन्**-इ.। **बड्कौँल्याउला**-स.।

(स.क्रि.-भेडाले जुत्तो बङ्कौंल्यायो ।)

बढार्नु-क्रि.मू.। **बढार्**- आ.धा.। स.क्रि.; कुचो लाउनु, कूचोले कसिङ्गर, धूलो आदि हटाउनु, कूचोले कसिङ्गरहरू साफ गर्नु । **बढराइ** (बढार्+आइ)-भा.ना.। **बढारिनु**-बढार्नुको क.क्रि.। **बढारि**-क.धा.। **बढारी, बढारेर, बढार्न, बढार्दै, बढारुन्जेल, बढार्दाखेरि**-कृ.अ.। **बढार्नू**-वि.। **बढारून्**-इ.। **बढार्ला**-स.। (स.क्रि.-मैले कोठा बढारें ।)

बढ्नु-क्रि.मू.। **बढ्**- आ.धा.। अ.क्रि.; बढ्ता हुनु, ठूलो हुनु, वृद्धि हुनु, अघि सर्नु, झाँगिनु, फैलनु; मौलाउनु, मात्तिनु, मदमत्त हुनु । **बढाइ** (बढ्+आइ), **बढाउ** (बढ्+आउ)-भा.ना.। **बढुवा** (बढ्+उवा)-विशे.। **बढाउनु**-प्रे.क्रि./स.क्रि.; बढ्न लाउनु, बढ्ने पार्नु, बृद्धि गराउनु, ठूलो पार्नु, अघि सार्नु । **बढाउ**- प्रे.धा.। **बढाइनु** - बढाउनुको क.क्रि.। **बढाइ**-भा.प्रे.धा.। **बढिनु**- बढ्नुको भा.क्रि.। **बढि**- भा.धा.। **बढी, बढेर, बढ्न, बढ्दै, बढुन्जेल, बढ्दाखेरि**-कृ.अ.। **बढ्नू**- वि.। **बढून्**-इ.। **बढ्ला**-स.। अ.क्रि.-प्रतियोगिताले गर्दा मानिसमा आत्मगौरवको भावना बढ्यो ।)

बताउनु-क्रि.मू.। **बताउ**-आ.धा.। स.क्रि.; बयान गर्नु, कुनै कुरो भन्नु, सम्झाउनु, कुरो खोल्नु, कुरो प्रकट गर्नु, अन्नमा रहेको कसिङ्गर हावाले उडाउनु, बत्ताउनु । **बताइ** (बताउ+आइ)-भा.ना.। **बताइनु**-बताउनुको क.क्रि.। **बताइ**-क.धा.। **बताई, बताएर, बताउन, बताउँदै, बताउन्जेल, बताउँदाखेरि**-कृ.अ.। **बताउनू**-वि.। **बताऊन्**-इ.। **बताउला**-स.। (स.क्रि.-लाहुरेले आफ्नो यथार्थ हाल-खबर बतायो ।)

बतासिनु-क्रि.मू.। **बतासि**-आ.धा.। अ.क्रि.; हावाको झोक्कासँगै हुर्रिनु, हावाका साथसाथै उड्नु । **बतस्याइ** (बतासि+आइ)-भा.ना.। **बतस्याउनु**-प्रे.क्रि./स.क्रि.; बतासिन लाउनु, बतासिने पार्नु । **बतस्याउ**-प्रे.धा.। **बतस्याइनु**-बतस्याउनुको क.क्रि.। **बतस्याइ**-भा.प्रे.धा.। **बतासिइनु**-बतासिनुको भा.क्रि.। **बतासिइ**-भा.धा.। **बतासिई, बतासिएर, बतासिन, बतासिंदै, बतासिउन्जेल, बतासिंदाखेरि**-कृ.अ.। **बतासिनू**-वि.। **बतासिऊन्**-इ.। **बतासेला**-स.। (अ.क्रि.-मुक्तिनाथ जाँदा पर्यटकको टोप हावामा बतासियो ।)

बत्ताउनु-क्रि.मू.। **बत्ताउ**-आ.धा.। अ.क्रि.; बेपत्ता हुनु, हावासँगै उडेर जानु, बतासिनु । स.क्रि.; अन्नमा मिसिएको कसिङ्गर हावाद्वारा उडाउनु । **बत्ताइ** (बत्ताउ+आइ)-भा.ना.। **बत्ताइनु**-बत्ताउनुको भा.क्रि./ क.क्रि.। **बत्ताइ**-भा.धा./क.धा.। **बत्ताई, बत्ताएर, बत्ताउन, बत्ताउँदै, बत्ताउन्जेल, बत्ताउँदाखेरि**-कृ.अ.। **बत्ताउनू**-वि.। **बत्ताऊन्**-इ.। **बत्ताउला**-स.। (अ.क्रि.-चुँडिएको चङ्गा हावामा बत्तायो । । स.क्रि.-खेतलाले नाङ्लाले खलोमा धान बत्ताए ।)

बतुरिनु-क्रि.मू.। **बतुरि**-आ.धा.। अ.क्रि.; बतुरो हुनु, फाँकिनु, चाहिँदा-नचाहिँदा कुरामा गन्थनिनु । **बतुर्याइँ** (बतुरि+आइँ)-भा.ना.। **बतुर्याउनु**-प्रे.क्रि./स.क्रि.; बतुरिन लाउनु, बतुरिने पार्नु । **बतुर्याउ**-प्रे.धा.। **बतुर्याइनु**-बतुर्याउनुको क.क्रि.। **बतुर्याइ**-भा.प्रे.धा.। **बतुरिइनु**-बतुरिनुको भा.क्रि.। **बतुरिइ**-भा.धा.। **बतुरिई, बतुरिएर, बतुरिन, बतुरिंदै, बतुरिउन्जेल, बतुरिंदाखेरि**-कृ.अ.। **बतुरिनू**-वि.। **बतुरिऊन्**-इ.। **बतुरेला**-स.। (अ.क्रि.-डल्ली कमिनी दिनभरि पण्डितसँग बतुरिई ।)

बत्तनु-क्रि.मू.। **बत्त**-आ.धा.। अ.क्रि.; बेगले उडेर जानु, हावा लागेर धुलो, कसिंगर उड्ने काम हुनु, बतासिनु । **बत्ताइ** (बत्त+आइ), (बत्ताउ+आइ)-भा.ना.। **बत्ताउनु**-प्रे.क्रि./स.क्रि.; बत्तने पार्नु । **बत्ताउ**-प्रे.धा.। **बत्ताइनु**-बत्ताउनुको क.क्रि.। **बत्ताइ**-भा.प्रे.धा.। **बत्तिनु**-बत्तनुको भा.क्रि.। **बत्ति** -भा.धा.। **बत्ती, बत्तेर, बत्तन, बत्तँदै, बत्तुन्जेल, बत्तँदाखेरि**-कृ.अ.। **बत्तनू**-वि.। **बत्तून्**-इ.। **बत्तला**-स.। (अ.क्रि.-हिजोको हुरी-बतासमा सबै कसिंगर बत्त्यो ।)

बत्तिनु-क्रि.मू.। **बत्ति**-आ.धा.। स.क्रि.; वेगले उड्नु, वेगले हाँकिनु, वेगले हानिनु, वेगले जानु, हावा लागेर कसिङ्गर आदि उड्ने काम होइनु । **बत्त्याइ** (बत्ति+आइ)-भा.ना.। **बत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; बत्तिन लाउनु, बत्तिने पार्नु । **बत्त्याउ**-प्रे.धा.। **बत्त्याइनु**- बत्त्याउनुको क.क्रि.। **बत्त्याइ**-भा.प्रे.धा.। **बत्तिइनु**-बत्तिनुको भा.क्रि.। **बत्तिइ**-भा.धा.। **बत्तिई, बत्तिएर, बत्तिन, बत्तिंदै, बत्तिउन्जेल, बत्तिंदाखेरि**-कृ.अ.। **बत्तिनू**-वि.। **बत्तिऊन्**-इ.। **बत्तेला**-स.। (अ.क्रि.-सिमलको भुवा हावामा बत्तियो ।)

बथान्नु-क्रि.मू.। **बथान्**-आ.धा.। स.क्रि.; ढुक्नु, पर्खेर बस्नु, प्रतीक्षा गर्नु, बथानमा मिल्नका निम्ति कुर्नु । **बथनाइ** (बथान्+आइ)-भा.ना.। **बथानिनु**-बथान्नुको क.क्रि.। **बथानि**-क.धा.। **बथानी, बथानेर, बथान्न, बथान्दै, बथानुन्जेल, बथान्दाखेरि**-कृ.अ.। **बथान्नू**-वि.। **बथानून्**-इ.। **बथान्ला**-स.। (स.क्रि.-बाघले चरनमा गाई बथान्यो ।)

बथानिनु-क्रि.मू.। **बथानि**-आ.धा.। अ.क्रि.; पर्खेर बसिनु, प्रतीक्षा गरिनु बगालमा मिसिनु । **बथन्याइ** (बथानि+आइ)-भा.ना.। **बथानिइनु**-बथानिनुको भा.क्रि.। **बथानिइ**-भा.धा.। **बथानिई, बथानिएर, बथानिन, बथानिँदै, बथानिउन्जेल, बथानिंदाखेरि**-कृ.अ.। **बथानिनू**-वि.। **बथानिऊन्**-इ.। **बथानेला**-स.। (अ.क्रि.-भेडा-बाखा सबै बथानिए ।)

बदलिनु-क्रि.मू.। **बदलि**- आ.धा.। अ.क्रि.; हेरफेर हुनु, साटफेर हुनु, अदलबदल हुनु, उल्टिनु । **बदल्याइ** (बदलि+आइ)-भा.ना.। **बदल्याउनु**-प्रे.क्रि./स.क्रि.; बदलिने पार्नु, बदल्न लाउनु । **बदल्याउ** -प्रे.धा.। **बदल्याइनु**-बदल्याउनुको क.क्रि.। **बदल्याइ**-भा.प्रे.धा.। **बदलिइनु**-बदलिनुको भा.क्रि.। **बदलिइ**-भा.धा.। **बदलिई, बदलिएर, बदलिन, बदलिँदै, बदलिउन्जेल, बदलिंदाखेरि**-कृ.अ.। **बदलिनू**-वि.। **बदलिऊन्**-इ.। **बदलेला**-स.। (अ.क्रि. -आज मौसम बदलियो ।)

बदल्नु-क्रि.मू.। **बदल्**-आ.धा.। स.क्रि.; साटफेर गर्नु, फेर्नु, साट्नु, बद्लनु, परिवर्तन गर्नु, उल्टाउनु, अदलबदल गर्नु, हेरफेर गर्नु । **बदलाइ** (बदल्+आइ) -भा.ना.। **बदलाउनु** -बदल्न लाउनु, बदल्ने पार्नु । **बदलाउ**-प्रे.धा.। **बदलाइनु**-बदलाउनुको क.क्रि.। **बदलाइ**-क.प्रे.धा.। **बदलिनु**- बदल्नुको क.क्रि.। **बदलि**- क.धा.। **बदली, बदलेर, बदल्न, बदल्दै, बदलुन्जेल, बदल्दाखेरि**-कृ.अ.। **बदल्नू**-वि.। **बदलून्**-इ.। **बदल्ला**-स.। (स.क्रि. -गुप्तचरले एकैछिनमा भेष बदल्यो ।)

बद्लनु-क्रि.मू.। **बद्ल**-आ.धा.। स.क्रि.; बदल्नु । अ.क्रि.; बदलिनु । **बद्लाइ** (बद्ल+आइ)-भा.ना.। **बद्लाउनु**-प्रे.क्रि./स.क्रि.; बद्लन लाउनु, बद्लने पार्नु । **बद्लाउ**-प्रे.धा.। **बद्लाइनु**-बद्लाउनुको क.क्रि.। **बद्लाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **बद्लिनु**-बद्लनुको क.क्रि./भा.क्रि.। **बद्लि**-क.धा./भा.धा.। **बद्ली, बद्लेर, बद्लन, बद्लँदै, बद्लुन्जेल, बद्लँदाखेरि**-कृ.अ.। **बद्लनू**-वि.। **बद्लून्**-इ.। **बद्लला**-स.। (स.क्रि.-सिपाहीले कबाजको पोशाक बद्ल्यो । अ.क्रि.-ईश्वरीप्रसादको विचार हिजोआज बद्ल्यो ।)

बद्लिनु-क्रि.मू.। **बद्लि**-आ.धा.। स.क्रि.; बदल्नु । अ.क्रि.; बदलिनु । **बद्ल्याइ** (बद्लि+आइ)-भा.ना.। **बद्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; बद्लिने पार्नु, बद्लन लाउनु । **बद्ल्याउ**-प्रे.धा.। **बद्ल्याइनु**-बद्ल्याउनुको क.क्रि.। **बद्ल्याइ**-क.प्रे.धा./भा.प्रे.धा.। **बद्लिइनु** -बद्लिनुको क.क्रि./भा.क्रि.। **बद्लिइ**-क.धा./भा.धा.। **बद्लिई, बद्लिएर, बद्लिन, बद्लिँदै, बद्लिउन्जेल, बद्लिंदाखेरि**-कृ.अ.। **बद्लिनू**-वि.। **बद्लिऊन्**-इ.। **बद्लेला**-स.। (स.क्रि.-मैले जुत्ता बद्लिएँ । अ.क्रि.-लाहुरे छोरा घरमा आइपुगेपछि आमैको अनुहार बद्लियो ।)

बन्नु-क्रि.मू.। **बन्**-आ.धा.। अ.क्रि.; रचिनु, तयार हुनु, बनिबनाउ हुनु, मर्मत हुनु, उन्नति हुनु, मानमर्यादामा उँभो लाग्नु, सप्रनु, कार्य सिद्धि हुनु, बुझुक्याइँ देखिनु, धन-सम्पत्ति कमाएर बनिबनाउ हुनु । **बनावट** (बन्+आवट), **बनाइ** (बन्+आइ)-भा.ना.। **बनाउनु**-प्रे.क्रि./स.क्रि.; रचना गर्नु, बनिबनाउ पार्नु, तयार पार्नु, मर्मत गर्नु, उन्नत पार्नु, तुल्याउनु । **बनाउ**-प्रे.धा.। **बनाइनु**-बनाउनुको क.क्रि.। **बनाइ**- भा.प्रे.धा.। **बनिनु**-बन्नुको भा.क्रि.। **बनि**-भा.धा.। **बनी, बनेर, बन्न, बन्दै, बनुन्जेल, बन्दाखेरि**-कृ.अ.। **बन्नू**-वि.। **बनून्**-इ.। **बन्ला**-स.। (अ.क्रि.-'सहित' शब्दमा 'यत्' प्रत्यय लागेर 'साहित्य' शब्द बन्यो ।)

बन्चर्‍याउनु-क्रि.मू.। **बन्चर्‍याउ**-आ.धा.। स.क्रि.; मन नपरेका व्यक्तिलाई धारे हात लाउनु, हातले काटेको जस्तो गरी देखाउनु, मन नपरी-नपरी ढोग्नु, करकापले ढोग्नु, टस्क्याउनु । **बन्चर्‍याइ** (बन्चर्‍याउ+आइ)-भा.ना.। **बन्चर्‍याइनु**-बन्चर्‍याउनुको क.क्रि.। **बन्चर्‍याइ**-क.धा.। **बन्चर्‍याई, बन्चर्‍याएर, बन्चर्‍याउन, बन्चर्‍याउँदै, बन्चर्‍याउन्जेल, बन्चर्‍याउँदाखेरि**-कृ.अ.। **बन्चर्‍याउनू**-वि.। **बन्चर्‍याऊन्**-इ.। **बन्चर्‍याउला**-स.। (स.क्रि.-बुहारीले टोकाहा सासुलाई बन्चर्‍याई ।)

बफाउनु-क्रि.मू.। **बफाउ**- आ.धा.। स.क्रि.; बाफद्वारा उसिन्नु, बाफमा पकाउनु, गुम्स्याउनु । **बफाइ** (बफाउ+आइ)-भा.ना.। **बफाइनु**-बफाउनुको क.क्रि.। **बफाइ**-क.धा.। **बफाई, बफाएर, बफाउन, बफाउँदै, बफाउन्जेल, बफाउँदाखेरि**-कृ.अ.। **बफाउनू**-वि.। **बफाऊन्**-इ.। **बफाउला**-स.। (स.क्रि.-झ्याँवाको लामिछानेले गाभा बफायो ।)

बम्कनु-क्रि.मू.। **बम्क**-आ.धा.। अ.क्रि.; कुर्लनु, गर्जनु, बाझ्नु, रिसको आवेगमा ठूलो स्वरले बोल्नु । **बम्काइ** (बम्क+आइ)-भा.ना.। **बम्काउनु**-प्रे.क्रि./स.क्रि.; बम्कन लाउनु, बम्कने पार्नु । **बम्काउ**-प्रे.धा.। **बम्काइनु** -बम्काउनुको क.क्रि.। **बम्काइ**-भा.प्रे.धा.। **बम्किनु**-बम्कनुको भा.क्रि.। **बम्कि**-भा.धा.। **बम्की, बम्केर, बम्कन, बम्कँदै, बम्कुन्जेल, बम्कँदाखेरि**-कृ.अ.। **बम्कनू**-वि.। **बम्कून्**-इ.। **बम्कला**-स.। (अ.क्रि.-भीडमा पसेर एक

हूल गुण्डाहरू एक्कासि बम्के ।)

बम्किनु - क्रि.मू.। **बम्कि**-आ.धा.। अ.क्रि.; कुर्लिनु, बम्कनु, गर्जिनु । **बम्क्याइ** (बम्कि+आइ)-भा.ना.। **बम्क्याउनु**-प्रे.क्रि./स.क्रि.; बम्किन लगाउनु । **बम्क्याउ**-प्रे.धा.। **बम्क्याइनु**-बम्क्याउनुको क.क्रि.। **बम्क्याइ**-भा.प्रे.धा.। **बम्किइनु**-बम्किनुको भा.क्रि.। **बम्किइ**-भा.धा.। **बम्किई, बम्किएर, बम्किन, बम्किँदै, बम्किउन्जेल, बम्किंदाखेरि**-कृ.अ.। **बम्किनू**-वि.। **बम्किऊन्**-इ.। **बम्केला**-स.। (अ.क्रि.-साउने पानीको कुलोमा बसौलाको छोरो निकै बेरसम्म बम्कियो ।)

बयलिनु-क्रि.मू.। **बयलि**-आ.धा.। अ.क्रि.; छिहिलिनु, दुश्चरित्र भएर हिंड्नु, सिन्की, गुन्द्रुक जस्ता खाँदिएका वस्तुको अमिलोपन हराएर सड्न लाग्नु, स्वाद बिग्रनु । **बयल्याइ** (बयलि+आइ)-भा.ना.। **बयल्याउनु**- प्रे.क्रि.; बयलिन लगाउनु, बयलिने पार्नु । **बयल्याउ**-प्रे.धा.। **बयल्याइनु**-बयल्याउनुको क.क्रि.। **बयल्याइ**-भा.प्रे.धा.। **बयलिइनु**-बयलिनुको भा.क्रि.। **बयलिइ**-भा.धा.। **बयलिई, बयलिएर, बयलिन, बयलिँदै, बयलिउन्जेल, बयलिंदाखेरि**-कृ.अ.। **बयलिनू**-वि.। **बयलिऊन्**-इ.। **बयलेला**-स.। (अ.क्रि.-ती दुईजोडी पर्यटक सिरानडाँडा माथि उक्लिएपछि बयलिए ।)

बयेलिनु-क्रि.मू.। **बयेलि**-आ.धा.। अ.क्रि.; बयेली खेल्ने हुनु, बयलिनु । **बयेल्याइ** (बयेलि+आइ)-भा.ना.। **बयेल्याउनु**-प्रे.क्रि./स.क्रि.; बयेलिने पार्नु । **बयेल्याउ**-प्रे.धा.। **बयेल्याइनु**-बयेल्याउनुको क.क्रि.। **बयेल्याइ**-भा.प्रे.धा.। **बयेलिइनु**-बयेलिनुको भा.क्रि.। **बयेलिइ**-भा.धा.। **बयेलिई, बयेलिएर, बयेलिन, बयेलिँदै, बयेलिउन्जेल, बयेलिंदाखेरि**-कृ.अ.। **बयेलिनू**-वि.। **बयेलिऊन्**-इ.। **बयेलेला**-स.। (अ.क्रि.-तिनीहरू दिनभर जात्रामा बयेलिए ।)

बरबराउनु-क्रि.मू.। **बरबराउ**-आ.धा.। अ.क्रि.; बेहोशमा बोल्नु, फतफताउनु, बडबडाउनु, भटभटाउनु, निद्रामा बरबर गर्नु, प्रलाप गर्नु । स.क्रि.; थोपा-थोपा गरेर आँसु खसाल्नु, थोपा, गेडा आदि झर्नु । **बरबराइ** (बरबराउ+आइ)-भा.ना.। **बरबराइनु**-बरबराउनुको भा.क्रि./क.क्रि.। **बरबराइ**- भा.धा./क.धा.। **बरबराई, बराबराएर, बरबराउन, बरबराउँदै, बरबराउन्जेल, बरबराउँदाखेरि**-कृ.अ.। **बरबराउनू**-वि.। **बरबराऊन्**-इ.। **बरबराउला**-स.। अ.क्रि.-केटाकेटीहरू सपनामा बरबराए । स.क्रि.-तिनीहरूले आँखाबाट आँसु बरबराए ।)

बराँठिनु-क्रि.मू.। **बराँठि** -आ.धा.। अ.क्रि.; बराँठ जस्तै भई मोटाउनु, बाँझी हुनु, उमेर पुगेर पनि गर्भ-धारण नगर्नु, बैला बस्नु, थारिनु । **बरँठ्याइ** (बराँठी+आइ)-भा.ना.। **बरँठ्याउनु** -प्रे.क्रि./स.क्रि.; बराँठिन लाउनु, बराँठिने पार्नु । **बरँठ्याउ**- प्रे.धा.। **बरँठ्याइनु**-बरँठ्याउनुको क.क्रि.। **बरठ्याइ**- क.धा.। **बराँठिइनु**-बराँठिनुको भा.क्रि.। **बराँठिइ**-भा.धा.। **बराँठिई, बराँठिएर, बराँठिन, बराँठिँदै, बराँठिउन्जेल, बराँठिंदाखेरि**-कृ.अ.। **बराँठिनू**-वि.। **बराँठिऊन्**-इ.। **बराँठेला**-स.। (अ.क्रि.-लौसीबोट धनेको भैंसीको थोरे ज्यादै बराँठियो ।)

बराँतिनु-क्रि.मू.। **बराँति** -आ.धा.। अ.क्रि.; बरालिनु । **बरँत्याइ** (बराँति+आइ)-भा.ना.। **बराँतिइनु**-बराँतिनुको भा.क्रि.। **बराँतिइ**-भा.धा.। **बराँतिई, बराँतिएर, बराँतिन, बराँतिँदै, बराँतिउन्जेल, बराँतिंदाखेरि**-कृ.अ.। **बराँतिनू**-वि.। **बराँतिऊन्**-इ.। **बराँतेला**-स.। (अ.क्रि.-ती ठिटाहरू दिनभरि बराँतिए ।)

बरालिनु-क्रि.मू.। **बरालि**-आ.धा.। अ.क्रि.; अर्काको बहकाउमा लाग्नु, बहकिनु, कुसङ्गतमा फस्नु, खराब संगतमा लाग्नु, बेकाममा यताउति हिंड्नु, अल्लारिनु । **बरल्याइ** (बरालि+आइ)-भा.ना.। **बरालिइनु**-बरालिनुको भा.क्रि.। **बरालिइ**- भा.धा.। **बरालिई, बरालिएर, बरालिन, बरालिँदै, बरालिउन्जेल, बरालिंदाखेरि**-कृ.अ.। **बरालिनू**-वि.। **बरालिऊन्**-इ.। **बरालेला**-स.। (अ.क्रि.-तिनीहरू बेकाममा त्यसै बरालिए ।)

बराल्नु-क्रि.मू.। **बराल्**-आ.धा.। स.क्रि.; खराब संगतमा फसाउनु, बेकाममा यताउता हिंडाउनु, नराम्रो संगतमा लगाउनु, बहकाउनु । **बरलाइ** (बराल्+आइ)-भा.ना.। **बरालिनु**-बराल्नुको क.क्रि.। **बरालि**-क.धा.। **बराली, बरालेर, बराल्न, बराल्दै, बरालुन्जेल, बराल्दाखेरि**-कृ.अ.। **बराल्नू**-वि.। **बरालून्**-इ.। **बराल्ला**-स.। (स.क्रि.-छाडा केटाहरूले साना केटाकेटीहरूलाई बराले ।)

बरालिनु-क्रि.मू.। **बरालि**-आ.धा.। अ.क्रि.; अर्काको बहकावटमा लाग्नु, बहकिनु, बेकाममा यताउति अल्लारिनु, खराब संगतमा लाग्नु, कुसंगतमा फस्नु । **बरल्याइ** (बरालि+आइ)-भा.ना.। **बरल्याउनु**-प्रे.क्रि./स.क्रि.; बरालिन लाउनु, बरालिने पार्नु । **बरल्याउ**-प्रे.धा.। **बरल्याइनु**-बरल्याउनुको क.क्रि.। **बरल्याइ**-भा.प्रे.धा.। **बरालिइनु**-बरालिनुको भा.क्रि.। **बरालिइ**-भा.धा.। **बरालिई, बरालिएर, बरालिन, बरालिँदै,**

बरालिउन्जेल, बरालिंदाखेरि-कृ.अ.। **बरालिनू**-वि.। **बरालिऊन्**-इ.। **बरालेला**- स.। (अ.क्रि.-धेरै युवाहरू घुमन्तेहरूसँग उसै वरालिए ।)

बर्नु-क्रि.मू.। **बर्**-आ.धा.। स.क्रि.; रोज्नु, वरण गर्नु, स्वयम्वर गर्नु, कन्याले वर रोज्नु, पति मान्नु । **बराइ** (बर्+आइ)-भा.ना.। **बराउनु**-प्रे.क्रि./स.क्रि.; बर्न लगाउनु, कन्याद्वारा वर रोज्न लाउनु । **बराउ**-प्रे.धा.। **बराइनु**-बराउनुको क.क्रि.। **बराइ**-क.प्रे.धा.। **बरिनु**-बर्नुको क.क्रि.। **बरि**-क.धा.। **बरी, बरेर, बर्न, बर्दै, बरुन्जेल, बर्दाखेरि**-कृ.अ.। **बर्नू**-वि.। **बरून्**-इ.। **बर्ला**-स.। (स.क्रि.-सीताले रामलाई बरिन् ।)

बर्कनु - क्रि.मू.। **बर्क**-आ.धा.। अ.क्रि.; झर्नु, छिरलो हुनु, गेडागुडी पोखिनु, मसिना दानादार वस्तु छरिनु । **बर्काइ** (बर्क+आइ)-भा.ना.। **बर्काउनु**-प्रे.क्रि./स.क्रि.; बर्कन लाउनु, छिरलो पार्नु, बीउ छर्नु, सानासाना दानाहरू छर्नु । **बर्काउ** - प्रे.धा.। **बर्काइनु**-बर्काउनुको क.क्रि.। **बर्काइ**-भा.प्रे.धा.। **बर्किनु** - बर्कनुको भा.क्रि.; गेडाहरू खसिनु । **बर्कि**-भा.धा.। **बर्की, बर्केर, बर्कन, बर्कँदै, बर्कुन्जेल, बर्कँदाखेरि**-कृ.अ.। **बर्कनू**-वि.। **बर्कून्**-इ.। **बर्कला**-स.। (अ.क्रि.-अस्ति पोखरामा खूबसँग असिना बर्क्यो ।)

बर्किनु-क्रि.मू.। **बर्कि**-आ.धा.। अ.क्रि.; बर्कनु । **बर्क्याइ** (बर्कि+आइ), **बर्क्याहट** (बर्कि+आहट)-भा.ना.। **बर्क्याउनु**-प्रे.क्रि./स.क्रि.; बर्किन लाउनु, बर्किने पार्नु, बर्काउनु । **बर्क्याउ**-प्रे.धा.। **बर्क्याइनु**-बर्क्याउनुको क.क्रि.। **बर्क्याइ**-भा.प्रे.धा.। **बर्किइनु**-बर्किनुको भा.क्रि.। **बर्किइ**- भा.धा.। **बर्किई, बर्किएर, बर्किन, बर्किँदै, बर्किउन्जेल, बर्किँदाखेरि**-कृ.अ.। **बर्किनू**-वि.। **बर्किऊन्**-इ.। **बर्केला**-स.। (अ.क्रि.-घाटमा लाश लैजाँदा बुर्की बर्कियो ।)

बर्कौल्याउनु-क्रि.मू.। **बर्कौल्याउ**-आ.धा.। स.क्रि.; बर्कौला हग्नु, भेडा-बाख्रा आदिले हग्नु । **बर्कौल्याइ** (बर्कौल्याउ+आइ)-भा.ना.। **बर्कौल्याइनु**-बर्कौल्याउनुको क.क्रि.। **बर्कौल्याइ**-क.धा.। **बर्कौल्याई, बर्कौल्याएर, बर्कौल्याउन, बर्कौल्याउँदै, बर्कौल्याउन्जेल, बर्कौल्याउँदाखेरि**-कृ.अ.। **बर्कौल्याउनू**-वि.। **बर्कौल्याऊन्**-इ.। **बर्कौल्याउला**-स.। (स.क्रि.-बाख्राले बर्कौला बर्कौल्यायो ।)

बर्खिनु-क्रि.मू.। **बर्खि**-आ.धा.। अ.क्रि.; बर्खाभर पर्खिनु, वर्षा बित्नु, बर्खाभरि रहनु, वर्षाभरि थाम्नु । **बर्ख्याइ** (बर्खि+आइ)-भा.ना.। **बर्ख्याउनु**--प्रे.क्रि./स.क्रि.; बर्खिन लाउनु, बर्खिने पार्नु । **बर्ख्याउ**- प्रे.धा.। **बर्ख्याइनु**-बर्ख्याउनुको क.क्रि.। **बर्ख्याइ**-भा.प्रे.धा.। **बर्खिइनु**-बर्खिनुको-भा.क्रि.। **बर्खिइ**-भा.धा.। **बर्खिई, बर्खिएर, बर्खिन, बर्खिँदै, बर्खिउन्जेल, बर्खिँदाखेरि**-कृ.अ.। **बर्खिनू**-वि.। **बर्खिऊन्**-इ.। **बर्खेला**-स.। (अ.क्रि.-आघुँसाल कसरी तिर्ने हो; साहूको ऋण बर्खियो ।)

बर्तनु-क्रि.मू.। **बर्त**-आ.धा.। अ.क्रि.; जीवन-निर्वाह हुनु, जीवित रहनु, बाँच्नु, प्रसाद बाँडिनु, रहनु । **बर्ताइ** (बर्त+आइ)-भा.ना.। **बर्तालु** (बर्त+आलु)-विशे. ब्रत बसेको, ब्रत लिने । **बर्ताउनु**-प्रे.क्रि./स.क्रि.; बर्तन लाउनु, प्रसाद बाँड्नु, रहन दिनु । **बर्ताउ**-प्रे.धा.। **बर्ताइनु**-बर्ताउनुको क.क्रि.। **बर्ताइ** -भा.प्रे.धा.। **बर्तिनु**-बर्तनुको भा.क्रि.। **बर्ति**-भा.धा.। **बर्ती, बर्तेर, बर्तन, बर्तँदै, बर्तुन्जेल, बर्तँदाखेरि**-कृ.अ.। **बर्तनू**-वि.। **बर्तून्**-इ.। **बर्तला**-स.। (अ.क्रि.-महाकवि देवकोटा नेपाली भूमिमा पचास वर्षसम्म बर्ते ।)

बर्नाउनु-क्रि.मू.। **बर्नाउ**-आ.धा.। स.क्रि.; धामीले फलाकेर देवता बुझाउनु, धामीले देवताको वर्णन गर्नु । अ.क्रि.; गाईवस्तु साहा जान चटारिनु, गाई वस्तुको साहा जान खोज्नु, यस्तोछ भनी प्रख्यात हुनु, कहलाउनु। **बर्नाइ** (बर्नाउ+आइ)-भा.ना.। **बर्नाइनु**-बर्नाउनुको क.क्रि./भा.क्रि.। **बर्नाइ**-क.धा./भा.धा.। **बर्नाई, बर्नाएर, बर्नाउन, बर्नाउँदै, बर्नाउन्जेल, बर्नाउँदाखेरि**-कृ.अ.। **बर्नाउनू**-वि.। **बर्नाऊन्**-इ.। **बर्नाउला**-स.। (स.क्रि.-धामीले देवतालाई बर्नायो । अ.क्रि.-भट्ट अन्तरेको गोठको कोरली हिजो दिनभरि बर्नायो ।)

बर्सनु-क्रि.मू.। **बर्स**-आ.धा.। अ.क्रि.; पानी पर्नु, झरी पर्नु, बर्षा हुनु, बृष्टि हुनु, पर्रा छुट्नु, झर्नु, खस्नु, बर्कनु । **बर्साइ** (बर्स+आइ)-भा.ना.। **बर्साउनु**-प्रे.क्रि./स.क्रि., बर्सने पार्नु, बृष्टि गराउनु, झार्नु । **बर्साउ**-प्रे.धा.। **बर्साइनु**-बर्साउनुको क.क्रि.। **बर्साइ**-भा.प्रे.धा.। **बर्सिनु**-बर्सनुको भा.क्रि.। **बर्सि**-भा.धा.। **बर्सी, बर्सेर, बर्सन, बर्सँदै, बर्सुन्जेल, बर्सँदाखेरि**-कृ.अ.। **बर्सनू**-वि.। **बर्सून्**-इ.। **बर्सला**-स.। (अ.क्रि.-गतसाल नेपालमा मनसुन राम्ररी बर्स्यो ।)

बर्सिनु-क्रि.मू.। **बर्सि**-आ.धा.। अ.क्रि.; बर्सनु, वृष्टि हुनु । **बर्स्याइ** (बर्सि+आइ)-भा.ना.। **बर्स्याउनु**-प्रे.क्रि./स.क्रि.; बर्साउनु । **बर्स्याउ**-प्रे.धा.। **बर्स्याइनु**-बर्स्याउनुको क.क्रि.। **बर्स्याइ**-भा.प्रे.धा.। **बर्सिइनु**-बर्सिनुको भा.क्रि.। **बर्सिइ**-भा.धा.। **बर्सिइ, बर्सिएर, बर्सिन, बर्सिँदै, बर्सिउन्जेल, बर्सिँदाखेरि**-कृ.अ.। **बर्सिनू**-वि.। **बर्सिऊन्**-इ.। **बर्सेला**-स.। (अ.क्रि.-अस्तिको दिनभरि झरी बर्सियो ।)

बलबलाउनु-क्रि.मू.। **बलबलाउ**-आ.धा.। अ.क्रि.; बकबक गर्नु, उत्ताउलो हुनु, नचाहिंदा बढी कुरा गर्नु, चञ्चल हुनु । **बलबलाइ** (बलबलाउ+आइ), **बलबलाहट** (बलबलाउ+आहट)-भा.ना.। **बलबलाइनु**-बलबलाउनुको भा.क्रि.। **बलबलाइ** -भा.धा.। **बलबलाई, बलबलाएर, बलबलाउन, बलबलाउँदै, बलबलाउन्जेल,, बलबलाउँदाखेरि**-कृ.अ.। **बलबलाउनू**- वि.। **बलबलाऊन्**-इ.। **बलबलाउला**-स.। (अ.क्रि.-माधव भण्डारी गाउँसभामा खूबसँग बलबलायो ।)

बलबलिनु-क्रि.मू.। **बलबलि**-आ.धा.। अ.क्रि.; बलबलाउनु। **बलबल्याइ** (बलबलि+आइ), **बलबल्याहट** (बलबलि+आहट)-भा.ना.। **बलबलिइनु**- बलबलिनुको भा.क्रि.। **बलबलिइ**-भा.धा.। **बलबलिई, बलबलिएर, बलबलिन, बलबलिँदै, बलबलिउन्जेल, बलबलिंदाखेरि**-कृ.अ.। **बलबलिनू**-वि.। **बलबलिऊन्**-इ.। **बलबलेला**-स.। (अ.क्रि.-तीनधरेको माधव घलटाकुरामा यदुसँग बलबलियो ।)

बल्नु-क्रि.मू.। **बल्**- आ.धा.। अ.क्रि.; आगाको ज्वाला उठ्नु, सल्कनु, दन्कनु, भाग्य चम्कनु, जल्दो-बल्दो हुनु । **बलाइ** (बल्+आइ)-भा.ना.। **बलाउनु**-बल्ने पार्नु, बाल्न लाउनु । **बलाउ**-प्रे.धा.। **बलाइनु**- बलाउनुको क.क्रि.। **बलाइ**-भा.प्रे.धा.। **बलिनु**-बल्नुको भा.क्रि.। **बलि**-भा.धा.। **बली, बलेर, बल्न, बल्दै, बलुन्जेल, बल्दाखेरि**-कृ.अ.। **बल्नू**-वि.। **बलून्**- इ.। **बल्ला**- स.। (अ.क्रि.-जाडो यामको अगेनुमा आगो बल्यो ।)

बल्कनु-क्रि.मू.। **बल्क**-आ.धा.। अ.क्रि.; पीप आदि भरिएर घाउ-खटिरा बलक बलक गरी टन्कनु, चर्केर दुख्नु । **बल्काइ** (बल्क+आइ)-भा.ना.। **बल्किनु**-बल्कनुको भा.क्रि.। **बल्कि**-भा.धा.। **बल्की, बल्केर, बल्कन, बल्कँदै, बल्कुन्जेल, बल्कँदाखेरि**-कृ.अ.। **बल्कनू**-वि.। **बल्कून्**-इ.। **बल्कला**-स.। (अ.क्रि.-मेरो खुटाको घाउ बल्क्यो ।)

बल्किनु-क्रि.मू.। **बल्कि**-आ.धा.। अ.क्रि.; घाउ-खटिरा टन्किनु । **बल्क्याइ** (बल्कि+आइ)-भा.ना.। **बल्किइनु**-बल्किनुको भा.क्रि.। **बल्किइ**-भा.धा.। **बल्किई, बल्किएर, बल्किन, बल्किँदै, बल्किउन्जेल, बल्किंदाखेरि**-कृ.अ.। **बल्किनू**-वि.। **बल्किऊन्**-इ.। **बल्केला**-स.। (अ.क्रि.-रामेको टाउकोको घाउ सान्हो बल्कियो ।)

बल्झनु-क्रि.मू.। **बल्झ**-आ.धा.। अ.क्रि.; उल्टनु, बन्धनमा पर्नु, जालमा फस्नु, बल्छीमा पर्नु, अड्कनु, अल्झनु, जुवामा च्याँखेको दाउ लाग्नु, गर्भ रहनु । **बल्झाइ** (बल्झ+आइ)-भा.ना.। **बल्झाउनु**-प्रे.क्रि./स.क्रि.; बन्धनमा पार्नु, अड्काउनु, अल्झाउनु, च्याँखेले अरूको पैसा जित्नु । **बल्झाउ**-प्रे.धा.। **बल्झाइनु** -बल्झाउनुको क.क्रि.। **बल्झाइ**-भा.प्रे.धा.। **बल्झिनु**-बल्झनुको भा.क्रि.। **बल्झि**-भा.धा.। **बल्झी, बल्झेर, बल्झन, बल्झँदै, बल्झुन्जेल, बल्झँदाखेरि**-कृ.अ.। **बल्झनू**-वि.। **बल्झून्**-इ.। **बल्झला**-स.। (अ.क्रि.-आराम नगर्नाले टाइफाइड बल्झ्यो ।)

बल्झिनु-क्रि.मू.। **बल्झि**-आ.धा.। अ.क्रि.; बल्झनु । **बल्झ्याइ** (बल्झि+आइ)-भा.ना.। **बल्झ्याउनु**-प्रे.क्रि./स.क्रि.; बल्झिन लाउनु, बल्झिने पार्नु । **बल्झ्याउ**-प्रे.धा।। **बल्झ्याइनु**-बल्झ्याउनुको क.क्रि.। **बल्झ्याइ**-भा.प्रे.धा.। **बल्झिइनु**-बल्झिनुको भा.क्रि.। **बल्झिइ**-भा.धा.। **बल्झिई, बल्झिएर, बल्झिन, बल्झिँदै, बल्झिउन्जेल, बल्झिंदाखेरि**-कृ.अ.। **बल्झिनू**- वि.। **बल्झिऊन्**-इ.। **बल्झेला**-स.। (अ.क्रि.-जालमा माछा बल्झियो ।)

बल्याउनु-क्रि.मू.। **बल्याउ**-आ.धा.। स.क्रि.; धान, कोदो आदि अन्नका बाला बीउका निम्ति छानेर काट्नु, बीउका लागि छानेर टिप्नु । **बल्याइ** (बल्याउ+आइ)-भा.ना.। **बल्याइनु**-बल्याउनुको क.क्रि.। **बल्याइ**-क.धा.। **बल्याई, बल्याएर, बल्याउन, बल्याउँदै, बल्याउन्जेल, बल्याउँदाखेरि**-कृ.अ.। **बल्याउनू**-वि.। **बल्याऊन्**-इ.। **बल्याउला**-स.। (स.क्रि.-किसानले धानको बीउ बल्यायो।)

बसाउनु-क्रि.मू.। **बसाउ**-आ.धा.। अ.क्रि.; सडेगलेको नमीठो बास्ना आउनु, गनाउनु । **बसाइ** (बसाउ+आइ)-भा.ना.। **बसाइनु** -बसाउनुको भा.क्रि.। **बसाइ**- भा.धा.। **बसाई, बसाएर, बसाउन, बसाउँदै, बसाउन्जेल, बसाउँदाखेरि**-कृ.अ.। **बसाउनू**- वि.। **बसाऊन्**-इ.। **बसाउला**-स.। (अ.क्रि.-राम्रोसँग सफा नगर्नाले दहीको ठेकी बसायो ।)

बस्नु-क्रि.मू.। **बस्**- आ.धा.। अ.क्रि.; कुनै आसनमा टुक्रुक्क रहनु, चाक टेकाएर अड्नु, बसोबास गर्नु, निवास गर्नु, थिति मिल्नु, नियममा रहनु, अभ्यास हुनु । **बसाइँ** (बस्+आइँ), **बसाइ** (बस्+आइ), (बसाउ+आइ)-भा.ना.। **बसाउनु**-प्रे.क्रि./स.क्रि.; बस्न लाउनु, बसाल्नु, बसोबास गराउनु, थिति मिलाउनु, नियम मिलाउनु । **बसाउ**-प्रे.धा.। **बसाइनु**-बसाउनुको क.क्रि.। **बसाइ**-भा.प्रे.धा.। **बसाल्नु** - प्रे.क्रि./स.क्रि.; बस्न लाउनु, बसाउनु । **बसाल्**-प्रे..धा.। **बसालिनु**-बसाल्नुको क.क्रि.। **बसालि**-भा.प्रे.धा.। **बसिनु**-बस्नुको भा.क्रि.। **बसि**-भा.धा.। **बसी, बसेर, बस्न, बस्तै/दै, बसुन्जेल, बस्दाखेरि**-कृ.अ.। **बस्नू**-वि.। **बसून्**- इ.। **बस्ला** -स.। **बसाली, बसालेर,**

बसाल्न, बसाल्दै, बसालुन्जेल, बसाल्दाखेरि-कृ.अ.। **बसाल्नू**-वि.। **बसालून्**-इ.। **बसाल्ला**-स.। (अ.क्रि.-आदिकवि भानुभक्त आचार्य देखिनै प्रशासनिक दबाबमाथि व्यङ्ग्य प्रहार गर्ने प्रवृत्ति बस्यो ।)

बहनु-क्रि.मू.। **बह**-आ.धा.। अ.क्रि.; हावा चल्नु, बग्नु, पानी आदि तरलपदार्थ तलतिर जानु । **बहाइ** (वह+आइ)-भा.ना.। **बहाउनु**-प्रे.क्रि./स.क्रि.; बहने पार्नु, बगाउनु, बराल्नु । **बहाउ**-प्रे.धा.। **बहाइनु** -बहाउनुको क.क्रि.। **बहाइ**-क.धा.। **बहिनु**-बहनुको भा.क्रि.। **बहि**-भा.धा.। **बही, बहेर, बहन, बहँदै, बहुन्जेल, बहँदाखेरि**-कृ.अ.। **बहनू**-वि.। **बहून्**-इ.। **बहला**-स.। (अ.क्रि.-हिजो हावा जोडसँग बह्यो ।)

बहकनु-क्रि.मू.। **बहक**-आ.धा.। अ.क्रि.; काम न काजसित रल्लिनु, बरालिनु, बहकिनु, अरूको लहलहैमा लाग्नु । **बहकाइ** (बहक+आइ), (बहकाउ+आइ), **बहकावट** (बहकाउ+आहट)-भा.ना.। **बहकाउनु**-प्रे.क्रि./स.क्रि.; बहकाउमा लगाउनु, बहकिने पार्नु, बराल्नु, फकाउनु, फुस्ल्याउनु । **बहकाउ**-प्रे.धा.। **बहकाइनु**-बहकाउनुको क.क्रि.। **बहकाइ**-भा.प्रे.धा.। **बहकिनु**-बहकनुको भा.क्रि.। **बहकि**-भा.धा.। **बहकी, बहकेर, बहकन, बहकँदै, बहकुन्जेल, बहकँदाखेरि**-कृ.अ.। **बहकनू**-वि.। **बहकून्**-इ.। **बहकला**-स.। (अ.क्रि.-धेरै नेपाली चेलीबेटी अरूको लहलहैमा बहके ।)

बहकिनु-क्रि.मू.। **बहकि**-आ.धा.। अ.क्रि.; बेकाममा घुमिहिंड्नु, बरालिनु, रल्लिनु, फुस्लिनु, बहकनु । **बहक्याइ** (बहकि+आइ), **बहक्याहट** (बहकि+आहट)-भा.ना.। **बहक्याउनु** -प्रे.क्रि./स.क्रि., बहकाउनु । **बहक्याउ**-प्रे.धा.। **बहक्याइनु**-बहक्याउनुको क.क्रि.। **बहक्याइ**-भा.प्रे.धा.। **बहकिइनु**- बहकिनुको भा.क्रि.। **बहकिइ**-भा.धा.। **बहकिई, बहकिएर, बहकिन, बहकिँदै, बहकिउन्जेल, बहकिंदाखेरि**-कृ.अ.। **बहकिनू**- वि.। **बहकिऊन्**-इ.। **बहकेला**-स.। (अ.क्रि.-अरूको लहलहैमा धेरै केटाहरू बहकिए ।)

बहलाउनु-क्रि.मू.। **बहलाउ**- आ.धा.। अ.क्रि.; आनन्दित हुनु, प्रशन्न हुनु । स.क्रि.; दुःख बिर्साउनु, मनलाई प्रसन्न पार्नु, आनन्दित तुल्याउनु । **बहलाइ** (बहलाउ+आइ)-भा.ना.। **बहलाइनु**-बहलाउनुको भा.क्रि./क.क्रि.। **बहलाइ**-भा.धा./क.धा.। **बहलाई, बहलाएर, बहलाउन, बहलाउँदै, बहलाउन्जेल, बहलाउँदाखेरि**-कृ.अ.। **बहलाउनू**-वि.। **बहलाऊन्**-इ.। **बहलाउला**-स.। (अ.क्रि.-नारदपोखरीमा पर्यटकहरूको मन सान्हो बहलायो । स.क्रि.-तपीको लेक घुमेर मैले आफ्नू दुःख बहलाए ।)

बहुलाउनु-क्रि.मू.। **बहुलाउ**-आ.धा.। अ.क्रि.; पागल हुनु, बहुला हुनु, दिमाग ठेगानामा नहुनु, छँटाउनु, बौलाउनु अचाक्ली ठूलो आँट गर्नु । **बहुलाइ** (बहुलाउ+आइ) -भा.ना.। **बहुलाइनु**-बहुलाउनुको भा.क्रि.। **बहुलाइ** -भा.धा.। **बहुलाई, बहुलाएर, बहुलाउन, बहुलाउँदै, बहुलाउन्जेल, बहुलाउँदाखेरि**-कृ.अ.। **बहुलाउनू**-वि.। **बहुलाऊन्**-इ.। **बहुलाउला**-स.। (अ.क्रि.-जनता ठग्दाठग्दै शिव बहादुर बहुलायो ।)

बाँच्नु-क्रि.मू.। **बाँच्**- आ.धा.। अ.क्रि.; जीवित रहनु, जिउँदो हुनु, बाँकी रहनु, जोगिनु । **बँचाइ** (बाँच्+आइ)-भा.ना.। **बँचाउनु**-प्रे.क्रि./स.क्रि.; बाँच्न लाउनु, जोगाउनु, रक्षा गर्नु उबार्नु । **बँचाउ**-प्रे.धा.। **बँचाइनु**-बँचाउनुको क.क्रि.। **बँचाइ**-भा.प्रे.धा.। **बाँचिनु**-बाँच्नुको भा.क्रि.। **बाँचि**-भा.धा.। **बाँची, बाँचेर, बाँच्न, बाँच्तै, बाँचुन्जेल, बाँच्दाखेरि**-कृ.अ.। **बाँच्नू**- वि.। **बाँचून्**-इ.। **बाँच्ला**-स.। (अ.क्रि.-भाग्यवश बस दुर्घटनामा नीर बहादुर बाँच्यो ।)

बाँझिनु-क्रि.मू.। **बाँझि**-आ.धा.। अ.क्रि.; बाँझो हुनु, आबादी नहुनु, बाँझिनु, बैलिनु, गर्भ नरहनु । **बँझ्याइ** (बाँझि+आइ)-भा.ना.। **बँझ्याउनु**-प्रे.क्रि./स.क्रि.; बाँझो पार्नु, बन्ध्या तुल्याउनु । **बँझ्याउ**-प्रे.धा.। **बँझ्याइनु** -बँझ्याउनुको क.क्रि.। **बँझ्याइ**-भा.प्रे.धा.। **बाँझिइनु**-बाँझिनुको भा.क्रि.। **बाँझिइ**-भा.धा.। **बाँझिई, बाँझिएर, बाँझिन, बाँझिँदै, बाँझिउन्जेल, बाँझिंदाखेरि**-कृ.अ.। **बाँझिनू**-वि.। **बाँझिऊन्**-इ.। **बाँझेला**-स.। (अ.क्रि.-पच्यू कान्छाको भैंसी बाँझियो; बाली गएन ।)

बाँड्नु-क्रि.मू.। **बाँड्**-आ.धा.। स.क्रि.; भाग लाउनु, बाँड-चूँड गर्नु, बण्डा गर्नु, वितरण गर्नु । **बँडाइ** (बाँड्+आइ)-भा.ना.। **बँडाउनु**-प्रे.क्रि./स.क्रि.; बाँड्न लाउनु । **बँडाउ**-प्रे.धा.। **बँडाइनु**-बँडाउनुको क.क्रि.। **बँडाइ**-क.प्रे.धा.। **बाँडिनु** -बाँड्नुको क.क्रि.। **बाँडि**- क.धा.। **बाँडी, बाँडेर, बाँड्न, बाड्दै, बाँडुन्जेल, बाँड्दाखेरि**-कृ.अ.। **बाँड्नू**-वि.। **बाँड्न्**-इ.। **बाँड्ला**-स.। (स.क्रि.-ती चार भाइले सबै श्रीसम्पत्ति बराबर बनाएर बाँडे ।)

बाँध्नु-क्रि.मू.। **बाँध्**-आ.धा.। स.क्रि.; डोरी आदिले कस्नु, टन्काउनु, मस्काउनु, बन्दी पार्नु, बन्धनमा राख्नु, मर्यादामा राख्नु, सिलसिलामा मिलाउनु, मन्त्रका बलले कुनै काम हुन नदिनु, बनाउनु । **बँधाइ**-(बाँध्+आइ)-भा.ना.। **बँधाउनु**-प्रे.क्रि./स.क्रि.; बाँध्न लाउनु ।

बँधाउ-प्रे.धा.। **बँधाइनु**-बँधाउनुको क.क्रि.। **बँधाइ**-क.प्रे.धा.। **बाँधिनु**-बाँध्नुको क.क्रि.। **बाँधि**-क.धा.। **बाँधी, बाँधेर, बाँध्न, बाँध्दै, बाँधुन्जेल, बाँध्दाखेरि**-कृ.अ.। **बाँध्नू**-वि.। **बाँधून्**-इ.। **बाँध्ला** -स.। (स.क्रि.-लेखनाथले आफ्ना कविताहरूलाई अनुशासनको सीमा भित्र बाँधे ।)

बाउँटिनु-क्रि.मू.। **बाउँटि**-आ.धा.। अ.क्रि.; बाउंठो हुनु, टेढो स्वभावको हुनु, टेढिनु, चिढिनु, रिसाउनु । **बाउँट्याइ** (बाउँटिं+आइ)-भा.ना.। **बाउँटिइनु**-बाउँठिनुको भा.क्रि.। **बाउँटिइ**- भा.धा.। **बाउँटिई, बाउँटिएर, बाउँटिन, बाउँटिँदै, बाउँटिउन्जेल, बाउँटिंदाखेरि**-कृ.अ.। **बाउँटिनू**-वि.। **बाउँटिऊन्**-इ.। **बाउँटेला**-स.। (अ.क्रि. -पंचायती प्रशासकको क्रूर व्यवहारले गर्दा जनताहरू बाउँटिए ।)

बाउँठिनु-क्रि.मू.। **बाउँठि**-आ.धा.। अ.क्रि.; हे. बाउँटिनु । (अ.क्रि.-जोत्ताजोत्तै गजुवा गोरु बाउँठियो ।)

बाउँडिनु-क्रि.मू.। **बाउँडि**-आ.धा.। अ.क्रि.; बाउंडो हुनु, बाउँटिनु, टेढिनु, शरीरका जोर्नीमा जडता आएर दुख्ने गरी नसा बटारिनु । **बाउँड्याइ** (बाउँडि+आइ)-भा.ना.। **बाउँडिइनु**-बाउँडिनुको भा.क्रि. । **बाउँडिइ**-भा.धा.। **बाउँडिई, बाउँडिएर, बाउँडिन, बाउँडिँदै, बाउँडिउन्जेल, बाउँडिंदाखेरि**-कृ.अ.। **बाउँडिनू**-वि.। **बाउँडिऊन्**-इ.। **बाउँडेला**-स.। (अ.क्रि.-कमजोरी बढेर मेरा गोडाहरू बाउँडिए ।)

बाउनु-क्रि.मू.। **बाउ**-आ.धा.। स.क्रि.; आँ गर्नु, मुख खोल्नु । **बाइ** (बाउ+आइ), (सीताको मुख बाइ देखेर म त छक्कै परें बा !)-भा.ना.। **बाइनु**-बाउनुको क.क्रि.। **बाइ**-क.धा.। **बाई, बाएर, बाउन, बाउँदै, बाउन्जेल, बाउँदाखेरि**-कृ.अ.। **बाउनू**-वि.। **बाऊन्**-इ.। **बाउला**-स.। (स.क्रि.-आँत सुकेर रोगीले मुख बायो ।)

बाक्लिनु-क्रि.मू.। **बाक्लि**-आ.धा.। अ.क्रि.; गाढा हुनु, घना हुनु, बाक्लो हुनु । **बक्ल्याइ** (बाक्लि+आइ)-भा.ना.। **बक्ल्याउनु**-बक्ल्याउनु प्रे.क्रि./स.क्रि.; बाक्लिन लाउनु, बाक्लिने पार्नु । **बक्ल्याउ**-प्रे.धा.। **बक्ल्याइनु**-बक्ल्याउनुको क.क्रि.। **बक्ल्याइ**-भा.प्रे.धा.। **बाक्लिइनु**-बाक्लिनुको भा.क्रि.। **बाक्लिइ**- भा.धा.। **बाक्लिई, बाक्लिएर, बाक्लिन, बाक्लिँदै, बाक्लिउन्जेल, बाक्लिंदाखेरि**-कृ.अ.। **बाक्लिनू**-वि.। **बाक्लिऊन्**-इ.। **बाक्लेला**-स.। (अ.क्रि.-धान बाक्लियो, बेडाएर अलि छिमल ।)

बाङ्गिनु-क्रि.मू.। **बाङ्गि**-आ.धा.। अ.क्रि.; बाङ्गो हुनु, टेढिनु, बेमेलको हुनु, बाउँटिनु । **बङ्ग्याइ** (बाङ्गि+आइ)-भा.ना.। **बङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; बाङ्गिने पार्नु, बाङ्गो पार्नु, टेढो तुल्याउनु । **बङ्ग्याउ**-प्रे.धा.। **बङ्ग्याइनु**-बङ्ग्याउनुको क.क्रि.। **बङ्ग्याइ**-भा.प्रे.धा.। **बाङ्गिइनु**-बाङ्गिनुको भा.क्रि.। **बाङ्गिइ**-भा.धा.। **बाङ्गिई, बाङ्गिएर, बाङ्गिन, बाङ्गिँदै, बाङ्गिउन्जेल, बाङ्गिंदाखेरि**-कृ.अ.। **बाङ्गिनू**-वि.। **बाङ्गिऊन्**-इ.। **बाङ्गेला**-स.। (अ.क्रि.-मुखियाको खराब व्यवहारले गर्दा गाउँलेहरू बाङ्गिए ।)

बाच्नु-क्रि.मू.। **बाच्**-आ.धा.। स.क्रि.; सस्वर पढ्नु, पाठ गर्नु, पारायण गर्नु । **बचाइ** (बाच्+आइ)-भा.ना.। **बाचिनु**-बाच्नुको क.क्रि.। **बाचि**-क.धा.। **बाची, बाचेर, बाच्न, बाच्दै, बाचुन्जेल, बाच्दाखेरि**-कृ.अ.। **बाच्नू**-वि.। **बाचून्**-इ.। **बाच्ला**-स.। (स.क्रि.-ताकूको सुबेदी पण्डितले पुराण बाचे ।)

बाछ्नु-क्रि.मू.। **बाछ्**-आ.धा.। स.क्रि.; रोज्नु, छान्नु, केलाउनु । **बछाइ** (बाछ्+आइ)-भा.ना.। **बाछिनु**-बाछ्नुको क.क्रि.। **बाछि**-क.धा.। **बाछी, बाछेर, बाछ्न, बाछ्दै, बाछुन्जेल, बाछ्दाखेरि**-कृ.अ.। **बाछ्नू**-वि.। **बाछून्**-इ.। **बाछ्ला**-स.। (स.क्रि.-त्यसले पसलमा जुत्ता बाछ्यो ।)

बाझ्नु-क्रि.मू.। **बाझ्**-आ.धा.। अ.क्रि.; कलह गर्नु, भनावैरी गर्नु, झगडा गर्नु, राय नमिल्नु, प्रसङ्ग फरक पर्नु, मत-भेद हुनु । **बझाइ** (बाझ्+आइ)-भा.ना.। **बझाउनु**-प्रे.क्रि./स.क्रि.; बाझो पार्नु, बाझ्ने तुल्याउनु, राय नमिल्ने पार्नु, जोल्ट्याउनु, फसाउनु । **बझाउ**-प्रे.धा.। **बझाइनु**-बझाउनुको क.क्रि.। **बझाइ**-भा.प्रे.धा.। **बाझिनु**-बाझ्नुको भा.क्रि.। **बाझि**-भा.धा.। **बाझी, बाझेर बाझ्न, बाझ्दै, बाझुन्जेल, बाझ्दाखेरि**-कृ.अ.। **बाझ्नू**-वि.। **बाझून्**-इ.। **बाझ्ला**-स.। (अ.क्रि.;-महेश्वर साँध चापेको निहुँमा नन्दलालसँग बाझ्यो ।)

बाटुलिनु-क्रि.मू.। **बाटुलि**-आ.धा.। अ.क्रि.; गोलाकार पर्नु, कुँडुलिनु, बाटुलो हुनु । **बाटुल्याइ** (बाटुलि+आइ)-भा.ना.। **बाटुलिइनु** -बाटुलिनुको भा.क्रि.। **बाटुलिइ**-भा.धा.। **बाटुलिई, बाटुलिएर, बाटुलिन, बाटुलिँदै, बाटुलिउन्जेल, बाटुलिंदाखेरि**-कृ.अ.। **बाटुलिनू**-वि.। **बाटुलिऊन्**-इ.। **बाटुलेला**-स.। (अ.क्रि.-खुदो र भुटेको पिठो बाट्ताबाट्तै कसार बाटुलियो ।)

बाट्नु-क्रि.मू.। **बाट्**-आ.धा.। स.क्रि.; धागो आदि जोल्ट्याएर डोरो बनाउनु, पाट आदि निमोठेर डोरी बनाउनु, बटार्नु, चुल्ठी पार्नु । **बटाइ** (बाट्+आइ)-भा.ना.। **बाटिनु**-बाट्नुको क.क्रि.। **बाटि**-क.धा.। **बाटी,**

बाटेर, बाट्न, बाट्तै, बाट्नुन्जेल, बाट्दाखेरि-कृ.अ.। **बाट्नू**-वि.। **बाटून्**-इ.। **बाट्ला**-स.। (स.क्रि.-गोठालोले दाम्ला बाट्यो ।)

बात्तिनु-क्रि.मू.। **बात्ति**-आ.धा.। अ.क्रि.; कुरौटे हुनु, कुरैकुरामा लाग्नु, नानावलीका कुरामा भुल्नु । **बत्त्याइ** (बात्ति+आइ)-भा.ना.। **बात्तिइनु**-बात्तिनुको भा.क्रि.। **बात्तिइ**-भा.धा.। **बात्तिई, बात्तिएर, बात्तिन, बात्तिँदै, बात्तिउन्जेल, बात्तिंदाखेरि**-कृ.अ.। **बात्तिनू**-वि.। **बात्तिऊन्**-इ.। **बात्तेला**-स.। (अ.क्रि.-चक्रबहादुर गफाडीको गफमा बात्तियो, समय बितेको चालै पाएन ।)

बाफिनु-क्रि.मू.। **बाफि**-आ.धा.। अ.क्रि.; बाफ निस्कनु, बाफ उठ्नु, गर्माउनु, गुम्सिनु, उसिनिनु । **बफ्याइ** (बाफि+आइ)-भा.ना.। **बफ्याउनु**-प्रे.क्रि./स.क्रि.; बाफिने पार्नु । **बफ्याउ**-प्रे.धा.। **बफ्याइनु**-बफ्याउनुको क.क्रि.। **बफ्याइ**-भा.प्रे.धा.। **बाफिइनु**-बाफिनुको भाक्रि.। **बाफिइ**-भा.धा.। **बाफिई, बाफिएर, बाफिन, बाफिँदै, बाफिउन्जेल, बाफिंदाखेरि**-कृ.अ.। **बाफिनू**-वि.। **बाफिऊन्**-इ.। **बाफेला**-स.। (अ.क्रि.-घाम लागेपछि जमिन बिस्तारै बाफियो ।)

बोल्नु-क्रि.मू.। **बोल्**-आ.धा.। स.क्रि.; भन्नु, कहनु, उच्चारण गर्नु, मुखबाट शब्द निकाल्नु, कुरा गर्नु, चराचुरुङ्गी कराउनु । **बोलाइ** (बोल्+आइ)-भा.ना.। **बोलाउनु**-प्रे.क्रि./स.क्रि.; बोल्न लाउनु, बोल्ने पार्नु, निम्त्याउनु, डाक्नु । **बोलाउ**- प्रे.धा.। **बोलाइनु** -बोलाउनुको क.क्रि.। **बोलाइ**-क.प्रे.धा.। **बोलिनु**-बोल्नुको क.क्रि.। **बोलि**-क.धा.। **बोली, बोलेर, बोल्न, बोल्दै, बोलुन्जेल, बोल्दाखेरि**-कृ.अ.। **बोल्नू**- वि.। **बोलून्**-इ.। **बोल्ला**-स.। (स.क्रि.-रेडियोले घटनाको यथार्थ कुरा बोल्यो ।)

बौरनु-क्रि.मू.। **बौर**- आ.धा.। अ.क्रि.; होश फर्कनु, बिउँतनु, मरेजस्तै भइसकेर बाँच्नु, सुर आउनु । **बौराइ** (बौर+आइ)-भा.ना.। **बौराउनु**-प्रे.क्रि./स.क्रि.; बौरने पार्नु, बिउँताउनु । **बौराउ**- प्रे.धा.। **बौराइनु**-बौराउनुको क.क्रि.। **बौराइ**-भा.प्रे.धा.। **बौरिनु**-बौरनुको भा.क्रि.। **बौरि**-भा.धा.। **बौरी, बौरेर, बौरन, बौरँदै, बौरुन्जेल, बौरँदाखेरि**-कृ.अ.। **बौरनू**-वि.। **बौरून्**- इ.। **बौरला**- स.। (अ.क्रि-बिरामी बिस्तारै बौर्‍यो ।)

बौलाउनु-क्रि.मू.। **बौलाउ**-आ.धा.। अ.क्रि.; सन्कनु, छटाउनु, बौलाहा हुनु, पागल हुनु, बहुलाउनु । **बौलाइ**

(बौलाउ+आइ)-भा.ना.। **बौलाइनु**-बौलाउनुको भा.क्रि.। **बौलाइ**-भा.धा.। **बौलाई, बौलाएर, बौलाउन, बौलाउँदै, बौलाउन्जेल, बौलाउँदाखेरि**-कृ.अ.। **बौलाउनू**-वि.। **बौलाऊन्**-इ.। **बौलाउला**-स.। (अ.क्रि.-पंचायती क्रूर सरकार तीस वर्षसम्म बौलायो ।)

बौल्हाउनु-क्रि.मू.। **बौल्हाउ**-आ.धा.। अ.क्रि.; हे. बौलाउनु । (अ.क्रि.-केही समय ईश्वरीका छाउराहरू बिचौरमा खूब बौल्हाए ।)

ब्याउनु-क्रि.मू.। **ब्याउ**-आ.धा.। अ.क्रि.; बच्चा पैदा हुनु, बियाउनु । **ब्याइ** (ब्याउ+आइ)-भा.ना.। **ब्याइनु**-ब्याउनुको भा.क्रि.। **ब्याइ**-भा.धा.। **ब्याई, ब्याएर, ब्याउन, ब्याउँदै, ब्याउन्जेल, ब्याउँदाखेरि**-कृ.अ.। **ब्याउनू**-वि.। **ब्याऊन्**- इ.। **ब्याउला**-स.। (अ.क्रि.; तल्लोघर कान्छाको कण्ठा भैंसी हिजोराति ब्यायो ।

ब्यूँझनु-क्रि.मू.। **ब्यूँझ**-आ.धा.।अ.क्रि.; बिउँझनु । **ब्यूँझाइ** (ब्यूँझ+आइ)-भा.ना.। **ब्यूँझाउनु**-प्रे.क्रि./स.क्रि.; बिउँझाउनु । **ब्यूँझाउ** -प्रे.धा.। **ब्यूँझाइनु**-ब्यूँझाउनुको क.क्रि.। **ब्यूँझाइ**-क.धा.। **ब्यूँझिनु**-ब्यूँझनुको भा.क्रि.। **ब्यूँझि**-भा.धा.। **ब्यूँझी, ब्यूँझेर, ब्यूँझन, ब्यूँझँदै, ब्यूँझुन्जेल, ब्यूँझँदाखेरि**-कृ.अ.। **ब्यूँझनू**-वि.। **ब्यूँझून्**-इ.। **ब्यूँझला**-स.। (अ.क्रि. -किसानी साहिंलो सबेरै ब्यूँझ्यो ।)

ब्यूँतनु-क्रि.मू.। **ब्यूँत**-आ.धा.। अ.क्रि.; ब्यूँझनु, बिउँतनु । **ब्यूँताइ** (ब्यूँत+आइ)-भा.ना.। **ब्यूँताउनु**-प्रे.क्रि./स.क्रि.; बिउँताउनु । **ब्यूँताउ**-प्रे.धा.। **ब्यूँताइनु**-ब्यूँताउनुको क.क्रि.। **ब्यूँताइ**-भा.प्रे.धा.। **ब्यूँतिनु**-ब्यूँतनुको भा.क्रि.। **ब्यूँति**-भा.धा.। **ब्यूँताई, ब्यूँताएर, ब्यूँताउन, ब्यूँताउँदै, ब्यूँताउन्जेल, ब्यूँताउँदाखेरि**-कृ.अ.। **ब्यूँताउनू**-वि.। **ब्यूँताऊन्**-इ.। **ब्यूँताउला**-स.। **ब्यूँती, ब्यूँतेर, ब्यूँतन, ब्यूँतँदै, ब्यूँतुन्जेल, ब्यूँतँदाखेरि**-कृ.अ.। **ब्यूँतनू**-वि.। **ब्यूँतून्**-इ.। **ब्यूँतला**-स.। (अ.क्रि.-आँपपिपल अस्पतालमा तीन घण्टाको शल्यचिकित्सापछि डाँडाघरेजेठो बल्ल ब्यूँत्यो ।)

भ

भँगालिनु-क्रि.मू.। **भँगालि**-आ.धा.। अ.क्रि.; भँगालो भएर बग्नु, खोला आदि फुटेर यताउति लाग्नु । **भँगल्याइ** (भँगालि+आइ)-भा.ना.। **भँगालिइनु**-भँगालिनुको भा.क्रि । **भँगालिइ**-भा.धा.। **भँगालिई, भँगालिएर, भँगालिन, भँगालिंदै, भँगालिउन्जेल, भँगालिंदाखेरि**-कृ.अ.। **भँगालिनू**-वि.। **भँगालिऊन्**-इ.। **भँगालेला**-स.। (अ.क्रि -आसाममा निस्केपछि ब्रह्मपुत्र नदी भँगालियो ।)

भइटोपल्नु-क्रि.मू.। **भइटोपल्**-आ.धा.। अ.क्रि.; भइदिन खोज्नु, भएजस्तै हुनु, करबलले देखाउनका निम्ति उपस्थिति हुनु । **भइटोपलाइ** (भइटोपल्+आइ)-भा.ना.। **भइटोपलिनु**-भइटोपल्नुको भा.क्रि । **भइटोपलि**-भा.धा.। **भइटोपली, भइटोपलेर, भइटोपल्न, भइटोपल्दै, भइटोपलुन्जेल, भइटोपल्दाखेरि**-कृ.अ.। **भइटोपल्नू**-वि.। **भइटोपलून्**-इ.। **भइटोपल्ला**-स.। (अ.क्रि-धेरै कर्मचारीहरू जागिर बचाउनका निमित्त पुस एकको कालो दिनमा भइटोपले ।)

भकभकाउनु-क्रि.मू.। **भकभकाउ**-आ.धा.। अ.क्रि.; बोल्दा बीच-बीचमा रोकिनु, भकभक गर्नु, भकभक पाक्नु, उम्लिनु । **भकभकाइ** (भकभकाउ+आइ)-भा.ना.। **भकभकाइनु**-भकभकाउनुको भा.क्रि.। **भकभकाइ**-भा.धा.। **भकभकाई, भकभकाएर, भकभकाउन, भकभकाउँदै, भकभकाउन्जेल, भकभकाउँदाखेरि**-कृ.अ.। **भकभकाउनू**-वि.। **भकभकाऊन्**-इ.। **भकभकाउला**-स.। (अ.क्रि-अँगेनुमा बसाएको दूध धेरैबेरसम्म भकभकायो ।)

भकभकिनु-क्रि.मू.। **भकभकि**-आ.धा.। अ.क्रि.; भकभकाउनु, भकभक गर्नु । **भकभक्याइ** (भकभकि+आइ), **भकभक्याहट** (भकभकि+आहट)-भा.ना.। **भकभकिइनु**-भकभकिनुको भा.क्रि । **भकभकिइ**-भा.धा.। **भकभकिई, भकभकिएर, भकभकिन, भकभकिंदै, भकभकिउन्जेल, भकभकिंदाखेरि**-कृ.अ.। **भकभकिनू** -वि.। **भकभकिऊन्**-इ.। **भकभकेला**-स.। (अ.क्रि-बोल्दाबोल्दै दीर्घ बहादुरको बोली भकभकियो ।)

भकुन्डिनु-क्रि.मू.। **भकुन्डि**-आ.धा.। अ.क्रि.; भकुन्डोझैं गुड्नु, लडीबुडी हुनु, हुत्तिनु । **भकुन्ड्याइ** (भकुन्डि+आइ)-भा.ना.। **भकुन्ड्याउनु**-प्रे.क्रि./स.कि.; भकुन्डोझैं गुडाउनु, भकुन्डिने पार्नु, हुत्याउनु, लत्त्याउनु । **भकुन्ड्याउ**-प्रे.धा.। **भकुन्ड्याइनु**-भकुन्ड्याउनुको क.क्रि । **भकुन्ड्याइ**-क.प्रे.धा.।**भकुन्डिइनु**-भकुन्डिनुको भा.क्रि । **भकुन्डिइ**-भा.धा.। **भकुन्डिई, भकुन्डिएर, भकुन्डिन, भकुन्डिंदै, भकुन्डिउन्जेल, भकुन्डिंदाखेरि**-कृ.अ.।

भकुन्डिनू-वि.। **भकुन्डिऊन्**-इ.। **भकुन्डेला**-स.। (अ.क्रि-राजमार्गको जोगीमाराबाट बस त्रिशुली नदीमा भकुन्डियो।)

भकुर्नु-क्रि.मू.। **भकुर्**-आ.धा.। स.क्रि.; बेसरी पिट्नु, गोद्नु, ठटाउनु, खूबसित खानु, घिच्नु । **भकुराइ** (भकुर्+आइ)-भा.ना.। **भकुराउनु**-प्रे.धा./स.क्रि.; भकुर्न लाउनु । **भकुराउ** -प्रे.धा. **भकुराइनु**-भकुराउनुको क. क्रि. । **भकुराइ**-क.प्रे.धा.। **भकुरिनु**-भकुर्नुको क.क्रि । **भकुरि**-क.धा.। **भकुरी**, **भकुरेर**, **भकुर्न**, **भकुर्दै**, **भकरुन्जेल**, **भकुर्दाखेरि**-कृ.अ.। **भकुर्नू**-वि.। **भकुरून्**-इ.। **भकुर्ला**-स.। (स.क्रि.-रोप्ने बेलाको धानको बीउ खाएकाले धनजीतेले गुमानेको गोरुलाई भकुर्नसम्म भकुर्‍यो।

भक्कानिनु-क्रि.मू.। **भक्कानि**-आ.धा.। अ.क्रि.; मनमा गाँठो पर्नु, भक्कानो छुट्नु, अप्रत्याशित घटनाले पिरोलिनु । **भक्कन्याइ** (भक्कानि+आइ)-भा.ना.। **भक्कन्याउनु**-प्रे.क्रि./स.क्रि.; भक्कानिने पार्नु । **भक्कन्याउ**-प्रे.धा.। **भक्कन्याइनु**-भाक्कन्याउनुको क.क्रि.। **भक्कन्याइ**-भा.प्रे.धा.। **भक्कानिइनु**-भक्कानिनुको भा.क्रि.। **भक्कानिइ**-भा.धा.। **भक्कानिई**, **भक्कानिएर**, **भक्कानिन**, **भक्कानिँदै**, **भक्कानिउन्जेल**, **भक्कानिंदाखेरि**-कृ.अ.। **भक्कानिनू**-वि.। **भक्कानिऊन्**-इ.। **भक्कानेला**-स.। (अ.क्रि.-थाइ बिमान दुर्घटनाको खबरले मेरो मन भक्कानियो।)

भक्याउनु-क्रि.मू.। **भक्याउ** -आ.धा.। स.क्रि.; भक्काना उप्कने गरी खन्नु, ठूलठूला चपरी उप्काउनु, ठेला झिकेर खन्नु । **भक्याइ** (भक्याउ+आइ)-भा.ना.। **भक्याइनु**-भक्याउनुको क.क्रि.। **भक्याइ**-क.धा.। **भक्याई**, **भक्याएर**, **भक्याउन**, **भक्याउँदै**, **भक्याउन्जेल**, **भक्याउँदाखेरि**-कृ.अ.। **भक्याउनू**-वि.। **फक्याऊन्**-इ.। **भक्याउला**-स.। (स.क्रि.-तीनवटी रोपाहारलाई पुग्ने गरी सीतारामले टाहार बारी भक्यायो।)

भडाउनु-क्रि.मू.। **भडाउ**-आ.धा.। स.क्रि.; बाँझो जग्गा खनजोत गर्नु, वन-जंगल फाँडेर बस्ती बस्ने ठाउँ बनाउनु । **भडाइ** (भडाउ+आइ)-भा.ना.। **भडाइनु**-भडाउनुको क.क्रि । **भडाइ**-क.धा.। **भडाई**, **भडाएर**, **भडाउन**, **भडाउँदै**, **भडाउन्जेल**, **भडाउँदाखेरि**-कृ.अ.। **भडाउनू**-वि.। **भडाऊन्**-इ.। **भडाउला** -स.। (स.क्रि.-सुकुम्वासीले तराईको जंगल भडाए।)

भज्नु-क्रि.मू.। **भज्**-आ.धा.। स.क्रि., भजन गर्नु, भक्ति गर्नु, सेवा गर्नु, उपासना गर्नु, ईश्वरको नाम कीर्तन गर्नु । अ.क्रि.; मुद्रा साटफेर हुनु । **भजाइ** (भज्+आइ)-भा.ना.। **भजाउनु** -प्रे.क्रि./स.क्रि.; भज्न लाउनु, भजन गराउनु, मुद्रा सटही गर्नु, मुद्रा साट्नु, चानचुन पार्नु। **भजाउ**-प्रे.धा.। **भजाइनु**-भजाउनुको क.क्रि । **भजाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **भजिनु**-भज्नुको क.क्रि./भा.क्रि.। **भजि**-क.धा./भा.धा.। **भजी**, **भजेर**, **भज्न**, **भज्दै**, **भजुन्जेल**, **भज्दाखेरि**-कृ.अ.। **भज्नू**-वि.। **भजून्**-इ.। **भज्ला**-स.। (स.क्रि.- तिनीहरूले रातभर भजन भजे। अ.क्रि.-रामसँग भएको सबै अमेरिकी डलर बैंकमा भज्यो।)

भजाउनु-क्रि.मू.। **भजाउ**-आ.धा.। स.क्रि.; रुपियाँ-पैसा साट्नु, रुपियाँ चानचुन पार्नु, मुद्रा सटही गर्नु । **भजाइ** (भजाउ+आइ)-भा.ना.। **भजाइनु**-भजाउनुको क.क्रि.। **भजाइ**-क.धा.। **भजाई**, **भजाएर**, **भजाउन**, **भजाउँदै**, **भजाउन्जेल**, **भजाउँदाखेरि**-कृ.अ.। **भजाउनू**- वि.। **भजाऊन्**-इ.। **भजाउला**-स.। (स.क्रि.-साहूले आफूसँग भएको सबै रुपियाँ भजायो।)

भटभटाउनु-क्रि.मू.। **भटभटाउ**-आ.धा.। अ.क्रि.; फतफताउनु, जथाभाबी फलाक्नु, अस्पष्टसँग चाँड-चाँडो बोल्नु, भटभट शब्द गर्नु । **भटभटाइ** (भटभटाउ+आइ)-भा.ना.। **भटभटाइनु**-भटभटाउनुको भा.क्रि । **भटभटाइ**-भा.धा.। **भटभटाई**, **भटभटाएर**, **भटभटाउन**, **भटभटाउँदै**, **भटभटाउन्जेल**, **भटभटाउँदाखेरि**-कृ.अ.। **भटभटाउनू**-वि.। **भटभटाऊन्**- इ.। **भटभटाउला** -स.। (अ.क्रि.-श्रीनाथे गाउँसभामा निकैबेर भटभटायो।)

भटारिनु-क्रि.मू.। **भटारि**-आ.धा.। अ.क्रि.; नीदको कमीले आँखा पौलनु, गर्मीको कारण आँखा पोल्नु, आँखा भतभती डहनु, आँखा बटारिनु । **भटर्‍याइ** (भटारि+आइ)-भा.ना.। **भटारिइनु**-भटारिनुको भा.क्रि.। **भटारिइ**-भा.धा.। **भटारिई**, **भटारिएर**, **भटारिन**, **भटारिँदै**, **भटारिउन्जेल**, **भटारिंदाखेरि**-कृ.अ.। **भटारिनू**-वि.। **भटारिऊन्**-इ.। **भटारेला**-स.। (अ.क्रि.-पशुपतिमा रातभर जाग्राम बस्ता भक्तजनका आँखा भटारिए।)

भटार्नु-क्रि.मू.। **भटार्**-आ.धा.। स.क्रि.; भिजाएको पीठो आदि थोरै घिउ-तेलमा भुटेर पुवा आदि बनाउनु, भिजाएको चामल थोरै घिउ-तेलमा भुट्नु, चाम्रे पार्नु, मुकुर्‍याउनु । **भटराइ** (भटार्+आइ)-भा.ना.। **भटारिनु**-भटार्नुको क.कि.। **भटारि**-क.धा.। **भटारी**, **भटारेर**,

भटार्न, भटार्दै, भटारुन्जेल, भटार्दाखेरि-कृ.अ.। **भटार्नु**-वि.। **भटारून्**-इ.। **भटार्ला**-स.। (स.क्रि.-आमाले अनतीको पीठो तताएको घिउमा भटारिन् ।)

भट्टयाउनु-क्रि.मू.। **भट्टयाउ**-आ.धा.। स.क्रि.; घौसी-भैलो, भजन आदिमा मुख्य व्यक्तिले पहिलो चरण भन्नु, असभ्य कुरा ठूलो स्वरले भन्नु, भूमिका बाँधेर धमाधम भन्नु, घर-कटेराका धुरीमा हालेका डाँडालाई भाटा हाली चोयाले कस्नु, भाटा हालेर डाँडाहरू कस्नु । **भट्टयाइ** (भट्टयाउ+आइ)-भा.ना.। **भट्टयाइनु**-भट्टयाउनुको क.क्रि.। **भट्टयाइ**-क.धा.। **भट्टयाई, भट्टयाएर, भट्टयाउन, भट्टयाउँदै, भट्टयाउन्जेल, भट्टयाउँदाखेरि**-कृ.अ.। **भट्टयाउनू**-वि.। **भट्टयाऊन्**-इ.। **भट्टयाउला**-स.। (स.क्रि-डाँडा-भाटा कसेर कर्मीहरूले नयाँ घरको धुरी भट्टयाए।)

भट्याउनु-क्रि.मू.। **भट्याउ**- आ.धा.। स.क्रि.; हे. भट्टयाउनु । **भट्याइ** (भट्याउ+आइ)-भा.ना.। **भट्याइनु**-भट्याउनुको क.क्रि.। **भट्याइ**-क.धा.। **भट्याई, भट्याएर, भट्याउन, भट्याउँदै, भट्याउन्जेल, भट्याउँदाखेरि**-कृ.अ.। **भट्याउनू**-वि.। **भट्याऊन्**-इ.। **भट्याउला**-स.। (स.क्रि.; नरेले घौसी भट्यायो ।)

भड्कनु-क्रि.मू.। **भड्क**-आ.धा.। अ.क्रि.; तर्सिनु, बिच्किनु, बाउँटिनु, बिभिन्डिनु, डरले आत्तिएर उफ्रनु, भाग्नु, बाटो बिराउनु, पथ-भ्रष्ट हुनु, ढुकढुक गरी मुटुको गति चल्नु । **भड्काइ** (भड्क+आइ)-भा.ना.। **भड्किलो** (भड्क+इलो)-विशे. **भड्काउनु**-प्रे.क्रि./स.क्रि.; तर्साउनु, दच्काउनु, बिच्क्याउनु, टेढ्याउनु, बिभिन्ड्याउनु । **भड्काइ** (भड्काउ+आइ)-भा.ना.। **भड्काउ**-प्रे.धा.। **भड्काइनु**-भड्काउनुको क.क्रि.। **भड्काइ**-भा.प्रे.धा.। **भड्किनु**-भडकनुको भा.क्रि.। **भड्कि**-भा.धा.। **भड्की, भड्केर, भड्कन, भड्कँदै, भड्कुन्जेल, भड्कँदाखेरि**-कृ.अ.। **भड्कनू**-वि.। **भड्कून्**-इ.। **भड्कला**-स.। (अ.क्रि.-बन्दुक पड्केको सुनेर वस्तुभाउ सबै भड्के ।)

भड्किनु-क्रि.मू.। **भड्कि**-आ.धा.। अ.क्रि.; भड्कनु । **भड्क्याइ** (भड्कि+आइ)-भा.ना.। **भड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; भड्किन लाउनु, भड्किने पार्नु । **भड्क्याउ**-प्रे.धा.। **भड्क्याइनु** -भड्क्याउनुको क.क्रि.। **भड्क्याइ** -भा.प्रे.धा.। **भड्किइनु**-भड्किनुको भा.क्रि.। **भड्किइ** -भा.धा.। **भड्किई, भड्किएर, भड्किन, भड्किँदै, भड्किउन्जेल, भड्किंदाखेरि**-कृ.अ.। **भड्किनू**-वि.। **भड्किऊन्**-इ.। **भड्केला**- स.। (अ.क्रि.-आफ्ना कुरा कसैले पनि नखाइदिंदा ढुण्डिराज गाउँसभामा भड्कियो।

भतभताउनु-क्रि.मू.। **भतभताउ**-आ.धा.। अ.क्रिं.; भतभती पोल्नु, घाउ-खटिरा आदिमा जलन हुनु, डहनु, फतफताउनु, बडबडाउनु, बर्बराउनु । **भतभताइ** (भतभताउ+आइ)-भा.ना.। **भतभताइनु**-भतभताउनुको भा.क्रि.। **भतभताइ** -भा.धा.। **भतभताई, भतभताएर, भतभताउन, भतभताउँदै, भतभताउन्जेल, भतभताउँदाखेरि**-कृ.अ.। **भतभताउनू**-वि.। **भतभताऊन्**-इ.। **भतभताउला**-स.। (अ.क्रि.-सेल पोल्दापोल्दैको घिउ घोप्टेर पण्डित कान्छोको गोडा भतभतायो ।)

भतारिनु-क्रि.मू.। **भतारि**-आ.धा.। अ.क्रि.; फोहरमैला भएको ठाउँमा दलिएर बस्नु, रङ आदि लगाएर बुट्टाभर्दा फोहरिनु, लेख्ता अक्षर फुलेर वा मसी दलिएर नराम्रो हुनु, लड्नु, पछारिनु । **भतार्‍याइ** (भतारि+आइ)-भा.ना.। **भतार्‍याउनु**-प्रे.क्रि./स.क्रि.; भतारिन लाउनु, भतारिने पार्नु । **भतार्‍याउ**-प्रे.धा.। **भतार्‍याइनु**-भतार्‍याउनुको क. क्रि.। **भतार्‍याइ**-भा.प्रे.धा.। **भतारिइनु**-भतारिनुको भा.क्रि.। **भतारिइ**-भा.धा.। **भतारिई, भतारिएर, भतारिन, भतारिँदै, भतारिउन्जेल, भतारिंदाखेरि**-कृ.अ.। **भतारिनू**-वि.। **भतारिऊन्**-इ.। **भतारेला**-स.। अ.क्रि.-प्रज्वल तुलाचनको लेखाइ भतारियो ।)

भत्कनु-क्रि.मू.। **भत्क**-आ.धा.। अ.क्रि.; बिग्रनु, नासिनु, खस्नु, दल्नु भताभुङ्ग हुनु, लथालिङ्ग हुनु । **भत्काइ** (भत्क+आइ)-भा.ना.। **भत्काउनु**- प्रे.क्रि./स.क्रि.; घर, पर्खाल आदि बिगार्नु, लडाउनु, नाश पार्नु । **भत्काउ**-प्रे.धा.। **भत्काइनु**-भत्काउनुको क.क्रि.। **भत्काइ**-भा.प्रे.धा.। **भत्किनु**-भत्कनुको भा.क्रि./अ.क्रि.; बिगारिनु, भत्कनु । **भत्कि**-भा.धा.। **भत्क्याइ** (भत्कि+आइ)-भा.ना.। **भत्की, भत्केर, भत्कन, भत्कँदै, भत्कुन्जेल, भत्कँदाखेरि**-कृ.अ.। **भत्कनू**-वि.। **भत्कून्**-इ.। **भत्कला**-स.। (अ.क्रि. - देशको विकास नहुँदा नेपालीको धैर्यको बाँध भत्क्यो ।)

भनभनाउनु-क्रि.मू.। **भनभनाउ** -आ.धा.। अ.क्रि.; भनभन शब्द गर्नु, झिंगा आदि भन्कनु, रिसले झोक्किनु । **भनभनाइ** (भनभनाउ+आइ)-भा.ना.। **भनभनाइनु**-भनभनाउनुको भा.क्रि.। **भनभनाइ**-भा.धा.। **भनभनाई, भनभनाएर, भनभनाउन, भनभनाउँदै, भनभनाउन्जेल, भनभनाउँदाखेरि**-कृ.अ.। **भनभनाउनू** -वि.। **भनभनाऊन्**-इ.। **भनभनाउला**-स.। (अ.क्रि.-भमरो फूलमा भनभनायो ।)

भनभनिनु-क्रि.मू.।**भनभनि**-आ.धा.। अ.क्रि.; भनभनाउनु।

भनभन्याइ (भनभनि+आइ)-भा.ना.। **भनभन्याउनु**-प्रे.क्रि./स.क्रि.; भनभनिने पार्नु, भनभनिने गराउनु । **भनभन्याउ**-प्रे.धा.। **भनभन्याइनु**-भनभन्याउनुको क.क्रि.। **भनभन्याइ**-भा.प्रे.धा.। **भनभनिइनु**-भनभनिनुको भा.क्रि.। **भनभनिइ**-भा.धा.। **भनभनिई, भनभनिएर, भनभनिन, भनभनिंदै, भनभनिउन्जेल, भनभनिंदाखेरि**-कृ.अ.। **भनभनिनू**-वि.। **भनभनिऊन्**-इ.। **भनभनेला**-स.। (अ.क्रि.-लाहुरे घरविदा नमिलेर भनभनियो ।)

भन्नु-क्रि.मू.। **भन्**-आ.धा.। स.क्रि.; मुखबाट शब्द निकाल्नु, कुरा गर्नु, वचन दिनु, कुनै कुरो कसैलाई सुनाउनु, कहनु, बताउनु, बोल्नु, बाच्नु, पढ्नु । **भनाइ** (भन्+आइ)-भा.ना.। **भनाउनु**-प्रे.क्रि./स.क्रि.; भन्न लाउनु । **भनाउ** -प्रे.धा.। **भनाइ** (भनाउ+आइ)-भा.ना.। **भनाउँदो** (भनाउ+उँदो)-विशे.। **भनाइनु**-भनाउनुको क.क्रि.। **भनाइ**-क.प्रे.धा.। **भनिनु**-भन्नुको क.क्रि.। **भनि**-क.धा.। **भनी, भनेर, भन्न, भन्दै, भनुन्जेल, भन्दाखेरि**-कृ.अ.। **भन्नू**-वि.। **भनून्**-इ.। **भन्ला**-स.। (स.क्रि.-बूढाले अँगेनुको डिलमा बसेर कथा भने ।)

भन्कनु-क्रि.मू.। **भन्क**-आ.धा.। अ.क्रि.; माहुरी आदिले भनभन शब्द गर्नु, भुन भुन गर्दै उड्नु, कुनै वस्तुमा झींगा आदि बस्नु, भनक्क रिस उठ्नु, फन्कनु । **भन्काइ** (भन्क+आइ)-भा.ना.। **भन्काउनु**- प्रे.क्रि./स.क्रि.; भन्कन लाउनु, रिस उठाउनु, जङ्ग्याउनु । **भन्काउ**-प्रे.धा.। **भन्काइनु**-भन्काउनुको क.क्रि.। **भन्काइ**-भा.प्रे.धा.। **भन्किनु**-भन्कनुको भा.क्रि.। **भन्कि**-भा.धा.। **भन्क्याइ** (भन्कि+आइ)-भा.ना.। **भन्की, भन्केर, भन्कन, भन्कँदै, भन्कुन्जेल, भन्कँदाखेरि**-कृ.अ.। **भन्कनू**-वि.। **भन्कून्**-इ.। **भन्कला**-स.। (अ.क्रि.-खानेकुरा नछोपीकन राख्ता झिंगा भन्के ।)

भनिबिझाउनु-कि.मू.। **भनिविझाउ**-आ.धा.। स.क्रि.; मर्ममा बिझ्ने कुरा गर्नु, घोचपेचका कुरा गरेर आर्काको मन दुखाउनु । **भनिविझाइ** (भनिविझाउ+आइ)-भा.ना.। **भनिबिझाइनु**-भनिविझाउनुको क.क्रि.। **भनिविझाइ**-क.धा.। **भनिविझाई, भनिविझाएर, भनिविझाउन, भनिबिझाउँदै, भनिविझाउन्जेल, भनिविझाउँदाखेरि** कृ.अ.। **भनिबिझाउनू**-वि.। **भनिविझाऊन्**-इ.। **भनिबिझाउला**-स.। (स.क्रि.। धनेले सवैलाई भनिविझायो।)

भनिबिराउनु-क्रि.मू.। **भनिबिराउ**-आ.धा.। स.क्रि.; कसैलाई चित्त नबुझ्ने कुरा भनेर दोष पाउनु । **भनिबिराइ** (भनिबिराउ+आइ)-भा.ना.। **भनिबिराइनु**-भनिबिराउनुको क.क्रि.। **भनिबिराइ**-क.धा.। **भनिबिराई, भनिबिराएर, भनिबिराउन, भनिबिराउँदै, भनिबिराउन्जेल, भनिबिराउँदाखेरि**-कृ.अ.। **भनिबिराउनू**-वि.। **भनिबिराऊन्**-इ.। **भनिबिराउला**-स.। (स.क्रि.-डोलनाथले सीतारामलाई भनिविरायो ।)

भनभनिनु-क्रि.मू.। **भनभनि**-आ.धा.। अ.क्रि.; भनभनाउनु। **भनभन्याइ** (भनभनि+आइ)-भा.ना.। **भनभनिइनु**-भनभनिनुको भा.क्रि.। **भनभनिइ**-भा.धा.। **भनभनिई, भनभनिएर, भनभनिन, भननिंदै, भनिउन्जेल भननिंदाखेरि**-कृ.अ.। **भनभनिनू**-वि.। **भनभनिऊन्**-इ.। **भनभनेला**-स.। (अ.क्रि.-फुलेको तोरीबारीमा मौरीहरू भनभनिए ।)

भबाउनु-क्रि.मू.। **भबाउ**-आ.धा.। अ.क्रि.; घाउ-खटिरा बेसरी दुखेर डहनु, जलन हुनु, डाहा हुनु, टट्टाउनु । **भबाइ** (भबाउ+आइ)-भा.ना.। **भबाइनु**-भबाउनुको भा.क्रि.। **भबाइ** -भा.धा.। **भबाई, भबाएर, भबाउन, भबाउँदै, भबाउन्जेल, भबाउँदाखेरि**-कृ.अ.। **भबाउनू**-वि.। **भबाऊन**-इ.। **भबाउला**-स.। (अ.क्रि.-दिनभरिको पैदलयात्राले मेरो गोडा भबायो ।)

भरभराउनु-क्रि.मू.। **भरभराउ**-आ.धा.। अ.क्रि.; हावा आदिका कारणले आगाको ज्वाला भरभर गर्नु, भरभर आवाज आउनु, भरभर शब्द निस्कनु । **भरभराइ** (भरभराउ+आइ)-भा.ना.। **भरभराइनु**-भरभराउनुको भा.क्रि.। **भरभराइ**-भा.धा.। **भरभराई, भरभराएर, भरभराउन, भरभराउँदै, भरराउन्जेल, भरभराउँदाखेरि**-कृ.अ.। **भरभराउनू**-वि.। **भरभराऊन्**-इ.। **भरभराउला**-स.। (अ.क्रि.-आगो दन्किंदा भरभरायो।)

भर्नु-क्रि.मू.। **भर्**-आ.धा.। स.क्रि.; भरी हाल्नु, भुसी पार्नु, पुर्नु, टन्न पार्नु, पूरा गर्नु, क्षतिपूर्ति गर्नु, तिर्नु, भर्ना गर्नु, हाल्नु, बुट्टा पार्नु, जम्मा गर्नु । **भराइ** (भर्+आइ)-भा.ना.। **भरौटे** (भर्+औटे)-विशे.। **भराउनु**-प्रे.क्रि./स.क्रि.; भर्न लाउनु, पुराउनु, क्षतिपूर्ति गराउनु, तिराउनु, पूरा गर्न लाउनु, बुट्टा आदि बनाउन लाउनु । **भराउ**-प्रे.धा.। **भराइनु**-भराउनुको क.क्रि.। **भराइ**-क.प्रे.धा.। **भरिनु** -भर्नुको क.क्रि.। **भरि**-क.धा.। **भरी, भरेर, भर्न, भर्दै, भरुन्जेल, भर्दाखेरि**-कृ.अ.। **भर्नू**-वि.। **भरून्**-इ.। **भर्ला**-स.। (स.क्रि.-पसलेले तेल भऱ्यो ।)

भर्कनु-क्रि.मू.। **भर्क**-आ.धा.। अ.क्रि.; तर्सेर, भर्र उड्नु, तर्सेर कुद्नु, भड्कनु । **भर्काइ** (भर्क-आइ)-भा.ना.। **भर्काउनु**-प्रे.क्रि./स.क्रि.; भड्काउनु, भर्र उडाउनु ।

भर्काउ-प्रे.धा.। **भर्काइनु**-भर्काउनुको क.क्रि.। **भर्काइ**-भा.प्रे.धा.। **भर्किनु**-भर्कनुको भा.क्रि.। **भर्कि**-भा.धा.। **भर्की, भर्केर, भर्कन, भर्कँदै, भर्कुन्जेल, भर्कँदाखेरि**-कृ.अ.। **भर्कनू**-वि.। **भर्कून्**-इ.। **भर्कला**-स.। (अ.क्रि. -स्यालले झम्टँदा मलेवाहरू भर्के ।)

भर्मनाउनु-क्रि.मू.। **भर्मनाउ**-आ.धा.। अ.क्रि.; भ्रममा पर्नु, भूल हुनु, छँटाउनु, बौलाउनु, चक्कराउनु, रिङटा लाग्नु, रिँगाउनु । **भर्मनाइ** (भर्मनाउ+आइ)-भा.ना.। **भर्मनाइनु**-भर्मनाउनुको भा.क्रि.। **भर्मनाइ**-भा.धा.। **भर्मनाई, भर्मनाएर, भर्मनाउन, भर्मनाउँदै, भर्मनाउन्जेल, भर्मनाउँदाखेरि**-कृ.अ.। **भर्मनाउनू**-वि.। **भर्मनाऊन्**-इ.। **भर्मनाउला**-स.। (अ.क्रि. - मगज बिग्रेको मान्छे दिनभर शडकमा भर्मनायो ।)

भर्माउनु-क्रि.मू.। **भर्माउ**-आ.धा.। अ.क्रि.; भौतारिनु, भूलमा पर्नु । **भर्माइ** (भर्माउ+आइ)-भा.ना.। **भर्माइनु**-भर्माउनुको भा.क्रि.। **भर्माइ**-भा.धा.। **भर्माई, भर्माएर, भर्माउन, भर्माउँदै, भर्माउन्जेल, भर्माउँदाखेरि**-कृ.अ.। **भर्माउनू**-वि.। **भर्माऊन्**- इ.। **भर्माउला**-स.। (अ.क्रि-बौलाहा शडक-शडक भर्मायो ।)

भर्सनु-क्रि.मू.। **भर्स** -आ.धा.। अ.क्रि.; मधुरो तापमा राम्ररी पाक्नु, भर्सेलीको रापमा थरक मर्नु । **भर्साइ** (भर्स+आइ)-भा.ना.। **भर्साउनु**-प्रे.क्रि./स.क्रि.; भर्सने पार्नु, भर्सन लाउनु । **भर्साउ**-प्रे.धा.। **भर्साइनु**-भर्साउनुको क.क्रि.। **भर्साइ**-भा.प्रे.धा.। **भर्सिनु** -भर्सनुको भा.क्रि.। **भर्सि**-भा.धा.। **भर्सी, भर्सेर, भर्सन, भर्सँदै, भर्सुन्जेल, भर्सँदाखेरि**-कृ.अ.। **भर्सनू**-वि.। **भर्सून्**-इ.। **भर्सला**-स.। (अ.क्रि.-चूल्होमा भात भर्स्यो ।)

भर्सिनु-क्रि. मू.। **भर्सि**-आ.धा.। अ.क्रि.; भर्सनु । **भर्स्याइ** (भर्सि+आइ)-भा.ना.। **भर्स्याउनु**-प्रे.क्रि./स.क्रि.; भर्सिन लाउनु, भर्सिने पार्नु, थरक मार्नु, ओथाउनु, भर्सेली वा भुङ्ग्रोमा बिस्तारसित पाक्न दिनु । **भर्स्याउ**- प्रे.धा । **भर्स्याइनु**-भर्स्याउनुको क.क्रि.। **भर्स्याइ**-भा.प्रे.धा.। **भर्सिइनु**-भर्सिनुको भा. क्रि.। **भर्सिइ** -भा.धा.। **भर्सिई, भर्सिएर, भर्सिन, भर्सिँदै, भर्सिउन्जेल, भर्सिँदाखेरि**-कृ.अ.। **भर्सिनू**-वि.। **भर्सिऊन्**-इ.। **भर्सेला**-स.। (अ.क्रि.-मधुरो आगाको रापमा ढिंडो भर्सियो ।)

भर्स्याउनु-क्रि.मू.। **भर्स्याउ**- आ.धा.। स.क्रि.; पकाएको अन्न भर्सेली वा भुङ्ग्रोमा राखेर राम्ररी पाक्न दिनु, थरक मार्नु, ओथाउनु । **भर्स्याइ** (भर्स्याउ+आइ)-भा.ना.। **भर्स्याइनु** -भर्स्याउनुको क.क्रि.। **भर्स्याइ**-क.धा.। **भर्स्याई, भर्स्याएर, भर्स्याउन, भर्स्याउँदै, भर्स्याउन्जेल, भर्स्याउँदाखेरि**-कृ.अ.। **भर्स्याउनू**-वि.। **भर्स्याऊन्**-इ.। **भर्स्याउला**-स.। (स.क्रि.-आमाले चूल्होमा भात भर्स्याइन् ।)

भल्नु-क्रि.मू.। **भल्**-आ.धा.। स.क्रि.; खेल्दा द्याक वा गुच्चा खोपीमा हाल्नु, बच्चनु । **भलाइ** (भल्+आइ)-भा.ना.। **भलाउनु**-प्रे.क्रि./स.क्रि.; भल्न लाउनु । **भलाउ**-प्रे.धा.। **भलाइनु**-भलाउनुको क.क्रि.। **भलाइ**-क.प्रे.धा.। **भलिनु**-भल्नुको क.क्रि.। **भलि**-क.धा.। **भली, भलेर, भल्न, भल्दै, भलुन्जेल, भन्दाखेरि**-कृ.अ.। **भल्नू**-वि.। **भलून्**-इ.। **भल्ला**-स.। (स.क्रि.-नरेले द्याक खोपीमा भल्यो ।)

भल्कनु-क्रि.मू.। **भल्क**-आ.धा.। अ.क्रि.; भकभक उम्लनु, भुल्को उठ्नु, भुल्कनु । **भल्काइ** (भल्क+आइ)-भा.ना.। **भल्काउनु**-प्रे.क्रि./स.क्रि.; भक भक उमाल्नु, उमाल्नु । **भल्काउ**-प्रे.धा.। **भल्काइनु**-भल्काउनुको क.क्रि.। **भल्काइ**-भा.प्रे.धा.। **भल्किनु**-भल्कनुको भा.क्रि.। **भल्कि**-भा.धा.। **भल्की, भल्केर, भल्कन, भल्कँदै, भल्कुन्जेल, भल्कँदाखेरि**-कृ.अ.। **भल्कनू**-वि.। **भल्कून्**-इ.। **भल्कला**-स.। (अ.क्रि.-ढिंडोको निमित्त तताएको पानी भल्क्यो ।)

भस्कनु-क्रि.मू.। **भस्क**-आ.धा.। अ.क्रि. ; फस्को जमिन भास्सिनु । **भस्काइ** (भस्क+आइ)-भा.ना.। **भस्काउनु**-प्रे.क्रि./स.क्रि.; भसाउनु, भास्नु, भत्काउनु, गहिर्‍याउनु । **भस्काउ**-प्रे.धा.। **भस्काइनु**-भस्काउनुको क.क्रि.। **भस्काइ**-भा.प्रे.धा.। **भस्किनु**-भस्कनुको भा.क्रि.। **भस्कि**-भा.धा.। **भस्की, भस्केर, भस्कन, भस्कँदै, भस्कुन्जेल, भस्कँदाखेरी**-कृ.अ.। **भस्कनू**-वि.। **भस्कून्**-इ.। **भस्कला**-स.। (अ.क्रि.-माटै-माटो भएको कमलो जमिन भस्क्यो ।)

भस्किनु-क्रि.मू.। **भस्कि**-आ.धा.।अ.क्रि.; कमलो जमिन भत्कनु, फस्को जमिन भास्सिनु, भस्कनु । **भस्क्याइ**-(भस्कि+आइ)-भा.ना.। **भस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; भस्किने पार्नु, भस्काउनु । **भस्क्याउ**-प्रे.धा.। **भस्क्याइनु**-भस्क्याउनुको क.क्रि.। **भस्क्याइ**-भा.प्रे.धा.। **भस्किइनु**-भस्किनुको भा.क्रि.। **भस्किइ**-भा.धा.। **भस्किई, भस्किएर, भस्किन, भस्किँदै, भस्किउन्जेल, भस्किंदाखेरि**-कृ.अ.। **भस्किनू**-वि.। **भस्किऊन्**-इ.। **भस्केला**-स.। (अ.क्रि.-कमेरे डाँडो सबै भस्कियो ।)

भाँचिनु-क्रि.मू.। **भाँचि**-आ.धा.। अ.क्रि.; ठुन्किनु, टुक्रिनु, टुट्नु । **भँच्याइ** (भाँचि+आइ)-भा.ना.। **भाँचिइनु** -भाँचिनुको भा.क्रि.। **भाँचिइ**-भा.धा.। **भाँचिई, भाँचिएर,**

भाँचिन, **भाँचिंदै**, **भाँचिउन्जेल**, **भाँचिंदाखेरि**-कृ.अ.। **भाँचिनू**-वि.। **भाँचिऊन्**-इ.। **भाँच्चेला** -स.। (अ.क्रि.- पंचायती जर्जर शासनकालमा आम नेपालीको मन सार्‍हो भाँचियो ।)

भाँच्नु-क्रि.मू.। **भाँच्**-आ.धा.। स.क्रि.; ठुन्क्याउनु, टुक्र्याउनु, तोड्नु । **भँचाइ** (भाँच्+आइ)-भा.ना.। **भँचाउनु**-प्रे.क्रि./स.क्रि.; भाँच्न लाउनु, भाँच्ने पार्नु । **भँचाउ**-प्रे.धा.। **भँचाइनु** -भँचाउनुको क.क्रि.। **भँचाइ**-क.प्रे.धा.। **भाँचिनु**-भाँच्नुको क.क्रि.। **भाँचि**-क.धा.। **भाँची**, **भाँचेर**, **भाँच्न**, **भाँच्तै**, **भाँचुन्जेल**, **भाँच्दाखेरि**-कृ.अ.। **भाँच्नू**-वि.। **भाँचून्**-इ.। **भाँच्ला**-स.। (स.क्रि.- कान्छाले शिशाकलम भाँच्यो ।)

भाँडिनु-क्रि.मू.। **भाँडि**-आ.धा.। अ.क्रि.; खराब काम-कुरामा लाग्नु, कुलतमा लाग्नु, काम-कुरा विग्रनु, विभिन्डिनु, बरालिनु । **भँड्याइ** (भाँडि+आइ)-भा.ना.। **भँड्याउनु**-भाँडिन लाउनु । **भँड्याउ**-प्रे.धा.। **भँड्याइनु**-भँड्याउनुको क.क्रि.। **भँड्याइ**-भा.प्रे.धा.। **भाँडिइनु** -भाँडिनुको भा.क्रि.। **भाँडिइ**-भा.धा.। **भाँडिई**, **भाँडिएर**, **भाँडिन**, **भाँडिंदै**, **भाँडिउन्जेल**, **भाँडिंदाखेरि**-कृ.अ.। **भाँडिनू**-वि.। **भाँडिऊन्**-इ.। **भाँडेला**-स.। (.अ.क्रि.। केही वर्षमै भन्ज्याडी मालिकहरू भाँडिए ।)

भाँड्नु-क्रि.मू.। **भाँड्**-आ.धा.। स.क्रि.; कामकुरो बिगार्नु, खराब काममा लगाउनु, भड्काउनु, बराल्नु, बिथोल्नु । **भँडाइ** (भाँड्+आइ)-भा.ना.। **भँडहा** (भाँड्+आइ), **भँडुवा** (भाँड्–उवा)-विशे.। **भँडाउनु**-प्रे.क्रि./स.क्रि.; भाँड्न लाउनु, बिथोलाउनु । **भँडाउ**-प्रे.धा.। **भँडाइनु**-भँडाउनुको क.क्रि.। **भँडाइ**-क.प्रे.धा.। **भाँडिनु**-भाँड्नुको क.क्रि.। **भाँडि**-क.धा.। **भाँडी**, **भाँडेर**, **भाँड्न**, **भाँड्दै**, **भाँडुन्जेल**, **भाँड्दाखेरि**-कृ.अ.। **भाँड्नू**-वि.। **भाँडून्**-इ.। **भाँड्ला**-स.। (स.क्रि.-गुणप्रसादका दाजुभाइले गाउँसभानै भाँडे ।)

भाउँटिनु-क्रि.मू.। **भाउँटि**-आ.धा.। अ.क्रि.; भाउँटो आइलाग्नु, झन्झट थपिनु, आपत्ति खनिनु । **भाउँट्याइ** (भाउँटि+आइ)-भा.ना.। **भाउँट्याउनु**-प्रे.क्रि./स.क्रि.; भाउँटिन लाउनु, भाउँटिने पार्नु, दुःख पीर खन्याउनु । **भाउँट्याउ**-प्रे.धा.। **भाउँट्याइनु**-भाउँट्याउनुको क.क्रि.। **भाउँट्याइ**-भा.प्रे.धा.। **भाउँटिइनु**-भाउँटिनुको भा.क्रि.। **भाउँटिइ**-भा.धा.। **भाउँटिई**, **भाउँटिएर**, **भाउँटिन**, **भाउँटिंदै**, **भाउँटिउन्जेल**, **भाउँटिंदाखेरि**-कृ.अ.। **भाउँटिनू**-वि.। **भाउँटिऊन्**-इ.। **भाउँटेला**-स.। (अ.क्रि.- देवकोटाको जीवनमा अनेकौं दुख-कष्ट भाउँटियो ।)

भाउनु-क्रि.मू.। **भाउ**- आ.धा.। अ.क्रि.; मनमा नयाँ विचार फुर्नु, प्रतीति हुनु, भान हुनु, खुल्नु, सुहाउनु । **भवाइ** (भाउ+आइ)-भा.ना.। **भाइनु**-भाउनुको भा.क्रि.; मनमा नयाँ भाव वा विचार फुरिनु । **भाइ**-भा.धा.। **भाई**, **भाएर**, **भाउन**, **भाउँदै**, **भाउन्जेल**, **भाउँदाखेरि**-कृ.अ.। **भाउनू**-वि.। **भाऊन्**-इ.। **भाउला**-स.। (अ.क्रि.-नागेको डाँडा पुगेपछि पर्यटकको मनमा नयाँ विचार भायो ।)

भाउन्निनु-क्रि.मू.। **भाउन्नि**-आ.धा.। अ.क्रि.; गर्मी, रोग, भोक, कमजोरी, रिस आदिका कारणले चक्कर लाग्नु, रिंगटा लाग्नु,भर्मनाउनु, भाउन्न हुनु । **भाउन्न्याइ** (भाउन्नि+आइ)-भा.ना.। **भाउन्निइनु**-भाउन्निनुको भा.क्रि.। **भाउन्निइ**-भा.धा.। **भाउन्निई**, **भाउन्निएर**, **भाउन्निन**, **भाउन्निंदै**, **भाउन्निउन्जेल**, **भाउन्निंदाखेरि**-कृ.अ.। **भाउन्निनू**-वि.। **भाउन्निऊन्**-इ.। **भाउन्नेला**- स.। (अ.क्रि.-तङ्ग्रिई नसकेको बिरामी हिंड्दा भाउन्नियो ।)

भाक्नु-क्रि.मू.। **भाक्**-आ.धा.। स.क्रि.; इष्टसिद्धिका लागि देवदेवीलाई भाकल गर्नु, प्रतिज्ञा गर्नु, किरिया खानु, शपथ-ग्रहण गर्नु, कबूल गर्नु । **भकाइ** (भाक्+आइ)-भा.ना.। **भकाउनु**-प्रे.क्रि./स.क्रि.; भाक्नलाउनु, किरिया हाल्न लाउनु, शपथ गराउनु । **भकाउ**-प्रे.धा.। **भकाइनु**-भकाउनुको क.क्रि.। **भकाइ**-क.प्रे.धा.। **भाकिनु** -भाक्नुको क.क्रि.। **भाकि**-क.धा.। **भाकी**, **भाकेर**, **भाक्न**, **भाक्तै**, **भाकुन्जेल**, **भाक्दाखेरि**-कृ.अ.। **भाक्नू**-वि.। **भाकून्** -इ.। **भाक्ला**-स.। (स.क्रि.-लाहुरेले कालिका-देवीलाई कालो बोको भाक्यो ।)

भाग्नु-क्रि.मू.। **भाग्**- आ.धा.। अ.क्रि.; डराएर आफ्नो सुरक्षाका लागि कतै जानु, ज्यू जोगाउनका निम्ति सुईंकुच्चा ठोक्नु, बेपत्ता हुनु, थाहा नपाइने गरी हिंड्नु, पलायन गर्नु, उम्कनु, दुगुर्नु, दौडनु, कुद्नु । **भगाइ** (भाग्+आइ), (भगाउ+आइ)-भा.ना.। **भगाउनु**-प्रे.क्रि./स.क्रि.; भाग्न लगाउनु, पलायन गराउनु । **भगाउ**-प्रे.धा.। **भगाइनु**-भगाउनुको क.क्रि.। **भगाइ**-भा.प्रे.धा.। **भागिनु**-भाग्नुको भा.क्रि.। **भागि**-भा.धा.। **भागी**, **भागेर**, **भाग्न**, **भाग्दै**, **भागुन्जेल**, **भाग्दाखेरि**-कृ.अं.। **भाग्नू**-वि.। **भागून्**-इ.। **भाग्ला**-स.। (अ.क्रि.-धेरै सिपाहीहरू युद्धभूमि छाडेर भागे ।)

भाङ्ग्रिनु-क्रि.मू.। **भाङ्ग्रि**-आ.धा.। अ.क्रि.; हार्नु, टाट पल्टनु, भाङ्ग्रो ओढेर रात बिताउने जस्तो हुनु । **भङ्ग्र्याइ** (भाङ्ग्रि+आइ)-भा.ना.। **भङ्ग्र्याउनु**-प्रे.क्रि./

स.क्रि.; भाङ्ग्रिने पार्नु, हराउनु, टाट पल्टाउनु । **भङ्ग्ग्र्याउ**-प्रे.धा.। **भङ्ग्ग्र्याइनु**-भङ्ग्ग्र्याउनुको क.क्रि.। **भङ्ग्ग्र्याइ**-भा.प्रे.धा.। **भाङ्ग्रिइनु**-भाङग्रिनुको भा.क्रि.। **भाङ्ग्रिइ**-भा.धा.। **भाङग्रिई, भाङ्ग्रिएर, भाङ्ग्रिन, भाङ्ग्रिंदै, भाङ्ग्रिउन्जेल, भाङ्गिंदाखेरि**-कृ.अ.। **भाङ्ग्रिनू**-वि.। **भाङ्ग्रिऊन्**-इ.। **भाङ्ग्रेला**-स.। (अ.क्रि. -बर्मा पसेका धेरै नेपालीहरू पछि भाङ्ग्रिए ।)

भासिनु-क्रि.मू.। **भासि**-आ.धा.। अ.क्रि.; हिलो, धाप, खाडी आदिमा गड्नु, डुब्नु, जमिन तलतिर दबिनु, गडिनु, उँधो लाग्नु, पतन हुनु । **भस्याइ** (भासि+आइ)-भा.ना.। **भासिइनु**-भासिनुको भा.क्रि.। **भासिइ**-भा.धा.। **भासिई, भासिएर, भासिन, भासिंदै, भासिउन्जेल, भासिंदाखेरि**-कृ.अ.। **भासिनू**-वि.। **भासिऊन्**-इ.। **भास्सेला**- स.। (अ.क्रि.-पोखरामा सेती नदी भासियो ।)

भास्नु -क्रि.मू.। **भास्**-आ.धा.। स.क्रि.; गहिर्‍याउनु, खाल्टो पार्नु, गाड्नु । अ.क्रि.; कुनै भावना स्फुरण हुनु, मनमा उब्जनु, बोध हुनु, भान हुनु, प्रतीत हुनु । **भसाइ** (भास्+आइ), (भसाउ+आइ)-भा.ना.। **भसाउनु**-प्रे.क्रि./स.क्रि.; भास्ने पार्नु, गहिरो पार्नु, गाड्नु, अफठ्यारोमा पार्नु, उक्सन नसक्ने बनाउनु । **भसाउ**-प्रे.धा.। **भसाइनु**-भसाउनुको क.क्रि.। **भसाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **भासिनु**-भास्नुको क.क्रि./भा.क्रि.।**भासि**-क.धा./भा.धा.। **भासी, भासेर, भास्न, भास्तै, भासुन्जेल, भास्दाखेरि**-कृ.अ.। **भास्नू**-वि.। **भासून्**-इ.। **भास्ला**-स.। (स.क्रि.-९० सालको भूकम्पले धेरै जमिन भास्यो ।)

भिज्नु-क्रि.मू.। **भिज्**-आ.धा.। अ.क्रि.; कुनै तरल पदार्थले तर हुनु, आर्द्र हुनु, निथ्रुक्क हुनु, रुज्नु, पानीमा ढाडिनु, फुल्नु, कुनै काममा दत्तचित्त भएर लाग्नु, तन्मय हुनु । **भिजाइ** (भिज्+आइ)-भा.ना.। **भिजाउनु**-प्रे.क्रि./स.क्रि.; भिज्ने पार्नु, रुजाउनु, निथ्रुक्क पार्नु, ढड्याउनु । **भिजाउ**-प्रे.धा.। **भिजाइनु**-भिजाउनुको क.क्रि.। **भिजाइ**-भा.प्रे.धा.। **भिजिनु**-भिज्नुको भा.क्रि.। **भिजि**-भा.धा.। **भिजी, भिजेर,भिज्न, भिज्दै, भिजुन्जेल, भिज्दाखेरि**-कृ.अ.। **भिज्नू**-वि.। **भिजून्**-इ.। **भिज्ला**- स.। अ.क्रि.-झरीमा घाँस काट्ता गोठालो निथ्रुक्क भिज्यो ।)

भिड्नु-क्रि.मू.। **भिड्**- आ.धा.। अ.क्रि.; लड्नु, मुठभेड हुनु, मुकाबिला गर्नु, जुध्नु, तुलना गरिनु, दाँजिनु, मिल्नु, जोडिनु, भेटिनु । **भिडाइ** (भिड्+आइ), **भिडन्त** (भिड्+अन्त)-भा.ना.। **भिडाउनु**-प्रे.क्रि./स.क्रि.; भिड्न लाउनु, जुधाउनु, लडाउनु, मुठभेड गराउनु, तुलना गर्नु, टाँसो लाउनु । **भिडाउ**-प्रे.धा.। **भिडाइनु**-भिडाउनुको क.क्रि.। **भिडाइ**-भा.प्रे.धा.। **भिडिनु**-भिड्नुको भा.क्रि.। **भिडि**-भा.धा.। **भिडी, भिडेर, भिड्न, भिड्दै, भिडुन्जेल, भिड्दाखेरि**-कृ.अ.। **भिड्नू**-वि.। **भिडून्**-इ.। **भिड्ला**-स.। (अ.क्रि.-इराक कुवेतसँग भिड्यो ।)

भित्रनु-क्रि.मू.। **भित्र**-आ.धा.। अ.क्रि.; भित्र पस्नु, प्रवेश गर्नु, भित्रिनु, घुस्नु, छिर्नु । **भित्राइ** (भित्र+आइ)-भा.ना.। **भित्रिनु**-भित्रनुको भा.क्रि.। **भित्रि**-भा.धा.। **भित्री, भित्रेर, भित्रन, भित्रँदै, भित्रुन्जेल, भित्रँदाखेरि**-कृ.अ.। **भित्रनू**-वि.। **भित्रून्**-इ.। **भित्रला**-स.। (अ.क्रि.-राणाकालमा सबै सम्पत्ति दरबारमा भित्र्यो ।)

भित्रिनु-क्रि.मू.। **भित्रि**-आ.धा.। अ.क्रि.; हे. भित्रनु । **भित्र्याइ** (भित्रि+आइ)-भा.ना.। **भित्र्याउनु**-प्रे.क्रि./स.क्रि.; प्रवेश गराउनु, भित्र ल्याउनु, थन्क्याउनु, भित्र हुल्नु, पसाल्नु । **भित्र्याउ**-प्रे.धा.। **भित्र्याइनु**-भित्र्याउनुको क.क्रि.। **भित्र्याइ**-भा.प्रे.धा.। **भित्रिइनु**-भित्रिनुको भा.क्रि.। **भित्रिइ**-भा.धा.। **भित्रिई, भित्रिएर, भित्रिन, भित्रिंदै, भित्रिउन्जेल, भित्रिंदाखेरि**-कृ.अ.। **भित्रिनू**-वि.। **भित्रिऊन्**-इ.। **भित्रेला**-स.। (अ.क्रि.-फाल्गुण ३० गते तल्लो घरमा नयाँ बेहुली भित्रिई ।)

भिमल्नु-क्रि.मू.। **भिमल्**-आ.धा.। अ.क्रि.; बेहोश हुनु, अचेत पर्नु । **भिमलाइ** (भिमल्+आइ)-भा.ना.। **भिमलिनु**-भिमल्नुको भा.क्रि.। **भिमलि**-भा.धा.। **भिमली, भिमलेर, भिमल्न, भिमल्दै, भिमलुन्जेल, भिमल्दाखेरि**-कृ.अ.। **भिमल्नू**-वि.। **भिमलून्**-इ.। **भिमल्ला**-स.। (अ.क्रि.-बिरामी निकैबेर भिमल्यो ।)

भिमलाउनु-क्रि.मू.। **भिमलाउ**-आ.धा.। अ.क्रि.; कहालिनु, बिचेत हुन खोज्नु । **भिमलाइ** (भिमलाउ+आइ)-भा.ना.। **भिमलाइनु**-भिमलाउनुको भा.क्रि.। **भिमलाइ**-भा.धा.। **भिमलाई, भिमलाएर, भिमलाउन, भिमलाउँदै, भिमलाउन्जेल, भिमलाउँदाखेरि**-कृ.अ.। **भिमलाउनू**-वि.। **भिमलाऊन्**-इ.। **भिमलाउला**-स.। (अ.क्रि.-आमालाई नदेख्ता बच्चा भिमलायो ।)

भिमलिनु-क्रि.मू.। **भिमलि**-आ.धा.। अ.क्रि.; भिमल हुनु, बेहोश पर्नु, भिमल्नु । **भिमल्याइ** (भिमलि+आइ)-भा.ना.। **भिमल्याउनु**-प्रे.क्रि./स.क्रि.; भिमलिने पार्नु । **भिमल्याउ**-प्रे.धा.। **भिमल्याइनु**-भिमल्याउनुको क.क्रि.। **भिमल्याइ**-भा.प्रे.धा.। **भिमलिइनु**-भिमलिनुको भा.क्रि.। **भिमलिइ**-भा.धा.। **भिमलिई, भिमलिएर, भिमलिन, भिमलिंदै,**

भिमलिउन्जेल, भिमलिंदाखेरि-कृ.अ.। **भिमलिनू**-वि.। **भिमलिऊन्**-इ.। **भिमलेला**-स.। (अ.क्रि.-बाटो विराएको पदयात्री भिमलियो ।)

भिमल्नु-अ.क्रि.। **भिमल्**-आ.धा.। स.क्रि.; बेहोश तुल्याउनु, अचेत पार्नु, आकुल-व्याकुल बनाउनु । **भिमलाइ** (भिमल्+आइ)-भा.ना.। **भिमलाउनु**-प्रे.क्रि/स.क्रि.; भिमल्न लाउनु, भिमलिने तुल्याउनु । **भिमलाउ**-प्रे.धा.। **भिमलाइनु**-भिमलाउनुको क.क्रि.। **भिमलाइ**-क.प्रे.धा.। **भिमलिनु**-भिमल्नुको क.क्रि.। **भिमलि**-क.धा.। **भिमली, भिमलेर, भिमल्न, भिमल्दै, भिमलुन्जेल, भिमल्दाखेरि**-कृ.अ.। **भिमल्नू**-वि.। **भिमलून्**-इ.। **भिमल्ला**-स.। (स.क्रि.-शल्यचिकित्सा गर्नुअघि डाक्टरले रोगीलाई भिमल्यो ।)

भियाउनु-क्रि.मू.। **भियाउ**-आ.धा.। स.क्रि.; समय पाउनु, फुर्सदले भेट्टाउनु, काम सक्नु, समाप्त गर्नु, सिद्धयाउनु, भ्याउनु । **भियाइ** (भियाउ+आइ)-भा.ना.। **भियाइनु**-भियाउनुको क.क्रि.। **भियाइ**-क.धा.। **भियाई, भियाएर, भियाउन, भियाउँदै, भियाउन्जेल, भियाउँदाखेरि**-कृ.अ.। **भियाउनू**-वि.। **भियाऊन्**-इ.। **भियाउला**-स.। (स.क्रि.-धनवीरेले रोपाइँ भियायो ।)

भिर्नु-क्रि.मू.। **भिर्**-आ.धा.। स.क्रि.; घडी, खुकुरी आदि शरीरमा धारण गर्नु, सिउरिनु, पोशाक आदि पहिरिनु, लाउनु, कुनै काम-कुरो अनिच्छापूर्वक स्वीकार्नु, मन नपरी-नपरी झमेला बोक्नु । **भिराइ** (भिर्+आइ)-भा.ना.। **भिराउनु**-प्रे.क्रि./स.क्रि.; भिर्न लाउनु, धारण गराउनु, मन नपरेको वस्तु कसैको जिम्मा लाउनु । **भिराउ**-प्रे.धा.। **भिराइनु**-भिराउनुको क.क्रि.। **भिराइ**-क.प्रे.धा.। **भिरिनु**-भिर्नुको क.क्रि.। **भिरि**-क.धा.। **भिरी, भिरेर, भिर्न, भिर्दै, भिरुन्जेल, भिर्दाखेरि**-कृ.अ.। **भिर्नू**-वि.। **भिरून्**-इ.। **भिर्ला**-स.। (स.क्रि. -लाहुरेले कम्मरमा खुकुरी भिऱ्यो ।)

भुकभुकिनु-क्रि.मू.। **भुकभुकि**-आ.धा.। अ.क्रि.; भुकभुक हुनु, भुकभुक्याइमा पर्नु, भुकभुक आवाज आउने गरी कुटिनु । **भुकभुक्याइ** (भुकभुकि+आइ)-भा.ना.। **भुकभुक्याउनु**-प्रे.क्रि./स.क्रि.; भुकभुकिने पार्नु, भुकभक पार्नु, भुकभक पार्दै कुट्नु । **भुकभुक्याउ**-प्रे.धा.। **भुकभुक्याइनु**-भुकभुक्याउनुको क.क्रि.। **भुकभुक्याइ**-भा.प्रे.धा.। **भुकभुकिइनु**-भुकभुकिनुको भा.क्रि. । **भुकभुकिइ**-भा.धा.। **भुकभुकिई, भुकभुकिएर, भुकभुकिन, भुकभुकिँदै, भुकभुकिउन्जेल, भुकभुकिंदाखेरि**-कृ.अ.। **भुकभुकिनू**-वि.। **भुकभुकिऊन्**-इ.। **भुकभुकेला**-स.। अ.क्रि.-मुँगे जात्रामा झगडा पर्दा मिरुवाबु भुकभुकियो ।)

भुकभुक्याउनु-क्रि.मू.। **भुकभुक्याउ** -आ.धा.। स.क्रि.; भुकभुक पार्नु, भुकभुक शब्द निकालेर कुट्नु, गोद्नु । **भुकभुक्याइ** (भुकभुक्याउ+आइ)-भा.ना.। **भुकभुक्याइनु**-भुकभुक्याउनुको क.क्रि.। **भुकभुक्याइ**-क.धा.। **भुकभुक्याई, भुकभुक्याएर, भुकभुक्याउन, भुकभुक्याउँदै, भुकभुक्याउन्जेल, भुकुभुक्याउँदाखेरि**-कृ.अ.। **भुकभुक्याउनू**-वि.। **भुकभुक्याऊन्** -इ.। **भुकभुक्याउला**-स.। (स.क्रि.-मङ्गलेले महेश्वरको गोरुलाई भुकभुक्यायो ।)

भुक्नु-क्रि.मू.। **भुक्**-आ.धा.। अ.क्रि. ; भुकभुक शब्द गर्नु, कुकुर कराउनु, घुक्नु, धेरै धाक-धक्कु लाएर बोल्नु। **भुकाइ** (भुक्+आइ)-भा.ना.। **भुकाउनु**-प्रे.क्रि./स.क्रि.; भुक्न लाउनु । **भुकाउ**-प्रे.धा.। **भुकाइनु**-भुकाउनुको क.क्रि.। **भुकाइ**-भा.प्रे.धा.। **भुकिनु**-भुक्नुको भा.क्रि.। **भुकि**-भा.धा.। **भुकी, भुकेर, भुक्न, भुक्दै, भुकुन्जेल, भुक्दाखेरि**-कृ.अ.। **भुक्नू**-वि.। **भुकून्**-इ.। **भुक्ला**-स.। (अ.क्रि.-गाउँमा हिजोराती कुकुरहरू साऱ्हो भुके ।)

भुक्तनु-क्रि.मू.। **भुक्त**-आ.धा.। स.क्रि.; सुखदुःख सहेर अनुभव गर्नु, भुक्तिनु, कहर काटेर जिन्दगी विताउनु, चुक्ता गर्नु, फार्छे गर्नु । **भुक्ताइ** (भुक्त+आइ)-भा.ना.। **भुक्ताउनु**-प्रे.क्रि./स.क्रि.; भुक्तन लाउनु, भुक्तने पार्नु, जीवन बिताउनु, चुक्ती पार्नु, लेनदेन व्यवहार टुङ्ग्याउनु, भुक्त्याउनु । **भुक्ताउ** -प्रे.धा.। **भुक्ताइनु**-भुक्ताउनुको क.क्रि.। **भुक्ताइ**- क.प्रे.धा.। **भुक्तिनु**-भुक्तनुको क.क्रि.। **भुक्ति**-क.धा.। **भुक्ती, भुक्तेर, भुक्तन, भुक्तँदै, भुक्तुन्जेल, भुक्तँदाखेरि**-कृ.अ.। **भुक्तनू**-वि.। **भुक्तून्**-इ.। **भुक्तला**-स.। (स.क्रि.-गैरीगाउँ ढुण्डेले जीवनमा धेरै सुख-दुःख भुक्त्यो ।

भुक्ताउनु-क्रि.मू.। **भुक्ताउ**-आ.धा.। स.क्रि.; चुक्ती पार्नु, लेनदेनको व्यवहार टुङ्ग्याउनु, भुक्तान गर्नु । **भुक्ताइ** (भुक्ताउ+आइ)-भा.ना.। **भुक्ताइनु**-भुक्ताउनुको क.क्रि.। **भुक्ताइ**-क.धा.। **भुक्ताई, भुक्ताएर, भुक्ताउन, भुक्ताउँदै, भुक्ताउन्जेल, भुक्ताउँदाखेरि**-कृ.अ.। **भुक्ताउनू**-वि.। **भुक्ताऊन्**-इ.। **भुक्ताउला**-स.। (स.क्रि.-ढकबहादुरले साहूको ऋण भुक्तायो ।)

भुक्तिनु-क्रि.मू.। **भुक्ति**-आ.धा.। स.क्रि.; परिआएका सुख-दुःख खप्नु, सहनु । अ.क्रि.; जीवन बित्नु, समय

बित्नु, दिन बित्नु, सहिनु, खपिनु, फर्छिनु, चुक्तिनु । **भुक्त्याइ** (भुक्ति+आइ)-भा.ना.। **भुक्त्याउनु**-प्रे.क्रि./स.क्रि.; भुक्तने पार्नु, बिताउनु, समाप्त पार्नु, मार्नु । **भुक्त्याउ**-प्रे.धा.। **भुक्त्याइनु** -भुक्त्याउनुको क.क्रि.। **भुक्त्याइ**-क.प्रे.धा./भा.प्रे.धा.। **भुक्तिइनु**- भुक्तिनुको क.क्रि./भा.क्रि.। **भुक्तिइ**-क.धा./भा.धा.। **भुक्तिई, भुक्तिएर, भुक्तिन, भुक्तिंदै, भुक्तिउन्जेल, भुक्तिंदाखेरि**-कृ.अ.। **भुक्तिनू**-वि.। **भुक्तिऊन्**-इ.। **भुक्तेला**-स.। (स.क्रि.-देवकोटाले आफ्नो जीवनमा धेरै दुःख-सुख भुक्तिए । अ.क्रि.-देवकोटाको जीवन दुःखै-दुःखमा भुक्तियो ।)

भुङ्ग्रिनु-क्रि.मू.। **भुङ्ग्रि**-आ.धा.। अ.क्रि.; भुङ्ग्रो बन्नु, भुङ्ग्रै-भुङ्ग्रो हुनु, सन्ताप वा दुःखमा होमिनु, भुङ्ग्रालोमा पर्नु, हिस्सिनु, रिनले खँगारिनु । **भुङ्ग्र्याइ** (भुङ्ग्रि+आइ)-भा.ना.। **भुङ्ग्र्याउनु**- प्रे.क्रि./स.क्रि.; भुङ्ग्रामा पार्नु, सङ्कटमा झेल्नु । **भुङ्ग्र्याउ**-प्रे.धा.। **भुङ्ग्र्याइनु**-भुङ्ग्र्याउनुको क.क्रि.। **भुङ्ग्र्याइ**-भा.प्रे.धा.। **भुङ्ग्रिइनु**-भुङ्ग्रिनुको भा.क्रि.। **भुङ्ग्रिइ**-भा.धा.। **भुङ्ग्रिई, भुङ्ग्रिएर, भुङ्ग्रिन, भुङ्ग्रिंदै, भुङ्ग्रिउन्जेल, भुङ्ग्रिंदाखेरि**-कृ.अ.। **भुङ्ग्रिनू**-वि.। **भुङ्ग्रिऊन्** -इ.। **भुङ्ग्रेला**-स.। (अ.क्रि.-अँगेनुमा थुप्रै आगो भुङ्ग्रियो ।)

भुज्नु-क्रि.मू.। **भुज्**-आ.धा.। स.क्रि.; अनुभव गर्नु, भोग गर्नु, भुक्तिनु, सोचविचार गरेर काम गर्न जान्नु, सुख-दुख बेहोर्नु, हाँडी आदिमा लावा उठ्ने गरी भुट्नु । **भुजाइ** (भुज्+आइ)-भा.ना.। **भुजाउनु**-प्रे.क्रि./स.क्रि.; भुज्न लाउनु, भुज्ने पार्नु । **भुजाउ**-प्रे.धा.। **भुजाइनु**-भुजाउनुको क.क्रि.। **भुजाइ**-क.प्रे.धा.। **भुजिनु**-भुज्नुको क.क्रि.। **भुजि**-क.धा.। **भुजी, भुजेर, भुज्न, भुज्दै, भुजुन्जेल, भुज्दाखेरि**-कृ.अ.। **भुज्नू**-वि.। **भुजून्**-इ.। **भुज्ला**-स.। (स.क्रि.-सोभनाथले जीवनमा धेरै सुख-दुःख भुज्यो ।)

भुटभुटिनु-क्रि.मू.। **भुटभुटि**-भा.धा.। अ.क्रि.; मानसिक चिन्ताले छटपटिनु, व्याकुल हुनु, चिन्तित भई पिरोलिनु, पिरिनु, पिल्सिनु । **भुटभुट्याइ** (भुटभुटि+आइ)-भा.ना.। **भुटभुट्याउनु**-प्रे.क्रि./स.क्रि.; भुटभुटिने पार्नु । **भुटभुट्याउ**-प्रे.धा.। **भुटभुट्याइनु**- भुटभुट्याउनुको क.क्रि.। **भुटभुट्याइ**-भा.प्रे.धा.। **भुटभुटिइनु**- भुटभुटिनुको भा.क्रि.। **भुटभुटिइ**- भा.धा.। **भुटभुटिई, भुटभुटिएर, भुटभुटिन, भुटभुटिंदै, भुटभुटिउन्जेल, भुटभुटिंदाखेरि**-कृ.अ.। **भुटभुटिनू**-वि.। **भुटभुटिऊन्**-इ.। **भुटभुटेला**-स.। (अ.क्रि.-एस.एल.सी. को परीक्षाफल प्रकाशित भएपछि धेरै विद्यार्थीहरू भुटभुटिए ।)

भुटिनु-क्रि.मू.। **भुटि**- आ.धा.। अ.क्रि.; भुटभुटिनु, मानसिक चिन्ताले छटपटिनु । **भुट्याइ** (भुटि+आइ)-भा.ना.। **भुटिइनु**-भुटिनुको भा.क्रि.। **भुटिइ**-भा.धा.। **भुटिई, भुटिएर, भुटिन, भुटिंदै, भुटिउन्जेल, भुटिंदाखेरि**-कृ.अ.। **भुटिनू**-वि.। **भुटिऊन्**-इ.। **भुट्टेला**-स.। (अ.क्रि.-तेनमेन चोकमा धेरै मानिसहरू भुटिए ।)

भुट्नु-क्रि.मू.। **भुट्**-आ.धा.। स.क्रि.; मकै आदि फूल उठ्ने गरी सुक्खा पकाउनु, अराल्नु, घिउ-तेलमा खरो गरी खानेकुरा तार्नु, बन्दूक आदिद्वारा धेरै मानिस मार्नु, संखाप पार्नु । **भुटाइ** (भुट्+आइ)-भा.ना.। **भुटाउनु**-प्रे.क्रि./स.क्रि.; भुट्न लाउनु । **भुटाउ**-प्रे.धा.। **भुटाइनु**-भुटाउनुको क.क्रि.। **भुटाइ**-क.प्रे.धा.। **भुटिनु** -भुट्नुको क.क्रि.। **भुटि**-क.धा.। **भुटी, भुटेर, भुट्न, भुट्दै, भुटुन्जेल, भुट्दाखेरि**-कृ.अ.। **भुट्नू**-वि.। **भुटून्**-इ.। **भुट्ला**-स.। (स.क्रि.-आमाले हाँडीमा मकै भुटिन् ।)

भुतभुताउनु-क्रि.मू.। **भुतभुताउ**-आ.धा.। अ.क्रि.; रिसको झोकमा एक्लै बडबडाउनु, फतफताउनु । **भुतभुताइ** (भुतभुताउ+आइ)-भा.ना.। **भुतभुताइनु**-भुतभुताउनुको भा.क्रि.। **भुतभुताइ** -भा.धा.। **भुतभुताई, भुतभुताएर, भुतभुताउन, भुतभुताउँदै, भुतभुताउन्जेल, भुतभुताउँदाखेरि**-कृ.अ.। **भुतभुताउनू**- वि.। **भुतभुताऊन्**-इ.। **भुतभुताउला**-स.। (अ.क्रि.-रिसको झोकमा बम बहादुर भुतभुतायो ।)

भुतुक्किनु-क्रि.मू.। **भुतक्कि**- आ.धा.। अ.क्रि.; रिसले चूर हुनु, भुतुक्क हुनु, मर्नु । **भुतुक्क्याइ** (भुतुक्कि+आइ)-भा.ना.। **भुतुक्क्याउनु**-प्रे.क्रि./स.क्रि.; भुतुक्क पार्नु, ठहरै तुल्याउनु, मार्नु । **भुतुक्क्याउ**-प्रे.धा.। **भुतुक्क्याइनु**-भुतुक्क्याउनुको क.क्रि.। **भुतुक्क्याइ**-भा.प्रे.धा.। **भुतुक्किइनु**-भुतुक्किनुको भा.क्रि.। **भुतुक्किइ**-भा.धा.। **भुतुक्किई, भुतुक्किएर, भुतुक्किन, भुतुक्किंदै, भुतुक्किउन्जेल, भुतुक्किंदाखेरि**-कृ.अ.। **भुतुक्किनू**-वि.। **भुतुक्किऊन्**-इ.। **भुतुक्केला**-स.। (अ.क्रि. - बिजयको उन्नति देखेर लामिडाँडाको मयानाथ भुतुक्कियो ।)

भुत्किनु-क्रि.मू.। **भुत्कि**-आ.धा.। अ.क्रि.-भुतुक्किनु । **भुत्क्याइ** (भुत्कि+आइ)-भा.ना.। **भुत्क्याउनु**- प्रे.क्रि./स.क्रि.; भुतुक्क पार्नु, मार्नु, ठहरै पार्नु । **भुत्क्याउ**-प्रे.धा.। **भुत्क्याइनु**-भुत्क्याउनुको क.क्रि । **भुत्क्याइ**-भा.प्रे.धा.। **भुत्किइनु**-भुत्किनुको भा.क्रि.। **भुत्किइ**-भा.धा.। **भुत्किई, भुत्किएर, भुत्किन, भुत्किंदै, भुत्किउन्जेल,**

भुत्किंदाखेरि-कृ.अ.। **भुत्किनू**-वि.। **भुत्किऊन्**-इ.। **भुत्केला**-स.। (अ.क्रि.-खलङ्गा-माहिलो बलेखुको भीरबाट लोटेर थलैमा भुत्कियो ।)

भुत्तिनु-क्रि.मू.। **भुत्ति**-आ.धा.। अ.क्रि.; हतियार नलाग्ने हुनु, भुत्ते हुनु, धार मर्नु, धार बोधो हुनु । **भुत्त्याइ** (भुत्ति+आइ)-भा.ना.। **भुत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; भुत्ते पार्नु, धार मार्नु । **भुत्त्याउ**-प्रे.धा.। **भुत्त्याइनु**-भुत्त्याउनुको क.क्रि.। **भुत्त्याइ**-भा.प्रे.धा.। **भुत्तिइनु**-भुत्तिनुको भा.क्रि.। **भुत्तिइ**-भा.धा.। **भुत्तिई, भुत्तिएर, भुत्तिन, भुत्तिंदै, भुत्तिउन्जेल, भुत्तिंदाखेरि**-कृ.अ.। **भुत्तिनू**-वि.। **भुत्तिऊन्**-इ.। **भुत्तेला**-स.। अ.क्रि.-घाँस काट्ताकाट्तै गोठालोको हँसिया भुत्तियो ।)

भुत्लिनु-क्रि.मू.। **भुत्लि**- आ.धा.। अ.क्रि.; रउँ, भुत्ला आदि खुइलिनु, लुछिनु, नङ्गिनु, नाङ्गो हुनु, हिस्सिनु, काढिनु, झुत्रिनु, जागिर आदि खोसिनु । **भुत्ल्याइ** (भुत्लि+आइ)-भा.ना.। **भुत्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; भुत्लिने पार्नु, झुत्र्याउनु, जागिर आदि खोस्नु,नङ्ग्याउनु, जगल्ट्याउनु, खजमज्याउनु । **भूत्ल्याउ**-प्रे.धा.। **भुत्ल्याइनु**-भुत्ल्याउनुको क.क्रि.। **भुत्ल्याइ**-भा.प्रे.धा.। **भुत्लिइनु**-भुत्लिनुको भा.क्रि.। **भुत्लिइ**-भा.धा.। **भुत्लिई, भुत्लिएर, भुत्लिन, भुत्लिंदै, भुत्लिउन्जेल, भुत्लिंदाखेरि**-कृ.अ.। **भुत्लिनू**-वि.। **भुत्लिऊन्**-इ.। **भुत्लेला**-स.। (अ.क्रि.-काटेको खसी भुत्लियो ।)

भुनभुनाउनु-क्रि.मू.। **भुनभुनाउ**-आ.धा.। अ.क्रि.; भमरा आदिले भुनभुन शब्द गर्नु, भुनभुन गर्दै उड्नु, एक्लै भुतभुताउनु । **भुनभुनाइ** (भुनभुनाउ + आइ)-भा.ना.। **भुनभुनाइनु**-भुनभुनाउनुको भा.क्रि.। **भुनभुनाइ** -भा.धा.। **भुनभुनाई, भुनभुनाएर, भुनभुनाउन, भुनभुनाउँदै, भुनभुनाउन्जेल, भुनभुनाउँदाखेरि**-कृ.अ.। **भुनभुनाउनू**-वि.। **भुनभुनाऊन्**-इ.। **भुनभुनाउला**- स.। (अ.क्रि.-फूलबारीमा भवरा, मौरीहरू भुनभुनाए ।)

भुलभुलाउनु-क्रि.मू.। **भुलभुलाउ**-आ.धा.। अ.क्रि.; भुलभुल गरेर जमीनबाट पानीको मूल फुट्नु, भुलभुल गरेर पानी आदि बग्नु । **भुलभुलाइ** (भुलभुलाउ+आइ)-भा.ना.। **भुलभुलाइनु**-भुलभुलाउनुको भा.क्रि.। **भुलभुलाइ**-भा.धा.। **भुलभुलाई, भुलभुलाएर, भुलभुलाउन, भुलभुलाउँदै, भुलभुलाउन्जेल, भुलभुलाउँदाखेरि**-कृ.अ.। **भुलभुलाउनू**-वि.। **भुलभुलाऊन्**-इ.। **भुलभुलाउला**-स.। (अ.क्रि.-साउनेपानीको गैरोमा पानीको मूल भुलभुलायो ।)

भुलभुलिनु-क्रि.मू.। **भुलभुलि**-आ.धा.। अ.क्रि.; भुलभुल गरेर पानी उम्रनु, भुलभुलाउनु । **भुलभुल्याइ** (भुलभुलि+आइ)-भा.ना.। **भुलभुल्याउनु**-प्रे.क्रि./स.क्रि.; भुलभुलिने पार्नु । **भुलभुल्याउ**-प्रे.धा.। **भुलभुल्याइनु**-भुलभुल्याउनुको क.क्रि.। **भुलभुल्याइ**- भा.प्रे.धा.। **भुलभुलिइनु**-भुलभुलिनुको भा.क्रि.। **भुलभुलिइ** -भा.धा.। **भुलभुलिई, भुलभुलिएर, भुलभुलिन, भुलभुलिंदै, भुलभुलिउन्जेल, भुलभुलिंदाखेरि**-कृ.अ.। **भुलभुलिनू**-वि.। **भुलभुलिउन्**-इ.। **भुलभुलेला**-स.। (अ.क्रि.-चेपे तलतिर हानिंदै भुलभुलियो ।)

भुल्नु-क्रि.मू.। **भुल्**-आ.धा.। स.क्रि.; भूल गर्नु, बिर्सनु, गल्ती गर्नु, बिराउनु । अ.क्रि.; आसक्त हुनु, लहसिनु, झुक्किनु, छकिनु, चुक्नु, भूलमा पर्नु । **भुलाइ** (भुल्+आइ)-भा.ना.। **भुलाउनु**-प्रे.क्रि./स.क्रि.; अलमल्याउनु, बिर्साउनु, छकाउनु, झुक्क्याउनु, आसक्त बनाउनु, प्रेममा फसाउनु । **भुलाउ**-प्रे.धा.। **भुलाइनु**-भुलाउनुको क.क्रि.। **भुलाइ**-भा.प्रे.धा.। **भुलिनु**-भुल्नुको भा.क्रि.। **भुलि**-भा.धा.। **भुली, भुलेर, भुल्न, भुल्दै, भुलुन्जेल, भुल्दाखेरि**-कृ.अ.। **भुल्नू**-वि.। **भुलून्**-इ.। **भुल्ला**-स.। (अ.क्रि.-लाहुरेले घर भुल्यो । अ.क्रि-तस्करहरू लोभमा भुले ।)

भुल्कनु-क्रि.मू.। **भुल्क**-आ.धा.। अ.क्रि.; पानी, रगत आदि तरल पदार्थ अली-अली गरी बेगले निस्कनु, भुलुक्क उम्लनु, दूध आदि तरल पदार्थ तताउँदा उम्लनु, भुलभुल गरी उम्लनु । **भुल्काइ** (भुल्क+आइ)-भा.ना.। **भुल्काउनु**-प्रे.क्रि./स.क्रि.; भुलुक्क उमाल्नु । **भुल्काउ**-प्रे.धा.। **भुल्काइनु**-भुल्काउनुको क.क्रि.। **भुल्काइ**-भा.प्रे.धा.। **भुल्किनु**-भुल्कनुको भा.क्रि.। **भुल्कि**-भा.धा.। **भुल्की, भुल्केर, भुल्कन, भुल्कँदै, भुल्कुन्जेल, भुल्कँदाखेरि**-कृ.अ.। **भुल्कनू**-वि.। **भुल्कून्**-इ.। **भुल्कला**-स.। (अ.क्रि.-भदालोमा तताएको दूध भुल्क्यो ।)

भुल्किनु-क्रि.मू.। **भुल्कि**-आ.धा.। अ.क्रि.; भुलुक्क उम्लिनु, उम्लनु । **भुल्क्याइ** (भुल्कि+आइ)-भा.ना.। **भुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; भुल्काउनु । **भुल्क्याउ** -प्रे.धा.। **भुल्क्याइनु**-भुल्क्याउनुको क.क्रि.। **भुल्क्याइ**-भा.प्रे.धा.। **भुल्किइनु**-भुल्किनुको भा.क्रि.। **भुल्किइ**-भा.धा.। **भुल्किई, भुल्किएर, भुल्किन, भुल्किंदै, भुल्किउन्जेल, भुल्किंदाखेरि**-कृ.अ.। **भुल्किनू**-वि.। **भुल्किऊन्**-इ.। **भुल्केला**-स.। (अ.क्रि.-आगोमा तताएको पानी भुलुक्क भुल्कियो ।)

भुसिनु-क्रि.मू.। **भुसि**-आ.धा.। अ.क्रि.; भुस जस्तो हुनु, निष्फल हुनु, खेर जानु । **भुस्याइ** (भुसि+आइ)-भा.ना.। **भुस्याउनु**-प्रे.क्रि./स.क्रि.; भुसिने पार्नु । **भुस्याउ**-प्रे.धा.। **भुस्याइनु**-भुस्याउनुको क.क्रि.। **भुस्याइ**-भा.प्रे.धा.। **भुसिइनु**-भुसिनुको भा.क्रि.। **भुसिइ**-भा.धा.। **भुसिई, भुसिएर, भुसिन, भुसिंदै, भुसिउन्जेल, भुसिंदाखेरि**-कृ.अ.। **भुसिनू**-वि.। **भुसिऊन्**-इ.। **भुसेला**-स.। (अ.क्रि.-फूल खेल्दा पानी परेकोले अहिले धान धेरै भुसियो ।)

भुसुल्टिनु-क्रि.मू.। **भुसुल्टि**-आ.धा.। अ.क्रि.; निदाउनु, सुत्नु, घुसमुन्टिनु, हिस्सिनु, ठगिनु, आशा गरेको वस्तु नपाइनु । **भुसुल्ट्याइ** (भुसुल्टि+आइ)-भा.ना.। **भुसुल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; जिल्ल्याउनु, हिस्स्याउनु, कसैलाई आशा देखाएर सो वस्तु नदिनु । **भुसुल्ट्याउ**-प्रे.धा.। **भुसुल्ट्याइ** (भुसुल्ट्याउ+आइ)-भा.ना.। **भुसुल्ट्याइनु**-भुसुल्ट्याउनुको क.क्रि.। **भुसुल्ट्याइ** -भा.प्रे.धा.। **भुसुल्टिइनु**-भुसुल्टिनुको भा.क्रि.। **भुसुल्टिइ**-भा.धा.। **भुसुल्टिई, भुसुल्टिएर, भुसुल्टिन, भुसुल्टिंदै, भुसुल्टिउन्जेल, भुसुल्टिंदाखेरि**-कृ.अ.। **भुसुल्टिनू**-वि.। **भुसुल्टिऊन्**-इ.। **भुसुल्टेला**-स.। (अ.क्रि.-बिहानी पखमा धेरै जात्रेहरू भुसुल्टिए ।)

भुस्सिनु-क्रि.मू.। **भुस्सि**-आ.धा.। अ.क्रि.; गुदी नभएको गेडा फल्नु, पोटैपोटा फल्नु, केही पनि नपाउनु, बोक्रिनु, ठगिनु, फोस्रिनु, हिस्सिनु । **भुस्स्याइ** (भुस्सि+आइ)-भा.ना.। **भुस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; भुस्सिने पार्नु, केही पनि नपाउने पार्नु । **भुस्स्याउ**-प्रे.धा.। **भुस्स्याइनु**-भुस्स्याउनुको क.क्रि.। **भुस्स्याइ**-भा.प्रे.धा.। **भुस्सिइनु**-भुस्सिनुको भा.क्रि.। **भुस्सिइ**-भा.धा.। **भुस्सिई, भुस्सिएर, भुस्सिन, भुस्सिंदै, भुस्सिउन्जेल, भुस्सिंदाखेरि**-कृ.अ.। **भुस्सिनू**-वि.। **भुस्सिऊन्**-इ.। **भुस्सेला**-स.। (अ.क्रि.-यो सालमा घैयाधान धेरै भुस्सियो ।)

भेट्नु-क्रि.मू.। **भेट्**-आ.धा.। स.क्रि.; प्राप्त गर्नु, फेला पार्नु, भेट्टाउनु, पाउनु, भेटगर्नु, भेट हुनु, पुग्नु । **भेटाइ** (भेट्+आइ)-भा.ना.। **भेटाउनु**-प्रे.क्रि./स.क्रि.; भेट्न लाउनु, भेट गराउनु, भेट्टाउनु । **भेटाउ**-प्रे.धा.। **भेटाइनु**-भेटाउनुको क.क्रि.। **भेटाइ**-क.प्रे.धा.। **भेटिनु**-भेट्नुको क.क्रि.। **भेटि**-क.धा.। **भेटी, भेटेर, भेट्न, भेट्तै, भेट्नुन्जेल, भेट्दाखेरि**-कृ.अ.। **भेट्नू**-वि.। **भेटून्**-इ.। **भेट्ला**-स.। (स.क्रि.-मैले मुक्तिनाथ जाँदा बाटोमा एकजना मिलनसार सहयात्री भेटें ।)

भेट्टाउनु-क्रि.मू । **भेट्टाउ**-आ.धा.। स.क्रि.; प्राप्त गर्नु, हातलागी गर्नु, पाउनु, फेला पार्नु, भेट्नु, समकक्षमा पुग्नु, बराबरीमा आउनु । **भेट्टाइ** (भेट्टाउ+आइ)-भा.ना.। **भेट्टाइनु**-भेट्टाउनुको क.क्रि.। **भेट्टाइ**-क.धा.। **भेट्टाई, भेट्टाएर भेट्टाउन, भेट्टाउँदै, भेट्टाउन्जेल, भेट्टाउँदाखेरि**-कृ.अ.। **भेट्टाउनू**-वि.। **भेट्टाऊन्**-इ.। **भेट्टाउला**-स.। (स.क्रि.-बाबुरामले हराएको उपन्यास भेट्टायो ।)

भेड्किनु-क्रि.मू.। **भेड्कि**- आ.धा.। अ.क्रि.; काम गर्ने समय बित्न लाग्नु, बेला वा दिन सान्है थोरै बाँकी हुनु, अबेर हुनु, घर्किनु । **भेड्क्याइ** (भेड्कि+आइ)-भा.ना.। **भेड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; भेड्किने पार्नु, समय बिताउनु, बेला गुजार्नु, ढीलो गर्नु । **भेड्क्याउ**-प्रे.धा.। **भेड्क्याइनु**-भेड्क्याउनुको क.क्रि.। **भेड्क्याइ**-भा.प्रे.धा.। **भेड्किइनु** — भेड्किनुको भा.क्रि.। **भेड्किइ**-भा.धा.। **भेड्किई, भेड्किएर, भेड्किन, भेड्किंदै, भेड्किउन्जेल, भेड्किंदाखेरि**-कृ.अ.। **भेड्किनू**-वि.। **भेड्किऊन्**-इ.। **भेड्केला**-स.। (अ.क्रि.-बरबन्दीको उकालो चढ्दैमा दिन निकै भेड्कियो ।)

भेद्नु-क्रि.मू.। **भेद्**-आ.धा.। स.क्रि.; छेड्नु, प्वाल पार्नु, फोर्नु, फुटाल्नु, लक्ष्य भेद गर्नु, टुक्र्याउनु, चिर्नु, फार्नु, फुट गराउनु, फाटो पार्नु, टुनामुना गर्नु, मोहनी लाउनु। **भेदाइ** (भेद्+आइ)-भा.ना.। **भेदाउनु**-प्रे.क्रि./स.क्रि.; प्वाल पार्न लाउनु, भेद गराउनु । **भेदाउ**-प्रे.धा.। **भेदाइनु**-भेदाउनुको क.क्रि.। **भेदाइ**-क.प्रे.धा.। **भेदिनु**-भेद्नुको क.क्रि.। **भेदि**-क.धा.। **भेदी, भेदेर, भेद्न, भेद्दै, भेदुन्जेल, भेद्दाखेरि**-कृ.अ.। **भेद्नू**-वि.। **भेदून्**-इ.। **भेद्ला**-स.। (स.क्रि.-महाभारतको युद्धमा अर्जुनले लक्ष भेद्यो ।)

भोकाउनु-क्रि.मू.। **भोकाउ**-आ.धा.। अ.क्रि.; खान मन लाग्नु, भोक लाग्नु, खाने इच्छा हुनु, कुनै वस्तुप्रति उत्कट अभिलाषा जाग्नु । **भोकाइ** (भोकाउ+आइ)-भा.ना.। **भोकाइनु**-भोकाउनुको भा.क्रि.। **भोकाइ**-भा.धा.। **भोकाई, भोकाएर, भोकाउन, भोकाउँदै, भोकाउन्जेल, भोकाउँदाखेरि**-कृ.अ.। **भोकाउनू**-वि.। **भोकाऊन्**-इ.। **भोकाउला**-स.। (अ.क्रि.-फुकाउन अबेर हुँदा गाईवस्तु भोकाए ।)

भोग्नु-क्रि.मू.। **भोग्**-आ.धा. । स.क्रि.; सांसारिक दुःखसुखको अनुभव गर्नु, उपभोग गर्नु, दुःख खप्नु, भोग गर्नु, उपभोग गर्नु, स्त्रीसम्भोग गर्नु, सहवास गर्नु, सुमुर्नु, बेहोर्नु । **भोगाइ** (भोग्+आइ)-भा.ना.। **भोगाउनु**-प्रे.क्रि./

स.क्रि.; भोग्न लाउनु, काबू पार्नु, कष्ट दिई चेताउनु । भोगाउ-प्रे.धा.। भोगाइनु-भोगाउनुको क.क्रि.। भोगाइ-क.प्रे.धा.। भोगिनु -भोग्नुको क.क्रि.। भोगि-क.धा.। भोगी, भोगेर, भोग्न, भोग्दै, भोगुन्जेल, भोग्दाखेरि-कृ.अ.। भोग्नू-वि.। भोगून्-इ.। भोग्ला -स.। (स.क्रि.-यहुदीहरूले ग्याँसच्याम्बरको पीडा खूब भोगे ।)

भोर्नु-क्रि.मू.। भोर्- आ.धा.। स.क्रि.; लसपस गर्नु, मुछ्नु, बोर्नु, भोर गर्नु, भद्रगोल पार्नु, हूलमूलमा पार्नु, झुक्क्याउनु । भोराइ (भोर्+आइ)-भा.ना.। भोराउनु-प्रे.क्रि./स.क्रि.; भोर्न लाउर्न, बोराउनु । भोराउ-प्रे.धा.। भोराइनु-भोराउनुको क.क्रि.। भोराइ-क.प्रे.धा.। भोरिनु-भोर्नुको क.क्रि.। भोरि-क.धा.। भोरी, भोरेर, भोर्न, भोर्दै, भोरुन्जेल, भोर्दाखेरि-कृ.अ.। भोर्नू-वि.। भोरून्-इ.। भोर्ला-स.। (स.क्रि.-पंचायती सरकारले जनतालाई मीठो बचन दिएर भोऱ्यो ।)

भौँतारिनु-क्रि.मू.। भौँतारि-आ.धा.। अ.क्रि.; हैरान हुनु, लरखराउनु, धेरै हिंडडुलमा पर्नु, हैरानी भोग्ने गरी घुम्नु, अनावश्यक दौड धूपमा लाग्नु । भौँतऱ्याइ (भौँतारि+आइ)-भा.ना.। भौँतऱ्याउनु-प्रे.क्रि./स.क्रि.; भौँतारिन लाउनु, भौँतारिने पार्नु । भौँतऱ्याउ-प्रे.धा.। भौँतऱ्याइनु-भौँतऱ्याउनुको क.क्रि.। भौँतऱ्याइ -भा.प्रे.धा.। भौँतारिइनु-भौँतारिनुको भा.क्रि.। भौँतारिइ -भा.धा.। भौँतारिई, भौँतारिएर, भौँतारिन, भौँतारिँदै, भौँतारिउन्जेल, भौँतारिंदाखेरि-कृ.अ.। भौँतारिनू-वि.। भौँतारिऊन्-इ.। भौँतारेला-स.। (अ.क्रि.-तिनीहरू दिनभरि भौँतारिए ।)

भौँतार्नु-क्रि.मू.। भौँतार्-आ.धा.। स.क्रि.; जथाभावी घुम्नु, हैरानीसाथ घुम्नु, थाङ्ना वा च्यातिएका कपडा टाल्नु । भौँतराइ (भौँतार्+आइ)-भा.ना.। भौँतराउनु-प्रे.क्रि./स.क्रि.; भौँतार्न लाउनु, भौँतार्ने पार्नु । भौँतराउ-प्रे.धा.। भौँतराइनु-भौँतराउनुको क.क्रि.। भौँतराइ-क.प्रे.धा.। भौँतारिनु- भौँतार्नुको क.क्रि.। भौँतारि-क.धा.। भौँतारी, भौँतारेर, भौँतार्न, भौँतार्दै, भौँतारुन्जेल, भौँतार्दाखेरि-कृ.अ.। भौँतार्नू- वि.। भौँतारून्-इ.। भौँतार्ला-स.। (स.क्रि.-हरि दिनभर कहाँ भौँताऱ्यो ? दिदीले मनदिएर कपडा भौँतारिन् ।)

भ्याउनु-क्रि.मू.। भ्याउ-आ.धा.। स.क्रि.; हे. भियाउनु । भ्याइ (भ्याउ+आइ)-भा.ना.। भ्याइनु-भ्याउनुको क.क्रि.। भ्याइ-क.धा.। भ्याई, भ्याएर, भ्याउन, भ्याउँदै, भ्याउन्जेल, भ्याउँदाखेरि-कृ.अ.। भ्याउनू-वि.। भ्याऊन्-इ.। भ्याउला-स.। (स.क्रि.-सन्तोषले गृहकार्य गरेर भ्यायो ।)

म

मकमकाउनु-क्रि.मू.। मकमकाउ-आ.धा.। अ.क्रि.; मकमक हुनु; बात, सर्दी ज्वरो आदिले आङ अँठिएर दुख्नु, जीउ एक किसिमले दुख्नु । मकमकाइ (मकमकाउ+आइ) -भा.ना.। मकमकाइनु-मकमकाउनुको भा.क्रि.। मकमकाइ -भा.धा.। मकमकाई, मकमकाएर, मकमकाउन, मकमकाउँदै, मकमकाउन्जेल, मकमकाउँदाखेरि-कृ.अ.। मकमकाउनू-वि.। मकमकाऊन्-इ.। मकमकाउला-स.। (अ.क्रि.-आज मेरो जीउ मकमकायो ।)

मकमकिनु-क्रि.मू.। मकमकि-आ.धा.। अ.क्रि.; मकमकाउनु, अलिअलि चपाइनु । मकमक्याइ (मकमकि+आइ))-भा.ना.। मकमक्याउनु-प्रे.क्रि./स.क्रि.; मकमकिने पार्नु, दनासाले खानेकुरा चपाउनु, दाँत नहुनेले दनासाले मक्ल्याकमुक्लुक गरी खानु । मकमक्याउ-प्रे.धा.। मकमक्याइनु-मकमक्याउनुको क.क्रि.। मकमक्याइ-भा.प्रे.धा.। मकमकिइनु-मकमकिनुको भा.क्रि.। मकमकिइ -भा.धा.। मकमकिई, मकमकिएर, मकमकिन, मकमकिँदै, मकमकिउन्जेल, मकमकिंदाखेरि-कृ.अ.। मकमकिनू-वि.। मकमकिऊन्-इ.। मकमकेला-स.। (अ.क्रि.-दनासाले चपाउँदा खानेकुरा मकमकियो । सर्दी-गर्मी नमिल्नाले बूढो मान्छेको जीउ मकमकियो ।)

मकाउनु-क्रि.मू.। मकाउ-आ.धा.। अ.क्रि.; माटो पानी, सर्दी आदिका कारणले कुनै वस्तु थोत्रिनु, कुहिनु, सड्नु, जीर्ण हुनु, पुरानु हुनु । मकाइ (मकाउ+आइ)-भा.ना.। मकाइनु-मकाउनुको भा.क्रि.। मकाइ-भा.धा.। मकाई, मकाएर, मकाउन, मकाउँदै, मकाउन्जेल, मकाउँदाखेरि-कृ.अ.। मकाउनू-वि.। मकाऊन्-इ.। मकाउला-स.। (अ.क्रि.-धेरै वर्षपछि घरका काठपात मकाए ।)

मकिनु-क्रि.मू.। मकि-आ.धा.। अ.क्रि.; मकाउनु । मक्याइ (मकि+आइ)-भा.ना.। मक्याउनु-प्रे.क्रि./स.क्रि.; मकिने पार्नु । मक्याउ-प्रे.धा.। मक्याइनु-मक्याउनुको क.क्रि.। मक्याइ-भा.प्रे.धा.। मकिइनु-मकिनुको भा.क्रि.। मकिइ-भा.धा.। मकिई, मकिएर, मकिन, मकिँदै, मकिउन्जेल, मकिंदाखेरि-कृ.अ.। मकिनू-वि.। मकिऊन्-इ.। मकेला-

स.। (अ.क्रि.-धेरै वर्षपछि टेलिफोनको खम्बा मकियो ।)

मच्कनु-क्रि.मू.। **मचक**-आ.धा.। अ.क्रि.; घरमा तलमाथि गर्दा त्यसमा हालेका दलिनहरू लच्केर मचकमचक शब्द आउनु, मचक्क-मचक्क हुनु, लच्कनु, नुहुनु, लाचार हुनु, संकोच मान्नु, खुम्चनु, धक मान्नु । **मच्काइ** (मचक+आइ), (मच्काउ+आइ)-भा.ना.। **मच्काउनु**-प्रे.क्रि./स.क्रि.; मच्कने पार्नु, निहुराउनु, नुहाउनु, लच्काउनु । **मच्काउ**-प्रे.धा.। **मच्काइनु**-मच्काउनुको क.क्रि.। **मच्काइ**-भा.प्रे.धा.। **मच्किनु**-मच्कनुको भा.क्रि.। **मच्कि**-भा.धा.। **मच्की**, **मच्केर**, **मच्कन**, **मच्कँदै**, **मच्कुन्जेल**, **मच्कँदाखेरि**-कृ.अ.। **मच्कनू**-वि.। **मच्कून्**-इ.। **मच्कला**-स.। (अ.क्रि.-भोर्लोको पात टिप्ता झ्याङ मचक्क मच्क्यो ।)

मच्नु-क्रि.मू.। **मच्**-आ.धा.। अ.क्रि.; जोडतोडका साथ हल्ला आदि फैलनु, हल्लनु, मुद्दा सर्कनु, रडाको चर्कनु । **मचाइ** (मच्+आइ), (मचाउ+आइ)-भा.ना.। **मचाउनु**-प्रे.क्रि./स.क्रि.; हल्ला फिंजाउनु, रडाको उठाउनु । **मचाउ**-प्रे.क्रि.। **मचाइनु**-मचाउनुको क.क्रि.। **मचाइ**-भा.प्रे.धा.। **मचिनु**-मच्नुको भा.क्रि.। **मचि**-भा.धा.। **मची**, **मचेर**, **मच्न**, **मच्तै**, **मचुन्जेल**, **मच्दाखेरि**-कृ.अ.। **मच्नू**-वि.। **मचून्**-इ.। **मच्ला**- स.। (अ.क्रि.-सोमनाथ र भुरामणको जग्गा सम्बन्धी मुद्दा निकै मच्यो ।)

मच्चनु-क्रि.मू.। **मच्च**-आ.धा.। अ.क्रि.; झुल्नु, पीङ आदि लामो चालमा डोल्नु, खूबसित हल्लनु, होहल्ला चम्कनु, हल्ला चल्नु, झैझगडा चर्कनु, कस्सिएर कतै हिँड्नु, कामकुरामा सुरिएर लाग्नु, तरखराउनु, चौचौ हुनु । **मच्चाइ** (मच्च+आइ)-भा.ना.। **मच्चाउनु**-प्रे.क्रि./स.क्रि.; मच्चने पार्नु, मच्चन लाउनु, खूबसित हल्लाउनु, हल्ला चलाउनु, बेसरी झुलाउनु, मुद्दामामिला आदि चर्काउनु, उत्कण्ठित पार्नु । **मच्चाउ**-प्रे.धा.। **मच्चाइनु**-मच्चाउनुको क.क्रि.। **मच्चाइ**-भा.प्रे.धा.। **मच्चिनु**-मच्चनुको भा.क्रि.। **मच्चि**-भा.धा.। **मच्ची**, **मच्चेर**, **मच्चन**, **मच्चँदै**, **मच्चुन्जेल**, **मच्चँदाखेरि**-कृ.अ.। **मच्चनू**-वि.। **मच्चून्**-इ.। **मच्चला**-स.। (अ.क्रि.-टाकुरा डाँडाको लिङ्गे पिङ खूब मच्च्यो ।)

मच्चिनु-क्रि.मू.। **मच्चि**-आ.धा.। अ.क्रि.; झुलिनु । **मच्च्याइ** (मच्चि+आइ)-भा.ना.। **मच्चिइनु**-मच्चिनुको भा.क्रि.। **मच्चिइ**-भा.धा.। **मच्चिई**, **मच्चिएर**, **मच्चिन**, **मच्चिँदै**, **मच्चिउन्जेल**, **मच्चिंदाखेरि**-कृ.अ.। **मच्चिनू**-वि.। **मच्चिऊन्**-इ.। **मच्चेला**-स.। (अ.क्रि.-नेपालको हिमाली खण्डमा 'पूर्व पश्चिम कैलाश राजमार्ग बन्दैछ' भन्ने हल्ला मच्चियो ।)

मटिनु-क्रि.मू.। **मटि**-आ.धा.। अ.क्रि.; माटो जस्तो हुनु, मटिलो बन्नु, ज्यादै पुरानो हुनु, सड्नु, बेकम्मा हुनु । **मट्याइ** (मटि+आइ), (मट्याउ+आइ)-भा.ना.। **मट्याउनु**-प्रे.क्रि./स.क्रि.; मटिने पार्नु, माटो पार्नु, माटोझैं पारी सडाउनु । **मट्याउ**-प्रे.धा.। **मट्याइनु**-मट्याउनुको क.क्रि.। **मट्याइ**-भा.प्रे.धा.। **मटिइनु**-मटिनुको भा.क्रि.। **मटिइ**-भा.धा.। **मटिई**, **मटिएर**, **मटिन**, **मटिँदै**, **मटिउन्जेल**, **मटिंदाखेरि**-कृ.अ.। **मटिनू**-वि.। **मटिऊन्**-इ.। **मटेला**-स.। (अ.क्रि.-पातपतिङ्गर कुहेर सबै मटियो ।)

मट्टिनु-क्रि.मू.। **मट्टि**-आ.धा.। अ.क्रि.; कुनै वस्तु सडेर माटो हुनु, गलेर माटिनु, कामै नलाग्ने हुनु । **मट्टयाइ** (मट्टि+आइ)-भा.ना.। **मट्टिइनु**-मट्टिनुको भा.क्रि.। **मट्टिइ**-भा.धा.। **मट्टिई**, **मट्टिएर**, **मट्टिन**, **मट्टिँदै**, **मट्टिउन्जेल**, **मट्टिंदाखेरि**-कृ.अ.। **मट्टिनू**-वि.। **मट्टिऊन्**-इ.। **मट्टेला**-स.। (अ.क्रि.-गाडेको लाश चिहानमा मट्टियो ।)

मठार्नु-क्रि.मू.। **मठार्**-आ.धा.। स.क्रि.; ताछतुछ पारेर छोटो बनाउनु, छोटो पार्नु, चुच्चा-चुच्ची परेको लठ्ठी आदिको टुप्पा मसिन्याएर काट्नु । **मठराइ** (मठार्+आइ)-भा.ना.। **मठराउनु**-प्रे.क्रि./स.क्रि.; मठार्न लाउनु, मठारिने पार्नु, काटेर छोट्याउनु । **मठराउ**-प्रे.धा.। **मठराइनु**-मठराउनुको क.क्रि.। **मठराइ**-क.प्रे.धा.। **मठारिनु**-मठार्नुको क.क्रि.। **मठारि**-क.धा.। **मठारी**, **मठारेर**, **मठार्न**, **मठार्दै**, **मठारुन्जेल**, **मठार्दाखेरि**-कृ.अ.। **मठार्नू**-वि.। **मठारून्**-इ.। **मठार्ला**-स.। (स.क्रि.-गोठालोले लठ्ठी मठार्‍यो ।)

मडार्नु-क्रि.मू.। **मडार्**-आ.धा.। स.क्रि.; लतार्नु, माड्नु, दल्नु, रगड्नु । **मडराइ** (मडार्+आइ)-भा.ना.। **मडारिनु**-मडार्नुको क.क्रि.। **मडारि**-क.धा. । **मडारी**, **मडारेर**, **मडार्न**, **मडार्दै**, **मडारुन्जेल**, **मडार्दाखेरि**-कृ.अ.। **मडार्नू**-वि.। **मडारून्**-इ.। **मडार्ला**-स.। (स.क्रि.-भैंसी फुस्केर बारीको गहुँ सबै मडार्‍यो ।)

मडारिनु-क्रि.मू.। **मडारि**-आ.धा.। अ.क्रि.; उमेठिनु, बटारिनु, पानी उर्लनु, बादल खेल्नु, डाहा हुनु, ईर्ष्या हुनु, इखिनु, कुरा खेल्नु, बेचैनीले गर्दा अतासिनु, लतारिनु, माडिनु, दलिनु । **मडर्‍याइ** (मडारि+आइ)-भा.ना.। **मडर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; मडारिने पार्नु, मडारिन लाउनु, खेलाउनु, इख्याउनु, मड्याउनु । **मडर्‍याउ**-प्रे.धा.। **मडर्‍याइनु** -मडर्‍याउनुको क.क्रि.।

मडऱ्याइ-भा.प्रे.धा.। **मडारिइनु**-मडारिनुको भा.क्रि.। **मडारिइ**-भा.धा.। **मडारिई, मडारिएर, मडारिन, मडारिँदै, मडारिउन्जेल, मडारिंदाखेरि**-कृ.अ.। **मडारिनू**-वि.। **मडारिऊन्**-इ.। **मडारेला**-स.। अ.क्रि.; वर्षाको चेपे खूब मडारियो ।)

मङ्कनु-क्रि.मू.। **मङ्क**-आ.धा.। अ.क्रि.; पुरानो जस्तो भएर उज्जर नदेखिनु; कपडा आदिको घोट, पालिस, कलप आदि बिग्रनु, घस्टिनु, मङ्किनु । **मङ्काइ** (मङ्क+आइ), मङ्काउ+आइ)-भा.ना । **मङ्काउनु**-प्रे.क्रि./स.क्रि.; मङ्किने पार्नु, मङ्किलो तुल्याउनु । **मङ्काउ**-प्रे.धा.। **मङ्काइनु**-मङ्काउनुको क.क्रि । **मङ्काइ**-भा.प्रे.धा.। **मङ्किनु**-मङ्कनुको भा.क्रि.। **मङ्कि**-भा.धा.। **मङ्की, मङ्केर, मङ्कन, मङ्कँदै, मङ्कुन्जेल, मङ्कँदाखेरि**-कृ.अ.। **मङ्कनू**-वि.। **मङ्कून्**-इ.। **मङ्कला**-स.। (अ.क्रि.-सिलाएको वर्षदिन नपुग्दै लबेदासुरुवाल मङ्क्यो ।)

मङ्किनु-क्रि.मू.। **मङ्कि**-आ.धा.। अ.क्रि.; मङ्कनु, घस्टिनु । **मङ्क्याइ** (मङ्कि+आइ), (मङ्क्याउ+आइ)-भा.ना.। **मङ्क्याउनु** -प्रे.क्रि./स.क्रि.; घस्ट्याउनु, घोट आदि बिगार्नु, मङ्किलो तुल्याउनु, माटाको जस्तो रङ पार्नु, उज्जरपन नष्ट पार्नु । **मङ्क्याउ**-प्रे.धा.। **मङ्क्याइनु**-मङ्क्याउनुको क.क्रि.। **मङ्क्याइ**-भा.प्रे.धा.। **मङ्किइनु**-मङ्किनुको भा.क्रि.। **मङ्किइ**-भा.धा.। **मङ्किई, मङ्किएर, मङ्किन, मङ्किँदै, मङ्किउन्जेल, मङ्किंदाखेरि**-कृ.अ.। **मङ्किनू**-वि.। **मङ्किऊन्**-इ.। **मङ्केला**-स.। (अ.क्रि.-टाङ्दाटाङ्दै स्कूलको झण्डा मङ्कियो ।)

मड्याउनु-क्रि.मू.। **मड्याउ** -आ.धा.। स.क्रि.; कपडा, कागज आदि दह्रो पार्न माड लगाउनु, कलप हाल्नु, माड लगाई दह्रो पार्नु । **मड्याइ** (मड्याउ+आइ) -भा.ना.। **मड्याइनु**-मड्याउनुको क.क्रि.। **मड्याइ**-क.धा.। **मड्याई, मड्याएर, मड्याउन, मड्याउँदै, मड्याउन्जेल, मड्याउँदाखेरि**-कृ.अ.। **मड्याउनू**-वि.। **मड्याऊन्**-इ.। **मड्याउला**-स.। (स.क्रि.-तिनीहरूले घरबुना-कपडा मड्याए ।

मढ्नु-क्रि.मू.। **मढ्**-आ.धा.। स.क्रि.; कपडा, छाला आदि लपेट्नु, मोहोर्नु, तबक आदि लाउनु, टाँस्नु । **मढाइ** (मढ्+आइ)-भा.ना.। **मढाउनु**-प्रे.क्रि./स.क्रि.; मढ्न वा मोहर्न लाउनु । **मढाउ**-प्रे.धा.। **मढाइनु**-मढाउनुको क.क्रि.। **मढाइ**-क.प्रे.धा.। **मढिनु**-मढ्नुको क.क्रि.। **मढि**-क.धा.। **मढी, मढेर, मढ्न, मढ्दै, मढुन्जेल, मढ्दाखेरि**-कृ.अ.। **मढ्नू**-वि.। **मढून्**-इ.। **मढ्ला**-स.। (स.क्रि.-चर्मकारले छाला मढ्यो ।)

मतमताउनु-क्रि.मू.। **मतमताउ**-आ.धा.। स.क्रि.; धन, मान, उमेर आदिले मत्त हुनु, घमण्डले मात्तिनु, मैमत्त हुनु, बैंश चढ्नु, यौवनले मत्त हुनु । **मतमताइ** (मतमताउ+आइ)-भा.ना.। **मतमताइनु**-मतमताउनुको भा.क्रि.। **मतमताइ**- भा.धा.। **मतमताई, मतमताएर, मतमताउन, मतमताउँदै, मतमताउन्जेल, मतमताउँदाखेरि**-कृ.अ.। **मतमताउनू**-वि.। **मतमताऊन्**-इ.। **मतमताउला**-स.। (अ.क्रि.-बालकृष्ण मनाङी धन कमाएर खूब मतमतायो ।)

मतमतिनु-क्रि.मू.। **मतमति**-आ.धा.। अ.क्रि.; मतमताउनु। **मतमत्याइ** (मतमति+आइ), (मतमत्याउ+आइ)-भा.ना.। **मतमत्याउनु**-प्रे.क्रि./स.क्रि.; मतमतिन लाउनु, मतमतिने पार्नु । **मतमत्याउ**- प्रे.धा.। **मतमत्याइनु**-मतमत्याउनुको क.क्रि.। **मतमत्याइ**-भा.प्रे.धा.। **मतमतिइनु**-मतमतिनुको भा.क्रि.। **मतमतिइ**- भा.धा.। **मतमतिई, मतमतिएर, मतमतिन, मतमतिँदै, मतमतिउन्जेल, मतमतिंदाखेरि**-कृ.अ.। **मतमतिनू**- वि.। **मतमतिऊन्**-इ.। **मतमतेला**- स.। (अ.क्रि.-ती युवा-युवतीहरू बैंश चढेर मतमतिए ।)

मत्ताउनु-क्रि.मू.। **मत्ताउ**-आ.धा.। अ.क्रि.; मात्तिनु, मत्त हुनु, शेखी बढ्नु, मद चढ्नु, तुजुक बढ्नु, उन्मत्त हुनु, पागल हुनु, बहुलाउनु । **मत्ताइ** (मत्ताउ+आइ)-भा.ना.। **मत्ताइनु**-मत्ताउनुको भा.क्रि.। **मत्ताइ**-भा.धा.। **मत्ताई, मत्ताएर, मत्ताउन, मत्ताउँदै, मत्ताउन्जेल, मत्ताउँदाखेरि**-कृ.अ.। **मत्ताउनू**-वि.। **मत्ताऊन्**-इ.। **मत्ताउला**-स.। (अ.क्रि.-तराईको जङ्गलमा हात्ती मत्तायो।)

मतिनु-क्रि.मू.। **मति**-आ.धा.। अ.क्रि.; उन्मत्त हुनु, मद चढ्नु, पुलपुलिनु, फुरफुरिनु । **मत्याइ** (मति+आइ), (मत्याउ+आइ)-भा.ना.। **मत्याउनु**-प्रे.क्रि./स.क्रि.; मतिने पार्नु, पुलपुल्याउनु, फुरफुऱ्याउनु, उन्मत्त पार्नु, मद चढाउनु । **मत्याउ**-प्रे.धा.। **मत्याइनु**-मत्याउनुको क.क्रि.। **मत्याइ**-भा.प्रे.धा.। **मतिइनु**-मतिनुको भा.क्रि.। **मतिइ**-भा.धा.। **मतिई, मतिएर, मतिन, मतिँदै, मतिउन्जेल, मतिंदाखेरि**-कृ.अ.। **मतिनू**-वि.। **मतिऊन्**-इ.। **मतेला**-स.। (अ.क्रि.-केटाकेटीहरू ज्यादै मतिए; भनेकै टेर्दैनन् ।)

मत्त्याउनु-क्रि.मू.। **मत्त्याउ**-आ.धा.। स.क्रि.; मत्याउनु, पुलपुल्याउनु, फुरफुऱ्याउनु, उन्मत्त पार्नु । **मत्त्याइ**

(मत्त्याउ+आइ)-भा.ना.। **मत्त्याइनु**-मत्त्याउनुको क.क्रि.। **मत्त्याइ**-क.धा.। **मत्त्याई, मत्त्याएर, मत्त्याउन, मत्त्याउँदै, मत्त्याउन्जेल, मत्त्याउँदाखेरि**-कृ.अ.। **मत्त्याउनू**-वि.। **मत्त्याऊन्**-इ.। **मत्त्याउला**-स.। (स.क्रि.-भञ्ज्याङी साहूले केटाकेटी मत्त्याए ।)

मथल्नु-क्रि.मू.। **मथल्**-आ.धा.। स.क्रि.; मथ्नु, हुँडल्नु, छिलबिल पार्नु, मथ्ने काम गर्नु, घोल्नु । **मथलाइ** (मथल्+आइ)-भा.ना.। **मथलिनु**- मथल्नुका क.क्रि.। **मथलि**-क.धा.। **मथली, मथलेर, मथल्न, मथल्दै, मथलुन्जेल, मथल्दाखेरि**-कृ.अ.। **मथल्नू**-वि.। **मथलून्**-इ.। **मथल्ला**-स.। (स.क्रि.-थकाल्नी दिदीले भोटे चिया मथलिन् ।)

मथ्नु-क्रि.मू.। **मथ्**-आ.धा.। स.क्रि.; सार तत्त्व निस्किने गरी दूध, दही हुँडल्नु, मन्थन गर्नु, तत्त्व-ज्ञानका लागि गहिरो अध्ययन गर्नु, मनन गर्नु । **मथाइ** (मथ्+आइ)-भा.ना.। **मथाउनु**- प्रे.क्रि./स.क्रि.; मथ्न लाउनु, मन्थन गराउनु । **मथाउ**-प्रे.धा.। **मथाइनु**- मथाउनुको क.क्रि.। **मथाइ**-क.प्रे.धा.। **मथिनु**-मथ्नुको क.क्रि.; हुँडलिनु । **मथि**-क.धा.। **मथी, मथेर, मथ्न, मथ्दै, मथुन्जेल, मथ्दाखेरि**-कृ.अ.। **मथ्नू**-वि.। **मथून्**-इ.। **मथ्ला**-स.। (स.क्रि.-गोठालोले दही मथ्यो ।)

मनपर्नु-क्रि.मू.। **मनपर्**- आ.धा.। अ.क्रि.; दिलैदेखि नै चाहना गर्नु, इच्छा बमोजिमको हुनु, चित्तबुझ्दो हुनु, रुचिकर हुनु, हृदयले स्वीकार गर्नु । **मनपराइ** (मनपर्+आइ)-भा.ना.। **मनपराउनु**-प्रे.क्रि./स.क्रि.; मन पर्न लाउनु, मनपर्ने पार्नु, चाहना गराउनु । **मनपराउ**-प्रे.धा.। **मनपराइनु**- मनपराउनुको क.क्रि.। **मनपराइ** -भा.प्रे.धा.। **मनपरिनु**-मनपर्नुको भा.क्रि.। **मनपरि**-भा.धा.। **मनपरी, मनपरेर, मनपर्न, मनपर्दै, मनपरुन्जेल, मनपर्दाखेरि**-कृ.अ.। **मनपर्नू**-वि.। **मनपरून्**-इ.। **मनपर्ला**-स.। (अ.क्रि.-पर्यटकको लागि गोरखा-अजिरकोट औधि मनपऱ्यो ।)

मनपराउनु-क्रि.मू.। **मनपराउ**-आ.धा.। स.क्रि.; दिलैदेखि चाहना गर्नु, मनपर्नु । **मनपराइ** (मनपराउ+आइ)-भा.ना.। **मनपराइनु** -मनपराउनुको क.क्रि.। **मनपराइ**-क.धा.। **मनपराई, मनपराएर, मनपराउन, मनपराउँदै, मनपराउन्जेल, मनपराउँदाखेरि**-कृ.अ.। **मनपराउनू**-वि.। **मनपराऊन्**-इ । **मनपराउला**-स.। (स.क्रि.-पाठकहरूले 'मुनामदन' ज्यादै मनपराए ।)

मन्छनु-क्रि.मू.। **मन्छ**-आ.धा.। स.क्रि.; भूत-प्रेत आदिलाई दोबाटोमा बली दिनु, पिचास आदि मन्सनु, मन्सिनु, मन नपरी-नपरी कसैलाई केही वस्तु दिई पठाउनु । **मन्छाइ** (मन्छ+आइ)-भा.ना.। **मन्छाउनु**-प्रे.क्रि./स.क्रि.; भन्छन लाउनु, मन्साउनु । **मन्छाउ**-प्रे.धा.। **मन्छाइनु**-मन्छाउनुको क.क्रि.। **मन्छाइ** -क.प्रे.धा.। **मन्छिनु**-मन्छनुको क.क्रि.। **मन्छि**-क.धा.। **मन्छी, मन्छेर, मन्छन, मन्छँदै, मन्छुन्जेल, मन्छँदाखेरि**-कृ.अ.। **मन्छनू**-वि.। **मन्छून्**-इ.। **मन्छला**- स.। (स.क्रि.-मट्किले बूढाले पिचास मन्छे ।)

मन्छिनु-क्रि.मू.। **मन्छि**-आ.धा.। स.क्रि.; मन्छनु । **मन्छ्याइ** (मन्छि+आइ)-भा.ना.। **मन्छिइनु**-मन्छिनुको क.क्रि.। **मन्छिइ**-क.धा.। **मन्छिई, मन्छिएर, मन्छिन, मन्छिँदै, मन्छिउन्जेल, मन्छिंदाखेरि**-कृ.अ.। **मन्छिनू**-वि.। **मन्छिऊन्**-इ.। **मन्छेला**-स.। (स.क्रि.-आमाले सिधा दिएर जोगीलाई मन्छिन् ।)

मन्टिनु-क्रि.मू.। **मन्टि**-आ.धा.। अ.क्रि.; मुन्टाले टेक्नु, टाउकाले टेक्न पुग्नु, मुन्टिनु, ठ्याक खानु, निकालिनु, घोक्रिनु, बाउँटिनु, भाँडिनु, टेढिनु । **मन्ट्याइ** (मन्टि+आइ), (मन्ट्याउ+आइ)-भा.ना.। **मन्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; मुन्ट्याउनु, घोक्रे छुत्ती लाउनु, घोक्र्याउनु, घोक्र्याउनु, गलहत्त्याउनु, गर्दन्याउनु । **मन्ट्याउ**-प्रे.धा.। **मन्ट्याइनु**-मन्ट्याउनुको क.क्रि.। **मन्ट्याइ**-भा.प्रे.धा.। **मन्टिइनु**-मन्टिनुको भा.क्रि.। **मन्टिइ**-भा.धा.। **मन्टिई, मन्टिएर, मन्टिन, मन्टिँदै, मन्टिउन्जेल, मन्टिंदाखेरि**-कृ.अ.। **मन्टिनू**-वि.। **मन्टिऊन्**-इ.। **मन्टेला**-स.। (अ.क्रि.-जोगीमाराको बस दुर्घटनामा मानिसहरू मन्टिए ।)

मन्तर्नु-क्रि.मू.। **मन्तर्**-आ.धा.। स.क्रि.; मन्त्रको प्रयोग गर्नु, झारफुक गर्नु, मन्त्र-तन्त्र गर्नु, कानेखुशी गर्नु, कुरा सिकाउनु, सल्लाह गर्नु, मन्त्रनु । **मन्तराइ** (मन्तर्+आइ)-भा.ना.। मन्तराउनु-प्रे.क्रि./स.क्रि.; मन्तर्न लाउनु मन्तराउ-प्रे.धा.। **मन्तराइनु**-मन्तराउनुको क.क्रि.। **मन्तराइ**-क.प्रे.धा.। **मन्तरिनु**-मन्तर्नुको क.क्रि.। **मन्तरि**-क.धा.। **मन्तरी, मन्तरेर, मन्तर्न, मन्तर्दै, मन्तरुन्जेल, मन्तर्दाखेरि**-कृ.अ.। **मन्तर्नू**-वि.। **मन्तरून्**-इ.। **मन्तर्ला**-स.। (स.क्रि.- छुल्याहा कर्मचारीले हाकिमलाई मन्तऱ्यो ।)

मन्त्रनु-क्रि.मू.। **मन्त्र**- आ.धा.। स.क्रि.; हे. मन्तर्नु । **मन्त्राइ** (मन्त्र+आइ)-भा.ना.। **मन्त्राउनु**-प्रे.क्रि./स.क्रि.; मन्त्रन लाउनु । **मन्त्राउ**-प्रे.धा.। **मन्त्राइनु**- मन्त्राउनुको क.क्रि.। **मन्त्राइ**-क.प्रे.धा.। **मन्त्रिनु**- मन्त्रनुको क.क्रि.। **मन्त्रि**-क.धा.। **मन्त्री, मन्त्रेर, मन्त्रन, मन्त्रँदै, मन्त्रुन्जेल, मन्त्रँदाखेरि**-कृ.अ.। **मन्त्रनू**-वि.। **मन्त्रून्**-इ.। **मन्त्रला**-स.।

(स.क्रि.-धामीले पानी मन्त्यो ।)

मन्सनु-क्रि.मू.। **मन्स**-आ.धा.। स.क्रि.; मन्छनु । **मन्साइ** (मन्स+आइ)-भा.ना.। **मन्साउनु**-प्रे.क्रि./स.क्रि.; मन्सन लाउनु, मन्सने पार्नु । **मन्साउ**- प्रे.धा.। **मन्साइनु** -मन्साउनुको क.क्रि.। **मन्साइ**-क.प्रे.धा.। **मन्सिनु** -मन्सनुको क.क्रि.। **मन्सि**-क.धा.। **मन्सी, मन्सेर, मन्सन, मन्सँदै, मन्सुन्जेल, मन्सँदाखेरि**-कृ.अ.। **मन्सनू**- वि.। **मन्सून्**-इ.। **मन्सला**-स.। (स.क्रि.-पिते बूढोले कुकुरा काटेर पिचास मन्स्यो ।)

मरमऱ्याउनु-क्रि.मू.। **मरमऱ्याउ**-आ.धा.। स.क्रि.; मरमर शब्द आउने गरी चपाउनु, सुकेर झुर्रिएका वस्तुहरू माड्नु । **मरमऱ्याइ** (मरमऱ्याउ+आइ)-भा.ना.। **मरमऱ्याइनु**-मरमऱ्याउनुको क.क्रि.। **मरमऱ्याइ**-क.धा.। **मरमऱ्याई, मरमऱ्याएर, मरमऱ्याउन, मरमऱ्याउँदै, मरमऱ्याउन्जेल, मरमऱ्याउँदाखेरि**-कृ.अ.। **मरमऱ्याउनू**-वि.। **मरमऱ्याऊन्**-इ.। **मरमऱ्याउला**-स.। (स.क्रि.-हामीले दुई-घान मकै एकैछिनमा मरमऱ्यायौं ।)

मरिमेट्नु-क्रि.मू.। **मरिमेट्**-आ.धा.। स.क्रि.; सकेसम्म कष्ट सहेर काम गर्नु, हत्ते हाल्नु, अदम्य प्रयास गर्नु, दिलोज्यान दिई काममा संलग्न हुनु, प्राण दिनु । **मरिमेटाइ** (मरिमेट्+आइ)-भा.ना.। **मरिमेटाउनु**-प्रे.क्रि./स.क्रि.; मरिमेट्न लाउनु । **मरिमेटाउ**- प्रे.धा.। **मरिमेटाइनु**-मरिमेटाउनुको क.क्रि.। **मरिमेटाइ**-भा.प्रे.धा.। **मरिमेटिनु**-मरिमेट्नुको भा.क्रि.। **मरिमेटि**-भा.धा.। **मरिमेटी, मरिमेटेर, मरिमेट्न, मरिमेट्तै, मरिमेटुन्जेल, मरिमेट्दाखेरि**-कृ.अ.। **मरिमेट्नू**-वि.। **मरिमेटून्**-इ.। **मरिमेट्ला**-स.। (अ.क्रि.-खेतको काममा उपल्लो घर काहिंलो मरिमेट्यो ।)

मर्नु-क्रि.मू.। **मर्**-आ.धा.। अ.क्रि.; मृत्यु हुनु, प्राण-त्याग गर्नु, लाजले भुतुक्क हुनु, काममा मरिमेट्नु, वैलाउनु, सुक्नु, खेलमा हारेर अलग हुनु, मन नपरीकन आउनु वा जानु, असह्य कष्ट हुनु । **मराइ** (मर्+आइ)-भा.ना.। **मराउनु**- प्रे.क्रि./स.क्रि.; मर्न लाउनु । **मराउ**-प्रे.धा.। **मराइनु**-मराउनुको क.क्रि.। **मराइ**-भा.प्रे.धा.। **मरिनु**-मर्नुको भा.क्रि.। **मरि**-भा.धा.। **मरी, मरेर, मर्न मर्दै, मरुन्जेल, मर्दाखेरि**-कृ.अ.। **मर्नू**-वि.। **मरून्**-इ.। **मर्ला**-स.। (अ.क्रि.; धेरै नेपाली वीरहरू देशको निमित्त मरे ।)

मर्कनु-क्रि.मू.। **मर्क**-आ.धा.। अ.क्रि.; भाँचिने, खँजाहा हुने गरी निमोठिनु, बटारिनु, भाँचिएला जस्तो भई शिथिल हुनु, आघात पर्नु, मरक्क हुनु, टेढिनु, बाङ्गिनु । **मर्काइ** (मर्क+आइ)-भा.ना.। **मर्काउनु**-प्रे.क्रि./स.क्रि.; भाँचिएला जस्तो गरी बटार्नु, बङ्ग्याउनु, टेढ्याउनु, आलस्य मेट्न आङ तान्नु, आङ चलाउनु । **मर्काउ**-प्रे.धा.। **मर्काइनु**-मर्काउनुको क.क्रि.। **मर्काइ** -भा.प्रे.धा.। **मर्किनु**-मर्कनुको भा.क्रि./अ.क्रि.; मर्कने होइनु, मर्कनु । **मर्कि**-भा.धा.। **मर्क्याइ** (मर्कि+आइ)-भा.ना.। **मर्की, मर्केर, मर्कन मर्कँदै, मर्कुन्जेल, मर्कँदाखेरि**- कृ.अ.। **मर्कनू**-वि.। **मर्कून्**-इ.। **मर्कला**-स.। (अ.क्रि.-हिजोको हुरी-बतासमा धेरै रूखका हाँगाहरू मर्के ।)

मल्नु-क्रि.मू.। **मल्**-आ.धा.। स.क्रि.; मालिस गर्नु, घस्नु, दल्नु, हात-गोडा माड्नु, मिच्नु, मुछ्नु, माझ्नु । **मलाइ** (मल्+आइ)-भा.ना.। **मलाउनु** -प्रे.क्रि./स.क्रि.; मल्न लाउनु, मिचाउनु । **मलाउ**-प्रे.धा.। **मलाइनु**-मलाउनुको क.क्रि.। **मलाइ**-क.प्रे.धा.। **मलिनु**-मल्नुको क.क्रि.। **मलि**-क.धा.। **मली, मलेर, मल्न, मल्दै, मलुन्जेल, मल्दाखेरि**-कृ.अ.। **मल्नू**-वि.। **मलून्**-इ.। **मल्ला**-स.। (स.क्रि.-किसानी कान्छाले तेल लगाएर जीउ मल्यो ।)

मल्कनु-क्रि.मू.। **मल्क**-आ.धा.। अ.क्रि.; एक्कासि मुलुक्क देखापर्नु, फूर्तिसाथ उताउति जानु, जाँगर चलाएर हिंड्नु, फऱ्याकफुरुक गर्नु, हलक्क बढ्नु । **मल्काइ** (मल्क+आइ)-भा.ना.। **मल्काउनु**-प्रे.क्रि./स.क्रि.; मल्कन लाउनु। **मल्काउ**-प्रे.धा.। **मल्काइनु**-मल्काउनुको क.क्रि.। **मल्काइ**-भा.प्रे.धा.। **मल्किनु**-मल्कनुको भा.क्रि./अ.क्रि.; फूर्तिसाथ उताउति गइनु, मल्कनु । **मल्कि**-भा.धा.। **मल्क्याइ** (मल्कि+आइ)-भा.ना.। **मल्की, मल्केर, मल्कन, मल्कँदै, मल्कुन्जेल, मल्कँदाखेरि**-कृ.अ.। **मल्कनू**-वि.। **मल्कून्**-इ.। **मल्कला**-स.। (अ.क्रि.-मकैबारीको बाँदर मलक्क मल्क्यो।)

मल्खिनु-क्रि.मू.। **मल्खि** -आ.धा.। अ.क्रि.; मल्खु हुनु, मकैको फक्ल्याँटो पर्नु, खोस्ट्याइएको हुनु । **मल्ख्याइ** (मल्खि+आइ)-भा.ना.। **मल्ख्याउनु**-प्रे.क्रि./स.क्रि.; मल्खिने पार्नु । **मल्ख्याउ**-प्रे.धा.। **मल्ख्याइनु**-मल्ख्याउनुको क.क्रि.। **मल्ख्याइ**-भा.प्रे.धा.। **मल्खिइनु**-मल्खिनुको भा.क्रि.। **मल्खिइ**-भा.धा.। **मल्खिई, मल्खिएर, मल्खिन, मल्खिँदै, मल्खिउन्जेल, मल्खिंदाखेरि**-कृ.अ.। **मल्खिनू**-वि.। **मल्खिऊन्**-इ.। **मल्खेला**- स.। (अ.क्रि.-जाँतोमा पिँधेको मकै सबै मल्खियो ।)

मसाङ्ग्रिनु-क्रि.मू.। **मसाङ्ग्रि**-आ.धा.। अ.क्रि.; सुकेर चाउरिनु, खुम्चिनु, साँघुरिनु, घाउ-खटिरा आदि मत्थर हुनु, रोग आदि केही बिसेक हुनु, कम हुनु । **मसाङ्ग्र्याइ** (मसाङ्ग्रि+आइ)-भा.ना.। **मसाङ्ग्र्याउनु**-प्रे.क्रि./स.क्रि.;

मसाङ्ग्रिन लाउनु, मत्थर पार्नु । **मसाङ्ग्ग्राउ**-प्रे.धा.। **मसाङ्ग्ग्राइनु**-मसङ्ग्ग्राउनुको क.क्रि.। **मसाङ्ग्ग्राइ**-भा.प्रे.धा.। **मसाङ्ग्रिइनु**-मसाङ्ग्रिनुको भा.क्रि.। **मसाङ्ग्रिइ**-भा.धा.। **मसाङ्ग्रिई, मसाङ्ग्रिएर, मसाङ्ग्रिन, मसाङ्ग्रिंदै, मसाङ्ग्रिउन्जेल, मसाङ्ग्रिंदाखेरि**-कृ.अ.। **मसाङ्ग्रिनू**-वि.। **मसाङ्ग्रिऊन्**-इ.। **मसाङ्ग्रेला**-स.। (अ.क्रि.-मेरो कान्छो छोराको जीउको खटिरा बिस्तारै मसाङ्ग्रियो ।)

मसार्नु-क्रि.मू.। **मसार्**-आ.धा.। स.क्रि.; कपाल आदि तलास्नु, तहलाउनु, सम्याउनु, सुमसुम्याउनु, मुसार्नु । **मसराइ** (मसार्+आइ)-भा.ना.। **मसारिनु**- मसार्नुको क.क्रि.। **मसारि**-क.धा.। **मसारी, मसारेर, मसार्न, मसार्दै, मसारुन्जेल, मसार्दाखेरि**-कृ.अ.। **मसार्नू**-वि.। **मसारून्**-इ.। **मसार्ला**-स.। (स.क्रि.-दिव्य थापाले आफ्नो कपाल मसारी ।)

मसिनिनु-क्रि.मू.। **मसिनि**-आ.धा.। अ.क्रि.; मिहिन बन्नु, मसिनो हुनु, पहिलेभन्दा खिइनु । **मसिन्याइ** (मसिनि+आइ); (मसिन्याउ+आइ)-भा.ना.। **मसिन्याउनु**- प्रे.क्रि./स.क्रि.; मिहिन बनाउनु, मसिनो पार्नु । **मसिन्याउ**-प्रे.धा.। **मसिन्याइनु**-मसिन्याउनुको क.क्रि.। **मसिन्याइ**-भा.प्रे.धा.। **मसिनिइनु**-मसुनिनुको भा.क्रि.। **मसिनिइ**-भा.धा.। **मसिनिई, मनिनिएर, मसिनिन, मसिनिंदै, मसिनिउन्जेल मसिनिंदाखेरि**-कृ.अ.। **मसिनिनू**-वि.। **मसिनिऊन्**-इ.। **मसिनेला**-स.। (अ.क्रि.-रन्डा लगाएपछि फल्याक राम्रोसँग मसिनियो ।)

मस्कनु-क्रि.मू.। **मस्क**-आ.धा.। अ.क्रि.; बाँधिनु, कसिनु, टन्कनु, लजाउनु, लज्जापूर्वक मुस्कुराउनु, मसक्क पर्नु, मुसुक्क हाँस्नु, ढिडो आदि बेसरी पाक्नु । **मस्काइ** (मस्क+आइ), (मस्काउ+आइ)-भा.ना.। **मस्काउनु** प्रे.क्रि./स.क्रि.; बेसरी कसेर बाँध्नु, टन्काउनु, खूबसित ओडाल्नु, भाँडा सफा गर्न लुँडो आदिले मल्नु । **मस्काउ**-प्रे.धा.। **मस्काइनु** -मस्काउनुको क.क्रि.। **मस्काइ**-भा.प्रे.धा.। **मस्किनु**-मस्कनुको भा.क्रि./अ.क्रि.; मस्कने वा कसिने होइनु, मस्कनु । **मस्कि**- भा.धा.। **मस्क्याइ** (मस्कि+आइ)-भा.ना.। **मस्की, मस्केर, मस्कन, मस्कँदै, मस्कुन्जेल, मस्कँदाखेरि**-कृ.अ.। **मस्कनू**-वि.। **मस्कून्**-इ.। **मस्कला**-स.। (अ.क्रि.-युवायुवतीहरू मसक्क मस्के ।)

महँगिनु-क्रि.मू.। **महँगि**-आ.धा.। अ.क्रि.; महँगो हुनु, उपभोग्य वस्तुहरूको कमी हुनु, दुर्लभ हुनु, धेरै मोल पर्नु । **महँग्याइ** (महँगि+आइ)-भा.ना.। **महँग्याउनु**-प्रे.क्रि./स.क्रि.; महँगिने पार्नु । **महँग्याउ**-प्रे.धा.। **महँग्याइ** (महँग्याउ+आइ)-भा.ना.। **महँग्याइनु**- महँग्याउनुको क.क्रि.। **महँग्याइ**-भा.प्रे.धा.। **महँगिइनु**-महँगिनुको भा.क्रि.। **महँगिइ**-भा.धा.। **महँगिई, महँगिएर, महँगिन, महँगिंदै, महँगिउन्जेल, महँगिंदाखेरि**-कृ.अ.। **महँगिनू**-वि.। **महँगिऊन्**-इ.। **महँगेला**-स.। (अ.क्रि.-आजकाल खाद्यान्नको भाउ महँगियो ।)

महकनु-क्रि.मू.। **महक**-आ.धा.। अ.क्रि.; महक आउनु, बासना चल्नु, सुगन्ध आउनु, बसाउनु । **महकाइ** (महक+आइ)-भा.ना.। **महकिनु**- महकनुको भा.क्रि.। **महकि**-भा.धा.। **महकी, महकेर, महकन, महकँदै, महकुन्जेल, महकँदाखेरि**-कृ.अ.। **महकनू**-वि.। **महकून्**-इ.। **महकला**-स.। (अ.क्रि.-बगैंचाको जताततै फूलको बासना महक्यो ।)

महकाउनु-क्रि.मू.। **महकाउ**-आ.धा.। अ.क्रि.; बास्ना आउनु, महक आउनु, सडे-गलेको जस्तो नमीठो बास्ना चल्नु, बसाउनु । **महकाइ** (महकाउ+आइ)-भा.ना.। **महकिलो** (महक+इलो)-विशे.। **महकाइनु** -महकाउनुको भा.क्रि.। **महकाइ**-भा.धा.। **महकाई, महकाएर, महकाउन, महकाउँदै, महकाउन्जेल, महकाउँदाखेरि**-कृ.अ.। **महकाउनू**-वि.। **महकाऊन्**-इ.। **महकाउला**-स.। अ.क्रि.-राम्रोसँग नमाझ्नाले दहीको ठेकी महकायो ।)

महकिनु-क्रि.मू.। **महकि**-आ.धा.। अ.क्रि.; महकनु । **महक्याइ** (महकि+आइ)-भा.ना.। **महक्याउनु**-प्रे.क्रि./स.क्रि.; महकिने पार्नु । **महक्याउ**-प्रे.धा.। **महक्याइनु**-महक्याउनुको क.क्रि.। **महक्याइ**-भा.प्रे.धा.। **महकिइनु**-महकिनुको भा.क्रि.। **महकिइ**-भा.धा.। **महकिई, महकिएर, महकिन, महकिंदै, महकिउन्जेल, महकिंदाखेरि**-कृ.अ.। **महकिनू**-वि.। **महकिऊन्**-इ.। **महकेला**-स.। (अ.क्रि.-अस्तिदेखिको बासी मही महकियो ।)

माग्नु-क्रि.मू.। **माग्**-आ.धा.। स.क्रि.; भिक्षा गर्नु, याचना गर्नु, माग गर्नु, प्रार्थना गर्नु, कसैसित कुनै कुरो पाऊँ भनी हात थाप्नु, कुनै कुराको लागि अनुरोध गर्नु । **मगाइ** (माग्+आइ), (मगाउ+आइ)-भा.ना.। **मगाउनु**-प्रे.क्रि./स.क्रि.; माग्न लाउनु, झिकाउनु, पैठारी गर्नु । **मगाउ**-प्रे.धा.। **मगाइनु**-मगाउनुको क.क्रि.। **मगाइ**-क.प्रे.धा.। **मागिनु**-माग्नुको क.क्रि.। **मागि**-क.धा.। **मागी, मागेर, माग्न, माग्दै, मागुन्जेल, माग्दाखेरि**-कृ.अ.। **माग्नू**-वि.। **मागून्**-इ.। **माग्ला**-स.। (स.क्रि.-जोगीले भिक्षा माग्यो ।)

माझ्नु-क्रि.मू.। **माझ्**-आ.धा.। स.क्रि.; भाँडा-बर्तन आदि सफा गर्नु, मैलो प्याक्न मल्नु, पखाल्नु, धुनु, स्वच्छ पार्नु, सफा-सुग्घर गर्नु, मार्जन गर्नु । **मझाइ** (माझ्+आइ)-भा.ना.। **मझाउनु**-प्रे.क्रि./स.क्रि.; माझ्न लाउनु, माझ्ने काम गराउनु । **मझाउ**- प्रे.धा.। **मझाइनु**-मझाउनुको क.क्रि.। **मझाइ**-क.प्रे.धा.। **माझिनु**-माझ्नुको क.क्रि.। **माझि**-क.धा.। **माझी, माझेर, माझ्न, माझ्दै, माझुन्जेल, माझ्दाखेरि**-कृ.अ.। **माझ्नू**-वि.। **माझून्**-इ.। **माझ्ला**-स.। (स.क्रि.-भाउजूले जूठा-भाँडा माझिन् ।)

माटिनु-क्रि.मू.। **माटि**-आ.धा.। अ.क्रि.; रस-रङ्ग आदि हराएर ज्यादै पुरानो हुनु, माटोजस्तो हुनु, बेकम्मा बन्नु, सड्नु । **मट्याइ** (मटि+आइ), (मट्याउ+आइ)-भा.ना.। **मट्याउनु**-प्रे.क्रि./स.क्रि.; माटो जस्तो तुल्याउनु, माटो झैं पारी सडाउनु । **मट्याउ**-प्रे.धा.। **मट्याइनु**-मट्याउनुको क.क्रि.। **मट्याइ**-भा.प्रे.धा.। **माटिइनु** -माटिनुको भा.क्रि.। **माटिइ** -भा.धा.। **माटिई, माटिएर, माटिन, माटिंदै, माटिउन्जेल, माटिंदाखेरि**-कृ.अ.। **माटिनू**-वि.। **माटिऊन्**-इ.। **माट्टेला**-स.। (अ.क्रि.-तल्लोघर कान्छाका केटाकेटीहरू माटिए; पढेनन् ।)

माड्नु-क्रि.मू.। **माड्**-आ.धा.। स.क्रि.; अँठ्याएर रगड्नु, कुल्चीमिल्ची गर्नु, थिचथाच पार्नु, मऱ्याकमुरुक पारी दल्नु, मल्नु, दाब्नु, घस्नु, मिच्नु । **मडाइ** (माड्+आइ)-भा.ना.। **मडाउनु**- प्रे.क्रि./स.क्रि.; माड्न लाउनु । **मडाउ**-प्रे.धा.। **मडाइनु**-मडाउनुको क.क्रि.। **मडाइ** -क.प्रे.धा.। **माडिनु**- माड्नुको क.क्रि.। **माडि**-क.धा.। **माडी, माडेर, माड्न, माड्दै, माडुन्जेल, माड्दाखेरि**-कृ.अ.। **माड्नू**-वि.। **माडून्**-इ.। **माड्ला**-स.। (स.क्रि.-माझगाउँ कान्छाले कोदोको माउ-माउ बाला टिपेर माड्यो ।)

मातिनु-क्रि.मू.। **माति**-आ.धा.। अ.क्रि.; मात्तिनु । **मत्याइ** (माति+आइ), (मत्याउ+आइ)-भा.ना.। **मत्याउनु**-प्रे.क्रि./स.क्रि.; मत्त्याउनु । **मत्याउ**-प्रे.धा.। **मत्याइनु**-मत्याउनुको क.क्रि.। **मत्याइ**-क.प्रे.धा.। **मातिइनु** -मातिनुको भा.क्रि.। **मातिइ**-भा.धा.। **मातिई, मातिएर, मातिन, मातिंदै, मातिउन्जेल, मातिंदाखेरि**-कृ.अ.। **मातिनू**-वि.। **मातिऊन्**-इ.। **मात्तेला**-स.। (अ.क्रि.-जात्रामा ठिटाठिटीहरू मातिए।)

मात्तिनु-क्रि.मू.। **मात्ति**-आ.धा.। अ.क्रि.; मत्त हुनु, माद चढ्नु, उन्मत्त हुनु, चढेको हुनु, पात्तिनु, पुलपुलिनु, इत्तरिनु, निहुँ खोज्नु, जोरी खोज्नु । **मत्त्याइ** (मात्ति+आइ), (मत्त्याउ+आइ)-भा.ना.। **मत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; उन्मत्त पार्नु, पुलपुल्याउनु, फुरफुऱ्याउनु, मद चढाउनु । **मत्त्याउ**-प्रे.धा.। **मत्त्याइनु**-मत्त्याउनुको क.क्रि.। **मत्त्याइ**-भा.प्रे.धा.। **मात्तिइनु**-मात्तिनुको भा.क्रि.। **मात्तिइ**-भा.धा.। **मात्तिई, मात्तिएर, मात्तिन, मात्तिंदै, मात्तिउन्जेल, मात्तिंदाखेरि**-कृ.अ.। **मात्तिनू**-वि.। **मात्तिऊन्**-इ.। **मात्तेला**-स.। (अ.क्रि.-पुलपुल्याएर पाल्नाले डा. दल बहादुर जोशीको छोरो मात्तियो ।)

मान्नु-क्रि.मू.। **मान्**-आ.धा.। स.क्रि.; आज्ञा पालन गर्नु, भनेको टेर्नु, मान गर्नु, आदरभाउ राख्नु, सकार्नु, स्वीकार गर्नु, पुज्नु, सेवा गर्नु, भक्तिभावना राख्नु, चाडपर्व आदि मनाउनु, पत्याउनु, विश्वास गर्नु । **मनाइ** (मान्+आइ), (मनाउ+आइ)-भा.ना.। **मनाउनु**-प्रे.कि./स.क्रि.; मान्न लाउनु, मान्ने पार्नु, राजी गराउनु, चित्त बुझाउनु, सम्झाउनु, बुझाउनु, खुसी पार्नु, आफ्नो बनाउनु, चाडपर्वको उत्सवमा रमाइलो गर्नु । **मनाउ**-प्रे.धा.। **मनाइनु**-मनाउनुको क.क्रि.। **मनाइ**- क.प्रे.धा.। **मानिनु**-मान्नुको क.क्रि.। **मानि**-क.धा.। **मानी, मानेर, मान्न, मान्दै, मानुन्जेल, मान्दाखेरि**-कृ.अ.। **मान्नू**-वि.। **मानून्**-इ.। **मान्ला**-स.। (स.क्रि.-रीति सम्प्रदायका आचार्यहरूले रीतिलाई कविताको आत्मा माने ।)

मार्नु-क्रि.मू.। **मार्**-आ.धा.। स.क्रि.; ज्यान लिनु, हत्या गर्नु, अत्याचार गर्नु, सताउनु, हडपेर धनमाल पचाउनु, शोधन गर्नु, लज्जित पार्नु, हराउनु, जित्नु । **मराइ** (मार्+आइ), (मराउ+आइ)-भा.ना.। **मराउनु**-प्रे.क्रि./स.क्रि.; मार्न लाउनु । **मराउ**-प्रे.धा.। **मराइनु**-मराउनुको क.क्रि.। **मराइ**-क.प्रे.धा.। **मारिनु**-मार्नुको क.क्रि.। **मारि**-क.धा.। **मारी, मारेर, मार्न, मार्दै, मारुन्जेल, मार्दाखेरि**-कृ.अ.। **मार्नू**-वि.। **मारून्**-इ.। **मार्ला**- स.। (स.क्रि.-रुक बहादुरले दशैंमा मार हानेर खसी माऱ्यो ।)

मासिनु-क्रि.मू.। **मासि**-आ.धा.। अ.क्रि.; खर्च हुनु, सकिनु, नष्ट हुनु, घट्नु, कम हुनु, मर्नु, जातिच्युत हुनु । **मस्याइ** (मासि+आइ)-भा.ना.। **मासिइनु**-मासिनुको भा.क्रि.। **मासिइ**- भा.धा.। **मासिई, मासिएर, मासिन, मासिंदै, मासिउन्जेल, मासिंदाखेरि**-कृ.अ.। **मासिनू**-वि.। **मासिऊन्**-इ.। **मासेला**-स.। (अ.क्रि.-लगेको सबै रुपियाँ इलम-पोखरीको जात्रामा मासियो ।)

मास्सिनु-क्रि.मू.। **मास्सि**-आ.धा.। अ.क्रि.; हे. मासिनु । **मस्स्याइ** (मास्सि+आइ)-भा.ना.। **मास्सिइनु**- मास्सिनुको भा.क्रि.। **मास्सिइ**-भा.धा.। **मास्सिई, मास्सिएर, मास्सिन, मास्सिंदै, मास्सिउन्जेल, मास्सिंदाखेरि**-कृ.अ.। **मास्सिनू**-वि.। **मास्सिऊन्**-इ.। **मास्सेला**-स.। (अ.क्रि.-डँडाल्नी

आमैका सबै सन्तान मास्सिए ।)

मास्नु-क्रि.मू.। **मास्**-आ.धा.। स.क्रि.; खर्च गर्नु, सिध्याउनु, भजाउनु, सटही गर्नु, खोट्याउनु, नाश गर्नु, निर्मूल पार्नु, मार्नु । **मसाइ** (मास्+आइ)-भा.ना.। **मसाउनु**-प्रे.क्रि./स.क्रि.; मास्न लाउनु, खर्च गराउनु । **मसाउ**-प्रे.धा.। **मसाइनु**-मसाउनुको क.क्रि.। **मसाइ**-क.प्रे.धा.। **मासिनु**- मास्नुको क.क्रि.; खर्च गरिनु, नासिनु । **मासि**- क.धा.। **मासी, मासेर, मास्न, मास्तै, मासुन्जेल, मास्दाखेरि**-कृ.अ.। **मास्नू**- वि.। **मासून्**-इ.। **मास्ला**-स.। (स.क्रि.-हिन्दूहरूले दशैंमा धेरै रुपियाँ मासे ।)

मिच्नु-क्रि.मू.। **मिच्**-आ.धा.। स.क्रि.; गिजोल्नु, माड्नु, साँध सीमाको उलङ्घन गर्नु, चाप्नु, हातले थिचेर दाब्नु, दलेर मल्नु, दबाउनु, थिचोमिचो गर्नु, नमान्नु, नटेर्नु, बेअदबी गर्नु, वास्ता नराख्नु । **मिचाइ** (मिच्+आइ), **मिचान** (मिच्+आन), **मिचो** (मिच्+ओ)-भा.ना.। **मिचाहा** (मिच्+आहा)-विशे.। **मिचाउनु**-प्रे.क्रि./स.क्रि.; मिच्न लाउनु, मिचाइमा पार्नु । **मिचाउ**-प्रे.धा.। **मिचाइनु**-मिचाउनुको क.क्रि.। **मिचाइ**-क.प्रे.धा.। **मिचिनु**-मिच्नुको क.क्रि.। **मिचि**- क.धा.। **मिची, मिचेर, मिच्न, मिच्दै/तै, मिचुन्जेल, मिच्दाखेरि**-कृ.अ.। **मिच्नू**-वि.। **मिचून्**-इ.। **मिच्ला**-स.। (स.क्रि.-खगेश्वरले थाप्ले गरामा बारीको साँध मिच्यो ।)

मिच्छिनु-क्रि.मू.। **मिच्छि**-आ.धा.। अ.क्रि.; लुगाफाटा, गरगहना आदिको लगातार प्रयोगबाट झर्कनु; केटाकेटी, पाहुनापाछा आदिसँग झिजिनु, झर्को मान्नु । **मिच्छ्याइ** (मिच्छि+आइ)-भा.ना.। **मिच्छ्याउनु**-प्रे.क्रि./स.क्रि.; मिच्छिन लाउनु, मिच्छिने पार्नु । **मिच्छ्याउ**-प्रे.धा.। **मिच्छ्याइनु**-मिच्छ्याउनुको क.क्रि.। **मिच्छ्याइ**-भा.प्रे.धा.। **मिच्छिइनु**- मिच्छिनुको भा.क्रि.। **मिच्छिइ**-भा.धा.। **मिच्छिई, मिच्छिएर, मिच्छिन, मिच्छिँदै, मिच्छिउन्जेल, मिच्छिंदाखेरि**-कृ.अ.। **मिच्छिनू**-वि. । **मिच्छिऊन्**-इ.। **मिच्छेला**-स.। (अ.क्रि.-एउटै पोशाक दिन-दिनै लाउँदा आधुनिक बधू मिच्छिई ।)

मिठिनु-क्रि.मू.। **मिठि**-आ.धा.। अ.क्रि.; मीठो लाग्ने हुनु, अरूले मीठाकुरा खाएको देख्ता मुखमा पानी उम्रनु, मुखमा पानी आउनु, मुख रसिनु । **मिठ्याइ** (मिठि+आइ), (मिठ्याउ+आइ)-भा.ना.। **मिठ्याउनु**-प्रे.क्रि./स.क्रि.; मिठिने पार्नु, अरूले खाएको मीठो वस्तु सम्झी जिभ्रो खेलाउनु, मुख मीठो पार्नु, थुक निल्नु, थोरै मीठो वस्तु मुखमा हालेर जिभ्रो ल्यापल्याप पार्नु । **मिठ्याउ**-प्रे.धा.। **मिठ्याइनु**-मिठ्याउनुको क.क्रि.। **मिठ्याइ**-भा.प्रे.धा.। **मिठिइनु**- मिठिनुको भा.क्रि.। **मिठिइ**-भा.धा.। **मिठिई, मिठिएर, मिठिन, मिठिँदै, मिठिउन्जेल, मिठिंदाखेरि**-कृ.अ.। **मिठिनू**-वि.। **मिठिऊन्**-इ.। **मिठेला**-स.। (अ.क्रि. - जेरी (मिठाई) खाएको देख्ता केटाकेटीको मुख मिठियो ।)

मिल्नु-क्रि.मू.। **मिल्**-आ.धा.। अ.क्रि.; दुई वा अनेक वस्तु एकैसाथ जोडिनु, मिसिनु, टाँसिनु, मेल खानु, मेल हुनु, मित्रता हुनु, भेट हुनु, पाउनु, प्राप्त हुनु, ठीक हुनु, बराबर हुनु, अनुकूल हुनु । **मिलाइ** (मिल्+आइ), (मिलाउ+आइ)-भा.ना.। **मिलाउनु**-प्रे.क्रि./स.क्रि.; मिल्ने पार्नु, मेल गराउनु, मिसाउनु, ठीकठाक पार्नु, दँजाउनु, टाँस्नु, भेट गराउनु, व्यवस्था गर्नु । **मिलाउ**- प्रे.धा.। **मिलाइनु**-मिलाउनुको क.क्रि.। **मिलाइ**-भा.प्रे.धा.। **मिलिनु**-मिल्नुको भा.क्रि.। **मिलि**-भा.धा.। **मिली, मिलेर, मिल्न, मिल्दै, मिलुन्जेल, मिल्दाखेरी**- कृ.अ.। **मिल्नू**-वि.। **मिलून्**-इ.। **मिल्ला**-स.। (अ.क्रि.-म मित्रहरूसँग मिलें । चिनी पानीमा मिल्यो ।)

मिल्कनु-क्रि.मू.। **मिल्क** -आ.धा.। अ.क्रि.; कुनै वस्तु नस्याहारी त्यसै अलपत्र पर्नु, त्यागिनु, फ्याँकिनु, फालिनु, हुत्तिनु, छोडिनु । **मिल्काइ** (मिल्क+आइ), (मिल्काउ+आइ)-भा.ना.। **मिल्काउनु**-प्रे.क्रि./स.क्रि.; अलपत्र पार्नु, त्याग्नु, फ्याँक्नु, फाल्नु, हुत्त्याउनु, हुर्‍याउनु, अफाल्नु, छोड्नु । **मिल्काउ**-प्रे.धा.। **मिल्काइनु**-मिल्काउनुको क.क्रि.। **मिल्काइ**-भा.प्रे.धा.। **मिल्किनु**-मिल्कनुको भा.क्रि.। **मिल्कि**- भा.धा.। **मिल्की, मिल्केर, मिल्कन, मिल्कँदै, मिल्कुन्जेल, मिल्कँदाखेरि**-कृ.अ.। **मिल्कनू**-वि.। **मिल्कून्**-इ.। **मिल्कला**-स.। (अ.क्रि.-बिहेको भोजमा टपरीका टपरी भात मिल्क्यो ।)

मिल्किनु-क्रि.मू.। **मिल्कि** - आ.धा.। अ.क्रि.; बिजुली चम्किनु, मिलिक्क हुनु, मिल्कनु । **मिल्क्याइ** (मिल्कि+आइ), (मिल्क्याउ+आइ)-भा.ना.। **मिल्क्याउनु**- प्रे.क्रि./स.क्रि.; मिलिक्क पार्नु, मिल्काउनु । **मिल्क्याउ**- प्रे.धा.। **मिल्क्याइनु**-मिल्क्याउनुको क.क्रि.। **मिल्क्याइ**-क.धा.। **मिल्किइनु**-मिल्किनुको भा.क्रि.। **मिल्किइ**-भा.धा.। **मिल्किई, मिल्किएर, मिल्किन, मिल्किँदै, मिल्किउन्जेल, मिल्किंदाखेरि**-कृ.अ.। **मिल्किनू**-वि.। **मिल्किऊन्**-इ.। **मिल्केला**-स.। (अ.क्रि.-हिजोरातिको आँधीबेरीमा बिजुली खूबसँग मिल्कियो ।)

मिसाउनु-क्रि.मू.। **मिसाउ**-आ.धा.। स.क्रि.; मिस्नु । **मिसाइ** (मिसाउ+आइ)-भा.ना.। **मिसाइनु**- मिसाउनुको

क.क्रि.। **मिसाइ**-क.धा.। **मिसाई, मिसाएर, मिसाउन, मिसाउँदै, मिसाउन्जेल, मिसाउँदाखेरि**-कृ.अ.। **मिसाउनू**-वि.। **मिसाऊन्**-इ.। **मिसाउला**-स.। (स.क्रि.-त्यसले पानीमा नून-चिनी मिसायो ।)

मिसिनु-क्रि.मू.। **मिसि**-आ.धा.। अ.क्रि.; संयुक्त हुनु, छ्यासमिस हुनु, सम्मिलित हुनु, मिसाइमा पर्नु, भाले-पोथीको समागम हुनु, जोरिनु । **मिस्याइ** (मिसि+आइ)-भा.ना.। **मिसिइनु**-मिसिनुको भा.क्रि.। **मिसिइ**-भा.धा.। **मिसिई, मिसिएर, मिसिन, मिसिंदै, मिसिउन्जेल, मिसिंदाखेरि**-कृ.अ.। **मिसिनू**-वि.। **मिसिऊन्**-इ.। **मिस्सेला**-स.। (अ.क्रि.-दाल चामलमा मिसियो ।)

मिस्सिनु-क्रि.मू.। **मिस्सि**-आ.धा.। अ.क्रि.; हे. मिसिनु । (अ.क्रि.-नेपाल र भारतमा तिब्बतका लाखौं जनता शरणार्थीका रूपमा मिस्सिए ।)

मिस्नु-क्रि.मू.। **मिस्**-आ.धा.। स.क्रि.; धेरै वस्तु एकै ठाउँमा मिलाउनु, मिसाउनु, जोड्नु, एकत्र गर्नु । **मिसाइ** (मिस्+आइ), **मिसावट** (मिस्+आवट)-भा.ना.। **मिसाउनु**-प्रे.क्रि./स.क्रि.; मिस्न लाउनु, मिलाउने काम गर्नु, सहवास गराउनु, संयुक्त पार्नु, एकत्र पार्नु, सरोबार गर्नु । **मिसाउ**-प्रे.धा.। **मिसाइनु**-मिसाउनुको क.क्रि.। **मिसाइ**-क.प्रे.धा.। **मिसिनु**-मिस्नुको क.क्रि.। **मिसि**-क.धा.। **मिसी, मिसेर, मिस्न, मिस्दै, मिसुन्जेल, मिस्दाखेरि**-कृ.अ.। **मिस्नू**-वि.। **मिसून्**-इ.। **मिस्ला**-स.। (स.क्रि.-दिदीले तरकारी पकाउँदा चानामा आलु मिसिन्।)

मुकुरिनु-क्रि.मू.। **मुकुरि**-आ.धा.। अ.क्रि.; सानो भाँडोमा धेरै अन्न पकाउँदा खाँदिएर राम्ररी नपाक्नु, खाँदाखाँद हुनु, अटेसमटेस हुनु, उकुसमुकुस हुनु, ठेलमठेल हुनु, अन्याय आदि सहेर बस्नु, असह्य हुनु, अररिनु, भटारिनु। **मुकुर्‍याइ** (मुकुरि+आइ), **मुकुर्‍याहट** (मुकुरि+आहट)-भा.ना.। **मुकुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; उकुस-मुकुस पार्नु, खँदिर पकाउनु, सकीनसकी धेरै खानु, भटार्नु । **मुकुर्‍याउ**-प्रे.धा.। **मुकुर्‍याइनु**- मुकुर्‍याउनुको क.क्रि.। **मुकुर्‍याइ**-भा.प्रे.धा.। **मुकुरिइनु**-मुकुरिनुको भा.क्रि.। **मुकुरिइ**-भा.धा.। **मुकुरिई, मुकुरिएर, मुकुरिन, मुकुरिंदै, मुकुरिउन्जेल, मुकुरिंदाखेरि**-कृ.अ.। **मुकुरिनू**- वि.। **मुकुरिऊन्**-इ.। **मुकुरेला**-स.। (अ.क्रि.-चामल बढी हालेर सानू भाँडोमा भात मुकुरियो ।)

मुक्किनु-क्रि.मू.। **मुक्कि**-आ.धा.। अ.क्रि.; घुस्सा खानु, मुक्का खानु, घुस्सीमा पर्नु । **मुक्क्याइ** (मुक्कि+आइ)-भा.ना.। **मुक्क्याउनु**- प्रे.क्रि./स.क्रि.; मुक्किने पार्नु, मुड्क्याउनु, मुक्काले हान्नु, घुस्सी दिनु, दुस्याउनु, ढिम्क्याउनु । **मुक्क्याउ**-प्रे.धा.। **मुक्क्याइनु**-मुक्क्याउनुको क.क्रि.। **मुक्क्याइ**-भा.प्रे.धा.। **मुक्किइनु**-मुक्किनुको भा.क्रि.। **मुक्किइ**-भा.धा.। **मुक्किई, मुक्किएर, मुक्किन, मुक्किंदै, मुक्किउन्जेल, मुक्किंदाखेरि**-कृ.अ.। **मुक्किनू**-वि.। **मुक्किऊन्**-इ.। **मुक्केला**-स.। (अ.क्रि.-चोरी केसमा समातिएको मङगलेको छोरो प्रहरी कार्यालयमा खूबसँग मुक्कियो ।)

मुख्याउनु-क्रि.मू.। **मुख्याउ**-प्रे.धा.। स.क्रि.; मुखमा हाल्नु, बुजा हालेर खानु । **मुख्याइ** (मुख्याउ+आइ)-भा.ना.। **मुख्याइनु**-मुख्याउनुको क.क्रि.। **मुख्याइ**-क.धा.। **मुख्याई, मुख्याएर, मुख्याउन, मुख्याउँदै, मुख्याउन्जेल, मुख्याउँदाखेरि**-कृ.अ.। **मुख्याउनू**-वि.। **मुख्याऊन्**-इ । **मुख्याउला**-स.। (स.क्रि.-बुदौरी गाईले बिस्कुन मुख्यायो।)

मुछ्नु-क्रि.मू.। **मुछ्**-आ.धा.। स.क्रि.; पन्यालो पदार्थमा खाने वस्तुलाई राखेर सरोवर गर्नु, मिसमास गर्नु, फेट्नु, फतेल्नु, कुनै अपराधमा कसैलाई शरीक गर्नु, बोर्नु, कुनै दोषमा आरोपित गर्नु । **मुछाइ** (मुछ्+आइ)-भा.ना.। **मुछाउनु**- प्रे.क्रि./स.क्रि.; मुछ्न लाउनु, फतेलाउनु । **मुछाउ**-प्रे.धा.। **मुछाइनु**-मुछाउनुको क.क्रि.। **मुछाइ**-क.प्रे.धा.। **मुछिनु**-मुछ्नुको क.क्रि.। **मुछि**-क.धा.। **मुछी, मुछेर, मुछ्न, मुछ्दै, मुछुन्जेल, मुछ्दाखेरी**-कृ.अ.। **मुछ्नू**-वि.। **मुछून्**-इ.। **मुछ्ला**-स.। (स.क्रि.-सेल हाल्नका निमित्त दिदीले तिहारमा पीठो मुछिन् ।)

मुजिनु-क्रि.मू.। **मुजि**-आ.धा.। अ.क्रि.; चाउरी पर्नु, मुजा पर्नु, विवश बन्नु, बाध्य हुनु । **मुज्याइ** (मुजि+आइ), (मुज्याउ+आइ)-भा.ना.। **मुज्याउनु**-प्रे.क्रि./स.क्रि.; मुजा पार्नु, चुन्याउनु, खुम्च्याउनु, विवश तुल्याउनु, बाध्य गर्नु, सास्ती दिनु, कष्ट दिनु । **मुज्याउ**-प्रे.धा.। **मुज्याइनु**-मुज्याउनुको क.क्रि.। **मुज्याइ**-भा.प्रे.धा.। **मुजिइनु**-मुजिनुको भा.क्रि.। **मुजिइ**-भा.धा.। **मुजिई, मुजिएर, मुजिन, मुजिंदै, मुजिउन्जेल, मुजिंदाखेरि**-कृ.अ.। **मुजिनू**-वि.। **मुजिऊन्**-इ.। **मुजेला**-स.। (अ.क्रि.-बूढी आमाको जीउको छाला मुजियो ।)

मुदुरिनु-क्रि.मू.। **मुदुरि**-आ.धा.। अ.क्रि.; पोको पर्नु, मुदुरो बन्नु, पोको पुन्तुरो झैं भएर बाँधिनु, थला परी कुँजिएर बस्नु । **मुदुर्‍याइ** (मुदुरि+आइ); (मुदुर्‍याउ+आइ)-भा.ना.। **मुदुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; पोको पार्नु, मुदुरो तुल्याउनु, पोको बनाउनु । **मुदुर्‍याउ**-प्रे.धा.। **मुदुर्‍याइनु**-मुदुर्‍याउनुको क.क्रि.। **मुदुर्‍याइ**-भा.प्रे.धा.।

मुदुरिइनु-मुटुरिनुको भा.क्रि.। **मुदुरिइ**-भा.धा.। **मुदुरिई, मुदुरिएर, मुदुरिन, मुदुरिँदै, मुदुरिउन्जेल, मुदुरिंदाखेरि**-कृ.अ.। **मुदुरिनू**- वि.। **मुदुरिऊन्**-इ.। **मुदुरेला**-स.। (अ.क्रि.-तीनथरे आमै बेलैमा मुटुरिन् ।)

मुठार्नु-क्रि.मू.। **मुठार्**-आ.धा.। स.क्रि.; फेद वा टुप्पो मिलाएर काट्नु, सम्म पारेर ताछ्नु, मठार्नु । **मुठराइ** (मुठार्+आइ)-भा.ना.। **मुठारिनु**-मुठार्नुको क.क्रि.। **मुठारी**-क.धा.। **मुठारी, मुठारेर, मुठार्न, मुठार्दै, मुठारुन्जेल, मुठार्दाखेरि**-कृ.अ.। **मुठार्नू**-वि.। **मुठारून्**-इ.। **मुठार्ला**-स.। (स.क्रि.-खडे कामीले दारको ठेकी मुठार्‍यो।)

मुठिनु-क्रि.मू.। **मुठि**-आ.धा.। अ.क्रि.; मुठीभित्र पर्नु, मुठीमा आउनु, चङ्गुलमा पर्नु । **मुठ्याइ** (मुठि+आइ); (मुठ्याउ+आइ)-भा.ना.। **मुठ्याउनु** - प्रे.क्रि./स.क्रि.; मुठिने पार्नु, मुठीले बेसरी समाउनु, मुठीले भ्याएसम्म लिनु, हातले सकेसम्म झिक्नु । **मुठ्याउ**-प्रे.धा.। **मुठ्याइनु**-मुठ्याउनुको क.क्रि.। **मुठ्याइ**-भा.प्रे.धा.। **मुठिइनु**-मुठिनुको भा.क्रि.। **मुठिइ**-भा.धा.। **मुठिई, मुठिएर, मुठिन, मुठिँदै, मुठिउन्जेल, मुठिंदाखेरि**-कृ.अ.। **मुठिनू**-वि.। **मुठिऊन्**-इ.। **मुठेला**-स.। (अ.क्रि.-तल्लो बारी बिजयसँगको भैंसीको रुपियाँ बल्ल-बल्ल मुठियो ।)

मुड्नु-क्रि.मू.। **मुड्**-आ.धा.। अ.क्रि.; एक दिशाबाट अर्को दिशातिर लाग्नु, विपरीत दिशातिर फर्कनु, भुत्ते हुनु, दोब्रिनु । स.क्रि.; विपरीत दिशातिर फर्काउनु, मुण्डन गर्नु, कपाल खौरनु, सन्यासको दीक्षा दिनु, जोगी बनाउनु, आफ्नो मतमा ल्याउनु, अपराध गरे वापत चार पाटा खौरी जातबाट खसाल्नु (पहिले), ठग्नु, लटीपटी पार्नु । **मुडाइ** (मुड्+आइ)-भा.ना.। **मुडाउनु**-प्रे.क्रि./स.क्रि.; कपाल खौरन वा मुड्न लाउनु, जोगी वा सन्यास बनाउनु, फर्काउनु, मुड्ने पार्नु । **मुडाउ**-प्रे.धा.। **मुडाइनु**-मुडाउनुको क.क्रि.। **मुडाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **मुडिनु**- मुड्नुको भा.क्रि/क.क्रि.। **मुडि**-भा.धा./क.धा.। **मुडी, मुडेर, मुड्न, मुड्दै, मुड्नुन्जेल, मुड्दाखेरि**-कृ.अ.। **मुड्नू**-वि.। **मुड्रून्**-इ.। **मुड्ला**-स.। (अ.क्रि.-घाँस काट्ता काट्तै गोठालोको हँसिया मुड्यो । स.क्रि.-बाबुको आशौच बार्न छोराले कपाल मुड्यो ।)

मुडिनु-क्रि..मू.। **मुडि**-आ.धा.। अ.क्रि.; कपाल खौरिनु, जाति-च्युत हुनु, कसैको मतमा मिल्नु, सन्यास वा जोगी बन्नु, ठगिनु, धोकामा पर्नु, भुत्ते हुनु, धार मर्नु । **मुड्याइ** (मुडि+आइ), (मुड्याउ+आइ)-भा.ना.। **मुड्याउनु**-प्रे.क्रि./स.क्रि.; मुडिन लाउनु, मुडाउनु । **मुड्याउ** -प्रे.धा.। **मुड्याइनु**-मुड्याउनुको क.क्रि.। **मुड्याइ**-भा.प्रे.धा.। **मुडिइनु**-मुडिनुको भा.क्रि.। **मुडिइ**-भा.धा.। **मुडिई, मुडिएर, मुडिन, मुडिँदै, मुडिउन्जेल, मुडिंदाखेरि**-कृ.अ.। **मुडिनू**-वि.। **मुडिऊन्**-इ.। **मुडेला**-स.। (अ.क्रि.-गृहस्थाश्रमबाट वैराग चलेर लिलाधर पण्डित मुडियो ।)

मुड्किनु-क्रि.मू.। **मुड्कि**-आ.धा.। अ.क्रि.; मुड्की जस्तो हुनु, मुड्कीले कुटिनु, मुड्की खाइनु । **मुड्क्याइ** (मुडकि+आइ), (मुड्क्याउ+आइ)-भा.ना.। **मुड्क्याउनु**-प्रे.क्रि./स.क्रि.; मुड्किने पार्नु, मुड्को बनाउनु, मुड्कीले हान्नु, मुक्क्याउनु, डिम्क्याउनु, हतियारको धार कुँड्याउनु, भुत्ते पार्नु । **मुड्क्याउ**-प्रे.धा.। **मुड्क्याइनु**-मुड्क्याउनुको क.क्रि.। **मुड्क्याइ**-भा.प्रे.धा.। **मुड्किइनु**-मुड्किनुको भा.क्रि.। **मुड्किइ**-भा.धा.। **मुड्किई, मुड्किएर, मुड्किन, मुड्किँदै, मुड्किउन्जेल, मुड्किंदाखेरि**-कृ.अ.। **मुड्किनू**-वि.। **मुड्किऊन्**-इ.। **मुड्केला**-स.। (अ.क्रि.-जात्रामा जान्ने-सुन्ने भइटोपल्दा अल्को चौरे जेठो मुड्कियो ।)

मुढिनु-क्रि.मू.। **मुढि**-आ.धा.। अ.क्रि.; मुढोजस्तो हुनु, भुत्ते हुनु, हतियारको धार दोब्रिनु, नलाग्ने हुनु । **मुढ्याइ** (मुढि+आइ), मुढ्याउ+आइ)-भा.ना.। **मुढ्याउनु**-प्रे.क्रि./स.क्रि.; मुढिने पार्नु, भुत्ते तुल्याउनु, हतियारको धार मार्नु, नलाग्ने बनाउनु, भुत्त्याउनु । **मुढ्याउ**-प्रे.धा.। **मुढ्याइनु**-मुढ्याउनुको क.क्रि.। **मुढ्याइ**-भा.प्रे.धा.। **मुढिइनु**-मुढिनुको भा.क्रि.। **मुढिइ**-भा.धा.। **मुढिई, मुढिएर, मुढिन, मुढिँदै, मुढिउन्जेल, मुढिंदाखेरि**-कृ.अ.। **मुढिनू**-वि.। **मुढिऊन्**-इ.। **मुढेला**-स.। (अ.क्रि.-खुकुरी काट्तै नकाट्ने भएर मुढियो ।)

मुत्नु-क्रि.मू.। **मुत्**-आ.धा.। स.क्रि.; पिसाब फेर्नु, पिसाप गर्नु, तुरी गर्नु, तुर्क्याउनु, छुल्क्याउनु, डराउनु, छुलछुल हुनु । **मुताइ** (मुत्+आइ)-भा.ना.। **मुतुवा** (मुत्+उवा)-विशे.। **मुताउनु**-प्रे.क्रि./स.क्रि.; मुत्न लाउनु, पिसाब गर्न लाउनु, छुलछुल पार्नु, कुस्तुर तुल्याउनु । **मुताउ**-प्रे.धा.। **मुताइनु**-मुताउनुको क.क्रि.। **मुताइ**-क.प्रे.धा.। **मुतिनु**-मुत्नुको क.क्रि.। **मुति**-क.धा.। **मुती, मुतेर, मुत्न, मुत्तै, मुतुन्जेल, मुत्दाखेरि**-कृ.अ.। **मुत्नू**-वि.। **मुतून्**-इ.। **मुत्ला**-स.। (स.क्रि.-बच्चाले ओछ्यानमा मुत्यो ।)

मुन्टनु-क्रि.मू.। **मुन्ट**-आ.धा.। अ.क्रि.; मुन्टाले टेक्नु, मन्टिनु, मुन्टिनु, रिसले फन्कनु, निमोठिनु, बिभिन्डिनु, घोक्रिनु, निकालिनु, बाउँटिनु, टेढिनु, भाँडिनु । **मुन्टाइ** (मुन्ट+आइ)-भा.ना.। **मुन्टाउनु**-प्रे.क्रि./स.क्रि.; मुन्टन लाउनु, मुन्टाले टेकाउनु, मुन्टने पार्नु । **मुन्टाउ**-प्रे.धा.।

मुन्टाइनु-मुन्टाउनुको क.क्रि। **मुन्टाइ**-भा.प्रे.धा। **मुन्टिनु**-मुन्टनुको भा.क्रि। **मुन्टि**-भा.धा। **मुन्टी, मुन्टेर, मुन्टन, मुन्टँदै, मुटुन्जेल, मुन्टँदाखेरि**-कृ.अ। **मुन्टनू**-वि। **मुन्टून्**-इ। **मुन्टला**-स। (अ.क्रि.-सम्झाउँदा - सम्झाउँदै शेर्पा माहिलो मुन्ट्यो ।)

मुन्टिनु-क्रि.मू। **मुन्टि**-आ.धा। अ.क्रि.; हे. मुन्टनु । **मुन्ट्याइ** (मुन्टि+आइ), (मुन्ट्याउ+आइ)-भा.ना। **मुन्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; कापे हातले गर्दन्याउनु, घोक्र्याउनु, हुत्याउनु, घोक्रे छुत्ती लाउनु, मुन्टाले टेकाउनु, मुन्टाको भर पार्नु, ठ्याक खुवाउनु । **मुन्ट्याउ**-प्रे.धा। **मुन्ट्याइनु**-मुन्ट्याउनुको क.क्रि। **मुन्ट्याइ**-भा.प्रे.धा। **मुन्टिइनु**-मुन्टिनुको भा.क्रि। **मुन्टिइ**-भा.धा। **मुन्टिई, मुन्टिएर, मुन्टिन, मुन्टिँदै, मुन्टिउन्जेल, मुन्टिंदाखेरि**-कृ.अ। **मुन्टिनू**-वि। **मुन्टिऊन्**-इ। **मुन्टेला**-स। (अ.क्रि.-खरीबोटे सातभाइ-ठाहिंलो बाँझको रूखबाट मुन्टियो ।)

मुरमुरिनु-क्रि.मू। **मुरमुरि**-आ.धा। अ.क्रि.; रिसले चूर हुनु, भित्रभित्रै रिसाउनु, मुरमुराउने काम हुनु । **मुरमुऱ्याइ** (मुरमुरि+आइ), **मुरमुऱ्याहट** (मुरमुरि+आहट)-भा.ना। **मुरमुऱ्याउनु**-प्रे.क्रि./स.क्रि:; मुरमुर तुल्याउनु, भित्रभित्रै क्रुद्ध पार्नु । **मुरमुऱ्याउ**-प्रे.धा। **मुरमुऱ्याइनु**-मुरमुऱ्याउनुको क.क्रि। **मुरमुऱ्याइ**-भा.प्रे.धा। **मुरमुरिइनु**-मुरमुरिनुको भा.क्रि। **मुरमुरिइ** -भा.धा। **मुरमुरिई, मुरमुरिएर, मुरमुरिन, मुरमुरिँदै, मुरमुरिउन्जेल, मुरमुरिंदाखेरि**-कृ.अ। **मुरमुरिनू**- वि। **मुरमुरिऊन्**-इ। **मुरमुरेला**- स। (अ.क्रि-नेपाली जनता अन्यायको विरुद्ध आगो भएर मुरमुरिए ।)

मुर्झाउनु-क्रि.मू। **मुर्झाउ**-आ.धा। अ.क्रि.; ओइलाउनु, कान्तिहीन हुनु । **मुर्झाइ** (मुर्झाउ+आइ)-भा.ना। **मुर्झाइनु**-मुर्झाउनुको भा.क्रि। **मुर्झाइ**-भा.धा। **मुर्झाई, मुर्झाएर, मुर्झाउन, मुर्झाउँदै, मुर्झाउन्जेल, मुर्झाउँदाखेरि**-कृ.अ। **मुर्झाउनू**-वि। **मुर्झाऊन्**-इ। **मुर्झाउला**-स। (अ.क्रि.-बगैंचामा ढकमक्क फुलेका फूलहरू हेर्दाहेर्दै मुर्झाए ।)

मुर्रिनु-क्रि.मू। **मुर्रि**-आ.धा। अ.क्रि.; अपच हुने गरी खानु, अजीर्ण हुने गरी धेरै खानु, खाँदिनु, मुकुरिनु । **मुर्ऱ्याइ** (मुर्रि+आइ), (मुर्ऱ्याउ+आइ)-भा.ना। **मुर्ऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; मुर्रिने पार्नु, धेरै खुवाउनु, मुकुऱ्याउनु, खाँद्नु । **मुर्ऱ्याउ**- प्रे.धा। **मुर्ऱ्याइनु**-मुर्ऱ्याउनुको क.क्रि। **मुर्ऱ्याइ**-भा.प्रे.धा। **मुर्रिइनु**-मुर्रिनुको भा.क्रि। **मुर्रिइ**-भा.धा। **मुर्रिई, मुर्रिएर, मुर्रिन, मुर्रिँदै, मुर्रिउन्जेल, मुर्रिंदाखेरि**-कृ.अ। **मुर्रिनू**-वि। **मुर्रिऊन्**-इ। **मुर्रेला**-स। (अ.क्रि.-माधव कान्छोको जन्ते-बाखोमा पण्डित माहिलो खूबसँग मुर्रियो ।)

मुल्किनु-क्रि.मू। **मुल्कि**- आ.धा। अ.क्रि.; मुलुक्क देखा पर्नु, झुल्किनु, क्षणभर मात्र देखिनु । **मुल्क्याइ** (मुल्कि+आइ), (मुल्क्याउ+आइ)-भा.ना। **मुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; मुलुक्क देखाउनु, झुल्क्याउनु, मुलुक्क हेर्नु । **मुल्क्याउ**-प्रे.धा। **मुल्क्याइनु**-मुल्क्याउनुको क.क्रि। **मुल्क्याइ**-भा.प्रे.धा। **मुल्किइनु**-मुल्किनुको भा.क्रि। **मुल्किइ**-भा.धा। **मुल्किई, मुल्किएर, मुल्किन, मुल्किँदै, मुल्किउन्जेल, मुल्किंदाखेरि**-कृ.अ। **मुल्किनू**-वि। **मुल्किऊन्**-इ। **मुल्केला**-स। (अ.क्रि.-दिङलाको मगन्ता लिलाध्वज अधिकारी आशै आशमा भोजमा मुल्कियो ।)

मुल्क्याउनु-क्रि.मू। **मुल्क्याउ**-आ.धा। अ.क्रि.; मुल्किनु, मुलुक्क देखा पर्नु । स.क्रि.; मुलुक्क हेर्नु, झुल्क्याउनु । **मुल्क्याइ** (मुल्क्याउ+आइ)-भा.ना। **मुल्क्याइनु**-मुल्क्याउनुको भा.क्रि./क.क्रि। **मुल्क्याइ**-भा.धा./क.धा। **मुल्क्याई, मुल्क्याएर, मुल्क्याउन, मुल्क्याउँदै, मुल्क्याउन्जेल, मुल्क्याउँदाखेरि**-कृ.अ। **मुल्क्याउनू**- वि। **मुल्क्याऊन्**-इ। **मुल्क्याउला**-स। (अ.क्रि.-दिनभरमा घाम एकचोटि मात्र मुल्क्यायो । स.क्रि.-बाँदरले मकैबारी मुल्क्यायो ।)

मुसमुसाउनु-क्रि.मू। **मुसमुसाउ**-आ.धा। अ.क्रि.; मुसुमुसु हाँस्नु, मुस्कुराउनु, मुसमुस बास्ना आउनु । **मुसमुसाइ** (मुसमुसाउ+आइ)-भा.ना। **मुसमुसाइनु**-मुसमुसाउनुको भा.क्रि। **मुसमुसाइ** -भा.धा। **मुसमुसाई, मुसमुसाएर, मुसमुसाउन, मुसमुसाउँदै, मुसमुसाउन्जेल, मुसमुसाउँदाखेरि**-कृ.अ। **मुसमुसाउनू**-वि। **मुसमुसाऊन्**-इ। **मुसमुसाउला**-स। (अ.क्रि.-बगैंचामा फूल मुसमुसायो।)

मुसार्नु-क्रि.मू। **मुसार्**-आ.धा। स.क्रि.; तह लाउनु, सुमसुम्याउनु, सम्म्याउनु, मसार्नु । **मुसराइ** (मुसार्+आइ)-भा.ना। **मुसारिनु**-मुसारिनुको क.क्रि। **मुसारि**-क.धा। **मुसारी, मुसारेर, मुसार्न, मुसार्दै, मुसारुन्जेल, मुसार्दाखेरि**-कृ.अ। **मुसार्नू**-वि। **मुसारून्**-इ। **मुसार्ला** -स। (स.क्रि. बूढो चौकीदारले जुँगा मुसाऱ्यो ।)

मुसुमुसाउनु-क्रि.मू। **मुसुमुसाउ**-आ.धा। अ.क्रि.; मुसुमुसु हाँस्नु, मुस्कुराउनु, दाँत नदेखाईकन हाँस्नु । **मुसुमुसाइ** (मुसुमुसाउ+आइ)-भा.ना। **मुसुमुसाइनु**-मुसुमुसाउनुको भा.क्रि। **मुसुमुसाइ** –भा.धा। **मुसुमुसाई, मुसुमुसाएर,**

मुसुमुसाउन, मुसुमुसाउँदै, मुसुमुसाउन्जेल, मुसुमुसाउँदाखेरि-कृ.अ.। **मुसुमुसाउनू**-वि.। **मुसुमुसाऊन्**-इ.। **मुसुमुसाउला**-स.। (अ.क्रि. - परीक्षामा प्रथम भएको खबर सुन्दा गरिमा राणा भित्रभित्रै मुसुमुसाइन् ।)

मुस्कुराउनु-क्रि.मू.। **मुस्कुराउ**-आ.धा.। अ.क्रि.; मुसुक्क हाँस्नु, मुस्कान छाड्नु, शब्द ननिकाली ओठले मात्र हाँस्नु । **मुस्कुराइ** (मुस्कुराउ+आइ), **मुस्कुराहट** (मुस्कुराउ+आहट)-भा.ना.। **मुस्कुराइनु**-मुस्कुराउनुको भा.क्रि.। **मुस्कुराइ**- भा.धा.। **मुस्कुराई, मुस्कुराएर, मुस्कुराउन, मुस्कुराउँदै, मुस्कुराउन्जेल, मुस्कुराउँदाखेरि**-कृ.अ.। **मुस्कुराउनू**-वि.। **मुस्कुराऊन्**-इ.। **मुस्कुराउला**-स.। (अ.क्रि.-गमलामा फूल मुस्कुरायो ।)

मुस्लिनु-क्रि.मू.। **मुस्लि** – आ.धा.। अ.क्रि.; मुस्लो निस्कनु, मुस्लो जस्तो हुनु । **मुस्ल्याइ** (मुस्लि+आइ)-भा.ना.। **मुस्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; मुस्लिने पार्नु, मुस्लो निकाल्नु । **मुस्ल्याउ**-प्रे.धा.। **मुस्ल्याइनु**-मुस्ल्याउनुको क.क्रि.। **मुस्ल्याइ**-भा.प्रे.धा.। **मुस्लिइनु**-मुस्लिनुको भा.क्रि.। **मुस्लिइ**- भा.धा.। **मुस्लिई, मुस्लिएर, मुस्लिन, मुस्लिँदै, मुस्लिउन्जेल, मुस्लिंदाखेरि**-कृ.अ.। **मुस्लिनू**-वि.। **मुस्लिऊन्**-इ.। **मुस्लेला**-स.। (अ.क्रि.-बस्तीमा आगो लाग्दा धूँवा मुस्लियो ।)

मेटिनु-क्रि.मू.। **मेटि**-आ.धा.। अ.क्रि.; अस्तित्त्वको लोप हुनु, तृप्त हुनु, दाग आदि हट्नु, पुछिनु, नामेट पारिनु । **मेट्याइ** (मेटि+आइ)-भा.ना.। **मेटिइनु**-मेटिनुको भा.क्रि.। **मेटिइ**-भा.धा.। **मेटिई, मेटिएर, मेटिन, मेटिँदै, मेटिउन्जेल, मेटिंदाखेरि**-कृ.अ.। **मेटिनू**-वि.। **मेटिऊन्**-इ.। **मेटेला**-स.। (अ.क्रि.-आमा बितेपछि माइतीको नाम-निशानै मेटियो ।)

मेट्नु-क्रि.मू.। **मेट्**-आ.धा.। स.क्रि.; दाग, अक्षर आदि घोटेर हटाउनु, नामेट पार्नु, पुछ्नु, फ्याँक्नु, मिल्काउनु, फाल्नु, तृप्त गर्नु, अस्तित्वको लोप गर्नु । **मेटाइ** (मेट्+आइ)-भा.ना.। **मेटाउनु**-प्रे.क्रि./स.क्रि.; मेट्न लाउनु, मेट्ने पार्नु, पुछाउनु । **मेटाउ**-प्रे.धा.। **मेटाइनु**-मेटाउनुको क.क्रि.। **मेटाइ**-क.प्रे.धा.। **मेटिनु**-मेट्नुको क.क्रि.। **मेटि**-क.धा.। **मेटी, मेटेर, मेट्न, मेट्दै, मेटुन्जेल, मेट्दाखेरि**-कृ.अ.। **मेट्नू**- वि.। **मेटून्**-इ.। **मेट्ला**-स.। (स.क्रि.-मैले चौतारीको छहारीमा बसेपछि वल्ल. थकाइ मेटें ।)

मैलिनु-क्रि.मू.। **मैलि** - आ.धा.। अ.क्रि.; मैलो हुनु, फोहर लाग्नु, मयल पर्नु, कालो हुनु, मलिन हुनु, काती हुनु, घसरपसर हुनु, घिस्टिनु । **मैल्याइ** (मैलि+आइ), (मैल्याउ+आइ)-भा.ना.। **मैल्याउनु**-प्रे.क्रि./स.क्रि.; मैलो पार्नु, फोहर पार्नु, घस्ट्याउनु । **मैल्याउ**-प्रे.धा.। **मैल्याइनु**-मैल्याउनुको क.क्रि.। **मैल्याइ**-भा.प्रे.धा.। **मैलिइनु**-मैलिनुको भा.क्रि.। **मैलिइ**-भा.धा.। **मैलिई, मैलिएर, मैलिन, मैलिँदै, मैलिउन्जेल, मैलिंदाखेरि**-कृ.अ.। **मैलिनू**-वि.। **मैलिऊन्**-इ.। **मैलेला**-स.। (अ.क्रि.-दिनभरि खेतमा काम गर्दा किसानको कपडा मैलियो ।)

मोटाउनु-क्रि.मू.। **मोटाउ**-आ.धा.। अ.क्रि.; मोटो हुनु, हृष्टपुष्ट हुनु, अथुलाउनु, सम्पन्न हुनु, धनी हुनु । **मोटाइ** (मोटाउ+आइ)-भा.ना.। **मोटाइनु**- मोटाउनुको भा.क्रि.। **मोटाइ** -भा.धा.। **मोटाई, मोटाएर, मोटाउन, मोटाउँदै, मोटाउन्जेल, मोटाउँदाखेरि**-कृ.अ.। **मोटाउनू**-वि.। **मोटाऊन्**-इ.। **मोटाउला**-स.। (अ.क्रि.-कुलानन्दको खसी खूबसँग मोटायो ।)

मोडिनु-क्रि.मू.। **मोडि**-आ.धा.। अ.क्रि.; दोब्रिनु, बाङ्गिनु, टेढिनु, दिशा बदलेर जानु, घुमेर जानु, बाटो बदल्नु । **मोड्याइ** (मोडि+आइ)-भा.ना.। **मोडिइनु**- मोडिनुको भा.क्रि.। **मोडिइ** -भा.धा.। **मोडिई, मोडिएर, मोडिन, मोडिँदै, मोडिउन्जेल, मोडिंदाखेरि**-कृ.अ.। **मोडिनू**-वि.। **मोडिऊन्**-इ.। **मोडेला**-स.। (अ.क्रि.-काठमाण्डूबाट दक्षिण भएर उडेको विमान दिल्लीको लागि मोडियो ।)

मोड्नु-क्रि.मू.। **मोड्**-आ.धा.। स.क्रि.; दायाँ-बायाँ लाग्नु, बाटो बदल्नु, दिशा बदल्नु, घुमाउनु, बङ्ग्याउनु, टेढ्याउनु, दोबार्नु, पट्याउनु । **मोडाइ** (मोड्+आइ)-भा.ना.। **मोडाउनु**- प्रे.क्रि./स.क्रि.; मोड्न लाउनु । **मोडाउ**-प्रे.धा.। **मोडाइनु**-मोडाउनुको क.क्रि.। **मोडाइ**-क.प्रे.धा.। **मोडिनु**-मोड्नुको क.क्रि.। **मोडि**-क.धा.। **मोडी, मोडेर, मोड्न, मोड्दै, मोडुन्जेल, मोड्दाखेरि**-कृ.अ.। **मोड्नू**-वि.। **मोडून्**-इ.। **मोड्ला**-स.। (स.क्रि.-ड्राइभरले घुम्तीमा बस मोड्यो ।)

मोल्नु -क्रि.मू.। **मोल्**-आ.धा.। स.क्रि.; मोलतोल गर्नु, भाउ निश्चित गर्नु, दर तोक्नु, मोल घटाघट गर्नु । **मोलाइ** (मोल्+आइ)-भा.ना.। **मोलाउनु** -प्रे.क्रि./स.क्रि.; मोल्न लाउनु, दर-भाउ किटाउनु । **मोलाउ**-प्रे.धा.। **मोलाइनु**-मोलाउनुको क.क्रि.। **मोलाइ**-क.प्रे.धा.। **मोलिनु**-मोल्नुको क.क्रि.। **मोलि** - क.धा.। **मोली, मोलेर, मोल्न, मोल्दै, मोलुन्जेल, मोल्दाखेरि**- कृ.अ.। **मोल्नू**-वि.। **मोलून्**-इ.। **मोल्ला**-स.। (स.क्रि.-तिनीहरूले दशैंको लागि टुँडिखेलमा खसी मोले ।)

मोस्नु-क्रि.मू.। **मोस्**-आ.धा.। स.क्रि.; हकवालालाई भाग नदिनु, एउटाको हक मारेर अर्कालाई दिनु, ठग्नु, खोस्नु। **मोसाइ** (मोस्+आइ)-भा.ना.। **मोसाउनु**-प्रे.क्रि./स.क्रि.; मोस्न लाउनु, ठगाउनु । **मोसाउ**- प्रे.धा.। **मोसाइनु**-मोसाउनुको क.क्रि.। **मोसाइ**-क.प्रे.धा.। **मोसिनु**-मोस्नुको क.क्रि.। **मोसि**-क.धा.। **मोसी, मोसेर, मोस्न, मोस्तै, मोसुन्जेल, मोस्दाखेरि**-कृ.अ.। **मोस्नू**-वि.। **मोसून्**-इ.। **मोस्ला**-स.। (स.क्रि.-सोभनाथले प्रबन्ध शर्मालाई मोस्यो ।)

मोहर्नु-क्रि.मू.। **मोहर्**-आ.धा.। स.क्रि.-छाला आदिले बेर्नु, आवरण हाल्नु, मुख ढाकेर छोप्नु, तह थपेर ढाक्नु, मोहोर्नु । **मोहराइ** (मोहर्+आइ)-भा.ना.। **मोहराउनु**-प्रे.क्रि./स.क्रि.; मोहर्न लाउनु । **मोहराउ**-प्रे.धा.। **मोहराइनु**-मोहराउनुको क.क्रि.। **मोहराइ**-क.प्रे.धा.। **मोहरिनु**-मोहर्नुको क.क्रि.। **मोहरि**-क.धा.। **मोहरी, मोहरेर, मोहर्न, मोहर्दै, मोहरुन्जेल, मोहर्दाखेरि**-कृ.अ.। **मोहर्नू**-वि.। **मोहरून्**-इ.। **मोहर्ला**-स.। (अ.क्रि.-त्यसले दमाहाको मुख छालाले मोहऱ्यो ।)

लच्किनु-क्रि.मू.। **लच्कि**-आ.धा.। अ.क्रि.; लच्कनु । **लच्क्याइ** (लच्कि+आइ)-भा.ना.। **लच्क्याउनु**-प्रे.क्रि./स.क्रि.;लच्किने पार्नु, लच्काउनु । **लच्क्याउ**-प्रे.धा.। **लच्क्याइनु**-लच्क्याउनुको क.क्रि.। **लच्क्याइ**- भा.प्रे.धा.। **लच्किइनु**-लच्किनुको भा.क्रि.। **लच्किइ**-भा.धा.। **लच्किई, लच्किएर, लच्किन, लच्किँदै, लच्किउन्जेल, लच्किंदाखेरि**-कृ.अ.। **लच्किनू**-वि.। **लच्किऊन्**-इ.। **लच्केला**-स.। (अ.क्रि.-चेपेघाटको झोलुङ्गे पुल लचक्क लच्कियो ।)

लछार्नु-क्रि.मू.। **लछार्** -आ.धा.। स.क्रि.; छाला आदि खुत्तिने गरी तान्नु, लाछ्नु, लछेर्नु, घिसार्नु, घिच्च्याउनु । **लछराइ** (लछार्+आइ)-भा.ना.। **लछारिनु**-लछार्नुको क.क्रि.। **लछारि**-क.धा.। **लछारी, लछारेर लछार्न, लछार्दै, लछारुन्जेल, लछार्दाखेरि**-कृ.अ.। **लछार्नू**-वि.। **लछारून्**-इ । **लछार्ला**-स.। (स.क्रि.-बाँदरले काफलको हाँगा लछार्‍यो ।)

लछारिनु-क्रि.मू.। **लछारि**-आ.धा.। अ.क्रि.;लाछिनु, घिसारिनु । **लछ्याइ** (लछारि+आइ)-भा.ना.। **लछ्याउनु**-प्रे.क्रि./स.क्रि.; लछार्न लाउनु, लछारिने पार्नु । **लछ्याउ**-प्रे.धा.। **लछ्याइनु**-लछ्याउनुको क. क्रि.। **लछ्याइ**-भा.प्रे.धा.। **लछारिइनु**-लछारिनुको भा. क्रि.। **लछारिइ**-भा.धा.। **लछारिई, लछारिएर, लछारिन, लछारिँदै, लछारिउन्जेल, लछारिंदाखेरि**-कृ.अ.। **लछारिनू**-वि.। **लछारिऊन्**-इ.। **लछारेला**-स.। (अ.क्रि.-भीडमा जाँदा दल बहादुर लछारियो । आज उसैपनि आँपको हाँगो लछारियो ।)

लछेर्नु-क्रि.मू.। **लछेर्**-आ.धा.। स.क्रि.; हे. लछार्नु । **लछेराइ** (लछेर्+आइ)-भा.ना.। **लछेरिनु**-लछेर्नुको क.क्रि.। **लछेरि**-क.धा.। **लछेरी, लछेरेर, लछेर्न, लछेर्दै, लछेरुन्जेल, लछेर्दाखेरि**-कृ.अ.। **लछेर्नू**-वि.। **लछेरून्**-इ.। **लछेर्ला**-स.। (स.क्रि.-केटाकेटीले फलफूलका हाँगा लछेरे ।)

लजाउनु-क्रि.मू.। **लजाउ**-आ.धा.। अ.क्रि.; सर्माउनु, लाज मान्नु, सङ्कोच मान्नु, लज्जित हुनु, धक मान्नु, विवश हुनु । **लजाइ** (लजाउ+आइ)-भा.ना.। **लजाइनु**-लजाउनुको भा.क्रि.। **लजाइ** -भा.धा.। **लजाई, लजाएर, लजाउन, लजाउँदै, लजाउन्जेल, लजाउँदाखेरि**-कृ.अ.। **लजाउनू**-वि.। **लजाऊन्**-इ.। **लजाउला**- स.। (अ.क्रि.-इमान्दार मानिस चाप्लुसी गर्न लजायो ।)

लटपटाउनु-क्रि.मू.। **लटपटाउ**-आ.धा.। अ.क्रि.; कुरा गर्दा जिब्रो लर्बराउनु, अकमकाउनु, अलमलिनु, अल्झनु, लटपटिनु । **लटपटाइ** (लटपटाउ+आइ)-भा.धा.। **लटपटाइनु**-लटपटाउनुको भा.क्रि.। **लटपटाइ**-भा.धा.। **लटपटाई, लटपटाएर, लटपटाउन, लटपटाउँदै, लटपटाउन्जेल, लटपटाउँदाखेरि**-कृ.अ.। **लटपटाउनू**-वि.। **लटपटाऊन्**-इ.। **लटपटाउला**-स.। (अ.क्रि.-लठेब्रो मनिस कुरा गर्दा लटपटायो ।)

लटपटिनु-क्रि.मू.। **लटपटि**-आ.धा.। अ.क्रि.; बेल्हिनु, लपेटिनु, लुटपुटिनु, अल्झनु, अलमलिनु, लऱ्याङ्बऱ्याङ हुनु, अलमलमा पर्नु, मिसिनु, छ्यासमिस हुनु, लसपस हुनु, स्त्री समागम हुनु, लटपटाउनु । **लटपट्याइ** (लटपटि+आइ), (लटपट्याउ+आइ)-भा.ना.। **लटपट्याउनु**-प्रे.क्रि./स.क्रि.; लटपटिन लाउनु, लटपटिने पार्नु, लटपट पार्नु, गीलोमा सुखा वस्तु मिसाउनु, अलमल्याउनु, बेर्नु, लपेट्नु । **लटपट्याउ**-प्रे.धा.। **लटपट्याइनु**-लटपट्याउनुको क.क्रि.। **लटपट्याइ**-भा.प्रे.धा.। **लटपटिइनु**-लटपटिनुको भा.क्रि.। **लटपटिइ**-भा.धा.। **लटपटिई, लटपटिएर, लटपटिन, लटपटिँदै, लटपटिउन्जेल, लटपटिंदाखेरि**-कृ.अ.। **लटपटिनू**-वि.। **लटपटिऊन्**-इ.। **लटपटेला**-स.। (अ.क्रि.-शिवजीको

घाँटीमा सर्प लटपटियो ।)

लट्कनु-क्रि.मू.। **लट्क**-आ.धा.। अ.क्रि.-कामकुरो बाँकी रहनु, मुद्दा-मामिला आदि नटुङ्गिई टाँगिइरहनु, तुर्लुङ्ग हुनु, झुण्डिनु, झोलिनु । **लट्काइ** (लट्क+आइ), (लट्काउ+आइ)-भा.ना.। **लट्काउनु**-प्रे.क्रि./स.क्रि.; लट्कन लाउनु, लट्कने पार्नु, अलमल्याइराख्नु, झुण्ड्याउनु, टाँग्नु, तुर्लुङ्ग पार्नु । **लट्काउ**-प्रे.धा.। **लट्काइनु**-लट्काउनुको क.क्रि.। **लट्काइ** -भा.प्रे.धा.। **लट्किनु**-लट्कनुको भा.क्रि., लट्कने होइनु । **लट्कि**-भा.धा.। **लट्की, लट्केर, लट्कन, लट्कँदै, लट्कुन्जेल, लट्कँदाखेरि**-कृ.अ.। **लट्कनू**-वि.। **लट्कून्**-इ.। **लट्कला**-स.। (अ.क्रि.-अड्डामा तीन वर्ष देखिको मुद्दा लट्क्यो ।)

लट्किनु-क्रि.मू.। **लट्कि**- आ.धा.। अ.क्रि.; लट्कनु । **लट्क्याइ** (लट्कि+आइ)-भा.ना.। **लट्क्याउनु**-प्रे.क्रि./स.क्रि.; लट्काउनु । **लट्क्याउ**-प्रे.धा.। **लट्क्याइनु** -लट्क्याउनुको क.क्रि.। **लट्किइनु**-लट्किनुको भा.क्रि.। **लट्किइ**-भा.धा.। **लट्किई, लट्किएर, लट्किन, लट्किँदै, लट्किउन्जेल, लट्किंदाखेरी**-कृ.अ.। **लट्किनू**-वि.। **लट्किऊन्**-इ.। **लट्केला**-स.। (अ.क्रि.-रूखमा चुँडिएको चङ्गा लट्कियो ।)

लट्टिनु-क्रि.मू.। **लट्टि**-आ.धा.। अ.क्रि.; लट्टा पर्नु, जमेर डल्लोपर्नु, गुजुल्टो हुनु, जोल्टिनु, दुई-तीन वस्तु टाँसिएर एक जीउ बन्नु, खुदो आदि राखेर पकाएको भात लट्टो परी जमोठ हुनु । **लट्ट्याइ** (लट्टि+आइ), (लट्ट्याउ+आइ)-भा.ना.। **लट्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; लट्टिने पार्नु, लट्टा पार्नु, जोल्ट्याएर एक जीउ बनाउनु । **लट्ट्याउ**-प्रे.धा.। **लट्ट्याइनु**-लट्ट्याउनुको क.क्रि.। **लट्ट्याइ** -भा.प्रे.धा.। **लट्टिइनु**-लट्टिनुको भा.क्रि.। **लट्टिइ**-भा.धा.। **लट्टिई, लट्टिएर, लट्टिन, लट्टिँदै, लट्टिउन्जेल, लट्टिंदाखेरि**-कृ.अ.। **लट्टिनू**-वि.। **लट्टिऊन्**-इ.। **लट्टेला**-स.। (अ.क्रि.-खुदो राखेको अनतीको चाम्रे लट्टियो ।)

लट्ठिनु-क्रि.मू.। **लट्ठि**-आ.धा.। अ.क्रि.; लट्ठ पर्नु, नशा लागेर मात्नु, मात हुनु, मोहित पार्नु, रद्द पर्नु, आलस्य आदिले ग्रस्त हुनु । **लट्ठ्याइ** (लट्ठि+आइ), (लट्ठ्याउ+आइ)-भा.ना.। **लट्ठ्याउनु**-प्रे.क्रि./स.क्रि.; नशाले लट्ठ पार्नु, मोहित तुल्याउनु, रद्द पार्नु, निद्रा आदिले ग्रस्त पार्नु । **लट्ठ्याउ**-प्रे.धा.। **लट्ठ्याइनु**-लट्ठ्याउनुको क.क्रि.। **लट्ठ्याइ** -भा.प्रे.धा.। **लट्ठिइनु**-लट्ठिनुको भा.क्रि.। **लट्ठिइ, लट्ठिएर, लट्ठिन, लट्ठिँदै, लट्ठिउन्जेल, लट्ठिंदाखेरि**-कृ.अ.। **लट्ठिनू**-वि.। **लट्ठिऊन्**-इ.। **लट्ठेला**-स.। (अ.क्रि.-मदिरा सेवन गरेको मानिस लट्ठियो ।)

लठाङ्ग्रिनु-क्रि.मू.। **लठाङ्ग्रि**-आ.धा.। अ.क्रि.; लठारिनु, जोल्टिनु, बटारिनु, बाझ्नु, जुध्नु, लड्नु, झगडा गर्नु। **लठाङ्ग्र्याइ** (लठाङ्ग्रि+आइ)-भा.ना.। **लठाङ्ग्र्याउनु** - प्रे.क्रि./स.क्रि.; लठाङ्ग्रिने पार्नु । **लठाङ्ग्र्याउ**-प्रे.धा.। **लठाङ्ग्र्याइनु**-लठाङ्ग्र्याउनुको क.क्रि.। **लठाङ्ग्र्याइ**-भा.प्रे.धा.। **लठाङ्ग्रिइनु** -लठाङ्ग्रिनुको भा.क्रि.। **लठाङ्ग्रिइ**-भा.धा.। **लठाङ्ग्रिई, लठाङ्ग्रिएर, लठाङ्ग्रिन, लठाङ्ग्रिँदै, लठाङ्ग्रिउन्जेल, लठाङ्ग्रिंदाखेरि**-कृ.अ.। **लठाङ्ग्रिनू**- वि.। **लठाङ्ग्रिऊन्**-इ.। **लठाङ्ग्रेला**-स.। (अ.क्रि.-गुमाने र धनजिते एकआपसमा लठाङ्ग्रिए ।)

लठारिनु-क्रि.मू.। **लठारि**-आ.धा.। अ.क्रि.; लठारोझै बटारिनु, जोल्टिनु, बाटिनु, झगडा गर्नु, लठाङ्ग्रिनु । **लठ्याइ** (लठारि+आइ) भा.ना.। **लठ्याउनु**-प्रे.क्रि./स.क्रि.; लठारिने पार्नु, लठङ्ग्र्याउनु । **लठ्याउ**-प्रे.धा.। **लठ्याइनु**-लठ्याउनुको क.क्रि.। **लठ्याइ**-भा.प्रे.धा.। **लठारिइनु**-लठारिनुको भा.क्रि.। **लठारिइ**-भा.धा.। **लठारिई, लठारिएर, लठारिन, लठारिँदै, लठारिउन्जेल, लठारिंदाखेरि**-कृ.अ.। **लठारिनू**-वि.। **लठारिऊन्**-इ.। **लठारेला**-स.। (अ.क्रि.-लिङ्गेपिङको डोरी लठारियो।)

लडखडाउनु-क्रि.मू.। **लडखडाउ**-आ.धा.। अ.क्रि.; धर्मराउनु, लरखराउनु । **लडखडाइ** (लडखडाउ+आइ)-भा.ना.। **लडखडाइनु**-लडखडाउनुको भा.क्रि.। **लडखडाइ**-भा.धा.। **लडखडाई, लडखडाएर, लडखडाउन, लडखडाउँदै, लडखडाउन्जेल, लडखडाउँदाखेरि**-कृ.अ.। **लडखडाउनू**-वि.। **लडखडाऊन्**-इ.। **लडखडाउला**-स.। (अ.क्रि.-लैनू पाडो हिंड्दा लडखडायो ।)

लडबडाउनु-क्रि.मू.। **लडबडाउ**-आ.धा.। अ.क्रि.; उभिन नसकी धर्मराउनु, हिंड्दा लड्न खोज्नु, लरबरिनु, लकपकाउनु, धकाउनु । **लडबडाइ** (लडबडाउ+आइ)-भा.ना.। **लडबडाइनु**-लडबडाउनुको भा.क्रि.। **लडबडाइ**-भा.धा.। **लडबडाई, लडबडाएर, लडबडाउन, लडबडाउँदै, लडबडाउन्जेल, लडबडाउँदाखेरि**-कृ.अ.। **लडबडाउनू**-वि.। **लडबडाऊन्**-इ.। **लडबडाउला**-स.। (अ.क्रि.-हिंड्न खोज्दा बच्चा लडबडायो ।)

लडबडिनु-क्रि.मू.। **लडबडि**-आ.धा.। अ.क्रि.; लडबडाउनु। **लडबड्याइ** (लडबडि+आइ)-भा.ना.। **लडबड्याउनु**-प्रे.क्रि./स.क्रि.; लडबडिने पार्नु । **लडबड्याउ**-प्रे.धा.।

लडबड्याइनु-लडबड्याउनुको क.क्रि.। **लडबड्याइ**-भा.प्रे.धा.। **लडबडिइनु**-लडबडिनुको भा.क्रि.। **लडबडिइ**-भा.धा.। **लडबडिई, लडबडिएर, लडबडिन, लडबडिँदै, लडबडिउन्जेल, लडबडिंदाखेरि**-कृ.अ.। **लडबडिनू**-वि.। **लडबडिऊन्**-इ.। **लडबडेला**-स.। (अ.क्रि.-जँड्याहा हिंड्दा लडबडियो ।)

लडबुडिनु-क्रि.मू.। **लडबुडि**-आ.धा.। अ.क्रि.; पल्टनबाजी खानु, गुड्नु, लडीबुडी गर्नु, लुडबुडिनु । **लडबुड्याइ** (लडबुडि+आइ); (लडबुड्याउ+आइ) भा.ना.। **लडबुड्याउनु**-प्रे.क्रि./स.क्रि.; लुडबुड्याउनु । **लडबुड्याउ**-प्रे.धा.। **लडबुडिइनु** -लडबुडिनुको भा.क्रि.। **लडबुडिइ**-भा.धा.। **लडबुडिई, लडबुडिएर, लडबुडिन, लडबुडिँदै, लडबुडिउन्जेल, लडबुडिंदाखेरि**-कृ.अ.। **लडबुडिनू**-वि.। **लडबुडिऊन्**-इ.। **लडबुडेला**-स.। (अ.क्रि.-बच्चा उभिन लाग्दा धरमराएर लडबुडियो ।)

लड्नु-क्रि.मू.। **लड्**-आ.धा.। अ.क्रि.; पल्टनु, पछारिनु, लोट्नु, सुत्नु, लेट्नु । स.क्रि.; लडाईं गर्नु, युद्ध गर्नु, झगडा गर्नु, जुध्नु । **लडाइ** (लड्+आइ), (लडाउ+आइ), **लडाईं** (लड्+आईं), (लडाउ+आईं)-भा.ना.। **लडाउनु**-प्रे.क्रि./स.क्रि.; लड्न लाउनु, लड्ने पार्नु, झगडा पार्नु, पल्टाउनु, जुधाउनु, सुताउनु, लडन्त गराउनु, भिडाउनु । **लडाउ**-प्रे.धा.। **लडाइनु**-लडाउनुको क.क्रि.। **लडाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **लडिनु**-लड्नुको भा.क्रि./क.क्रि.। **लडि**-भा.धा./क.धा.। **लडी, लडेर, लड्न, लड्दै, लडुन्जेल, लड्दाखेरि**-कृ.अ.। **लड्नू**-वि.। **लडून्**-इ.। **लड्ला**-स.। (अ.क्रि.-बालख भऱ्याङबाट लड्यो । स.क्रि.-सिपाहीले युद्ध लड्यो ।)

लण्डिनु-क्रि.मू.। **लण्डि**-आ.धा.। अ.क्रि.; अलपत्र पर्नु, असफल हुनु, गुल्टिनु, रल्लिनु, लन्ठिनु, निरुद्योगी हुनु, हिस्सिनु, गुड्नु लडिबुडी गर्नु, लन्डिनु । **लण्ड्याइ** (लण्डि+आइ), (लण्ड्याउ+आइ)-भा.ना.। **लण्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; लण्डिने तुल्याउनु, अलपत्र पार्नु, असफल पार्नु, लडाउनु, गुल्ट्याउनु । **लण्ड्याउ**-प्रे.धा.। **लण्ड्याइनु**-लण्ड्याउनुको क.क्रि.। **लण्ड्याइ**-भा.प्रे.धा.। **लण्डिइनु**-लण्डिनुको भा.क्रि.। **लण्डिइ**-भा.धा.। **लण्डिई, लण्डिएर, लण्डिन, लण्डिँदै, लण्डिउन्जेल, लण्डिंदाखेरि**-कृ.अ.। **लण्डिनू**-वि.। **लण्डिऊन्** इ.। **लण्डेला**-स.। (अ.क्रि.-घरखेत गरेर अरब पुगेको राम बहादुर काम नपाएर उसै लण्डियो ।)

लतपतिनु-क्रि.मू.। **लतपति**-आ.धा.। अ.क्रि.; लतपत हुनु, लतपत भई पोतिनु, लिपिनु, घसारिनु, लेपिनु । **लतपत्याइ** (लतपति+आइ)-भा.ना.। **लतपत्याउनु**-प्रे.क्रि./स.क्रि.; तलपत पार्नु । **लतपत्याउ**-प्रे.धा.। **लतपत्याइनु**-लतपत्याउनुको क.क्रि.। **लतपत्याइ**-भा.प्रे.धा.। **लतपतिइनु**-लतपतिनुको भा.क्रि.। **लतपतिइ**-भा.धा.। **लतपतिई, लतपतिएर, लतपतिन, लतपतिँदै, लतपतिउन्जेल, लतपतिंदाखेरि**-कृ.अ.। **लतपतिनू**-वि.। **लतपतिऊन्**-इ.। **लतपतेला**-स.। (अ.क्रि.-बल बहादुरको लेखाइमा मसी लतपतियो ।)

लतपताउनु-क्रि.मू.। **लतपताउ**-आ.धा.। अ.क्रि.; लतपत हुनु, लतपतिनु । **लतपताइ** (तलपताउ+आइ)-भा.ना.। **तलपताइनु**-लतपताउनुको भा.क्रि.। **लतपताइ**-भा.धा.। **लतपताई, लतपताएर, लतपताउन, लतपताउँदै, लतपताउन्जेल, लतपताउँदाखेरि**-कृ.अ.। **लतपताउनू**-वि.। **लतपताऊन्**-इ.। **लतपताउला**-स. (अ.क्रि.- चित्रमा रङ लतपतायो ।)

लतार्नु-क्रि.मू.। **लतार्**-आ.धा.। अ.क्रि.; घस्रने गरी बलजफ्ती तान्नु, घिसार्नु, घिच्याउनु, गिराउनु, पछार्नु, निहुराउनु, लटपटाउनु, नुहाउनु, निहुराउनु, घिउतेलमा सागपात ओछ्याएर पकाउनु, घिच्नु । **लतराइ** (लतार्+आइ)-भा.ना.। **लतारिनु**-लतार्नुको क.क्रि.। **लतारि**-क.धा.। **लतारी, लतारेर, लतार्न, लतार्दै, लतारुन्जेल, लतार्दाखेरि**-कृ.अ.। **लतार्नू**-वि.। **लतारून्**-इ.। **लतार्ला**-स.। (अ.क्रि.-हुरी-बतासले बारीको मकै सबै लतार्‍यो ।)

लतारिनु-क्रि.मू.। **लतारि**-आ.धा.। अ.क्रि.; पछारिनु, घिउ-तेलमा साग-पात आदि पाक्नु । **लतऱ्याइ** (लतारि+आइ), (लतऱ्याउ-आइ) भा.ना.। **लतऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; लतारिने पार्नु, घिस्स्याउनु, लत्र्याउनु, पछार्नु । **लतऱ्याउ**-प्रे.धा.। **लतऱ्याइनु**- लतऱ्याउनुको क.क्रि.। **लतऱ्याइ**-भा.प्रे.धा.। **लतारिइनु**-लतारिनुको भा.क्रि.। **लतारिइ**-भा.धा.। **लतारिई, लतारिएर, लतारिन, लतारिँदै, लतारिउन्जेल, लतारिंदाखेरि**-कृ.अ.। **लतारिनू**-वि.। **लतारिऊन्**-इ.। **लतारेला**-स.। (अ.क्रि.-रामे हिलोमा लतारियो ।)

लत्कनु-क्रि.मू.। **लत्क**-आ.धा.। अ.क्रि.; लेदो वस्तु चुहुनु, गिलो पदार्थ बग्नु, छाला वा बोक्रा निस्किनु । **लत्काइ** (लत्क+आइ), (लत्काउ+आइ)-भा.ना.। **लत्काउनु**-प्रे.क्रि./स.क्रि.; लत्कन लाउनु, चुहाउनु, बिस्ट्याउनु, मल त्याग गर्नु । **लत्काउ** -प्रे.धा.। **लत्काइनु**-लत्काउनुको क.क्रि.। **लत्काइ**-भा.प्रे.धा.। **लत्किनु**-लत्कनुको भा.क्रि.; चुहिनु । **लत्कि**-भा.धा.। **लत्की, लत्केर, लत्कन, लत्कँदै,**

लत्कुन्जेल, लत्कँदाखेरि-कृ.अ.। **लत्कनू**- वि.। **लत्कून्** - इ.। **लत्कला**- स.। (अ.क्रि.-अल्लोको डाँठबाट सबै बोक्रा लत्क्यो ।)

लत्किनु-क्रि.मू.। **लत्कि**-आ.धा.। अ.क्रि.; लत्कनु, चुहिनु । **लत्क्याइ** (लत्कि+आइ)-भा.ना.। **लत्क्याउनु**-प्रे.क्रि./ स.क्रि.; लत्किने पार्नु, लत्काउनु । **लत्क्याउ**-प्रे.धा.। **लत्क्याइनु**-लत्क्याउनुको क.क्रि.। **लत्क्याइ**-भा.प्रे.धा.। **लत्किइनु**-लत्किनुको भा.क्रि.। **लत्किइ**-भा.धा.। **लत्किई, लत्किएर, लत्किन, लत्किँदै, लत्किउन्जेल, लत्किंदाखेरि**-कृ.अ.। **लत्किनू**-वि.। **लत्किऊन्**-इ.। **लत्केला**-स.। (अ.क्रि.-बच्चाको नाकबाट सिंगान लत्कियो ।)

लत्तिनु-क्रि.मू.। **लत्ति**-आ.धा.। अ.क्रि.; जानी-नजानी कुनै वस्तु माथि लात लाग्नु, असावधानीका कारणले कुनै व्यक्तिमाथि गोडाले छुनु, लात्तीले हानिनु, लात्तिनु, उपेक्षित हुनु, पराजित हुनु । **लत्त्याइ** (लत्ति+आइ), (लत्त्याउ+आइ)-भा.ना.। **लत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; लात्ती लाउनु, लात्तीले हिर्काउनु, लातले हान्नु, हार खुवाउनु । **लत्त्याउ**-प्रे.धा.। **लत्त्याइनु**-लत्त्याउनुको क.क्रि.। **लत्त्याइ**-भा.प्रे.धा.। **लत्तिइनु**-लत्तिनुको भा.क्रि.। **लत्तिइ**-भा.धा.। **लत्तिई, लत्तिएर, लत्तिन, लत्तिँदै, लत्तिउन्जेल, लत्तिंदाखेरि**-कृ.अ.। **लत्तिनू**-वि.। **लत्तिऊनु** -इ.। **लत्तेला**-स.। (अ.क्रि.-पाप नलागोस् है, तपाईंको जीउमा भुक्किएर लत्तियो ।)

लत्रनु-क्रि.मू.। **लत्र**-आ.धा.। अ.क्रि.; पस्रनु, शरणमा पर्नु, विवश हुनु, लाचार हुनु, अभिमान त्यागी नम्र बन्नु, निहुरनु, झुक्नु, नुहुनु, झुन्डिनु, झोलिनु । **लत्राइ** (लत्र+आइ), (लत्राउ+आइ)-भा.ना.। **लत्राउनु**-प्रे.क्रि./ स.क्रि.; झुकाउनु, निहुराउनु, लाचार पार्नु, विवश गराउनु, लतार्नु । **लत्राउ**-प्रे.धा.। **लत्राइनु**-लत्राउनुको क.क्रि.। **लत्राइ**-भा.प्रे.धा.। **लत्रिनु**-लत्रनुको भा.क्रि.। **लत्रि**-भा.धा.। **लत्री, लत्रेर, लत्रँदै, लत्रन, लत्रुन्जेल, लत्रँदाखेरि**-कृ.अ.। **लत्रनू**-वि.। **लत्रून्**-इ.। **लत्रला**-स.। (अ.क्रि.-गोरखाली परीको पछ्यौरा भूइँमा लत्र्यो ।)

लदिनु-क्रि.मू.। **लदि**-आ.धा.। अ.क्रि.; धसिनु, रगडिनु, जोतिनु, अर्काको भार हुनु, गह्रौं भारी बोक्नु । **लद्याइ** (लदि+आइ)-भा.ना.। **लद्याउनु**-प्रे.क्रि./स.क्रि.; लदाउनु। **लद्याउ**-प्रे.धा.। **लद्याइनु**-लद्याउनुको क.क्रि.। **लद्याइ**-भा.प्रे.धा.। **लदिइनु**-लदिनुको भा.क्रि.। **लदिइ**-भा.धा.। **लदिई, लदिएर, लदिन, लदिँदै, लदिउन्जेल, लदिंदाखेरि**-कृ.अ.। **लदिनू**-वि.। **लदिऊन्**-इ.। **लदेला**-स.। (अ.क्रि.-गदा भारी बोक्नका निमित्त लदियो ।)

लन्ठिनु-लन्ठि-आ.धा.। अ.क्रि.; विनाकाममा हल्लिरहनु, कुनै व्यवसाय नगरी थन्किरहनु, अलपत्र पर्नु । **लन्ठ्याइ** (लन्ठि+आइ), (लन्ठ्याउ+आइ)-भा.ना.। **लन्ठ्याउनु** -प्रे.क्रि./स.क्रि.; लन्ठिने पार्नु । **लन्ठ्याउ**-प्रे.धा.। **लन्ठ्याइनु**-लन्ठ्याउनुको क.क्रि.। **लन्ठ्याइ**-भा.प्रे.धा.। **लन्ठिइनु**-लन्ठिनुको भा.क्रि.। **लन्ठिइ**-भा.धा.। **लन्ठिई, लन्ठिएर, लन्ठिन, लन्ठिँदै, लन्ठिउन्जेल, लन्ठिंदाखेरि**-कृ.अ.। **लन्ठिनू**-वि.। **लन्ठिऊन्**-इ.। **लन्ठेला**-स.। (अ.क्रि.-विदेश पसेका नेपालीहरू काम नपाएर लन्ठिए ।)

लन्डिनु-क्रि.मू.। **लन्डि**-आ.धा.। अ.क्रि.; गुड्नु, असफल हुनु, गुल्टिनु, लन्ठिनु । **लन्ड्याइ** (लन्डि+आइ), (लन्ड्याउ+आइ)-भा.ना.। **लन्ड्याउनु**-प्रे.क्रि./स.क्रि.; लन्डिने पार्नु, अलपत्र पार्नु, लन्ठ्याउनु । **लन्ड्याउ**-प्रे.धा.। **लन्ड्याइनु**-लन्ड्याउनुको क.क्रि.। **लन्ड्याइ**-भा.प्रे.धा.। **लन्डिइनु**-लन्डिनुको भा.क्रि.। **लन्डिइ**-भा.धा.। **लन्डिई, लन्डिएर, लन्डिन, लन्डिँदै, लन्डिउन्जेल, लन्डिंदाखेरि**-कृ.अ.। **लन्डिनू**-वि.। **लन्डिऊन्** इ.। **लन्डेला**-स.। (अ.क्रि.-एस.एल.सी.मा धेरै विद्यार्थीहरू लन्डिए ।)

लपेट्नु-क्रि.मू.। **लपेट्** -आ.धा.। स.क्रि.; बेर्नु, गुट्मुट् पार्नु, फेरो मार्नु, अँगालो हाल्नु, लखेट्नु, दपेट्नु । **लपेटाइ** (लपेट्+आइ), (लपेटाउ+आइ)-भा.ना.। **लपेट्वा** (लपेट्+उवा)-विशे.। **लपेटाउनु**-प्रे.क्रि./स.क्रि.; लपेट्न लाउनु । **लपेटाउ**-प्रे.धा.। **लपेटाइनु**-लपेटाउनुको क.क्रि.। **लपेटाइ**-क.प्रे.धा.। **लपेटिनु**-लपेट्नुको क.क्रि.। **लपेटि**-क.धा.। **लपेटी, लपेटेर, लपेट्न, लपेट्तै, लपेटुन्जेल, लपेट्दाखेरि**-कृ.अ.। **लपेट्नू**-वि.। **लपेटून्**-इ.। **लपेट्ला**-स.। (स.क्रि.-हलीले गोरुलाई लपेट्यो ।)

लपलपाउनु-क्रि.मू.। **लपलपाउ**-आ.धा.। स.क्रि.; खाने इच्छा गरेर जिब्रो बाहिर निकाल्नु, लपलप गरी चाट्नु, स्वादिला खानेकुरा देखेर औधि लोभ जाग्नु । **लपलपाइ** (लपलपाउ + आइ)-भा.ना.। **लपलपाइनु**-लपलपाउनुको क.क्रि.। **लपलपाइ**-क.धा.। **लपलपाई, लपलपाएर, लपलपाउन, लपलपाउँदै, लपलपाउन्जेल, लपलपाउँदाखेरि**-कृ.अ.। **लपलपाउनू**-वि.। **लपलपाऊन्**-इ.। **लपलपाउला**-स.। (स.क्रि.-कुकुरले खोले लपलपायो।)

लप्कनु-क्रि.मू.। **लप्क**-आ.धा.। स.क्रि.; खूब खानु, ठगी गर्नु, चाटेर खानु, ठगेर खानु । **लप्काइ** (लप्क+आइ), (लप्काउ+आइ)-भा.ना.। **लप्काउनु**-प्रे.क्रि./स.क्रि.; लप्कने तुल्याउनु, ठग-ठाग पारी खानु, चाटचुट पार्नु । **लप्काउ**-प्रे.धा.। **लप्काइनु**-लप्काउनुको क.क्रि.। **लप्काइ**-

क.प्रे.धा.। **लप्किनु** -लप्कनुको क.क्रि.। **लप्कि**-क.धा.। **लप्की, लप्केर,, लप्कन, लप्कँदै, लप्कुन्जेल, लप्कँदाखेरि**-कृ.अ.। **लप्कनू**-वि.। **लप्कून्**-इ.। **लप्कला**-स.। (स.क्रि.-भञ्ज्याडी मालिकले धेरै मानिसको सम्पत्ति लप्क्यो ।)

लफलफाउनु-क्रि.मू.। **लफलफाउ**-आ.धा.। अ.क्रि.; कपडा भिजी शरीरमा टाँसिनु, लफलफ हुनु, निथुक्क हुनु, पानीले बेसरी भिज्नु । **लफलफाइ** (लफलफाउ+आइ)-भा.ना.। **लफलफाइनु**-लफलफाउनुको भा.क्रि.। **लफलफाइ**-भा.धा.। **लफलफाई, लफलफाएर, लफलफाउन, लफलफाउँदै, लफलफाउन्जेल, लफलफाउँदाखेरि**-कृ.अ.। **लफलफाउनू**-वि.। **लफलफाऊन्**-इ.। **लफलफाउला**-स.। (अ.क्रि.-झरीमा निथुक्क भिज्नाले कमिज जीउमा लफलफायो ।)

लबट्याउनु-क्रि.मू.। **लबट्याउ**-आ.धा.। स.क्रि.; गप्क्याउनु, गाँस हालेर धमाधम खानु, थप्प्याउनु, लबटाले हान्नु । **लबट्याइ** (लबट्याउ+आइ)-भा.ना.। **लबट्याइनु**-लबट्याउनुको क.क्रि.। **लबट्याइ**-क.धा.। **लबट्याई, लबट्याएर, लबट्याउन, लबट्याउँदै, लबट्याउन्जेल, लबट्याउँदाखेरि**- कृ.अ.। **लबट्याउनू**-वि.। **लबट्याऊन्**-इ.। **लबट्याउला**-स.। (स.क्रि.-भाइले बहिनीलाई लबट्यायो ।)

लमिनु-क्रि.मू.। **लमि** -आ.धा.। अ.क्रि ; लामो हुनु, लम्बिनु । **लम्याइ** (लमि+आइ), (लम्याउ+आइ)-भा.ना.। **लम्याउनु**-प्रे.क्रि./स.क्रि.; लामो बनाउनु, लमिने पार्नु । **लम्याउ**-प्रे.धा.। **लम्याइनु**-लम्याउनुको क.क्रि.। **लम्याइ**-भा.प्रे.धा.। **लमिइनु**-लमिनुको भा.क्रि.। **लमिइ**-भा.धा.। **लमिई, लमिएर, लमिन, लमिँदै, लमिउन्जेल, लमिंदाखेरि**-कृ.अ.। **लमिनू**-वि.। **लमिऊन्**-इ.। **लमेला**-स.। (अ.क्रि.-काम बिग्रिनाले बाटो लमियो ।)

लम्कनु-क्रि.मू.। **लम्क** -आ.धा.। अ.क्रि.; छिटो-छिटो पाइला चाली हिंड्नु, लमकलमक हिंड्नु, लस्कनु । स.क्रि.; कुनै कुरा टिप्न वा खान तन्कनु । **लम्काइ** (लम्क+आइ), (लम्काउ+आइ)-भा.ना.। **लम्काउनु**-प्रे.क्रि./स.क्रि.; लम्कन लाउनु, छिटो हिंड्न लाउनु, हिंड्दा हात-गोडा आदि छिटो-छिटो चलाउनु, हात-गोडा आदि तन्काएर फैलाउनु । **लम्काउ** -प्रे.धा.। **लम्काइनु**-लम्काउनुको क.क्रि.। **लम्काइ**-भा.प्रे.धा./क.प्रे.धा.। **लम्किनु**-लम्कनुको भा.क्रि./क.क्रि.। **लम्कि**-भा.धा./क.धा.। **लम्की, लम्केर, लम्कन, लम्कँदै, लम्कुन्जेल, लम्कँदाखेरि**-कृ.अ.। **लम्कनू**-वि.। **लम्कून्**-इ.। **लम्कला**-स.। **लम्काई, लम्काएर, लम्काउन, लम्काउँदै, लम्काउन्जेल, लम्काउँदाखेरि**-कृ.अ.। **लम्काउनू**-वि.। **लम्काऊन्**-इ.। **लम्काउला**-स.। (अ.क्रि.- तराईमा हात्ती लम्क्यो । स.क्रि.-गाईले घाँस लम्क्यो ।)

लम्किनु-क्रि.मू.। **लम्कि**-आ.धा.। अ.क्रि./स.क्रि.; लम्कनु। **लम्क्याइ** (लम्कि+आइ)-भा.ना.। **लम्किइनु**-लम्किनुको भा.क्रि./क.क्रि.; । **लम्किइ**-भा.धा./क.धा.। **लम्किई, लम्किएर, लम्किन, लम्किँदै, लम्किउन्जेल, लम्किंदाखेरि**-कृ.अ.। **लम्किनू**-वि.। **लम्किऊन्**-इ.। **लम्केला**-स.। (स.क्रि.-भैंसीले घाँस लम्कियो । अ.क्रि.-चार बजेपछि कर्मचारीहरू घरतिर लम्किए ।)

लम्चिनु-क्रि.मू.। **लम्चि**-आ.धा.। अ.क्रि.; लम्मिनु, लाम्चो हुनु, तन्कनु । **लम्च्याइ** (लम्चि+आइ), (लम्च्याउ+आइ)-भा.ना.। **लम्च्याउनु** -प्रे.क्रि./स.क्रि.; लाम्चो पार्नु, तन्काउनु, केही लम्ब्याउनु । **लम्च्याउ**-प्रे.धा.। **लम्च्याइनु**-लम्च्याउनुको क.क्रि.। **लम्च्याइ**-भा.प्रे.धा.। **लम्चिइनु**-लम्चिनुको भा.क्रि.। **लम्चिइ**-भा.धा.। **लम्चिई, लम्चिएर, लम्चिन, लम्किँदै, लम्चिउन्जेल, लम्चिंदाखेरि**-कृ.अ.। **लम्चिनू**-वि.। **लम्चिऊन्**-इ.। **लम्चेला**-स.। (अ.क्रि-पृथ्वीनारायण शाहको एकीकरणपछि नेपालको नक्शा लम्चियो ।)

लम्बिनु-क्रि.मू.। **लम्बि**-आ.धा.। अ.क्रि.; लामो हुनु, लम्बिनु, बिलम्ब हुनु, ढिलो हुनु, टाँगिनु, तानिनु, तन्कनु । **लम्ब्याइ** (लम्बि+आइ), लम्ब्याउ+आइ)-भा.ना.। **लम्ब्याउनु** -प्रे.क्रि./स.क्रि.; लामो पार्नु, लम्म्याउनु । **लम्ब्याउ**- प्रे.धा.। **लम्ब्याइनु**-लम्ब्याउनुको क.क्रि.। **लम्ब्याइ**-भा.प्रे.धा.। **लम्बिइनु**-लम्बिनुको भा.क्रि.। **लम्बिइ**-भा.धा.। **लम्बिई, लम्बिएर, लम्बिन, लम्बिँदै, लम्बिउन्जेल, लम्बिंदाखेरि**-कृ.अ.। **लम्बिनू**- -वि.। **लम्बिऊन्**-इ.। **लम्बेला**-स.। (अ.क्रि.-डुम्रे-बेसीशहरको सडक योजना पंचायतको जन्मदेखि मृत्युसम्म लम्बियो।)

लम्मिनु-क्रि.मू.। **लम्मि**-आ.धा.। अ.क्रि.; लम्बिनु । **लम्म्याइ** (लम्मि+आइ), (लम्म्याउ+आइ)-भा.ना.। **लम्म्याउनु**-प्रे.क्रि./स.क्रि.; लम्ब्याउनु, लामो पार्नु, टँगाउनु, ढिलो गर्नु । **लम्म्याउ**-प्रे.धा.। **लम्म्याइनु**-लम्म्याउनुको क.क्रि.। **लम्म्याइ**-भा.प्रे.धा.। **लम्मिइनु**-लम्मिनुको भा.क्रि.। **लम्मिइ**-भा.धा.। **लम्मिई, लम्मिएर, लम्मिन, लम्मिँदै, लम्मिउन्जेल, लम्मिंदाखेरि**-कृ.अ.। **लम्मिनू**-वि.। **लम्मिऊन्**-इ.। **लम्मेला**-स. । (अ.क्रि.-बिस्तारै बिस्तारै राजमार्गहरू लम्मिए ।)

लरखराउनु-क्रि.मू.। **लरखराउ**-आ.धा.। अ.क्रि.; लरखर

हुनु, लरखराउनु, लरखरिनु, बेकाममा हिंड्नु, अलमलिएर हिंड्नु । **लरखराइ** (लरखराउ+आइ), **लरखराहट** (लरखराउ+आहट)-भा.ना.। **लरखराइनु**-लरखराउनुको भा.क्रि.। **लरखराइ**-भा.धा.। **लरखराई, लरखराएर, लरखराउन, लरखराउँदै, लरखराउन्जेल, लरखराउँदाखेरि**-कृ.अ.। **लरखराउनू**-वि.। **लरखराऊन्**-इ.। **लरखराउला**-स.। (अ.क्रि.-काम नपाएका मानिसहरू सडकमा लरखराए ।)

लरखरिनु-क्रि.मू.। **लरखरि** आ.धा.। अ.क्रि.; लरखराउनु। **लरखऱ्याइ** (लरखरि+आइ), (लरखऱ्याउ+आइ), **लरखऱ्याहट** (लरखऱ्याउ+आहट)-भा.ना.। **लरखऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; अलमल्याउनु, बहकाउनु । **लरखऱ्याउ**-प्रे.धा.। **लरखऱ्याइनु**-लरखऱ्याउनुको क.क्रि.। **लरखऱ्याइ**-भा.प्रे.धा.। **लरखरिइनु**-लरखरिनुको भा.क्रि.। **लरखरिइ**-भा.धा.। **लरखरिई, लरखरिएर, लरखरिन, लरखरिँदै, लखरिउन्जेल, लरखरिंदाखेरि**-कृ.अ.। **लरखरिनू**-वि.। **लरखरिऊन्**-इ.। **लरखरेला**-स.। (अ.क्रि.-हिंड्दाहिंड्दै मेरो बाँया खुट्टा लरखरियो ।)

लरबराउनु-क्रि.मू.। **लरबराउ**-आ.धा.। अ.क्रि.; धक आदिले बोली लटपटिनु, लडबडाउनु, बेकाममा यताउति हिंड्नु, लरखराउनु, कमजोरी आदिले गोडा काम्नु । **लरबराइ** (लरबराउ+आइ)-भा.ना.। **लरबराइनु** -लरबराउनुको भा.क्रि.। **लरबराइ**-भा.धा.। **लरबराई, लरबराएर, लरबराउन, लरबराउँदै, लरबराउन्जेल, लरबराउँदाखेरि**-कृ.अ.। **लरबराउनू**-वि.। **लरबराऊन्**-इ.। **लरबराउला**-स.। (अ.क्रि.-ती बृद्धको गोडा लरबरायो ।)

लरबरिनु-क्रि.मू.। **लरबरि**-आ.धा.। अ.क्रि.; लरबराउनु, लऱ्याङबऱ्याङ हुनु, लटपटिनु । **लरबऱ्याइ** (लरबरि+आइ), (लरबऱ्याउ+आइ)-भा.ना.। **लरबऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; लरबरिने पार्नु, अलमल्याउनु, लटपट्याउनु । **लरबऱ्याउ**-प्रे.धा.। **लरबऱ्याइनु**-लरबऱ्याउनुको क.क्रि.। **लरबऱ्याइ**-भा.प्रे.धा.। **लरबरिइनु**-लरबरिनुको भा.क्रि.। **लरबरिइ**-भा.धा. । **लरबरिई, लरबरिएर, लरबरिन, लरबरिँदै, लरबरिउन्जेल, लरबरिंदाखेरि**-कृ.अ.। **लरबरिनू**-वि.। **लरबरिऊन्**-इ.। **लरबरेला**-स.। (अ.क्रि: -त्यो सडकमा दिनभरि लरबरियो ।)

लर्कनु-क्रि.मू.। **लर्क**-आ.धा.। अ.क्रि.; लट्कनु, झुन्डिनु, झोलिनु, निष्फल भएर फर्कनु । **लर्काइ** (लर्क+आइ), (लर्काउ+आइ)-भा.ना.। **लर्काउनु**-प्रे.क्रि./स.क्रि.; लट्काउनु, झुन्डयाउनु, नुहाउनु, हिस्स्याएर फर्काउनु । **लर्काउ**-प्रे.धा.। **लर्काइनु** -लर्काउनुको क.क्रि.। **लर्काइ** -भा.प्रे.धा.। **लर्किनु**-लर्कनुको भा.क्रि.। **लर्कि** -भा.धा.। **लर्की, लर्केर, लर्कन, लर्कँदै, लर्कुन्जेल, लर्कँदाखेरि**-कृ.अ.। **लर्कनू**-वि.। **लर्कून्**-इ.। **लर्कला**-स.। (अ.क्रि.-गुरूङ्सेनी दिदीका कानमा च्याप्टे सुन लर्के ।)

लर्किनु-क्रि.मू.। **लर्कि**-आ.धा.। अ.क्रि.; लर्कनु, लट्किनु । **लर्क्याइ** (लर्कि+आइ)-भा.ना.। **लर्किइनु**-लर्किनुको भा. क्रि । **लर्किइ**-भा.धा.। **लर्किइ, लर्किएर, लर्किन, लर्किँदै, लर्किउन्जेल, लर्किँदाखेरि**-कृ.अ.। **लर्किनू**-वि.। **लर्किऊन्**-इ.। **लर्केला**-स.। (अ.क्रि.-सोमनाथ जूवा हारेर लर्कियो ।)

लर्खराउनु-क्रि.मू.। **लर्खराउ**-आ.धा.। अ.क्रि.; लरखराउनु। **लर्खराइ** (लर्खराउ+आइ)-भा.ना.। **लर्खराइनु**-लर्खराउनुको भा.क्रि.। **लर्खराइ**-भा.धा.। **लर्खराई, लर्खराएर, लर्खराउन, लर्खराउँदै, लर्खराउन्जेल, लर्खराउँदाखेरि**-कृ.अ.। **लर्खराउनू**- वि.। **लखराऊन्**-इ.। **लर्खराउला**-स.। (अ.क्रि.-तिनीहरू दिनभर जात्रामा लर्खराए ।)

लर्खरिनु-क्रि.मू.। **लर्खरि**-आ.धा.। अ.क्रि.; लरखरिनु । **लर्खऱ्याइ** (लर्खरि+आइ), (लर्खऱ्याउ+आइ)-भा.ना.। **लर्खऱ्याउनु**-प्रे.क्रि./स.क्रि. लरखराउनु । **लर्खऱ्याउ**-प्रे.धा.। **लर्खऱ्याइनु**-लर्खऱ्याउनुको क.क्रि.। **लर्खऱ्याइ**-भा.प्रे.धा.। **लर्खरिइनु**- लर्खरिनुको भा.क्रि.। **लर्खरिइ**-भा.धा.। **लर्खरिई, लर्खरिएर, लर्खरिन, लर्खरिँदै, लर्खरिउन्जेल, लर्खरिंदाखेरि**-कृ.अ.। **लर्खरिनू**-वि.। **लर्खरिऊन्**-इ.। **लर्खरेला**-स.। (अ.क्रि.-चिप्लिएर बिमलमान लर्खरियो ।)

लर्बराउनु-क्रि.मू.। **लर्बराउ**-आ.धा.। अ.क्रि.;लरबराउनु । **लर्बराइ** (लर्बराउ+आइ)-भा.ना.। **लर्बराइनु**-लर्बराउनुको भा.क्रि.। **लर्बराइ**-भा.धा.। **लर्बराई, लर्बराएर, लर्बराउन, लर्बराउँदै, लर्बराउन्जेल, लर्बराउँदाखेरि**-कृ.अ.। **लर्बराउनू**-वि.। **लर्बराऊन्**-इ.। **लर्बराउला**-स.। (अ.क्रि.-थाँक्रोमा स्कुसका मुन्टाहरू लर्बराए ।)

लर्बरिनु-क्रि.मू.। **लर्बरि**-आ.धा.। अ.क्रि.; लरबरिनु । **लर्बऱ्याइ** (लर्बरि+आइ), (लर्बऱ्याउ+आइ)-भा.ना.। **लर्बऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; लरबऱ्याउनु । **लर्बऱ्याउ** -प्रे.धा.। **लर्बऱ्याइनु**-लर्बऱ्याउनुको क.क्रि.। **लर्बऱ्याइ**-भा.प्रे.धा.। **लर्बरिइनु**-लर्बरिनुको भा.क्रि.। **लर्बरिइ**-भा.धा.। **लर्बऱ्याई, लर्बऱ्याएर, लर्बऱ्याउन, लर्बऱ्याउँदै, लर्बऱ्याउन्जेल, लर्बऱ्याउँदाखेरि** -कृ.अ.। **लर्बऱ्याउनू**-वि.। **लर्बऱ्याऊन्**-इ.। **लर्बऱ्याउला**-स.। **लर्बरिई, लर्बरिएर, लर्बरिन, लर्बरिँदै, लर्बरिउन्जेल, लर्बरिंदाखेरि**-कृ.अ.।

लर्बरिनू-वि.। **लर्बरिऊन्**-इ.। **लर्बरेला**-स.। (अ.क्रि.- केटाकेटीहरू विद्यालय नगई रमाइलो मेलातिर लर्बरिए।)

ललकार्नु-क्रि.मू.। **ललकार्**-आ.धा.। स.क्रि.; ललकार गर्नु, लडाईं-झगडा आदिका निम्ति आव्हान गर्नु, हाँक दिनु, 'लौ आइज' भनेर चुनौती दिनु, हप्काउनु । **ललकराइ** (ललकार्+आइ)-भा.ना.। **ललकारिनु**-ललकार्नुको क.क्रि.। **ललकारि**-क.धा.। **ललकारी, ललकारेर, ललकार्न, ललकार्दै, ललकारुन्जेल, ललकार्दाखेरि**-कृ.अ.। **ललकार्नू**-वि.। **ललकारून्**-इ.। **ललकार्ला**-स.। (स.क्रि.-इराकले कुवेतको विरुद्धमा युद्धलाई ललकाऱ्यो ।)

ललचाउनु-क्रि.मू.। **ललचाउ**-आ.धा.। स.क्रि.; लालचमा पार्नु, अरूको मनमा लालच जगाउनु, लोभ्याउनु । अ.क्रि.; ललचिनु, लोभिनु, लालचमा पर्नु । **ललचाइ** (ललचाउ+आइ)-भा.ना.। **ललचाइनु**-ललचाउनुको क.क्रि./भा.क्रि.। **ललचाइ**-क.धा./भा.धा.। **ललचाई, ललचाएर, ललचाउन, ललचाउँदै, ललचाउन्जेल, ललचाउँदाखेरि**-कृ.अ.। **ललचाउनू**-वि.। **ललचाऊन्**-इ.। **ललचाउला**-स.। (स.क्रि.-पैसामा फँसाएर पंचायती क्रूर शासकले केही युवाहरूलाई ललचायो । अ.क्रि.-पैसाको लोभमा धेरै युवाहरू विदेशतिर ललचाए ।)

ललचिनु-क्रि.मू.। **ललचि** -आ.धा.। अ.क्रि.; लोभमा पर्नु,लोभिनु, लालचमा पर्नु, लुब्ध हुनु । **ललच्याइ** (ललचि+आइ), (ललच्याउ+आइ)-भा.ना.। **ललच्याउनु**-प्रे.क्रि./स.क्रि.; ललचिने पार्नु, ललचाउनु । **ललच्याउ**-प्रे.धा.। **ललच्याइनु**-ललच्याउनुको क.क्रि.। **ललच्याइ** -भा.प्रे.धा.। **ललचिइनु** -ललचिनुको भा.क्रि.। **ललचिइ**-भा.धा.। **ललचिई, ललचिएर, ललचिन, ललचिँदै, ललचिउन्जेल, ललचिंदाखेरि**-कृ.अ.। **ललचिनू**-वि.। **ललचिऊन्**-इ.। **ललचेला**-स.। (अ.क्रि.-सोझा ग्रामीण नारीहरू पैसाको लोभमा ललचिए ।)

ललाउनु-क्रि.मू.। **ललाउ** -आ.धा.। स.क्रि.; भुलाउनु, फकाउनु, मनाउनु, फुल्याउनु । **ललाइ** (ललाउ+आइ)-भा.ना.। **ललाइनु**-ललाउनुको क.क्रि.। **ललाइ**-क.धा.। **ललाई, ललाएर, ललाउन, ललाउँदै, ललाउन्जेल, ललाउँदाखेरि**-कृ.अ.। **ललाउनू**-वि.। **ललाऊन्**-इ.। **ललाउला**-स.। (स.क्रि.- हजुरआमाले कथा भनेर केटाकेटीहरूलाई ललाइन् ।)

ललितिनु- क्रि.मू.। **ललिति**-आ.धा.। अ.क्रि.; ललित हुनु, खुशी हुनु, प्रशन्न पर्नु, रमाइलो लाग्नु, फकाइमा पर्नु, नरम हुनु, नरम बन्नु । **ललित्याइँ** (ललिति+आइँ), (ललित्याउ+आइँ), **ललित्याइ** (ललिति+आइ), (ललित्याउ+आइ)-भा.ना.। **ललित्याउनु**-प्रे.क्रि./स.क्रि.; ललितिने पार्नु, ललित्त पार्नु, चिप्ला-चाप्ला कुरा गरेर अरूलाई मोहित तुल्याउनु । **ललित्याउ**-प्रे.धा.। **ललित्याइनु**-ललित्याउनुको क.क्रि.। **ललित्याइ**-भा.प्रे.धा.। **ललितिइनु**-ललितिनुको भा.क्रि.। **ललितिइ** -भा.धा.। **ललितिई, ललितिएर, ललितिन, ललितिँदै, ललितिउन्जेल, ललितिंदाखेरि**-कृ.अ.। **ललितिनू**-वि.। **ललितिऊन्**-इ.। **ललितेला**-स.। (अ.क्रि.-लाहुरे बुटबलको भट्टीमा ललितियो ।)

लसपसिनु-क्रि.मू.। **लसपसि**-आ.धा. छुतछात हुनु, विटुलिनु, संसर्ग हुनु, आसक्त हुनु, लहसिनु, रतिनु, फस्नु। **लसपस्याइ** (लसपसि+आइ), (लसपस्याउ+आइ)-भा.ना.। **लसपस्याउनु**-प्रे.क्रि./स.क्रि.; लसपसमा पार्नु । **लसपस्याउ**-प्रे.धा.। **लसपस्याइनु**-लसपस्याउनुको क.क्रि.। **लसपस्याइ**-भा.प्रे.धा.। **लसपसिइनु**- लसपसिनुको भा.क्रि.। **लसपसिइ**-भा.धा.। **लसपसिई, लसपसिएर, लसपसिन, लसपसिँदै, लसपसिउन्जेल, लसपसिंदाखेरि**-कृ.अ.। **लसपसिनू**-वि.। **लसपसिऊन्**-इ.। **लसपसेला**-स.। (अ.क्रि.- गोरे ठिटो गोरी ठिटीसंग लसपसियो।)

लस्कनु-क्रि.मू.। **लस्क** -आ.धा.। अ.क्रि.; लसकलसक हिंड्नु, हात्ती झैं लम्केर हिंड्नु, खिरिलो नहुनु । **लस्काइ** (लस्क+आइ),(लस्काउ+आइ)-भा.ना.। **लस्काउनु**-प्रे.क्रि./स.क्रि.; लस्कन लाउनु, लस्कने पार्नु । **लस्काउ**-प्रे.धा.। **लस्काइनु**-लस्काउनुको क.क्रि.। **लस्काइ** -भा.प्रे.धा.। **लस्किनु**-लस्कनुको भा.क्रि.। **लस्कि**-भा.धा.। **लस्की, लस्केर, लस्कन, लस्कँदै, लस्कुन्जेल, लस्कँदाखेरि**-कृ.अ.। **लस्कनू**-वि.। **लस्कून्**-इ.। **लस्कला**-स.। (अ.क्रि.-घोडा दौड्यो, हात्ती लस्क्यो ।)

लस्किनु-क्रि.मू.। **लस्कि**-आ.धा.। अ.क्रि.; लस्कनु । **लस्क्याइ** (लस्कि+आइ)-भा.ना.। **लस्क्याउनु**-प्रे.क्रि./स.क्रि.; लस्किन लाउनु, बाटेको डोरी आदि खिरिलो नपार्नु, लस्काउनु । **लस्क्याउ** -प्रे.धा.। **लस्क्याइनु** -लस्क्याउनुको क.क्रि.। **लस्क्याइ**-भा.प्रे.धा.। **लस्किइनु**-लस्किनुको भा.क्रि.। **लस्किइ**-भा.धा.। **लस्किई, लस्किएर, लस्किन, लस्किँदै, लस्किउन्जेल, लस्किंदाखेरि**-कृ.अ.। **लस्किनू**-वि.। **लस्किऊन्**-इ.। **लस्केला**-स.। (अ.क्रि.-पिडको डोरी अलि लस्कियो ।)

लस्टिनु-क्रि.मू.। **लस्टि**-आ.धा.। अ.क्रि.; शिथिल हुनु, धेरै बिग्रनु । **लस्ट्याइ** (लस्टि+आइ)-भा.ना.। **लस्टिइनु** -

लस्टिनुको भा.क्रि.। **लस्टिइ**-भा.धा.। **लस्टिई, लस्टिएर, लस्टिन, लस्टिँदै, लस्टिउन्जेल, लस्टिंदाखेरि**-कृ.अ.। **लस्टिनू**-वि.। **लस्टिऊन्**-इ.। **लस्टेला**-स.। (अ.क्रि.-फकाइमा परेर धेरै नेपाली केटीहरू लस्टिए ।)

लहराउनु-क्रि.मू.। **लहराउ**-आ.धा.। अ.क्रि.; फैलनु, बहनु, लहरिनु । **लहराइ** (लहराउ+आइ)-भा.ना.। **लहराइनु**-लहराउनुको भा.क्रि.। **लहराइ**-भा.धा.। **लहराई, लहराएर, लहराउँदै, लहराउन, लहराउन्जेल, लहराउँदाखेरि**-कृ.अ.। **लहराउनू**-वि.। **लहराऊन्**-इ.। **लहराउला**-स.। (अ.क्रि.-अजिरकोटमा पुग्नासाथ चिसो हावा लहरायो ।)

लहरिनु-क्रि.मू.। **लहरि**-आ.धा.। अ.क्रि.; हावा आदि बहनु, लहरा आदि फैलनु, छालिनु, छाल उठ्नु । **लहऱ्याइ** (लहरि+आइ)-भा.ना.। **लहऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; लहरिने पार्नु । **लहऱ्याउ**-प्रे.धा.। **लहऱ्याइनु**-लहऱ्याउनुको क.क्रि.। **लहऱ्याइ**-भा.प्रे.धा.। **लहरिइनु**-लहरिनुको भा.क्रि.। **लहरिइ**-भा.धा.। **लहरिई, लहरिएर, लहरिन, लहरिँदै, लहरिउन्जेल, लहरिंदाखेरि**-कृ.अ.। **लहरिनू**-वि.। **लहरिऊन्**-इ.। **लहरेला**-स.। (अ.क्रि. -समुद्रमा छाल लहरियो । थाँक्रो भरि घिरौलाका मुन्टा लहरिए ।)

लहलहाउनु-क्रि.मू.। **लहलहाउ**-आ.धा.। अ.क्रि.; लहलह हुनु, हरिलो-भरिलो हुनु, बोटबिरुवा सप्रेर आउनु । **लहलहाइ** (लहलहाउ+आइ)-भा.ना.। **लहलहाइनु**-लहलहाउनुको भा.क्रि.। **लहलहाइ**-भा.धा.। **लहलहाई, लहलहाएर, लहलहाउन, लहलहाउँदै, लहलहाउन्जेल, लहलहाउँदाखेरि**-कृ.अ.। **लहलहाउनू**- वि.। **लहलहाऊन्**-इ.। **लहलहाउला**-स.। (अ.क्रि.-बखानपुरको घोलमा धान लहलहायो ।)

लहसाउनु-क्रि.मू.। **लहसाउ**-आ.धा.। अ.क्रि.; आसक्त हुनु, रत्तिनु, फस्नु, इच्छा हुनु, झुक्नु । **लहसाइ** (लहसाउ+आइ)-भा.ना.। **लहसाइनु**-लहसाउनुको भा.क्रि.। **लहसाइ**-भा.धा.। **लहसाई, लहसाएर, लहसाउन, लहसाउँदै, लहसाउन्जेल, लहसाउँदाखेरि**-कृ.अ.। **लहसाउनू**-वि.। **लहसाऊन्**-इ.। **लहसाउला**-स. (अ.क्रि.-खेलौना देखाएपछि बालख लहसायो ।)

लहसिनु-क्रि.मू.। **लहसि**-आ.धा.। अ.क्रि.; लहसाउनु । **लहस्याइ** (लहसि+आइ), (लहस्याउ+आइ)-भा.ना.। **लहस्याउनु**-प्रे.क्रि./स.क्रि.; आसक्त पार्नु, रत्त्याउनु, झुकाउनु, मन आकृष्ट पार्नु । **लहस्याउ**-प्रे.धा.। **लहस्याइनु**-लहस्याउनुको क.क्रि.। **लहस्याइ**-भा.प्रे.धा.। **लहसिइनु**-लहसिनुको भा.क्रि.। **लहसिइ**-भा.धा.। **लहसिई, लहसिएर, लहसिन, लहसिँदै, लहसिउन्जेल, लहसिंदाखेरि**-कृ.अ.। **लहसिनू**-वि.। **लहसिऊन्**-इ.। **लहसेला**-स.। (अ.क्रि.-पैसाको लोभ देखाएपछि परशुराम बिस्तारै लहसियो ।)

लानु-क्रि.मू.। **ला**-आ.धा.। स.क्रि.; लग्नु, लैजानु, लिएर जानु, ओसार्नु, उडाएर चम्पट पार्नु । **लइ** (ला+आइ), लयाइ (लइ+आइ)-भा.ना.। **लइनु/लगिनु**-लानुको क.क्रि.। **लइ/लगि**-क.धा.। **लई/लगी,लगेर/लएर, लान, लाँदै, लउन्जेल/लगुन्जेल, लाँदाखेरि**-कृ.अ.। **लानू**-वि.। **लऊन्/लगून्**-इ.। **लाला/लग्ला**-स. (स.क्रि.-असिनाले फलफूल-अन्नपात सबै लग्यो ।)

लाउनु-क्रि.मू.। **लाउ**-आ.धा.। स.क्रि.; लगाउनु, पहिरनु, थुन्नु, बन्द गर्नु, कुनै शब्दका पछाडि जोडिएर गर्नका निम्ति प्रेरणा दिने अर्थ बुझाउने क्रियापद (जस्तो-गोता लाउनु, गन्न लाउनु, भन्न लाउनु, उन्न लाउनु इत्यादि)। **लवाइ** (लाउ+आइ)-भा.ना.। **लाइनु**-लाउनुको क.क्रि.। **लाइ**-क.धा.। **लाई, लाएर, लाउन, लाउँदै, लाउन्जेल, लाउँदाखेरि**-कृ.अ.। **लाउनू**-वि.। **लाऊन्**-इ.। **लाउला**-स.। (स.क्रि.-किसानले दशैंमा नयाँ भोटो-कछाड लायो ।)

लागिपर्नु-क्रि.मू.। **लागिपर्**-आ.धा.। अ.क्रि.; तन्मयसाथ काममा लाग्नु, काममा तल्लीन हुनु, व्यस्त हुनु, एकाग्र हुनु । **लागिपराइ** (लागिपर्+आइ)-भा.ना.। **लागिपरिनु**-लागिपर्नुको भा.क्रि.। **लागिपरि**-भा.धा.। **लागिपरी, लागिपरेर, लागिपर्न, लागिपर्दै, लागिपरुन्जेल, लागिपर्दाखेरि**-कृ.अ.। **लागिपर्नू** वि.। **लागिपरून्** -इ.। **लागिपर्ला**-स.। (अ.क्रि.-शब्दकोश नसकुन्जेल म यसमा लागिपरें ।)

लाग्नु-क्रि.मू.। **लाग्**-आ.धा.। अ.क्रि.; काममा प्रवृत्त हुनु, लागिपर्नु, काम थाल्नु, शुरु हुनु, टाँसिनु, बन्द हुनु, पोतिनु, रङ बस्नु, हातलागी हुनु, मिल्नु, पाउनु, ठोकिनु, आँखा पर्नु, लगानमा पर्नु, साइनो पर्नु, लट्ठिनु, लट्ठ पर्नु, मतलब खुल्नु, आड लिनु, पक्ष लिनु, दोष आदि आइपर्नु, अडकल मिल्नु, दाउ आउनु, खेदो गर्नु, रोग आदिले आक्रमण गर्नु, काममा प्रयुक्त हुनु, व्यवहारमा आउनु, खर्च हुनु । **लगाइ** (लाग्+आइ), (लगाउ+आइ)-भा.ना.। **लगाउनु** -प्रे.क्रि./स.क्रि.; लाग्ने पार्नु, लाग्ने तुल्याउनु, कुनै काममा प्रवृत्त गराउनु, चुक्ली हाल्नु, उचाल्नु, पहिरनु,, लेपन गर्नु, लाउनु । **लगाउ**-प्रे.धा.। **लगाइनु**-लगाउनुको क.क्रि.। **लगाइ**-भा.प्रे.धा.। **लागिनु**-

लाग्नुको भा.क्रि.। **लागि** -भा.धा.। **लागी, लागेर, लाग्न, लाग्दै, लागुन्जेल, लाग्दाखेरि**-कृ.अ.। **लाग्नू**-वि.। **लागून्**-इ.। **लाग्ला**-स.। (अ.क्रि.-आँखा झिम्म नगरी मानस्लुको सौन्दर्य पान गरेपछि पर्यटकहरू अजिरकोटबाट ओरालो लागे ।)

लाछ्नु-क्रि.मू.। **लाछ्**- आ.धा.। स.क्रि.; लछार्नु, बोक्रै समेत तोड्नु, चुँड्नु, लुछ्नु । **लछाइ** (लाछ्+आइ)-भा.ना.। **लाछिनु**- लाछ्नुको क.क्रि.। **लाछि**-क.धा.। **लाछी, लाछेर, लाछ्न, लाछ्तै, , लाछुन्जेल, लाछ्दाखेरि**-कृ.अ.। **लाछ्नू**-वि.। **लाछून्**-इ.। **लाछ्ला**-स.। (स.क्रि.-गोठालोले डालेघाँस लाछ्यो ।)

लाटिनु-क्रि.मू.। **लाटि**-आ.धा.। अ.क्रि.; लाटो हुनु, बोल्न नसक्ने हुनु, लठाङ्ग्रिनु, रोगवश जिब्रोले स्वाद थाहा नपाउनु, शरीरका अङ्गमा अचेतनता पैदा हुनु, बोधो हुनु । **लट्याइ** (लाटि+आइ), (लट्याउ+आइ)-भा.ना.। **लट्याउनु**-प्रे.क्रि./स.क्रि.; लाटो वा जडजस्तो पार्नु, लाटिने तुल्याउनु, बिचेत बनाउनु । **लट्याउ**-प्रे.धा.। **लट्याइनु**-लट्याउनुको क.क्रि.। **लट्याइ** -भा.प्रे.धा.। **लाटिनु**-लाटिनुको भा.क्रि.। **लाटिइ** -भा.धा.। **लाटिई, लाटिएर, लाटिन, लाटिँदै, लाटिउन्जेल, लाटिंदाखेरि**-कृ.अ.। **लाटिनू**-वि.। **लाटिऊन्**-इ.। **लाटेला**-स.। (अ.क्रि. -पल्टनबाट फर्केपछि नीर बहादुर लाटियो ।)

लाडिनु -क्रि.मू.। **लाडि**-आ.धा.। अ.क्रि.; लाडे हुनु, पुलपुलिनु, केटाकेटीको जस्तो बानी गर्नु, प्यारो बन्न खोज्नु । **लड्याइ** (लाडि+आइ)-भा.ना.। **लाडिइनु**-लाडिनुको भा.क्रि.। **लाडिइ**-भा.धा.। **लाडिई, लाडिएर, लाडिन, लाडिँदै, लाडिउन्जेल, लाडिंदाखेरि**-कृ.अ.। **लाडिनू**-वि.। **लाडिऊन्**-इ.। **लाडेला** -स.। (अ.क्रि.-धेरै माया गर्नाले केटोकटीहरू लाडिए ।)

लात्तिनु-क्रि.मू.। **लात्ति**-आ.धा.। अ.क्रि.; लात्तिनु, लात्ती लाग्नु । **लत्त्याइ** (लात्ति+आइ), (लत्त्याउ+आइ)-भा.ना.। **लत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; लात्ती लाउनु, लातले हान्नु, हार खुवाउनु । **लत्त्याउ**-प्रे.धा.। **लत्त्याइनु** -लत्त्याउनुको क.क्रि.। **लत्त्याइ**-भा.प्रे.धा.। **लात्तिइनु**-लात्तिनुको भा.क्रि.। **लात्तिइ**-भा.धा.। **लात्तिई, लात्तिएर, लात्तिन, लात्तिँदै, लात्तिउन्जेल, लात्तिंदाखेरि**-कृ.अ.। **लात्तिनू**-वि.। **लात्तिऊन्**-इ.। **लात्तेला**-स.। (अ.क्रि.-क्षमा गर्नोस्, तपाईंको जीउमा झुक्किएर लात्तियो ।)

लाद्नु-क्रि.मू.। **लाद्**- आ.धा.। स.क्रि.; भारी बोकाउनु, लदाउनु, भारी बोक्नु, भारी हाल्नु । **लदाइ** (लाद्+आइ), (लदाउ+आइ)-भा.ना.। **लदाउनु** -प्रे.क्रि./स.क्रि.; गह्रौं भारी बोकाउनु, काममा खूबसित जोताउनु । **लदाउ**-प्रे.धा.। **लदाइनु** -लदाउनुको क.क्रि.। **लदाइ**-क.प्रे.धा.। **लादिनु**-लाद्नुको क.क्रि.। **लादि**-क.धा.। **लादी, लादेर, लाद्न, लाद्दै, लादुन्जेल, लाद्दाखेरि**-कृ.अ.। **लाद्नू**-वि.। **लादून्**-इ.। **लाद्ला**-स.। (स.क्रि.-थकाली दाइले गधालाई नूनको बोरा लाद्यो ।)

लाम्चिनु-क्रि.मू.। **लाम्चि**-आ.धा.। अ.क्रि. लाम्चो हुनु , लम्बिनु, लम्चिनु । **लम्च्याइ** (लाम्चि+आइ) (लम्च्याउ+आइ)-भा.ना.। **लम्च्याउनु**-प्रे.क्रि./स.क्रि.; लाम्चो पार्नु, तन्काउनु, लम्ब्याउनु । **लम्च्याउ**-प्रे.धा.। **लम्च्याइनु**-लम्च्याउनुको क.क्रि.। **लम्च्याइ**-भा.प्रे.धा.। **लाम्चिइनु** -लाम्चिनुको भा.क्रि.। **लाम्चिइ** -भा.धा.। **लाम्चिई, लीम्चिएर, लाम्चिन, लाम्चिँदै, लाम्चिउन्जेल, लाम्चिंदाखेरि**-कृ.अ.। **लाम्चिनू**-वि.। **लाम्चिऊन्** -इ.। **लाम्चेला**-स.। (अ.क्रि.-गाजल लगाउँदा नेपाली युवतीका आँखा लाम्चिए ।)

लिँड्याउनु-क्रि.मू.। **लिँड्याउ**-आ.धा.। स.क्रि.; लिड त्याग गर्नु, लिँड हग्नु, मल त्याग गर्नु, बिन्डी पार्नु, पैसाको लक्कु पार्नु, सोहोर्नु, छोटो पार्नु, ठुटो पार्नु, छोट्याउनु । **लिँड्याइ** (लिँड्याउ+आइ)-भा.ना.। **लिँड्याइनु**-लिँड्याउनुको क.क्रि.। **लिँड्याइ**-क.धा.। **लिँड्याई, लिँड्याएर, लिँड्याउन, लिँड्याउँदै, लिड्याउन्जेल, लिँड्याउँदाखेरि**-कृ.अ.। **लिँड्याउनू**-वि.। **लिँड्याऊन्**-इ.। **लिँड्याउल ा**-स.। (स.क्रि.-बच्चाले ओछ्यानमा लिँड्यायो । सिकर्मीले काठ लिँड्यायो ।)

लिनु-क्रि.मू.। **लि**-आ.धा.। स.क्रि.; ग्रहण गर्नु, प्राप्त गर्नु, समाउनु, समात्नु, प्राप्त गर्नु, मान्नु, स्वीकार गर्नु, धारण गर्नु । **लियाइ** (लि+आइ)-भा.ना.। **लिइनु**-लिनुको क.क्रि.। **लिइ**-क.धा.। **लिई, लिएर, लिन, लिँदै, लिउन्जेल, लिंदाखेरि**-कृ.अ.। **लिनू**-वि.। **लिऊन्**-इ.। **लेला**-स.। (स.क्रि.-लेखकले संस्मरण लेख्नका लागि आवश्यक टिपोटहरू लियो ।)

लिप्नु-क्रि.मू.। **लिप्**-आ.धा.। स.क्रि.; गोबर-माटो आदि मुछेर पोत्नु, लेदो पदार्थ लाउनु, लेपन गर्नु, पोतर्नु, लेखाइ नराम्रो पार्नु, घस्नु । **लिपाइ** (लिप्+आइ), (लिपाउ+आइ)-भा.ना.। **लिपाउनु**-प्रे.क्रि./स.क्रि.; लिप्न लाउनु, पोताउनु । **लिपाउ** -प्रे.धा.। **लिपाइनु**-लिपाउनुको क.क्रि.। **लिपाइ**-क.प्रे.धा.। **लिपिनु** -लिप्नुको क.क्रि.। **लिपि**-क.धा.। **लिपी, लिपेर, लिप्न, लिप्तै, लिपुन्जेल, लिप्दाखेरि**-कृ.अ.। **लिप्नू**-वि.। **लिपून्**- इ.। **लिप्ला** -स.।

(स.क्रि.-दशैंमा गाउँलेहरूले आ-आफ्ना घरहरू लिपे ।)

लिप्टिनु-क्रि.मू.। **लिप्टि**-आ.धा.। अ.क्रि.; लपेटिनु, बेरिनु, जोरिनु, खप्टिनु, जेलिनु, टाँसिनु । **लिप्ट्याइ** (लिप्टि+आइ), (लिप्ट्याउ+आइ)-भा.ना.। **लिप्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; लिप्टिन लाउनु, लपेट्नु, जोर्नु, टाँस्नु । **लिप्ट्याउ**-प्रे.क्रि./स.क्रि.; लिप्टिन लाउनु, लपेट्नु, जोर्नु, टाँस्नु । **लिप्ट्याउ** -प्रे.धा.। **लिप्ट्याइनु** -लिप्ट्याउनुको क.क्रि.। **लिप्ट्याइ**-भा.प्रे.धा.। **लिप्टिइनु**-लिप्टिनुको भा.क्रि.। **लिप्टिइ**-भा.धा.। **लिप्टिई, लिप्टिएर, लिप्टिन, लिप्टिँदै, लिप्टिउन्जेल, लिप्टिंदाखेरि**-कृ.अ.। **लिप्टिनू**-वि.। **लिप्टिऊन्**-इ.। **लिप्टेला**-स.। (अ.क्रि.-गलैंचा कार्पेटमाथि लिप्टियो ।)

लिप्सनु-क्रि.मू.। **लिप्स**-आ.धा.। स.क्रि.; बाक्लो लेदोले लिप्नु,लेसाइलो पदार्थ पोतर्नु, गोबर-माटो मुछेर भत्केको भित्ताहरू टाल्नु, टाँस्नु । अ.क्रि.; अरूसंग लहसिनु लिपिक्क लाग्नु । **लिप्साइ** (लिप्स+आइ), (लिप्साउ+आइ)-भा.ना.। **लिप्साउनु**-प्रे.क्रि./स.क्रि.; लिप्सन लाउनु, लिपाउनु, लहसिने पार्नु । **लिप्साउ** -प्रे.धा.। **लिप्साइनु**-लिप्साउनुको क.क्रि.। **लिप्साइ**-क.प्रे.धा/भा.प्रे.धा.। **लिप्सिनु**-लिप्सनुको क.क्रि./भा.क्रि.; लिपिनु, लहसिनु । **लिप्सि**-क.धा./भा.धा.। **लिप्सी, लिप्सेर, लिप्सन, लिप्सँदै, लिप्सुन्जेल, लिप्सँदाखेरि**- कृ.अ.। **लिप्सनू**-वि.। **लिप्सून्**-इ.। **लिप्सला**-स.। (अ.क्रि.-बुहारीले दशैंमा घरका भित्ताहरू लिप्सी । स.क्रि.-सानीछोरी आमाको काखमा लिप्सी ।)

लुँडिनु-क्रि.मू.। **लुँडि**-आ.धा.। अ.क्रि. ; लुँडीजस्तो हुनु, लुँडो पर्नु, सोहोरिएर आउनु, गुजिल्टिनु, बाटिनु, बेरिनु, बटारिनु, निमोठिनु, गुटमुटिनु, बटुलिनु, बालीनाली सप्रेर आउनु, समुद्र आदिको पानी सोहोरिएर छाल बनी आउनु। **लुँड्याइ** (लुँडि+आइ), (लुँड्याउ+आइ)-भा.ना.। **लुँड्याउनु**-प्रे.क्रि./स.क्रि. लुँडी पार्नु, लुँडोजस्तो बनाउनु, गुजुल्ट्याउनु, बटार्नु, जथाभावीसँग खानु, हसुर्नु, मनपरिसित टिप्नु, लैजानु, सोहोर्नु । **लुँड्याउ**-प्रे.धा.। **लुँड्याइनु**-लुँड्याउनुको क.क्रि.। **लुँड्याइ** -भा.प्रे.धा.। **लुँडिइनु**-लुँडिनुको भा.क्रि.। **लुँडिइ**-भा.धा.। **लुँडिई, लुँडिएर, लुँडिन, लुँडिँदै, लुडिउन्जेल, लुँडिंदाखेरि**-कृ.अ.। **लुँडिनू**-वि.। **लुँडिऊन्**-इ.। **लुँडेला**-स.। (अ.क्रि.-खेत जोत्ता झार-पात सबै लुँडियो ।)

लुक्नु-क्रि.मू.। **लुक्**-आ.धा.। अ.क्रि.; अरूले नदेखिने हुनु, नदेख्ने गरी बस्नु, छिप्नु, अल्पिनु, छेकिनु, अलप हुनु, अदृश्य हुनु । **लुकाइ** (लुक्+आइ), (लुकाउ+आइ)-भा.ना.। **लुकाउनु**-प्रे.क्रि./स.क्रि.; गायब गराउनु, नदेख्ने ठाउँमा राख्नु, छिपाउनु, दबाउनु, । **लुकाउ**-प्रे.धा.। **लुकाइनु**-लुकाउनुको क.क्रि.। **लुकाइ**-भा.प्रे.धा.। **लुकिनु**-लुक्नुको भा.क्रि.। **लुकि**-भा.धा.। **लुकी, लुकेर, लुक्न, लुक्तै, लुकुन्जेल, लुक्दाखेरि**-कृ.अ.। **लुक्नू**-वि.। **लुकून्**-इ.। **लुक्ला**-स.। (अ.क्रि.-मृग झाडीभित्र लुक्यो ।)

लुछ्नु-क्रि.मू.। **लुछ्**-आ.धा.। स.क्रि.; समातेर तान्नु, लुछाचुँडी गर्नु, दाँतले टोकेर छुट्टयाउनु, चुँड्नु, भुत्ल्याउनु, खोस्नु, लाछ्नु लछार्नु । **लुछाइ** (लुछ्+आइ), (लुछाउ+आइ)-भा.ना.। **लुछाउनु**-प्रे.क्रि./स.क्रि.; लुछ्न लाउनु । **लुछाउ** -प्रे.धा.। **लुछाइनु** -लुछाउनुको क.क्रि.। **लुछाइ**-क.प्रे.धा.। **लुछिनु**-लुछ्नुको क.क्रि.। **लुछि**-क.धा.। **लुछी, लुछेर, लुछ्न,लुछ्तै, लुछुन्जेल, लुछ्दाखेरि**-कृ.अ.। **लुछ्नू**-वि.। **लुछून्**- इ.। **लुछ्ला**-स.। (स.क्रि.-ढाँटीले सुकीको जगल्टा लुछी ।)

लुटपुटाउनु-क्रि.मू.। **लुटपुटाउ**-आ.धा.। अ.क्रि.; लुटपुटिएर खेल्नु, ढुनुमुनु हुनु, लुटपुटिनु, आसक्त हुनु, लहसिनु, लुटुपुटु हुनु, गुड्नु । **लुटपुटाइ** (लुटपुटाउ+आइ) भा.ना.। **लुटपुटाइनु** -लुटपुटाउनुको भा.क्रि.। **लुटपुटाइ**-भा.धा.। **लुटपुटाई, लुटपुटाएर, लुटपुटाउन, लुटपुटाउँदै, लुटपुटाउन्जेल, लुटपुटाउँदाखेरि**-कृ.अ.। **लुटपुटाउनू**-वि.। **लुटपुटाऊन्**-इ.। **लुटपुटाउला**-स.। (अ.क्रि.-बच्चा ओछ्यानमा लुटपुटायो ।)

लुटपुटिनु-क्रि.मू.। **लुटपुटि**-आ.धा.। अ.क्रि.; लुटपुटाउनु । **लुटपुट्याइ** (लुटपुटि+आइ), (लुटपुट्याउ+आइ)-भा.ना.। **लुटपुट्याउनु**-प्रे.क्रि./स.क्रि.; लोटपोट गराउनु, गुडाउनु, प्रेममा फँसाउनु । **लुटपुट्याउ**-प्रे.धा.। **लुटपुट्याइनु**-लुटपुट्याउनुको क.क्रि.। **लुटपुट्याइ**-भा.प्रे.धा.। **लुटपुटिइनु**-लुटपुटिनुको भा.क्रि.। **लुटपुटिइ** -भा.धा.। **लुटपुटिई, लुटपुटिएर, लुटपुटिन, लुटपुटिँदै, लुटपुटिउन्जेल, लुटपुटिंदाखेरि**-कृ.अ.। **लुटपुटिनू**-वि.। **लुटपुटिऊन्**-इ.। **लुटपुटेला**-स.। (अ.क्रि.-न्याउरी गोडामा लुटपुटियो ।)

लुटिनु-क्रि.मू.। **लुटि**-आ.धा.। अ.क्रि.; तिल-मास आदिको पातहरू खुम्रिने रोग लाग्नु, बटारिएर बोटबिरुवा आदि बढ्न नसक्नु, कान छोटो हुनु, लुटे हुनु । **लुट्याइ** (लुटि+आइ), (लुट्याउ+आइ)-भा.ना.। **लुट्याउनु**-प्रे.क्रि./स.क्रि.; लुटिने पार्नु, लुटो बनाउनु । **लुट्याउ**-प्रे.धा.। **लुट्याइनु**-लुट्याउनुको क.क्रि.। **लुट्याइ** -भा.प्रे.धा.। **लुटिइनु**-लुटिनुको भा.क्रि.। **लुटिइ**-भा.धा.। **लुटिई, लुटिएर, लुटिन, लुटिँदै, लुटिउन्जेल, लुटिंदाखेरि**-

कृ.अ.। **लुटिनू**-वि.। **लुटिऊन्**-इ.। **लुटेला**-स.। (अ.क्रि.-यो साल खेतको मास सबै लुटियो ।)

लुद्नु-क्रि.मू.। **लुद्**-आ.धा.। स.क्रि. जबर्जस्ती लिनु, धम्क्याएर खोस्नु, हाक्काहाक्की चोर्नु, ठग्नु, अन्यापूर्वक सम्पत्ति हत्त्याउनु । **लुटाइ** (लुद्+आइ), (लुटाउ+आइ)-भा.ना.। **लुटाउनु** -प्रे.क्रि./स.क्रि.; लुट्न लाउनु, खोसाउनु । **लुटाउ**-प्रे.धा.। **लुटाइनु**-लुटाउनुको क.क्रि.। लुटाइ-क.प्रे.धा.। **लुटिनु**-लुद्नुको क.क्रि.। **लुटि**-क.धा.। **लुटी,लुटेर, लुद्न, लुद्तै, लुदुन्जेल, लुद्दाखेरि**-कृ.अ.। **लुद्नू**-वि.। **लुदून्**- इ.। **लुद्ला**-स.। (स.क्रि.-गुण्डाहरूले शंकरमान यादवको सबै धनमाल लुटे ।)

लुडबुडिनु-क्रि.मू.। **लुडबुडि**-आ.धा.। अ.क्रि.; लुडीबुडी गर्नु, पल्टनबाजी खानु, लुटपुटे गर्नु, गुड्नु, लुटपुटिनु । **लुडबुड्याइ** (लुडबुडि+आइ), (लुडबुड्याउ+आइ)-भा.ना.। **लुडबुड्याउनु**-प्रे.क्रि./स.क्रि.; पल्टनबाजी खुवाउनु, गुडाउनु, लोटपोट पार्नु, लडीबडी पार्नु । **लुडबुड्याउ** -प्रे.धा.। **लुडबुड्याइनु**-लुडबुड्याउनुको क.क्रि.। **लुडबुड्याइ**-भा.प्रे.धा.। **लुडबुडिइनु**-लुडबुडिनुको भा.क्रि.। **लुडबुडिइ**-भा.धा.। **लुडबुडिई, लुडबुडिएर, लुडबुडिन, लुडबुडिंदै, लुडबुडिउन्जेल, लुडबुडिंदाखेरि**-कृ.अ.। **लुडबुडिनू**-वि.। **लुडबुडिऊन्**-इ.। **लुडबुडेला**-स.। (अ.क्रि.-बालख कोठामा लुडबुडियो ।)

लुत्तिनु-क्रि.मू.। **लुत्ति** -आ.धा.। अ.क्रि.; मान-प्रतिष्ठा आदिबाट च्यूत हुनु, खुत्तिनु, खोसिनु, बिग्रनु, भत्कनु । **लुत्त्याइ** (लुत्ति+आइ), (लुत्त्याउ+आइ)-भा.ना.। **लुत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; च्यूत गर्नु, खुत्त्याउनु, बिगार्नु, भत्काउनु। **लुत्त्याउ**-प्रे.धा.। **लुत्त्याइनु**-लुत्त्याउनुको क.क्रि.। **लुत्त्याइ**-भा.प्रे.धा.। **लुत्तिइनु**-लुत्तिनुको भा.क्रि.। **लुत्तिइ**-भा.धा.। **लुत्तिई, लुत्तिएर, लत्तिन, लुत्तिंदै, लुत्तिउन्जेल, लुत्तिंदाखेरि**-कृ.अ.। **लुत्तिनू**-वि.। **लुत्तिऊन्**-इ.। **लुत्तेला**-स.। (अ.क्रि.-घुस्याहा कर्मचारी पदबाट लुत्तियो ।)

लुत्रनु-क्रि.मू.। **लुत्र**-आ.धा.। अ.क्रि.; लत्रनु, लुत्रुक्क पर्नु, विवश हुनु, शरण पर्नु, लाचार हुनु, घमण्ड छोड्नु, नम्र हुनु, नुहुनु । **लुत्राइ** (लुत्र+आइ)-भा.ना.। **लुत्राउनु**-प्रे.क्रि./स.क्रि.; लुत्रुक्क पार्नु, लत्राउनु । **लुत्राउ**-प्रे.धा.। **लुत्राइनु**-लुत्राउनुको क.क्रि.। **लुत्राइ**-भा.प्रे.धा.। **लुत्रिनु**-लुत्रनुको भा.क्रि./अ.क्रि.; लुत्रुक्क परिनु, लुत्रनु । **लुत्रि**-भा.धा.। **लुत्र्याइ** (लुत्रि+आइ)-भा.ना.। **लुत्री, लुत्रेर, लुत्रन, लुत्रँदै, लुत्रुन्जेल, लुत्रँदाखेरि**-कृ.अ.। **लुत्रनू**-वि.। **लुत्रून्** इ.। **लुत्रला**-स.। (अ.क्रि.-जति टोकसो खान परेपनि दलजिते काममा लुत्र्यो ।)

लुत्रिनु-क्रि.मू.। **लुत्रि**-आ.धा.। अ.क्रि.लत्रनु । **लुत्र्याइ** (लुत्रि+आइ)-भा.ना.। **लुत्रिइनु**-लुत्रिनुको भा.क्रि.। **लुत्रिइ**-भा.धा.। **लुत्रिई, लुत्रिएर, लुत्रिन, लुत्रिंदै, लुत्रिउन्जेल, लुत्रिंदाखेरि**-कृ.अ.। **लुत्रिनू**-वि.। **लुत्रिऊन्**-इ.। **लुत्रेला**-स.। (अ.क्रि.-तीनदिन सम्म ठेंडकामा हालेपछि मङ्गलेको छोरो बल्ल लुत्रियो ।)

लुब्धिनु-क्रि.मू.। **लुब्धि**-आ.धा.। अ.क्रि.; ज्यादै लोभी हुनु। **लुब्ध्याइ** (लुब्धि+आइ)-भा.ना.। **लुब्ध्याउनु**-प्रे.क्रि./स.क्रि.; लुब्ध तुल्याउनु, लोभी बनाउनु । **लुब्ध्याउ** प्रे.धा.। **लुब्ध्याइनु**-लुब्ध्याउनुको क.क्रि.। **लुब्ध्याइ**-भा.प्रे.धा.। **लुब्धिइनु**-लुब्धिनुको भा.क्रि.। **लुब्धिइ**-भा.धा.। **लुब्धिई, लुब्धिएर, लुब्धिन, लुब्धिंदै, लुब्धिउन्जेल, लुब्धिंदाखेरि**-कृ.अ.। **लुब्धिनू**-वि.। **लुब्धिऊन्**-इ.। **लुब्धेला**-स.। (अ.क्रि.-विदेशी पर्यटकहरू नेपालको प्राकृतिक सौन्दर्यमा लुब्धिए ।)

लुरखुराउनु-क्रि.मू.। **लुरखुराउ**-आ.धा.। अ.क्रि.; लरखराउनु, झल्लिनु, विनाकाम यताउति रल्लिएर हिंड्नु, लखरलखर हिंड्नु, लरखरिनु । **लुरखुराइ**-(लुरखुराउ+आइ)-भा.ना.। **लरुखुराइनु**-लुरखुराउनुको भा.क्रि.। **लुरखुराइ** -भा.धा.। **लुरखुराई, लुरखुराएर, लुरखुराउन, लुरखुराउँदै, लुरखुराउन्जेल, लुरखुराउँदाखेरि**-कृ.अ.। **लुरखुराउनू**-वि.। **लुरखुराऊन्**-इ.। **लुरखुराउला**-स.। (अ.क्रि.-शनिवारका केटाकेटी जतातता लुरखुराए।)

लुरखुरिनु-क्रि.मू.। **लुरखुरि**-आ.धा.। अ.क्रि.; लुरखुराउनु। **लुखुर्‍याइ** (लुरखुरि+आइ), (लुरखुर्‍याउ+आइ)-भा.ना.। **लुरखुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; लुरखुर्‍याउनु, लुरखुरिने पार्नु । **लुरखुर्‍याउ**-प्रे.धा.। **लरुखुर्‍याइनु**-लुरखुर्‍याउनुको क.क्रि.। **लुरखुर्‍याइ**-भा.प्रे.धा.। **लुरखुरिइनु**-लुरखुरिनुको भा.क्रि.। **लुरखुरिइ**- भा.धा.। **लुरखुरिई, लुरखुरिएर, लुरखुरिन, लुरखुरिंदै, लुरखुरिउन्जेल, लुरखुरिंदाखेरि**-कृ.अ.। **लुरखुरिनू**-वि.। **लुरखुरिऊन**-इ.। **लुरखुरेला**-स.। (अ.क्रि.-किसानी दाइ दिनभरि जात्रामा लुरखुरिए ।)

लुलिनु-क्रि.मू.। **लुलि**-आ.धा.। अ.क्रि.; लुलो हुनु, दुनिनु, फितलो बन्नु । **लुल्याइ** (लुलि+आइ) (लुल्याउ+आइ)-भा.ना.। **लुल्याउनु** -प्रे.क्रि./स.क्रि.; लुलो पार्नु, फितलो गराउनु । **लुल्याउ**-प्रे.धा.। **लुल्याइनु**-लुल्याउनुको क.क्रि.। **लुल्याइ**-भा.प्रे.धा.। **लुलिइनु**-लुलिनुको भा.क्रि.। **लुलिइ**-भा.धा.। **लुलिई, लुलिएर, लुलिन, लुलिंदै, लुलिउन्जेल, लुलिंदाखेरि**-कृ.अ.। **लुलिनू**-वि.। **लुलिऊन्**-

इ.। **लुलेला**-स.। (अ.क्रि.-बाँसको लिङ्गो लुलियो ।)

लुसिनु-क्रि.मू.। **लुसि** -आ.धा.। अ.क्रि.; लोसो हुनु, फुर्तिलो हुनु, फुर्तिलो नहुनु, जुम्सो हुनु, ढिलो हुनु, लुसिएर अरूको पछि लाग्नु, केही कुराको आशाले ढुकी बस्नु । **लुस्याइ** (लुसि+आइ), (लुस्याउ+आइ)-भा.ना.। **लुस्याउनु**-प्रे.क्रि./स.क्रि.; लोसो पार्नु, जुम्स्याउनु । **लुस्याउ**-प्रे.धा.। **लुस्याइनु**-लुस्याउनुको क.क्रि.। **लुस्याइ**-भा.प्रे.धा.। **लुसिइनु**-लुसिनुको भा.क्रि.। **लुसिइ**-भा.धा.। **लुसिई, लुसिएर, लुसिन, लुसिँदै, लुसिउन्जेल, लुसिंदाखेरि**-कृ.अ.। **लुसिनू**-वि.। **लुसिऊन्**-इ.। **लुसेला**-स.। (अ.क्रि.-गोरे बहादुर 'तीतोलोसे' कामकाजमा ज्यादै लुसियो ।)

लेख्नु-क्रि.मू.। **लेख्**-आ.धा.। स.क्रि.; लिपिवद्ध गर्नु, अक्षर अङ्कित गर्नु, चित्रादि बनाउनु, रेखा आदि कोर्नु, वनाउनु, लेख आदिको रचना गर्नु । **लेखाइ** (लेख्+आइ), (लेखाउ+आइ); लेखोट (लेख्+ओट); लेखन्ते (लेख्+अन्ते)-भा.ना.। **लेखाउनु**-प्रे.क्रि./स.क्रि.; लेख्न लाउनु । **लेखाउ**-प्रे.धा.। **लेखाइनु** -लेखाउनुको क.क्रि.। **लेखाइ** -क.प्रे.धा.। **लेखिनु**-लेख्नुको क.क्रि.। **लेखि**-क.धा.। **लेखी, लेखेर, लेख्न, लेख्तै, लेखुन्जेल, लेख्दाखेरि**-कृ.अ.। **लेख्नू**-वि.। **लेखून्**-इ.। **लेख्ला**-स.। (स.क्रि.-नेपाली साहित्यको प्राथमिक कालका कविहरूले वीर रस बाहेक भक्ति रसका कविताहरू पनि लेखे ।)

लेचिनु-क्रि.मू.। **लेचि**-आ.धा.। अ.क्रि.; हिंड्दा खुट्टा खोचिनु, लच्कनु, बोल्दा कुरा चपाउनु, लरबरिनु । **लेच्याइ** (लेचि+आइ), (लेच्याउ+आइ)-भा.ना.। **लेच्याउनु**-प्रे.क्रि./स.क्रि.; लेचिने पार्नु, लच्काउनु, खोच्याउनु, लरबर्‍याउनु । **लेच्याउ**-प्रे.धा.। **लेच्याइनु**-लेच्याउनुको क.क्रि.। **लेच्याइ** -भा.प्रे.धा.। **लेचिइनु**-लेचिनुको भा.क्रि.। **लेचिइ** -भा.धा.। **लेचिई, लेचिएर, लेचिन, लेचिँदै, लेचिउन्जेल, लेचिंदाखेरि**-कृ.अ.। **लेचिनू**-वि.। **लेचिऊन्**-इ.। **लेचेला**-स.। (अ.क्रि.-मट्किले बूढाको खुट्टा हिंड्दा लेचियो ।)

लेट्नु-क्रि.मू.। **लेट्**-आ.धा.। अ.क्रि.; आनन्दसंग पल्टनु, आरामसाथ सुत्नु, ढल्कनु । **लेटाइ** (लेट्+आइ), (लेटाउ+आइ)-भा.ना.। **लेटाउनु**-प्रे.क्रि./स.क्रि.; लेट्न लाउनु, पल्टन लाउनु, सुताउनु । **लेटाउ**-प्रे.धा.। **लेटाइनु**-लेटाउनुको क.क्रि.। **लेटाइ**-भा.प्रे.धा.। **लेटिनु**-लेट्नुको भा.क्रि.। **लेटि**-भा.धा.। **लेटी, लेटेर, लेट्न, लेट्तै, लेटुन्जेल, लेट्दाखेरि**-कृ.अ.। **लेट्नू**-वि.। **लेटून्**-इ.। **लेट्ला**-स.। (अ.क्रि.-पदयात्रापछि पर्यटक आरामसंग बिछ्यौनामा लेट्यो ।)

लेप्नु-क्रि.मू.। **लेप्**-आ.धा.। स.क्रि.; लिपपोत गर्नु, लेपन गर्नु, लिप्नु, पोत्नु । **लेपाइ** (लेप्+आइ), (लेपाउ+आइ)-भा.ना.। **लेपाउनु**-प्रे.क्रि./स.क्रि.; लेप्न लाउनु, लिपाउनु। **लेपाउ**-प्रे.धा.। **लेपाइनु** -लेपाउनुको क.क्रि.। **लेपाइ**-क.प्रे.धा.। **लेपिनु**-लेप्नुको क.क्रि.। **लेपि**-क.धा.। **लेपी, लेपेर, लेप्न, लेप्तै, लेपुन्जेल, लेप्दाखेरि**-कृ.अ.। **लेप्नू**-वि.। **लेपून्**-इ.। **लेप्ला**-स.। (स.क्रि.-तिनीहरूले नयाँघर लेपे ।)

लेप्र्याउनु-क्रि.मू.। **लेप्र्याउ**-आ.धा.। स.क्रि.; उपेक्षा आदिको भाव प्रकट गर्दा तल्लो ओठ बाहिर फर्काउनु, अनादर गर्नु, लेब्र्याउनु । **लेप्र्याइ** (लेप्र्याउ+आइ)-भा.ना.। **लेप्र्याइनु**-लेप्र्याउनुको क.क्रि.। **लेप्र्याइ**-क.धा.। **लेप्र्याई, लेप्र्याएर, लेप्र्याउन, लेप्र्याउँदै, लेप्र्याउन्जेल, लेप्र्याउँदाखेरि**-कृ.अ.। **लेप्र्याउनू**- वि.। **लेप्र्याऊन्**-इ.। **लेप्र्याउला**-स.। (स.क्रि.-उसको साथीले असम्भव कुरा गर्दा बल बहादुरले ओठ लेप्र्यायो ।)

लेब्र्याउनु-क्रि.मू.। **लेब्र्याउ**-आ.धा.। स.क्रि.; लेप्र्याउनु। **लेब्र्याइ** (लेब्र्याउ+आइ)-भा.ना.। **लेब्र्याइनु**-लेब्र्याउनुको क.क्रि.। **लेब्र्याइ**-क.धा.। **लेब्र्याई, लेब्र्याएर, लेब्र्याउन, लेब्र्याउँदै, लेब्र्याउन्जेल, लेब्र्याउँदाखेरि**-कृ.अ.। **लेब्र्याउनू**-वि.। **लेब्र्याऊन्**-इ.। **लेब्र्याउला**-स.। (स.क्रि.-दिदीले 'पहिला हुन्छु' भन्दा भाइले ओठ लेब्र्यायो ।)

लेसार्नु-क्रि.मू.। **लेसार्**-आ.धा.। स.क्रि.; च्याटच्याट लाग्ने गरी गीलो पदार्थ टाँस्नु, घस्नु, लेस्नु, लिप्नु, पोत्नु। **लेसराइ** (लेसार्+आइ) लेसराउ+आइ)-भा.ना.। **लेसराउनु**-प्रे.क्रि./स.क्रि.; लेसार्न लाउनु । **लेसराउ**-प्रे.धा.। **लेसराइनु**-लेसराउनुको क.क्रि.। **लेसराइ**-क.प्रे.धा.। **लेसारिनु**- लेसार्नुको क.क्रि.; लेसार्ने काम गरिनु, लेसिनु । **लेसारि**-क.धा.। **लेसारी, लेसारेर, लेसार्न, लेसार्दै, लेसारुन्जेल, लेसार्दाखेरि**-कृ.अ.। **लेसार्नू**-वि.। **लेसारून्**-इ.। **लेसार्ला**-स.। (स.क्रि.-बुहारीले भित्तामा रातोमाटो मुछेर लेसारी ।)

लेस्नु-क्रि.मू.। **लेस्**-आ.धा.। स.क्रि.; लेसार्नु । **लेसाइ** (लेस्+आइ)-भा.ना.। **लेसाउनु** -प्रे.क्रि./स.क्रि.; लेस्न लाउनु, लेसराउनु । **लेसाउ**-प्रे.धा.। **लेसाइनु**-लेसाउनुको क.क्रि.। **लेसाइ**-क.प्रे.धा.। **लेसिनु**-लेस्नुको क.क्रि.। **लेसि**-क.धा.। **लेसी, लेसेर, लेस्न, लेस्तै, लेसुन्जेल, लेस्दाखेरि**-कृ.अ.। **लेस्नू**-वि.। **लेसून्**-इ.। **लेस्ला**-स.।

वल्टनुपल्टनु-क्रि.मू.। **वल्टपल्ट**-आ.धा.। अ.क्रि.; ओर्कनुफर्कनु, वर्कनुफर्कनु । **वल्टाइपल्टाइ** [(वल्ट+आइ) + (पल्ट+आइ)]-भा.ना.। **वल्टाउनुपल्टाउनु**-प्रे.क्रि./स.क्रि.; वर्काउनुफर्काउनु । **वल्टाउपल्टाउ**-प्रे.धा.। **वल्टाइनुपल्टाइनु**-वल्टाउनुपल्टाउनुको क.क्रि.। **वल्टाइपल्टाइ**-भा.प्रे.धा.। **वल्टिनुपल्टिनु**-वल्टनुपल्टनुको भा.क्रि.। **वल्टिपल्टि** -भा.धा.। **वल्टीपल्टी, वल्टेरपल्टेर, वल्टनपल्टन, वल्टँदैपल्टँदै, वल्टुन्जेलपल्टुन्जेल, वल्टँदाखेरि-पल्टँदाखेरि**-कृ.अ.। **वल्टनूपल्टनू**-वि.। **वल्टून्पल्टून्**-इ.। **वल्टलापल्टला**-स.। (अ.क्रि.-खेलाडी खेल देखाउँदा बारम्बार वल्ट्योपल्ट्यो ।)

वाक्नु-क्रि.मू.। **वाक्**-आ.धा.। अ.क्रि.; छाद्न खोज्नु, वान्ता गर्न आँटेर वाक्कवाक्क हुनु । स.क्रि.; छाद्नु, वान्ता गर्नु । **वकाइ** (वाक्+आइ)-भा.ना.। **वाकिनु**-वाक्नुको भा.क्रि./क.क्रि.। **वाकि**-भा.धा./क.धा.। **वाकी, वाकेर, वाक्न, वाक्तै, वाकुन्जेल, वाक्दाखेरि** -कृ.अ.। **वाक्नू**-वि.। **वाकून्**-इ. **वाक्ला**-स.। (अ.क्रि.-बच्चा बारम्वार वाक्यो । स.क्रि.-बच्चाले (छाद) वाक्यो ।)

वैरनु-क्रि.मू.। **वैर**-आ.धा.। स.क्रि./अ.क्रि.; ओइरनु । **वैराइ** (वैर+आइ), (वैराउ+आइ)-भा.ना.। **वैराउनु**-प्रे.क्रि./स.क्रि. ओइरनु । **वैराउ**- प्रे.धा.। **वैराइनु**-वैराउनुको क.क्रि.। **वैराइ**-क.प्रे.धा./भा.प्रे.धा.। **वैरिनु**-वैरनुको क.क्रि./भा.क्रि.। **वैरि**-क.धा./भा.धा.। **वैरी, वैरेर, वैरन, वैरँदै, वैरुन्जेल, वैरँदाखेरि**-कृ.अ.। **वैरनू**-वि.। **वैरुन्**-इ.। **वैरला**-स.। (स.क्रि.- सीताले चूल्होमा बसाएको भाँडोमा तरकारी वैरी । अ.क्रि.-मानिसहरू जात्रामा चारैतिरबाट वैरिए ।)

वैरिनु-क्रि.मू.। **वैरि**-आ.धा.। स.क्रि/अ.क्रि.; ओइरिनु । **वैऱ्याइ** (वैरि+आइ)-भा.ना.। **वैऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; वैराउनु । **वैऱ्याउ**-प्रे.धा.। **वैऱ्याइनु**-वैऱ्याउनुको क.क्रि.। **वैऱ्याइ**-क.प्रे.धा./भा.प्रे.धा.। **वैरिइनु**-वैरिनुको क.क्रि./भा.क्रि.। **वैरिइ**- क.धा. /भा.धा.। **वैरिई, वैरिएर, वैरिन, वैरिँदै, वैरिउन्जेल, वैरिंदाखेरि**-कृ.अ.। **वैरिनू**-वि.। **वैरिऊन्**-इ.। **वैरेला**-स.। (स.क्रि.-आमाले भाँडोमा तेल तताएर तरकारी वैरिन् । अ.क्रि.-हिजो पोखरामा असिना वैरियो ।)

वैलनु- क्रि.मू.। **वैल**-आ.धा.। अ.क्रि.; ओइलनु । **वैलाइ** (वैल+आइ)-भा.ना.। **वैलाउनु**-प्रे.क्रि./स.क्रि.; ओइलने तुल्याउनु, दरसुको पार्नु । **वैलाउ**-प्रे.धा.। **वैलाइनु** -वैलाउनुको क.क्रि.। **वैलाइ**-भा.प्रे.धा.। **वैलिनु**-वैलनुको भा.क्रि.। **वैलि**- भा.धा.। **वैली, वैलेर, वैलन, वैलँदै, वैलुन्जेल, वैलँदाखेरि**-कृ.अ.। **वैलनू**-वि.। **वैलून्**-इ.। **वैलला**-स.। (अ.क्रि.-फूल वैल्यो ।)

वैलाउनु-क्रि.मू.। **वैलाउ**-आ.धा.। अ.क्रि.; ओइलनु । **वैलाइ** (ओइलाउ+आइ)-भा.ना.। **वैलाइनु**-वैलाउनुको भा.क्रि.। **वैलाइ** -भा.धा.। **वैलाई, वैलाएर, वैलाउन, वैलाउँदै, वैलाउन्जेल, वैलाउँदाखेरि** -कृ.अ.। **वैलाउनू**-वि.। **वैलाऊन्**-इ.। **वैलाउला**-स.। (अ.क्रि.-भरखरै टिपेर सुकाएको साग वैलायो ।)

वैलिनु-क्रि.मू.। **वैलि**-आ.धा.। अ.क्रि.; ओइलिनु । **वैल्याइ** (वैलि+आइ) (वैल्याउ+आइ)-भा.ना.। **वैल्याउनु** -प्रे.क्रि./स.क्रि.; ओइलिने पार्न लगाउनु, वैलिने पार्नु । **वैल्याउ**-प्रे.धा.। **वैल्याइनु**-वैल्याउनुको क.क्रि.। **वैल्याइ**-भा.प्रे.धा.। **वैलिइनु**-वैलिनुको भा.क्रि.। **वैलिइ**-भा.धा.। **वैलिई, वैलिएर, वैलिन, वैलिँदै, वैलिउन्जेल, वैलिंदाखेरि**-कृ.अ.। **वलिनू**-वि.। **वैलिऊन्**-इ.। **वैलेला**-स.। (अ.क्रि.-हिजो टिपेको रायोको साग वैलियो ।)

व्यक्तिनु-क्रि.मू.। **व्यक्ति**-आ.धा.। अ.क्रि.; व्यक्त हुनु, प्रकटमा आउनु, फरक हुनु । **व्यक्त्याइ** (व्यक्ति+आइ), (व्यक्त्याउ+आइ)-भा.ना.। **व्यक्त्याउनु**-प्रे.क्रि./स.क्रि.; व्यक्त गर्नु, प्रकटमा ल्याउनु, व्यक्तिने गराउनु, छुट्ट्याउनु, फरक गर्नु । **व्यक्त्याउ**-प्रे.धा.। **व्यक्त्याइनु**-व्यक्त्याउनुको क.क्रि.। **व्यक्त्याइ**-भा.प्रे.धा.। **व्यक्तिइनु**-व्यक्तिनुको भा.क्रि.। **व्यक्तिइ**-भा.धा.। **व्यक्तिई, व्यक्तिएर, व्यक्तिन, व्यक्तिँदै, व्यक्तिउन्जेल, व्यक्तिंदाखेरि**-कृ.अ.। **व्यक्तिनू**-वि.। **व्यक्तिऊन्**-इ.। **व्यक्तेला**-स.। (अ.क्रि.-लेखकको आशय बल्ल व्यक्तियो ।)

श

शरमाउनु-क्रि.मू.। **शरमाउ**-आ.धा.। अ.क्रि.; शरममा पर्नु, लाज मान्नु, सङ्कोच मान्नु, लज्जित हुनु, लज्जाउनु, सर्माउनु । **शरमाइ** (शरमाउ+आइ)-भा.ना.। **शरमाइनु**-शरमाउनुको भा.क्रि.। **शरमाइ**-भा.धा.। **शरमाई, शरमाएर, शरमाउन, शरमाउँदै, शरमाउन्जेल, शरमाउँदाखेरि**-कृ.अ.। **शरमाउनू**-वि.। **शरमाऊन्**-इ.। **शरमाउला**-स.। (अ.क्रि.-जानाजान भूल हुँदा विद्यार्थी शरमायो ।)

शर्माउनु-क्रि.मू.। **शर्माउ** -आ.धा.। अ.क्रि.; शरमाउनु,

सर्माउनु । **शर्माइ** (शर्माउ+आइ)-भा.ना.। **शर्माइनु**-शर्माउनुको भा.क्रि.। **शर्माइ**-भा.धा.। **शर्माई, शर्माएर, शर्माउन, शर्माउँदै, शर्माउन्जेल, शमाउँदाखेरि**-कृ.अ.। **शर्माउनू**-वि.। **शर्माऊन्**-इ.। **शर्माउला**-स.। (अ.क्रि.-शिक्षकको प्रश्नको जवाफ दिन नसक्ता विद्यार्थीहरू शर्माए ।)

शुद्धिनु-क्रि.मू.। **शुद्धि**-आ.धा.। अ.क्रि.; शुद्धिनु, शुद्ध हुनु। **शुद्धयाइ** (शुद्धि+आइ), (शुद्धयाउ+आइ)-भा.ना.। **शुद्धयाउनु**-प्रे.क्रि./स.क्रि.; शुद्ध पार्नु । **शुद्धयाउ**-प्रे.धा.। **शुद्धयाइनु**-शुद्धयाउनुको क.क्रि.। **शुद्धयाइ**-भा.प्रे.धा.। **शुद्धिइनु**-शुद्धिनुको भा.क्रि.। **शुद्धिइ**-भा.धा.। **शुद्धिई, शुद्धिएर, शुद्धिन, शुद्धिंदै, शुद्धिउन्जेल, शुद्धिंदाखेरि**-कृ.अ.। **शुद्धिनू**-वि.। **शुद्धिऊन्**-इ.। **शुद्धेला**-स.। (अ.क्रि.-शिक्षकले भनेका कुराहरू ख्याल राखी लेख्ता मेरो लेखाइ शुद्धियो ।)

शुभ्नु-क्रि.मू.। **शुभ्**-आ.धा.। अ.क्रि.; सुभ्नु, फाप्नु, शुभ हुनु ओखतीले फाइदा गर्नु । **शुभाइ** (शुभ्+आइ); शुभ (शुभ्+अ)-भा.ना.। **शुभिनु**-शुभ्नुको भा.क्रि.। **शुभि**-भा.धा.। **शुभी, शुभेर, शुभ्न, शुभ्दै, शुभुन्जेल, शुभ्दाखेरि**-कृ.अ.। **शुभ्नू**-वि.। **शुभून्**-इ.। **शुभ्ला**-स.। (अ.क्रि.-डा. शशाङ्कले लेखिदिएको औषधि दण्डपाणिका लागि ज्यादै शुभ्यो ।)

शोच्नु-क्रि.मू.। **शोच्**-आ.धा.। स.क्रि.; सोच्नु, विचार गर्नु । **शोचाइ** (शोच्+आइ), (शोचाउ+आइ)-भा.ना.। **शोचाउनु**-प्रे.क्रि./स.क्रि.; शोच्न लाउनु, सोचाउनु । **शोचाउ**-प्रे.धा.। **शोचाइनु**-शोचाउनुको क.क्रि.। **शोचाइ**-क.प्रे.धा.। **शोचिन्**-शोच्नुको क.क्रि.। **शोचि**-क.धा.। **शोची, शोचेर, शोच्न, शोच्दै, शोचुन्जेल, शोच्दाखेरि**-कृ.अ.। **शोच्नू**-वि.। **शोचून्**-इ.। **शोच्ला**-स.। (स.क्रि.-राइट दाजुभाइले आफ्नो प्रयोगशालामा बसेर वायु विमान बारे धेरै कुरा शोचे ।)

स

सँगाल्नु-क्रि.मू.। **सँगाल्**-आ.धा.। स.क्रि.; संग्रह गर्नु, सञ्चित गर्नु, जम्मा गर्नु, जोगाएर राख्नु, साँच्नु, बटुल्नु, सङ्कलन गर्नु । **सँगलाइ** (सँगाल्+आइ)-भा.ना.। **सँगालिनु**-सँगाल्नुको क.क्रि.। **सँगालि**-क.धा.। **सगाली, सँगालेर, सगाल्न, सँगाल्दै, सँगालुन्जेल, सँगाल्दाखेरि**-कृ.अ.। **सँगाल्नू**-वि.। **सँगालून्**-इ.। **सँगाल्ला**-स.। (स.क्रि.-त्यसले पाएसम्मका पुस्तकहरू सँगाल्यो ।)

सँगेट्नु-क्रि.मू.। **सँगेट्**-आ.धा.। स.क्रि.; सँगेल्नु, बटुल्नु, सोहोर्नु, जम्मा गर्नु, एकत्रित गर्नु, सङ्कलन गर्नु, सँगाल्नु । **सँगेटाइ** (सँगेट्+आइ)-भा.ना.। **सँगेटाउनु**-प्रे.क्रि./स.क्रि.; सँगेट्न लाउनु । **सँगेटाउ**-प्रे.धा.। **सँगेटाइनु**-सँगेटाउनुको क.क्रि.। **सँगेटाइ**- क.प्रे.धा.। **सँगेटिनु**-सँगेट्नुको क.क्रि.। **सँगेटि**-क.धा. । **सँगेटी, सँगेटेर, सँगेट्न, सँगेट्तै, सँगेटुन्जेल, सँगेट्दाखेरि**-कृ.अ.। **सँगेट्नू**-वि.। **सँगेटून्**-इ.। **सँगेट्ला**-स.। (स.क्रि.-किसानले पराल सँगेट्यो ।)

सँगेल्नु-क्रि.मू.। **सँगेल्**-आ.धा.। स.क्रि.; सँगेट्नु, सँभाल्नु, तह लाउनु, मिलाएर राख्नु, सँगाल्नु । **सँगेलाइ** (सँगेल्+आइ)-भा.ना.। **सँगेलाउनु**-प्रे.क्रि./स.क्रि.; सँगेल्न लाउनु। **सँगेलाउ**-प्रे.धा.। **सँगेलाइनु**-सँगेलाउनुको क.क्रि । **सँगेलाइ**-क.प्रे.धा.। **सँगेलिनु**-सँगेल्नुको क.क्रि.। **सँगेलि**-क.धा.। **सँगेली, सँगेलेर, सँगेल्न, सँगेल्दै, सँगेलुन्जेल, सँगेल्दाखेरि**-कृ.अ.। **सँगेल्नू**-वि.। **सँगेलून्**-इ.। **सँगेल्ला**-स.। (स.क्रि.-मैले कोदारमा रूखबाट झारेको बडरको घाँस सँगेलें ।)

सँभल्नु-क्रि.मू.। **सँभल्** -आ.धा.। अ.क्रि.; खराब सङ्गतबाट जोगिनु, राम्रो बाटामा लाग्नु, पतन हुनुबाट बच्नु, सावधान हुनु । **सँभलाइ** (सँभल्+आइ)-भा.ना.। **सँभलिनु**-सँभल्नुको भा.क्रि.। **सँभलि**-भा.धा.। **सँभली, सँभलेर, सँभल्न, सँभल्दै, सँभलुन्जेल, सँभल्दाखेरि**-कृ.अ.। **सँभल्नू**-वि.। **सँभलून्**-इ.। **सँभल्ला**-स.। (अ.क्रि.-'यसले लिन्छ ज्यान' भन्ने संझी लागुपदार्थको संगत नगर्न नेपाली युवाहरू अठोटसाथ सँभले ।)

सँभार्नु-क्रि.मू.। **सँभार्**- आ.धा.। स.क्रि.; सुरक्षा गर्नु, भत्कन-बिग्रन नदिनु, सिँगार्नु, सुसज्जित पार्नु, राम्रो बनाउनु । **सँभराइ** (सँभार्+आइ)-भा.ना.। **सँभारिनु**-सँभार्नुको क.क्रि.। **सँभारि**-क.धा.। **सँभारी, सँभारेर, सँभार्न, सँभार्दै, सँभारुन्जेल, सँभार्दाखेरि**-कृ.अ.। **सँभार्नू**-वि.। **सँभारून्**-इ.। **सँभार्ला**-स.। (स.क्रि.-बुहारीले आफ्नो घर सँभारी ।)

सँभाल्नु-क्रि.मू.। **सँभाल्**-आ.धा.। स.क्रि.;सभाल्नु, स्याहार गर्नु, सम्भार पुऱ्याउनु, सुरक्षा गर्नु, व्यवस्था मिलाउनु, घर-गृहस्थी चलाउनु, कार्यभार वहन गर्नु, रेखदेख गर्नु, जोगाउनु । **सँभलाइ** (सँभाल्+आइ)-भा.ना.। **सँभालिनु**-सँभाल्नुको क.क्रि.। **सँभालि**-क.धा.। **सँभाली, सँभालेर,**

सँभाल्न, सँभाल्दै, सँभालुन्जेल, सँभाल्दाखेरि-कृ.अ.। **सँभाल्नू**-वि.। **सँभालून्**-इ.। **सँभाल्ला**-स.। (स.क्रि.-छोरीले आफ्नो घर सँभाली ।)

सकसकाउनु-क्रि.मू.। **सकसकाउ** -आ.धा.। अ.क्रि.; सगसगाउनु, सकसक हुनु, छुकछुकाउनु, चञ्चल हुनु, केटाकेटी आदि चलिरहनु, शरीरमा जुम्रा आदि हिंड्दा सगबगाएको अनुभव हुनु । **सकसकाइ** (सकसकाउ+आइ)-भा.ना.। **सकसकाई, सकसकाएर, सकसकाउन, सकसकाउँदै, सकसकाउन्जेल, सकसकाउँदाखेरि**-कृ.अ.। **सकसकाउनू**-वि.। **सकसकाऊन्**-इ.। **सकसकाउला**-स.। (अ.क्रि.-केटाकेटीको टाउकोमा जुम्रा सकसकायो ।)

सकार्नु-क्रि.मू.। **सकार्**-आ.धा.। स.क्रि.; मञ्जूर गर्नु, सकार गर्नु, स्वीकार गर्नु, कुनै कार्यको जिम्मा लिनु, कबूल गर्नु, शर्त आदि मान्नु । **सकराइ** (सका्र+आइ)-भा.ना.। **सकराउनु** -प्रे.क्रि./स.क्रि.; सकार्न लाउनु, सकार गराउनु । **सकराउ**-प्रे.धा.। **सकराइनु**-सकराउनुको क.क्रि.। **सकराइ** -क.प्रे.धा.। **सकारिनु**-सकार्नुको क.क्रि.। **सकारि** -क.धा.। **सकारी, सकारेर, सकार्न, सकार्दै, सकारुन्जेल, सकार्दाखेरि**-कृ.अ.। **सकार्नू**-वि.। **सकारुन्**-इ.। **सकार्ला**-स.। (स.क्रि.-चोरले आफ्नू भूल सकाऱ्यो ।)

सक्नु-क्रि.मू.। **सक्** -आ.धा.। स.क्रि.; काम टुङ्ग्याउनु, समाप्त गर्नु, खर्चगरी सिद्धयाउनु, बुत्याउनु, नाश गर्नु, खत्तम पार्नु, क्रियाका सहायक रूपमा गाँसिएर कुनै काम गर्न समर्थ बन्न बुझाउने क्रियापद । (जस्तै-खान सक्नु, पढ्न सक्नु, भन्न सक्नु इत्यादि ।) अ.क्रि.; क्रियाका सहयक रूपमा गाँसिएर कुनै काम गर्न समर्थ हुन बुझाउने क्रियापद । (जस्तै-चढ्न सक्नु, जान सक्नु, हिंड्न सक्नु इत्यादि)। **सकाइ** (सक्+आइ)-भा.ना.। **सकाउनु**-प्रे.क्रि./स.क्रि.; सक्न लाउनु, सक्ने पार्नु । **सकाउ**-प्रे.धा.। **सकाइनु**-सकाउनुको क.क्रि.। **सकाइ**-क.प्रे.धा.। **सकिनु**-सक्नुको क.क्रि.। **सकि**-क.धा.। **सकी, सकेर, सक्न, सक्तै, सकुन्जेल, सक्दाखेरि**-कृ.अ.। **सक्नू**-वि.। **सकून्**-इ.। **सक्ला**-स.। (स.क्रि.-मैले गृह-कार्य सकें । पण्डितले भागवत पुराण पढ्न सक्यो । अ.क्रि.-पासाङ ल्हामु शेर्पा सगरमाथा चढ्न सकिन् । अकर्मक क्रियाको सहायक बन्दा मात्र 'सक्नु' अकर्मक बन्दछ ।)

सगबगाउनु-क्रि.मू.। **सगबगाउ**-आ.धा.। अक्रि.; कुनै कामका निमित्त तम्सनु, सगबग हुनु, रगरगाउनु, चलमलाउनु, सगसगाउनु । **सगबगाइ** (सगबगाउ+आइ); **सगबगाहट** (सगबगाउ+आहट)-भा.ना.। **सगबगाइनु**-सगबगाउनुको भा.क्रि.। **सगबगाइ**-भा.धा.। **सगबगाई, सगबगाएर, सगबगाउन, सगबगाउँदै, सगबगाउन्जेल, सगबगाउँदाखेरि**-कृ.अ.। **सगबगाउनू**-वि.। **सगबगाऊन्**-इ.। **सगबगाउला**-स.। (अ.क्रि.-अजिरकोटकी कालिकादेवीको पूजामा मानिसहरू सगबगाए ।)

सगबगिनु-क्रि.मू.। **सगबगि**-आ.धा.। अ.क्रि.; सगबग हुनु, काम गर्न तम्सिनु, रगरगिनु, सगसगिनु । **सगबग्याइ** (सगबगि+आइ)-भा.ना.। **सगबग्याउनु**-प्रे.क्रि./स.क्रि.; सगबगिने पार्नु । **सगबग्याउ**-प्रे.धा.। **सगबग्याइनु** -सगबग्याउनुको क.क्रि.। **सगबग्याइ**-भा.प्रे.धा.। **सगबगिइनु**-सगबगिनुको भा.क्रि.। **सगबगिइ**-भा.धा.। **सगबगिई, सगबगिएर, सगबगिन, सगबगिँदै, सगबगिउन्जेल, सगबगिंदाखेरि**-कृ.अ.। **सगबगिनू**-वि.। **सगबगिऊन्**-इ.। **सगबगेला**-स.। (अ.क्रि.-दिपावलीमा केटोकटीहरू सगबगिए ।)

सगमगाउनु-क्रि.मू.। **सगमगाउ**-आ.धा.। अ.क्रि.; सकसकाउनु । **सगमगाइ** (सगमगाउ+आइ)-भा.ना.। **सगमगाइनु**-सगमगाउनु को भा.क्रि.। **सगमगाइ**-भा.धा.। **सगमगाई, सगमगाएर, सगमगाउन, सगमगाउँदै, सगमगाउन्जेल, सगमगाउँदाखेरि**-कृ.अ.। **सगमगाउनू**-वि.। **सगमगाऊन्**-इ.। **सगमगाउला**-स.। (अ.क्रि.-कुहेको सिनुमा कीरा सगमगाए ।)

सगसगाउनु-क्रि.मू.। **सगसगाउ** -आ.धा.। अ.क्रि.; सकसकाउनु । **सगसगाइ** (सगसगाउ+आइ)-भा.ना.। **सगसगाइनु**-सगसगाउनुको भा.क्रि.। **सगसगाइ**-भा.धा.। **सगसगाई, सगसगाएर, सगसगाउन, सगसगाउँदै, सगसगाउन्जेल, सगसगाउँदाखेरि**-कृ.अ.। **सगसगाउनू**-वि.। **सगसगाऊन्**-इ.। **सगसगाउला**-स.। (अ.क्रि.-भोकाएका भेडाबाखा सगसगाए ।)

सगाउनु-क्रि.मू.। **सगाउ**-आ.धा.। स.क्रि.; काममा सहायता गर्नु, मद्दत गर्नु, हार-गुहार गर्नु, सहारा दिनु, सघाउनु । **सगाइ** (सगाउ+आइ)-भा.ना.। **सगाइनु**-सगाउनुको क.क्रि.। **सगाइ**-क.धा.। **सगाई, सगाएर, सगाउन, सगाउँदै, सगाउन्जेल, सगाउँदाखेरि**-कृ.अ.। **सगाउनू**-वि.। **सगाऊन्**-इ.। **सगाउला**-स.। (स.क्रि.-सबै गाउँले मानिसहरूले भच्चेकमा अस्पताल बनाउन सगाए।)

सग्लिनु-क्रि.मू.। **सग्लि**-आ.धा.। अ.क्रि.; कुनै वस्तु सिङ्गो रहनु, सग्लो हुनु । **सग्ल्याइ** (सग्लि+आइ)-भा.ना.। **सग्ल्याउनु** -प्रे.क्रि./स.क्रि.; सग्लिने पार्नु ।

सग्ल्याउ-प्रे.धा.। **सग्ल्याइनु**-सग्ल्याउनुको क.क्रि.। **सग्ल्याइ**-भा.प्रे.धा.। **सग्लिइनु**-सग्लिनुको भा.क्रि.। **सग्लिइ**-भा.धा.। **सग्लिई, सग्लिएर, सग्लिन, सग्लिँदै, सग्लिउन्जेल, सग्लिंदाखेरि**-कृ.अ.। **सग्लिनू**-वि.। **सग्लिऊन्**-इ.। **सग्लेला**-स.। (अ.क्रि.-कुवामा पानी सग्लियो । मित्रलालको व्यक्तिगत पाखोमा सबै रूखहरू सग्लिए ।)

सग्लाउनु-क्रि.मू.। **सग्लाउ**-आ.धा.। अ.क्रि.; हृष्टपुष्ट हुनु, गतिलो बन्नु, सप्रनु । **सग्लाइ** (सग्लाउ+आइ)-भ.ना.। **सग्लाइनु**-सग्लाउनुको भा.क्रि.। **सग्लाइ**-भा.धा.। **सग्लाई, सग्लाएर, सग्लाउन, सग्लाउँदै, सग्लाउन्जेल, सग्लाउँदाखेरि**-कृ.अ.। **सग्लाउनू**- वि.। **सग्लाऊन्**-इ.। **सग्लाउला**-स.। (अ.क्रि.-वखत बहादुरका केटाकेटीहरू सबै सग्लाए ।)

सघाउनु-क्रि.मू.। **सघाउ**-आ.धा.। स.क्रि.; सगाउनु । **सघाइ** (सघाउ+आइ) भा.ना.। **सघाइनु**-सघाउनुको क.क्रि.। **सघाइ**-क.धा.। **सघाई, सघाएर, सघाउन, सघाउँदै, सघाउन्जेल, सघाउँदाखेरि**-कृ.अ.। **सघाउनू**-वि.। **सघाऊन्**-इ.। **सघाउला**-स.। (स.क्रि.-गाउँलेहरूले कुलानन्दको खेतको रोपाइँ बर्सेनि सघाए ।)

सङाल्नु-क्रि.मू.। **सङाल्**- आ.धा.। स.क्रि.; सँगाल्नु, बटुल्नु, सङ्ग्रह गर्नु । **सङलाइ** (सङाल्+आइ)-भा.ना.। **सङालिनु**-सङाल्नुको क.क्रि.। **सङालि**-क.धा.। **सङाली, सङालेर, सङाल्न, सङाल्दै, सङालुन्जेल, सङाल्दाखेरि**-कृ.अ.। **सङाल्नू**-वि.। **सङालून्**- इ.। **सङाल्ला**-स.। (स.क्रि.-त्यसले प्रशस्त रुपियाँ सङाल्यो ।)

सङ्ग्रालिनु-क्रि.मू.। **सङ्ग्रालि**- आ.धा.। अ.क्रि.; रोग-व्याधि बढ्नु, राँकिनु, आगाको ज्वाला बढ्नु, दन्कनु, रडाको चर्कनु । **सङ्ग्रल्याइ** (सङ्ग्रालि+आइ)-भा.ना.। **सङ्ग्रल्याउनु**-प्रे.क्रि./स.क्रि.; सङ्ग्रालिने पार्नु । **सङ्ग्रल्याउ**- प्रे.धा.। **सङ्ग्रल्याइनु**-सङ्ग्रल्याउनुको क.क्रि.। **सङ्ग्रल्याइ**-भा.प्रे.धा.। **सङ्ग्रालिइनु**-सङ्ग्रालिनुको भा.क्रि.। **सङ्ग्रालिइ**-भा.धा.। **सङ्ग्रालिई, सङ्ग्रालिएर, सङ्ग्रालिन, सङ्ग्रालिँदै, सङ्ग्रालिउन्जेल, सङ्ग्रालिंदाखेरि**-कृ.अ.। **सङ्ग्रालिनू** -वि.। **सङ्ग्रालिऊन्**-इ.। **सङ्ग्रालेला**-स.। (अ.क्रि.-हैजा बढेर शहरभरि सङ्ग्रालियो ।)

सङ्लनु-क्रि.मू.। **सङ्ल**-आ.धा.। स.क्रि.; मेसो मिलाई तह लाउनु, धागो आदि बटुल्नु । अ.क्रि.; तरल पदार्थ फोहर आदि हटेर सङ्लो हुनु, सफा हुनु, निर्मल हुनु, टहकिनु, थिग्रिनु, हृदय स्वच्छ हुनु, नराम्रा कुरा हटी चित्त सफा हुनु । **सङ्लाइ** (सङ्ल+आइ)-भा.ना.। **सङ्लाउनु**-प्रे.क्रि./स.क्रि.; सङ्लने पार्नु, सफा तुल्याउनु। **सङ्लाउ**-प्रे.धा.। **सङ्लाइनु**-सङ्लाउनुको क.क्रि.। **सङ्लाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **सङ्लिनु** -सङ्लनुको क.क्रि./भा.क्रि.। **सङ्लि**- क.धा./भा.धा.। **सङ्ली, सङ्लेर, सङलन, सङ्लँदै, सङ्लुन्जेल, सङ्लँदाखेरि**-कृ.अ.। **सङ्लनू**-वि.। **सङ्लून्**-इ.। **सङ्लला**-स.। (स.क्रि.-त्यसले धागो सङ्ल्यो । अ.क्रि.-शरद ऋतु लागेपछि नदीनालामा पानी सङ्ल्यो ।)

सङ्लिनु-क्रि.मू.। **सङ्लि**-आ.धा.। अ.क्रि.; सङ्लनु । **सङ्ल्याइ** (सङ्लि+आइ)-भा.ना.। **सङ्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; सङ्लो पार्नु, थिहिऱ्याउनु, चित्त स्वच्छ पार्नु । **सङ्ल्याउ**-प्रे.धा.। **सङ्ल्याइनु**-सङ्ल्याउनुको क.क्रि.। **सङ्ल्याइ**-भा.प्रे.धा.। **सङ्लिइनु**-सङ्लिनुको भा.क्रि.। **सङ्लिइ**-भा.धा.। **सङ्लिई, सङ्लिएर, सङ्लिन, सङ्लिँदै, सङ्लिउन्जेल, सङ्लिंदाखेरि**-कृ.अ.। **सङ्लिनू**-वि.। **सङ्लिऊन्**-इ.। **सङ्लेला**-स.। (अ.क्रि.-वर्षा हटेपछि नदीमा पानी सङ्लियो ।)

सच्चिनु-क्रि.मू.। **सच्चि**-आ.धा.। अ.क्रि.; शुद्ध बनिनु, सच्याउने काम गरिनु, भूल सुधारिनु, साँचो कुरा रहनु । **सच्याइ** (सच्चि+आइ), (सच्याउ+आइ)-भा.ना.। **सच्याउनु**-प्रे.क्रि./स.क्रि.; सुधार्नु, सपार्नु, बिग्रेको वस्तु बनाउनु, शुद्ध पार्नु । **सच्याउ**-प्रे.धा.। **सच्याइनु**-सच्याउनुको क.क्रि.। **सच्याइ** -भा.प्रे.धा.। **सच्चिइनु**-सच्चिनुको भा.क्रि.। **सच्चिइ**-भा.धा.। **सच्चिई, सच्चिएर, सच्चिन, सच्चिँदै, सच्चिउन्जेल, सच्चिंदाखेरि**-कृ.अ.। **सच्चिनू**-वि.। **सच्चिऊन्**-इ.। **सच्चेला**-स.। (अ.क्रि.-अशुद्ध लेखाइ जति सबै सच्चियो ।)

सज्नु-क्रि.मू.। **सज्**- आ.धा.। स.क्रि.; सजिसजाउ गर्नु, सिंगार्नु, सजाउनु, भत्के-बिग्रेको वस्तुलाई बनाउनु, जीर्णोद्धार गर्नु, राम्रो बनाउनु । **सजाइ** (सज्+आइ), (सजाउ+आइ)-भा.ना.। **सजाउनु**-प्रे.क्रि./स.क्रि.; सज्न लाउनु, सज्ने पार्नु, अलङ्कार आदिले सजाएर राम्रो पार्नु, मनोरम बनाउनु । **सजाउ**-प्रे.धा.। **सजाइनु**-सजाउनुको क.क्रि.। **सजाइ**-क.प्रे.धा.। **सजिनु**-सज्नुको क.क्रि.। **सजि**-क.धा.। **सजी, सजेर, सज्न, सज्दै, सजुन्जेल, सज्दाखेरि**-कृ.अ.। **सज्नू**-वि.। **सजून्**-इ.। **सज्ला**-स.। (स.क्रि.-कामीले थोत्रा भाँडा सज्यो ।)

सट्कनु-क्रि.मू.। **सट्क**-आ.धा.। अ.क्रि.; भाग्नु, सुइँकुच्चा ठोक्नु, सुटुक्क जानु, लुसुक्क हिंड्नु, नशा

रड्केर शरीरमा पीडा हुनु, झस्को पर्नु, दिमाग खजमजिनु, छटाउनु । **सट्काइ** (सट्क+आइ), (सट्काउ+आइ)-भा.ना.। **सट्काउनु**-प्रे.क्रि./स.क्रि.; सट्कने पार्नु, सट्कन लाउनु, सुईंकुच्चा ठोकाउनु, आँखा छलेर चोर्नु, धनमाल सुटुक्क लैजानु । **सट्काउ**-प्रे.धा.। **सट्काइनु**-सट्काउनुको क.क्रि.। **सट्काइ**-भा.प्रे.धा.। **सट्किनु**-सट्कनुको भा.क्रि./अ.क्रि.; सट्कनु । **सट्कि**-भा.धा.। **सट्क्याइ** (सट्कि + आइ)-भा.ना.। **सट्की, सट्केर, सट्कन, सट्कँदै, सट्कुन्जेल, सट्कँदाखेरि**-कृ.अ.। **सट्कनू**-वि.। **सट्कून्**-इ.। **सट्कला**-स.। (अ.क्रि.-हिंड्दा-हिंड्दै मेरो ढाड सट्क्यो ।)

सड्नु-क्रि.मू.। **सड्**-आ.धा.। अ.क्रि.; पतित हुनु, निष्क्रिय रहनु, काठ आदि मकाउनु, बिग्रनु, गल्नु, कुहुनु, थोत्रिनु, नाश हुनु, अमिलो वा दुर्गन्ध आउने गरी कुनै वस्तुमा विकार पैदा हुनु । **सडाइ** (सड्+आइ), (सडाउ+आइ)-भा.ना.। **सड्वा** (सड्+उवा)-विशे.। **सडाउनु**-प्रे.क्रि./स.क्रि.; सट्काउनु, सड्ने पार्नु, नराम्रो अवस्थामा पुऱ्याउनु, बिगार्नु । **सडाउ**-प्रे.धा.। **सडाइनु**- सडाउनुको क.क्रि.। **सडाइ**-भा.प्रे.धा.। **सडिनु**- सड्नुको भा.क्रि./अ.क्रि.; सड्कनु । **सडि**-भा.धा.। **सडी, सडेर, सड्न, सड्दै, सड्नुन्जेल, सड्दाखेरि**-कृ.अ.। **सड्नू**-वि.। **सड्नून्**-इ.। **सड्ला**-स.। (अ.क्रि.-मानिस बस्न छोडेपछि घर राम्ररी सड्यो ।)

सड्कनु-क्रि.मू.। **सड्क**-आ.धा.। अ.क्रि.; सट्कनु । **सड्काइ** (सड्क+आइ), (सड्काउ+आइ)-भा.ना.। **सड्काउनु**-प्रे.क्रि./स.क्रि.; सड्कने पार्नु, सट्काउनु । **सड्काउ**-प्रे.धा.। **सड्काइनु** -सड्काउनुको क.क्रि.। **सड्काइ**-भा.प्रे.धा.। **सड्किनु**-सड्कनुको भा.क्रि./अ.क्रि.; सड्कनु । **सड्कि**-भा.धा.। **सड्क्याइ** (सड्कि+आइ)-भा.ना.। **सड्की, सड्केर, सड्कन, सडकँदै, सड्कुन्जेल, सड्कँदाखेरि**-कृ.अ. । **सड्कनू**-वि.। **सडकून्**-इ.। **सड्कला**-स.। (अ.क्रि.-हिजोआज मसारेको छोराको मगज नराम्ररी सड्क्यो ।)

सताउनु-क्रि.मू.। **सताउ**-आ.धा.। स.क्रि.; अकारण अरूलाई दु:ख दिनु, शासना दिनु, हैरान पार्नु, सास्ती दिनु, पिरोल्नु, पिर्नु । **सताइ** (सताउ+आइ)-भा.ना.। **सताइनु**-सताउनुको क.क्रि.। **सताइ**-क.धा.। **सताई, सताएर, सताउन, सताउँदै, सताउन्जेल, सताउँदाखेरि**-कृ.अ.। **सताउनू**-वि.। **सताऊन्**-इ.। **सताउला**-स.। (स.क्रि.-पैसामा बिकेका गुण्डाहरूले मलाई धेरै सताए।)

सतासिनु-क्रि.मू.। **सतासि**-आ.धा.। अ.क्रि.; बाली-नाली खूबसित बढ्नु, सप्रनु, हल्कनु, सतास हुनु । **सतस्याइ** (सतासि+आइ)-भा.ना.। **सतासिइनु**-सतासिनुको भा.क्रि.। **सतासिइ**-भा.धा.। **सतासिई, सितासिएर, सतासिन, सतासिँदै सतासिउन्जेल, सतासिंदाखेरि**-कृ.अ.। **सतासिनू**-वि.। **सतासिऊन्**-इ.। **सतासेला**-स.। (अ.क्रि.-साँदीखेतमा गहुँ खूबसंग सतासियो ।)

सध्नु-क्रि.मू.। **सध्**-आ.धा.। स.क्रि.; तालिम गर्नु, शिक्षा दिनु, सुधार्नु, सपार्नु, काममा जोत्नु, काममा लगाउनु, सुमर्नु । **सधाइ** (सध्+आइ), (सधाउ+आइ)-भा.ना.। **सधाउनु**-प्रे.क्रि./स.क्रि.; सध्न लाउनु, कामको लागि योग्य बनाउनु, नष्ट हुन लागेको धन तर लाउनु, तालिम गराउनु, सिकाउनु, मान्नु, रुचाउनु । **सधाउ**-प्रे.धा.। **सधाइनु**-सधाउनुको क.क्रि.। **सधाइ**-क.प्रे.धा.। **सधिनु**-सध्नुको क.क्रि.। **सधि**-क.धा.। **सधी, सधेर, सध्न, सध्दै, सधुन्जेल, सध्दाखेरि**-कृ.अ.। **सध्नू**-वि.। **सधून्**-इ.। **सध्ला**-स.। (स.क्रि. नेताजीले आफ्ना कार्यकर्तालाई राम्रोसंग सधे ।)

सन्कनु-क्रि.मू.। **सन्क**-आ.धा.। अ.क्रि.; सनक चढ्नु, उत्तेजित हुनु, झोंक चल्नु, बहुलाहा जस्तो हुनु, आवेगमा आउनु, सन्किनु । **सन्काइ** (सन्क+आइ), (सन्काउ+आइ)-भा.ना.। **सन्काउनु**-प्रे.क्रि./स.क्रि.; सन्कन लाउनु, उत्तेजित पार्नु, बौलाहा तुल्याउनु, झोक चलाउनु, आँखा आदिले इशारा गर्नु, सूचना दिनु, एकै सासमा तरलपदार्थ पिउनु । **सन्काउ**-प्रे.धा.। **सन्काइनु**-सन्काउनुको क.क्रि.। **सन्काइ**-भा.प्रे.धा.। **सन्किनु**-सन्कनुको भा.क्रि.। **सन्कि**-भा.धा.। **सन्की, सन्केर, सन्कन, सन्कँदै, सन्कुन्जेल, सन्कँदाखेरि**- कृ.अ.। **सन्कनू**-वि.। **सन्कून्**-इ.। **सन्कला**-स.। (अ.क्रि. -गाउँसभामा ढुण्डीराज सन्क्यो ।)

सन्किनु-क्रि.मू.। **सन्कि**-आ.धा.। अ.क्रि.; सन्कनु । **सन्क्याइ** (सन्कि+आइ), (सन्क्याउ+आइ)-भा.ना.। **सन्क्याउनु**-प्रे.क्रि./स.क्रि.; सन्किने पार्नु । **सन्क्याउ**-प्रे.धा.। **सन्क्याइनु**-सन्क्याउनुको क.क्रि.। **सन्क्याइ**-भा.प्रे.धा.। **सन्किइनु**-सन्किनुको भा.क्रि. । **सन्कि इ**-भा.धा.। **सन्किई, सन्किएर, सन्किन, सन्किंदै, सन्किउन्जेल, सन्किंदाखेरि**-कृ.अ.। **सन्किनू**-वि.। **सन्किऊन्**-इ.। **सन्केला**-स.। (अ.क्रि.-मायानाथले खुवाएको रक्सी छुउन्जेल पात्लेढापका सोझा केटाहरू घलटाकुराको डाँडामा सन्किए ।)

सपार्नु-क्रि.मू.। **सपार्**-आ.धा.। स.क्रि.; सच्याउनु, मर्मत गर्नु, सुधार्नु, उँभो लगाउनु, सप्रने पार्नु । **सपराइ**

(सपार्+आइ)-भा.ना.। **सपारिनु**-सपार्नुको क.क्रि.। **सपारि**-क.धा.। **सपारी, सपारेर, सपार्न, सपार्दै, सपारुन्जेल, सपार्दाखेरि**-कृ.अ.। **सपार्नू**-वि.। **सपारून्**-इ.। **सपार्ला**-स.। (स.क्रि.-ज्यापूदाइले काउली खूबसंग सपारे ।)

सप्काउनु-क्रि.मू.। **सप्काउ**-आ.धा.। स.क्रि.; सप्प्याक्क पारी खानु, सप्को हाल्नु, पछ्यौरा आदि सप्को मारेर ओढ्नु, डोरी या सिफ्टनाले हिर्काउनु । **सप्काइ** (सप्काउ+आइ)-भा.ना.। **सप्काइनु**-सप्काउनुको क.क्रि.। **सप्काइ**-क.धा.। **सप्काई, सप्काएर, सप्काउन, सप्काउँदै, सप्काउन्जेल, सप्काउँदाखेरि**-कृ.अ.। **सप्काउनू**-वि.। **सप्काऊन्**-इ.। **सप्काउला**-स.। (स.क्रि.-क्रूर शासकको आदेशानुसार प्रहरीले युवानेताहरूलाई कोर्रै कोर्राले सप्कायो ।)

सप्रनु-क्रि.मू.। **सप्र** -आ.धा.। अ.क्रि.; सग्लाउनु, उँभो लाग्नु, सुध्रनु, राम्रो बन्नु, धनी हुनु, बाली-नाली मौलाउनु, सप्लाउनु । **सप्राइ** (सप्र+आइ)-भा.ना.। **सप्राउनु/सपार्नु**-प्रे.क्रि./स.क्रि.; सप्रने पार्नु, सप्रन लाउनु, उँभो लगाउनु, सच्याउनु, सुधार्नु, तर लाउनु, बिग्रे-भत्केका वस्तुलाई ठीकसित बनाउनु । **सप्राउ/सपार्**-प्रे.धा.। **सप्राइनु/ सपारिनु**-सप्राउनु/सपार्नुको क.क्रि.। **सप्राइ/सपारि**-भा.प्रे.धा.। **सप्रिन ु**-सप्रनुको भा.क्रि.। **सप्रि**-भा.धा.। **सप्री, सप्रेर, सप्रन, सप्रँदै, सप्रुन्जेल, सप्रँदाखेरि**-कृ.अ.। **सप्रनू**-वि.। **सप्रून्** -इ.। **सप्रला**-स.। (अ.क्रि.-कोदार खेतमा धानबाली राम्रोसँग सप्र्यो ।)

सप्रिनु-क्रि.मू.। **सप्रि**-आ.धा.। अ.क्रि. सप्रनु । **सप्र्याइ** (सप्रि+आइ)-भा.ना.। **सप्र्याउनु**-प्रे.क्रि. /स.क्रि.; सप्रिने पार्नु । **सप्र्याउ**-प्रे.धा.। **सप्र्याइनु** -सप्र्याउनुको क.क्रि.। **सप्र्याइ**-भा.प्रे.धा.। **सप्रिइन ु**-सप्रिनुको भा.क्रि.। **सप्रिइ**-भा.धा.। **सप्रिई, सप्रिएर, सप्रिन, सप्रिंदै, सप्रिउन्जेल, सप्रिंदाखेरि**-कृ.अ.। **सप्रिनू**-वि.। **सप्रिऊन्**-इ.। **सप्रेला**-स.। (अ.क्रि.-औद्योगिक विकास गर्नाले जापान सप्रियो ।)

सप्लाउनु-क्रि.मू.। **सप्लाउ**-आ.धा.। अ.क्रि.; बोट-बिरुवा सप्रनु, बाली-नाली मौलाउनु, लहलह हुनु, हरिलो-भरिलो भई बढ्नु, कलकलाउँदो हुनु, झाँगिनु, मोटोघाटो हुनु, उन्नति हुनु । **सप्लाइ** (सप्लाउ+आइ)-भा.ना.। **सप्लाइनु**-सप्लाउनुको भा.क्रि.। **सप्लाइ**-भा.धा.। **सप्लाई, सप्लाएर, सप्लाउन, सप्लाउँदै, सप्लाउन्जेल, सप्लाउँदाखेरि**-कृ.अ.। **सप्लाउनू**-वि.। **सप्लाऊन्**-इ.। **सप्लाउला**-स.। (अ.क्रि.-निबेल फाँटमा गहुँबाली ज्यादै सप्लायो ।)

सब्लाउनु-क्रि.मू.। **सब्लाउ**-आ.धा.। अ.क्रि.; सप्लाउनु । **सब्लाइ** (सब्लाउ+आइ)-भा.ना.। **सब्लाइनु**-सब्लाउनुको भा.क्रि.। **सब्लाइ**-भा.धा.। **सब्लाई, सब्लाएर, सब्लाउन, सब्लाउँदै, सब्लाउन्जेल, सब्लाउँदाखेरि**-कृ.अ.। **सब्लाउनू**-वि.। **सबलाऊन्**-इ.। **सब्लाउला**-स.। (अ.क्रि.-टाहार बारीमा मकै राम्रोसँग सब्लायो ।)

समाउनु-क्रि.मू.। **समाउ**-आ.धा.। स.क्रि.; पक्रनु, अँठ्याउनु, समात्नु, गिरफ्तार गर्नु, धड्नु, स्याहार्नु, अँगाल्नु, स्वीकार गर्नु, लिनु, ग्रहण गर्नु । **समाइ** (समाउ+आइ)-भा.ना.। **समाइनु**-समाउनुको क.क्रि.। **समाइ**-क.धा.। **समाई, समाएर, समाउन, समाउँदै, समाउन्जेल, समाउँदाखेरि**-कृ.अ.। **समाउनू**-वि.। **समाऊन्**-इ.। **समाउला**-स.। (स.क्रि.-परोपकारीले दुःखी मानिसहरूको पाउ समायो ।)

समात्नु-क्रि.मू.। **समात्**-आ.धा.। स.क्रि.; समाउनु । **समताइ** (समात्+आइ)-भा.ना.। **समातिनु**- समात्नुको क.क्रि.। **समाति**-क.धा.। **समाती, समातेर, समात्न, समात्दै, समातुन्जेल, समात्दाखेरि**-कृ.अ.। **समात्नू**-वि.। **समातून्**-इ.। **समात्ला**-स.। (स.क्रि.-प्रहरीले चोरलाई समात्यो ।)

समालिनु-क्रि.मू.। **समालि**-आ.धा.। अ.क्रि.; सँभालिनु । **समल्याइ** (समालि+आइ)-भा.ना.। **समल्याउनु** -प्रे.क्रि./स.क्रि.; समालिने पार्नु । **समल्याउ** -प्रे.धा.। **समल्याइनु**-समल्याउनुको क.क्रि.। **समल्याइ** -भा.प्रे.धा.। **समालिइनु**-समालिनुको भा.क्रि.। **समालिइ**-भा.धा.। **समालिई, समालिएर, समालिन, समालिंदै, समालिउन्जेल, समालिंदाखेरि**-कृ.अ.। **समालिनू**-वि.। **समालिऊन्** - इ.। **समालेला**-स.। (अ.क्रि.-छोरो जान्नेसुन्ने भएपछि माझघरे जेठाको घरबार समालियो ।)

समाल्नु-क्रि.मू.। **समाल्**-आ.धा.। स.क्रि.; सँभाल्नु । **समलाइ** (समाल्+आइ)-भा.ना.। **समालिनु**-समाल्नुको क.क्रि.। **समालि**-क.धा.। **समाली, समालेर, समाल्न, समाल्दै, समालुन्जेल, समाल्दाखेरि**-कृ.अ.। **समाल्नू**-वि.। **समालून्**-इ.। **समाल्ला**-स.। (स.क्रि.-बाबुको शेषपछि धर्मानन्दले घरबार राम्रोसंग समाल्यो ।)

समेट्नु-क्रि.मू.। **समेट्**-आ.धा.। स.क्रि.; सँगेट्नु, सोहोर्नु, बटुल्नु, गुटुमुट्याउनु, सम्हाल्नु, स्याहार्नु, छरिएर रहेको वस्तुलाई जम्मा गर्नु, छरिएका विचारलाई एकत्र पार्नु । **समेटाइ** (समेट्+आइ)-भा.ना.। **समेटाउनु**प्रे.क्रि./स.क्रि.; समेट्न लाउनु । **समेटाउ**-प्रे.धा.। **समेटाइनु**-समेटाउनुको

क.क्रि.। **समेटाइ**-क.प्रे.धा.। **समेटिनु**-समेट्नुको क.क्रि.। **समेटि**-क.धा.। **समेटी, समेटेर, समेट्न, समेट्तै, समेटुन्जेल, समेट्दाखेरि**-कृ.अ.।**समेट्नू**-वि.। **समेटून्**-इ.। **समेट्ला**-स.।(स.क्रि.-वाङ्मय शब्दले इतिहास, अभिलेख, भूगोल, शास्त्र, साहित्य आदि सबैलाई समेट्यो ।)

समेल्नु-क्रि.मू.। **समेल्**-आ.धा.। स.क्रि.; सम्याउनु, तलास्नु, कपाल कोर्नु, व्यवस्थित गर्नु, क्रममा मिलाउनु, नियममा राख्नु । **समेलाइ** (समेल्+आइ)-भा.ना.। **समेलिनु**-समेल्नुको क.क्रि.। **समेलि**-क.धा.। **समेली, समेलेर, समेल्न, समेल्दै, समेलुन्जेल, समेल्दाखेरि**-कृ.अ.। **समेल्नू**-वि.। **समेलून्**-इ. **समेल्ला** -स.। (स.क्रि.-बाटुलीले कपाल समेली ।)

सम्झनु-क्रि.मू.। **सम्झ**-आ.धा.। स.क्रि.; सम्झना गर्नु, स्मरण गर्नु, बिर्सेको कुरो याद राख्नु, ध्यान गर्नु, जान्नु, बुझ्नु, बोध हुनु, ठान्नु । **सम्झाइ** (सम्झ+आइ), (सम्झाउ+आइ), **सम्झना** (सम्झ+ना); **सम्झाउनी** (सम्झ+आउनी); **सम्झौटो** (सम्झ+औटो); **सम्झौता** (सम्झ+औता) भा.ना.। **सम्झाउनु**-प्रे.क्रि./स.क्रि.; सम्झना गराउनु, याद दिलाउनु, स्मरण गराउनु, बुझाउनु, मनाउनु । **सम्झाउ**-प्रे.धा.। **सम्झाइनु**-सम्झाउनुको क.क्रि.। **सम्झाइ**-क.प्रे.धा.। **सम्झिनु**-सम्झनुको क.क्रि.। **सम्झि**-क.धा.। **सम्झी, सम्झेर, सम्झन, सम्झँदै, सम्झुन्जेल, सम्झँदाखेरि**-कृ.अ.। **सम्झनू**-वि.। **सम्झून्** -इ.। **सम्झला**-स.। (स.क्रि.-मैले बाल्यकालको एउटा रोचक घटना संझें ।)

सम्झिनु-क्रि.मू.। **सम्झि**- आ.धा.। अ.क्रि.; सम्झनु । **सम्झ्याइ** (सम्झि+आइ)-भा.ना.। **सम्झिइनु**-सम्झिनुको भा.क्रि.। **सम्झिइ**-भा.धा.। **सम्झिई, सम्झिएर, सम्झिन, सम्झिँदै, सम्झिउन्जेल, सम्झिँदाखेरि**-कृ.अ.। **सम्झिनू**-वि. । **सम्झिऊन्**-इ.। **सम्झेला**-स.। (अ.क्रि.-लाहुरेले घर सम्झियो ।)

सम्ठनु-क्रि.मू.। **सम्ठ**-आ.धा.। स.क्रि.; जम्मा गर्नु, सिम्कानाले पिट्नु, कोर्रा लाउनु, परस्त्री गमन गर्नु, भएसम्मको लिनु, गुटमुट्याउनु । अ.क्रि.; सित्तैमा अर्काको वस्तु जतिसक्यो उति जम्मा हुनु । **सम्ठाइ** (सम्ठ+आइ)-भा.ना.। **सम्ठाउनु**-प्रे.क्रि./स.क्रि.; सम्ठन लाउनु; सम्ठ्याउनु । **सम्ठाउ** -प्रे.धा.। **सम्ठाइनु**-सम्ठाउनुको क.क्रि.। **सम्ठाइ**-क.प्रे.धा./भा.प्रे.धा.। **सम्ठिनु**-सम्ठनुको क.क्रि./भा.क्रि.। **सम्ठि**-क.धा./भा.धा.। **सम्ठी, सम्ठेर, सम्ठन, सम्ठँदै, सम्ठुन्जेल, सम्ठँदाखेरि**-कृ.अ.। **सम्ठनू**-वि.। **सम्ठून्**-इ.। **सम्ठला**-स.। (स.क्रि.-यमराजका दूतहरूले पापीलाई सम्ठे । अ.क्रि.-माइतीको सम्पत्ति धनमायाको घरमा खूबसंग सम्ठ्यो ।)

सम्ठिनु-क्रि.मू.। **सम्ठि**-आ.धा.। अ.क्रि.; पिटाइ हुनु, कुटिनु, सित्तैमा जतिसक्यो उति अर्काको वस्तु जम्मा हुनु । स.क्रि.; कोर्रा हान्नु, सिम्कानाले पिट्नु, गुटमुटयाउनु, सम्ठनु । **सम्ठ्याइ** (सम्ठि+आइ), (सम्ठ्याउ+आइ)-भा.ना.। **सम्ठ्याउनु**-प्रे.क्रि./स.क्रि.; सम्ठिने पार्नु, सम्ठाउनु, सोट्ठ्याउनु, गुटमुट्याउनु, । **सम्ठ्याउ**-प्रे.धा.। **सम्ठ्याइनु**-सम्ठ्याउनुको क.क्रि.। **सम्ठ्याइ**-भा.प्रे.धा./क.प्रे.धा.। **सम्ठिइनु**-सम्ठिनुको भा.क्रि./क.क्रि.। **सम्ठिइ** -भा.धा./क.धा.। **सम्ठिई, सम्ठिएर, सम्ठिन, सम्ठिंदै, सम्ठिउन्जेल, सम्ठिंदाखेरि**-कृ.अ.। **सम्ठिनू**-वि.। **सम्ठिऊन्**-इ.। **सम्ठेला**-स.। (अ.क्रि.-बेल बहादुरको घरमा खूब सम्पत्ति सम्ठियो । स.क्रि.-ज्यापू दाइले लट्ठीले साँढेलाई सम्ठिए ।)

सम्मिनु-क्रि.मू.। **सम्मि**-आ.धा.। अ.क्रि.; सतह मिल्नु, सम्म हुनु,एकनासले समतल हुनु, रिस आदिको समन भएर शान्त हुनु । **सम्म्याइ** (सम्मि+आइ), (सम्म्याउ+आइ)-भा.ना.। **सम्म्याउनु**-प्रे.क्रि./स.क्रि.; खजमजिएको वस्तु तह लाउनु, सम्म पार्नु, एकनासले समथर तुल्याउनु, सम्झाइ आदिले थुमथुम्याएर शान्त पार्नु । **सम्म्याउ**-प्रे.धा. । **सम्म्याइनु**-सम्म्याउनुको क.क्रि.। **सम्म्याइ**-भा.प्रे.धा.। **सम्मिइनु**- सम्मिनुको भा.क्रि.। **सम्मिइ** -भा.धा.। **सम्मिई, सम्मिएर, सम्मिन, सम्मिंदै, सम्मिउन्जेल, सम्मिंदाखेरि**-कृ.अ.। **सम्मिनू**-वि.। **सम्मिऊन्**-इ.। **सम्मेला**-स.। (अ.क्रि.-सबैले मिलेर टुटिलो डाँडो खनेर फालेपछि स्कूलअगाडिको मैदान सम्मियो ।)

सम्ल्हनु-क्रि.मू.। **सम्ल्ह**-आ.धा.। अ.क्रि.; सँभालिनु, सावधान हुनु, खराब कुराबाट बच्नु । **सम्ल्हाइ** (सम्ल्ह+आइ)-भा.ना.। **सम्ल्हाउनु**-प्रे.क्रि./स.क्रि.;सम्ल्हन लाउनु, सम्ल्हने पार्नु । **सम्ल्हाउ**-प्रे.धा.। **सम्ल्हाइनु**-सम्ल्हाउनुको क.क्रि.। **सम्ल्हाइ**-भा.प्रे.धा.। **सम्ल्हिनु**-सम्ल्हनुको भा.क्रि.। **सम्ल्हि**-भा.धा.। **सम्ल्ही, सम्ल्हेर, सम्ल्हन, सम्ल्हँदै, सम्ल्हुन्जेल, सम्ल्हँदाखेरि**-कृ.अ.। **सम्ल्हनू**-वि.। **सम्ल्हून्**-इ.। **सम्ल्हला**-स.। (अ.क्रि.-सचेत जनताहरू बिस्तारै सम्ल्हे ।)

सम्हाल्नु-क्रि.मू.। **सम्हाल्** -आ.धा.। स.क्रि.; समाल्नु । **सम्हलाइ** (सम्हाल्+आइ)-भा.ना.। **सम्हालिनु**-सम्हाल्नुको क.क्रि.। **सम्हालि**-क.धा.। **सम्हाली, सम्हालेर, सम्हाल्न, सम्हाल्दै, सम्हालुन्जेल, सम्हाल्दाखेरि**-कृ.अ.। **सम्हाल्नू**-

वि.। **सम्हालून्**-इ.। **सम्हाल्ला**-स.। (स.क्रि.-त्यसले आफ्ना जहान छोराछोरीलाई सम्हाल्यो ।)

सरमाउनु-क्रि.मू.। **सरमाउ**-आ.धा.। अ.क्रि.; सर्माउनु, लाज मान्नु, लजाउनु, सरम मान्नु, सङ्कोचमा पर्नु, धक मान्नु । **सरमाइ** (सरमाउ+आइ)-भा.धा.। **सरमाई, सरमाएर, सरमाउन, सरमाउँदै, सरमाउन्जेल, सरमाउँदाखेरि**-कृ.अ.। **सरमाउनू**-वि.। **सरमाऊन्**-इ.। **सरमाउला**-स.। (अ.क्रि.-धनजिते हामीसंग्र कुरा गर्दा साह्रो सरमायो ।)

सरसराउनु-क्रि.मू.। **सरसराउ**-आ.धा.। अ.क्रि.; सरसर शब्द आउनु, सगसगाउनु, सरसराहट हुनु, तरखराउनु, तम्सिनु । **सरसराइ** (सरसराउ+आइ)-भा.ना.। **सरसराइनु**-सरसराउनुको भा.क्रि.। **सरसराइ** -भा.धा.। **सरसराई, सरसराएर, सरसराउन, सरसराउँदै, सरसराउन्जेल, सरसराउँदाखेरि**-कृ.अ.। **सरसराउनू**-वि.। **सरसराऊन्**-इ.। **सरसराउला**-स.। (अ.क्रि.-स्कूलको वार्षिक खेलकुदमा विद्यार्थीहरू खूबै सरसराए ।)

सराप्नु-क्रि.मू.। **सराप्**- आ.धा.। स.क्रि.; अनिष्ट गरिदिनेको बदलामा गाली गर्नु, खराब होस् भन्नु, श्राप दिनु, सराप गर्नु, अपशब्द बोल्नु । **सरपाइ** (सराप्+आइ)-भा.ना.। **सरापिनु**-सराप्नुको क.क्रि.। **सरापि** -क.धा.। **सरापी, सरापेर, सराप्न, सराप्तै, सरापुन्जेल, सराप्दाखेरि**-कृ.अ.। **सराप्नू**-वि.। **सरापून्**-इ.। **सराप्ला**-स.। (स.क्रि.-कुबेतले इराकलाई सराप्यो ।)

सर्नु-क्रि.मू.। **सर्**-आ.धा.। अ.क्रि.; एक ठाउँबाट अर्को ठाउँ जानु, हिँड्नु, घस्रनु, बसाइँ जानु, बस्ती बदल्नु, ठाउँ फेर्नु, एकदेखि अर्कोमा सङ्क्रामक रोग आदि फैलँदै जानु । **सराइ** (सर्+आइ)-भा.ना.। **सराउनु/सार्नु**-प्रे.क्रि./स.क्रि.; सर्न लाउनु, सर्ने पार्नु । **सराउ/सार्**-प्रे.धा.। **सराइनु/सारिनु**-सराउनु/सार्नु को क.क्रि.। **सराइ/सारि**-भा.प्रे.धा.। **सरिनु**-सर्नुको भा.क्रि.। **सरि**-भा.धा.। **सरी, सरेर, सर्न, सर्दै, सरुन्जेल, सर्दाखेरि**-कृ.अ.। **सर्नू**-वि.। **सरून्**-इ.। **सर्ला**-स.। (अ.क्रि.-धेरै नेपालीहरू पहाडबाट तराईमा बसाइँ सरे ।)

सर्कनु-क्रि.मू.। **सर्क**-आ.धा.। अ.क्रि.; उन्नति हुनु, अभ्युदय हुनु, उँभो लाग्नु, बढिबढाउ हुनु, हुप पस्नु, भस्को पस्नु, सड्कनु, भाँचिनु, खाए-पिएको वस्तु श्वासको वेगले नाकका प्वालतिर लाग्नाले छिउँ आदि पैदा हुनु । **सर्काइ** (सर्क+आइ), (सर्काउ+आइ)-भा.ना.। **सर्काउनु**-प्रे.क्रि./स.क्रि.; सर्किने पार्नु, उँभो लाउनु, सपार्नु, अग्रसर गराउनु । **सर्काउ**-प्रे.धा.। **सर्काइनु**-सर्काउनुको क.क्रि.। **सर्काइ**-भा.प्रे.धा.। **सर्किनु**-सर्कनुको भा.क्रि.। **सर्की**- भा.धा.। **सर्की, सर्केर, सर्कन, सर्कँदै, सर्कुन्जेल, सर्कँदाखेरि**-कृ.अ.। **सर्कनू**-वि.। **सर्कून्**-इ.। **सर्कला**-स.। (अ.क्रि.-अरू देशको दाँजोमा जापान छिट्टै सर्क्यो ।)

सर्किनु-क्रि.मू.। **सर्कि**-आ.धा.। अ.क्रि.; सर्कनु । **सर्क्याइ** (सर्कि+आइ)-भा.ना.। **सर्किइनु**-सर्किनुको भा.क्रि.। **सर्किइ**-भा.धा.। **सर्किई, सर्किएर, सर्किन, सर्किँदै, सर्किउन्जेल, सर्किँदाखेरि**-कृ.अ.। **सर्किनू**-वि.। **सर्किऊन्**-इ.। **सर्केला**-स.। (अ.क्रि.-काठमाडौँमा धेरै पंचायती मानिस एक्कासि सर्किए ।)

सर्माउनु-क्रि.मू.। **सर्माउ** -आ.धा.। अ.क्रि.; सरमाउनु । **सर्माइ** (सर्माउ+आइ)-भा.ना.। **सर्माइनु**-सर्माउनुको भा.क्रि.। **सर्माइ** -भा.धा.। **सर्माई, सर्माएर, सर्माउन, सर्माउँदै, सर्माउन्जेल, सर्माउँदाखेरि**-कृ.अ.। **सर्माउनू**-वि.। **सर्माऊन्**-इ.। **सर्माउला**-स.। (अ.क्रि.-मेलामा युवायुवतीहरू ज्यादै सर्माए ।)

सन्याउनु-क्रि.मू.। **सन्याउ**-आ.धा.। स.क्रि.; सरो वा तह झिक्नु, एकसरो गराउनु, मकैका घोगाको खोस्टा निकाल्नु, खोस्टा चुँड्नु । **सन्याइ** (सन्याउ+आइ)-भा.ना.। **सन्याइनु**-सन्याउनुको क.क्रि.। **सन्याइ**-क.धा.। **सन्याई, सन्याएर, सन्याउन, सन्याउँदै, सन्याउन्जेल, सन्याउँदाखेरि**-कृ.अ.। **सन्याउनू**-वि.। **सन्याऊन्**-इ.। **सन्याउला**-स.। (स.क्रि.-किसानहरूले मकै सन्याए ।)

सर्सराउनु-क्रि.मू.। **सर्सराउ**-आ.धा.। अ.क्रि.; सरसर शब्द आउनु, हावा आदि सरसराउनु, सन्याकसुरुक आवाज हुनु । **सर्सराइ** (सर्सराउ+आइ)-भा.ना.। **सर्सराइनु**-सर्सराउनुको भा.क्रि.। **सर्सराइ** -भा.धा.। **सर्सराई, सर्सराएर, सर्सराउन, सर्सराउँदै, सर्सराउन्जेल, सर्सराउँदाखेरि**-कृ.अ.। **सर्सराउनू**-वि.। **सर्सराऊन्**-इ.। **सर्सराउला**-स.। (अ.क्रि.-नागेको डाँडामा चिसो हावा सर्सरायो ।)

सन्हाउनु-क्रि.मू.। **सन्हाउ** -आ.धा.। स.क्रि.; कसैको गुण आदिको बखान गर्नु, प्रशंसा गर्नु, सन्हनी गर्नु । **सन्हाइ** (सन्हाउ+आइ)-भा.ना.। **सन्हाइनु**-सन्हाउनुको क.क्रि.। **सन्हाइ**-क.धा.। **सन्हाई, सन्हाएर, सन्हाउन, सन्हाउँदै, सन्हाउन्जेल, सन्हाउँदाखेरि**-कृ.अ.। **सन्हाउनू**-वि.। **सन्हाऊन्**-इ.। **सन्हाउला**-स.। (स.क्रि.-साहित्यिक पाठकले महाकवि लक्ष्मीप्रसाद देवकोटालाई खूब सन्हाए ।)

सलबलाउनु-क्रि.मू.। **सलबलाउ**-आ.धा.। अ.क्रि.; सलबल गर्नु, सिलिङबिलिङ गर्नु; माछा आदि कीरा चल्नु, चलमलाउनु, चञ्चल हुनु । **सलबलाइ** (सलबलाउ+आइ)-भा.ना.। **सलबलाउँदो** (सलबलाउ+आउँदो)-विशे.। **सलबलाइनु**-सलबलाउनुको भा.क्रि.। **सलबलाइ**-भा.धा.। **सलबलाई, सलबलाएर, सलबलाउन, सलबलाउँदै, सलबलाउन्जेल, सलबलाउँदाखेरि**-कृ.अ.। **सलबलाउनू**-वि.। **सलबलाऊन्**-इ.। **सलबलाउला**-स.। (अ.क्रि.-वेगनास तालमा माछा सलबलाए ।)

सलबलिनु-क्रि.मू.। **सलबलि**-आ.धा.। अ.क्रि.;सलबलाउनु। **सलबल्याइ** (सलबलि+आइ); **सलबल्याहट** (सलबलि+आहट)-भा.ना.। **सलबल्याउनु**-प्रे.क्रि./स.क्रि.; सलबलिने पार्नु । **सलबल्याउ**-प्रे.धा.। **सलबल्याइनु** -सलबल्याउनुको क.क्रि.। **सलबल्याइ**-भा.प्रे.धा.। **सलबलिइनु**-सलबलिनुको भा.क्रि.। **सलबलिई** -भा.धा.। **सलबलिई, सलबलिएर, सलबलिन, सलबलिँदै, सलबलिउन्जेल, सलबलिंदाखेरि**-कृ.अ.। **सबललिनू**-वि.। **सलबलिऊन्**-इ.। **सलबलेला**-स.। (अ.क्रि.-हडतालमा मानिसहरू सलबलिए ।)

सलसलाउनु क्रि.मू.। **सलसलाउ**-आ.धा.। अ.क्रि.; हलहल बढ्नु, सप्रेर हलक्क बढ्नु, लहलहाउनु, सब्लाउनु, सलक्क पर्नु, सलकाइलो हुनु, सलबलाउनु । **सलसलाइ** (सलसलाउ+आइ)-भा.ना.। **सलसलाइनु**-सलसलाउनुको भा.क्रि.। **सलसलाइ** -भा.धा.। **सलसलाई, सलसलाएर, सलसलाउन, सलसलाउँदै, सलसलाउन्जेल, सलसलाउँदाखेरि**-कृ.अ.। **सलसलाउनू**-वि.। **सलसलाऊन्**-इ.। **सलसलाउला**-स.। (अ.क्रि.-गैरावारीमा मकै सलसलायो ।)

सल्कनु-क्रि.मू.। **सल्क**-आ.धा.। अ.क्रि.; रोग आदि फैलनु, जुम्रा आदि सर्नु, बत्ती आदि बल्न सुरु हुनु, रिसले भित्रभित्रै चूर हुनु, मुरमुरिनु, कामको चेष्टाले लहसिनु । **सल्काइ** (सल्क+आइ), (सल्काउ+आइ)-भा.ना.। **सल्काउनु**-प्रे.क्रि./स.क्रि.; सल्कने पार्नु, रोगहरू फैलाउनु, जुम्रा आदि सार्नु, आगो आदि बाल्नु, दन्काउनु, बल्ने बनाउनु, रिस उठ्ने तुल्याउनु । **सल्काउ**-प्रे.धा.। **सल्काइनु**-सल्काउनुको क.क्रि.। **सल्काइ**-भा.प्रे.धा.। **सल्किनु**-सल्कनुको भा.क्रि.। **सल्कि**- भा.धा.। **सल्की, सल्केर, सल्कन, सल्कँदै, सल्कुन्जेल, सल्कँदाखेरि**-कृ.अ.। **सल्कनू**-वि.। **सल्कून्**-इ.। **सल्कला**-स.। (अ.क्रि.-जङ्गलमा डढेलो सल्क्यो ।)

सल्किनु-क्रि.मू.। **सल्कि**-आ.धा.। अ.क्रि.; सल्कनु, फैलिनु, दन्किनु । **सल्क्याइ** (सल्कि+आइ)-भा.ना.। **सल्किइनु**-सल्किनुको भा.क्रि.। **सल्किइ**-भा.धा.। **सल्किई, सल्किएर, सल्किन, सल्किँदै, सल्किउन्जेल, सल्किंदाखेरि**-कृ.अ.। **सल्किनू**-वि.। **सल्किऊन्**-इ.। **सल्केला**-स.। (अ.क्रि.-दिपावलीमा बत्तीहरू सल्किए ।)

ससल्काउनु-क्रि.मू.। **ससल्काउ**-आ.धा.। अ.क्रि.; आफ्नै सूरले कुनै काम गर्न तम्सनु, उत्सुकतासाथ काममा अघि सर्नु, तत्परिनु, सहटाउनु, ससल्किनु । **ससल्काइ** (ससल्काउ+आइ)-भा.ना.। **ससल्काइनु**-ससल्काउनुको भा.क्रि.। **ससल्काइ** -भा.धा.। **ससल्काई, ससल्काएर, ससल्काउन, ससल्काउँदै, ससल्काउन्जेल, ससल्काउँदाखेरि**-कृ.अ.। **ससल्काउनू**-वि.। **ससल्काऊन्**-ई.। **ससल्काउला** -स.। (अ.क्रि.-बाटो खन्नका लागि गाउँलेमानिसहरू ससल्काए ।)

ससल्किनु-क्रि.मू.। **ससल्कि**-आ.धा.। अ.क्रि.; ससल्काउनु, सहटिनु । **ससल्क्याइ** (ससल्कि+आइ)-भा.ना.। **ससल्किइनु**-ससल्किनुको भा.क्रि.। **ससल्किइ**- भा.धा.। **ससल्किई, ससल्किएर, ससल्किन, ससल्किँदै, ससल्किउन्जेल, ससल्किंदाखेरि**-कृ.अ.। **ससल्किनू**-वि.। **ससल्किऊन्**-इ.। **ससल्केला**-स.। (अ.क्रि.-किसान खेतको काममा ससल्कियो ।)

सहनु-क्रि.मू.। **सह्**-आ.धा.। स.क्रि.; मानसिक वा शारीरिक पीडा सहन गर्नु, खप्नु, धैर्य-धारण गर्नु, क्षमा गर्नु । **सहाइ** (सह+आइ)-भा.ना.। **सहाउनु**-प्रे.क्रि./स.क्रि.; सहन लाउनु, सहने पार्नु । **सहाउ**-प्रे.धा.। **सहाइनु**-सहाउनुको क.क्रि.। **सहाइ**-क.प्रे.धा.। **सहिनु**-सहनुको क.क्रि.; सहन गरिनु । **सहि**-क.धा.। **सही, सहेर, सहन, सहँदै, सहुन्जेल, सहँदाखेरि**-कृ.अ.। **सहनू**-वि.। **सहून्**-इ.। **सहला**-स.। (स.क्रि.-देवकोटाले जीवनमा अनेकौं आँधीबेरीलाई सहे ।)

सहजाउनु-क्रि.मू.। **सहजाउ**-आ.धा.। अ.क्रि.; रुचाउनु, राम्रो मान्नु, सहजिनु । **सहजाइ** (सहजाउ+आइ)-भा.ना.। **सहजाइनु**-सहजाउनुको भा.क्रि.। **सहजाइ**-भा.धा.। **सहजाई, सहजाएर, सहजाउन, सहजाउँदै, सहजाउन्जेल, सहजाउँदाखेरि**-कृ.अ.। **सहजाउनू**-वि.। **सहजाऊन्**-इ.। **सहजाउला**-स.। (अ.क्रि.-पर्यटकहरू सिकलेस गाउँमा खूब सहजाए ।)

सहजिनु-क्रि.मू.। **सहजि**-आ.धा.। अ.क्रि.; बरालिएर हिंड्नु, अल्लारिनु, उदण्ड हुनु, उच्छृङ्खल बन्नु ।

सहज्याइ (सहजि+आइ)-भा.ना.। **सहज्याउनु** -प्रे.क्रि./स.क्रि.; सहजिने पार्नु । **सहज्याउ**-प्रे.धा.। **सहज्याइनु**-सहज्याउनुको क.क्रि.। **सहज्याइ**-भा.प्रे.धा.। **सहजिइनु**-सहजिनुको भा.क्रि.। **सहजिइ**-भा.धा.। **सहजिई, सहजिएर, सहजिन, सहजिँदै, सहजिउन्जेल, सहजिंदाखेरि**-कृ.अ.। **सहजिनू**-वि.। **सहजिऊन्**-इ.। **सहजेला**-स.। (अ.क्रि.-केटाकेटीहरू दिनभरि सहजिए ।)

सहटाउनु-क्रि.मू.। **सहटाउ**-आ.धा.। अ.क्रि.; कुनै काम गर्न अघि सर्नु, ससल्काउनु, सहटिनु । **सहटाइ** (सहटाउ+आइ)-भा.ना.। **सहटाइनु**-सहटाउनुको भा.क्रि.। **सहटाइ**-भा.धा.। **सहटाई, सहटाएर, सहटाउन, सहटाउँदै, सहटाउन्जेल, सहटाउँदाखेरि**-कृ.अ.। **सहटाउनू**-वि.। **सहटाऊन्**-इ.। **सहटाउला**-स.। (अ.क्रि.-विद्यार्थीहरू खेल खेल्नका निमित्त सहटाए ।)

सहटिनु-क्रि.मू.। **सहटि**-आ.धा.। अ.क्रि.; सहटाउनु । **सहट्याइ** (सहटि+आइ)-भा.ना.। **सहटिइनु**-सहटिनुको भा.क्रि.। **सहटिइ**-भा.धा.। **सहटिई, सहटिएर, सहटिन, सहटिँदै, सहटिउन्जेल, सहटिंदाखेरि**-कृ.अ.। **सहटिनू**-वि.। **सहटिऊन्**-इ.। **सहटेला**-स.। (अ.क्रि.-दीपेन्द्रमान पुस्तकालयको काममा सहटियो ।)

सह्माल्नु-क्रि.मू.। **सह्माल्**-आ.धा.। स.क्रि.; वचाउनु, जोगाउनु, रक्षा गर्नु । **सह्मलाइ** (सह्माल्+आइ)-भा.ना.। **सह्मालिनु**-सह्माल्नुको क.क्रि.। **सह्मालि**-क.धा.। **सह्माली, सह्मालेर, सह्माल्न, सह्माल्दै, सह्मालुन्जेल, सह्माल्दाखेरि**-कृ.अ.। **सह्माल्नू**-वि.। **सह्मालून्**-इ.। **सह्माल्ला**-स.। (स.क्रि.-त्यसले धनसम्पत्ति सह्माल्यो ।)

सह्म्लनु-क्रि.मू.। **सह्म्ल**-आ.धा.। अ.क्रि.; जोगिनु, बच्नु, सावधान हुनु । **सह्म्लाइ** (सह्म्ल+आइ)-भा.ना.। **सह्म्लाउनु**-प्रे.क्रि./स.क्रि.; सह्म्लन लाउनु । **सह्म्लाउ**-प्रे.धा.। **सह्म्लाइनु**-सह्म्लाउनुको क.क्रि.। **सह्म्लाइ**-भा.प्रे.धा.। **सहम्लिनु**-सह्म्लनुको भा.क्रि.। **सहिम्ल**-भा.धा.। **सह्म्ली, सह्म्लेर, सह्म्लन, सह्म्लँदै, सह्म्लुन्जेल, सह्म्लँदाखेरि**-कृ.अ.। **सह्म्लनू**-वि.। **सह्म्लून्**-इ.। **सह्म्लला**-स.। (अ.क्रि.-मनबीरे दुःखमा धैर्य भएर सह्म्ल्यो ।)

सह्यार्नु-क्रि.मू.। **सह्यार्**-आ.धा.। स.क्रि.; सँभाल्नु, स्याहार गर्नु, पालनपोषण गर्नु, सेवा-टहल गर्नु, स्याहार्नु, सकार्नु, अङ्गीकार गर्नु । **सह्यराइ** (सह्यार्+आइ)-भा.ना.। **सह्यारिनु**-सह्यार्नुको क.क्रि.। **सह्यारि**-क.धा.। **सह्यारी, सह्यारेर, सह्यार्न, सह्यार्दै, सह्यारुन्जेल, सह्यार्दाखेरि**-कृ.अ.। **सह्यार्नू**- वि.। **सह्यारून्**-इ.। **सह्यार्ला**-स.। (स.क्रि.-गोठालोले गाई-भैंसीलाई सह्यार्‍यो ।)

सह्याल्नु-क्रि.मू.। **सह्याल्**-आ.धा.। स.क्रि.; सह्यार्नु । **सह्यलाइ** (सह्याल्+आइ)-भा.ना.। **सह्यालिनु**-सह्याल्नुको क.क्रि.। **सह्यालि**-क.धा.। **सह्याली, सह्यालेर, सह्याल्न, सह्याल्दै, सह्यालुन्जेल, सह्याल्दाखेरि**-कृ.अ.। **सह्याल्नू**-वि.। **सह्यालून्**-इ.। **सह्याल्ला**-स.। (स.क्रि.-त्यसले आफ्ना बालबच्चालाई राम्ररी सह्याल्यो ।)

साँगुरिनु-क्रि.मू.। **साँगुरि**-आ.धा.। अ.क्रि.; साँघुरो हुनु, साङ्ग्रो बन्नु, चाउरिनु, खुम्चिनु, साँघुरिनु । **साँगुर्‍याइ** (साँगुरि+आइ), (साँगुर्‍याउ+आइ)-भा.ना.। **साँगुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; साँगुरो पार्नु, साँघुरो तुल्याउनु, साँघुर्‍याउनु । **साँघुर्‍याउ**- प्रे.धा.। **साँगुर्‍याइनु**-साँगुर्‍याउनुको क.क्रि.। **साँगुर्‍याइ**-भा.प्रे.धा.। **साँगुरिइनु**-साँगुरिनुको भा.क्रि.। **साँगुरिइ**-भा.धा.। **साँगुरिई, साँगुरिएर, साँगुरिन, साँगुरिँदै, साँगुरिउन्जेल, साँगुरिंदाखेरि**-कृ.अ.। **साँगुरिनू**-वि.। **साँगुरिऊन्**-इ.। **साँगुरेला**-स.। (अ.क्रि.-हिजोआज शहरमा शडक साँगुरियो ।)

साँघुरिनु-क्रि.मू.। **साँघुरि**-आ.धा.। अ.क्रि.; साँगुरिनु । **साँघुर्‍याइ** (साँघुरि+आइ), (साँघुर्‍याउ+आइ)-भा.ना.। **साँघुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; साँघुरो पार्नु, साँगुर्‍याउनु । **साँघुर्‍याउ**-प्रे.धा.। **साँघुर्‍याइनु**-साँघुर्‍याउनुको क.क्रि.। **साँघुर्‍याइ**-भा.प्रे.धा.। **साँघुरिइनु**-साँघुरिनुको भा.क्रि.। **साँघुरिइ**-भा.धा.। **साँघुरिई, साँघुरिएर, साँघुरिन, साँघुरिँदै, साँघुरिउन्जेल, साँघुरिंदाखेरि**-कृ.अ.। **साँघुरिनू**-वि.। **साँघुरिऊन्**-इ.। **साँघुरेला**-स.। (अ.क्रि. -परिवार बढेपछि घर साँघुरियो ।)

साँचिनु-क्रि.मू.। **साँचि**-आ.धा.। अ.क्रि.; जोगिनु, बाँचिनु, सुरक्षित होइनु, दुःख नपाउने स्थितिमा पुगिनु । **सँच्याइ** (साँचि+आइ)-भा.ना.। **सँच्याउनु**-प्रे.क्रि./स.क्रि.; साँच्न लाउनु, साँचिने पार्नु । **सँच्याउ**-प्रे.धा.। **सँच्याइनु**-सँच्याउनुको क.क्रि.। **सँच्याइ**- भा.प्रे.धा.। **साँचिइनु**-साँचिनुको भा.क्रि.। **साँचिइ**-भा.धा.। **साँचिई, साँचिएर, साँचिन, साँचिँदै, साँचिउन्जेल, साँचिंदाखेरि**-कृ.अ.। **साँचिनू**-वि.। **साँचिऊन्**-इ.। **साँचेला**-स.। (अ.क्रि.-दशैंमा बोको साँचियो, काटिएन ।)

साँच्नु-क्रि.मू.। **साँच्**-आ.धा.। स.क्रि.; सँगाल्नु, जम्मा गर्नु, वचाउनु, जोगाउनु, उबार्नु, नमास्नु, सञ्चित गर्नु ।

सँचाइ (साँच्+आइ)-भा.ना.। **सँचाउनु**-प्रे.क्रि./स.क्रि.; साँच्न लाउनु, जम्मा गराउनु । **सँचाउ**-प्रे.धा.। **सँचाइनु**-सँचाउनुको क.क्रि.। **सँचाइ**-क.प्रे.धा.। **साँचिनु**-साँच्नुको क.क्रि.। **साँचि**-क.धा.। **साँची, साचेर, साँच्न, साँच्दै, साँचुन्जेल, साँच्दाखेरि**-कृ.अ.। **साँच्नू**-वि.। **साँचून्**-इ.। **साँच्ला**-स.। (स.क्रि.-तल्लोघर काहिंलाले सम्पत्ति साँच्यो ।)

साँध्नु-क्रि.मू.। **साँध्**- आ.धा.। स.क्रि.; अमिलो-खुर्सानी आदि हालेर अचार आदि बनाउनु, नून-खुर्सानी आदि हाली भोगटे आदि मुछ्नु, धेरै वस्तु एकै ठाउँमा राखेर मिलाउनु, निष्कर्ष निकाल्न धेरैको विचारमाथि छलफल गर्नु, हतियारमा साँध लाउनु । **सँधाइ** (साँध्+आइ); (सँधाउ+आइ)-भा.ना.। **सँधाउनु**-प्रे.क्रि./स.क्रि.; साँध्न लाउनु, साँध्ने काम गराउनु । **सँधाउ**-प्रे.धा.। **सँधाइनु**-सँधाउनुको क.क्रि.। **सँधाइ**-क.प्रे.धा.। **साँधिनु**-साँध्नुको क.क्रि.। **साँधि**-क.धा.। **साँधी, साँधेर, साँध्न, साँध्दै, साँधुन्जेल, साँध्दाखेरि**-कृ.अ.। **साँध्नू**-वि.। **साँधून्**-इ.। **साँध्ला**-स.। (स.क्रि.-बहिनीले निबुवा साँधिन् ।)

साउनु-क्रि.मू.। **साउ**-आ.धा.। स.क्रि.; रोपाइँका निमित्त हलो जस्तै तानेर दाँदिद्वारा हिलो सम्म्याउनु, पानी हालेर जोतेको ठाउँ रोपाइँका लागि योग्य बनाउनु, हिल्याउनु । **साइ** (साउ+आइ)-भा.ना.। **साइनु**-साउनुको क.क्रि.। **साइ**-क.धा.। **साई, साएर, साउन, साउँदै, साउन्जेल, साउँदाखेरि**-कृ.अ.। **साउनू**-वि.। **साऊन्**-इ.। **साउला**-स.। (स.क्रि.-हलीले रोपाइँका निमित्त सिमलचौर खेतको ठूलो गरो सायो ।)

साङ्ग्रिनु-क्रि.मू.। **साङ्ग्रि**-आ.धा.। अ.क्रि.; साँघुरिनु । **सङ्ग्र्याइ** (साङ्ग्रि+आइ)-भा.ना.। **सङ्ग्र्याउनु**-प्रे.क्रि./स.क्रि.; साँघुऱ्याउनु, साँङ्ग्रिने पार्नु । **सङ्ग्र्याउ**-प्रे.धा.। **सङ्ग्र्याइनु**-सङ्ग्र्याउनुको क.क्रि.। **सङ्ग्र्याइ**-भा.प्रे.धा.। **साङ्ग्रिइनु**-साङ्ग्रिनुको भा.क्रि.। **साङ्ग्रिइ**-भा.धा.। **साङ्ग्रिई, साङ्ग्रिएर, साङ्ग्रिन, साङ्ग्रिँदै, साङ्ग्रिउन्जेल, साङ्ग्रिंदाखेरि**-कृ.अ.। **साङ्ग्रिनू**-वि.। **साङ्ग्रिऊन्**-इ.। **साङ्ग्रेला**-स.। (अ.क्रि.-ज्यादा मोटाउनाले लक्ष्मीको चोलो साङ्ग्रियो ।)

साट्नु-क्रि.मू.। **साट्**-आ.धा.। स.क्रि.; विनिमय गर्नु, भजाउनु, सट्टा-सट्टा गर्नु, एक वस्तु दिएर अर्को वस्तु लिनु । **सटाइ** (साट्+आइ); (सटाउ+आइ)-भा.ना.। **सटाउनु**-प्रे.कि./स.क्रि.; साट्न लाउनु । **सटाउ**-प्रे.धा.। **सटाइनु**-सटाउनुको क.क्रि.। **सटाइ**-क.प्रे.धा.। **साटिनु**-साट्नुको क.क्रि.। **साटि**-क.धा.। **साटी, साटेर, साट्न, साट्तै, साटुन्जेल, साट्दाखेरि**-कृ.अ.। **साट्नू**- वि.। **साटून्**-इ.। **साट्ला**- स.। (स.क्रि.-विदेशीहरूले रुपियाँमा नेपाली प्राकृतिक सौन्दर्यलाई साटे ।)

साध्नु-क्रि.मू.। **साध्**- आ.धा.। स.क्रि.; आदेश लिन जाहेरी गर्नु, माथिल्लो संस्था वा व्यक्तिसँग आज्ञा लिनु, सिद्ध गर्नु, सफल पार्नु, फत्ते गर्नु, वशमा ल्याउनु, अधीनमा पार्नु, अभ्यास वा साधना गर्नु । **सधाइ** (साध्+आइ), (सधाउ+आइ)-भा.ना.। **सधाउनु**- प्रे.क्रि./स.क्रि.; साध्न लाउनु, सधाउने काम गराउनु, काममा लगाउनु, तालिम हासिल गराउनु, सुधार्नु, सपार्नु । **सधाउ**-प्रे.धा.। **सधाइनु**-सधाउनुको क.क्रि.। **सधाइ**-क.प्रे.धा.। **साधिनु**-साध्नुको क.क्रि.। **साधि**-क.धा.। **साधी, साधेर, साध्न, साध्दै, साधुन्जेल, साध्दाखेरि**-कृ.अ.। **साध्नू**-वि.। **साधून्**-इ.। **साध्ला**-स.। (स.क्रि.-सत्यहरिश्चन्द्रले परीक्षामा आफूलाई साधे ।)

साप्नु-क्रि.मू.। **साप्**-आ.धा.। स.क्रि.; भारीबाट बचाउन पिठ्यूँमा नरम कपडा राख्नु, दाउरा आदिको भारीको पिठिउँ पट्टिको भागमा अर्को नरम वस्तु राखेर मिलाउनु, भारी बोक्ता पछाडि ढाडमा बोरा, थैलो आदि बेर्नु, भट्याएको डाँडा-भाटामा भित्रपट्टि पातलोसँग विशेष लामो वस्तु बिछ्याउनु, खप्ट्याएर बाँध्नु, बबराबरसँग नापेर खप्ट्याई बाँध्नु, नाप्नु । **सपाइ** (साप्+आइ)-भा.ना.। **सापिनु**-साप्नुको क.क्रि.। **सापि**-क.धा.। **सापी, सापेर, साप्न, साप्तै, सापुन्जेल, साप्दाखेरि**-कृ.अ.। **साप्नू**-वि.। **सापून्**-इ.। **साप्ला**-स.। (स.क्रि.-भरियाले पिठिउँमा बोरा साप्यो ।)

सार्नु-क्रि.मू.। **सार्**-आ.धा.। स.क्रि.; प्रतिलिपि उतार्नु, लेख आदि जस्ताको तस्तै सरोट गर्नु, एक ठाउँको वस्तु अर्को ठाउँमा लैजानु, हटाउनु, स्थान परिवर्तन गर्नु, रोगादि फैलाउनु, सल्काउनु, भुसादिबाट अन्न छुट्ट्याउन नाङ्लो चलाउनु, साना बोट-बिरुवा एक ठाउँबाट उखेलेर अर्को ठाउँमा लगी रोप्नु । **सराइ** (सार्+आइ)-भा.ना.। **सराउनु**-प्रे.क्रि./स.क्रि.; सार्न लाउनु । **सराउ**-प्रे.धा.। **सराइनु**- सराउनुको क.क्रि.। **सराइ**-क.प्रे.धा.। **सारिनु**-सार्नुको क.क्रि.। **सारि**-क.धा.। **सारी, सारेर, सार्न, सार्दै, सारुन्जेल, सार्दाखेरि**-कृ.अ.। **सार्नू**- वि.। **सारून्**-इ.। **सार्ला**- स.। (स.क्रि.-मैले सुन्तलाको बिरुवाहरू सारें ।)

सिँगारिनु-क्रि.मू.। **सिँगारि**-आ.धा.। अ.क्रि.; सजिसजाउ हुनु । **सिँगऱ्याइ** (सिँगारि+आइ)-भा.ना.। **सिँगऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; सिँगारिने पार्नु । **सिँगऱ्याउ**-प्रे.धा.।

सिँगऱ्याइनु-सिँगऱ्याउनुको क.क्रि.। **सिँगऱ्याइ**-भा.प्रे.धा.। **सिँगारिइनु**-सिँगारिनुको भा.क्रि.। **सिँगारि**- भा.धा.। **सिँगारिई, सिँगारिन, सिँगारिएर, सिँगारिँदै, सिँगारिउन्जेल, सिँगारिंदाखेरि**-कृ.अ.। **सिँगारिनू**- वि.। **सिँगारिऊन्**-इ.। **सिँगारेला**-स.। (अ.क्रि.-बिबाहमा बेहुली सिँगारिई ।)

सिँगार्नु-क्रि.मू.। **सिँगार्**-आ.धा.। स.क्रि.; सिङार-पटार गर्नु, सजाउनु, रङ्गाउनु, अलङ्कृत पार्नु, गर-गहना लाइदिनु, मरमसला हालेर तिहुन-तरकारी स्वादिलो बनाउनु, बिभिन्न परिकार बनाएर भन्सा राम्रो पार्नु । **सिँगराइ** (सिँगार्+आइ)-भा.ना.। **सिँगारिनु**- सिँगार्नुको क.क्रि.। **सिँगारि**-क.धा.। **सिँगारी, सिँगारेर, सिँगार्न, सिँगार्दै, सिँगारुन्जेल, सिँगार्दाखेरि**-कृ.अ.। **सिँगार्नू**-वि.। **सिँगारून्**-इ.। **सिँगार्ला**-स.। (स.क्रि.-सानीले पुतली सिँगारी ।)

सिँच्नु-क्रि.मू.। **सिँच्**-आ.धा.। स.क्रि.; पानी पटाउनु, कुलो आदिबाट खेत-बारीमा पानी लाउनु, सिन्चाइ गर्नु, पानी छर्कनु, अभिषेक गर्नु, सेचन गर्नु । **सिँचाइ** (सिँच्+आइ)-भा.ना.। **सिँचाउनु**-प्रे.क्रि./स.क्रि.; सिँच्न लाउनु, सिचाउनु । **सिँचाउ**-प्रे.धा.। **सिँचाइनु**-सिँचाउनुको क.क्रि.। **सिँचाइ**-क.प्रे.धा.। **सिँचिनु**-सिँच्नुको क.क्रि.। **सिँचि**-क.धा.। **सिँची, सिँचेर, सिँच्न, सिँच्दै, सिँचुन्जेल, सिँच्दाखेरि**-कृ.अ.। **सिँच्नू**- वि.। **सिँचून्**-इ.। **सिँच्ला**-स.। (स.क्रि.-किसानले खेत सिँच्यो ।)

सिउनु-क्रि.मू.। **सिउ**-आ.धा.। स.क्रि.; सियो-धागोले कपडा खुटेर पोशाक तयार गर्नु, सुर्कनु, जोर्नु, तुन्नु, स्यूनु । **सियाइ** (सिउ+आइ), **सिलाइ** (सिलाउ+आइ)-भा.ना.। **सियाउनु/सिलाउनु**- प्रे.क्रि./स.क्रि.; सिउन लाउनु । **सियाउ/सिलाउ**-प्रे.धा.। **सियाइनु/सिलाइनु**-सियाउनु/सिलाउनुको क.क्रि.। **सियाइ/सिलाइ**-क.प्रे.धा.। **सिइनु**-सिउनुको क.क्रि.। **सिइ**-क.धा.। **सिई, सिएर, सिउन, सिउँदै, सिउन्जेल, सिउँदाखेरि**-कृ.अ.। **सिउनू**-वि.। **सिऊन्**-इ.। **सिउला**-स.। (स.क्रि.-दर्जीले कपडा सियो ।)

सिउरनु-क्रि.मू.। **सिउर**-आ.धा.। स.क्रि.; मास्तिर वा शिरमा केही चीज घुसार्नु, अड्काउनु, स्यूरनु । **सिउराइ** (सिउर+आइ)-भा.ना.। **सिउराउनु**-प्रे.क्रि./स.क्रि.; सिउरन लाउनु, सिउरने पार्नु । **सिउराउ** -प्रे.धा.। **सिउराइनु**-सिउराउनुको क.क्रि.। **सिउराइ**-क.प्रे.धा.। **सिउरिनु**-सिउरनुको क.क्रि.। **सिउरि**-क.धा.। **सिउरी, सिउरेर, सिउरन, सिउरँदै, सिउरुन्जेल, , सिउरँदाखेरि**-कृ.अ.। **सिउरनू**- वि.। **सिउरून्**-इ.। **सिउरला**-स.। (स.क्रि.-चमेलीले सिउँदोमा फूल सिउरी।)

सिकसिकाउनु-क्रि.मू.। **सिकसिकाउ**-आ.धा.। अ.क्रि.; सिकसिको लाग्नु, घिनाउनु, जाडो आदिले गर्दा मनमा सकसक लाग्नु, फोहर आदिको कारण सिगसिग मान्नु, सिगसिगाउनु । **सिकसिकाइ** (सिकसिकाउ+आइ)-भा.ना.। **सिकसिकाइनु**-सिकसिकाउनुको भा.क्रि.। **सिकसिकाइ**-भा.धा.। **सिकसिकाई, सिकसिकाएर, सिकसिकाउन, सिकसिकाउँदै, सिकसिकाउन्जेल, सिकसिकाउँदाखेरि**-कृ.अ.। **सिकसिकाउनू**-वि.। **सिकसिकाऊन्**-इ.। **सिकसिकाउला**-स.। (अ.क्रि.-माघको जाडोमा केटाकेटीहरू सिकसिकाए ।)

सिक्नु-क्रि.मू.। **सिक्**-आ.धा.। स.क्रि.; शिक्षा लिनु, पढ्नु, ज्ञान हासिल गर्नु, अभ्यास गर्नु, अनुकरण गर्नु, सिको गर्नु, केही कुरो जान्नु । **सिकाइ** (सिक्+आइ), (सिकाउ+आइ)-भा.ना.। **सिकाउनु**-प्रे.क्रि./स.क्रि.; सिक्न लाउनु, ज्ञान गराउनु, बोध गराउनु, सधाउनु, पढाउनु, शिक्षा दिनु, तालिम गर्नु । **सिकाउ**-प्रे.धा.। **सिकाइनु**-सिकाउनुको क.क्रि.। **सिकाइ**-क.प्रे.धा.। **सिकिनु**-सिक्नुको क.क्रि.। **सिकि**-क.धा.। **सिकी, सिकेर, सिक्न, सिक्तै, सिकुन्जेल, सिक्दाखेरि**-कृ.अ.। **सिक्नू**- वि.। **सिकून्**- इ.। **सिक्ला**-स.। (स.क्रि.-त्यसले गणित सिक्यो ।)

सिगसिगाउनु-क्रि.मू.। **सिगसिगाउ**-आ.धा.। अ.क्रि.; सिगसिगो लाग्नु, घिनाइले वा जाडोले सगसग मान्नु, सिकसिकाउनु । **सिगसिगाइ** (सिगसिगाउ+आइ)-भा.ना.। **सिगसिगाइनु**-सिगसिगाउनुको भा.क्रि.। **सिगसिगाइ**-भा.धा.। **सिगसिगाई, सिगसिगाएर, सिगसिगाउन, सिगसिगाउँदै, सिगसिगाउन्जेल, सिगसिगाउँदाखेरि**-कृ.अ.। **सिगसिगाउनू**-वि.। **सिगसिगाऊन्** -इ.। **सिगसिगाउला**-स.। (अ.क्रि.-कान्छो चर्पी सफा गर्न सिगसिगायो ।)

सिङार्नु-क्रि.मू.। **सिङार्**-आ.धा.। स.क्रि.; सिँगार्नु । **सिङराइ** (सिङार्+आइ)-भा.ना.। **सिङारिनु**-सिङार्नुको क.क्रि.। **सिङारि**-क.धा.। **सिङारि, सिङारेर, सिङार्न, सिङार्दै, सिङारुन्जेल, सिङार्दाखेरि**-कृ.अ.। **सिङार्नू**-वि.। **सिङारून्**-इ.। **सिङार्ला**-स.। (स.क्रि.-गाउँलेहरूले दशैंमा घरहरू सिङारे ।)

सिङारिनु-क्रि.मू.। **सिङारि**-आ.धा.। अ.क्रि.; सिँगारिनु । **सिङ्ग्याइ** (सिङारि+आइ)-भा.ना.। **सिङ्ग्याउनु**-प्रे.क्रि./स.क्रि.; सिङारिने पार्नु सिङार्न लाउनु । **सिङ्ग्याउ** -प्रे.धा.। **सिङ्ग्याइनु**- सिङ्ग्याउनु क.क्रि.। **सिङ्ग्याइ**-

भा.प्रे.धा.। **सिङारिइनु**-सिङारिनुको भा.क्रि.। **सिङारिइ**-भा.धा.। **सिङारिई, सिङारिएर, सिङारिन, सिङारिँदै, सिङारिउन्जेल, सिङारिंदाखेरि**-कृ.अ.। **सिङारिनू**-वि.। **सिङारिऊन्**-इ.। **सिङारेला**-स.। (अ.क्रि.-जात्रामा लाखे सिङारियो ।)

सिङ्गार्नु-क्रि.मू.। **सिङ्गार्**-आ.धा.। स.क्रि.; सिँगार्नु । **सिङ्गराइ** (सिङ्गार्+आइ)-भा.ना.। **सिङ्गारिनु** -सिङ्गार्नुको क.क्रि.। **सिङ्गारि**-क.धा.। **सिङ्गारी, सिङ्गारेर, सिङ्गार्न, सिङ्गार्दै, सिङ्गारुन्जेल, सिङ्गार्दाखेरि**-कृ.अ.। **सिङ्गार्नू**-वि.। **सिङागारून्**-इ.। **सिङ्गार्ला**-स.। (स.क्रि.-कलाकारले रङ लगाएर चित्र सिङ्गार्‍यो ।)

सिच्नु-क्रि.मू.। **सिच्**-आ.धा.। स.क्रि.; सिँच्नु । **सिचाइ** (सिच्+आइ)-भा.ना.। **सिचाउनु**-प्रे.क्रि./स.क्रि.; सिच्न लाउनु, पानी छर्काउनु । **सिचाउ**- प्रे.धा.। **सिचाइनु** -सिचाउनुको क.क्रि.। **सिचाइ**-क.प्रे.धा.। **सिचिनु**-सिच्नुको क.क्रि.। **सिचि**-क.धा.। **सिची, सिचेर, सिच्न, सिच्दै/तै, सिचुन्जेल, सिच्दाखेरि**-कृ.अ.। **सिच्नू**-वि.। **सिचून्**-इ.। **सिच्ला**-स.। (स.क्रि.-त्यसले खेत सिच्यो ।)

सिजिनु-क्रि.मू.। **सिजि**-आ.धा.। अ.क्रि.; हरिया सागपात वा अन्न धुप्रिएर गुम्सिनु, काँचो झारपात वा वनस्पति सड्नु, नल सहितको अन्न-वाली पानीले भिजेर गुम्सिएपछि हकुवा वन्नु । **सिज्याइ** (सिजि+आइ); (सिज्याउ+आइ)-भा.ना.। **सिज्याउनु**-प्रे.क्रि./स.क्रि.; सिजिने पार्नु, सिजाउनु । **सिज्याउ**- प्रे.धा.। **सिज्याइनु**-सिज्याउनुको क.क्रि.। **सिज्याइ**-भा.प्रे.धा.। **सिजिइनु** -सिजिनुको भा.क्रि.। **सिजिइ**-भा.धा.। **सिजिई, सिजिएर, सिजिन, सिजिँदै, सिजिउन्जेल, सिजिंदाखेरि**-कृ.अ.। **सिजिनू**-वि.। **सिजिऊन्**-इ.। **सिजेला**-स.। (अ.क्रि.-मंसिरको झरीमा पाँजा भिजेकाले चामल सिजियो ।)

सिज्नु-क्रि.मू.। **सिज्**-आ.धा.। अ.क्रि.; गुम्सनु, सिजिनु । **सिजाइ** (सिज्+आइ)-भा.ना.। **सिजाउनु**-प्रे.क्रि./स.क्रि.; सिज्न लाउनु, सिज्याउनु । **सिजाउ**-प्रे.धा.। **सिजाइनु**-सिजाउनको क.क्रि.। **सिजाइ**-भा.प्रे.धा.। **सिजिनु**-सिज्नुको भा.क्रि.। **सिजि**-भा.धा.। **सिजी, सिजेर, सिज्न, सिज्दै, सिजुन्जेल, सिज्दाखेरि**-कृ.अ.। **सिज्नू**-वि.। **सिजून्**-इ.। **सिज्ला**-स.। (अ.क्रि.-टिपेको साग सबै सिज्यो ।)

सिट्नु-क्रि.मू.। **सिट्**-आ.धा.। स.क्रि.; काममा खट्न लाउनु, दपेटेर काममा जोत्नु, छेड हानेर बेसरी भन्नु, धम्की दिनु, कडा अर्ति-उपदेश दिनु, हुतेलेर पठाइएको बियोलाई सिटो वा लठ्ठीले छेक्नु, गाली गर्नु । **सिटाइ** (सिट्+आइ), (सिटाउ+आइ)-भा.ना.। **सिटाउनु**-प्रे.क्रि./स.क्रि.; सिट्ने पार्नु । **सिटाउ**-प्रे.धा.। **सिटाइनु**-सिटाउनुको क.क्रि.। **सिटाइ**-क.प्रे.धा.। **सिटिनु**-सिट्नुको क.क्रि.। **सिटि**-क.धा.। **सिटी, सिटेर, सिट्न, सिट्तै, सिटुन्जेल, सिट्दाखेरि**-कृ.अ.। **सिट्नू**-वि.। **सिटून्**-इ.। **सिट्ला**-स.। (स.क्रि.-मानबहादुरले खेत जोत्ता गोरुलाई बढी सिट्यो ।)

सिढिनु-क्रि.मू.। **सिढि** -आ.धा.। अ.क्रि.; समाप्त हुनु, सकिनु, खतम हुनु, खाली हुनु, रित्तिनु, नाश हुनु, बिग्रनु, मर्नु । **सिढ्याइँ** (सिढि+आइँ), **सिढ्याइ** (सिढ्याउ+आइ)-भा.ना.। **सिढ्याउनु**- प्रे.क्रि/स.क्रि.; रित्त्याउनु, खाली पार्नु, समाप्त गर्नु, टुङ्ग्याउनु, सफल पार्नु, बिगार्नु, नाश गर्नु, हराउनु, मार्नु । **सिढ्याउ**-प्रे.धा.। **सिढ्याइनु**-सिढ्याउनुको क.क्रि.। **सिढ्याइ**-भा.प्रे.धा.। **सिढिइनु**-सिढिनुको भा.क्रि.। **सिढिइ**- भा.धा.। **सिढिई, सिढिएर, सिढिन, सिढिँदै, सिढिउन्जेल, सिढिंदाखेरि**-कृ.अ.। **सिढिनू**-वि.। **सिढिऊन्**-इ.। **सिढेला**-स.। (अ.क्रि.-लाहुरेको तीन महिनाको घर-बिदा सिढियो ।)

सिधार्नु-क्रि.मू.। **सिधार्**-आ.धा.। अ.क्रि.; घस्कनु, जानु, हिंड्नु, मर्नु, प्राण जानु । **सिधराइ** (सिधार्+आइ)-भा.ना.। **सिधारिनु**-सिधार्नुको भा.क्रि.। **सिधारि**-भा.धा.। **सिधारी, सिधारेर, सिधार्न, सिधार्दै, सिधारुन्जेल, सिधार्दाखेरि**-कृ.अ.। **सिधार्नू**-वि.। **सिधारून्**- इ.। **सिधार्ला**-स.। (अ.क्रि.-मकैबारीमा पसेको बाँदर बल्ल सिधार्‍यो ।)

सिप्क्याउनु-क्रि.मू.। **सिप्क्याउ**- आ.धा.। स.क्रि.; सिप्कनाले हिर्काउनु, सिम्कनाले पिट्नु, सिम्क्याउनु । **सिप्क्याइ** (सिप्क्याउ+आइ)-भा.ना.। **सिप्क्याइनु**-सिप्क्याउनुको क.क्रि.। **सिप्क्याइ**-क.धा.। **सिप्क्याई, सिप्क्याएर, सिप्क्याउन, सिप्क्याउँदै, सिप्क्याउन्जेल, सिप्क्याउँदाखेरि**-कृ.अ.। **सिप्क्याउनू**-वि.। **सिप्क्याऊन्**-इ.। **सिप्क्याउला**-स.। (स.क्रि.-हरिले भाइलाई सिप्क्यायो ।)

सिम्क्याउनु-क्रि.मू.। **सिम्क्याउ**-आ.धा.। स.क्रि.; हे. सिप्क्याउनु । (स.क्रि.-गोठालोले गाईलाई सिम्क्यायो ।)

सिर्जिनु-क्रि.मू.। **सिर्जि**-आ.धा.। अ.क्रि.; रचना हुनु, सृजना हुनु । स.क्रि.; रचना गर्नु, नयाँ निर्माण गर्नु, आरम्भ गर्नु, । **सिर्ज्याइ** (सिर्जि+आइ)-भा.ना.। **सिर्जिइनु**-सिर्जिनुको भा.क्रि./क.क्रि.। **सिर्जिइ**-भा.धा./क.धा.। **सिर्जिई, सिर्जिएर, सिर्जिन, सिर्जिँदै, सिर्जिउन्जेल, सिर्जिंदाखेरि**-कृ.अ.। **सिर्जिनू**- वि.। **सिर्जिऊन्**-इ.। **सिर्जेला**-स.। (अ.क्रि.-साहित्य रागात्मक सौन्दर्यप्रिय

संयमित वाक्यमा सिर्जियो । स.क्रि.-देवकोटाले मानवतावादी कविताहरू सिर्जिए ।)

सिलाउनु-क्रि.मू.। **सिलाउ**-आ.धा.। स.क्रि.; सिउनु, सियाउनु, सिउन लाउनु । **सिलाइ** (सिलाउ+आइ) -भा.ना.। **सिलाइनु**- सिलाउनुको क.क्रि.। **सिलाइ**-क.धा.। **सिलाई, सिलाएर, सिलाउन, सिलाउँदै, सिलाउन्जेल, सिलाउँदाखेरि**-कृ.अ.। **सिलाउनू**- वि.। **सिलाऊन्**-इ.। **सिलाउला**-स.। (स.क्रि.-डाक्टरले बिरामीको घाउ सिलायो ।)

सुँघ्नु-क्रि.मू.। **सुँघ्** -आ.धा.। स.क्रि.; वासना लिनु, नाकद्वारा गन्धको अनुभव गर्नु, वास लिनु । **सुँघाइ** (सुँघ्+आइ)-भा.ना.। **सुँघाउनु**-प्रे.क्रि./स.क्रि.; सुँघ्न लाउनु । **सुँघाउ**-प्रे.धा.। **सुँघाइनु**-सुँघाउनुको क.क्रि.। **सुँघाइ**-क.प्रे.धा.। **सुँघिनु**-सुँघ्नुको क.क्रि.। **सुँघि**-क.धा.। **सुँघी, सुँघेर, सुँघ्न, सुँघ्दै,, सुँघुन्जेल, सुँघ्दाखेरि**-कृ.अ.। **सुघ्नू**-वि.। **सुँघून्**-इ.। **सुँघ्ला**-स.। (स.क्रि.-त्यसले इन्द्रकमलको वासना सुँघ्यो ।)

सुइँकनु-क्रि.मू.। **सुइँक**-आ.धा.। अ.क्रि.; अरूले चालै नपाउने गरी हिंड्नु, सुइँकुच्चा ठोक्नु, भाग्नु, कुलेलम हुनु, दौड्नु, मर्नु, नाश हुनु, तम्सनु । **सुइँकाइ** (सुइँक+आइ)-भा.ना.। **सुइँकाउनु**-प्रे.क्रि./स.क्रि.; सुइँकन लाउनु, सुइँकने पार्नु । **सुइँकाउ**- प्रे.धा.। **सुइँकाइनु** - सुइँकाउनुको क.क्रि.। **सुइँकाइ** -भा.प्रे.धा.। **सुइँकिनु** - सुइँकनुको भा.क्रि.। **सुइँकि**-भा.धा.। **सुइँकी, सुइँकेर, सुइँकन, सुइँकँदै, सुइँकुन्जेल, सुइँकँदाखेरि**-कृ.अ.। **सुइँकनू**-वि.। **सुइँकून्**-इ.। **सुइँकला**-स.। (अ.क्रि.-कुखुरा टिपेर स्याल झाडीभित्र सुइँक्यो ।)

सुइँकिनु-क्रि.मू.। **सुइँकि**-आ.धा.। अ.क्रि.; सुइँकिनु । **सुइँक्याइ** (सुइँकि+आइ); (सुइँक्याउ+आइ)-भा.ना.। **सुइँक्याउनु**-प्रे.क्रि./स.क्रि.; सुइँकाउनु, भगाउनु, दौडाउनु, मन दिई काम गर्नु, मैथुन गर्नु, चोर्नु, मार्नु, सर्वनाश गर्नु । **सुइँक्याउ**-प्रे.धा.। **सुइँक्याइनु** - सुइँक्याउनुको क.क्रि.। **सुइँक्याइ**- भा.प्रे.धा.। **सुइँकिइनु**- सुइँकिनुको भा.क्रि.। **सुइँकिइ**-भा.धा.। **सुइँकिई,, सुइँकिएर, सुइँकिन, सुइँकिँदै, सुइँकिउन्जेल, सुइकिंदाखेरि**-कृ.अ.। **सुइँकिनू**- वि.। **सुइँकिऊन्**-इ.। **सुइँकेला**-स.। (अ.क्रि.-धनसम्पत्ति लुँड्याएर चोरहरू सुइँकिए ।)

सुइँठाउनु-क्रि.मू.। **सुइँठाउ**-आ.धा.। अ.क्रि.; हृष्टपुष्ट हुनु, धेरै मोटाउनु, सम्पन्न हुनु, खूब धनी बन्नु, सुइँठिनु । **सुइँठाइ** (सुइँठाउ+आइ)-भा.ना.। **सुइँठाइनु**-भा.क्रि.। **सुइँठाइ**-भा.धा.। **सुइँठाई, सुइँठाएर, सुइँठाउन, सुइँठाउँदै, सुइँठाउन्जेल, सुइँठाउँदाखेरि**-कृ.अ.। **सुइँठाउनू**-वि.। **सुइँठाऊन्**-इ.। **सुइँठाउला**-स.। (अ.क्रि.-धने बङ्गुर झै सुइँठायो ।)

सुइँठिनु-क्रि.मू.। **सुइँठि** -आ.धा.। अ.क्रि.; सुइँठाउनु । **सुइँठ्याइ** (सुइँठि+आइ), (सुइँठ्याउ+आइ)-भा.ना.। **सुइँठ्याउनु**-प्रे.क्रि./स.क्रि.; हृष्टपुष्ट पार्नु, मोटो तुल्याउनु, स्त्री-समागम गर्नु । **सुइँठ्याउ**-प्रे.धा.। **सुइँठ्याइनु**-सुइँठ्याउनुको क.क्रि.। **सुइँठ्याइ**-भा.प्रे.धा.। **सुइँठिइनु**-सुइँठिनुको भा.क्रि.। **सुइँठिइ**- भा.धा.। **सुइँठिई, सुइँठिएर, सुइँठिन, सुइँठिँदै, सुइँठिउन्जेल, सुइँठिंदाखेरि**-कृ.अ.। **सुइँठिनू**-वि.। **सुइँठिऊन्**-इ.। **सुइँठेला**-स.। (अ.क्रि.-रामकृष्णको खसी खूब सुइँठियो ।)

सुकसुकाउनु-क्रि.मू.। **सुकसुकाउ**-आ.धा.। अ.क्रि.; सुकसुकाउँदो हुनु, सफा-सुग्घर बन्नु, सिनित्त हुनु । **सुकसुकाइ** (सुकसुकाउ+आइ)-भा.ना.। **सुकसुकाइनु**- सुकसुकाउनुको भा.क्रि.। **सुकसुकाइ**-भा.धा.। **सुकसुकाई, सुकसुकाएर, सुकसुकाउन, सुकसुकाउँदै, सुकसुकाउन्जेल, सुकसुकाउँदाखेरि**-कृ.अ.। **सुकसुकाउनू**-वि.। **सुकसुकाऊन्**-इ.। **सुकसुकाउला**-स.। (अ.क्रि.-दशैंमा सबैका घरहरू सुकसुकाए ।)

सुक्नु-क्रि.मू.। **सुक्**- आ.धा.। अ.क्रि.; पानी हराउनु, चिसोपन ओभाउनु, सुख्खा हुनु, दुब्लाउनु, रसहीन हुनु, बोट-विरुवाको हरियोपन हराउनु, गाई-वस्तुको दूध घट्दै जानु । **सुकाइ** (सुक्+आइ), (सुकाउ+आइ)-भा.ना.। **सुकाउनु**-प्रे.क्रि./स.क्रि.; सुक्ने पार्नु, सुख्खा गराउनु, घाम आदिमा राखेर सोसाउनु, पानी मार्नु । **सुकाउ**-प्रे.धा.। **सुकाइनु**-सुकाउनुको क.क्रि.। **सुकाइ**-भा.प्रे.धा.। **सुकिनु**-सुक्नुको भा.क्रि.। **सुकि**-भा.धा.। **सुकी, सुकेर, सुक्न, सुक्तै, सुकुन्जेल, सुक्दाखेरि**-कृ.अ.। **सुक्नू**-वि.। **सुकून्**-इ.। **सुक्ला**-स.। (अ.क्रि.-चैतको खडेरीमा खोला-नाला पनि सुके ।)

सुझ्नु-क्रि.मू.। **सुझ्**-आ.धा.। अ.क्रि.; मनमा नयाँ-नयाँ विचार उब्जनु, स्फुरण हुनु, स्मरण हुनु, सम्झनु, आभास हुनु । **सुझाइ** (सुझ्+आइ), (सुझाउ+आइ)-भा.ना.। **सुझाउनु**- प्रे.क्रि./स.क्रि.; सुझ्न लाउनु, विचारको स्फुरण गराउनु, सम्झाउनु । **सुझाउ**-प्रे.धा.। **सुझाइनु**-सुझाउनुको क.क्रि.। **सुझाइ**-भा.प्रे.धा.। **सुझिनु**-सुझ्नुको भा.क्रि.। **सुझि**-भा.धा.। **सुझी, सुझेर, सुझ्न, सुझ्दै, सुझुन्जेल, सुझ्दाखेरि**-कृ.अ.। **सुझ्नू**- वि.। **सुझून्**-इ.। **सुझ्ला**-स.। (अ.क्रि.-बुद्धको मनमा नयाँ

विचार सुझ्यो ।)

सुटुक्किनु-क्रि.मू.। **सुदुक्कि**-आ.धा.। अ.क्रि.; चालै नपाउने गरी हिड्नु, सुटुक्क जानु । **सुदुक्क्याइ** (सुटुक्कि+आइ)-भा.ना.। **सुदुक्क्याउनु**- प्रे.क्रि./स.क्रि.; सुटुक्किने पार्नु, सुटुक्क पठाउनु । **सुदुक्क्याउ**-प्रे.धा.। **सुदुक्क्याइनु**-सुटुक्क्याउनुको क.क्रि.। **सुदुक्क्याइ** - भा.प्रे.धा.। **सुटुक्किइनु**-सुटुक्किनुको भा.क्रि.। **सुदुक्किइ**- भा.धा.। **सुटुक्किई, सुटुक्किएर, सुटुक्किन, सुटुक्किँदै, सुटुक्किउन्जेल, सुटुक्किंदाखेरि**-कृ.अ.। **सुदुक्किनू**-वि.। **सुटुक्किऊन्**-इ.। **सुदुक्केला**-स.। (अ.क्रि.-सिद्धार्थ मध्यरातमा उठेर सुटुक्किए ।)

सुत्नु-क्रि.मू.। **सुत्**-आ.धा.। अ.क्रि.; निद्रामा पर्नु, निदाउनु, लेट्नु, पल्टनु, स्त्री-समागम गर्नु । **सुताइ** (सुत्+आइ), (सुताउ+आइ)-भा.ना.। **सुताउनु**- प्रे.क्रि./ स.क्रि.; सुत्न लाउनु, निद्रामा पार्नु, लेटाउनु, लडाउनु, स्त्री-समागम गर्नु । **सुताउ**-प्रे.धा.। **सुताइनु** -सुताउनुको क.क्रि.। **सुताइ**-भा.प्रे.धा.। **सुतिनु**-सुत्नुको भा.क्रि.। **सुति**- भा.धा.। **सुती, सुतेर, सुत्न, सुत्तै, सुतुन्जेल, सुत्दाखेरि**- कृ.अ.। **सुत्नू**-वि.। **सुतून्**-इ.। **सुत्ला**-स.। (अ.क्रि.- कुम्भकर्ण मस्तसँग सुत्यो ।)

सुद्धिनु-क्रि.मू.। **सुद्धि**-आ.धा.। अ.क्रि.; शुद्ध-शान्ति हुनु, पवित्र हुनु, शुद्ध हुनु, चोखिनु । **सुद्धयाइ** (सुद्धि+आइ), (सुद्धयाउ+आइ)-भा.ना.। **सुद्धयाउनु**-प्रे.क्रि./स.क्रि.; पवित्र पार्नु, शुद्ध बनाउनु, चोख्याउनु । **सुद्धयाउ**-प्रे.धा.। **सुद्धयाइनु**-सुद्धयाउनुको क.क्रि.। **सुद्धयाइ**-भा.प्रे.धा.। **सुद्धिइनु**-सुद्धिनुको भा.क्रि.। **सुद्धिइ**-भा.धा.। **सुद्धिई, सुद्धिएर, सुद्धिन, सुद्धिंदै, सुद्धिउन्जेल, सुद्धिंदाखेरि**- कृ.अ.। **सुद्धिनू**-वि.। **सुद्धिऊन्**-इ.। **सुद्धेला**-स.। (अ.क्रि.; सूतकशान्ति कर्मपछि घर सुद्धियो ।)

सुधार्नु-क्रि.मू.। **सुधार्** -आ.धा.। अ.क्रि.; सुधार गर्नु, संशोधन गर्नु, सच्याउनु, सपार्नु, तर लाउनु । **सुधराइ** (सुधार्+आइ)-भा.ना.। **सुधारिनु**- सुधार्नुको क.क्रि.। **सुधारि**-क.धा.। **सुधारी, सुधारेर, सुधार्न, सुधार्दै, सुधारुन्जेल, सुधार्दाखेरि**-कृ.अ.। **सुधार्नू**-वि.। **सुधारून्**- इ.। **सुधार्ला**-स.। (स.क्रि.-ट्यूशन राखेपछि विनोद श्रेष्ठले लेखाइ सुधाऱ्यो ।)

सुध्याउनु-क्रि.मू.। **सुध्याउ**-आ.धा.। स.क्रि.; प्रश्न गर्नु, सोध्नु, सोधनी गर्नु । **सुध्याइ** (सुध्याउ+आइ)-भा.ना.। **सुध्याइनु**-सुध्याउनुको क.क्रि.। **सुध्याइ**-क.धा.। **सुध्याई, सुध्याएर, सुध्याउन, सुध्याउँदै, सुध्याउन्जेल, सुध्याउँदाखेरि**-कृ.अ.। **सुध्याउनू**-वि.। **सुध्याऊन्**-इ.। **सुध्याउला**-स.। (स.क्रि.-शौनकादि ऋषिहरूले सूतजीसँग धेरै प्रश्नहरू सुध्याए ।)

सुध्रनु-क्रि.मू.। **सुध्र**-आ.धा.। अ.क्रि.; राम्रो बन्नु, सप्रनु, सुधार हुनु, सचिनु, तर लाग्नु, सँभालिनु । **सुध्राइ** (सुध्र+आइ)-भा.ना.। **सुध्रिनु**-सुध्रनुको भा.क्रि.। **सुध्रि**- भा.धा.। **सुध्री, सुध्रेर, सुध्रन, सुध्रँदै, सुध्रुन्जेल, सुध्रँदाखेरि**-कृ.अ.। **सुध्रनू**- वि.। **सुध्रून्**-इ.। **सुध्रला**-स.। (अ.क्रि.-छोरो जागिरे भएपछि लामिडाँडा काहिंलाको परिवार सुध्र्यो ।)

सुध्रिनु - क्रि.मू.। **सुध्रि**-आ.धा.। अ.क्रि.; सुध्रनु । **सुध्र्याइ** (सुध्रि+आइ)-भा.ना.। **सुध्र्याउनु**-प्रे.क्रि./स.क्रि.; सुध्रिने पार्नु । **सुध्र्याउ**-प्रे.धा.। **सुध्र्याइनु**-सुध्र्याउनुको क.कि.। **सुध्र्याइ**-भा.प्रे.धा.। **सुध्रिइनु**-सुध्रिनुको भा.क्रि.। **सुध्रिइ** - भा.धा.। **सुध्रिई, सुध्रिएर, सुध्रिन, सुध्रिंदै, सुध्रिउन्जेल, सुध्रिंदाखेरि**-कृ.अ.। **सुध्रिनू**-वि.। **सुध्रिऊन्**- इ.। **सुध्रेला**- स.। (अ.क्रि.-एकचोटि असफल भएर चेतेपछि हरिको पढाइ बल्ल सुध्रियो ।)

सुनिनु-क्रि.मू.। **सुनि**-आ.धा.। अ.क्रि.; सुज उठ्नु, फुलेर आउनु, ढाडिनु, कुनै अङ्ग फुल्नु । **सुन्याइ** (सुनि+आइ), सुन्याउ+आइ)-भा.ना.। **सुन्याउनु**-प्रे.क्रि./स.क्रि.; सुनिने पार्नु, ढड्याउनु । **सुन्याउ**-प्रे.धा.। **सुन्याइनु**-सुन्याउनुको क.क्रि.। **सुन्याइ**-भा.प्रे.धा.। **सुनिइनु**-सुनिनुको भा.क्रि । **सुनिइ**-भा.धा.। **सुनिई, सुनिएर, सुनिन, सुनिँदै, सुनिउन्जेल, सुनिंदाखेरि**-कृ.अ.। **सुनिनू**-वि.। **सुनिऊन्**- इ.। **सुनेला**-स.। (अ.क्रि.-हाँडे आएर सन्तोषको गलो सुनियो ।)

सुन्नु-क्रि.मू.। **सुन्**-आ.धा.। स.क्रि.; कानले ध्वनि भएको चाल- पाउनु, कानबाट शब्द ग्रहण गर्नु, श्रवण गर्नु, अरूले भनेका कुरामा ध्यान दिनु । **सुनाइ** (सुन्+आइ), (सुनाउ+आइ)-भा.ना.। **सुनाउनु**-प्रे.क्रि./स.क्रि.; सुन्न लाउनु, श्रवण गराउनु, शब्द बोध गराउनु, निवेदन गर्नु। **सुनाउ**-प्रे.धा.। **सुनाइनु**-सुनाउनुको क.क्रि.। **सुनाइ**- क.प्रे.धा.। **सुनिनु**-सुन्नुको क.क्रि.। **सुनि**-क.धा.। **सुनी, सुनेर, सुन्न, सुन्दै, सुनुन्जेल, सुन्दाखेरि**-कृ.अ.। **सुन्नू**- वि.। **सुनून्**-इ.। **सुन्ला**-स.। (स.क्रि.-गोपिनीहरूले कृष्णको मुरलीको धुन सुने ।)

सुन्निनु-आ.धा.। **सुन्नि**-आ.धा.। अ.क्रि.; फुलिनु, सुनिनु । **सुन्न्याइ** (सुन्नि+आइ), (सुन्न्याउ+आइ)-भा.ना.। **सुन्न्याउनु**-प्रे.कि/स.क्रि.; सुन्निने पार्नु, सुन्याउनु । **सुन्न्याउ**-प्रे.धा.। **सुन्न्याइनु**-सुन्न्याउनुको क.क्रि.। **सुन्न्याइ**-भा.प्रे.धा.। **सुन्निइनु**-सुन्निनुको भा.क्रि.।

सुन्निइ-भा.धा.। **सुन्निई, सुन्निएर, सुन्निन, सुन्निँदै, सुन्निउन्जेल, सुन्निंदाखेरि**-कृ.अ.। **सुन्निनू**-वि.। **सुन्निऊन्**-इ.। **सुन्नेला**-स.। (अ.क्रि.-मुक्तिनाथको लागि पैदलयात्रामा जाँदा मेरो गोडा साह्रो सुन्नियो ।)

सुभ्नु-क्रि.मू.। **सुभ्**-आ.धा.। अ.क्रि.; भलो हुनु, फलिफाप हुनु, फाप्नु, औषधीले फाइदा गर्नु । **सुभाइ** (सुभ्+आइ)-भा.ना.। **सुभिनु** -सुभ्नुको भा.क्रि.। **सुभि**-भा.धा.। **सुभी, सुभेर, सुभ्न, सुभ्दै, सुभुन्जेल, सुभ्दाखेरि**-कृ.अ.। **सुभ्नू**-वि.। **सुभून्**-इ.। **सुभ्ला**-स.। (अ.क्रि.-तराईको बसाइ धेरै नेपालीका लागि सुभ्यो ।)

सुमर्नु-क्रि.मू.। **सुमर्**-आ.धा.। स.क्रि.; खसी पार्नु, गोरु बनाउनु, भाले पशुहरूको पुंस्त्व नाश गर्नु, मालसामानको उपभोग गर्नु, काममा जोत्नु । **सुमराइ** (सुमर्+आइ)-भा.ना.। **सुमराउनु**-प्रे.क्रि./स.क्रि.; सुमर्न लाउनु, सुमर्ने पार्नु, काममा जोताउनु । **सुमराउ**-प्रे.धा.। **सुमराइनु**-सुमराउनुको क.क्रि.। **सुमराइ** -क.प्रे.धा.। **सुमरिनु**-सुमर्नुको क.क्रि.। **सुमरि**-क.धा.। **सुमरी, सुमरेर, सुमर्न, सुमर्दै, सुमुरुन्जेल, सुमर्दाखेरि**-कृ.अ.। **सुमर्नू**-वि.। **सुमरून्**-इ.। । **सुमर्ला**- स.। (स.क्रि.-टुटुवानको टाट्ने गुरुङले गोरु सुमर्‍यो ।)

सुमसुम्याउनु-क्रि.मू.। **सुमसुम्याउ**-आ.धा.। स.क्रि.; प्रेमपूर्वक छुनु, मुसार्नु, हल्का चालले हात-गोडा आदि मिच्नु, मर्दन गर्नु । **सुमसुम्याइ** (सुमसुम्याउ+आइ); **सुमसुम्याहट** (सुमसुम्याउ+आहट)-भा.ना.। **सुमसुम्याइनु**-सुमसुम्याउनुको क.क्रि.। **सुमसुम्याइ**-क.धा.। **सुमसुम्याई, सुमसुम्याएर, सुमसुम्याउन, सुमसुम्याउँदै, सुमसुम्याउन्जेल, सुमसुम्याउँदाखेरि**-कृ.अ.। **सुमसुम्याउनू**-वि.। **सुमसुम्याऊन्**-इ.। **सुमसुम्याउला** -स.। (स.क्रि.-केटाकेटीले खरायो सुमसुम्याए ।)

सुम्ठ्याउनु-क्रि.मू.। **सुम्ठ्याउ**-आ.धा.। स.क्रि.; गुटमुट्याउनु, सम्ठयाउनु, कोर्रा आदिले पिट्नु । **सुम्ठ्याइ** (सुम्ठ्याउ+आइ)-भा.ना.। **सुम्ठ्याइनु**-सुम्ठ्याउनुको क.क्रि.। **सुम्ठ्याइ** -क.धा.। **सुम्ठ्याई, सुम्ठ्याएर, सुम्ठ्याउन, सुम्ठ्याउँदै, सुम्ठ्याउन्जेल, सुम्ठ्याउँदाखेरि**-कृ.अ.। **सुम्ठ्याउनू**-वि.। **सुम्ठ्याऊन्**-इ.। **सुम्ठ्याउला**-स.। (स.क्रि.-प्रहरीले आतङ्कवादीलाई कोर्राले सुम्ठ्यायो ।)

सुम्पनु-क्रि.मू.। **सुम्प**-आ.धा.। स.क्रि.; समर्पण गर्नु, दिनु, जिम्मा लाउनु, माल बुझाउनु, सुपुर्द गर्नु । **सुम्पाइ** (सुम्प+आइ)-भा.ना.। **सुम्पाउनु**-प्रे.क्रि./स.क्रि.; सुम्पन लाउनु । **सुम्पाउ**-प्रे.धा.। **सुम्पाइनु**-सुम्पाउनुको क.क्रि.। **सुम्पाइ**-क.प्रे.धा.। **सुम्पिनु** -सुम्पनुको क.क्रि.। **सुम्पि** -क.धा.। **सुम्पी, सुम्पेर, सुम्पन, सम्पँदै, सुम्पुन्जेल, सुम्पँदाखेरि**-कृ.अ.। **सुम्पनू**-वि.। **सुम्पून्**-इ.। **सुम्पला**-स.। (स.क्रि.-माइतीले चेलीलाई सुम्पे ।)

सुम्पिनु-क्रि.मू.। **सुम्पि**-आ.धा.। स.क्रि.; सुम्पनु । **सुम्प्याइ** (सुम्पि+आइ)-भा.ना.। **सुम्प्याउनु**-प्रे.क्रि./स.क्रि.; सुम्पाउनु । **सुम्प्याउ**-प्रे.धा.। **सुम्प्याइनु**-सुम्प्याउनुको क.क्रि.। **सुम्प्याइ**-क.प्रे.धा.। **सुम्पिइनु**-सुम्पिनुको क.क्रि.। **सुम्पिइ**-क.धा.। **सुम्पिई, सुम्पिएर, सुम्पिन, सुम्पिँदै, सुम्पिउन्जेल, सुम्पिंदाखेरि**-कृ.अ.। **सुम्पिनू**-वि.। **सुम्पिऊन्**-इ.। **सुम्पेला**-स.। (स.क्रि.-वनवास जानु अघि रामचन्द्रले सबै शासनभार भरतलाई सुम्पिए ।)

सुम्लनु-क्रि.मू.। **सुम्ल**-आ.धा.। अ.क्रि.; फुल्नु, मोटाउनु, गर्भवती हुनु । **सुम्लाइ** (सुम्ल+आइ)-भा.ना.। **सुम्लाउनु**-प्रे.क्रि./स.क्रि.; सुम्लने पार्नु । **सुम्लाउ**- प्रे.धा.। **सुम्लाइनु**-सुम्लाउनुको क.क्रि.। **सुम्लाइ**-भा.प्रे.धा.। **सुम्लिनु**-सुम्लनुको भा.क्रि.। **सुम्लि**-भा.धा.। **सुम्ली, सुम्लेर, सुम्लन, सुम्लँदै, सुम्लुन्जेल, सुम्लँदाखेरि**-कृ.अ.। **सुम्लनू**-वि.। **सुम्लून्**-इ.। **सुम्लला**-स.। (अ.क्रि.-लौसीबोट गजेको भैंसी ज्यादै सुम्ल्यो ।)

सुम्लिनु-क्रि.मू.। **सुम्लि**-आ.धा.। अ.क्रि.; सुन्निनु, फुल्नु, मोटाउनु (निन्दार्थ), गर्भवती हुनु (व्यङ्ग्यार्थ) । **सुम्ल्याइ** (सुम्लि+आइ); (सुम्ल्याउ+–आइ)-भा.ना.। **सुम्ल्याउनु**-प्रे.क्रि./स.क्रि.; सुम्लने पार्नु, फुलाउनु, गर्भाधान गराउनु, मैथुन गर्नु । **सुम्ल्याउ**-प्रे.धा.। **सुम्ल्याइनु** -सुम्ल्याउनुको क.क्रि.। **सुम्ल्याइ**-भा.प्रे.धा.। **सुम्लिइनू**-सुम्लिनुको भा.क्रि.। **सुम्लिइ**-भा.धा.। **सुम्लिई, सुम्लिएर, सुम्लिन, सुम्लिँदै, सुम्लिउन्जेल, सुम्लिंदाखेरि**-कृ.अ.। **सुम्लिनू**-वि.। **सुम्लिऊन्**-इ.। **सुम्लेला**-स.। (अ.क्रि.-डिल्लीरामको खसी अचाक्ली सुम्लियो ।)

सुरिनु-क्रि.मू.। **सुरि**-आ.धा.। अ.क्रि.; आँट गर्नु, तम्सिनु, शूरो हुनु, हिम्मत गर्नु, उत्तेजित हुनु । **सुर्‍याइ** (सुरि+आइ), (सुर्‍याउ+आइ)-भा.ना.। **सुर्‍याउनु**-प्रे.क्रि./स.क्रि.; सुरिने पार्नु, उत्तेजित तुल्याउनु, तम्स्याउनु, आँटिलो पार्नु, शूरो गराउनु । **सुर्‍याउ**-प्रे.धा.। **सुर्‍याइनु**-सुर्‍याउनुको क.क्रि.। **सुर्‍याइ**-भा.प्रे.धा.। **सुरिइनु**-सुरिनुको भा.क्रि.। **सुरिइ**-भा.धा.। **सुरिई, सुरिएर, सुरिन, सुरिँदै, सुरिउन्जेल, सुरिंदाखेरि**-कृ.अ.। **सुरिनू**-वि.। **सुरिऊन्**-इ.। **सुरेला**-स.। (अ.क्रि.-अत्याचारका विरुद्ध नेपाली जनता सुरिए ।)

सुर्कनु-क्रि.मू.। **सुर्क**- आ.धा.। स.क्रि.; लामा फड्का

मारेर सिउनु, धान आदि अन्नका बाला रुहुनु, पाखुरा खैंचनु, डोरीको गाँठो मस्काउनु । **सुर्काइ** (सुर्क+आइ), (सुर्काउ+आइ)-भा.ना.। **सुर्काउनु**-प्रे.क्रि./स.क्रि.; सुर्कन लाउनु, फुस्काउन सजिलो हुने गरी गाँठो पार्नु, सुर्केनी पार्नु । **सुर्काउ**-प्रे.धा.। **सुर्काइनु**-सुर्काउनुको क.क्रि.। **सुर्काइ**-क.प्रे.धा.। **सुर्किनु**-सुर्कनुको क.क्रि.। **सुर्कि**-क.धा.। **सुर्की, सुर्केर, सुर्कन, सुर्कँदै, सुर्कुन्जेल, सुर्कंदाखेरि**-कृ.अ.। **सुर्कनू**-वि.। **सुर्कून्**- इ.। **सुर्कला**- स.। (स.क्रि.-बलवीरेले धनमानेलाई आफ्ना पाखुरा सुर्क्यो ।)

सुर्ताउनु-क्रि.मू.। **सुर्ताउ**-आ.धा.। अ.क्रि.; पीर मान्नु, चिन्ता लिनु, पछुताउनु, पछुतो मान्नु । **सुर्ताइ** (सुर्ताउ+आइ)-भा.ना.। **सुर्ताइनु**-सुर्ताउनुको भा.क्रि.। **सुर्ताइ**-भा.धा.। **सुर्ताई, सुर्ताएर, सुर्ताउन, सुर्ताउँदै, सुर्ताउन्जेल, सुर्ताउँदाखेरि**-कृ.अ.। **सुर्ताउनू**-वि.। **सुर्ताऊन्**-इ.। **सुर्ताउला**-स.। (अ.क्रि.-लाहुरे विदेश लाग्दा आमा ज्यादै सुर्ताइन् ।)

सुलिनु-क्रि.मू.। **सुलि**-आ.धा.। अ.क्रि.; लेनदेनको हिसाब फच्चे हुनु, चुक्ती हुनु, सुल्नु, फार्से हुनु, छिनाफाना हुनु। **सुल्याइ** (सुलि+आइ), (सुल्याउ+आइ)-भा.ना.। **सुल्याउनु**-प्रे.क्रि./स.क्रि.; सुलिने पार्नु, फच्चे गर्नु, फच्च्याउनु, मैथून गर्नु । **सुल्याउ**-प्रे.धा.। **सुल्याइनु**-सुल्याउनुको क.क्रि.। **सुल्याइ**-भा.प्रे.धा.। **सुलिइनु**-सुलिनुको भा.क्रि.। **सुलिइ**-भा.धा.। **सुलिई, सुलिएर, सुलिन, सुलिँदै, सुलिउन्जेल, सुलिंदाखेरि**-कृ.अ.। **सुलिनू**-वि.। **सुलिऊन्**-इ.। **सुलेला**-स.। (अ.क्रि.-घर बन्दक राखेपछि साहूको ऋण बल्ल सुलियो ।)

सुल्नु-क्रि.मू.। **सुल्**- आ.धा.। अ.क्रि.; सुलिनु । **सुलाइ** (सुल्+आइ), सुलाउ+आइ)-भा.ना.। **सुलाउनु**-प्रे.कि./स.क्रि.; सुलिने पार्नु, सुल्याउनु । **सुलाउ**-प्रे.धा.। **सुलाइनु**-सुलाउनुको क.क्रि.। **सुलाइ**-भा.प्रे.धा.। **सुलिनु**-सुल्नुको भा.क्रि.। **सुलि**- भा.धा.। **सुली, सुलेर, सुल्न, सुल्दै, सुलुन्जेल, सुल्दाखेरि**-कृ.अ.। **सुल्नू**-वि.। **सुलून्**-इ.। **सुल्ला**-स.। (अ.क्रि.-महिनावारी बुझेपछि पसलको खाता बल्ल सुल्यो ।)

सुल्कनु-क्रि.मू.। **सुल्क**-आ.धा.। अ.क्रि.; चालै नपाउने गरी बग्नु, सुलुक्क चालसित बगेर जानु । **सुल्काइ** (सुल्क+आइ), (सुल्काउ+आइ)-भा.ना.। **सुल्काउनु**-प्रे.क्रि./स.क्रि.; सुल्कने पार्नु, सुल्ल बगाउनु । **सुल्काउ**-प्रे.धा.। **सुल्काइनु**-सुल्काउनुको क.क्रि.। **सुल्काइ**-भा.प्रे.धा.। **सुल्किनु**-सुल्कनुको भा.क्रि.। **सुल्कि**-भा.धा.। **सुल्की, सुल्केर, सुल्कन, सुल्कँदै, सुल्कुन्जेल, सुल्कँदाखेरि**-कृ.अ.। **सुल्कनू**-वि.। **सुल्कून्**-इ.। **सुल्कला**-स.। (अ.क्रि.-लाम्कीरो सल्ल सुल्क्यो ।)

सुल्किनु-क्रि.मू.। **सुल्कि**-आ.धा.। अ.क्रि.; सुल्कनु, सुल्ल बग्नु, चिप्लिनु । **सुल्क्याइ** (सुल्कि+आइ), (सुल्क्याउ+आइ)-भा.ना.। **सुल्क्याउनु**-प्रे.क्रि./स.क्रि.; सुल्किने पार्नु, सुल्ल बगाउनु । **सुल्क्याउ** -प्रे.धा.। **सुल्क्याइनु** -सुल्क्याउनुको क.क्रि.। **सुल्क्याइ**-भा.प्रे.धा.। **सुल्किइनु**-सुल्किनुको भा.क्रि. । **सुल्किइ**-भा.धा.। **सुल्किई, सुल्किएर, सुल्किन, सुल्किँदै, सुल्किउन्जेल, सुल्किंदाखेरि**-कृ.अ.। **सुल्किनू**- वि.। **सुल्किऊन्**-इ.। **सुल्केला**-स.। (अ.क्रि.-कपडाको सिलाइ सुल्कियो ।)

सुल्टनु-क्रि.मू.। **सुल्ट**-आ.धा.। अ.क्रि.; सुल्टो हुनु, सब्ल्याँटो पर्नु, अनुकूल हुनु, सव्य पर्नु । **सुल्टाइ** (सुल्ट+आइ), (सुल्टाउ+आइ)-भा.ना.। **सुल्टाउनु**-प्रे.क्रि./स.क्रि.; सब्ल्याँटो पार्नु, सुल्टो गराउनु, अनुकूल पार्नु । **सुल्टाउ**-प्रे.धा.। **सुल्टाइनु**-सुल्टाउनुको क.क्रि.। **सुल्टाइ**-भा.प्रे.धा.। **सुल्टिनु**-सुल्टनुको भा.क्रि.। **सुल्टि**-भा.धा.। **सुल्टी, सुल्टेर, सुल्टन, सुल्टँदै, सुल्टुन्जेल, सुल्टँदाखेरि**-कृ.अ.। **सुल्टनू**-वि.। **सुल्टून्**-इ.। **सुल्टला** -स.। (अ.क्रि.-बहुदल आउनाले जनताको काम सुल्ट्यो ।)

सुल्टिनु-क्रि.मू.। **सुल्टि** - आ.धा.। अ.क्रि.; सुल्टनु । **सुल्ट्याइ** (सुल्टि+आइ), सुल्ट्याउ+आइ)-भा.ना.। **सुल्ट्याउनु**-प्रे.क्रि./स.क्रि.; सुल्टाउनु । **सुल्ट्याउ**-प्रे.धा.। **सुल्ट्याइनु**-सुल्ट्याउनुको क.क्रि.। **सुल्ट्याइ**-भा.प्रे.धा.। **सुल्टिइनु**-सुल्टिनुको भा.क्रि । **सुल्टिइ**- भा.धा.। **सुल्टिई, सुल्टिएर, सुल्टिन, सुल्टिँदै, सुल्टिउन्जेल, सुल्टिंदाखेरि**-कृ.अ.। **सुल्टिनू**-वि.। **सुल्टिऊन्**-इ.। **सुल्टेला**-स.। (अ.क्रि.-घोप्ट्याएको भाँडो उठाएपछि पो यसको मुख सुल्टियो ।)

सुसाउनु-क्रि.मू.। **सुसाउ**-आ.धा.। अ.क्रि.; हावा-पानी आदि बग्दा आवाज आउनु, सुस्केरा हाल्नु, लामो सास फेर्नु । **सुसाइ** (सुसाउ+आइ)-भा.ना.। **सुसाइनु**-सुसाउनुको भा.क्रि.। **सुसाइ**- भा.धा.। **सुसाई, सुसाएर, सुसाउन, सुसाउँदै, सुसाउन्जेल, सुसाउँदाखेरि**-कृ.अ.। **सुसाउनू**-वि.। **सुसाऊन्**- इ.। **सुसाउला**-स.। (अ.क्रि.-साउनको चेपे उर्लिएर सुसायो ।)

सुसेल्नु-क्रि.मू.। **सुसेल्**-आ.धा.। स.क्रि.; सुसेलो हाल्नु, सुस्केरा निकाल्नु, सुसाउनु । **सुसेलाइ** (सुसेल्+आइ)-भा.ना.। **सुसेलाउनु**- प्रे.क्रि./स.क्रि.; सुसेल्न लाउनु । **सुसेलाउ**-प्रे.धा । **सुसेलाइनु**-सुसेलाउनुको क.क्रि.। **सुसेलाइ**-क.प्रे.धा.। **सुसेलिनु**-सुसेल्नुको क.क्रि.। **सुसेलि**-

क.धा.। **सुसेली, सुसेलेर, सुसेल्न, सुसेल्दै, सुसेलुन्जेल, सुसेल्दाखेरि**-कृ.अ.। **सुसेल्नू**-वि.। **सुसेलून्**-इ.। **सुसेल्ला**-स.। (स.क्रि.-दीर्घबहादुरले नानीरलै भाकामा एउटा गीत सुसेल्यो ।)

सुस्ताउनु-क्रि.मू.। **सुस्ताउ**-आ.धा.। अ.क्रि.; थकाइ मार्नु, आराम लिनु, थरक मार्नु, ढिलो हुनु । **सुस्ताइ** (सुस्ताउ+आइ)-भा.ना.। **सुस्ताइनु**-सुस्ताउनुको भा.क्रि.। **सुस्ताइ**-भा.धा.। **सुस्ताई, सुस्ताएर, सुस्ताउन, सुस्ताउँदै, सुस्ताउन्जेल, सुस्ताउँदाखेरि**-कृ.अ.। **सुस्ताउनू**-वि.। **सुस्ताऊन्**-इ.। **सुस्ताउला**- स.। (अ.क्रि.-पर्यटकहरू केहीबेर चौतारीमा सुस्ताए ।)

सुहाउनु-क्रि.मू.। **सुहाउ**-आ.धा.। अ.क्रि.; सुशोभित हुनु, राम्रो देखिनु, उचित हुनु, खुल्नु, अनुकूल हुनु । **सुहाइ** (सुहाउ+आइ)-भा.ना.। **सुहाइनु**-सुहाउनुको भा.क्रि.। **सुहाइ**-भा.धा.। **सुहाई, सुहाएर, सुहाउन, सुहाउँदै, सुहाउन्जेल, सुहाउँदाखेरि**-कृ.अ.। **सुहाउनू**-वि.। **सुहाऊन्**-इ.। **सुहाउला**-स.। (अ.क्रि.-बेहुला-बेहुलीको जोडा खूब सुहायो ।)

सेक्नु-क्रि.मू.। **सेक्**- आ.धा.। स.क्रि.; आगो आदिको रापमा तताउनु, पकाउनु, पोल्नु, स्याँठले हान्नु, हेरचाह गर्नु, ठटाउनु, नोक्सान पार्नु, सेक दिनु । **सेकाइ** (सेक्+आइ), (सेकाउ+आइ)-भा.ना.। **सेकाउनु**-प्रे.क्रि./स.क्रि.; सेक्न लाउनु, सास्ती दिलाउनु, सेक दिनु । **सेकाउ**-प्रे.धा.। **सेकाइनु**-सेकाउनुको क.क्रि.। **सेकाइ**-क.प्रे.धा.। **सेकिनु**-सेक्नुको क.क्रि.। **सेकि**-क.धा.। **सेकी, सेकेर, सेक्न, सेक्तै, सेकुन्जेल, सेक्दाखेरि** -कृ.अ.। **सेक्नू**-वि.। **सेकून्**-इ.। **सेक्ला**- स.। (स.क्रि.-मुक्तिनाथमा चिसो हावाले तीर्थयात्रीलाई नराम्ररी सेक्यो ।)

सेट्नु-क्रि.मू.। **सेट्**- आ.धा.। स.क्रि.; दपेटेर काममा जोत्नु, अनुशासित तुल्याउन खूब रगड्नु, सिद्नु । **सेटाइ** (सेट्+आइ), (सेटाउ+आइ)-भा.ना.। **सेटाउनु** -प्रे.क्रि./स.क्रि.; सेटेर अनुशासित तुल्याउनु । **सेटाउ** -प्रे.धा.। **सेटाइनु**-सेटाउनुको क.क्रि.। **सेटाइ**-क.प्रे.धा.। **सेटिनु**-सेट्नुको क.क्रि.। **सेटि** -क.धा.। **सेटी, सेटेर, सेट्न, सेट्तै, सेटुन्जेल, सेट्दाखेरि**-कृ.अ.। **सेट्नू**-वि.। **सेटून्**-इ.। **सेट्ला**- स.। (स.क्रि.-ठेकेदारले कुल्लीहरूलाई मज्जाले सेक्यो ।)

सेप्नु-क्रि.मू.। **सेप्**-आ.धा.। स.क्रि.; बाटेको धागोमा मैन आदि दलेर खिरिलो बनाउनु,, बाटेको डोरी खिरेलो बनोस् भनी चोकेमा अड्काएर एकफन्को मारी घारघुर पार्नु, सेपेर बाट्नु, ऐँचमा राख्न सेट्नु, ढेप्नु, व्यङ्ग्य गर्नु । **सेपाइ** (सेप्+आइ), (सेपाउ+आइ)-भा.ना.। **सेपाउनु**-प्रे.क्रि./स.क्रि.; सेप्न लाउनु, खिरोलो तुल्याउनु। **सेपाउ**-प्रे.धा.। **सेपाइनु**-सेपाउनुको क.क्रि.। **सेपाइ**-क.प्रे.धा.। **सेपिनु**-सेप्नुको क.क्रि.। **सेपि**-क.धा.। **सेपी, सेपेर, सेप्न, सेप्तै, सेपुन्जेल, सेप्दाखेरि**-कृ.अ.। **सेप्नू**-वि.। **सेपून्**-इ.। **सेप्ला**-स.। (स.क्रि. - माझगाउँ बूढाले नाम्लाका डोरी सेपे ।)

सेप्रिनु-क्रि.मू.। **सेप्रि**-आ.धा.। अ.क्रि.; सेप्रो हुनु, स्याप्प हुनु, भित्र खोक्रो भई चेप्टिनु, दाम्रिनु । **सेप्र्याइ** (सेप्रि+आइ), (सेप्र्याउ+आइ)-भा.ना.। **सेप्र्याउनु** -प्रे.कि./स.क्रि.; सेप्रो पार्न लाउनु, सेप्रो तुल्याउनु, दाम्रो पार्नु । **सेप्र्याउ**-प्रे.धा.। **सेप्र्याइनु**-सेप्र्याउनुको क.क्रि.। **सेप्र्याइ**-भा.प्रे.धा.। **सेप्रिइनु**-सेप्रिनुको भा.क्रि.। **सेप्रिइ**-भा.धा.। **सेप्रिई, सेप्रिएर, सेप्रिन, सेप्रिँदै, सेप्रिउन्जेल, सेप्रिंदाखेरि**-कृ.अ.। **सेप्रिनू**-वि.। **सेप्रिऊन्**-इ.। **सेप्रेला**-स.। (अ.क्रि.-फूल खेल्दा झरी पर्नाले खेतको धान सेप्रियो ।)

सेर्नु-क्रि.मू.। **सेर्**- आ.धा.। स.क्रि.; हतियारले दलेर काट्नू, करौंतीले झैं गरी बोका आदिको घाँटी काट्नु, रेट्नु । **सेराइ** (सेर्+आइ), (सेराउ+आइ)-भा.ना.। **सेराउनु**-प्रे.क्रि./स.क्रि.; सेर्न लाउनु, रेटाउनु । **सेराउ** -प्रे.धा.। **सेराइनु**- सेराउनुको क.क्रि.। **सेराइ**-क.प्रे.धा.। **सेरिनु**-सेर्नुको क.क्रि.। **सेरि** -क.धा.। **सेरी, सेरेर, सेर्न, सेर्दै, सेरुन्जेल, सेर्दाखेरि**-कृ.अ.। **सेर्नू**-वि.। **सेरून्**-इ.। **सेर्ला**-स.। (स.क्रि.-मारहान्ने मानिस नपाएपछि ठूले आफैंले खसी सेऱ्यो ।)

सेलाउनु-क्रि.मू.। **सेलाउ**-आ.धा.। अ.क्रि.; तातो वस्तु चिसो बन्नु, ठण्डा हुनु, जोश घट्नु, प्रतिष्ठा आदि हराउनु । स.क्रि.; चिसो पार्नु, देवताको फूल-प्रसाद आदि चोखो ठाउँमा लगी बिसर्जन गर्नु, मुर्दाको सद्गत गर्नु । **सेलाइ** (सेलाउ+आइ)-भा.ना.। **सेलाइनु**-सेलाउनुको भा.क्रि./क.क्रि.। **सेलाइ**- भा.धा./क.धा.। **सेलाई, सेलाएर, सेलाउन, सेलाउँदै, सेलाउन्जेल, सेलाउँदाखेरि**-कृ.अ.। **सेलाउनू**-वि.। **सेलाऊन्**-इ.। **सेलाउला**-स.। (अ.क्रि.-तताएको पानी सेलायो । स.क्रि.-तिनीहरूले दशैंमा फूलप्रसाद सेलाए ।)

सेल्नु-क्रि.मू.। **सेल्**-आ.धा.। स.क्रि.; सेला पार्नु, छेडेर उन्नु, छेड्नु । **सेलाइ** (सेल्+आइ), (सेलाउ+आइ)-भा.ना.। **सेलाउनु**- प्रे.क्रि./स.क्रि.; सेल्न लगाउनु । **सेलाउ**-प्रे.धा.। **सेलाइनु**-सेलाउनुको क.क्रि.; उनिनु, सेलिनु । **सेलाइ**-क.प्रे.धा.। **सेलिनु**- सेल्नुको क.क्रि.। **सेलि**-क.धा.। **सेली, सेलेर, सेल्न, सेल्दै, सेलुन्जेल,**

सेल्दाखेरि-कृ.अ.। **सेल्नू**-वि.। **सेलून्**-इ.। **सेल्ला** -स.। (स.क्रि. - मसारे साहिंलाले हाडेउन्यूको डाठमा अँधेरी खोलामा मारेको असला सेल्यो ।)

सेल्टिनु-क्रि.मू.। **सेल्टि**-आ.धा.। अ.क्रि.; भोकाउनु, भोकले छटपटिएर मर्न खोज्नु, मर्नु । **सेल्ट्याइ** (सेल्टि+आइ), (सेल्ट्याउ+आइ)-भा.ना.। **सेल्ट्याउनु** - प्रे.क्रि./स.क्रि.; सेल्टिने पार्नु, खान नदिई सताउनु, भोकले सुकाउनु । **सेल्ट्याउ**-प्रे.धा.। **सेल्ट्याइनु**-सेल्ट्याउनुको क.क्रि.। **सेल्ट्याइ**-भा.प्रे.धा.। **सेल्टिइनु** - सेल्टिनुको भा.क्रि.। **सेल्टिइ**-भा.धा.। **सेल्टिई, सेल्टिएर, सेल्टिन, सेल्टिँदै, सेल्टिउन्जेल, सेल्टिंदाखेरि**-कृ.अ.। **सेल्टिनू**-वि.। **सेल्टिऊन्**-इ.। **सेल्टेला**-स.। (अ:क्रि. - गैरागाउँको चाउरे हिजो बेलुका सेल्टियो ।)

सोच्नु-क्रि.मू.। **सोच्**-आ.धा.। स.क्रि.; चिन्तन-मनन गर्नु, विचार गर्नु, गौर गर्नु, चिन्ता गर्नु, शोक-सुर्ता गर्नु। **सोचाइ** (सोच्+आइ)-भा.ना.। **सोचाउनु**-प्रे.कि./स.क्रि.; सोच्न लाउनु, विचार गराउनु । **सोचाउ**-प्रे.धा.। **सोचाइनु**-सोचाउनुको क.क्रि.। **सोचाइ**-क.प्रे.धा.। **सोचिनु**-सोच्नुको क.क्रि.; घोरिनु । **सोचि**-क.धा.। **सोची, सोचेर, सोच्न, सोच्दै, सोचुन्जेल, सोच्दाखेरि**-कृ.अ.। **सोच्नू**-वि.। **सोचून्**-इ.। **सोच्ला**-स.। (स.क्रि. - त्यसले ओछ्यानमा पल्टेर धेरैबेरसम्म विश्वको भविष्य सोच्यो ।)

सोझिनु-क्रि.मू.। **सोझि**-आ.धा.। अ.क्रि.; सोझो हुनु, ठाउँमा आउनु, सीधा हुनु, बिभिन्डिएको मानिस मर्यादित बन्नु, मिल्दो परिस्थितिमा आउनु । **सोझ्याइ** (सोझि+आइ), (सोझ्याउ+आइ)-भा.ना.। **सोझ्याउनु** - प्रे.कि./स.क्रि.; सोझो पार्न लगाउनु, सीधा पार्नु, अनुकूल तुल्याउनु, मर्यादित बनाउनु । **सोझ्याउ**-प्रे.धा.। **सोझ्याइनु**-सोझ्याउनुको क.क्रि.। **सोझ्याइ**-भा.प्रे.धा.। **सोझिइनु**-सोझिनुको भा.क्रि.। **सोझिइ**-भा.धा.। **सोझिई, सोझिएर, सोझिन, सोझिँदै, सोझिउन्जेल, सोझिंदाखेरि**-कृ.अ.। **सोझिनू**- वि.। **सोझिऊन्**-इ.। **सोझेला**-स.। (अ.क्रि.-चेतना आएपछि मानिसहरू सोझिए ।)

सोट्टिनु-क्रि.मू.। **सोट्टि**-आ.धा. अ.क्रि.; सोट्टाले हानिनु, पिटिनु, पिटाइ हुनु, सम्ठिनु । **सोट्ट्याइ** (सोट्टि+आइ); (सोट्ट्याउ+आइ)-भा.ना.। **सोट्ट्याउनु**-प्रे.कि./स.क्रि.; सोठ्ठाले हान्नु, गोदाउनु, चुटाउनु, सम्ठ्याउनु । **सोट्ट्याउ**-प्रे.धा.। **सोट्ट्याइनु**- सोट्ट्याउनुको क.क्रि.। **सोट्ट्याइ**-भा.प्रे.धा.। **सोट्टिइनु**-सोट्टिनुको भा.क्रि.। **सोट्टिइ**-भा.धा.। **सोट्टिई, सोठ्ठिएर, सोट्टिन सोट्टिँदै, सोट्टिउन्जेल, सोट्टिंदाखेरि**-कृ.अ.। **सोट्टिनू**-वि.। **सोट्टिऊन्**-इ.। **सोट्टेला**-स.। (अ.क्रि.-जात्रामा झगडा पर्दा पारथरे केटाहरू सोट्टिए ।)

सोत्रिनु-क्रि.मू.। **सोत्रि**-आ.धा.। अ.क्रि.; सोतर हुनु, बग्रेल्ती छरिनु, सामूहिक रूपमा ढल्नु । **सोत्र्याइ** (सोत्रि+आइ), (सोत्र्याउ+आइ)-भा.ना.। **सोत्र्याउनु** - प्रे.क्रि./स.क्रि.; सोत्रिने पार्नु, ढलाउनु । **सोत्र्याउ**-प्रे.धा.। **सोत्र्याइनु**-सोत्र्याउनुको क.क्रि.। **सोत्र्याइ**-भा.प्रे.धा.। **सोत्रिइनु**-सोत्रिनुको भा.क्रि.। **सोत्रिइ** -भा.धा.। **सोत्रिई, सोत्रिएर, सोत्रिन, सोत्रिँदै, सोत्रिउन्जेल, सोत्रिंदाखेरि**-कृ.अ.। **सोत्रिनू**-वि.। **सोत्रिऊन्**-इ.। **सोत्रेला**-स.। (अ.क्रि.- प्रहरीको लाठीचार्जमा धेरै मानिस सोत्रिए ।)

सोध्नु-क्रि.मू.। **सोध्**-आ.धा.। स.क्रि.; प्रश्न गर्नु, जवाफ माग्नु, निधो माग्नु, सोधनी गर्नु, शुद्ध गर्नु, खार्नु, औषधीहरू परिशोधन गर्नु । **सोधाइ** (सोध्+आइ)- भा.ना.। **सोधाउनु**-प्रे.क्रि./स.क्रि.; सोध्न लाउनु, सोध्ने काम गराउनु । **सोधाउ**-प्रे.धा.। **सोधाइनु**-सोधाउनुको क.क्रि.। **सोधाइ**-क.प्रे.धा.। **सोधिनु**-सोध्नुको क.क्रि.। **सोधि** -क.धा.। **सोधी, सोधेर, सोध्न, सोध्दै, सोधुन्जेल, सोध्दाखेरि**-कृ.अ.। **सोध्नू**-वि.। **सोधून्**-इ.। **सोध्ला**-स.। (स.क्रि.-विद्यार्थीहरूले शिक्षकसँग नबुझेका कुरा सोधे ।)

सोलिनु-क्रि.मू.। **सोलि**-आ.धा. अ.क्रि.; सोली आकारको हुनु, चुलिनु, झुसिनु । **सोल्याइ** (सोलि+आइ)-भा.ना.। **सोल्याउनु**-प्रे.क्रि./स.क्रि.; झुसी पार्नु, चुल्याउनु । **सोल्याउ**-प्रे.धा.। **सोल्याइनु**- सोल्याउनुको क.क्रि.। **सोल्याइ**-भा.प्रे.धा.। **सोलिइनु**- सोलिनुको भा.क्रि.। **सोलिइ**-भा.धा.। **सोलिई, सोलिएर, सोलिन, सोलिँदै, सोलिउन्जेल, सोलिंदाखेरि**-कृ.अ.। **सोलिनू**-वि.। **सोलिऊन्**-इ.। **सोलेला**-स.। (अ.क्रि.-पोखराको के.आइ.सिंह पुलबाट सेती नदी सोलियो ।)

सोसिनु-क्रि.मू.। **सोसि**-आ.धा.। अ.क्रि.; पानी आदि चुसिनु, सोसाइमा पर्नु । **सोस्याइ** (सोसि+आइ)-भा.ना.। **सोस्याउनु**-प्रे.कि./स.क्रि.; सोसिने पार्नु । **सोस्याउ**-प्रे.धा.। **सोस्याइनु**-सोस्याउनुको क.क्रि.। **सोस्याइ**-भा.प्रे.धा.। **सोसिइनु**-सोसिनुको भा.क्रि.। **सोसिइ**-भा.धा.। **सोसिई, सोसिएर, सोसिन, सोसिँदै, सोसिउन्जेल, सोसिंदाखेरि**-कृ.अ.। **सोसिनू**-वि.। **सोसिऊन्**-इ.। **सोसेला**-स.। (अ.क्रि.-धन्यै साँढे एक शताब्दीसम्मन् नेपाली जनता साह्रो सोसिए । बालुवामा पानी सोसियो ।)

सोस्नु-क्रि.मू.। **सोस्**-आ.धा.। स.क्रि.; पानी आदि खिचेर लिनु, चुस्नु, सुकाउनु, सुक्खा पार्नु, शोषण गर्नु। **सोसाइ** (सोस्+आइ)-भा.ना.। **सोसाहा** (सोस्+आहा)-विशे.। **सोसाउनु**-प्रे.क्रि./स.क्रि.; सोस्न लाउनु, सोस्ने काम गराउनु, **सोसाउ**-प्रे.धा.। **सोसाइनु**-सोसाउनुको क.क्रि.। **सोसाइ**-क.प्रे.धा.। **सोसिनु**-सोस्नुको क.क्रि.। **सोसि**-क.धा.। **सोसी, सोसेर, सोस्न, सोस्तै, सोसुन्जेल, सोस्दाखेरि**-कृ.अ.। **सोस्नू**-वि.। **सोसून्**-इ.। **सोस्ला**-स.। (स.क्रि.-जमिनले पानी सोस्यो ।)

सोहोर्नु-क्रि.मू.। **सोहोर्** -आ.धा.। स.क्रि.; छरिएका वस्तुलाई एकै ठाउँमा जम्मा गर्नु, एकत्रित पार्नु, बटुल्नु, समेट्नु, धनमाल गुटमुट्याउनु । **सोहोराइ** (सोहार्+आइ)-भा.ना.। **सोहोराउनु**-प्रे.क्रि./स.क्रि.; सोहोर्न लाउनु, सोहोर्ने काम गराउनु । **सोहोराउ**-प्रे.धा.। **सोहोराइनु**-सोहोराउनुको क.क्रि.। **सोहोराइ**-क.प्रे.धा.। **सोहोरिनु**-सोहोर्नुको क.क्रि. समेटिनु, बटुलिनु । **सोहोरि**-क.धा.। **सोहोरी, सोहोरेर, सोहोर्न, सोहोर्दै, सोहोरुन्जेल, सोहोर्दाखेरि**-कृ.अ.। **सोहोर्नू**-वि.। **सोहोरून्**-इ.। **सोहोर्ला**-स.। (स.क्रि.-किसानले खलोमा छरिएको पराल सोहोऱ्यो ।)

सौँठनु-क्रि.मू.। **सौँठ**-आ.धा.। स.क्रि.; सौँठाले हिर्काउनु, सम्ठ्याउनु । **सौँठाइ** (सौँठ+आइ), (सौँठाउ+आइ)-भा.ना.। **सौँठाउनु**-प्रे.क्रि./स.क्रि.; सौँठन लाउनु, सौँठने काम गराउनु । **सौँठाउ**-प्रे.धा.। **सौँठाइनु**- सौँठाउनुको क.क्रि.। **सौँठाइ**-क.प्रे.धा.। **सौँठिनु**- सौँठनुको क.क्रि.; सौँठाले हानिनु । **सौँठि**-क.धा.। **सौँठी, सौँठेर, सौँठन, सौँठँदै, सौँठुन्जेल, सौँठँदाखेरि**-कृ.अ.। **सौँठनू**-वि.। **सौँठून्**-इ.। **सौँठला**-स.। (स.क्रि.-किसानीले गोरुलाई सौँठ्यो ।)

सौँरनु-क्रि.मू.। **सौँर**- आ.धा.। स.क्रि.; सम्झाइ दिनु, सम्झना गर्नु । **सौँराइ** (सौँर+आइ), सौँराउ+आइ)-भा.ना.। **सौँराउनु**-प्रे.कि/स.क्रि.; सम्झना गराउनु, सौँरने पार्नु । **सौँराउ**-प्रे.धा.। **सौँराइनु**- सौँराउनुको क.क्रि.। **सौँराइ**-क.प्रे.धा.। **सौँरिनु**- सौँरनुको क.क्रि.। **सौँरि**-क.धा.। **सौँरी, सौँरेर, सौँरन, सौँरँदै, सौँरुन्जेल, सौँरँदाखेरि**-कृ.अ.। **सौँरनू**-वि.। **सौँरून्**-इ.। **सौँरला**-स.। (स.क्रि.-दिलबहादुरले विदेश गएको छोरालाई सौँऱ्यो ।)

स्याहार्नु-क्रि.मू.। **स्याहार्**-आ.धा.। स.क्रि.; सह्यार्नु, सम्भार गर्नु, सँभाल्नु, तह लाउनु । **स्याहराइ** (स्याहार्+आइ)-भा.ना.। **स्याहारिनु**-स्यहार्नुको क.क्रि.। **स्याहारि**-क.धा.। **स्याहारी, स्याहारेर, स्याहार्न, स्याहार्दै, स्याहारुन्जेल, स्याहार्दाखेरि**-कृ.अ.। **स्याहार्नू**-वि.। **स्याहारून्**-इ.। **स्याहार्ला**-स.। (स.क्रि.-डाँडागाउँजन्तरेले खेतबारी राम्ररी स्याहाऱ्यो ।)

स्यूनु-क्रि.मू.। **स्यू**-आ.धा.। स.क्रि.; हे. सिउनु ।

स्यूरनु-क्रि.मू.। **स्यूर**-आ.धा.। स.क्रि.; सिउरनु । **स्यूराइ** (स्यूर+आइ)-भा.ना.। **स्यूराउनु**-प्रे.कि./स.क्रि.; स्यूरन लाउनु, सिउराउनु । **स्यूराउ**-प्रे.धा.। **स्यूराइनु**-स्यूराउनुको क.क्रि.। **स्यूराइ**-क.प्रे.धा.। **स्यूरिनु**-स्यूरनको क.क्रि.। **स्यूरि**-क.धा.। **स्यूरि, स्यूरेर, स्यूरन, स्यूरँदै, स्यूरुन्जेल, स्यूरँदाखेरि**-कृ.अ.। **स्यूरनू**-वि.। **स्यूरून्**-इ.। **स्यूरला**-स.। (स.क्रि.-गुरुङसेनी दिदीले सिउँदोमा गुराँसको फूल स्यूरिन् ।)

स्वाउनु-क्रि.मू.। **स्वाउ**-आ.धा.। अ.क्रि.; सुहाउनु, मिल्नु, खुल्नु । **स्वाइ** (स्वाउ+आइ)-भा.ना.। **स्वाइनु**-स्वाउनुको भा.क्रि.। **स्वाइ**-भा.धा.। **स्वाई, स्वाएर, स्वाउन, स्वाउँदै, स्वाउन्जेल, स्वाउँदाखेरि**-कृ.अ.। **स्वाउनू**-वि.। **स्वाऊन्**-इ.। **स्वाउला**-स.। (अ.क्रि.-गुरुङदाइको आङमा भोटो-कछाडमाथि इष्टकोट खूब स्वायो ।)

स्वाँट्रिनु-क्रि.मू.। **स्वाँट्रि**-आ.धा.। अ.क्रि.; सुम्लिएर मोटाउनु । **स्वँट्र्याइ** (स्वाँट्रि+आइ)-भा.ना.। **स्वाँट्र्याउनु**-प्रे.कि/स.क्रि.; स्वाँट्रिने तुल्याउनु । **स्वाँट्र्याउ**-प्रे.धा.। **स्वाँट्र्याइनु**-स्वाँट्र्याउनुको क.क्रि.। **स्वाँट्र्याइ** -भा.प्रे.धा.। **स्वाँट्रिइनु**-स्वाँट्रिनुको भा.क्रि.। **स्वाँट्रिइ**-भा.धा.। **स्वाँट्रिई, स्वाँट्रिएर, स्वाँट्रिन, स्वाँट्रिँदै, स्वाँट्रिउन्जेल, स्वाँट्रिँदाखेरि**-कृ.अ.। **स्वाँट्रिनू**-वि.। **स्वाँट्रिऊन्**-इ.। **स्वाँट्रिला**-स.। (अ.क्रि.-शेर्पा साहिंलाको खसी खूब स्वाँट्रियो ।)

स्वीकार्नु-क्रि.मू.। **स्वीकार्**- आ.धा.। स.क्रि.; सकार्नु, सकार गर्नु, शर्त आदि मान्नु, मञ्जुर गर्नु । **स्वीकराइ** (स्वीकार्+आइ)-भा.ना.। **स्वीकारिनु**-स्वीकार्नुको क.क्रि.; स्वीकार गरिनु । **स्वीकारि**- क.धा.। **स्वीकारी, स्वीकारेर, स्वीकार्न, स्वीकार्दै, स्वीकारुन्जेल,, स्वीकार्दाखेरि**-कृ.अ.। **स्वीकार्नू**-वि.। **स्वीकारून्**-इ.। **स्वीकार्ला**-स.। (स.क्रि.-मैले तपाईंको निमन्त्रणालाई स्वीकारें ।)

ह

हकार्नु-क्रि.मू.। हकार्-आ.धा.। स.क्रि.; गाली गर्नु, हप्काउनु, धम्काउनु, झपार्नु, डाँकाले खानु, चिच्च्याएर डाक्नु । हकराइ (हकार्+आइ)-भा.ना.। हकारिनु-हकार्नुको क.क्रि.। हकारि-क.धा.। हकारी, हकारेर, हकार्न, हकार्दै, हकार्नुन्जेल, हकार्दाखेरि-कृ.अ.। हकार्नू-वि.। हकारून्-इ.। हकार्ला-स.। (स.क्रि.-काकाले छाडा केटाकेटीहरूलाई हकारे ।)

हग्नु-क्रि.मू.। हग्-आ.धा.। स.क्रि.; मलत्याग गर्नु, दिसा गर्नु, झाडा फेर्नु, अन्यायले गुमेको धन-सम्पत्ति वापस गर्नु, जन्माउनु (तुच्छार्थमा) । हगाइ (हग्+आइ), (हगाउ+आइ)-भा.ना.। हगाउनु-प्रे.क्रि./स.क्रि.; हग्न लाउनु, पैसा फिर्ता गराउनु । हगाउ-प्रे.धा.। हगाइनु-हगाउनुको क.क्रि.। हगाइ-क.प्रे.धा.। हगिनु-हग्नुको क.क्रि.। हगि-क.धा.। हगी, हगेर, हग्न, हग्दै, हगुन्जेल, हग्दाखेरि-कृ.अ.। हग्नू-वि.। हगून्-इ.। हग्ला-स.। (स.क्रि.-चेतनहीन गाउँलेले सार्वजनिक स्थलमा हगे ।)

हच्कनु-क्रि.मू.। हच्क-आ.धा.। अ.क्रि.; डर वा सङ्कोच मानी पछि हट्नु, आँट गर्न नसक्नु, उत्साह मर्नु, हल्लनु, हच्किनु, दच्कनु, रोकिनु, तर्सनु, डराउनु । हच्काइ (हच्क+आइ), (हच्काउ+आइ)-भा.ना.। हच्काउनु-प्रे.क्रि./स.क्रि.; विपत्ति वा डर-त्रास देखाई हतोत्साह पार्नु, दच्काउनु । हच्काउ-प्रे.धा.। हच्काइनु-हच्काउनुको क.क्रि.। हच्काइ-भा.प्रे.धा.। हच्किनु-हच्कनुको भा.क्रि.। हच्कि-भा.धा.। हच्की, हच्केर, हच्कन, हच्कँदै, हच्कुन्जेल, हच्कँदाखेरि-कृ.अ.। हच्कनू-वि.। हच्कून्-इ.। हच्कला -स.। (अ.क्रि.-इमान्दार कर्मचारी अन्यायपूर्वक काम गर्नमा पछि हच्क्यो ।)

हच्किनु-क्रि.मू.। हच्कि-आ.धा.। अ.क्रि.; हच्कनु । हच्क्याइ (हच्कि+आइ)-भा.ना.। हच्क्याउनु -प्रे.क्रि./स.क्रि.; हच्काउनु । हच्क्याउ-प्रे.धा.। हच्क्याइनु-हच्क्याउनुको क.क्रि.। हच्क्याइ-भा.प्रे.धा.। हच्किइनु -हच्किनुको भा.क्रि.। हच्किइ-भा.धा.। हच्किई, हच्किएर, हच्किन, हच्किँदै, हच्किउन्जेल, हच्किंदाखेरि-कृ.अ.। हच्किनू-वि.। हच्किऊन्-इ.। हच्केला-स.। (अ.क्रि.-गल लगाउंदा ढुङ्गा हच्कियो । वाघको शव्दी पाउनासाथ गाईभैंसी हच्किए ।)

हट्नु-क्रि.मू.। हट्-आ.धा.। अ.क्रि.; सर्नु, ठाउँ छाड्नु, अलग हुनु, छुट्टिनु, काम छाड्नु, टर्नु । हटाइ (हट्+आइ), (हटाउ+आइ)-भा.ना.। हटाउनु-प्रे.क्रि./स.क्रि.; अलग गराउनु, छुट्ट्याउनु, झिक्नु, निकाल्नु, पर सार्नु, पन्छाउनु, हटाउ-प्रे.धा.। हटाइनु-हटाउनुको क.क्रि.। हटाइ-भा.प्रे.धा.। हटिनु-हट्नुको भा.क्रि.। हटि-भा.धा.। हटी, हटेर, हट्न, हट्तै, हटुन्जेल, हट्दाखेरि-कृ.अ.। हट्नू-वि.। हटून्-इ.। हट्ला-स.। (अ.क्रि.-भानुभक्तको रामायणमा वाल्मीकि रामायणको अश्लील प्रशङ्ग हट्यो ।)

हट्कनु-क्रि.मू.। हट्क-आ.धा.। स.क्रि.; हड्कनु । हट्काइ (हट्क+आइ)-भा.ना.। हट्काउनु-प्रे.कि./स.क्रि.; हट्कन लाउनु, हड्काउनु । हट्काउ- प्रे.धा.। हट्काइनु-हट्काउनुको क.क्रि.। हट्काइ-क.प्रे.धा.। हट्किनु-हट्कनुको क.क्रि.। हट्कि-क.धा.। हट्की, हट्केर, हट्कन, हट्कँदै, हट्कुन्जेल, हट्कँदाखेरि-कृ.अ.। हट्कनू-वि.। हट्कून्-इ.। हट्कला-स.। (स.क्रि.-ओमवहादुरको भनाइमा धर्मानन्दले थरीगाउँको नयाँ धारो हट्के ।)

हडक्नु-क्रि.मू.। हडक्-आ.धा.। स.क्रि.; कुनै काम गर्न नदिनु, रोक्नु, मनाही गर्नु । हडकाइ (हडक्+आइ)-भा.ना.। हडकिनु-हडक्नुको क.क्रि.। हडकि-क.धा.। हडकी, हडकेर, हडक्न, हडक्तै, हडकुन्जेल, हडकँदाखेरि-कृ.अ.। हडक्नू-वि.। हडकून्-इ.। हडकला-स.। (स.क्रि.-पण्डित माहिलाले राटिपिङडाँडाको मिडिलस्कूल हडक्यो ।)

हडप्नु-क्रि.मू.। हडप्-आ.धा.। स.क्रि.; अर्काको धनमाल लिएर नफर्काउनु, अर्काको सम्पत्ति हडप गर्नु, खाइदिनु, पचाउनु, मास्नु । हडपाइ (हडप्+आइ)-भा.ना.। हडपाउनु-प्रे.क्रि./स.क्रि.; हडप्न लाउनु । हडपाउ-प्रे.धा.। हडपाइनु- हडपाउनुको क.क्रि.। हडपाइ-क.प्रे.धा.। हडपिनु- हडप्नुको क.क्रि.। हडपि-क.धा.। हडपी, हडपेर, हडप्न, हडप्तै, हडपुन्जेल, हडप्दाखेरि-कृ.अ.। घुन्चोके कान्छाले तामाको ताउलो हडप्यो ।)

हडबडाउनु-क्रि.मू.। हडबडाउ-आ.धा.। अ.क्रि.; आत्तिनु, घडबडाउनु, चटपटाउनु, हडबड गर्नु, हतारिनु । हडबडाइ (हडबडाउ+आइ)-भा.ना.। हडबडाइनु -हडबडाउनुको भा.क्रि.। हडबडाइ-भा.धा.। हडबडाई, हडबडाएर, हडबडाउन, हडबडाउँदै, हडबडाउन्जेल, हडबडाउँदाखेरि-कृ.अ.। हडबडाउनू-वि.। हडबडाऊन्-इ.। हडबडाउला-स.। (अ.क्रि.-जनआन्दोलनमा क्रूर शासक हडबडायो ।)

हडबडिनु-क्रि.मू.। हडबडि-आ.धा.। अ.क्रि.; हडबड गर्नु, चटारिनु, हडबडाउनु । हडबड्याइ (हडबडि+आइ)-

भा.ना.। **हडबड्याउनु**-प्रे.कि./स.क्रि.; हडबडिने पार्नु । **हडबड्याउ**-प्रे.धा.। **हडबड्याइनु**-हडबड्याउनुको क.क्रि.। **हडबड्याइ**-भा.प्रे.धा.। **हडबडिइनु**-हडबडिनुको भा.क्रि । **हडबडिइ**-भा.धा.। **हडबडिई, हडबडिएर, हडबडिन, हडबडिँदै, हडबडिउन्जेल, हडबडिंदाखेरि**-कृ.अ.। **हडबडिनू**-वि.। **हडबडिऊन्**-इ.। **हडबडेला**-स.। (अ.क्रि.-दारिमबोटेको कुलोमा एक्लो विजयलाई हमला गर्न मायानाथेका गुण्डाहरू एकछिन त हडबडिए ।)

हड्कनु-क्रि.मू.। **हड्क**-आ.धा.। स.क्रि.; कुनै काम गर्नबाट रोक्नु, मनाही गर्नु, निषेध गर्नु, रोक्नु । **हड्काइ** (हड्क+आइ)-भा.ना.। **हड्काउनु**-प्रे.क्रि./स.क्रि.; हड्कन लाउनु, हच्काउनु, रोकाउनु । **हड्काउ**-प्रे.धा.। **हड्काइनु**-हड्काउनुको क.क्रि.। **हड्काइ**-क.प्रे.धा.। **हड्किनु**-हड्कनुको क.क्रि.। **हड्कि**-क.धा.। **हड्की, हड्केर, हड्कन, हड्कँदै, हड्कुन्जेल, हड्कँदाखेरि**-कृ.अ.। **हड्कनू**-वि.। **हड्कून्**-इ.। **हड्कला**-स.। (स.क्रि.-स्कूलको मैदानको बाटो फेर्न खोज्दा दुवाडीहरूले यस प्रस्तावलाई हड्के ।)

हड्पनु-क्रि.मू.। **हड्प**-आ.धा.। स.क्रि.; अर्काको धनमाल हाकाहाकी लिनु, अर्काको धनमाल लिएर फिर्ता नगर्नु, पचाउनु, हडप्नु । **हड्पाइ** (हड्प+आइ)-भा.ना.। **हड्पाउनु**-प्रे.क्रि./स.क्रि.; हड्पन लाउनु, हडपाउनु । **हड्पाउ**-प्रे.धा.। **हड्पाइनु**-हड्पाउनुको क.क्रि.। **हड्पाइ**-क.प्रे.धा.। **हड्पिनु**- हड्पनुको क.क्रि.। **हड्पि**-क.धा.। **हड्पी, हड्पेर, हड्पन, हड्पँदै, हड्पुन्जेल, हड्पँदाखेरि**-कृ.अ.। **हड्पनू**-वि.। **हड्पून्**-इ.। **हड्पला**- स.। (स.क्रि.-घुन्चोके जेठाले धेरैको सुनचाँदी हड्प्यो ।)

हड्याउनु-क्रि.मू.। **हड्याउ**-आ.धा.। स.क्रि.; धडपकड गरी लिनु, हाट्टहुट्ट पारेर लिनु, नलिई नछोड्नु, धड्नु । **हड्याइ** (हड्याउ+आइ)-भा.ना.। **हड्याइनु**- हड्याउनुको क.क्रि.। **हड्याइ**-क.धा.। **हड्याइ, हड्याएर, हड्याउन, हड्याउँदै, हड्याउन्जेल, हड्याउँदाखेरि**-कृ.अ.। **हड्याउनू**-वि.। **हड्याऊन्**-इ.। **हड्याउला**-स.। (स.क्रि. -भुरामणले भच्चेकको जग्गा हड्यायो ।)

हतपताउनु-क्रि.मू.।' **हतपताउ**-आ.धा.। अ.क्रि.; हतार हुनु, काम छिटो गर्न खोज्नु, हडबडाउनु, हतारले छटपटाउनु, आत्तिनु, चञ्चल हुनु । **हतपताइ** (हतपताउ+आइ)-भा.ना.। **हतपताइनु**-हतपताउनुको भा.क्रि.। **हतपताइ**-भा.धा.। **हतपताई, हतपताएर, हतपताउन, हतपताउँदै, हतपताउन्जेल, हतपताउँदाखेरि**-कृ.अ.। **हतपताउनू**-वि.। **हतपताऊन्**-इ.। **हतपताउला**-स.। अ.क्रि.-दिलबहादुर अफिस जानका निमित्त हतपतायो ।)

हतपतिनु-क्रि.मू.। **हतपति**- आ.धा.। अ.क्रि.; हतपताउनु, हतारिनु । **हतपत्याइ** (हतपति+आइ)-भा.ना.। **हतपत्याउनु**-प्रे.क्रि./स.क्रि.; हतपतिने पार्नु । **हतपत्याउ**-प्रे.धा.। **हतपत्याइनु**-हतपत्याउनुको क.क्रि.। **हतपत्याइ**-भा.प्रे.धा.। **हतपतिइनु**-हतपतिनुको भा.क्रि.। **हतपतिइ**-भा.धा.। **हतपतिई, हतपतिएर, हतपतिन, हतपतिँदै, हतपतिउन्जेल, हतपतिंदाखेरि**-कृ.अ.। **हतपतिनू**-वि.। **हतपतिऊन्**-इ.। **हतपतेला**-स.। (अ.क्रि.-बस रोकिनासाथ यात्रुहरू ओर्लनका निमित्त हतपतिए ।)

हतारिनु-क्रि.मू.। **हतारि**- आ.धा.। अ.क्रि.; हतपताउनु, चटारिनु, आत्तिनु, हतार गर्नु । **हतऱ्याइ** (हतारि+आइ)-भा.ना.। **हतऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; हतारो पार्नु, हतारिने गराउनु । **हतऱ्याउ**-प्रे.धा.। **हतऱ्याइनु**-हतऱ्याउनुको क.क्रि.। **हतऱ्याइ**-भा.प्रे.धा.। **हतारिइनु**-हतारिनुको क.क्रि.। **हतारिइ**-क.धा.। **हतारिई, हतारिएर, हतारिन, हतारिंदै, हतारिउन्जेल, हतारिंदाखेरि**-कृ.अ.। **हतारिनू**-वि.। **हतारिऊन्**-इ.। **हतारेला**-स.। (अ.क्रि.-विकासको उपभोग गर्न नेपाली जनता साह्रै हतारिए ।)

हतिनु-क्रि.मू.। **हति**-आ.धा.। अ.क्रि.; हातमा पर्नु, हातलागी हुनु, हातमा आउनु, रतिनु । **हत्याइ** (हति+आइ), (हत्याउ+आइ)-भा.ना.। **हत्याउनु**-प्रे.क्रि./स.क्रि.; हात पार्नु, वशमा गराउनु, अधीनमा लिनु, रत्त्याउनु, सधाउनु । **हत्याउ**-प्रे.धा.। **हत्याइनु**-हत्याउनुको क.क्रि.। **हत्याइ**-भा.प्रे.धा.। **हतिइनु**- हतिनुको भा.क्रि.। **हतिइ**-भा.धा.। **हतिई, हतिएर, हतिन, हतिँदै, हतिउन्जेल, हतिंदाखेरि**-कृ.अ.। **हतिनू**-वि.। **हतिऊन्**-इ.। **हतेला**-स.। (अ.क्रि.-हतुवा भैंसी बल्लतल्ल हतियो ।)

हत्तिनु-क्रि.मू.। **हत्ति**-आ.धा.। अ.क्रि.; हे. हतिनु । (अ.क्रि.-पोखरे ठूलेसँग भैंसीको रुपियाँ मुस्किलसँग हत्तियो ।)

हपहपिनु-क्रि.मू.। **हपहपि**-आ.धा.। अ.क्रि.; ज्यादा गर्मी हुनु, डाह हुनु, राप बढ्नु, गुम्सिनु । **हपहप्याइ** (हपहपि+आइ)-भा.ना.। **हपहपिइनु**-हपहपिनुको भा.क्रि. । **हपहपिइ**-भा.धा. । **हपहपिई, हपहपिएर, हपहपिन, हपहपिँदै, हपहपिउन्जेल, हपहपिंदाखेरि**-कृ.अ. । **हपहपिनू**-वि. । **हपहपिऊन्**-इ. । **हपहपेला**-स. । (अ.क्रि.-जेठको मध्यदिन ज्यादै हपहपियो ।)

हपार्नु-क्रि.मू. । **हपार्**-आ.धा. । स.क्रि.; कौलास्नु, पुकार्नु, ठूलो स्वरले टाढाबाट बोलाउनु, गाली दिनु,

हप्काउनु, हकार्नु । **हपराइ** (हपार्+आइ)-भा.ना. । **हपारिनु**-हपार्नुको क.क्रि. । **हपारि**-क.धा. । **हपारी, हपारेर, हपार्न, हपार्दै, हपारुन्जेल, हपार्दाखेरि**-कृ.अ. । **हपार्नू**-वि. । **हपारून्**-इ. । **हपार्ला**-स. । (स.क्रि.-नगरपालिकाले शडकमा फोहर फाल्नेलाई हपार्‍यो ।)

हप्कनु-क्रि.मू. । **हप्क**-आ.धा. । अ.क्रि.; कसैको हप्कीले डराउनु, दच्कनु, तर्सनु, धर्ती फाटेको वा लिप्सेको ठाउँ उठेर छुट्टिन खोज्नु, पिठिउँ साह्रो दुख्नु । **हप्काइ** (हप्क+आइ), (हप्काउ+आइ)-भा.ना. । **हप्काउनु**-प्रे.क्रि./स.क्रि.; धम्काउनु, डर देखाउनु, हकार्नु, गाली गर्नु । **हप्काउ**-प्रे.धा. । **हप्काइनु**-हप्काउनुको क.क्रि. । **हप्काइ**-भा.प्रे.धा. । **हप्किनु**-हप्कनुको भा.क्रि./अ.क्रि.; तर्सिनु, हप्कनु । **हप्कि**-भा.धा. । **हप्क्याइ** (हप्कि+आइ)-भा.ना. । **हप्की, हप्केर, हप्कन, हप्कँदै, हप्कुन्जेल, हप्कँदाखेरि**-कृ.अ. । **हप्कनू**-वि. । **हप्कून्**-इ. । **हप्कला**-स. । (अ.क्रि.-माटोले लिप्सेको घरको भित्तो जताततै हप्क्यो ।)

हम्कनु-क्रि.मू. । **हम्क**-आ.धा. । स.क्रि.; पङ्खा आदि हल्लाएर हावा लाउनु, चमर डोलाउनु, बताउनु, पशुले चाँड-चाँडो सास फेर्नु, पशुले फुँक्क गरी हान्न खोज्नु । **हम्काइ** (हम्क+आइ)-भा.ना. । **हम्काउनु**-प्रे.क्रि./स.क्रि.; हम्कन लाउनु, पङ्खा हल्लाउनु । **हम्काउ**-प्रे.धा. । **हम्काइनु**-हम्काउनुको क.क्रि. । **हम्काइ**-क.प्रे.धा. । **हम्किनु**-हम्कनुको क.क्रि./स.क्रि.; पङ्खा आदि हल्लाइनु, हम्कनु । **हम्कि** -क.धा. । **हम्क्याइ** (हम्कि+आइ)-भा.ना. । **हम्की, हम्केर, हम्कन, हम्कँदै, हम्कुन्जेल, हम्कँदाखेरि**-कृ.अ. । **हम्कनू** -वि.। **हम्कून्**-इ.। **हम्कला**-स. । (स.क्रि.-तिनीहरूले गर्मीमा पङ्खा हम्के ।)

हराउनु-क्रि.मू. । **हराउ**-आ.धा. । अ.क्रि.; वेपत्ता हुनु, गुम्नु, लापता हुनु, चोरिनु, अलप हुनु, लुप्त हुनु, अदृश्य वन्नु, चिनो विर्सनु । स.क्रि.; वेपत्ता पार्नु, पराजित गर्नु, दमन गर्नु । **हराइ** (हराउ+आइ)-भा.ना. । **हराइनु**-हराउनुको भा.क्रि./क.क्रि. । **हराइ**-भा.धा./क.धा. । **हराई, हराएर, हराउन, हराउँदै, हराउन्जेल, हराउँदाखेरि**-कृ.अ. । **हराउनू**-वि. । **हराऊन्**-इ. । **हराउला**-स. । (अ.क्रि.-मेरो ‘वम’ उपन्यास हरायो । स.क्रि.-लालवहादुरले भीडमा चप्पल हरायो ।)

हर्नु-क्रि.मू. । **हर्**-आ.धा. । स.क्रि.; जवर्दस्ती लैजानु, चोरेर लिनु, हरण गर्नु, कसैलाई कुनै वस्तु नपाउने पार्न वाधा दिनु । **हराइ** (हर्+आइ), (हराउ+आइ)-भा.ना. । **हराउनु**-प्रे.क्रि./स.क्रि.; हर्ने पार्नु, हरण गराउनु । **हराउ**-प्रे.धा. । **हराइनु**- हराउनुको क.क्रि. । **हराइ** -क.प्रे.धा. । **हरिनु**-हर्नुको क.क्रि.; धनमाल लुटेर वा चोरेर लगिनु । **हरि**- क.धा. । **हरी, हरेर, हर्न, हर्दै, हरुन्जेल, हर्दाखेरि**-कृ.अ. । **हर्नू**-वि. । **हरून्**-इ. । **हर्ला**-स. । (स.क्रि.-विशाल हिमालचुली श्रृङ्खलाले विदेशी पर्यटकहरूको मन हर्‍यो ।)

हर्कनु-क्रि.मू. । **हर्क**-आ.धा. । अ.क्रि.; हर्ष हुनु, आनन्दले फुल्नु, खुशीको चरमसीमामा पुग्नु, शङ्कामा परी दौडेर भाग्नु । **हर्काइ** (हर्क+आइ)-भा.ना. । **हर्काउनु**-प्रे.क्रि./स.क्रि.; हर्कने पार्नु,। मोहोरी फर्काउनु । **हर्काउ**-प्रे.धा. । **हर्काइनु**-हर्काउनुको क.क्रि. । **हर्काइ**-भा.प्रे.धा. । **हर्किनु**-हर्कनुको भा.क्रि. । **हर्कि**-भा.धा. । **हर्की, हर्केर, हर्कन, हर्कँदै, हर्कुन्जेल, हर्कँदाखेरि**-कृ.अ. । **हर्कनू**-वि. । **हर्कून्**-इ. । **हर्कला**-स. । (अ.क्रि.-क्रूर शासन ढल्दा नेपाली जनता खूब हर्के ।)

हलहलाउनु-क्रि.मू.। **हलहलाउ**-आ.धा. । अ.क्रि.; लहलहाउनु । **हलहलाइ** (हलहलाउ+आइ)-भा.ना. । **हलहलाइनु**-हलहलाउनुको भा.क्रि. । **हलहलाइ**-भा.धा. । **हलहलाई, हलहलाएर, हलहलाउन, हलहलाउँदै, हलहलाउन्जेल, हलहलाउँदाखेरि**-कृ.अ. । **हलहलाउनू**-वि.। **हलहलाऊन्**-इ. । **हलहलाउला**-स. । (अ.क्रि.-चितवनको टाँडीमा तोरीबाली हलहलायो ।)

हल्कनु-क्रि.मू. । **हल्क**-आ.धा. । अ.क्रि.; लहलह हुनु, लहलहाउनु, बोट-बिरुवा आदि हलक्क बढ्नु, छिटै सप्रनु। **हल्काइ** (हल्क+आइ)-भा.ना. । **हल्काउनु** -प्रे.क्रि./स.क्रि.; लहलहाउने पार्नु, हलक्क बढाउनु । **हल्काउ**-प्रे.धा. । **हल्काइनु**-हल्काउनुको भा.क्रि.। **हल्काइ**-भा.प्रे.धा. । **हल्किनु**-हल्कनुको भा.क्रि./अ.क्रि.; हलक्क वढिनु, हल्कनु । **हल्कि**-भा.धा. । **हल्क्याइ** (हल्कि+आइ)-भा.ना. । **हल्की, हल्केर, हल्कन, हल्कँदै, हल्कुन्जेल, हल्कँदाखेरि**-कृ.अ. । **हल्कनू**-वि. । **हल्कून्**-इ.। **हल्कला**-स.। (अ.क्रि.-वारीमा बालीनाली हलक्क भएर हल्क्यो ।)

हल्लनु-क्रि.मू.। **हल्ल**- आ.धा.। अ.क्रि.; चल्नु, झुल्नु, डोल्नु, हल्लिनु, काम्नु, डग्नु, विनाकाममा हिंड्नु, लरखरिनु, हप्किनु, डराउनु । **हल्लाइ** (हल्ल+आइ), (हल्लाउ+आइ)-भा.ना.। **हल्लाउनु**-प्रे.कि./स.क्रि.; हल्लन लाउनु, डोलाउनु, चलाउनु, कम्पन गराउनु, मच्चाउनु, तर्साउनु, झुलाउनु, विनाकाममा दौडाउनु । **हल्लाउ**-प्रे.धा.। **हल्लाइनु**-हल्लाउनुको क.क्रि.। **हल्लाइ**-भा.प्रे.धा.। **हल्लिनु**-हल्लनुको भा.क्रि./अ.क्रि.; यताउति चलिनु, हल्लनु । **हल्लि**-भा.धा.। **हल्ल्याइ** (हल्लि–आइ)-भा.ना.।

हल्ली, हल्लेर, हल्लन, हल्लँदै, हल्लुन्जेल, हल्लँदाखेरिं-कृ.अ.। हल्लनू-वि.। हल्लून्-इ.। हल्लला-स.। (अ.क्रि. -पाँडेबेसीको पुल खूबसँग हल्ल्यो ।)

हसुर्नु-क्रि.मू.। हसुर्-आ.धा.। स.क्रि.; अगस्तीले झै धेरै खानु, सित्तैंमा खानु, मन नपर्ने गरी खानु, घिच्नु । हसुराइ (हसुर्+आइ)-भा.ना.। हसुराउनु-प्रे.क्रि./स.क्रि.; हसुर्न लाउनु । हसुराउ-प्रे.धा.। हसुराइनु-हसुराउनुको क.क्रि.। हसुराइ-क.प्रे.धा.। हसुरिनु-हसुर्नुको क.क्रि.। हसुरि-क.धा.। हसुरी, हसुरेर, हसुर्न, हसुर्दै, हसुरुन्जेल, हसुर्दाखेरि-कृ.अ.। हसुर्नू-वि.। हसुरून्-इ.। हसुर्ला-स.। (स.क्रि.-बलेले भोजमा पुलाउ-मासु अचाक्ली हसुऱ्यो ।)

हस्कनु-क्रि.मू.। हस्क-आ.धा.। अ.क्रि.; हर्षले मात्तिनु, ज्यादै, खुशीले उम्लनु, हस्किनु, हिस्सिनु, जिल्लिनु, हिस्स पर्नु, हच्कनु, पछि हट्नु, हस्को आई वसाउनु, खस्कनु, अन्न बाली बढी सप्रेर गेडा नलाग्नु । हस्काइ (हस्क+आइ), (हस्काउ+आइ)-भा.ना.। हस्काउनु-प्रे.कि./स.क्रि.; हस्कने पार्नु, हिस्स्याउनु, हिस्स पार्नु, हच्काउनु, जिल्ल्याउनु । हस्काउ-प्रे.धा.। हस्काइनु -हस्काउनुको क.क्रि.। हस्काइ-भा.प्रे.धा.। हस्किनु-हस्कनुको भा.क्रि.। हस्कि-भा.धा.। हस्की, हस्केर, हस्कन, हस्कँदै, हस्कुन्जेल, हस्कँदाखेरि-कृ.अ.। हस्कनू-वि.। हस्कून्-इ.। हस्कला-स.। (अ.क्रि.-लप्सीफोटाको मुहानमा धान हसक्क हस्क्यो ।)

हस्किनु-क्रि.मू.। हस्कि-आ.धा.। अ.क्रि.; हस्कनु । हस्क्याइ (हस्कि+आइ)-भा.ना.। हस्क्याउनु-प्रे.क्रि./स.क्रि.; हस्काउनु । हस्क्याउ- प्रे.धा.। हस्क्याइनु-हस्क्याउनुको क.क्रि.। हस्क्याइ-भा.प्रे.धा.। हस्किइनु-हस्किनुको भा.क्रि.। हस्किइ-भा.धा.। हस्किई, हस्किएर, हस्किन, हस्किँदै, हस्किउन्जेल, हस्किंदाखेरि-कृ.अ.। हस्किनू-वि.। हस्किऊन्-इ.। हस्केला-स.। (अ.क्रि.-छोरा बी.ए. को परीक्षामा प्रथम हुँदा आमा खूबसँग हस्किन् ।)

हस्सिनु-क्रि.मू.। हस्सि-आ.धा.। अ.क्रि.; हिस्सिनु, निराश पर्नु, जिल्ल हुनु, हस्स आउनु, दुर्गन्ध चल्नु । हस्स्याइ (हस्सि+आइ), (हस्स्याउ+आइ)-भा.ना.। हस्स्याउनु-प्रे.क्रि./स.क्रि.; हिस्स पार्नु, हिस्स्याउनु, हस्स पार्नु, जिल्ल्याउनु । हस्स्याउ- प्रे.धा.। हस्स्याइनु-हस्स्याउनुको क.क्रि.। हस्स्याइ-भा.प्रे.धा.। हस्सिइनु-हस्सिनुको भा.क्रि.। हस्सिइ-भा.धा.। हस्सिई, हस्सिएर, हस्सिन, हस्सिँदै, हस्सिउन्जेल, हस्सिंदाखेरि-कृ.अ.। हस्सिनू-वि.। हस्सिऊन्-इ.। हस्सेला-स.। (अ.क्रि.-बासी मही राखेको ठेकी हस्सियो ।)

हाँक्नु-क्रि.मू.। हाँक्-आ.धा.। स.क्रि.; अह्राउनु, हैकम चलाउनु, युद्धको घोषणा गर्नु, हाँक दिनु, ललकार्नु, गहकिलो कार्य गर्न हिम्मतसाथ आँट गर्नु, सवारी चलाउनु, पङ्खा आदि हम्कनु, बढाई-चढाई कुरा गर्नु । हँकाइ (हाँक्+आइ)-भा.ना.। हँकाउनु-प्रे.कि./स.क्रि.; हाँक्न लाउनु । हँकाउ -प्रे.धा.। हँकाइनु-हँकाउनुको क.क्रि.। हँकाइ-क.प्रे.धा.। हाँकिनु-हाँक्नुको क.क्रि.। हाँकि-क.धा.। हाँकी, हाँकेर, हाँक्न, हाँक्तै, हाँकुन्जेल, हाँक्दाखेरि-कृ.अ.। हाँक्नू-वि.। हाँकून्-इ.। हाँक्ला-स.। (स.क्रि.-ड्राइभरले जिप बेगसँग हाँक्यो ।)

हाँगिनु-क्रि.मू.। हाँगि-आ.धा.। अ.क्रि.; धेरै हाँगा हाल्नु, हाँगा-बिँगा हाली फैलिनु, झाँगिनु । हँग्याइ (हाँगि+आइ)-भा.ना.। हँग्याउनु-प्रे.क्रि./स.क्रि.; हाँगिने पार्नु, हाँगा फैलिने गराउनु । हँग्याउ-प्रे.धा.। हँग्याइनु-हँग्याउनुको क.क्रि.। हँग्याइ-भा.प्रे.धा.। हाँगिइनु-हाँगिनुको भा.क्रि.। हाँगिइ-भा.धा.। हाँगिई, हाँगिएर, हाँगिन, हाँगिँदै, हाँगिउन्जेल, हाँगिंदाखेरि-कृ.अ.। हाँगिनू-वि.। हाँगिऊन्-इ.। हाँगेला-स.। (अ.क्रि.-आँपको रूख धेरै हाँगामा हाँगियो ।)

हाँप्नु-क्रि.मू.। हाँप्-आ.धा.। अ.क्रि.; गर्मी आदिले घक्नु, स्वाँस्वाँ गरी लामो सास फेर्नु, गाई-गोरुले फुँक्क गरी हम्कनु । हँपाइ (हाँप्+आइ)-भा.ना.। हाँपिनु-हाप्नुको भा.क्रि.। हाँपि -भा.धा.। हाँपी, हाँपेर, हाँप्न, हाँप्तै, हाँपुन्जेल, हाँप्दाखेरि-कृ.अ.। हाँप्नू-वि.। हाँपून्-इ.। हाँप्ला-स.। (अ.क्रि.-गर्मीमा गाईभैंसी हाँपे ।)

हाँफ्नु-क्रि.मू.। हाँफ्-आ.धा.। अ.क्रि.; हाँप्नु । हँफाइ (हाँफ्+आइ)-भा.ना.। हँफाउनु-प्रे.क्रि./स.क्रि.; हाँफ्न लाउनु । हँफाउ-प्रे.धा.। हँफाइनु-हँफाउनुको क.क्रि.। हँफाइ-भा.प्रे.धा.। हाँफिनु- हाँफ्नुको भा.क्रि.। हाँफि -भा.धा.। हाँफी, हाँफेर, हाँफ्न, हाँफ्तै, हाँफुन्जेल, हाँफ्दाखेरि-कृ.अ.। हाँफ्नू- वि.। हाँफून्- इ.। हाँफ्ला-स.। (अ.क्रि.-नौलो मानिस देख्ता माली गाई हाँफ्यो ।)

हाँस्नु-क्रि.मू.। हाँस्-आ.धा.। अ.क्रि.; मुख-मुद्राबाट खुशी प्रकट गर्नु, आनन्दित हुनु, हाँसो निकाल्नु, खित्का छोड्नु, मुस्कुराउनु, उपहास गर्नु, हँस्सी उडाउँनु । हँसाइ (हाँस्+आइ), (हँसाउ+आइ)-भा.ना.। हँसाउनु- प्रे.क्रि./स.क्रि.; हाँस्न लाउनु, हाँसो उठाउनु, हाँस्ने पार्नु । हँसाउ-प्रे.धा.। हँसाइनु-हँसाउनुको क.क्रि.। हँसाइ-भा.प्रे.धा.। हाँसिनु-हाँस्नुको भा.क्रि.। हाँसि-भा.धा.। हाँसी, हाँसेर, हाँस्न, हाँस्तै, हाँसुन्जेल, हाँस्दाखेरि-कृ.अ.। हाँस्नू-वि.। हाँसून्-इ.। हाँस्ला-स.। (अ.क्रि.-चौरालीमा

भरियाहरू मुख च्याती-च्याती हाँसे ।)

हाउलिनु-क्रि.मू.। **हाउलि**-आ.धा.। अ.क्रि.; कुहिरोले ढाक्नु, बादल लाग्नु, धुम्मिनु । **हाउल्याइ** (हाउलि+आइ)-भा.ना.। **हाउल्याउनु**-प्रे.क्रि./स.क्रि.; बादलिने तुल्याउनु, हाउलिने पार्नु । **हाउल्याउ**-प्रे.धा.। **हाउल्याइनु**-हाउल्याउनुको क.क्रि.। **हाउल्याइ**-भा.प्रे.धा.। **हाउलिइनु**-हाउलिनुको भा.क्रि.। **हाउलिइ**-भा.धा.। **हाउलिई, हाउलिएर, हाउलिन, हाउलिँदै, हाउलिउन्जेल, हाउलिंदाखेरि**-कृ.अ.। **हाउलिनू**-वि.। **हाउलिऊन्**-इ.। **हाउलेला**-स.। (अ.क्रि.-हिजोको दिन पूरै हाउलियो ।)

हानिनु-क्रि.मू.। **हानि**-आ.धा.। अ.क्रि.; जोडसित जानु, बेगले जानु, चटारिनु । **हन्याइ** (हानि+आइ)-भा.ना.। **हानिइनु**-हानिनुको भा.क्रि.। **हानिइ**-भा.धा.। **हानिई, हानिएर, हानिन, हानिँदै, हानिउन्जेल, हानिंदाखेरि**-कृ.अ.। **हानिनू**-वि.। **हानिऊन्**-इ.। **हानेला**-स.। थाइ विमान घट्टेभीरतिर हानियो ।)

हान्नु-क्रि.मू.। **हान्**-आ.धा.। स.क्रि.; शस्त्र-अस्त्र आदि प्रहार गर्नु, हातहतियार आदिले हिर्काउनु, कुट्नु, गोद्नु, आँटले काम टुङ्ग्याउनु, घण्टा आदि बजाउनु, दाउमा कौडा आदि प्रयोग गर्नु, स्त्रीसमागम गर्नु, अरूको लाभमा हानी पुऱ्याई आफूले फाइदा गर्नु, हिंड्ने-मिल्किने जस्ता अर्थमा पछाडि जोडिई प्रयोग गर्नु (जस्तो-मार हान्नु, बञ्चरो हान्नु, बेग हान्नु, ढुङ्गा हान्नु, जाल हान्नु आदि) । **हनाइ** (हान्+आइ)-भा.ना.। **हनाउनु**-प्रे.कि./स.क्रि.; हान्न लाउनु, हिर्काउनु । **हनाउ**-प्रे.धा.। **हनाइनु**-हनाउनुको क.क्रि.। **हनाइ**-क.प्रे.धा.। **हानिनु**-हान्नुको क.धा.। **हानि**-क.धा.। **हानी, हानेर, हान्न, हान्दै, हानुन्जेल, हान्दाखेरि**-कृ.अ.। **हान्नू**-वि.। **हानून्**-इ.। **हान्ला** -स.। (स.क्रि.-आफैंले पालेका राँगाहरूले बिचौरको ईश्वरीलाई हाने ।)

हाम्फाल्नु-क्रि.मू.। **हाम्फल्**-आ.धा.। अ.क्रि.; उचो भागबाट उफ्रेर झर्नु, उचो ठाउँबाट तलाउ आदिमा बेगहान्नु, हुत्तिनु, फाल्हान्नु । **हाम्फलाइ** (हाम्फाल्+आइ)-भा.ना.। **हाम्फलाउनु**- प्रे.क्रि./स.क्रि.; हाम्फाल्न लाउनु । **हाम्फलाउ**- प्रे.धा.। **हाम्फलाइनु**-हाम्फलाउनुको क.क्रि.। **हाम्फलाइ**-भा.प्रे.धा.। **हाम्फालिनु**-हाम्फाल्नुको भा.क्रि.। **हाम्फालि**- भा.धा.। **हाम्फाली, हाम्फालेर, हाम्फाल्न, हाम्फाल्दै, हाम्फालुन्जेल, हाम्फाल्दाखेरि**-कृ.अ.। **हाम्फाल्नू**-वि.। **हाम्फालून्**-इ.। **हाम्फाल्ला**-स.। (स.क्रि. -जङ्गबहादुर घोडाबाट त्रिशुलीमा हाम्फाल्यो ।)

हार्नु-क्रि.मू.। **हार्**-आ.धा.। स.क्रि.; खेल-बाजी आदिमा रुपियाँ-पैसा आदि गुमाउनु । अ.क्रि.; पराजित हुनु, हार खानु, लाचार हुनु, हतास बन्नु, दिक्क हुनु । **हराउनु**-प्रे.क्रि./स.क्रि.; हार गराउनु, पराजित पार्नु, जित्नु । **हराउ**-प्रे.धा.। **हराइनु**- हराउनुको क.क्रि.। **हराइ**-क.प्रे.धा./भा.प्रे.धा.। **हारिनु**-हार्नुको क.क्रि./भा.क्रि.। **हारि**-क.धा./भा.धा.। **हारी, हारेर, हार्न हार्दै, हारुन्जेल, हार्दाखेरि**-कृ.अ.। **हार्नू**-वि.। **हारून्**-इ.। **हार्ला**-स.। (स.क्रि.-सोभनाथ बूढाले जूवामा चेपेचौर खेतको रुपियाँ हारे । अ.क्रि.-फुटबल खेलमा 'मानस्लु-गोर्खा, टिम नराम्ररी हाऱ्यो ।)

हाल्नु-क्रि.मू.। **हाल्**- आ.धा.। स.क्रि.; घुसार्नु, पसाउनु, छिराउनु, कोच्नु, भाँडामा राख्नु, थन्क्याउनु, मिलाउनु, भर्ना गर्नु, सौता ल्याउनु, किरिया खानु, मोल दिनु, क्रियाका सहायक रूपमा गाँसिएर शीघ्रता वा निश्चय आदि बुझाउने क्रियापद । (जस्तै-भनिहाल्नु, गरिहाल्नु, खाइहाल्नु इत्यादि) । अ.क्रि.; क्रियाका सहायक रूपमा गाँसिएर शीघ्रता वा निश्चय आदि बुझाउने क्रियापद । (जस्तै-भइहाल्नु, आइहाल्नु, गइहाल्नु इत्यादि) । **हलाइ** (हाल्+आइ)-भा.ना.। **हलाउनु**-प्रे.क्रि./स.क्रि.; हाल्न लाउनु । **हलाउ**-प्रे.धा.। **हलाइनु**- हलाउनुको क.क्रि.। **हलाइ**-क.प्रे.धा.। **हालिनु**-क.क्रि.। **हालि**-क.धा.। **हाली, हालेर, हाल्न, हाल्दै, हालुन्जेल, हाल्दाखेरि**-कृ.अ.। **हाल्नू**-वि.। **हालून्**-इ.। **हाल्ला** -स.। (स.क्रि.-घरमा स्वास्नी हुँदाहुँदै पनि पूर्णबहादुरले सौता हाल्यो । अ.क्रि.;-राजेश्वरको कुक्कुर एक्कासि झम्टेर आइहाल्यो ।)

हिंड्नु-क्रि.मू.। **हिंड्**-आ.धा.। अ.क्रि.; गोडा चालेर एकठाउँबाट अर्को ठाउँमा पुग्नु, जानु, प्रस्थान गर्नु, पैदल जानु, पदयात्रा गर्नु, गमन गर्नु, टहल्नु, बिग्रनु, पोइल जानु, मर्नु । **हिंडाइ** (हिंड्+आइ)-भा.ना.। **हिंडाउनु**-प्रे.क्रि./स.क्रि.; हिंड्न लाउनु, धेरै हिँड्ने पार्नु, अपहरण गर्नु, चोर्नु, लैजानु, लानु । **हिंडाउ**-प्रे.धा.। **हिंडाइनु**-हिँडाउनुको क.क्रि.। **हिंडाइ**-भा.प्रे.धा.। **हिँडिनु**-हिँड्नुको भा.क्रि.। **हिंडि**-भा.धा.। **हिंडी, हिंडेर, हिंड्न, हिंड्दै, हिँडुन्जेल, हिंड्दाखेरि**-कृ.अ.। **हिंड्नू**-वि.। **हिंडून्**-इ.। **हिंड्ला**-स.। (अ.क्रि.-हिमालयको अनिन्द्य सौन्दर्यमा शकुन्तलालाई छोडेर मेनका स्वर्ग हिंडी ।)

हिक्नु-क्रि.मू.। **हिक्**-आ.धा.। अ.क्रि.; हिक्क हिक्क हुनु, हिक्का लाग्नु, बाडुली लाग्नु, हात्ती कराउनु । स.क्रि.; दमन गर्नु, थिचो-मिचो गर्नु, हेप्नु । **हिकाइ** (हिक्+आइ)-भा.ना.; हिक्का लाग्ने क्रिया-प्रक्रिया, हेपाइ । **हिकाउनु**-प्रे.क्रि./स.क्रि.; हिक्न लाउनु, हेपाउनु ।

हिकाउ-प्रे.धा.। **हिकाइनु**-हिकाउनुको क.क्रि.। **हिकाइ**-भा.प्रे.धा./क.प्रे.धा.। **हिकिनु**-हिक्नुको भा.क्रि./क.क्रि.। हिकि-भा.धा./क.धा.। **हिकी, हिकेर, हिक्न, हिक्तै, हिकुन्जेल, हिक्दाखेरि**-कृ.अ.। **हिक्नू**-वि.। **हिकून्**- इ.। **हिक्ला**-स.। (अ.क्रि.-तराईको जङ्गलमा हात्ती हिक्यो । स.क्रि.-राणाकालमा जिमिदार बाले धेरै गाउँलाई हिके ।)

हिङाउनु-क्रि.मू.। **हिङाउ**-आ.धा.। स.क्रि.; गुदद्वारमा हिङ हालेझैं गरी अरूलाई बेचैन पार्नु, अरूलाई कष्ट वा नोक्सान पुऱ्याउने किसिमले कुनै काम गर्न बाध्य गर्नु, पीडा दिनु । **हिङाइ** (हिङाउ+आइ)-भा.ना.। **हिङाइनु**-हिङाउनुको क.क्रि.। **हिङाइ**- क.धा.। **हिङाई, हिङाएर, हिङाउन, हिङाउँदै, हिङाउन्जेल, हिङाउँदाखेरि**-कृ.अ.। **हिङाउनू**-वि.। **हिङाऊन्**-इ.। **हिङाउला**-स.। (स.क्रि. -बामदेव बेलबासेले धेरै शिक्षकलाई हिङायो ।)

हिचकिचाउनु-क्रि.मू.। **हिचकिचाउ**-आ.धा.। अ.क्रि.; आदर, डर आदिले केही भन्न नसक्नु, सङ्कोच मान्नु, अकमकाउनु, अनकनाउनु, धरमराउनु, गरूँ कि नगरूँ हुनु, हच्कनु । **हिचकिचाइ** (हिचकिचाउ+आइ), **हिचकिचाहट** (हिचकिचाउ+आहट)-भा.ना.। **हिचकिचाइनु**-हिचकिचाउनुको भा.क्रि.। **हिचकिचाइ**-भा.धा.। **हिचकिचाई, हिचकिचाएर, हिचकिचाउन, हिचकिचाउँदै, हिचकिचाउन्जेल, हिचकिचाउँदाखेरि**-कृ.अ.। **हिचकिचाउनू**-वि.। **हिचकिचाऊन्**-इ.। **हिचकिचाउला**-स.। (अ.क्रि.-धनवीरे आफ्नू भूल स्वीकार्नका लागि हिचकिचायो ।)

हिनहिनाउनु-क्रि.मू.। **हिनहिनाउ**-आ.धा.। अ.क्रि.; हिनहिन आवाज निकालेर घोडा कराउनु, हिलिनु । **हिनहिनाइ** (हिनहिनाउ+आइ)-भा.ना.। **हिनहिनाइनु**-हिनहिनाउनुको भा.क्रि.। **हिनहिनाइ** - भा.धा.। **हिनहिनाई, हिनहिनाएर, हिनहिनाउन, हिनहिनाउँदै, हिनहिनाउन्जेल, हिनहिनाउँदाखेरि**-कृ.अ.। **हिनहिनाउनू**-वि.। **हिनहिनाऊन्**-इ.। **हिनहिनाउला**-स.। (अ.क्रि.-घोडा हिनहिनायो ।)

हियाउनु-क्रि.मू.। **हियाउ**-आ.धा.। स.क्रि.; हेलाँ गर्नु, तुच्छ सम्झनु, अपमान गर्नु, हेय सम्झनु, हेप्नु, ह्याउनु। **हियाइ** (हियाउ+आइ)-भा.ना.। **हियाइनु**-हियाउनुको क.क्रि.। **हियाइ**-क.धा.। **हियाई, हियाएर, हियाउन, हियाउँदै, हियाउन्जेल, हियाउँदाखेरि**-कृ.अ.। **हियाउनू**-वि.। **हियाऊन्**-इ.। **हियाउला**-स.। (स.क्रि.-चाकरी, चाप्लुसीको भरमा बढुवा पाएको हाकिमले अरूलाई साह्रो हियायो ।)

हिरिक्किनु-क्रि.मू.। हिरिक्कि-आ.धा.। अ.क्रि.; हिरिक्क हुनु, कुनै कुराको प्राप्तिका लागि तीव्र अभिलाषा राख्नु । **हिरिक्क्याइ** (हिरिक्कि+आइ)-भा.ना.। **हिरिक्किइनु** - हिरिक्किनुको भा.क्रि.। **हिरिक्किइ**- भा.धा.। **हिरिक्किई, हिरिक्किएर, हिरिक्किन, हिरिक्किँदै, हिरिक्किउन्जेल, हिरिक्किँदाखेरि**-कृ.अ.। **हिरिक्किनू**-वि.। **हिरिक्किऊन्**-इ.। **हिरिक्केला**-स.। (अ.क्रि.-आ-आफ्नो क्षेत्रमा बिजुली र बाटोको उपभोग गरी आधुनिक विश्व चिहाउन जनता हिरिक्किए ।)

हिर्काउनु-क्रि.मू.। **हिर्काउ**-आ.धा.। स.क्रि.; कुट्नु, पिट्नु, हान्नु, बजाउनु, ठोक्नु, प्रहार गर्नु । **हिर्काइ** (हिर्काउ+आइ)-भा.ना.। **हिर्काइनु**-हिर्काउनुको क.क्रि.। **हिर्काइ**-क.धा.। **हिर्काई, हिर्काएर, हिर्काउन, हिर्काउँदै, हिर्काउन्जेल, हिर्काउँदाखेरि**-कृ.अ.। **हिर्काउनू** -वि.। **हिर्काऊन्**-इ.। **हिर्काउला**-स.। (स.क्रि.-रक्सीको तालमा चामेले गौथलीलाई हिर्कायो ।)

हिर्किनु-क्रि.मू.। **हिर्कि**-आ.धा.। अ.क्रि.; वेगले कतै जानु, हिरिक्क हुनु, हिरिक्किनु । **हिर्क्याइ** (हिर्कि+आइ)-भा.ना.। **हिर्किइनु**-हिर्किनुको भा.क्रि.। **हिर्किइ**- भा.धा.। **हिर्किई, हिर्किएर, हिर्किन, हिर्किँदै, हिर्किउन्जेल, हिर्किँदाखेरि**-कृ.अ.। **हिर्किनू**-वि.। **हिर्किऊन्**-इ.। **हिर्केला**-स.। (अ.क्रि.-राम्रो लाउन, मीठो खान सबै हिर्किए ।)

हिलिनु-क्रि.मू.। **हिलि**-आ.धा.। अ.क्रि.; काम न काजसित गिजिएर हाँस्नु, छिहिलिनु, घोडा कराउनु, हिनहिनाउनु, माटो पानीमा खुँडिएर लेदो बन्नु, हिलो हुनु । **हिल्याइ** (हिलि+आइ), (हिल्याउ+आइ)-भा.ना.। **हिल्याउनु**-प्रे.क्रि./स.क्रि.; हिलिने पार्नु, हिलो तुल्याउनु, साएर हिलो झिक्नु, टाकुचे गर्नु, बाउसे गर्नु । **हिल्याउ**-प्रे.धा.। **हिल्याइनु**-हिल्याउनुको क.क्रि.। **हिल्याइ**-भा.प्रे.धा.। **हिलिइनु**-हिलिनुको भा.क्रि.। **हिलिइ**-भा.धा.। **हिलिई, हिलिएर, हिलिन, हिलिँदै, हिलिउन्जेल, हिलिंदाखेरि**-कृ.अ.। **हिलिनू**-वि.। **हिलिऊन्**-इ.। **हिलेला**-स.। (अ.क्रि.-दाँदि लगाएपछि असारमा खेतको गरो हिलियो ।)

हिस्सिनु-क्रि.मू.। **हिस्सि**-आ.धा.। अ.क्रि., निराश हुनु, हिस्स पर्नु, जिल्लिनु, ङिच्च पर्नु, खिस्रिक्क हुनु । **हिस्स्याइ** (हिस्सि+आइ), (हिस्स्याउ+आइ)-भा.ना.। **हिस्स्याउनु**-प्रे.क्रि./स.क्रि.; हिस्सिने पार्नु, हिस्स पार्नु, निराश पार्नु, खिस्रिक्क तुल्याउनु, ङिच्च पार्नु । **हिस्स्याउ**-प्रे.धा.। **हिस्स्याइनु**-हिस्स्याउनुको क.क्रि.। **हिस्स्याइ**-भा.प्रे.धा.। **हिस्सिइनु**-हिस्सिनुको भा.क्रि.। **हिस्सिइ**-भा.धा.। **हिस्सिई, हिस्सिएर, हिस्सिन, हिस्सिँदै,**

हिस्सिउन्जेल, हिस्सिंदाखेरि-कृ.अ.। **हिस्सिनू**-वि.। **हिस्सिऊन्**-इ.। **हिस्सेला**-स.। (अ.क्रि.-बिहानदेखि लाइनमा बसेको बेले मट्टितेल नपाउँदा हिस्सियो ।)

हुँडलिनु-क्रि.मू.। **हुँडलि**-आ.धा.। अ.क्रि.; राडो मच्चिनु, झगडा उठ्नु, हुँडलो मच्चिनु, लेदो वा तरल पदार्थ चल्नु, घोलिनु, फिटिनु, पेट ठीक नहुनु, मिसिनु । **हुँडल्याइ** (हुँडलि+आइ)-भा.ना.। **हुँडल्याउनु**-प्रे.क्रि./स.क्रि.; हुँडल्न लाउनु, हुँडलाउनु, हुँडलो मच्चाउनु । हुँडल्याउ-प्रे.धा.। **हुँडल्याइनु**-हुँडल्याउनुको क.क्रि.। **हुँडल्याइ**-भा.प्रे.धा.। **हुँडलिइनु**-हुँडलिनुको भा.क्रि.। **हुँडलिइ**-भा.धा.। **हुँडलिई, हुँडलिएर, हुँडलिन, हुँडलिँदै, हुँडलिउन्जेल, हुँडलिंदाखेरि**-कृ.अ.। **हुँडलिनू**- वि.। **हुँडलिऊन्**-इ.। **हुँडलेला**-स.। (अ.क्रि.-गाउँसभाको निर्णय सही निष्कर्षमा पुग्न नसक्ता गाउँलेहरू हुँडलिए ।)

हुँडल्नु-क्रि.मू.। **हुँडल्**-आ.धा.। स.क्रि.; पनेलो पदार्थ चलाउनु, घोल्नु, फाउनु, फेट्नु, हुँडलो मच्चाउनु, झगडा गराउनु, राडो मच्चाउनु । **हुँडलाइ** (हुँडल्+आइ)-भा.ना.। **हुँडलाउनु**-प्रे.क्रि/स.क्रि.; हुँडल्न लाउनु, हुँडल्याउनु । **हुँडलाउ**- प्रे.धा.। **हुँडलाइनु**- हुँडलाउनुको क.क्रि.। **हुँडलाइ**-क.प्रे.धा.। **हुँडलिनु**-हुँडल्नुको क.क्रि.। **हुँडलि**-क.धा.। **हुँडली, हुँडलेर, हुँडल्न, हुँडल्दै, हुँडलुन्जेल, हुँडल्दाखेरि**-कृ.अ.। **हुँडल्नू**-वि.। **हुँडलून्**- इ.। **हुँडल्ला**-स.। (स.क्रि.-गोपीलालले दाबिलोले उम्लेको पानीमा पीठो हुँडल्यो ।)

हुनु-क्रि.मू.। **हु**-आ.धा.। अ.क्रि.; मौजुद रहनु, विद्यमान हुनु, उपस्थित रहनु, निर्माण गरिनु, बन्नु, रूप बदलिनु, रोगादि लाग्नु, ठीक समय आउनु, परिणाम निस्कनु; अनुकूलता, अनुमति, स्वीकृति, स्वभाव आदिको भाव जनाउनु (जस्तो-बिरामीलाई अब त नूने-जाउलो सम्म दिए हुन्छ, तिमी गए हुन्छ, बुबा सधैं उपन्यास पढ्नुहुन्छ इत्यादि ।) **हुवाइ** (हु+आइ)-भा.ना.। **होइनु/भइनु**-हुनुको भा.क्रि.। **होइ/भइ**- भा.धा.। **भई, भएर, हुन, हुँदै, हु/होउन्जेल, हुँदाखेरि**-कृ.अ.। **हुनू**-वि.। **होऊन्**-इ.। **होला**-स.। (अ.क्रि.-नेपालको लामो प्रजातान्त्रिक आन्दोलनमा धेरै देशभक्त वीर पुरूषहरू बेपत्ता भए ।)

हुक्रनु-क्रि.मू.। **हुक्र**-आ.धा.। अ.क्रि., डुक्रनु, साँढे कराउनु, चर्को स्वर गरी हप्काउनु, कुर्लनु, हकार्नु । **हुक्राइ** (कुक्र+आइ)-भा.ना.। **हुक्रिनु**-हुक्रनुको भा.क्रि.। **हुक्रि**-भा.धा.। **हुक्री, हुक्रेर, हुक्रन, हुक्रँदै, हुक्रुन्जेल, हुक्रँदाखेरि**-कृ.अ.। **हुक्रनू**- वि.। **हुक्रून्**- इ.। **हुक्रला**-स.। (अ.क्रि.-असनको साँढे जोडसँग हुक्र्यो ।)

हुच्चनु-क्रि.मू.। **हुच्च**- आ.धा.। स.क्रि.; डन्डी, लठ्ठी आदिले मिल्काउनु, हुच्चिनु, दुबै हात उत्तानो पारी कुनै वस्तु मिल्काउनु, हुत्त्याउनु । **हुच्चाइ** (हुच्च+आइ)-भा.ना.। **हुच्चिनु**- हुच्चनुको क.क्रि.। **हुच्चि**-क.धा.। **हुच्ची, हुच्चेर, हुच्चन, हुच्चँदै, हुच्चुन्जेल, हुच्चँदाखेरि**-कृ.अ.। **हुच्चनू**-वि.। **हुच्चून्**-इ.। **हुच्चला**-स.। (स.क्रि.-गङ्गाको स्नानपछि तल्लोबारी आमैले दुबै हातले पानी हुच्चिन् ।)

हुच्चिनु-क्रि.मू.। **हुच्चि**-आ.धा.। स.क्रि.; हुच्चनु । **हुच्च्याइ** (हुच्चि+आइ)-भा.ना.। **हुच्च्याउनु**-प्रे.क्रि./स.क्रि.; हुच्चन लाउनु, हुत्तिने पार्नु, हुतेल्नु, फ्याँक्नु । **हुच्च्याउ**-प्रे.धा.। **हुच्च्याइनु**-हुच्च्याउनुको क.क्रि.। **हुच्च्याइ**-क.प्रे.धा.। **हुच्चिइनु**-हुच्चिनुको क.क्रि.। **हुच्चिइ**-क.धा.। **हुच्चिई, हुच्चिएर, हुच्चिन, हुच्चिँदै, हुच्चिउन्जेल, हुच्चिंदाखेरि**-कृ.अ.। **हुच्चिनू**-वि.। **हुच्चिऊन्**-इ.। **हुच्चेला**-स.। (स.क्रि.-लम्साल कान्छोले लठ्ठीले डण्डी हुच्चियो ।)

हुत्तिनु-क्रि.मू.। **हुत्ति**-आ.धा.। अ.क्रि.; वेगसित जानु, घचेटिनु, वेगले फालिनु, मिल्किनु, फेंकिनु । **हुत्त्याइ** (हुत्ति+आइ), (हुत्त्याउ+आइ)-भा.ना.। **हुत्त्याउनु**-प्रे.क्रि./स.क्रि.; हुत्त पार्नु, हुर्र्याउनु, मिल्काउनु, फ्याँक्नु, मन नपरेको चीज हटाउनु । **हुत्त्याउ**-प्रे.धा.। **हुत्त्याइनु**-हुत्त्याउनुको क.क्रि.। **हुत्त्याइ**-भा.प्रे.धा.। **हुत्तिइनु**-हुत्तिनुको भा.क्रि.। **हुत्तिइ**-भा.धा.। **हुत्तिई, हुत्तिएर, हुत्तिन, हुत्तिँदै, हुत्तिउन्जेल, हुत्तिंदाखेरि**-कृ.अ.। **हुत्तिनू**-वि.। **हुत्तिऊन्**-इ.। **हुत्तेला**-स.। (अ.क्रि.-एभरेष्ट प्राइभेट सेवाको एउटा विमान पोखराबाट जोमसोमतिर हुत्तियो ।)

हुनहुनाउनु-क्रि.मू.। **हुनहुनाउ**-आ.धा.। अ.क्रि.; हुनहुन आवाज गर्नु, भुनभुनाउनु, भमरो आदि कराउनु, झिंगा भन्कनु, खोला सुसाउनु । **हुनहुनाइ** (हुनहुनाउ+आइ), **हुनहुनाहट** (हुनहुनाउ+आहट)-भा.ना.। **हुनहुनाइनु**-हुनहुनाउनुको भा.क्रि.। **हुनहुनाइ**-भा.धा.। **हुनहुनाई, हुनहुनाएर, हुनहुनाउन, हुनहुनाउँदै, हुनहुनाउन्जेल, हुनहुनाउँदाखेरि**-कृ.अ.। **हुनहुनाउनू**-वि.। **हुनहुनाऊन्**-इ.। **हुनहुनाउला**-स्र.। (अ.क्रि. - मध्यवर्षामा अँधेरी खोलो काफलडाँडा गाउँ नै थर्काएर हुनुहुनायो ।)

हुरहुराउनु-क्रि.मू.। **हुरहुराउ**- आ.धा.। अ.क्रि.; आगो दन्केर बल्नु, हावा वेगसित चल्नु, मायालाग्दो हुनु, कुनै काम शीघ्रतापूर्वक गर्नु, वेगसित हिँड्नु, हुर्दुराउनु । **हुरहुराइ** (हुरहुराउ+आइ)-भा.ना.। **हुरहुराइनु**-हुरहुराउनुको भा.क्रि.। **हुरहुराइ**-भा.धा.। **हुरहुराई,**

हुरहुराएर, हुरहुराउन, हुरहुराउँदै, हुरहुराउन्जेल, हुरहुराउँदाखेरि-कृ.अ.। **हुरहुराउनू**-वि.। **हुरहुराऊन्**-इ.। **हुरहुराउला**-स.। (अ.क्रि.-खरको झुपडीमा लागेको आगो हुरहुरायो ।)

हुरहुरिनु-क्रि.मू.। **हुरहुरि**-आ.धा.। अ.क्रि.; हुरहुराउनु । **हुरहुऱ्याइ** (हुरहुरि+आइ)-भा.ना.। **हुरहुऱ्याउनु**-प्रे.क्रि./स.क्रि.; हुरहुरिने पार्नु । **हुरहुऱ्याउ**-प्रे.धा.। **हुरहुऱ्याइनु**-हुरहुऱ्याउनुको क.क्रि.। **हुरहुऱ्याइ**-भा.प्रे.धा.। **हुरहुरिइनु**-हुरहुरिनुको भा.क्रि.। **हुरहुरिइ**-भा.धा.। **हुरहुरिई, हुरहुरिएर, हुरहुरिन, हुरहुरिँदै, हुरहुरिउन्जेल, हुरहुरिंदाखेरि**-कृ.अ.। **हुरहुरिनू**-वि.। **हुरहुरिऊन्**-इ.। **हुरहुरेला**-स.। (अ.क्रि.-कागबेनीको उकालोमा बतास एकनाससँग हुरहुरियो ।)

हुरेल्नु-क्रि.मू.। **हुरेल्**-आ.धा.। स.क्रि.; बेकाममा धेरै खर्च गर्नु, फजुलमा धेरै पैसा मास्नु, हुर्र मिल्काउनु, जथाभावी फ्याँक्नु, बेसरी खन्याउनु, खत्त्याउनु । **हुरेलाइ** (हुरेल्+आइ), (हुरेलाउ+आइ)-भा.ना.। **हुरेलाउनु**-हुरेलाउनुको क.क्रि.। **हुरेलाइ**- क.प्रे.धा.। **हुरेलिनु**-हुरेल्नुको क.क्रि.। **हुरेलि**-क.धा.। **हुरेली, हुरेलेर, हुरेल्न, हुरेल्दै, हुरेलुन्जेल, हुरेल्दाखेरि**-कृ.अ.। **हुरेल्नू**-वि.। **हुरेलून्**-इ.। **हुरेल्ला**- स.। (स.क्रि.-खेतलाहरूले दाइँमा पराल हुरेले ।)

हुर्कनु-क्रि.मू.। **हुर्क**-आ.धा.। अ.क्रि.; बाल्यवस्था पार गर्नु, जवान हुनु, चराका बचेरा उड्न सक्ने हुनु, आगो दन्केर बल्नु, जोरसित बतास चल्नु । **हुर्काइ** (हुर्क+आइ)-भा.ना.। **हुर्काउनु**-प्रे.क्रि./स.क्रि.; हुर्कने पार्नु, जवान बनाउनु । **हुर्काउ**-प्रे.धा.। **हुर्काइनु**-हुर्काउनुको क.क्रि.। **हुर्काइ**-भा.प्रे.धा.। **हुर्किनु**-हुर्कनुको भा.क्रि./अ.क्रि.; जवान बनिनु, हुर्कनु । **हुर्कि**-भा.धा.। **हुर्क्याइ** (हुर्कि+आइ)-भा.ना.। **हुर्की, हुर्केर, हुर्कन, हुर्कँदै, हुर्कुन्जेल, हुर्कँदाखेरि**-कृ.अ.। **हुर्कनू**-वि.। **हुर्कून्**-इ.। **हुर्कला**-स.। (अ.क्रि.-जुरेलीका बचरा हुर्के ।)

हुर्दुराउनु-क्रि.मू.। **हुर्दुराउ**-आ.धा.। अ.क्रि.; चाँडो गर्न खोज्नु, आत्तिएर दौडनु, हडबडाउनु, हतपताउनु, चटारिनु, हुर्दुरिनु । **हुर्दुराइ** (हुर्दुराउ+आइ)-भा.ना.। **हुर्दुराइनु**-हुर्दुराउनुको भा.क्रि.। **हुर्दुराइ**-भा.धा.। **हुर्दुराई, हुर्दुराएर, हुर्दुराउन, हुर्दुराउँदै, हुर्दुराउन्जेल, हुर्दुराउँदाखेरि**-कृ.अ.। **हुर्दुराउनू**-वि.। **हुर्दुराऊन्**- इ.। **हुर्दुराउला**-स.। (अ.क्रि.-एउटा घरमा आगो लागेको खबर पाउनासाथ गाउँलेहरू चारैतिरबाट हुर्दुराए ।)

हुर्दुरिनु-क्रि.मू.। **हुर्दुरि**-आ.धा.। अ.क्रि.; हुर्दुराउनु । **हुर्दुऱ्याइ** (हुर्दुरि+आइ)-भा.ना.। **हुर्दुरिइनु**-हुर्दुरिनुको भा.क्रि.। **हुर्दुरिइ**- भा.धा.। **हुर्दुरिई, हुर्दुरिएर, हुर्दुरिन, हुर्दुरिँदै, हुर्दुरिउन्जेल, हुर्दुरिंदाखेरि**-कृ.अ.। **हुर्दुरिनू**-वि.। **हुर्दुरिऊन्**-इ.। **हुर्दुरेला**-स.। (अ.क्रि.-आमा बिरामी भएर डाक्टर लिन जाँदा कृष्णे औधि हुर्दुरियो ।)

हुर्रिनु-क्रि.मू.। **हुर्रि**-आ.धा.। अ.क्रि.; बेगसित आउनु-जानु, फ्याँकिनु, मिल्किनु, हुत्तिनु, चटारिनु । **हुऱ्याइ** (हुर्रि+आइ), (हुऱ्याउ+आइ)-भा.ना.। **हुऱ्याउनु** -प्रे.क्रि./स.क्रि.; वेगसित फ्याँक्नु, हुर्र मिल्काउनु, हुत्त्याउनु, हुच्च्याउनु । **हुऱ्याउ**-प्रे.धा.। **हुऱ्याइनु**-हुऱ्याउनुको क.क्रि.। **हुऱ्याइ**-भा.प्रे.धा.। **हुर्रिइनु**-हुर्रिनुको भा.क्रि.। **हुर्रिइ**-भा.धा.। **हुर्रिई, हुर्रिएर, हुर्रिन, हुर्रिँदै, हुर्रिउन्जेल, हुर्रिँदाखेरि**-कृ.अ.। **हुर्रिनू**-वि.। **हुर्रिऊन्**-इ.। **हुर्रेला**-स.। (अ.क्रि.- काठमाडौंका शडकमा झ्यालबाट फोहर हुर्रियो ।)

हुल्नु - क्रि.मू.। **हुल्**-आ.धा.। स.क्रि.; छिराउनु, भित्र पसाउनु, अँचेटेर कोच्नु, घुसार्नु । **हुलाइ** (हुल्+आइ)-भा.ना.। **हुलाउनु**-प्रे.क्रि./स.क्रि.; हुल्न लाउनु । **हुलाउ**-प्रे.धा.। **हुलाइनु** -हुलाउनुको क.क्रि.। **हुलाइ**-क.प्रे.धा.। **हुलिनु**-हुल्नुको क.क्रि.। **हुलि**-क.धा.। **हुली, हुलेर, हुल्न, हुल्दै, हुलुन्जेल, हुल्दाखेरि**-कृ.अ.। **हुल्नू**- वि.। **हुलून्**-इ.। **हुल्ला**-स.। (स.क्रि.-बच्चाले हातको औंलो मुखमा हुल्यो।।)

हुस्सिनु-क्रि.मू.। **हुस्सि**-आ.धा.। अ.क्रि.; हुस्स हुनु, उक्सिनु, सुन्निनु, फुलिनु । **हुस्स्याइ** ((हुस्सि+आइ), (हुस्स्याउ+आइ)-भा.ना.। **हुस्स्याउनु**- प्रे.कि./स.क्रि.; हुस्सिन लाउनु, हुस्सिने पार्नु । **हुस्स्याउ**-प्रे.धा.। **हुस्स्याइनु**-हुस्स्याउनुको क.क्रि.। **हुस्स्याइ**-भा.प्रे.धा.। **हुस्सिइनु**-हुस्सिनुको भा.क्रि.। **हुस्सिइ**-भा.धा.। **हुस्सिई, हुस्सिएर, हुस्सिन, हुस्सिँदै, हुस्सिउन्जेल, हुस्सिंदाखेरि**-कृ.अ.। **हुस्सिनू**-वि.। **हुस्सिऊन्**-इ.। **हुस्सेला**-स.। (अ.क्रि.-पुरी पकाउँदा हुस्स हुस्सियो ।)

हेप्नु-क्रि.मू.। **हेप्**-आ.धा.। स.क्रि.; अदब, डर आदि केही नमान्नु, हेलाँ गर्नु, नटेर्नु, ह्याउनु, दबाउनु, थिचोमिचो गर्नु, भाउ नराख्नु, अपमान गर्नु । **हेपाइ** (हेप्+आइ) - भा.ना.। **हेपाउनु**-प्रे.क्रि./स.क्रि.; हेप्न लाउनु । **हेपाउ** - प्रे.धा.। **हेपाइनु**-हेपाउनुको क.क्रि.। **हेपाइ**-क.प्रे.धा.। **हेपिनु**-हेप्नुको क.क्रि.। **हेपि**-क.धा.। **हेपी, हेपेर, हेप्न, हेप्तै, हेपुन्जेल, हेप्दाखेरि**-कृ.अ.। **हेप्नू**- वि.। **हेपून्**-इ.। **हेप्ला**-स.। (स.क्रि.-पंचायतले जनतालाई हेप्यो ।)

हेर्नु-क्रि.मू.। **हेर्**-आ.धा.। स.क्रि.; देख्नु, दर्शन गर्नु,

आँखा लगाएर ज्ञान प्राप्त गर्नु, रेखदेख गर्नु, हेरविचार गर्नु, कुर्नु, लागु-भागु विचार गर्नु, ग्रहगतिको प्रश्न विचार गर्नु, मानसिक खोजी गर्नु, अनुभव गर्नु, जान्नु, बुझ्नु, विचारबाट देख्नु, खोज पत्ता लाउनु । हेराइ (हेर्+आइ)-भा.ना.। हेराउनु-प्रे.क्रि./स.क्रि.; हेर्न लगाउनु, देखाउनु, ज्योतिषीलाई ग्रहगोचरको फल विचार गर्न लाउनु, धामी-झाक्री आदिद्वारा भूत-प्रेत आदिको बाधा जँचाउनु । हेराउ- प्रे.धा.। हेराइनु - हेराउनुको क.क्रि.। हेराइ-क.प्रे.धा.। हेरिनु-हेर्नुको क.क्रि.। हेरि-क.धा.। हेरी, हेरेर, हेर्न, हेर्दै, हेर्नुन्जेल, हेर्दाखेरि-कृ.अ.। हेर्नू-वि.। हेरून्-इ.। हेर्ला-स.। (स.क्रि.-परिचारिकाले विरामीलाई हेरिन् ।)

हेलिनु-क्रि.मू.। हेलि-आ.धा.। अ.क्रि.; विचारै नगरी नदी आदिको प्रवाहमा पस्नु, एक्कासि युद्ध-संघर्षमा लाग्नु, होमिनु । हेल्याइ (हेलि+आइ)-भा.ना.। हेल्याउनु-प्रे.क्रि./स.क्रि.; हेलिने पार्नु, हेलाउनु, युद्ध आदिमा पसाउनु । हेल्याउ-प्रे.धा.। हेल्याइनु-हेल्याउनुको क.क्रि.। हेल्याइ-भा.प्रे.धा.। हेलिइनु-हेलिनुको भा.क्रि.। हेलिइ-भा.धा.। हेलिई, हेलिएर, हेलिन, हेलिदै, हेलिउन्जेल, हेलिंदाखेरि-कृ.अ.। हेलिनू-वि.। हेलिऊन्-इ.। हेलेला-स.। (अ.क्रि.-पुलहरू नबन्दै धेरै मानिस चेपेमा हेलिए ।)

हेल्नु-क्रि.मू.। हेल्-आ.धा.। स.क्रि.; पार गर्नका निमित्त खोला आदिको प्रवाहमा गाई-भैंसी आदि वस्तुहरू हुल्नु, पसाउनु । हेलाइ (हेल्+आइ)-भा.ना.। हेलाउनु-प्रे.क्रि./स.क्रि.; हेल्न लाउनु, खोला आदिमा गाई-वस्तु पसाउनु। हेलाउ-प्रे.धा.। हेलाइनु-हेलाउनुको क.क्रि.। हेलाइ-क.प्रे.धा । हेलिनु-हेल्नुको क.क्रि.। हेलि-क.धा.। हेली, हेलेर, हेल्न, हेल्दै, हेलुन्जेल, हेल्दाखेरि-कृ.अ.। हेल्नू-वि.। हेलून्-इ.। हेल्ला-स.। (स.क्रि.-कृष्णले गाईहरूलाई जमुना नदीमा हेले ।)

होचिनु-क्रि.मू.। होचि-आ.धा.। अ.क्रि.; होचो हुनु, नीचो बन्नु, कमजोर हुनु । होच्याइ (होचि+आइ), (होच्याउ+आइ)-भा.ना.। होच्याउनु-प्रे.क्रि./स.क्रि.; होचो गराउनु, उचाइ कम पार्नु, हप्याउनु, तुच्छ्याउनु, अपमान गर्नु, निन्दा गर्नु । होच्याउ-प्रे.धा.। होच्याइनु-होच्याउनुको क.क्रि.। होच्याइ-भा.प्रे.धा.। होचिइनु-होचिनुको भा.क्रि.। होचिइ-भा.धा.। होचिई, होचिएर, होचिन, होचिदै, होचिउन्जेल, होचिंदाखेरि-कृ.अ.। होचिनू-वि.। होचिऊन्-इ.। होचेला-स.। (अ.क्रि.-मानिसहरू जान आउन-थालेपछि सगरमाथा पनि होचियो ।)

होमिनु-क्रि.मू.। होमि-आ.धा.। अ.क्रि.; कुनै डरलाग्दो कार्यमा जीउ-ज्यान समर्पण गर्नु, आगामा पस्नु । होम्याइ (होमि+आइ)-भा.ना.। होमिइनु-होमिनुको भा.क्रि.। होमिइ-भा.धा.। होमिई, होमिएर, होमिन, होमिदै, होमिउन्जेल, होमिंदाखेरि-कृ.अ.। होमिनू-वि.। होमिऊन्-इ.। होम्मेला-स.। (अ.क्रि.-लाखौंलाख मानिसहरू विश्वयुद्धमा होमिए ।)

होम्नु-क्रि.मू.। होम्- आ.धा.। स.क्रि.; यज्ञको अग्निकुण्डमा आहुति दिनु, हवन गर्नु, होम गर्नु, कसैलाई खतरनाक काममा पार्नु, झोस्नु, डरलाग्दो काममा अर्पण गर्नु । होमाइ (होम्+आइ)-भा.ना.। होमाउनु-प्रे.क्रि./स.क्रि.; होम गराउनु । होमाउ-प्रे.धा.। होमाइनु-होमाउनुको क.क्रि.। होमाइ-क.प्रे.धा.। होमी, होमेर, होम्न, होम्दै, होमुन्जेल, होम्दाखेरि-कृ.अ.। होम्नू-वि.। होमून्-इ.। होम्ला-स.। (स.क्रि.-ब्राह्मणहरूले आगोमा घिउचामल मुछेको चरु होमे ।)

हौसनु-क्रि.मू.। हौस- आ.धा.। अ.क्रि.; उत्साहित हुनु, तम्सनु, रौसनु, हौसिनु, सेपिलो ठाउँको अन्न-बाली बढी सप्री गेडा नलाग्नु । हौसाइ (हौस+आइ)-भा.ना.। हौसाउनु-प्रे.क्रि./स.क्रि.; हौस्यास्उनु, उक्साउनु, रौसाउनु । हौसाउ-प्रे.धा.। हौसाइनु-हौसाउनुको क.क्रि.। हौसाइ-भा.प्रे.धा.। हौसिनु-हौसनुको क.क्रि.। हौसि - भा.धा.। हौसी, हौसेर, हौसन, हौसँदै, हौसुन्जेल, हौसँदाखेरि-कृ.अ.। हौसनू-वि.। हौसून्-इ.। हौसला- स.। (अ.क्रि.-सज्जन र इमान्दार मानिसहरूलाई दुःख दिने काममा गुण्डाहरू हौसे ।)

हौसाउनु-क्रि.मू.। हौसाउ-आ.धा.। अ.क्रि.; हौसिनु, हौसनु । हौसाइ (हौसाउ+आइ)-भा.ना.। हौसाइनु-हौसाउनुको भा.क्रि.। हौसाइ-भा.धा.। हौसाई, हौसाएर, हौसाउन, हौसाउँदै, हौसाउन्जेल, हौसाउँदाखेरि-कृ.अ.। हौसाउनू-वि.। हौसाऊन्-इ.। हौसाउला-स.। (अ.क्रि.-नेपाली जनता देश विकासमा हौसाए ।)

हौसिनु-क्रि.मू.। हौसि-आ.धा.। अ.क्रि.; हौसनु, काम गर्न तम्सिनु, सुरिनु, उत्साहित हुनु । हौस्याइ (हौसि+आइ); (हौस्याउ+आइ)-भा.ना.। हौस्याउनु-प्रे.क्रि./स.क्रि.; हौसाउनु, उत्साहित पार्नु, सुऱ्याउनु, प्रोत्साहन दिनु, ठूलो बनाई अघि सार्नु, तम्साउनु । हौस्याउ-प्रे.धा.। हौस्याइनु-हौस्याउनुको क.क्रि.। हौस्याइ-भा.प्रे.धा.। हौसिइनु-हौसिनुको भा.क्रि.। हौसिइ-भा.धा.। हौसिई, हौसिएर, हौसिन, हौसिदै, हौसिउन्जेल, हौसिंदाखेरि-कृ.अ.। हौसिनू-वि.। हौसिऊन्-इ.। हौसेला-स.। (अ.क्रि.-तिनीहरू समाजसेवा कार्यमा ज्यादै हौसिए ।)

ह्याउनु-क्रि.मू.। **ह्याउ**-आ.धा.। स.क्रि.; हेप्नु, हेला गर्नु, अपमान गर्नु, तुच्छ ठान्नु । **ह्याइ** (ह्याउ+आइ)-भा.ना.। **ह्याइनु**- ह्याउनुको क.क्रि.। **ह्याइ**-क.धा.। **ह्याई, ह्याएर, ह्याउन, ह्याउँदै, ह्याउन्जेल, ह्याउँदाखेरि**-कृ.अ.। **ह्याउनू**- वि.। **ह्याऊन्**-इ.। **ह्याउला**-स.। (स.क्रि.-पंचायतले जनतालाई नराम्रोसँग ह्यायो ।)

ह्मास्नु-क्रि.मू.। **ह्मास्**-आ.धा.। स.क्रि.; मास्नु । **ह्मसाइ** (ह्मास्+आइ)-भा.ना.। **ह्मसाउनु**-प्रे.क्रि./स.क्रि.; मसाउनु । **ह्मसाउ**-प्रे.धा.। **ह्मसाइनु**-ह्मसाउनुको क.क्रि.। **ह्मसाइ**-क.प्रे.धा.। **ह्मासिनु**-ह्मास्नुको क.क्रि.। मास्ने काम गरिनु, मासिनु । **ह्मासि**-क.धा.। **ह्मासी, ह्मासेर, ह्मास्न, ह्मास्तै, ह्मासुन्जेल, ह्मास्दाखेरि**-कृ.अ.। **ह्मास्नू**-वि.। **ह्मासून्**-इ.। **ह्मास्ला**-स.। (स.क्रि.-मानिसहरूले धेरै वन-जङ्गल ह्मासे ।)

परिशिष्ट

(क)

बर्तमान काल

'जानु' अकर्मक क्रियाका कालगत रूपावली

सामान्य बर्तमान काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय	(म) जान्छु ।	(हामीहरू) जान्छौं ।
द्वितीय	१. अनादरवाची	पुलिंग स्त्री.	(तँ) जान्छस् । (तँ) जान्छेस् ।	(तिमीहरू) जान्छौ ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जान्छौ । (तिमी) जान्छ्यौ ।	(तिमीहरू) जान्छौ ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुहुन्छ ।	(तपाईंहरू) जानुहुन्छ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहुन्छ ।	(यहाँहरू/आफूहरू) जानुहुन्छ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइवक्सिन्छ ।	(हजुरहरू) गइवक्सिन्छ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिन्छ ।	(मौसुफहरू) गइवक्सिन्छ ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जान्छ । (यो/त्यो/ऊ) जान्छे ।	यिनीहरू/तिनीहरू/उनीहरू) जान्छन् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जान्छन् । (यिनी/तिनी/उनी) जान्छिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जान्छन् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुहुन्छ ।	(उहाँहरू) जानुहुन्छ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुहुन्छ ।	(उहाँहरू/आफूहरू) जानुहुन्छ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/वाबु साहेव...) गइबक्सिन्छ ।	(उहाँहरू/बाबुसाहेवहरू...) गइबक्सिन्छ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिन्छ ।	(मौसुफहरू) गइबक्सिन्छ ।

अपूर्ण बर्तमान काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय पुं. स्त्री.	(म) जाँदैछु । (म) गइरहेको छु । (म) गइरहेकी छु ।	(हामीहरू) जाँदै छौ । (हामीहरू) गइरहेका छौ ।
द्वितीय	१. अनादरवाची	पुलिंग स्त्री.	(तँ) जाँदैछस्/गइरहेको छस् । (तँ) जाँदैछेस्/गइरहेकी छेस् ।	(तिमीहरू) खेल्दै छौ । (तिमीहरू) खेलिरहेका छौ ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जाँदै छौ/गइरहेका छौ । (तिमी) जाँदै छ्यौ/गइरहेकी छ्यौ	(तिमीहरू) खेल्दै छौ । (तिमीहरू) खेलिरहेका छौ ।
	३. उच्च आदरवाची	उभय "	(तपाईं) जाँदै हुनुहुन्छ/जानुहुँदै छ (तपाईं) गइरहेको हुनुहुन्छ ।	(तपाईंहरू) जाँदै हुनुहुन्छ/जानुहुँदै छ (तपाईंहरू) गइरहेको हुनुहुन्छ ।
	४. उच्चतर आदरवाची	उभय "	(यहाँ/आफू) जाँदै हुनुहुन्छ/ जानुहुँदै छ । (यहाँ/आफू) गइरहेको हुनुहुन्छ ।	(यहाँहरू/आफूहरू) जाँदै हुनुहुन्छ/ जानुहुँदै छ । (यहाँहरू/आफूहरू) गइरहेको हुनुहुन्छ ।
	५. उच्चतम आदरवाची	उभय "	(हजुर) जाँदै होइबक्सिन्छ/ गइबक्सिँदै छ । (हजुर) गइबक्सिरहेको छ ।	(हजुरहरू) जाँदै होइबक्सिन्छ/ गइबक्सिँदै छ । (हजुरहरू) गइबक्सिरहेको छ ।
	६. अनन्य आदरवाची	उभय "	(मौसुफ) जाँदै होइबक्सिन्छ/गइबक्सिँदै छ । (मौसुफ) गइबक्सिरहेको छ ।	(मौसुफहरू) जाँदै होइबक्सिन्छ/ गइबक्सिँदैछ । (मौसुफहरू) गइबक्सिरहेको छ ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जाँदैछ/गइरहेको छ । (यो/त्यो/ऊ) जाँदै छे/गइरहेकी छे ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै छन् । (यिनीहरू/तिनीहरू/उनीहरू) गइरहेका छन् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जाँदैछन्/ गइरहेका छन् । (यिनी/तिनी/ उनी) जाँदै छिन्/गइरहेकी छिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै छन् । (यिनीहरू/तिनीहरू/उनीहरू) गइरहेका छन् ।
	३. उच्च आदरवाची	उभय "	(उहाँ) जाँदै हुनुहुन्छ/ जानुहुँदै छ (उहाँ) गइरहेको हुनुहुन्छ ।	(उहाँहरू) जाँदै हुनुहुन्छ/जानुहुँदै छ । (उहाँहरू) गइरहेको हुनुहुन्छ ।
	४. उच्चतर आदरवाची	उभय "	(उहाँ/आफू) जाँदै हुनुहुन्छ/ जानुहुँदै छ । (उहाँ/आफू) गइरहेको हुनुहुन्छ ।	(उहाँहरू/आफूहरू) जाँदै हुनुहुन्छ/ जानुहुँदै छ । (उहाँहरू/आफूहरू) गइरहेको हुनुहुन्छ ।
	५. उच्चतम आदरवाची	उभय "	(उहाँ/मैया साहेब...) जाँदै होइबक्सिन्छ । (उहाँ/मैया साहेब...) गइबक्सिरहेको छ ।	(उहाँहरू/मैया साहेबहरू...) जाँदै होइबक्सिन्छ/गइबक्सिँदै छ । (उहाँहरू/मैया साहेबहरू) गइबक्सिरहेको छ ।
	६. अनन्य आदरवाची	उभय "	(मौसुफ) जाँदै होइबक्सिन्छ/ गइबक्सिँदै छ । (मौसुफ) गइबक्सिरहेको छ ।	(मौसुफहरू) जाँदै होइबक्सिन्छ/ गइबक्सिँदै छ । (मौसुफहरू) गइबक्सिरहेको छ ।

पूर्ण बर्तमान काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		पुं./ स्त्री.	(म) गएको छु/गएकी छु ।	(हामीहरू) गएका छौं ।
द्वितीय	१. अनादरवाची	पुं./ स्त्री.	(तँ) गएको छस्/गएकी छस्/ छेस् ।	(तिमीहरू) गएका छौ ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) गएका छौ । (तिमी) गएकी छ्यौ ।	(तिमीहरू) गएका छौ ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुभएको छ/गएको हुनुहुन्छ ।	(तपाईंहरू) जानुभएको छ/गएको हुनुहुन्छ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभएको छ/ गएको हुनुहुन्छ ।	(यहाँहरू/आफूहरू) जानुभएको छ/गएको हुनुहुन्छ ।
	५. उच्चतम आदरवाची	उभय "	(हजुर) गइबक्सिएकोछ । (हजुर) गएको होइबक्सिन्छ ।	(हजुरहरू) गइबक्सिएको छ । (हजुरहरू) गएको होइबक्सिन्छ ।
	६. अनन्य आदरवाची	उभय "	(मौसुफ) गइबक्सिएको छ । (मौसुफ) गएको होइबक्सिन्छ ।	(मौसुफहरू) गइबक्सिएको छ । (मौसुफहरू) गएको होइबक्सिन्छ ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) गएको छ । (यो/त्यो/ऊ) गएकी छ/छे ।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका छन् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) गएका छन् । (यिनी/तिनी/उनी) गएकी छन्/ छिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका छन् ।
	३. उच्च आदरवाची	उभय "	(उहाँ) जानुभएको छ/गएको हुनुहुन्छ । (उहाँ) जानुभएको छ/गएको हुनुहुन्छ ।	(उहाँहरू) जानुभएको छ/ गएको हुनुहुन्छ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभएको छ/ गएको हुनुहुन्छ ।	(उहाँहरू/आफूहरू) जानुभएको छ/ गएको हुनुहुन्छ ।
	५. उच्चतम आदरवाची	उभय "	(उहाँ/मैया साहेब...) गएको होइबक्सिन्छ । (उहाँ/मैयासाहेब...) गइबक्सिएको छ ।	(उहाँहरू/मैया साहेबहरू...) गएको होइबक्सिन्छ । (उहाँहरू/मैया साहेबहरू...) गइबक्सिएको छ ।
	६. अनन्य आदरवाची	उभय "	(मौसुफ) गएको होइबक्सिन्छ । (मौसुफ) गइबक्सिएको छ ।	(मौसुफहरू) गएको होइबक्सिन्छ । (मौसुफहरू) गइबक्सिएको छ ।

परिशिष्ट

(ख)

भूत काल

सामान्य भूत काल				
पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय	(म) गएँ।	(हामीहरू) गयौं।
द्वितीय	१. अनादरवाची	उभय	(तँ) गइस्।	(तिमीहरू) गयौ।
	२. निम्न आदरवाची	उभय	(तिमी) गयौ।	(तिमीहरू) गयौ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुभयो।	(तपाईंहरू) जानुभयो।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभयो।	(यहाँहरू/आफूहरू) जानुभयो।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्स्यो/गइबक्सियो।	(हजुरहरू) गइबक्स्यो/गइबक्सियो
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्स्यो/गइबक्सियो।	(मौसुफहरू) गइबक्स्यो/गइबक्सियो।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) गयो। (यो/त्यो/ऊ) गई।	(यिनीहरू/तिनीहरू/उनीहरू) गए
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) गए। (यिनी/तिनी/उनी) गइन्।	(यिनीहरू/तिनीहरू/उनीहरू) गए
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुभयो।	(उहाँहरू) जानुभयो।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभयो।	(उहाँहरू/आफूहरू) जानुभयो।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सियों।	(उहाँहरू/रानीसाहेबहरू) गइबक्सियो।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सियो।	(मौसुफहरू) गइबक्सियो।

अपूर्ण भूत काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		पुं. स्त्री.	(म) जाँदै थिएँ/गइरहेको थिएँ । (म) जाँदै थिएँ/गइरहेकी थिएँ ।	(हामीहरू) जाँदै थियौं/गइरहेका थियौं ।
द्वितीय	१. अनादरवाची	उभय	(तँ) जाँदै थिइस्/गइरहेको थिइस्। (तँ) जाँदै थिइस्/गइरहेकी थिइस्।	(तिमीहरू) जाँदै थियौ/गइरहेका थियौ ।
	२. निम्न आदरवाची	उभय	(तिमी) जाँदै थियौ/गइरहेका थियौ ।	(तिमीहरू) जाँदै थियौ/गइरहेका थियौ ।
	३. उच्च आदरवाची	उभय "	(तपाई) जानुहुँदै थियो । (तपाईं) गइरहेको हुनुहुन्थ्यो ।	(तपाईंहरू) जाँदै हुनुहुन्थ्यो/जानुहुँदै थियौं । (तपाईंहरू) गइरहेको हुनुहुन्थ्यो ।
	४. उच्चतर आदरवाची	उभय "	(यहाँ/आफू) जाँदै हुनुहुन्थ्यो/जानुहुँदै थियो । (यहाँ/आफू) गइरहेको हुनुहुन्थ्यो	(यहाँहरू/आफूहरू) जाँदै हुनुहुन्थ्यो/जानुहुँदै थियो । (यहाँहरू/आफूहरू) गइरहेको हुनुहुन्थ्यो ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।	(हजुरहरू) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।	(मौसुफहरू) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जाँदै थियो/गइरहेको थियो । (यो/त्यो/ऊ) जाँदै थिई/गइरहेकी थिई ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै थिए । (यिनीहरू/तिनीहरू/उनीहरू) गइरहेका थिए ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जाँदै थिए/गइरहेका थिए । (यिनी/तिनी/उनी) जाँदै थिइन्/गइरहेकी थिइन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै थिए/गइरहेका थिए ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जाँदै हुनुहुन्थ्यो/ जानुहुँदै थियो/गइरहेको हुनुहुन्थ्यो ।	(उहाँहरू) जाँदै हुनुहुन्थ्यो । जानुहुँदै थियो । गइरहेको हुनुहुन्थ्यो ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जाँदै हुनुहुन्थ्यो/जानुहुँदै थियो/गइरहेको हुनुहुन्थ्यो ।	(उहाँहरू/आफूहरू) जाँदै हुनुहुन्थ्यो/जानुहुँदै थियो/गइरहेको हुनुहुन्थ्यो ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेव...) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।	(उहाँहरू/रानी साहेबहरू...) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिंदै थियो/गइबक्सिरहेको थियो ।	(मौसुफहरू) जाँदै होइबक्सिन्थ्यो/गइबक्सिँदै थियो/गइबक्सिरहेको थियो ।

पुरुष	आदरवाची	लिङ्ग	पूर्ण भूत काल	
			एक वचन	बहुवचन
प्रथम		पुं./ स्त्री.	(म) गएको थिएँ/गएकी थिएँ। (म) गएथें/गइथें।	(हामीहरू) गएका थियौं। (हामीहरू) गएथ्यौं।
द्वितीय	१. अनादरवाची	पुं./ स्त्री.	(तँ) गएको थिइस्/गएकी थिइस्। (तँ) गएथिस्/गइथिस्।	(तिमीहरू) गएका थियौ। (तिमीहरू) गएथ्यौ।
	२. निम्न आदरवाची	पुं./ स्त्री.	(तिमी) गएका थियौ/गएकी थियौ (तिमी) गएथ्यौ/गइथ्यौ।	(तिमीहरू) गएका थियौं। (तिमीहरू) गएथ्यौ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुभएको थियो। (तपाईं) जानुभएथ्यो।	(तपाईंहरू) जानुभएको थियो। (तपाईंहरू) जानुभएथ्यो।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभएको थियो। (यहाँ/आफू) जानुभएथ्यो।	(यहाँहरू/आफूहरू) जानुभएको थियो (यहाँहरू/आफूहरू) जानुभएथ्यो।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिएको थियो। (हजुर) गइबक्सेथ्यो।	(हजुरहरू) गइबक्सिएको थियो। (हजुरहरू) गइबक्सेथ्यो।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेथ्यो। (मौसुफ) गइबक्सिएको थियो।	(मौसुफहरू) गइबक्सिएको थियो। (मौसुफहरू) गइबक्सेथ्यो।
तृतीय	१. अनादरवाची	पुं. स्त्री. पुं. स्त्री.	(यो/त्यो/ऊ) गएको थियो। (यो/त्यो/ऊ) गएकी थिई। (यो/त्यो/ऊ) गएथ्यो। (यो/त्यो/ऊ) गइथी।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका थिए। (यिनीहरू/तिनीहरू) गएथे।
	२. निम्न आदरवाची	पुं. स्त्री. पुं. स्त्री.	(यिनी/तिनी/उनी) गएका थिए। (यिनी/तिनी/उनी) गएकी थिइन्। (यिनी/तिनी/उनी) गएथे। (यिनी/तिनी/उनी) गइथिन्।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका थिए। (यिनीहरू/तिनीहरू) गएथे।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुभएको थियो। (उहाँ) जानुभएथ्यो।	(उहाँहरू) जानुभएको थियो। (उहाँहरू) जानुभएथ्यो।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभएको थियो। (उहाँ/आफू) जानुभएथ्यो।	(उहाँहरू/आफूहरू) जानुभएको थियो (उहाँहरू/आफूहरू) जानुभएथ्यो।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानीसाहेब...) गइबक्सिएको थियो। (उहाँ/रानीसाहेब...) गइबक्सेथ्यो	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिएको थियो। (उहाँहरू/रानी साहेबहरू...) गइबक्सेथ्यो।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिएको थियो। (मौसुफ) गइबक्सेथ्यो।	(मौसुफहरू) गइबक्सिएको थियो। (मौसुफहरू) गइबक्सेथ्यो।

अभ्यस्त भूत काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय	(म) जान्थें ।	(हामीहरू) जान्थ्यौं ।
द्वितीय	१. अनादरवाची	उभय	(तँ) जान्थिस् ।	(तिमीहरू) जान्थ्यौ ।
	२. निम्न आदरवाची	उभय	(तिमी) जान्थ्यौ ।	(तिमीहरू) जान्थ्यौ ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुहुन्थ्यो ।	(तपाईंहरू) जानुहुन्थ्यो ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहुन्थ्यो ।	(यहाँहरू/आफूहरू) जानुहुन्थ्यो ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिन्थ्यो ।	(हजुरहरू) गइबक्सिन्थ्यो ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिन्थ्यो ।	(मौसुफहरू) गइबक्सिन्थ्यो ।
तृतीय	१. अनादरवाची	पुं.	(यो/त्यो/ऊ) जान्थ्यो ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जान्थे ।
		स्त्री.	(यो/त्यो/ऊ) जान्थी ।	
	२. निम्न आदरवाची	पुं.	(यिनी/तिनी/उनी) जान्थे ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जान्थे ।
		स्त्री.	(यिनी/तिनी/उनी) जान्थिन् ।	
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुहुन्थ्यो ।	(उहाँहरू) जानुहुन्थ्यो ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुहुन्थ्यो ।	(उहाँहरू/आफूहरू) जानुहुन्थ्यो ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सिन्थ्यो ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिन्थ्यो ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिन्थ्यो ।	(मौसुफहरू) गइबक्सिन्थ्यो ।

द्रष्टव्यः जाँदैहुन्थें/जाँदैहुन्थ्यौं । गएको हुन्थें/गएका हुन्थ्यौं । आदि झैं अभ्यस्तका अन्य अपूर्ण र पूर्ण पक्षमा पनि रूपहरू पाउन सकिन्छ ।

सामान्य अज्ञात भूत				
पुरुष	**आदरवाची**	**लिङ्ग**	**एक वचन**	**बहुवचन**
प्रथमा		पुं.	(म) गएछु ।	(हामीहरू) गएछौं ।
		स्त्री.	(म) गइछु ।	
द्वितीय	१. अनादरवाची	पुं.	(तँ) गएछस् ।	(तिमीहरू) गएछौ ।
		स्त्री.	(तँ) गइछस् ।	
	२. निम्न आदरवाची	पुं.	(तिमी) गएछौ ।	(तिमीहरू) गएछौ ।
		स्त्री.	(तिमी) गइछौ ।	
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुभएछ ।	(तपाईंहरू) जानुभएछ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभएछ ।	(यहाँहरू/आफूहरू) जानुभएछ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सेछ ।	(हजुरहरू) गइबक्सेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेछ ।	(मौसुफहरू) गइबक्सेछ ।
तृतीय	१. अनादरवाची	पुं.	(यो/त्यो/ऊ) गएछ ।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएछन्
		स्त्री.	(यो/त्यो/ऊ) गइछ ।	
	२. निम्न आदरवाची	पुं.	(यिनी/तिनी/उनी) गएछन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएछन्
		स्त्री.	(यिनी/तिनी/उनी) गइछन् ।	
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुभएछ ।	(उहाँहरू) जानुभएछ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभएछ ।	(उहाँहरू/आफूहरू) जानुभएछ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सेछ	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेछ ।	(मौसुफहरू) गइबक्सेछ ।

अपूर्ण अज्ञात भूत

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथमा		पुं. स्त्री.	(म) जाँदै रहेछु । (म) जाँदै रहिछु ।	(हामीहरू) जाँदै रहेछौँ ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री.	(तँ) जाँदै रहेछस् । (तँ) जाँदै रहिछस् ।	(तिमीहरू) जाँदै रहेछौ ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जाँदै रहेछौ । (तिमी) जाँदै रहिछौ ।	(तिमीहरू) जाँदै रहेछौ ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुहुँदै रहेछ ।	(तपाईंहरू) जानुहुँदै रहेछ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहुँदै रहेछ ।	(यहाँहरू/आफूहरू) जानुहुँदै रहेछ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिंदै रहेछ ।	(हजुरहरू) गइबक्सिंदै रहेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिंदै रहेछ ।	(मौसुफहरू) गइबक्सिंदै रहेछ ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जाँदै रहेछ । (यो/त्यो/ऊ) जाँदै रहिछ ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै रहेछन् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिमी/तिनी/उनी) जाँदै रहेछन् । (यिनी/तिनी/उनी) जाँदै रहिछन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै रहेछन् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुहुँदै रहेछ ।	(उहाँहरू) जानुहुँदै रहेछ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुहुँदै रहेछ ।	(उहाँहरू/आफूहरू) जानुहुँदै रहेछ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेव...) गइबक्सिंदै रहेछ ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिंदै रहेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिंदै रहेछ ।	(मौसुफहरू) गइबक्सिंदै रहेछ ।

पूर्ण अज्ञात भूत

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथमा		पुं.	(म) गएको रहेछु ।	(हामीहरू) गएका रहेछौं ।
		स्त्री.	(म) गएकी रहिछु ।	
द्वितीय	१. अनादरवाची	पुं.	(तँ) गएको रहेछस् ।	(तिमीहरू) गएका रहेछौ ।
		स्त्री.	(तँ) गएकी रहिछस् ।	
	२. निम्न आदरवाची	पुं.	(तिमी) गएका रहेछौ ।	(तिमीहरू) गएका रहेछौ ।
		स्त्री.	(तिमी) गएकी रहिछौ ।	
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुभएको रहेछ ।	(तपाईंहरू) जानुभएको रहेछ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभएको रहेछ ।	(यहाँहरू/आफूहरू) जानुभएको रहेछ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सेको रहेछ ।	(हजुरहरू) गइबक्सेको रहेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेको रहेछ ।	(मौसुफहरू) गइबक्सेको रहेछ ।
तृतीय	१. अनादरवाची	पुं.	(यो/त्यो/ऊ) गएको रहेछ ।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका रहेछन् ।
		स्त्री.	(यो/त्यो/ऊ) गएकी रहिछ ।	
	२. निम्न आदरवाची	पुं.	(यिनी/तिनी/उनी) गएका रहेछन्	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका रहेछन् ।
		स्त्री.	(यिनी/तिनी/उनी) गएकी रहिछन्	
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानभएको रहेछ ।	(उहाँहरू) जानुभएको रहेछ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभएको रहेछ ।	(उहाँहरू/आफूहरू) जानुभएको रहेछ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सेको रहेछ ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सेको रहेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेको रहेछ ।	(मौसुफहरू) गइबक्सेको रहेछ ।

परिशिष्ट

(ग)

भविष्यत् काल

सामान्य भविष्यत् काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय	(म) जानेछु ।	(हामीहरू) जानेछौं ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री	(तँ) जानेछस् । (तँ) जानेछेस् ।	(तिमीहरू) जानेछौ ।
	२. निम्न आदरवाची	उभय	(तिमी) जानेछौ ।	(तिमीहरू) जानेछौ ।
	३. उच्च आदरवाची	उभय	(तपाई) जानुहुनेछ ।	(तपाईहरू) जानुहुनेछ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहुनेछ ।	(यहाँहरू/आफूहरू) जानुहुनेछ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सनेछ ।	(हजुरहरू) गइबक्सनेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिनेछ ।	(मौसुफहरू) गइबक्सिनेछ ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जानेछ । (यो/त्यो/ऊ) जानेछे ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जानेछन् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जानेछन् । (यिनी/तिनी/उनी) जानेछिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जानेछन् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुहुनेछ ।	(उहाँहरू) जानुहुनेछ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुहुनेछ ।	(उहाँहरू/आफूहरू) जानुहुनेछ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सनेछ ।	(उहाँहरू/रानीसाहेवहरू...) गइबक्सिनेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिनेछ ।	(मौसुफहरू) गइबक्सिनेछ ।

अपूर्ण भविष्यत् काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय पुं./स्त्री	(म) जाँदै हुनेछु । (म) गइरहेको हुनेछु/गइरहेकी हुनेछु ।	(हामीहरू) जाँदै हुनेछौं/गइरहेका हुनेछौं ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री	(तँ) जाँदै हुनेछस्/गइरहेको हुनेछस् । (तँ) जाँदै हुनेछेस्/गइरहेकी हुनेछेस् ।	(तिमीहरू) जाँदै हुनेछौ/गइरहेका हुनेछौ ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जाँदै हुनेछौ/गइरहेका हुनेछौ । (तिमी) जाँदै हुनेछ्यौ/गइरहेकी हुनेछ्यौ ।	(तिमीहरू) जाँदै हुनेछौ/गइरहेका हुनेछौ ।
	३. उच्च आदरवाची	उभय "	(तपाईं) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ । (तपाईं) गइरहेको हुनुहुनेछ ।	(तपाईंहरू) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ । (तपाईंहरू) गइरहेको हुनुहुनेछ ।
	४. उच्चतर आदरवाची	उभय "	(यहाँ/आफू) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ । (यहाँ/आफू) गइरहेको हुनुहुनेछ ।	(यहाँहरू/आफूहरू) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ । (यहाँहरू/आफूहरू) गइरहेको हुनुहुनेछ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) जाँदै होइबक्सिनेछ/गइबक्सिंदै हुनेछ/ गइबक्सिरहेको हुनेछ ।	(हजुरहरू) जाँदै होइबक्सिनेछ/गइबक्सिंदै हुनेछ/गइबक्सिरहेको हुनेछ ।
	६. अनन्य आदरवाची	उभय "	(मौसुफ) जाँदै होइबक्सिनेछ/गइबक्सिँदै हुनेछ । (मौसुफ) गइबक्सिरहेको हुनेछ ।	(मौसुफहरू) जाँदै होइबक्सिनेछ/गइबक्सिँदै हुनेछ/गइबक्सिरहेको हुनेछ ।
तीय	१. अनादरवाची	पु. स्त्री.	(यो/त्यो/ऊ) जाँदै हुनेछ/गइरहेको हुनेछ । (यो/त्यो/ऊ) जाँदै हुनेछे/ गइरहेको हुनेछे ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै हुनेछन्/गइरहेका हुनेछन् ।
	२. निम्न आदरवाची	पु. स्त्री.	(यिनी/तिनी/उनी) जाँदै हुनेछन्/गइरहेका हुनेछन् । (यिनी/तिनी/ उनी) जाँदै हुनेछिन्/गइरहेकी हुनेछिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै हुनेछन्/गइरहेका हुनेछन् ।
	३. उच्च आदरवाची	उभय "	(उहाँ) जाँदै हुनुहुनेछ/ जानुहुँदै हुनेछ । (उहाँ) गइरहेको हुनुहुनेछ	(उहाँहरू) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ/गइरहेको हुनुहुनेछ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ/गइरहेको हुनुहुनेछ	(उहाँहरू/आफूहरू) जाँदै हुनुहुनेछ/जानुहुँदै हुनेछ/गइरहेको हुनुहुनेछ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) जाँदै होइबक्सिनेछ/गइबक्सिंदै हुनेछ/गइबक्सिरहेको हुनेछ ।	(उहाँहरू/रानी साहेबहरू...) जाँदै होइबक्सिनेछ/गइबक्सिंदै हुनेछ/गइबक्सिरहेको हुनेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) जाँदै होइबक्सिनेछ/गइबक्सिंदै हुनेछ/गइबक्सिरहेको हुनेछ ।	(मौसुफहरू) जाँदै होइबक्सिनेछ/गइबक्सिँदै हुनेछ/गइबक्सिरहेको हुनेछ ।

पूर्ण भविष्यत् काल

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	वहुवचन
प्रथम		पुं. स्त्री.	(म) गएको हुनेछु । (म) गएकी हुनेछु ।	(हामीहरू) गएका हुनेछौं ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री.	(तँ) गएको हुनेछस् । (तँ) गएकी हुनेछस्/हुनेछेस् ।	(तिमीहरू) गएका हुनेछौ ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) गएका हुनेछौ । (तिमी) गएकी हुनेछ्यौ/हुनेछौ ।	(तिमीहरू) गएका हुनेछौ ।
	३. उच्च आदरवाची	उभय	(तपाई) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।	(तपाईंहरू) जानुभएको हुनुहुनेछ/गएको हुनुहुनेछ ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।	(यहाँहरू/आफूहरू) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिएको हुनेछ/गएको होइबक्सिनु हुनेछ/गएको होइबक्सिनेछ ।	(हजुरहरू) गइबक्सिएको हुनेछ/गएको होइबक्सिनुहुनेछ/ गएको होइबक्सिने छ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिएको हुनेछ/गएको होइबक्सिनेछ ।	(मौसुफहरू) गइबक्सिएको हुनेछ/गएको होइवक्सिनेछ ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) गएको हुनेछ । (यो/त्यो/ऊ) गएकी हुनेछ/हुनेछे	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका हुनेछन् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) गएका हुनेछन् (यिनी/तिनी/उनी) गएकी हुनेछिन्	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका हुनेछन् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।	(उहाँहरू) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।	(उहाँहरू/आफूहरू) जानुभएको हुनेछ/गएको हुनुहुनेछ ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेव...) गइबक्सिएको हुनेछ/गएको होइवक्सिनेछ ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिएको हुनेछ/होइबक्सिनेछ ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिएको हुनेछ/गएको होइबक्सिनेछ ।	(मौसुफहरू) गइबक्सिएको हुनेछ/ गएको होइबक्सिनेछ ।

परिशिष्ट

(घ)

सम्भावना भविष्यत् काल

सामान्य सम्भावना भविष्यत्

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		पुं. स्त्री.	(म) जाउँला । (म) जाउँला/जाउँली ।	(हामीहरू) जाऔंला ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री.	(तँ) जालास् । (तँ) जालिस् ।	(तिमीहरू) जाऔंला ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जाउला । (तिमी) जाउली ।	(तिमीहरू) जाऔंला ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुहोला ।	(तपाईंहरू) जानुहोला ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहोला ।	(यहाँहरू/आफूहरू) जानुहोला ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सेला ।	(हजुरहरू) गइबक्सेला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेला ।	(मौसुफहरू) गइबक्सेला ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जाला । (यो/त्यो/ऊ) जाली ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जालान् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जालान् । (यिनी/तिनी/उनी) जालिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जालान् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुहोला ।	(उहाँहरू) जानुहोला ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुहोला ।	(उहाँहरू/आफूहरू) जानुहोला ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सेला ।	(उहाँहरू/रानीसाहेव...) गइबक्सेला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सेला ।	(मौसुफहरू) गइबक्सेला ।

अपूर्ण सम्भावना भविष्यत्

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		पुं. स्त्री.	(म) जाँदै हुँला/गइरहेको हुँला । (म) जाँदै हुँली/गइरहेकी हुँली ।	(हामीहरू) जाँदै हौंला/गइरहेका हौंला ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री.	(तँ) जाँदै होलास् । (तँ) जाँदै होलिस् ।	(तिमीहरू) जाँदै हौला ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जाँदै हौला । (तिमी) जाँदै हौली ।	(तिमीहरू) जाँदै हौला ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जाँदै हुनुहोला । (तपाईं) गइरहेको हुनुहोला ।	(तपाईंहरू) जाँदै हुनुहोला ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहोला ।	(यहाँहरू/आफूहरू) जानुहोला ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिंदै होला ।	(हजुरहरू) गइबक्सिंदै होला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिंदै होला ।	(मौसुफहरू) गइबक्सिंदै होला ।
तृतीय	१. अनादरवाची	उभय	(यो/त्यो/ऊ) जाँदै होला । (यो/त्यो/ऊ) जाँदै होली ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै होलान् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जाँदै होलान् । (यिनी/तिनी/उनी) जाँदै होलिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाँदै होलान् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जाँदै हुनुहोला ।	(उहाँहरू) जाँदै हुनुहोला ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जाँदै हुनुहोला ।	(उहाँहरू/आंफूहरू) जाँदै हुनुहोला ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सिंदै होला ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिंदै होला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिंदै होला ।	(मौसुफहरू) गइबक्सिंदै होला ।

पूर्ण सम्भावना भविष्यत्

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		पुं.	(म) गएको हुँला ।	(हामीहरू) गएका हौंला ।
		स्त्री.	(म) गएकी हुँली ।	
द्वितीय	१. अनादरवाची	पुं.	(तैं) गएको होलास् ।	(हामीहरू) गएका हौला ।
		स्त्री.	(तैं) गएकी होलिस् ।	
	२. निम्न आदरवाची	पुं.	(तिमी) गएका हौला ।	(हामीहरू) गएका हौला ।
		स्त्री.	(तिमी) गएकी हौली ।	
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुभएको होला/गएको हुनुहोला ।	(तपाईंहरू) जानुभएको होला/गएको हुनुहोला ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुभएको होला/गएको हुनुहोला ।	(यहाँहरू/आफूहरू) जानुभएको होला/गएको हुनुहोला ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिएको होला/गएको होइबक्सेला ।	(हजुरहरू) गइबक्सिएको होला/गएको होइबक्सेला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिएको होला/गएको होइबक्सिनुहोला/गएको होइबक्सेला ।	(मौसुफहरू) गइबक्सिएको होला/गएको होइबक्सिनुहोला/गएको होइबक्सेला ।
तृतीय	१. अनादरवाची	पुं.	(यो/त्यो/ऊ) गएको होला ।	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका होलान् ।
		स्त्री.	(यो/त्यो/ऊ) गएकी होली ।	
	२. निम्न आदरवाची	पुं.	(यिनी/तिनी/उनी) गएका होलान्	(यिनीहरू/तिनीहरू/उनीहरू) गएका होलान् ।
		स्त्री.	(यिनी/तिनी/उनी) गएकी होलिन्	
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुभएको होला/ गएको हुनुहोला ।	(उहाँहरू) जानुभएको होला/ गएको हुनुहोला ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुभएको होला/गएको हुनुहोला ।	(उहाँहरू/आफूहरू) जानुभएको होला/गएको हुनुहोला ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सिएको होला/गएको होइबक्सेला ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिएको होला/गएको होइबक्सेला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिएको होला/गएको होइबक्सेला ।	(मौसुफहरू) गइबक्सिएको होला/गएको होइबक्सेला ।

अभ्यस्त सम्भावना

पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		पुं. स्त्री.	(म) जान्थें हुँला । (म) जान्थें हुँली ।	(हामीहरू) जान्थ्यौं होला ।
द्वितीय	१. अनादरवाची	पुं. स्त्री.	(तँ) जान्थिस् होला । (तँ) जान्थिस् होली ।	(तिमीहरू) जान्थ्यौ होला ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(तिमी) जान्थ्यौ होला । (तिमी) जान्थ्यौ होली ।	(तिमीहरू) जान्थ्यौ होला ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुहुन्थ्यो होला ।	(तपाईंहरू) जानुहुन्थ्यो होला ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहुन्थ्यो होला ।	(यहाँहरू/आफूहरू) जानुहुन्थ्यो होला ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सिन्थ्यो होला ।	(हजुरहरू) गइबक्सिन्थ्यो होला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिन्थ्यो होला ।	(मौसुफहरू) गइबक्सिन्थ्यो होला ।
तृतीय	१. अनादरवाची	पुं. स्त्री.	(यो/त्यो/ऊ) जान्थ्यो होला । (यो/त्यो/ऊ) जान्थी होली ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जान्थे होलान् ।
	२. निम्न आदरवाची	पुं. स्त्री.	(यिनी/तिनी/उनी) जान्थे होलान् । (यिनी/तिनी/उनी) जान्थिन् होलिन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जान्थे होलान् ।
	३. उच्च आदरवाची	उभय	(उहाँ) जानुहुन्थ्यो होला ।	(उहाँहरू) जानुहुन्थ्यो होला ।
	४. उच्चतर आदरवाची	उभय	(उहाँ/आफू) जानुहुन्थ्यो होला ।	(उहाँहरू/आफूहरू) जानुहुन्थ्यो होला ।
	५. उच्चतम आदरवाची	उभय	(उहाँ/रानी साहेब...) गइबक्सिन्थ्यो होला ।	(उहाँहरू/रानी साहेबहरू...) गइबक्सिन्थ्यो होला ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सिन्थ्यो होला ।	(मौसुफहरू) गइबक्सिन्थ्यो होला ।

परिशिष्ट

(ङ)

इच्छार्थ

इच्छार्थ क्रियाको रूपावली				
पुरुष	आदरवाची	लिङ्ग	एक वचन	बहुवचन
प्रथम		उभय	(म) जाऊँ ।	(हामीहरू) जाऔं ।
द्वितीय	१. अनादरवाची	उभय	(तँ) गएस् ।	(तिमीहरू) गए ।
	२. निम्न आदरवाची	उभय	(तिमी) गए ।	(तिमीहरू) गए ।
	३. उच्च आदरवाची	उभय	(तपाईं) जानुहोस् ।	(तपाईंहरू) जानुहोस् ।
	४. उच्चतर आदरवाची	उभय	(यहाँ/आफू) जानुहोस् ।	(यहाँहरू/आफूहरू) जानुहोस् ।
	५. उच्चतम आदरवाची	उभय	(हजुर) गइबक्सियोस् ।	(हजुरहरू) गइबक्सियोस् ।
	६. अनन्य आदरवाची	उभय	(मौसुफ) गइबक्सियोस् ।	(मौसुफहरू) गइबक्सियोस् ।
तृतीय	१. अनादरवाची	उभय	(यो/त्यो/ऊ) जाओस् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाऊन् ।
	२. निम्न आदरवाची	उभय	(यिनी/तिनी/उनी) जाऊन् ।	(यिनीहरू/तिनीहरू/उनीहरू) जाऊन् ।
